मानवअधिकार वर्ष पुस्तक १९९८

स वर्षको उल्लेख्य · नेपालको राजनीतिमा अपराधीकरण

मानवअधिकार वर्ष पुस्तक १९९७

(०५३ पुस १७ गतेदेखि ०५४ पुस १६ गतेसम्मका घटनाहरूको संकलन)

मानवअधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलंकी, स्युचाटार
पोष्ट बक्स २७२६, काठमाडौं, नेपाल
फोन नं. २७००७७०, २७८७७०
फ्याक्स : २७०५५१
e-mail: insec@mos.com.np
Web-site: http://www.south-asia.com/insec

इन्सेक कार्य समिति

सल्लाहकार

दमननाथ ढुङ्गाना
वीरेन्द्रकेशरी पोखरेल

अध्यक्ष

सुशील प्याकुरेल

महासचिव

डा. राजेश गौतम

कोषाध्यक्ष

दिपक काफ्ले

सदस्य

बद्रीप्रसाद खतिवडा
सुबोधराज प्याकुरेल
पवनकुमार ओझा
डा. शिव शर्मा
सीता पौडेल
सन्तोष प्याकुरेल

मानवअधिकार वर्ष पुस्तक १९९७

वर्ष पुस्तक समिति
डा. राजेश गौतम
सुबोधराज प्याकुरेल

वर्ष पुस्तक शाखा
संयोजक
लेखनाथ भण्डारी

सम्पादन सहकर्मी
नरनाथ लुइँटेल
रघुनाथ लामिछाने

विशेष सहयोगी
किरण माली
कृष्ण गौतम
प्रकाश ज्ञवाली

मानवअधिकार वर्ष पुस्तक १९९८

प्रकाशन मिति :
०५४ चैत २७ गते

संख्या : तीन हजार प्रति

प्रकाशक :
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकार :
इन्सेकमा सुरक्षित

(यस पुस्तकमा प्रकाशित सामाग्री इन्सेकको अनुमति लिएर श्रोत उल्लेख गरी पुनर्मुद्रण गर्न सकिनेछ।)

टाइप सेटिङ :
किरण माली
गोविन्द त्रिपाठी
गीता माली

मूल्य : रू. १५०/-

मुद्रक :
इन्द्रेणी अफसेट प्रेस
बागबजार, फोन २२५९५४

विषय सूची

		पृष्ठ संख्या
भूमिका		
परिच्छेदहरु		
परिच्छेद १	राज्य र मानवअधिकार	
१.१	न्यायपालिका १९९७	१
१.२	कार्यपालिका १९९७	१५
१.३	व्यवस्थापिका १९९७	२५
परिच्छेद २	वर्ष पुस्तकभित्र यस्ता घटनाहरू पनि छन्	५१
अनुसूचीहरु		
अनुसूची १	यस वर्षको उल्लेख्यः नेपालको राजनीतिमा अपराधीकरण	६९
अनुसूची २	यस वर्षको प्रमुख घटनाः स्थानीय निर्वाचन १९९७	८१
अनुसूची ३	मानव अधिकारका पक्षमा गरिएका जनस्तरीय प्रयासहरू	९९
अनुसूची ४	नेपाली प्रेस १९९७	१११
अनुसूची ५	सन् १९९७ र मानवअधिकार उल्लंघनका तथ्यहरू	
	१. पूर्वाञ्चल	१३७
	२. मध्यमाञ्चल	२०१
	३. पश्चिमाञ्चल	२९९
	४. मध्यपश्चिमाञ्चल	३६३
	५. सुदूर पश्चिमाञ्चल	४१९
अनुसूची ६	मानवअधिकार स्थितिको समग्र मूल्यांकन १९९७	४४७

अनुसूची ७	सन् १९९७ को मानवअधिकार स्थितिबारे राजनीतिक पार्टीका धारणाहरू	४८९
अनुसूची ८	सन् १९९७ को मानवअधिकार स्थितिबारे विभिन्न क्षेत्रका धारणाहरू	५१३
अनुसूची ९	क्रिया/प्रतिक्रिया	५२९
अनुसूची १०	चिठी पत्र	५४३
अनुसूची ११	वर्ष पुस्तक १९९७ तयारीका क्रममा संलग्न व्यक्तिहरू	५५९
अनुसूची १२	मानवअधिकार उल्लंघन पात्रो १९९७	५६३

जिल्लागत विषय-सूची

१. पूर्वाञ्चल

१.१ झापा १३७
१.२ इलाम १४४
१.३ पाँचथर १४८
१.४ ताप्लेजुङ १५१
१.५ मोरङ १५४
१.६ सुनसरी १५९
१.७ धनकुटा १६३
१.८ तेह्रथुम १६६
१.९ भोजपुर १६९
१.१० संखुवासभा १७२
१.११ सप्तरी १७६
१.१२ सिराहा १८०
१.१३ उदयपुर १८४
१.१४ खोटाङ १८९
१.१५ ओखलढुंगा १९२
१.१६ सोलुखुम्बु १९५

२. मध्यमाञ्चल

२.१ धनुषा २०१
२.२ महोत्तरी २०५
२.३ सर्लाही २०९
२.४ सिन्धुली २१४
२.५ रामेछाप २२१
२.६ दोलखा २२७
२.७ रौतहट २३१
२.८ बारा २३५
२.९ पर्सा २४१
२.१० चितवन २४६
२.११ मकवानपुर २५१
२.१२ ललितपुर २५५
२.१३ काभ्रे २५९
२.१४ भक्तपुर २६४
२.१५ काठमाडौं २६८
२.१६ धादिङ २८२
२.१७ सिन्धुपाल्चोक २८६
२.१८ नुवाकोट २९१
२.१९ रसुवा २९५

३. पश्चिमाञ्चल

३.१ तनहुँ २९९
३.२ गोरखा ३०५
३.३ लमजुङ ३०९
३.४ स्याङ्जा ३१२
३.५ कास्की ३१६
३.६ मनाङ ३२०
३.७ नवलपरासी ३२३
३.८ रूपन्देही ३२८
३.९ पाल्पा ३३२
३.१० कपिलवस्तु ३३५
३.११ अर्घाखाँची ३४०
३.१२ गुल्मी ३४३
३.१३ बाग्लुङ ३४७
३.१४ पर्वत ३५२
३.१५ म्याग्दी ३५५
३.१६ मुस्ताङ ३५८

४. मध्यपश्चिमाञ्चल

४.१ दाङ ३६३
४.२ प्युठान ३६८
४.३ रोल्पा ३७१
४.४ सल्यान ३७६
४.५ रूकुम ३८०
४.६ बाँके ३८४
४.७ बर्दिया ३८९
४.८ सुर्खेत ३९२
४.९ जाजरकोट ३९५
४.१० दैलेख ३९८
४.११ डोल्पा ४०१
४.१२ जुम्ला ४०४
४.१३ कालिकोट ४०८
४.१४ मुगु ४११
४.१५ हुम्ला ४१४

५. सुदूरपश्चिमाञ्चल

५.१ कैलाली ४१९
५.२ अछाम ४२२
५.३ डोटी ४२५
५.४ बाजुरा ४२८
५.५ बझाङ ४३१
५.६ कञ्चनपुर ४३४
५.७ डडेलधुरा ४३७
५.८ बैतडी ४४०
५.९ दार्चुला ४४३

अरूको मानवअधिकार उल्लंघनमा चासो देखाए मात्र आफ्नो अधिकारको रक्षा गर्न सकिन्छ ।

हामी मानवअधिकार वर्ष पुस्तकलाई मानवअधिकार उल्लंघनका सूचनाहरूको प्रमाणिक दस्तावेज बनाउन क्रियाशील छौं। तपाईहरूलाई वर्ष पुस्तकमा अझ पनि कुनै सूचना छुटेको जस्तो लागेमा हामीलाई सूचित गरी सहयोग गरी दिनु हुन अनुरोध गर्दछौं। हामीले सबै पक्षबाट मानवअधिकार उल्लंघन सम्बन्धी जानकारीको अपेक्षा गरेका छौं। घटनाहरूको संकलनका लागि पचहत्तरै जिल्लामा हाम्रा जिल्ला प्रतिनिधिहरू क्रियाशील हुनुहुन्छ। मानवअधिकार उल्लंघन सम्बन्धी जानकारी लिखित वा मौखिक रूपमा हामीलाई उपलब्ध गराई सहयोग गरी दिनु भए हाम्रो अभियान अझ सशक्त बन्न सक्नेछ। याद गर्नु पर्ने कुरो हो अरूको मानवअधिकार उल्लंघनमा चासो देखाउन सकियो भने मात्र आफ्नो मानवअधिकारको पनि रक्षा गर्न सकिन्छ।

हाम्रा ठेगानाहरु :

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
केन्द्रीय कार्यालय
कलंकी, स्युचाटार
पोष्टबक्स नं. २७२६, काठमाडौं
फोन नं. २७०७७०, २७८७७०
फ्याक्स २७०५५१
e-mail: insec@mos.com.np

पूर्वाञ्चल क्षेत्रीय कार्यालय
जनपथटोल, विराटनगर
फोन नं. २८५२१, २७१६४
e-mail: info@insecbrt.mos.com.np

पश्चिमाञ्चल क्षेत्रीय कार्यालय
सृजनाचोक, पोखरा
फोन नं. २६५१२
e-mail: info@insecpkr.mos.com.np

मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय
नेपालगञ्ज
फोन नं. २१९६५, २२०६८
e-mail: info@insecnpj.mos.com.np

कृषि मजदूर परियोजना कार्यालय
राजविराज
फोन नं. २०३४९, २०४१२

इन्सेक सम्पर्क कार्यालय
कैलाली, धनगढी
फोन नं. २३३४८, २३२४४

भूमिका

हाम्रो छैटौं प्रयास तपाईंहरू समक्ष प्रस्तुत छ। यी ६ वर्ष सबैतिरको सहयोग, शुभेच्छा र समालोचनाले हामीलाई निरन्तर डोऱ्याइरह्यो। मानवअधिकारप्रति जिज्ञासु र यसको संरक्षण, सम्बर्धनप्रति सचेष्ट समुदायको कतिपय आकांक्षा हामीले यो अवधिमा पूरा गर्न सकेनौं। हामीलाई प्रत्यक्षतः अनुभूत भएका बाधाहरू पनि पन्छाउन सकिएन। सञ्चार, यातायात र भौतिक साधनको अभाव आदिका कारण हामी चाहेजति क्रियाशील हुन सकेनौं। तथापि एउटा सत्य स्थापित भएको छ। त्यो के हो भने हामी आधारभूत तहका जनताको मानवअधिकारको रक्षातर्फ इमानदारिताका साथ संलग्न छौं। आफ्नो अधिकारको रक्षा आफ्नै सचेत र संगठित तागतद्वारा मात्र गर्न सकिन्छ। समुदाय, वर्ग वा राष्ट्र हरक्षेत्रमा यही कुरा लागू हुने गर्छ। शिक्षा, चेतना, संगठन, आधारभूत सुरक्षा आदि कुराको रक्षाका निम्ति राज्य र जनताको एकनिष्ठ क्रियाकलाप यस दिशातिर अभिमुख हुनुपर्छ भनेर यसैकारण भनिएको पनि हो। हाम्रो दृष्टिकोण यस मामिलामा सफा र प्रष्ट पनि छ। हामी मानवअधिकार रक्षाको अभियानका सहभागी हौं। यस अभियानको शान्ति सिपाहीको भूमिकामा हाम्रो प्रतिबद्धता निरन्तर रहनेछ।

राष्ट्र यो वर्ष सत्ता समीकरणको दुर्गन्धमय आहालमा चुर्लुम्म डुब्यो। कल्पना पनि नगरिएको अनैतिकता र बेइमानीको खेलमा कानून निर्माताहरू नै लागेकाले प्रजातन्त्रका हिमायती जोकोही दुःखी भए। प्रजातन्त्र स्थापनाको लागि त्यागपूर्ण जनआन्दोलनमा सहभागी हुनेहरूको मन रोयो। शहीदका शालिक देख्दा लाजले मुन्टो निहुराउनुपर्ने लज्जाबोधको अपमानजनक पीडामा हामी जाकियौं।

मानवअधिकार चेतना र जागरण निर्माण गर्न देश उपलब्ध मानवअधिकार संस्थाहरू यस वर्ष पनि सक्रिय रहे। तर दुर्भाग्यकै कुरा हो, राजनीतिक दलहरूले दलभित्रका आपसी विवादमा यी मानवअधिकार संस्थाहरूलाई अनावश्यक ढंगले मुछ्ने प्रयास गरे। शिष्टाचारको मूल्य रहेन। कोठामा कल्पना गर्ने र पत्रिकामा छर्ने, नेपाललाई एक होइन हजार गोयवल्सहरूको राज्यका रूपमा रूपान्तरित गर्ने प्रयास गरियो। तर पनि सत्य सत्य नै हुन्छ। पारदर्शितालाई विवेकका अन्धाले देख्दैनन्। तर जनता असचेत होलान्, मुर्ख छैनन्। फुट र षडयन्त्रका पर्दा अवश्यै पनि केही दिनमै च्यातिनेछन्। सत्यता प्रकट हुन थालेको छ। वर्ष १९९८ सत्यता प्रकट हुने वर्ष बन्ने छ भन्ने कुरामा हामी आशावादी छौं।

मन्त्री पदमै बसेर आफू बसेकै सरकारका विरूद्ध अविश्वासको प्रस्तावमा मतदान गर्ने, सत्तामा पुग्नासाथ माओवादी समस्याको राजनीतिक समस्या खोज्छु भन्ने तर मानवअधिकारको नांगो अपहरण गर्ने, पुलिस राज बनाउनका लागि तथाकथित आतंकवाद नियन्त्रण विधेयक ल्याउने, जनताको पीडाप्रति भावुक भएको भन्ने तर सबभन्दा पहिले मन्त्री र सांसदका सुविधा थप्नेहरूबाट संचालित राज्यमा मानवअधिकारको रक्षा जति हुन सक्यो, त्यसका लागि शान्तिकामी आमनेपाली नागरिकलाई धन्यवाद दिनैपर्छ। प्रजातन्त्र र संसदीय विधिको सामान्य मान्यतालाई नटेर्ने, आफ्नो स्वार्थका लागि

सारा नेपाली जनतालाई विखण्डित पार्न पनि नहिच्किचाउने नेताहरूको यो क्रियाकलाप प्रति जनता बढी चिन्तित देखिए।

यो वर्ष पनि माओवादी जनयुद्धका नाममा हत्या, हिंसा र लुटपाटका घटनाहरू अत्यधिक रहे। जुनसुकै सत्तारूढ राजनीतिक शक्तिले पनि [illegible] जनयुद्धलाई राजनीतिक समस्याका रूपमा लिने भने पनि जनयुद्धका क्रममा भएका घटनाहरूलाई आतंकवादी घटनाको रूपमा चित्रित गर्दै चरम दमन गर्ने नीति लिएको छ। अतः माओवादी र सरकारबीच दोहोरो भिडन्तको निर्मम स्थिति अझै बढ्दै गएको महसुस हुन्छ भने यसले कल्पनै गर्न नसकिने मानवअधिकार हननको श्रृंखलालाई प्रकट गर्न खोजिरहेको छ। अर्कोतर्फ जनयुद्धका घटना सम्बन्धमा सरकारले कुनै ठोस सूचना नै नदिने, दिएकै सूचनाहरू पनि एकपक्षीय र पूर्वाग्रही ढंगले प्रवाह गर्ने गरिएको पाइयो। जसका कारण संविधान प्रदत्त सुसूचित हुने हकबाट जनतालाई राज्यले नै वञ्चित गरेको प्रष्ट हुन्छ।

श्री ५ को सरकार प्रजातान्त्रिक मूल्य र मान्यतालाई स्थापित गर्ने सवालमा गम्भीर देखिएको छैन। सरकार संचालनका क्रममा सामान्य प्रक्रियालाई समेत उल्लंघन गर्ने काम भएको नरहरि संग्रौला तथा आई. जि. पि. खरेल र प्रधान प्रकरणबाटै स्पष्ट भएको छ। सरकारको यो अस्वाभाविक बलमिच्याइँ नै हो। अर्कोतर्फ सिर्फ राजनीतिक अभिष्ट पूरा गर्न विगत समयदेखि विभिन्न आपराधिक क्रियाकलापमा संलग्न भई कानूनतः अपराध सजाय भोगिरहेकाहरूलाई छोड्ने र अदालतमा विचाराधीन रहेका मुद्दा समेत फिर्ता लिने र माफी मिनाहा गर्ने प्रवृत्ति एकदमै बढेको छ। यसै वर्ष पनि त्यस्ता दर्जनौं मुद्दाहरू फिर्ता गरिएको छ। सरकारी संचार माध्यमले स्वच्छ संचारको अगुवाई गर्नुपर्नेमा त्यसो नगरी एकपक्षीय भूमिका निर्वाह गरेको पाइयो। प्रहरी शक्तिलाई मानवअधिकारको आधारभूत ज्ञान दिँदै तिनका क्रियाकलापलाई संविधान, कानून, प्रजातान्त्रिक मूल्य र मानवअधिकारको सम्मान गर्ने अनुकूल दिशातर्फ प्रशिक्षित गर्नुपर्ने माग विगतदेखि नै उठ्दै आएको हो। तर यस वर्ष पनि त्यो दिशातर्फ कुनै ठोस र सकारात्मक पहल भएको देखिएन। कैयौं घटनाहरूमा प्रहरीले मानवअधिकारको सम्मान गर्ने न्युनतम आचारणसमेत निर्वाह नगरेको पाइयो। यस वर्ष पनि प्रहरी यातनाका दर्दनाक घटनाहरू संकलित भएका छन्। यातनासम्बन्धी क्षतिपूर्ति ऐन बने पनि यातनाका घटनामा पीडित भएको एकै जनाले पनि क्षतिपूर्ति पाएको छैन। छानविन तथा अनुसन्धानको नाममा गरिने अमानुषिक यातनालाई अन्त्य गर्न र साँचो अर्थमा मानवअधिकारप्रति सम्मान गर्न प्रहरीको कार्यशैलीलाई प्रभावकारी तवरले रूपान्तरण गर्नुपर्ने आवश्यकता झन्-झन् टड्कारो बनिरहेको छ। दोषी नउम्कियोस् तर निर्दोषले अनाहकमा दुर्व्यवहार र सजाय नपाओस् भन्ने सोचलाई मूर्त रूप दिन प्रहरी शक्तिलाई भौतिक साधन र श्रोतले सम्पन्न गर्न पनि उत्तिकै जरूरी भइसकेको छ।

नेपालका जेलहरूको अवस्था गत वर्षहरूको तुलनामा यो पक्षमा फरक रह्यो भन्न सकिने स्थिति पनि रहेन। बन्दी तथा थुनुवाहरूले जेलभित्र न्यूतनम मानवीय सुविधाहरू पनि पाएका छैनन्। अधिकांश जेल भवन जीर्ण छन् र हरेक वर्ष छतबाट पानी चुहिने क्रम बढिरहेको छ। खानेपानी, चर्पी र भान्साको असुविधा प्रायः सबै जेलहरूमा यथावत छ। दुर्गन्धको आहालभित्र उनीहरूको दिनचर्या बितिरहेको छ। थुनुवा वा बन्दीहरूको स्वास्थ्य उपचारको सम्पूर्ण जिम्मेवारी राज्यको हो, तर जेलको दूषित वातावरणका कारण धेरै बन्दी र थुनुवाहरू रोगी/दीर्घ रोगी मात्र भएका छैनन्, उचित उपचारको अभावमा यस वर्ष २५ जनाले थुनिएकै अवस्थामा मृत्यु वरण गर्नु परेको छ। यो वर्षको अन्त्यतिर संसदको मानवअधिकार तथा परराष्ट्र समितिले नेपालका केही जेलहरूको निरीक्षण अवलोकन गरेको थियो। समितिद्वारा प्रस्तुत प्रतिवेदनले पनि जेलहरूको दूराअवस्थालाई स्पष्ट ढंगले प्रकट गरेको छ।

उक्त समितिको प्रतिवेदनमा भनिएको छ "नेपालमा विभिन्न कारागारहरूको स्थिति त्यसै नाजुक अवस्थामा रहेको र कच्ची थुनामा रहेका व्यक्तिहरूप्रति प्रजातान्त्रिक आदर्शको न्यूनतम पालना नभएको देखिनुका साथै कारागारमा बस्ने, सुत्ने ठाउँहरू अत्यन्तै साँघुरो र असुविधापूर्ण पाइएको छ। क्षमता भन्दा बढी कैदीहरू राख्नुको अतिरिक्त कारागारमा खानेपानीको असुविधा, चर्पीको अभाव, जीर्ण अवस्थाको भवन आदि कारणले गर्दा यस समस्याको समाधानको लागि कुनै ठोस कार्य भएसकेको देखिएन। प्रायः सबै कारागारहरूमा समान किसिमका समस्या रहेको पृष्ठभूमिमा यसको सुधारको लागि श्री [illegible] भण्डारीको अध्यक्षतामा गठन भएको "कारागार सुधार समितिको प्रतिवेदन २०४७" पनि व्यवहारमा लागू भएको देखिएन।

सर्वोच्च न्यायिक निकायबाट भएका कतिपय न्यायिक निर्णयहरू विवादरहित हुन सकेका छैनन्। राजनीतिक विवादमा अल्झिएका कतिपय सवालहरूमा न्यायिक निकाय पनि कुनैं न कुनै प्रकारले मुछिएर विवादमा आउनु परेको देखिन्छ। यद्यपि यो प्रवृत्ति बढ्दै गएको छ। न्यायालयबाट भएका कतिपय निर्णयहरूको संवैधानिक व्याख्याहरू पनि भएका छन्। अर्कोतर्फ न्यायालयमा हजारौंको संख्यामा वर्षौंदेखि मुद्दाहरू थाती रहनुले न्यायालयको प्रभावकारितामा ह्रास आएको स्पष्ट छ। ०५० असार ११ गते देखि [illegible] श्रेष्ठ सम्पादक प्रभाकर सुवेदीको मुद्दामा अदालतले १५ औं पटक पेशी गर्दा पनि कुनै किनारा नलागेको घटनालाई उक्त पक्षको रूपमा उल्लेख गर्नुपर्छ। लामो समय अवधि खर्चिएर पनि कमैया समस्यासम्बन्धी मुद्दा र मृत्युदण्डको खारेजीसम्बन्धी मुद्दाको रिट यसै वर्ष खारेज गरियो। वालअदालत र पारिवारिक अदालत गठन हुने कानूनी व्यवस्था तयार भए पनि त्यस प्रकृतिका अदालत गठन भएका छैनन्। अर्धन्यायिक निकायबाट हुने निर्णय वा फैसलाको सवालमा हुने गरेको स्वेच्छाचारी तथा पूर्वाग्रहीपनमा यो वर्ष पनि कुनै कमी आएको देखिएन। समग्रमा भन्नुपर्दा न्यायिक निकायहरूको प्रभावकारिता एकदमै घटेर गएको छ। न्यायालयहरूलाई भौतिक साधन र श्रोतले सम्पन्न बनाउनेतर्फ यो वर्ष पनि ठोस कुनै कार्य भएको पाइएन। मानवअधिकारसंग प्रत्यक्ष सरोकार राख्ने दुईवटा कानून गत वर्ष नै निर्माण भएका थिए। मानवअधिकारकर्मीहरूले अपेक्षा गरेअनुरूप नभए पनि यी दुई विधेयक पारित हुनुलाई सकारात्मक ढंगले लिनुपर्दछ। यद्यपि तत्सम्बन्धमा ऐन बनेको यतिका समय बितिसक्दा पनि न त मानवअधिकार आयोग गठन हुन सकेको छ, न त क्षतिपूर्ति विधेयक नै व्यवहारतः कार्यान्वयन भएको देखिएको छ। यसका अतिरिक्त यो सिंगै वर्ष संसदको ध्यान सरकार बनाउने र भत्काउनेतर्फ नै केन्द्रित भएकाले जनताका प्रत्यक्ष सरोकारसंग सम्बन्धित अन्य कारवाहीहरू गौण रहन पुगे। कतिपय सांसदहरू सरकारमा जाने र फर्कने क्रममा रिक्त रहेका संसदीय उपसमितिहरूमा सभापतिहरूको नियुक्ति भएन, यसले गर्दा पनि कैयौं विधेयकहरू यसै थन्किएर रहेका छन्।

यही आरोह-अबरोहबीच सन् १९९७ समाप्त भएको छ। हामीले यो छैटौं श्रृंखलामा राज्य र मानवअधिकार परिच्छेदअन्तरगत न्यायपालिका, कार्यपालिका र व्यवस्थापिका शीर्षक दिएर छुट्टाछुट्टैरूपमा उल्लेख गरेका छौं। त्यसैगरी राष्ट्रिय राजनीतिमा देखापरेको सर्वाधिक ठूलो समस्याको रूपमा रहेको राजनीतिक अपराधीकरणको सवाललाई यस वर्षको उल्लेख्य विषयका रूपमा प्रस्तुत गरेका छौं। प्रजातन्त्रमा स्थानीय सरकारको ठूलो महत्व हुने गर्दछ। स्थानीय निकायको निर्वाचन सम्पन्न भए पनि माओवादी जनयुद्धको प्रभावका कारण १५ जिल्ला र अन्य कारणले ३ जिल्लामा स्थगित रहेको स्थानीय निर्वाचनसम्बन्धी विषयवस्तुलाई यस वर्षको प्रमुख घटनाका रूपमा प्रस्तुत गरिएको छ। मानवअधिकारको पक्षमा गरिएका जनस्तरीय प्रयासहरू एवं नेपाली प्रेसको विगत र

वर्तमान पनि यस श्रृंखलाका थप प्रस्तुति रहेका छन्।

अघिल्ला वर्षहरू जस्तै यस वर्ष पनि अर्को महत्वपूर्ण अनुसूचीका रूपमा ७५ वटै जिल्लामा भएका मानवअधिकार उल्लंघनका घटनाहरूको विवरण एवं तथ्य तथ्यांकहरूलाई गत वर्षभन्दा अझै परिमार्जित रूपमा प्रस्तुत गर्ने प्रयास गरेका छौं। यो अनुसूची अंग्रेजी संस्करणमा भने प्रस्तुत गरिने छैन। सम्भव भएसम्म तथ्य तथ्यांकहरूलाई यथास्थानमा विवरण तालिकामा समेत प्रस्तुत गरिएको छ। हामीले आग्रह गरेअनुरूप यस वर्ष सरकारी एवं संसदीय निकायहरूले र प्रायः सबै राजनीतिक दलहरूले यस वर्षको मानवअधिकार स्थितिबारे आफ्ना आधिकारिक धारणाहरू उपलब्ध गराएका छन्। यसका निम्ति हामी सबैप्रति कृतज्ञता जाहेर गर्दछौं।

पुस्तक प्रकाशनको क्रममा अहोरात्र खट्ने केन्द्रका साथीहरू, तोकिएको परिच्छेद र अनुसूची लेखनमा गहन ढंगले मेहनत गर्ने प्रबुद्ध लेखक मित्रहरू, जिल्ला जिल्लाबाट घटनाहरूको सूचना नियमित सम्प्रेषण गर्ने जिल्ला प्रतिनिधिहरू लगायत यस कार्यमा प्रत्यक्ष/अप्रत्यक्ष सरसहयोग पुऱ्याउने सबै मित्रहरू र सिंगै इन्सेक परिवारलाई म हृदयदेखि नै धन्यवाद दिन चाहन्छु। विगत वर्षहरूमा जस्तै यस छैटौं श्रृंखलामा रहेका त्रुटि र कमीहरूलाई औंल्याइदिई सुझाव, आलोचना एवं प्रतिक्रिया उपलब्ध गराइदिनु हुन सबैप्रति आग्रह गर्दछु। तपाईहरूका सुझाव, आलोचना र प्रतिक्रियाहरूले हामीलाई यस मार्गमा अघि बढ्न प्रेरित गरिरहने छन्।

०५४ चैत २७ गते

सुशील प्याकुरेल

अध्यक्ष

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

परिच्छेद

परिच्छेद १

राज्य र मानवअधिकार :

१:१ न्यायपालिका- १९९७

प्रत्येक नागरिकको मौलिक मानवअधिकार एवं नैसर्गिक स्वतन्त्रतालाई संवैधानिक एवं कानूनी संरक्षण प्रदान गर्नु प्रजातान्त्रिक राज्य व्यवस्थाको मूलभूत लक्ष्य हो । यस परिप्रेक्ष्यमा संविधान प्रदत्त नागरिक हक, अधिकार एवं स्वतन्त्रताको संरक्षण गर्ने अन्तिम अभिभारा नेपाल अधिराज्यको संविधान, २०४७ ले न्यायपालिकीय अङ्गलाई सुम्पेको छ । आफ्नो अभिभारा स्वतन्त्र एवं सक्षमरूपमा वहन गर्न आवश्यक सैद्धान्तिक पूर्वाधारहरू पनि संविधानले नै व्यवस्थित गरिदिएको छ । यथार्थमा हाम्रो वर्तमान संविधानले न्यायपालिकालाई केवल प्रत्येक नागरिकको हक, अधिकार एवं स्वतन्त्रताको मात्र संरक्षक नबनाएर प्रजातन्त्र, मानवअधिकार, वालिग मताधिकार, संसदीय शासन प्रणाली जस्ता राजनीतिक आदर्श एवं प्रजातान्त्रिक मूल्य एवं मान्यताहरूको संरक्षकको रूपमा पनि स्थापित गरेको छ । संविधानले आत्मसात् गरेका यी अवधारणाहरू अनुकूल कानून बनिरहेको छ या छैन, स्वयं संविधानको संशोधन एवं पालनासमेत संविधानको आधारभूत मर्म एवं भावनाअनुरूप भइरहेको छ या छैन भनेर सचेतक (Watch dog) र संरक्षक (Guardian) को रूपमा हेर्दै सोहीअनुरूप निर्देशित गर्नुपर्ने गुरूत्तर दायित्व न्यायपालिकालाई संविधानले प्रदान गरेको छ। वितेका ७ वर्षमा संविधान र प्रजातन्त्रको मर्म एवं भावनाअनुरूप राजनीतिक क्षेत्रबाट जिम्मेवारी वहन गर्न नसकिइरहेको भन्ने सबै क्षेत्रबाट महसुस गरिइरहेको छ। वर्तमान सन्दर्भमा प्रजातान्त्रिक मूल्य, मान्यता एवं आदर्शको संरक्षण गर्नुपर्ने संविधानले दिएको सैद्धान्तिक जिम्मेवारी व्यवहारिकरूपमा सक्षम एवं कुशलतापूर्वक निर्वाह गर्नुपर्ने अवस्था न्यायपालिकाको सामु आइपुगेको छ ।

नेपाल अधिराज्यको संविधान २०४७ को भाग ३ अन्तर्गत धारा ११ देखि धारा २३ सम्म नागरिकहरूको मौलिक हक, अधिकारको व्यवस्था रहेको छ भने यिनै हक, अधिकार प्रचलन गराउनका लागि आवश्यक उपचारका लागि सर्वोच्च अदालतमा जान सकिने उपचारात्मक हकको व्यवस्था धारा २३ मा रहेको छ । यसै धाराको व्यवस्था अन्तर्गत सर्वोच्च अदालतले धारा ८८(१) र ८८(२) बमोजिम अधिकार प्रयोग गर्दै संविधानले प्रदान गरेको गुरूत्तर दायित्व निर्वाह गर्नुपर्ने हुन्छ । विगत वर्षहरूमा जस्तै यो वर्ष सन् १९९७ पनि सर्वोच्च अदालत विशेष चर्चा र चासोको विषय बनिरह्यो । यस वर्ष पनि सार्वजनिक सरोकारका विषयमा विभिन्न नयाँ मुद्दाहरू दर्ता हुन आए। सार्वजनिक सरोकारकै विषयहरूसंग सम्वन्धित अघिल्ला वर्षहरूमा दर्ता हुन आएका केही मुद्दाहरूमा महत्वपूर्ण निर्णयसमेत भए र केही मुद्दाहरू अघिल्ला वर्षहरूमा दर्ता भएर पनि फैसला हुन सकेनन् ।

(१) यसवर्ष प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा आमजनताको मौलिक हक अधिकारसंग सम्वन्ध राख्ने निम्नलिखित रिट निवेदनहरू सर्वोच्च अदालतमा दायर हुन आएका देखिन्छन्। भूमिसम्वन्धी ऐन, २०२१ को चौथो संशोधन ऐन, २०५३ द्वारा गरिएको संशोधनबाट कायम हुन आएका सो ऐनको दफा २६, २६ (ख), (ग), (घ), (ङ), (च), (छ), (ज) र (झ) समेतमा गरिएको संयुक्त निवेदनको आधारमा जग्गा नरम-गरम मिलाई बाँडफाँड गरिदिने, यस ऐनबमोजिम तोकिएका अधिकारीले गरेको निर्णयउपर कुनै अदालतमा पुनरावेदन नलाग्ने भन्नेसमेतका व्यवस्थाहरू संविधानको धारा १७ को सम्पत्तिसम्वन्धी हकको व्यवस्थासंग बाझिएकोले वदरभागी छ भन्दै मिथिलेशकुमार सिंह निवेदक, विरूद्ध मन्त्रिपरिषद सचिवालय (२०५३ को रिट नं. २५३१, २०५३।९।२९)।

(२) दीपककृष्ण श्रेष्ठ निवेदक, विरूद्ध म.प.स.समेत (२०५३ को रि.नं. २५४५, ०५४।१०३)।

(३) भोजराज जोशी निवेदक, विरूद्ध म.प.स. समेत (२०५३ को रि.नं. २५७६, ०५३।१०।१४)।

(४) सीताराम शर्मा निवेदक विरूद्ध, म.प.स. समेत (२०५३ को रिट नं. २६४८, ०५३।११।६)

(५) मानवाधिकार आयोग ऐन, २०५३ मा भएको आयोगको अध्यक्ष तथा सदस्यको नियुक्तिका निमित्त सिफारिश गर्ने समितिमा प्रधानन्यायाधीशसमेत सदस्य रहने व्यवस्था संविधानसंग बाझिएकाले बदरभागी छ भनी शिवप्रसाद पौडेल निवेदक, विरूद्ध मन्त्री परिषद सचिवालय (संवत् २०५३ सालको रि.नं. २६१०।०५३।१०।२४) भएको रिट निवेदन।

(६) ऐन बनेको २० वर्ष जति भइसक्दा पनि ऐन बनेपछि सुधार हुनुको सट्टा विवाह, व्रतवन्ध आदि जस्ता सामाजिक कार्यक्रमहरूमा भोज भतेर गर्ने, अतिथि आमन्त्रण गरी रवाफ बढाउने, रकम दै-दस्तुर जिन्सी लिने/दिने जस्ता क्रियाकलापहरू बढिरहेको छ। यस सन्दर्भमा सामाजिक व्यवहार सुधार ऐन, २०३३

प्रभावकारीरूपमा लागू नभई निष्क्रिय जस्तै देखिएकाले प्रभावकारीरूपमा ऐन लागू गर्नु भनी परमादेश जारी गरिपाउँ भन्नेसमेत मागदावी राखी केशवराज पाण्डे, विरुद्ध मन्त्री परिषद् सचिवालय (रि.नं. २९५७।०५४।१।३०।२) समेत भएको रिट निवेदन।

(७) स्थानीय निकायसम्बन्धी (गाउँ विकास समिति ऐन, २०४८, नगरपालिका ऐन, २०४८, जिल्ला विकास समिति ऐन, २०४८) ऐनहरूमा संशोधन गर्न बनेको अध्यादेश, २०५३ ले मूल ऐनहरुमा रहेको उम्मेदवार हुन नेपाली नागरिक हुनुपर्ने भन्ने व्यवस्था संशोधनबाट हटाई जोसुकै गैरनेपाली नागरिक स्थानीय निकायको उम्मेदवार बन्न सक्नेगरी व्यवस्था गरेको संविधानसंग प्रतिकूल भएको हुँदा प्रारम्भदेखि नै उक्त संशोधनहरू बदर गरी पाउँ भन्नेसमेत व्यहोराको अधिवक्ता बालकृष्ण न्यौपाने, विरुद्ध श्री ५ को सरकार मन्त्री परिषद सचिवालयसमेत भएको (संवत् २०५४ सालको रिट नं. २८४९।०५४।१।२)।

यी रिट निवेदनहरूमध्ये बालकृष्ण न्यौपाने, विरुद्ध मं.प.स. समेत भएको सो रिट निवेदनउपर अदालतबाट प्रारम्भिक सुनवाई पछि सो अध्यादेशबमोजिम नगरी स्थानीय तहका सबै निर्वाचनहरूमा उम्मेदवार हुन नेपाली नागरिक हुनुपर्ने व्यवस्था गर्न/गराउन निर्वाचन आयोगसमेतका नाममा अन्तरिम आदेशसमेत जारी भएको थियो । त्यस्तै संविधान एवं प्रचलित कानूनमा भएको प्रक्रियागत व्यवस्थासमेत पूरा नगरी हचुवाका आधारमा ३४ लाख भन्दाबढी व्यक्तिलाई नेपाली नागरिकता वितरण गर्ने कार्य प्रारम्भ गरेको श्री ५ को सरकारको काम कारवाही संविधानविपरीत भएकोले बदर गरिपाउँ भन्नेसमेत व्यहोराको निवेदक अधिवक्ता बालकृष्ण न्यौपाने, विरुद्ध श्री ५ को सरकार गृह मन्त्रालयसमेत भएको (संवत् २०५४ सालको रिट नं. २९८०।०५४।२।६) मुद्दा पनि विशेष चर्चामा रह्यो । प्रस्तुत मुद्दामा सोबमोजिम नागरिकता वितरण नगर्न सर्वोच्च अदालतबाट अन्तरिम आदेशसमेत जारी भएको थियो ।

त्यस्तै थुनामा राखिएका व्यक्तिलाई कुनै पनि किसिमको यातना दिने कार्य फौजदारी अपराध मानिने गरिएको सन्दर्भमा त्यसरी यातना दिने सम्बन्धित अधिकारीविरुद्ध परेको उजुरीका सम्बन्धमा त्यस्तो अधिकारीबाट अनुरोध भइआएमा सरकारी वकीलबाट प्रतिरक्षा हुनसक्ने गरी व्यवस्था गरिएको यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा १० को प्रावधान संविधानको धारा १४,११० तथा ११६(१) समेतको प्रतिकूल भएको भन्ने दावी लिई रवीन्द्र भट्टराईसमेतबाट मन्त्री परिषद् सचिवालयसमेत (रि.नं. २६३८।०५३।११।३) का नाउँमा मुद्दा दायर भएको छ। त्यसैगरी गाउँ विकास समिति एवं नगरपालिकाहरूको प्रथम चरणमा सम्पन्न हुने निर्वाचनमा निर्विरोध निर्वाचित भएका तथा निर्वाचनबाट विजयी भएको निर्वाचन परिणामसमेत सार्वजनिक संचार माध्यमबाट प्रचार-प्रसार नगर्ने/नगराउने भनी निर्वाचन आयोगले निर्णय गरेउपर अधिवक्ता महेशकुमार नेपालले यस्तो कार्य संविधान प्रदत्त सूचनाको हकमाथि आघात पुर्‍याउने भएकोले बदर भागी छ भन्नेसमेत प्रश्न उठाई २०५४।२।१।४ मा दर्ता गराएको (रि.नं. २९६६।०५४।२।१) रिट निवेदनमा निर्वाचन आयोगले गरेको निर्णय कार्यान्वयन नगराई सार्वजनिक संचार माध्यमबाट प्रचार-प्रसार गर्नु/गराउनु भनी सर्वोच्च अदालतबाट अन्तरिम आदेशसमेत जारी भएको थियो ।

स्थानीय निकायको निर्वाचनसम्बन्धी विवादहरू यस वर्ष विशेष चर्चित रहे । स्थानीय निकायको निर्वाचन सम्पन्न भइसकेपछि काठमाडौं महानगरपालिकाले नेपाल भाषालाई कार्यालयको कामकाजको भाषा बनाएको कार्य संविधान प्रतिकूल भयो भन्ने नेपाली राष्ट्रिय भाषा र नेपाल राष्ट्रभाषासम्बन्धी सार्वजनिक महत्वको प्रश्न समावेश भएको रिट निवेदन मनी पौडेलसमेतबाट २०५४।४।१३ मा दायर भएको छ। राजनीतिक दललगायत् विभिन्न दबाब समूहहरूबाट पटक-पटक आमजनताका दैनिक जीवनयापनमा प्रत्यक्ष प्रतिकूल असर पर्ने किसिमले नेपाल बन्द र उपत्यका बन्द जस्ता कार्यक्रमहरू अधिकरूपमा आयोजना गर्ने गरिएको स्थिति सार्वजनिक हित र सुरक्षाको प्रतिकूल भएकाले त्यस्ता कार्यक्रमहरू अवैध गराइपाउँ भन्दै अधिवक्ता अच्युतराज बुढाथोकीसमेतबाट गृह मन्त्रालयसमेतलाई विपक्षी बनाई (रि.नं. २४९३।०५४।५।२०) रिट दायर भएको छ ।

समग्रमा कानून व्यवसायमा संलग्न व्यक्तिहरू तथा अन्य क्षेत्रका नागरिकहरूबाट समेत सार्वजनिक सरोकारका विषयहरूमा सर्वोच्च अदालतमा प्रश्न उठाउन सक्ने संवैधानिक अधिकार प्रयोग गर्नमा सक्रियता देखाएको देखिन्छ । आफ्नो तथा आम नागरिकको हक अधिकारसंग सम्बन्धित सवालहरू उठाई संवैधानिक हक अधिकारको उपभोग गर्न तथा तत्सम्बन्धमा सम्बन्धित सरकारी एवं गैरसरकारी निकायहरूलाई सचेत र सजग गराउने यस्ता मुद्दाहरू पर्दै रहनु निश्चय नै संविधान एवं प्रजातन्त्रको सम्वर्द्धन एवं संरक्षण गर्नेतर्फ सकारात्मक पक्ष हो । यस्ता मुद्दाहरूमा के/कति उपयुक्त र उचित सवालहरू उठाइएका छन् भन्ने विषय निर्धारण गर्ने जिम्मेवारी भने सर्वोच्च अदालतमाथि नै रहेको छ र यस्ता सवालहरूमा सर्वोच्च अदालतबाट हुने भावी निर्णयहरूबाट नै स्पष्ट दिशा निर्देश हुने अपेक्षा राखिएको छ ।

गैरकानूनी थुनाबाट मुक्त गर्ने जस्तो व्यक्तिगत स्वतन्त्रताको हक संरक्षण गर्नेतर्फ महत्वपूर्ण उपचारमूलक रिट बन्दी प्रत्यक्षीकरणसम्बन्धी निवेदनहरूमा यस वर्ष केही महत्वपूर्ण फैसला भएका छन्। तर संवत् २०५० सालमा परेको प्रभाकर सुवेदीको चर्चित बन्दी प्रत्यक्षीकरणसम्बन्धी निवेदनको टुंगो यस वर्ष पनि लाग्न सकेन । प्रस्तुत निवेदनमा दिवाकर सुवेदीको २०५०।३।२७ को निवेदनअनुसार जिल्ला प्रहरी कार्यालय, काठमाडौं मातहतका प्रहरी कार्यालयहरू तथा जिल्ला प्रहरी कार्यालय, बुटवल, चितवन तथा रूपन्देहीसमेतमा खोजतलाशका लागि पत्राचार गरी खोज तलाश भएको भनी लिखित जवाफ भएको देखिंदा हालसम्म खोजतलाशीको कार्यमा के/कस्तो प्रगति भयो, सोको

अद्यावधिक प्रगति विवरण झिकाई पेश गर्नु" भन्ने मिति २०५३।८।३ मा आदेश भएको प्रस्तुत मुद्दामा आदेशानुसारका प्रतिवेदनहरू नै सम्बन्धित सबै निकायहरूबाट प्राप्त नभइसकेकाले प्रस्तुत मुद्दा सो आदेश भएपश्चात १ वर्ष वितिसक्दा पनि एक पटकसम्म इजलासमसक्ष पेश हुन सकेन। बन्दी प्रत्यक्षीकरण जस्तो संवेदनशील रिट निवेदनको कारवाहीका क्रममा सम्बन्धित निकायहरूबाट देखाइएको उदासीनता वैयक्तिक स्वतन्त्रताको संरक्षण तथा स्वतन्त्र एवं सक्षम न्यायपालिकाको संवर्द्धनका पक्षमा निश्चय नै सकारात्मक मान्न सकिन्न । दासढुङ्गा दुर्घटनाको विषयलाई लिएर भएको विरोध कार्यक्रममा गिरफ्तारीमा परेका प्रभाकर सुवेदीसंग सम्बन्धित बन्दी प्रत्यक्षीकरण रिट निवेदन साढे ४ वर्षभन्दा बढी समयसम्म नछिनिएको तथ्यबाट वैयक्तिक अधिकार र स्वतन्त्रतासम्बन्धी अन्य मुद्दाहरू पनि अपेक्षाकृत समयमै छिनोफानो हुन नसकिरहेको स्थिति देखिन्छ ।

यस वर्ष दायर भएका उल्लेखित सार्वजनिक सरोकारको विषय वा प्रश्न सम्बन्धित भएका अधिकांश मुद्दाहरूको अन्तिम निर्णय हुन बाँकी नै छ भने गत वर्ष र सोभन्दा अगाडि नै दायर भएका केही महत्वपूर्ण विवादहरूको टुंगो यस वर्ष पनि लाग्न सकेनन्। २०५३ कार्तिकमा दर्ता भएको श्री ५ को सरकारको सहमतिद्वारा मेची सिमानामा भारतीय पक्षबाट अतिक्रमण गरी नेपालको करीब ८०० हेक्टर भूमि हाल भारतमा गाभिन पुगेको हुँदा नेपाल अधिराज्यको प्रादेशिक अखण्डता कायम गरिपाउँ भनी अधिवक्ता रामजी बिष्टसमेत, विरूद्ध परराष्ट्रमन्त्री प्रकाशचन्द्र लोहनी भएको रिट निवेदन यस वर्ष पनि छिनिएन । २०५३।५।९ मा प्रधानमन्त्री शेरबहादुर देउवाविरूद्ध प्रतिनिधिसभामा प्रस्तुत अविश्वासको प्रस्तावमा मतदान हुँदा प्रस्तावको पक्षमा १०१ मत परेकोलाई प्रतिनिधि सभामा कायम रहेको २ सयको संख्याको आधारमा बहुमतद्वारा पारित भएको भनी घोषणा गर्नुपर्नेमा पास नभएको भनी घोषणा गरेको संविधानबमोजिम मिलेन भन्नेसमेतको अधिवक्ता योगराज सुवेदीविरूद्ध सभामुख रामचन्द्र पौडेलसमेत भएको मुद्दामा प्रधानमन्त्री हटाउन २०५ संख्याको बहुमत अर्थात् कम्तीमा १०३ मत आवश्यक पर्ने भन्नेसमेतको ठहर भै विवाद किनारा लागेको देखिन्छ ।

माथि उल्लेखित केही मुद्दाका अतिरिक्त यस्तै प्रकृतिका अन्य केही मुद्दाहरू पनि सर्वोच्च अदालतबाट यस वर्ष छिनिन बाँकी नै रहेका छन्। त्यस्तै लेनदेन, अंशबण्डा, चोरी, डाका, लागू औषधसम्बन्धी आदि जस्ता विशेष मुद्दाहरू २।४ वर्षभन्दा बढी पुराना भएर पनि किनारा लाग्न नसकिरहेको पाइएको छ । यस वर्ष पनि विगतका वर्षजस्तै केही मुद्दाहरूमा सर्वोच्च अदालतबाट दीर्घकालीन महत्व राख्ने फैसलाहरू पनि भएका छन् ।

उपभोक्ताको हक हितको प्रश्न निहित भएको अधिवक्ता प्रकाशमणि शर्मा, विरूद्ध नेपाल खानेपानी संस्थानसमेतको प्रदूषित पानी उपलब्ध गराई जनताको स्वास्थ्यको प्रतिकूल काम कारवाही गरेको भन्नेसमेत प्रश्न उठाइएको रिट निवेदन २०४७ माघ महिनामा दायर भएकोमा यस वर्ष पनि टुंगो लाग्न सकेन । प्रस्तुत मुद्दामा उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने दूषित खानेपानी वितरण गरी उल्टै महसुल वृद्धि गरेर खानेपानी संस्थानले संविधान प्रदत्त धारा १२(१) र धारा १७ को हकमा आघात पुर्‍याएको भनी सर्वसाधारणको हित र चासोसंग सम्बन्धित प्रश्न उठाइएको छ । त्यस्तै दासत्व उन्मूलनसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्षधर भइसकेको हाम्रो देशमा अझै पनि पश्चिमी तराईस्थित कैलाली, कन्चनपुर आदि जिल्लाहरूमा बँधुवा मजदूर (कमैया) प्रथा कायमै रहिरहेको छ। मानव अधिकारको अवधारणाप्रतिकूल रहेको यस्तो प्रथा उन्मूलन गर्न विशेष व्यवस्थाहरू गर्ने तथा आजीविकाका वैकल्पिक व्यवस्थाहरू लागू गर्न र त्यसरी बाँधा एवं कमैया बनाइराख्ने व्यक्तिहरूलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको दफा ३ अनुसारको कसुर गरेको अभियोगमा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ अन्तर्गत मुद्दा चलाउने व्यवस्था गर्न, तथा संविधानको धारा २० बमोजिम दासत्वविरूद्धको हक संरक्षण गर्न एवं दासत्वसम्बन्धी महासन्धि १९२६, दासत्व, दास व्यापार वा दासत्वसरहका संस्था वा प्रचलनको उन्मूलनसम्बन्धी सहायक अभिसन्धि १९५६ एवं बाल अधिकारसम्बन्धी महासन्धि १९८९ को धारा ३२।३६ समेतको व्यवस्थाअनुकूलका अधिकारहरू संरक्षण गर्नेतर्फ आवश्यक कानून निर्माण गर्नु भन्ने आदेशसमेत सम्बन्धित निकायहरूका नाममा जारी गरिनुपर्ने, २१ औं शताब्दीको पूर्वार्द्धसम्म हाम्रो देशमा विद्यमान रहेको बाँधा वा दासत्वसरहको कमैया प्रथासम्बन्धी विशेष सार्वजनिक महत्वको प्रश्न उठाइएको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का अध्यक्ष सुशील प्याकुरेल, विरूद्ध श्री ५ को सरकार, मं.प.स. समेत भएको (२०५० सालको रिट नं. ३३०२) रिट निवेदन संविधानको धारा २५ र २६ मा भएका निर्देशक सिद्धान्तसम्बन्धी व्यवस्थाहरू मौलिक हकसरह कार्यान्वयन गराउन नसकिने भएको, देशमा विद्यमान रहेको बाँधा, कमैया प्रथा हटाउन हालसम्म कुनै कानून बन्दै नबनेको नभई बनेको कानूनबमोजिम पनि सुधारसम्म हुन नसकेको देखिएको, नयाँ कानून बनाउँदैमा पनि प्रस्तुत समस्या समाधान भइहाल्ने नदेखिएको, अन्तर्राष्ट्रिय सन्धि/सम्झौताअनुसारको दायित्वसंग सम्बन्धित विषयहरू हेर्ने कार्यक्षेत्र श्री ५ को सरकार कार्य विभाजन नियमावली, २०४७ अनुसार कानून तथा न्याय मन्त्रालय भएकोमा सो मन्त्रालयलाई निवेदनमा विपक्षी नै नबनाइएको, गृह मन्त्रालय, श्रम मन्त्रालयसमेतबाट यस्तो प्रथा उन्मूलन गर्नेतर्फ विभिन्न कार्यक्रमहरू लागू गरिने क्रम जारी नै रहेको भन्ने लिखित जवाफ प्राप्त भएको तथा श्री ५ को शाही सम्बोधनमार्फत् आएको श्री ५ को सरकारको नीति तथा कार्यक्रममा "कमैया प्रथा उन्मूलन कार्यक्रमलाई निरन्तरता दिने" भन्ने तथा आ.व. २०५४।०५५ को बजेट वक्तव्यमा "कमैया प्रथा उन्मूलन कार्यक्रमलाई प्राथमिकतासाथ लागू गर्ने" भन्ने उल्लेख भएकोले निवेदकद्वारा उठाइएको समस्या समाधानतर्फ श्री ५ को सरकारको सकारात्मक सोचाई

रहेको देखिएकाले निवेदकको मागबमोजिम आदेश जारी गर्नुपरेन भन्ने आदेश २०५४।४।१० मा सर्वोच्च अदालत संयुक्त इजलासबाट गरियो ।

देवी/देवताको मठ-मन्दिर तथा ऐतिहासिक महत्व राख्ने पुरातात्विक वस्तुहरूको संरक्षण, सम्वर्द्धन गरी राष्ट्रिय संस्कृतिको जगेर्ना गर्नुपर्नेमा ऐतिहासिक महत्वको स्थान रानीपोखरीको छेउमा प्रहरी कार्यालय बस्ने भवन निर्माण गरी प्रदूषित गर्न शुरू गरिएको छ। त्यसैले प्राकृतिक तथा सांस्कृतिक सम्पदासम्बन्धी महासन्धि, १९७२ ले निर्धारण गरेको दायित्वविपरीत ऐतिहासिक एवं सांस्कृतिक महत्वको क्षेत्रलाई प्रदूषित गर्न लागेको समेत हुँदा त्यस्तो कार्य रोकिपाऊँ भन्ने माग दावी राखी ऐतिहासिक, प्राकृतिक एवं सांस्कृतिक सम्पदाको जगेर्नासम्बन्धी सार्वजनिक महत्वको विषय उठाएर अधिवक्ता प्रकाशमणि शर्मा, विरुद्ध श्री ५ को सरकार मं.प.स. समेत भएको संवत् २०५२ सालको रिट नं. २९९१ को रिट निवेदन सर्वोच्च अदालतबाट "अन्तर्राष्ट्रिय स्तरमा सांस्कृतिक सम्पदासम्बन्धी महासन्धिमा नेपालको प्रतिवद्धता र सम्बन्धित निकायहरूबाट नेपाल कानूनबमोजिम प्रत्याभूत अधिकारअनुरूप कार्य भएका छन्-छैनन् भन्ने अनुगमन गर्दै धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्वको विषय राष्ट्रिय स्तरबाट नीति निर्माण गरी सबै क्षेत्रमा एकरूपता कायम राख्नेतर्फ श्री ५ को सरकारले ठोस एवं प्रभावकारी कदम चाल्नुपर्ने आवश्यकता भएकोले तदनुरुपको काम कारवाही गर्न" भनी श्री ५ को सरकार, मन्त्री परिषद् सचिवालयका नाममा २०५४।२।२७ मा निर्देशनात्मक आदेश जारी भयो।

कुनै पनि मेडिकल परीक्षणबाट धूमपान एवं मदिराको सेवन स्वास्थ्यको दृष्टिकोणबाट लाभप्रद छ भन्ने सिफारिश भएको छैन। सबै किसिमको धूमपान एवं मदिरा सेवन स्वास्थ्यका लागि हानिकारक छ भन्ने आधुनिक औषधी विज्ञानबाट सिद्ध भइसकेको छ। यसै परिप्रेक्ष्यमा आम जनसाधारणसंग प्रत्यक्ष सम्पर्कमा आउने सार्वजनिक संचार माध्यमहरूबाट चुरोट, बिंडी एवं मदिरा जस्ता नशालु पदार्थको विज्ञापन गरिनु आमजनताका हितप्रतिकूल हुँदा त्यस्तो विज्ञापन गर्ने/गराउने कार्य निषेध गराइपाऊँ भन्नेसमेतको आमनागरिकको स्वास्थसम्बन्धी हकहितसंग सम्बन्धित प्रश्न उठाइ जनहित संरक्षण मञ्चको तर्फबाट समेत अधिवक्ता प्रकाशमणि शर्माद्वारा श्री ५ को सरकार, मं.प.स. समेतको विरूद्ध दायर भएको मुद्दा पनि छिनोफानो हुन बाँकी नै छ ।

सर्वोच्च अदालतले गोपनीयताको हकको संरक्षण सम्बन्धमा अन्नपूर्णा राणाको मुद्दामा विशेष महत्व राख्ने अन्तरिम आदेश जारी गरेको छ । प्रस्तुत मुद्दामा आमा, दाइ र म निवेदिकासमेत ३ जना सदस्य भएको परिवारमा बाबुको पैतृक सम्पत्तिमा म अविवाहित छोरीको समेत हक हुनेमा मलाई थाहा नदिई आमा र दाजुसमेतले एकलौटी बण्डा गरेकोले बदर गराई अंश दिलाई/भराइपाऊँ भन्ने वादी अन्नपूर्णा राणा, विरूद्ध अम्बिका राज्यलक्ष्मी राणासमेत भएको काठमाडौं जिल्ला अदालतमा मुद्दा चलेको थियो। सो अंशबण्डा सम्बन्धी मुद्दामा काठमाडौं जिल्ला अदालतबाट प्रतिवादीले वादीको विवाह भै १ बच्चाको समेत जन्म भैसकेको भनी जिकिर लिएकोले "वादी स्वयंलाई उपस्थित गराउन लगाई निजलाई श्री ५ परोपकार इन्द्रराज्यलक्ष्मी प्रसूती गृहमा पठाई कर्मचामा ३ जना गाइनोकोलोजिष्टबाट निजको योनी, पाठेघर तथा शरीर जो जाँच्नुपर्दछ, जाँची वादीको कोखबाट जायजन्म भएको छ/छैन ? सोसमेत जाँच गरी प्रतिवेदन लिई पेश गर्नु" भन्नेसमेत व्यहोराको मिति २०५२।१०।१९ मा आदेश भएको थियो। सो आदेशविरूद्ध अ.वं. १७ नं. बमोजिम पु.वे.अ.पाटनमा परेको निवेदनउपर सो अदालतबाट २०५३।१।२७मा "कानूनबमोजिम गर्नुहोला" भन्ने आदेश भएकोबाट म निवेदिकाको वैयक्तिक जीवनसंग सम्बन्धित कुराहरूलाई सार्वजनिक गराई संविधानद्वारा प्रदत्त वैयक्तिक जीवनको गोपनीयताको हकसमेत हनन गरेको छ। तसर्थ सो आदेशहरू बदर गरी मौलिक हकको संरक्षण गराइपाऊँ भन्नेसमेतको निवेदिका अन्नपूर्णा राणा, विरूद्ध विपक्षी काठमाडौं जिल्ला अदालतसमेत भएको (संवत् २०५३ सालको रिट नं. २१८७) रिट निवेदनमा सर्वोच्च अदालतबाट प्रारम्भिक सुनवाइपछि लिखित जवाफ प्राप्त नभएसम्मका लागि "जिल्ला अदालतको आदेशबमोजिम निवेदिकाको योनी, पाठेघर तथा शरीरसमेत जाँच्ने कार्य नगर्नु/नगराउनु" भनी २०५३।६।१९ मा अन्तरिम आदेश जारी भयो। यस अन्तरिम आदेशलाई २०५४।१।१३ गते रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्मका लागि निरन्तरता दिएको देखिन्छ । वैयक्तिक गोपनीयताको हकको संरक्षणतर्फ सर्वोच्च अदालतको प्रस्तुत आदेशलाई सकारात्मक कदम मानिएको छ । प्रस्तुत रिट निवेदनउपर अन्तिम निर्णय हुन भने बाँकी नै छ ।

सर्वोच्च अदालतले यस वर्ष विभिन्न मुद्दाहरूमा विभिन्न देहाय किसिमका सिद्धान्तहरू प्रतिपादन गरेको देखिन्छ। विधायिकाले ऐन निर्माण गरी सो ऐनको माध्यमबाट कार्यपालिकालाई कानूनबमोजिम अधिकार प्रत्यायोजन गर्दछ भने त्यस्तो अधिकार कानूनसंगत छैन भन्न नमिल्ने, संविधानले अंगिकार गरेको समानतासम्बन्धी सिद्धान्त सापेक्षतामा आधारित भएको हुनाले निरपेक्ष समानताको दावी संविधानसम्मत हुन नसक्ने, कानूनको दृष्टिमा समान वा कानूनको समान संरक्षण भन्ने वाक्यांशको अर्थ नागरिकहरूबीच योग्यता, कार्यको विभिन्नता इत्यादिबारेमा भेदभाव नगरी समानताको हक प्राप्त हुन्छ भन्ने व्याख्या गर्न नमिल्ने, सरकारी संयन्त्रको उच्च पदमा आसीन पदाधिकारी र सामान्य नागरिकहरूबीच सुविधामा फरक पार्‍यो भन्ने विषयलाई लिएर समानताको हक प्रतिकूल भयो भन्न नमिल्ने, जुन कसूरमा अभियोग लगाइएको छ, सो कसूर नै गरेको देखिन्न भने त्यो आरोपित कसूरको आधारमा अवकाश दिन नमिल्ने, संविधान प्रदत्त मौलिक हकमा प्रत्यक्षरूपमा आघात पुग्नेगरी देखा/देखी (Prima Facie) कानूनी त्रुटिपूर्ण तथा अधिकार क्षेत्रविहीन र अनाधिकार निर्णय भएको अवस्थामा त्यस्तो निर्णयलाई विलम्बको सिद्धान्तको आधारमा रिट खारेज

गरी कायम राख्न न्यायसंगत नहुने, मुद्दाको प्रकृति, पक्षको आचरण, निर्णयको प्रकृति जस्ता कुरालाई मध्यनजर राखी विलम्बको सिद्धान्तको प्रयोग गर्नुपर्ने आदि।

यसैगरी व्यक्तिको संविधान प्रदत्त सम्पत्तिसम्बन्धी हकमा प्रतिकूल असर पार्ने गरी निर्णय गर्दा कानूनबमोजिम व्यक्तिगतरूपमा सूचना दिनुपर्नेमा रेडियो नेपाल, नेपाल टेलिभिजन, राजपत्र इत्यादि संचार माध्यमबाट सूचना दिएकोलाई मात्र पर्याप्त मान्न मिल्ने नभएकोले त्यसरी सूचना दिएकोलाई सुनवाइको समुचित मौका प्रदान गरेको भन्न नमिल्ने, नियुक्ति गर्नेले बर्खास्ती पनि गर्न सक्तछ भन्ने कानूनी सिद्धान्तको व्याख्या गर्दा संविधानको भावनासम्मत ढंगले गर्नुपर्ने, यस्तो व्यवस्थाले असीमित व्याख्या गरियो भने नियुक्ति स्वेच्छाचारी भै नियुक्त व्यक्ति जहिले पनि असुरक्षित रहिरहने हुँदा त्यस्तो व्याख्या गर्न नमिल्ने, ऐन नियममा भएका व्यवस्थाहरूमा बाहेक नियमले पदावधि किटिएको व्यक्तिलाई पदबाट हटाइ पद रिक्त गराउने कार्य कानूनसंगत नहुने, कुनै पनि पदमा कानूनबमोजिम नियुक्त पदाधिकारीले कानूनबमोजिम पदबाट हट्नुपर्ने अवस्थामा बाहेक बहाल रही आफ्नो दायित्व र जिम्मेवारी वहन गर्दै कार्य गर्न पाउने हक राख्ने, जस्ता नजिर पनि विभिन्न मुद्दामा यस वर्ष स्थापित भए। त्यसैगरी प्रशासकीय अधिकारीले तजविजी अधिकारको प्रयोग स्वेच्छाचारी वा आत्मनिष्ठ ढंगले नगरी वस्तुनिष्ठ आधारमा तटस्थरूपमा न्यायिक मनको प्रयोग गरी गर्नुपर्ने भन्नेसमेतका संविधानप्रदत्त समानताको हक, स्वतन्त्रताको हक, अभियोगउपर सफाइको मौका पाउने हक, सम्पत्तिसम्बन्धी हक, पेशा, व्यापार व्यवसाय वा रोजगारसम्बन्धी हकहरूलाई संरक्षण प्रदान गर्ने सकारात्मक नजीरहरू पनि सर्वोच्च अदालतबाट विभिन्न मुद्दामा प्रतिपादन भएका छन् ।

केही मुद्दाहरूमा भएका फैसलाहरूले वैयक्तिक अधिकार र स्वतन्त्रताको विषयलाई फराकिलो बनाएको, साथै केही मुद्दाहरूमा प्रतिपादित सिद्धान्तहरू साँगुरो र संकुचित भई अनुदार भएको भन्नेसमेतका धारणाहरू कानून र न्यायका क्षेत्रबाट व्यक्त गरिएका पाइन्छन् । यस वर्ष सर्वोच्च अदालतबाट छिनिएका केही चर्चित मुद्दाहरूको संक्षिप्त तथ्य एवं टिप्पणी यसप्रकार छ ।

नेपाल अधिराज्यको संविधान, २०४७ ले मृत्युदण्डको सजाय हुनेगरी कानून नबनाइने घोषणा गरेपछि पनि विभिन्न ऐन कानूनमा मृत्युदण्डसम्बन्धी प्रावधानहरू कायमै रहेको विषयलाई लिएर दायर भएको मुद्दा यस वर्ष विशेष चर्चित रह्यो । मानव अधिकार संरक्षण मंचका सचिव कृष्णप्रसाद शिवाकोटी निवेदक, विरूद्ध श्री ५ को सरकार मन्त्री परिषद सचिवालयसमेत भएको संविधानको धारा ८८(१) अन्तर्गत परेको रिट निवेदनको संक्षिप्त तथ्य र फैसला निम्नअनुसार छ –

१. निवेदन जिकिर

जनआन्दोलन २०४६ को परिणामस्वरूप नेपालमा लागू भएको नेपाल अधिराज्यको संविधान, २०४७ को भाग ३ धारा १२(१) मा "मृत्युदण्डको सजाय हुनेगरी कुनै कानून बनाइने छैन" भन्ने व्यवस्था छ। धारा १ मा "संविधान मूल कानून हुने र संविधानसंग बाझिने कानून बाझिएको हदसम्म अमान्य हुनेछ" भन्ने उल्लेख छ। धारा १३१ मा "यो संविधान प्रारम्भ हुँदाका बखत लागू रहेको सबै कानून खारेज वा संशोधन नभएसम्म लागू रहने छन्, तर यस संविधानसंग बाझिएको कानून यो संविधान प्रारम्भ भएको १ वर्षपछि बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ" भन्नेसमेत उल्लेख रहेको छ। तर संविधान लागू भएको ३ वर्ष वितिसकेर संसदको पाँचौ अधिवेशन समाप्त भइसक्दासम्म सैनिक ऐन, २०१६ को दफा १५२ मा रहेको झुण्ड्याई वा गोली हानी मारिदिने व्यवस्था, ऐ. ऐनको दफा २७ मा रहेको ज्यान सजाय हुने कसुरसम्बन्धी व्यवस्था, राजगद्दी उत्तराधिकारसम्बन्धी ऐन, २०४४ को दफा १३ मा रहेको मृत्युदण्ड हुने भन्ने व्यवस्था, राज्यविरूद्धको अपराध र सजाय ऐन, २०४६ को दफा २ को मृत्युदण्ड सजाय हुने व्यवस्थाहरूसमेत सम्बन्धित ऐनबाट हटाउनेतर्फ कुनै प्रयास नभएकाले संविधानको धारा १, धारा १२(१) संग बाझिन गएका छन्। उक्त ऐनका प्रावधानहरू नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(१) अन्तर्गत बदर र अमान्य घोषित गरिपाउँ भन्नेसमेत मानवअधिकार संरक्षण मञ्चका सचिव कृष्णप्रसाद शिवाकोटीले सर्वोच्च अदालतमा रिट निवेदन दिनुभएको थियो।

२.लिखित जवाफ

२०५०।१०।१४ मा कारण देखाउ आदेश जारी भएपछि रिट निवेदकले भनेझैं नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२(१) ले मृत्युदण्डको सजाय हुनेगरी कुनै कानून बनाइने छैन भन्ने व्यवस्था गरे पनि विभिन्न नेपाल कानूनमा रहेको मृत्युदण्डको सजायको व्यवस्थालाई खारेज गरेको छैन। मृत्युदण्डको सजाय हुने कानून बनाइने छैन भन्नु र मृत्युदण्डको सजाय खारेज गरिएको भन्नु दुई फरक कुरा हुन्। धारा १२(१) मा मृत्युदण्डको व्यवस्था हटाइएको वा खारेज गरिएको भन्ने उल्लेख भएको भएमात्र संविधानको धारा १३१ को प्रतिबन्धात्मक वाक्यांश आकर्षित भई संविधान लागू भएको १ वर्ष व्यतीत भइसकेपछि प्रचलित कानूनमा रहेका मृत्युदण्डसम्बन्धी व्यवस्था गर्ने सम्बद्ध दफाहरू संविधानसंग बाझिन गई अमान्य घोषित गर्नुपर्ने अवस्था आउँथ्यो, तर सोबमोजिम धारा १२(१) ले मृत्युदण्डको विद्यमान व्यवस्था खारेज गरेको नभई भविष्यमा मृत्युदण्डको सजाय हुनेगरी कुनै कानून बनाउनसम्म रोकेको हुँदा निवेदकको मागबमोजिम अमान्य र बदर घोषित गर्न मिल्दैन भन्नेसमेत व्यहोराको श्री ५ को सरकारको लिखित जवाफ ।

३. अदालतको निर्णय

यसमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२(१) मा मृत्युदण्डको सजाय हुनेगरी कुनै कानून बनाइने छैन

भन्ने व्यवस्था रहेको छ । संविधानको धारा १ मा यो संविधान नेपालको मूल कानून हो र यससंग बाझिने कानून बाझिएको हदसम्म अमान्य हुनेछ भनी उल्लेखित छ । त्यसैगरी धारा १३१ मा यो संविधान लागू हुँदाका बखत लागू रहेको सबै कानून खारेज वा संशोधन नभएसम्म लागू रहनेछन्, तर संविधानसंग बाझिएको कानून संविधान प्रारम्भ भएका मितिले १ वर्षपछि बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ भन्ने उल्लेख छ। तर निवेदकले जिकिर लिएका उल्लेखित ऐन कानूनमा मृत्युदण्डसम्बन्धी व्यवस्था रहेको देखिन्छ । संविधानसंग बाझिने गरी कुनै कानून बन्न गएको छ भने त्यस्तो कानून बाझिएको हदसम्म अमान्य हुने हो । तर संविधान लागू हुँदाको अवस्था कायम रहेको प्रचलित कानून संविधानसंग बाझिएको रहेछ भने त्यस्तो कानून खारेज वा संशोधन नभएसम्म लागू रहने र एक वर्षपछि संविधानसंग बाझिएको कानून बाझिएको हदसम्म स्वतः निष्क्रिय धारा १३१ बमोजिम हुन्छ । संविधानले गरेका यी दुई व्यवस्था संविधानसंग बाझिएको कुरासम्ममा समान भए पनि संविधानको धारा १ ले संविधानसंग बाझिने गरी निर्माण हुन गएको कानून बाझिएको हदसम्म अमान्य गर्ने व्यवस्था हो भने धारा १३१ ले संविधानसंग बाझिएको प्रचलित कानूनमा रहेको व्यवस्था १ वर्षपछि बाझिएको हदसम्म स्वतः निष्क्रिय हुने व्यवस्था हो । धारा १३१ अन्तर्गत संविधानसंग बाझिएको कानून संविधान प्रारम्भ भएको १ वर्षपछि बाझिएको हदसम्म स्वतः निष्क्रिय हुने हुँदा निष्क्रिय भएको कानूनलाई बदर भनी घोषित गर्नुपर्ने अवस्था पर्दैन । अमान्य र बदर गर्ने कुरा क्रियाशील कानूनको हकमा मात्र लागू हुने हो ।

संविधान प्रारम्भ हुँदा लागू रहेका सबै कानून खारेज वा संशोधन गर्ने काम विधायिकासंग सम्बन्धित हो । संविधानसंग बाझिएको कानून १ वर्षसम्म संविधानअनुकूल विधायिकाले खारेज वा संशोधन गरेन भने १ वर्षपछि त्यस्तो बाझिएको कानून स्वतः निष्क्रिय हुन्छ ।

संविधानको धारा ८८(१) मा प्रयोग भएको अमान्य र बदर भन्ने शब्दहरू र धारा १३१ मा प्रतिबन्धात्मक वाक्यांशमा रहेको निष्क्रिय भन्ने शब्द एकै होइन । संविधानसंग बाझिने कानून अमान्य र बदर घोषित गर्ने व्यवस्था धारा ८८(१) ले गरेको छ। सो धाराको प्रयोगको लागि कुनै कानून यो संविधानको प्रारम्भपश्चात् नै बनेको हुनुपर्दछ । निवेदनमा प्रश्न उठाइएका सबै कानून संविधान प्रारम्भ हुँदा नै लागू थिए। धारा १३१ को व्यवस्थाले संविधान लागू हुँदाका बखत विद्यमान बाझिएका कानून बढीमा १ वर्ष वा खारेज वा संशोधन भएको मितिसम्म लागू रहने र त्यसरी खारेज वा संशोधन नभएमा १ वर्षपछि बाझिएको हदसम्म स्वतः निष्क्रिय हुने व्यवस्था गरेको छ । निवेदनमा उठाइएका कानून यही प्रावधानअन्तर्गत खारेज वा संशोधनमात्र नभएका हुन नयाँ बनेका होइनन् । यसअनुसार धारा १३१ को प्रतिबन्धात्मक वाक्यांशले संविधानसंग बाझिएको पुरानो कानून स्वतः निष्क्रिय हुने व्यवस्था भएकोले अमान्य र बदर घोषित नगरेसम्म क्रियाशील रहने अवस्था पर्दैन ।

धारा १३१ को प्रतिबन्धात्मक वाक्यांश खण्डअन्तर्गत संविधानसंग बाझिएको कारणले स्वतः निष्क्रिय भैसकेको कानूनलाई कायम रहेको सम्भी त्यस्तो कानूनको प्रयोग, कार्यान्वयनबाट संवैधानिक वा कानूनी हकहितमा असर पर्न गएको विषयलाई लिइ उपयुक्त उपचार खोज्नुपर्ने हुन्छ । प्रस्तुत रिट निवेदनमा त्यस्तो संविधानसंग बाझिएर निष्क्रिय भैसकेको कानूनको प्रयोग कार्यान्वयन सम्बन्धलाई लिएर परेको नदेखिएको र यस्तै विषयमा रि.नं. ६१२६ निवेदक ऋषिराम पोखरेल, विपक्षी श्री ५ को सरकारसमेत भएको रिट निवेदनमा रिट जारी हुन नसक्ने सिद्धान्त प्रतिपादन भएको र त्यस्तो सिद्धान्तसंग असहमत जनाउने स्थितिसमेत नहुँदा र निवेदनको प्रस्तुत मागलाई लिएर धारा १२(१) को व्याख्या गर्नुपर्ने अवस्थासमेत नदेखिंदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ ।"

४. टिप्पणी:

उल्लेखित निर्णयमा धारा ८८(१) संविधान प्रारम्भ हुनुपूर्व बनिसकेको कानूनको हकमा प्रयोग हुनसक्ने, धारा १३१ बमोजिम संविधानसंग बाझिएको कानून खारेज वा संशोधन नभएसम्म लागू रहने र १ वर्षभित्र खारेज वा संशोधन नभएसम्म लागू रहने र १ वर्षभित्र खारेज वा संशोधन नभए १ वर्षपछि स्वतः निष्क्रिय हुने व्यवस्था रहेकोले यसै धाराबमोजिम स्वतः निष्क्रिय हुने कानूनलाई ८८(१) अन्तर्गत अमान्य र बदर घोषित गर्नुपर्दैन भन्ने व्याख्या भएको छ । संविधान प्रारम्भ हुनुपूर्व बनेको कानून यो संविधानसंग बाझिएको छ वा छैन भन्ने कसले निराकरण गर्ने भन्ने विषय स्पष्ट हुन सकेको छैन। निवेदनमा प्रश्न उठाइएका कानूनहरू स्वतः निष्क्रिय भइसकेका छन् भन्ने तथ्य सर्वोच्च अदालतको फैसलाबाट स्थापित भए पनि अन्य कुन-कुन कानून बाझिएका छन् वा छैनन् भन्ने निराकरण कसले गर्ने भन्ने प्रश्न भने अझ पनि अन्यौलकै विषय बनिरहेको छ । धारा १३१ को व्यवस्थाअनुसार कुनै कानून निष्क्रिय भएको छ भन्ने घोषणा कसले गर्ने त ? भन्ने विषयमा सर्वोच्च अदालतबाट ठोस एवं स्पष्ट निर्णय नआएकोले सर्वोच्च अदालतले निवेदनमा प्रश्न उठाइएका कानूनहरू संविधानसंग बाझिएको स्पष्टै देखिएको तर यसरी संविधान प्रारम्भ हुँदा लागू रहेको कानून संविधानसंग बाझिएको अवस्थामा धारा १३१ बमोजिम १ वर्षपछि स्वतः निष्क्रिय हुने भएकोले सोही व्यवस्थाअनुरूप यी कानूनहरू निष्क्रिय भइसकेको देखिन्छ भनी स्पष्ट बोलिदिएको भए यो विषय विवादास्पद बनिरहने थिएन।

गैरकानूनी थुनाविरुद्धको हकलाई संरक्षण गराउने बन्दी प्रत्यक्षीकरणसम्बन्धी केही मुद्दाहरूमा समेत सर्वोच्च अदालतबाट यस वर्ष महत्वपूर्ण सिद्धान्तहरू प्रतिपादित भएका छन् । धनगोपाल महर्जनको हकमा ए.को छोरी स्यानु महर्जनसमेत निवेदक, विरुद्ध श्री ५ को सरकार गृह मन्त्रालयसमेत भएको बन्दी प्रत्यक्षीकरण मुद्दा त्यसको एक

उदाहरण हो। मुद्दाको तथ्य र निर्णय यसप्रकार छ-

१. मिति २०५४।४।७ गते साँझ केही प्रहरीले मेरो बुबालाई पक्री लगेकोमा भेट्न जाँदा थुनामा रहेको छ, तर भेट गर्न मिल्देन भनी भेट्न नदिएकाले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(७), १४(६) को व्यवस्थालाई उल्लंघन गरी प्रत्यर्थीहरुले विनाकारण/सूचना थुनामा राखी धारा ११(१),११(२),१२(१), १२(२) (घ),१४(५) र १४(६) द्वारा प्रदत्त हक हनन गरेकोले वन्दी मुक्त गर्ने आदेश जारी गरिपाउँ भन्ने निवेदन जिकिर रहेको छ।

२. सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) बमोजिम नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काले खलल पुग्ने कार्य गरेको हुँदा निजबाट भएको त्यस्तो कार्य रोक्न जरूरी भएकाले सोही ऐनअन्तर्गत प्र.जि.अ.लाई प्राप्त अधिकार प्रयोग गरी २०५४।४।१० देखि नजरबन्दमा राख्ने आदेश गरिदिएको हुँदा गैरकानूनी थुनामा राखिएको छैन भन्ने जिल्ला प्रशासन कार्यालय तथा जिल्ला प्रहरी कार्यालय, ललितपुरको लिखित जवाफ थियो।

३. <u>अदालतको ठहरः</u> अदालतले प्रस्तुत मुद्दामा ठहर निर्णय गर्दा निम्न प्रश्नहरू उठाई विवेचना गरेको छ :

(क) प्रस्तुत विषय अदालतले हेर्न मिल्ने हो होइन ?

(ख) बन्दीलाई दिएको पूर्जी कानूनसंगत छ, छैन ?

(ग) ऐनबमोजिमको प्रक्रिया पूरा भएको छ छैन ?

(घ) रिट जारी हुने हो / होइन

"संविधानको धारा २३।८८(२) ले गरेको व्यवस्थाअनुसार कुनै संवैधानिक वा कानूनी अधिकारको उपचार नभए वा भएको उपचार अपर्याप्त वा प्रभावहीन भए सर्वोच्च अदालतमा उपचारका लागि जान सकिने र अदालतले उपयुक्त आज्ञा, आदेश वा पूर्जी जारी गर्नसक्ने व्यवस्था भएको तथा सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा १२(क) ले पनि यस ऐनअन्तर्गत जारी भएको आदेशको विरूद्ध अदालतमा प्रश्न उठाउन पाउने व्यवस्था गरिरहेकोले प्रस्तुत विवाद यस अदालतबाट हेर्न नमिल्ने भन्ने देखिएन।

सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ मा नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति व्यवस्थामा तत्काल खलल पार्नसक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नुपर्ने उचित र पर्याप्त आधार भएमा स्थानीय अधिकारीले नजरबन्द राख्ने आदेश जारी गर्न सक्छ। सोही ऐनको दफा ४.१ मा त्यस्तो आदेश जारी गर्दा स्थानीय अधिकारीले त्यस्तो आदेश जारी गर्नुपर्ने कारण र आधार खुलाई आदेश सम्बन्धित व्यक्तिलाई दिनुपर्नेछ भन्ने व्यवस्था गरेको पाइन्छ । प्र.जि.अ.द्वारा भएको आदेश पूर्जीमा निवेदकको के/कस्तो र कुन किसिमको गतिविधि क्रियाकलापबाट उल्लेखित अवस्थामा खलल पुग्न सक्ने हो र के कुन कार्य गर्नबाट निजलाई रोक लगाउनुपरेको हो खुलेको देखिँदैन । कारण परी वा कुन आधारमा नजरबन्दमा राखिएको भन्ने विपक्षीको लिखित जवाफबाट पनि खुल्दैन । कुनै पनि व्यक्तिको संविधानद्वारा प्रदत्त हिंडडुल गर्न पाउनेसमेतका संवैधानिक मौलिक हक प्रयोग गर्नबाट रोक लगाउँदा ऐनको उद्देश्य र स्पष्ट व्यवस्थाअनुरूपको कार्य बाध्यात्मकरूपमा पालना गरिएको हुनुपर्दछ । सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३(१) को व्यवस्थामा खलल पुग्न गएको भन्ने कुराको उल्लेखमात्र पर्याप्त हुँदैन । सो को पूर्वावस्था रहेको/नरहेको भन्ने विषय महत्वपूर्ण हुनजान्छ । नजरबन्दमा राखिएको व्यक्तिबाट त्यस्तो अखण्डता, व्यवस्था आदिमा खलल पुग्ने किसिमको कार्य गरेको भन्ने उचित र पर्याप्त आधार खुलेको निजलाई जारी गरिएको पूर्जीबाट देखिन नआएकोले त्यस्तो पूर्जीलाई कानूनी आधारमा जारी गरिएको र उल्लेखित अवस्थाको विद्यमानता रहेको भन्ने विपक्षीको भनाइ मिल्न आएन ।

सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ४.१ र ४.२ मा दफा ३(१) बमोजिम जारी गरिएको आदेशको प्रतिलिपिसहित त्यसको जानकारी गृह मन्त्रालयलाई र जिल्ला अदालतलाई २४ घण्टाभित्र आदेशको प्रतिलिपिसहित स्थानीय अधिकारीले सूचना पठाउनुपर्नेछ। तर सो व्यवस्था बमोजिमको जानकारी विपक्षीको जवाफबाट नदेखिएकाले नजरबन्दमा राख्दा पूरा गर्नुपर्ने प्रक्रियासमेत पूरा गरेको नपाइएकोले बाध्यात्मकरूपमा पालना गर्नुपर्ने कानूनी दायित्वसमेत विपक्षी स्थानीय अधिकारीबाट पालना भएको/गरेको नदेखिँदा अब उप्रान्त त्यस्तो अनिवार्यरूपमा पालना गर्नुपर्ने कानूनी कर्तव्य पालनातर्फ सजग रहन विपक्षी स्थानीय अधिकारीको ध्यानाकर्षण गरिएको छ ।

अतः माथिका विवेचनाबाट निवेदक धनगोपाल महर्जनलाई नजरबन्दमा राखिएको आदेश र प्रक्रिया त्रुटिपूर्ण रहेको देखिँदा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १५(१) ले प्रदान गरेको मौलिक हकको परिप्रेक्ष्यमा धनगोपाल महर्जनलाई निवारक नजरबन्दमा राखिएको आधार स्पष्ट नभएको समेतबाट निजलाई नजरबन्दमा राख्ने भनी ०५४।४।१०।६ को निमित्त प्र.जि.अ.को आदेश गैरकानूनी र त्रुटिपूर्ण हुँदा निवेदकलाई थुनाबाट तुरून्त मुक्त गरिदिनु भन्ने बन्दी प्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ ।"

यसरी उल्लेखित मुद्दाबाट सार्वजनिक सुरक्षा ऐनअन्तर्गत नजरबन्दमा राख्ने आदेश गर्दा आदेश गर्ने अधिकारीले आदेश गर्नुपरेको पर्याप्त आधार र कारण खोली आदेश पूर्जी जारी गर्नुपर्दछ र भए/गरेका कार्य उल्लेख नगरी खलल पुऱ्याउने भनी उल्लेख गरेकै आधारमा आदेश वैध हुन नसक्ने भन्नेसमेतको सिद्धान्त प्रतिपादन हुन आएको छ । त्यस्तै यस मुद्दामा बाध्यात्मक कानूनी व्यवस्था बाध्यात्मकरूपमै पालना गर्नुपर्नेतर्फ सम्बन्धित अधिकारीलाई ध्यानाकर्षणसमेत गरिएको छ । ठीक यस्तै किसिमको सिद्धान्त निवेदक वेनोज अधिकारी, विरूद्ध श्री ५ को सरकारसमेत भएको बन्दी प्रत्यक्षीकरण मुद्दामा सर्वोच्च अदालतबाट

प्रतिपादन भएको छ । सार्वजनिक सुरक्षा ऐनले प्रदान गरेको अधिकार स्वेच्छाचारी प्रवृत्तिबाट प्रयोग गर्नबाट रोक लगाउने सिद्धान्त प्रतिपादन गरिएका यी मुद्दाहरू वैयक्तिक स्वतन्त्रताको संरक्षणका क्षेत्रमा यस वर्ष सर्वोच्च अदालतबाट गरिएका महत्वपूर्ण सकारात्मक कदमहरूमध्ये मानिएको छ ।

प्रजातन्त्रको पुनर्स्थापनापछिका ६।७ वर्षहरूमा प्रजातन्त्रका वाहक शक्ति मानिएका राजनीतिकर्मीहरू सुविधामुखी प्रवृत्तितर्फ ढल्किरहेको, आमनागरिक र संविधान एवं प्रजातन्त्रको भावनाअनुकूल चल्न नसकिरहेको भन्ने विवादहरू विभिन्न पक्षहरूबाट आइरहेकै बखत श्री ५ को सरकारले २०५२।७।१४ र २०५२।१०।२९ मा नेपाल राजपत्रमा दुई अलग-अलग सूचनाहरू प्रकाशन गरी संसदका निर्वाचित एवं मनोनीत सदस्यलगायत् विशिष्ट श्रेणीका व्यक्तिलाई भन्सार एवं बिक्रीकर छुट गरी सवारी साधन आयात गर्न दिने व्यवस्था गरेर अलग्गै विशेष सुविधा सम्पन्न समूह खडा गरी नागरिकको बीचमा विभेद गरेको, संविधानको धारा ११(१) विपरीत सबै नागरिकउपर समान व्यवहार हुनुपर्नेमा असमान व्यवहार गरिएको, समयसापेक्षरूपमा निर्माण गरिनु आवश्यक ऐनहरू बनाउनुपर्नेमा त्यसतर्फ नलागी धारा २७(१) समेतलाई नजरअन्दाज गरियो। विशेष वर्गलाई छुट्याएर विशेष सुविधा उपभोग गर्न दिनेगरी जारी गरेको उल्लेखित सूचना संविधानको धारा ११(२) तथा संविधानको पूरै भावना प्रतिकूल भएको हुँदा बदर गरिपाउँ भन्नेसमेतको निवेदक अधिवक्ता दामोदर घिमिरे, विरूद्ध श्री ५ को सरकार म.प.स. तथा अर्थ मन्त्रालयसमेत भएको मुद्दामा भन्सार ऐन एवं बिक्रीकर ऐनले विभिन्न किसिमको सामानमा लाग्ने भन्सार एवं बिक्रीकर श्री ५ को सरकारले छुट दिनसक्ने, कुनै व्यक्तिलाई पनि त्यस्तो सुविधा दिनसक्ने भन्ने स्पष्ट व्यवस्था गरेकोले त्यस्तो सुविधा दिन श्री ५ को सरकारलाई ऐनले नै अधिकार प्रदान गरेको हुँदा यसरी छुट दिन नमिल्ने भन्ने व्याख्या गर्न नमिल्ने, विधायिकी अधिकार विधायिकाले ऐनको माध्यमबाट कार्यपालिकालाई प्रत्यायोजन गर्दछ। तसर्थ त्यस्तो अधिकार कानूनविपरीत भन्न नमिल्ने, संविधानले गरेको समानताको व्यवस्था निरपेक्ष (absolute) नभई सापेक्षित (relative) भएको हुनाले असमानहरूबीच समानताको दावी गर्न नमिल्ने, सरकारी संयन्त्रको उच्च पदमा आसीन जिम्मेवार पदाधिकारी र सामान्य नागरिकहरूबीच सुविधामा फरक पार्‍यो भन्ने विषयलाई लिएर समानताको हक प्रतिकूल भयो भन्न नमिल्ने भन्नेसमेतको सिद्धान्त सर्वोच्च अदालतले प्रतिपादन गरी समानताको हक समानहरूका बीचमात्र दावी गर्न सकिने र असमानबीच समान संरक्षण हुन नसक्ने भन्ने व्याख्या गरे पनि समसामयिक राजनीतिक परिदृश्यमा तत्सम्बन्धमा केही सीमाहरू तोकिनुपर्नेमा अदालतबाट त्यस अनुरूप सकारात्मक दृष्टिकोण आउन नसकेको भन्ने धारणा रहेको पाइएको छ ।

प्रहरी ऐनबमोजिम श्री ५ को सरकारद्वारा ४ वर्षको लागि नियुक्त नेपाल अधिराज्यको प्रहरी महानिरीक्षकलाई समानस्तरको विशिष्ट श्रेणीको पदमा सरूवा गरिएको भन्ने जिकिरका साथ श्री ५ को सरकारले प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेललाई राष्ट्रिय अनुसन्धान विभागको मुख्य अनुसन्धान अधिकृतमा नियुक्त गरेको निर्णयविरूद्ध अच्युतकृष्ण खरेलद्वारा दायर गरिएको रिट निवेदन पनि यस वर्ष निकै चर्चाको विषय बन्यो। देशको सिंगो शान्ति-सुरक्षाको अभिभारा बोकेको प्रहरी संगठनको एकमात्र प्रमुख पदाधिकारीको सेवाशर्तको सुरक्षा तथा श्री ५ को सरकारको नीति कार्यान्वयन गर्न प्रशासन चलाउन आवश्यक जुनसुकै काम कारवाही गर्नसक्ने अन्तर्निहित अधिकारसंग सम्बन्धित प्रश्नहरू गाँसिएको प्रस्तुत मुद्दा वैयक्तिक प्रकृतिको देखिए पनि सार्वजनिक महत्वको समेत भएकोले अदालतबाट अग्राधिकार दिई हेरिने भनी काम कारवाही भएकोमा समेत अपेक्षाकृत समयमै टुंगो लाग्न सकेको देखिएन। अपेक्षाकृत ढिलो फैसला हुँदा पनि प्रस्तुत मुद्दामा मुद्दा हेर्ने न्यायाधीशहरू बीच मतैक्यता हुन नसकी हाल प्रस्तुत मुद्दा पूर्ण इजलाशमा पेश भई बहस पैरवीमा रहेको छ । प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं संयुक्त इजलासको रायबाझी ठहर यसप्रकार छ -

१. निवेदकको जिकिर:

म निवेदक प्रहरी नियमावली २०४९ को दफा २७ बमोजिम श्री ५ को सरकारबाट २०५३।११।२५ देखि लागू हुनेगरी प्रहरी महानिरीक्षक पदमा बढुवा भई सोही पदमा कार्यरत रहिआएकोमा श्री ५ को सरकारको मिति २०५३।१२।२१ को निर्णयानुसार राष्ट्रिय अनुसन्धान विभागको प्रमुख अधिकृत पदमा नियुक्त गरिएको भन्ने ऐ. मितिको पत्र मिति ०५३।१२।२३ मा बुझाइयो । मलाई दिइएको पत्रमा प्रहरी महानिरीक्षक भन्ने उल्लेख भएबाट मलाइ रा.अ.वि.को प्रमुखको अतिरिक्त जिम्मेवारी दिइएको हो कि भन्ने अन्यौल भएकोमा प्र.म.नि.पदमा ध्रुवबहादुर प्रधानलाई बढुवा गरेको समाचारले अझ अन्यौल थपेको छ । म प्रहरी ऐन, २०१२ अन्तर्गत नियुक्त भएको व्यक्तिलाई नेपाल विशेष सेवा ऐन, २०४२ अन्तर्गत संचालन हुने पदमा नियुक्ति गर्न कानूनले मिल्दैन । त्यसरी नियुक्ति गर्न कानूनले नमिल्ने हुँदा निर्णय स्वेच्छाचारी भएको छ । यो निर्णय सरूवा पनि होइन, सेवा परिवर्तन पनि होइन । सेवा परिवर्तन गर्न पनि सम्बन्धित व्यक्तिको मन्जुरी चाहिन्छ । विना मन्जुरी त्यस्तो गर्ने अधिकार श्री ५ को सरकारलाई छैन । ४ वर्षको लागि नियुक्त भएको प्र.म.नि.को पदबाट अन्य पदमा सरूवा हुन तथा अन्य सेवामा सरूवा हुन पनि सक्तैन र ४ वर्ष नपुगी सेवा निवृत्त पनि गराउन मिल्दैन । मलाई प्र.म.नि.बाट हटाउँदा कुनै सूचना जानकारीसमेत नदिएकोबाट प्राकृतिक न्याय सिद्धान्तको प्रतिकूल निर्णय भएको छ । तसर्थः नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११(१) र (२), धारा १२(२)(ङ), धारा १४(१) र धारा १७(१) का साथै प्रहरी नियमावली, २०४९ को नियम ९८ को उपनियम २ को हकमा आघात पर्न गएको हुँदा उक्त निर्णय बदर गरी प्रहरी महानिरीक्षक पदमा पदस्थापन गराइपाउँ भन्नेसमेतको निवेदन जिकिर ।

२. लिखित जवाफ :

नेपाल विशेष सेवा ऐन तथा नियमावलीबमोजिम रा.अ.वि.को प्रमुखमा नेपाल प्रहरी सेवाका कर्मचारीलाई नियुक्त गर्न सकिन्छ । श्री ५ को सरकारले निवेदकलाई समानस्तरको विशिष्ट श्रेणी तथा माथिल्लो मर्यादा क्रमको पदमा नियुक्ति गरेको सदासयपूर्ण छ. प्रहरी नियममा किटिएको ४ वर्ष पदावधि प्रहरी ऐन, २०१२ को दफा ९(२) अनुसार हेरिनुपर्ने हो। सोबमोजिम प्रहरीको सेवा अवधि श्री ५ को सरकारको इच्छाअनुसारको अवधसिम्म हुने हुँदा श्री ५ को सरकारले अवधि समाप्त नहुँदै अन्यत्र नियुक्ति गर्नसक्ने हुँदा निवेदकको हक हनन् भएको छैन. रा.अ.वि.को पदमा नेपाल प्रहरीको व्यक्ति बढी उपयुक्त र योग्य हुने हुँदा सदासयपूर्वक नियुक्ति गरिएको, निवेदकको वृत्तिविकास र सेवाको निरन्तरतालाई श्री ५ को सरकारले टुटाएको छैन. नियममा गरिएको व्यवस्थाले ऐनको मूल व्यवस्थालाई नै निष्क्रिय गर्न सक्तैन. निवेदकलाई माथिल्लो मर्यादाको पदमा नियुक्त गरिएकोले दुराशयपूर्वक दण्डित गर्ने श्री ५ को सरकारको मनसाय नरहेको. माथिल्लो उपयुक्त पदमा नियुक्ति दिने कार्य स्वेच्छाचारी हुन सक्दैन। तसर्थः रिट निवेदन खारेज होस् भन्नेसमेतको मन्त्री परिषद सचिवालय र गृह मन्त्रालयसमेतको लिखित जवाफ ।

मेरो नियुक्ति नियम कानूनसम्मत छ, समान तहमा नियुक्त गरिनु सजाय होइन र सजाय नगर्दा सुनवाईको मौका दिनुपर्दैन, मेरो नियुक्तिबाट निवेदकको हकमा आघात पुगेको छैन भनी प्रहरी महानिरीक्षक ध्रुवबहादुर प्रधानले लिखित जवाफ दिनुभएको थियो।

अदालतको ठहर:

मा.न्या. श्री मोहनप्रसाद शर्माको राय: प्रहरी ऐनको दफा ९(२) ले प्रहरी कर्मचारीको सेवा अवधि श्री ५ को सरकारको इच्छाअनुसार हुने भने पनि सो ऐनको उद्देश्य अनुकूल बनेको प्रहरी नियमावलीले केही पदको अवधि तोकेको छ। प्रहरी सेवाबाट अन्यत्र सेवामा लगेकोलाई प्रहरीबाट नहटाएको भन्न मिल्दैन । यसरी अन्यत्र लैजाँदा प्रक्रिया पनि पूरा गर्नुपर्ने हुन्छ । सहमति पनि लिनेपर्ने हुन्छ । स्वेच्छाचारीरुपमा कानूनी अधिकार प्रयोग हुन सक्तैन । ऐनको अधिकार र उद्देश्यअन्तर्गत नियम बनिरहेकोमा नियमलाई पूर्णतः निष्क्रिय हुनेगरी ऐनको व्याख्या गर्न मिल्दैन । नियमको २७(१) अनुरुप ध्रुवबहादुर प्रधानलाई बढुवा गरेको भनी जिकिर लिने विपक्षीले नियमको ९८(२) लाई नमान्ने र सोही नियमको १२७(१) लाई मान्ने भन्ने विरोधी तर्कहरू कानूनसंगत मान्न मिल्दैन । कार्यपालिकाको अन्तर्निहित अधिकारको कुरा एकै सेवा समूहमा मात्र लागू हुन्छ, विभिन्न सेवा, समूह र फरक कामको प्रकृति भएकोमा कानूनको उचित प्रक्रियाको पालना हुनु पर्दछ । संविधानको धारा १०२ को स्पष्टीकरणबाट विशेष सेवा निजामती सेवा होइन भन्ने ठाउँ देखिँदैन। निवेदकलाई रा.अ.वि.मा नियुक्ति गर्ने निर्णय गर्दा प्र.म.नि.मा बढुवा गर्न भनिएबाट निवेदकलाई प्रहरी सेवाबाट हटाएको कार्य स्वभाविक र निष्पक्ष भएको भन्न मिल्दैन। पदावधि किटिएको व्यक्तिलाई हटाउनु परेमा तत्-तत् कानूनमा भएको व्यवस्थाबाट मात्र हटाउन सकिन्छ भन्ने सिद्धान्त अगाडि नै यस अदालतबाट प्रतिपादन भइसकेका छन् । आधार र कारणबेगर सेवाबाट हटाउन नपाउने भन्ने धेरै मुद्दामा सिद्धान्त प्रतिपादन भइरहेको अवस्थामा निवेदकलाई प्रहरी फोर्सबाट हटाइएको मिति २०५३।१२।२१ को निर्णय आधारहीन, अस्वभाविक, अविवेकपूर्ण, प्राकृतिक न्याय सिद्धान्तविपरीत तथा कानूनी त्रुटिको समेत देखिन आएकोले सो निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ, निवेदकलाई साविक पदमा बहाल गर्नु भन्ने परमादेशको आदेशसमेत श्री ५ को सरकारका नाउँमा जारी हुने ठहर्छ।

मा.न्या.श्री केशवप्रसाद उपाध्यायको राय: निजामती सेवा ऐन, २०४९ को दफा ३ ले विशेष सेवाको पद वा कर्मचारीलाई निजामती सेवामा समावेश नगरेको, विभिन्न सेवाहरू संचालन गर्न संविधानको भावना र व्यवस्थाअनुकूल नै निजामती सेवा, प्रहरी सेवा, विशेष सेवा जस्ता अलग-अलग सेवाको व्यवस्था गर्ने ऐनहरू बनी क्रियाशील रहेको अवस्थामा संविधानको धारा १०२ अनुसार "यस धाराको तात्पर्यका लागि सैनिक अधिकृत वा जवान र प्रहरी कर्मचारीको सेवा वा पद तथा निजामती सेवा वा पद होइन भनी ऐनद्वारा तोकिएको पदबाहेक श्री ५ को सरकारका अन्य सबै सेवा वा पदलाई निजामती सेवा वा पद मानिनेछ।" सोही आधारमा ऐनमा तोकिएको व्यवस्था निष्क्रिय हुन सक्तैन । निजामती सेवा ऐनले निजामती सेवाको बारेमा स्पष्ट व्यवस्था गरिसकेपछि सोहीसरहको समान वैधता राख्ने विशेष सेवा ऐनले विशेष सेवा गठन गरेकोमा संविधानको लोकसेवा आयोगको कार्यक्षेत्रसंग सम्बन्धित व्यवस्थालाई आधार बनाएर विशेष सेवा पनि निजामती सेवा नै हो। सबै ऐनले व्यवस्था गरेका सेवालाई निजामती सेवामा गाभी व्याख्या गर्न मिल्दैन । विशेष सेवाअन्तर्गत नियुक्ति सरुवा, बढुवा आदिमा लोकसेवा आयोगको परामर्श लिने गरिएको प्रमाण नभएको र संविधानको उक्त व्यवस्था लोकसेवा आयोगको सम्बन्धमा व्यवस्था गर्ने भएकोले पनि विशेष सेवा अलग्गै सेवा भएको र निजामती सेवा नभएकोमा स्पष्टै छ । विशेष सेवाको पद र कर्मचारी निजामती सेवाको पद र कर्मचारी होइन भनी नेपाल अधिराज्यको संविधान, २०४७ लागू भएपछि पनि मानिङ सबै काम कारवाही संचालन भइआएकोमा सो संविधान लागू भएपछि सबै काम कारवाही शून्यको स्थितिमा पुगेको भनी मान्न मिल्दैन। निवेदकलाई नियुक्ति गरिएको पद निजामती सेवा नभएकोले यसमा नियुक्ति गर्दा लोकसेवा आयोगबाट परामर्श लिइरहनुपर्ने देखिँदैन, प्रहरी महानिरीक्षक उमेरको र नोकरीको हदमध्ये जुनबाट अघि हुन्छ, त्यसैबाट अवकाश

पाउने र निजको निवृत्तिभरणलगायत्का सुविधाहरू केवल ४ वर्षको हिसाबबाट नभई पूरै सेवा अवधिबाट हुने हुँदा ४ वर्षको अवधिसम्म बहाल रहिरहन पाउनुपर्ने कानूनी आधार छैन। प्रहरी महानिरीक्षकको पद पदावधि तोकिएको पद होइन। ४ वर्ष अवधि अधिकतम सीमामात्र भएकोले पूरै बहाल हुन पाउनुपर्दछ भन्न मिल्दैन। नेपाल अधिराज्यको शासन व्यवस्थाको निर्देशन, नियन्त्रण र संचालन गर्ने अभिभारा मन्त्री परिषदउपर रहने भनी संविधानको धारा ३५(२) को व्यवस्थाबाट सदाशयतापूर्वक कार्यपालिकीय अधिकार प्रयोग गरेको कुरामा न्यायपालिकीय हस्तक्षेप हुन सक्तैन । निवेदकलाई श्री ५ को सरकारले नोकरीबाट हटाएको वा बर्खास्त गरेको वा कुनै सजाय गरेको नदेखिएबाट सफाइको मौका दिनुपर्ने अवस्था पनि देखिँदैन, बहालवाला प्रहरी कर्मचारीलाई पनि प्र.अ.वि.को प्रमुख पदमा नियुक्त गर्न सकिने नियमावलीको व्यवस्थाबाट श्री ५ को सरकारले प्रहरी महानिरीक्षकलाई त्यस पदमा नियुक्ति गर्न नसक्ने देखिँदैन । नियुक्त गर्ने कुरा करारबाट नभई कानूनबाट हुने अवस्थामा मन्जुरी लिनुपर्दैन, सेवाको गठन, पदाधिकारको समाप्ति वा कुनै पदमा नियुक्ति गरी काममा लगाउने विषय श्री ५ को सरकारको नीतिगत कुराभित्र पर्ने र यस्तोमा औचित्यको आधारमा उपयुक्त व्यवस्था गर्न पाउने श्री ५ को सरकारको कार्यकारिणी अधिकार भएको, निवेदकलाई समानस्तर र मर्यादाक्रममा माथिल्लो पदमा नियुक्ति गरिएकाले सेवाबाट हटाएको नदेखिएको, कुनै अभियोग वा दोष लगाई सजाय नगरिएको, सुविधासमेतका दृष्टिबाट नियुक्ति गरिएको पद प्र.म.नि.को पदभन्दा तल्लो नदेखिएको, कानूनबमोजिम प्रयोग गर्न सकिने अधिकारी प्रयोग गरे/भएकोमा बदनियत वा दुराशय छ भनी अनुमान गर्न मिल्दैन, सोको प्रमाण जिकिर लिनेले पुऱ्याउनु पर्दछ। श्री ५ को सरकारले आफ्नो मातहतको अधिकृतलाई आफ्नै मातहतको कुनै सेवा, समूहमा कानूनबमोजिम नियुक्त गरेकोलाई अन्यथा भन्न नमिल्नेसमेत भएबाट निवेदकको संवैधानिक एवं कानूनी हक अधिकार हनन भएको नदेखिँदा निवेदकको मागबमोजिम आदेश जारी हुनुपर्ने नहुँदा रिट निवेदन खारेज हुने ठहर्छ ।

यसरी वैयक्तिक पदाधिकार समावेश भएको विषय भए पनि प्रस्तुत मुद्दा सार्वजनिक चासो र सरोकारको विषय बन्यो। प्रस्तुत मुद्दाको सुनवाई पूर्ण इजलासमा हुँदै गरेको अवस्थामा मिति २०५४।८।२६ को श्री ५ को सरकारको निर्णयानुसार रिट निवेदकलाई पूर्ववर्ती पदमा बहाल गर्ने निर्णय गरेको सूचना सार्वजनिक भएपछि यसरी अदालतमा सुनवाई भइरहेको विषयमा श्री ५ को सरकारले अदालतमा परेको विवादको निर्णयमा प्रभाव पर्ने गरी निर्णय गरेको भन्ने प्रश्नहरू उठ्न गएको देखिन्छ।

लोकसेवा आयोगले संचालन गर्ने गरेको परीक्षाको पाठ्यक्रमबाट नेपालको राष्ट्रिय भाषा नेपालीलाई हटाएर संविधानको धारा ६ मा संवैधानिक संरक्षण प्राप्त नेपाली भाषाको विकासमा अवरोध पुऱ्याएको, समान तहमा प्रवेश गर्दा पत्रराष्ट्र समूहमा अंग्रेजी भाषा आयोगको पाठ्यक्रमभित्र राखिएको तर नेपाली भाषा नराखिएकोबाट संविधानको धारा १८ को शिक्षा तथा संस्कृतिसम्बन्धी हक तथा धारा ६ बमोजिमको भावनासमेतका प्रतिकूल भएको भन्नेसमेत प्रश्न समावेश भएको प्राध्यापक चूडानाथ भट्टराय निवेदक, विरुद्ध नेपाल लोकसेवा आयोग विपक्षी भएको मुद्दा पनि यस वर्षको महत्वपूर्ण मुद्दाको सूचीमा रह्यो । उक्त मुद्दाको तथ्य एवं ठहर यसप्रकार रहेको छ–

१. निवेदन व्यहोरा:

संविधानको धारा ६ अनुसार देवनागरी लिपिमा नेपाली भाषा नेपालको राष्ट्रिय भाषा हो र यो भाषा नेपाल अधिराज्यभर सरकारी कामकाजको भाषासमेत हो। त्यसैगरी प्रत्येक जात-जाति वा सम्प्रदायले आफ्नो भाषा एवं लिपिको संवर्द्धन एवं प्रयोग गर्न पाउने हक धारा १८ ले सबैलाई प्रदान गरेको छ । यसरी संविधानले नै संरक्षण गरेको नेपाली भाषासम्बन्धी ज्ञानको विषयलाई विपक्षी लोकसेवा आयोगले रा.प.तृतीय श्रेणीमा सेवा प्रवेशका लागि तोकिएको पाठ्यक्रमबाट हटाएको तथा सोही श्रेणीमा प्रवेश गर्दा परराष्ट्र समूहमा भने अंग्रेजी भाषासम्बन्धी एक अतिरिक्त पत्र समावेश गरिएबाट लोकसेवा आयोगले नेपाली भाषालाई संरक्षण नगरेको उल्लेखित निर्णय संविधानको धारा १(२),४,६ एवं १८ विपरीत भएकोले धारा २३।८८(२) अन्तर्गत उपयुक्त आज्ञा, आदेश जारी गरी नेपाली भाषालाई पूर्ववत् स्थितिमा पाठ्यक्रममा समावेश गरिपाउँ भन्नेसमेतको रिट निवेदन दिइएको थियो।

२. लिखित जवाफ:

संविधानबमोजिम निजामती सेवाको कुनै पदमा नियुक्ति, सरुवा, बढुवा सम्बन्धमा सिफारिश गर्न एवं परामर्श दिनु यस आयोगको दायित्व हो र यसअनुसारको दायित्व पूरा गर्न लोकसेवा आयोग (कार्यविधि) ऐन, २०४८ ले आवश्यक व्यवस्था गरेको छ । यस ऐनअनुसार आयोग पाठ्यक्रम तोक्ने कुरामा स्वतन्त्र छ । तर यसरी पाठ्यक्रम निर्धारण गर्दा पनि आयोगले सेवा समूह संचालन गर्ने सम्बन्धित निकायसंग आवश्यक सल्लाह परामर्श एवं समन्वय गरी गर्ने गरेको हुँदा कस्तो पाठ्यक्रम लागू गर्नुपर्दछ, कहाँ कहिले परिमार्जन गर्नुपर्दछ भन्ने विषय आयोगको अधिकार क्षेत्रको विषय हो, यस्तो यस्तो प्रक्रिया पूरा गरी उम्मेदवार छनौट गर्नु वा पाठ्यक्रममा यो यो कुरा समावेश गर्नु भनी अदालतले भन्न मिल्दैन । आयोगले नेपाली भाषालाई कामकाजको भाषाबाट हटाएको छैन, भाषासम्बन्धी ज्ञानको भार समयसापेक्षरूपमा क्रमशः कम गरिँदै आएको तथ्य आयोगबाट विगतमा लागू भएका प्रत्येक पाठ्यक्रमहरूबाट अवगत हुन्छ। भाषाको विस्तृत ज्ञान, प्राज्ञिक विषय भएको हुनाले समेत निजामती सेवामा त्यस्तो प्राज्ञिक ज्ञान ज्यादा महत्वको नहुने भएकाले

आयोगले प्राज्ञिक विषयको पाठ्यक्रमको सट्टा सबै प्रकारको उपाधि प्राप्त उम्मेदवारको लागि समान अवसर प्रदान गर्ने र सरकारी कामका लागि आवश्यक पर्ने व्यापक ज्ञान परीक्षण हुनेगरी पाठ्यक्रम निर्धारण गरेको हो। नेपाली भाषाको शुद्धता तथा ज्ञानसम्बन्धी विषयलाई उत्तर पुस्तिका परीक्षण गर्दा विचार गर्नुपर्ने निर्देशनसमेत दिइने गरिएबाट नेपाली भाषालाई संरक्षण नगरेको भन्ने निवेदकको भनाइ साँचो नभएको तथा प्रस्तुत विषय कानूनीसमेत नहुँदा निवेदन खारेजभागी छ भन्ने विपक्षी लोकसेवा आयोगले लिखित जवाफ।

३. सर्वोच्च अदालतबाट उल्लेखित मुद्दामा निम्नलिखित सिद्धान्तहरू प्रतिपादित भई निर्णय हुन पुगेको छ।

(क) सार्वजनिक हक वा सरकारको विवाद भन्नाले कुनै खास व्यक्ति वा व्यक्तिहरूको व्यक्तिगत हक वा सरोकारसंग सम्बन्धित नरही सर्वसाधारण जनता वा जनसमुदायको सामूहिक हक वा सरोकार गाँसिएको हुनुपर्ने ।

(ख) सार्वजनिक हक वा सरोकारको विषयसंग सम्बन्धित संवैधानिक वा कानूनी प्रश्न व्यक्तिगत हक हितसंग नभई समुदाय वा सर्वसाधारणको हक, हितसंग गाँसिएको हुन्छ।

(ग) नेपाली भाषा संविधानको धारा ६ अनुसार राष्ट्रिय भाषा भएकोले यससंग सम्बन्धित काम कारवाही सार्वजनिक महत्व वा सरोकारको हुने नै भएकोले त्यस्तो संवैधानिक व्यवस्थालाई आघात पुऱ्याउने कामको विरुद्ध उपचारको लागि प्रत्येक नेपाली नागरिक आउनसक्ने हुँदा प्रस्तुत निवेदनमा निवेदकको हकदैया छैन र सार्वजनिक सरोकारको विषय होइन भन्न मिल्दैन ।

(घ) सर्वसाधारण जनता वा जनसमुदायको हित प्रतिविम्बित भएको मुद्दामा रिट निवेदकको मृत्यु भएको अवस्थामा रिट निवेदकको वारेस (नेपाली नागरिकसमेत) का हैसियतबाट मुद्दा सकार गरी मुद्दाको काम कारवाही अगाडि बढाई निर्णयमा पुग्न बाधा हुँदैन ।

(ङ) सबै संवैधानिक निकायहरूले संविधान र कानूनले निर्धारण गरेको परिधिभित्र रही आफ्नो कर्तव्य कानूनले तोकेबमोजिमको तरिकाबाट पूरा गर्नुपर्दछ र सो मूल कानूनले तोकेबमोजिमको विधि प्रक्रियाअनुसारको कार्य संवैधानिक वा कानूनी निकायबाट भएको छ-छैन भन्ने कुराको न्यायिक निगरानी राख्ने काम यस अदालतको हो।

उल्लेखित सिद्धान्त प्रतिपादन गर्दै सर्वोच्च अदालतले संविधानले नेपाली भाषा नेपालको राष्ट्रिय भाषा र सरकारी कामकाजको भाषा भनी निश्चित गरेको र साविकको पाठ्यक्रममा नेपाली विषयमा पनि परीक्षा दिनुपर्ने गरी पाठ्यक्रम राखिएकोमा हाल प्रचलित पाठ्यक्रममा नेपाली विषय नराखिएपछि नेपाली विषय हटाउनुपरेको कारण खोली प्रस्ताव राखी राय सल्लाह लिएको भन्ने अवस्था नदेखिएको तथा नेपाली विषय नराखिएको पाठ्यक्रम लागू हुँदा के/कस्तो असर पर्दछ, सो सम्बन्धमा प्रष्टरूपमा यथोचित सल्लाह लिई पाठ्यक्रम निर्धारण भएको भन्ने देखिएन। तसर्थ संविधानले नेपालको राष्ट्रिय भाषाको रूपमा घोषित गरेको र सरकारी कामकाजको भाषासमेत स्वीकारेको परिप्रेक्ष्यमा नेपाली विषय हटाउनुपर्ने आधार खोली लोकसेवा आयोग (कार्यविधि) ऐन, २०४८ को दफा ८(१) बमोजिम राय सल्लाह लिई पुनः निर्णय एवं पाठ्यक्रम निर्धारण गर्नु भनी विपक्षी लोकसेवा आयोगलाई निर्देशनात्मक आदेश समेत जारी गरेको छ । यसरी संविधानद्वारा घोषित राष्ट्रिय भाषाको संरक्षण र सम्वर्द्धन गर्नेतर्फ विशेष सचेत रहन इंगित गर्दै संविधान एवं कानूनबमोजिम प्राप्त अधिकार प्रयोग गर्न कुनै पनि निकाय सक्षम र स्वतन्त्र हुन्छ भनी संवैधानिक एवं कानूनी क्षेत्राधिकारलाई मान्यतासमेत प्रदान गरेको छ । सार्वजनिक सरोकारको विषयमा सबै संवैधानिक एवं कानूनी निकायले विशेष सजग भई काम गर्नुपर्नेतर्फ पनि प्रस्तुत निर्णयले ध्यानाकर्षण गराएको छ। अर्कोतर्फ संविधान एवं कानूनबमोजिम प्राप्त अधिकार प्रयोग गर्नमा त्यस्तो निकाय स्वतन्त्र हुन्छ भन्ने अधिकार क्षेत्रको व्यवस्थालाई पनि मान्यता दिँदै अधिकार क्षेत्रको प्रयोग र सार्वजनिक हितको विषय समाविष्ट भएको काम कारवाहीमा सन्तुलन कायम गराउने किसिमबाट भएको प्रस्तुत फैसलालाई सकारात्मक भएको ठानिएको छ ।

त्यस्तैगरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट पुनरावेदन अदालत, पाटनमा दायर भएका मुद्दाहरू र केहीमा भएका फैसलाहरूसमेत यस वर्ष विशेष चर्चित रहे। सार्वजनिक पदाधिकारमा रहेका उच्चपदस्थ व्यक्तिहरू ज्यादा भ्रष्ट भए भन्ने भावना आमजनमानसमा बढिरहेकै बखत सरकारी निकाय एवं सरकारी स्वामित्वमा स्थापित सार्वजनिक संघ-संस्थाहरूमा भएको भ्रष्टाचार एवं अख्तियारको दुरूपयोगउपर छानबिन अनुसन्धान गरी भ्रष्टाचार गरेको ठहरेमा त्यस्ता दोषी देखिएका पदाधिकारीविरुद्ध सम्बन्धित अदालतमा मुद्दा दायर गर्ने संवैधानिक अधिकार एवं दायित्व पाएको अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई राजनीतिक पदमा आसीन व्यक्तिउपर मुद्दा दायर गर्न प्रधानमन्त्री एवं सभामुख आदिको अनुमति लिनुपर्ने जस्ता व्यवस्थाले अप्ठेरो पारेकोमा गत साल सर्वोच्च अदालतको निर्णयबाट सो आयोगको अधिकार क्षेत्रमा व्यापक विस्तार भएपछि यस वर्ष आयोगबाट केही महत्वपूर्ण मुद्दाहरू पुनरावेदन अदालत, पाटनमा दायर भएकोमा यी मुद्दाहरू विशेष चर्चामा आइरहे । जिल्ला प्रशासन कार्यालय, मोरङका प्र.जि.अ. रामप्रसाद खनिवडासमेतको सिफारिशमा पूर्वाञ्चल अनाथ आश्रम विराटनगरका वर्ष ४ का अनिल नेपालीलाई कानूनबमोजिम एक दम्पतीलाई एकमात्र धर्मपुत्र राख्न दिन मिल्नेमा दोस्रो धर्मपुत्रको रूपमा राख्न दिइ तत्कालीन गृह सचिव पदमप्रसाद पोखरेलसमेतले अख्तियारको दुरूपयोग गर्नुका साथै लिनु/खानु गरी भ्रष्टाचारसमेत गरेको भन्ने अभियोगमा पुनरावेदन अदालत पाटनमा मुद्दा दायर भएको थियो। त्यस्तै केदारेश्वर गुठी तैनाथी जग्गामा महन्त

क्षेत्रबहादुर पुरीसंग मिलेमतो गरी महन्तका परिवार, नातेदार र आफ्नो नातेदारसमेतको नाममा मोही कायम गरी तत्कालीन भूमिसुधार सचिव विष्णुप्रसाद खत्रीसमेतले पद र अख्तियारको दुरूपयोग गर्नुका साथै भ्रष्टाचार गरेको भन्ने अभियोग लगाई दायर भएको मुद्दा, गुठी कायम भएको जग्गालाई रैकर बनाइ जानाजान हक हस्तान्तरण गरी/गराई लिई/दिई भ्रष्टाचार गरे/गराएको भन्नेसमेतको अभियोग लगाई गुठी संस्थानका प्रशासक विष्णुप्रसाद सिग्देलविरूद्ध दायर भएको मुद्दा, कानूनबमोजिम जफत गर्नुपर्ने सुन भन्सार महसुल लिई फिर्ता दिई भ्रष्टाचार गरेको भन्नेसमेत अभियोगमा प्रमुख भन्सार प्रशासक डम्बरबहादुर पन्तसमेत विरूद्ध मुद्दा दायर भए। प्रचलित कानूनबमोजिमको प्रक्रिया पूरा नगरी रकम लिने/खाने नियतबाट कम्प्युटरको सामान सोझै व्यक्ति विशेषबाट खरीद गरेको भन्नेसमेतको भ्रष्टाचारको अभियोगमा तत्कालीन भूमिसुधार सचिव विष्णुप्रसाद खत्रीसमेत विरूद्ध दायर भएको मुद्दा, कृषि सामग्री संस्थानको तर्फबाट मल खरीद सम्बन्धमा सनी कण्डक्टर मैटेरियल इण्डष्ट्रिजसंग सम्झौता गर्दा प्रचलित कानूनबमोजिमको प्रक्रिया नपुऱ्याई मल खरीद गर्ने सम्झौता गरी गराइ भ्रष्टाचार गरे/गराएको भन्नेसमेतको अभियोगमा तत्कालीन कृषि मन्त्री पद्मसुन्दर लावतीसमेत विरूद्ध दायर भएको तीन वटा मुद्दामा एक मुद्दा अझै बाँकी छ। नक्साल नन्दीकेश्वर गुठी नैनाथी जग्गामा हिरण्यकान्तलगायत्का व्यक्तिहरूलाई मोही कायम गरी गुठी संस्थानलाई हानि पुऱ्याएर भ्रष्टाचार गरे भन्नेसमेत अभियोगमा भूमिसुधार अधिकारी शान्तप्रसाद पौडेलसमेत विरूद्ध दायर भएको मुद्दा, शा.ने.वा.नि. हङकङ-काठमाडौं उडानबाट आउँदै नआएको व्यक्तिबाट सुन आएको भनी महसुल लिई उनाउ व्यक्ति खडा गरी जफत हुने सुन छुटाइ भ्रष्टाचार गरेको भनी भन्सार निर्देशक लोकमानसिंह कार्कीसमेतको विरूद्ध अख्तियारबाट दायर भएका मुद्दाहरू विशेष चर्चामा रहे। यीमध्ये धर्मपुत्रसम्बन्धी, पदमप्रसाद पोखरेलसमेत उपरको मुद्दा, गुठीसम्बन्धी विष्णुप्रसाद खत्रीसमेत उपरको मुद्दा, मल आयात गर्नेसम्बन्धी पद्मसुन्दर लावतीसमेत उपरको मुद्दा तथा सुन छुटाएकोसम्बन्धी लोकमानसिंह कार्कीसमेत उपरको मुद्दाहरूमा पुनरावेदन अदालतबाट अभियुक्तहरूलाई सफाइ दिनेगरी फैसला भइसकेको छ।

पुनरावेदन अदालतमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट दर्ता भएका मुद्दाहरूमध्ये विशेष चर्चित रहेको सुन छुटाएकोसम्बन्धी मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छ।

२२ डिसेम्बर १९९४ का दिन हङकङ-काठमाडौं उडानमा रहेको आर.ए.४१० को शौचालयमा १० के.जी. सुन र १५० के.जी. चाँदी लुकाइ छिपाइ ल्याएको सुराक भन्सार प्रमुख भगवतीप्रसाद काफ्लेलाई दिएकोमा विभिन्न कर्मचारीको मिलेमतोमा काल्पनिक नाममा सुन छुटाई भ्रष्टाचार गरे भन्ने वि.प्र.वि.मा परेको उजुरी निवेदन।

महसुल तिरी सुन छुटाई लैजाने भविन्द्र बुढाथोकी, सुधीर गुरूङ १ अक्टोबरदेखि ३१ डिसेम्बरसम्म हङकङ-काठमाडौं ओहोर दोहोर नगरेको भन्ने हङकङ इण्टरपोलले लेखिपठाएको।

शा.ने.वा.नि. र अध्यागमन कार्यालयबाट पठाएको १९९४, २९ डिसेम्बरको आर.ए.४१० को यात्रु उडान सूचीमा भविन्द्र बुढाथोकी नाम नभएको।

भविन्द्र बुढाथोकी सुधीर गुरूङको टिकटमा काठमाडौं आएको भनी शा.ने.वा.नि. हङकङ बिक्री काउण्टरका प्रबन्धकले प्रमाणित गरेको।

भविन्द्र बुढाथोकीका नाममा २०५१।९।९ मा हङकङ काठमाडौं उडानको हवाइ टिकट नभएको, सो दिन सोही उडानबाट आएको भन्ने अध्यागमन कार्यालयको अभिलेख र शा.ने.वा.नि.को यात्रुसूचीबाट नदेखिएको, अक्टोबर १ देखि डिसेम्बर ३१ सम्म भविन्द्र बुढाथोकी र सुधीर गुरूङ हङकङ अध्यागमनबाट ओहोर-दोहोर गरेको देखिदैन। हङकङ इण्टरपोलबाट लेखिआएको, निजको पासपोर्टमा काठमाडौं अध्यागमनबाट आगमन टाँचा नलगाएकोबाट पनि निज त्यस दिन आएको नदेखिएको स्पष्ट प्रमाणित भइरहेकोमा भन्सार कार्यालय प्रमुख, तथा महानिर्देशकसमेतले मिलेमतो गरी श्री ५ को सरकारको नाममा आम्दानी बाँध्नुपर्ने सुन चाँदी उनाउ व्यक्ति खडा गरी महसुल लिई छुटाइ लगी भ्रष्टाचार गरेकोले महानिर्देशक लोकमानसिंह कार्की, भन्सार प्रमुख भगवतीकुमार काफ्ले, भविन्द्र बुढाथोकी, यादव लामिछानेसमेत उपर भ्र.नि.ऐनको विभिन्न दफाबमोजिम सजाय गरी बिगोसमेत असुल गरिपाउँ भन्नेसमेतको फिराद माग दाबी।

पुनरावेदन अदालत पाटनको ठहर:

अमुक कुराबाट मिलेमतो भएको भन्ने खुल्न नआएको, तल्लो तहको निर्णय गर्न अधिकार प्राप्त अधिकारीले रायसमेत व्यक्त गरी उचित निकासाका लागि भनी पेश गरेको फाइलमा माथिल्लो तहका अधिकारीले सदरसम्म गरेको टिप्पणी व्यहोराबाट देखिन आएकोले भन्सार प्रमुख भगवतीप्रसाद काफ्लेले महसुल लिई सुन छुटाउन मनासिब भनी पेश गरेको टिप्पणीलाई महानिर्देशक लोकमानसिंह कार्कीले सदर गरेको देखिएकोले सदर गरिएको टिप्पणीको व्यहोराबाट निजले आपराधिक दायित्व व्यहोर्नुपर्ने अवस्था छैन। त्यस्तै अमुक कानूनको उल्लंघन भएको र सोबाट अमुक कार्यको सिर्जना भएकोले त्यसप्रति निजको जिम्मेवारी छ भनी किटानी नभएको अवस्थामा निजअन्तर्गतको कार्यालयबाट भएको कामप्रति निजलाई जिम्मेवार दोषी ठहर गर्न नमिल्ने हुँदा आरोपित कसुरबाट भन्सार विभागका महानिर्देशक लोकमानसिंह कार्कीले सफाइ पाउने, नआएको व्यक्तिलाई आएको भनी प्रमाणित गरिदिएको भनिएका यादव लामिछानेको पत्रबाट सामान छुटाउने/नछुटाउने भन्ने कुरामा निर्णायक भूमिका नहुने तथा कुनै व्यक्ति आए/नआएको भन्ने व्यहोरा पनि निजलाई

प्रमाणित गर्ने अधिकार नहुँदा निजको पनि सामान छुटाउने कार्यमा मिलेमतो भए/गरेको देखिँदैन। तसर्थ आरोपित कसुरबाट सफाई पाउने र भन्सारसम्बन्धी कानूनबाट उल्लेखित सामान फिर्ता दिने अधिकार प्रमुख भन्सार अधिकृतमा रहेको र निजबाट सो कानूनले निर्दिष्ट गरेको कानूनको रोह रित नपुर्‍याई फिर्ता दिने कार्य भएको र सो कार्य निजको निहित कार्यक्षेत्रभित्रको देखिएको तथा सो सामान फिर्ता दिने कार्यमा भन्सारसम्बन्धी कानूनमा महानिर्देशकको अधिकार नदेखिएको हुँदा अधिकार प्रदान नगरिएको अवस्थामा सोको पालना हुनु नहुने प्रश्न नआउने, प्रमुख भन्सार अधिकृत भगवतीप्रसाद काफ्लेउपर निजलाई प्राप्त भन्सारसम्बन्धी कानूनले प्रदान गरेको अधिकारको उल्लंघन भएको भनी दावी लिएको अवस्थामा सो कानूनको उल्लंघन भएको देखिएको भए पनि महानिर्देशक लोकमानसिंह कार्कीको उल्लेखित कामको सन्दर्भमा निजको कार्यक्षेत्रभित्र नपर्ने विषयमा निजलाई जिम्मेवार बनाउन मिल्दैन। निजले कानूनतः गर्नुपर्ने कुरा के नगरेको हो सो उल्लेख नभएको अवस्था हुँदा निजबाट कुनै कसूर हुनआएको नदेखिएकोले सफाइ पाउने र भगवतीप्रसाद काफ्ले र भविन्द्र प्रसाद बुढाथोकीले आरोपित कसूर गरेको ठहर्दछ ।

प्रस्तुत निर्णयमा सर्वोच्च अदालतमा पुनरावेदन पर्नसक्ने अवस्था कायमै रहेको भए तापनि सरकारी संगठनभित्र तल्लो निकायले आफ्नो कार्यक्षेत्रभित्रको कुनै काम कारवाहीको सम्बन्धमा माथिल्लो निकायसँग आवश्यक परामर्श तथा निकासा माग्नुपर्ने सामान्यतः नीतिगत र प्रक्रियागत परम्परा नै रहिआएको छ। तर भन्सार प्रमुखबाट राय अभिव्यक्त गरी आवश्यक निकासाका लागि पेश भएको मिसिलमा सदर गरेको कार्यबाट निस्कने परिणामका लागि सदर गर्ने अधिकारीलाई उत्तरदायी नबनाइएको तथा सम्बन्धित नियम विनियमअन्तर्गत निश्चित अधिकार र कर्तव्य भएको काम, कर्तव्य र अधिकार तोकिएको व्यक्तिसमेतबाट आफ्नो कर्तव्य असल नियतबाट भए-नभएको हेर्न सकिनेमा त्यस्तो नगरी संकुचनपूर्ण व्याख्या हुन गएको देखिन्छ।

उल्लेखित महत्वपूर्ण मुद्दाहरू पर्नु र विभिन्न फैसलाहरू हुनुका अतिरिक्त न्यायपालिकाअन्तर्गत यस वर्ष पुनरावेदन अदालतका मुख्य न्यायाधीश एवं सर्वोच्च अदालतका न्यायाधीशहरू तथा विभिन्न क्षेत्रहरू अन्तर्गत पुनरावेदन अदालतका न्यायाधीश तथा जिल्ला न्यायाधीशहरूको अलग-अलग सम्मेलन सम्पन्न गरिएको देखिन्छ । प्रस्तुत दुवै सम्मेलनहरूले मुद्दाको किनारा गर्ने काममा ढिलाइ हुन गइरहेको, महसुस गर्दै केही कार्यविधिगत कानूनी व्यवस्थाहरू संशोधन गर्न आवश्यक भएको, मुद्दा मामिलाहरूको वर्गीकरण गरी प्रभावकारी न्याय प्रदान गर्नका लागि विषयवस्तुको आधारमा न्यायिक विशिष्टीकरण गर्नुपर्ने, न्यायाधीशहरूको नियुक्ति बढुवाका आधारहरू वस्तुनिष्ठ बनाउन आवश्यक नियमहरू तर्जुमा गर्ने, समयसापेक्षरूपमा कर्मचारी एवं न्यायाधीशहरूको आर्थिक सुविधा आदिमा हेरफेर गरिनुपर्ने, अदालतको व्यवस्थापनमा सुधार गर्न के/कस्तो काम कारवाही गर्नु आवश्यक छ भन्ने कुरामा आवश्यक अध्ययन गरी सुझाव पेश गर्न एक उच्चस्तरीय अदालत व्यवस्थापन समिति गठन गर्ने आदि जस्ता अलग-अलग प्रस्तावहरू पास गरिएको थियो । समष्टिगतरूपमा न्यायपालिकाअन्तर्गतको काम कारवाहीमा ढिलासुस्तीका कुरालाई सम्मेलनहरूमा स्वीकार गरी तत्सम्बन्धमा आवश्यक उपचारात्मक व्यवस्थाहरू अवलम्बन गर्नुपर्ने आवश्यकता महसुस गरिएको देखिन्छ ।

वैयक्तिक अधिकारको विषयलाई संविधानको भाग ३ द्वारा प्रदत्त मौलिक हकसम्ममा मात्र सीमित गर्न मिल्दैन । नागरिकहरूबीच आपसमै भएका विवादहरूमा पनि वा एक नागरिकबाट अर्को नागरिकको हक अधिकारमा आघात पुग्न गई अदालतसमक्ष विवाद पर्न आएमा त्यस्ता विवादको समेत समयमै निरूपण गर्नुपर्ने दायित्व अदालतको रहन्छ र यथा समयमा फैसला वा न्याय पाउनु पनि व्यक्तिको नैसर्गिक अधिकार नै हो । यस पक्षबाट हेर्दा पनि सर्वोच्च अदालतलगायत् विभिन्न पुनरावेदन तथा जिल्ला अदालतहरूबाट ३।४ वर्षभन्दा बढी पुराना मुद्दाहरू फछ्र्यौट हुन नसकिरहेको देखिएको छ ।

छिटो र प्रभावकारी एवं स्वच्छ न्याय न्यायपालिकाबाट सर्वसाधारण सबैले अपेक्षा गर्नु स्वभाविकै हो । यसको ठीक विपरीत अदालतहरूबाट धेरै ढिलो न्याय प्राप्त हुने गरेको छ । २०५४ कार्तिक मसान्तसम्म २ वर्ष नाघेका मुद्दाहरू सर्वोच्च अदालतमा १७३४, पुनरावेदन अदालत विराटनगरमा २०१, पुनरावेदन अदालत पाटनमा १६५५, संखुवासभा जिल्ला अदालतमा ३७२, काठमाडौं जिल्ला अदालतमा २०९९, रूपन्देही जिल्ला अदालतमा १३३६ थान रहेको भन्ने सम्बन्धित अदालतहरूबाट प्राप्त भएको र प्रायः सबै अदालतमा यस्ता पुराना मुद्दाहरू केही न केही संख्यामा रहेको देखिएबाट अदालतबाट समयमै मुद्दा फछ्र्यौट हुन नसकेको तथ्य पुष्टि हुन्छ। आ.व. २०५२।०५३ मा नेपाल अधिराज्यका सम्पूर्ण अदालतहरूमा रहेको कुल मुद्दाको १,४५,३५४ थानमध्ये ६८८१८ मात्र अर्थात ४५% जतिमात्र फछ्र्यौट हुन गएको सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनबाट देखिन्छ । त्यसमध्ये जिल्ला अदालतहरूबाट ४५.८५% सर्वोच्च अदालतबाट ३५.१५% पुनरावेदन अदालतहरूबाट ५५.१०% फछ्र्यौट भएको देखिन्छ । मुद्दाको वृद्धिदर र चापको अनुपातमा न्यायाधीश एवं कर्मचारीसमेतको कमी भएको, भौतिक वातावरण अपेक्षाकृत नभएको आदिसमेतका विविध कारणहरूले मुद्दाहरू फछ्र्यौटमा ढिलाइ हुनगएको कुरा वार्षिक प्रतिवेदनमा इंगित गरिएको छ ।

समग्रमा न्यायपालिका संवैधानिक भावना एवं जनअधिकारको एकमात्र अन्तिम अभिभावक र संरक्षकसमेत भएको नाताले संवैधानिक भावनाको परिपालना, मानव अधिकारको उचित संरक्षण जस्ता विषयमा यस निकायले

विशेष सचेत रहनु वर्तमान समयको आवश्यकता हो । यस परिप्रेक्ष्यमा उल्लेखित विवेचनाको आधारमा अन्य सरकारी निकायहरू एवं राजनीतिक संस्थाका क्रियाकलापहरू जस्तै सर्वोच्च अदालत पनि निर्दिष्ट दिशातर्फ अग्रसर हुन सक्रिय हुन नसकेको भन्ने टीका टिप्पणी प्रशस्तै भएको देखिन्छ । देशको कुनै पनि संस्थालाई त्यस देशको समाजबाट अलग्याएर हेर्न सकिँदैन र त्यसरी हेर्न हुन्न पनि । तर पनि संविधानले एउटा निर्दिष्ट दिशाबोध गराई निश्चित जिम्मेवारी प्रदान गरिसकेपछि अन्य क्षेत्रका गतिविधिहरूसंग तुलना गरी रूमलिएर बस्नु भने संवैधानिक दायित्वलाई सफलतापूर्वक बहन गर्न सकेको मानिन्न । सर्वोच्च अदालतबाट संवैधानिक भावनालाई स्पष्ट पार्ने तथा व्यक्तिगत मौलिक हकको संरक्षण गर्नेतर्फ यस वर्ष केही सकारात्मक प्रयासहरू गरेको बावजुद पनि केही व्याख्याहरू संकुचित एवं अनुदार हुन पुग्नुको अतिरिक्त न्यायिक क्षेत्रमा पनि काम कारवाहीको ढिलासुस्ती र भ्रष्टाचारको विद्यमानताको संकेत बाहिर आउन थालेका छन्। यी गुनासाहरू विभिन्न क्षेत्रबाट गरिएको वर्तमान स्थितिलाई विशेष सतर्कताका साथ ग्रहण गर्दै आगामी दिनहरूमा आवश्यक सुधारतर्फ प्रयास प्रारम्भ गरी संवैधानिक भावनाअनुरूप विभिन्न संवैधानिक एवं कानूनी निकायलाई एक निश्चित मार्गदर्शन गर्नुका अतिरिक्त जनताको मौलिक हक, अधिकारलाई दरिलोरूपमा संरक्षण गर्नेतर्फ एक निश्चित गति लिनेछ भन्ने आशा एवं विश्वास गरिएको छ।

●

राज्य र मानवअधिकार :

१:३ कार्यपालिका- १९९७

नेपालको संसदीय इतिहास यो वर्ष अस्थिर सरकारको गठन र विघटनका दृष्टिले उल्लेख्य हुन पुग्यो। २०५१ सालमा सम्पन्न भएको मध्यावधि निर्वाचनपश्चात् गठित सरकारद्वारा घोषणा गरिएको संसद विघटन र मध्यावधि निर्वाचनको सिफारिसलाई सर्वोच्च अदालतले बदर घोषित गऱ्यो। यसपछिका प्रायः सबै सरकारहरू देशको विकास निर्माणमा लाग्न, संविधानद्वारा प्रदत्त जनताको मौलिक अधिकारको संरक्षणमा लाग्न र देश र जनताको हितमा आफ्नो समय खर्च गर्नुको बदला जसरी भए पनि आफ्नो सरकार टिकाउनतिर मात्र अग्रसर रहेका पाइए ।

संसदमा सरकारको विकल्प रहेसम्म संसद विघटन गर्न हुँदैन भनी सर्वोच्च अदालतद्वारा संसद पुनर्जीवित गरिएपछि पनि राजनीतिक स्थिरताको कुनै संकेतसम्म देखा परेन। हरेक पल्ट मन्त्री मण्डल पुनर्गठन हुँदा प्रधानमन्त्री बदलिए पनि केही मन्त्रीहरू यथावत् रहने अनौठो प्रक्रिया देखा पऱ्यो। प्रायः हरेक पटक सरकार गठन र विघटनमा तिनै मन्त्रीहरूको भूमिका निर्णायकसमेत बन्न पुगेको देखियो।

राजनीतिक अस्थिरता र सरकारको परिवर्तन

(क) देउवा सरकारको पतन :

यस वर्ष देशको निर्वाचित सर्वोच्च निकायको प्रमुख पदमा तीन वटा अनुहारहरू फेरिए। १९९६ को अन्त्यमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको नेतृत्वमा रहेको मन्त्री मण्डलका विरूद्धमा आएको अविश्वासको प्रस्ताव विफल तुल्याउन मन्त्री मण्डलका केही सदस्यहरूलाई उपचारको बहानामा सिंगापुर र बैंकक पठाइयो । त्यसरी नै नेपाल मजदूर किसान पार्टीका एक सांसद भक्तबहादुर रोकायालाई उनकै सहमतिमा अपहरण भएको नाटक रचियो । परिणामस्वरूप तत्कालीन सरकारका विरूद्ध ल्याइएको अविश्वास प्रस्ताव पास हुन सकेन। यो वर्षको शुरूवात उल्लेखित पृष्ठभूमिमा भएको हुनाले यस वर्ष राजनीतिमा अपराधीकरण र अपराधको राजनीतिकरणलाई अन्त्य गर्नुपर्छ भन्ने आवाज वर्षभरि नै सर्वत्र उठिरह्यो।

देउवा सरकारविरूद्ध नेकपा (एमाले) ले राखेको अविश्वासको प्रस्ताव विफल भए पनि प्रधानमन्त्री देउवाले राजीनामा दिनु भन्दा विश्वासको मतमा विजयी हुने आकांक्षा राख्नुभयो। यसका लागि आफ्नो मन्त्री मण्डलका विरूद्ध आएको अविश्वासको प्रस्तावको पक्षमा उभिएर मन्त्री पदबाट राजीनामा दिएका राष्ट्रिय प्रजातन्त्र पार्टीका कमल थापालगायत्का मन्त्रीलाई पुनः सरकारमा सामेल गर्न देउवा इच्छुक हुनुहुन्थ्यो। यसैबीच ०५३ पुस २३ गते नेपाली कांग्रेसका १७ जना सांसदहरूले राष्ट्रिय प्रजातन्त्र पार्टीका अवसरवादी मन्त्रीलाई सरकारमा सामेल गर्नुहुन्न भन्ने वक्तव्य प्रकाशित गरे। तर देउवाले उक्त कुरालाई खासै महत्व दिनुभएन। भ्रष्टाचार र आपराधिक गतिविधिमा संलग्न भएको भनिएका सांसदहरूलाई पदमुक्त गर्नुको बदला उहाँले पुस २४ गते नै मन्त्री मण्डलमा पुनर्गठन गरी ७ जना व्यक्तिलाई मन्त्री बनाउनुभयो। कहिले आफू मन्त्री हुँदाहुँदै सोही सरकारको विपक्षमा अविश्वासको प्रस्ताव राख्ने र अविश्वासको प्रस्ताव विफल भएपश्चात् पुनः सोही सरकारमा मन्त्री हुन चाहने गैरराजनीतिक चरित्र भएका व्यक्तिलाई कारवाही गर्नुको बदला मन्त्री बनाइयो। त्यस्ता व्यक्तिका बारेमा ताजा जनादेशले नै फैसला गर्नसक्ने थियो तर संसदमा विकल्प रहेसम्म निर्वाचनमा जान नपाउने गरी सर्वोच्च अदालतबाट ०५२ साल भाद्र १२ गते भएको फैसलाले रोक लगायो। सांसद तथा मन्त्रीले नै सर्वोच्च अदालतको उल्लेखित फैसलाको आडमा लगातार प्रधानमन्त्रीहरू फेरिदिइरहेका छन्। संसदमा सरकार बनाउने विकल्प रहुञ्जेल संसद विघटन गर्नुहुँदैन भनी सर्वोच्च अदालतले उल्लेखित फैसलामार्फत् संविधानमा गरेको संशोधन (?) ले नेपालको सर्वोच्च राजनीतिक निकायलाई भ्रष्टाचार, आपराधिक क्रियाकलाप र नैतिकहीन व्यक्तिहरूको चंगुलबाट बाहिर निस्कन नसक्ने गरी फसाइदिएको छ।

उल्लेखित पृष्ठभूमिमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले संसद विघटन गर्नु र आफूले पदबाट राजीनामा दिनुभन्दा राजनीतिक र नैतिकताहीन सांसदहरूको बैशाखी टेक्ने प्रयत्नस्वरूप ०५३ साल फागुन २४ गते विश्वासको मतका लागि प्रस्ताव गर्नुभयो। तर पार्टीगत अनुशासन र सामान्य संसदीय नैतिकतालाई तिलाञ्जली दिएका आफ्नै पार्टीका दुई सांसदहरू दीपकजंग शाह र चक्रबहादुर शाही मतदानमा अनुपस्थित भए। मतदानको समयसम्म देउवा सरकारकै मन्त्री मण्डलमा रहेका तत्कालीन आपूर्ति मन्त्री गजेन्द्रनारायण सिंहलाई सरकार ढल्छ भन्ने पक्का भएपश्चात् आफू मन्त्री रहेको सरकारको विरूद्धमा मतदान गर्नुभयो। यसरी ०५४ साल फागुन २४ गते देउवा सरकार संसदमा १ सय १ मतमात्र प्राप्त गरी प्रतिनिधिसभाको बहुमत सिद्ध गर्न नसकी पतन हुन पुग्यो।

(ख) राप्रपा-एमाले गठबन्धन सरकार :

शेरबहादुर देउवा सरकारको पतनपश्चात् ०५३ फागुन २७ गते राष्ट्रिय प्रजातन्त्र पार्टी संसदीय दलका नेता लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्री नियुक्त हुनुभयो। त्यसको पर्सिपल्ट उहाँको नेतृत्वमा एमाले-राप्रपा संयुक्त सरकारको घोषणा भयो। ०५३ चैत्र ३ गते उक्त सरकारले विश्वासको मत प्राप्त गरेपश्चात् चैत ११ गते ३४ सदस्यीय मन्त्री मण्डल घोषणा भयो। दुई हप्ताको बीचमा दुईपटक पुनर्गठित उक्त मन्त्री मण्डल गठन हुनासाथ मर्यादाक्रमको विवाद उत्पन्न भएको हुनाले १२ गते नै मन्त्री मण्डलको मर्यादाक्रममा परिवर्तन गरियो। यस मन्त्री मण्डलमा ०५४ जेठ २९ गते, ३२ गते, असार १२, १६, भदौ १३, २६, असोज ६, १०, १५ गतेसमेत गरी ११ पटक थपघट र पुनर्गठन गरियो। यस सरकारविरूद्ध नेपाली कांग्रेसले ०५४ असोज ६ गते दर्ता गरेको अविश्वासको प्रस्ताव आश्विन १८ गते १ सय ७ जनाका विरूद्ध ९४ मतले पारित भएपश्चात् यो सरकार पनि गिर्‍यो।

देउवा सरकारलाई पतन गराउने सांसदकै वैशाखीमा अडिएर निर्माण गरिएको यो सरकारको पतनको कारण पनि तिनै सांसद नै हुन पुगे। यस मन्त्री मण्डलको ७ महिनाको अवधिमा नेपालको मन्त्री मण्डलमा समावेश हुने कतिपय सांसदहरूले मन्त्री हुन र मन्त्री पदमा सधैं टिकिरहन संसदीय मान्यता र व्यक्तिगत इमानदारिताको समेत पालना गरेनन् । लोकेन्द्र सरकारको विरूद्धमा अविश्वासको प्रस्ताव दर्ता भएकै दिन मन्त्री बनाइएका मोतीप्रसाद पहाडीले उक्त सरकार टिक्ने देखेर १० गते शपथग्रहण गरे भने १४ गते सरकार ढल्ने देखी राजीनामा दिए। आफूसमेत सामेल रहेको सरकारविरूद्ध अविश्वासको प्रस्ताव दर्ता भएको १० दिनपछि सरकार ढल्छ र आफ्नो मन्त्री पद गुम्नसक्छ भन्ने कुरा सार्वजनिकरूपमा आएपछि बालाराम घर्तीमगर, सर्वेन्द्रनाथ शुक्ला र बुद्धिमान तामाङले मन्त्री पदबाट राजीनामा दिए। यसमा उल्लेखनीय कुरा के छ भने देउवा सरकार टिकाउने नाममा बैंककको होटलमा स्वास्थ्य उपचारका नाममा जानेहरू पनि तिनै मन्त्री थिए।

यसरी नै ०५४ भाद्र २६ गते वन मन्त्री नियुक्त भएका हृदयेश त्रिपाठीले झण्डै ३ हप्तासम्म शपथग्रहण गरेनन् र मन्त्री पद अस्वीकार पनि गरेनन् तर सरकारको विपक्षमा मतदान गरे। यसरी नै गजेन्द्रनारायण सिंहले जसरी देउवा सरकारउपर विश्वासघात गरे, त्यसरी नै लोकेन्द्र सरकारप्रति पनि विश्वासघात गरिदिए।

उल्लेखित संसदीय राजनीतिभित्रको विकृतिको परिणामस्वरूप लोकेन्द्र सरकारको पतन भयो र सूर्यबहादुर थापा-नेका सरकारको गठन हुन पुग्यो।

(ग) थापा-कांग्रेस सरकार :

०५४ असोज १८ गते अविश्वासको प्रस्ताव पारित भई लोकेन्द्रबहादुर चन्द पदमुक्त भएपश्चात् राप्रपा सांसद सूर्यबहादुर थापा प्रधानमन्त्री नियुक्त हुनुभयो। देउवा सरकार र लोकेन्द्र सरकारकै पतनको कारक तत्व रहेका कमल थापा, बालाराम घर्तीमगर, बुद्धिमान तामाङ जस्ता राप्रपाका सांसद र गजेन्द्रनारायण सिंह जस्ता नेताको समर्थनमा बनेको यो मन्त्री मण्डलमा असोज २१ गते, २७ गते र मंसिर १८ गतेसमेत गरी ३ पटक थपघट भयो ।

यस वर्षभित्र भएका तीनवटा सरकारको परिवर्तन र त्यसको कारण हेर्दा नेपालको कार्यपालिका भ्रष्टाचारलाई निरूत्साहित गर्ने होइन, त्यसलाई प्रोत्साहित गर्न कार्यरत् रहेको छ भन्ने महसुस हुन थालेको छ। आफ्ना नजिकका व्यक्तिलाई सल्लाहकारमा नियुक्त गर्ने, बिना विभागीय मन्त्रीको पद सृजना गरी अनावश्यक मन्त्रीहरू नियुक्त गर्ने, सरकार ढल्ने डरले भ्रष्ट व्यक्तिमाथि कारवाही गर्नुको बदला छुटकारा दिलाउने, राज्यकोषको दुरूपयोग गरी आफ्ना अन्धभक्तलाई राजनीतिकपीडितका नाममा वा स्वास्थ्य उपचारका नाममा रकम प्रदान गर्ने, सांसद जस्तो गरिमामय पदमा पुगेका व्यक्तिहरूलाई खरीद-बिक्रीको वस्तु जस्तो बनाउने प्रवृत्ति देखिएको हुनाले नेपालको कार्यपालिकाप्रति जनविश्वास क्रमशः गुमिरहेको छ। तर त्यस्तो कार्य रोक्नुपर्ने अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पनि विगत पृष्ठभूमि सफा र शुद्ध नभएका व्यक्तिको नियुक्ति भएबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोगप्रतिको विश्वाससमेत क्रमशः गिर्दो अवस्थामा रहेको छ । यसका अतिरिक्त आयोगले कामभन्दा हल्ला बढी गरी सस्तो लोकप्रियता हासिल गर्ने काममा अग्रसर भएबाट यस निकायप्रति समेत जनविश्वासमा ह्रास आइरहेको छ। अख्तियारले हात हालेका अधिकांश मुद्दा राजनीतिक पहुँच हुनेसंग सम्बन्धित भएको र त्यस्ता व्यक्तिबाट अनुगृहित व्यक्तिन्वहरू नै अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा कार्यरत् भएको हुनाले अख्तियारले प्रायः त्यस्ता व्यक्तिलाई चोख्याउने काममात्र गरिरहेको महसुस सचेत वर्गमा परेको पाइएको छ। राजनीतिक पहुँच नपुग्ने केही व्यक्तिलाई काम देखाउने नाममा मात्र मुद्दा दायर गर्ने र मुद्दा दायर गरिएको अवस्थामा पनि पर्याप्त प्रमाण दिनुको सट्टा हचुवा ढंगले मुद्दा दायर गर्ने प्रवृत्ति देखिएको छ। जसका कारण अख्तियारले दायर गरेका मुद्दाहरूमा धेरैले सफाइ पाउने गरेको देखिएको छ।

नेपालको प्रशासनिक काम कारवाहीमा दिनहुँ भ्रष्टाचार बढिरहेकोमा विवाद छैन। तर ०४७ सालयता कसैमाथि पनि भ्रष्टाचार गरेका कारण कारवाही हुन नसकेबाट कानूनका दृष्टिमा सबै शुद्ध देखिएका छन्। अख्तियारले मुद्दा चलाएका कुनै पनि मुद्दाका अभियुक्त हालसम्म अदालतबाट दोषी प्रमाणित नभएको कुराले नेपालको कुन कुन संस्थाप्रति जनताले कसरी विश्वास गर्ने भन्ने गम्भीर प्रश्न उपस्थित भएको छ।

सरकारका काम कारवाही र प्रतिक्रिया

१. लोट्टो चन्दा कार्यक्रम :

आठौं दक्षिण एशियाली खेलकुद (साफ गेम्स) कार्यक्रम संचालनका लागि आर्थिक सहयोग संकलन गर्ने

नाममा तत्कालीन शेरबहादुर देउवा मन्त्री मण्डलको युवा, खेलकूद तथा संस्कृति मन्त्रालयअन्तर्गत गठित साफ खेलकुद आयोजक कमिटी र नेपाल रिक्रियशन सेन्टरबीच ०५३ पुस १९ गते लोट्टो चन्दा उपहार कार्यक्रम संचालन गर्नेसम्बन्धी सम्झौता भई ०५३ फागुन १३ गतेबाट कार्यक्रम प्रारम्भ भएको थियो।

प्रचलित चन्दा ऐन र चिठ्ठा ऐनविपरीत खुलारूपमा जुवा खेलाउने उक्त गैरकानूनी कार्यलाई रोक्न विभिन्न प्रक्रिया अगाडि बढाउँदै ०५४ साल असार ९ गते गृह मन्त्रालयको आदेशद्वारा लोट्टो चन्दा कार्यक्रम स्थगित गर्‍यो।

२. WTO **को सदस्य बन्ने सहमति :**

सन् १९९७ को जनवरी १ तारेखके दिन श्री ५ को सरकारले नेपाल विश्व व्यापार संगठन (WTO) को सदस्य बन्ने विषयमा सैद्धान्तिक सहमति जनाएको कुरालाई सार्वजनिक गर्‍यो।

३. नगरपालिका घोषणा :

देशमा सन् १९९७ भन्दा अगाडि कुल ३६ वटा नगरपालिका रहेकोमा यो वर्ष २२ वटा थप गरी कुल ५८ वटा नगरपालिका बनाइयो। ०५३ माघ १८ गते देउवा सरकारद्वारा टीकापुर, पनौती, बाग्लुङ्ग, अमरगढी, वालिङ, पुतलीबजार, पृथ्वीनारायण, लेखनाथ, इटहरी, सिराहा, खाँदवारी, गुलरिया, मेचीनगर, रत्ननगर र भीमेश्वरलाई नगरपालिका घोषणा गरियो भने चैत्र १५ गते चन्द सरकारद्वारा कमलामाई, मध्यपुर, कीर्तिपुर, त्रियुगा, रामग्राम, नारायण, दशरथ गरी ७ वटा नगरपालिका गठन गरी त्यसको क्षेत्रसमेत तोक्ने काम भयो।

४. नेपाल-भारत सम्बन्ध :

यस वर्षको प्रारम्भतिरै ०५३ माघ ९ गते भारत सरकारद्वारा नेपालको सुदूरपश्चिम क्षेत्रस्थित कर्णाली-अत्तरिया सडक खण्डमा पर्ने २२ वटा पुल निर्माण गर्ने कार्यको प्रारम्भ गर्‍यो।

०५३ साल चैत्र १६ गते लोकेन्द्रबहादुर चन्द सरकारको समयमा नेपालद्वारा लामो समयदेखि माग गरिएको काँकरभिट्टाबाट भारतको बाटो हुँदै फूलबारी बंगलाबन्द पारवहन मार्ग खुला गर्न भारत सरकार सहमत भयो र सोही दिन उक्त बाटो अस्थायीरूपमा खुल्ला गरियो। नेपालको पारवहनको इतिहासमा यसै दिनमा नै नेपालले बंगलादेशमा ३ ट्रक सामग्री निर्यात गरी बंगलादेशसंग सोझै स्थल यातायात सम्पर्क प्रारम्भ गर्‍यो।

यसैबीच ०५४ साल भाद्र ६ गते नेकपा (एमाले) ले नेपाल भारतबीच सन् १९५० मा सम्पन्न भएको शान्ति तथा मैत्री सन्धि संशोधन नभई त्यसलाई पूर्णरूपमा खारेज गरी नयाँ सन्धि गर्ने आफ्नो धारणालाई सार्वजनिक गर्‍यो। यसै कुरालाई आधार मानी तत्कालीन सरकारले सन् १९५० को शान्ति तथा मैत्री सन्धि खारेज गरी नयाँ सन्धि गर्नका लागि भारतसंग ०५४ भाद्र २७ गते औपचारिकरूपमा प्रस्ताव पेश गर्‍यो। तर यस सम्बन्धमा कुनै निर्णय भने भएको छैन। त्यसरी नै सन् १९९६ मा महाकाली सन्धि संसदबाट पारित भएपश्चात् निर्माण गरिनुपर्ने विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गर्ने कार्य यो वर्ष पूरा भएन। त्यसैगरी कालापानीबाट भारतीय सैनिक हटाउनुपर्ने विषय नेपालको तर्फबाट उठाइए पनि त्यसको कार्यान्वयन भने हुन सकेन।

५. नागरिकता वितरण प्रसंग :

तत्कालीन शेरबहादुर देउवा सरकारले ०५३ चैत्र ५ बाट २० जिल्लामा नागरिकता वितरण गर्ने घोषणा गरेको थियो। तर उक्त कुरा कार्यान्वयन हुन नपाउँदै उक्त सरकार पतन भयो। त्यसपश्चात् गठित लोकेन्द्रबहादुर चन्द सरकारले चैत्र २५ गतेबाट उक्त कार्य २५ जिल्लामा संचालन गर्ने घोषणा गर्‍यो र उक्त कार्यक्रमलाई संचालन गर्न जितेन्द्रनारायण देवको एक सदस्यीय नागरिकता अनुगमन तथा कार्य मूल्यांकन आयोग गठन गर्‍यो। उक्त आयोगका अध्यक्षले एउटा पत्रिकालाई दिनुभएको आपत्तिजनक अन्तर्वार्तासमेतलाई आधार बनाई परेको रिट निवेदनमा कारवाही हुँदा सर्वोच्च अदालतले उक्त आयोगद्वारा नागरिकता वितरण गर्ने कार्य तत्काल स्थगित गर्नु भनी ०५४ जेठ ७ गते अन्तरिम आदेश जारी भयो। र, आयोगअन्तर्गत नागरिकता वितरण कार्य स्थगित गरियो।

६. उप-निर्वाचन :

यो वर्ष श्री ५ को सरकारद्वारा काठमाडौं निर्वाचन क्षेत्र नं. १, सुनसरी क्षेत्र नं. १ र बैतडी क्षेत्र नं. ३ मा प्रथम पटक निर्वाचनको लागि मतदाता परिचयपत्र वितरण गरियो। उक्त तीन निर्वाचन क्षेत्रका अतिरिक्त रुपन्देही क्षेत्र नं. २ र गैंडाहट क्षेत्र नं. २ मा गरी जम्मा ५ स्थानमा ०५३ माघ ११ गते सम्पन्न उपनिर्वाचनमा ३ स्थानमा एमाले र २ स्थानमा नेपाली कांग्रेस विजयी भए। उक्त उपनिर्वाचनमा भएका धाँधली र अनियमितताको तुलना गर्दा मतदाता परिचयपत्र वितरण गरिएको स्थानमा धाँधली र अनियमितता कम भएको पाइयो।

निर्णय र निर्णय फिर्ता

यो वर्ष श्री ५ को सरकारले आफ्ना थुप्रै निर्णयहरूमाथि पुनर्विचार गरी निर्णय फिर्ता तथा निर्णयमा परिवर्तन गर्नुपर्‍यो। जनताको विरोधपश्चात् आफ्नो निर्णय फिर्ता गरिएको विषयमा निम्न निर्णयहरु उल्लेख्य रहेका छन्-

१. पेट्रोलियम पदार्थको मूल्यवृद्धिको निर्णय :

स्थानीय निकायको गाउँ र नगरको निर्वाचन समाप्त हुनासाथ श्री ५ को सरकारले मट्टितेल, डिजेल, पेट्रोल तथा ग्यासको बिक्री मूल्यमा अप्रत्याशित रूपमा वृद्धि गर्‍यो। ०५४ जेठ ३१ गते गरिएको उक्त मूल्य वृद्धिप्रति नेकपा एमालेले

विरोध गर्‍यो। मूल्यवृद्धिको निर्णय फिर्ता गर्न नेकपा (एमाले) का महासचिव माधव नेपालले असार ५ गते सरकारसमक्ष ज्ञापनपत्र बुझाउनुभयो। यातायात व्यवसायी एवं अन्य क्षेत्रबाट व्यापक विरोध भएपश्चात सरकारले आफ्नो निर्णयमा परिवर्तन गरी पेट्रोलियम पदार्थको वृद्धि गरिएको मूल्यमा आंशिकरूपमा कटौती गरी नयाँ बिक्री मूल्य घोषणा गर्‍यो। यसैबीच यातायात व्यवसायीहरूले प्रचलित नेपाल कानूनको विपरीत सरकारसंग कुनै पनि सहमति नै नलिई एकतर्फीरूपमा २० प्रतिशत भाडा वृद्धि गरेको घोषणा गरे। तर सरकारले यस्तो गैरकानूनी घोषणाका विरुद्ध कुनै कारवाही गरेको पाइएन।

२. निक्षेप र शेयरमा कर :

यसरी नै ०५४ साल असार २८ गते अर्थमन्त्री रवीन्द्रनाथ शर्माले आर्थिक वर्ष ०५४-५५ को लागि करीब ६२ अरबको बजेट प्रस्तुत गर्नुभयो। उक्त बजेट प्रस्तुत गर्नुहुँदै अर्थमन्त्रीले यस आर्थिक वर्षमा कुनै पनि बैंकमा रु. पाँचलाख वा सोभन्दा बढी रकम कुनै खातामा जम्मा गर्नुपरेमा वा शेयर खरीद गर्नुपरेमा आयकर फछ्र्यौट गरेको प्रमाणपत्र पेश गर्नुपर्ने घोषणा गर्नुभयो। उक्त घोषणा गरेका भोलिपल्ट शुक्रवार आधा दिनमात्र कारोबार भएको र पर्सिपल्ट शनिवारको दिन परेका र आइतवारदेखि वाणिज्य बैंकमा निक्षेप फिर्ता लिने क्रम तीव्र भएपश्चात नेपाल बैंकर्स एसोसिएसन तथा अन्य वित्तीय क्षेत्रको दबाबका कारणले पहिला त्यस घोषणाको कार्यान्वयन स्थगित गरिएको भनी एक हप्ता नपुग्दै ०५४ साउन ७ गते उक्त निर्णय सरकारले फिर्ता लियो।

३. प्राविधिक सहायक निश्काशन प्रकरण :

२०५१ सालको मध्यावधि निर्वाचनपश्चात नेकपा एमालेको सरकारले प्रत्येक गा.वि.स.मा "आफ्ना गाउँ आफैं बनाऔं" भन्ने कार्यक्रम लागू गरेपछि त्यसलाई कार्यान्वयन गर्न गाउँस्तरमा प्राविधिक सहायक भर्ना गर्नुपर्ने महसूस गरियो। यसपश्चात् नेपाल अधिराज्यका सबै गाउँ विकास समितिमा अस्थाईरूपमा प्राविधिक सहायकहरू भर्ना गर्ने कार्य देउवा सरकारको समयमा भएको थियो । तर स्थानीय निर्वाचनपछि स्थानीय तहमा नयाँ नेतृत्व गठन भएपश्चात् स्थानीय विकास मन्त्रालयले त्यस्ता प्राविधिक सहायकहरूलाई हटाइ सम्बन्धित गाउँ विकास समितिले नै उक्त पद पूर्ति गर्नसक्ने निर्णय गर्‍यो । तर उक्त निर्णय भएको केही दिनमा नै त्यसको व्यापक विरोध भएपश्चात् सरकारले निर्णय फिर्ता गर्‍यो। यस क्रममा अवकाश प्राप्त प्राविधिक सहायकहरूले मन्त्रालयमा कालो पट्टी बाँधी धर्नासमेत दिन पुगे। ०५४ श्रावण १५ मा सरकारले प्राविधिक सहायकलाई तत्काल नहटाउने निर्णय गरेपश्चात् उक्त धर्ना तथा आन्दोलन स्थगित भयो। यद्यपि ती प्राविधिक सहायकहरूको भविष्य भने यस वर्षको अन्त्यसम्म अनिश्चित नै रहेको छ ।

४. विद्युत् व्यापार सम्झौता प्रकरण :

आफ्नो मन्त्री मण्डलविरुद्ध प्रतिनिधिसभामा छलफल प्रारम्भ हुने लागेको समयमा तत्कालीन प्रधानमन्त्री एवं जलस्रोत मन्त्री लोकेन्द्रबहादुर चन्दले ०५४ जेठ २३ गते नेपाल र भारतबीच भएको विद्युत् व्यापार सम्झौता ०५४ असोज १३ गते संसदमा टेबुल गर्नुभयो। उक्त सम्झौता संविधानको धारा १२६ प्रभावित भई संयुक्त सदनको दुई तिहाईद्वारा मात्र पारित गर्न सकिने भएकोले तत्काल यसरी पारित गर्नुहुँदैन भनी तत्कालीन सत्तापक्ष र प्रतिपक्षका सांसदहरूले आवाज उठाएपश्चात त्यसलाई निर्णयार्थ पेश गर्नुअगावै ०५४ आश्विन १७ गते फिर्ता लिनुभयो।

सरकारको निर्णयमाथि वैधताको प्रश्न

१. नरहरि संग्रौला नियुक्ति प्रकरण :

एमाले राप्रपा गठबन्धन सरकारले गरेका केही विवादास्पद निर्णयहरूमध्ये विशेष प्रहरी विभागको नायब प्रहरी निरीक्षक पदमा पूर्व प्रहरी कर्मचारी नरहरि संग्रौलाको नियुक्ति ज्यादै चर्चित रहन गयो। ०५४ साल असार १९ गते राजपत्राङ्कित प्रथम श्रेणीसरहको तलब सुविधा पाउने गरी उनलाई विशेष प्रहरी विभागको नायब प्रहरी निरीक्षक पदमा नियुक्त गर्ने गरी श्री ५ को सरकारले निर्णय गरेको थियो। उक्त निर्णय भएको एक हप्ता नबित्दै उनको विगत पृष्ठभूमिलाई लिएर सत्तारूढ दलमध्येका एक नेकपा (एमाले) का कार्यकर्ताहरूले व्यापक आपत्ति जनाए। सञ्चार माध्यम र सम्पूर्ण जसो प्रतिपक्षीले पनि यस कार्यको विरुद्ध धुँवाधार विरोध अभियान छेडे। २०४२ सालतिर गाँजा तस्करीमा समेत संलग्न भएको भनी अभियुक्त बनाइएका संग्रौला भूमिगत अवस्थामा रहेको तत्कालीन नेकपा (माले) सफाया अभियानसंग समेत संलग्न भएको कुरा समाचारपत्रहरूमा एकपछि अर्को गर्दै प्रकाशित हुँदै गयो। नेकपा (एमाले) का अध्यक्ष मनमोहन अधिकारीसमेतले त्यसप्रति सार्वजनिकरूपमा क्षोभ प्रकट गर्नुभयो। तर केही मन्त्रीहरूले उक्त नियुक्तिको डटेर पुष्ट्याइँ गरिरहनुभयो। यसैबीच नरहरि संग्रौलाको नियुक्तिलाई लिएर भएको अनियमितता जस्ता विषयमा व्यापक विवाद उत्पन्न भएपश्चात् संसदको राज्य व्यवस्था समितिले छानबिन गर्नका लागि सांसद रामनाथ ढकालको संयोजकत्वमा सर्वदलीय संसदीय समिति गठन गर्‍यो। ०५३ श्रावण १३ गते गठित उक्त उपसमितिले सोही दिनदेखि नै आफ्नो कार्य प्रारम्भ गर्‍यो। गृह मन्त्रालयका सचिव तथा अन्य सम्बद्ध निकायबाट पेश भएका कागजातलाई समेत अध्ययन गरिरहेको अवस्थामा श्रावण १८ गते श्री ५ को सरकार गृह मन्त्रालयका प्रवक्ताले नरहरि संग्रौलाले उक्त पदबाट १७ गते दिनुभएको राजीनामा स्वीकृत भएको जानकारी प्रकाशित गर्‍यो। नरहरि संग्रौलाले आफ्नो नियुक्ति सम्बन्धमा संसदीय छानबिन प्रारम्भ भएपश्चात् राजीनामा दिनुभएको भए तापनि संसदीय उपसमितिले भने राजीनामापश्चात् पनि आफ्नो छानबीन कार्य जारी राख्यो ।

अन्ततः भाद्र ५ गते उक्त उपसमितिले संसदमा आफ्नो प्रतिवेदन टेबल गऱ्यो। उक्त प्रतिवेदनले नरहरि संग्रौलाको नियुक्ति कानूनसम्मत नभएको मात्र नभई उक्त पदमा कुनै व्यक्ति नियुक्त गर्नुपर्ने औचित्यसमेत नभएको कुरा उल्लेख गऱ्यो। यसपश्चात् संसदमा उपप्रधानमन्त्री वामदेव गौतमको राजीनामाको मागसहित नेपाली कांग्रेसले संसद बहिष्कार गर्ने र रोष्टम घेर्ने कार्य गऱ्यो। लामो विवादपश्चात भाद्र २० गते तत्कालीन उपप्रधानमन्त्री वामदेव गौतमले संसदमा संग्रौलाको नियुक्तिप्रति मलाई दुःख लागेको छ भनी क्षमायाचना गर्नुभएपश्चात् संग्रौला प्रकरणको अन्त्य भयो।

२. अच्युतकृष्ण खरेल प्रकरण :

प्रहरी महानिरीक्षक मोतीलाल बोहोराको ४ वर्षे कार्यकाल समाप्त भएपश्चात् तत्कालीन शेरबहादुर देउवाको सरकारले समानस्तरका दुई प्रहरी नायव महानिरीक्षकमध्ये अच्युतकृष्ण खरेललाई ०५३ फागुन १५ गते प्रहरी महानिरीक्षक पदमा पदोन्नति गऱ्यो। खरेललाई प्रहरी महानिरीक्षक पदमा नियुक्त गरेको एक हप्ता हुँदानहुँदै देउवा सरकारको पतन भई लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा एमाले-राप्रपा गठबन्धन सरकार बन्यो। यस गठबन्धन सरकारले अच्युतकृष्ण खरेललाई प्रहरी महानिरीक्षक पदबाट राष्ट्रिय अनुसन्धान विभागको मुख्य अधिकृत पदमा सरुवा गरी प्रहरी महानिरीक्षक पदमा प्रहरी अतिरिक्त महानिरीक्षक ध्रुवबहादुर प्रधानलाई ०५३ चैत्र २२ गते पदोन्नति गऱ्यो।

श्री ५ को सरकारको उक्त निर्णयबाट आफूलाई महानिरीक्षक पदबाट गैरकानूनीरूपमा घटुवा गरिएको भन्नेसमेत कुरालाई आधार बनाइ अच्युतकृष्ण खरेलले श्री ५ को सरकारको विरूद्ध सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गर्नुभयो। उक्त निवेदनमाथि ०५४ वैशाख ९ गते प्रारम्भिक सुनुवाई भएपश्चात् सर्वोच्च अदालतले श्री ५ को सरकारका नाउँमा कारण देखाऊ आदेश जारी गरी अन्तरिम आदेशको हकमा छलफलका लागि विपक्षीलाई बोलाउने आदेश दियो। पक्ष/विपक्षद्वारा भएको लामो बहस-पैरवीपश्चात् ०५४ साल वैशाख २० गते सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गरिरहनु नपर्ने तर मुद्दालाई अग्राधिकार दिई पेश गर्ने आदेश दियो।

लामो समयसम्म आफू सरुवा भएको स्थान राष्ट्रिय अनुसन्धान विभागमा हाजिर हुन नगएको हुनाले सरकारले ०५४ असार ३१ गते गोरखापत्र दैनिकमा अच्युतकृष्ण खरेललाई राष्ट्रिय अनुसन्धान विभागमा हाजिर हुन जानु भनी सूचना प्रकाशित गऱ्यो। उक्त सूचना बदर गराउन श्रावण १ गते अच्युतकृष्ण खरेलले सर्वोच्च अदालतमा अर्को रिट निवेदन दायर गरे। यस मुद्दामा अदालतले उक्त सूचना कार्यान्वयन नगर्नु भन्ने आदेश दियो।

उता प्रहरी महानिरीक्षक पदबाट सरूवा गर्न मिल्ने/नमिल्ने भन्ने विषयमा ०५४ साल असोज १० गते सर्वोच्च अदालतका न्यायाधीशहरूबीच राय बाझी भएको निर्णय सुनाइयो। मा.न्या. मोहनप्रसाद शर्माले निवेदक अच्युतकृष्ण खरेललाई प्रहरी महानिरीक्षक पदमा चार वर्षका लागि नियुक्त गरिएको हो, बीचैमा हटाउनु न्यायसंगत छैन भनी गर्नुभएको फैसलाप्रति आफ्नो असहमति राख्दै अर्का मा.न्या. केशवप्रसाद उपाध्यायले सरकारले असल नियतले गरेको सरूवालाई अदालतले हस्तक्षेप गर्न नहुने निर्णय सुनाउनुभयो। डिभिजन बेञ्चमा रायबाझी भएपश्चात् उक्त मुद्दा पूर्ण इजलाससमक्ष पठाइयो र उक्त इजलासमा सो मुद्दा ०५४ मंसीर १२ गतेदेखि विचाराधीन छ। यसरी मुद्दा विचाराधीन भइरहेको अवस्थामा सरकारमा भएको परिवर्तनपश्चात् जसरी पहिला अच्युतकृष्ण खरेललाई हटाइएको थियो, त्यस्तै प्रक्रिया र शैलीमा ध्रुवबहादुर प्रधानलाई पनि श्री ५ को सरकारको निर्णयअनुसार ०५४ मंसिर २६ गते हटाई सोही दिनदेखि नै अच्युतकृष्ण खरेललाई प्रहरी महानिरीक्षक पदमा पुनर्स्थापन गरी ध्रुवबहादुर प्रधानलाई प्रधानमन्त्रीको सल्लाहकार पदमा नियुक्त गरियो ।

आतंकवाद नियन्त्रण विधेयकसम्बन्धी विवाद

०५२ साल फागुनदेखि नेकपा (माओवादी) ले शुरू गरेको जनयुद्धले सरकारमा रहनेहरूलाई कतिपय अवस्थामा अप्ठ्यारो बनाइदिएको पाइयो। कतिपय कानूनी संरचनामा रहेको अस्तव्यस्तता र अपर्याप्ततालाई पूरा गर्ने निहुँमा र माओवादी जनयुद्धलाई दमन गर्नका लागि पञ्चायतकालीन कालो कानूनमा आंशिक सुधारमात्र गरी नयाँ विधेयक मस्यौदा क्याबिनेटबाट पारित भयो भन्ने हल्लाले देशभर सनसनी मच्चायो। ०५३ माघ महिनामा देउवा सरकारद्वारा मस्यौदा गरिएको प्रस्तावित विधेयकलाई ०५३ चैत्र महिनामा भएको सातौं अखिल नेपाल कानून व्यवसायी सम्मेलनमा नै विरोध गरिसकिएको थियो। त्यसैबीच तत्कालीन सरकारको पतन भएपश्चात् उक्त ऐन आवश्यक छ भनी तत्कालीन उपप्रधानमन्त्री एवं गृहमन्त्री वामदेव गौतमले जोडदार वकालत गर्नुभयो। प्रधानमन्त्री स्वयंले पनि उक्त ऐन ल्याउने कुरामा जोड दिइरहनुभयो । ०४२ सालमा भएको बमकाण्डपश्चात् उक्त बमकाण्डलाई आधार बनाई पंचायत विरोधीहरू उपर दमन चलाउन प्रयोग गरेको विध्वंशात्मक अपराध (विशेष नियन्त्रण तथा सजाय) ऐनमा केही फेरबदल गरी परिभाषालाई वृहत् गराई अन्य प्रावधानमा केही संशोधन गरी ल्याइएको यो विधेयक संसदमा प्रस्तुत हुनुअगावै विवादास्पद बन्न पुग्यो। नेकपा (एमाले) का सांसद एवं पार्टी कार्यकर्ताहरूका अतिरिक्त इन्सेकसमेतका मानवअधिकार संस्था एवं अन्य राजनीतिक दलबाट तीव्र विरोध भएपछि उक्त विधेयक संसदमा टेबुल हुनुअगावै अस्वीकृत गरियो।

यसैबीच माओवादी समस्यालाई समाधान गर्ने नाममा ०४६ सालपछि प्रयोग नभएको सार्वजनिक सुरक्षा ऐनको समेत प्रयोग गरी केही व्यक्तिलाई गिरफ्तार गरियो तर सर्वोच्च अदालतले उक्त ऐनको प्रयोगलाई गैरकानूनी ठहर गर्दै गिरफ्तार व्यक्तिलाई रिहा गर्ने आदेश दियो।

श्री ५ को सरकार र निर्वाचन आचारसंहिता

यसवर्ष ५ वटा संसदीय निर्वाचन क्षेत्रमा उपनिर्वाचन र स्थानीय निकायहरूको निर्वाचन सम्पन्न भयो। माघ ११ गते उपनिर्वाचन सम्पन्न भयो भने श्री ५ को सरकारले ५८ नगरपालिका र ३९१२ गाविसको निर्वाचन पहिलो र दोस्रो चरणमा गरी जेठ ४ र १३ गते सम्पन्न गर्ने घोषणा गर्‍यो। स्थानीय निकायको निर्वाचन स्थानीय स्वायत्त शासन विधेयक ल्याएरमात्र गर्ने भनी देउवा सरकारले गरेको घोषणालाई उल्टाई एमाले राप्रपा गठबन्धन सरकारले अध्यादेशमार्फत् स्थानीय निकाय निर्वाचन ऐनमा परिवर्तन गरी निर्वाचन गराउने निर्णय गर्‍यो। जसअनुसार ०५३ चैत २२ गते स्थानीय निकायको निर्वाचन सम्बन्धी अध्यादेश जारी गरियो।

माघ ११ गते हुने संसदीय उपनिर्वाचनको क्रममा विभागीय मन्त्रीलाई आफ्नो मन्त्रालयअन्तर्गतको कार्यक्रममा सहभागी हुने नाममा निर्वाचन हुने क्षेत्रमा जानु भनेको आचारसंहिताविपरीत हुने भनी पुस २८ गते नै निर्वाचन आयोगले सूचना सार्वजनिक गरेको थियो। तर उक्त सूचनाको विपरीत तत्कालीन शिक्षा राज्यमन्त्री हस्तबहादुर मल्ल, उद्योग राज्यमन्त्री गोपलजीजंग शाह र यातायात सहायक मन्त्री गणेशबहादुर खड्काले बैतडी क्षेत्र नं. १ को चुनाव प्रचारको क्रममा सरकारी सवारी साधनको दुरूपयोग गरेको आधारमा निर्वाचन आयोगले ती मन्त्रीहरूलाई निर्वाचन आचारसंहिता उल्लंघन गरेको सम्बन्धमा प्रधानमन्त्रीमार्फत् सचेत गरायो।

स्थानीय निकायको निर्वाचन घोषणा भइसकेपश्चात् तत्कालीन उपप्रधानमन्त्री वामदेव गौतमले काठमाडौं महानगरपालिका वडा नं. १५ को भवन उद्‌घाटन गर्नुभएकोमा निर्वाचन आयोगले सो कार्य स्थानीय निकाय निर्वाचनको आचारसंहिताविपरीत भएको भनी स्पष्टीकरण माग गर्‍यो। यसै क्रममा निर्वाचन आयोगले ०५४ जेठ ३ मा नेकपा (एमाले) का पूर्व महासचिव मदनकुमार भण्डारी र जीवराज आश्रित हत्याकाण्डसम्बन्धी ऐतिहासिक जीपलाई राष्ट्रिय संग्रहालयमा राख्ने सरकारको निर्णयलाई समेत निर्वाचनको आचरसंहिताको कारण देखाई कार्यान्वयन गर्न रोक लगायो।

(निर्वाचनसम्बन्धी अन्य विस्तृत विवरण "स्थानीय निकायको निर्वाचन विशेष" शीर्षकअन्तर्गत हेर्नुहोला।)

मानवअधिकार आयोग र सरकार :

०४६ सालको जनआन्दोलन र त्यसभन्दाअगाडि र पछाडि भएका जनआन्दोलनमा राज्य संयन्त्रको व्यापक दुरूपयोग गरी मानवअधिकारको हनन गरिएको पृष्ठभूमिमा जनआन्दोलनपश्चात् मानव अधिकार सचेतनतामा व्यापक वृद्धि भएको छ। यस सचेतनताको वृद्धिसंगसंगै मानवअधिकार हनन गर्ने कार्यलाई नियमितरूपमा सुपरीवेक्षण गरी सरकार वा अन्य पक्षबाट हनन् हुने मानवअधिकार उल्लंघनका गतिविधिलाई नियन्त्रण गर्नका लागि स्थायी आयोगको महसुस गरियो ।

विभिन्न राजनीतिक दल तथा मानव अधिकार संस्थाहरूको व्यापक दबाबपश्चात् २०५१ सालमा सरकारले आयोगको स्वरूप र विधेयकको मस्यौदा सम्बन्धमा छलफल प्रारम्भ गर्‍यो । यसैबीच सरकारले संसदमा विधेयक टेबुल गर्नुअगाडि नै सांसद महेश आचार्यले राष्ट्रिय सभामा गैरसरकारी विधेयकको रूपमा मानवअधिकार आयोग विधेयक ०५२ प्रस्तुत गर्नुभयो । ०५२ सालदेखि नै संसदमा विचाराधीन रहेको मानवअधिकार आयोग विधेयकले ०५३ पुस २४ गते मात्र पूर्णरूपमा ऐनको स्वरूप धारण गर्‍यो र सन् १९९७ को प्रारम्भबाट नै यो ऐन लागूसमेत भएको हो ।

व्यक्तिको जीवन स्वतन्त्रता, समानता र मर्यादासंग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदान गरिएका अधिकार तथा नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा निहित अधिकारको समष्टिलाई मानवअधिकारको रूपमा परिभाषित गर्ने कार्य उक्त ऐनले गरेको छ । त्यस्तो अधिकारको प्रभावकारी कार्यान्वयन एवं संरक्षण सम्वर्धनका लागि स्वतन्त्र र स्वायत्त राष्ट्रिय मानवअधिकार आयोग गठन गर्ने उद्देश्यसाथ आएको उक्त ऐनको वास्तविक कार्यान्वयन मानवअधिकार आयोगको गठनबाट मात्र हुनसक्छ । ऐन लागू भएको वर्ष भरि नै आयोगको गठनको माग व्यापकरूपमा उठी नै रह्यो । तर सरकार उक्त आयोग गठन गर्न तयार भएन । उक्त ऐन लागू भइसकेपश्चात् देशमा ३ वटा सरकार र सबै राजनीतिक दल प्रत्यक्ष वा परोक्षरूपमा सरकारमा सहभागी भइसकेको भए तापनि हालसम्म आयोगको गठन हुन नसक्नु एउटा विडम्बनाको रूपमा लिनुपर्ने देखिन्छ । यता मानवअधिकार आयोगको माग भइरहेको अवस्थामा सरकार मानवअधिकार आयोगभन्दा निश्चित विषयको छानविन समिति गठन गर्नका लागिमात्र तयार देखियो । यस प्रसंगमा सरकारले माओवादी गतिविधि छानविन गर्नका लागि सांसद प्रेमसिंह धामी अध्यक्ष र योगेश भट्टराई सदस्य रहनुभएको दुई सदस्यीय आयोग गठन गर्‍यो। त्यसरी नै मानवअधिकार संरक्षण सम्बन्धमा श्री ५ को सरकारलाई सुझाव पेश गर्नका लागि भनी पद्‌मरत्न तुलाधरको संयोजकत्वमा ९ सदस्यीय मानवअधिकार संरक्षण सुझाव कार्यदल गठन गर्‍यो ।

यस कार्यदलले मानवअधिकार सरक्षण सम्बन्धमा सरकारलाई सुझाव दिनुपर्ने थियो । तर यस कार्यदलले सुझाव पेश गर्नुअगाडि मानवअधिकार विरोधी कालो कानूनको रूपमा पंचायतीकालमा बदनाम भएको विध्वंसात्मक अपराध (विशेष नियन्त्रण र सजाय) ऐन ०४२ लाई नयाँ रूप दिई आतंककारी तथा विध्वंशात्मक (अपराध तथा सजाय) ऐन ०५४ तर्जुमा गरिएको भन्ने हल्ला बजारमा आयो र त्यस किसिमको विधेयक संसदमा ल्याइने भनी तत्कालीन प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द र उपप्रधानमन्त्री वामदेव गौतमले पत्रिकामा अन्तर्वार्ताहरू दिएपश्चात् कार्यदलका सदस्य सुशील प्याकुरेलले ०५४ साउन १४ मा उक्त कार्यदलबाट राजीनामा दिनुभयो । त्यसको केही दिनपश्चात्

अध्यक्ष पद्मरत्न तुलाधरसमेत ५ सदस्यले राजीनामा दिनुभएको थियो। नौ सदस्यीय उक्त आयोगबाट ६ जनाले राजीनामा दिनुभएपश्चात् बाँकी तीन सदस्यीय आयोगले आफ्नो काम पूरा गरी श्री ५ को सरकार समक्षमा रिपोर्ट बुझायो । यसबाट सरकार यो वर्ष पनि मानवअधिकारप्रति पूर्णरूपमा प्रतिबद्ध थिएन भन्ने पुष्टि भयो।

मूल्य अभिवृद्धि करसम्बन्धी विवाद :

०५२ सालमा संसदले मूल्य अभिवृद्धि कर ऐन निर्माण गरे तापनि सरकारले उक्त ऐन ०५४ वैशाख १ गतेबाट लागू गर्ने भनी घोषणा गऱ्यो। तर उक्त ऐन लागू गर्ने पूर्वाधारको विकास भैनसकेको भनी नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्सले विरोध गरे। उद्योगी-व्यापारीहरूको विरोध तीव्र हुने अवस्था उत्पन्न भएपश्चात् सरकारले ०५४ साल वैशाख २ गतेका दिन उक्त ऐन ०५४ मंसिर १ गतेदेखि लागू गर्ने भनी समय परिवर्तन गऱ्यो। यसरी समयावधि परिवर्तन गरे पनि उद्योगपति र व्यापारीको विरोध कार्यक्रम जारी रह्यो। जहिले पनि राजनीतिक दलद्वारा आयोजित बन्द कार्यक्रमको विरोध गर्ने व्यापारीहरूले वैशाख ६ गते, भाद्र २३ गते र असोज १ गते बन्द कार्यक्रमको आह्वान गरे। तर सरकार आफ्नो निर्णयअनुसार मंसिर १ गतेदेखि नै मूल्य अभिवृद्धि कर लागू गर्ने कुरामा अडिग रह्यो। र, उक्त दिनबाट नै उक्त कर लागू भयो। यसपश्चात् पनि सरकार र उद्योगपतिबीच पुनः टकराव शुरू भए पनि सरकारले पहिला बिक्रीकर नलाग्ने वस्तुमा यो कर लागू नगर्ने वचनबद्धता देखाएपश्चात् उक्त विरोध कार्यक्रम अघोषितरूपमै शिथिल भएको देखिएको थियो। तर मूल्य अभिवृद्धिकरको प्रक्रिया सम्बन्धी विवाद पुनः बढेर गयो। सरकार र व्यापारीबीच प्रक्रियासम्बन्धी छिनोफानो गर्न संयुक्त कार्यदलको निर्माण गरियो र सरकारले यी सबै प्रक्रिया पूरा गरी ०५३ फागुन १ गते देखि सो कर लागू गर्ने आदेश गरेता पनि कुनै पनि बेलामा सहमति टुट्न सक्ने परिस्थिति विद्यमान छ।

सर्वदलीय संसदीय समितिको गठन :

०५४ साल जेठ ४ गते र १३ गते भएको स्थानीय निकायको निर्वाचनमा सरकारी पक्षबाट व्यापक हिंसा तथा धाँधली भएको आरोप नेपाली कांग्रेसले लगायो। यस विषयलाई लिएर तत्कालीन उपप्रधानमन्त्री वामदेव गौतमको राजीनामासमेत मागियो। उपप्रधानमन्त्रीले राजीनामा नदिएसम्म रोष्टम घेराउ गर्नेलगायत्को काम भएपछि संसदमा यस सम्बन्धमा जाँचबुझ गर्न आयोग गठन गरिनुपर्ने भनी सांसदहरूले आग्रह गरे।

यसरी सांसदहरूले माग गरेपछि ०५४ भाद्र २० गतेका दिन सरकार र प्रतिपक्षी दलबीच "स्थानीय निर्वाचनका क्रममा अनियमितता भयो भनी प्रतिपक्षी र सत्तापक्षकै कतिपय सांसदहरूबाट सदनमा आवाज उठाएको सन्दर्भमा तिनको वास्तविकता खोजतलास गरी विगतका निर्वाचनहरूलाई समेत अध्ययन गर्दै निर्वाचन प्रक्रियालाई निष्पक्ष, स्वच्छ र धाँधलीरहित गराउन के/कस्ता उपायहरू अवलम्बन गर्ने भन्ने सुझावसहितको प्रतिवेदन पेश गर्न एक सर्वदलीय संसदीय संयुक्त समिति गठन गर्ने" भन्ने सहमति भएपश्चात् नेपाली कांग्रेसले स्थानीय निकायमा धाँधली भयो भनी लगाएको आरोप सम्बन्धमा गरिरहेको आन्दोलनको कार्यक्रम स्थगित गऱ्यो। यसै विषयलाई लिएर नेपाली कांग्रेसले प्रायः सबै जिल्लामा विरोध कार्यक्रम पनि आयोजना गऱ्यो।

माओवादी जनयुद्ध :

२०५२ साल फागुन १ गतेबाट शुरू भएको नेकपा (माओवादी) बाट संचालित जनयुद्ध यस वर्ष पनि जारी रह्यो। १९९७ शुरू हुनासाथ माओवादीहरू ०५३ पुस २३ गतेका दिन रामेछाप जिल्लाको गुन्सी गाउँको भदौरे भन्ने स्थानमा रहेको प्रहरी चौकीमाथि आक्रमण गरे। ०५४ साल जेठमा सम्पन्न हुने स्थानीय निकायको निर्वाचन बहिस्कार गर्ने आह्वान पनि माओवादीले गरे। आफ्नो आह्वानलाई सफल पार्न उक्त पार्टीले आफ्नो प्रभाव क्षेत्रभित्र कसैलाई निर्वाचनमा उम्मेद्वारी दिन दिएनन्। यस क्रममा ८ जिल्लाका ४३ गा.वि.स. मा मनोनयन दर्ता हुन सकेन। कतिपय स्थानमा उम्मेद्वारी परे पनि निर्वाचनमा पहिलो मत खसाउने व्यक्तिको हत्या गरिने भन्ने जस्ता धम्कीका कारण मतदान केन्द्रमा उपस्थित रहँदा रहँदै पनि कसैले मतदान गरेनन् र यसरी गाउँ स्तरमा निर्वाचन सम्पन्न हुन नसकेपश्चात् मध्यपश्चिमाञ्चल विकास क्षेत्रको १५ वटा जिल्लामा नै जिल्ला विकास समितिको निर्वाचन हुन सकेन। राष्ट्रिय सभाको लागि उक्त क्षेत्रबाट हुने निर्वाचनसमेत सम्पन्न हुन सकेन।

स्थानीय निर्वाचनको क्रममा ०५४ जेठ २ गते रूकुम जिल्लाको गोतामकोट गा.वि.स. मा बिहान ६ बजे नै माओवादीहरूको आक्रमणमा परी दुई जना प्रहरीको हत्या भयो। रोल्पा जिल्लाको पाछावाङ् गाउँ विकास समितिका नेपाली कांग्रेसको सभापति राजकुमार वाठाको ०५४ असार १६ गते राति ८ बजे हत्या गरियो। यसरी नै ०५४ असार २० गते नै रोल्पा जिल्लाको सख्वी गा.वि.स. मा नेपाली कांग्रेसका कार्यकर्ता बलजीत बूढाको घाँटी रेटेर हत्या गर्ने काम नेकपा माओवादीबाट भएको भन्ने सरकारी दाबी रहेको छ। उल्लेखित हत्यासमेत ०५३ असार २० गतेसम्ममा निर्वाचनको क्रममा मात्र माओवादीहरूद्वारा ७ जनाको हत्या भएको जानकारी प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले संसद समक्ष दिनुभएको थियो। त्यसपश्चात् पनि ०५४ मंसिर २३ गते साँझ सिन्धुलीका ने.का. महासमिति सदस्य प्रेमनाथ अधिकारीको निर्ममतासाथ हत्या भयो। यो वर्ष नेकपा माओवादीको उल्लेखित क्रियाकलाप नियन्त्रण गर्ने नाममा श्री ५ को सरकारबाट तयार गरिएको आतंककारी र विध्वंशात्मक अपराध नियन्त्रण विधेयक सबै क्षेत्रबाट व्यापक विरोध भयो। माओवादी समस्या समाधान गर्न भनी श्री ५ को सरकारबाट

गठित आयोगको प्रतिवेदन सरकारले अध्ययन गर्ने मौका पाए पनि समस्या सुल्झाउन सरकार असक्षम देखिएको छ।

बन्द कार्यक्रम

२०४६ सालको जनआन्दोलन भन्दा पछाडि बन्द र विरोधका कार्यक्रमहरु सबैका लागि सहज भएको हो। कतिपय महत्वपूर्ण विषयमा नेपाल बन्द र उपत्यका बन्द जस्ता कार्यमार्फत् जनअभिमत प्राप्त गर्ने काम राजनीतिक पार्टीहरुले गर्ने गरे तापनि यो वर्ष बन्द कार्यक्रमको अनावश्यकरुपमा धेरै पटक आयोजना गरियो । नेपाल उद्योग वाणिज्य महासंघ नेपाल, चेम्बर अफ कमर्स जस्ता व्यापारिक संस्थाहरुद्वारा उक्त अवधिमा भएका कुल बन्द कार्यक्रममा ८ सय ६७ जना गिरफ्तार भएको र तिनलाई तत्काल छाडिएको भन्ने गृह मन्त्रालयको दावी छ भने बन्द आयोजकहरुले १ हजार ७ सय ७० जना गिरफ्तार भएको दावी गरेका छन्। यस अवधिमा लाठीचार्जका छिटपुट घटनाबाट केही व्यक्ति घाइते भएको दावी गृह मन्त्रालयको छ भने आयोजकहरुले उक्त घाइतेको संख्या अत्याधिक रहेको जनाएका छन्। यस वर्षको बन्द कार्यक्रम निम्न दिनमा निम्नबमोजिमको संस्थाले आयोजना गरेका थिए :-

मिति	आयोजक	विषय
१. ०५४ वैशाख ६ गते	उद्योग वाणिज्य (उपत्यका बन्द)	मूल्य अभिवृद्धिकर
२. ०५४ वैशाख १८ गते	वामघटक (उपत्यका बन्द)	निर्वाचन चिह्न
३. ०५४ असार २४ गते	नेविसंघ (उपत्यका बन्द)	स्थानीय निर्वाचन
४. ०५४ भदौ १ गते	वामघटक (उपत्यका बन्द)	आतंककारी विधेयक
५. ०५४ भदौ ६ गते	नेविसंघ (नेपाल बन्द)	स्थानीय निर्वाचन
६. ०५४ भदौ १३ गते	वामघटक (नेपाल बन्द)	आतंककारी विधेयक
७. ०५४ भदौ २३ गते	व्यापारी (नेपाल बन्द)	मूल्य अभिवृद्धिकर
८. ०५४ असोज १ गते	वामघटक (नेपाल बन्द)	आतंककारी विधेयक

वचनबद्ध भएर पनि काम नगरेका विषयहरु :

प्रत्येक सरकारले आफू सरकारमा आएपछि जनतासामु विभिन्न कार्य गर्न कबुल गरे तापनि कतिपय अवस्थामा सरकार विभिन्न कारणबाट त्यस्तो कार्य गर्न असमर्थ भएको छ भने कतिपय काम गर्न पहल गर्नसमेत सरकार तयार देखिँदैन।

मानवअधिकार आयोग गठन गर्न यस वर्ष कुनै पनि सरकारले पहल गरेनन्। त्यस्तै एमालेको नौ महिने अल्पमतको सरकारको समयमा सरकारद्वारा गठित उच्चस्तरीय भूमिसुधार आयोगद्वारा प्रस्तुत प्रतिवेदनलाई पनि सरकारले सार्वजनिक कार्यान्वयन दुवै गरेन। कृषि क्षेत्रमा देशलाई आत्मनिर्भर गराउने र भूमिको न्यायोचित वितरण गर्दै भूमिसुधारको एकीकृत कार्यक्रम सञ्चालन गर्ने उद्देश्यबाट तयार गरिएको प्रतिवेदनलाई व्यवहारमा उतार्न सबै राजनीतिक दलहरुले प्रत्यक्ष वा परोक्षरुपमा आग्रह गरे तापनि तिनै राजनीतिक दल सत्तारुढ भएपश्चात् त्यो प्रतिबद्धतामा जहिले पनि तुषारापात भइ नै रहेको छ । उच्चस्तरीय भूमि सुधार आयोगले सिफारिस गरेको दीर्घकालीन कृषि योजनालाई यस वर्ष तर्जुमा गरिएको नवौं पञ्चवर्षीय योजनाले स्वीकार गर्‍यो।

सुकुम्बासी समस्या समाधान आयोगले यस वर्ष खास कुनै काम गरेन । सरकारमा भएको परिवर्तनसँगै आयोगमा नयाँ अनुहार फेरिनेभन्दा बाहेक कुनै काम यस आयोगबाट भएन । देशका सुकुम्बासीहरुलाई बासको व्यवस्था गर्ने वा जग्गाको स्वामित्व प्रदान गर्ने अभिप्रायले गठित यो आयोग निष्क्रिय रहनाले हजारौं परिवार भूमिको स्वामित्वबाट वञ्चित रहे ।

पश्चिम नेपालको ५ वटा जिल्ला बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र दाङमा प्रचलित कमैया प्रथाको रुपमा परिचित बाँधाश्रमलाई यस वर्ष पनि निर्मूल गर्न सकिएन । न्यूनतम ज्यालाभन्दा कम ज्यालामा काम गर्नुपर्ने बाध्यता, दैनिक कर्ममा १२ घण्टाभन्दा बढी काम गर्नुपर्ने, व्यक्तिगत इच्छा तथा स्वतन्त्रता मालिकको हातमा समर्पण गर्नु विवश ती कमैया तथा बाँधाहरु मानवअधिकारको न्यूनतम अधिकारबाट समेत वञ्चित रहेका छन् । संविधानद्वारा प्रदत्त समानता तथा स्वतन्त्रताको हकबाट तिनीहरुलाई वञ्चित नगर्ने र त्यस्ता अधिकार ती कमैयाहरुलाई समेत प्रत्याभूत गराउने दायित्व राज्यको भएकोमा विवाद छैन । यसैबीच इन्सेकले कपिलवस्तु, नवलपरासी र रुपन्देही जिल्लामा गरेको अनुसन्धानअनुसार यी जिल्लाहरुमा पनि कमैया प्रथा कायम रहेको यथार्थ प्रकट भएको छ। उक्त अध्ययनअनुसार नवलपरासी जिल्लामा मात्र भण्डै ३ हजार कमैया रहेका छन्।

दासप्रथाको अवशेषको रुपमा रहेको कमैया तथा बाँधाप्रथालाई समूल अन्त्य गर्न प्रजातान्त्रिक भनिने वर्तमान सरकारहरुले आँट गर्न सकिरहेका छैनन् ।

त्यसरी नै नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११ ले प्रत्याभूत गरेको समानताको हकसंग मेल नखाने कानूनमा परिवर्तन गरी सामाजिक संरचनालाई समेत मध्यनजर गर्दै पैतृक सम्पत्तिमा छोरीलाई समान अधिकार दिने कानून संसदमा पेश गर्न सर्वोच्च अदालतले श्री ५ को सरकारलाई दिएको आदेशबमोजिम संसदमा प्रस्तुत मुलुकी ऐनको एघारौं संशोधन विधेयक यस वर्ष पारित भएन । उक्त विधेयक सरकारी पहल नभएकै कारण संसदमा हालसम्म पनि विचाराधीन अवस्थामै रहन बाध्य भएको छ ।

लामो समयदेखि चर्चा र विवादमा रहेको महाकाली एकीकृत विकाससम्बन्धी सन्धिपत्र पनि यसै वर्ष जेठमा भारतीय प्रधानमन्त्री इन्दरकुमार गुजरालको नेपाल भ्रमणको अवसर पारेर ०५४ जेठमा दुई देशबीच आदान-प्रदान भयो। दुवै देशका सरकार प्रमुखबीच सन्धिपत्र आदान-प्रदान भई औपचारिकता प्रदान गरेको महाकाली एकीकृत विकाससम्बन्धी सन्धिपत्र आदान-प्रदान भैसकेपछि पनि यससम्बन्धी विवाद टुंगिएन। महाकाली सन्धि राष्ट्रिय हितविपरीत भएकोले संसदको दुवै सदनबाट पारित महाकाली सन्धिसंग सम्बन्धित संकल्प प्रस्ताव आदान-प्रदान नगरी यो सन्धि पास गर्न हुन्नथ्यो भनी विभिन्न राजनीतिक दलहरुले

विरोध जनाए। यस सन्धिपत्र आदान-प्रदानपछि तत्कालीन प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द र उपप्रधानमन्त्री वामदेव गौतममाथि पनि राष्ट्रियताप्रति खेलवाड गरेको आरोप लगाइयो। त्यसरी नै महाकाली सन्धिलाई कार्यान्वयन गर्न तयार गरिनुपर्ने विस्तृत आयोजना प्रतिवेदन (DPR) यस वर्ष पनि तयार भएन। ६ महिनाभित्र तयार गर्नुपर्ने (DPR) सन्धि संसदबाट पारित भएको १८ महिना भइसक्दा पनि तयार नगरिनु सरकारको कमजोरीका रूपमा देखा पर्‍यो।

यस वर्ष अर्थमन्त्रीले ०५३-५४ र ०५४-५५ सालको बजेट भाषण गर्दा पूर्ववर्ती सरकारले झैं वृद्ध र असहाय भत्ता दिने भनी उल्लेख गरे पनि व्यवहारमा त्यसलाई कार्यरूप दिन सरकार असक्षम भएको देखियो । महंगी नियन्त्रण गर्ने नारा दिँदै सत्तारूढ हुन पुगेको सूर्यबहादुर थापाको नेतृत्वमा रहेको सरकारले सत्तामा जानासाथ कृषि मलको मूल्यमा वृद्धि गर्‍यो। राजनीतिक क्षेत्रमा भएको अपराध नियन्त्रण गर्न कसैले चाह्यो भने त्यही व्यक्ति वा सरकार नै त्यस्ता गिरोहको कारणबाट सत्ताच्यूत् हुँदै जाने परिस्थितिको सृजना भएको छ। यसबाट सरकार सत्तामा टिकिरहन जस्तोसुकै फोहरी खेल खेल्न पनि पछि नपर्ने स्थिति सन् १९९७ भरि जारी रह्यो ।

यो वर्ष मुलुकका प्रमुख राजनीतिक पार्टीहरूमा आन्तरिक विग्रह र विखण्डनको वर्षका रूपमा पनि उल्लेख्य रह्यो। यस किसिमको आन्तरिक विग्रह एवं असमझदारीले मुलुकलाई अस्थिर वातावरणतर्फ धकेल्नु अवश्यम्भावी थियो र यस्तो वातावरणमा मात्र पुनरुत्थानवादी शक्तिले टाउको उठाउन सक्ने अनुकूल स्थिति पैदा हुन्थ्यो। यो शक्तिले आफ्नो स्वार्थअनुरूपको फाइदा लिनकै निम्ति पनि मुलुकका राष्ट्रिय पार्टीहरूमा आन्तरिक विग्रह उत्पन्न गर्न अनेक षडयन्त्रपूर्ण खेल खेलेको कुरा राष्ट्रिय स्तरका विभिन्न पत्रपत्रिकामा प्रकाशित भए।

●

राज्य र मानवअधिकार:

१:३ व्यवस्थापिका- १९९७

राज्यको अधिकार विभाजनको सिद्धान्तअनुसार व्यवस्थापिका जनताले आफ्नो सार्वभौमसत्ता परिचालन गर्ने अंग भएको हुँदा यसको महत्व स्वतःसिद्ध हुन जान्छ। यसको काम राज्यको लागि कार्यकारिणी निकायको निर्माण गर्नु, राज्य संचालनका लागि आवश्यक नीति निर्माण गर्नु, ऐन कानूनको तर्जुमा गर्नु, राज्यको राजस्वको नियन्त्रण वितरण गर्नु, सरकारका अन्य निकायले गरेका कार्यको निगरानी, छानविन र नियन्त्रण गर्नु आदि रहेको देखिन्छ। नेपाल अधिराज्यको संविधान २०४७ ले नेपालको व्यवस्थापिकालाई उच्च शक्ति प्रदान गरिदिएको पनि छ। व्यवस्थापिकाको कार्य सार्वभौमसत्ता सम्पन्न निकायको कार्य भएको र यसको पछाडि राज्य शक्ति भएको कारण बाध्यकारी हुने गर्दछ। यसको क्रियाकलाप, राज्यको क्रियाकलाप एवं नागरिकहरूको अधिकारको संरक्षण र प्रवर्द्धनका लागि समेत निर्णायक हुने गर्दछ। खासगरी मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने तथा निगरानी गर्ने काममा "संसद" को भूमिका अत्यन्त महत्वपूर्ण र मुलुकको लागि नै दीर्घकालीन प्रभाव पार्ने हुन्छ। तर १९९७ को वर्षमा नेपालको संसदमा नकारात्मक किसिमका क्रियाकलाप पनि भए।

सांसदको रिक्तता तथा पूर्ति:

मध्यावधि निर्वाचन २०५१ मा भएको काठमाडौं क्षेत्र नं. १, सुनसरी क्षेत्र नं. ५ र बैतडी क्षेत्र नं. २ मा दुई ठाउँमा उम्मेदवार जितेर खाली हुन आएको तथा रौतहटमा शेख इद्रिस तथा रूपन्देहीमा धनपति उपाध्यायको निधनबाट खाली हुन आएकोसमेत गरी ५ ठाउँमा २०५३ साल माघ ११ गते उपनिर्वाचन भयो। रौतहटका दुई मतदान केन्द्रमा मतदान रद्द गरी १३ गते सम्पन्न भयो। यस उपनिर्वाचनमा काठमाडौं, सुनसरी र रूपन्देहीमा नेकपा (एमाले) का उम्मेदवार विजयी भए। नेपाली कांग्रेस रौतहट र बैतडीमा विजयी भयो। यस उपनिर्वाचनमा नेकपा (एमाले) ले मध्यावधिको भन्दा एक स्थान बढायो। नेपाली कांग्रेसले आफ्ना दुई स्थान कायमै राख्न सक्यो भने राप्रपाले एक स्थान गुमायो।

संविधानले प्रतिनिधि सभाको निर्वाचन ६ महिनाभित्र गर्ने बाध्यकारी व्यवस्था गरेको भए पनि विभिन्न कारणले रिक्त हुने स्थानको पूर्ति कति समयमा गर्ने भन्ने निश्चित व्यवस्था छैन। त्यसैले काठमाडौं, बैतडी र सुनसरीको रिक्त स्थान २६ महिनासम्म रिक्त नै रह्यो। राष्ट्रिय सभामा केही ठाउँमा नभएको निर्वाचनको कारणले सबै क्षेत्रलाई रिक्त राख्न मिल्ने कि नमिल्ने? यो नयाँ स्थिति हो।

संसदको एघारौ अधिवेशन

नेपाल अधिराज्यको संविधान २०४७ को ५३ (१) अनुसार संसदको ११ औं अधिवेशन संसद भवन सिंहदरबारमा २०५३ साल फागुन २० गते अपरान्ह्न शुरू भयो। संसद प्रारम्भ भएको अवसरमा प्रधानमन्त्री शेरबहादुर देउवाले विकेन्द्रीकरण विधेयक ल्याउने तथा स्थानीय निकायलाई सक्षम बनाउने कुरा प्रतिनिधिसभामा स्वागत मन्तव्यमा व्यक्त गर्नुभयो। प्रमुख विपक्षी दलका नेता मनमोहन अधिकारीले बहुदलीय व्यवस्थालाई नकारात्मक बनाउने, राजनीतिमा अपराधीकरण भएको, सरकार अल्पमतमा परेकोले राजीनामा दिनुपर्ने, विकेन्द्रीकरण विधेयकको नाममा निर्वाचन पछि धकेली जनताको अधिकार खोस्न लागेको, निर्माण तथा विकास कार्य ठप्प भएको भनी चिन्ता व्यक्त गर्नुभयो। नेमकिपाका अध्यक्ष तथा सांसद नारायणमान बिजुक्छेले अविश्वासको प्रस्तावको बेला विदेश जाने मन्त्रीले देशलाई घाटा गरेको तथा भ्रष्टाचार र कमिशनखोरी बढेको आरोप लगाउनुभयो। राष्ट्रिय सभाका अध्यक्ष बेनीबहादुर कार्कीले राष्ट्रिय हित र स्वार्थका लागि राष्ट्रिय सहमति कायम गर्न आह्वान गर्नुभयो।

प्रधानमन्त्री शेरबहादुर देउवाले सरकारमाथि विश्वास छ भनी विश्वासको प्रस्ताव नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५९ (१) अनुसार २०५३ फागुन १९ गते दर्ता गराउनु भयो। प्रधानमन्त्री शेरबहादुरविरूद्ध ल्याएको अविश्वासको प्रस्तावमा भएको २०५३ साल पुस ९ गतेको मतदानमा १०१ मतका विरूद्ध ८४ मत परी सरकार अल्पमतमा परेपछि व्यापक रूपमा आएको दबाबको कारण विश्वासको मत लिन सो प्रस्ताव दर्ता गराउनुभएको हो। सांसदहरूलाई आफ्नो पक्षमा ल्याउन अमर्यादित र असंसदीय क्रियाकलाप भयो भन्ने विषयमा प्रतिनिधिसभाको विशेष अधिवेशन २०५३ साल पुस १ देखि ९ गतेसम्ममा भएको घटनाबारे उठेका प्रश्नहरूको छानविन गर्न गठित सर्वदलीय समितिको बैठक समितिका सभापति आनन्दप्रसाद ढुंगानाको अध्यक्षतामा २०५३ फागुन २१ गते बस्यो। सो समितिको बैठक २०५३ फागुन २७ गते बस्ने भनी तोकिए पनि देउवा सरकारको पतन भएर नयाँ

परिस्थिति उत्पन्न भएकाले यो समितिको कारवाही अगाडि बढेको देखिएन।

निर्धारित कार्यक्रमअनुसार प्रतिनिधिसभामा प्रधानमन्त्री शेरबहादुर देउवाले राख्नुभएको विश्वासको प्रस्तावमाथि २०५३ पुस ९ गते ६ घण्टा १५ मिनेट छलफल भएर मतदान हुँदा प्रस्तावको पक्षमा १०१ मत र विपक्षमा ९२ मत परेकोले विश्वासको लागि आवश्यक १०३ मत नपरेको हुँदा विश्वासको मत विफल भयो। यस मतदानमा सत्तापक्षका प्रमुख घटक नेपाली कांग्रेसका चक्रबहादुर शाही, दीपकबहादुर सिंह, राप्रपाका लोकेन्द्रबहादुर चन्द, रामविलास यादव, पद्मसुन्दर लावती, सर्वेन्द्रनाथ शुक्ला र खोभारी रायले मतदानमा भाग लिनु भएन। नेपाल सद्भावना पार्टीका गजेन्द्रनारायण सिंहले प्रधानमन्त्री देउवाले साना पार्टी फुटाउने कार्य गरेकोले मतदानमा भाग नलिने घोषणा गर्नुभयो र हृदयेश त्रिपाठीले पनि मतदानमा भाग लिनुभएन। सांसद परि थापा र अम्बिका साँवाले मतदान गर्नुभएन।

विश्वासको मतको विरूद्धमा प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) का नेता तथा सांसद मनमोहन अधिकारीले प्रधानमन्त्रीले मुलुकको समस्या समाधान गर्न नसकेको, प्रशासनिक यन्त्रलाई पंगु बनाई राजनीतिक दवाव दिएर दूषित बनाएको, न्यायपालिकामाथि दवाव दिएको, जिल्ला र पुनरावेदन अदालतका न्यायाधीशको नियुक्तिमा राजनीतिकरण गरेको, उद्योग र व्यापार क्षेत्र चौपट पारेको, दार्चुला जिल्लाको कालापानीबाट भारतीय सेना हटाउन नसकेको जस्ता आरोप लगाउनु भएको थियो। त्यस्तै राप्रपाका अध्यक्ष तथा सांसद सूर्यबहादुर थापाले प्रस्तावको पक्षमा अभिमत दिदैं मध्यावधि निर्वाचन पछि सबै पार्टी विपक्षी चक्रव्यूहमा फसेको, चुनाव घोषणापत्र अनुसार कार्य गर्न नसकेको, संविधानको मूल्य, मान्यता र संसदीय व्यवस्थाको मान्यता ध्वस्त भएकोले यसको लागि सबै जिम्मेवार रहेको भनी सबैको आलोचना गर्नुभयो। प्रधानमन्त्री शेरबहादुर देउवाले आफ्नो सरकारको पक्षमा तर्क प्रस्तुत गर्दै देशमा विकास भएको, विदेशमा विश्वास बढेको, आर्थिक स्थिति राम्रो भएको र सबै कुरा एमालेको शासनकालमा बिग्रेको तस्वीर पेश गर्नु भयो। नेपाली कांग्रेसका अन्य सांसदहरूले पनि यसै सेरोफेरोमा तर्क प्रस्तुत गर्नुभएको थियो।

विश्वासको मत प्राप्त गर्न नसकी तत्कालीन सरकार पतन भएपछि लोकेन्द्रबहादुर चन्द २०५३ फागुन २७ गते प्रधानमन्त्री नियुक्त हुनुभयो। साथै उहाँको नेतृत्वमा २०५३ फागुन २९ गते राप्रपा, नेकपा (एमाले) तथा नेपाल सद्भावना पार्टी सम्मिलित मन्त्री परिषद् गठन भयो। प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा गठित नेकपा (एमाले), राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल सद्भावना पार्टीको संयुक्त सरकारलाई प्रतिनिधिसभाको २०५३ साल चैत्र ६ गतेको बैठकमा विश्वासको मत प्राप्त भयो। प्रधानमन्त्री चन्दले प्रस्तुत गर्नुभएको विश्वासको पक्षमा ११३ मत र विपक्षमा ८५ मत परेको थियो। प्रस्तावको पक्षमा नेकपा (एमाले) को ९० मत, राष्ट्रिय प्रजातन्त्र पार्टीको २० मत, नेपाल सद्भावना पार्टीको २, नेमकिपाको १ मत प्राप्त भयो भने विपक्षमा नेपाली कांग्रेसका ८३ र नेकपा (मसाल) का २ सांसदले मतदान गर्नुभएको थियो।

२०५३ साल चैत्र ६ गतेको प्रतिनिधिसभाको बैठकमा नीति तथा कार्यक्रम प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले प्रस्तुत गर्नुभयो। प्रस्तुत कार्यक्रममा नेपाल अधिराज्यको स्वतन्त्रता, सार्वभौमिकता तथा राष्ट्रिय अखण्डताको संरक्षण गर्दै मुलुकको सर्वाङ्गीण विकास गर्ने, नेपाल अधिराज्यको संविधानले प्रत्याभूत गरेको जनतामा नीहित सार्वभौमिकता, संवैधानिक राजतन्त्र, बहुदलीय प्रजातन्त्र, संसदीय शासन प्रणाली र स्वतन्त्र एवं सक्षम न्याय प्रणालीको सुदृढीकरण र सम्बर्द्धन गर्दै कानूनी राज्यको अवधारणालाई साकार पार्ने, गरीवी निवारणसम्बन्धी कार्यक्रमलाई योजनाबद्ध ढंगले संचालन गर्दै भौगोलिक क्षेत्रको समानुपातिक विकासलाई सुनिश्चित गर्ने, निरपेक्ष गरीवीको रेखामुनि रहेका नेपाली जनताको जीवनस्तर माथि उठाउन ठोस तथा प्रभावकारी कार्यक्रम ल्याउने, विकासको केन्द्रविन्दु ग्रामीण क्षेत्रलाई मानी विकासको कार्य बढाउने, विकेन्द्रीकरणको सिद्धान्त र स्वतन्त्र शासनको भावनाअनुरूप स्थानीय निकायहरूलाई सबल, सक्षम र सुदृढ बनाउने, महङ्गीलगायत् विभिन्न समस्याबाट आमजनतालाई प्रत्यक्ष राहत पुऱ्याउन प्रशासनलाई गतिशील पार्ने तथा विकास प्रक्रियालाई गती प्रदान गर्ने, शान्ति सुरक्षा र अमनचैनको वातावरण कायम गरी आमनागरिकको जीउज्यानको सुरक्षाको उचित व्यवस्था गर्ने, बेरोजगारी तथा अर्ध बेरोजगारीको स्थितिलाई सुधार गर्न प्रत्येक वर्ष थप रोजगार उपलब्ध गराउने कार्यक्रम संचालन गर्ने, निश्चित अवधिभित्र सुकुम्बासी समस्या समाधान गर्ने, स्थानीय भूमिहीनहरूले प्राथमिकता पाउने गरी सोको व्यवस्था मिलाउने, भूमि व्यवस्थामा सुधार गर्ने तथा कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न कृषि क्षेत्रको आधुनिकीकरण र सिंचाईको व्यवस्था गर्ने, माओवादी गतिविधिलाई राजनीतिक ढंगबाट समाधान गर्न मानवअधिकारवादी संस्थाहरूसमेतको सहभागितामा उच्चस्तरीय कार्यदल गठन गरी क्रियाशील गराउने, नागरिकता सरल र छिटोछरितो उपलब्ध गराउन टोलीहरू गाउँ पठाउने, भ्रष्टाचार तथा आर्थिक अनियमितता नियन्त्रण गर्ने, शिक्षामा सुधार गर्न राष्ट्रिय शिक्षा आयोग गठन गर्ने, वित्तीय तथा मौद्रिक क्षेत्रमा सुधार गर्ने, असहाय वर्गको सुरक्षाका लागि कार्यक्रम संचालन गर्ने, स्वास्थ्य, शिक्षा र सुरक्षा सर्वसाधारणको अधिकारको रूपमा विकास गर्ने, जाती, जनजातिको धर्म, संस्कृति र भाषा संरक्षण गर्ने, प्रशासन स्वच्छ बनाउने, राष्ट्रिय हितलाई सर्वोच्च राखी श्रोत, साधन र सम्पदा परिचालन गर्ने, महिला वर्गको हित र संरक्षणमा ध्यान दिने, मानवअधिकार आयोग गठन गर्ने, भूटानी शरणार्थी समस्या समाधान गर्नेलगायत्का २० सूत्रीय कार्यक्रम रहेको छ। यसलाई २०५३ चैत १२ गतेको राष्ट्रिय सभामा समेत प्रस्तुत गरियो।

२०५३ साल फागुन २९ गते गठन भएको ७ सदस्यीय मन्त्री परिषदले विश्वासको मत प्राप्त गरेपछि २०५३ चैत्र ११ गते मन्त्री परिषदमा पुनरगठन गरी ३४ जनाको मन्त्री परिषद गठन भयो। प्रतिनिधिसभाको २०५३ चैत्र ११ गतेको सदनमा नै नवगठित मन्त्री परिषद्माथि प्रतिपक्षी दलद्वारा आलोचना पनि आरम्भ भयो। २०५३ चैत्र ११ गतेको प्रतिनिधिसभाको बैठकमा प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले सदनमा ढाँट्नु भएकोले क्षमा माग्नुपर्ने भनी नेपाली कांग्रेसका सांसदहरूले माग गरे। प्रधानमन्त्री चन्दले विश्वासको मत माग्ने क्रममा रेडियो नेपालको घटना र विचार कार्यक्रमका संचालकहरूसंग जवरजस्ती राजीनामा नमागिएको भनेको भएता पनि ती संचालकहरूलाई दिएको निस्काशन पत्र प्रकाशमा आएकोले प्रधानमन्त्रीले क्षमा माग्नुपर्छ भनी माग गर्नुभयो। यो सम्वन्धमा संसदको ११ औं अधिवेशन भरि नै राष्ट्रिय सभा तथा प्रतिनिधिसभामा माग हुँदै रह्यो। यसबाट सरकारले आस्थाको आधारमा कर्मचारीहरूमाथि भेदभावपूर्ण व्यवहार गरिएको आरोप प्रमाणित गर्ने प्रयास भयो। २०५३ चैत ११ गतेको प्रतिनिधिसभाको बैठकमा सांसद बलदेव मजगैयाँले धनुषामा तनाव उत्पन्न हुँदा सरकारले ७६ राउण्ड गोली चलाएकोबारे छानविनको माग गर्नुभयो। सांसद नवराज सुवेदीले दीपायल सिलगढीमा भारतीय प्रहरी प्रवेश गरेको र उनीहरूलाई फर्काएको वारेमा जानकारी माग गर्नुभयो। सांसद बलदेव मजगैया र नेमकिपाका सांसद आशाकाजी वासुकलाले सरकारको समर्थनमा मत दिए पनि प्रतिपक्षमा बसेको वारेमा संसदीय प्रक्रियाको प्रश्न उठाइयो। यसको जवाफमा पार्टीको निर्देशनमा मत दिएको कुरा आशाकाजी वासुकलाले स्पष्ट पार्दा सभामुख रामचन्द्र पौडेलले संविधानले नै उहाँलाई "स्वतन्त्र" हैसियतमा राखेको र सबै पार्टीले आफ्ना पार्टीलाई आफ्ने ठाउँमा राख्नुपर्ने प्रक्रियाको निर्देशन दिई स्थिति स्पष्ट पार्नुभयो।

२०५३ चैत्र १२ गते प्रतिनिधिसभा परराष्ट्र तथा मानवअधिकार समितिअन्तरगतको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको वार्षिक प्रतिवेदनमाथि छलफल गर्न गठित उपसमितिले २०५१ सालदेखि २०५३ सम्म अर्थ मन्त्रालय र अन्तरगतका राष्ट्रिय वाणिज्य बैंक, नेपाल बैंक लिमिटेड, नेपाल राष्ट्र बैंक, महालेखा नियन्त्रकको कार्यालय, विक्रीकर तथा अन्तःशुल्क विभागसंग सम्वन्धित आयोगको वार्षिक प्रतिवेदनमा विभिन्न आर्थिक अनियमितता र भ्रष्टाचार बारे उल्लेखित व्यहोराहरूउपर बुँदागत छलफल गर्‍यो। साथै यसबारेमा छिटो टुङ्गोमा पुर्‍याउनका लागि सम्वन्धित निकायलाई निर्देशन पनि दियो। सोही दिनको राष्ट्रिय सभाको बैठकमा नेपाली कांग्रेसका ओमकारप्रसाद श्रेष्ठले महिलालाई सम्पत्तिको अधिकार, विकेन्द्रीकरण र गर्भ संरक्षण जस्ता विधेयकहरू तत्काल संसदमा पेश गर्न माग गर्नुभयो। नेपाल कम्युनिष्ट पार्टी (एमाले) का गोल्छे सार्कीले पिछडिएका २१ लाख जनजातिका लागि विशेष कार्यक्रम ल्याउन माग गर्नुभयो।

प्रतिनिधिसभाको २०५३ चैत्र १४ गतेको बैठकले संयुक्त आवाससम्बन्धी विधेयक २०५३ पारित गर्‍यो। यो विधेयकलाई पछि राष्ट्रिय सभाले पारित गर्‍यो। एघारौं अधिवेशन हिउँदे तथा विधान अधिवेशन भएकाले पहिलाको सरकार विघटन र अर्को सरकार गठन भएको कारणले सरकारले विधेयकहरू ल्याउन सकेन।

प्रतिनिधिसभाको २०५३ चैत्र १४ गतेको बैठकमा स्थानीय निकायको निर्वाचन स्वायत्त शासनको अवधारणाअनुरूपको संसदमा दर्ता भएको विकेन्द्रीकरण विधेयक पारित गरिसकेपछि मात्र गर्ने कि विगत सरकारद्वारा निर्धारित समय भित्रै चुनाव सम्पन्न गरी अधिकार प्रदान गर्ने भन्ने विषयमा ५ घण्टाभन्दा लामो चर्को बहस भयो। प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सांसदहरूले सरकारले स्थानीय निकायलाई अधिकार सम्पन्न गराउने विकेन्द्रीकरणसम्बन्धी सदनमा दर्ता भइसकेको विधेयक पारित गरेरमात्र स्थानीय निर्वाचन गराउनुपर्ने माग गरे भने सत्तापक्षका सांसदहरूले निर्धारित समयमा चुनाव सम्पन्न गरी जनताको अधिकारको सम्मान गर्नुपर्ने कुरामा अडान राखे। स्थानीय विकासमन्त्री अमृतकुमार बोहराले सरकार कुनै पनि हालतमा जनतालाई र स्थानीय निकायलाई अधिकार सम्पन्न गराउने कुरामा पछि नहट्ने दृढता व्यक्त गर्नुभयो। यो विवाद संसदको ११ औं अधिवेशन भरि नै मुख्य विषयको रूपमा रहन गयो।

संसदको २०५३ साल पुसमा भएको विशेष अधिवेशनमा प्रधानमन्त्री शेरबहादुर देउवाविरूद्धको अविश्वासको प्रस्तावमा मतदान हुनुभन्दा एक दिनअगाडि उपचार गर्न भनी थाइलैण्डको राजधानी बैंकक र सिंगापुर जानुभएका पाँच जना मन्त्रीहरूको उपचार खर्चसम्बन्धी विषयमा प्रतिनिधिसभाको लेखा समितिमा २०५३ साल फागुन २० गते वाणिज्यमन्त्री विष्णुविक्रम थापा र मन्त्री परिषद्का मुख्य सचिव बलरामसिंह मल्लसंग वयान लिने काम भयो। सो क्रममा सचिव मल्लले उपचारका लागि बैंकक जाने मन्त्रीहरूलाई मन्त्री परिषद्को निर्णयको आधारमा प्रत्येकलाई दुई हजार अमेरिकी डलर सहयोग उपलब्ध गराएको जानकारी दिनुभयो। बैंकक जाने मन्त्रीहरूमा आवास तथा भौतिक योजना मन्त्री बालाराम घर्तीमगर, भूमिसुधार तथा व्यवस्था र विज्ञान तथा प्रविधि मन्त्री बुद्धिमान तामाङ, भूमि सुधार तथा व्यवस्था सहायक मन्त्री महेन्द्रराय यादव, जलस्रोत राज्यमन्त्री शान्तिशमशेर राणा, श्रम राज्यमन्त्री अनिस अन्सारी तथा वाणिज्य राज्यमन्त्री विष्णुविक्रम थापा हुनुहुन्थ्यो। यो विषयमा संसद र संसदबाहिर समेत व्यापक आलोचना भयो।

राष्ट्रिय सभाको २०५३ फागुन २३ गते बसेको बैठकमा २०५३ असोज २० गते "हिमालय टाइम्स" दैनिकमा प्रकाशित सम्पादकीय, असोज २१ गतेको "सौर्य" साप्ताहिकमा प्रकाशित कार्टुन, तथा असोज २२ गते "गोरखापत्र" को शब्दसार स्तम्भमा प्रकाशित श्री आचार्यको लेखबाट संसदको विशेषाधिकार हननसम्बन्धी समितिको प्रतिवेदन विशेषाधिकार समितिका सभापति कृष्णप्रसाद घिमिरेले प्रस्तुत गर्नुभयो। सो

प्रतिवेदनमा विशेषाधिकारसम्बन्धी कुनै कारवाही गर्नु नपर्ने ठहर गरिएको छ। यसलाई २७ गतेको बैठकले स्वीकृति प्रदान गर्‍यो। राष्ट्रिय सभाको २०५३ चैत्र १५ गते बसेको बैठकमा नेपाली कांग्रेसकी शिलुप्यारी कर्माचार्यले सर्वोच्च अदालतले २०५२ साल साउन १२ गते एक वर्षभित्र नै महिला हक अधिकारसम्बन्धी विधेयक ल्याउन सरकारलाई निर्देशनात्मक आदेश दिइसकेकोमा अहिलेसम्म सो विधेयक नआएकोले तत्काल महिलाको अधिकारको लागि महिला हक अधिकार सम्बन्धी विधेयक ल्याउन माग गर्नुभयो। सो बैठकमा नेपाली कांग्रेसका सांसदहरूले सरकारले सदनमा विधेयक नल्याएको र काम दिन नसकेको, दलत्यागसम्बन्धी र विकेन्द्रीकरण विधेयक पारित गराउनुपर्ने कुरामा विशेषरूपले कुरा उठाउनुभयो र सरकारले संसदीय व्यवस्थाको मुलभूत कुरालाई उपेक्षा गरेको आरोप लगाए। हिउँदे अधिवेशन भएको र ४९ वटा विधेयक विचाराधीन रहे पनि त्यसलाई सरकारले अगाडि नबढाएको आलोचना राष्ट्रिय सभा र प्रतिनिधिसभाको ११ औं अधिवेशनभरि नै जारी रह्यो।

संसदको अन्तिम दिनको प्रतिनिधिसभाको बैठक सामान्यतः औपचारिक र तनावरहित रहनुपर्नेमा निकै तनाव र उत्तेजित रह्यो। बैठकको अन्तिम दिन प्रतिपक्षीका सांसदहरूले प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले २०५३ चैत १७ गते बसेको सर्वदलीय संसदीय बैठकको बारे संसदमा दर्ता गराएका विकेन्द्रीकरण विधेयकलगायत् अन्य विधेयकहरू तथा माओवादी समस्याका बारेमा दिएको जवाफ स्पष्ट नभएको भनी सदनको कारवाही अवरूद्ध गर्नुका साथै सभामुखको रोष्टम घेराउ गरेपछि बैठक स्थगित गर्नुपरेको थियो। सभामुख रामचन्द्र पौडेलले रोष्टम घेर्नु अन्तिम अस्त्र भएकोले विशेष अवस्थाबाहेक अरू बेला सो उपाय अबलम्बन नगर्न बारम्बार अनुरोध गर्नुभएको थियो। एकाएक संसद अन्त गर्न लागेकोमा खासगरी प्रतिपक्षीहरू आक्रोशित भएका थिए। सरकार संसदलाई अन्त गरी अध्यादेशद्वारा स्थानीय निर्वाचन गराउनको लागि शीघ्रता गरिरहेकोले यो तनाव उत्पन्न भएको थियो। त्यसैले समापन मन्तव्य दिँदै नेपाली कांग्रेसका मुख्य सचेतक आनन्दप्रसाद ढुंगानाले हिउँदे अधिवेशनमा एउटासम्म विधेयक प्रस्तुत भई पारितसमेत नभएर टुङ्गिनु संसदीय इतिहासमा दुर्भाग्यपूर्ण रहेको, सर्वदलीय बैठक गरी संसदको अधिकार तुहाउन खोजेको, माओवादीको नाउँमा देशव्यापीरूपमा आतंकको वातावरण विद्यमान रहेकोले स्थानीय निर्वाचनमा उमेदवार हुने र भोट दिने अवस्थाबाट वञ्चित हुनुपर्ने कुरा उठाउनुभयो भने सत्तापक्षका मुख्य सचेतक राजेन्द्रप्रसाद पाण्डेले संयुक्त सरकारले शान्ति सुरक्षा दिने र आवधिक निर्वाचन प्रजातन्त्रको मुटु भएकोले निर्धारित समयमा नै निर्वाचन सम्पन्न गर्ने पक्षमा रहेको स्पष्ट पार्नुभयो। नेकपा (एमाले) का सी. पी. मैनालीले सरकारले विकेन्द्रीकरण, महिला सम्पत्ति, दलबदल विधेयक छोटो समयमा परिमार्जन गरी ल्याउन नसकेको, र यसलाई उपयुक्त समयमा ल्याउने तथा सरकारले तोकेको मितिभित्र चुनाव हुने, सरकारले शान्ति सुरक्षा, भूतपूर्व गोर्खा सैनिक र भूटानी शरणार्थी समस्या समाधान गरी लोक कल्याणकारी काम गर्ने कुरा उल्लेख गर्नुभयो। नेपाली कांग्रेसका चिरञ्जीवी वाग्लेले माओवादी समस्या समाधानको लागि उच्चस्तरीय आयोग गठन गर्न र चुनाव निष्पक्ष, स्वतन्त्र र धाँधली रहित हुनु पर्ने कुरा उठाउनु भयो। सांसद आशाकाजी वासुकलाले विकेन्द्रीकरण ऐन ल्याई समयमा स्थानीय निर्वाचन सम्पन्न गर्नु पर्ने पार्टीको धारणा राख्नु भयो। यसैले संसदको ११ औं अधिवेशन वास्तवमा विधेयक अधिवेशनको सट्टा सरकार विघटन गर्न र गठन गर्न तथा आउँदो स्थानीय निर्वाचनबाट प्रभावित रहेको हुँदा अन्य संसदीय गतिविधिमा कममात्र संलग्न रहन पुग्यो। तर यसै अधिवेशनमा सांसदहरूको अन्तरघात तथा क्याम्प बदल्ने असंसदीय क्रियाकलाप र आफ्नो सरकार आफ्नै पार्टीका सांसदहरूबाट ढाल्ने प्रक्रिया दोहोरिन गएको अर्को घटना हुन पुग्यो।

संसदको बाह्रौं अधिवेशन

०५४ असार १२ गते शुरू भएको संसदको बाह्रौं अधिवेशनको प्रारम्भको दिनमा नै स्थानीय चुनावमा प्रतिपक्ष दलले व्यापक धाँधली तथा हिंसाको घटनालाई लिएर सत्तापक्षमाथि आक्रमण शुरू गरेकोले शुरूको दिनदेखि नै सत्ता र प्रतिपक्षबीच तनाव प्रारम्भ भयो। अधिवेशन प्रारम्भ हुनासाथ नेपाली कांग्रेसका सांसदहरूले स्थानीय निकायको निर्वाचनमा सरकारको संलग्नतामा व्यापक धाँधली र हत्या भएको र यस सम्बन्धमा सरकारबाट यथार्थ विवरण पेश नगरिए बैठकको कारवाही अघि बढ्न नदिने भनी बैठकको कारवाही अवरूद्ध गर्ने काम गरे। प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले स्थानीय निकायको निर्वाचनको क्रममा भएको हिंसात्मक घटनाको विवरण सभामुखसंग सल्लाह गरी उचित समयमा दिने विश्वास दिलाउनुभयो।

सोही दिन प्रतिपक्षका सांसदहरूले सरकारले संविधान र संसदको उल्लंघन गरेको साथै सांसदहरूको गरिमालाई समेत कुठाराघात गरी अध्यादेशबाट निर्वाचन गरेको भनी तीव्र आलोचना गर्नुभयो। सत्तापक्षले आवधिक निर्वाचन समयमा गरी जनताको प्रजातान्त्रिक अधिकार रक्षा गरेको दावा गर्‍यो। यी दुवै विषय संसदको बाह्रौं अधिवेशन भरमा लगातार उठ्दै गरेका थिए। प्रतिनिधिसभा र राष्ट्रियसभाको बैठकहरूमा कानून तथा न्यायमन्त्री प्रेमबहादुर सिंहले स्थानीय निकाय तथा निर्वाचनसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश २०५३, भन्सार (सातौं संशोधन) आध्यादेश २०५४ र औद्योगिक व्यवसाय (पहिलो संशोधन) अध्यादेश २०५४ पेश गर्नुभयो।

नेपाल अधिराज्यको संविधान २०४७ ले संसदको अधिवेशन नभएको बेला अध्यादेशद्वारा कानून बनाई लागू गर्ने व्यवस्था भएको भएता पनि स्थानीय निकाय निर्वाचन जस्तो महत्वपूर्ण विषयमा चलिरहेको संसदको अधिवेशन बन्द गरी अध्यादेशबाट ल्याएकोले यस वर्ष अध्यादेशबारेमा संसद भित्र

र बाहिर पनि व्यापक चर्चा भयो। सत्तापक्षले आवधिक निर्वाचनको लागि बाध्यता भएको कारण दर्शाए पनि अध्यादेश ल्याउनेबारेमा विचार गर्नुपर्ने स्थिति पैदा भएको छ।

संसदको पहिलो दिनको बैठकमा सत्ता र प्रतिपक्षीबीच चर्को विवाद उठे पनि प्रतिनिधिसभाका सभामुख रामचन्द्र पौडेलले स्वागत मन्तव्यको क्रममा व्यक्ति-व्यक्तिको तानातानीको राजनीति चल्यो भने त्यसले अस्थिरता र अन्योल मात्र होइन, राजनीतिमा अपराधीकरणको जन्मसमेत गराउँछ. दलीय व्यवस्थामा दलहरूबीचका कतिपय गतिविधिहरूको प्रभाव संसदमा पनि पर्दछ, जतिजति मर्यादित र अनुशासित रूपमा दलहरू संचालित हुन्छन्, संसद र संसदीय व्यवस्था पनि उत्तिकै व्यवस्थित र सुदृढ हुँदै जान्छ, हाम्रो संसदमा प्रकट भएको कतिपय समस्याहरू सदनभित्रका उपज नभएर दलहरूमा उत्पन्न परिस्थितिका झिल्का हुन् भनी स्पष्ट पार्नुभएको थियो। त्यस्तै राष्ट्रिय सभाको बैठकमा राष्ट्रिय सभाका अध्यक्ष बेनीबहादुर कार्कीले राष्ट्रिय सभाले दलगत भावनाभन्दा माथि उठी देश निर्माणको कार्यमा परिपक्व निर्णय गर्ने कुराप्रति आशा व्यक्त गर्नुभएको थियो। साथै कार्कीले देशको अगुवाको रूपमा रहेको जनप्रतिनिधिहरूको मूलभूत चिन्ता आर्थिक विपन्नतामा जकडिएको राष्ट्रको गरीबी उन्मूलन गरी एक सभ्य र समृद्ध समाजको निर्माण गर्ने कर्तव्यप्रति पुनः स्मरण गराउनुभयो।

राष्ट्रिय सभाको रिक्त रहेको २० सदस्यमध्ये प्रतिनिधिसभाले निर्वाचन गर्ने एक महिला सदस्यसहित १२ सदस्यको निर्वाचन २०५४ असार १३ गते सम्पन्न भयो। निर्वाचनमा नेकपा (एमाले) का ईश्वर पोखरेल १७, प्रदीप नेपाल १८, युवराज ज्ञवाली १८, राममान श्रेष्ठ १८ र सुरेन्द्र पाण्डे १८ प्राप्त गरे भने नेकाका अरविन्द ठाकुर १७, कोमल बहादुर घले १७, जगन्नाथ पौडेल १८, रवीन्द्र श्रेष्ठ १७ र शुक्रराज सयोकले १७ मत र राप्रपाका मोहमद मोहसिन १६.६२ मतले विजयी भए। त्यस्तै महिला उम्मेदवार राप्रपाका सुश्री चन्दा शाहलाई १०० मत प्राप्त भएको थियो।

राष्ट्रिय सभाको २०५४ असार १३ गते बसेको बैठकमा प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले सांसदहरूको मागअनुसार स्थानीय निकायको निर्वाचनको क्रममा मुलुकमा भएका ज्यानमालको क्षतिसम्बन्धी विभिन्न घटनाको विवरण उचित समयमा दिने र सरकारले देशमा भएका घटनाहरू सदनमा राख्नु संसदीय व्यवस्थाको मर्यादा हो भनी स्पष्टिकरण दिनुका साथै वर्तमान सरकार गठन हुँदा असार १५ गते विकेन्द्रीकरणको ढाँचाअनुसार स्थानीय निकायको निर्वाचन सम्पन्न गर्नुपर्ने चुनौती रहेकोले धेरै छलफल गरी अध्यादेशमा जानुपरेको, श्री ५ को सरकार र यसअन्तरगतका मन्त्रीहरूले निर्वाचन आयोगद्वारा प्रस्तुत आचारसंहितालाई पालना गरेको कुरामा आफ्नो विश्वास प्रकट गर्नुभयो। यसै क्रममा नेपाली कांग्रेसका शंकर प्रसाद उप्रेतीले एमालेले प्रहरी र कर्मचारीलाई पार्टीको कार्यकर्ता बनाएर उनीहरूकै भरमा आतंक सिर्जना गरी स्थानीय निकायमा विजय हासिल गरेको आरोप लगाउनु भयो। नेपाली कांग्रेसका प्रकाशमान सिंहले ११ औं अधिवेशनमा सबै पार्टी र पक्ष मिलेर परिमार्जित गरिएको स्थानीय निकायलाई स्वायत्त पार्ने विधेयक नल्याएको र स्थानीय निकायको परिणामभन्दा प्रक्रिया आपत्तिजनक भएको भनी प्रश्न उठाउनुभएको थियो।

प्रतिनिधिसभा राज्यव्यवस्था समितिको २०५४ असार १५ गते बसेको बैठकले प्रमुख जिल्ला अधिकारीले प्रत्येक महिना आफ्नो कार्यालयबाट वितरण गरिएको नागरिकताको प्रमाण-पत्रको विवरण (सिफारिसकर्ता, नागरिकता प्राप्त गर्ने व्यक्तिको तीनपुस्ते र नागरिकता प्रदान गरेको मितिसहित स्पष्ट गरी) अर्को महिनाको पहिलो हप्ताभित्र जिल्ला प्रशासन कार्यालय र जिल्ला विकास कार्यालयमा अनिवार्य रूपमा प्रकाशित गर्नुपर्ने व्यवस्था नेपाल नागरिकता नियमावलीमा नै यथाशीघ्र गर्ने निर्देशन श्री ५ को सरकार गृह मन्त्रालयलाई दियो। साथै नागरिकता (छैटौं संशोधन) विधेयक २०५३ माथि प्राप्त संशोधनसहित दफावार छलफल गऱ्यो।

संसदको बाह्रौं अधिवेशनको २०५४ असार १८ गते बसेको संयुक्त सदनमा श्री ५ को सम्बोधन मार्फत श्री ५ को सरकारले आगामी वर्षको आफ्नो नीति र कार्यक्रम प्रस्तुत गऱ्यो। यस नीति तथा कार्यक्रमको रूपमा रहेको शाही सम्बोधनमा नेपालको संविधानको भावनाअनुरूप मुलुकको सर्वाङ्गीण विकासको लागि स्थानीय निकायको निर्वाचन सम्पन्न गरेको, आगामी आर्थिक वर्षदेखि नवौं योजनामा गरीबी निवारणसम्बन्धी कार्यक्रम, रोजगारी, खाद्य सुरक्षा, मानवीय संसाधनको विकास, भौगोलिक क्षेत्रको समानुपातिक विकास. ग्रामीण क्षेत्रलाई देशको केन्द्रविन्दु मानी ठोस कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न, साक्षरता, साना सिंचाई, खानेपानी, साना तथा घरेलु उद्योग, साना जलविद्युत् विकास, सबैलाई सुलभ प्राथमिक स्वास्थ्य, साना तथा ग्रामीण कृषि सडकको कार्यक्रमलाई एक अर्काको परिपूरक बनाउदै सन्तुलित विकासको अवधारणालाई व्यवहारमा उतार्ने, स्थानीय स्तरसम्म कार्यक्रमहरू संचालन गर्ने नीति अगाडि सारिएको छ। दिगो उच्च आर्थिक विकासदर, उदार तथा बजारमुखी आर्थिक नीति, वित्तीय तथा मौद्रिक नीति तथा निजी क्षेत्रको भूमिकालाई स्पष्ट गरी देशको अर्थतन्त्रको आधार तयार पारिने, सरकारी र निजी क्षेत्रलाई समाहित गरी देशमा आर्थिक समानता तथा आर्थिक सन्तुलन कायम गर्ने, नीतिका आधारमा बचत परिचालन गर्ने, योजना व्यवस्थापनमा सुधार गर्ने, समष्टिगत आर्थिक स्थिरता कायम राखी उच्च आर्थिक विकास दर हासिल गर्न विकासका कार्यक्रम संचालन गर्ने, निजीकरण गर्दै जाने, स्थानीय निकायलाई अधिकार सम्पन्न गराई विकेन्द्रीकरणलाई संस्थागत रूप दिने, आफ्नो गाउँ आफै बनाऔं भन्ने भावनाअनुरूप गाउँ विकास कार्यक्रमको माध्यमबाट गाउँलाई आत्मनिर्भर तथा स्वावलम्बी बनाउने, अधिराज्यका अति दुर्गम क्षेत्रका जनताको आर्थिक तथा सामाजिक स्तर उठाउन विशेष प्रयास गर्ने, श्रमिकहरूको आन्तरिक एवं बाह्य माग तथा आपूर्तिमा सन्तुलन ल्याउन

रोजगार विनिमय तथा श्रमबजार सूचना संकलन कार्यक्रमलाई व्यवस्थित गर्ने, श्रमजीवी तथा कमैया महिलालाई आत्मनिर्भर बनाउन शीपमूलक कार्यक्रम संचालन गर्ने, पर्यटन कार्यक्रममा जोड दिने, वाणिज्य नीतिलाई खुला उदार तथा प्रतिस्पर्धात्मक बजारमुखी बनाई व्यापार असन्तुलनलाई न्यून गर्ने, सर्वसाधारण जनताका दैनिक अत्यावश्यक वस्तुहरूको व्यवस्था सर्वसुलभ र मूल्यमा स्थिरता कायम राख्ने, शिक्षा नीतिमा सुधार गर्ने, प्राथमिक स्वास्थ्य सेवा सर्वसुलभ बनाउने, संसदीय व्यवस्थालाई सुदृढ गर्ने, शान्ति तथा सुरक्षामा जोड दिने जस्ता २९ सूत्रीय कार्यक्रम अघि सारेको थियो।

श्री ५ को सरकारको नीति तथा कार्यक्रममाथि प्रतिनिधिसभा तथा राष्ट्रिय सभामा छलफल हुँदा सत्तापक्षले प्रस्तुत नीति तथा कार्यक्रम संयुक्त सरकारको साझा कार्यक्रम भएको, यसमा विगतका सरकारलाई निरन्तरता दिने काम गरिएको, २०४६ सालको उलपब्धिलाई जगेर्ना गर्न, राष्ट्रिय हितलाई अगाडि बढाउन, विकेन्द्रीकरणलाई बढावा दिन, प्रशासनलाई निस्पक्ष र सक्षम बनाउन, शान्ति सुरक्षा कायम गर्न उदार अर्थतन्त्र र निजीकरणलाई निरन्तरता दिन, आर्थिक कूटनीतिका माध्यमद्वारा परराष्ट्र सम्बन्ध बढाउन चाहेको, कमैया, जनजाति र महिलाको समस्या, फोहोरको समस्या, खानेपानीको समस्या समाधान गर्ने कार्यपत्रको रूपमा प्रस्तुत गऱ्यो। प्रतिपक्षी दल नेपाली कांग्रेसका सांसदहरूले कार्यपत्रमा आकर्षक नारामात्र रहेको, भूटानी शरणार्थीप्रति नीति स्पष्ट नभएको, नेपाल भ्रमण वर्षलाई आन्तरिक पर्यटनमा परिवर्तन गर्न खोजको, गरीवी निवारण, शान्ति सुरक्षा र रोजगारी उल्लेख मात्र गरिएको, निजी क्षेत्रको सहभागिता बढाउने र विदेशी लगानी भित्र्याउनेबारे ठोस नीति नल्याइएको, तल्ला तहका जनतालाई झुक्याउन खोजेको, पार्टीका कार्यक्रम अगाडि सारिएको जस्ता कुरा उठाउनुभयो। पाँच दिनसम्मको छलफलपछि नीति तथा कार्यक्रम २०५४ असार २५ गते स्वीकृत भयो।

प्रतिनिधिसभाको २०५४ असार २० गतेको बैठक र राष्ट्रिय सभाको बैठक स्थानीय निकायको निर्वाचनका बारेमा प्रधानमन्त्रीद्वारा दिएको स्पष्टिकरण र भिक्षु युनाताका नावातामेको हत्याको विषयलाई लिएर अत्यन्त तनावपूर्ण रह्यो। सो दिन प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले सांसदहरूद्वारा स्थानीय निर्वाचनको क्रममा भएका हिंसात्मक घटना, धाँधली र हत्याबारेका प्रश्नहरूको विवरण प्रतिनिधिसभा र राष्ट्रिय सभामा अलग अलग प्रस्तुत गर्नुभयो। प्रधानमन्त्रीले प्रस्तुत गर्नुभएको विवरणमा स्थानीय निकायलाई अधिकार सम्पन्न एवं प्रतिनिधिमूलक बनाउने निर्वाचन सम्पन्न भइसकेको र जिल्ला स्तरको निकायको निर्वाचन सम्पन्न हुने क्रममा रहेको, मध्यपश्चिमाञ्चल विकास क्षेत्रका जाजरकोट, रोल्पा, सल्यान, रूकुम, डोल्पा जस्ता जिल्लाहरूमा माओवादी हिंसा त्रासका कारणले उम्मेदवारी दाखिला हुन नसकेको, मनोनयन पत्र फिर्ता भएको, मतदाता नै मतदानमा नगएको, ५१ वटा जिल्लाका २६ गाविस र ७ नगरपालिकामा २८५ स्थानमा होहल्ला, झगडा र हुलदङ्गा भएको, १८ जिल्लाका ४८ गाविसमा र तीन नगरपालिकाका ५७ गाउँमा कर्मचारी उपर आक्रमण र अभद्र व्यवहार भएको, ३२ जिल्लाका १७२ ठाउँ र ६ नगरपालिकाका २०१ ठाउँमा मतपत्र लुटिएको, नौ जिल्लाका ११ ठाउँमा बम विष्फोटन, २७ जिल्लाका ६८ ठाउँमा प्रहरीले हवाई फायर गर्नुपरेको, निर्वाचन अवधिमा कुटपिट र माओवादी आक्रमणबाट ८४ जनाको मृत्यु, ४८ जना घाइते, २८१ जना पक्राउ परेका तथा ६०६ गाविस र १४ नपाका ६६ ठाउँमा मतदान केन्द्रमा मतदान कार्य स्थगित गरिएको जस्ता घटना प्रस्तुत गर्नुभयो।

यो विषयलाई १२ औं अधिवेशनभरि नै प्रतिपक्ष सांसदहरूले लगातार उठाए। गृहमन्त्रीले हत्यारा पक्राउ गरिएको तथा हत्या कुनै आतंकवादी कारवाही नभएर आर्थिक कारणबाट भएको भनी दिएको जानकारीप्रति आपत्ति गरेका थिए। साथै यस घटनाले विश्वमा नै नेपालको छवि नराम्रो भएको र नेपालमा शान्ति सुरक्षाको स्थिति अत्यन्त खराब भएको रूपमा हेरिने प्रयास भयो। तर सत्तापक्षले यसलाई सामान्य घटना मात्र भएको तस्वीर प्रस्तुत गर्दै रह्यो। राष्ट्रिय सभाको २०५४ असार २२ गतेको बैठकमा उप-प्रधानमन्त्री तथा गृहमन्त्री वामदेव गौतमले लुम्बिनीस्थित विश्व शान्ति स्तूपमा युनाताका नावानामेको हत्याको कारण आर्थिक रहेको सार्वजनिक महत्वको वक्तव्य दिएपछि सांसदहरूले यसबारेमा शंका गरेको देखियो।

२०५४ असार २४ गतेको सदन नेपाल विद्यार्थी संघले आह्वान गरेको उपत्यका बन्दको कार्यक्रममाथि केन्द्रित रह्यो। प्रतिनिधिसभामा बैठकको कारवाही प्रारम्भ हुनासाथ उपत्यका बन्दको सिलसिलामा पक्राउ परेका र घाइते भएका विद्यार्थीहरूबारे गृहमन्त्रीबाट तत्काल सदनलाई जानकारी गराउनु पर्छ भनी माग राख्दै दुई घण्टासम्म उपत्यका बन्द र माओवादी आतंक बारे सत्तापक्ष र प्रतिपक्षका सांसदहरूले बोलेपछि बैठकको नियमित कारवाही सभामुख पौडेलले शुरू गर्न लाग्दा प्रतिपक्ष दल नेपाली कांग्रेसका सांसदहरूले १५ मिनेटका लागि बैठक बहिष्कार गरे। राष्ट्रिय सभामा पनि उपत्यका बन्दको बारेमा गृहमन्त्रीको जवाफको माग राख्दै बैठक अवरूद्ध गरियो र १५ मिनेटको लागि बैठक बहिष्कार भयो। प्रतिपक्षले बैठक बहिष्कार गरेपछि प्रतिपक्षको अनुपस्थितिमा कारवाही अगाडि बढाउने अस्वस्थ परम्परा रहेको भनी सत्तापक्षले धारणा व्यक्त गरेको हुँदा दुवै बैठक स्थगित गरियो। प्रतिपक्षीको मागअनुसार उप-प्रधानमन्त्री तथा गृहमन्त्री बामदेव गौतमले प्रतिनिधिसभा तथा राष्ट्रिय सभाका बैठकमा छुट्टाछुट्टै सार्वजनिक महत्वको वक्तव्य दिई नेपाल विद्यार्थी संघको आह्वानमा २०५४ असार २४ गते भएको उपत्यका बन्दको क्रममा प्रहरीले कहीं कतै लाठीचार्ज नगरेको र कोही पनि घाइते नभएको तर साँझतिर नयाँ बानेश्वरअगाडि गस्ती गरिरहेको प्रहरी भ्यानमाथि आन्दोलनकारीहरूले ढुंगा प्रहार गरेपछि प्रहरीले सामान्य लाठीचार्ज गरेको, तोडफोड र ढुंगा हान्ने काममा सम्लग्न काठमाडौंमा ४२ जना र

ललितपुरमा १२ जनालाई पक्राउ गरेको जानकारी दिनुभयो। तर दुवै सदनका प्रतिपक्षी सांसदहरूले गृहमन्त्रीको यो जवाफ असत्य भएको अनेक प्रमाण प्रस्तुत गर्दै ठूलो असन्तोष व्यक्त गरेका थिए।

२०५४ असार २६ गतेको प्रतिनिधिसभा र राष्ट्रिय सभाको संयुक्त बैठकमा अर्थमन्त्री रवीन्द्रनाथ शर्माले आर्थिक वर्ष ०५४/ ५५ को कुल ६२ अर्ब २ करोड २२ लाख ९४ हजारको अनुमानित आयव्यय विवरण बजेट प्रस्तुत गर्नुभयो। साधारण खर्चतर्फ २७ अर्ब ९८ करोड ३५ लाख ४६ हजार रकम विनियोजन गरिएको यो बजेटले गरिबी निवारणको लक्ष्यलाई प्रभावकारी बनाउने लक्ष्य लिएको छ। बजेटमा उच्चस्तरीय गरीबी निवारण अयोग गठन तथा आयोजनाहरू संचालन गर्ने, कर्मचारीहरूको तलबमानमा वृद्धि गर्ने, चुरोट, मदिरा जस्ता वस्तुको उपयोग दुरूत्साहित गर्न अन्तःशुल्क वृद्धि गर्ने, कृषिजन्य वस्तुहरू तथा सामग्रीमा लाग्दै आएको भन्सारमा छुट दिने, तीन वर्षीय चक्रप्रणालीका आधारमा बजेट तर्जुमा गरिने, गरीबीको रेखामुनिका ४५ प्रतिशत जनताको जीवनस्तर उठाउन प्रयास गरिने, कमैया प्रथा अन्त गर्न विशेष कार्यक्रम संचालन गरिने, ग्रामीण क्षेत्रलाई विकासको केन्द्रविन्दु बनाइने, आफ्नो गाउँ आफै बनाऔं कार्यक्रम अझै अघि बढाउने, उदारीकरण र बजारमुखी अर्थ व्यवस्थालाई व्यापक र सुदृढ गराउँदै लगी उच्च आर्थिक विकासमा व्यवधान हटाउने कुरामा जोड दिइएको छ।

२०५४ असार १९ गतेको निर्णयानुसार विशेष प्रहरी विभागमा नरहरि संग्रौलाको नियुक्तिसम्बन्धी विवाद २०५४ साउन ६ गतेको प्रतिनिधिसभाको बैठकमा प्रारम्भ भयो। यो विवादले प्रतिनिधि सभा र राष्ट्रिय सभाको महत्वपूर्ण समय अधिवेशनभरि नै लियो। यसले उप-प्रधानमन्त्री तथा गृहमन्त्री वामदेव गौतमलाई मात्र विवादमा पारेन, अनियमित तरिकाले भएका प्रशासनिक नियुक्तिसमेत प्रकाशमा आयो। यस सम्बन्धमा राज्य व्यवस्था समितिले छानविनसमेत गरेकोले विशेष महत्व पाएको थियो।

प्रतिनिधिसभाको २०५४ साउन ६ गतेको बैठकमा सभामुख रामचन्द्र पौडेलले सोलुखुम्बुका सांसद बलबहादुर के. सी. लाई गिरफ्तार गरिएको भन्ने सन्दर्भमा नेपाल अधिराज्यको संविधान २०४७ को धारा ६२ को उपधारा ६ तर्फ श्री ५ को सरकारको ध्यानाकर्षण गराउनुभयो। प्रतिनिधिसभाको बैठकमा प्रमुख प्रतिपक्षी दलका प्रमुख सचेतक आनन्द ढुंगानाले सांसद के. सी. लाई जिल्ला विकास समितिको निर्वाचनको सिलसिलामा २०५४ साउन ५ गते गिरफ्तार गरी जिल्ला प्रशासन कार्यालयमा थुनेर राखिएको छ, सदन चलिरहेको बेला सांसदलाई गिरफ्तार गर्नु संविधानको उल्लंघन हो भन्दै यसबारे गृहमन्त्रीको जवाफ माग गरेपछि सभामुखले सो रुलिङ्ग दिनुभएको हो। गृहमन्त्री वामदेव गौतमले नेपाली कांग्रेसका सांसद बलबहादुर के. सी. लाई पक्राउ नगरिएको र अहिले उहाँ आफ्नै जिल्ला सोलुखुम्बुमा भएको कुराको जानकारी दिनु भयो। उप-प्रधानमन्त्री तथा गृहमन्त्री वामदेव गौतमले प्रतिनिधि सभा र राष्ट्रिय सभाको बैठकमा उठेका प्रश्नको जवाफ दिने क्रममा २०५४ असार १९ गते गरिएको जापानी नागरिक युनाताका नावानामीको हत्या हालसम्मको अनुसन्धानबाट धनमाल लुट्ने उद्देश्यबाट अभिप्रेरित भएको, हत्याकाण्डमा रहेका व्यक्तिहरूमध्ये केशव क्षेत्री, शम्भु श्रेष्ठ, वीरेन्द्र जोशी र लक्ष्मण पुनलाई पक्राउ गरिसकिएको र रुपन्देही जिल्लाका नसिबअहमद खाँ र सोही ठाउँ बसिरहेका भारतीय नागरिक अवरार मोहम्मद मुसलमानको खोजी भइरहेको जानकारी दिनुभयो। गृहमन्त्री गौतमले दोलखा जिल्लामा रहेको च्छो-रोल्पा हिमतालबारेमा गरेको प्रबन्धको जानकारीका साथै विशेष प्रहरी विभागमा विगतमा प्रहरी अधिकृत भई श्री ५ को सरकारमा रहेर कार्य गरिसकेका नरहरि संग्रौलालाई विभागमा वरिष्ठ अधिकृत पदमा दुई वर्षका लागि नियुक्ति गरिएको र विगतमा संग्रौलाको कार्य र क्रियाकलापको बारेमा अदालतबाट सफाई पाइसकेको कुरा बताउनुभयो तर गृहमन्त्रीको जवाफले यो विषयको टुङ्गो लाग्नुको सट्टा अरु पेचिलो हुँदै गयो। यसको विरोध प्रतिपक्षका सांसदहरूबाट मात्र नभएर नेकपा (एमाले) का अध्यक्ष मनमोहन अधिकारीलगायतले विरोध गर्नुभएपछि काण्डको रूपमा फेरियो।

राष्ट्रिय सभाको २०५४ साउन ६ गतेको बैठकमा संसदीय व्यवस्था मन्त्री अशोककुमार राईले बहुप्रतीक्षित र चर्चित दल त्याग (सूचनासम्बन्धी) विधेयक २०५३ माथि विचार गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्नुभयो। प्रजातन्त्रको पुनर्स्थापनापछि सांसदहरूको जीवनमा दलीय परिवर्तन सम्बन्धी घटना बढिरहेकोले मुलुक र संसदको वैधता अनुरुप ल्याएको भनी स्पष्टिकरण दिइएको दल त्यागसम्बन्धी विधेयकको सैद्धान्तिक पक्षमाथिको छलफलमा भाग लिदैं सांसदहरुले २०४६ सालको जनआन्दोलनको भावना अनुरूप बहुदलीय प्रजातन्त्रको सुदृढीकरण गर्न, सांसदहरूलाई पार्टी अनुशासनमा राख्न, राष्ट्रिय सहमतिको वातावरण कायम राख्न, सांसदहरुलाई बढी जिम्मेवार बनाउन, सांसदहरूमा देखिएको विसंगति रोक्नको लागि यो विधेयक ल्याइएकोमा सन्तोष व्यक्त गरियो। यो दल त्यागसम्बन्धी विधेयकलाई परिमार्जन गर्न विशेष समितिमा पठाइयो र यो विशेष समितिमा व्यापक संशोधन भएपछि यस विधेयकलाई राष्ट्रिय सभा र प्रतिनिधिसभाबाट पारित भई ऐनको रूप लिएको छ। दल त्याग विधेयकलाई बाह्रौं अधिवेशनको विशेष उपलब्धिको रूपमा लिइएको छ।

प्रतिनिधिसभाको २०५४ साउन ७ गतेको बैठक विनियोजन पुस्तिकाको अभावमा अवरुद्ध हुन पुग्यो। सभामुख रामचन्द्र पौडेलले बजेट वक्तव्यपछि लामो समय प्राप्त हुँदा पनि पुस्तिका उपलब्ध गराउन नसक्नु र यस्तो घटना पहिले पनि नभएकोले सरकारले इतिहासबाट सबक लिन नसकेकोमा चिन्ता व्यक्त गर्नुभयो। विनियोजन पुस्तिका समयमा प्राप्त हुन नसक्दा तीन दिनसम्म बैठकमा कारवाही बढ्न सकेन।

प्रतिनिधिसभाको २०५४ साउन ९ गतेको बैठकमा राप्रपाका विष्णुविक्रम थापाले सिन्धुपाल्चोक जिल्लामा जिल्ला प्रशासनको निगरानीमा एमाले कार्यकर्ताहरूले नेपाली कांग्रेसका विजयी गाविस अध्यक्ष तथा सदस्यहरूलाई धम्की दिए र कुटपीट गर्ने काम गरेकोप्रति सदनको ध्यानाकर्षण गराउनुभयो। नेपाली कांग्रेसका गोपालजीजंग शाहले रूकुमको जिल्ला सदरमुकाम खलंगा बजारमा माओवादीहरूले नेकांका कार्यकर्ताहरूलाई बाइन १२२ थान चिठी कृष्णबहादुर पुनको घरमा छोडेको र उनले २०/२१ वटा चिठी वितरण गरेपछि प्रहरीले पक्राउ गरेको र मानबहादुर खत्रीलाई माओवादीहरूले मारेर खम्बामा बाँधेको बेलामा फेला पारेको जानकारी गराउनुभयो। नेपाली कांग्रेसका सुरेन्द्र हमालले रोल्पामा शेरबहादुर दमाई र उनकी पत्नीलाई माओवादीले हत्या गरेको जानकारी गराउनु भयो।

प्रतिनिधिसभाको २०५४ साउन १० गतेको बैठकमा स्थानीय विकास मन्त्री अमृतकुमार बोहोराले २०५३ साल चैत्रमा अध्यादेशद्वारा ल्याइएको स्थानीय निकायसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक २०५४ प्रस्तुत गर्नुभयो। सो विधेयक स्थानीय निकायलाई पूर्ण स्वशासित बनाउन अधिकारलाई तल्लो तहसम्म लाने संविधानको भावना तथा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको अध्यक्षतामा गठित उच्चस्तरीय प्रशासन सुधार आयोगको सुझावअनुसार ल्याएको र विकेन्द्रीकरण विधेयक छिट्टै प्रस्तुत गरिने जानकारी पनि स्थानीय विकास मन्त्री बोहोराले दिनुभयो। तर विपक्षी सांसदहरूले सदन चल्दाचल्दै ११ औं अधिवेशन बन्द गरी अध्यादेशबाट ल्याएको यो विधेयक निरंकुश चिन्तनको रूपमा रहेको, यसको सैद्धान्तिक पक्ष राम्रो भए तापनि व्यावहारिक पक्ष जटिल र कमजोर भएको, हतारमा आएकोले त्रुटिपूर्ण भएको, विकेन्द्रीकरणको भावनालाई अपहेलना गरेकोले यसले विकृति ल्याउने सम्भावना रहेको आशंका उठाउनुभयो। सत्तापक्षका सांसदहरूले पहिलाको सरकारको चाहनाअनुसार वर्तमान सरकारले ल्याएकोले समझदारीको रूपमा आएको विधेयक र यसले संविधानलाई बलियो र निर्वाचनलाई व्यापक बनाएको विचार व्यक्त गरे। पछि यो विधेयकलाई समितिमा पठाई केही संशोधनसहित संसदको दुवै सदनले पारित गरेर २०५४ मा अध्यादेशद्वारा भएको स्थानीय निकायको संरचनात्मक सुधारलाई निरन्तरता दिने काम भयो।

प्रतिनिधिसभाको २०५४ भदौ १२ गतेको बैठकमा नेपाली कांग्रेसका डा. रामशरण महतले सरकारका नीति तथा कूटनीतिको असफलताका कारण नेपालको छवि घटेको तथा राजदूतावासहरू बन्द भएको कुराप्रति ध्यानआकर्षण गर्दा परराष्ट्रमन्त्री कमल थापाले सो कुरालाई अस्वीकार गरी अन्तर्राष्ट्रिय जगतमा नेपालको प्रतिष्ठा र छवि बढेको, विदेशी सहयोगमा वृद्धि भएको, इटालीले आफ्नो दूतावास आर्थिक कारणले बन्द गरेको तथा श्रीलंकाका राजदूतको कार्यकाल सकिएकोले मात्र राजदूत खाली रहेको स्पष्ट पार्नुभयो। उहाँले भारतीय प्रधानमन्त्रीको नेपाल भ्रमणका अवसरमा दुई देशबीचको सीमा, कालापानी क्षेत्रको सम्बन्धमा आधिकारिक वार्ता भएको, दुई देश बीच सीमा निर्धारण गर्न महत्वपूर्ण तयारी भइरहेको तथा सन् १९५० को शान्ति तथा मैत्री सन्धिबारे दुवै देशले वार्ता गर्ने निश्चित भएको जानकारी गराउनुभयो। सोही बैठकमा सांसदहरूले शून्य समयमा उठाएका प्रश्नहरूको मन्त्रीहरूले जवाफ नदिएको गुनासो गरेपछि सभामुख रामचन्द्र पौडेलले शून्य समयमा सांसदहरूले उठाएका प्रश्नको मन्त्रीहरूलाई जवाफ दिन निर्देशन (रूलिङ्ग) दिनु भयो। सदनमा मन्त्रीहरूले सांसदहरूको प्रश्नको जवाफ नदिई संसदलाई नै उपेक्षा गरेको आरोप सांसदहरूले बारम्बार लगाएको र मन्त्रीले संसदमा उठेका कुराहरूलाई जवाफ नदिई टार्ने गुनासो सधैं रहेको देखिन्छ।

प्रतिनिधिसभाको २०५४ साउन १३ गतेको बैठकमा शून्य समयमा मुलुकको शान्ति सुरक्षा तथा बाढी रोकथाम पार्ने कुरातर्फ बढी केन्द्रित रह्यो। नेकपा (एमाले) का पुष्पराज पोखरेलले जेलका कैदीहरूलाई वर्षको २ जोर कपडा उपलब्ध गराउनुपर्ने माग गर्नुभयो। नेपाली कांग्रेसका ध्रुवराज लम्सालले प्लाष्टिक पउँचमा पाइने रक्सीले विद्यार्थीहरू बिगारेकोले पोको रक्सीको उत्पादन बन्द गर्नुपर्ने माग गर्नुभयो। नेपाली कांग्रेसका बलबहादुर के. सी. ले सोलुखुम्बु जिल्लामा १५० जना नेपाली कांग्रेसका कार्यकर्तालाई ज्यान मार्ने उद्योगमा झुटा मुद्दा लगाई फसाउने काम सरकारले गरिरहेको जानकारी दिनुभयो। मीना पाण्डेले समाज कल्याण मन्त्रालयले विभिन्न मानवाधिकारवादी संस्थाहरूलाई रू. ८० लाख रूपैयाँ उपलब्ध गराएकोबारे सत्यता जान्न खोज्नुभयो। सो दिनको प्रतिनिधिसभा कक्षको माइकहरू मुसाले काटिदिएकोले ६० वटा माइक चल्न नसकी कार्यक्रम संचालन गर्न निकै असुविधा भयो।

संसदमा २०५४ साउन १४ गतेदेखि गाउँ विकास समितिमा कार्यरत चार हजार प्राविधिक सहायकहरूलाई साउन मसान्तबाट म्याद नथपी हटाउने स्थानीय विकास मन्त्रालयको निर्णयले एकाएक गर्मागर्मी शुरू भयो। प्रतिनिधिसभाको २०५४ साउन १४ गतेको बैठक प्रारम्भ हुनासाथ प्रतिपक्षका सांसदहरूले प्राविधिक सहायकहरूलाई अचानक हटाउने निर्णय गरिएको र सो निर्णयको विरोधमा २०५४ साउन १३ गते स्थानीय विकास मन्त्रालयमा धर्ना दिइरहेका प्राविधिक सहायकहरू माथि प्रहरी दमन भएकोमा तीव्र आक्रोस व्यक्त गर्नुका साथै बैठक बहिष्कार पनि गरे। विगत सरकारले सारा प्रक्रिया पूरा गरी राखिएका प्राविधिक सहायकलाई एकजना मन्त्रीले निर्णय गरी निकाल्न नसकिने र उनीहरूले आफ्नो हक हितकाबारे शान्तिपूर्ण ढंगले सडकमा उत्रेर विरोधमा आवाज उठाएकोमा सरकारले प्रहरीद्वारा कुटपीट गरी घाइते पारेको, पक्राउ गरेकोबारे सरकारले जवाफ दिनुपर्ने विचार राख्नुभएको थियो। सत्तापक्षका सांसदहरूले यी प्राविधिकहरू व्यवस्थित प्राविधिक नभएर राजनीतिक कार्यकर्ता भएका, प्राविधिक ज्ञान नभएका व्यक्ति भएकाले उनीहरूको सट्टा वास्तविक प्राविधिज्ञहरू राखिनुपर्ने तथा उनीहरूमाथि प्रहरी ज्यादति

नभएको भनी दावा गर्नुभयो। यस विषयमा तत्काल प्राविधिक सहायकलाई नहटाउने गरी म्याद नथपेसम्म सदनको कारवाहीमा स्पष्ट प्रभाव परिरह्यो।

प्रतिनिधिसभाको २०५४ साउन १४ गतेको बैठकमा परराष्ट्र मन्त्री कमल थापाले बेलायती सेनामा कार्यरत् बेलायती गोर्खाली सेनाको पेन्सनलगायत् अन्य सुविधा सम्बन्धमा संयुक्त अधिराज्यले गोर्खाली सेनाले पाउने तलब सुविधा बेलायती सेनाले पाउनेसरह हुने, साजेन्टभन्दा माथिल्ला दर्जाका सैनिकले आफ्नो परिवार आफू खटिएको स्थानमा नोकरी अवधिभरका लागि र सोभन्दा तलकाले एकपटक तीन वर्षका लागि पाउने, गोर्खाली सैनिकका बालबालिकाका लागि शैक्षिक भत्ता दिइने कुराको जानकारी गराउनुभयो। यसको साथै भारतका प्रधानमन्त्री नेपालको भ्रमणमा आउँदा भूटानी शरणार्थीलाई स-सम्मान स्वदेश फर्काउन मित्रराष्ट्र भारतको सहयोगको लागि अनुरोध गरेकोमा भारतले नेपाल र भूटानको समस्यामा तत्काल हात हाल्न नचाहेको र भूटानी शरणार्थी समस्याको टुङ्गो द्विपक्षीय वार्ताद्वारा समभदारी विकास गरी गरिने जानकारी गराउनुभयो। राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद पद्मसुन्दर लावतीले सुकुम्बासी समस्या समाधान गर्न जिल्ला जिल्लामा आयोग गठन गरी यथाशीघ्र काम शुरू गर्न आग्रह गर्नुभयो। साथै उहाँले पाँचथर जिल्लामा भएको खाद्यान्न समस्याको समाधान र विनाकारण निर्दोष राजनीतिक कार्यकर्तामाथि लगाइएको मुद्दा सर्वदलीय सहमतिको आधारमा फिर्ता गर्न तथा कर्मचारीलाई जेष्ठताको आधारमा मात्र बढुवा गर्नेतर्फ ध्यानाकर्षण गराउनुभयो।

प्रतिनिधिसभाको २०५४ साउन १५ को बैठक संसद र सांसदको मर्यादाको विषयमा केन्द्रित रह्यो र त्यसपछिका दिनहरूमा पनि यसले गम्भीर प्रभाव पारेको देखिन्छ। त्यस दिनको बैठकमा नेकपा (एमाले) का सांसद हरि बैरागी दाहालले एक पुरूष सांसदले सुत्केरी औषधी र मृत्यु सैयामा पुगेको अवस्थामा प्रयोग गर्ने औषधीको समेत बिल बनाई रकम लिएको समाचार एक पत्रिकामा प्रकाशित भएको सन्दर्भ उल्लेख गर्दै यसबारे विवरण माग गर्नुभएपछि यस सम्बन्धमा सांसदहरूले प्रश्न उठाई सांसदहरूको गरिमा हनन् गर्न खोजेको कुरा उठाउनुभयो। नेपाली कांग्रेसका चिरञ्जीवी वाग्लेले पुरूष सांसदहरूले यसरी सुत्केरी खर्चको बिल बनाई औषधी खर्चको रकम लिएको भए त्यो सार्वजनिक हुन पर्ने माग गर्नुभयो। सांसद नारायणमान बिजुक्छेले पनि सांसद औषधी खर्चसम्बन्धी अभिलेख सार्वजनिक गर्ने माग गर्नु भएपछि सभामुख रामचन्द्र पौडेलले औषधी उपचारका निमित्त सांसदहरूले नियमानुसार पाउने सुविधामा रोक लगाउन नसकिने, सांसदहरूलाई औषधी उपचारका लागि सुविधा दिने व्यवस्था नियममा नै भएको, त्यसमा सभामुखले स्वविवेकको प्रयोग गर्ने ठाउँ नभएको, सांसदहरूलाई बढी खर्च निकासा गर्नु पर्ने भएमा त्यसबारे निर्णय गर्न चिकित्सक, कविराज र सांसद सम्मिलित समिति कार्यरत रहेको तथा सांसदहरूलाई दिने गरिएको औषधी उपचार खर्चको अभिलेख गोप्य नभएर पारदर्शी भएकोले त्यसबारे पत्रपत्रिकाहरूले अतिरञ्जित गरी सदन र सांसदहरूको चरित्र हत्या गर्ने जस्ता कुरामा सजग रहन आग्रह गर्नुभयो।

संसदमा प्रतिपक्ष दलका साथै सत्तापक्षका राष्ट्रिय प्रजातन्त्र पार्टीका लोकेन्द्रबहादुर चन्द विरोधी खेमाका सांसदहरूले सत्ताको आलोचना गर्ने कार्य प्रारम्भदेखि भए पनि प्रतिनिधिसभाको २०५४ साउन १९ गतेको बैठकमा नेकपा (एमाले) बाट सरकारको काम कारवाहीप्रति असन्तोष व्यक्त भयो। प्रतिनिधिसभाको सो बैठकमा विशेष समय लिएर बोल्दै नेकपा (एमाले) का अध्यक्ष तथा संसदमा प्रतिपक्ष दलका नेता मनमोहन अधिकारीले सत्तापक्षले प्रतिपक्षलाई सम्मान गर्ने परम्परा बसाल्नुपर्ने, संसदमा प्रतिपक्षी सांसदहरूले उठाएका कुराहरूको सन्तोषप्रद जवाफ दिनुपर्ने, सत्तापक्षले विपक्षलाई वास्ता गर्दैन भन्ने परम्परा बसाल्न नहुने, मूल्य र मान्यताको राजनीति गर्ने कुरामा को कति प्रतिबद्ध हो भन्ने सोच्ने बेला आएको, नेकपा (एमाले) र नेपाली कांग्रेस आजसम्म जुन मूल्य र मान्यताका वाहक भएर आएका थियौं, त्यसमा अहिले ह्रास आएको र मन्त्रीहरूसमेतबाट मूल्य र मान्यताको राजनीतिप्रति ध्यान नदिएको कुराप्रति ध्यान आकर्षित गर्नुभयो। त्यसै बैठकमा प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले वर्तमान सरकारले आफ्नो सत्ता जोगाउन कुनै पनि अवाञ्छित तौर-तरिका नअपनाउने र राजनीतिमा कुनै विकृति नपसोस् भन्ने सरकारको चाहना रहेको स्पष्ट गर्नुभयो।

प्रतिनिधिसभाको २०५४ साउन २० गतेको बैठक संसद हाताबाट नेपाल विद्यार्थी संघका अध्यक्ष गोविन्द भट्टराईलाई विनापूर्जी पक्राउ गरिएको विषयलाई लिएर एक घण्टासम्म अवरूद्ध रह्यो। नेपाली कांग्रेसका सांसदहरूले संसद हाताबाट भट्टराई गिरफ्तार भएकाले संसदको मान हानी भएको र गृहमन्त्रीले सदनसमक्ष माफी माग्नुपर्ने कुरा उठाएपछि अवरूद्ध भएको बैठक सभामुख पौडेलले यो गिरफ्तारी संसद हाताबाट नभएको जानकारी दिएपछि चालु भयो। त्यसपछि शुरू भएको श्रम मन्त्रालयअन्तरगतको विनियोजन शीर्षकमाथि भाग लिंदै सबै पक्षका सांसदहरूले बालश्रम हटाउन ठोस कार्यक्रम ल्याउनुपर्ने, विदेशमा जाने श्रमिकलाई शिपमूलक तालिम दिनुपर्ने, विदेश पठाउँदा ठगी गर्नेहरूमा यी कारवाही गर्नुपर्ने, आदिवासीलाई शीपमूलक तालिम दिनुपर्ने, कृषि श्रमिकको ज्याला तोकिनुपर्ने, कमैयाहरूलाई घरबास उपलब्ध गराउनुपर्नेबारेमा विचार अभिव्यक्त गर्नुभएको थियो। साथै आधाभन्दा बढी जनसंख्या महिलाको रहेकोमा नारकीय जीवन यापन गरिरहेका ३५ जना महिलालाई र कमैया उन्मूलनका लागि २ सय जना महिलालाई तालिम दिने काम अपर्याप्त भएको, ऊनी गलैंचा र बालश्रम निवारणमा १७ लाख छुट्याएको, १५० जना श्रमजीवी महिलाको तालिमको कुरा हाँस्यास्पद भएको भनी सरकारको नीतिको आलोचना पनि गर्नुभयो।

विधि निर्माण तथा संसदका गतिविधिलाई बढी प्रभावकारी बनाउन बसेको बैठकमा सांसदहरू तथा

मन्त्रीहरूले सदनको बैठकमा सांसदहरूको उपस्थितिमा कमी, विना तयारी प्रस्तुतिकरण र सहभागितामा कमी रहेको कुरा स्वीकार गरे। सभामुखले सांसदहरूको उपस्थितिको लागि सम्बन्धित दलहरूले नै सजग हुनुपर्ने र बैठकमा कैयन पटक गणपुरक संख्या नै नपुग्ने स्थिति उत्पन्न भएकोले सभदप्रति सांसद र राजनीतिक दलहरूको चासो कम भएको हो कि भन्ने प्रश्न उठेको उल्लेख गर्नुभयो। सो बैठकले प्रतिनिधिसभाको बैठक १ बजे गर्ने र सम्बन्धित विषयमा छलफल हुँदा मन्त्रीहरु उपस्थित रहनुपर्ने तथा मन्त्रीहरूले सार्वजनिक चासोको विषयमा मौन हुन नहुने निर्णय गऱ्यो।

प्रतिनिधिसभाको २०५४ साउन २० गतेको बैठकको शून्य समयमा सांसदहरूले आतंककारी र विध्वंसात्मक अपराध नियन्त्रण विधेयक नल्याउन, स्याङ्जा जिल्लामा बढेको आतंककारी गतिविधि रोक्न, स्याङ्जा जिल्ला १२ नं. क्षेत्रमा प्रहरी चौकी स्थापना गर्न, रासायनिक मलको कृत्रिम अभाव रोक्न तथा बाढी र पहिरोको समस्या, झाडा पखाला र अस्पतालमा डाक्टरको अभावको विषयमा सदनको ध्यानाकर्षण गर्नुभयो। प्रतिनिधिसभाको २०५४ साउन २२ गतेको बैठकमा नेकाका सांसद अर्जुन नरसिंह केसीले असार र साउनमा मात्र काठमाडौंमा २४२ घटना भएको र मुलुकभर आपराधिक घटना बढेकोमा सरकारको ध्यान नगएको जानकारी गराउनुभयो। कमला पन्तले गोरखा जिल्लामा माओवादी गतिविधि बढेकोले गृह मन्त्रालयले दह्रो कारवाही गर्नुपर्ने माग गर्नुभयो। सांसद गोविन्दराज जोशीले नेपाल कोल लिमिटेडका ८० जना कर्मचारी हटाउन लागेकोमा आपत्ति गर्नुभयो।

राष्ट्रिय सभाको २०५४ साउन २४ गतेको बैठकमा प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले सेती अंचलको डोटी जिल्लामा सम्पन्न गरिने ३ अर्व २० करोड किलोवाट क्षमताको एक अर्व अमेरिकी डलर खर्च हुने पश्चिम सेती जलविद्युत् आयोजना सर्वदलीय सहमति कायम गरेर कार्यान्वयन गर्ने, नेपालमा कुल १ लाख ३६ हजार ३ सय भूपू सैनिक रहेको र तीमध्ये शाही नेपाली सेनाका २२ हजार ३ सय भारतीय सेनाका ७० हजार तथा बेलायती सेनाका ३७ हजार रहेका र भूपू सैनिकलाई विभिन्न सरकारी तथा गैर सरकारी क्षेत्रमा काम लगाई तिनको सीपको उपयोग गरेको तथा राष्ट्रिय जनजाति प्रतिष्ठान स्थापना गरिने, राष्ट्रिय जनजाति दलित तथा आदिवासी विकास र विशेष जनजाति कार्यक्रम लागू गरिने, दलित बाल-बालिकाका लागि छात्रवृत्तिको व्यवस्था गरिने जानकारी गराउनुभयो।

प्रतिनिधि सभाको २०५४ साउन २४ गतेको बैठकमा उपप्रधानमन्त्री तथा गृहमन्त्री बामदेव गौतमले सांसदहरूको बारम्बार माग पछि नरहरी संग्रौलाको विवादास्पद नियुक्ति बारे सरकारले संविधान, मन्त्री परिषद्को अन्तर्निहित अधिकार र मन्त्री परिषद्को कार्य सम्पादन नियमावलीबाट प्रदत्त अधिकार अनुरूप नै विशेष प्रहरी विभागमा नियुक्ति गरेको, संग्रौलाले २०५४ साल जेष्ठ २४ गते करारमा सेवा गर्न पाउँ भनी गृह मन्त्रालयमा निवेदन दर्ता गराएको र विशेष प्रहरी विभागमा दक्ष जनशक्तिको आवश्यकता रहेको जानकारी प्राप्त भएपछि निजलाई "ज्याला" स्वरूप प्रथम श्रेणीको सुविधा पाउने गरी विशेष प्रहरी विभागमा नियुक्ति गरिएको तथा यस सम्बन्धमा समितिमा छानविन भइरहेकोले अरू प्रतिक्रिया दिन नचाहेको कुरा राख्नु भयो।

प्रतिनिधिसभाको २०५४ साउन २६ गतेको बैठकमा सांसदहरूको प्रश्नको जवाफ दिने क्रममा उपप्रधानमन्त्री तथा गृहमन्त्री बामदेव गौतमले मुलुकका राजनीतिक पीडितहरूलाई सहयोग गठित राजनीतिक पीडित सहायता समितिद्वारा रू. ९ करोड १३ लाख ३२ हजार ३ सय ३३ वितरण गरिएको, राजनीतिक कारणले जफत भएको सम्पत्ति फिर्ता गर्ने र क्षतिपूर्ति दिने कार्य जारी रहेको, मुलुकका केन्द्रीय कारागारहरूको भौतिक स्थितिमा सुधार ल्याउने उद्देश्यले श्री ५ को सरकारद्वारा कारागार भौतिक व्यवस्थापन अध्ययन दल गठन भएर काम भइरहेको र सो दलको प्रतिवेदनका आधारमा अल्पकालीन र दीर्घकालीन योजना तयार गर्ने, राष्ट्रभर अमन चैन कायम गराउन नेपाल प्रहरी दत्तचित्त रहेको र प्रहरी ऐन अनुसार कार्यरत् नेपाल प्रहरी कुनै पनि अमर्यादित राजनीतिक हस्तक्षेपमा संलग्न नहोस् भनी नेपाल प्रहरी र श्री ५ को सरकार सतर्क र सचेत रहेको जानकारी दिनु भयो। प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले सरकार र अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यक्षेत्रको बीचमा रहेको भ्रम निवारण गर्न र भ्रष्टाचारसम्बन्धी कानूनलाई स्पष्ट बनाउनका लागि विभिन्न निकायबीच बैठक राखिने र भ्रष्टाचार नियन्त्रण गर्न सरकार दृढ रहेको स्पष्ट पार्नुभयो।

प्रतिनिधिसभाको सोही दिनको बैठकमा प्रतिनिधि सभा नियमावलीको नियम १०५ निलम्बन गरी श्री ५ को सरकारले नेपाल नागरिकता (छैटौं संशोधन) विधेयक २०५३ फिर्ता लियो। यो विधेयक अघिल्लो सरकारले सदनमा प्रस्तुत गरी समितिमा रहेको थियो। साथै स्थानीय निकायसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक २०५४ पारित गऱ्यो। सोही बैठकमा नेपाली कांग्रेसका बलबहादुर के. सी. ले पूर्वमा खुम्बुआन मुक्ति मोर्चाको नाममा गाउँ-गाउँमा आतंक मच्चाउने काम भएको, यसै क्रममा भोजपुरको दिङ्लामा संचालित संस्कृत पाठशालामा बम पड्काएको, सरकार शान्ति सुरक्षा गर्न असफल रहेको, गृहमन्त्री र प्रधानमन्त्रीको सल्लाहकारको आदेशमा सोलुखुम्बु जिल्लामा २ सय ५० जना नेपाली कांग्रेसका कार्यकर्तालाई ज्यान मार्ने र डकैत मुद्दा लगाएको, प्रहरीले विनापूर्जी खानतलासी लिने र महिलामाथि हातपात गरी दुःख दिएको र २ महिनादेखि बेपत्ता पारिएका कृष्णबहादुर बस्नेतलाई अझै फेला पार्न नसकिएकोप्रति सदनको ध्यान आकर्षण गर्नुभयो। सोही दिनको राष्ट्रियसभामा नेपाली कांग्रेसका सांसद दुर्गादेवी भट्टराईले प्रतिनिधिसभाका पुरुष सांसदले सुनकेरी खर्च लिएको सम्बन्धमा जानकारी माग्नुभयो।

राष्ट्रिय सभाको २०५४ साउन २६ गतेको बैठकमा

नेकपा (एमाले) का सांसद प्रदीप नेपाल प्रस्तावक भएको गृह मन्त्रालयद्वारा आर्थिक सहायता प्रदान गर्नका लागि निश्चित मापदण्ड कायम गरी त्यसको समुचित उपयोग गरियोस् भन्ने सार्वजनिक महत्वको प्रस्तावमाथि छलफल भयो। सांसदहरू शंकर उप्रेती, सुनिलकुमार भण्डारी, जगनाथ पौडेल, भीमबहादुर श्रेष्ठ, मोहमद मोहसिन र शारदा पोखरेलले छलफलमा भाग लिन उठाउनुभएको प्रश्नको जवाफमा उपप्रधानमन्त्री तथा गृहमन्त्री बामदेव गौतमले आर्थिक अभावको कारणले सामाजिक जीवनमा गम्भीर समस्या पर्न सक्ने अवस्थामा तत्कालीन समस्या समाधान गर्नका लागि गृह मन्त्रालयले औचित्य हेरी आर्थिक सहायता दिने गरेको, असहाय दीन दुःखीले भोग्नुपरेको समस्या तत्कालीन रूपमा समाधान गर्न र आपत खेप्न परेका, अचानक घाइते भएका, बेखर्ची बनेका नागरिकलाई न्यूनतम खर्च उपलब्ध गराउनु मानवीय दृष्टिकोण र राष्ट्रको दायित्वभित्र पर्ने भएकोले निश्चित मापदण्ड र आधार बनाई आर्थिक सहायता वितरण गर्ने सोचाई राखेको, आर्थिक वर्ष २०५३/५४ भित्र रू ८३ लाख ५९ हजार २ सय ९ वितरण गरेको, मन्त्री परिषद्को निर्णयअनुसार ६१ जनालाई ६४ लाख ६० हजार औषधोपचारको लागि खर्च दिएको, २०५३ चैत्रदेखि २०५४ असारसम्म मन्त्री परिषद्को निर्णयअनुसार रू ६७, लाख ९३ हजार ४ सय ७७ खर्च दिएको र सरकार आफ्ना केही कुराबाहेक सम्पूर्ण कुरा पारदर्शी बनाउन तयार रहेको बताउनुभयो।

बहुप्रतीक्षित तथा बहुचर्चित महिलालाई सम्पत्तिमा जन्मसिद्ध अधिकार दिने विधेयक मुलुकी ऐन (एघारौं संशोधन) विधेयक २०५४ प्रतिनिधिसभाको २०५४ साउन २७ गतेको बैठकमा कानून तथा न्यायमन्त्रीको तर्फबाट राधाकृष्ण मैनालीले प्रस्तुत गर्नुभयो। सोही बैठकमा महिला तथा समाज कल्याणमन्त्री श्रीमती सहाना प्रधानले श्री ५ को सरकारले महिला बेचबिखन तथा देह व्यापारलाई रोक्न जनचेतना जगाउने उद्देश्यले वृहत् कार्य अभियानको रूपमा संचालन गरेको, यो समस्यालाई रोक्न निजी क्षेत्र र गैरसरकारी क्षेत्रसमेतको सहभागितामा देह व्यापारविरूद्ध अभियान संचालन गरिने, यौन शोषणबाट पीडित पक्षलाई पीडकबाट हर्जना दिलाउनेतर्फ प्रयास गरिने, महिलाहरूको निमित्त गरीबी निवारण र रोजगार प्रवर्द्धनका निमित्त कार्यक्रम संचालन गरिने, परिवार अदालत गठन गर्न प्रयास गरिने, स्थानीय निकायमा २० प्रतिशत महिला सहभागी गराएर देश विकास कार्यमा सहभागी गराउने तथा परित्यक्ता र अशक्त वृद्ध वृद्धाको सरोकारलाई लिएर श्री ५ को सरकार र निजी क्षेत्रलाई समावेश गरी वृद्धाश्रम समाज कल्याण केन्द्र गठन भई कार्यरत भएको कुरा सांसदहरूको प्रश्नको जवाफमा जानकारी गराउनुभयो।

राष्ट्रिय सभाको २०५४ साउन २९ गतेको बैठकमा माओवादी समस्या र मदिरा नियन्त्रण सम्बन्धमा गम्भीरतापूर्वक छलफल भयो। राष्ट्रिय सभाको बैठकमा नेकपा (एमाले) का युवराज ज्ञवालीले माओवादी समस्यालाई गंभीरतापूर्वक ग्रहण गर्दै समस्या समाधानका लागि माओवादी प्रभावित क्षेत्रमा विकास निर्माण र रोजगारी मूलक कार्यक्रमहरू गर्न सरकार गम्भीर नभएको भनी जरूरी सार्वजनिक महत्वको प्रस्ताव प्रस्तुत गर्नुभएपछि यसबारे गम्भीर छलफल भयो। प्रस्ताव प्रस्तुत गर्ने काममा सांसद ज्ञवालीले माओवादी समस्या कुनै एक राजनीतिक दलको मात्र समस्या नभई सिंगो राष्ट्रको नै समस्या भएकोले राजनीतिक पार्टीहरूले आफ्ना गल्ती र भ्रमहरू केलाई सामूहिक एकताको आधारमा राजनीतिकरूपले समाधान गर्न पहल नगरेमा यसले बहुदलीय व्यवस्थाप्रति नै अनास्था फैलन गई नेपाली समाजलाई प्रतिगमनतर्फ धकेल्ने, यो आन्दोलन उग्रवामपन्थी विचारबाट प्रेरित भएको र यस आन्दोलनमा प्रहरीहरूबाट ७३ जना र माओबादीबाट ५० जनाको हत्या भएको जानकारी गराउनु भयो। ८ जना सांसदहरूले माओवादी समस्याका विविध पक्षबारे गम्भीर छलफल गरेपछि सरकारको तर्फबाट उप-प्रधानमन्त्री तथा गृहमन्त्री बामदेव गौतमले माओवादी समस्या राजनीतिक समस्या भएकोले यसलाई राजनीतिकरूपले नै सुल्झाउनका लागि राष्ट्रिय एकताको आवश्यकता छ। मानव अधिकारको उल्लंघन हुन नदिन, जनताको जीउधनको सुरक्षा गर्न र शान्ति सुरक्षा कायम गर्न सबैलाई कानूनको दायरामा ल्याउनुपर्ने र यस समस्याको समाधानको लागि सरकार माओवादीहरूसंग वार्ता गर्न तयार रहेको स्पष्ट गर्नुभयो। साथै नेपाली कांग्रेसका सांसद भीमबहादुर श्रेष्ठले मधपान नियन्त्रण गर्नेतर्फ महिलाहरूले देखाएको विशेष चासोलाई सरकारले पनि टेवा दिंदै क्रमिक रूपमा मदिरा निषेधित क्षेत्र घोषणा गर्दै लगेमा नियन्त्रणतर्फ टेवा पुग्नेबारेमा ध्यानाकर्षण गर्दा उपप्रधानमन्त्री तथा गृहमन्त्री बामदेव गौतमले मुलुकमा सामाजिक विकृतिको साथै शान्ति सुव्यवस्थामा समेत प्रतिकूल प्रभाव पार्ने मादक पदार्थ नियन्त्रण गर्न सरकार सचेत रहेको र सो समस्या समाधान गर्न सचेत जनसमुदाय र प्रवुद्ध वर्गको सहयोग जरूरी रहेको तथा मदिराको बिक्री राजमार्गको खास सीमामा मात्र गर्न दिने सोचाई भइरहेको जानकारी गराउनुभयो।

प्रतिनिधिसभाको २०५४ साउन २७ गतेको बैठकमा प्रस्तुत भएको महिला अधिकार सम्बन्धी मुलुकी ऐन (एघारौं संशोधन) २०५४ माथि २०५४ साउन २९ गतेको बैठकमा सैद्धान्तिक छलफल हुँदा सांसदहरूले यस विधेयकले महिलाको पूर्ण संरक्षण गर्न नसक्ने, बाध्यात्मक गर्भधारण र बाध्यात्मक बन्ध्याकरण दुवै हुनु नहुने, पारिवारिक न्यायालयको व्यवस्था हुनुपर्ने, यस विधेयकबाट पारिवारिक विखण्डन आउन दिनु नहुने, यसबाट पितृसत्तात्मक व्यवस्था अन्त गर्न नसकेको भनी विधेयकलाई अपूर्ण भएको टिप्पणी गरे। साथै यसले महिलाको अधिकारको लागि एक कदम अघि बढेको कुरामा सांसदहरूको सहमति रह्यो। सांसदहरूको प्रश्नको जवाफमा न्याय तथा कानून मन्त्री प्रेमबहादुर सिंहले महिलालाई सशक्तिकरण गर्न र भेदभावपूर्ण कानूनहरूलाई अन्त गर्न संविधान बनाउँदा नै सहमति

भइसकेकाले वर्तमान सरकार महिलालाई संविधानले प्रत्याभूति गरेको अधिकार दिन तत्पर रहेको र यो समाजलाई दूरगामी प्रभाव पार्ने र राष्ट्रिय सरोकारको विषय भएकोले यसमा राष्ट्रिय सहमति कायम गर्नु जरुरी रहेको धारणा व्यक्त गर्नुभयो।

प्रतिनिधिसभाको साउन ३१ गतेको बैठकमा नेपाली कांग्रेसका चिरञ्जीवी वाग्लेले काठमाडौं नगरपालिकाले दुई वटा भाषालाई कामकाजको भाषा बनाएकोले नेकपा (एमाले) ले संविधान मिचेको आरोप लगाउनुका साथै यसरी देशका विभिन्न मातृभाषालाई सरकारी चलन चल्तीमा ल्याउने हो भने संविधान नै संशोधन गरिनुपर्ने विचार राख्नुभयो। तर सांसद नारायणमान बिजुक्छेंले नेपालका विभिन्न भाषा-भाषीले आफ्नो मातृभाषा प्रयोग गर्न पाउनुपर्छ भन्दै काठमाण्डौं महानगरपालिकाले स्थानीय भाषा प्रयोग गरेकोलाई स्वागत गर्नुभयो। प्रतिनिधि सभाको सोही बैठकले वैदेशिक रोजगार (दोस्रो संशोधन) २०५४ पनि पारित गर्‍यो। राष्ट्रिय सभाको बैठकमा नेपाली कांग्रेसका जीवनप्रेम श्रेष्ठले गोरखा जिल्लामा माओवादीहरूले आतंक सृजना गरेको र अहिले "चन्दा संकलन आतंक" संचालन भइरहेकोले यसको नियन्त्रणका लागि प्रभावकारी कदम चाल्न आग्रह गर्नुभयो।

प्रतिनिधिसभाको भदौ १ गतेको बैठकमा सांसदहरूद्वारा मुलुकमा भइरहेको आतंककारी गतिविधि सम्बन्धमा प्रधानमन्त्रीको अभिव्यक्ति र प्रस्तावित आतंकवाद नियन्त्रण विधेयकबारे प्रश्न उठाएपछि सभामुख रामचन्द्र पौडेलले मुलुकको आतंकवादी समस्या निराकरणका लागि सरकारले आफ्नो स्पष्ट दृष्टिकोण राख्नुपर्ने र सदनको विश्वास लिएर अगाडि बढ्नुपर्ने निर्देशन दिनुभयो। उहाँले भय र आतंकबीच प्रजातन्त्र बाँच्न नसक्ने र भय रहित जीवन यापन गर्न गतिरोध आउनु प्रजातन्त्रमाथि चुनौती भएको धारणा पनि राख्नुभयो। सो दिन आतंकवादबारे प्रतिपक्ष र सत्तापक्षबीच आरोप-प्रत्यारोप चल्यो। सोही दिन सांसदहरूको प्रश्नको जवाफमा प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले कालिगण्डकी "ए" बाट प्रभावित परिवारका कम्तिमा एकजनालाई सीपमूलक तालिम दिई परियोजनामा काम दिने, विस्थापित परिवारलाई क्षतिपूर्ति र यस परियोजनाले छोएका जिल्लामा विद्युतिकरण गर्ने कुराको जानकारी गराउनुभयो। प्रतिनिधिसभाका विशेष समय लिएर बोल्दै नेकपा (एमाले) का देवबहादुर पौडेल क्षेत्रीले पर्वतको भोर्ले गाविस वार्ड नं ४ का वृषबहादुर गुरूङ्गको साउन २६ गते हत्या भएको घटनाको छानबिन गरी हत्यारामाथि कारवाही र पीडित परिवारलाई क्षतिपूर्तिको माग गर्नुभयो। सोही दिन राष्ट्रिय सभामा नेपाली कांग्रेसका डा. शंकर उप्रेतीले दैनिक जीवनलाई अस्तव्यस्त पार्ने गरी बन्द आह्वान गर्ने परम्परा बढ्दै गइरहेकोले बन्द आह्वान गर्ने संघ-संस्थासंग बन्दको स्थिति आउनुपूर्व वार्ता गरी समाधान खोज्ने परम्पराको थालनी गरिनुपर्ने सुझाव राख्नुभयो। नेकपा (एमाले) का सुरेन्द्र पाण्डेले सुकुम्बासी र मजदुर समस्याबारे संसदको ध्यानाकर्षण गर्नु भयो।

प्रतिनिधि सभाको भदौ ४ गतेको बैठकमा महिला तथा समाज कल्याण मन्त्रालय शीर्षकमाथिको छलफलमा भाग लिने सांसदहरूले देह व्यापार र चेलीबेटी बेचबिखन नियन्त्रण गर्न प्रभावकारी कार्यक्रम संचालन गर्नुपर्ने, महिलालाई सुरक्षित गर्न पारिवारिक अदालतको स्थापना तथा बालश्रम र बालबालिकाको बेचबिखन नियन्त्रणका लागि कडा कानून बनाउनुपर्ने, चेलिबेटी बेचबिखन नियन्त्रणका लागि प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय समिति गठन गर्नुपर्ने, महिला र पुरूषबीचको असमानता र भेदभाव हटाउन तथा समाजका तिरस्कृत महिलालाई आश्रयको व्यवस्था हुनुपर्ने, महिला प्रहरी सेल स्थापना गर्नुपर्ने जस्ता कुरामा जोड दिनुभयो।

प्रतिनिधिसभाको भदौ ५ गतेको बैठकमा बहुचर्चित नरहरि संग्रौलाको नियुक्तिसम्बन्धी राज्य व्यवस्था समितिको प्रतिवेदन सभापति पूर्णबहादुर खड्काले प्रस्तुत गर्नुभयो। यस प्रतिवेदनमा विशेष प्रहरी विभागमा संग्रौलाको नियुक्ति प्रक्रिया पूरा नगरी भएको ठहर गरिएको छ। सोही बैठकमा विशेष समय लिएर नेपाली कांग्रेसका सांसद तथा पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले सरकारले प्रतिपक्षलाई संघर्षमा उत्रन बाध्य गर्न लागेको, स्थानीय निकायको निर्वाचन सम्बन्धी घटनाको छानबिन गर्न सर्वदलीय संसदीय समिति गठन गर्नुपर्ने, सांसद हुने सम्भावना नभएका व्यक्तिहरूलाई मन्त्री बनाउनु संविधानको मनसायविपरीत भएको भनी सरकारको कडा आलोचना गर्नुभयो। सोही दिन गृह मन्त्रालयअन्तरगतको विनियोजनमाथि भएको छलफलमा सांसदहरूले सरकारले जनताको जीउधनको सुरक्षा गर्न नसकेको, प्रशासन निष्पक्ष नभएको, नातावाद कृपावाद बढेको, प्रतिपक्षलाई मार्ने काम भएको, माओवादी आतंकलाई खुला छुट दिएको, कारागारको स्थिति ठीक नभएको, मानवअधिकारको व्यापक उल्लंघन भएको कुरा उठाउनुभयो। भदौ ५ गतेको बैठकमा शून्य समयमा मन्त्री उपस्थित नभएको विषयलाई लिएर गर्नुभएको नियमापत्तिको कारणले बैठक एकघण्टा अवरूद्ध भयो।

प्रतिनिधिसभाको भदौ ६ गतेको बैठकमा प्रमुख प्रतिपक्षिदल नेपाली कांग्रेसका सांसदहरूले राज्य व्यवस्था समितिले श्री ५ को सरकारद्वारा नरहरि संग्रौलालाई विशेष प्रहरी विभागमा गरिएको नियुक्ति गैरकानूनी र अनियमित ठहर गरेकोले गृहमन्त्रीले राजीनामा दिनुपर्ने माग राख्दै लामो समयसम्म सदनको कारवाही बढ्न दिएनन्। भदौ ८ र १० गतेको सदन पनि यस विषयलाई लिएर २ घण्टा अवरूद्ध भयो। सो प्रतिवेदन सदनमा छलफल गराउने माग पनि बारम्बार दोहोर्‍याइयो। नियमअनुसार समितिले दिएको प्रतिवेदनमाथि सदनमा छलफल गर्न सकिदैन। भदौ ६ गतेको बैठकमा नेपाल बन्दको समयमा सरकारद्वारा विद्यार्थीमाथि दमन गरिएको, पक्राउ गरिएकोबारेमा गृहमन्त्रीको जवाफ मागियो। प्रतिनिधि सभाको भदौ ८ गतेको बैठकमा राप्रपाका शान्तिशमशेर राणाले बाँकेको होलिया गाविसमा भारतीय पक्षले सरयु नदीमा तटबन्ध निर्माण गर्ने कार्य

गरेकोले बाँकेका ५ वटा गाविस जलमग्न हुने स्थिति भएकोले भारतसंग लेखापढी गरी सो कार्य रोक्न माग गर्नुभयो।

राष्ट्रिय सभाको भदौ १० गतेको बैठकमा सांसद शारदा पोखरेलले बालबालिकालाई अधिकार दिने अन्तर्राष्ट्रिय प्रतिबद्धता प्रकट गरेको हाम्रो मुलुकमा अहिलेसम्म बालसुधार गृह र बाल अदालतको कमीले बालबालिकाहरू अपराधी जस्तै बन्दी गृहमा बस्नुपरेको छ, त्यसको व्यवस्था हुनुपर्छ, छोरीलाई बलात्कार गर्ने बाबुमाथि कडा कारवाही गर्नुपर्छ भनी माग गर्नुभयो। नेपाली कांग्रेसका रवीन्द्र श्रेष्ठले स्थानीय निर्वाचनमा भाग लिन नपाएर जनताको मानव अधिकार हनन् भएको, लुटपाट बढेकोप्रति ध्यानाकर्षण गराउनुभयो। प्रश्नोत्तरकालमा श्रममन्त्री मुकुन्द न्यौपानेले बालश्रम अत्यन्त जटिल अवस्थामा रहेको र बालबालिकाको उद्धार र पुनर्स्थापनाको लागि प्रयासरत रहेको र यसलाई घटाउँदै लैजाने नीति लिएको जानकारी गराउनुभयो। सोही दिन सुनिलकुमार भण्डारीले गर्भ संरक्षण विधेयक २०५४ प्रस्तुत गर्नुभयो।

संसदमा उपप्रधानमन्त्री तथा गृहमन्त्री वामदेव गौतमको राजीनामाको माग भदौ ६ गतेदेखि शुरु गर्दै गरेको प्रतिपक्ष भदौ १० गतेदेखि आक्रामक भयो। भदौ १० गतेको बैठकमा गृहमन्त्रीले संग्रौलाको नियुक्ति संवैधानिक र कानूनसम्मत भनेकोमा राज्य व्यवस्था समितिले गैरकानूनी ठहऱ्याएकोले राजीनामा दिनुपर्छ भनी माग राखी लामो समयसम्म संसदको कारवाही अवरुद्ध गरे। नेकपा (एमाले) ले राजीनामाको मागको विरुद्ध एकगठ भएर मुकाविला गर्ने निर्णय गरेपछि तनाव अरु तीव्र भयो। लगातार बैठक अवरुद्ध भएपछि भदौ २० गते सर्वदलीय बैठक भएर स्थानीय निर्वाचन २०५४ को सन्दर्भमा अनियमितता भयो भनी प्रतिपक्षका सांसदहरू र सत्तापक्षका सांसदहरूबाट समेत सदनमा आवाज उठाएकोले तिनको वास्तविकता खोजतलास गरी विगतका निर्वाचनहरू समेत अध्ययन गरी निर्वाचन प्रक्रियालाई निष्पक्ष, स्वच्छ र धाँधलीरहित गराउन के/कस्ता उपाय अवलम्बन गर्ने भन्ने सुझावसहितको प्रतिवेदन पेश गर्न एक सर्वदलीय संयुक्त समिति गठन गर्ने सहमतिका साथै उपप्रधानमन्त्री तथा गृहमन्त्री वामदेव गौतमले राज्य व्यवस्था समितिले भदौ ५ गते सदनमा प्रस्तुत गरेको प्रतिवेदन संसदको सम्पत्ति भइसकेको र यसप्रति श्री ५ को सरकारको सम्मान रहने र नरहरि संग्रौलाको नियुक्तिको प्रकरणमा आफूलाई दुःख लागेको भनी सदनसमक्ष राख्ने कुरामा सहमति भएपछि भदौ २० गते राति सदनमा गतिरोध समाप्त भयो। भदौ ६ गते देखि २० गतेसम्मका संसदका सम्पूर्ण कारवाहीहरू यसै राजीनामा र संग्रौला प्रकरणमा केन्द्रित रह्यो।

प्रतिनिधिसभाको भदौ १५ गते बसेको बैठकले प्रतिलिपि अधिकार (पहिलो संशोधन) विधेयक २०५४ पारित गऱ्यो। प्रतिनिधिसभाको भदौ १० गतेको बैठकमा विशेष समय लिएर नेकपा (एमाले) का पदम भण्डारीले इलाम निवासी गोविन्दप्रसाद मैनाली सन् १९९७, अप्रिल २२ गते जापानबाट नेपाल फर्कन लाग्दा विमानस्थलमा गिरफ्तार गरी प्रवेश आज्ञा र सम्पत्ति खोसिएको तथा उनीमाथि ज्यान मुद्दा चलाएकोले उनलाई मृत्यु दण्ड दिने सम्भावना रहेकोले जापान सरकारसंग सोधपुछ गर्न श्री ५ को सरकारसंग आग्रह गर्नुभयो। सांसद आशाकाजी वासुकलाले भदौ ५ गते काठमाडौंको कालोपुलमा हत्या गरिएकी राजेश्वरीका सम्बन्धमा प्रहरीले उजुरी लिन अस्वीकार गरेको जानकारी दिनुभयो। राप्रपाका पद्मसुन्दर लावतीले आसाममा जान खोज्ने १८ जना नेपाली नागरिकलाई भदौ ५ गतेदेखि सिलगडी जेलमा थुनेको घटनाप्रति सरकारको ध्यान आकर्षण गर्नुभयो।

प्रतिनिधिसभाको भदौ २० गतेको बैठकमा विनियोजन शीर्षक अन्तरगत गृह मन्त्रालय बारेमा उठेका प्रश्नको जवाफ दिने क्रममा उपप्रधानमन्त्री तथा गृहमन्त्री वामदेव गौतमले शान्ति सुव्यवस्थालाई प्रभावकारी गराउन पाँचै विकास क्षेत्रमा क्षेत्रपाल र काठमाडौं उपत्यकामा आयुक्तको व्यवस्था गर्ने, १० वटा इलाका प्रशासन कार्यालय र ९६ वटा विभिन्न प्रहरी कार्यालय खोलिने, प्रशासन कार्यालयलाई जनमुखी र जनसेवी कार्यालयको रूपमा स्थापित गरिने, माओवादी प्रभावित क्षेत्रमा विशेष कार्यक्रम संचालन गर्ने, उग्रवादी गतिविधि नियन्त्रण गर्ने, दैवी प्रकोपको व्यवस्थापनलाई बहुआयामिक बनाउने, राजनीतिक पीडितलाई आर्थिक सहायता उपलब्ध गराउने, जफत भएको सम्पत्ति फिर्ता गर्ने, कारागारको मर्मत सम्भार गर्ने, चेलीबेटी बेचबिखनको समस्या नियन्त्रण गर्ने, जाँच पडताल गरी सम्पूर्ण झुटा मुद्दा फिर्ता गर्ने र यस्ता मुद्दामा परेकालाई सजाय माफी गर्न सरकार सक्रिय रहेको जानकारी गराउनुभयो।

राष्ट्रिय सभाको भदौ २२ गतेको बैठकमा नेकपा (एमाले) का महासचिव तथा राष्ट्रियसभामा सत्तापक्षका नेता माधव कुमार नेपालले सांसदहरूले सुविधाको गाडी लिने निर्णयलाई गल्ती भएको भनी नेकपा (एमाले) ले आत्म आलोचना गरेको, देशको कमजोर आर्थिक स्थिति जनताका भावना र गुनासाहरूलाई हेर्दा गाडी सुविधा लिनु उचित नभएको र आफ्नो पार्टीले अरु गाडी सुविधा नलिने र लिएका गाडी फिर्ता गर्न सरकारसंग वार्ता गर्ने जानकारी गराउनुभयो।

प्रतिनिधिसभाको २३ गतेको बैठकमा पूर्व सांसद शंकर पाण्डेलाई स्याङ्जा कालिगण्डकी गाविसमा कुटपिट गरेकोबारे नेपाली कांग्रेसका सांसदहरूले संसदको ध्यानाकर्षण गराउनुभयो। सो दिनको बैठकमा सांसद भक्त बहादुर रोकायले कर्णाली अंचलमा ७ सयभन्दा बढी किसिमका जडीबुटीहरू पाइने र तीमध्ये यार्चागुम्बा, जटामसी, कुट्की, शिलाजीत, पाच औंले, कस्तूरी जस्ता दुर्लभ र बहुमूल्य जडीबुटीको संरक्षण गर्न जुम्लामा जडीबुटी अनुसन्धान केन्द्र स्थापना गरियोस् भन्ने सम्बन्धमा ध्यान आकर्षण प्रस्ताव पेश गर्नुभयो। ध्यानाकर्षणको जवाफमा वन तथा भूसंरक्षण मन्त्री रामेश्वर रायले विगत पाँच वर्षदेखि हिमाली वनस्पति संरक्षण केन्द्र स्थापना भई दुर्लभ तथा बहुमूल्य जडीबुटीको सुव्यवस्थितरूपले संरक्षण भइरहेको, जुम्लालगायत् अन्य ठाउँमा जडीबुटीहरूको परीक्षण खेती संचालन गरेका,

याचांगुम्बा खेती गर्ने सम्बन्धमा गणतन्त्र कोरियासग सम्झौता भइसकेको जानकारी दिनुभयो। सोही बैठकमा शिक्षामन्त्री देवीप्रसाद ओझाले विद्यालय शिक्षक पदहरूको स्थायी पूर्तिका लागि २०५३ सालमा लिइएको लिखित परीक्षाको साथै केही जिल्लामा सम्पन्न अन्तरवार्ता विषयमा छानविन गरी राय ठहर गर्न पूर्वन्यायाधीश महेश्वर भक्त माथेमाको अध्यक्षतामा ३ सदस्यीय छानविन आयोग गठन भएको भन्ने सम्बन्धमा सार्वजनिक महत्वको वक्तव्य दिनुभयो। नेपाली कांग्रेसका डा. रामशरण महतले विशेष समय लिएर संसदले क्यान्टिनलाई रू. ५८ लाख तिरेको, मन्त्रीहरूले दोहोरो तलब लिएको, सांसदहरूले भत्ता पेश्की लिएको, प्रधानमन्त्रीको संसद कार्यालयमा ठूलो रकम खर्च गरेको कुरा पत्रपत्रिकामा आएका छन् भनी जानकारी माग्दा सभामुख रामचन्द्र पौडेलले संसदको खर्चमा मितव्ययिता ल्याउन समिति बनी काम भइरहेको छ भनी जवाफ दिनुभयो।

प्रतिनिधिसभाको भदौ २४ गतेको बैठकले उपभोक्ता हित संरक्षण विधेयक २०५४ लाई पारित गऱ्यो। सोही दिनको राष्ट्रिय सभाको बैठकमा नेपाली कांग्रेसका जीवन प्रेम श्रेष्ठले कंचनपुरको ब्रह्मदेव मण्डीमा मारिएका इन्जिनियर कृष्ण कुमार श्रेष्ठको हत्यारा पत्ता लगाई कारबाही गर्न माग गर्नु भयो। सोही बैठकले गर्भ संरक्षण विधेयक २०५४ लाई विशेष समितिमा पठायो। भदौ २७ गतेको प्रतिनिधिसभा र राष्ट्रियसभाको छुट्टाछुट्टै बैठकमा गृहमन्त्री वामदेव गौतमले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सातौं वार्षिक प्रतिवेदन २०५३/५४ प्रस्तुत गर्नुभयो। प्रतिनिधिसभाको भदौ ३१ गतेको बैठकले दल त्याग सूचनासम्बन्धी विधेयक २०५४ पारित गऱ्यो।

प्रतिनिधिसभाको असोज १ गतेको बैठकमा स्याङ्जामा सांसद त्रिलोचन ढकाल र पूर्व सांसद शंकर पाण्डेमाथि भएको आक्रमण, पूर्व सांसद गोपालमान श्रेष्ठको घरमा भएको आक्रमण, तोडफोड तथा सांसद आशाकाजी वासुकलामाथि भएको हातपात र असोज १ गतेको बन्दमा भएको घटनाको विषयमा गृहमन्त्रीको जवाफको माग गर्दै सांसदहरूले होहल्ला गर्दा १ घण्टा सदनको कारबाही अवरुद्ध हुनपुग्यो।

प्रतिनिधिसभाको असोज ६ गतेको बैठकमा उपप्रधानमन्त्री तथा गृहमन्त्री वामदेव गौतमले नौ वाम घटकद्वारा असोज १ र २ गते अयोजना गरेको नेपाल बन्दको क्रममा अधिराज्यभर जबरजस्ती पसल बन्द र यातायातलाई अवरुद्ध गर्न खोज्ने जम्मा ३ सय ९८ लाई पक्राउ गरी २ गते नै छोडिसकेको, बन्दको क्रममा केही रात्रि बस, टेम्पु ट्याक्सीलाई क्षति पुऱ्याइदिएको, दुई जना घाइते भएकोबाहेक बन्द शान्तिपूर्ण रहेको, स्याङ्जामा भदौ २२ गते पूर्व सांसद शंकर पाण्डेलाई केही व्यक्तिले कुटपिट गरी घाइते तुल्याएकोमा भोलिपल्टै शिक्षण अस्पतालमा ल्याई उपचार भैरहेको र सो घटना सम्बन्धमा प्रहरीले छानविन गरिरहेको, पूर्व सांसद पाण्डेलाई कुटपिट गरिएको विरोधमा आयोजित सभाको अवसरमा केही व्यक्ति जिल्ला विकास समितिका सभापतिको कार्यकक्षमा पसी त्यहाँ रहनुभएका सांसद त्रिलोचन ढकाललाई कुटपिट गरेको र त्यसै बखत प्रमुख जिल्ला अधिकारीलाई लछार-पछार गरेको तथा सांसद ढकाललाई शिक्षण अस्पतालमा ल्याई उपचार भइरहेको जानकारी दिनुभयो। तर सांसदहरूले यो विवरण अपूरो र सत्य नभएको भनी नियमापत्ति गर्दै नौ वाम घटकको शान्तिपूर्ण जुलुसमाथि लाठीचार्ज गरी सांसद आशाकाजी वासुकला र महिलाहरूलाई घाइते बनाएको, सरकारले शान्तिपूर्ण विरोध प्रदर्शन गर्ने संविधान प्रदत्त अधिकारको हनन् गरेको तथा शंकर पाण्डेमाथि बारम्बार हमला हुँदा पनि संरक्षण दिन नसकेको आरोप लगाउनुभयो।

असोज ६ गते प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसले नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५९ (२) अनुसार सरकार विरुद्ध संसद सचिवालयमा अविश्वासको प्रस्ताव दर्ता गऱ्यो। संसदको नियमित अधिवेशनमा अविश्वासको प्रस्ताव दर्ता भएको यो पहिलो अवसर हो। यसमा ८६ जना सांसदहरूले दस्तखत गरेका थिए। अविश्वासको प्रस्ताव दर्ता भएपछि अविश्वासको प्रस्तावको पक्षमा हस्ताक्षर गर्ने सांसदहरूलाई "सुरक्षार्थ" होटल काठमाडौंमा राखिएको थियो।

प्रतिनिधिसभाको असोज ७ गतेको बसेको बैठकले कानूनी सहायतासम्बन्धी विधेयक २०५४ पारित गऱ्यो। बैठकमा परराष्ट्र तथा मानवाधिकार समितिका सभापति जयप्रकाश गुप्ताले परराष्ट्र तथा मानव अधिकार समितिको प्रतिवेदन २०५४ प्रस्तुत गर्नुभयो। बैठकमा विशेष समय लिएर नेकपा एमालेका खगराज अधिकारीले संसदीय व्यवस्था प्रति प्रतिबद्ध राजनीतिक दलहरू संसद संसदीय व्यवस्था र सांसदहरूमाथि प्रत्यक्ष र अप्रत्यक्षरूपमा भैरहेको आक्रमणको प्रतिकार गर्न संवेदनशील हुनुपर्ने र न्यायक्षेत्रमा देखिएको भ्रष्टाचार रोक्न प्रयास गर्नुपर्ने कुराप्रति सदनको ध्यानाकर्षण गर्नुभयो। सांसद गंगालाल तुलाधरले धादिङ्ग जिल्लाको धुँवाकोट गाविसका पद्मनाथ सापकोटाको घरमा भदौ २८ गते नकाबधारीको एक समूहले फ्युज वायर र बारूद पड्काएर परिवारका सदस्यलाई आतंकित पारेको, खातापाता र कागजातहरू बाहिर ल्याएर जलाएको, बकसा फुटाएर नगद र गरगहना लगेको जानकारी दिंदै यस्ता कार्य गर्ने आतंककारी माथि कडा कारबाहीको माग गर्नुभयो। शून्य समयमा सांसदहरूले भूकम्प र बाढीपीडितहरूलाई राहत दिन माग गर्नुभयो।

प्रतिनिधिसभाको असोज ९ गतेको बैठकमा सांसदहरूले अनसनमा बसेका स्वास्थ्यकर्मीहरूको मागलाई ध्यान दिनुपर्ने, दशैंको मुखमा कर्मचारीको सरुवा गर्न नहुने, सांसदहरूलाई भेडा बाख्रा जस्तरी थुन्नु नहुने कुरा उठाउनुभयो। सोही दिनको बैठकमा मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित र निषेध) विधेयक २०५४ प्रस्तुत भयो। राष्ट्रिय सभाबाट उपभोक्ता विधेयकमा समर्थन जनाई प्रतिनिधिसभामा फिर्ता गरियो। प्रतिनिधिसभाको असोज १२ गते

भएको बैठकमा नेपाली कांग्रेसका रामशरण महतले सरकारले सांसदहरूलाई अपहरण गरेर भए पनि अविश्वासको प्रस्ताव विफल पार्न बैठक बसी निर्देशन दिएको र शान्ति सुरक्षा दिन नसकेको प्रश्न उठाउदा प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले हाल सत्तापक्ष वा विपक्षीको कुनै पनि सांसद बेकक गएका छैनन् र मुलुकको राजनीतिमा हस्तक्षेप गर्न मित्रराष्ट्रबाट गुण्डा पनि आएका छैनन् र सांसदहरुलाई अपहरण गर्न बैठक बसेको भन्ने कुरा काल्पनिक भएको कुरा स्पष्ट पार्नुभयो। बैठकमा राप्रपाका डा. प्रकाश चन्द लोहनीले शाही नेपाल वायुसेवा निगमले जहाज भाडामा लिदा एउटा कम्पनीलाई सम्झौताअनुसार भुक्तानी दिइसकेपछि अर्को डिस्कभर्ग भन्ने कम्पनीलाई १० लाख डलर दिएकोबारे स्पष्टिकरण माग गर्नुभयो।

प्रतिनिधिसभाको असोज १३ गतेको बैठकमा प्रधानमन्त्री तथा जलस्रोत मन्त्री लोकेन्द्रबहादुर चन्दले प्रस्तुत गर्नु भएको श्री ५ को सरकार तथा भारत सरकारबीच सम्पन्न विद्युत शक्ति व्यापारसम्बन्धी सम्झौतालाई दुईचोटी सम्म प्रस्तुत गर्दा पनि गणपूरक संख्या नपुगेको कारणले प्रस्ताव स्वीकृत हुन सकेन। सो सम्झौताबारेमा छलफलमा भाग लिने सांसदहरुले यो सम्झौता दीर्घकालीन प्रभाव पार्ने भएकोले संविधानको धारा १२६(२) अनुसार संयुक्त संसदमा पेश गर्न माग राखेका थिए। यो सम्झौतालाई प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले सांसदहरूको रायबमोजिम असोज १५ गतेको बैठकमा फिर्ता लिनुभयो।

संसदको असोज १६ गते बसेको बैठकले निर्वाचनको बारेमा छानविन गरी भविष्यमा निष्पक्ष निर्वाचन कसरी गर्न सकिन्छ भनी प्रतिवेदन पेश गर्नका लागि सर्वदलीय संसदीय समिति गठन गऱ्यो। यस समितिमा प्रतिनिधिसभाबाट अनिस अन्सारी, आनन्दप्रसाद ढुंगाना, खगराज अधिकारी, नारायणमान विजुक्छे, रामकुमार ज्ञवाली, अमरराज केनी, कृष्णप्रसाद उपाध्याय गौतम, चन्द्रप्रकाश मैनाली, राजेन्द्र पाण्डे र सर्वेन्द्रनाथ शुक्ल तथा राष्ट्रियसभाबाट डा. मोहमद मोहसिन, सुनिलकुमार भण्डारी, जगन्नाथ पौडेल, सीता नन्दन राय र महादेवप्रसाद यादव रहनुभएको छ। यो समिति गठन गर्न पहिले नै सैद्धान्तिक सहमति भैसकेको थियो।

प्रतिनिधिसभाको असोज १६ गतेको बैठकमा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका नेता गिरिजाप्रसाद कोइरालाले प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दउपर प्रतिनिधिसभाको विश्वास छैन भनी अविश्वासको प्रस्ताव पेश गर्नुभयो। कोइरालाले संयुक्त सरकारले नेपाल अधिराज्यको संविधान २०४७ को भावना र मर्यादाको रक्षा गर्न नसकेको, संसदीय प्रजातन्त्र र नेपाली जनताको आधारभूत मानवाधिकारलाई सुनियोजित ढंगले कमजोर बनाउदै लैजाने एउटा असक्षम सरकार प्रमाणित भएकोले अविश्वासको प्रस्ताव ल्याउनुपरेको बताउनुभयो। उहाँले सरकारले विगत छ महिनामा संविधान, संसदीय प्रजातन्त्र, स्वतन्त्र निर्वाचन पद्धति तथा अन्य प्रजातान्त्रिक संस्थाहरूमाथि नाङ्गो आक्रमण गरेर जनताको अधिकार तथा मुलुकको समग्र प्रतिष्ठालाई क्षतविक्षत पारेको आरोप लगाउनुभयो।

अविश्वासका पक्षमा बोल्ने सांसदहरूले खासगरी स्थानीय निर्वाचनमा सरकारले नियोजितरूपमा धाँधली गरेको, हिंसा र मारकाट मच्चाएको तथा माओवादी आतंकलाई सत्तापक्ष खासगरी नेकपा (एमाले) ले संरक्षण दिएको भन्ने मुख्य आरोप लगाएका थिए। अविश्वासको प्रस्तावमा सांसदहरूले छलफलमा उठाएका प्रश्नको जवाफमा प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले आफूमाथि लगाएको आरोप नया नभएको, आरोपका खातिर आरोप भएको भनी प्रतिनिधिसभाको १८ गतेको बैठकमा जवाफ दिएपछि मतदान हुँदा प्रस्तावको पक्षमा १०७ मत र विपक्षमा ९४ मत मात्र परेकोले अविश्वासको प्रस्ताव पारित भयो। मतदानमा अविश्वासको पक्षमा नेपाली कांग्रेसका ८६ जना, राष्ट्रिय प्रजातन्त्र पार्टीका १४ जना, नेपाल सद्भावना पार्टीका ३ जना, मसालका २ जना र स्वतन्त्र २ जनाले मत दिए, नेकपा एमालेका ८९ जना र राप्रपाको ५ जनाले अविश्वासको विपक्षमा मत दिए। नेमकिपाका दुवै सांसद अनुपस्थित रहे।

प्रतिनिधिसभाको २१ गते असोज बसेको बैठकमा सभामुख रामचन्द्र पौडेलले प्रधानमन्त्री सूर्यबहादुर थापाले सदनमा विश्वासको प्रस्ताव पेश गर्न असोज २३ गतेको दिन तोक्नुभएपछि सत्तापक्ष र प्रमुख विपक्ष नेकपा एमालेका सांसदहरूबीच मतभिन्नता देखा पऱ्यो। सोही बैठकमा नेकपा (एमाले) का सांसदहरूले दल त्याग विधेयक लागू भएको लगत्तै राष्ट्रिय प्रजातन्त्र पार्टी संसदीय दलका नेताको ह्विप उल्लंघन गरी अविश्वासको प्रस्तावको पक्षमा मतदान गरेर नेपालको संसदीय व्यवस्था, कानूनी मान्यता र प्रजातन्त्रको धज्जी उडाएको आरोप लगाउनुभयो भने राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसदहरूले आफ्नो पार्टीले बहुमतको निर्णयअनुसार अविश्वासको प्रस्तावको पक्षमा मतदान गरेको विचार राख्नुभयो।

प्रतिनिधिसभाको आश्विन २३ गतेको बैठकले प्रधानमन्त्री सूर्यबहादुर थापामाथि विश्वासको मत प्रकट गऱ्यो। प्रधानमन्त्री थापाले आफूउपर प्रतिनिधिसभाको विश्वास छ भनी प्रस्तुत गर्नु भएको प्रस्तावमाथि मतदान हुँदा प्रस्तावको पक्षमा १०९ र विपक्षमा दुई मत पऱ्यो। प्रस्तावको पक्षमा नेपाली कांग्रेसका ८६, राष्ट्रिय प्रजातन्त्र पार्टीका १७, नेपाल सद्भावना पार्टीका ३, स्वतन्त्र सांसदहरू भक्तबहादुर रोकाया, आशाकाजी वासुकला र मोती प्रसादपहाडीले मतदान गरे। मसालका दुईजना सांसदले विपक्षमा मतदान गरे। राप्रपाका लोकेन्द्रबहादुर चन्द र पद्मसुन्दर लावतीले मतदानमा भाग लिनुभएन। नेकपा (एमाले) ले पूर्व घोषणा अनुसार मतदानको दिन उपस्थित नहुँदा प्रतिपक्षको बेन्च प्राय खाली रह्यो।

संसदको १२ औं अधिवेशन आश्विन २३ गते साँझ ६ बजेबाट अन्त भयो। प्रतिनिधिसभाको १२ औं अधिवेशन १०६ दिन चालू रही ७२ दिनमा ९२ चोटी बैठक बस्यो। र बैठकले ३३९ घण्टा १८ मिनेट समय लियो। यस अधिवेशनमा

सर्वदलीय संसदीय समिति गठन भयो। अधिवेशनमा नेपाल नागरिकता (छैटौं संशोधन) विधेयक २०५३ फिर्ता लिनेसम्बन्धी प्रतिवेदन पेश भयो। यसको साथै श्री ५ को सरकार र भारत सरकारबीच सम्पन्न विद्युत् व्यापार सम्बन्धी सम्झौतामाथि सामान्य छलफल गरियोस् भन्ने प्रस्ताव फिर्ता लिन सभाले अनुमति दिएको र प्रस्ताव फिर्ता लिइएको थियो। सभाले मृत्युदण्ड उन्मूलन गर्ने उद्देश्यले व्यवस्था भएको नागरिक तथा राजनीति अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको दोस्रो स्वेच्छिक प्रोटोकल १९८९ र विदेशी मध्यस्थ निर्णयको मान्यता तथा कार्यान्वयनको सम्बन्धमा सन् १९५८ मा व्यवस्था भएको न्यूयोर्क महासन्धिलाई सम्मिलन र अन्तरराष्ट्रिय दूर संचार संघको विधान तथा महासन्धि, जेनेभा १९९२ र रासायनिक हतियारको विकास उत्पादन, संचय तथा प्रयोगमाथि प्रतिबन्ध लाउनेसम्बन्धी महासन्धिलाई अनुमोदन गर्‍यो।

प्रतिनिधिसभामा स्थानीय निकाय तथा निर्वाचनसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश २०५३, भन्सार (सातौं संशोधन) अध्यादेश २०५४ र औद्योगिक व्यवसाय (पहिलो संशोधन) अध्यादेश २०५४ पेश भए। यस अधिवेशनमा विगत अधिवेशनमा विचाराधीन रहेका र चालू अधिवेशनमा सभामा प्रस्तुत भएकासमेत प्रतिनिधिसभामा उत्पत्ति भएका ३५ वटा र राष्ट्रिय सभामा उत्पत्ति भएको एउटा गैर सरकारी विधेयक सहित तीन वटा विधेयक गरी जम्मा ३८ विधेयकहरू मध्ये गैरसरकारी एउटा विधेयकसहित २४ वटा विधेयक पारित भए र १३ वटा विधेयक विचाराधीन रहेका छन्। सभामा २०५३ साल चैत्र १ गतेदेखि २०५४ साल असार मसान्तसम्म वैदेशिक सहयोग सम्बन्धमा भएका सम्झौताहरूको विवरण, नेपाल अधिराज्य र नर्वे अधिराज्यका बीच सम्पन्न आय तथा पूँजीमा लाग्ने करहरूका सम्बन्धमा दोहोरो कर आरोपणबाट मुक्ति तथा वित्तीय छल निरोध सम्बन्धी सम्झौता र अन्तरराष्ट्रिय श्रम संगठनबाट पारित गृहकार्यसम्बन्धी महासन्धि नं. १७७ तथा गृहकार्यसम्बन्धी सिफरिस नं. १८४ पेश गरियो।

राष्ट्रिय सभामा सार्वजनिक लेखासमितिको सातौं प्रतिवेदन २०५४ प्रकृति स्रोत र साधन तथा वातावरण संरक्षण समितिको प्रतिवेदन २०५४, श्री ५ को सरकारको मिति २०५४ असार १९ को निर्णयअनुसार विशेष प्रहरी विभागमा गरिएको नियुक्तिसम्बन्धी राज्य व्यवस्था समितिको प्रतिवेदन २०५४, अख्तियार दुरूपयोग अनुसन्धान आयोगको सातौं वार्षिक प्रतिवेदन २०५३।५४, लोक सेवा आयोगको अड्तीसौं वार्षिक प्रतिवेदन २०५३/५४, परराष्ट्र तथा मानव अधिकार समितिको प्रतिवेदन २०५४, महालेखा परीक्षकको चौतीसौं वार्षिक प्रतिवेदन, अर्थसमितिको तथ्याङ्क सम्बन्धी प्रतिवेदन २०५४ र राज्य व्यवस्था समितिको प्रतिवेदन २०५३ को कार्य मूल्याङ्कन प्रतिवेदन २०५४ पेश गरिए। सभामा तीन वटा सार्वजनिक महत्वका प्रस्तावमाथि छलफल भयो, नौवटा ध्यानाकर्षण प्रस्तुत गरिए, १३३५ वटा मौखिक, १२ वटा लिखित अल्प सूचनाका प्रश्नहरू सोधिए। अधिवेशनमा मन्त्रीहरूद्वारा सातवटा सार्वजनिक महत्वका विषयमा वक्तव्य दिइयो। तुल्सीलाल अमात्य, बेनीमाधव सिंह, भीमप्रसाद श्रेष्ठ, मातृकाप्रसाद कोइराला, प्रेमसिंह धामी र गणेशमान सिंहको निधनमा शोक प्रस्तावहरू पारित गरिए।

यसैगरी संसदको यो अधिवेशनमा राष्ट्रिय सभाका बैठक ५३ दिनमा ६५ पटक बसी ११७ घण्टा चालू रह्यो। यस अवधिमा दुईवटा सरकारी र एउटा गैर सरकारी विधेयक उत्पत्ति भई एउटा पारित भयो र बाँकी दुई विधेयकहरू विशेष समितिमा विचाराधीन छन्। प्रतिनिधिसभाबाट उत्पत्ति भई पारित भएर आएका २० वटा अर्थ विधेयकहरू राष्ट्रिय सभामा टेबुल गरिए। पाँच विधेयक सुझावसहित फिर्ता पठाएकोमा चारवटा सुझावलाई प्रतिनिधिसभाले स्वीकार गर्‍यो। राष्ट्रिय सभामा उत्पत्ति भई पारित दल-त्याग सूचना सम्बन्धी विधेयक र कानूनी सहायतासम्बन्धी गैरसरकारी विधेयकलाई प्रतिनिधिसभाले राष्ट्रिय सभाले पारित गरेकै रूपमा स्वीकार गर्‍यो। राष्ट्रिय सभामा तीन अध्यादेश, पाँच विषयमा ध्यानाकर्षण, तीन जरुरी सार्वजनिक महत्वका प्रस्तावमाथि छलफल भयो। १५६ वटा मौखिक प्रश्न र ३ अल्प सूचनाका प्रश्नहरू सोधिए। यसै अधिवेशनमा एकतिहाई रिक्त सदस्यको स्थान पूर्ति गरियो र उपाध्यक्षको निर्वाचन भयो। अधिवेशन अवधिमा विभिन्न विषयमा पाँच दिन बैठक बहिष्कार भयो।

अधिवेशनको समापनको अवसरमा बाह्रौं अधिवेशनको मूल्याङ्कन गर्दै सभामुख रामचन्द्र पौडेलले ऐतिहासिक पदचिह्न छोडेर समापन भएको संसदको १२ औं अधिवेशनबाट नागरिकहरूको प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरूमा सदाचार हुनुपर्छ भन्ने सबल जनमत सृजना भएकोलाई भविष्यको उज्यालोको संकेतको रूपमा लिनुभयो र दलत्यागसम्बन्धी विधेयक अन्तरराष्ट्रिय वित्तीय कारोबार सम्बन्धी विधेयक तथा उपभोक्ता हित संरक्षण विधेयकलाई खास उपलब्धिको रूपमा प्रस्तुत गर्नुभयो। सांसद नारायणमान बिजुक्छेंले संसदबाट पारित विधेयक लागू नभएमा संसद औपचारिकताको थलोमात्र बन्न जानेतर्फ ध्यानाकर्षण गराउनुभयो। सांसद नवराज सुवेदीले पनि पारित विधेयक कार्यान्वयनमा लैजानुपर्नेप्रति ध्यानाकर्षण गराउनु भयो। त्यस्तै राष्ट्रिय सभाका अध्यक्ष बेनीबहादुर कार्कीले प्रजातान्त्रिक मूल्य र मान्यताको आधारमा बहुदलीय व्यवस्थालाई सुदृढ र विकसित गर्दै लैजान सदनका हरेक कार्यक्रमप्रति सांसदहरूबाट बढी चासो र जिज्ञासा राख्नु पर्ने र सदनमा उठेका महत्वपूर्ण विषय र रूलिङ्गप्रति सरकार सम्वेदनशील हुनुपर्ने कुरा उठाई सांसदहरूको संसदप्रतिको उदाशीनता र सरकारले सदनमा जवाफ नदिई जिम्मेवारीबाट पन्छने प्रवृत्ति बढ्दै गएको कुराप्रति संकेत गर्नुभयो। सांसद रमेशनाथ पाण्डेले संसदको बाह्रौं अधिवेशन सरकार बनाउन र भत्काउन नै सीमित रहेको र राजनीति मर्यादाहीन स्थितिबाट गुज्रेको भनि मूल्याङ्कन गर्नु भयो। वास्तवमा बाह्रौं अधिवेशन कहिले गरम हुने कहिले उदाशीन रहने तथा स्थानीय निर्वाचनको चुनावी माहौलको प्रतिबिम्बित स्वरूपमा नै शुरू भएर सरकार

विघटन र पुनर्गठनबाट समाप्त हुँदा अत्यन्त तरलतामा सम्पन्न भएको देखिन्छ।

संग्रौला प्रकरण:

संसदको बाह्रौं अधिवेशनमा सबभन्दा महत्व पाएको र चर्चामा आएको विषयमा नरहरि संग्रौलाको विशेष प्रहरी विभागमा २०५४ असार १९ गते भएको नियुक्ति रहेको देखिन्छ। सदनमा यसबारेमा प्रतिपक्षीमात्र होइन, सत्तापक्षबाट समेत प्रश्न उठ्यो। पहिला यो नियुक्तिको विरोध भएकोमा राज्य व्यवस्था समितिले यसलाई प्रक्रिया पूरा नगरी भएको नियुक्तिको रूपमा भदौ ५ गते प्रतिवेदन दिएपछि यसले उपप्रधानमन्त्री र गृहमन्त्रीको राजीनामा माग्ने तहसम्मको विरोधको रूप लियो। यसैका कारणले लगातार सदन बहिष्कार तथा रोष्टम घेराउपछि भदौ २० गते भएको सर्वदलीय संसदीय बैठकबाट यो नियुक्तिमा गृहमन्त्री बामदेव गौतमले दुःख व्यक्त गरेपछि यो विवाद टुंगिएको थियो। यो नियुक्तिका बारेमा छानबिन गर्न राज्य व्यवस्था समितिले सांसद रामनाथ ढकालको संयोजकत्वमा एक उप समिति बनाई छानबिन गरी प्रतिवेदन दिएको छ र सो प्रतिवेदनलाई राज्य व्यवस्था समितिका सभापति पूर्णबहादुर खड्काले भदौ ५ गते सदनमा पेश गर्नुभयो।

रामनाथ ढकालको प्रतिवेदनको रूपमा चर्चित यस प्रतिवेदनमा "प्रशासनिक बेरूजुलाई दुरुत्साहित गर्दै निर्मूल गर्ने प्रक्रियामा सम्लग्न यस समितिले श्री ५ को सरकारको मिति २०५४ असार १९ गते श्री नरहरि संग्रौलालाई रा.प. प्रथम श्रेणीसरहको सुविधा पाउने गरी दुई वर्षका लागि काममा लाउने निर्णयका सम्बन्धमा संसदमा प्रशासनिक मूल्य र मान्यतालगायत्का प्रशासनिक बेरूजु सम्बन्धमा विभिन्न जिज्ञासा उठ्नुका साथै संसदको बढी समयसमेत यसै विषयमा केन्द्रित हुनुका साथै आमजनता र पत्रकार जगतमा समेत प्रशासनिक मूल्य र मान्यतामा अन्यौल छाएकोले यस नियुक्तिसम्बन्धी प्रकृयाको छानबिन शुरू गरी प्रतिवेदन तयार पारिएको हो भनी निज संग्रौलाको नियुक्तिको विषयमा गृह मन्त्रालयले शुरू कारवाही गर्न लोक सेवा आयोग र सामान्य प्रशासन मन्त्रालयसंग परामर्श लिनुपर्नेमा यी निकायहरूसंग परामर्श नलिइएकोले निजको नियुक्तिसम्बन्धी शुरू कारवाही नै गलत प्रक्रियाबाट शुरू भएकोले यसले बैधता प्राप्त गर्न सक्ने देखिंदैन भनी प्रक्रियालाई नै गलत ठहर गरेको छ। भ्रष्टाचार निवारण ऐन २०१७ को नियम ८ को उपनियममा मुख्य अधिकृत नियुक्त गर्ने प्रावधान भए पनि यो नियुक्ति सो ऐनअन्तरगत नभएको र रा.प. प्रथम श्रेणीको पदमा नियुक्ति भनिएकोले प्रहरी ऐन अन्तरगत पनि यो नियुक्ति नपरेको तथा निजामति सेवा अन्तरगत नियमानुसार व्यवस्था भएको वा विशेषज्ञताको रूपमा पनि यो भएको भन्न सक्ने ठाउ नदेखिएको र यो नियुक्ति प्रशासनिक मूल्य र मान्यता भित्र नपरेको समेत ठहर प्रतिवेदनमा गरिएको छ।

प्रतिवेदनमा विशेष प्रहरी विभागमा काम अत्यन्त सीमित भएको र दरबन्दी बढी भएको भनी २०५३ पुस १६ र १७ गते जानकारी दिएकोमा २०५४ साल जेष्ठ २६ गते दक्ष जनशक्तिको आवश्यकता रहेको भनी गृह मन्त्रालयको माग हुनु र सोको अगाडि नै जेठ २४ गते नियुक्तिसम्बन्धी कारवाही शुरू गरेको कुराले एक अर्कोसंग कुरा बाझिएकोले शंका गर्नुपर्ने पर्याप्त आधार देखा परेका र शंका निवारणमा छानबिन हुँदा नियुक्ति नियमसंगत हुन नसकेको स्पष्ट हुन आएको छ भन्दै यो आफ्ना खास मानिसलाई नियुक्ति गर्ने प्रक्रिया मिलाउन खोजिएको तर गल्ती गरेको कुरालाई ढाकछोप गर्न खोज्दा गल्तीमाथि गल्ती दोहोरिंदै गएको देखिन्छ भनी किटान गरेको छ। छलफलमा सहभागी श्री ५ को सरकारको मुख्यसचिव र उपप्रधानमन्त्री तथा गृहमन्त्रीले २०५४ साल साउन २४ गते प्रतिनिधिसभाको बैठकमा यस नियुक्तिका सम्बन्धमा दिनुभएको जानकारीमा श्री ५ को सरकारको अवशिष्ट अधिकारअन्तरगत उनलाई नियुक्ति गरेको भनाई आएको सन्दर्भमा नेपाल अधिराज्यको संविधान २०४७ ले कसैलाई पनि संविधानभन्दा माथि नराखेको यो अवस्थामा श्री ५ को सरकारलाई विद्यमान ऐन नियमअनुसार के/कस्ता अवशिष्ट अधिकार प्रदान गरेको छ भन्ने सम्बन्धमा समिति स्पष्ट हुन चाहेकोमा त्यस्तो अधिकारको वैधानिक स्रोत श्री ५ को सरकारको तर्फबाट बैठकमा आमन्त्रित पदाधिकारीहरूले देखाउन नसकेकोले त्यस्तो अधिकार नरहेको कुरा प्रमाणित हुन आएको छ। मन्त्री परिषद्को कार्यसंपादन नियमावली वा नियुक्ति शुरू कारवाहीमा उद्धृत गरिएको उक्त नियमावलीको अंकको अध्ययन गर्न खोजिएकोमा सो उपलब्ध गराउन श्री ५ को सरकारको मुख्य सचिवले असमर्थता व्यक्त गर्नुभयो। तसर्थ संविधानको धारा ३५ ले कार्यकारिणीको प्रयोग संविधान र कानूनबमोजिम प्रयोग गर्नुपर्ने कर्तव्य तोकेकोमा नरहरि संग्रौलाको नियुक्ति कर्मचारी नियुक्तिमा कुनै पनि कानूनी प्रक्रिया पूरा गरी भएको देखिएन भनी उल्लेख भएको छ।

प्रतिवेदनमा उपप्रधानमन्त्री तथा गृहमन्त्रीले २०५४ साउन २४ गते शुक्रबार प्रतिनिधिसभालाई जानकारी दिंदा पनि स्पष्टरूपमा निजले करार सेवामा नियुक्ति पाउँ भनी २०५४ साल जेठ २४ गते गृह मन्त्रालयमा निवेदन दर्ता गराएको कुरा नबताउनु भएबाट अझै अन्यौल सृजना हुन पुगेको थियो। गृह सचिवलाई संबोधन गरी २०५४ साल जेठ २६ गते नरहरि संग्रौलाले निवेदन दिएको एकातिर स्पष्ट छ भने अर्कोतिर सोही निवेदनको शिरमा प्रहरी कानून १४९/२/२४ र स ७३४५/०५४/२/२४ लेखिएको देखिनाले प्रस्तुत निवेदन मन्त्रालयमा २४ गते अर्थात निजको निवेदन मितिभन्दा दुई दिनअघि नै प्राप्त भई नियुक्तिसम्बन्धी प्रक्रिया शुरू भइसकेको देखियो, जसको आधार र कारण स्पष्ट हुन सकेन। विशेष प्रहरी विभागको दक्ष जनशक्तिको मागको आधारमा निजलाई नियुक्ति दिएको भन्ने भनाइ गृहसचिवले छलफलको क्रममा व्यक्त गर्नुभएकोमा २०५४ जेठ २६ गते दक्ष जनशक्ति माग गरेको तर निजको निवेदन २०५४ जेठ २४ मा नै गृह मन्त्रालयमा दर्ता भई नियुक्तिको प्रक्रिया शुरू गरिएकोले "माग भन्दा पूर्व नै

निजको नियुक्तिसम्बन्धी प्रक्रिया कसरी शुरू भयो त्यो आश्चर्यपूर्ण र गलत काम कारवाहीको ज्वलन्त उदाहरण बन्न पुगेको" कुरा पनि उल्लेख छ।

प्रतिवेदनमा निवेदकले गृह सचिवको नाममा ५ वर्षको लागि करार सेवामा नियुक्ति पाउन दिएको निवेदनको आधारमा गृह मन्त्रालयले विशेष प्रहरी विभागमा काम लगाउने गरी करारमा २ वर्षका लागि नियुक्ति दिन शुरू गरेको प्रस्तावमा "ठाडो" पेश गर्ने, भन्ने तोक लागेपछि कुनरूपमा प्रस्ताव पेश भयो स्पष्ट भएन। तर निर्णय हेरी "रा.प. प्रथम श्रेणीसरहको सुविधा पाउने गरी काममा लगाउने" भनी निर्णय गरिएबाट करार सेवा नियमबमोजिमको यो नियुक्ति हो भन्न कठिन पर्ने देखिन्छ। यस दृष्टिबाट त यो नियुक्तिको कुनै वैधानिक आधार देखिँदैन। गृह मन्त्रालयका विशेष सचिवले हस्ताक्षर गरेको २०५४ असार २२ गतेको नरहरि संग्रौलालाई संबोधित पत्रमा विशेष प्रहरी विभागलाई बोधार्थसम्म दिइएको छ। बोधार्थ भनेको "जानकारीको निमित्त मात्र हो तसर्थ सोको आधारमा काममा लगाउन मिल्ने देखिँदैन" भनी स्पष्ट गरी "करार सेवा नियमअन्तरगत निर्णय भएको भन्दा सो निर्णयको नियम ३ (क) बमोजिम उपयुक्तता वा ३ (ख) बमोजिमको विशेषज्ञता भनेको त्यही कैद, जरिवाना र निलम्बन मात्र रहन गएको देखिन्छ। के सरकारी सेवामा निजले भन्दा कम सजाय पाएको, कम अवधि निलम्बन भएको "उपयुक्त"र "योग्य" वा "विशेषज्ञ" व्यक्ति वा कर्मचारी थिएनन् र निजलाई नियुक्ति गरिएको भन्ने प्रश्न उठ्न पुगेको छ। तसर्थ यो नियुक्ति नियमसंगत, उपयोगी वा राष्ट्रिय आवश्यकताअनुरूप हो भन्नलाई सेवामा रहने सबै कर्मचारीलाई अयोग्य, अनुपयुक्त, विशेषज्ञतारहित मात्र होइन, सोभन्दा बढी सजाय पाएका मात्र रहेछन् भनी अनुमान गर्नुपर्ने हुन्छ। अन्यथा यस्तो नियुक्तिले सेवारत कर्मचारीको योग्यता उपयुक्तता र विशेषज्ञतालाई चुनौती दिई राष्ट्र सेवकहरूको मनोबल गिराउन सक्ने देखिन्छ। जसको परिणाम मुलुकको प्रशासन संयन्त्रबाट प्राप्त गर्नसक्ने सेवामा गम्भीर र दूरगामी प्रभाव पर्नसक्ने देखिन्छ भनी आफ्नो निर्णय दिएको छ। साथै उपसमितिले यस्ता नियुक्तिहरू व्यापकरूपमा रहेको भन्ने चर्चा परिचर्चासमेत आएकोले समितिले यस्ता नियुक्तिमा चासो लिई खोजतलास गर्नुपर्ने र यथार्थ कुराहरू प्रकाशमा ल्याउनुपर्ने आवश्यकता प्रतिवेदनमा सिफरिश गरेको छ।

यी बुँदाहरू र प्रतिवेदनमा उल्लेखित अन्य कुराहरूका आधारमा राज्य व्यवस्था समितिले चार वटा सुझाव प्रस्तुत गरेको छ। यसमा (१) उपरोक्त आधारमा ऐन कानून र सम्बद्ध मूल्य तथा मान्यता प्रति यस सन्दर्भमा श्री ५ को सरकार पूर्ण इमान्दार रहन नसकेको तथ्यलाई यो नियुक्तिले पुष्टि गर्न पुगेको छ। आउने दिनहरूमा श्री ५ को सरकार यसतर्फ पूर्ण सचेत र इमान्दार हुनसकेमा मात्र कानूनी राज्यको धारणा, प्रजातन्त्रको मर्म, प्रशासनका मूल्य र मान्यता व्यवहारमा स्थापित हुनसक्ने देखिन्छ।(२) संविधान र कानूनले नै परामर्श लिनुपर्ने वा अन्य काम कारवाहीमा सम्लग्न गराउनुपर्ने भनी तोकिएको संस्थालाई बेवास्ता गरी काम कारवाही गर्ने परिपाटीको अन्त्य गर्न श्री ५ को सरकार पूर्ण सचेत रहनु पर्नेदेखिन्छ।(३) सरकार स्वयं नै विधायिकाले बनाएको कानूनको उल्लंघनकर्ता हुनुहुँदैन। सरकार स्वयंले कानून उल्लंघन गरेमा जनतालाई कानून पालना गर्न लगाउने सरकारको नैतिक साहसमा ह्रास आउन सक्छ र (४) यस प्रकारको आमजनताको सरोकारको विषयका प्रतिवेदनहरू सदनसमक्ष प्रस्तुत भएपछि उक्त प्रतिवेदनमाथि सदनमा छलफल गरी श्री ५ को सरकारलाई मार्ग निर्देशन र नियन्त्रण गर्ने परिपाटीको प्रारम्भ गरियोस् भन्ने सांसदहरूको अनुरोधसमेतलाई विचार गरी सभामुखबाट यस्ता प्रतिवेदनहरू सदनमा पनि छलफल गर्ने व्यवस्था मिलाउने सिफारिससहित अनुरोध गरेको देखिन्छ।

बाह्रौं अधिवेशनको उपलब्धिः दलत्याग ऐन २०५४

नेपाल अधिराज्यको संविधान २०४७ को धारा ४९ (च) मा "जुन दलको उम्मेद्वार भई सदस्य निर्वाचित भएको हो, सो दलले कानूनमा व्यवस्था भएबमोजिम निजले दलत्याग गरेको कुरा सूचित गरेमा" संसदको सदस्य स्थान रिक्त हुने व्यवस्था गरेकोमा कानूनको अभावले लामो समयसम्म सो धारा निष्क्रिय भएर अनेक विकृतिहरू समेत देखा परेका थिए। संयुक्त जनमोर्चाका कमान सिंह लामाले पार्टी ह्वीप विपरीत नेकपा (एमाले) लाई सघाएको, एमालेका सांसदहरूले पार्टी ह्विप उल्लंघन गरी जगत बोगटीलाई जिताएको, नेपाली कांग्रेसका सांसदहरू सदनमा अनुपस्थित भएर आफ्नै सरकार गिराएको, राप्रपाबीच लगातार दल बदलका कार्य भएकोले राजनीतिक स्थीरतामाथिसमेत प्रभाव परेको सन्दर्भमा दल त्याग(सूचना) सम्बन्धी विधेयक २०५३, सदनमा प्रस्तुत भएको थियो। यसै विधेयकलाई संशोधन र परिमार्जित गरी संसदको १२ औं अधिवेशनले दल त्याग ऐन २०५४ को रूपमा पारित गरेको छ।

दलत्याग विधेयक नेपाल अधिराज्यको संविधान २०४७ को धारा ४९ ले संसद सदस्यको स्थानको रिक्तता सम्बन्धी व्यवस्था गर्ने उपधारा (च) मा भएको प्रावधान अनुसार कानूनी व्यवस्था गर्ने उद्देश्यले बनाएको हो। यस ऐनले व्यवस्था गरेअनुसार (क) दलको सदस्यताबाट लिखित राजीनामा दिएमा, (ख) अर्को दलको सदस्यता लिएमा, (ग) आफू समेत संलग्न भई अर्को दल गठन गरेमा, (घ) आफ्नो संसदीय दलको संचेतकले दिएको निर्देशनविपरीत सदनमा मतदान गरेमा, तटस्थ रहेमा वा मतदानमा अनुपस्थित भएमा सो सदस्यले दल त्याग गरेको मान्न सकिने व्यवस्था गरेको छ। तर कुनै सदस्यले आफ्नो काबुभन्दा बाहिरको परिस्थिति परी सचेतकको निर्देशन मान्न नसक्ने स्थिति उत्पन्न भएको आधार र कारण खोली संसदीय दल वा सचेतकसमक्ष निज वा निजको प्रतिनिधिले यस्तो कार्य भए/गरेको मितिले १५ दिनभित्र लिखित निवेदन दिएमा सो सम्बन्धमा संसदीय दलले गठन गरेको जाँचबुझ समितिले आवश्यक जाँचबुझ गर्ने छ।

र, त्यसरी जाँचबुझ गर्दा निवेदनमा उल्लेखित आधार र कारण सन्तोषजनक देखिएमा यो ऐनबमोजिम दल त्याग गरेको नमानिने गरी कार्यकारिणी समितिसमक्ष सिफारिस गर्न सक्नेछ। कुनै सदस्यले दल त्याग गरेको मान्न सकिने कुनै कार्य गरेमा सम्बन्धित दलले त्यस्तो सदस्यले दलत्याग गरेको सूचना दिन सक्नेछ। तर सूचना दिनुअगाडि सफाइको लागि मौका दिनुपर्ने व्यवस्था छ। कार्यकारिणी समितिको बहुमतबाट अख्तियार प्राप्त पदाधिकारीले संसद सचिवालयमा सूचना दिएपछि कागजात जाँचबुझ गरी प्रतिनिधि सभाको सदस्यको हकमा सभामुख र राष्ट्रिय सभाको सदस्यको हकमा अध्यक्षले १५ दिनभित्र प्राप्त सूचनाको जानकारी सभालाई दिनु पर्छ र संसद नचलेको अवस्थामा सूचना टाँस गर्नुपर्छ। यसरी सूचना दिएपछि सो सदस्यको पद रिक्त हुन जान्छ।

तर प्रतिनिधिसभाको सभामुख वा राष्ट्रिय सभाको अध्यक्षले दलबाट राजीनामा दिएमा वा ह्विपको निर्देशन अनुसार मतदान नगरेमा, प्रतिनिधिसभाको सभामुख वा राष्ट्रिय सभाको अध्यक्षको अनुपस्थितिमा प्रतिनिधिसभा वा राष्ट्रिय सभाको अध्यक्षता गर्ने सदस्यले त्यस्तो सभाको अध्यक्षता गरेको समयमा ह्विपको आदेशमुताबिक कार्य नगरेमा, कुनै दलको कार्यकारिणी समितिको कम्तिमा चालीस प्रतिशत छुट्टिई नयाँ दल बनाई सो दलमा वा भैरहेको अर्को दलमा समाहित भई सदस्यहरू सोही दलमा प्रवेश गरेमा वा कुनै दलको संसदीय दलको कम्तिमा चालीस प्रतिशत सदस्यहरू आफ्नो दलबाट छुट्टिई नयाँ राजनीतिक संगठन वा दल बनाए वा भइरहेको अर्को दलमा प्रवेश गरेमा दल त्याग गरेको नमानिने व्यवस्था पनि ऐनले गरेको छ। तर एक पटक विभाजन भएकोमा विभाजित संसदीय दलका सदस्यले सोही कार्यविधि अपनाई पुनः विभाजित हुन भने विरोध गरेको देखिन्छ। नयाँ दल बनाए वा भइरहेको अन्य दलमा समाहित भएमा त्यस्तो सदस्यको नामावलीसहित अन्य कागजातहरू सम्बन्धित दलले संसद सचिवालयलाई दिनुपर्छ।

यसरी दल त्याग ऐनले सांसदहरूलाई राजनीतिक दलअन्तरगत नियन्त्रित र अनुशासित गरी अस्थिरता र खरीद बिक्री जस्ता विकृतिलाई रोक्ने महत्वपूर्ण काम गरे पनि यसबाट केही सैद्धान्तिक र व्यावहारिक कठिनाई भने उत्पन्न गरिदिएको छ। महाकाली सन्धिको बारेमा पार्टीमा नै व्यापक विभाजन रह्यो। यस्ता संवेदनशील मामला ह्विपमा राख्न कति विवेकपूर्ण हुनेछ भन्ने प्रश्न खडा भएको छ। यो ऐनले संविधानले नै दिएको जनप्रतिनिधिहरूको ६२ (२) को विशेषाधिकारलाई समाप्त गरी त्यसलाई पार्टीको निर्देशनमा ल्याउने कार्य भएको छ। यस व्यवस्थामा सांसदहरूले संसदमा बोलेको वा मतदान गरेको कुरालाई कुनै पनि अदालतमा प्रश्न उठाउन नपाउने गरिसकेको छ। तर दल त्याग ऐनले सांसदहरूले गरेको मतदानबारेमा कारवाही गर्ने अधिकार राजनीतिक दललाई दिएको छ। यसले गर्दा अदालतलाई पनि प्राप्त नभएको अधिकार पार्टीलाई दिनु कति उचित हुन्छ? भन्ने पनि प्रश्न खडा भएको छ। यस व्यवस्थाले राष्ट्रिय पार्टी र अन्य पार्टीका सांसदलाई अलग राख्ने दोहोरो मापदण्ड राखेको छ। सांसदहरूलाई स्वयं मर्यादित पार्ने संस्कृतिको विकास गरिनुपर्दछ। यसो नहुँदा यो ऐन बनेको एक हप्ताभित्रै राप्रपाका सांसदहरूले उल्लंघन गरी दिएको घटना हाम्रो सामु छ।

महिलाको अंशमाथिको हक र गर्भ संरक्षण :

नेपालमा महिलालाई पनि अंशमाथिको हक तथा महिलाको गर्भ संरक्षणसम्बन्धी अधिकारको बारेमा व्यापकरूपमा केही वर्ष देखि छलफल चलेको र सर्वोच्च अदालतसमेतले नारी र पुरुषलाई समानता दिने ऐनको तर्जुमा र असमानता हुने ऐनको खारेजी गर्ने आदेशात्मक फैसला दिएकोमा संसदको १२ औं अधिवेशनमा मुलुकी ऐन (एघारौं संशोधन) विधेयक २०५४ र गर्भ संरक्षणसम्बन्धी विधेयक २०५४ सदनमा पेश भएर समितिमा विचाराधीन रहेका छन्। प्रस्तावित रुपमा यी विधेयकले महिलाको सम्पत्ति तथा गर्भ संरक्षण सम्बन्धमा केही महत्वपूर्ण प्रावधान प्रस्तुत गरेको देखिन्छ।

लोग्ने र स्वास्नीको सम्बन्ध विच्छेद हुने भएमा अदालतले उनीहरूबीच अंशबण्डा गर्न लगाएर मात्र सम्बन्ध विच्छेद गर्नुपर्छ। सम्बन्ध विच्छेद हुने लोग्ने मानिसले नै अंश लिई नसकेको अवस्थामा अदालतले माग गरी अंशियारहरूबीच अंशबण्डा गर्न आदेश दिई त्यस्तो लोग्ने मानिसको भागमा पर्ने अंश र सो अंशबाट सम्बन्ध विच्छेद गर्ने स्वास्नी मानिसले पाउने अंश अन्याय गरी अंशबण्डा नभएसम्मका लगि त्यस्ती स्वास्नी मानिसको जीविकाको निमित्त मासिक रुपले खर्च भराई दिनुपर्छ। अंशबण्डा भैसकेपछि सम्बन्ध विच्छेद भएकी स्वास्नी मानिसको अंशमा परेको सम्पत्तिमा उनको हक हुनेछ। त्यस्ती स्वास्नी मानिसले अर्को विवाह नगरेमा वा अर्को विवाह गरेको भए पनि कुनै सन्तान नभएमा निजको शेषपछि त्यस्तो सम्पत्ति अघिल्लो लोग्नेपट्टी सन्तान भए त्यस्ता सन्तान र नभए अघिल्लो लोग्नेले पाउने व्यवस्था गरिएको छ। सम्बन्ध विच्छेद हुने स्वास्नी मानिसले अंश नलिई वा सोबापत लोग्नेसंग वार्षिक वा मासिक खर्च भराई लिन चाहेमा अदालतले त्यस्तो स्वास्नी मानिसलाई लोग्नेको सम्पत्ति र आयस्ताको आधारमा वार्षिक वा मासिक खर्च भराईदिनुपर्ने पनि व्यवस्था छ।

अंशबण्डा गर्दा बाबु, आमा लोग्ने स्वास्नी छोरा र छोरीहरूको जिय जियकै अंश गर्ने व्यवस्था गरिएको छ। तर विवाह भएकी छोरीको अंशबण्डा गर्नु नपर्ने पनि व्यवस्था गरिएको छ। संगै बसेका दाजुभाइका छोरा छोरीहरूमा आफ्ना आफ्ना बाबुको मात्र अंश हुन्छ। अंश नहुने लोग्ने वा बाबु मरेमा निजले पाउने अंश स्वास्नी वा छोरा छोरीले पाउँछन्। बाबुले जीउ छउञ्जेल अंश दिन छोरा छोरीले बाध्य गर्नु नहुने र बाबुले छोराछोरीलाई छुट्टिन बाध्य गर्न नसकिने प्रावधानका साथै बाबुले स्वास्नी र छोरा छोरीलाई इज्जत आमदअनुसार खान लाउन दिनुपर्ने र आवश्यकता अनुसार शिक्षादीक्षा

उपचारको व्यवस्था गर्नुपर्छ। सो नगरे अंश दिनुपर्छ। विधवा स्वास्नी मानिसले चाहेमा आफ्नो अंश लिई भिन्न हुन पाउँछे। तर त्यस्तो आइमाई वा अंश लिइसकेकी छोरीले विवाह भएमा निजहरूले खाईलाई बाँकी रहेको सम्पत्ति निजका लोग्ने वा माइतीपट्टीका हकवालामा फिर्ता हुने व्यवस्था गरिएको छ। अचल सम्पत्ति बेचबिखनमा स्वास्नी मानिसको पनि सहमति लिनुपर्ने गरिएको छ। स्वास्नी मानिसको दाइजो पेवामा छोराछोरीको हक समान हुन्छ। भिन्न भएकी स्वास्नी मानिसलाई धर्मपुत्र राख्ने हक प्रदान गरिएको छ। अपुतालिमा अविवाहित छोरीले छोरासरह अंश पाउने प्रावधान राखिएको छ।

यसको साथै कसैले गर्भ तुहाएमा वा गर्भ तुहाउने नियतले वा गर्भ तुहिन सक्छ भनी जानी जानी वा विश्वास गर्नु पर्ने कारण भई कुनै काम गर्दा गर्भ तुहिन गएमा बाह्र हप्तासम्मको गर्भ भए एकवर्ष कैद, पच्चीस हप्तासम्मको गर्भ भए तीन वर्षसम्म कैद पच्चीस हप्ता भन्दा बढीको गर्भ भए पाँच वर्षसम्म कैद गर्ने व्यवस्था गरिएको छ। तर गर्भ बोक्ने स्वास्नी मानिस विवाहित भए निजको लोग्ने रहेछ भने लोग्नेको सहमति लिई त्यस्तो स्वास्नी मानिसको मंजुरीले बाह्र हप्तासम्मको गर्भ वा जबरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको अठार हप्तासम्मको गर्भ त्यस्तो गर्भ बोक्ने स्वास्नी मानिसको मञ्जुरीले वा गर्भपात नगराएमा गर्भ बोक्ने स्वास्नी मानिसको ज्यानमा खतरा पुग्न सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुनसक्छ वा विकलाङ्ग बच्चा जन्मन सक्छ भन्ने प्रचलित कानूनबमोजिम योग्यता प्राप्त चिकित्सकको राय भई त्यस्तो स्वास्नी मानिसको मञ्जुरी लिई श्री ५ को सरकारले तोकेबमोजिमको प्रक्रिया अपनाई योग्यता प्राप्त चिकित्सकले गर्भपतन गराउन सकिने प्रावधान राखिएको छ। यी व्यवस्थाहरूले विशेष अवस्थामा गर्भपतनलाई छुट दिई गर्भ संरक्षण गर्ने प्रयास गरेको छ।

परराष्ट्र तथा मानवअधिकार समितिको क्रियाकलाप

परराष्ट्र तथा मानवअधिकार समितिको क्षेत्राधिकारमा परराष्ट्र मन्त्रालय, संसदीय व्यवस्था मन्त्रालय, न्याय कानून मन्त्रालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महान्यायाधिवक्ताको कार्यालय, प्रत्यार्पण व्यवस्था आदि परेकोले यस समितिको व्यापक क्षेत्राधिकारलाई विचार गरी सम्बन्धित विषयको छुट्टाछुट्टै अध्ययन गर्न उपसमितिहरू गठन गरिएको छ।

परराष्ट्र सम्बन्धमा समितिले राष्ट्रिय सहमतिको आधारमा परराष्ट्र नीतिलाई व्यवहारमा कुशलतापूर्वक कार्यान्वयन गर्नुपर्ने, आर्थिक विश्वव्यापीकरणको मान्यता र क्षेत्रीय सहयोगको नयाँ आयामअनुरूप तुलनात्मकरूपमा लाभ प्राप्त हुने क्षेत्रको विकासको लागि आर्थिक कूटनीति परिचालन गर्नु पर्ने कुरामा सिफारिस गर्दै हाम्रो आर्थिक कूटनीति ज्यादै कमजोर अवस्थामा रहेको महसूस गरिएको छ। परिवर्तित सन्दर्भमा कूटनीति संचालन गर्न परराष्ट्र मन्त्रालयले निर्वाह गर्नुपर्ने भूमिका सम्बन्धमा केहीअघि श्री ५ को सरकारले गठन गरेको कार्यदलको प्रतिवेदनको समुचित कार्यान्वयन तर्फ विशेष जोड दिनुपर्दछ भन्ने समितिको सोचाई रहेको स्पष्ट पारेको छ। समितिले विभिन्न मितिमा परराष्ट्र मन्त्रीसंग महाकाली नदी र भारतसंग भएका सम्झौताहरू बारेमा, पश्चिमी सिमाना बारेमा, परराष्ट्र मन्त्रालयसंग भूपू गोरखा सेना बारेमा, परराष्ट्र मन्त्रीसंग भुटानी शरणार्थी समस्याबारेमा जानकारी माग्नुका साथै सीमा तथा भुटानी शरणार्थी शिविरको स्थलगत निरीक्षण गरी विभिन्न ११ वटा सुझाव दिएको छ। यी सुझावमा भुटानी शरणार्थी समस्या हेर्ने छुट्टै डेस्कको व्यवस्था गर्नुपर्ने, दौत्य सम्बन्ध विस्तार र राजदूतावास बढाउने, खुला सिमाना नियमित गर्ने, कालापानीबाट भारतीय सेना हटाउनुपर्ने, सन् १९५० को सन्धिलाई समयानुकूल बनाउन सर्वदलीय कार्यदल बनाउने, भुटानी शरणार्थी समस्या समाधान गर्न भारतलाई मनाउन प्रयास गर्नेलगायत् रहेका छन्।

मानवअधिकार समितिले मानवअधिकार सम्बन्धमा विभिन्न बाह्रवटा सिफारिस गरेको छ। समितिले प्रजातन्त्र प्राप्तिपछि पनि प्रजातन्त्रको फल गरीब जनतासम्म पुग्न नसकेको, विभिन्न किसिमका भेदभावपूर्ण व्यवहार गरिएको, कानूनी दृष्टिले सबै नागरिक समान भए पनि जातजातिबीचको भेदभाव, छुवाछूत, नारी पुरूषबीचको भेदभाव धनी र गरीव बीच भेदभाव, समान अधिकारको उपयोगमा भेदभाव आदि कारणले जनताका हक सुरक्षित नभएको र मानवअधिकारको स्थिति सन्तोषजनक नभएको ठहरसाथ प्रहरीलाई मानवअधिकारसम्बन्धी तालिम दिनुपर्ने, मानवअधिकारका उल्लंघनका घटनाहरू बढ्दै गएको, गैरकानूनी रूपमा थुनछेक भइरहेको, बन्दीको अवस्थामा यातना दिइएको, बलात्कारका घटना भइरहेको, बाल शोषण भइरहेको, विभिन्न मुद्दामा बन्दी जीवन बिताएका बन्दीहरूले र प्रहरी हिरासतमा रहेका व्यक्तिहरूले मानवअधिकारको दृष्टिले मानवोचित जीवन बिताउन नपाएको, प्रहरी हिरासतमा रहँदा दिइने यातना कम नभएको, सार्वजनिक ऐनअन्तरगतका मुद्दाहरू हेर्ने अधिकारको दुरूपयोग गरिएकोले यसमा उचित नियन्त्रण र आवश्यक निर्देशन दिनुपर्ने सिफारिस गरेको छ।

समितिले माओवादी समस्या समाधानको लागि वार्ता चलाउनुपर्ने, मानवअधिकार आयोग गठन गर्नुपर्ने, क्षतिपूर्ति ऐन कार्यान्वयन गर्नुपर्ने, मानवअधिकारको विश्वव्यापी प्रतिबद्धताअनुसार सरकारले यस क्षेत्रमा गरेका प्रगति सार्वजनिक गराउनुपर्ने, मृत्युदण्डसम्बन्धी संविधानसंग बाझिएका ऐन कानून खारेज गर्नु पर्ने, मानवअधिकार शिक्षा प्रदान गरी मानवअधिकार सम्बन्धी जन चेतना अभिवृद्धि गर्नु पर्ने, बालश्रम र शोषण अन्त गर्ने प्रतिबद्धतालाई कार्यरूप दिनु पर्ने, बालअधिकार संरक्षण गर्नुपर्ने, महिलालाई समान हक प्रदान गर्ने र वेश्यावृत्तिलाई हटाउन रोजगारी परियोजना संचालन गर्न सुझाव दिएको छ। साथै मुलुकमा

मानवअधिकार र न्याय कानूनको अवस्था र तत्सम्बन्धमा श्री ५ को सरकारले चाल्नुपर्ने कदमबारे समितिको चासो र दृष्टिकोण साथ श्री ५ को सरकारसमक्ष समितिले लिखित अनुरोध गरेको र यस विषयमा हालसम्म श्री ५ को सरकारबाट कुनै स्पष्ट र ठोस कारबाही प्रारम्भ भएको देखिएन भनी रुष्टता पनि व्यक्त गरिएको छ।

परराष्ट्र तथा मानवअधिकार समितिले विभिन्न जिल्लाको स्थलगत निरीक्षण गरी कारागारको स्थिति र त्यसको सुधार सम्बन्धमा सिफारिस गरेको छ। समितिले गरेको सिफारिसमा कारागारहरुको स्थिति नाजुक, जीर्ण, साँगुरो तथा असुविधायुक्त रहेको ठहर गरी जेल सुधार सम्बन्धमा गठित बद्रीराम भण्डारीको कारागार सुधार समितिको प्रतिवेदन २०४७ को सिफारिस लागू गर्नुपर्ने, जेल सुधार तथा कार्यको अनुगमन गर्न स्थायी समितिको व्यवस्था गरिनुपर्ने, रकम थप गर्नुपर्ने, संचार सुविधा उपलब्ध गराउनु पर्ने, मनोरञ्जनका साधन उपलब्ध गराउनुपर्ने, कैदीहरुलाई सिपमूलक तालिम दिनुपर्ने, मर्मत सम्भार गर्नुपर्ने, व्यवस्थित पसल, शिक्षाको व्यवस्था, चौखण्डीको व्यवस्था, भौगोलिक स्थितिअनुसारको लुगाफाटोलगायत् १६ वटा सुझाव दिई कार्यान्वयन गर्न जोड दिइएको छ।

भुटानी शरणार्थी सम्बन्धमा नेपाल भुटानबीच मन्त्री स्तरीय वार्ता चालू गर्नुपर्ने, भारतसंग कुरा गर्नुपर्ने, सम्मानपूर्वक सुरक्षित रुपमा भुटान फर्काउने व्यवस्था गर्नुपर्ने तथा भुटानलाई ग्राह्य नहुने खालका नागरिकलाई नेपालले स्वीकार गर्नुपर्ने वा राज्यविहीन रूपमा रहने स्थिति संयुक्त राष्ट्रसंघको वडापत्र र अन्तर्राष्ट्रिय कानून अनुकूल नभएकोले तिनीहरुलाई भुटानले फिर्ता लिनुपर्नेतर्फ दृढ र प्रभावकारी कदम चाल्नको लागिसमेत ५ वटा सिफारिस गरेको देखिन्छ। यसबारेमा २०५४ असार १२ गते परराष्ट्र मन्त्रीसंग जानकारी मागिएको थियो।

मानवअधिकार समितिले माओवादी जनयुद्ध र हिंसात्मक परिस्थितिप्रति गम्भीर भएर छलफल गरी माओवादीसंग वार्ता गर्न जोड दिएको र हिंसात्मक घटनालाई रोक्न एउटा प्रेस वक्तव्यसमेत प्रकाशित गर्न आह्वान गर्‍यो। साथै हिंसात्मक घटना भएका केही जिल्लामा स्थलगत निरीक्षणसमेत गरी सरकारले अवलम्बन गरेको नीति, कार्यक्रम तथा उपलब्धिबारेमा जानकारी लियो। माओवादी समस्याबारेमा सरकारसंग छलफल पनि गर्‍यो। माओवादी समस्या समाधान गर्न सर्वदलीय सहमति चाहिने सुझाव समितिले दिएको छ।

परराष्ट्र तथा मानवअधिकार समितिले २०५३ साल पुस २४ गते लालमोहर लागिसकेको मानवअधिकार आयोग ऐन अनुसार आयोग गठन गर्न विलम्ब भएकोमा यो आयोग अविलम्ब गठन गर्न पनि सरकारको ध्यानाकर्षण गराएको देखिन्छ।

समितिले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रतिवेदनमाथि छलफल गरी आयोगले भ्रष्टाचार निवारणसम्बन्धी नेपाल कानूनलाई संशोधन र एकीकरण गर्ने र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम, कर्तव्य र अधिकार तथा कार्यविधि सम्बन्धमा व्यवस्था गर्न बनेको मसौदा प्रतिवेदनलाई कानूनीरुप दिन बदलिंदो परिस्थितिअनुसार सुधार गरी अविलम्ब संसदमा पेश गर्नु पर्ने, समयमा आयुक्तहरुको नियुक्ति गर्नुपर्ने आयोगमा परेका मुद्दा छिटो टुंग्याउनुपर्ने, भ्रष्टाचारसम्बन्धी आवश्यक कानूनको निर्माण गर्नु पर्ने, आयोगले गरेको काम, कारवाहीलाई प्रचार प्रसार गर्नुभन्दा वास्तविक तथ्य र सत्यताको आधारमा कारवाही छिटो छरितो ढंगले संचालन गर्नुपर्ने, कार्यान्वयनका बारे अनुगमन हुनुपर्ने, राजनीतिक हस्तक्षेप हुनु नहुने तथा दोषीलाई समयमै उचित कार्वाही गर्ने परम्परा बसाल्नुपर्ने सुझाव दिएको छ।

समितिले महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरुबारे छलफल गरी महान्यायाधिवक्ताको र यस मातहतको कार्यालयलाई सक्षम, सबल र प्रभावकारी बनाउन, अनुसन्धानलाई सबल, सक्षम र प्रभावकारी बनाउन, समयमा प्रमाण बुझ्ने प्रक्रियालाई प्रभावकारी बनाउन र फौजदारी कानूनलाई समयसंग मेल खाने बनाउन सुझाव दिएको छ।

समितिले अर्धन्यायिक निकायको रुपमा रहेका जिल्ला वन कार्यालयहरु, वन्यजन्तु आरक्षण कार्यालयहरु, राजस्व अनुसन्धान विभाग र अन्तरगतका कार्यालयहरु, विभिन्न भन्सार कार्यालयको काम, कारवाहीको सिलसिलामा दण्ड, जरिवाना, कैद आदि गर्ने सम्बन्धमा २०५३/१२/१७ मा छलफल गर्नुका साथै यस्ता कार्यालयको निरीक्षण समेत गर्‍यो। निरीक्षण तथा अवलोकन गर्दा प्रायःजसो निकायबाट दण्ड, जरिवाना, कैद आदिको निर्णय गरेको र त्यस्तो निर्णय गर्ने व्यक्तिले कारवाहीको आरम्भिक चरणदेखि निर्णय प्रक्रियासम्म एउटै व्यक्तिबाट भएको देखिएकोले निस्पक्ष ढंगले निर्णय हुन नसकेको निस्कर्ष निकालेको देखिन्छ।

सांसद सुविधा र विवाद

गरीब मुलुक नेपालमा सांसदहरूले बढी सुविधा लिएको भनी जनस्तरमा व्यापक विरोध भएको छ भने सांसदहरूले आफूलाई दिएको सुविधा ज्यादै कम भएको भनी आफ्नो सुविधाको औचित्यता सिद्ध गर्ने प्रयास गरेको देखिएको छ। शेरबहादुर देउवाको नेतृत्वमा बनेको संयुक्त सरकारले सांसदहरूलाई गाडी सुविधा दिने तथा सांसदहरूलाई पारिश्रमिक तथा घरभाडा भन्दा बाहेक अरू सुविधाहरू र सांसद नभए पनि कर्मचारीलाई जस्तै निवृत्तिभरणकोसमेत व्यवस्था गरेपछि जनस्तरमा यसको विरोध निकै भएको देखिन्छ। सांसदहरूले बढी सुविधा लिएको विरोधमा देशव्यापीरुपमा विरोध गरी गाडीमा पेट्रोल हाल्न भनी सबै सांसदलाई ५ पैसाका दरले रकम पठाउने, सुत्केरीले खाने औषधीको रकम पुरुष सांसदले लिए भनी उठेको चर्चाको सम्बन्धमा "चोलो र फरिया" उपहार पठाउने जस्ता कार्य पनि भए। सांसद सुविधालाई उपहास गर्दै पठाएको रकम संसद

सचिवालयमा चालीस हजारभन्दा बढी जम्मा भएको देखिएको छ। उपलब्ध गराएको सुविधा ठीक ढंगबाट प्रयोग भएको भए यसको विरोध हुने थिएन। सांसदलाई दिइने सुविधा दुरूपयोग भएको वा ठीक ढंगबाट प्रयोग नभएको कारणले यस्तो विरोध भएको हो। कतिपय सांसदहरूले नै यसबाट आफ्नो मर्यादा घटेको समेत महसुस गर्न थालेका छन्।

संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधासम्बन्धी ऐन २०५२ ले व्यवस्था गरे अनुसार सांसदहरूले प्रतिमहिना पारिश्रमिक वापत रू. ५९००।-, आवासवापत प्रतिमहिना ४५००।-, पत्रपत्रिकावापत प्रतिमहिना रू. ३००।-, अतिथि सत्कार र मसलन्द खर्चवापत प्रति महिना रू. १०००।-, अधिवेशन वा समितिको बैठक चलेको अवधिमा बैठक भत्ता दैनिक रू. २००।-, दुई अधिवेशन अवधिमा आफ्नो क्षेत्रमा वासस्थान भ्रमण गरी अध्ययन गर्न एक महिना बराबरको रू. ५९००।- प्रतिवर्ष, ४०० स्थानीय कल र एक घण्टाको एस.टि.डी. टेलिफोन कल वापतको करीब रू. १५००।- प्रतिमहिना, २०० युनिट बिजुलीको महसुल बराबरको रकम लगभग १५००।- तथा एक जना स्वकीय सचिव शाखा अधिकृत स्तरको तलब रू. ४५००।- पाउने व्यवस्था छ। यसरी यी सुविधाहरू जोड्दा प्रतिमहिना २००००।- लगभग एक सांसदले बुझ्दछन्। यसमा स्वकीय सचिवलगायत् अन्य खर्चको बिल भौचर देखाउन पर्ने व्यवस्था छैन। स्वकीय सचिवको तलबसमेत कतिपय सांसद आफैले खाने गरेका छन्।

यसका अलावा सांसदहरूले दैनिक भ्रमण भत्ता रू. १९०।- पति र पत्नीले पाउने व्यवस्था छ। पैदल हिंडमा रू. २५।- का दरले प्रतिकोषको रकम पाउँछन्। स्थायी बसोबास स्थानबाट अधिवेशन वा बैठकमा भाग लिन आउँदा जाँदा दोब्बर भत्ता पाउने गर्दछन्। मोटरबाट आउँदा जाँदा पेट्रोल खर्च पाउने व्यवस्था छ। साथै बैठकमा भाग लिन आउँदा रू. ५०।- ट्याक्सी खर्च दिइन्छ। विदेशी मुलुकमा जाँदा एशियाली मुलुक (खाडी मुलुक, जापान, फिलिपिन्स तथा दक्षिण कोरिया बाहेक) दैनिक यु. एस. डलर १०० जापान, फिलिपिन्स, खाडीका देशसमेतका लागि दैनिक भत्ता यु. एस. डलर १२५ दिइन्छ। औषधी खर्च नेपालमा उपचार गराए बील अनुसार र विदेशमा उपचार गराउनुपर्दा श्री ५ को सरकारको निर्णयअनुसार रकम दिइन्छ।

प्रतिनिधिसभा विघटन भए एक महिनाको अतिरिक्त पारिश्रमिक दिइन्छ। बैठक स्थगित भएमा पनि भत्ता दिइन्छ। बिदामा पनि भत्ता हुन्छ। बैठक प्रारम्भ हुने तीन दिनअगाडि र तीन दिन पछाडि प्रतिदिन २००।- को व्यवस्था छ। आवास भत्ता पदावधि सिद्धिएको १५ दिनसम्म दिइने व्यवस्था छ। आवासमा फर्निचरको सुविधाको बन्दोबस्त गर्न एक पदावधिको लागि रू. १ हजार ५ सय रूपैया तथा टेलिफोन लाईन जडान गर्न र दुई चोटी आवास परिवर्तन गर्दा लाग्ने खर्च दिइने व्यवस्था छ। सांसदहरूलाई कम्प्युटर र टाइपराइटर समेत भन्सार छुटमा विदेशबाट मगाउन दिइन्छ। नर यस्तो सुविधा भने कमैले प्रयोग गरेको देखियो।

सांसदहरूलाई पदावधि पूरा भएपछि विशेष व्यवस्था अनुसार निवृत्तिभरणको समेत व्यवस्था गरिएको छ। एक कार्यकाल वा पदावधि पूरा गरे खाइपाइ रहेको पारिश्रमिकको ५० प्रतिशत, दुई काल वा पदावधि पूरा गरे खाइपाई रहेका पारिश्रमिकको ६० प्रतिशत तथा तीन वा बढी काल पूरा गरेकालाई खाइपाई रहेको पारिश्रमिकको ७५ प्रतिशत दिइने व्यवस्था गरी भविष्यसमेत सुनिश्चित गरिदिएको छ। प्रतिनिधिसभा बीचमै भंग भए पनि पूरा कार्यकाल मानिन्छ। तर, यो व्यवस्था नेपाल अधिराज्यको संविधान २०४७ अनुसारका सांसदलाई मात्र दिने भएकोले यसको विरूद्ध पहिलाका राष्ट्रसभा सदस्यहरूले पनि पाउनुपर्ने भनी मुद्दा दिएकोले कार्यान्वयन भने भएको छैन।

उपचार खर्चको व्यवस्था र सांसदहरु

२०५४ साउन ३१ गते २०४८ सालभन्दा यताका संसद सचिवालयबाट उपचार खर्च लिनु हुने सांसदहरूको नाम सार्वजनिक गरिएको छ। साथै अपत्यारिला बिल पेश गरेर संसद सचिवालयबाट भुक्तानी लिए/नलिएको पनि छानविन गरी सांसदहरूले लिएको उपचार खर्च पारदर्शी बनाउने भनी प्राप्त भएको विवरण लेखा समितिले सार्वजनिक गरेकोमा सांसद दिलीपकुमार शाहीले रू. २ लाख १४ हजार ८ सय ६९, र पैसा पचास, प्रकाश कोइराला (सिन्धुली) २ लाख ७ हजार ६ सय ८६ र पैसा ८१, रामेश्वरराय यादव रू. १ लाख ७६ हजार ४ सय ५४, ध्रुव शर्मा रू. १ लाख ७३ हजार ९ सय १४, शिवराज सुवेदी रू. १ लाख ६९ हजार ७९ रूपैयाँ र पैसा ६२, मनमोहन अधिकारी रू. १ लाख ६१ हजार ४ सय ४५, मीनबहादुर खत्री रू. १ लाख ४५ हजार २० र पैसा २५, देवबहादुर पौडेल क्षेत्री रू. १ लाख ५२ हजार २ सय ४९, रामचन्द्र अधिकारी रू. १ लाख ४१ हजार ९ सय ०५, उमा अधिकारी १ लाख ११ हजार ४ सय ७३ र पैसा ६८, राजदेव गोहित ८१ हजार ८ सय ४२ र पैसा ८०, रोहिणीदेव भट्ट रू. ७० हजार २ सय २७ र पैसा ९२, भीमबहादुर श्रेष्ठ ६२ हजार ८ सय ९२, जागृतप्रसाद भेटवाल ६२ हजार ८ सय ७२ पैसा ९३, कमलादेवी पन्त ६१ हजार ३ सय २६, रामलखन महतो ५६ हजार ६०७, विश्वनाथ प्रसाद अग्रवाल ५२ हजार ८ सय २५ र पैसा ४०, सलिममिया अन्सारी ५१ हजार ६७०, चन्द्रप्रकाश मैनाली ५० हजार, महेन्द्रकुमार मिश्र ४९ हजार २ सय २२ र पैसा ३५, महेन्द्र यादव ४८ हजार ४ सय ११, ढुण्डीराज शर्मा ४७ हजार १ सय १६, सुरेन्द्र हमाल ४६ हजार १ सय ८८, गंगाधर लम्साल ४४ हजार ७ सय ३८, लीला श्रेष्ठ सुब्बा ४० हजार २ सय ६४, गुरू बराल ४० हजार, हिमाञ्चलराज भट्टराई ३१ हजार ४ सय २७ र वासुदेव रिसालले ३० हजार उपचार खर्च लिनु भएको सार्वजनिक गरियो। यस्तै उपचार खर्च लिनेमा भरतमोहन अधिकारी, सीतानन्दन राय, दुर्गाकुमारी भट्टराई, भोजराज जोशी, महेन्द्रध्वज जी.सी, हिरण्यलाल श्रेष्ठ, जनकलाल

कर्माचार्य, जीवनप्रेम श्रेष्ठ, वासुदेव भट्ट, अम्बिका साँवा, जगनबहादुर बोगटी र अर्जुन नरसिंह के.सी. को नाम भए पनि उहाँहरूले लिएको रकम एकमुष्ट राखिएन। अधिकांश सांसदहरूले लिएको रकम औचित्यपूर्ण भए पनि केही सांसदहरूले एकै दिन वा एकै महिनामा नै ठूलो रकम लिएको देखाइएको छ। लेखा समितिले औषधी खर्च पूर्ण विवरण तयार गर्न उपसमिति गठन गरी काम गराइरहेको भए पनि यसको प्रतिवेदन अझै सार्वजनिक भएको छैन। प्रतिनिधिसभा लेखा समितिले ससद सचिवालयबाट सांसदहरूले उपचार खर्च शीर्षकअन्तरगत लिनुभएको बिल भुक्तानीबारे छानबिन गरी प्रतिवेदन पेश गर्न सांसद परि थापाको संयोजकत्वमा तीन सदस्य भएको समिति भदौ ६ गते गठन गरेको हो। लेखा शाखाले बढी रकम लिने सांसदहरूको पूर्ण विवरण नदिएकोले शंका उत्पन्न भएर त्यसको छानबिन गर्न वाङ्छे शेर्पा र दीपकुमार उपाध्याय समेत रहनु भएको समिति गठन भई छानबीनको कार्य भइरहेको छ।

मन्त्री हुने सांसदहरूले श्री ५ को सरकारको निर्णय गराई रकम लिएको पनि देखिन्छ। यसरी बढी रकम लिने मध्ये विजयकुमार गच्छदार पनि रहनुभएको छ। उहाँले उपचारको लागि ९ लाख रुपैयाँ लिनुभएको विवरण उहाँ आफैले संसदमा बताउनुभएको छ।

सांसदहरुको गाडी सुविधा र दुरुपयोग

अत्यन्त विवादित भएको विषय सांसदहरूले लिएको गाडीबापतको सुविधा पनि एक हो। संसदको दशौं सदनदेखि नै यसले संसदभित्र र बाहिर अत्यन्तै बढी चर्चा पाएको देखिन्छ। शेरबहादुर देउवा प्रधानमन्त्री भएको संयुक्त सरकारले आफ्नो कमजोर स्थितिको कारण सांसदहरूलाई खुशी पार्नका लागि गाडी भिकाउँदा भन्सारमा ९० प्रतिशत छुट दिने निर्णय गरेपछि यो विवाद शुरू भएको हो। त्यस निर्णयमा सांसद तथा विशिष्ट श्रेणीका कर्मचारी तथा संवैधानिक अंगका व्यक्तिहरूलाई पनि भन्सार छुटको गाडी भिकाउन दिने निर्णय गरिएको थियो। तर अन्यलाई गाडीको मोल अमेरिकी डलर १० हजारसम्मलाई छुट दिने भनी मोल निश्चित गरियो भने सांसदहरूलाई यो मूल्यको निश्चित नगरिंदा अत्यन्त महंगा गाडीहरू भिकाएकाले यो सहुलियतको दुरूपयोग भयो भनी विरोध भएको हो। हैसियत नै नहुने सांसदहरूले पजेरो तथा प्राडो जस्ता गाडीहरू भिकाएकोले स्वभाविकरूपमा यसबारेमा चासो गएको हो।

विभिन्न पत्रपत्रिका तथा स्रोतहरू हेर्दा २६५ जना सांसदहरू मध्ये २०६ जनाले गाडी सुविधा लिएको देखिएको छ। त्यसमध्ये अत्यन्त महंगा गाडीहरू लिनेहरूको संख्या १ सय ८० रहेको तथा सस्तोखाले गाडी लिनेको संख्या ७ जना मात्र रहेको देखिन्छ। सुनिल भण्डारीले सेकेण्ड ह्याण्ड गाडी र रवीन्द्र चक्रवर्ती तथा लक्ष्मीनारायण चौधरीले रिकण्डिसन गाडी भिकाएको देखिन्छ। सुविधाका गाडी नभिकाउने, खोलेका एल सी पनि खारेज गर्नेहरूमा राष्ट्रिय सभाका १३ जना र प्रतिनिधिसभाका २५ जना देखिन्छन्। बाँकी २१ जनाले सुविधा लिएको वा नलिएको, जिल्लामा दर्ता गराएको हो कि? तसर्थ स्रोत भने खुल्न सकेन। गाडी नलिनेहरूमा राष्ट्रिय सभाका सांसदहरूमा युवराज ज्ञवाली, चिरंजीवीप्रसाद रिजाल, प्रदीप नेपाल, डा. राममान श्रेष्ठ, ईश्वर पोखरेल, सुरेन्द्र पाण्डे, नरहरि आचार्य, बाबुराम राना, महेन्द्रकुमार मिश्र, महेश आचार्य, माधवकुमार नेपाल, मोहनचन्द्र अधिकारी, विदुर प्रसाद पौडेल र श्रीमती शारदा पोखरेल रहेको देखिन्छ। प्रतिनिधिसभाका सांसदहरूमा अशोककुमार राई, आशाकाजी वासुकला, कमलादेवी पन्त, खगराज अधिकारी, गुरूप्रसाद बराल, गंगालाल तुलाधर, घनश्याम भूसाल, चन्द्रप्रकाश मैनाली, जगदीशप्रसाद कुसैत, टंक राई, धनहर्क राई, नवराज सुवेदी, नारायणप्रसाद ढकाल, नारायणमान बिजुक्छे, परि थापा, भरतमोहन अधिकारी, भीमबहादुर तामाङ, मनमोहन अधिकारी, महन्थ ठाकुर, पुरूषोत्तम पौडेल, लीला श्रेष्ठ (सुब्बा), वामदेव गौतम, शैलजा आचार्य तथा शंकर पोखरेलको नाम देखिएको छ।

सांसद सुविधाअनुसार सबैभन्दा बढी मोल पर्ने गाडी लिनेमा शरदसिंह भण्डारीको नाम छ। उहाँले बा.अ.ज. ८३७३ को बजार मूल्यअनुसार करीब ६० लाख पर्ने पजेरो लिनुभएको छ। यसमा सांसद सुविधा ३४ लाख ३४ हजार प्राप्त गर्नुभएको छ। यस्तै महंगा गाडी लिनेहरूमा बलदेव शर्मा मजगैया, खुमबहादुर खड्का, गोपालजीजंग शाह, चीनकाजी श्रेष्ठ, ज्योतेन्द्र मोहन चौधरी, डेढराज खड्का, दुर्योधन सिंह, महेन्द्र थापा, मोदनाथ प्रश्रित, रमेश रिजाल, रामविलास यादव, लोकेन्द्रबहादुर चन्द, सिद्धराज ओझा, हिक्मतबहादुर शाही, कृष्णगोपाल श्रेष्ठ, विरोध खतिवडा र विद्या भण्डारीहरू छन्। भिकाइएका गाडीमा पजेरो तथा ल्याण्डकुजरको संख्या अत्याधिक देखिन्छ। यी गाडीहरू बापत राजस्वबाट लगभग ३७ करोड सुरूकै वर्षमा खर्च भएको छ। यस्ता सुविधाको लागि २०५४ /५५ को बजेटमा लगभग ३७ करोड रकम अनुमानित गरिएको छ।

आफ्ना हैसियत नै नभएका सांसदहरूले ५० औं लाख रूपैयाँ पर्ने गाडीहरू भिकाउँदा यसको स्रोतको उचित ठाउँ देखा पर्दैन। खासगरी यस्ता महंगा गाडीहरू भिकाउने काम सांसदको नाममा भए पनि यो तस्कर, कालाबजारी तथा नव कुबेरहरू भनी आरोप लागेकाहरूको प्रयोगको लागि आएको कुरा त्यस्ता व्यक्तिहरूको घर कम्पाउण्डमा देखिंदा स्पष्ट भएको छ। सांसदहरूले ५/७ लाख रूपैयाँ लिई सुविधाको बेचबिखन गरेकाले नै वास्तवमा विरोध भएको हो। दोस्रो कुरा नेपाल जस्तो गरीब मुलुकका सांसदहरूलाई अत्यन्त महंगा गाडी दिनु स्वयंमा सहुलियतको दुरूपयोग भएको हो भन्नेमा दुविधा हुँदैन।

हाल सांसदहरूले लिएको सुविधाको गाडीको प्रयोगलाई हेर्दा यसको उचित प्रयोग कमै भएको छ। केही सांसदले मात्र यसरी सहुलियतमा मगाएको गाडी आफैले प्रयोग गरेका छन्। धेरै सांसदहरूले ५/७ लाख रूपैयाँ लिएर वा सस्तोखाले गाडी आफूले लिएर यो सुविधा बिक्री गरी मुनाफा कमाएका छन्।

त्यस्तै आफू सरकारी वा संस्थानको मोटरमा चढेर सहुलियतको गाडी भाडामा दिने सांसदहरूको संख्या पनि प्रसस्त छ। पत्रपत्रिकामा आएको जानकारीअनुसार ६० हजार प्रति महिना देखि एकलाख २० हजारमा भाडामा दिई व्यापार गरिरहेको देखिन्छ। सबभन्दा महंगोमा अर्घाखाँचीस्थित एउटा परियोजनामा प्रतिमहिना १ लाख २० हजारमा भाडामा लगाइएको जानकारी प्राप्त भएको छ भने सबैभन्दा धेरै संख्यामा कालिगण्डकी परियोजनामा भाडामा दिइएको छ। सहुलियत गाडी लिने, आफू सरकारी गाडीमा चढ्ने र संसदबाट ट्याक्सी चढेबापत पाइने रु. ५०।- पनि नछोड्ने जस्ता काम भएको छ। त्यसैले सांसद गाडी सुविधा सांसदलाई व्यापारीको अघिपछि लाग्नुपर्ने र अमर्यादित बनाउने राजस्वको अपव्ययको विकृतिको रुपमा रहन गएको देखिन्छ।

यही बढ्दो गाडी सुविधा र पजेरो संस्कृतिको विरोध र जनतामा रहेको आक्रोशलाई ध्यानमा राखी नेकपा (एमाले) को ३४ औं केन्द्रीय बैठकले भदौ १८ गते अब उप्रान्त नेकपा (एमाले) का सांसदहरुलाई गाडी सुविधा लिन नदिने, लिइसकेकाहरूले पनि सरकारलाई फिर्ता गर्ने सम्बन्धमा वार्ता गर्ने निर्णय गर्‍यो। सो पार्टीका सांसदहरूमध्ये प्रतिनिधिसभाका ६३ जना र राष्ट्रिय सभाका चारजना सदस्यहरुले सो सुविधा लिइसकेका छन्। गाडी सुविधा लिने निर्णय गल्ती भएको भनी आत्मआलोचना पनि गरेको थियो। तर अन्य पक्षका सांसदहरूले यसलाई थोत्रा गाडी सरकारलाई भिडाउने चाल भनी आलोचना गरे पनि अब नलिने कुरालाई भने सकारात्मक मानिएको छ। यस निर्णयले सबैलाई नैतिक दबाब दिएको छ। तर सरकारलाई गाडी फिर्ता गर्ने कार्यमा भने प्रगति नभै ओझेल पर्न गएको छ। हाल खास चर्चामा नआएको तर व्यापक दुरुपयोग भैरहेको क्षेत्र भनेको संस्थानका गाडीहरूको सांसदहरूले गर्ने गरेको प्रयोगद्वारा भैरहेको छ। सरकारी तथा संस्थानका गाडी निजी काममा प्रयोग गर्ने र मर्मत खर्चको नाममा ठूलो रकम समेत सम्बन्धित निकायबाट असुल्ने गरिएको छ।

सांसदहरुको आचरण र मर्यादाको प्रश्न

सम्पत्ति कमाउने उग्र अभिलाषा, जसरी भए पनि सत्तामा पुग्नुपर्छ भन्ने चाहना र मान्यता, बढ्दो निर्वाचन खर्च तथा अवसरवादितालाई राजनीतिको सफलता मान्ने सामाजिक अवधारणाले गर्दा सांसदहरूमा देखिने बारम्बारका औसरवादी तथा मौकापरस्त भूमिका, असंसदीय र अप्रजातान्त्रिक चरित्रले गर्दा सांसदहरुबाट बेला बेलामा गरिने आचरणले संसद, सांसद र संसदीय व्यवस्थालाई नै विकृत र अवमूल्यन गरेकोसमेत अनुभव गर्न थालिएको छ। सांसदहरुलाई खरीद बिक्रीका "बोका" समेत भएको भनी व्यापक आलोचना खप्नुपर्दा स्वयं मर्यादित सांसदहरूले नै आफ्नो अवमूल्यन भएको ठानेका छन्। विगत वर्षमा पनि यस्ता क्रियाकलाप भएका छन्।

विगत २०५३ सालको पुसको विशेष अधिवेशनमा अविश्वासको प्रस्तावलाई असफल पार्न सरकारले अत्यन्त फोहोरी खेल खेल्न पुग्यो। त्यस बेला एकै चोटी पाँच जना मन्त्रीलाई बिरामी भनी बैंकक पठाउने, एक जना सांसदलाई सिंगापुर र अर्कालाई भारत पठाउने काम गरी "सांसद किनबेच" तथा "अपहरणको" घटना घटी अत्यन्त बदनाम भएको अवस्था संसदको ११ औं अधिवेशनको अवस्थामा समेत दोहोरियो। २०५३ साल फागुनमा सरकारले विश्वासको मत लिन खोज्दा दुईजना नेपाली कांग्रेसका सांसदहरू चक्रबहादुर शाही र दीपकबहादुर सिंह बेपत्ता भए। त्यसबेला सांसदहरूको किनबेचका कुराहरू सार्वजनिक भए। एक व्यक्तिले ३० लाख रूपैयाँसम्म पाएको कुराले चर्चामा ठाउँ पायो। त्यसको साथै २०५४ साल असोजमा चन्द सरकारलाई गिराउनका लागि होटल काठमाडौंमा सांसदहरू "थुनिए"। त्यस बेला एउटा सांसदको मोल "एक करोड" सम्म भएको चर्चा व्याप्त भयो। खरीद बिक्रीको लागि दौडधुप समेत भयो। त्यस्तै सूर्यबहादुरलाई विश्वासको मत दिने बेलामा पनि विभिन्न सांसदहरू बिकेको चर्चा आएको देखिन्छ। कस्ले कति पाउने र कसको मोल कति हुनेबारेमा सडक र सदनमा चासोको विषय बन्यो र सांसदहरू बिकाउ मालको रूपमा प्रस्तुत गरिए।

यस्तै सत्ता समीकरणको नाममा अनेक गैरसंसदीय र गैर प्रजातान्त्रिक कार्यले पनि ठाउँ पायो। २०५३ साल फागुनमा शेरबहादुर देउवाको सत्ता पतन गराउनका लागि नेकपा (एमाले) र राप्रपाका लोकेन्द्रबहादुर चन्द पक्षले असंसदीय क्रियाकलाप गर्न पुग्यो। एमालेले ११ जना सांसद लिएर आउँदा चन्दलाई प्रधानमन्त्रीको प्रलोभन देखाएको हुँदा लोकेन्द्र बहादुर चन्दले नेपाली कांग्रेसका दुई जनालाई भगाउने कार्य गरे। यसैले गर्दा सरकार गिर्‍यो। भनिन्छ, यसरी भाग्न ५ जनालाई तयार गराइएको थियो तर त्यसको आवश्यकता परेन। मोतीप्रसाद पहाडीले सत्तासमीकरणका बेला सबभन्दा बढी औसरवादी खेल खेलेकाले "पहाडी प्रवृत्ति" नेपाली राजनीतिक शब्दकोशमा प्रवेश भएको छ। नेमकिपाका सांसदहरू बारेमा पनि अनेक चर्चा पत्रपत्रिकामा आएका छन्। यो कुरा लोकेन्द्रबहादुर चन्दको सरकार गिराउनका लागि पनि लागू गरियो। स्वतन्त्र सांसद तथा सानो दलका सांसदहरूको नाम खासगरी यस्तो मामलामा बढी चर्चामा आयो।

सांसदहरूको सत्ता लिप्साको चरमकाल गत वर्षलाई लिन सकिन्छ। शेरबहादुर देउवाका सरकारमा सम्मिलित राप्रपाका सांसद तथा नेपाल सद्भावना पार्टीका सांसदहरू सरकार पतन हुनासाथ खेमा बदलिई लोकेन्द्रबहादुर चन्दको बेलामा मन्त्रीमा सामेल भए। केही स्वतन्त्र सांसदहरूले सपथ नलिई बसे। सपथ लिएका पनि मन्त्रालय गएनन्। पछि तिनै व्यक्तिहरू सूर्यबहादुर थापाको मन्त्रीमा सामेल भए। यसको साथै लोकेन्द्रबहादुर चन्दका मन्त्री मण्डलमा सामेल भएका राप्रपाका मन्त्रीहरूले अविश्वासको पक्षमा मतदान गरी आफैमाथि अविश्वास गर्ने जस्तो कामसमेत गरेको देखिन्छ। तिनै मानिस लगत्तै थापाको मन्त्री मण्डलमा समावेश भए।

नेपाल सद्भावना पार्टी भने अन्तिम समयमा अलग भाग्न तुरुन्तै अर्को सरकारमा जाने काममा निरन्तरता दियो। त्यसरी बनेको तीन वटा संयुक्त सरकारमा सद्भावना एक घटक रह्यो। त्यस्तै बारम्बार क्याम्प परिवर्तन गरी आफूलाई अपरिहार्य बनाएकाले "कमल थापा" प्रवृत्ति नेपाली राजनीतिमा अवसरवादको पर्यायवाचीको रूपमा रहन गएको देखिन्छ।

सांसदहरूले विशिष्ट पदको आडमा गैरकानूनी कार्य गरेको चर्चा बारम्बार चर्चामा आउने गरेका छन्। हालै एक सांसदको छत्रछायाँमा महाराजगञ्जमा वेश्यालयको संचालन गरेको कुरा सार्वजनिक भएको छ। सांसदहरूले व्यापारीहरूलाई कमिशन लिई ठेक्का पट्टा वा लाइसेन्स दिलाउने काम त व्यापकरूपमा पहिलेदेखि नै भएको हो। साथै अपराधीहरूसँग राजनीतिक संरक्षण गर्ने र लाभ लिने काममा समेत सांसदहरू संलग्न रहेको देखिएको कुरा पत्रपत्रिकाले उठाउने गरेकोलाई असत्य मान्न सकिदैन। आफ्नो व्यक्तित्वको फाइदा उठाई तस्करहरूलाई संरक्षण दिने, पक्राउ परेका व्यक्तिहरूलाई छुटाउने काम भएका छन्। आपराधिक क्रियाकलापमा सजाय पाएकाहरूको मुद्दा फिर्ता गराएका घटनाहरू बारम्बार चर्चामा आउने गरेका छन्। विभिन्न ठाउँमा अपराध गरेका व्यक्तिहरू प्रहरीबाट बच्न सांसदहरूको निवासमा बसेका घटनाहरूसमेत नौला होइनन्। यसरी गलत काम नगरेको भए संसदमा निर्वाचनअगाडि केही नभएका व्यक्तिहरू केही वर्षमा नै नवकुबेरमा फेरिने थिएनन्। त्यसैले केही सांसदहरूको क्रियाकलाप संदिग्ध भएकोलाई इन्कार गर्न सकिदैन। यस्ता क्रियाकलापले गर्दा संसद र सांसदहरूको नै मर्यादा गिर्न थालेकोले यस वर्ष संसद र सांसदको मर्यादा बढाउन सभामुख रामचन्द्र पौडेलको सक्रियतामा केही बैठक र छलफलसमेत भए।

उपसंहार

असन्तुष्टि र असहमति रहँदा -हुँदै पनि संसदले नयाँ-नयाँ अभ्यास र अनुभवहरू प्राप्त गर्दै संसदलाई राष्ट्रिय समस्याको हल गर्ने थलोको रूपमा विकास गर्न सक्नु नै यसको मुख्य उपलब्धि हो। तर पनि यसमा अनेक त्रुटि र कमजोरी रहन गएको कुरालाई भने बिर्सनुहुँदैन। प्रारम्भका वर्षहरूमा संसद र सांसदहरूमा जुन उत्साह र गौरव थियो विगतका क्रियाकलाप हेर्दा संसदको छवि गिर्दो र प्रभावकारिता घट्दै गएको देखिएको छ। संसदको छवि गिर्नुमा मुख्य जिम्मेवार संसदलाई बलियो बनाउन जिम्मेवारी बोक्नुपर्ने संसदका नायकहरू, संसदीय दलका नेताहरू तथा अग्रिम पंक्तिमा बस्ने मन्त्री, प्रधानमन्त्री तथा प्रतिपक्षका नेताहरूबाट देखाइएको सदनप्रतिको उदासीनता नै भएको अनुभव गर्नुपर्ने भएको छ। विगतका दिनमा मन्त्रीहरू संसदबाट बच्ने तथा अग्रपंक्तिका नेता सक्रिय नहुने घटना दोहोरिए। मनमोहन अधिकारी र गिरिजाप्रसाद कोइराला सदनमा कम देखिए। देखिए पनि मौन रहे जुन यस्ता केही उदाहरण छन्।

संसदलाई सत्तामा पुग्ने साधनमात्र बनाउने काम भएकोले सदनलाई ठीक ढंगबाट प्रयोग भएको छ भन्न सकिदैन। सरकार बदल्न बारम्बार संविधानको धारा ४२ को प्रयोग गरिनुले पनि संसदीय प्रक्रियामा विचलन र विकृति आउन गएको छ। सरकारमा सहभागी हुने दलका सदस्य विरोधी दलका लागि छुट्याएको बेन्चमा बस्ने, मन्त्री पद नछोडी प्रतिपक्षी दलको खेमामा बसी विपक्षी दललाई सघाउने, आफ्नो दलको सरकारलाई गिराउन मत दिने वा अनुपस्थित रहने, तथा अन्य गैरसंसदीय प्रवृत्तिका क्रियाकलाप बढ्दै गएकोले पनि संसदको अवमूल्यन भएको छ। खासै अवस्था नपरी संसदमा घेराउ गर्ने, हातपात गर्ने, नारा लगाउने, तोडफोड गर्ने, समयको ख्याल नगर्ने, तथा नियमित नियम उल्लंघन गर्ने जस्ता कार्य सामान्य हुँदैछन्। यी सकारात्मक पक्ष होइन। संसदमा सभामुखको निष्पक्षताका बारेमा पनि प्रश्न उठ्नु गम्भीर कुरा हो।

संसदमा सत्ता तथा प्रतिपक्षी दुवैले ऐन निर्माण गर्ने मौलिक कामलाई बेवास्ता गर्ने प्रवृत्तिमा समेत विकास भएको छ। यस्ता कामलाई गम्भीरतापूर्वक लिने गरिएको छैन। संसदमा प्रस्तुत हुने विधेयकलाई सरकारले समयमा पुऱ्याउने प्रयास पनि गरेन। सांसदलाई पनि यसप्रति चासो देखिदैन। त्यसैले हतारमा र बिना अध्ययन पारित गरिने विधेयक त्रुटी पूर्ण र अपूर्ण हुने गर्दछ। गम्भीर विषयले भन्दा सानातिना र तत्काल उत्तेजित पार्ने विषयले नै महत्व पाउने गरेको देखिएको छ। कुनै नयाँ विषय खोजी गर्ने र त्यस विषयतर्फ गम्भीर छलफल गर्नेभन्दा एउटै विषयलाई अर्थहीन तरिकाले दोहोऱ्याई समय बर्वाद गर्ने र समाचारमा मात्र नाम आवस् भन्ने बढ्दो प्रवृत्तिलाई सकारात्मक विकास भन्न मिल्दैन। त्यस्तै संसदमा उपस्थित भई जवाफ दिन नसक्नेको नाम लिएर गाली गर्ने तथा नीतिगत भन्दा गाउँ परिषद्को बैठकमा उठाईदिनु पर्ने खोला, साँघु र पर्ती जग्गा समस्या उठाउनुले संसदको गरिमा बढेको अनुभव हुँदैन। यसतर्फ ध्यान जानसकेमा यसको मर्यादामा सुधार आउन सक्छ।

परिच्छेद २

वर्ष पुस्तकभित्र यस्ता घटनाहरु पनि छन्

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

१.१ झापा

सुरुङ्गास्थित इलाका वन कार्यालयको हिरासतभित्र मोरङ, बयरवन गाविस-९ का ५० वर्षीय दिलिप (दलबहादुर) भुजेलको लास २०५३ फागुन २१ गते भेटियो। मीतबावुकहाँ बरखीको निम्ता मान्न गइरहेका वेला वन सुरक्षा गार्डले पक्राउ गरी हिरासनमा राखेके अवस्थामा यातना दिएर हत्या गरिएको भनाइ पीडिनकी पत्नीको छ। त्यस घटना पश्चात इलाका वन कार्यालय तोडफोड हुनुका साथै प्रहरीले ७१ राउण्ड गोली चलाएको थियो। उक्त गोली काण्डमा सुरुङ्गा-१ की २३ वर्षीय टीका बस्नेत, सतासीधाम-८ का १९ वर्षीय दीपक थापा र २६ वर्षीय याम सुवेदी घाइते भएका थिए।

१.५ मोरङ

विराटनगर उपमहानगरपालिका-२० का २८ वर्षीय गोरे भन्ने सन्तोष लामालाई महेन्द्र मोरङ बहुमुखी क्याम्पसभित्र २०५३ फागुन २९ गते धारिलो हतियार प्रयोग गरी हत्या गरियो। घटनामा संलग्न उमेश यादव र गणेश यादवलाई जिल्ला अदालत मोरङले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको छ। रमेश यादव र रोशन श्रेष्ठलाई जनही रू. २५ हजार धरौटी लिई तारेखमा छाडिएको छ भने रंजित झासहितका ७ जना फरार छन्।

१.६ सुनसरी

कुशाहा गाविसमा २०५४ जेठ १३ गते भएको निर्वाचनमा बुथ कब्जा भएको र पुनः चुनाव गराउनुपर्छ भनी राप्रपाले १४ गते चक्काजाम गर्ने कार्यक्रम राखेकोमा सो कार्यक्रम तोड्न प्रहरीले गोली चलाउँदा इन्द्र यादव मण्डलको तत्काल मृत्यु भयो। ७ वर्षीय वालक भन्नु र जाउदेवी मण्डलको अस्पतालमा मृत्यु भयो।

१.१२ सिराहा

खौरकियाही गाविस-३ का टिराहु चौधरीको २०५४ जेठ २७ गते प्रहरीले हानेको गोलीबाट मृत्यु भयो। चुनावी झै-झगडा हुँदा प्रहरीले स्थिति शान्त पार्न गोली चलाएको बताएको छ।

२.१ धनुषा

वेङ्गाशिवपुर गाविस-१ का १९ वर्षीय प्रकाश खत्वे मण्डलको २०५४ जेठ १३ गते सम्पन्न स्थानीय चुनावमा वेङ्गाशिवपुर मतदान केन्द्रमा झडप हुँदा विवाद भई गोली चल्दाले गोली लागी तत्काल मृत्यु भयो। यसै घटनामा अन्य १० जना पनि घाइते भएका थिए।

२.२ महोत्तरी

वैरिया लक्ष्मिनिया गाविस-७ का ४२ वर्षीय रामअवतार मण्डल धानुषलाई २०५४ असार २९ गते गढा भेटपुर गाविसको कनमा वजार नजिकको नेपाल-भारत सीमा पिलर नं. १६ नजिक केही अज्ञात व्यक्तिहरूद्वारा हत्या गरी मिल्काइएको थियो। गाविसमा निर्वाचित धानुषलाई राजनीतिक प्रतिशोधका कारण हत्या गरिएको हुनसक्ने आशंका गरिएको छ।

२.३ सर्लाही

मानपुर गाविस-८ का रामनिरञ्जन राय र सोही गाविस-६ का वीरेन्द्र रायलाई २०५४ वैशाख २ गते सोही गाविसका विनोद राय, जुवाड राय र सीतामढी घर भएका वुलेन्द्र भनिने वीरेन्द्र रायले राजनीतिक प्रतिशोधका कारण गोली हानी हत्या गरे।

२.४ सिन्धुली

हत्पते गाविस-८ का ४७ वर्षीय वडा अध्यक्ष तथा नेपाली कांग्रेस महाधिवेशन प्रतिनिधि प्रेमनाथ अधिकारीलाई २०५४ मंसीर २३ गते साँझ अज्ञात व्यक्तिहरूले सांघातिक आक्रमण गरी हत्या गरे।

२.५ रामेछाप

वेथान गाविस-२ पानीघाटको प्रहरी चौकीमा २०५३ पुस १९ गते माओवादीहरूले सुनियोजित तवरबाट सशस्त्र आक्रमण गर्दा प्रहरी जवान कुमार राउत र हवल्दार भरत अधिकारीको माओवादीहरूले चलाएको गोलीबाट मृत्यु भयो भने तीर्थबहादुर गौतम, काभ्रे जिल्ला मादनकुँडारीका फत्त पुलामी र लखनपुर गाविस-४ की १८ वर्षीय दिलमाया योञ्जनको प्रहरीको गोलीबाट मृत्यु भयो।

२.७ रौतहट

टेंग्राहा गाविस-६ का चिरञ्जीवी गयलाई २०५४ जेठ १३ गते मतदान भइरहेका बेला वादविवाद हुँदा संजीवकुमार यादवलगायतका व्यक्तिहरूले मरणासन्न हुने गरी कुटपिट गरेकोमा वीरगञ्ज अस्पतालमा उपचार हुँदाहुँदै २०५४ जेठ १७ गते मृत्यु भयो।

जटहरा गाविस-५ मन्सरीका ३२ वर्षीय शेष एजाजुललाई २०५४ असोज २० गते बिहान १० बजे सोही ठाउँका ५० वर्षीय शेष बाजुलले राजनीतिक प्रतिशोधका कारण कुटपिट गरेकोमा उपचार गर्दागर्दै २०५४ असोज २१ गते मृत्यु भयो।

२.८ बारा

इटियाही गाविस-१ स्थित राष्ट्रिय निमाविको प्रांगणमा राप्रपाको अधिवेशन भइरहेको समयमा अधिवेशन हेर्न गएका शुकदेव कुर्मीलाई २०५३ माघ १२ गते दिउँसो वृजलाल प्रसाद यादवले २०-२५ जनाद्वारा आक्रमण गराएपछि गोलीद्वारा कुर्मीको हत्या गरियो।

पिपरपाती गाविस-५ का विजयी पदाधिकारीहरूलाई सोही ठाउँका पराजित गाविस अध्यक्ष श्रीनारायण सिंह, शम्भु सिंह, मनोज सिंहलगायत्का १४-१५ जनाको समूहले २०५४ जेठ २७ गते आक्रमण गर्दा रामेश्वर महतोको तत्काल मृत्यु भयो।

२.१३ काभ्रेपलाञ्चोक

धुसेनी शिवालय गाविस-१ का वडाध्यक्ष एवं नेका महासमिति सदस्य ४६ वर्षीय कृष्णप्रसाद गौतमको ०५४ असोज १६ गते साँझ ३०/३५ जनाको नकाबधारी समूहले घेरा हाली गोली हानी हत्या गऱ्यो। सो हत्या नेकपा (माओवादी) का कार्यकर्ताहरूले गरेको बताइन्छ।

२.१५ काठमाडौं

बालाजु डेरा गरी बस्ने दोलखा मार्बुकी ६० वर्षीय सुमित्रा जोशीलाई एक प्रहरी निरीक्षकले २०५३ माघ १५ गते पिटेकामा माघ १७ गते अस्पतालमा उपचार गराउँदा गराउँदै मृत्यु भयो। जोशीका छोराहरू माओवादी भएको आरोपमा पक्राउ गर्न गएका प्रहरीलाई नपक्रन आग्रह गर्दा जोशीलाई कुटिएको थियो।

कामनपा-३३ मा सरस्वती अधिकारीको २०५४ वैशाख २८ गते सोही ठाउँका राजेन्द्र मुनकर्मीको घरमा डेरा गरी बस्ने गंगा के.सी. र पीडिनका पति गंगाबहादुर अधिकारीले बोक्सी भन्ने भनी कुटपिट गरी निर्मम यातना दिएपछि उपचार गर्दागर्दै मृत्यु भयो।

३.२ गोरखा

जौवारी गाविस-९ की २५ वर्षीय कमला भट्टको लास २०५४ कार्तिक ६ गते बिहान ८ बजे दरौंदी नदीको किनारमा फेला पऱ्यो। कार्तिक ५ गते अनेमसंघ (क्रान्तिकारी) द्वारा आयोजित छोप्राक गाविसमा सम्पन्न महिला भेलाबाट घर फर्किंदै गर्दा प्रहरीले हत्या गरेको हो भन्ने गाउँलेहरूको भनाइ छ। तर प्रहरीले भने पानीमा डुबेर मरेको बताएको छ।

३.४ स्याङ्जा

श्रीकृष्ण गण्डकी गाविस-९ मिर्मीमा गुल्मी जिल्ला फोक्सिङ गाविस-५ का २४ वर्षीय कुलबहादुर सार्कीको २०५४ मंसिर ११ गते प्रहरीको गोलीले मृत्यु भयो। उक्त घटनामा श्रीकृष्णगण्डकी गाविस-६ का ३५ वर्षीय मोतिलाल वि.क. र कृष्णप्रसाद भट्टराई, चितवन जिल्ला गितानगरका धनबहादुर गुरूङ र पाल्पा जिल्ला असेंदीका चिरन्जीवी अर्याल पनि गोली लागी घाइते भएका थिए।

३.५ कास्की

लेखनाथ नगरपालिका-४ का १७ वर्षीय कृष्णबहादुर भुजेललाई २०५४ जेठ ४ गते नेपाली कांग्रेस समर्थक एक समूहले कुटपिट गरी घाइते बनायो। पीडितलाई उपचारार्थ काठमाडौं वीर अस्पतालमा लगी उपचार गर्दागर्दै २०५४ जेठ ८ गते मृत्यु भयो।

३.७ नवलपरासी

रजहर गाविस-१ का २४ वर्षीय सुनिल अधिकारीको २०५४ जेठ २८ गते प्रहरी यातनाका कारण मृत्यु भयो। यही कारण भएको चक्काजामका क्रममा बुटवल सुख्खानगरका ४३ वर्षीय इन्द्रबहादुर पुनको २०५४ जेठ २९ गते प्रहरीको गोली लागी मृत्यु भयो भने स्थानीय एक जनालाई हातमा गोली लाग्यो।

३.१० कपिलवस्तु

वसन्तपुर गाविस-७ का गाविस अध्यक्ष ५४ वर्षीय हरिवंशमणि त्रिपाठीलाई २०५४ मंसिर १२ गते राति ११.१५ बजे सोही गाविस-५ का ३५ वर्षीय अशोककुमार गिरीलगायत् १५-१६ जनाको समूहले गोली हानी हत्या गरेको छ।

४.३ रोल्पा

मिरूल गाविस-७ मित्रवनका १८ वर्षीय लालधन रोका र ६ नं वडाका २६ वर्षीय पुनबहादुर रोकालाई सोही गाउँका तिलबहादुर बूढाको घरबाट २०५३ पुस २८ गते पक्री लगेकामा माझखर्क खोलानेर प्रहरीहरूले गोली हानी हत्या गरे। माओवादी आन्दोलनकारीहरू र प्रहरीबीच भिडन्तसमेत भएको थियो। प्रहरीले नै लास जलायो।

थवाङ गाविस-६ की ३३ वर्षीय सुश्री लली रोका र सोही गाविस-१ का ४० वर्षीय दिलमान रोकालाई फुल्टिवाङमा पालियो थोपा खुवाउन गएको समयमा गिरफ्तार गरी झ्याम्नेटा भन्ने ठाउँमा लगेर २०५३ माघ ५ गते प्रहरीले गोली हानी हत्या गरे। लासलाई पोष्टमार्टमसमेत गर्न नदिई प्रहरीले नै जलायो।

नुवागाउँ गाविस-६ का ३८ वर्षीय बलजीत बूढालाई प्रहरीको पोशाक लगाएका ८ जना अज्ञात व्यक्तिहरूले २०५४

असार २० गते घरैबाट लगेकामा भोलिपल्ट नौरङ्ग डाँडानेर दुई टुक्रा पारी फ्याँकिएको अवस्थामा उनको लास फेला पर्‍यो। उक्त घटना माओवादीद्वारा भएको आशंका गरिएको छ।

खुमेल गाविस-७ खेवासेका प्रहरी हवल्दार ३२ वर्षीय पिमराम पुन जिल्ला प्रहरी कार्यालय बाँकेबाट सरुवा भई आउँदै गर्दा घरमा पसेका थिए। घरमा आइपुग्नासाथ २०५४ कार्तिक १२ गते एक्कासि केही नकावधारीहरूले आक्रमण गरी उनको हत्या गरे। उक्त घटनामा माओवादीहरूको हात रहेको अनुमान गरिएको छ।

४.५ रुकुम

मग्मा गाविस-८ स्थित धारीखोलामा २०५४ जेठ २ गते अज्ञात व्यक्तिहरूले राखेको विष्फोटक पदार्थ पड्कन जाँदा ३९ वर्षीय प्रहरी नायव निरीक्षक भीमराज नेपाल र ३० वर्षीय तीलबहादुर पौडेलको मृत्यु भयो। माओवादीद्वारा उक्त पदार्थ नियोजितरूपमै राखिएको बताइएको छ।

सिम्ली गाविस-९ का २५ वर्षीय कविराम डाँगीलाई २०५४ भदौ ३ गते प्रहरीले खलंगा गाविसको माछमीमा हत्या गर्‍यो। माओवादी भएको निहुँमा २ गते पक्रिएका डाँगीलाई मार्नुअघि खप्नै नसक्ने यातना दिइएको थियो।

दुली गाविस -२ का ५० वर्षीय धर्मजीन वाँठालाई २०५४ पुस १५ गते राति घरमा बसेका समयमा अज्ञात व्यक्ति आई बाहिर बोलाई खुकुरी हानी हत्या गरे। पीडक माओवादी भएको आशंका गरिएको छ, पीडित नेपाली कांग्रेस जिल्ला कार्य समितिका सदस्य हुन्।

४.९ जाजरकोट

जगतिपुर गाविस अध्यक्ष लक्ष्मीप्रसाद आचार्यलाई सोही गाविसअन्तर्गतको राजीखोला भन्ने ठाउँमा २०५३ फागुन १६ गते विहान केही अज्ञात व्यक्तिहरूले हत्या गरे। पीडकहरू माओवादी भएको अनुमान गरिएको छ।

रग्दा गाविस-४ का पदमबहादुर रोकायालाई २०५४ कार्तिक २५ गते प्रहरीले गोली हानी हत्या गरे। प्रहरीले भेरी नदी किनारमा उक्त लास आफैं जलाए।

४.१३ कालिकोट

थिर्पु गाविस-५ का ४५ वर्षीय गंग रोकायाको २०५४ जेठ ४ गते निर्वाचनका क्रममा भएको भिडन्तमा प्रहरीले चलाएको गोली लागी मृत्यु भयो।

५.४ वाजुरा

कुल्देवमाण्डौं गाविसको स्थानीय चुनावमा धाँधली भएकोले २०५४ जेठ ४ गते मतदान स्थगित गरिएपछि नेपाली कांग्रेसका कार्यकर्ता र प्रहरी बीच भिडन्त भयो। घटनामा प्रहरी स.ई. मानबहादुर बुढाथोकीलाई नेपाली कांग्रेसका कार्यकर्ताहरूले गोली प्रहार गरी घाइते बनाए। त्यसैगरी सोही गाविस-२ का ४७ वर्षीय आइते सेरलालाई प्रहरीले गोली हानी हत्या गरे। पीडित सेरलालाई उपचारको लागि सुर्खेत लग्दालग्दै बाटोमै उनको मृत्यु भएको थियो।

१.२ जेल र बन्दीहरु

१.१ झापा

गोलधाप गाविस-२ की ३५ वर्षीय देवीमाया विश्वकर्मालाई अवैध शारीरिक सम्पर्क गरी बच्चा जन्माइ हत्या गरेको आरोपमा २०५४ कार्तिक ५ गते पक्राउ गरिएको थियो। उनलाई इलाका प्रहरी कार्यालय, राजगढमा राखिएकै अवस्थामा २०५४ कार्तिक १८ गते राति राजगढ-६ को एक बाँसघारीमा झुन्डिएर मरेको अवस्थामा फेला पारियो।

१.२ इलाम

२०५२ सालमा तत्कालीन सरकारले मुद्दा फिर्ता लिने निर्णय गरेको तर कार्यान्वयन नभएका कारण २०५४ असार २ देखि ६ गतेसम्म हत्याको आरोपमा पुर्पक्षका लागि थुनिएका पासाङ घिसिङ, रविधर मुखिया, नरेन सुब्बा, सुरेन सुन्दास, इन्द्र लामा र चन्द्र अधिकारी अनशनमा बसेका थिए।

१.५ मोरङ

औषधी उपचारको उचित व्यवस्था, गुणस्तरीय खाद्यान्न, बिरामीलाई छुट्टै कोठा दिनुपर्ने जस्ता माग राखी ३५ वर्षीय बालकृष्ण पौड्याललगायत्का बन्दीहरू २०५३ पुस २१ गते ३ घण्टा अनशन बसे। जेलर चिरन्जीवी प्रसाद अधिकारीले माग पूरा गरिदिने आश्वासन दिएपश्चात् अनशन तोडिएको थियो।

वर्षे कपडा समयमै नदिइएका कारण पदम राईलगायत्का व्यक्तिहरूले २०५४ असार १८ गते जुलुस गरी जेलभित्रै नारा लगाएका थिए। कारागार प्रमुखको सकारात्मक आश्वासनपछि स्थिति शान्त भयो।

१.११ सप्तरी

फत्तेपुर गाविस-७ बस्ने राजविराज जेलका कैदी धुरन सदाको २०५४ साउन २३ गते उपचारका लागि विराटनगर लाँदै गर्दा सुनसरीको भण्टावारीमा मृत्यु भयो। फत्तेपुरमा भएको जसबहादुर रानामगर हत्याकाण्ड तथा डकैती काण्डअन्तर्गत दुई वर्षदेखि सजाय भोगिरहेका मृतकको सजाय म्याद ६ वर्षको थियो। कालाज्वर र टि.बी. बाट उनको मृत्यु भएको थियो।

३.२ गोरखा

२०५४ मंसिर १९ गते र २४ गते बेलुकी जेलभित्रै आफ्ना विभिन्न मागहरू राखी नारा लगाउँदा बन्दीहरूमाथि प्रहरी बल प्रयोग गरियो। प्रहरीहरूले बन्दीहरूलाई उक्त दिन दिसापिसाव गर्नबाट समेत पूर्ण वञ्चित गर्नुका साथै लछारपछार पनि गरेको थियो।

३.४ स्याङ्जा

बन्दीहरूबीच फुट पैदा गराएको, बन्दीहरूलाई हप्काउने, धम्क्याउने र भै-भगडा गराउने कार्य गरेको आरोपमा बन्दीहरूको नाइके भीमबहादुर गुरूङको विरूद्धमा २०५४ जेठ २७ गते बन्दीहरुले नारा लगाउँदै जेलमा जुलुस प्रदर्शन गरे। उक्त विरोध प्रदर्शनमा भीमबहादुर गुरूङको अन्य जेल सरूवा गराइनुपर्ने मागअनुसार २०५४ जेठ ३१ गते कास्की कारागारमा सरूवा गरियो।

३.५ कास्की

यस कारागारमा रित पुगेका मुद्दाहरु छिटो फैसला गर्ने र भौतिक सुविधालगायत्का अन्य माग राखी २०५३ पुस २१ गतेदेखि २४ गतेसम्म बन्दी विष्णु अधिकारी र जगन्नाथ गौतम अनशन बसे। त्यसपछि पनि मागहरू पूरा नगरिएका कारण पुनः माघ २७ गतेदेखि फागुन ५ गतेसम्म बन्दी जगन्नाथ गौतम, राम बज्राचार्य, केशबहादुर गुरूङ र खेमबहादुर के.सी. आमरण अनशन बसे। तीमध्ये केशबहादुर गुरूङले फागुन ३ गते अनशन तोडे भने बाँकी अनशनकारीहरूले फागुन ७ गते प्रमुख जिल्ला अधिकारी, इन्सेक क्षेत्रीय संयोजक बीच संयुक्त वार्ता भई बन्दीका मागहरू उपयुक्त रहेको र ती मागहरू छिटोभन्दा छिटो पूरा गरिने आश्वासन प्रमुख जिल्ला अधिकारीद्वारा पाएपछि अनशन तोडे।

४.७ बर्दिया

जेलका नाइकेहरूलाई फेरिनुपर्छ भन्ने आवाजलाई जेलरसम्म पुऱ्याइयो भन्ने आरोपमा २०५४ असोज २५ गतेका दिन भगडा भई अन्धाधुन्ध डँटा, चिर्पट, दाउरा र धाराको हत्ता जस्ता हतियार प्रयोगद्वारा नाइके कर्णबहादुर रजालीको मृत्यु भयो।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

१.१ भापा

ज्यामिरगढी गाविस-६ का भक्तिप्रसाद शिवाकोटी, राजेन्द्र राजवंशी, अनिल राजवंशी, कुलप्रसाद शिवाकोटी, कुलबहादुर घिमिरे र पदम ढुंगेललाई जीवनदास शिवाकोटीको हत्या सम्बन्धमा अनुसन्धानको सिलसिलामा २०५४ कार्तिक २२ गतेदेखि २०५४ मंसिर ९ गतेसम्म विभिन्न मितिमा पक्राउ गरियो। उनीहरूलाई बाँसका लठ्ठीले खुट्टामा हान्ने, प्लाष्टिकको डोरीले बाँधेर घिसार्ने, पीनले खुट्टाका औंलामा घोच्ने जस्ता साह्रै कडा यातना दिइयो।

१.१५ ओखलढुंगा

तलुवा गाविस-७ का वार्ड सदस्य शान्तिराम घिमिरे, एमाले गाउँ कमिटी सचिव शेरबहादुर घिमिरेलगायतका ४ जनालाई प्रहरीले सामान्य घटनाका सन्दर्भमा पक्राउ गरी २०५३ चैत १९ गते मरणासन्न हुने गरी कुटपिट गरी छाडिदियो। शान्तिराम कुटपिटबाट मूर्च्छासमेत परेको र प्रमुख जिल्ला अधिकारीले नकुट्ने आदेश दिएपछि मात्र कुट्न छाडिएको थियो।

२.४ सिन्धुली

भिमान र कपिलाकोटका पुण्यहरि घिमिरे, जिरमान गोले, अर्जुन गुर्माछानलाई २०५३ माघ ११ गते पुनरावेदन अदालतको पर्खाल बाहिर आउना साथ प्रहरीले पक्राउ गरे। माओवादी भएको आरोपमा १ वर्षदेखि थुनिइरहेकोमा पुनरावेदन अदालत, जनकपुरले धरौटी लिइ तारेखमा छाड्ने आदेश दिएपश्चात् छोडिदिएकोमा पुनः पक्राउ गरी थुनामा राखियो। पीडितहरु सबैलाई २०५३ चैत ६ गते पुनः रिहा गरियो।

२.५ रामेछाप

बेथान गाविसमा २०५३ पुस २० गते भएको माओवादी घटनाका क्रममा प्रहरीले केही महिलासहित १७ जनालाई गिरफ्तार गरी कसैसंग भेट गर्न नदिने, टाउकोमा जथाभावी हिर्काउने, नाङ्गो हातले चर्पी सफा गर्न लगाउने र भुइँमा नाङ्गै बस्न बाध्य पार्ने जस्ता कामहरू गऱ्यो।

२.६ दोलखा

नाम्दु गाविस-२ का ३६ वर्षीय नथुराम घिसिङलाई २०५४ जेठ २९ गते चरिकोट बजारमा घुमिरहेको अवस्थामा प्रहरीले विना कारण पक्राउ गरी ५ दिनसम्म थुन्यो।

२.९ पर्सा

वीरगञ्ज कारागारमा सिन्धुलीबाट ल्याइएका माओवादी कार्यकर्ताहरू मोहन घिमिरे र गंगा श्रेष्ठलाई जेलका अन्य बन्दीहरूलाई संघर्षमा उत्रन उचालेको भनी २०५४ जेठ २१ गतेदेखि विभिन्न किसिमका यातनाहरू दिइएको छ। त्यसरी यातना दिने काम जेलका बन्दीको नाइकेद्वारा गराएको पीडितले बताए।

४.३ रोल्पा

थवाङ गाविस-५ का जिल्ला विकास समिति सदस्य ६० वर्षीय डिलकुमार बूढा जिविसको बैठकमा भाग लिन सदरमुकाम लिवाङ गइरहेका बेला २०५३ पुस २३ गते प्रहरीले मिरूल गाविसबाट पक्राउ गरी सुताएर छाति, खुट्टाको साप्रा र पाइतालामा घाउ हुने गरी यातना दियो। २०५३ माघ १ गते उनलाई छाडियो।

४.९ जाजरकोट

जत्तिपुर गाविस-१ का शिक्षक भरतप्रसाद शर्मा, अनाखर आचार्य, टोपीलाल आचार्यलगायत् ८ जनाको घरमा सई मुकुन्दप्रसाद आचार्यको नेतृत्वमा आएको सशस्त्र प्रहरी टोलीले २०५३ फागुन १७ गते राति गैरकानूनी तरिकाले छापा मारी पक्राउ गरी हिरासतमा निर्मम यातना दिइएको छ।

पालैपालो गरी उत्तानो पारी पैतालमा पिट्ने, तिघ्रामा बेलना लगाउने, भुण्ड्याएर पिट्ने, कोठामा २/३ के.जी. खुर्सानीमा आगो लगाई छोडिदिने जस्ता तवरबाट यातना दिइयो। शिक्षक भरतप्रसाद शर्माको मानसिक सन्तुलन खलल भइसकेको छ। फागुन १६ गते लक्ष्मीप्रसाद शर्माको हत्या गरेको आशंकामा उनीहरूलाई पक्राउ गरिएको थियो।

५.२ अछाम

बैजिनाथ गाविस-४ का २६ वर्षीय झंकर लुहारलाई बाख्रा चोरेको अभियोगमा पक्री २०५४ माघ १३ र १४ गते जिल्ला प्रहरी कार्यालयमा बयान लिने क्रममा प्रहरीले पीडितको पैतालामा रबरको रडले, घुँडाका जोर्नी, पिठ्युँ र हातका औंलामा लाठीले हिर्काएर निर्मम यातना दिएको छ। पीडित २०५४ माघ १२ गते देखि २६ गतेसम्म हिरासतमा बसी रू. १३ हजार धरौटी राखी छुटेका छन्।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

४.१ दाङ

नारायणपुरस्थित इलाका प्रहरीले पक्रेको रोल्पा, मिरूल गाविसका २५ वर्षीय रामधन वूढा प्रहरीकै कब्जाबाट वेपत्ता पारिएका छन्। २०५३ पुस १९ गतेदेखि उनलाई वेपत्ता पारिएको हो। माओवादी भएको आरोपमा वूढा पक्राउमा परेका थिए।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

१.७ धनकुटा

नेपाल पत्रकार महासंघका केन्द्रीय पार्षद तथा धनकुटा शाखाका उपसभापति दर्शन निराशीलाई समाचार संकलनका सिलसिलामा गएका बेला २०५४ साउन ८ गते जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक शिवप्रसाद मण्डलले जथाभावी धम्की दिई कार्यालय हाताबाट बाहिर निकाले।

मुढेबास प्रहरी चौकीमा दरबन्दी भई हाल वूढी मोरङको मूलघाट प्रहरी चौकीमा कार्यरत असइ शिवराज चाम्लिङलाई धरानबाट पिकनिक आएका केही व्यक्तिहरूले २०५४ कार्तिक ३० गते कुटपिट गरे। राजा राई, खेम गुरूङ, पुरण वुढाथोकी र चन्द्र राईलाई प्रहरीले हिरासतमा लिएको थियो।

१.८ तेह्रथुम

जलजले गाविस-५ की २८ वर्षीय सरिता पुर्कुटीलाई वडाअध्यक्षका उम्मेदवार चन्द्र लिम्बूकी पत्नी विष्णुमाया लिम्बूले आफ्नो पतिलाई भोट नदिएको भनी २०५४ असार १५ गते घरैमा गई कुटपिट गरिन्।

१.९ भोजपुर

जबरजंग गुल्म भोजपुरका सिपाहीहरूले भोजपुरकै विष्णुबहादुर खवासलाई २०५३ पुस २० गते बजारबाटै कुटपिट गर्दै, नाँगै पारी रगतपच्छे पार्दै क्याम्पभित्र लगे। उनीहरूले [illegible] तोडफोडसमेत गरेका थिए। सैनिकहरूले केटी जिस्क्याए पछि उक्त घटना हुन पुगेको थियो।

१.१० संखुवासभा

सिद्धपोखरी गाविस-३ का मच्छिन्द्र लिम्बू, राजेन्द्र लिम्बू र चेतमान लिम्बूलाई २०५४ जेठ १३ गते सोही ठाउँका केन्द्रहाङ लिम्बू, हरिप्रसाद लिम्बू, धनबहादुर, मनिलाल, गणेशप्रसाद लिम्बू लगायतका व्यक्तिहरूले राजनीतिक प्रतिशोधका कारण खुकुरी प्रहार गरी घाइते बनाए।

१.११ सप्तरी

राजविराजमा रहेको श्रीजंग गुल्मका २५/३० जना सैनिकहरूले तेरहौता गाविसका कुमारमान श्रेष्ठ, कृष्णादेवी श्रेष्ठ, उपेन्द्र साहलगायत्का व्यक्तिहरूलाई २०५४ पुस ९ गते लाठी र चेनले हिर्काइ घाइते बनाए। सेनाहरूले घाँसपात गर्न गएका महिलालाई जथाभावी गर्न खोजेपछि स्थानीय जनताले प्रतिकार गर्न खोज्दा उक्त घटना भएको थियो।

१.१३ उदयपुर

तपेश्वरी गाविस-१ भागलपुरका २१ वर्षीय निरबहादुर तामाङलाई गोरख बक्स गुल्मका सैनिक मिलन थापाले २०५३ फागुन १९ गते छुरी हानी घाइते बनाए। स्थानीय प्रहरीले पीडकलाई पक्रिएकोमा एक सशस्त्र सैनिक टोलीले छुटाइ लग्यो।

१.१४ खोटाङ

निर्मलीडाँडा गाविस-७ की ४२ वर्षीय कालिमाया सार्कीलाई स्थानीय निर्वाचनमा आफूलाई भोट नदिएका कारण महिला सदस्य देवी राई, खड्गा राई र उदय राईले २०५४ जेठ १५ गते राति घरमै गई कुटपिट गरे। उनीहरूले कान्लाबाट खसालिदिएकाले पीडित बेहोससमेत भएकी थिइन्। अझैसम्म पूर्ण उपचार हुन सकेको छैन।

२.११ मकवानपुर

फापरवारी गाविसका ५३ वर्षीय लोकबहादुर थापाको २०५४ जेठ ११ गते राति माओवादी अनुमान गरिएका केही व्यक्तिहरूले सुत्ने कोठामा जिलेटिन पड्काउँदा थापाको देब्रे हातको सबै औंला नष्ट भए।

३.३ लमजुङ

गौंडा गाविस-७ का नेपाली कांग्रेस, जिल्ला कोषाध्यक्ष तथा जिल्ला विकास समितिका सदस्य निलकुमार श्रेष्ठलाई २०५४ असोज २३ गते बिहान हातहतियारसहितको समूहले आक्रमण गर्‍यो।

३.४ स्याङ्जा

विर्घा गाविसका भू.पू. सांसद शंकर पाण्डेलाई २०५४ भदौ २२ गते श्रीकृष्ण गण्डकी गाविसको मिर्मीमा केही व्यक्तिहरूले कुटपिट गरे। पीडितलाई नेकपा (एमाले) का कार्यकर्ताहरूले कुटपिट गरेको आरोपमा सोही ठाउँका एमाले

कार्यकर्ताहरू वेदप्रसाद भट्टराई, उमाकान्त पाण्डे र मोतिप्रसाद भण्डारीलाई ज्यानमार्ने अभियोगमा मुद्दा चलाइएको छ। आरोपित पीडकहरू हाल अदालतको आदेशअनुसार पुर्पक्षका लागि थुनामा रहेका छन्।

निर्वाचन क्षेत्र नं. १ का प्रतिनिधिसभा सदस्य ५२ वर्षीय त्रिलोचन शर्मा ढकाललाई २०५४ भदौ २९ गते जिल्ला विकास समिति मंचमा पुतलीबजार नगरपालिकाका इन्द्रबहादुर गोदार, विष्णुनारायण श्रेष्ठ, पशुपति पौडेल, बद्रीप्रसाद भट्टराई, अर्जुन गुरूङ र राजेश श्रेष्ठलगायत्का व्यक्तिहरूले कुटपिट गरे।

स्याङ्जा जिल्लाका प्रमुख जिल्ला अधिकारी ४९ वर्षीय बाबुराम सापकोटालाई २०५४ भदौ २९ गते कार्यालयमै बसिरहेको अवस्थामा रत्नपुर गाविसका अध्यक्ष बद्रीप्रसाद भट्टराईले कुटपिट गरे। पीडितको दाहिने आँखामाथि चोट लागेको छ।

३.१० कपिलवस्तु

प्रहरी चौकी पिपराका ३० वर्षीय भुवनेश्वरप्रसाद चौधरी र शालिकराम सुवेदीलाई २०५४ भदौ २१ गते राति नौ बजे कोपवा गाविस-८ का ईश्वर सुवेदीलगायत्का १० जनाको हुलले कुटपिट गरे।

४.२ प्युठान

दाङवाङ गाविस-७ को उपस्वास्थ्य चौकीका अहेव ४२ वर्षीय झविलाल कँडेल र उनकी ७७ वर्षीय आमा मोहनमायालाई २०५४ मंसिर ३ गते राति गाविस अध्यक्ष रमेश थापालगायत्का १५-१६ जनाले कुटपिट गरी खुट्टा भाँचिदिए। राजनीतिक प्रतिशोधले भएको उक्त घटनाका पीडकलाई कुनै कारवाही भएन।

४.३ रोल्पा

थवाङ गाविस-८ की २८ वर्षीय कर्मज्योति रोका र सोही ठाउँकी मायाश्री घर्तीलाई २०५३ फागुन १५ गते थवाङ गाविस-५ ठूलो गाउँमा केही नकावधारीहरूले कुटपिट गरी सख्त घाइते बनाए।

४.५ रुकुम

बाँफीकोट गाविस, सीमतारूमा २०५४ वैशाख ७ गते लागेको मेलामा रक्सीले मातेका प्रहरीले महिलालाई जिस्क्याएपछि यसो नगर्न आग्रह गर्नेहरूलाई प्रहरीले जथाभावी गोली चलायो। तर कसैलाई पनि चोटपटक भने लाग्न पाएन।

४.११ डोल्पा

सर्मी गाविस-३ का ४३ वर्षीय मिनबहादुर शाहीलाई २०५४ असोज १७ गते माओवादीहरूको एक हुलले कुटपिट गर्‍यो। गाउँलेहरूबाट अनधिकृतरूपमा रकम उठाएको भनी उनलाई कुटिएको थियो।

५.९ दार्चुला

मालिकार्जुन गाविसका अध्यक्ष मोहनसिंह धामी, नैनसिंह वोहरा, धनसिंह धामी, श्यामसिंह विष्टलाई २०५४ जेठ २२ गते सितोला गाविस-५ का इन्द्र बुढाथोकीलगायत्का १५ जनाको हुलले राजनीतिक प्रतिशोधका कारण कुटपिट गरे।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

१.१ झापा

बाहुनडाँगी गाविस-३, ४ र ५ मा मतदान भइरहेका बखत २०५४ जेठ १३ गते केही व्यक्तिहरू आइ पेट्रोमेक्स र बत्ती निभाइ तीनवटा मतपेटिका नै उठाइ लगे। २ जनामात्र प्रहरी भएको र राति ८.३० सम्म पनि मतदान गराइएको हुँदा यस्तो घटना भएको बताइन्छ।

१.५ मोरङ

नौ वाम समूहद्वारा आह्वान गरिएको २०५४ असोज १ र २ गतेको नेपाल बन्द कार्यक्रमको सिलसिलामा विराटनगर र बेलबारीमा गरी प्रहरीले असोज १ गते संयुक्त संघर्ष समिति मोरङका संयोजक मेघराज आचार्य, कमला निरोला, नवराज लम्साल लगायतका ३९ जनालाई गिरफ्तार गर्‍यो।

१.९ भोजपुर

हेलौंछा गाविसको मतदान केन्द्रमा २०५४ जेठ १३ गते सम्पन्न स्थानीय निर्वाचनका दिन नेपाली कांग्रेस र नेकपा (एमाले) बीच विवाद हुँदा प्रहरीले विवाद शान्त पार्न हवाई फायरसमेत गरेको थियो।

१.१२ सिराहा

सिराहा पुस्तकालयमा संजमो नेपालका पूर्व केन्द्रीय सदस्य रामवृक्ष यादवको तेस्रो पुण्यस्मृति दिवस मनाउन लागेका देवनारायण यादवसमेत १० जनालाई २०५४ भदौ २ गते पक्राउ गरियो भने माइक, व्यानर, अबिर र झण्डासमेत प्रहरीले खोसेर लग्यो। पक्राउ परेकाहरूलाई कसैसंग भेटसमेत गर्न दिइएन।

१.१३ उदयपुर

रामपुर ठोक्सिला गाविस-९ को एक प्रतिवादीलाई कानूनी सल्लाह दिन गएका नेपाल बार एसोशिएसन उदयपुरका सदस्य वैकुन्ठनाथ दाहाललाई २०५३ फागुन २३ गते प्रहरी हवल्दार असर्फी साह र अरू २ जना प्रहरीले अदालतको प्रांगण तुरून्त छाडेर जान धम्की दिए। न्यायाधीशले प्रहरीहरूलाई सम्झाएपछि स्थिति शान्त भएको थियो।

२.२ महोत्तरी

गढाभेटपुर गाविस-७ का मधुकान्त झा र सीता झालाई उक्त गाविसमा २०५४ जेठ १३ गते सम्पन्न स्थानीय निर्वाचनमा महिलाले घरबाहिर निस्केर मतदान गरेमा इज्जत जान्छ भनेर कुनै पनि महिलाले भोट नहालेका कारण मतदानमा भाग लिन लगाइयोस् भनी निर्वाचन अधिकृतसमक्ष माग गर्दा स्थानीय चल्तापूर्जा पुरुषहरूले उल्टै उनीहरूको अपमान गर्ने काम गरे। महिला उम्मेदवारले समेत मतदानमा भाग लिनसक्ने स्थिति रहेन।

२.४ सिन्धुली

कमलामाई नगरपालिका-९ दुर्गावासमा अनेमसंघ (क्रान्तिकारी) को जिल्ला अधिवेशन सम्पन्न भएपछि २०५३ फागुन १२ गते घोषणासभा गर्न लाग्दा प्रहरीले गर्न दिएन, पछि भीड तितरबितर पारियो।

४.३ रोल्पा

जिनावाङ, ओत जंकोट, पाछावाङ, थवाङ र गजुल गाविसमा २०५४ जेठमा हुने निर्वाचनका लागि माओवादीहरूद्वारा विभिन्न बाधा अड्चन खडा गरिएका कारण मनोनयनपत्र नै दर्ता हुन सकेन। मतदान गर्न जानेहरूलाई विभिन्न धम्की दिई मतदान नगर्नसमेत चेतावनी दिइएको थियो।

४.५ रुकुम

२०५४ सालमा हुनुपर्ने स्थानीय निर्वाचनका क्रममा जिल्लाका ४३ गाविसमध्ये १८ वटा गाविसमा माओवादीहरूको धम्कीका कारण मनोनयन पत्र नै दर्ता गरिएन। ७ वटा गाविसमा दर्ता भएको पनि फिर्ता गर्न बाध्य पारियो। धेरै व्यक्तिहरू धम्कीका कारण आफ्नो राजनीतिक स्वतन्त्रताको उपभोगबाट वञ्चित रहे। एमालेका जिल्ला उपसचिव यदु गौतमसहित धेरै जनालाई अपहरणसमेत गरिएका घटना प्रकाशमा आए। धम्कीकै कारण जिल्ला विकास समितिका निवर्तमान सभापति हरिभक्त ओलीले गासस पदमा दिएको आफ्नो उम्मेदवारी फिर्ता लिन बाध्य हुनुपर्‍यो।

५.४ बाजुरा

रुगिन गाविसको स्थानीय निर्वाचनमा निर्विरोध निर्वाचन भएकोले सदरमुकामतर्फ फर्किरहेका मतदान अधिकृत हर्कबहादुर सिंहलगायतका व्यक्तिहरूलाई २०५४ वैशाख २५ गते बाधु गाविसमा पर्ने धुलाचौरका प्रहरी गजबहादुर मल्लको नेतृत्वमा ६०-७० जना कार्यकर्ताहरूले कुटपिट गरी निर्वाचनसम्बन्धी कागजात र मतपेटिका खोसी कर्णाली नदीमा बगाए। पीडकहरूले पीडितहरूलाई कर्णाली नदीमा बगाइदिने धम्की समेत दिएका थिए। पीडकहरूलाई थुनामा राखिएकोमा साउन ३० गते तारिखमा छुटे।

२.२ धार्मिक स्वतन्त्रता

१.५ मोरङ

पोखरिया गाविस-७ की १५ वर्षीय हिन्दू केटी सुमित्राकुमारी मण्डल र सोही ठाउँका १९ वर्षीय फिरोज रहमान मिया (मुस्लिम केटो) बीच भएको प्रेम विवाह सम्बन्धमा उठेको धार्मिक विवादले नराम्रो रुप लियो। उक्त गाविसका हिन्दूहरूले सोही घटनाका कारण ७० वटा घरमा आगो लगाइदिए। आगो लगाएको आरोपमा प्रहरीले २०५३ फागुन १९ गते रमेशकुमार मण्डल सहित ४ जनालाई पक्राउ गर्‍यो।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

१.१ झापा

अनारमनी गाविस-८ का ३० वर्षीय मनोज खड्कालाई आफ्नै ५ वर्षीय छोरा मनिषको हत्या गरेबापत कारागारमा राखिएकोमा पुनरावेदन अदालत इलामले २०५४ वैशाख २९ गते भवितव्य ज्यान भनी फैसला गरेकाले खड्का छुटे। जिल्ला अदालतबाट २०५२ माघ १० गते कर्तव्य ज्यान मुद्दाअन्तर्गत सर्वस्वसहित जन्मकैद फैसला भएकोमा पुनरावेदनको यस्तो फैसलालाई शंकाको दृष्टिले हेरिएको छ।

१.२ इलाम

यस वर्ष निर्वाचनका क्रममा खटिएका कर्मचारीहरूको लापर्वाहीका कारण धेरै जनाको नाम मतदाता सूचीबाट हटाइयो। एमाले जिल्ला कमिटी सदस्य परमानन्द चापागाईं र राप्रपाकी जिल्ला अध्यक्ष सरस्वती राईको समेत नाम छुटेको थियो। यस्ता नाम छुटेका सयौं व्यक्तिले आफ्नो मताधिकारको प्रयोग गर्न पाएनन्।

२.१५ काठमाडौं

यस वर्षको अन्त्यसम्ममा देशभरका ७६ हजार मुद्दा फछ्र्योट हुन बाँकी छन्। प्रतिवर्ष नेपालमा १ लाख ४५ हजार मुद्दा पर्ने गर्छन्।

छिनिन बाँकी रहेका ७६ हजार ५ सय मुद्दा सबै २ वर्षभन्दा पुराना मात्र हुन्। कानूनतः कुनै पनि मुद्दा ६ महिनाभन्दा बढी समय राख्न पाइन्न।

३.७ नवलपरासी

यस जिल्लाको अदालतमा यो वर्ष जम्मा ८ सय १५ मुद्दा दर्ता भए भने गत वर्षका मुद्दासमेत १ हजार १ सय ६७ मुद्दाको फैसला भएको छ। १ हजार ८१ मुद्दा फैसला हुन बाँकी छन्।

३.१६ मुस्ताङ

यस जिल्लामा अधिकांश मुद्दाहरू गाउँका मुखिया, र मुस्ताङ राजाले मिलाउने हुँदा जिल्ला अदालतमा ज्यादै

थोरैमात्र मुद्दा पर्दछन्। हाल मुस्ताङ जिल्ला अदालतमा रहेका ६ वटा मुद्दामध्ये अंश मुद्दा १, लेनदेन मुद्दा ३, अदालतको अपहेलना मुद्दा १ र भ्रष्टाचार १ रहेका छन्। मुद्दाको आवश्यक प्रमाण नपुगेकोले २ वर्षसम्म नछिनिएको मुद्दा मुस्ताङ राजा जिग्मी पर्वर विष्ट र उनकी भाउजू डिकी डोल्कर विष्टको अंश मुद्दा रहेको छ। अदालतको अपहेलना सम्बन्धी एउटा मुद्दा १ वर्षसम्म नछिनिएको र अरू बाँकी ६ महिनाभन्दा कम समयका मुद्दा रहेका छन्।

४.१२ जुम्ला

पातराशी गाविस-१ का जयबहादुर बोहोरा र सोही ठाउँका रमलाल रावतमाथि जडिबुटी ओसार पसारका क्रममा नक्कली पूर्जी मुद्दा लगाई कारवाही चलाइएकोमा ३ वर्ष बितिसक्दा पनि जिल्ला प्रशासन कार्यालयले फैसला गरेको छैन। जडिबुटी भने सडेर काम नलाग्ने भएको छ।

४.१४ मुगु

न्यायाधीश जिल्लामै नबस्ने गरेका कारण न्याय सम्पादनमा ढिलाइ हुने गरेको सन्दर्भमा यस वर्ष न्यायाधीश नारायणप्रसाद ढकाल जिल्लामै बसी कार्य गरिरहेका हुँदा सर्वसाधारणले न्यायिक राहत पाएको अनुभव गरे। यस वर्ष ७६ वटा सरकारवादी विभिन्न मुद्दा किनारा लाग्न सके। दुनियाँवादी ७१ वटा मुद्दा दर्ता गरिए।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

२.१६ धादिङ

धादिङ जिल्लास्थित कृषि विकास बैंकका शाखा अधिकृत दुर्गादास महर्जनलाई २०५४ जेठ २० गतेको निर्वाचन आयोगको पत्रअनुसार निर्वाचन अधिकृतको आदेशमा स्थायी जागिर खोसुवा गरिएको थियो। हाल उनको जागिर पुनर्वहाली भए पनि २ वर्षका लागि ग्रेड रोक्का गरिएको छ।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

१.५ मोरङ

बयरबन गाविस-८ का २३ वर्षीय गोपाल कोइरालाले घरमा काम गर्न राखिएकी १८ वर्षीय एक युवतीलाई २०५३ चैत ५ गते बलात्कार गरी गर्भवती बनाए। पीडितले प्रहरीमा खबर गरेपछि राजनीतिक कार्यकर्ता जिल्ला सदस्य समेत रहेका गोपाल तत्काल भागे र पछि पीडितलाई १५ हजार र एक विवाहित माझीलाई १५ हजार दिई उनलाई माझीको जिम्मा लगाइयो।

१.६ सुनसरी

महेन्द्रनगर गाविस-९ बस्ने २४ वर्षीय एक महिलालाई पानमारा गाविस-५ बस्ने धामी झाँक्रीको काम गर्ने ४५ वर्षीय गजेन्द्र चमारले २०५४ जेठ २० गते गति सन्तान बनाइदिने बहानामा एकान्तमा लगी बलात्कार गरे।

१.७ धनकुटा

बेलाहरा गाविस-२ की १८ वर्षीय मुन्तलीमाया तामाङलाई पनि भीमबहादुर र सीता इन्द्रमायाले २०५३ पुस २० गते कुटपिट गरी घरबाटै निकालिदिए। अहिले पीडित माइती गाउँमा शरण लिएर बसेकी छिन्। पीडितले अंश भराइ पाउन मुद्दा दायर गरेकी छिन्।

१.१० संखुवासभा

बानेश्वर गाविस-४ स्थित मावल बसेकी एक बालिकालाई २०५४ साउन १५ गते दिउँसो ५ बजे हजुरबुबा पर्ने बीरबहादुर खत्रीले मकै खान भनी कोठामा बोलाएर मुखमा टाँपी कोची बलात्कार गरे। पीडक फरार छन्।

१.१२ सिराहा

महेशपुर पतारी गाविस-७ की एक विवाहित महिलालाई आफ्नै छिमेकी २१ वर्षीय रामवृक्ष मण्डल र परमेश्वर मण्डलले २०५४ असार २४ गते बलात्कार गरे।

१.१३ उदयपुर

जोगिदह गाविस-१ रुपनीकी एक १३ वर्षीय बालिकालाई जंगलमा बाख्रा चराउन गएका बेला २०५३ माघ १५ गते सोही ठाउँका २८ वर्षीय पंचेश्वर राईले स्थानीय वन उपभोक्ता समितिबाट गस्ती गएका समयमा बलात्कार गरे। स्थानीय प्रहरी चौकीले मुद्दा दर्ता गर्न मानेन। पीडक भने फरार छन्।

१.१४ खोटाङ

सप्तेश्वर गाविस-५ का अन्दाजी ४३ वर्षीय शिक्षक अम्बरबहादुर निरौलाले जाल्पा गाविस-८ की २२ वर्षीय बिन्द्रकुमारी खड्कालाई गर्भवती बनाई पछि अस्वीकार गर्न विभिन्न जालझेल अपनाउँदै आएका छन्। २०५४ साउन २७ गते पीडितबाट छोरी जन्मिसक्दा पनि न्याय भएको छैन।

१.१६ सोलुखुम्बु

बाकु गाविस-८ का कुमार भन्ने माझी मगरले विदेशी महिलालाई एक्लै हिँडिरहेका बेला २०५४ मंसिर १७ गते जबर्जस्ती लडाइ बलात्कार गरे र ५ सय ३२ अमेरिकी डलर तथा ६ हजार नेपाली रूपैयाँसहित अन्य सामान पनि लुटे। पीडकबाट लुटेको सामान फिर्ता गरिएको छ र उनलाई थुनामा समेत राखिएको छ।

२.१ धनुषा

रमदैया भवारी गाविस-८ की १३ वर्षीय एक बालिकालाई २०५४ पुस १ गते सोही गाविस-८ का २० वर्षीय

विजय यादवले बलात्कार गरे। बलात्कार गरिसकेपछि पीडकले बालिकाको शरीरमा धारिलो हतियार प्रयोग गर्दा कान र चिउँडोमा चोट लागेको थियो। पीडितको टाउको निमोठी मरणासन्न अवस्थामा छोडेर पीडक फरार भएका छन्।

२.२ **महोत्तरी**

पशुपतिनगर गाविस-७ की २२ वर्षीय राजकुमारीदेवी साहलाई माइतीबाट प्रशस्त दाइजो नल्याएको भनी जुगेश्वर साह तेलीले जेठाजुसंग बोलेको भन्ने आरोपमा २०५३ माघ २४ गते कोदालोले हानी हत्या गरे।

२.३ **सर्लाही**

कर्मैया गाविस-९ का कालीमाया आलेलाई हेटौंडा चौघडा निवासी उदय शर्मा भनिने जीवन शर्माले फकाइ फुल्याई जागिर लगाइदिन्छु भनी बेच्ने मनसायले सँगै लिएर हिंडेका थाहा पाई आले भागेकी थिइन्। पीडकले पुनः हरिवन-६ निवासी शुकुमाया परियारलाई विवाहको बहाना बनाइ बेच्न खोज्दा प्रहरीले २०५३ फागुन १८ गते पक्राउ गऱ्यो।

२.११ **मकवानपुर**

हेटौंडा नगरपालिका-६ की एक युवतीलाई सोही ठाउँ बस्ने गाईबुढी भन्ने ४२ वर्षीय डम्बरदेवी गौतमले भारतमा सर्कस खेल्न जाने भनी फकाएर २५ हजार रूपैयाँमा बेचेकी थिइन्। युवती फर्कन सफल भएर उजुरी गरेपछि २०५३ माघमा प्रहरीले पीडकलाई गिरफ्तार गऱ्यो।

२.१४ **भक्तपुर**

बोडे गाविस-७ का सुरेश परियारले २०५३ पुसमा आफ्नै पत्नी महालक्ष्मी परियारलाई कोठामा मट्टितेल खनाइ आगो लगाए। पीडितलाई उपचारका लागि वीर अस्पतालमा भर्ना गरियो। पीडक फरार छन्।

४.१ **दाङ**

सैघा गाविस-४ की १८ वर्षीय एक युवतीलाई २०५४ असोज ६ गते राति सोही ठाउँमा रहेको अस्थायी प्रहरी चौकीका हवल्दार वीरबहादुर मल्लले बलात्कार गरे।

४.३ **रोल्पा**

जंकोट गाविस-१ माडिचौरकी एक १६ वर्षीय युवतीलाई २०५३ माघ १२ गते घरमा एक्लै भएका बेला माडिचौर प्रहरी चौकीका प्रहरी पदमबहादुर शाहीले बलात्कार गरे।

४.५ **रुकुम**

विजेश्वरी गाविस-३ की एक महिलालाई २०५४ असोज ६ गते राति इलाका प्रहरी कार्यालय, चौरजहारीमा कार्यरत प्रहरी कविराम जोशी र ऋषिराम आचार्यले खुकुरी देखाइ बलात्कार गर्ने प्रयास गरे। गाउँलेहरुको सहयोगमा उनी बलात्कृत हुन पाइनन्।

खलंगा गाविस-१ की ३५ वर्षीय मानसिक अवस्था ठीक नभएकी एक मजदूर महिलालाई केही अज्ञात व्यक्तिहरूले यौन संसर्ग गरेपछि पीडितबाट २०५४ जेठ २२ गते १ छोरीको जन्म भयो। कसैले पनि उक्त बच्चा स्वीकारेको छैन, उनी त्यत्तिकै अलपत्र छिन्।

४.६ **बाँके**

नेपालगंजदेखि करीब आठ किलोमिटर उत्तरमा रहेको देवीदत्त गण सैनिक व्यारेकका एक सैनिकले एक स्थानीय १२ वर्षीय बालिकालाई ०५३ फागुन १९ गते बलात्कार गर्ने प्रयास गरेपछि स्थानीय जनताले व्यारेक नै घेरे। सैनिक अधिकृतद्वारा पीडकलाई कारवाही गरिने बताएपछि स्थिति शान्त भएको थियो।

४.७ **बर्दिया**

धधवार गाविस-९ की २२ वर्षीय एक युवतीलाई गुलरियाको जिल्ला अस्पतालका प्रमुख डा. ब्रह्मनारायण भागीले २०५४ जेठ २९ गते दिउँसो मेडिकल हलमा लगी औषधी गरिदिने बहानामा बलात्कार गरे। पीडक त्यहाँबाट भागेका छन्। कारवाहीका लागि प्रहरीमा उजुरी परेको छ।

४.८ **सुर्खेत**

उत्तरगंगा गाविस-१ स्थित दिदीको घरबाट दाउरा बेच्न भनी हिंडेकी एक १३ वर्षीय बालिकालाई सोही गाविस-९ का २८ वर्षीय विनोद कँडेललगायत्का ७/८ जनाले ०५४ भदौ २० गते बलात्कार गरे।

४.९ **जाजरकोट**

रोकाया गाउँ गाविस-५ की एक महिलालाई संगुरखाल मेलामा शान्ति सुरक्षा गर्न गएका ७-८ जना दंगा प्रहरीहरूले २०५४ मंसिर १ गते सामुहिक बलात्कार गरे। प्रहरीको दवावमा पीडितलाई बलात्कार गरिएको हैन भनी जबर्जस्ती कागजमा दस्तखत गराइयो।

५.१ **कैलाली**

बलिया गाविस-७ का १७ वर्षीय एक युवतीलाई २०५४ साउन ७ गते राति घरमा अन्य परिवार नभएको मौका छोपी सोही ठाउँका उनका मालिक धीरबहादुर मल्लले आफ्नो ओछ्यान लगाइदिन भनेर कोठामा बोलाई बलात्कार गरे।

५.५ **बझाङ**

सैनपसेला गाविस-९ की १६ वर्षीय हंसादेवी आग्रीलाई २०५४ असार २३ गते उनकै बाबु चन्द्रे आग्रीले सोही ठाउँका देव महतासंग रू. १७ हजार लिइ विवाह गरिदिए।

४.२ पारिवारिक हिंसा र वहुविवाह

१.६ सुनसरी

इटहरी नगरपालिका-४ वस्ने महेन्द्र खड्काले पत्नीलाई घरबाट निकाली २०५३ माघ १३ गते इटहरीकै एक महिलासंग दोस्रो विवाह गरे। प्रहरीले २ दिन थुनेर पीडकलाई व्यक्तिकै छाडिदिएको छ। पहिली पत्नी अम्बिका ३ वच्चा सहित अलपत्र परेकी छिन्।

१.१० संखुवासभा

दिदिङ गाविस-६ कुवापानीका कुमाङ शेर्पाले २०५४ कार्तिक १७ गते साँझ आफ्नै पत्नी २५ वर्षीय चुङ्मु शेर्पाको हत्या गरे। विहे गरेको ६ वर्ष भइसक्दा पनि सन्तान नभएकाले अर्को विवाह गर्न खोज्दा चुङ्मुले नमानेका कारण उक्त घटना भएको थियो। पीडक पक्राउमा परेका छन्।

२.५ रामेछाप

भलुवाजोर गाविस-७ वेनिनीकी २५ वर्षीय मिरा तामाङलाई उनकै ससुरा बुद्धिमान तामाङले विविध वहाना बनाई २०५४ साउन १५ गते वाख्रा बाँध्ने किलो तथा लाठीले कुटपिट गरेको र पतिसमेतले वास्ता नगरेको कुरा पीडित महिला बताउँछिन्।

२.१३ काभ्रेपलाञ्चोक

शंखुपाटी चौर गाविस-८ की ४५ वर्षीय सञ्चमाया तामाङलाई ०५३ पुस २६ गते घरमा पति नभएको अवस्थामा उनकै जेठाजु र जेठानीसहित गाउँलेहरू मिलेर नांगेभार पारी कुटपीट गरे।

४.४ सल्यान

खलंगा गाविस-१ चेवाङका वलवहादुर विश्वकर्माले चित्रकलालाई पाँचौं पत्नीका रूपमा भित्र्याई चौथी पत्नी थुमालाई २०५४ जेठ २१ गते घरमा वस्ने नसक्ने स्थिति खडा गरिदिएका छन्।

४.६ बाँके

हिरमिनिया गाविस सुब्वापुरकी २० वर्षीय नवस्सुम बानोलाई २०५३ फागुन ३ गते आफ्नै पति इकवाल शेखले माइनबाट दाइजो नल्याएको निहुँमा यातना दिइएकोले पीडकलाई प्रहरीले पक्रिएको थियो। तर पछि व्यक्तिकै छाडियो। पीडकहरूले उनलाई साइकलमा बाँधेर माइतीमा पुर्‍याइदिएका थिए।

५.१ कैलाली

धनगढी नगरपालिका-१ की २८ वर्षीय खैरूला अन्सारीलाई उनकै पति तथा सासू र ससुराले कुटपिट, गाली गलौज गरेको कारण पीडितले २०५४ असार ५ गते राति १० बजे विष खाई आत्महत्या गरिन्।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

१.८ तेह्रथुम

थोकलुङ गाविस-३ की मुनिता लिम्बूलाई आफ्नै जेठाजु यामबहादुर लिम्बू र जेठानी ईश्वरमाया लिम्बूले २०५४ साउन १८ गते संक्रान्ति गाविस-८ मा पर्ने सेपेनी जंगलमा लुगा सबै फुकाली नांगेझार पारेर कुटपिट गरे।

आङदिम गाविसकी नरहाङ लिम्बूकी पत्नी ३५ वर्षीय नरमायालाई बोक्सी भएको आरोपमा कुलबहादुर लिम्बू, नरवहादुर लिम्बूलगायत् ४ जनाले सोही गाविसका अध्यक्षको नेतृत्वमा २०५३ चैत १३ गते मोसो दल्न, कुटपिट गर्ने र मिस्नो लगाइ यातना दिने कार्य गरे। पीडित न्यायका लागि जिल्ला प्रशासन कार्यालयमा २०५४ वैशाख १८ गते पुगिन्।

२.२ महोत्तरी

लक्ष्मिनिया गाविस-८ की एक युवतीलाई २०५४ वैशाख २ गते धनुषा महेन्द्रनगरमा मनोज साहले विवाहको अन्तिम समयमा दाइजोको माग वढी गरेर समाजको अगाडि अपमानित गरेका छन्।

५.५ बझाङ

चैनपुर गाविस-३ की १७ वर्षीय मिनाकुमारी सिंहलाई २०५३ चैत २० गते कोटदेवल गाविस-१ का अनिलकुमार सिंहले विवाह गर्ने अभिप्रायले मिना कुमारीको मन्जुरी विना अमानवीय व्यवहार गरी जवर्जस्ती तानेर आफ्नो घर लगे। हाल पीडित माइतीमै रहेकी छिन्।

४.४ गर्भ पतन

१.१ झापा

पृथ्वीनगर गाविस-६ की २३ वर्षीय गंगामाया मुखियाले पति विदेश गएका वेला परपुरूषसंग अवैध सम्वन्ध राखी रहन गएको गर्भ पतन गराउन खोज्दा मृत्यु भयो। गर्भ पतन गराउने कार्यमा संलग्न अहेवहरू नारायण ढुंगेल र पद्मकेशर गौतमलाई २०५४ भदौ २ गते ज्यान मारेको आरोपमा पक्राउ गरिए पनि ठूलो धनराशिको प्रलोभनमा छाडिदिएको गुनासो गाउँवासीको रहेको छ।

४.१ दाङ

खैदीपुरकी ३३ वर्षीय दिउनीकुमारीको गुप्ता मेडिसिन डिष्ट्रिव्युटर्समा गर्भपतन गराउँदा अत्याधिक रक्तश्रावका कारण मृत्यु भयो। भर्खरै दोस्रो पतिसंग विवाह गरेकी दिउनीले पहिलो पतितर्फबाट रहेको गर्भ तुहाउन उक्त कार्य गरेकी थिइन्। अस्पतालका डाक्टरहरूले अवैध लाभ प्राप्त गरी मोटरको ठक्करबाट मृत्यु भएको बनाएका र क्लिनिक मालिक यमप्रकाश गुप्तालाई कुनै कारवाही नभएको पीडित पक्षको गुनासो रहेको छ।

५.५ बझाङ्ग

भानचौर गाविस-६ का २८ वर्षीय जौमति गुरुधामीले २०५४ भदौ ३० गते साँझ ६ बजे लागू औषधी सेवन गरी ७ महिनाको गर्भ पतन गराइन्। भतिजा नाता पर्ने धने गुरुधामीसंगको अवैध सम्बन्धबाट रहन गएको सो गर्भ दुवैजनाको सहमतिले पतन गराइएको थियो।

५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

१.३ पाँचथर

फिदिम गाविस-१ का ७ वर्षीय बालक मुकेश सुन्दासलाई पसल फोरी सामान चोरेको अभियोगमा भेषराज थापाले २०५३ चैत ४ गते हातखुट्टा बाँधी कपाल चारपाटा मुडिदिए र कुटपिटसमेत गरे।

१.६ सुनसरी

धुस्की गाविस-७ बस्ने ७ वर्षीय बालक दिपु मलाहालाई भारतमा लगी बेच्ने भारत, फारबिसगन्जका ३५ वर्षीय महमद कादिरलाई प्रहरीले पक्राउ गरेको छ। घरमा कोही नभएको मौका छोपी २०५३ पुस २२ गते कादिरले उक्त बालक चोरी लगेका थिए।

१.१० संखुवासभा

खाँदबारी नगरपालिका-१० स्थित साङपाङ होटलमा काम गर्ने अन्दाजी १० वर्षका वीरबल राई होटल मालिक र उनकी पत्नीद्वारा प्रत्येक दिनजसो ढोका थुनेर पिटाइ खान बाध्य छन्। साइनोले काका/काकी पर्ने होटल साहूले फलामको छडसमेत कुटनमा प्रयोग गर्ने गरेको र कहिलेकाहीं त बालक बेहोससम्म हुने गरेको छिमेकीहरूले बताएका छन्।

२.५ रामेछाप

गुन्सी गाविस-४ बस्ने १३ वर्षीय भोजराज गौतमलाई २०५३ पुस २६ गते माओवादी गतिविधिमा संलग्न भनी प्रहरीले पक्राउ गरी यातना दियो। त्यसपछि खुन, कर्तव्य ज्यान, डाँका, आगजनी अन्तर्गत मुद्दा लगाइयो र अहिले खरखजना ऐन अन्तर्गत मुद्दा दायर गरिएको छ।

२.७ रौतहट

जोकाहा ध्युरा गाविस-९ जयनगरका १६ वर्षीय सलमा खातुनले गाउँकै सफी उल्लाहसंगको अनैतिक सम्बन्धका कारण ७ महिनामा सकुशल जन्मेको बच्चालाई २०५४ भदौमा हत्या गरिन्। मुस्लिम परम्पराअनुसार विवाहपश्चात् दाइजो नगरी छोरी पठाउन नमिल्ने र दाइजो गर्न विवाहजनित खर्च लाग्ने तथा कमजोर आर्थिक स्थितिको कारण दाइजो गर्न नसकी सलमा माइतमै थिइन्।

२.८ बारा

विश्रामपुर गाविस-१ की प्रभावतीदेवी नुनियान र अनियादेवी महतोले २०५४ कार्तिक ४ गते सोही ठाउँकै ६ महिनाको बालक हरेन्द्र ठाकुरलाई अपहरण गरी लग्दै गरेको अवस्थामा प्रहरीले पक्राउ गर्‍यो।

२.१० चितवन

खैरहनी गाविस-४ की ३ वर्षीय सुशीला दुवारीलाई २०५४ असार ५ गते उनकै फुड्केलो बाबु उत्तरबहादुर नेपालले घाँटी थिचेर हत्या गरे। पीडकलाई हाल पुर्पक्षको लागि थुनामा राखिएको छ।

२.१३ काभ्रेपलाञ्चोक

दोलालघाट गाविसका रामकृष्ण श्रेष्ठले बुहारी नातीकी रामकुमारी श्रेष्ठसंग अवैध सम्बन्ध राखेपछि एक छोरो जन्मिएको थियो। उक्त बालकलाई अंश दिनु पर्छ भनी ०५४ कार्तिक २ गते रामकृष्णले मार्न खोज्दा झुक्किएर अर्कै बालक बुद्धिबहादुर श्रेष्ठको हत्या भयो। हत्या गरिएको भनिएको बच्चा अझै जीवित नै छ।

२.१७ सिन्धुपाल्चोक

फुल्पिङकोट गाविस-३ की २३ वर्षीय सुश्री अनिता भण्डारी र आफ्नै हजुरबुबा पर्ने २६ वर्षीय मिल्के कान्छा भन्ने रोटबहादुर भण्डारीको अवैध कार्यबाट जन्मेको बच्चालाई २०५४ भदौ १ गते दुवै जना मिली हत्या गरे।

३.१२ गुल्मी

मनमने गाविस-५ की २७ वर्षीय सुभद्रा पन्थीले २०५४ असार २५ गते राति १२ बजे आफ्ना ४ महिनाका जुम्ल्याहा छोरीहरूलाई घर नजिकैको पानीको दहमा फालेर हत्या गरिन्। छोरी जन्माएको कारण पतिले हेला गर्ने, गाली गर्ने गरेकाले आवेगमा आई बच्चाको हत्या गरेको कुरा उनले बताएकी छन्। हाल उनी थुनामा छिन्।

५.१ कैलाली

फूलबारी गाविस-७ की ८ वर्षीय एक बालिकालाई २०५४ असार २० गते सोही ठाउँ बस्ने १८ वर्षीय सुरेशबहादुर मल्लले ललाई फकाई आफ्नो घरमा चिनी खान भनी बोलाएर कोठामा लगी बलात्कार गरे। पीडितको गुप्ताङ्ग च्यातिएको कारण ३ दिनसम्म सेती अंचल अस्पतालमा उपचार गराइयो।

५.४ बाजुरा

पशुपति प्रा.वि.मा अध्ययनरत् ब्रह्मतोला गाविस-१ का ७ वर्षीय टीका रोले र सोही गाविस-६ का ८ वर्षीय दीर्घ थापालाई २०५४ फागुन २९ गते सोही विद्यालयका शिक्षक रणबहादुर शाहले प्रश्नको उत्तर नजानेको कारण मानसिक दिशा खुवाए।

६. आर्थिक अधिकार
(पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

१.५ मोरङ

विराटनगर उपमहानगरपालिका-२२ को रघुपति जुट मिलका १६ जना मजदुरहरूले जुट मिल निजीकरणपश्चात् मिल व्यवस्थापनले मजदुरहरूलाई दिने एकमुष्ट क्षतिपूर्ति नदिएको विरोधमा २०५३ माघ १३ गते देखि २०५३ माघ २६ गतेसम्म घेरलु तथा साना उद्योग कार्यालयमा धर्ना बसे। माग पूरा गरिने आश्वासनपछि अनशन र धर्ना रोकिएको थियो।

टंकीसिनवारी गाविसस्थित एभरेष्ट फाइवर्स इण्डष्ट्रिजमा कार्यरत सुरक्षाकर्मी ४० वर्षीय चित्रमणि खनिवडालाई व्यवस्थापक हरिभक्त सिटौलाले युनियनमा लागेका कारण २०५४ असोज १६ गते कारखानाबाट निस्कासन गरिदिए। युनियनमा लागेकै कारण रमेश शर्मा, शिवकुमार भट्टराई र रामप्रसाद सिटौलालाई पनि व्यवस्थापकले २०५४ मंसीर २९ गते कारखानाबाटै निकालिदिए।

टंकीसिनवारी गाविसस्थित हिमालय सोप एण्ड इण्डष्ट्रिजमा कार्यरत सुरक्षाकर्मी ४० वर्षीय दामोदर अधिकारीलाई व्यवस्थापक सुशील धनावतले स्वतन्त्र मजदूर युनियनमा संगठित भएका कारण अर्को ठाउँमा जागिर दिन्छु भनी निकाले र अन्यत्र जागिर दिएनन्। उनलाई २०५४ कार्तिक २१ गते ८ वर्ष स्थायी जागिरबाट निकालिएको हो। उनलाई बाँकी तलब पनि दिइएको छैन।

२.१२ ललितपुर

ललितपुर उपमहानगरपालिका-४ धोबिघाटस्थित इन्टर लामा कार्पेटका कामदार २७ वर्षीय विनोद थापालगायत् ६ जनालाई २०५४ वैशाख २१ गतेदेखि कारखाना निवासबाट बाहिर निकालियो। पीडितहरूले यसअघि निवासलगायत् अन्य सुविधाहरू पाउँदै आएका थिए। मजदुर युनियनमा संलग्न भएकै आरोपमा निस्कासित गरिएका मजदुरहरू मध्ये केही दिनपश्चात् विनोद थापा लगायत केहीलाई पुनर्वहाली गरियो भने पीडित गीता थापालाई अझैसम्म पुनर्वहाली गरेको छैन।

४.१ दाङ

लालमटिया गाविस-२ खुरुरियाका ३५ वर्षीय टंकेश्वर, ३६ वर्षीय टेकबहादुर र ४० वर्षीय रामसरोज चौधरीलाई भेषराज शर्मा अधिकारीले दिने भनी कबुल गरेको ७० मन मस्यौरा दिएनन्। २०५३ माघदेखि २०५४ माघसम्मका लागि वार्षिक ७० मन मस्यौरा दिने सहमति भएको थियो।

५.७ डडेल्धुरा

जिल्ला खेलकुद विकास समिति डडेल्धुराका भलिबल प्रशिक्षक नरेश थापाको २०५३ माघ महिनाको पारिश्रमिक राष्ट्रिय खेलकुद परिषदमा नक्कली हस्ताक्षर गरी अर्कैले बुझिलिए। पीडितले २०५३ चैत २७ गते निवेदन दिएपछि परिषदमा आवश्यक कारवाही भई सम्बन्धित फाँटवालाबाट नै उक्त रकम असुल उपर गरिएको थियो।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

१.१ झापा

गरामनी गाविस-४ निवासी टीकाराम घिमिरेले २०५४ वैशाख ३ गते शनिश्चरे गाविसकी सीता धिमालसंग प्रेम विवाह गरेकोमा केटी तल्लो भनिने जातको भएकाले घरमा भित्र्याउन्न भनी टीकारामका बाबु मनोरथले छोरा-बुहारीलाई नै घरमा छिर्न दिएका छैनन्।

१.११ सप्तरी

राजविराज नगरपालिका-६ का २३ वर्षीय संजय यादव र सोही ठाउँकी १८ वर्षीय शान्तिकुमारी साहले २०५४ कार्तिक ४ गते राजी खुसीले मन्दिरमा गई विवाह गरेकोमा केटीको जात तल्लो भयो भनी केटा पक्षका अभिभावकले उनीहरूलाई घरमा भित्र पस्न दिएनन्। उनीहरूलाई अलग गराउन प्रहरीलाई पक्राउसमेत गर्न लगाइयो। पानी नचलाउने र भित्र पस्न नदिने भनी उनीहरूलाई गोठमा मात्र बस्न दिइएको छ।

१.१४ खोटाङ

लज्याङ गाविसमा रहेको कालिकादेवी मन्दिरमा दिक्तेल गाविसका बलशंकर वि.के., पुष्प वि.के. लगायतका ८-१० जना अछूत भनिनेहरूलाई पूजाआजा गर्न जाँदा सोही मन्दिरका पुजारी भोजराज आचार्यले २०५४ असार २७ गते मन्दिरभित्र पस्न दिएनन्। पीडितहरूले प्रहरीमा उजुर गर्दा प्रहरीले वास्ता नगरेको पीडित पक्षको गुनासो छ।

१.१५ ओखलढुंगा

गाभाङटार गाविस-३ का चेतबहादुर सार्की र ४ छोराछोरीकी आमा ३६ वर्षीय कपिलकुमारी भट्टराईबीच सहवास भई गर्भ रहेपछि २०५४ जेठ १८ गते प्रहरीले भट्टराईलाई चेतबहादुरको जिम्मा लगाइदियो। त्यसपछि भट्टराई परिवारले उक्त जोडीलाई सानो जाति भनी बहिस्कार गरी गाउँबाटै निकाला गरे।

२.१० चितवन

कठार गाविस-४ शान्ति बजारका कृषक धनबहादुर वि.क.लाई २०५४ मंसीर ५ गते सोही ठाउँको नन्दिनी दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडले अछूत जातिको दूध नलिने भनी फिर्ता गर्‍यो।

२.१३ काभ्रेपलाञ्चोक

धुलिखेल नगरपालिका-७ स्थित तोलागे गाउँको सार्वजनिक कुवाबाट पानी ल्याउन लाग्दा स्थानीय सार्की जातका मानिसहरूलाई ०५४ वैशाखमा नगरपालिकाका एक

सदस्यले कुटपीट गरे। पछि उक्त कुवामा रूद्री, पूजा गरियो र सार्कीहरूलाई आइन्दा नछुनु भनी कडा धम्की दिइयो।

२.१४ भक्तपुर

कटुन्जे गाविस-३ बस्ने ६० वर्षीय रामभक्त कोइराला (मिजार) लाई २०५४ मंसीर २० गते सोही ठाउँको थापा टोलको इनारमा पानी छोएको भनी बद्री थापा लगायत थापा समूहले कुटपिट गरेर भोलिपल्ट इनारको पानी नछुने शर्तमा माफी मगाइयो।

२.१७ सिन्धुपाल्चोक

बाँडगाउँ गाविस-३ स्थित सिपा तीनघरे संस्कृत मा.वि. मा अध्ययनरत् २१ जना दलित विद्यार्थीहरूलाई २०५३ चैत ६ गते शिक्षकहरू शम्भुप्रसाद कोइराला, शंकरनाथ न्यौपाने र ऋषिराम आचार्यले दलित भएकै कारण पानी पिउनबाट वञ्चित गरे। उनीहरूलाई अफिस कोठामा पस्न र पानी पिउन वञ्चित गरिएको थियो र त्यसो गरेका कारण सजायसमेत दिइने गरिएको थियो। उक्त विद्यालयमा दलितहरूलाई भर्ना नै नलिने कार्य गराउन पनि धेरै शिक्षकहरू जोडतोडले लागिरहेका गुनासो पीडितहरूको छ।

२.१८ नुवाकोट

चारघरे गाविस-९ खानीगाउँकी ६० वर्षीय मनसुवा तामाङले आफ्नै छोरी सीनालाई २०५४ असोज २५ गते भुल्ल्याई, लात्तीले हानी नराम्रोसंग कुटिन्। केही समयअघि सीता सोही ठाउँका जगतबहादुर आले मगरसंग अन्तरजातीय विवाह गरी गएकीले तल्लो जातसंग पोइल गई भनी रीसले उक्त कुटपिट गरेकी थिइन्।

३.१२ गुल्मी

धुर्कोट रजस्थल गाविस-४ मा रहेको खड्ग छत्रको कोटमा फूल-प्रसाद चढाउन गएका २९ वर्षीय दलबहादुर विश्वकर्मालाई २०५४ असोज २३ गते कोटमा पूजाको लागि जम्मा भएका ४०-४५ जना व्यक्तिहरूले सानो जाति भनी हेपेर आक्रमण गरी कुटपिट गर्ने, शरीरमा थुक्ने र लछारपछार गर्दै कोट हानाबाहिर हुत्याए। उक्त कोटमा फूल-प्रसाद चढाउन पाउनु पर्छ भनी ३ वर्ष पहिलेदेखि उत्पीडित जातिहरूले माग राख्दै आएका थिए।

३.१३ बाग्लुङ

खुंगा गाविस-३ छोरेका हेमलाल घर्ती मगरले सुन्तली कामीसंग विवाह गरी थर गुमाएर विटालु लेख्न बाध्य हुनुपर्‍यो। सुन्तलीको मृत्यु भएपछि जात खसेको भनी उनलाई घर्ती मगर न के कामीले समेत छोरी दिएनन्। अन्ततः २०५४ असोज ३ गते उनले सोही ठाउँकी बेली दमिनीसंग विवाह गर्न बाध्य भए।

४.१ दाङ

ढिकपुर गाविस-४ का ३६ वर्षीय शिवराज रैदास र ३३ वर्षीय शोभादेवी रैदासलाई सोही ठाउँका पूर्णबहादुर बुढाथोकीसमेतका व्यक्तिहरूले ठूलो जात भनिनेहरूको कुरा काटेको निहुँमा २०५४ जेठ ७ गते कुटपिट गरे।

धर्ना गाविस-५ का १९ वर्षीय कमला नेपाली र २० वर्षीय श्रीधर महराले अन्तरजातीय विवाह गरेका निहुँमा २०५४ साउन ३ गते केटाका बाबु जागेश्वर महराले दुवैलाई धम्की दिनुका साथै मानसिक यातना पनि दिइरहेका छन्।

४.५ रुकुम

शोभा गाविस-३ का हस्तबहादुर बुढाथोकीलाई सानो जातिसंग विवाह गरेको कारण जनाइ २०५४ भदौ १२ गते आमाको मृत्यु हुँदा आफ्नै दाजुभाइले क्रिया गर्न दिएनन्।

५.७ डडेल्धुरा

मणिलेक गाविस-७ का गगनसिं सावदलाई २०५४ साउन ११ गते सोही गाविस-८ का हरिदत्त भट्टले कुटपिट गरे। पीडितलाई घाँस र गोबर पनि खुवाइएको थियो। जिल्ला विकास समिति चुनावको विषयमा विवाद हुँदा सो घटना भएको थियो।

५.८ बैतडी

मेलौली गाविस-५ जर्कुका ५० वर्षीय लक्ष्मीराम लुहारलाई २०५३ माघ ४ गते सोही ठाउँका ४५ वर्षीय चिनासिंह नायकले जातीय भेदभावका कारण सार्वजनिक बाटोमा हिड्न दिएनन्। पीडितलाई कुटपिट गरी हात पछाडि बाँधेर दिनभरि भोकै राखे।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

२.४ सिन्धुली

तोश्रान खोलामा २०५४ जेठ १३ गते हुने स्थानीय चुनावमा उम्मेदवार मनोनयन पत्र दर्ता गर्न नदिएको भनी नेपाली कांग्रेसका सांसद विपिन कोइराला, होमराज दाहाल र ध्रुव शर्माले एक वक्तव्य निकाली उक्त कार्यको विरोध गर्दै पुनः नाम दर्तासहित चुनाव दोहोर्‍याउन निर्वाचन आयोगको कार्यालयअगाडि धर्ना बसेका थिए।

एमाले जिल्ला कमिटी सचिव सिन्धुलीले हत्पतेमा भएको हत्याकाण्डमा एमालेलाई आरोप लगाई कार्यकर्तालाई गिरफ्तार गरिएकोमा एक प्रेस वक्तव्य २०५४ पुस ८ गते प्रकाशित गरी उक्त कार्यको विरोध गरेको थियो।

२.८ बारा

राष्ट्रिय कार्यक्रमअन्तर्गत २०५४ असार १ गते नेपाली कांग्रेस जिल्ला कार्यसमिति बाराले सरकारले स्थानीय निर्वाचनमा धाँधली गरेको आरोप लगाई जिल्ला प्रशासन कार्यालयमा जुलुससहित ज्ञापनपत्र बुझायो। ज्ञापनपत्रमा प्रमुख

जिल्ला अधिकारीको राजीनामा पनि माग गरिएको छ।

२.९ पर्सा

कानून व्यवसायीहरू मुद्दा मामिलाका सिलसिलामा न्यायाधीशसमक्ष जाँदा भर्को मान्ने, बहसमा ध्यान नदिने र एउटै प्रक्रियाका लागि पनि विभिन्न मापदण्ड अपनाउने जस्ता कारणले गर्दा कानून व्यवसायीहरू र अदालतका अधिकृतहरूले २०५३ पुस २६ गते एक प्रेस विज्ञप्ति प्रकाशित गरी जिल्ला न्यायाधीश निरीशकुमार शर्माबाट कानून व्यवसायीहरूको मर्यादामाथि आँच पुऱ्याएको भनी खेद व्यक्त गरे।

२.११ मकवानपुर

२०५४ जेठ ११ गते माओवादीहरूले राप्रपा, मकवानपुरका अध्यक्ष लोकबहादुर थापाको हत्या गर्ने उद्देश्यले आक्रमण गरेको विरोधमा जेठ १२ गते नेकपा (एमाले) लाई दोषी बनाउ हेटौंडा बजारमा राप्रपा समर्थक व्यक्तिहरूले जुलुस निकाले। सोही घटनालाई लिएर नेकपा (एमाले) मकवानपुरले दुःख व्यक्त गर्दै थापाको हत्याको प्रयासमा एमालेको कुनै संलग्नता नरहेको भनी २०५४ जेठ १३ गते प्रेस विज्ञप्ति प्रकाशित गरी स्पष्टीकरण दियो।

३.१ तनहुँ

नेपाल शिक्षक संघ तनहुँ कार्यसमितिका जिम्मेवार पदाधिकारीहरूले २०५४ भाद १० गते जिल्ला शिक्षा अधिकारी लक्ष्मीराम पौडेलमाथि गरेको हातपात, कार्यालय तोडफोड र कागजपत्र च्यातेको भनी नेपाल राष्ट्रिय शिक्षक संगठन र नेपाल राष्ट्रिय शिक्षक परिषद्को संयुक्त आह्वानमा विरोध कार्यक्रमको आयोजना गरिएको थियो।

३.१२ गुल्मी

२०५४ असार १५ गते नेकपा (एमाले) गुल्मीका सचिव सोमबहादुर खड्का र नेपाली कांग्रेस गुल्मीका सभापति त्रैलोक्यप्रताप सेनले एक संयुक्त वक्तव्य प्रकाशित गरी निर्वाचनको समयमा विभिन्न ठाउँमा भएका झडप र झगडालाई वार्ताद्वारा समाधान गरिएकोले यसलाई बिर्सेर अब उप्रान्त दुवै पक्षका कार्यकर्ताहरू मिलेर जिल्लामा शान्ति सुव्यवस्था कायम गर्नु पर्ने, विकास निर्माणको काममा जुट्नुपर्ने र एक आपसमा स्वच्छ राजनीतिक प्रतिस्पर्धा गर्नुपर्ने प्रजातन्त्रको सुदृढीकरणका लागि संयमित बन्नुपर्ने कुरामा दुवै पार्टीका कार्यकर्ताहरूले ध्यान दिन आग्रहगर्नुभयो।

९. अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

१.१ झापा

डाँगीबारी गाविस-३ की ३५ वर्षीय घरिमा चौधरीलाई सोही ठाउँका किशोर सतारले २०५४ असार १ गते राति बलात्कार गर्न खोज्दा उनले प्रतिकार गरेकाले पेटमा छुरी हानी हत्या गरे। पीडक हालसम्म फरार छन्।

घैलाडुबा गाविस-२ का ३५ वर्षीय रामबहादुर खवासले ०५४ वैशाख १ गते अत्याधिक मादक पदार्थ सेवन गरी आफ्नै दुई महिनाकी छोरी भावनाको हत्या गरे। पीडकले दुई महिनाकी सुत्केरी पत्नीसंग यौन सम्पर्क गर्न खोज्दा छोरी रोएकै कारण रीसले भुइँमा पछारेका थिए। पीडकलाई प्रहरीले पक्राउ गरी थुनामा राखेकोमा अदालतले भवितव्य भनी तारेखमा छोडेको छ।

१.२ इलाम

कन्याम गाविस-९ का २७ वर्षीय भुपेन्द्र पौड्यालले २०५४ साउन २० गते आफ्नै पत्नी विष्णुमाया पौड्याललाई कुलदेवताको पूजा गर्ने कार्यक्रम राखी पूजा कोठामा देवताको प्रतीकको रुपमा राखिएको ढुंगाले हिकाई हत्या गरे।

१.३ पाँचथर

भारपा गाविस-९ चोकफाटका ३२ वर्षीय कालीबहादुर तामाङलाई २०५४ कार्तिक १० गते रातको २ बजे आफ्नै पत्नी २१ वर्षीय चन्द्रकला तामाङले मर्मस्थलमा प्रहार गरी हत्या गरिन्। मारेपछि उनले आफैं मरेको देखाउन मृतकलाई झुण्ड्याएकी थिइन्।

१.४ ताप्लेजुङ

पापुङ गाविस-९ का २१ वर्षीय पासाङ ढुङदकलाई आफ्नै पत्नी दावाफुटी शेर्पाले जाँडमा विष मिसाएर खुवाइ २०५४ कार्तिक ३ गते मारिन्। पीडक थुनामा छिन्।

१.९ भोजपुर

भोजपुर गाविसका बलराम तामाङले २०५३ पुस २६ गते घरायसी भै-झगडाका कारण आफ्नै पत्नी सुनमाया तामाङलाई घाँटी अँठ्याइ हत्या गरे।

१.१३ उदयपुर

भलायाडाँडा गाविस-६ गोठडाँडाका १६ वर्षीय विष्णुबहादुर तामाङलाई वन पैदावर चोरी गरेको आरोपमा २०५३ फागुन १६ गते वन सुरक्षा गार्डहरूले लखेटालखेट गर्दा पंचावती गाविस-४ स्थित बर्दमार भन्ने ठाउँमा भिरबाट खसी दहमा परेर मृत्यु भयो। यस घटनालाई भवितव्य हो भनी लेखिएको कागजमा पीडितका बाबु इन्द्रबहादुरलाई जबर्जस्ती दस्तखत गराइयो।

२.२ महोत्तरी

खोपी गाविस-४ की २० वर्षीय मृगादेवी यादवले माइतबाट प्रशस्त दाइजो नल्याएकोमा सधैं सासू, ससुरा र पतिबाट कचकच सुनिरहनुपरेका कारण २०५३ माघ ७ गते आफ्नै जीउमा मट्टितेल खनाएर आत्महत्या गरिन्।

२.६ दोलखा

भेडपु गाविस-२ का ३८ वर्षीय नग्माया अधिकारीलाई २०५४ भदौ २५ गते माइतीबाट घर जाँदै गर्दा सोही गाउँका भाँक्री कृष्णबहादुर तामाङ र वडाध्यक्ष काल्मान अधिकारीले उपचार गर्ने भनी जीउमा मट्टितेल खनाइ आगो लगाइदिए। पीडाले नग्माया चिच्याइन् तर अरूले नसुनून् भनी गुन्द्रीले बाहिरबाट छोपियो। वीर अस्पतालमा उपचार गर्दागर्दै २०५५ भदौ २७ गते उनको मृत्यु भयो।

२.१६ धादिङ

सेम्जोङ गाविस-१ का ५६ वर्षीय काली तामाङले ६६ वर्षीय आफ्नै पति सेते तामाङलाई २०५३ चैत ९ गते सामान्य घरायसी झगडाका कारण ढुंगा र खुकुरी प्रहार गरी हत्या गरिन्। पीडक नल्कौले पक्राउमा परिन्।

३.६ मनाङ

फु गाविस-१ मा रहेको प्रहरी चौकीका हवल्दार ३२ वर्षीय रामबहादुर के.सी.लाई २०५४ असार १८ गते सोही ठाउँका लाक्पा छिरिङ घले र पासाङ टसी लामाले प्रहरी कार्यालयमै कुटपिट गरी हत्या गरे। सोही प्रहरी चौकीमा पीडकलाई हिरासतमा लिइएको थियो। तर हाल दुवै पीडक चौकीबाट फरार भएका छन्।

३.८ रुपन्देही

तेनुहवा गाविस-८ लुम्बिनी विकास कोषको कम्पाउण्डभित्र जापानी भिक्षु ४३ वर्षीय युनाताका नावानामेको ०५४ असार १९ गते अबरार महम्मद मुसलमानसमेतका ६ जनाले गोली हानी हत्या गरे।

३.१३ बाग्लुङ

रिधा गाविस-५ की ७४ वर्षीय मनरूपी रानालाई २०५३ माघ ५ गते राति छोरीलाई अन्न दिई भन्ने रीसमा आफ्नै छोरा कुलबहादुर रानाले निदाएकी अवस्थामा हत्या गरे।

३.१५ म्याग्दी

पात्लेखेत गाविस-४ का ७२ वर्षीय रनबहादुर खत्रीलाई २०५४ भदौ १६ गते आफ्नै छोरा कृष्णबहादुर खत्रीले आफूलाई नपुंसक भनेको आरोपमा खुकुरी प्रहार गरी हत्या गरे।

४.१ दाङ

सौडियार गाविस-७ का ३१ वर्षीय अन्वरी चौधरीले आफ्ना परिवारका ३ जनालाई विष मिलाएर खाना खुवाएर आफूले पनि खाए। ६ वर्षीय सुरेश चौधरीको सोही कारणले मृत्यु भयो।

४.६ बाँके

सीतापुर गाविस-२ का १८ वर्षीय सुरेन्द्र मुराव र ४५ वर्षीय दीपरानी मुरावलाई ०५४ भदौ ४ गते आफ्नै छोरा २५ वर्षीय वीरेन्द्र मुरवले झारफुक गर्ने क्रममा कुटपिट गरी हत्या गरे। भाइ सुरेन्द्र एक्कासि बेहोस भएपछि भूत धपाउन भनी पीडक विरेन्द्रले कुटपिट गरे र भाइ मरेपछि आमा दीपरानीलाई सऱ्यो भनी आमालाई पनि कुटेको थियो।

५.२ अछाम

सुनार गाविस-९ का २८ वर्षीय चाउरी भण्डारीलाई २०५४ साउन २७ गते उनकै भतिजा नाता पर्ने २६ वर्षीय वंशे भण्डारीले घाँटीमा हँसियाले हिर्काइ घरभित्रै हत्या गरे। पीडकले यौन सम्पर्क गर्न खोज्दा पीडितले विरोध गरेका कारण दुवैबीच कुटपिट चल्दा हँसिया प्रहार गरी हत्या गरेका थिए। पीडक कारागारमा २० वर्ष सजाय भोगिरहेका छन्।

५.३ डोटी

दीपायल सिलगढी नगरपालिका-३ का २० वर्षीय मायादेवी सोपलाई २०५४ साउन १९ गते उनकै पति २७ वर्षीय जगत सोपले व्यक्तिगत झै-झगडाको कारण घाँटी च्यापी मुखमा तेजाव खन्याएर हत्या गरे। हाल पीडकलाई थुनामा राखिएको छ।

५.४ बाजुरा

आफूले मन पराएको युवकहरूसंग विवाह गर्न अभिभावकहरूले नदिएका कारण डम्बर कुमारी र उनकी एक जना साथीले समेत सँगै आत्महत्या गर्ने सल्लाह गरेका थिए।

५.६ कञ्चनपुर

महेन्द्रनगर नगरपालिका-२ उल्टा खामका ३० वर्षीय चन्द्रबहादुर चन्दलाई २०५४ जेठ २० गते राति ११.३० बजे उनकै पत्नी २७ वर्षीय जानकीदेवी चन्दले सुतिरहेको अवस्थामा बन्चरोले प्रहार गरी हत्या गरिन्। यसअघि पीडितले दैनिक मदिरा सेवन गरी पत्नीलाई कुटपिटसमेत गर्ने गरेकोले पीडकले आवेशमा आई हत्या गरेको बुझियो। पीडक थुनामा छन्।

महेन्द्रनगर नगरपालिका-४ का ६२ वर्षीय प्रेमबहादुर भुजेलले २०५४ असोज ६ गते राति उनकै प्रेमिका ३२ वर्षीय सुनकोपा चौधरीसंग शारीरिक सम्पर्क गर्न खोजेकोमा उनले प्रतिवाद गरेको कारण झगडा हुँदा सुनकोपाले प्रेमबहादुरको लिङ्ग वटारिदँदा उनको मृत्यु भयो। हाल पीडक थुनामा छिन्।

५.९ दार्चुला

खलंगा गाविस-९ का ४० वर्षीय धनादेवी महरालाई २०५४ साउन २८ गते उनकै पति ४५ वर्षीय बहादुर सिंह महराले भूत धपाउँछु भनी हँसियाले घाँटी काटी हत्या गरे।

●

अनुसूची

अनुसूची १

यस वर्षको उल्लेख्य :

नेपालको राजनीतिमा अपराधीकरण

१. राजनीतिक अपराधीकरणको पृष्ठभूमि

मानव सभ्यताको विकास र विस्तारका क्रममा राजनीतिक सत्ताको उदय र विस्तार हुन थालेपछि सम्पत्तिको आवश्यकता पर्न थाल्यो। सम्पत्तिको अपरिहार्यता राजनीतिको आधारभूत आवश्यकता भएपछि धन, सम्पत्ति र राजनीतिक शक्तिबीचको साँठगाँठ शुरू भएको हो। त्यसैले राजनीतिक अपराधीकरण वर्तमान शासन प्रणालीको उपज मात्र होइन। पुरानो सामन्ती राजनीतिक शासन प्रणालीमा राजा र महाराजाहरूले राज्यलाई आफ्नो निजी सम्पत्तिको रूपमा प्रयोग गर्दथे। राज्य राजा-महाराजाहरूको बिर्तासरह हुन्थ्यो, त्यसैले राज्यको धनमा राजा-महाराजाले गर्ने जथाभावी खर्चलाई अनैतिक र अपवित्र ठानिँदैनथ्यो।

प्रजातान्त्रिक शासन प्रणालीमा जनताप्रति उत्तरदायी शासन व्यवस्था, जनताको सम्प्रभुता, राज्य संचालन प्रक्रियामा पारदर्शिता जस्ता शासनविधिका नयाँ मूल्य र मान्यताहरू अघि सारिए र लागू पनि गरिए। यस्ता मूल्य र मान्यताहरूले राज्यलाई सम्पूर्ण जनताको सामूहिक सम्पत्ति हो भन्ने नयाँ मान्यता पनि अघि सार्‍यो। राजनीतिक शक्ति र आर्थिक शक्तिबीचका साँठगाँठलाई अपवित्र, अनैतिक, अवैधानिक र जनविरोधी गतिविधि हो भन्ने मूल्य र मान्यता स्थापित हुँदै गए। फलस्वरूप, संसारमा प्रजातान्त्रिक शासन प्रणाली जति-जति लोकप्रिय र बलशाली हुँदै गयो, राजनीति र पैसाको कारोबारबीचको अपवित्र सम्बन्ध पनि त्यत्तिकै बदनाम र घृणित कर्म ठहरिँदै गयो।

दोस्रो विश्वयुद्धपछि संसार दुई धुरीमा बाँडियो। पूँजीवादी शासन प्रणाली र समाजवादी शासन प्रणाली अपनाइएका सबै देशले राजनीति र सम्पत्तिबीचको अपवित्र साँठगाँठलाई अपवित्र, अनैतिक र समाज विरोधी ठहर गरेर त्यसको विरोध गरे। तर दुवै राजनीतिक धुरीमा पैसा र राज्यसत्ताबीचको मैलो खेलचाहिँ यथावत रह्यो र रोकिनुको साटो फैलिँदै गयो। समयको अन्तरालसंगसंगै यो रोग दोस्रो विश्वयुद्धपछि साम्राज्यवादी शक्तिहरूको पञ्जाबाट मुक्त भएका एशिया, अफ्रिका र ल्याटिन अमेरिकाका नवस्वाधीन मुलुकहरूमा समेत फैलिँदै गयो। अहिलेको संसारमा अल्पविकसित वा गरीब भन्ने गरिएका देशहरूमा राज्यसत्ताको दुरूपयोग धन सम्पत्ति बटुल्नका लागि गर्ने तथा राज्यसत्ताको आडमा जघन्य अपराधहरू गर्ने मात्र होइन, आपराधिक प्रवृत्तिका व्यक्तिहरू राज्यसत्तामा पुगेर राज्यसत्तालाई आफ्नो स्वार्थअनुकूल दुरूपयोग गर्ने प्रवृत्तिहरूसमेत देखिएका छन्। फलस्वरूप, राजनीति र धनसम्पत्तिबीचको अपवित्र साँठगाँठ बढ्दै गएको छ र राजनीति स्वयं अपराध गर्नेहरूको लागि संरक्षण र सुरक्षास्थलसमेत भएको छ। लागू पदार्थको कारोबारमा संलग्न व्यक्तिहरू, अपराध गतिविधिबाट बच्न राजनीतिमा पसेका माफियाहरू र राजनीतिमा लागेर धन-सम्पत्ति जोहो गर्न खोज्ने व्यक्तिहरू आज प्रायः हरेक देशको राजनीतिको निर्णायक तहमा पुगेका छन् वा निर्णायक तहलाई प्रभावित पार्न सक्षम भएका छन्। राजनीति, आर्थिक नाफा-नोक्सानीको खेल जस्तो हुन पुगेको छ। नाफा-नोक्सानको यो खेलसंगै राजनीतिक सत्तामा अपराध प्रवृत्तिले जरो गाडेको छ भने प्रजातान्त्रिक शासन प्रणालीमा जनमतको लेखाजोखा गर्न प्रयोग गरिने मतदान प्रणालीका कमजोर पक्षहरूलाई अपराधीहरूले खुलेर दुरूपयोग गर्न थालेका छन्।

संसारको राजनीतिमा आमरूपमै प्रचलनमा आए पनि प्रजातान्त्रिक शासन प्रणालीका मूल्य, मान्यता र आदर्शविपरीत ठहर गरिएका यस्ता गलत क्रियाकलापहरू रातारात उत्पन्न भएका होइनन्। यी समस्याहरू समाजको राजनीतिक, आर्थिक विकास प्रक्रियाको लामो परम्परामा हुर्किएका र विकसित भएका हुन्। त्यसैले, राजनीतिमा अपराधीकरणको प्रसंगलाई अहिलेको सन्दर्भमा मात्र होइन, अपराधीकरणको प्रक्रियालाई संसारकै राजनीतिक, आर्थिक तथा सामाजिक इतिहासको अविच्छिन्न परम्परासंग जोडेर हेर्नुपर्दछ।

२. नेपालको राजनीतिमा अपराधीकरणको पृष्ठभूमि

नेपालको राजनीतिमा अपराधीकरणको शुरूवात् कहिले र कसरी भयो? यो प्रश्नको स्पष्ट उत्तर दिन निश्चित तिथिमिति र निश्चित घटनालाई अघि सार्न धेरै कठिनाइहरू छन्। पहिलो कठिनाइ नेपालको राजनीतिमा सत्ता संघर्ष, हत्या र हिंसा जस्ता घटनासंग जोडिएको अविच्छिन्न परम्परा छ। दोस्रो हत्या-हिंसा तथा आज अमानवीय अपराध जस्ता लाग्ने गतिविधिहरू पुरानो शासन प्रणालीको दण्डविधिका स्वाभाविक प्रक्रियाहरू थिए, र तेस्रो तथा सबैभन्दा महत्वपूर्ण विषय राजनीतिमा देखापरेका र उत्तराधिकारस्वरूप शासन प्रणालीसंग जोडिएर आएका हत्या, मारपीट, हिंसा जस्ता घटनाहरू नेपालको राजनीतिका अभिन्न अंग जस्तै भएकाले राजनीतिसंग जोडिएका कस्ता घटनालाई राजनीतिक अपराध

ठान्ने र कस्ता घटनालाई राजनीतिभन्दा पर्को विशुद्ध अपराध ठान्ने भन्ने कुरा ठम्याउन धेरै कठिनाइ छ।

त्यसैले नेपालको सन्दर्भमा राजनीतिमा अपराधीकरणको मूल मुद्दा के हो भन्ने विषयमा अझै पनि एक हदसम्म अन्यौल छ र यस विषयमा छलफल र वादविवाद हुनुपर्ने देखिन्छ। राजनीतिक व्यक्तिले सत्ता प्राप्त गर्न चालेका अपराधमूलक गतिविधि र अपराधीले आफ्नो अपराध लुकाउन वा अपराधबापत पाइने दण्डबाट बच्न राजनीतिक आवरण लिने प्रयास राजनीतिक अपराधीकरणका दुई पाटा हुन्। यी दुवै पाटालाई राजनीतिको अपराधीकरणबाट अलग्याउन गाह्रो पनि छ। राजनीतिक सत्ता प्राप्तिका लागि अपराधको सहारा र अपराधको ढाकछोपका निम्ति राजनीतिको सहारा दुवैलाई राजनीतिक अपराधीकरणको सन्दर्भसँग गाँस्ने हो भने नेपालको राजनीतिमा अपराधीकरणको लामो र सिलसिलाबद्ध शृंखला भेट्टाइन्छ।

राजनीतिक सत्ता प्राप्तिको दृष्टिले गरिएका अपराधहरूको सूची लामो भए पनि जंगबहादुरको राजनीतिक उदय नै आफ्नै मामा तथा तत्कालीन प्रधानमन्त्री माथवरसिंह थापाको हत्याबाट शुरु भयो। वि.सं. १९०२ सालको जेठमा माथवरसिंह थापाको हत्या गरेर शक्तिशाली भएका जंगबहादुर राणा वि.सं. १९०३ भदौ ३१ गते भएको कोतपर्वपछि नेपालको शक्तिशाली प्रधानमन्त्री भए। प्रधानमन्त्री पदमा पुगेर जंगबहादुरले अपनाएको प्रक्रिया र सत्ता संघर्षमा पराजित भएका भारदारहरूले जंगबहादुरलाई सत्ताच्युत गर्न गरेका षडयन्त्रहरूले राजनीतिमा आपराधिक क्रियाकलाप र गतिविधिहरू झन्-झन् बढ्दै गए। फलस्वरूप, जंगबहादुरको शासनकालमा पनि उनको हत्या गर्न अनेक षडयन्त्र भए र ती षडयन्त्रहरूलाई पराजित गर्न जंगबहादुरले शक्ति र सत्ताको मनलाग्दो प्रयोग गरे। जंगबहादुरको उदय संगसँगै शुरु भएको राजनीतिक अपराधको शृंखलालाई उनले शुरु गरेको वर्ग विभाजन प्रक्रियाले अझ बलियो बनाइदियो र राणा शासनको अन्त्यसम्म नै अपराध गतिविधिको यो प्रक्रिया कायम रह्यो। हत्या र हिंसाको सहारा लिएर सत्तामा पुगेका जंगबहादुर राणाले एकाधिकारवादी सत्ताको स्थापना संगसँगै राज्य संचालन प्रक्रियामा केही रीतिथिति पनि बाँधेका थिए। मुलुकी ऐनको व्यवस्था यसै कालमा गरिएको थियो र राज्यकोषको रूपमा "कौसी" स्थापना गरेर त्यसमा ११ करोड रुपैयाँ पनि जम्मा गरिएको थियो। जंगबहादुरले खडा गरेको यो राज्यकोषलाई जंगबहादुरपछि प्रधानमन्त्री भएका राणाहरुले जथाभावी दुरूपयोग गरे। राणा शासनताका लामो समयसम्म प्रधानमन्त्री भएका चन्द्रशमशेरले सिंहदरबार बेचेको कागज खडा गरेर दुई करोड रूपैयाँ "कौसी" बाट निकाले भने चन्द्रशमशेरले नै भोटसंगको युद्धमा लडाई गर्न भनेर निकालेको "कौसी" को २ करोड ५० लाख रूपैयाँ प्रधानमन्त्री भीमशमशेरले दुरूपयोग गरे भनेर राणाहरूको इतिवृत्ति संगालिएको पुस्तक श्री ३ हरुको वृत्तान्तका लेखक पुरूषोत्तमशमशेर जबराले लेखेका छन्। वि. सं. १९९० सालको भुइँचालोमा स्वदेश र विदेशबाट करोडौं चन्दा संकलन गरेर ऋण वितरण गरेको रकमको ठूलो हिस्सा र कौसीबाट निकालेको १ करोड ५० लाख रूपैयाँ तत्कालीन प्रधानमन्त्री जुद्धशमशेरले आफ्नो सम्पत्ति बनाए।

उल्लेखित घटनाहरू र त्यसबेलाका प्रधानमन्त्री तथा राणा परिवारका सदस्यहरूले गर्ने मनपरितन्त्र, राज्यसत्ताको दुरुपयोग र राज्यको सम्पत्तिमा गरेको लूट हेर्दा स्पष्टै छ- नेपाल राज्य त्यस बेलासम्म शासकहरूको बिर्ता जस्तो मात्रै थियो। हिंसा, हत्या, षड्यन्त्र, राज्यशक्ति र सम्पत्तिको दुरुपयोग, राजतन्त्र र सामन्ती शासन प्रणालीका अभिन्न अंगहरू हुन्। नेपालमा २००७ सालसम्म शासन संचालनको प्रक्रिया र विधि सामन्ती ढाँचा-दर्राको थियो। त्यसैले नेपालको राजनीतिमा अपराध प्रवृत्तिको बोलवाला थियो।

००७ सालमा प्रजातन्त्रको स्थापना भए पनि शासन संचालनको प्रक्रियामा समाहित भएका सामन्ती शासन प्रणालीका यस्ता मूल्य र मान्यताहरू फेरिएका थिएनन्। उपरी सतहमा आएको राजनीतिक सत्ताको परिवर्तनले समाजको आर्थिक र सामाजिक ढाँचालाई फेर्न चासो र रुचि देखाएन। फलस्वरूप, प्रजातन्त्र स्थापना भए पनि सत्तामा पुगेपछि सम्पत्ति संचय गर्ने, राज्यशक्तिको दुरुपयोग गर्ने तथा सम्पत्ति र सत्ताका लागि मरिमेट्ने प्रवृत्ति कायमै रह्यो र यो प्रवृत्तिले राजनीतिक अपराधीकरणलाई नै मलजल प्रदान गर्‍यो।

०१७ सालमा प्रजातान्त्रिक शासन प्रणाली हटाएर पञ्चायती व्यवस्था लादिएपछि राज्य व्यवस्था फेरि निरंकुश र एकाधिकारवादी शैलीमा संचालन हुन थाल्यो। निर्दलीय व्यवस्थालाई प्रजातान्त्रिक आवरण दिनका लागि देखाउनकै लागिमात्र भए पनि निर्वाचन विधिका प्रक्रियाहरू पनि अपनाइए। तर विचार र संगठन स्वतन्त्रतालाई बन्देज गरिएकोले राज्यसत्ताले जे गर्दा पनि त्यसको विरोध गर्ने, आलोचना गर्ने वातावरण भएन। साथसाथै राज्यले जनताप्रति उत्तरदायी, पारदर्शी र जिम्मेवार हुनुपर्ने अवस्था र बाध्यता पनि बाँकी रहेन। फलस्वरूप, प्रजातान्त्रिक शासन प्रणालीका पक्षधर व्यक्ति र प्रजातान्त्रिक गतिविधिलाई दबाउन राज्यसत्ताको दुरूपयोग त गरियो नै, राज्यसत्ताको आडमा आर्थिक अपराधहरू पनि हुन थाले। पञ्चायती शासनको स्थापना भएको १ दशक बित्दा-नबित्दै पञ्चायती शासन प्रणालीभित्र व्यवस्थित रूपले राजनीतिक गुण्डागर्दी र अपराध गर्ने प्रवृत्ति बढ्यो।

पञ्चायती शासन प्रणालीलाई राम्रो पार्ने भनेर "पोलिटव्यूरो" का रुपमा स्थापित गरिएको पञ्चायत नीति तथा जाँचबुझ समिति, पञ्चायतका वर्गीय संगठनहरू र राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डल जस्ता संस्थाहरू राजनीतिका नाममा अराजनीतिक क्रियाकलाप संचालनका स्रोतकेन्द्र बन्दै गए। वि. सं. ०३० को हाराहारीमा स्थापना गरिएको खेलकूद परिषद्ले नेपालका खेलाडीहरूलाई समेत पंचायती व्यवस्थाको गुणगान र संरक्षणका निम्ति राजनीतिक रुपले दुरूपयोग गर्न थाल्यो। अझ ०३६ सालमा जनमत संग्रहको घोषणा भएपछि

त सत्तापक्षीय राजनीतिको संरक्षणमा खुल्लमखुल्ला आर्थिक अपराधहरू हुन थाले। सुधारिएको पंचायतलाई जिताउन र बहुदललाई हराउन तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाले जंगल माफियाहरूलाई राजनीतिक संरक्षण दिए। त्यसबेलासम्म "हरियो वन नेपालको धन" भन्ने गरिएको पूर्व-पश्चिम नेपालको चारकोसे झाडी फाँडिएर रातारात भारत पुग्न थाल्यो। यस अवधिमा सुधारिएको पंचायतलाई जिताउन र बहुदललाई हराउन व्यापक रूपले जंगल फाँडेर राष्ट्रिय सम्पत्तिको व्यापकरूपले दुरुपयोग भयो। ०३६ को जनमत संग्रहपछि पंचायती व्यवस्थाभित्रको अन्तरकलह झन्‌झन् बढ्यो। यस अन्तर्कलहमा राजदरबार र दरबारिया शक्तिकेन्द्रहरूबाट संचालित मानिसहरू र तथाकथित उदार पंचहरू बीच हात मिसामिस र मोसो दलाउने जस्ता कार्यहरू समेत हुने गरेका थिए। पंचायती शासनकालमा जनमत संग्रह गराएर पंचायतलाई जिताउने सूर्यबहादुर थापालाई कञ्चनपुर जिल्लामा ०४१ सालताका मोसो दलियो. जसलाई झलारी काण्ड भन्ने गरिएको छ। त्यसको केही महिनापछि पत्रकार पदम ठकुराठीलाई गोली हानेर मार्ने प्रयास गरिएको थियो। पत्रकार पदम ठकुराठीलाई मार्न अपराधीहरूलाई तत्कालीन राजनीतिक सत्ताका सहभागीहरूले उक्साएका थिए भन्ने कुरा धेरैलाई थाहा भैसकेको छ। सो अपराधमा संलग्न भएका र अदालतबाट दण्डित भएका व्यक्तिहरू पनि राजनीतिक छहारी पाएर छोटो अवधिमै कारागार मुक्त भए। राजालाई र दरबारिया शक्तिकेन्द्रलाई खुशी पारेपछि सात खुन माफ हुने राजनीतिक शासन प्रणालीमा राजनीति र अपराध बीचको लक्ष्मणरेखासमेत हराउँदै जानथाल्यो। फलस्वरूप, व्यापार, भन्सार, उद्योग जस्ता आर्थिक क्षेत्रमा सीमित सामान्य खालका आपराधिक गतिविधिहरू राजनीतिक प्रणाली र राज्य संचालन प्रक्रियाका निर्णय गर्ने ठाउँहरूमा समेत प्रभावशाली हुन थाले। यसरी समयको अन्तरालमा नेपालको राजनीतिमा आपराधिक क्रियाकलापहरू निर्णायक र महत्वपूर्ण हुन थाले। पंचायतलाई प्रजातान्त्रिक व्यवस्था भन्ने गरिए पनि राज्य संचालन तथा नीति निर्माण गर्ने प्रक्रियामा सामन्ती प्रवृत्ति तथा मूल्य, मान्यता प्रभावशाली र शक्तिशाली हुँदै गयो। यी सबै कुराहरूले समाजलाई अपराधतर्फ उन्मुख गर्‍यो र अपराधीलाई लुकाउन र संरक्षण दिन राजनीतिमा राम्रो र सुरक्षित वातावरण प्राप्त भयो। राजनीति गर्नेहरूलाई अपराधीहरूको प्रयोग र दुरुपयोग गर्न कुनै रोकतोक भएन। फलस्वरूप राजनीति र अपराध एउटा सिक्काका दुइटा पाटा जस्ता भएर हुर्किन र मौलाउन थाले।

३. विश्वव्यापी समस्या र बाहिरको प्रभाव

प्रजातान्त्रिक शासन प्रणालीमा राजनीतिक दलहरूको गठन, संचालन, व्यवस्थापन, कार्यकर्ताको भरणपोषण तथा चुनावमा पार्टीलाई विजय दिलाउने क्रममा सम्पत्ति वा पैसाको भूमिका सर्वाधिक महत्वपूर्ण हुने गरेको छ। राजनीतिक सफलताको निम्ति सम्पत्ति अत्यन्त महत्वको वस्तु हो भन्ने कुरा हरेक पार्टी, नेता तथा व्यक्तिहरूले पनि बुझेका छन्। पार्टीहरूको संचालन तथा चुनावका बखत चाहिने सम्पत्ति स्वेच्छिक चन्दा र स्वेच्छिक सहायताबाट मात्र बटुल्न सकिदैन। राजनीतिक दलहरूले गर्ने खर्च चन्दा र सहायताबाट प्राप्त हुने सहयोगभन्दा कति हो कति धेरै हुन्छ। पार्टीहरू संचालन गर्न चाहिने धन संकलन गर्न राजनीतिक दल र त्यसका नेताहरूले अनेक स्रोतहरूको उपयोग गर्दछन्- जसको ठूलो मात्रा अपवित्र र अनैतिक स्रोतबाट प्राप्त हुन्छ।

राज्यद्वारा खरीद हुने सामग्री, राज्यले दिने ठेक्का, सुविधा, लाइसेन्स, सामानहरूको दरभाउ तथा सरकारले लिने यस्ता निर्णयहरूबाट प्राप्त हुने परोक्ष कमिशन र सहायता रकम आदिमा प्राप्त हुने सम्पत्तिबाहेक खासखास राजनीतिक दल तथा सार्वजनिक व्यक्तित्वहरूले विभिन्न बहुराष्ट्रिय कम्पनीहरूबाट घूस लिने गर्दछन्। गुप्तचर एजेन्सीहरूबाट समेत कतिपय राजनीतिक दलहरूले आर्थिक सहायता लिन्छन् भन्ने तथ्य पनि अब कसैबाट छिपेको छैन।

राजनीतिकरूपले प्रजातान्त्रिक प्रणालीलाई टिकाउने बलियो आधारशीला भनेको उद्योग र कलकारखानाहरूको विकास र विस्तार नै थियो। दोस्रो विश्वयुद्धपछाडि औद्योगिक विकासको प्रक्रिया तीव्र भयो। यस अवधिमा औद्योगिक विकासलाई गति दिने सिलसिलामा जन्मेका ठूलठूला औद्योगिक र व्यापारिक कम्पनीहरूको विस्तार भयो। उत्पादन धेरै हुन थाल्यो र उत्पादन बिक्री गर्न उद्योग र कम्पनीहरूबीच प्रतिस्पर्धाको वातावरण सृजना भयो। दोस्रो विश्वयुद्धपछि विकसित भएका औद्योगिक र व्यापारिक कम्पनीहरूले आफ्नो व्यापार क्षेत्रको विस्तार त गरे नै, आफ्नो उत्पादन बेच्नका लागि अपनाइआएको प्रक्रियालाई पनि फेर्न थाले। उत्पादन बढ्न थालेपछि प्रतिस्पर्धा र समयलाई समेत पैसासंग तुलना गर्न थालियो। सरकारी अड्डाहरूमा समयमा काम नहुँदा लाखौं रुपैयाँ नोक्सान हुने स्थितिबाट मुक्ति पाउने सिलसिलामा समयमा काम गराउन आर्थिक प्रलोभन दिने तथा घूस खुवाउने परिपाटी पनि व्यवस्थित हुँदै जान थाल्यो। बहुराष्ट्रिय कम्पनीहरूले साना तथा गरीब मुलुकलाई अत्यावश्यक पर्ने सामानहरू उत्पादन गर्न र बेच्न थालेपछि अपवित्र लेनदेन सरकारी निकायहरूमा समेत सहजरूपले प्रवेश गर्‍यो। कतिपय सामानका खरीदकर्ताहरू स्वयं सरकारी निकायहरू भएपछि यस्तो घूस सरकारी उच्च पदाधिकारी र महत्वपूर्ण पदमा बसेका राजनीतिक व्यक्तिहरूसमेतको कमाई खाने बाटो भयो। फलस्वरूप, घूसखोरी राज्ययन्त्रभित्र भित्रिन थाल्यो। पार्टीका नीति नियमहरू घूस र अनैतिक कमाईबाट प्रभावित हुन थाले। अमेरिका र इङ्लैण्ड होस् वा भारत र फिलिपिन्स हुन्, आज संसारका सबै देश र सबै राजनीतिक पार्टीहरू यस्तो अनैतिक कमाइको खुलेर प्रयोग गर्दछन्। यस्तो अपवित्र र अनैतिक धन्दामा अमेरिकी राष्ट्रपतिदेखि लिएर भारतका प्रधानमन्त्रीसम्म संलग्न भएका तथ्यहरू बेलाबेलामा सार्वजनिक पनि भैसकेका छन्। देशअनुसार नाम फरक भए पनि सबै ठाउँमा अपवित्र र अनैतिक स्रोतबाट आएको सम्पत्ति उत्तिकै चलन चल्तीमा छ।

अमेरिकामा यस्तो सम्पत्तिलाई "कालो धन" भनिन्छ र कालो धन जम्मा गर्नका लागि कालो खाता प्रयोग गरिन्छ। कालो खातामा राखिएको सम्पत्तिको हिसाब-किताब हुँदैन। यो केवल घूस दिन र दिलाउनका लागि मात्र प्रयोग हुन्छ। यसरी कालो खाताबाट चुक्ता गरिने रकमको भुक्तानी रसिद लिइँदैन र कसलाई रकम दिइएको हो भन्ने कुरा कुनै बही वा खातामा पनि लेखिँदैन।

बहुराष्ट्रिय कम्पनीहरूले दश लाख डलरभन्दा बढी रकमको घूस स्वीस बैंकको खातामा जम्मा गर्दछन्। यस्तो रकमको खाता खोल्ने काम बहुराष्ट्रिय कम्पनीहरू स्वयंले गरिदिन्छन्। यस्ता खातामा राखिएको रकमको कारोबार खातावालाको दस्तखतबाट होइन, गुप्त संख्या लेखिएको टोकनबाट हुन्छ। खाताको रकम र खातावालाको नाम कसैलाई थाहा हुँदैन। त्यसैले, सम्पत्ति लुकाउने यस्तो प्रक्रियालाई अनाम र गुप्त खातामा राखेको धन पनि भन्ने गरिएको छ। यस्तो धन निकाल्न जाने व्यक्तिलाई स्वीस बैंकहरूले आफूले दिएका टोकन हेरेर टोकनको आधारमा भुक्तानी गर्दछन्। संसारमा व्यापारको कारोबार बढ्दै जाँदा घूस लिने र दिने प्रचलन आम हुँदै गएको छ, तर आम मानिसका दृष्टिमा यस्ता क्रियाकलापहरू कहिल्यै पनि क्षम्य र नैतिक हुनसकेका छैनन्। त्यसैले जापानमा राजनीतिक नेताहरू र सरकारी कर्मचारीले गर्ने भ्रष्टाचार र घूसखोरीलाई "ओशोके" अर्थात् जघन्य कर्म भनिन्छ। चिनियाँहरूले यस्ता क्रियाकलापलाई "तान वू" अथवा घृणित पाप भन्दछन्। इटलीमा घूस दिने प्रक्रियालाई "बुस्तारेले" अथवा नोटका बिटाले भरिएको खाम भनिन्छ भने थाइलैण्डबासीहरू भ्रष्टाचारलाई "जिन् मुओंग" भन्दछन्। जीन मुओंगको अर्थ "राष्ट्रलाई चुस्नेहरू" भन्ने हुन्छ। सामान्य काम लिनेदेखि आफ्नो देशको उत्पादन बेच्नसम्म प्रयोग गरिने यस्तो घुसलाई जेसुकै नाम दिइयोस्- अनैतिक तरिकाले कमाएको सम्पत्ति र राज्यसत्ताको दुरूपयोग गरेर पाएको कमाई राजनीति संचालन प्रक्रियामा मिसिएपछि यसले प्रजातान्त्रिक शासन प्रणालीका मूल्य र मान्यताहरूमा गम्भीर धक्का लगाएको छ। राजनीतिमा अपराध प्रवृत्ति जन्माएको र हुर्काएको छ।

अमेरिकाका राष्ट्रपति रिचार्ड निक्सन, जापानका प्रधानमन्त्री काकुई तनाका, दक्षिण कोरियाका राष्ट्रपति चुन दुह्वान, रूसी राष्ट्रपति ब्रेजनेभका ज्वाइँ यूरी चर्बानोभ, युनानका भूतपूर्व प्रधानमन्त्री ओदियास पपान्द्रियो, फिलिपिन्सका भूतपूर्व राष्ट्रपति फर्डिनान्ड मार्कोस र मार्कोसकी पत्नी इमेल्डा मार्कोस जस्ता संसारका चर्चित राजनेताहरू सत्ताको दुरूपयोग गरेर सम्पत्ति कमाउने वा सत्तालाई अपराध संरक्षण गर्ने गतिविधिमा संलग्न गराएका कारणले बदनाम छन्। हाम्रै छिमेकी देश भारतमा भएको बोफोर्स काण्डको दलाली रकमसम्बन्धी वर्षौं लामो विवाद, सांसद खरीद काण्डमा भूतपूर्व प्रधानमन्त्री पीभी नरसिंह रावको संलग्नता तथा अनेकौं हत्या र तस्करीका मामिलामा भारत र नेपालका राजनेताहरूको संलग्नता जस्ता तथ्यहरू पटकपटक प्रकाशनमा आएका छन्।

४. दक्षिण एशिया, भारत र नेपाल

दोस्रो विश्वयुद्धपछि ब्रिटिश साम्राज्यवादी शासनबाट मुक्त भएको दक्षिण एशियाको सबैभन्दा ठूलो र शक्ति सम्पन्न राष्ट्र भारत संसारको सबैभन्दा ठूलो लोकतान्त्रिक शासन प्रणाली भएको मुलुकका रूपमा जति चर्चित छ, राजनीतिक भ्रष्टाचार, भ्रष्टाचारमा लिप्त राजनेताहरू तथा अपराधी तत्व र राजनीतिक नेता तथा कार्यकर्ताहरूबीचको साँठगाँठका कारण संसारभरि नै त्यतिकै बदनाम पनि छ। त्यसो त दक्षिण एशिया हिजोआज संसारभरि नै घूसखोरी, भ्रष्टाचार र लालची राजनेताहरूको कारण बदनाम नै छ। पाकिस्तानमा प्रजातान्त्रिक शासन प्रणालीको स्थापनाका लागि वर्षौं जेलनेल खपेको भुट्टो परिवारकी भूतपूर्व प्रधानमन्त्री बेनजीर भुट्टो सत्तामा पुगेपछि उनको परिवारकै सदस्यहरूले स्वीस बैंकमा पैसा लुकाए भन्ने विवादमा फसेकी थिइन्। बेनजिरको सम्पत्तिको विवाद पाकिस्तानी राजनीतिमा अहिले पनि विवादको ठूलो विषय भएको छ र यसको छानबिन हुँदैछ। बेनजिरका पति आसिफ अली जर्दारीमाथि अनेकौं अपराधका मुद्दा चल्दैछन्। भूटान, श्रीलंका र बंगलादेश मात्र होइन, स-साना टापुहरूको देश माल्दिभ्समा पनि सत्तामा पुग्न भारतीय अपराधी तत्वहरूको सहयोग स्थानीय राजनीतिक शक्तिहरूले लिने गरेको कुरा स्वयं भारतीय समाचारपत्र र पत्रिकाहरूले नियमित जस्तो लेख्ने गरेका छन्।

दक्षिण एशियामा राजनीतिले अपराधलाई संरक्षण दिने प्रवृत्ति आम भए पनि यस मामिलामा सर्वाधिक बदनाम देश भारत नै हो। राजनेताहरू, तस्कर र माफियाहरू तथा अपराध गिरोहहरूबीचको अन्तर्सम्बन्ध भारतमा अत्यन्त बलियो छ भन्ने कुरा २-३ वर्षयताका घटनाहरूले स्पष्ट देखाएका छन्। स्व. राजीव गान्धी प्रधानमन्त्री भएको बेला मुलुकमा चर्चित भएको बोफोर्स काण्ड र सो काण्डमा संलग्न राजनेताहरूका विषयमा शुरू भएको छानबिन अझै पनि विवादास्पद प्रक्रियाबाट गुज्रिँदैछ। तमिलनाडूकी मुख्यमन्त्री जयललिताको घरमा भेटिएको अकूत सम्पत्ति, पीभी नरसिंह रावले प्रधानमन्त्री छँदा झारखण्ड मुक्ति मोर्चाका नेताहरूलाई आफ्नो पक्षमा मिलाउन प्रयोग गरेको धनराशि, प्रधानमन्त्री रावकै पालामा हुर्किएको भाइभतिजावाद, उनकै पालामा संचारमन्त्री सुखरामका घरमा फेला परेको करोडौंको सम्पत्ति, बिहारका मुख्यमन्त्री लालुप्रसाद यादवको संलग्नतामा भएको चौपाया आहार काण्ड जस्ता विषयहरू अहिले पनि भारतका अदालतहरूमा राजनेताहरूमाथि चलिराखेका चर्चित मुद्दाहरू हुन्।

पाँच महिनाअगाडि मात्रै भारतमा गरिएको एउटा सर्वेक्षणले देखाएको तथ्य हेर्दा के देखिन्छ भने नेपालसंग सिमाना जोडिएका बिहार र उत्तर प्रदेश भारतका सबैभन्दा भ्रष्ट राज्यहरू हुन्। नेपालको दक्षिण सिमाना जोडिएका यी

दुई राज्यपछाडि भारतको तेस्रो भ्रष्ट राज्य दिल्ली हो- जुन शहरको सोझो कारोबार नेपालको राजधानीसित पनि जोडिएको छ। त्यसै सर्वेक्षणले देखाएको अर्को तथ्य के हो भने बिहारका मुख्यमन्त्री लालुप्रसाद यादव र भूतपूर्व प्रधानमन्त्री पीभी नरसिंह राव भारतका सर्वाधिक भ्रष्ट राजनेताहरू हुन्। हाम्रो देशको दुर्भाग्यचाहिं के हो भने भारतका सबैभन्दा भ्रष्टाचारी कहलिएका राज्यहरू हाम्रो सिमानामा पर्दछन् र हाम्रो देशका राजनीतिज्ञहरू भारतका भ्रष्ट ठहरिएका नेताहरूबाट सबैभन्दा धेरै प्रभावित हुने गरेका वा देखिने गरेका छन्। यस्ता नेताहरूसित नेपालका नेताहरूको नियमित सम्पर्क र आपसी सहयोग छ भन्ने कुरा यिनीहरूका आपसी भेटघाटका खबरहरूले पुष्टि गर्दछन्।

भारतको बिहार र उत्तर प्रदेशको राजनीतिमा अपराधी गिरोहका नाइकेहरू र अपराध गतिविधिमा संलग्न मानिसहरूको बिगबिगी पनि अरू राज्यहरूमा भन्दा कता हो कता बढी छ। भारतीय पत्रपत्रिकाहरूमा प्रकाशित तथ्यहरूलाई आधार मान्ने हो भने उत्तर प्रदेश राज्यको विधानसभामा रहेका ४ सय २४ विधानसभाका सदस्यमध्ये १ सय ३२ जना सदस्यहरू हत्या, अपहरण, डकैती जस्ता गम्भीर अपराधमा सामेल भएका व्यक्तिहरू छन्। उत्तर प्रदेश राज्यको कल्याणसिंह मन्त्रिमण्डलमा सामेल भएका १६ जना मन्त्रीहरू पूर्णरूपले आपराधिक पृष्ठभूमि भएका छन् भनेर भारतीय पत्र-पत्रिकाहरूले पटकपटक लेखेका छन्। कुनैकुनै मन्त्रीलाई त १६-१७ वटासम्म हत्या, अपहरण र डकैतीको मुद्दा लागेको थियो। बिहार राज्यको विधानसभा पनि उत्तर प्रदेशको विधानसभाभन्दा भिन्न छैन। बिहारको विधानसभामा भएका कमसेकम १ सय विधायकहरू आपराधिक पृष्ठभूमिबाट पटनाको राजनीतिलाई प्रभावित पार्ने हैसियतमा पुगेका छन्। यसरी बिहार र उत्तर प्रदेशको विधानसभामा पुगेका व्यक्तिहरूमा ती मानिसहरूको पनि उल्लेख गर्ने गरिएको छ- जो नेपाल र भारत सिमाना नजिकका क्षेत्रबाट चुनिएका छन्। उत्तर प्रदेशको गोरखपुरबाट लखनउ र बिहारको पूर्णिया क्षेत्रबाट पटना पुगेका यी विधायकहरू नेपाल-भारत सिमानामा गाडी, काठ र विद्युतीय सामग्रीको तस्करीमा संलग्न छन् भन्ने कुरा पनि पटकपटक सार्वजनिक भइसकेको छ। भारतको केन्द्र सरकार तथा लोकसभामा पनि अपराधमा संलग्न व्यक्तिहरूको पहुँच र सहभागिता छ भन्ने तथ्यलाई भारतीय पत्रपत्रिकाहरूले नौलो ठान्न छोडेका छन्। उत्तर प्रदेश वा लोकसभामा पुगेका र मन्त्री भइसकेका मुलायमसिंह यादवलाई हत्या, अपहरण र अपराधीहरूलाई संरक्षण गरेका झण्डै ३० वटा मुद्दा लागेका थिए भने अनेकौं हत्याकाण्ड र डकैती काण्डहरूमा संलग्न भइसकेकी फुलनदेवी आफ्नो अपराधवापत सजाय भोग्नुपर्छ भनेरै राजनीतिमा संलग्न भएकी थिइन्।

नेपाल र भारतबीच राजनीतिकरूपले अत्यन्त लामो समयदेखिको सम्बन्ध छ र यी दुवै देशका सीमा खुला छन्। खुला सिमानाको कारण नेपाल र भारतबीच हरेक वर्ग र हरेक तहका मानिसबीच आ-आफ्नै खालको सम्बन्ध छ। राजनीतिक सम्बन्धका दृष्टिले हेर्ने हो भने भारत-नेपालका राजनेताहरूको शिक्षा-दीक्षा प्राप्त हुने ठाउँ हो। नेपालका राजनीतिक आन्दोलनहरूमा भारतीय भूमिको प्रयोग गर्ने र भारतीय राजनीतिज्ञहरूको सल्लाह, समर्थन र सहयोग लिने काम इतिहासदेखि नै हुँदै आएको छ। त्यसैले भारतको राजनीतिमा देखा पर्ने हरेक उतार-चढावहरूबाट नेपालको राजनीति पनि मुक्त छैन र हुन पनि सक्दैन। भारतको राजनीतिमा भ्रष्ट र अपराधी मनोवृत्तिको पकड देखिनासाथ नेपालमा त्यस्तो प्रवृति देखिन थाल्छ। अझ सीमा क्षेत्रमा हुने गुण्डागर्दी, हत्या र अपहरण जस्ता अपराधहरूको प्रभाव दुवै देशको राजनीतिमा तत्काल पर्दछ। अपराधीहरूको पहुँच राजनीतिमा छ र राजनीतिज्ञहरू अपराध कर्ममा संलग्न भएपछि त्यसको असर झन धेरै मात्रामा पर्दछ।

औद्योगिक विकास र संचार प्रविधिमा आएको अकल्पनीय परिवर्तन, बहुराष्ट्रिय कम्पनीहरूको बढ्दो कारोबार, त्यो कारोबारसंग जोडिएर आउने प्रत्यक्ष-अप्रत्यक्ष लाभ, चुनावमा अकुत सम्पत्तिको प्रयोग र सम्पत्तिको प्रयोगबाट चुनावलाई प्रभावित पार्ने गिरोहहरूको संलग्नता र हस्तक्षेप, भारतको राजनीतिमा देखापरेका भ्रष्टाचारी र अपराधी तत्वहरूको निर्णायक भूमिका र त्यसको देखासिकी तथा नेपालको शासन प्रणाली तथा सामाजिक संरचनामा विद्यमान सामन्ती मूल्य, मान्यता र पकड आदि अनेकौं तत्वहरू नै त्यस्ता महत्वपूर्ण कारणहरू हुन्- जसले नेपालको राजनीतिमा अपराधी मनोवृत्ति र क्रियाकलापलाई बढाउन प्रत्यक्ष र परोक्षरूपले सघाउ पुर्‍याएका छन्।

५. प्रजातन्त्रकालको राजनीतिमा अपराध

राणा शासनकालमा नेपालको राजनीतिमा एकाधिकार र राज्यको सम्पत्तिमाथि राणाहरूको ब्रह्मलूट कायम थियो। ००७ सालमा नेपालमा प्रजातन्त्रको स्थापना भयो। प्रजातन्त्रको स्थापना भएपछाडिका आठ वर्ष (००७ देखि ०१५ साल) सम्म नेपालमा अन्तरिम शासन विधान भए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको थिएन। संविधानको अभावमा यस अवधिमा शासन प्रणालीलाई पूर्ण पारदर्शी र जनउत्तरदायी बनाउने बाध्यता थिएन। ०१५ सालमा संविधान बन्यो र सो संविधानअनुसार निर्वाचन भयो। निर्वाचनमा बहुमत प्राप्त नेपाली कांग्रेस पार्टीको सरकार पनि बन्यो, तर सरकारले राम्रोसंग काम गर्न नपाउँदै प्रजातान्त्रिक शासन प्रणालीको अन्त्य पनि भयो र राजनीतिक सत्ता फेरि एकाधिकारवादी र निरंकुश तरिकाले नै संचालन हुनथाल्यो।

वि. सं. ००७ सालदेखि ०१७ सालसम्मको यस अवधिमा राजनीतिक पार्टी र त्यसका नेताहरूले अपराधी तत्वसंग के कस्ता साँठगाँठ गरे भन्ने कुरा स्पष्टसंग केलाउन पर्याप्त आधारहरू भेटिंदैनन्। यसको एउटा कारण प्रजातन्त्र भर्खर-भर्खरै स्थापना भएकोले त्यसलाई प्रजातन्त्रका आदर्श, मूल्य र मान्यताले धेरै हदसम्म प्रभावित पारेको हुन सक्छ वा

राजनीतिलाई अपराध प्रवृत्तिले गाँजी नसकेकोले पनि त्यस्तो भएको हुनसक्छ। तर ०१७ सालमा पंचायती व्यवस्था लागू गरिएपछि भने राजनीतिमा अपराध प्रवृत्ति मौलाएको प्रष्ट देख्न सकिन्छ। खासगरी ०३० सालको हाराहारीपछि जोडतोडले सत्ताको केन्द्रीयकरण हुन थाल्यो र सत्ताको केन्द्रीयकरणमा अपराध प्रवृत्तिले खेल्ने, हुर्किने, मौलाउने पर्याप्त अवसरहरू पायो। ०४६ सालको जनआन्दोलनसम्म पुग्दा यस व्यवस्थाभित्र अपराध मनोवृत्ति निकै बलियो भइसकेको थियो। व्यवस्थालाई जोगाउने नाममा फौजदारी अपराधलाई सामान्य सम्झने प्रवृत्तिको बोलवाला बढ्दै गयो। सत्ताको आडमा अपराधीले संरक्षण पाउन थाले। फलस्वरूप, पंचायतभित्रकै त्यतिबेलाका "उदारवादी" र "अनुदारवादी" पंचगुटहरू अपराधीलाई उचालेर एक अर्काको मानमर्दन गर्दथे। त्यस्ता अपराधी तत्वलाई राजनीतिक कार्यकर्ताहरूको हत्या गर्न समेत उकासिन्थ्यो।

वि. सं. ०४६ सालमा जनआन्दोलन भएर प्रजातन्त्रको पुनर्स्थापना भएपछि पंचायतको पतन संगसंगै राजनीतिक रूपले अपराधी र अपराधको ढाकछोपका लागि राजनीतिमा क्रियाशील भएका शक्तिहरू कमजोर भए। जनआन्दोलनको धङधडी बाँकी छँदै ०४८ साल वैशाखमा गरिएको आम-निर्वाचनमा पंचायती शासनकालका हर्ताकर्ताहरू तथा पंचायती शासनले हुर्काएका र बढाएका अपराधी तत्वहरू संगठितरूपले पंचायती शासनमा जस्तै क्रियाशील हुने अवस्था थिएन। यति हुँदाहुँदै पनि त्यसबेला नेपालको राजनीतिभित्र अपराधी तत्वहरू र अपराध प्रवृत्ति क्रियाशील थिएन भन्नचाहिँ सकिँदैन। अपराधी प्रवृत्ति जनदवावका कारणले यस अवधिमा निकै कमजोर अवस्थामा थियो।

वि. सं ०४७ सालमा पंचायती शासनको विघटन भएर अन्तरिम सरकार बनेपछि जनआन्दोलनमा सामेल भएका नेपाली कांग्रेस पार्टी र वामपन्थी राजनीतिक दलहरूबीच शक्ति संचय गर्ने होड पनि शुरू भयो। शक्ति संचय गर्ने यस होडबाजीमा नेपाली कांग्रेस पार्टीले पंचायती शासनकालमा सत्ताको आडमा हुर्किएका गुण्डाहरू र राजनीतिक अपराधीहरूलाई रातो गलैंचा ओछ्याएर स्वागत गर्‍यो। फलस्वरूप, पंचायती शासनले पालेका गुण्डा र अपराधी प्रवृत्तिका राजनीतिक कार्यकर्ताहरूको ठूलो समूह "प्रजातन्त्रवादी" पार्टीको छहारीमा पसे। यस्तै प्रवृत्तिका केही व्यक्तिहरूलाई वामपन्थी राजनीतिक दलहरूले पनि रातो झण्डामुनि स्वागत गरे। अन्तरिम सरकार बनेपछि नेपाली कांग्रेस र तत्कालीन नेकपा (माले) पार्टीका कार्यकर्ताहरूवीच ठाउँठाउँमा कुटपीट र हिंसात्मक भिडन्तहरू भए। यसरी दुई पार्टीबीच भएका भिडन्त र झगडाले ठाउँठाउँमा उग्ररूप लिएपछि झगडा मिलाउन वामपन्थी नेता सीपी मैनाली र प्रजातन्त्रवादी नेता दमन ढुंगानाको कार्यदलसमेत बनाइएको थियो। यस अवधिमा राजनीतिक पार्टीबीच भएका छिटफुट भिडन्त र झगडामा पेशेवर अपराधीहरूको संलग्नता थियो कि थिएन भनेर किटान गर्न गाह्रो छ। तर २०४८ सालको आमनिर्वाचनमा नेपालको पूर्वी र मध्यतराईका केही ठाउँमा चाहिं पत्याउनै नसकिने खालका अपराधी गतिविधिहरू देखापरे र त्यस्ता गतिविधिहरूमा पेशेवर अपराधीहरूको संलग्नता स्पष्ट देखियो। यसरी निर्वाचनलाई प्रभावित पार्न अपराधी तत्वको प्रयोग पंचायती शासनकालका उत्तराधिकारी राप्रपाका नेताहरूले मात्र होइन, प्रजातन्त्रको पुनर्स्थापनाका लागि लडेको नेपाली र नेकपा (एमाले) कांग्रेस पार्टीले समेत गरेको देखियो।

वि. सं. ०४८ सालको आमनिर्वाचन जित्नका लागि मोरङ जिल्लाको क्षेत्र नं. १ र रूपन्देही तथा कपिलवस्तु जिल्लाका निर्वाचन क्षेत्रहरूमा भारतीय अपराधीहरूलाई प्रतिष्ठित राजनीतिक दलहरूले समेत प्रयोग गरे। नेपाल सद्भावना पार्टीका उम्मेदवार मिर्जा दिलसाद बेगलाई जिताउन भारतको उत्तर प्रदेशबाट झिकाइएका पेशेवर अपराधीहरू सक्रिय भएका थिए। मोरङमा नेपाली कांग्रेसका महामन्त्री गिरिजाप्रसाद कोइरालालाई जिताउन नेपाल-भारत सीमामा तस्करी लिप्त अपराधीहरू संलग्न गराइएपछि राजनीति र अपराधबीच गहिरो साँठगाँठ छ भन्ने तथ्य सार्वजनिक रूपले प्रकट भयो। मोरङमा निर्वाचन हुनुअगाडि पेशेवर अपराधीहरू त पक्राउ परेकै थिए, निर्वाचनका बेला नेपाली कांग्रेसका "प्रतिष्ठित" कार्यकर्तालाई समेत स्थानीय मतदाताहरूले पिस्तौलसहित पक्रेर सुरक्षाकर्मीको जिम्मा लगाएका थिए।

वि. सं. ०४८ सालको आम निर्वाचनमा बुथ कब्जा गरेर राजनीतिक सत्तामा पुग्ने प्रयास ठाउँठाउँमा भए पनि नेपालको राजनीतिमा अपराध प्रवृत्तिको जरो ०४७ ताका निकै बलियो भएको थियो। ०४७ साल नेपालको राजनीतिमा प्रजातन्त्र र निरंकुश शासन प्रणालीबीचको संक्रमणकालीन अवस्था थियो। ०४६ सालमा अन्तरिम सरकारद्वारा जनआन्दोलन दवाउन क्रियाशील भएका व्यक्तिहरूलाई कुनै कारवाही नगर्ने निर्णयसमेत गरियो। परिणामतः पंचायती व्यवस्थाभित्र बसेर चल-खेल गरिराखेको अपराधी प्रवृत्ति तत्कालीन सत्तारूढ दलहरूमा उल्लेखनीयरूपले बढ्यो। सत्तारूढ दलहरूमा प्रवेश नगर्ने तत्वहरूले पनि कानूनी कारवाही भोग्न परेन। यस्तो छुट पाएपछि कुनै पनि राजनीतिक दल बाहिर बसेर पनि अपराधीहरूले चलखेल गर्न पाए। फलस्वरूप राजनीतिमा लागेर जस्तोसुकै अपराध गरे पनि कुनै कारवाही हुँदैन भन्ने मनोवृत्तिको विकास भयो। सत्तारूढ दलको आडमा जे गरे पनि संरक्षण पाइन्छ भन्ने भावना बलवान भएर आयो। त्यसैकारण राजनीति अपराधको ढाकछोप गर्ने सबैभन्दा सुरक्षित थलो हो भन्ने आमधारणा विकसित भयो।

अन्तरिम सरकारले पंचायतकालका राजनीतिक अपराधी र राजनीतिको आडमा फौजदारी अपराध गर्नेहरूलाई त कारवाही गरेन-गरेन, पंचायती शासनकालमा ठूल-ठूला अपराधमा संलग्न भएका र अपराधवापत कारागार सजाय भोगिराखेका मानिसलाई समेत जेलमुक्त गर्ने निर्णय गर्‍यो। जनआन्दोलनमा जन-धनको व्यापक क्षति भएपछि त्यस अवधिमा भएका ज्यादतिहरूको छानविन गर्न अन्तरिम

सरकारले मल्लिक आयोगको गठन गरेको थियो। मल्लिक आयोगले व्यापक छानविन गरेपछि आफ्नो प्रतिवेदन पनि अन्तरिम सरकारलाई बुझायो। तर, अन्तरिम सरकारले मल्लिक आयोगले दोषी ठहऱ्याएका मानिसहरूलाई कारवाही गर्ने काम शुरू गरेन। त्यसपछि गठन भएको निर्वाचित सरकारले पनि जनआन्दोलनमा ज्यादति गर्ने व्यक्तिहरूमाथि कारवाही नगरेपछि अपराधीहरूको मनोवल झन्-झन् बढ्यो। ०४८ सालको आमनिर्वाचनपछि गठन भएको सरकारले पंचायती शासनकालमा लागू पदार्थ, हत्या-हिंसा र गुण्डागर्दीका ठूला-ठूला अपराधमा जेल सजाय भोगिरहेका भरत गुरूङ, डि बी. लामा, भीमप्रसाद गौचन जस्ता मानिसहरूलाई उदारतापूर्वक कारागारमुक्त गर्ने र जफत भएको सम्पत्ति फिर्ता गर्ने निर्णय गर्न थालेपछि अपराधी प्रवृत्ति झन् मौलायो। यस्ता अपराधीहरूको जेलमुक्ति, जनआन्दोलनमा ज्यादति गर्नेहरूलाई कानूनी कारवाहीको अभाव र पार्टीकरणका नाममा पार्टीभित्र अपराधीलाई संरक्षण दिने जस्तो क्रियाकलापले राजनीतिमा अपराधीकरण गर्ने जग अझ बलियो भयो। देशको हरक्षेत्रमा अन्तरिम सरकारले पार्टीकरण पनि शुरु गऱ्यो। देशको कर्मचारी तन्त्रको उपल्लोदेखि तल्लो तहसम्म पार्टीकरण भयो। शिक्षालय, न्यायालय र संवैधानिक अंगहरू पार्टी राजनीतिको विवादमा परे। यसरी अन्तरिम सरकारका पालामा गरिएको हर क्षेत्रको पार्टीकरण र अपराधीहरूको योजनाबद्धरूपले गरिएको जेलमुक्तिको प्रभावस्वरूप ०४८ सालको आमनिर्वाचनमा अपराध प्रवृत्तिले प्रकट हुने राम्रो मौका पायो।

निर्वाचित भएपछि अन्तरिम सरकारले शुरू गरेका गल्तीहरूमाथि झन्‌झन् गल्तीहरू थपिँदै गए। त्यसै शासनकालमा कालु गुरूङ, डीवी लामा र भरत गुरुङ जस्ता अपराध र अप्रत्यक्ष राजनीतिमा त्यतिकै क्रियाशील भनेर चर्चित भएका व्यक्तिहरूको मुद्दा फिर्ता लिने, कारामुक्त गर्ने र सरकारले जफत गरेको सम्पत्ति फिर्ता दिने निर्णयहरू गरिए। यसरी कारामुक्त भएका कतिपय व्यक्तिलाई पार्टीमा लिने र पार्टी सदस्यता दिने कामसमेत व्यवस्थितरूपले हुन थाल्यो। तत्कालीन सरकारका यस्ता निर्णयहरू र लामो इतिहास भएका "प्रजातन्त्रवादी" पार्टीहरूले आपराधिक क्रियाकलापमा संलग्न व्यक्तिहरूलाई संरक्षण दिन थालेपछि राजनीतिभित्र पसेका अपराधी तत्वहरूको मनोवल दिन दुगुना र रात चौगुनाको दरले बढ्दै गयो।

६. मध्यावधि निर्वाचन र अपराधको जगजगी

वि. सं. ०४७ सालको अन्तरिम सरकारले शुरू गरेको र प्रजातन्त्रको पुनर्स्थापनापछि आम निर्वाचनबाट बनेको सरकारले अपराध प्रवृत्तिलाई नियन्त्रण गर्नुको साटो बढाएको कारणले ०५१ साल कार्तिकमा भएको मध्यावधि निर्वाचनमा अपराधी प्रवृत्ति उल्लेखनीयरूपले बढ्यो। आमरूपमा शान्तिपूर्ण भनिए पनि कतिपय ठाउँमा भारतबाट समेत बोलाइएका अपराधीहरूले निर्वाचनमा बूथ कब्जा गरे। मतदातालाई आतंकित पारे र निर्वाचनको परिणामलाई सोझै प्रभावित पार्ने खालका सम्म अनियमित र हिंसात्मक क्रियाकलाप गरे। ०४८ सालमा भएको आमनिर्वाचनको तुलनामा यसपल्टको मध्यावधि निर्वाचनमा राजनीतिक कार्यकर्ताहरू समेत चुनावलाई प्रभावित पार्न हात-हतियारसहित अगाडि सरे। राजनीतिक कार्यकर्ताहरू स्वयं अपराध प्रवृत्तिमा उन्मुख देखिनु यसपल्टको निर्वाचनमा देखिएको सबैभन्दा गम्भीर पक्ष थियो। राजनीतिक कार्यकर्ताको संलग्नतामा भएका यस्ता अपराध प्रवृत्तिका घटनाहरू झापाको पृथ्वीनगर, इलामको पंचकन्या, पाँचथरको रानीटार, एक तीन र लुम्फाबुङको थिङ्गलाबु गाउँमा भएका थिए।

यसैगरी कोशी अंचलको मोरङ जिल्ला अन्तर्गत वरङगा, रंगेली डार्यानिया र उर्लाबारी, सुनसरीको धरान नगरपालिका तथा जलपापुर, गौतमपुर, हरिनगर, देवानगंज, भुटाहा, बसन्तपुर, घुस्की, धनकुटाको राजारानी, तेह्रथुमको ओख्रे र संखुवासभाको चैनपुरमा पनि सानातिना अपराध प्रवृत्तिबाट प्रेरित घटनाहरू भएका थिए। सगरमाथा अंचलको सप्तरीमा पर्ने कंचनपुर, सिराहाको डनवा र नहरा, खोटाङको वप्लुखा, ओखलढुंगाको रागद्वीप र श्रीचउर तथा सोलुखुम्बू जिल्लाको तिङ्ला, मुक्ली र लोदिङमा हिंसात्मक झडप, कुटपिट तथा गोली हानाहानसम्मका घटनाहरू भएका थिए।

पूर्वाञ्चल विकास क्षेत्रमा पर्ने निर्वाचन क्षेत्रहरूमध्ये मोरङमा अपराधीहरूको हात-हतियारसहितको एउटा दललाई स्थानीय जनताको दबावमा पक्राउ गरिएको थियो भने अरू हिंसात्मक घटनाहरूमा स्थानीय राजनीतिक कार्यकर्ताहरूको संलग्नता देखिएको थियो।

यस्तैखालको चुनावी हिंसा, हत्या, धाक, धम्की र बूथ कब्जा गर्ने गतिविधिमा मुलुकभरि नै राजनीतिक कार्यकर्ताहरू अग्रसर देखिए। मध्यमाञ्चल विकास क्षेत्रको तराईका जिल्लाहरू सर्लाही, बारा, पर्सा र चितवनमा राजनीतिक कार्यकर्ताहरूबीच ठाउँठाउँमा हिंसात्मक झडप र मारपीट भए भने रामेछाप, सिन्धुली, मकवानपुर, काभ्रेपलाञ्चोक, दोलखा, नुवाकोट, सिन्धुपाल्चोक, धादिङ आदि जिल्लाका विभिन्न मतदान केन्द्रहरूमा यस्ता क्रियाकलापहरू निकै गम्भीर अवस्थामा छन् भन्ने तथ्य देखियो। यस्तै हिंसात्मक गतिविधि पहाडी र तराई क्षेत्रका नेपाल अधिराज्यभरिका प्रायः सबै जिल्ला र निर्वाचन क्षेत्रमा देखिएको थियो। भलै कुनै-कुनै ठाउँका घटनाहरू सानै खालका थिए। तैपनि निर्वाचन आयोग र निर्वाचनमा संलग्न राजनीतिक दलहरूले यस्ता घटनाहरूलाई गम्भीर भएर विश्लेषण गरेकोचाहिँ देखिएन। नेपालमा क्रियाशील रहेका मानव अधिकारवादी संस्थाहरूले चुनावमा अपराध गतिविधिको विगविगीसम्बन्धी गम्भीर रिपोर्ट प्रकाशित नगरे पनि निर्वाचनका बेला भएको अपराधले यस्ता संस्थाहरूलाई गम्भीररूपले झस्काएको हुनुपर्छ। निर्वाचनको समाप्तिपछि मनाइएको विश्व मानव अधिकार दिवसमा नेपालका सबै मानव अधिकारवादी संस्थाहरूले राजनीतिमा भएको अपराधीकरणलाई मूल मुद्दा बनाएका थिए।

त्यसपछिका दिनमा राजनीतिमा अपराधीकरण नेपालमा सर्वाधिक चर्चाको विषय रहिआएको छ।

देशव्यापीरूपमा ०५१ साल कार्तिक २९ गते भएको आमनिर्वाचनमा राजनीतिक पार्टीका कार्यकर्ताहरूबीच चुनावी प्रतिस्पर्धा हुनु स्वाभाविक भए पनि चुनावी प्रतिस्पर्धामा हातहतियारको प्रयोग हुनु, मतदातालाई मतदानबाट वञ्चित गराउनु, राज्यको सम्पत्ति सत्तारूढ दलको चुनाव प्रचारमा दुरूपयोग गर्नु तथा सरकारले नै यस्ता अपराधमूलक कारवाहीलाई प्रोत्साहित गर्नु जस्ता घटनाहरू अस्वाभाविक र अमर्यादित त थिए नै, यी घटनाहरूलाई राजनीतिक अपराधीकरण बढेका स्पष्ट लक्षणहरूका रूपमा पनि लिनुपर्दछ। यस्ता गम्भीर घटनाहरू बाहेक सत्तारूढ दल र चुनावी प्रतिस्पर्धामा उत्रेका राजनीतिक पार्टीहरूले पेशेवर अपराधी र अपराधी गिरोहहरूलाई चुनावमा उपयोग पनि गरे। एक-दुई ठाउँमा सरकारी तहमा महत्वपूर्ण ओहदामा बसेका व्यक्तिहरू पनि खुलमखुला अपराध गतिविधिमा सामेल भए। नेपालको राजनीतिमा अपराध प्रवृत्ति बढ्दै गए पनि अपराधी प्रवृत्तिको आडमा जनमतलाई नै छाँयामा पार्ने हदसम्मका क्रियाकलाप यसअगाडिको निर्वाचनसम्म भएका थिएनन्, तर मध्यावधि निर्वाचनमा केही ठाउँमा जनमतलाई नै प्रभावित पार्ने गम्भीर आपराधिक घटनाहरू भए। खासगरी जनकपुर अंचलको धनुषा र महोत्तरी, नारायणी अंचलको रौतहट, बागमती अंचलको नुवाकोट, लुम्बिनी अंचलको कपिलवस्तु, रूपन्देही र राप्ती अंचलको दाङमा भएका हिंसात्मक घटनाहरूले राजनीतिमा अपराध प्रवृत्ति कसरी बढ्दैछ र अपराध प्रवृत्तिलाई राजनीतिमा कसरी संरक्षण दिइँदैछ भन्ने तथ्यहरूलाई खुलस्त पार्न पर्याप्त प्रमाणहरू र आधारहरू दिएका छन्।

धनुषा, महोत्तरी र रौतहट जिल्लाको निर्वाचनमा राजनीतिक दलहरूले आफ्ना उम्मेदवारलाई जिताउन भारतीय अपराधी गिरोहहरूको सहारा लिए। धनुषा जिल्लाको चक्कर, सोनिगामा र इटहरा गाविसमा प्रतिष्ठित राजनीतिक पार्टीका उम्मेदवारहरूले नै मतदान केन्द्रमा हमला गरेर मतदातालाई भगाए भने कनकपट्टी र कुर्था गाविसमा भारतीय अपराध गिरोहले मतदान केन्द्रमा उधुम मच्चायो। भारतका विधायक आनन्दमोहन पाठक र पप्पु यादवको समेत संलग्नता नेपालको चुनावमा पाइयो। भारतीय पत्रपत्रिकाहरूले पप्पुलाई खतरनाक आपराधिक पृष्ठभूमि भएको व्यक्ति भनेर लेख्ने गरेका छन्। पप्पु यादवको दलबलले धनुषाको कनकपट्टीमा डरलाग्दो गुण्डागर्दी गर्‍यो। कुर्था गाविसमा बुथ कब्जा गर्दा भारतीय अपराधी गिरोहका १ जना व्यक्ति (मनोजकुमार गोस्वामी) लाई स्थानीय बासिन्दाले पक्राउ पनि गरे। भारतमा पप्पु यादवको र नेपालमा त्यसबेलाको सत्ताधारी दलको संरक्षणमा नेपाल ल्याइएको भारतीय गुण्डाहरूको त्यस डफ्फाले कनकपट्टी र कुर्थामा जस्तै रमैया, बनियाँ, सपही र सिनुरजोडा गाउँ विकास समितिका बुथ पनि कब्जा गरेपछि ती ठाउँहरूको मतदान स्थगित गरिएको थियो।

०५१ कार्तिक २९ गते धनुषामा आतंक मच्चाएको भारतीय गुण्डाहरूको यस डफ्फाले महोत्तरी, सर्लाही र सिराहामा पनि मतदानलाई प्रभावित पार्ने प्रयास गर्‍यो। सर्लाहीका रामविलास यादव, सिराहाका उर्मिला यादव र धनुषाका डा. रामबरण यादवका लागि भारतीय विधायक पप्पु यादवको नेतृत्वमा चुनाव प्रचारदेखि मतदान कब्जा गर्नेसम्मका घटनाहरू भए। महोत्तरीको निर्वाचनमा भारतीयहरूले महेश्वरप्रसाद सिंह र हरिशंकर मिश्रको पक्षमा मतदानलाई प्रभावित पार्न भरमग्दुर कोसिस गरेका थिए। पप्पु यादव बाहेक यस अभियानमा छोटन शुक्ला नाम गरेका भारतीय पनि संलग्न थिए। सीमा क्षेत्रका प्रहरी र भारतीय पत्रपत्रिकाहरूले छोटन शुक्लालाई मुजफ्फरपुरको नामुद हत्याहा ठान्दछन्।

महोत्तरीमा निर्वाचनको दिन भारतीय अपराधी गिरोहहरू सक्रिय नदेखिए पनि एक उम्मेदवारका पुत्र भारतबाट हात-हतियारसहित नेपाल भित्रिँदा चुनावकै दिन मटिहानी भन्सारमा पक्राउ परेका थिए। यस जिल्लामा धेरै ठाउँमा बुथ कब्जा भएकाले धेरै ठाउँको मतदान स्थगित भएको थियो।

निर्वाचनका दिन रौतहट जिल्लाका धेरै ठाउँहरू भारतीय अपराधीहरू र स्थानीय सत्तारूढ दलका कार्यकर्ताहरूबाट शुरू भएको हिंसा र तोडफोडबाट गम्भीररूपले प्रभावित भए। ०५१ साल कार्तिक २९ गते निर्वाचनमा सत्ता पक्षका कार्यकर्ता र भारतीयहरूको दलबलले पतुवा हर्षाहा, लक्ष्मीपुर, सन्तपुर, सिमरा भवानीपुर, शतिलपुर, बैरगनिया, कर्कच आदि मतदान केन्द्रमा बुथ क्याप्चर गरिएको थियो। निर्वाचनमा धेरै धाँधली भएपछि यस जिल्लाका धेरै ठाउँमा मतदान स्थगित भयो। बसन्तपट्टी गाविसमा अपराधीहरूले स्थानीय बासिन्दाको घरघरमा पसेर आक्रमण गरे। स्थानीय बासिन्दाहरूको घर, राइस मील आदिमा आगो लगाउने, पम्पसेट तोडफोड गरिदिनेसम्मका घटनाबाट दर्जनौं व्यक्तिहरू प्रभावित भए। यस्ता हिंसात्मक तोडफोडका घटना जिल्लाका अरू भागहरू राजपुर, फरहवा, जटहरा, नरकरिया, फतुवा-महेशपुर, पिप्रा भगवानपुर, जोकाहा, ध्यूरा र वन्जहरमा पनि भए। रौतहटको धरहरीमा बम पड्काउने, प्रेमपुर गोनाही, गम्हरिया र कर्कचमा मतदाता लखेट्ने र बुथकब्जा गर्ने जस्ता घटना भए, चुनावका दिन भएका यस्ता भिडन्तमा कतिपय क्षेत्रमा हातहतियारसहितका मानिसहरू पनि पक्राउ परे भने यस दिन दाङ जिल्लामा राजनीतिक कार्यकर्ताको ज्यानसमेत गयो।

राजनीतिक पार्टीहरू र राजनीतिक व्यक्तिहरूको संरक्षणमा फस्टाएको अपराध प्रवृत्तिले पहाडी र शान्त जिल्ला नुवाकोटलाई पनि ०५१ साल कार्तिक २९ गते सन्त्रस्त र भयभीत पारिदियो। सत्तारूढ दलका उम्मेदवारलाई जिताउन भनेर उपत्यकाका र मुलुकका अन्य भागबाट जिल्लामा लगिएका गुण्डाहरूले नुवाकोट जिल्लाका साल्मे, सामरी, गोर्स्याङ, किम्ताङ, बर्सुन्चेत, कविलास, लच्याङ ध्याङफेदी, चौघडा र बागेश्वरी जस्ता ठाउँमा बुथकब्जा गरे। खुकुरी

देखाएर गरिएको भाल्चेको निर्वाचनमा बुथ कब्जा गरेर एकलौटी मत खसालिएपछि त्यसको गणना गर्दा झण्डै ९७ प्रतिशत मत खसेको थियो। त्यसमा २ प्रतिशत बाहेक सबै मत सत्तापक्षका उम्मेदवारलाई गएको थियो। चुनावमा भएको धाँधलीको विरोध गर्दा गुण्डाहरूको आक्रमण र प्रहरीको लाठीचार्जबाट धेरै मानिस घाइते भए। मध्यावधि निर्वाचनमा नुवाकोट जिल्लामा भएको धाँधलीको विरोध गर्दा स्थिति अत्यन्त तनावग्रस्त र अनियन्त्रित भएपछि सेनाले हस्तक्षेप गरेर आक्रमणकारी व्यक्तिहरूबाट चेन, छुरी, खुकुरी जस्ता हातहतियारसमेत २७ जनालाई गिरफ्तार गऱ्यो।

०५१ सालको मध्यावधि निर्वाचनका बेला सर्वाधिक चर्चित र विवादास्पद घटना दाङ जिल्लाको बिजौरीमा भयो। ०५१ साल कार्तिक १७ गते दाङको बिजौरीमा एमाले पार्टीका कार्यकर्ताले निकालेको जुलुसमाथि नेपाली कांग्रेसका कार्यकर्ताले जथाभावी गोली चलाउँदा नारायण चौधरी, पुष्प घिमिरे र कृष्ण चौधरीको ज्यान गयो। सो गोली काण्डमा एक दर्जनभन्दा बढी मानिस घाइते भए। गोली चलाउने व्यक्तिहरू नेपाली कांग्रेस पार्टीको महत्वपूर्ण पदमा रहेका दीपक गिरी, महेन्द्र गिरी, ध्रुव शाह, महादेव शाह, कुबेर शाह, रोहित श्रेष्ठ, ज्वाला गिरी तथा देवबहादुर बली थिए भनेर प्रहरीले केही व्यक्तिलाई पक्राउ पनि गऱ्यो। तर गोली काण्डको नेतृत्व गरेको आरोप लागेका तत्कालीन मन्त्री खुमबहादुर खड्का माथि तत्काल कुनै कारवाही भएन, न त यसलाई निर्वाचन आचारसंहिताको उल्लंघन नै ठानियो। घटनाको लगत्तै जिल्ला अदालतमा पीडित पक्षले मुद्दा हाल्दा मन्त्री खड्कालाई गोली काण्डको नेतृत्व गर्ने र आदेश दिने मुख्य व्यक्ति भन्ने जाहेरी परेको थियो। यस्तो गम्भीर मुद्दामा संलग्न भएको व्यक्ति मन्त्री भएका कारण पक्राउ परेनन् र उनी त्यस निर्वाचनमा विजयी पनि भए।

मन्त्री नै यस्ता काण्डमा संलग्न भएपछि ठाउँ-ठाउँमा खुलेरै सत्तापक्षलाई जिताउनका लागि प्रहरी पनि प्रयोग गरियो। कपिलवस्तु जिल्लाको बाणगंगा, गजेहडा र मोतिपुरमा प्रहरीहरूले धाँधलीको विरोध गर्ने प्रतिपक्षी राजनीतिक दलका कार्यकर्तालाई गिरफ्तार गर्ने र दुई तीन दिनसम्म बेपत्ता पार्ने काम गरे भने रूपन्देही जिल्लाको चुनावमा भारतका विभिन्न राजनीतिक दलका व्यक्तिहरू र अपराधी गिरोहहरूले चुनाव प्रचार गरे। रूपन्देही र कपिलवस्तु जिल्लामा राप्रपाका कार्यकर्तालाई जिताउन त्यस्ता व्यक्तिहरू धनसम्पत्ति र हातहतियारसहित नेपाल भित्रिए।

०५१ सालको मध्यावधि निर्वाचनलाई पर्यवेक्षण गर्नेहरूले आमरूपमा शान्त र निष्पक्ष भनेका छन्। तर यस निर्वाचनमा सीमित ठाउँमा नै सही, तर गम्भीर किसिमका आपराधिक क्रियाकलापहरू भए र मतदान गर्न पाउने जनताको हक राजनीतिक दलका गुण्डा र अपराधीहरूले खोसे। यस्ता क्रियाकलापले कतिपय जित्नेहरूले हारे भने हार्नेहरूले जिते। फलस्वरूप अपराधी व्यक्तिहरूको पहुँच प्रतिनिधिसभामा समेत बलियो हुन पुग्यो।

७. राजनीतिमा अपराधीकरणको प्रभाव

मध्यावधि निर्वाचनमा प्रयोग भएको बहुबल र बाहुबलका भरमा निर्वाचित व्यक्तिहरू सरकार बनाउने र ढाल्ने निर्णायक तहमा पुगेपछि राजनीतिमा भएको अपराधीकरणको प्रभाव देशव्यापीरूपमा पर्नु स्वभाविक थियो। प्रजातान्त्रिक शासनप्रणालीका मूल्य र मान्यतामा प्रहार गरेर विजयी भएका व्यक्तिहरूले सत्ता र शक्तिको दुरुपयोग गर्न खोज्नु अस्वाभाविक पनि थिएन। यस्तो प्रक्रिया ०५२ सालको शुरूका अवधिदेखि राजनीतिक सतहमा पनि स्पष्ट देखिन थाल्यो। नेपालको राजनीतिमा आफूलाई अरू पार्टीहरूभन्दा चोखो र पवित्र छौं भनेर दावी गर्दै आएको नेकपा (एमाले) को पार्टी सरकारमा पुगेपछि सैनिक अदालतले जेल सजायँ दिएका योगेन्द्रप्रताप राणालाई घरमा बसेर कैद काट्ने सुविधा दिइयो भने अल्पमतको सरकार जोगाउन अन्तिम अवस्थामा "सुरा सुन्दरी र सम्पत्ति" को जोहो गरिएको आरोप पार्टीकै जिम्मेवार सदस्यहरूले जिम्मेवार सदस्यहरूमाथि लगाएका थिए। सरकार संचालन गर्ने सिलसिलामा नेकपा (एमाले) का एकथरी मानिसहरू र अपराधी तत्वहरूबीचमा साँठगाँठ भएको थियो भन्ने कुरा पनि समयान्तरमा बाहिर आइसकेको छ।

०५१ सालको मध्यावधि निर्वाचनमा कुनै पनि पार्टीको बहुमत नआएको तथा नेपालको राजनीतिमा अपराधीहरूलाई उपयोग गर्न दक्ष मानिएको राष्ट्रिय प्रजातन्त्र पार्टी सरकार बनाउने र ढाल्ने खेलमा सर्वाधिक निर्णायक शक्तिका रूपमा स्थापित भयो। राप्रपा निर्णायक अवस्थामा भएकोले राजनीतिमा अपराधीहरूले खेल्ने चल्ने मलिलो वातावरण पैदा भयो। ०५२ सालको शुरुमा नेकपा (एमाले) को अल्पमतको सरकार अविश्वासमा परेपछि पुनः मध्यावधिको घोषणा भयो, तर सर्वोच्च अदालतले मध्यावधि निर्वाचनको घोषणालाई गैरकानूनी घोषणा गरिदियो। राजनीतिक र सामाजिक कारणहरूले स्थिति अस्थिर र जटिल हुँदै गयो। अस्थिर र जटिल राजनीतिक स्थितिले अपराध प्रवृत्ति झन् शक्तिशाली भएर राजनीतिमा देखा पऱ्यो।

एमालेको अल्पमत सरकार सत्ताच्यूत भएपछि नयाँ सरकार बनाउने सिलसिलामा राष्ट्रिय प्रजातन्त्र पार्टीले आफ्ना सांसदहरूलाई नेपालका उद्योगपति रणबहादुर शाहका घरमा थुनेर राख्यो भने सुरक्षाका नाममा नेपाली कांग्रेसले आफ्ना सांसदलाई शंकर होटलमा राखेर पालो पहरा दियो। जनताको मतले निर्वाचित भएका प्रतिनिधिहरूलाई यसरी भेडाबाख्रा जस्तो थुनेर राख्नु र दशैंको खसी पोसेझैं खुवाउनु पियाउनुको कुनै तुक र अर्थ थिएन। सांसदहरूलाई होटलमा राखेको खर्च नेपाली कांग्रेस पार्टीले सुन तस्करहरूबाट उठायो र रक्सी उद्योग चलाउन थप छुट लिएर रणबहादुर शाहले त्यस अवधिको खर्च जुटाए भन्ने कुरा पनि त्यसैबेला चर्चामा आयो। नेपाली कांग्रेस पार्टीमा अपराधी प्रवृत्तिका व्यक्तिहरू प्रशस्त थिए र नेपाली कांग्रेसले अपराधीहरूलाई संरक्षण गरेको तथ्य सार्वजनिक भए पनि सो पार्टीभित्र उनीहरूको प्रभाव सांसदहरूलाई नै अविश्वास गर्ने तहसम्म पुगेको देखिएको

थिएन, तर राजनीतिक अपराधीकरणको लामो परम्परा पंचायती शासनकालका हर्ताकर्ताहरूले प्रजातन्त्रको पुनर्स्थापना गरेपछि गठन गरेको राष्ट्रिय प्रजातन्त्र पार्टीसंग मितेरी भएपछि नेपाली कांग्रेसमा भएका यस्ता सांसदहरू पार्टीका राजनीतिक निर्णय प्रक्रियामा पनि निर्णायक बन्न पुगे। राजनीतिक रूपमा यस्ता मानिसहरू शक्तिशाली हुँदै गएपछि उनीहरूको पछाडि क्रियाशील अपराधी गिरोहहरू झनझन सक्रिय भएका देखिए।

दुई नम्बरी आम्दानी खर्च गरेर सरकार बनाउन लागेको अपराधी तत्व सरकार बनेपछि राजनीतिमा अझ बलियो भयो। दाङको बिजौरी हत्याकाण्डमा संलग्न भएको आरोपमा अदालतमा मुद्दा खेपिरहेका खुमबहादुर खड्का देशको गृहमन्त्री बनाइए। जिल्ला बाहिरका गुण्डाहरूको खुकुरी, चेन र हातहतियारको बलमा नुवाकोटबाट चुनाव जितेका अर्जुन नरसिंह के.सी. स्वास्थ्य मन्त्री बने। गृहमन्त्री हुनासाथ सबैभन्दा पहिले खुमबहादुर खड्काले आफूमाथि अदालतमा चलिरहेको मुद्दा फिर्ता लिने निर्णयमा बाहुली दस्तखत गरे। पंचायतकालदेखि नै अनेकौं अपराधमा संलग्न भएको आरोप लागेका दीपक बोहरा पर्दापछाडिको राजनीतिमा शक्तिशाली बन्न पुगे भने देहव्यापारको कमिशन खाने आरोप लाग्दै आएका पशुपतिशमशेर राणा र बुद्धिमान तामाङ पनि मन्त्री भए। यसरी स्थापना भएको नेताहरूले भन्ने गरेको नेपालको शिशु प्रजातन्त्रले ६ वर्ष पुग्दा-नपुग्दै प्रजातान्त्रिक शासनप्रणालीका मूल्य, मान्यता, सिद्धान्त, नीति र आदर्शहरू एकएक गर्दै पन्छाउँदै गयो। फलस्वरूप, राजनीतिमा लागेको मानिसलाई ज्यान मुद्दा लागे पनि त्यो मुद्दा लाग्दैन रहेछ र अपराधीले जेल बस्नुपर्दैन रहेछ भन्ने आमधारणा बन्यो। यही आमधारणा र अपराधी तत्वलाई राज्यबाट प्राप्त हुने संरक्षणले समाजमा अराजकता र असुरक्षा बढायो। हिंसा र हत्या जस्ता घटनाहरू आम हुन थाले।

सत्ता संचालनमा सिद्धान्त, नीति, मूल्य, मान्यता र आदर्शहरूको ठाउँ बाहुबल र षडयन्त्रले लिए पनि सत्तालाई टिकाउने बलियो आधार पैसा हुन जान्छ। कुनै पार्टीको स्पष्ट बहुमत नभएकाले सांसदहरूले भोटलाई पैसासंग तौलिने प्रवृत्ति मध्यावधि निर्वाचनपछि बढेर गयो। यसरी सासदहरूलाई थुनेर खानपान गराउने, आफ्नो पक्षमा प्रभावित गर्ने र सरकार बनाउने र भत्काउने खेल संचालन गर्न स्पष्टतः धेरै रकम चाहिन्छ। लेवीको रकम र स्वेच्छाको चन्दाबाट प्राप्त रकमबाट पार्टीहरूले यस्ता सबै काम गर्न सक्दैनन्। त्यसैले यस्तो मौकामा पार्टी खर्चवर्च व्यापारीहरूले लगाउँछन्। व्यापारीले नाफा नहुने ठाउँमा खर्च गर्दैनन भन्ने त व्यापार सम्बन्धी साधारण ज्ञान भएको मानिसले समेत बुझ्ने कुरा हो। त्यसैले सरकारबाट अब व्यापारीले नाफा असुल गर्न दबाब दिन्छन् र व्यापारीका गुनमा बनेको सरकारले उनीहरूलाई छुट दिनुपर्ने बाध्यता खडा हुन्छ। शेरबहादुर देउवाको प्रधानमन्त्रित्वमा बनेको सरकारका पालामा र हालसम्म पनि सुन र लागू पदार्थको तस्करी बढ्नु, हिंसा, हत्या र अपराधका घटनाहरूमा वृद्धि हुनु तथा सामान्य मानिसले राजनीतिक व्यक्तिलाई अविश्वास गर्न थाल्नु यसै अपराधीकरणका परिणति हुन्।

एकपल्ट गलत तरिकाबाट सत्तामा पुगेपछि विस्तारै यो परम्परा बन्दछ र राजनीतिक व्यक्तिहरू अपराधीको पञ्जामा फुल्किने नसक्ने गरी फस्दछन् भन्ने कुरा पनि घटनाक्रमहरूले स्पष्ट पारेका छन्। साथसाथै एउटा राजनीतिक दलबाट शुरू भएको अपराधीकरणबाट अरू राजनीतिक दलहरू पनि प्रभावित हुन्छन् भन्ने तथ्य पनि नेपालमा भएका घटनाक्रमबाट पुष्टि भएका छन्। शेरबहादुर देउवाको सरकारविरूद्ध दर्ता भएको अविश्वास प्रस्तावलाई असफल पार्न मन्त्रीहरूलाई बिरामीको बहानामा विदेशमा पठाउने, संसद सदस्यको अपहरण गर्ने जस्ता क्रियाकलाप भए भने सांसदलाई प्रधानमन्त्री निवासमा समेत थुनेर राखियो। राजनीतिमा अपराधीहरू हावी हुँदै गएपछि राजनेताहरू स्वयं अपराधमा संलग्न हुन थाल्दछन् भन्ने कुराको यो सबैभन्दा स्पष्ट र ज्वलन्त उदाहरण हो। राजनेता तथा राजनीतिक सत्ताका हर्ताकर्ता स्वयं अपराध कार्यमा सामेल भएपछि राज्ययन्त्रका निर्णायक अंगहरू प्रहरी र प्रशासन पनि अछुतो रहन सक्दैनन्। सांसद अपहरणमा गृहमन्त्रीको संलग्नता र प्रहरी शक्तिको प्रयोगले यस तथ्यलाई पनि खुलस्तै पारिदिएको छ।

नेपाली कांग्रेस र राप्रपाले एमाले सरकारविरूद्ध जे/जस्तो खेल खेल्यो, त्यस्तो खेल समयान्तरमा एमाले पक्षबाट शुरू भयो। देउवा सरकारविरूद्ध अविश्वास प्रस्ताव दर्ता भएपछि एमालेका सांसदहरूलाई समेत भेडाबाख्रा जस्तै गरेर कहिले पार्टी कार्यालयमा र कहिले होटलमा राखियो। यसबाट स्पष्ट हुन्छ- राजनीतिक दलहरूमध्ये कुनै एउटा निर्णायक दलले आपराधीलाई संरक्षण दिएर आपराधिक गतिविधिमा स्वयं संलग्न भएपछि अरू पार्टीहरू पनि अछुतो रहन सक्दा रहेनछन्।

राजनीतिक अपराधीकरणको प्रभावबाट पीडित हुनेहरूमा साना दल हुन्छन् भन्ने तथ्य नेमकिपा र यसका सांसदहरूको ढुलमुलले पनि देखाएको छ। साना राजनीतिक दलले सरकार बनाउन नसक्ने अवस्थामा लोभ, लालच र डर धाकको प्रभाव यस्ता साना पार्टीका कार्यकर्तालाई पर्दछ। फलस्वरूप मूल्य, मान्यता र सिद्धान्तका बलमा विजयी भएका जनप्रतिनिधिहरू पनि आफ्नो अडान कायम गर्न असमर्थ हुन्छन्।

राजनीतिक अपराधको जड भनेको सम्पत्ति र महत्वाकांक्षा हो। कालो धन्दा गरेर रातारात सम्पत्ति बटुल्ने र ठूल-ठूला अपराधमा संलग्न भएका दुवैथरि आफ्नो संरक्षणका लागि राजनीतिमा आकर्षित हुनु पनि अस्वाभाविक होइन। राजनीतिक खेलहरूमा लगानी गर्ने व्यापारीहरू र अपराध लुकाउन पार्टीलाई चन्दा दिनेहरू दुवै थरिले लाभ लिन प्रयत्न गर्नु पनि अस्वाभाविक होइन। यसरी लाभ लिनका लागि सरकारलाई व्यापारीले बाध्य पारेपछि सरकार विस्तार-विस्तारै व्यापारीको खेलौना बन्न पुग्छ। फलस्वरूप भन्सार तथा अन्य करहरू छुट गराउने, नाफा हुने गरेर बजार भाउ बढाउने,

अपराध गरेर त्यसको ढाकछोप गर्न राज्ययन्त्रहरूको प्रयोग गर्ने जस्ता प्रवृत्तिहरू बढ्छन्। दुई तीन वर्षको छोटो अवधिमा नेपालमा यस्ता सबै क्रियाकलापहरू देखा परिसकेका छन्।

राजनीतिमा अपराधीकरण बढेपछि सरकार एकपछि अर्को गर्दै अपराधीहरूको हातको खेलौना बनेर निर्णय गर्न थाल्छ। फलस्वरूप, सरकारको राजश्व घट्ने, विदेशी ऋण, सहयोग र अनुदानको दुरुपयोग हुने, सामाजिक असुरक्षा र असन्तुलन बढ्ने जस्ता क्रियाकलापहरू स्पष्ट देखिन थाल्छन्। विगत दुई वर्षदेखि काठमाडौंको एयरपोर्ट भन्सारबाट चोरी पैठारी गर्नेहरूबाट दैनिक लेवी उठाउने गरी भन्सार ठेक्कामा दिइएको कुरा र सुन तस्करीका सम्बन्धमा छापाहरूमा प्रशस्त खबर आए। यस्ता क्रियाकलापको मार सर्वसाधारण सबै मानिसले भोग्नुपर्दछ।

नेताहरूको अपहरण, किनबेच, धाकधम्की र डरत्रास जस्ता घटनाहरूले आम जनमानसमा अविश्वास र असुरक्षाको भावना बढाउँछन्। यस्ता भावनाहरूले मानिसको श्रमप्रतिको आस्था घटाउँछ र समाजलाई नै षडयन्त्र र अपराधतर्फ उन्मुख गराउँछ।

समाजका अन्तर्सम्बन्धहरू अत्यन्त जटिल खालका छन्। त्यसैले सानो घटनाबाट पनि यो अन्तर्सम्बन्धमा सानोतिनो हलचल हुन्छ नै। राजनीतिसंगको व्यक्ति र समाजको अन्तर्सम्बन्धबाट कोही पनि मुक्त र स्वतन्त्र छैन। त्यसैले राजनीतिमा हुने राम्रा वा नराम्रा हरेक गतिविधि, निर्णय तथा कार्यकलापबाट सामाजिक, आर्थिक सम्बन्धहरू पनि प्रभावित हुन्छन्। त्यसैले राजनीतिक वातावरण नै अपराधतर्फ उन्मुख भएपछि सामाजिक र आर्थिक संरचनाले त्यस्तै बाटो समाउनु स्वाभाविक छ। नेपालको राजनीतिमा अपराधीकरण बढ्यो भनेर सर्वैथरि झस्किनुपर्ने मुख्य कारण पनि यही नै हो।

●

अनुसूची २

यस वर्षको प्रमुख घटना :

स्थानीय निर्वाचन- १९९७

ऐतिहासिक संयुक्त जनआन्दोलनको माध्यमबाट ०४६ सालमा नेपाली जनताले आफ्नो खोसिएका अधिकारसहित राष्ट्र र जनताको बारेमा अन्तिम निर्णय दिनसक्ने सार्वभौमसत्ताको प्रत्याभूति भएको बहुदलीय व्यवस्थाको स्थापना गरेको ८ वर्ष अवधि पूरा भइसकेको छ। यस अवधिमा नेपाली जनताले आफ्ना प्रतिनिधि चयन गरी समस्या समाधान गर्ने प्रक्रियाअन्तर्गत २ संसदीय, २ स्थानीय र ३ संसदीय उपनिर्वाचनसमेतको अभ्यास गरिसकेका छन्। सन् १९९७ मा पनि नेपाली जनताले बहुदलीय व्यवस्थाको सुदृढीकरणमा प्रत्यक्ष महत्व राख्ने स्थानीय निर्वाचनमा भाग लिए।

जनअधिकारको सन्दर्भमा स्थानीय चुनावको महत्व

विश्वमा विकसित भएका राजनीतिक सिद्धान्त वा शासन प्रणालीहरू जनताका बीचमा गरिएका व्यापक अन्तरक्रिया र अभ्यासका प्रतिफल हुन्। जनविश्वास र समर्थन प्राप्त गर्न नसक्ने राजनीतिक विचारधारा सामाजिक परिवर्तनको संवाहक शक्ति बन्न सक्तैन। प्रजातन्त्रको जगलाई बलियो बनाउनका निम्ति यसका आधारहरूलाई व्यापक जनताको बीचमा पुर्‍याउनुपर्दछ। निर्वाचन प्रक्रियाले जनताको सशक्तीकरण अभियानलाई अगाडि बढाउँछ। जनताले प्रतिस्पर्धाको मैदानमा खडा भएका व्यक्ति वा राजनीतिक पार्टीका नीति, कार्यक्रम र घोषणापत्रको विवेचना एवं विश्लेषण गरी आफूलाई मन पर्ने पक्षलाई मत दिन्छन्। आजको खुला एवं प्रजातान्त्रिक युगमा व्यवस्थापिका वा संसद र स्थानीय तहको चुनावको आ-आफ्नो विशेष महत्व छ।

निर्णय कार्यान्वयन गर्ने, स्थानीय जनशक्ति परिचालन गर्ने सवालमा स्थानीय तहका जनप्रतिनिधिहरूले अगुवाको भूमिका निर्वाह गरेका हुन्छन्। अतः स्थानीय तहको निर्वाचन परिपक्व, प्रजातान्त्रिक राजनीतिक संस्कृतिको आधारशीला हो।

पंचायत पूर्व काल

राणा प्रधानमन्त्री पद्मशमशेरद्वारा घोषणा गरिएको नेपाल सरकारको वैधानिक कानून २००४ को भाग ४ धारा १६ देखि २१ सम्म स्थानीय निकायको चर्चा गरिएको छ। गाउँ वा नगर र जिल्ला तहका संस्थालाई पंचायती तह भनियो र गाउँमा ५ देखि १५ सम्म र नगरमा १० देखि ५० सम्म सदस्य रहने व्यवस्था गरिएको थियो। तिनीहरूको निर्वाचन वयस्क पुरुष मताधिकारको आधारमा गरिने र निर्वाचित सदस्यहरूले नै सम्बन्धित तहका प्रधानपंचको चुनाव गर्दथे। जिल्लाभरिका यी निर्वाचित प्रधानपंचहरूले १५ देखि २० जनासम्म सदस्य चुन्दथे र ती सदस्यहरूले जिल्लाको सभापतिको चुनाव गर्दथे। जिल्ला सभापति एवं नगरका प्रधानपंचहरू राष्ट्रसभा (तल्लो सदन) को पदेन सदस्य हुन्थे। राष्ट्रसभाको पदेन सदस्य हुने प्रावधान र जिल्ला सभापतिको चुनावी प्रक्रियाबाहेक वैधानिक कानूनको व्यवस्था र नेपालको संविधान २०१९ को दोस्रो संशोधन २०३२ बाट गरिएको निर्वाचनसम्बन्धी प्रावधानमा कुनै अन्तर देखिँदैन।

वि.सं. १९७६ मा चन्द्र शमशेरले काठमाडौं नगरपालिकाको स्थापना गर्दा र २००४ सालको वैधानिक कानून घोषणा गर्दा पनि महिलालाई मतदानको अधिकार दिइएको थिएन।

२००७ साल फागुन ७ गतेको शाही घोषणाको उद्देश्य राणा शासनको अन्त्य र नयाँ अन्तरिम मन्त्री मण्डलको गठनको साथसाथै यथाशक्य छिटो संविधान सभाको चुनाव गराई देशको राजनीतिक व्यवस्थालाई प्रजातान्त्रिक स्थायित्व प्रदान गर्नु थियो। २००७ साल फागुन ७ गते घोषणा गरिएको संयुक्त मन्त्री मण्डलमा "स्वायत्त शासन मन्त्री" को व्यवस्था गरिएकोले जनताका स्थानीय निकायलाई अधिकार सम्पन्न बनाउने कुरामा उक्त घोषणामा प्रतिबद्धता व्यक्त गरिएको पाइन्छ। २००७ चैत महिनामा अन्तरिम शासन विधान २००७ घोषणा गरियो। ०१५ सालसम्म यसको ६ पटकसम्म संशोधन गरी २००७ सालको शाही घोषणाबाट नेपाली जनताले प्राप्त गरेका महत्वपूर्ण अधिकारहरू कटौती गरियो।

अन्तरिम शासन विधान २००७ को भाग २ धारा ६ मा "जनतालाई स्वशासनमा सरिक गराउनको निम्ति राज्यले ग्राम पंचायतहरू खडा गरी आवश्यक अधिकार दिने कुरा" स्पष्ट उल्लेख गरिएको थियो। यसपछि २००९ सालमा नेपाल राज्य नगरपालिका ऐन, गाउँ पंचायत ऐन २०१३ र गाउँ पंचायत नियमावली बनाई स्थानीय तहको व्यवस्था गरेको पाइन्छ। २००७ पछि भएको जनप्रतिनिधिहरूको चुनावमा राजनीतिक पार्टीका प्रतिनिधिहरूले पार्टीगत आधारमा भाग लिएको पाइन्छ। २०१२ सालमा यस्ता पंचायतहरूको संख्या ७ सय ९१ पुगेको थियो।

पंचायतका तीन दशक

०१७ साल पुस १ गतेको राजा महेन्द्रको कदमले देशलाई पुनः निरंकुश तथा अप्रजातान्त्रिक दिशातर्फ फर्कायो। सरकार भंग भयो, संसद विघटन भयो र राजनीतिक पार्टीहरू प्रतिवन्धित घोषित गरिए। संविधान निलम्वन भयो।

०१८ सालमा राणाकालीन प्रशासकीय विभाजनलाई अन्त्य गरी देशलाई ७५ जिल्ला र १४ अंचलमा विभाजन गरियो। नेपाल अधिराज्यको संविधान २०१५ लाई २ वर्षसम्म मुलतवी राखी ०१९ साल पुस १ गते नेपालको संविधान २०१९ लागू गरियो र पुरानो संविधान खारेज गरियो। संविधानको घोषणापूर्व राष्ट्रिय निर्देशन ऐन २०१८ जस्ता ऐन लागू गरी जनताको संगठित हुने अधिकारमाथि प्रतिवन्ध लगाइयो।

यो संविधानलाई पनि २०२३, २०३२ र २०३७ सालमा गरी तीन पटक संशोधन गरियो। २०२३ सालको पहिलो संशोधनले ,पंचायती व्यवस्थालाई दलविहीन गरायो र यसलाई निर्विकल्पको लालमोहर लगाइयो। २०२४ सालमा सामाजिक संस्थाको रूपमा राजा महेन्द्रद्वारा शुरू गरिएको गाउँ फर्क राष्ट्रिय अभियानलाई सवैमाथि नियन्त्रण कायम गर्ने सशक्त संवैधानिक अंग वनाइयो। पंचायती चुनावको दायरालाई यसले अफ साँघुरो वनायो। ०३६ सालको जनआन्दोलनको परिणामस्वरूप जनमत संग्रह हुने शाही घोषणा गरे पनि सरकारी संयन्त्रलाई एकपक्षीयरूपमा प्रयोग गरी पंचायतले जितेको घोषणा गरियो। ०३८ सालको राष्ट्रिय पंचायतको चुनाव र ०३९ सालको स्थानीय निकायको चुनावलाई पंचायत इतर प्रमुख राजनीतिक शक्तिहरूले सांगठनिक रूपबाट वहिष्कार गरे।

नेपालको संविधान ०१९ को प्रस्तावनामा "विकेन्द्रीकरणको सिद्धान्तलाई अंगाल्ने" संविधानको भाग ४ मा पंचायत प्रणालीका निर्देशक सिद्धान्त शीर्षकमा "विकेन्द्रीकरणद्वारा प्रत्येक तहको शासनमा जनप्रतिनिधिहरूलाई अधिकाधिक मात्रामा सम्मिलित" गराउने र भाग ८ परिच्छेद १ मा स्थानीय निकायवारे संवैधानिक व्यवस्था गरिएको थियो।

यसैगरी ०४४ सालको स्थानीय निर्वाचनमा पनि कतिवटा ठाउँमा विपक्षी राजनीतिक व्यक्तिहरूले आफ्नो नियन्त्रण कायम गरे। आफ्नो राजनीतिक आस्थालाई निरन्तरता प्रदान गर्ने क्रममा ती व्यक्तिहरूलाई माथिवाट निर्देशित काम नगरेको निहुँमा सरकारले निलम्वन गर्ने र अनाहकमा दुःख दिने काम गर्न थाल्यो। ०४६ सालको ऐतिहासिक संयुक्त जनआन्दोलनको दौरानमा राजनीतिक आस्था र प्रतिबद्धताका साथ निर्वाचित जनप्रतिनिधिहरूले आन्दोलनकारी शक्तिको आह्वानबमोजिम देशमा बहुदलीय संसदीय प्रजातन्त्रको स्थापनामा आ-आफ्नो ठाउँबाट सहयोग र जनशक्ति परिचालन पनि गरे।

बहुदलको स्थापना पछिको स्थिति

ऐतिहासिक जनआन्दोलनको परिणामस्वरूप ०४६ साल चैत २६ गते तत्कालीन संविधानबाट निर्दलीयता शब्द भिकियो र जनआन्दोलनकारी शक्तिले प्राप्त अधिकारहरूको संरक्षण र उपयोग गर्दै आन्दोलन अगाडि बढाइरहेकाले ०४७ वैशाख ३ गतेको शाही घोषणाबाट पंचायती व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्थाको पुनर्स्थापना भयो। ०४७ वैशाख ६ गते नेपाली कांग्रेसका तत्कालीन कार्यबाहक सभापति कृष्णप्रसाद भट्टराईको प्रधानमन्त्रित्वमा नेपाली कांग्रेस, संयुक्त वाममोर्चा र राजाका प्रतिनिधिहरू रहेको ११ सदस्यीय अन्तरिम मन्त्रिमण्डलको गठन भयो। अन्तरिम सरकारलाई संविधान निर्माण गर्ने र १ वर्षभित्र संसदीय निर्वाचन सम्पन्न गर्ने दुई महत्वपूर्ण काम तोकियो। यसैबीच संविधान सुधार सुझावको नाममा वैशाख २८ गते राजाबाट घोषित आयोगको सर्वे पक्षबाट विरोध भएपछि जेठको पहिलो हप्तामा उक्त आयोग विघटन गरियो र मन्त्रिपरिषद्को सिफारिसमा सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश विश्वनाथ उपाध्यायको अध्यक्षतामा नेका, वाममोर्चा र राजाका प्रतिनिधिसमेत रहेको ९ सदस्यीय संविधान सुझाव आयोग गठन गरियो। ०४७ भाद्र २५ गते आयोगले आफ्नो प्रतिवेदन श्री ५ मा पेश गर्‍यो। नयाँ बहुदलीय संविधान जारी गर्ने विषयमा भएका विविध षडयन्त्र र अन्योललाई चिर्दै मन्त्रिपरिषद्ले सिफारिस गरेबमोजिम "नेपाल अधिराज्यको संविधान- २०४७" कार्तिक २३ गते घोषणा गरियो।

स्थानीय निकाय सम्बन्धी संवैधानिक एवं कानूनी व्यवस्था :

नेपाल अधिराज्यको संविधान २०४७ को भाग ४ मा राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू नामक शीर्षक अन्तरगत धारा २५ (४) मा "विकेन्द्रीकरणको माध्यमद्वारा जनतालाई शासनमा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई प्रजातन्त्रका लाभहरूको उपभोग गर्नसक्ने व्यवस्था कायम गर्नु राज्यको मुख्य दायित्व हुनेछ" भनिएको छ।

वर्तमान संविधानले पूर्व संविधानले व्यवस्था गरेको आञ्चलिक अवधारणा खारेज गरेको छ। अप्रत्यक्षरूपबाट क्षेत्रीय संरचनालाई संस्थागतरूप दिन खोजेको छ। संसदको माथिल्लो सदन राष्ट्रिय सभाको गठनसम्बन्धी धारा ४६ को उपधारा १ को (ग) मा "प्रत्येक विकास क्षेत्रका गाउँ र नगरका स्थानीय निकायका प्रमुख र उपप्रमुख तथा जिल्लाका स्थानीय निकायका प्रमुख, उपप्रमुख र सदस्यहरू मतदाता भएको निर्वाचन मण्डलद्वारा तत् तत् विकास क्षेत्रबाट तीन जनाका दरले एकल संक्रमणीय मतको आधारमा कानूनमा व्यवस्था भएअनुसार निर्वाचित हुने पन्ध्र जना सदस्यहरू" को व्यवस्था गरिएको पाइन्छ। संविधानको धारा १०४ (१) ले निर्वाचन आयोगलाई गाउँ, नगर र जिल्लाको चुनाव गराउने दायित्व सुम्पेको छ।

अन्तरिम सरकार गठन भएको २० दिनभित्र करीब ४ हजार तत्कालीन गाउँ पञ्चायत, ७५ जिल्ला पञ्चायत र ३३

नगर पञ्चायत विघटन गरियो र जेठ ७ गते श्री ५ बाट व्यवस्थापिकासम्बन्धी सम्पूर्ण अधिकारहरू तत्कालीन मन्त्रिमण्डललाई प्रयोग गर्न अधिकार प्रदान गरियो। यस क्रममा ०४७ सालमा नै गाउँ विकास समिति ऐन २०४७, नगरपालिका ऐन २०४७ र जिल्ला विकास समिति ऐन २०४७ जारी गरियो। अन्तरिम काल र ०४९ मा स्थानीय निकायको चुनाव हुँदासम्म स्थानीय निकायको काम माथि उल्लेखित कानूनको आधारमा सरकारले गठन गरेको समितिद्वारा गरियो।

निर्वाचन क्षेत्र निर्धारण गर्नका निम्ति संविधानको धारा १०५ मा निर्वाचन क्षेत्र निर्धारण आयोगको व्यवस्था गरिएको छ र उपधारा (३) ले "निर्वाचन क्षेत्र निर्धारण आयोगद्वारा जिल्लाबाट निर्वाचित हुने सदस्य संख्या र निर्वाचन क्षेत्रको सीमा निर्धारण गरिएको विषयमा कुनै अदालतमा प्रश्न उठाइने छैन" भनी असीमित एवं अकुण्ठित अधिकार दिएको छ। यस्तै जिल्ला विकास समिति ऐन ०४८ को दफा ४ मा "श्री ५ को सरकारले कम्तिमा ९ र बढीमा १७ इलाकामा विभाजन गर्नेछ" भनिएको छ। सोही ऐनको आधारमा ०४९ जेठ १५ र १८ गते दुई चरणमा गरी गाविस तथा नगरपालिकाको चुनाव सम्पन्न भयो। ०४९ असारमा जिल्ला विकास समितिको चुनाव भयो।

जसरी निर्देशित एवं नियन्त्रित पंचायती व्यवस्थामा तल्ला स्थानीय निकायलाई निलम्बन वा भंग गर्नका निमित्त गाउँ पञ्चायत ऐन ०१८ को दफा ६२/६३, नगर पञ्चायत ऐन २०१९ को दफा ४४/४५ र जिल्ला पञ्चायत ऐन ०१९ को दफा ४० ले श्री ५ को सरकारलाई जुन अधिकार प्रदान गरिएको थियो, त्यही अधिकार २०४८ सालमा बनेका गाउँ विकास समिति ऐन २०४८ को दफा ५०, नगरपालिका ऐन २०४८ को दफा ६९ र जिल्ला विकास समिति ऐन २०४८ को दफा ५८ ले श्री ५ को सरकारलाई प्रदान गरेको पाइन्छ। यी दुवै कानूनमा श्री ५ को सरकारले स्थानीय निकाय निलम्बन गरेको खण्डमा उपचार वा विरोध गर्न पाउने व्यवस्था गरेको पनि देखिंदैन।

विकेन्द्रीकरणसम्बन्धी आयोग र प्रतिवेदनहरु :

०२० साल वैशाख २९ गते तत्कालीन राष्ट्रिय पञ्चायतका अध्यक्ष विश्वबन्धु थापाको अध्यक्षतामा २१ सदस्यीय उच्चस्तरीय प्रशासन शक्ति विकेन्द्रीकरण आयोग गठन गरिएको थियो र उक्त आयोगले "गाउँ पञ्चायतले मन्त्रिपरिषद्को रूपमा कार्यकारिणी काम गर्ने, गाउँसभाले विधायिकाको काम गर्ने, जिल्लामा जिल्ला सभाले विधायिकाको काम र जिल्ला पञ्चायतले जिल्ला मन्त्रिपरिषद्को कार्यकारिणीको काम गर्ने परिकल्पना गरी गाउँ, नगर र जिल्लाका कार्यकारिणी सदस्यहरूलाई विषयगतरूपमा कृषि, स्वास्थ्य, शिक्षा, सिंचाई, वन आदिको कार्य विभाजन गरेर काम गर्ने सुझाव दिइएको थियो। ०२२ सालमा सरकारले जारी गरेको विकेन्द्रीकरण योजनामा पनि ७५ जिल्ला र १४ अञ्चल बनाई बडाहाकिम पद खारेज गर्‍यो। यसपछि ०२४ सालमा भोजराज घिमिरेको अध्यक्षतामा २१ सदस्यीय विकेन्द्रीकरण समिति गठन गरियो। यस समितिले आफ्नो प्रतिवेदनमा "उच्चस्तरीय प्रशासन शक्ति विकेन्द्रीकरण आयोग ०२० ले दिएका सुझाव पञ्चायत व्यवस्था अनुकूल नभएकाले १२ वर्ष समयावधिसहित संशोधन गरी समयानुकूल गर्नुपर्ने तथा प्रमुख जिल्ला अधिकारी सचिवको पदबाट हटी जिल्ला पञ्चायतको निर्णय कार्यान्वयन गर्ने र जिल्लामा शान्ति सुरक्षा कायम गर्ने गरी व्यवस्था हुनुपर्ने" सुझाव पेश गरेको थियो।

यसैगरी तत्कालीन मन्त्री वेदानन्द झाको अध्यक्षतामा ०२५ सालमा प्रशासन सुधार आयोग गठन गरियो। यस प्रतिवेदनमा "पंचायत विकास अधिकारीलाई जिल्ला पंचायतको सचिव बनाउने र विकाससँग सम्बन्धित प्राविधिक कार्यालयहरू जिल्ला पंचायतअन्तर्गत राखी काम गर्नुपर्ने" सुझाव दिएको थियो। यस्तै ०२६ सालमा जयप्रकाशको अध्यक्षतामा १५ सदस्यीय विकेन्द्रीकरण समिति गठन गरेको थियो। यसै क्रममा ०२८ सालमा स्थानीय प्रशासन अध्यादेश जारी गरियो भने ०३१ सालमा जिल्ला प्रशासन योजना प्रकाशमा आयो। यस्तै ०३२ सालमा डा. भेषबहादुर थापाको अध्यक्षतामा दश सदस्यीय प्रशासन सुधार आयोगको गठन गरियो। यसपछि ०३५ सालमा एकीकृत पञ्चायत विकासको प्रारुप र ०३७ सालमा स्थानीय विकास मन्त्रालयको कार्यपत्र प्रकाशमा आयो भने ०३८ सालमा रणधीर सुब्बाको संयोजकत्वमा ६ सदस्यीय विकेन्द्रीकरण उपसमिति गठन गरियो। यसले गाउँ पञ्चायतलाई विकास आयोजनाको प्रारम्भिक तह बनाउने र न्यायिक अधिकार प्रयोग गर्न दिने, विकाससँग सम्बन्धित सबै जिल्लास्तरीय कार्यालयहरूलाई जिल्ला पंचायत सचिवालयको शाखाको रुपमा राखी स्थानीय विकास अधिकारीले विभागीय प्रमुखको काम गर्नुपर्ने र विकेन्द्रीकरण सम्बन्धमा छुट्टै ऐन नियम बनाउने एवं यससित बाझिने अरू ऐन नियम स्वतः रद्द हुने व्यवस्था मिलाई प्रभावकारीरूपमा संचालन गर्नेलगायत्का सुझाव दिएको थियो। यसले दिएका सुझाव कार्यान्वयन गर्ने क्रममा ०३९ सालमा तत्कालीन पंचायत नीति तथा जाँचबुझ समितिका अध्यक्ष मरीचमान सिंहको अध्यक्षतामा ९ सदस्यीय उपसमिति गठन गरियो र यसले राखेको प्रस्तावअनुरूप ०४१ पुस १४ गतेदेखि विकेन्द्रीकरण ऐन र नियम कार्यान्वयनमा ल्याइयो।

वि.सं. ०२० देखि ०४१ सालसम्म विभिन्न नाममा विकेन्द्रीकरणसम्बन्धी समिति बने पनि व्यावहारिक कार्यान्वयन भएनन्। अझ हरेक समितिले अघिल्लो समितिको प्रतिवेदनको औचित्य नरहेको बताउँदै आफ्नो दायित्व पूरा गरेको महसुस गरेका छन्। विकेन्द्रीकरण तथा स्थानीय स्वायत्त शासनसम्बन्धी अर्को आयोग २०५३ मा गठन भयो।

स्थानीय निर्वाचन र राजनीतिक दल

(क) नेपाली कांग्रेस

२०१५ को प्रथम संसदीय निर्वाचनमा दुई तिहाई मत प्राप्त गरी सरकार बनाएको र ०४८ सालको संसदीय

निर्वाचनमा स्पष्ट बहुमत प्राप्त गरी सरकार बनाएको नेपाली कांग्रेसको विकेन्द्रीकरण एवं स्वायत्त शासनसम्बन्धी दृष्टिकोण ००८ सालमा विपी कोइरालाद्वारा लिखित "हाम्रो नयाँ कदम" शीर्षकको लेखमा स्पष्ट पारिएको छ। उक्त लेखमा "देशको शासनको विकेन्द्रीकरण पनि प्रजातन्त्रवादको मुख्य अंग हो। देशका प्रत्येक नागरिकले शासन व्यवस्थामा भाग लिनसक्यो भनेमात्र यथार्थरूपमा प्रजातन्त्र जनताको हुन्छ। यसो भएमात्र ग्राम पंचायत र जिल्लाका स्वायत्त शासनमा स्थानीय जनताले भाग लिन सक्छन्। यसो भएमात्र देशमा उत्तरदायित्वपूर्ण नागरिकहरू बन्न सक्छन्। विकेन्द्रीकरणकै आधारमा नागरिकहरूमा सच्चा देशभक्तिको बलियो भावना पैदा हुन सक्दछ" भनिएको छ। यही नीतिलाई ०१५ सालको संसदीय चुनावी घोषणापत्रमा पनि निरन्तरता दिइएको पाइन्छ।

०४७ सालमा बहुदलीय व्यवस्थाको स्थापनापछि ०४८ सालको संसदीय चुनावमा पनि नेपाली कांग्रेसले स्थानीय तहको विकासको निम्ति विकेन्द्रीकरण एवं स्थानीय सरकार वा स्वायत्त शासनको नारालाई अगाडि बढाएको पाइन्छ। यस क्रममा देशको प्रशासनिक क्षेत्रमा व्याप्त समस्या समाधान गर्न ०४८ सालमा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको अध्यक्षतामा उच्च स्तरीय प्रशासन सुधार आयोगको गठन गरिएको थियो। उक्त आयोगले विकेन्द्रीकरण एवं स्वशासन सम्बन्धमा गरेको सिफारिसमा "विभिन्न विषय क्षेत्रका अधिकारहरू गाउँ, नगर र जिल्ला विकास समिति जस्ता स्थानीय स्वायत्त सरकारहरूमा निक्षेपण गरिनुपर्ने शिक्षा, स्वास्थ्य, आवास, जलश्रोत, निर्माण, वन, स्थानीय विकास, वातावरण आदिमा छुट्टाछुट्टै निक्षेपण गर्नुपर्ने" भनिएको थियो। साथै निक्षेपण गरिएका सम्पूर्ण कार्य स्थानीय निर्वाचित निकायलाई ऐनद्वारा प्रदान गर्ने, नगरपालिकालाई स्वतन्त्र निकायको रूपमा विकसित गर्ने, स्थानीय निर्वाचित निकायलाई क्रमिकरूपमा आर्थिक क्षमता वृद्धि एवं स्थानीय श्रोत परिचालन गर्न उन्मुख गराउने, कर्मचारी छनोट एवं वृत्ति विकासका लागि निर्वाचित निकाय सेवा आयोगको व्यवस्था गर्ने, स्थानीय निर्वाचित निकायले स्वयंसेवी संघ र संस्थालाई प्रोत्साहन गर्ने तथा सेवामूलक कार्यमा संलग्न गर्ने नीति अपनाउने, निर्वाचित स्थानीय निकाय र स्थानीय समुदायबाट संचालन गर्न सकिने आर्थिक सम्भाव्यता भएका आयोजनाहरूका लागि पूँजी उपलब्ध गराउने उद्देश्यले बीस करोड रुपैयाँ पूँजी भएको स्थानीय विकास कोष स्थापना गर्ने" लगायत्का अन्य थुप्रै विषयमा सिफारिस गरेको थियो। उक्त आयोगले मन्त्रालयको संख्या घटाई १८ बनाउने पनि सिफारिश गरेको थियो।

नेपाली कांग्रेसको सरकारले आठौं पञ्चवर्षीय योजनामा विकेन्द्रीकरण र स्वायत्त सरकारको विषयमा एक नीति तयार गरेको थियो। जसअनुसार गाउँ, नगर तथा जिल्ला तहका निर्वाचित पदाधिकारीहरूलाई आफ्नो तहको विकासको अभिभारा दिने, स्थानीय स्वायत्त सरकारलाई आयोजनाहरूको तर्जुमा, साधनको बाँडफाँड, आयोजना कार्यान्वयन र लाभ वितरणसम्बन्धी निर्णय गर्नसक्ने अधिकार दिने जस्ता कुराहरू छन्। त्यस्तै विकेन्द्रीकरणलाई प्रभावकारी बनाउन प्राविधिक सेवामा वृद्धि, आर्थिक श्रोत बढाउन कर निर्धारण र बजेट निकासा, जनश्रम परिचालन, योजना तर्जुमा गर्दा स्थानीय महत्वलाई प्राथमिकता, उपभोक्ता समिति गठन र सबै कार्यहरूलाई पारदर्शी बनाउने जस्ता नीति अघि सारिएको थियो।

०५३ साल वैशाख २४ गते प्रधानमन्त्री शेरबहादुर देउवाको अध्यक्षतामा उच्चस्तरीय विकेन्द्रीकरण समन्वय समितिको गठन गरियो। उक्त समितिले ०५३ मंसीर २१ गते आफ्नो प्रतिवेदन सार्वजनिक गऱ्यो। प्रतिवेदनले विकेन्द्रीकरणको सिद्धान्तलाई स्थानीय स्वायत्त सरकारको अवधारणाबमोजिम लागु गराउने सिद्धान्त र नीति अवलम्बन गर्ने सम्बन्धमा सुझाव दिएको थियो।

०५३ वैशाख २६-२८ सम्म काठमाडौंमा सम्पन्न भएको नेपाली कांग्रेसको नवौं महाधिवेशनले यस सम्बन्धमा "विकेन्द्रित शासन पद्धतिद्वारा स्थानीय निकायलाई साधन, श्रोत, अधिकार र प्राविधिक जनशक्तिद्वारा सशक्त र जनमुखी बनाउने अठोट र निर्णय गर्दै आएको छ। त्यसैले देशको विद्यमान संविधानबमोजिम बढीभन्दा बढी जनसहभागितालाई प्रोत्साहित गर्ने किसिमले राज्यशक्तिको विकेन्द्रीकरण गर्नुपर्छ भन्ने आवाजलाई अनिवार्य र स्वाभाविक मान्छौं" भनिएको छ। जसअन्तर्गत गाउँलाई सिधै आर्थिक सहयोग पुऱ्याउने कार्यको थालनी भयो। यो कार्यक्रमअन्तर्गत ०४८ सालदेखि नै क्रमशः १० हजार, १५ हजार, ३० हजार र ५० हजारको रकम प्रत्येक गाविसलाई एकमुष्ठ उपलब्ध गराउँदै अहिले आएर प्रत्येक गाविसले प्राप्त गर्ने रु. ५ लाख यही नीतिको परिणाम हो भनी नेपाली कांग्रेसको पालाको सरकारी नीतिमा उल्लेख गरिएको छ। यद्यपि ०४८ सालदेखि नै नेपाली कांग्रेसले सम्पूर्ण विकास बजेटको ७० प्रतिशत गाउँको निम्ति छुट्याएको कुरामा जोड दिंदै आएको थियो।

(ख) नेकपा (एमाले)

नेपाल कम्युनिष्ट पार्टी (एमाले) को ०४९ मा सम्पन्न पाँचौं महाधिवेशनबाट पारित नेपाली क्रान्तिको कार्यक्रम "जनताको बहुदलीय जनवाद" मा विकेन्द्रीकरणको बारेमा "विकेन्द्रीकरणको सिद्धान्त, बहुदलीय राजनीतिक प्रणाली र स्थानीय स्वशासनको आधारमा सबै स्थानीय निकायहरूको निर्वाचन गरिनेछ। स्थानीय निकायहरूले नै आफ्नो क्षेत्रको विकास, निर्माण र प्रशासनको नेतृत्व र संचालन गर्ने संवैधानिक व्यवस्था गरिने छ" भनिएको छ। यस्तै महाधिवेशनबाट पारित कार्यक्रममा स्थानीय आवश्यकता र सम्भाव्यताको आधारमा स्थानीय तहदेखि योजना निर्माण गर्ने र स्थानीय, जिल्ला तथा क्षेत्रीय विकासको अवधारणाअनुरूप विकेन्द्रित योजना प्रणाली अपनाउँदा मात्र योजना प्रणालीलाई बढी प्रजातान्त्रिकसमेत बनाउन सकिने भएकोले "स्थानीय विकासको माध्यमलाई देशको समग्र विकासको नमूनाको

रूपमा अघि बढाइनेछ। यसको लागि योजना प्रक्रियामा तदनुरूपको सांगठनिक र संस्थागत व्यवस्था गरिने" भनिएको छ।

०५१ सालको मध्यावधि निर्वाचनपछि संविधानको धारा ४२(२) बमोजिम संसदको सबभन्दा ठूलो पार्टीको हैसियतले मंसीर १४ गते नेकपा (एमाले) को सरकार बनेपछि सरकारको नीति वक्तव्यले निर्देशित गरेबमोजिम ०५१ पुस ११ गते संसदको संयुक्त अधिवेशनमा अर्थमन्त्री भरतमोहन अधिकारीद्वारा प्रस्तुत गरिएको बजेट वक्तव्यमा "गरीबी उन्मूलन र देश विकास अभियानको थालनीको थलो ग्रामीण क्षेत्रलाई नै बनाइने छ। यसका लागि "आफ्नो गाउँ आफैं बनाऔं" भन्ने ग्रामीण विकास कार्यक्रम शुरु गरी यसलाई अभियानको रूपमा संचालन गरिनेछ। यस कार्यक्रमलाई विकेन्द्रीकरणको सिद्धान्तअनुरूप व्यवहारमा उतारिने कुरा उल्लेख छ। यस प्रयोजनका लागि "चालू वर्षको बाँकी अवधिका लागि "आफ्नो गाउँ आफैं बनाऔं" कार्यक्रमअन्तर्गत प्रत्येक गाउँ विकास समितिलाई रू. तीन लाखका दरले स्थानीय विकास अधिकारीमार्फत् सोझै रकम उपलब्ध गराउने व्यवस्था" गरिएको थियो। यसको साथै उक्त बजेटमा "पिछडिएका एवं अन्य आदिवासी विकास कार्यक्रमअन्तर्गत् विशेष कार्यक्रम संचालन गरिने, नगरपालिकाहरूलाई नगर विकाससम्बन्धी गुरु योजनाहरू तयार गरी कार्यक्रम संचालन गर्न प्रेरित गरिने, स्थानीय विकाससम्बन्धी दुर्गम विकास तथा अन्य कार्यक्रमहरू अझ बढी प्रभावकारी ढंगले संचालन गरिने, ग्रामीण क्षेत्रको विकासमा थप गति प्रदान गर्न पाँच विकास क्षेत्रमा जम्मा १५ वटा नमूना गाउँ निर्माण कार्यक्रम संचालन गरिने र कमैया बसोबास कार्यक्रमअन्तर्गत कमैयाहरूको व्यवस्थित बसोबासका लागि रू. एक करोड विनियोजन गर्ने कुरा तय गरिएको थियो।

०५२ साल असार २७ गते अर्थमन्त्री अधिकारीद्वारा सार्वजनिक वक्तव्यद्वारा प्रस्तुत गरिएको ०५२/५३ को बजेट वक्तव्यमा "प्रत्येक गाविसलाई ५ लाख उपलब्ध गराइने, नगरपालिकाका प्रत्येक वडालाई रू. २ लाखका दरले रकम उपलब्ध गराउने, स्थानीय विकास निर्माणको कार्य अधिराज्यभरमा सन्तुलित तथा समान स्तरमा अभिवृद्धि गर्ने, प्रत्येक निर्वाचन क्षेत्रलाई १५ लाखका दरले महिला विकास कार्यक्रमलाई ६७ जिल्लामा पुऱ्याउने एवं यसमा महिला तथा बाल विकास परिषद्ले समन्वयको भूमिका निर्वाह गर्ने, प्राविधिक जनशक्ति गाउँ तथा नगरपालिकाका वडास्तरमै उपलब्ध गराउन जनशक्ति विकास कार्यक्रमअन्तर्गत रू. १ करोड विनियोजन गरिएको र कमैयाहरूको सुव्यवस्थित कार्यक्रमको संचालनका लागि रू. ३ करोड एवं सुकुम्वासी समस्या समाधान कार्यक्रमका लागि रू. ४ करोड विनियोजन गरिएको थियो। यसको साथै सन्तुलित विकासको धारणाअनुसार "नौ स" को कार्यक्रम अगाडि ल्याइएको थियो।

नेकपा (एमाले) समेत संलग्न भै संयुक्त सरकारले तयार गरेको नवौं योजनाको आधारपत्रमा विकेन्द्रीकरण र स्थानीय विकासका उद्देश्य, नीति तथा कार्यनीतिमा पनि विकेन्द्रीकरण र स्थानीय विकासलाई प्राथमिकताका साथ जोड दिइएको छ। यस योजनामा विकेन्द्रीकरणसम्बन्धी उद्देश्य, नीति तथा कार्यनीतिका सम्बन्धमा पनि व्याख्या गरिएको छ।

(ग) संयुक्त जनमोर्चा

नेकपा (एकता केन्द्र) ले पार्टीगत रूपमा चुनावी संघर्षमा मौन बसे पनि संयुक्त जनमोर्चा नेपाल नामक संगठनको माध्यमबाट चुनावमा भाग लिएको थियो। यसले त्यस चुनावमा जम्मा ९ स्थानमा विजय हासिल गरी संसदको तेस्रो ठूलो पार्टीको रूपमा आफूलाई प्रस्तुत गर्न सफल भएको थियो। यसले ०४८ सालको संसदीय निर्वाचनमा जारी गरेको चुनावी घोषणापत्रमा विकेन्द्रीकरण र स्वायत्त शासनको बारेमा स्पष्टरूपमा उल्लेख नगरे पनि गाउँ तथा नगरको विकासको सम्बन्धमा "शहर केन्द्रित तथा क्षेत्रीयरूपले असमान विकासको नीतिमा परिवर्तन गरी शहर गाउँको सन्तुलित विकास तथा विभिन्न क्षेत्रहरूको समानरूपले विकास गर्ने नीति अनुशरण गरिनुपर्दछ र प्रत्येक गाउँमा बिजुली, खानेपानी, हेल्थपोष्ट, प्राथमिक स्कूल, टेलिफोन आदि पुऱ्याउने दीर्घकालीन योजना कार्यान्वयन गरिनु पर्दछ" भनिएको छ। नेपाल कम्युनिष्ट पार्टी (मसाल) ले ०४८ सालको संसदीय चुनाव बहिस्कार गरेको थियो।

(घ) नेपाल सद्भावना पार्टी

"मधेश समस्याका एक ही उपचार, मधेशियोंको चाहिए स्वशासनका अधिकार" भन्ने नाराका साथ नेपालको राजनीतिक रंगमंचमा पंचायतकालमा "नेपाल सद्भावना परिषद्" को नाममा र बहुदलको स्थापनापछि नेपाल सद्भावना पार्टीमा रूपान्तरित यस पार्टीले ०४८ साल र ०५१ को संसदीय चुनावमा क्रमशः ६ र ३ स्थानमा विजय हासिल गरी संविधानको मापदण्डबमोजिम राष्ट्रिय मान्यता प्राप्त पार्टीको रूपमा क्रियाशील रहेको छ। हिन्दी भाषामा लेखिएको यस पार्टीको ५-७ वैशाख ०५० मा सम्पन्न दोस्रो महाधिवेशनबाट स्वीकृत घोषणापत्रमा "देशमे संघीय संरचना के निर्माण की संवैधानिक मान्यताको उपयुक्त शासन प्रणाली मानती है। भाषा, संस्कृति, परम्परागत पहिचान एवं भौगोलिक एकरूपता के आधार पर, स्वायत्तता प्राप्त प्रान्तीय विभाजन पर ने.स.पा. बल देती है" भन्ने उल्लेख गरी यस पार्टीले आफूलाई प्रान्तीय वा संघीय शासनको हिमायती देखाएको छ। यसमा स्पष्ट पार्दै "स्थानीय एवं जिल्लास्तरीय निकायोंका वैज्ञानिक पुनर्विभाजन कर आर्थिक, सामाजिक भाषायी एवं सांस्कृतिक स्वायत्तता प्रदान कर जनताकी सत्ताको सुदृढ करने हेतु विधेयक निर्माण करके इसी संविधानका अंग बनाने से स्थानीय निकायसम्बन्धी विकृतपूर्ण वर्तमान कानून की समाप्ति एवं जनताको स्वशासनका वास्तविक अधिकार प्राप्त होगा" भनिएको छ। साथै "जनता की स्वशासन की आकांक्षाओ को

महज संसदीय बहुमतका शिकार सदैव बनाए रखना. इन निकायों के कथित स्वायत्तताका उपहास है" भन्दै "इस संविधानका सर्वाधिक त्रुटिपूर्ण प्रावधान मधेश एवं जनजाति विरोधी चरित्रको धारणा किये हुए हैं" भनिएको छ।

(ङ) राष्ट्रिय प्रजातन्त्र पार्टी

राप्रपाको चुनावी घोषणापत्रको अध्ययन गर्दा विकेन्द्रीकरणको सवालमा "स्थानीय निकायलाई स्वतन्त्रता दिने" मात्र उल्लेख गरेको पाइन्छ तर यस पार्टीले नेपाली कांग्रेसले झैं न त "क्षेत्रीय सरकार" को विषय उठाउन सकेको छ न त नेकपा (एमाले) झैं "स्थानीय स्वायत्तता र स्थानीय विकासको लागि थप बजेटको व्यवस्था" गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। अन्य सार्वजनिक सभा समारोहमा यस पार्टीले जेजसो भने पनि "स्थानीय निकायलाई स्वतन्त्रता" दिने बाहेक थप प्रतिबद्धता व्यक्त गरेको पाईदैन।

विगतका स्थानीय निर्वाचनहरुको सिंहावलोकन

नेपाल अधिराज्यको संविधान ०४७ लागू भएको ७ वर्षको यस समयमा मुलुकको राष्ट्रिय राजनीति र जनताको प्रजातान्त्रिक अधिकारलाई प्रभावित पार्ने गरी २ संसदीय आमनिर्वाचन, ३ संसदीय उपनिर्वाचन र २ स्थानीय निर्वाचन गरी ७ निर्वाचनका अभ्यासहरू नेपाली जनताले गरिसकेका छन्। विगतका निर्वाचन गतिविधि र त्यसका परिणामले सकारात्मक नकारात्मक असरहरु छोडेका छन्। ०५४ जेठ महिनामा सम्पन्न स्थानीय चुनावको विषयले संसदको १२ औं अधिवेशनलाई समेत प्रभावित गर्‍यो र स्थानीय निर्वाचन लगायत् विगतका चुनावका गतिविधिको बारेमा समेत अध्ययन छानविन गरी प्रतिवेदन पेश गर्न सर्वदलीय संसदीय संयुक्त समिति गठनसमेत गरियो र हाल उक्त समिति कार्यरत् रहेको छ।

स्थानीय तहको निर्वाचनसंग सम्बन्धित कानूनहरूमा कुनै कारणवश: निर्वाचित पद रिक्त हुन आएमा उपनिर्वाचनद्वारा पूर्ति गरिने भन्ने स्पष्ट व्यवस्था गरिएको थियो। जिल्ला विकास समितिको निर्वाचनमा उम्मेदवार हुनका निम्ति तल्लो तहमा निर्वाचित हुनु नै पर्ने पनि कानूनी व्यवस्था छ। जिल्ला विकास समिति ऐनको दफा ४ ले ९ देखि १७ सम्मको इलाका रहने व्यवस्था गरेकोले लगभग १ हजारभन्दा बढी तल्लो तहमा निर्वाचित जनप्रतिनिधि जिल्ला विकास समितिमा छानिएका थिए। तर विगत ५ वर्षमा उपनिर्वाचन गरिएको जानकारीमा आएन। विकेन्द्रीकरण र स्थानीय स्वायत्त शासन वा सरकारको चर्को आवाज उठाउने राजनीतिक पार्टी र तिनका माथिल्ला, जिम्मेवार व्यक्तिहरुले यस विषयमा चासो देखाएको समेत पाइएन।

विगतका चुनावहरूको तुलनात्मक अध्ययन गर्दा हाम्रा चुनावी काम कारवाही अस्वस्थ गतिविधितर्फ उन्मुख हुँदै गइरहेका छन्। अन्तरिम सरकारले सम्पन्न गराएको संसदीय चुनावमा चुनावपूर्व छिटफुट राजनीतिक घटना भए पनि चर्को हिंसात्मक क्रियाकलाप भएको पाइएन। पुनः मतदान गराउनुपरेका ठाउँको संख्या पनि त्यति धेरै देखिँदैन तर ०५० सालको संसदीय उपनिर्वाचनको समयदेखि चुनावी गतिविधि हिंसात्मक मोडतर्फ उन्मुख हुँदै गएको पाइन्छ। मानवअधिकार वर्ष पुस्तक १९९२ मा उल्लेखित घटनाहरूको विश्लेषण गर्ने हो भने ०४९ सालको स्थानीय निर्वाचनमा सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सिन्धुली, रामेछाप, पर्सा, काभ्रे, कास्की र रुपन्देहीमा गरी १२ जनाको मृत्यु भएको, देशका विभिन्न जिल्लाका ३६ ठाउँमा भएका कुटपिट र गोलीका घटनाबाट सयौं मानिसहरू पीडित भएका, ५० ठाउँमा बूथ कब्जा घटना भएका, ३५ ठाउँमा चुनावी अनियमितता भएको, १४ ठाउँको जबर्जस्ती नतिजा रद्द गरिएको र ७१ जनालाई झुटा मुद्दामा फसाइएको उल्लेख छ। यसरी ७५ जिल्लामध्ये ४० जिल्लामा निर्वाचन सम्बन्धी केही न केही घटना भएको देखिन्छ।

स्थानीय निर्वाचन ०४९ मा भएका केही हिंसा, धाँधली र अनियमित गतिविधिहरू :

पूर्वाञ्चल :

पाँचथर

०४९ जेठ १५ गते रानीटार गाविस वडा नं २ मा निर्वाचन भइरहेको बेला ईश्वरीप्रसाद तिमिल्सिनाले जाली नामावली ल्याई मत खसाल्न सुरु गरेपछि विवाद शुरु भयो। मतदान अधिकृतले सो कार्य भएकोमा क्षमा मागे भने उनकै आदेशमा सार्वजनिकरूपमा सबै मतपत्रहरू जलाइए र पुनः मतदानको सूचना टाँसियो। तर सोही समय निर्वाचन अधिकृतसमक्ष केही व्यक्तिहरुले बूथमा आक्रमण र आतंक गरी मतपेटिका खोसेर जलाइएको भन्ने प्रतिवेदन तयार गरे र सोको आधारमा ५ जनालाई पक्राउ गरी २२ दिनसम्म हिरासतमा राखियो।

ताप्लेजुङ

०४९ जेठ १६ गते खोक्लिङ गाविस वडा नं ९ मा डेरा गरी बसेका हरि साँवामाथि जिल्लाका राजनीतिक नेताहरूको निर्देशनमा एक उच्छृंखल जमातले मतदान गर्न नदिने दवाव दिएपछि उत्पन्न विवादको निहुँमा सांघातिक आक्रमण भयो। जसबाट पीडित हरि साँवाको टाउकोमा गम्भीर चोट लाग्यो। उनको हात र घुँडाको हाड भाँचियो।

०४९ जेठ १७ गते फुङलिङ गाविस वडा नं ९ बाल सुबोधिनी संस्कृत मा.वि.मा शान्तिपूर्वक मतदान भैरहेको बेला सोही गाविस वडा न. ८ का छत्रपति प्याकुरेलको नेतृत्वमा गाँउवाहिरबाट आएको हुलका कारण त्यहाँ विवाद सुरु भयो। विवाद बढ्दै गएपछि सोही गाविस वडा नं १ का वडा सदस्य पदका उम्मेद्वार चन्द्रबहादुर श्रेष्ठलाई एक्लै पारी खुकुरी र लाठीले कुटपीट गरी मरणासन्न अवस्थामा पुर्‍याइयो।

मोरङ

विराटनगर नगरपालिका-२ मा शान्तिपूर्ण मतदान भैरहेको बेला केही व्यक्तिहरूको आक्रमणबाट एक व्यक्ति घाइते भए। नेपाली कांग्रेसका जिल्ला सदस्यको नेतृत्वमा जीपमा आएको एउटा टोलीले पेस्तोल चलाएर, तरवार र लाठी चेन प्रयोग गरेर वडा नं २ र १३ को मतदान भाँडेका थिए। वडा नं ४ को बुथमा अवैध मतपत्रहरू खसालिएको थियो। यसैगरी वडा नं १५ मा निर्वाचन बदर गरिएको थियो। वडा नं १,५,६,७,११ र १७ मा पनि निष्पक्ष र शान्तिपूर्णरूपमा मतदान नभै एकपक्षीय रूपमा भएको थियो।

सुनसरी

०४९ जेठ १५ गते देवानगंज गाविसमा गलत तरिकाबाट भएको मतदानको प्रतिकार गर्दा प्रतिपक्षका उम्मेदवार एवं राजनीतिक कार्यकर्ताहरू दुःखीलाल मेहता, टीमाङ मेहता र मनोज मेहता घाइते भएका थिए। दुःखीलाल मेहता उपर डाँका मुद्दा दायर गरी जेल चलान गराइएको थियो।

घुम्की, श्रीपुर, जल्पापुर, भोक्राहा, हरिपुर गाविसमा पनि अशान्तिका घटनाहरू भएका थिए। हरिपुर गाविसमा भएको विवादमा परी प्रहरीले चलाएको गोलीबाट अवधनारायण सरवेता घाइते भए।

भुटाहा गाविसको चुनाव परिणामपछि निस्केको विजय जुलुसमाथि आक्रमण हुँदा करीब २५ जना घाइते भएका थिए।

धनकुटा

धनकुटा नगरपालिका- ६ को बुथमा मतदाताहरू मतदान गर्ने अधिकारबाट वञ्चित भए। धनकुटा नगरपालिका वडा सदस्य पदमा विजयी भएपछि पनि चिन्तन तामाङलाई जिल्ला विकास समितिको चुनावमा भ्रष्टाचार गरेको अभियोगमा उम्मेदवारी दिनबाट वञ्चित हुनुपरेको थियो। नाङ्खुवा गाविसका उपाध्यक्षका उम्मेदवार विष्णुप्रसाद लिम्बु र सोही गाविस-७ का सदस्यका उम्मेदवारलाई पेश्की फछ्र्यौट नगरेको भन्ने उजुरीको कारण उम्मेदवार हुनबाट वञ्चित गरिएको थियो।

सप्तरी

जेठ १८ गते मलेठ गाविसमा मतदानको अन्तिम समयतिर मतदान गर्ने लाइनमा ठेलाठेल हुनासाथ मतदान अधिकृतले गोली चलाउने आदेश दिए। पहिलोपल्ट प्रहरीले हवाइ फायर गर्‍यो। दोस्रो पल्ट चलाएको गोलीबाट रमिता हेरिरहेका मलेठ- ७ निवासी ३६ वर्षीय सुनर यादव घाइते भए।

सकरपुर गाविसमा जेठ १८ गते मतगणना गर्दा उपाध्यक्ष पदमा कांग्रेसका उम्मेदवार विजयी घोषित भएपछि सद्भावना पार्टी पक्षले पुनः मतगणना गराउने माग गर्‍यो। दोस्रो र तेस्रो पल्ट मतगणना गर्दा सद्भावनाका उम्मेदवार विजयी भएपछि कांग्रेसका कार्यकर्ताले निर्वाचनका सामाग्री खोस्न खोजे। निर्वाचन अधिकृत र प्रहरीहरू गोलीको सहारा लिँदै सदरमुकाम राजविराजतिर लागे।

जेठ १९ गते दिउँसो १ बजेतिर प्रहरीले कोइलाडी गाविस- ७ को मलाह टोल नजिकै गोली चलाउँदा सोही गाविस-७ बस्ने ४० वर्षको सोतीलाल साहको घटनास्थलमा मृत्यु भएको थियो। यसै घटनामा अन्य २ जना घाइते भए।

यस जिल्लामा ०४९ जेठ १५ र १८ गते भएको स्थानीय निर्वाचनको क्रममा जिल्लाका विभिन्न ठाउँमा गोली चलेको थियो। फकिरा गाविसको राष्ट्रिय प्राथमिक विद्यालय फकिरामा भएको मतदान केन्द्रमा सद्भावना पार्टी र कांग्रेस पार्टीबीच जेठ १५ गते १२ बजे विवाद भएको थियो। मतदान केन्द्रभन्दा करीब आधा किलोमिटर दक्षिणमा कांग्रेस र सद्भावना पार्टीबीच भएको यो विवादमा गोली चल्दा फकिरा गाविस-२ निवासी ५५ वर्षीय रामप्रसाद सिंहको गोलीबाट मृत्यु भयो।

सिराहा

०४९ जेठ १५ र १८ गते गरी २ चरणमा भएको स्थानीय निर्वाचनको क्रममा यस जिल्लाका ३ वटा गाविसहरूमा प्रहरीद्वारा गोली चलाइएको थियो।

जेठ १५ गते दिउँसो सुखचैना गाविस मतदान केन्द्रमा होहल्ला हुँदाहुँदै नेपाली कांग्रेसका तर्फबाट अध्यक्ष पदका र वडा नं. ५ का सदस्य पदका उम्मेदवारद्वय क्रमशः सूर्यनारायण यादव र चन्द्रनारायण यादवले पिस्तोल निकाले। वडा नं. ५ को मतदान प्रहरीले ३६ राउण्ड हवाइ फायर गर्‍यो। यही भागदौड र होहल्लामा एक भारतीय नागरिकले चलाएको बन्दूकको छर्राले वडा नं. १ निवासी २७ वर्षीय रामचन्द्र यादव घाइते भए। सोही दिन चन्द्रनारायण यादवले चलाएको पेस्तोलको गोलीबाट वडा नं. ५ निवासी तारकेश्वर यादव घाइते भएका थिए।

लक्ष्मीपुर गाविसमा निर्वाचनको क्रममा करीब २.३० बजेतिर गोली चल्दा नथुनी महतोको मृत्यु भयो। प्रहरीले आफ्नै दलका व्यक्तिले चलाएको गोलीबाट उनको मृत्यु भएको बतायो।

लँगडीगोठ गाविसमा दोस्रो चरणको निर्वाचनमा विहान ९ बजेपछि नै मतदान केन्द्र वरपर गोली चलेको थियो।

स्थानीय निर्वाचनको पहिलो र दोस्रो चरणमा सिराहा जिल्लाका अधिकांश क्षेत्रमा बल प्रयोग भएको थियो। भारतबाट भाडामा ल्याइएका लठैतहरूले मतदान केन्द्रहरूमा शक्ति प्रदर्शन गरेर जनतालाई मताधिकारको अवसरबाट वञ्चित गर्ने जस्ता कार्यहरू गरेका थिए।

दक्षिणी भेगमा पर्ने खिरौना गाविसको निर्वाचनमा सत्तापक्षले अरूलाई उम्मेदवारीसमेत दर्ता गर्न दिएन। उम्मेदवारी दर्खास्त दिने दिन वडा नं.६ को मतदान केन्द्र (इलाका पशु कार्यालय) मा खटाइएका कर्मचारीलाई कोठाभित्र बन्द गरेर ताला लगाइ उम्मेदवार हुन चाहने अरूलाई

उम्मेदवार हुन नदिएर निर्विरोध निर्वाचित घोषणा गरियो।

वर्सविटा गाविसको निर्वाचन दिउँसो २ बजेसम्म शान्त भएकोमा २ बजेपछि २ वटा जीपमा आएका नकावधारी धनुर्धरहरूले आतंक खडा गरे। उनीहरूले मतदातालाई लखेटेर मतदान भैसकेको वाकसवाट मतपत्र निकाली जलाए र बसेर अरू मतपत्रमा छाप लगाए। एकतर्फी मतपत्रले वाकस भरेपछि ३.३० बजेतिर जिल्ला प्रहरी कार्यालयमा मतपेटिका पुऱ्याए पनि सबै पार्टीले मतगणना बहिष्कार गरे तर नेपाली कांग्रेसका उम्मेदवार विजयी भएको घोषणा गरियो।

माडर गाविसमा करीव ११.३० बजे वर्सविटा गाविसमा जस्तै ३०/४० जना लाठीधारीहरूले मतदातालाई लखेटे। उनीहरूले कर्मचारीबाट मतपत्र खोसेर एकतर्फी छाप लगाए र परिणाम घोषणा गरियो। नेपाली कांग्रेसको तर्फवाट विजयी घोषित भएका जगत नारायण गोइतले जनताको प्रत्यक्ष मतदानबाट चुनाव नभएको बताउँदै नैतिकताको कारणले राजीनामा दिएको बताए।

मध्यमाञ्चल :

धनुषा

चोरा कोयलपुर गाविस- ८ को मतदान केन्द्रमा ०४९ जेठ ४ गते उम्मेदवारी दिन हिडेका संयुक्त जनमोर्चासँग सम्बद्ध ३५ वर्षीय रामसागर यादवलाई बाटो ढुकेर बसेका व्यक्तिहरूले गोली हानी हत्या गरे।

पटेर्वा गाविसको मतदान केन्द्रमा ०४९ जेठ १५ गते राजनीतिक झडप हुँदा गुमानी मुखियाको मृत्यु भयो।

बर्फे गाविसमा करीव ११ बजेतिर नेकपा (एमाले) र नेपाली कांग्रेसबीच विवाद भयो। मतदान प्रतिनिधिहरूबीच कुटपीट हुन थालेपछि २ वटा पेस्तोल र २०,२२ वटा लाठी बोकेका व्यक्तिहरूको जत्थाले मतदाताहरूलाई लखेटेर मतदान केन्द्र कब्जा गरेका थिए।

लगमा गाठागुठी गाविसको- ३ को मतदान केन्द्रमा नगडाइन गाविसबाट आएका करीव १ सय २५ जनाको जत्थाले होहल्ला गरेपछि मतदाता भागेकोले एकतर्फी मतदान भएको थियो।

देवपुरा रुपैडा गाविसको निर्वाचनमा करीव १० बजेतिर फर्जी मतको विषयमा विवाद शुरू भएपछि नेकपा (एमाले), राप्रपा र सद्भावना पार्टीका मानिसले नेपाली कांग्रेस पक्षधर मतदाता र मतदान प्रतिनिधिलाई लखेटेर मतदान चालू राखेका थिए।

बेगा गाविसको बुथमा विवाद भएपछि प्रहरीले अश्रुग्याँस प्रहार गऱ्यो। मतदाताहरू भागेपछि एकलौटी मतदान गरी सोहीअनुरूप निर्वाचन परिणाम घोषणा भएको थियो।

महोत्तरी

रनौली गाविसमा ०४९ जेठ १५ गते कुटपीट भएपछि पुनः २२ गते मतदान गराउँदा त्यस दिन पनि गोली चलेको थियो। सत्तापक्षका व्यक्तिहरूले चलाएको गोलीबाट अहिल्यादेवी हजाम, भिखारी यादवकी पत्नी र रामशंकर मण्डल घाइते भएका थिए।

इटहरवा कट्टीमा भएको निर्वाचनको विवादमा ०४९ जेठ १८ गते पहिले कुटपीट र पछि गोली प्रहार भयो। बाहिरबाट जीपमा हातहतियार बोकेर आएका व्यक्तिहरूले चलाएको गोलीबाट वडा नं. ६ निवासी ६० वर्षीय सत्यनारायण ठाकुरको मृत्यु भएको थियो।

जेठ १५ गते भ्रमरपुर गाविसमा ११ बजेदेखि होहल्ला र कुटपीट भै १२ बजे मतदान स्थगित भएकोमा मतदान अधिकृतसंग भएका मतपत्र खोसेर सत्तापक्षका व्यक्तिहरूले सोही दिन आफू विजयी भएको घोषणा गराएका थिए।

बथिया बन्चौरी गाविसमा जेठ १८ सत्तापक्षका २०,२५ जना व्यक्तिले मतदान केन्द्रमा विहान ८ बजेदेखि नै कुटपीट र होहल्ला गर्न थालेपछि ९.३० बजे मतदान स्थगित भयो। पुनः २ गते मतदान हुँदा विपक्षी उम्मेदवारहरूको घर लुट्ने, कुटपीट गर्ने र धम्की दिएर मतदान केन्द्रमा कसैलाई जान नदिएपछि सत्तापक्ष विजयी भएको घोषित गरियो।

सर्पलो गाविसको निर्वाचनको दिन फर्जी मतको विवादमा वडा नं १ का राजनारायण साहनी माथि कुटपीट भयो। टाउकोमा चोट लागेपछि मतदाताहरू भागे, त्यसपछि सत्तापक्षले एकतर्फी मतदान गरायो।

बनौटा गाविसमा गोपाल सेवा समितिका व्यक्तिहरूले प्रतिपक्ष समर्थक उम्मेदवारहरूलाई जातीय दबाब र सामाजिक बहिष्कारको धम्की दिए र केहीलाई कुटपिट गरे। त्यति गर्दा पनि नमाने उम्मेदवारको पसलमा तोडफोड र लुटपीट गरी नाम फिर्ता लिन बाध्य पारेर निर्विरोध निर्वाचन गराएका थिए।

सिन्धुली

दुधौली गाविसका विभिन्न पदमा ०४९ जेठ १ गते नामांकन पत्र भर्न आएका नेपाली कांग्रेस र नेकपा (एमाले) का कार्यकर्ताबीच मुठभेड हुँदा पुष्पकुमार दनुवारको हत्या भयो।

दुम्जा, टाँडी, लदाभीर, तोश्रामखोला झागाझोली, रतामाटा, अमले र तमाजोर आदि गाविसहरूमा सांघातिक हातहतियारको प्रदर्शन गरी विपक्षीहरूलाई नामांकन गर्न नदिई सम्पूर्ण पदहरूमा सत्तापक्षका उम्मेदवारहरू निर्वाचित भएको घोषणा गरियो।

रामेछाप

०४९ साल जेठ १० गते टोरम्वा गाविस वडा नं ८ ढोड गाउँ बस्ने राजनीतिक कार्यकर्ता भुवनलाल थापा मगरलाई डडुवा गाविस मसिरे मिलअसारे भन्ने ठाउँबाट गुण्डाहरूले अपहरण गरी बेपत्ता पारे। थापा सन् १९९७ को अन्त्यसम्म फेला परेका छैनन्।

स्थानीय निर्वाचनको बेला राजनीतिक शक्तिहरूबीचको भिडन्तले गर्दा जिल्लाका सांसदलगायत् ५ सय व्यक्तिहरू जिल्ला छोडी अन्यत्र लागेका थिए। चुनावको बेला पक्राउ

परेका बेथान गाविस- २ बस्ने भुवन घिमिरेलाई प्रहरीले यातनामात्र दिएनन्, जेलभित्र साङ्लो पनि लगाइएको थियो। शिक्षकहरु धनबहादुर कार्की, युवराज पाण्डेय, नारायणिधि सुवेदी आदिलाई मन दिनबाट बञ्चित गर्ने उद्देश्यले बिना पूर्जी जिल्ला शिक्षा कार्यालय मन्थलीमा राखिएको थियो।

जेठ १५ गते मजुवा गाविसमा भएको चुनावमा अन्य पक्षका उम्मेदवारलाई मनोनयन पत्र दर्ता गर्न नदिएर एकपक्षीय रूपमा परिणाम घोषणा गरियो।

पकरबास गाविसमा सत्तापक्षीय दलले स्थानीय प्रशासनको मिलोमतोमा निर्वाचन तिथिभन्दा केही दिन अगाडिदेखि नै मतपत्र बाँडेको थियो।

चनख्रु गाविसको निर्वाचनमा निर्विरोध निर्वाचित भै प्रमाणपत्रसमेत प्राप्त गरेका स्वतन्त्र उम्मेदवारलाई स्थानीय प्रशासनको आडमा थुनछेक गरी पुनः निर्वाचन गराई एकपक्षीय रूपमा सत्तापक्षीय उम्मेदवार निर्वाचित भएको घोषणा गरिएको थियो।

राकाथुम गाविसको चुनावको क्रममा राजनीतिक शक्तिहरूबीच भएको मुठभेडमा सार्वजनिक सम्पत्ति क्षति हुनुका साथै निर्वाचनको परिणामलाई राजनीतिक दबाबमा रद्द गरी पुनः निर्वाचन गराई सम्पूर्ण पदहरू आफ्नो पक्षमा घोषणा गराइएको थियो। पछि निर्वाचन बिथोलेको र धनमाल क्षति पुर्‍याएको बहानामा ४७ जनामाथि सार्वजनिक अपराधको साथै १४ वटा मुद्दा अदालतमा चलाइएको थियो।

दोलखा

कालिंचोक गाविसका विभिन्न पदका लागि अन्य पक्षहरूलाई उम्मेदवारी मनोनयन पत्र भर्न नदिई एकपक्षीयरूपमा सबै पदहरूमा निर्विरोध घोषणा गरिएको थियो।

रौतहट

प्रतापपुर पलटुआ गाविसलगायत् अन्य गाविसमा ७ जनाभन्दा बढीको हत्या भएको थियो।

०४९ जेठ १ गते गौर नगरपालिकाका १ देखि ५ नं सम्मका वडाको चुनावमा व्यापक धाँधली, बम विष्फोट, हात हतियारको प्रयोग र पैसाको अथाह खोलो बगेको थियो। बम विष्फोट हुँदा काँक्रो बेचेर जीविकोपार्जन गर्ने एक जना काटिएका थिए भने सुरेश साहको दाहिने हातको बूढी औंला काटिएको थियो।

सखुवा गाविसमा बम प्रहार हुँदा घटनास्थलमा नै एक जनाको मृत्यु भएको थियो।

पर्सा

लखनपुर गाविसका राजनीतिक कार्यकर्ता फूलचन तेलीलाई राजनीतिक आक्रोश र प्रतिशोधको भावनाले गोली हानी हत्या गरिएको थियो। यसका साथै स्थानीय चुनावको क्रममा यस जिल्लामा ११ जनाको मृत्यु भएको पाइन्छ।

चितवन

भरतपुर नगरपालिका- ११ मा सत्तापक्षका व्यक्तिहरु लु. अ. ख. १३ नं. को जीपमा हातहतियारसहित आएर आक्रमण गर्दा एमाले र संजमो कार्यकर्ताहरु घाइते भएका थिए। एमाले र संजमोका ४ जना कार्यकर्तालाई सार्वजनिक अपराध मुद्दा लगाइयो। वडा नं. १४ मा राजकुमार श्रेष्ठलाई सख्त घाइते तुल्याइयो। वडा नं. १० मा नेकपा (मसाल) का उम्मेदवार तुलसी चापागाईंलाई चुनाव प्रचार प्रसारको क्रममा सत्तापक्षका व्यक्तिहरूले कुटेको र यस विषयको निवेदन प्रहरीमा गर्न जाँदा उल्टै चापागाईंलाई ज्यान मार्ने उद्योग गरेको मुद्दा लगाइयो।

काभ्रे

फलामेटार गाविस- १ बस्ने सूर्यमान पाख्रिनलाई सोही गाविस- ७ बस्ने नेपाली कांग्रेसका उम्मेदवार मानदेव ब्लोनले बन्चरो प्रहार गरी हत्या गरे।

भक्तपुर

चपाचो गाविसमा मतदान भैरहेको बेला फर्जी मत खसाल्न खोज्दा विरोध भएपछि नेमकिपाको तर्फबाट अध्यक्षका उम्मेदवार प्रेमकृष्ण प्रजापतीलाई सत्तापक्षका कार्यकर्ताले कुटपीट गरे।

धादिङ

जिल्लाको उत्तरी भेगका १० गाविसमा नेका र राप्रपा बाहेक अरु दलले कतिपय ठाउँमा मनोनयन पत्र समेत दाखिला गर्न सकेनन्। उत्तरी भेगका १० गाविसमा ७ ठाउँमा नेकाले र ३ मा राप्रपाले बुथ नै कब्जा गरेका थिए।

पश्चिमाञ्चल :

स्याङ्जा

०४९ जेठ १८ गते पुतलीबजार गाविसको चुनाव शान्तिपूर्ण किसिमले भै रहेको बेला शक्तिशाली नेताको आदेशमा मतदान अधिकृतले चुनाव स्थगित गराए।

सोही दिन वनथाक गाविसमा चुनाव भइरहेको बेला देवबहादुर खवास, कुमार गुरुङ र कमल खड्कासहित आएको एक जत्थाले सोही गाविस बस्ने विष्णुप्रसाद श्रेष्ठ, गंगाबहादुर वि.क. र बलराममाथि सांघातिक आक्रमण गरेका थिए।

जेठ १८ गते नै शिवालय गाविसमा मतदान कार्य समाप्त भएपछि मतगणनाको विषयलाई लिएर दुई पक्षबीच विवाद उत्पन्न हुँदा मतपेटिका फालियो। तर एकपक्षीयरूपमा ११ जनालाई निर्वाचन अपराध तथा सजाय ऐनअन्तर्गत मुद्दा चलाइएको थियो।

कास्की

०४९ वैशाख २८ गते भरतपोखरी गाविस-३

कालिकास्थान सरस्वती माविमा स्थानीय चुनावका लागि १० वर्षका केटाकेटीले समेत नाम दर्ता गरेकोमा विरोध गर्दा राजनीतिक कार्यकर्ता तुलराज आचार्यको हत्या गरियो।

रुपन्देही

०४९ जेठ १६ गते सिपवा गाविसमा नेका र राप्रपाका कार्यकर्ताबीच मुठभेड भयो। सोही क्रममा प्रहरीले चलाएको गोलीले राप्रपाका ओम प्रकाश यादवको घटनास्थल मै मृत्युभयो।

सिपवा गाविसमा नै चुनावमा प्रहरीले चलाएको गोलीले अर्को एक जनाको ज्यान गएको थियो।

जेठ १५ गते भैरहवा नगरपालिका वडा नं. ४, ८ र ९ मा भइरहेको चुनावमा कांग्रेस र सद्भावना पार्टीका कार्यकर्ताबीच झैंझगडा समेत भयो। त्यहा नेकाका कार्यकर्ताले सद्भावना पक्षको एउटा गाडी जलाइदिएका थिए।

१८ गते सिकटहन गाविसमा सेना तैनाथ गरी चुनाव गराइएको थियो र त्यहाँ गोलीसमेत चलेको थियो।

पर्वत

खुर्कोट गाविसको बुथमा एमाले र राप्रपाका उम्मेदवार तथा मतदातासमेतलाई लखेटी करीब १२.३० बजे अन्य गाउँका व्यक्तिहरू जम्मा पारी सत्तापक्षका कार्यकर्ताहरूले एकलौटी मत खसाएका थिए। साथै बुथबाट मतपेटिकाहरू स्थानीय छत्रराज रेग्मीको घरमा लगी त्यहीं गनेर परिणाम घोषणा गरिएको थियो।

पाङ गाविसको मतदान शान्तिपूर्ण किसिमले भैरहेको बेला १२.३० बजे अचानक सत्तापक्षको हुल आएर विपक्षी दलसंग सम्बन्धित उम्मेदवार र मतदातासमेतलाई हुल-हुज्जत गरी लखेटेका थिए।

पाङराङ गाविसको तीनकुलेमा सत्तापक्ष र प्रतिपक्षका कार्यकर्ताबीच अस्वस्थ प्रतिस्पर्धाका कारण आपसमा कुटपीट र हुल-हुज्जत भएको थियो। उक्त घटनामा सोही ठाउँका लोकबहादुर कुँवरलगायत् १० जना घाइते भएका थिए।

म्याग्दी

मुदी गाविसस्थित मतदान केन्द्रमा राप्रपाका पहलमान घर्ती र विद्यार्थी रामबहादुर पुर्जालाई पक्राउ गरियो। घर्तीलाई सार्वजनिक अपराध ऐन अन्तर्गत मुद्दा चलाइयो।

पुर्जा गाविसका अध्यक्ष ऋद्धिमान छन्त्यालले आफ्नो पार्टी नेपाली कांग्रेसका मतदाताहरूलाई बाटैमा रोकिएको बताउँदै मतपेटिका नै हुत्याइदिए। अन्ततः विवाद निकै बढ्दै गएपछि चुनाव नै स्थगित गर्ने सूचना जारी गरियो। तर उनीहरूका विषयमा उजुरी गर्ने पहलमान घर्तीमाथि सार्वजनिक अपराध गरेको अभियोगमा मुद्दा चलाइयो।

मध्यपश्चिमाञ्चल :

दाङ

०४९ जेठ १९ गते मानपुर गाविस- ४ मा एमालेका गिरिराज के.सी. लगायत केही व्यक्तिले वडा नं. ४ का निर्वाचित सदस्य गणेश चौधरीमाथि सांघातिक हमला गरेका थिए। त्यसपछि नेपाली कांग्रेसका कार्यकर्ताहरूले गिरिराज के.सी. र टोपेन्द्र के.सी. का घरहरूमा बम पड्काएर तोडफोड गर्नुका साथै बगैचा, घरभित्र रहेको अन्न र परेवाहरू समेत नष्ट गरेका थिए।

०४९ जेठ १७ गते राति उरहरि गाविस बस्ने प्रदीप देवकोटालाई स्थानीय चुनावको प्रचार प्रसार कार्य सकी राति 1 बजेतिर घर फर्केको बेला पारी सोही गाविस वडा नं. ५ र ७ को बीचमा पर्ने कलाहामा सोही गाविस वडा नं. ९ बस्ने रमेश भण्डारीले गोली प्रहार गरे। गोली प्रहारबाट प्रदीप देवकोटाको खुट्टामा चोट लागेको थियो।

रोल्पा

स्थानीय चुनाव यस जिल्लामा एकपक्षीयरूपमा भएका थियो। राङसी, राङकोट, जेलबाङ, जैमाकसेला, गुन्जाल, डरिबाङ, गाविसहरूमा अन्य राजनीतिक पार्टीका उम्मेदवारहरूलाई मनोनयनपत्र दर्ता गर्न नदिएर एकपक्षीयरूपमा परिणाम घोषणा गरिएको थियो। त्यस्तै कुरेली डुविडाँडा अमी गाविसहरूमा आफ्नो पक्षले चुनाव नजित्ने छाँट देखेपछि शान्तिपूर्ण र सुचारुरूपले चलेको चुनाव रद्द गरी पुनः चुनाव गराइएको थियो।

सल्यान

कतिपय गाविसहरूमा फरक विचारधारा राख्ने व्यक्तिलाई नामांकन पत्र नै भर्न दिइएन भने बामेलगायत्का गाविसमा फरक मत राख्नेहरू निर्विरोध निर्वाचित भएकोमा उक्त निर्वाचन नै रद्द गरी पुनः निर्वाचन गराइएको थियो।

हार्माकोट, स्वीकोट, त्वलंगा, देवस्थल, मूलखोला, त्रिवेणी, माझकोट, कोटमौला आदि गाविसहरूमा फरक मत राख्नेलाई भरसक उम्मेदवारी मनोनयन पत्र दर्ता गर्न पनि दिइएन।

बर्दिया

स्थानीय चुनावको क्रममा साने श्री गाविसको चुनावको परिणाम आए पछि जेठ १९ गते निस्केको विजय जुलुस माथि अर्को पक्षबाट हानथाप हुँदा तत्कालीन सांसद खगराज शर्मामाथि हमला भएको थियो।

स्थानीय निर्वाचनको प्रचार प्रसारको क्रममा स्थानीय ककौरामा निस्केको बालऱ्यालीमाथि प्रहरी हस्तक्षेप हुँदा ३ जना महिलासहित ५ जना घाइते भएका थिए।

दोस्रो स्थानीय निर्वाचनको घोषणा

कानूनतः ०४९ सालमा सम्पन्न स्थानीय निकायका

पदाधिकारीहरूको कार्यकाल ०५३ चैत मसान्तसम्ममा समाप्त हुने थियो। संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक पार्टीहरूका घोषणापत्र एवं चुनावी घोषणापत्रमा समेत स्थानीय निकायलाई स्वायत्तता प्रदान गर्ने नीति भएकोले सरकारको तर्फबाट कार्यदल निर्माण गरिएको थियो। त्यसले आफ्नो प्रतिवेदन ०५३ मंसीर महिनामा सार्वजनिक गरेको थियो। यसैबीच तत्कालीन देउवा सरकारले जिल्ला, नगर र गाउँका सदस्य एवं पदाधिकारीको कार्यावधि असार १५ सम्म बढायो। तत्कालीन सरकारले तत्सम्बन्धी कानून निर्माण गरेरमात्र स्थानीय तहको चुनाव गराउने कार्यक्रम रहेको सार्वजनिक गर्‍यो। ०५३ साल पुस महिनामा बसेको संसदको विशेष अधिवेशनमा तत्कालीन सरकार विरुद्ध ल्याइएको अविश्वास प्रस्तावको पक्षमा बहुमत नभएको र सरकारको पक्षमा पनि जम्मा ८४ मतमात्र परेकोले संसदको ११ औं अधिवेशनमा तत्कालीन प्रधानमन्त्री देउवाले विश्वासको मत प्राप्त गर्न नसकेको कारणले उक्त सरकार ढल्यो र राप्रपा संसदीय दलका नेता लोकेन्द्रबहादुर चन्दको प्रधानमन्त्रित्वमा नेकपा (एमाले), राप्रपा र सद्भावना सम्मिलित सरकार बन्यो। नयाँ सरकारले कार्यभार सम्हालेपछि संसदमा विश्वासको मत लिनेलगायत् संसदीय काम सम्पन्न गरेपछि संविधानबमोजिम संसदको अधिवेशनको अन्त्य भयो र सरकारले अध्यादेशको माध्यमबाट स्थानीय निकायको संरचनात्मक स्वरूप निर्धारण गरी कानूनबमोजिम स्थानीय निकायको दोस्रो चुनावी गतिविधि अगाडि बढायो।

स्थानीय निर्वाचनसम्बन्धी अध्यादेशमा सदस्यको योग्यताको सम्बन्धमा "नेपाली नागरिक" हुनुपर्छ भन्ने कुरा छुटेकोले अन्तरिम आदेश जारी गरी पाउँ भनी बालकृष्ण न्यौपानेले रिट निवेदन दिनुभएको थियो। सर्वोच्च अदालतले "स्थानीय निकायका गाविस र नगरपालिकाहरूमा निर्वाचन गराउँदा सदस्यको लागि चाहिने योग्यतामा नेपाली नागरिकता अनिवार्य गराउन सरकारलाई अन्तरिम आदेश जारी गर्‍यो। ०५४ वैशाख ७ गते "सिंहदरबारको अधिकार गाउँ, नगर र जनतामा पुऱ्याउने मूल नारासहित नेपाली कांग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले स्थानीय निर्वाचनका लागि पार्टी घोषणापत्र जारी गर्नुभयो र स्थानीय निर्वाचनको मुख्य मुद्दा विकेन्द्रीकरण रोज्ने कि केन्द्रीकरण भन्ने विषय रहेको घोषणापत्रमा उल्लेख गरियो।

राष्ट्रिय मान्यता प्राप्त गर्न नसकेका १८ राजनीतिक दलहरूले वैशाख ३ गते बैठक बसी "स्थानीय निकायको निर्वाचनमा दर्ता भएका सबै राजनीतिक दलहरूलाई पार्टीगतरूपले चुनाव चिह्न तोकिनु पर्दछ" भन्ने माग राखेर नयाँ मोर्चा गठन गरे। यस विषयमा निर्वाचन अयोगले ३ प्रतिशत नपाएका राजनीतिक पार्टीलाई प्रमुख-उपप्रमुखसमेत सातै जना उम्मेदवार उठाएमा लहरै एउटा चिह्न दिन मिल्छ नत्र स्वतन्त्र उम्मेदवारले पाउने चुनाव चिह्नमात्र दिन कानूनले बाध्य गरेको छ" भन्ने स्पष्टीकरण दियो भने नेपाली कांग्रेसले एक प्रेस विज्ञप्ति प्रकाशित गरी "कुनै पनि राजनीतिक दलले छुट्टै चुनाव चिह्न लिएर लड्न पाउने उसको संवैधानिक हक हो" भनेर साना दलको समर्थन गर्‍यो।

सरकारले संसदको अधिवेशन अन्त्यको लगत्तैपछि अध्यादेशद्वारा चुनाव गराउन खोज्नु गैर संसदीय आचरण र संसदीय सर्वोच्चताको अवमूल्यन हो भनी विरोध गरिएको भएता पनि निर्वाचन आयोगले चुनावी कार्यक्रम प्रकाशित गरेकोले सबै राजनीतिक पार्टीहरू स्थानीय निकायको चुनावी अभियानमा सहभागी भए। ०४९ सालको चुनावमा एउटै जिल्लामा पनि पहिलो र दोस्रो चरणमा तल्लो तहको चुनाव भएको थियो भने यस पटक ०५४ जेठ ४ र १३ गते क्रमशः पहिलो चरणमा पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चलमा र दोस्रो चरणमा पूर्वाञ्चल एवं मध्यमाञ्चलमा चुनाव सम्पन्न भयो।

०५४ भदौ १७ गते नेपाली कांग्रेसका सांसदहरूले ०५४ सालमा भएको स्थानीय निर्वाचनमा धाँधली भएकोले सर्वदलीय संसदीय समिति बनाई छानबिन गर्नुपर्छ भन्ने माग राख्दै संसदमा विरोध शुरू गरे। यो क्रम १८ र १९ गते पनि चल्यो। अन्त्यमा ०५४ भदौ २० गते सभामुख रामचन्द्र पौडेलको अध्यक्षतामा बसेको सर्वदलीय बैठकमा सर्वदलीय संसदीय छानबिन समितिका बारेमा स्थानीय चुनाव ०५४ को सन्दर्भमा तिनको वास्तविकता खोजतलास गरी विगतका निर्वाचनहरूसमेतलाई अध्ययन गर्दै निर्वाचन प्रक्रियालाई निष्पक्ष, स्वच्छ र धाँधलीरहित गराउन के कस्ता उपायहरू अवलम्बन गर्नुपर्ने हो, सोको सुझावसहितको प्रतिवेदन पेश गर्न सर्वदलीय संसदीय संयुक्त समिति गठन गर्ने सहमति भयो।

यस पटकको स्थानीय चुनावमा ०५२ साल फागुन महिनादेखि जनयुद्ध संचालन गरेको नेकपा (माओवादी) ले बहिष्कार गरेकाले माओवादी जनयुद्धबाट प्रभावित रोल्पा, रुकुम, जाजरकोट, सल्यानलगायत्का जिल्लाका कतिपय गाविसको चुनावमा कसैले पनि भाग लिएनन्। कतिपय गाविसमा उम्मेदवारी फिर्ता लिइए र केही गाविसमा "मत" खस्न नै सकेन। प्रचलित कानूनमा एउटा विकास क्षेत्रको जिल्ला तहको चुनाव एकै पटक सम्पन्न गर्नुपर्ने बाध्यात्मक स्थिति भएकोले माओवादी जनयुद्धको कारणले गाविसको चुनाव नभएको हुँदा सिङ्गो त्यस क्षेत्रका १५ जिल्ला विकास समितिको चुनाव हुनसकेको छैन र चुनाव सम्पन्न भएको ६ महिना बितिसक्दा पनि निर्वाचन आयोगले यससम्बन्धी कार्यक्रम प्रकाशित गर्नसकेको छैन।

यस पटकको स्थानीय निर्वाचनमा पनि विगतका चुनावमा जस्तै हिंसात्मक गतिविधि तीव्र भए। चुनावको पर्यवेक्षण गरेको "मानवअधिकार संस्थाहरू" को टोलीले दिएको प्रतिवेदनअनुसार कोशी पश्चिमदेखि नारायणी पूर्वका सीमावर्ती तराईका जिल्लामा यस्ता घटनाहरू बढी देखिए। दोस्रो चरणमा सम्पन्न भएका ३५ जिल्लामध्ये २५ जिल्लाका ५६३ स्थानमा पुनर्मतदान भयो। यस्तै पहिलो चरणमा भएका ४० जिल्लामध्ये १४ जिल्लाका मतदान केन्द्रमा पुनर्मतदान

भयो। कतिपय ठाउँमा चुनाव सम्पन्न गर्नका निम्ति लामो समय प्रतीक्षा गर्नुपऱ्यो भने चुनावको दौरानमा नेपालगञ्जमा भड्केको साम्प्रदायिक हिंसामा एक जनाको मृत्यु हुनुका साथै स्थितिलाई नियन्त्रणमा लिन केही दिन कर्फ्यूसमेत लगाउनुपरेको थियो।

इलाम, पर्सा, गोरखा र अर्घाखाँचीमा भएको चुनावका विषयमा सर्वोच्चमा मुद्दा परी त्यस विषयमा अदालतले दिएको आदेशको कारणले गर्दा यी ४ जिल्लामा पनि जिल्ला विकास समितिको चुनाव हुन सकेको छैन। तर पर्सामा भने ०५४ फागुन ४ गते सबै जिल्ला विकास समितिको चुनाव नभएको कारणले गर्दा नेपाल अधिराज्यको संविधान ०४७ को धारा ४६(१) (ग) बमोजिम राष्ट्रिय सभाको निम्ति हुने ५ स्थानको चुनाव पनि हुन सकेको छैन।

गाविस एवं नगरपालिकाको ०५४ असार २३ गतेसम्मको प्राप्त चुनावी परिणामलाई विश्लेषण गर्दा कूल निर्वाचन हुन। १ लाख ८८ हजार १० पदमध्ये विविध कारणले गर्दा ३ हजार ८ सय २५ स्थानमा चुनाव हुन सकेन। कुल ७५ जिल्लामध्ये १९ जिल्लाका गाविस एवं नगरपालिकामा मात्र पूर्ण निर्वाचन परिणाम आएको छ। यस्ता जिल्लामा पूर्वाञ्चलका ५, मध्यमाञ्चलका ८, पश्चिमाञ्चलका १ र मध्यपश्चिमाञ्चलका ५ जिल्ला रहेका छन्। क्षेत्रगत हिसावले विश्लेषण गर्ने हो भने पूर्वाञ्चलमा सबभन्दा थोरै १ सय ३१ स्थानमा चुनाव हुन बाँकी छ भने सबभन्दा धेरै मध्यपश्चिमाञ्चलमा ३ हजार १ सय १७ स्थानमा चुनाव हुन सकेको छैन। यस क्षेत्रको रुकुम, सल्यान, जाजरकोट र रोल्पामा क्रमशः १ हजार ४ सय ५६ स्थान, ६ सय १ स्थान, ५ सय १७ स्थान र ४ सय ८६ स्थानमा चुनाव हुन सकेको छैन। यसै गरी पश्चिमाञ्चलको चुनाव हुन बाँकी ३ सय स्थानमध्ये गोरखा जिल्लामा मात्र १ सय ८६ स्थान बाँकी रहेको देखिन्छ। सुदूरपश्चिमाञ्चलमा १ सय ४८ स्थानमा चुनाव हुन बाँकी छ। यसरी अहिलेसम्म परिणाम आएका १ लाख ८४ हजार १ सय ८५ स्थानमध्ये नेकपा (एमाले) ले सवभन्दा वढी ९४ हजार २ सय ३ स्थान अर्थात् ५१.१५ प्रतिशत, नेपाली कांग्रेसले ५५ हजार ४ सय १५ स्थानमा अर्थात् ३०.०९ प्रतिशत, राप्रपा २२ हजार ९९१ स्थान अर्थात् १२.४८ प्रतिशत, सद्भावना पार्टीले २ हजार २७३ स्थान वा १.२२ प्रतिशत र स्वतन्त्र एवं अन्य पार्टीले ९ हजार ३ सय १३ स्थान वा ५.०६ प्रतिशत स्थानमा विजय हासिल गरेको देखिन्छ। ०४९ सालको स्थानीय चुनावी परिणामको तुलनात्मक अध्ययन गर्दा अहिले प्रथम स्थान प्राप्त गरेको नेकपा (एमाले) यसभन्दा अगाडि दोस्रो स्थानमा रहेको थियो भने पहिलो स्थानमा पुगेको नेपाली कांग्रेस अहिले दोस्रो स्थानमा आएको छ। यसरी मतदाताहरूले प्रतिनिधि चयनमा रूची परिवर्तन गरेको स्पष्ट देखिन्छ। ०५१ सालको मध्यावधि निर्वाचनपछि नेपालको राजनीतिक क्षेत्रमा देखिएको परिवर्तनको प्रभाव स्थानीय तहमा समेत परेको देखिन्छ।

हाम्रो देशको चुनावी राजनीतिको विश्लेषण गर्ने हो भने संसदीय चुनाव र स्थानीय चुनावप्रति सबै राजनीतिक पार्टी र शक्तिको चासो रहेको पाइन्छ। कुनै कारणवश संसदको पद खाली हुन आयो भने चुनावको निम्ति सबै तर्फबाट आवाज उठ्ने गरेको पाइन्छ। तर स्थानीय निकायको कुनै पद खाली हुन आयो भने सो पूर्ति गर्नको निम्ति कुनै आवाज उठेको पाइन्न र संविधानले चुनाव सम्पन्न गराउने दायित्व सुम्पेको निर्वाचन आयोगले पनि त्यस विषयमा कुनै कदम चालेको पनि पाइँदैन। ०४९ सालको जिल्ला विकास समितिको चुनावको कारणले खाली हुन आएको तल्लो तहको निकायको चुनाव नै नभैकन दोस्रो स्थानीय चुनाव भयो भने यस पटक ५६ जिल्ला विकास समितिको चुनावको कारणले इलाका सदस्य ७ सय १६ र सभापति एवं उपसभापति गरी १ सय १२ गरी जम्मा ८ सय २८ स्थान थप रिक्त भएको छ। तर यसप्रति पनि खासै जनचासो र जनगुनासो मुखरित भएको पाईदैन। संसदीय शासन प्रणालीमा मूलतः बहुमतको नेतृत्व र निर्वाचनको माध्यमबाट जनप्रतिनिधिको चयन गर्नुपर्नेमा मध्यपश्चिमाञ्चलका रुकुम, सल्यान, जाजरकोट र रोल्पामा विशेषरूपमा देखिएको माओवादी प्रभावको कारणले गर्दा सिङ्गो १५ जिल्लामा जिल्ला विकास समितिको चुनाव हुन सकेको छैन।

०४९ सालको स्थानीय निर्वाचन र अहिलेको स्थानीय निर्वाचनमा विशेषतः गाउँ र नगरको हकमा केही संरचनात्मक परिवर्तन गरिएको छ। पहिलो स्थानीय निर्वाचनमा अध्यक्ष, उपाध्यक्ष वा प्रमुख-उपप्रमुख र वार्ड सदस्यको चुनाव हुन्थ्यो र गाविस वा नगरपालिकाले "सल्लाहकार सभा" सदस्यको मनोनयन गर्ने कानूनी प्रावधान थियो। उक्त निर्वाचनमा एकजना व्यक्तिले तीन जनालाई मत दिनु पर्दथ्यो। तर यस पटक हरेक वार्डमा एक जना वार्ड अध्यक्ष र एक महिलासमेत ४ सदस्यको चुनाव गर्नुपर्ने हुँदा एकैचोटी ७ जनालाई मत दिनुपर्दथ्यो। यसरी संख्यात्मक रूपबाट यो चुनावमा धेरै मानिसहरूको चुनावी सहभागिता बढ्न गयो। कतिपय गाविसमा त आवश्यक पर्ने प्रस्तावक समर्थकसमेतको कमी रहेको पनि जानकारी प्राप्त भयो।

गत स्थानीय चुनावको सन्दर्भमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को आयोजनामा देशका सम्पूर्ण उपमहानगरपालिका, नगरपालिका, सदरमुकामस्थित गाविसका राजनीतिक पार्टीहरू एवं प्रमुख वा अध्यक्षबीच उम्मेदवार अन्तरक्रिया सम्पन्न गरियो। यो कार्यक्रम काठमाडौं महानगरपालिकाका प्रमुख र महिला उम्मेदवारबीच पनि सम्पन्न गरिएको थियो। नेपाल पत्रकार महासंघ र अन्य सामाजिक संस्थाले पनि विभिन्न ठाउँमा यस किसिमका कार्यक्रम आयोजना गरेका थिए।

यस पटकको स्थानीय निर्वाचनमा हरेक वार्डमा एक महिला सदस्य अनिवार्य उठाउनुपर्ने र यस पदमा महिलाहरूबीच मात्र प्रतिस्पर्धा हुने भएकोले निर्वाचित महिला सदस्यको संख्या लगभग चालीस हजार पुगेको छ र यो राजनीतिमा महिला सहभागिता बढाउन चालिएको सकारात्मक

पक्ष हो। तर खुला प्रतिस्पर्धामा महिलाहरू उठाउने र उनीहरूलाई नेतृत्व तहमा पुऱ्याउने विषयमा भने खास प्रगति भएको देखिँदैन। यस्तै जिल्ला विकास समितिको सभापति-उपसभापतिमध्ये ०४९ सालमा नेपाली कांग्रेसको तर्फबाट गुल्मी जिल्लामा सुवर्ण ज्वारचन एकमात्र महिला उपसभापति बनेकी थिइन् भने यस वर्ष चुनाव भएका ५६ जिल्लामध्ये भोजपुरको उपसभापति पदमा नेकपा (एमाले) बाट जयन्ती राई मात्र विजयी बनेकी छिन्। यसको साथै प्रस्तावित विकेन्द्रीकरणको अवधारणाअनुसार वार्ड सदस्यमा निर्वाचित व्यक्तिको हैसियत सम्बन्धित तहको (गाउँ वा नगरको) व्यवस्थापिकाको स्वरूप ग्रहण गर्ने र कार्यकारिणी तहमा वार्ड अध्यक्ष, प्रमुख, उपप्रमुख वा अध्यक्ष, उपाध्यक्ष रहने भएकोले नीति निमार्ण एवं कार्यान्वयन तहमा महिला संलग्नता कम देखिन्छ।

हरेक पार्टीले गाविसमा कम्तिमा ४७ जना उठाउनुपर्ने भएको र यस किसिमको यो पहिलो अभ्याससमेत भएकाले कतिपय ठाउँमा विभिन्न पार्टीहरूले आफ्नो उम्मेदवार तय गर्नुको साटो कोरम पुऱ्याउनका लागिमात्र भेटिएका व्यक्तिलाई उम्मेदवार बनिदिनुपऱ्यो भनी खडा गरेको पनि पाइयो। यसरी निर्वाचित जनप्रतिनिधिले पार्टीहरूका घोषित नीति र कार्यक्रमलाई के कसरी कार्यान्वयन गर्ने हुन् भन्ने चाहिं प्रतीक्षाको विषय बनेको छ।

यसै चुनावमा पार्टीको आधिकारिक उम्मेदवारको विरूद्धमा विद्रोही उम्मेदवारी दिने आफ्नै पार्टीका मानिसलाई हराउन लागिपर्ने जस्ता परम्परा पनि विगतको तुलनामा निकै बढ्यो र यो स्थानीय एवं जिल्ला तहको सभापतिमा समेत विद्रोही उम्मेदवारी दिएको पाइयो। नेकपा (एमाले) मा यो रोग तीव्र रूपमा पाइयो। झापा, सप्तरी र नुवाकोट जिल्लामा प्रमुख समस्याको रुपमा देखियो। झापामा त पार्टीले आधिकारिक उम्मेदवारको रूपमा अर्जुन राईलाई पार्टीको चुनाव चिह्न सूर्य दिएपछि उम्मेदवारी दिने दिन विद्रोहीको हैसियतले "तारा" चिह्न लिएका नरेश खरेल उम्मेदवार बने। चुनाव परिणाममा सूर्य चिह्न लिएका अर्जुन राई नै विजयी बने।

स्थानीय निर्वाचन पर्यवेक्षण प्रतिवेदन

दोस्रो स्थानीय निर्वाचनको सन्दर्भमा राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति नेपाल (नियोक) ले निर्वाचन पर्यवेक्षण गरी एक प्रतिवेदन सार्वजनिक गरेको थियो।

प्रतिवेदनमा केही क्षेत्रहरूमा सुरक्षाकर्मी र कर्मचारीहरूको कमी प्रत्यक्षरूपमा महसुस भयो भने अन्य केही क्षेत्रहरूमा प्रहरी एवं सैनिकको परिचालन भएबाट वातावरण त्रासपूर्ण बनेको पनि उल्लेख छ।

त्यस्तै निर्वाचन आयोगद्वारा जारी गरिएको आचारसंहितालाई निर्वाचनमा भाग लिएका राजनीतिक दलका प्रतिनिधिहरू, कार्यकर्ताहरू एवं उम्मेद्वारसमेतबाटै भएका केही उल्लंघनका घटनाहरू देखा परेको पनि प्रतिवेदनमा जनाइएको छ।

निर्वाचन आयोगद्वारा गरिएको व्यवस्थापन पक्ष बारे टिप्पणी गर्दै नियोकले भनेको छ-

"आवश्यक कर्मचारीहरू निर्वाचन कार्यमा परिचालन गर्न नसकनु एवं निर्वाचन संचालनमा सक्षम नहुनुको कारणबाट केही बुथहरूमा झुण्ड मतदाताहरू निर्वाचन क्षेत्रभित्र जम्मा हुने गरेको पाइयो, जसबाट निर्वाचन अव्यवस्थित हुनसक्ने स्थिति थियो।"

बहिस्कार पक्ष

माओवादीहरूबाट आह्वान गरिएको निर्वाचन बहिस्कारको नाराले निर्वाचन प्रभावित भएको, स्थानीय निर्वाचनको बहिस्कारको आह्वानबाट निर्वाचनमा भाग लिने सबै दलका उम्मेद्वार, कार्यकर्ता, मतदाता एवं जनमानस प्रभावित हुनुका साथै भयभित भएको, दलहरूले प्रचार प्रसार गर्न नसकेको, केही क्षेत्रहरूमा मतदाताहरू मतदानमै नगएको, नसकेको तथा नचाहेको एवं धेरै गाविसहरूमा उम्मेद्वारी दिन पनि नसकेको र कतिपय क्षेत्रहरूमा मनोनयन पत्र दाखिला गर्ने उम्मेद्वारहरूले समेत आफ्नो उम्मेद्वारी फिर्ता लिएको" कुरा उल्लेख गरिएको छ।

प्रकाशित प्रतिवेदनमा श्री ५ को सरकारद्वारा दोस्रो चरणको निर्वाचनमा पर्याप्त सुरक्षाको व्यवस्था गरिएको भनिएता पनि र निर्वाचन आयोगद्वारा निर्वाचन सुगम तरिकाबाट शान्तिपूर्ण एवं स्वतन्त्र ढंगले सम्पन्न गराउने सन्दर्भमा बारम्बार प्रतिबद्धता व्यक्त गरिएको भए पनि मतदाताहरूले कतिपय ठाउँहरूमा अपेक्षाकृतरूपमा सहज र स्वच्छ एवं सुरक्षित वातावरणको अनुभूति भने गर्न पाएनन् भनिएको छ। त्यस्तै प्रतिवेदनमा मूलतः कोशी पश्चिम र नारायणी पूर्वका तराईका जिल्लाहरूमा निर्वाचनका गतिविधिहरु हिंसात्मक र आतंकपूर्ण बनेको, सप्तरी, सिराहा, सर्लाही, धनुषा, बारा र रौतहट जिल्लामा हिंसाले उग्ररूप लिएको, कतिपय जिल्लाहरूमा दक्षिणी सीमापारिका आपराधिक तत्वहरूको समेत केही राजनीतिक दलहरूले उपयोग गरेको तथा अपराधी जत्थाद्वारा मतपेटिका लुटी सीमापारि पुऱ्याएको समेत जनाइएको छ।

कतिपय ठाउँहरूमा निर्वाचनको क्रममा मतदाता तथा उम्मेद्वारहरूमाथि साँघातिक हमला हुनु, हत्या गरिनु र मतपत्र, मतपेटिका लुटिनु तथा बम विस्फोटसमेत गरिनुले निर्वाचनको स्वतन्त्रता, सुनिश्चितता तथा शान्ति सुरक्षाको स्थितिलाई गम्भीर चुनौती दिइरहेको छ, हत्या, आतंक र लुटपाटमा संलग्न दोषीहरू सजिलैसँग उम्कन सक्ने स्थितिले निर्वाचन प्रक्रियाप्रति जनविश्वास सुदृढ हुन सक्तैन। कतिपय घटनाहरूलाई विश्लेषण गर्दा राजनीतिक दलहरूमा "जसरी भए पनि जित्नुपर्ने" प्रवृत्तिले प्रजातान्त्रिक मूल्य र मौलिक अधिकारको प्रत्याभूतिको मर्मलाई कुठाराघात गरेको छ। नियोकको प्रतिवेदनमा यी कुरा पनि समावेश छन्।

सत्तारुढ दलहरूलगायत् अन्य प्रतिस्पर्धी राजनीतिक दलहरूद्वारा आचारसंहिताको उल्लंघन गरिएका घटनाहरूले

जनमानसमा निर्वाचनको स्वच्छता एवं राजनीतिक दलहरुको इमान्दारितापृति गम्भीर प्रश्न खडा गरेको.

निर्वाचनमा प्रयोग गरिने मसीको गुणस्तर कमसल हुनु, मतदाता नामावली तयार गर्ने कार्य अवैज्ञानिक हुनु, निर्वाचन सामग्री अपर्याप्त हुनु, केही राजनीतिक दलका कार्यकर्ताहरूद्वारा नै हिंसाको मार्ग अवलम्बन गर्नुले निर्वाचन प्रक्रियालाई निर्वाध र शान्त परिवेशमा सम्पन्न गर्न व्यवधानहरू भएकोतर्फ पनि नियोकले सम्बन्धित पक्षको ध्यानाकर्षण गरेको छ।

स्थानीय निर्वाचन ०५४ मा भएका केही हिंसा, धाँधली र अनियमित गतिविधिहरू :

ताप्लेजुङ

सिनाम गाविस- २ मा राजनीतिक झडप हुँदा भरूवा बन्दूकको गोली लागेर थुम्केहीन-३ बस्ने मनोजकुमार लिम्बू घाइते भए।

सिराहा

गम्हरिया गाविसमा रहेको मतदान केन्द्रमा जेठ १३ गते झडप मै घाइते भएका गौरी साह तेलीको मिर्चैया हेल्थपोष्टमा उपचार हुँदाहुँदै मृत्यु भयो।

लगडी गोठ गाविसमा मतदानको बेलामा विवाद उत्पन्न भएकोले स्थिति नियन्त्रण गर्न प्रहरीले गोली चलायो। त्यसक्रममा गोली लागी घाइते भएका प्रहरी जवान हर्कबहादुर राई र स्थानीय व्यक्ति अमीरलाल यादवलाई उपचारार्थ हेलिकप्टरबाट काठमाडौं ल्याइयो।

ओखलढुंगा

फूलबारी गाविसमा रहेको मतदान केन्द्रमा दुई पक्षबीच विवाद हुँदा स्थिति नियन्त्रण गर्ने क्रममा प्रहरीले हवाइ फायर गरेको थियो।

सुनसरी

कुशाहा गाविसमा भएको तनावको कारण प्रहरी र जनताबीच भएको झडपमा परी १ जनाको मृत्यु भयो।

भोक्राहा गाविसका वडाअध्यक्षका स्वतन्त्र उम्मेदवार इन्द्रदेव यादवको चुनावी भिडन्त हुँदा घटनास्थल मै मृत्यु भयो। लौकही गाविस वडा नं. ५ की जानदेवी मण्डलको उपचार गर्दागर्दै मृत्यु भयो र बनमा यात्रा गर्दै रहेकी एक भारतीय महिलालाई गोली लागी मृत्यु भयो। सो घटनामा द्वारिकालाल यादव, धनिकलाल उराव, चित्तनारायण यादव, शंकर साह, अयुब मन्सुरी र बिन्देश्वर यादव घाइते भए। यस्तै दिगम्बरप्रसाद यादव, बुलबुल दास, धीरेन बस्नेत, दुखा मण्डल घाइते भएका थिए। यस्तै प्रहरी तर्फका गजेन्द्र थापा र गोविन्द गौतम पनि घाइते भएका थिए।

राप्रपाका कार्यकर्ताहरूले पश्चिम कुशाहामा चक्काजाम गरी २० भन्दा बढी गाडीहरू तोडफोड गरे। यसबाट १० जना घाइते भए। त्यसपछि प्रहरीले लाठीचार्ज गर्दा पनि स्थिति शान्त नभएपछि २ सेल अश्रुग्याँस प्रयोग गरियो र २० राउण्ड हवाइ फायर गरिएको थियो।

सर्लाही

कविलासी मतदान केन्द्रमा रामबरण राय र दिनकर रायको मृत्यु भयो। दक्षिणी भेगका अधिकांश मतदान केन्द्रमा बन्दूक प्रयोग गरी बुथ कब्जा गरिएकाले ३७ मतदान केन्द्रमा चुनाव स्थगित भयो।

मलंगवामा हात हतियारले सुसज्जित २ जना भारतीय नागरिकलाई प्रहरीले पक्राउ गऱ्यो। उनीहरूले आफूलाई पेशेवर अपराधी भएको स्वीकार गर्दै स्थानीय चुनावमा नेकाले बोलाएको कुरा बताए। हजारियामा एमाले र नेकाका कार्यकर्ताबीच मुठभेड हुँदा प्रहरीले १० राउण्ड गोली चलाएको थियो।

सिन्धुली

शान्तेश्वरी, नामाजो र नेत्रकाली गाविसको बीचमा पर्ने जंगलमा शाही नेपाली सेनाको एक टोलीले तरवार, भाला, लाठी र खुकुरी बोकी हिँडेका ५ जनालाई पक्राउ गऱ्यो। कोटगाउँमा चुनावी विषयमा विवाद हुँदा शेरमान तामाङ, विनोद दाहाल, बद्री सूर्यवंशी, सन्तबहादुर अधिकारी र रामबहादुर घलानलगायत् ९ जना कार्यकर्ता घाइते भए।

बारा

कबही जट्टीको मतदान केन्द्रमा होहल्ला भएपछि प्रहरीले हवाइ फायर गऱ्यो र त्यसपछि प्रहरीसमेत फरार भएका थिए। मतदान केन्द्र नजिकै लुकेर बसेका भारतीय व्यक्तिहरू र गाविस अध्यक्ष उम्मेदवार रामनारायण सिंहले १० राउण्ड गोली चलाउँदा कालम मुस्दिन, अतुल अन्सारी, मकबुल अन्सारी, मिराज अन्सारी, लुकमान अन्सारी, अजमद अन्सारीलगायतका १८ जनालाई गोली लाग्यो।

टेढाकट्टी गाविस-४ मतदान केन्द्रमा ९.३० बजे नेकाका नागेन्द्र सिंह र उनले भारतबाट ल्याएका डाँकाहरूले गोली चलाउँदा नेकपा (एमाले) का कार्यकर्ता ४५ वर्षीय बुझावन महतोको गोली लागी मृत्यु भयो। त्यस्तै पुनीतराम यादव गोली लागी खेतमा लडे। दहियार गाविसको मतदान केन्द्रमा मतदातालाई प्रभावित गर्न राप्रपाका जयराम यादव र बलराम यादवले ३ राउण्ड गोली चलाए।

गंजभवानीपुरमा पनि बुथ लुट्ने काम भयो। मेटर्वा गाविसमा प्रहरीबाट नै मतपत्रमा छाप हान्ने काम भयो। बारा जिल्लाका कुल ३१ ठाउँमा चुनाव स्थगित भयो।

धादिङ

मैदी गाविसमा राजेन्द्रप्रताप शाहको उजुरीका आधारमा

निर्वाचन अधिकृत (कृषि विकास बैंक शाखा कार्यालय धादिङवेंसीका शाखा अधिकृत) दुर्गादास महर्जनलाई निलम्बन गरियो। यस कारवाहीको बारेमा दुर्गादास महर्जनको भनाई छ - "त्यो ठाउँ प्रमुख निर्वाचन आयुक्तको गृह गाउँ रहेछ। राजेन्द्रप्रताप शाह पनि उहाँको भाइ हुनुहुँदो रहेछ। त्यसैले मलाई निलम्बन गर्ने जस्तो अन्यायपूर्ण कारवाही भएको छ।"

रामेछाप

लखनपुर गाविस-२ का वडाध्यक्ष उम्मेदवार भवनाथ गौतमको घरमा नेकपा (माओवादी) का कार्यकर्ताहरूबाट शिशीमा विष्फोटक पदार्थ राखी पड्काइएको थियो। कठजोर गाविसको नीलकण्ठेश्वर मा.वि. मतदान केन्द्रको चुनावमा प्रहरीद्वारा ६ राउण्ड हवाई फायर भएको थियो। तिल्पुंग गाविसमा नेकपा (एमाले) र नेकाबीच भएको विवादको कारण चुनाव रोकिएको थियो। देउराली गाविसमा आँखा राम्ररी देख्न नसक्ने मतदाताहरूको मत खसाइदिने क्रममा एमाले, कांग्रेस र राप्रपाबीच विवाद हुँदा मतदान कार्य नै स्थगित गरिएको थियो।

धनुषा

खजुरी महुवा गाविसमा शान्ति सुरक्षाका लागि खटिएका खजुरी थानाका प्रहरी निरीक्षक मुकेश सिंहमाथि धारिलो हतियारले प्रहार गरी गम्भीर घाइते तुल्याइएकोमा उपचारार्थ हेलिकप्टरबाट काठमाडौं ल्याइयो। नकटाझिज गाविसमा रहेको मतदान केन्द्रमा दुई पक्षबीच झडप हुँदा घाइते भएका अर्जुनकुमार महतोको जनकपुर अंचल अस्पतालमा उपचार हुँदाहुँदै मृत्यु भयो।

रमदेया गाविसको बटेश्वरमा बम बिष्फोट भएको थियो। नकटाझिज र सोनराझोडा गाविसमा दुई पक्षबीच विवाद हुँदा प्रहरीले ५/६ राउण्ड गोली चलाएको थियो।

रौतहट

मिठुअर्वामा सोमवार साँझ विभिन्न राजनीतिक दलहरुबीच भएको गोली हानाहानमा एक जनाको मृत्यु भयो। कारूनिया गाविसका मुसाफिर कानोको जेठ १३ गते कुटपीटबाट मृत्यु भएको थियो। यस्तै अकोलुवा गाविसमा पनि मतदानको बेला विवाद मै गोली चलाइएको थियो। स्थिति नियन्त्रणमा लिन प्रहरीले हवाइफायर गरेको थियो।

महोत्तरी

अनाकार गाविसको मतदान केन्द्रमा केही व्यक्तिहरूले बन्दूक तथा अन्य बिष्फोटक पदार्थ पड्काएकाले प्रहरीले स्थिति नियन्त्रण गर्न ७ राउण्ड हवाइ फायर गरेको थियो। जलेश्वर नपा-७ मा तीन वटा बिष्फोटक पदार्थ लिई हिँडेका मायाशंकर झालाई प्रहरीले पक्राउ गर्‍यो।

काठमाडौं

कामनपाका मेयर पदका उम्मेदवार दीपबहादुर श्रेष्ठ, क्रान्तिकारी वाममोर्चाकी केन्द्रीय सदस्य सावित्री खरेल र जनपक्षीय पार्टीका महासचिव कृष्णप्रसाद घिमिरेलाई प्रहरीले ०५४ जेठ ६ गते साँझ वडा प्रहरी कार्यालय दरबार मार्गमा राख्यो।

कास्की

नेपाली कांग्रेसका कार्यकर्ताहरूले जेठ ८ गते लेखनाथ नपा-४ निवासी अनेरास्ववियूका कार्यकर्ता कृष्णबहादुर भुजेलको हत्या गरे। हंसपुर गाविस-६ का डिलबहादुर गुरुङमाथि जेठ ४ गते नेपाली कांग्रेसका कार्यकर्ताहरूले आक्रमण गरी मरणासन्न बनाए।

बाग्लुङ

पालाकोट, भीमपोखरा, बाटिकाचौर र हरिचौर गाविसको चुनाव स्थगित भएको थियो। पाला गाविसको चुनावमा दुई पक्षबीच विवाद हुँदा दुवै पक्षका मानिसहरू घाइते भए र प्रहरीले ५ राउण्ड हवाइ फायर पनि गरेको थियो।

दाङ

सतबरिया गाविसमा जेठ ४ गते नेका कार्यकर्ताहरूले राजेन्द्र सिंहानी र धौलु चौधरीलाई खुकुरी प्रहार गरी मरणासन्न अवस्थामा पुर्‍याए।

सोनपुर गाविसका उदयराम घर्तीमाथि सांघातिक आक्रमण हुँदा उनको टाउकोलगायत् शरीरका विभिन्न भागमा चोट लाग्यो। देब्रे हात र देब्रे खुट्टा नचल्ने अवस्थामा थियो।

डुरुवा गाविसको मतदान केन्द्रभन्दा लगभग १ किलोमिटर टाढा रहेको बबई नदीको किनारामा अवस्थित नर्सरीमा नेका र एमालेबीच भएको कुटपीटको कारण चुनाव स्थगित भएको थियो। नेकाका प्रदीप खड्का र तोरण भन्ने ड्राइभरले ६ राउण्डको पेस्तोल र १ कट्टा लिई त्यहाँ पुगेपछि उक्त घटना भएको थियो।

रोल्पा

लिवाङ गाविस-७ धारापानी बस्ने ४२ वर्षीय टेकबहादुर कुँवरलाई ०५४ जेठ २७ गते राति ९ बजेतिर घरमा सुत्न लागेको अवस्थामा १२-१५ जना जति सैनिक लुगा लगाएर आएका नकावधारीहरूले "तैंले राखेको बन्दूक दे" भन्दा नमानेकोले उनलाई लछारपछार गरी बाहिर निकाली २ वटै खुट्टा र २ वटै हात भाँची कुटपीट गरे।

जिनावाङ, ओत, जंकोट, पाछावाङ, थवाङ र गजुल गाविसमा स्थानीय चुनावको सिलसिलामा नेकपा (माओवादी) हरूले उम्मेदवारी दर्ता गर्नेहरूलाई अपहरण गर्ने, राजनीतिक दलले दिएको अनुमतिपत्र खोस्ने र हत्या गर्ने

धम्की दिने जस्ता क्रियाकलाप गरेकाले कसैले पनि उम्मेदवारी दिएनन्। फगाम र रोक गाविसमा स्थगित भएको चुनाव पछि सम्पन्न भयो।

सल्यान

त्रिवेणी गाविसमा चुनावको बेलामा जेठ ४ गते पक्ष विपक्षबीच ढुंगामुढा भएपछि प्रहरीले ६ राउण्ड गोली चलाएको थियो।

बाँके

नेपालगंज नगरपालिकामा भएको चुनावी विवादको सिलसिलामा भड्केको साम्प्रदायिक दंगामा जेठ ४ गते त्रिभुवनचौकका तरकारी व्यापारी फैजल कबाडियाको मृत्यु भयो। त्यही घटनाका कारण तनावपूर्ण वातावरण पनि सिर्जना भएको थियो।

जाजरकोट

स्वलंगा, ढिमे, नायकवाडा, सकला, लहं, डाँडागाउँ, रग्दा भगा, अर्छानी गाविसमा चुनावमा दरखास्त दिने उम्मेदवारले माओवादीको हिंसा र आतंकको कारणले उम्मेदवारी फिर्ता लिएका थिए।

भुर गाविसमा प्रहरीले २ राउण्ड हवाइ फायर गरेको थियो। जुंगा थापाचौर गाविसमा मतदाताको नामको कारणले नेका र नेकपा (एमाले) बीच विवाद हुदा प्रहरीले ४ राउण्ड हवाइ फायर गरेको थियो। मजकोट गाविसमा पनि दुई पक्षबीच विवाद हुँदा प्रहरीले ४ राउण्ड हवाइ फायर गरेको थियो।

कालिकोट

मान्मा गाविसका केही उम्मेदवारले जनताले मुखले भोट दिन्छौं भनेको कुरामा विश्वास नगरी, आफ्नो झोलामा देवताको मूर्ति बोकी पहिले पैसा दिनुका साथै पछि उक्त मूर्ति समात्न लगाइ भोट दिने वाचा गर्न लगाएका थिए।

कुमलगाउँ गाविसमा मतपत्र, मतपेटिका र उम्मेदवार मनोनयनपत्र लुटियो। सिप्खाना गाविसमा बुथ कब्जा गरी एकलौटी मतपत्र खसालियो। ये़हमुडी गाविसमा शान्ति सुरक्षाको कमीले गर्दा अपरिचित व्यक्तिले मतपत्र लुटे। थिंपु गाविसमा प्रहरीले चलाएको गोलीबाट रगे रोकायाको मृत्यु भयो। यी सबै कार्यमा माओवादीको हात रहेको शंका गरिएको छ।

मुगु

यस जिल्लामा उमेर नपुगेका कैयौं व्यक्तिहरुले पनि मतदाता नामावलीमा नाम लेखाएर मतदान गरेका थिए। चुनाव प्रचार प्रसारको क्रममा रुम्था गाविसमा भरुवा बन्दुकबाट हवाइ फायर गरिएको थियो।

डोटी

चवरा चौतरा गाविसको अध्यक्ष पदमा राप्रपाको तर्फबाट १ जना पुजारीले मनोनयन दर्ता गरेका र सोही गाविसको उपाध्यक्षमा तिनै पुजारीका धामी (झाँक्री) ले दर्ता गराएकोमा उपाध्यक्षका उम्मेदवारलाई " तिमी उम्मेदवार भयौ भने मैले तिम्रो देवता पुज्ने छैन" भन्ने धम्की दिएकाले उपाध्यक्षका उम्मेदवारले नाम फिर्ता लिए।

अछाम

जेठ ७ गते दर्ना गाविसका ज्योति थापालगायत् ३ जनालाई जय थापा र सुनील थापाको नेतृत्वमा गएको एक जत्थाले आक्रमण गर्‍यो। आक्रमणमा परी झपट थापा, सिध्द थापा र निर्वाचित महिला सदस्य जसु थापा घाइते भए। ओली गाविसका झपट रावल पनि यस्तै आक्रमणमा परे। झपटलाई उपचारार्थ काठमाडौं ल्याइयो भने झंकर रावल पनि घाइते भए।

जुपु गाविसको मतगणनाको क्रममा जेठ ५ गते बिहान वडा नं. १, २ र ३ को मत गनेपछि २०० जति व्यक्तिले मतगणना हुने ठाउँमा हमला गरी मतपेटिका कोठाबाट बाहिर ल्याइ आगो लगाईदिएका थिए।

तालिगाउँ गाविसको मतदान केन्द्रमा मतदाता नामावलीको विषयमा भएको सामान्य विवादको कारण नेका र नेकपा (एमाले) बीच तनावग्रस्त स्थिति उत्पन्न भयो। सो घटनामा घाइते हुनेहरुमा झपट रावल, प्रेम रावल, मीनबहादुर रावल, चक्रबहादुर रावल, चन्द्र रावल, जैसे रावल, नरपति रावल, कमानसिंह रावल, मोहन रावल र झंकबहादुर रावल रहेका छन्। यसैगरी नेकाका सुरेन्द्र रावल र रामबहादुर रावलको टाउकोमा चोट लागेको थियो।

बाजुरा

यस जिल्लाको कुलमाडौं गाविसमा प्रहरीले चलाएको गोलीबाट नेपाली कांग्रेसका कार्यकर्ता आइते सेरुलाको मृत्यु भयो।

सांसद हिक्मत शाहीमाथि एक जत्थाले चुनावी प्रचारको क्रममा आक्रमण गर्‍यो।

(उपरोक्त घटनाहरु ०५४ को स्थानीय निर्वाचनका केही प्रतिनिधि घटनाहरुमात्र हुन्।)

०४९ र ०५४ सालमा सम्पन्न दुई स्थानीय निकायको निर्वाचनको तुलनात्मक अध्ययन गर्दा चुनावी हिंसा र पुनः मतदान गराउनु परेको स्थिति घट्नुको बदला क्रमशः बढिरहेको छ। यो प्रक्रिया पनि पहाड र हिमाली भेगको तुलनामा तराईका सीमावर्ती क्षेत्रमा बढी भएको पाइएको छ। परम्परागत हातहतियार देखि "बम" समेत प्रयोग भएको पाइयो। यदि यस विषयमा समयमै ध्यान नदिने हो भने र यसलाई नियन्त्रण गर्न आवश्यक कदम नचाल्ने हो भने प्रजातान्त्रिक व्यवस्था प्रति नै जनतामा नैराश्यता फैलन सक्छ। यसले प्रजातन्त्रमा अर्को गम्भीर संकट पैदा गर्न सक्छ।

अहिले पनि हाम्रो समाजमा गैर राजनीतिक संरक्षण र व्यवहारले चुनावी प्रक्रियालाई प्रभावित गर्दै आएको छ। विशेषतः धर्मप्रति आस्था राख्ने हाम्रो सामाजिक जीवनमा चुनावी गतिविधि पनि धार्मिक प्रभावलाई प्रयोग गर्दै आएको पाइन्छ। एक्काइसौं शताब्दीको संघारमा पनि चुनावमा धार्मिक आधारलाई प्रतिनिधि चैन गर्ने कुरामा प्रयोग गरिन्छ भने स्वतन्त्रता, समानता र भातृत्वको सन्देश प्रवाहित गर्ने प्रजातान्त्रिक संस्कार र आचरण निकै टाढाको विषय बन्न पुग्ने छ। यस विषयमा गम्भीरतापूर्वक सोच्ने बेला आएको छ।

निष्कर्ष

०४८ साल र ०५१ सालको संसदीय निर्वाचनमा क्षेत्र निर्धारणमा आएको फेरबदल र परिवर्तनको अध्ययन गर्दा पहाडी जिल्लाबाट संसदमा प्रतिनिधित्व गर्ने संख्या घटेको र तराईका जिल्लामा बढेको पाइन्छ। यसबाट पनि हामीले जतिसुकै सन्तुलित विकासको चर्चा गरे पनि पहाडी जिल्लामा मानवीय विकासका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार तयार गर्न नसकेको र हाम्रो विकास निर्माणको बजेटको अधिकांश हिस्सा तराईका जिल्लामा केन्द्रित भएको स्पष्ट हुन्छ। सबै क्षेत्रको सन्तुलित विकास नगर्ने हो भने एकातिर सामान्य भौतिक पूर्वाधार केन्द्रित भएका जिल्ला वा ठाउँमा जनघनत्व बढ्दै जाँदा सामाजिक, आर्थिक, सांस्कृतिकलगायतका विकृतिहरू जन्मन सक्ने र अर्कोतिर पहाड तथा हिमाली भेगमा बस्ती पातलिँदै जाँदा सिंगो राष्ट्रिय उत्पादनमा समेत ह्रास आउने र भविष्यमा प्रतिनिधिसभामा सन्तुलित प्रतिनिधित्व पनि कायम हुन नसक्ने संभावना बढ्दै गएको देखिन्छ।

अहिले नेपाल अधिराज्यमा नगरस्तरीय स्थानीय निकाय (महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका) को संख्या ५८ छन्। बहुदलीय व्यवस्थाको स्थापनापूर्व जम्मा ३३ थियो। ०४९ सालको स्थानीय चुनावको केही समय पहिले थप ३ वटा नगरपालिका घोषणा गरियो भने ०५४ को स्थानीय निर्वाचनभन्दा केही समय पहिले प्रथम चरणमा १७ नगरपालिका र पुनः केही दिनपछि ५ वटा नगरपालिका घोषणा गरियो। नगरपालिका ऐन ०४८ अनुसार नगरस्तरीय निकायलाई ३ तहमा वर्गीकरण गरिएको छ। नेपालमा एकमात्र काठमाडौं महानगरपालिका (०५२ मंसीर २९ गते घोषणा गरेको) पोखरा, विराटनगर, ललितपुर ३ उपमहानगरपालिका र अरू सबै नगरपालिका हुन्। यसरी नेपालका ७५ जिल्लामध्ये ४३ जिल्लामा नगरपालिका छन्। नेपालको पुरानो शहर एवं नगरपालिकामध्येको राजविराज (सप्तरी) को २५ वर्ष पुरानो भौतिक स्थितिमा खासै सुधार आएको छैन। त्यस्तै नगरपालिकाको निम्ति अत्यावश्यक पूर्वाधार सडक, टेलिफोन, विजुली, खानेपानी र बजारको उचित व्यवस्था नहुँदानहुँदै पनि नगरपालिका घोषित गरिँदा र स्थानीय निकायका निर्वाचित जनप्रतिनिधिले यस विषयमा कुनै चासो नदेखाई पुरानै स्थितिमा जनताले जीवन निर्वाह गर्नुपरेकोले नगरपालिकाको नाममा जनताले थप भार बोक्न बाध्य हुनु परेको छ। अतः सरकारले नगरपालिका घोषित गर्ने काममा होडबाजी गर्नुभन्दा भौतिक पूर्वाधार विकास र विस्तार गरी जनताको जीवनस्तर सुधार्ने काममा स्वच्छ प्रतिस्पर्धात्मक पहलकदमी गर्नु राम्रो हुन्छ। नगरपालिका ऐन ०४८ मा नगरको रूपमा विकास गर्ने सम्भावना बढिरहेका ठाउँमा विकासोन्मुख नगरपालिकाको नाममा "उपनगरपालिका" स्थापना गर्नसक्ने कुरा पनि उल्लेख गरेको पाइन्छ।

सर्वोच्च अदालतबाट ०५४ सालको निर्वाचनको सन्दर्भमा उम्मेदवारको योग्यता निर्धारित गर्ने विषयमा अध्यादेशबाट बनेको कानून त्रुटिपूर्ण भएकोले साविकबमोजिम गर्नु भन्ने र जिल्ला विकास समितिको सिलसिलामा तल्लो तहको चुनाव सम्पन्न भैसकेकोले निर्वाचन नगर्नु भन्ने जस्ता आदेश समयमै भए पनि ०४९ सालमा भएको चुनाव सम्बन्धी मुद्दाको निर्णय ०५३ सालको मध्यतिर जाँदा न्यायिक निर्णयको कुनै महत्वपूर्ण प्रभाव पर्न नसकेको देखिन्छ। जनताका प्रजातान्त्रिक अधिकारको बहालीको गहनतम अभिभारा बोकेका न्यायिक निकायले समयमै निर्णय नदिँदा जनतान्त्रिक अधिकार कमजोर हुने, कानूनी शासन कायम गर्न नसकिने र न्यायिक निकायप्रति नै जनआस्था कम हुने खतरा देखिन्छ।

बहुदलको स्थापनापछि भएका चुनावी गतिविधिको समीक्षा गर्दा हाम्रा चुनावी अभियानले केही परिपक्वता हासिल गर्दै आए पनि त्यही रूपमा विकृतिहरू पनि देखिएका छन्। राजनीतिको केन्द्रविन्दु सांसद नै फोहरी खेलमा संलग्न भएका हुँदा निष्ठा र आस्थामाथि खिया लाग्न थालेको छ। त्यसको असर तल्ला तहमा पनि देखिएका छन्। जनतालाई राजनीतिकरूपले सचेत र संगठित बनाउनुको बदला चुनाव जित्ने, सरकार बनाउने र आफ्नै सरकारको मातहतमा चुनाव गराउने रणनीतिमा राजनीतिक पार्टीहरू केन्द्रित देखिन्छन्। सामान्य सर्वेक्षणमा आफ्नो मातहतमा भएको र आफूले जितेको चुनावमात्र निष्पक्ष, स्वतन्त्र र धाँधलीरहित भएको अन्य वा सिंगो चुनावले सामान्य मर्यादा पनि पालन नगरेको भन्ने दृष्टिकोण राजनीतिक नेताहरूमा देखा पर्दै गएको छ।

बहुदलीय व्यवस्थाको संस्थागत विकास, स्थानीय तहका जनताको जनजीवनसँग सम्बन्धित सवालहरूलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्न तथा राष्ट्रिय महत्वका विषयहरूलाई समेत मार्गनिर्देशन गराउन र देशका सम्पूर्ण स्थानमा समान तवरबाट विकास निर्माणका कामहरू सुचारुरूपले संचालन गर्नका लागि स्थानीय चुनावको महत्वपूर्ण भूमिका हुन्छ। नेपालमा पनि विगतदेखिका स्थानीय निकायसँग सम्बन्धित गतिविधिलाई मूल्यांकन गरेर हेर्दा प्रत्यक्ष जनसहभागितावाट हुने स्थानीय निर्वाचनमार्फत् तिनै कुराहरूलाई अगाडि बढाउने प्रयास हुँदै आएको देखिन्छ। बहुदलीय व्यवस्थामा ग्रामीण स्तरसम्मका निकायहरूलाई अधिकार सम्पन्न गराउन र जनसहभागितालाई प्राथमिकता दिन पनि स्थानीय चुनावलाई सबैभन्दा प्रभावकारी माध्यमका

रुपमा प्रयोग गर्न सकिने तथ्य निर्विवाद छ। तर पनि नेपाल जस्तो अविकसित र गरीब राष्ट्रमा बहुदलीय व्यवस्थाको अभ्यासको अनुभवसमेत कम भएका कारण स्थानीय चुनाव सिद्धान्ततः जे भए पनि आमजनताले त्यसको अनुभूति गर्न सकेको देखिएको छैन। सामाजिक, आर्थिक, राजनीतिक आदि क्षेत्रको समग्र विकासमा स्थानीय निकायलाई सक्रिय गराउन पनि स्थानीय चुनाव स्वस्थ, स्वच्छ र निष्पक्ष हुनु जरूरी छ तर देशको सम्पूर्ण क्षेत्रमा निरंकुश शासनकालको अन्त्य र बहुदलीय व्यवस्थाको पुनर्स्थापनाबीचको वर्तमान संक्रमणकालीन अवस्थाबाट उत्पन्न विकृतिहरूले अझै पनि स्थानीय निकायहरूसँग सम्बन्धित कुनै पनि गतिविधिले आफ्नो निश्चित बाटो समात्न सकेको छैन। प्रजातन्त्र पुनर्स्थापनापछिका दुईवटै चुनावमा भएका कतिपय घटनाहरूले पनि यस कुराको थप पुष्टि गरेका छन्। त्यस्ता गतिविधिहरूलाई कम गर्दै स्थानीय निकायलाई प्रभावकारी बनाउन स्थानीय चुनाव स्वस्थ, स्वच्छ र निष्पक्ष वातावरणबीच सम्पन्न हुनुपर्ने आवश्यकता टड्कारो बन्दै गएको देखिएको छ।

●

अनुसूची ३

मानवअधिकारका पक्षमा गरिएका जनस्तरीय प्रयासहरू

प्रजातन्त्र र मानवअधिकार एक अर्कावीच परिपूरक र अविछिन्न कुरा हुन्। इतिहासको कालखण्डमा नेपाली जनताले प्रजातन्त्र प्राप्तिको निम्ति गरेको आन्दोलन मानवअधिकार बहालीको आन्दोलनसंग जोडिएको छ। ३० वर्षको पञ्चायती निरंकुश शासनको विरूद्धमा भएका बलिदानीपूर्ण संघर्ष मानवअधिकार बहालीकै आन्दोलनसंग एकाकार थिए। ०४६ सालमा सम्पन्न सफल जनआन्दोलनद्वारा मुलुकमा बहुदलीय प्रजातान्त्रिक व्यवस्था पुनर्स्थापित भयो। ०४६ सालपछिको खुल्ला वातावरणमा मानवअधिकार बहालीको निम्ति चेतना, जागरण र दवाव सिर्जना गर्ने लक्ष्य एवं उद्देश्यकासाथ जनस्तरमा थुप्रै संघ-संस्थाहरू स्थापित भए। यसरी स्थापित संघ-संस्थाहरूको सक्रियतामा मानवअधिकारसम्बन्धी मुलभूत सवालहरूमा स्थानीय स्तरदेखि राष्ट्रिय स्तरमा समेत विविध गतिविधिहरू संचालित भए र भइरहेका छन्। प्रजातन्त्र पुनर्स्थापनाका यी आठ वर्षमा "मानवअधिकार" मुलुकको सर्वाधिक चर्चा परिचर्चाको विषय बन्न पुगेको छ। स्थानीय स्तरमा खासगरी ग्रामीण क्षेत्रमा मानवअधिकार सम्बन्धी चेतना अभिवृद्धि, जनसमुदायमा आफ्ना हक र अधिकारप्रति जागरण निर्माणमा उल्लेखनीय कार्यहरू भएका छन्।

एउटा स्थापित मान्यता के रहेको छ भने राज्य नै मानवअधिकार हननको एक महत्वपूर्ण कडी हो। यस किसिमको हनन विरूद्ध जनताको पंक्तिबाट जवसम्म सचेत प्रयत्न हुन्न, साँचो अर्थमा मानवअधिकार कुण्ठित भइरहेको हुन्छ। बितेका केही वर्ष यता जनस्तरबाट मानवअधिकारको संरक्षणका दिशामा सचेत पहलहरू भइरहेका छन्। निर्वाचनको पर्यवेक्षण कार्यले निर्वाचनलाई निष्पक्ष बनाउन सहयोग पुऱ्याएको छ भने मानवअधिकार हननका गम्भीर घटनाहरू सम्बन्धी छानबीन टोलीहरू संगठित भई घटना स्थलमै पुगेर अवलोकन गर्नुका साथै प्रतिवेदन सार्वजनिक हुनुले हननकर्ताहरू माथि नैतिक दवाव सृजना गरेको छ।

०४७ सालमा संविधान निर्माणको क्रममा हुन खोजेको षडयन्त्रप्रति जनस्तरवाट प्रचण्ड विरोध भएको थियो। मल्लिक आयोगको प्रतिवेदन कार्यान्वयनका निम्ति शुरूदेखि अहिलेसम्म माग उठिरहेको छ। मानवअधिकार आयोग गठनसम्बन्धी ऐन, यातना सम्बन्धी क्षतिपूर्ति ऐन निर्माणको पृष्ठभूमि जनस्तरीय प्रयासकै प्रतिफल हो भन्ने कुरा यहाँ प्रष्ट्याइ रहनु पर्दैन। सम्पत्तिमा समान अधिकारको कुरा होस् या कमैया समस्यालाई राष्ट्रिय मुद्दा बनाउनमा होस्, आतंककारी विधेयक विरोधी अभियान होस्, गैरसरकारी क्षेत्रवाट मानवअधिकारको बहाली, संरक्षण र सम्बर्द्धनका निम्ति उल्लेखनीय पहलहरू भएका छन्। राजधानी र राजधानी बाहिर विकट र दुर्गम जिल्लाहरूमा कार्यरत धेरै संघसंस्थाहरूले ग्रामीण तहका जनसमुदायबीच मानवअधिकार शिक्षा तथा चेतना अभिवृद्धि गर्ने कार्यलाई सशक्त ढंगले संचालन गरिरहेका छन्। यिनै सब कुरालाई समग्रमा मानवअधिकारको लागि भएका जनस्तरीय प्रयासको रूपमा लिनु पर्ने हुन्छ। यहाँ केही मुलभूत सवालहरूमा गैरसरकारी क्षेत्रबाट भएका उल्लेखनीय प्रयासहरूको चर्चा गर्नु सान्दर्भिक हुनेछ।

मानवअधिकार आयोग र यातना सम्बन्धी क्षतिपूर्ति ऐन

"राष्ट्रिय स्तरमा मानवअधिकारलाई स्थापित गर्न निष्पक्ष मानवअधिकार आयोगको कमी नराम्ररी खड्किएको छ। जब कि यस्तो आयोगको गठन जिल्लातहमै गर्नुपर्ने आवश्यकता दिनपरदिन टड्कारो हुँदैछ।" अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित मानवअधिकार वर्ष पुस्तक १९९२ को निष्कर्ष र सुझाव परिच्छेद मार्फत् मानवअधिकार आयोगको आवश्यकता सर्वप्रथम अभिव्यक्त भएको थियो। सोही परिच्छेदको सुझाव खण्डको ८ औं दफामा प्रष्ट उल्लेख छ- "प्रतिष्ठित मानवअधिकारवादी व्यक्ति र संगठनहरू सम्मिलित एउटा निष्पक्ष राष्ट्रिय मानवअधिकार आयोग गठन गरिनु पर्छ।" त्यस पछिका दिनहरूमा मानवअधिकार संस्थाहरू इन्सेक, मासम, नेमाधिसंघ, सिभिक्ट, सिविन, इन्हुरेड आदिले संयुक्त तथा छुट्टाछुट्टै पनि आफ्ना अभिमतहरू प्रकट गर्दै मानवअधिकार आयोगको मागलाई बुलन्द गरिरहे। मानवअधिकार आयोगको स्वरूप, गठन विधि र प्रक्रिया तथा अवधारणाका बारेमा गोष्ठी र सभाहरू संचालन गरिए।

नेकपा (एमाले) का सांसद एवं अधिवक्ता सुवास नेम्वाङद्वारा ०४९ फागुन ३ गते राष्ट्रिय सभामा प्रस्तुत राष्ट्रिय मानवअधिकार आयोग सम्बन्धी संकल्प प्रस्तावको तत्कालीन सत्तापक्षवाट विरोध भयो। उक्त प्रस्तावमा भनिएको थियो- "देशको मानवअधिकारको आकलन, मूल्यांकन गरी आवश्यक कार्यार्थ सरकारलाई सिफारिस गर्न, मानवअधिकार क्षेत्रमा कार्यरत व्यक्तिहरू समेत समाविष्ट रहेको एउटा

प्रस्तावित आतंककारी तथा विध्वंसात्मक विधेयकको विरोधमा मानवअधिकार संस्थाहरूको जुलुस

उच्चस्तरीय सर्वदलीय राष्ट्रिय आयोगको अविलम्ब गठन गरियोस्।" तर उक्त प्रस्तावलाई ०४९ फागुन २२ गते मतदानमा लगियो र प्रमुख विपक्षी नेकपा (एमाले) को १६ मत प्रस्ताव पारित गर्ने पक्षमा र सत्तापक्ष नेपाली कांग्रेसको २७ मत अनुमोदन नगर्ने पक्षमा पर्‍यो। यसरी प्रस्ताव पारित भएन। यसपछि मानवअधिकार संस्थाहरूले आफ्ना हरेक गतिविधिहरूमा मानवअधिकार आयोगको आवश्यकता र औचित्य प्रष्ट पार्दै प्रचार अभियान संचालन गरे। नेपाल कानून समाजद्वारा ०५१ मंसीर १४ गते राजधानीमा एउटा छलफल कार्यक्रमको आयोजना गर्‍यो। छलफलमा भागलिने विभिन्न विद्वान, बुद्धिजीवी तथा कानूनविद्हरूले राष्ट्रिय मानवअधिकार आयोगको आवश्यकता र औचित्य दर्शाउँदै विचारहरू व्यक्त गरेका थिए। उक्त छलफल कार्यक्रममा आयोग सम्बन्धी कार्यपत्रहरू पनि प्रस्तुत गरिएको थियो।

यसैबीच मुलुकमा सरकार परिवर्तन भयो। सत्तारूढ नेकपा (एमाले) ले कानून सुधार आयोगलाई मानवअधिकार आयोगका सम्बन्धमा ठोस कार्य गर्न क्रियाशील गरायो। कानून सुधार आयोगले कतिपय विशेषज्ञ एवं मानवअधिकार संघ संस्थाहरूका प्रतिनिधिहरूसंग समेत छलफल गरी "मानवअधिकार आयोग ऐन ०५२ को प्रारम्भिक मस्यौदा" तयार गर्‍यो। त्यसलाई मूर्त रूप दिंदा नदिंदै एमालेको सरकार ढल्यो र पुनः नेपाली कांग्रेस सत्तारूढ हुन पुग्यो। राष्ट्रिय सभाका सांसद महेश आचार्यले "मानवअधिकार आयोग ऐन ०५२" संसदमा प्रस्तुत गर्नुभयो।

३० कार्तिक ०५२ मा इन्सेकद्वारा आयोजित मानवअधिकार वर्ष पुस्तक १९९५ को मस्यौदा विषयसूचीमाथि भएको छलफल कार्यक्रममा सहभागी संस्था एवं मानवअधिकार कर्मीहरूले प्रतिनिधि सभाका सदस्यहरूलाई एउटा पत्र लेखि राष्ट्रिय सभाद्वारा पारित मानवअधिकार आयोग सम्बन्धी विधेयकप्रति सजग रहन आग्रह गरे र विधेयकलाई जस्ताको त्यस्तै पारित नगर्न समेत अनुरोध गरे। सांसदहरूलाई सम्बोधन गर्दै लेखिएको पत्रमा भनिएको छ- "राष्ट्रिय सभाद्वारा पारित गरिएको विधेयकले मानवअधिकार आयोगलाई फगत सरकारी निकायको रूपमा मात्र प्रस्तुत गरेको छ। यस्तो विधेयकद्वारा बन्ने आयोग न शक्ति सम्पन्न बन्ने छ न त स्वतन्त्र नै।" त्यस क्रममा संयुक्त राष्ट्र संघ र एम्नेष्टि इन्टरनेशनलद्वारा अघि सारिएको मानवअधिकार आयोग सम्बन्धी मापदण्डहरूको प्रतिलिपि प्रति सांसदहरूलाई उपलब्ध गराई, तिनीहरूको भावनालाई प्रस्तावित आयोग सम्बन्धी विधेयकमा समावेश गरियोस् भनी आवाज उठाउनका निम्ति समेत अनुरोध गरियो।

यिनै प्रयत्नको प्रतिफल उक्त विधेयक प्रतिनिधि सभामा निकै लामोसमय थन्किएर रह्यो र अन्ततः ०५३ सालमा आएर संशोधन सहित पारित भयो। मानवअधिकार आयोग सम्बन्धी ऐनले मूर्त रूप लिएको एक वर्ष भन्दा बढी भइसकेको छ। मानवअधिकार संघ-संस्था र मानवअधिकार कर्मीहरूले यो उपलब्धीलाई "नहुनु मामाभन्दा कानोमामा जाती" को रूपमा लिएका छन्। जे जस्तो रूपमा आएको भए पनि यसलाई सकारात्मक ढंगले ग्रहण गरी व्यवहारको कसीमा घोटेर त्रुटीहरू सच्याउँदै अघि बढ्नु पर्छ भन्ने सोच सम्बद्ध मानवअधिकार कर्मीहरूको रहेको छ। तर पनि आयोग सम्बन्धी ऐन बनेको यतिका समय बितिसक्दा पनि आयोग अझै गठन भएको छैन। यो अर्को बिडम्बना बनेको छ।

०४६ सालपछि पनि पक्राउ गरिएका मानिसहरूलाई प्रहरी हिरासतमा अमानवीय यातना दिइने क्रममा कुनै सुधार आएन। यातनाकै कारण हिरासतभित्रै र हिरासत मुक्त भएपछि मर्नेहरूको संख्या उल्लेखनीय रहेको छ। यो स्थितिको विरोधमा मानवअधिकार संस्था एवं व्यक्तिहरूले आवाज उठाइरहे। गम्भीर यातनाका घटनाहरूको स्थलगत अध्ययन गरी तथ्यहरू सार्वजनिक गरी दोषीमाथि कार्वाहीको माग गरे। दोषीमाथि कारवाही गर्ने र पीडितलाई क्षतिपूर्ति दिनु पर्ने संवैधानिक भावनाले कानूनको अभावमा मूर्त रूप लिन पाएन। असंगठित रूपले नै किन नहोस् मानवअधिकार संस्थाहरूले यातनालाई निर्मूल गर्न आवश्यक कानूनको निर्माण होस् भन्ने माग उठाइ रहे। यही माग र दवावको बीचमा "यातना सम्बन्धी क्षतिपूर्ति विधेयक ०५३" संसदमा प्रस्तुत भयो। त्यसपछि उक्त विधेयक बारेमा यातना पीडित सरोकार केन्द्र सिभिक्ट लगायत मानवअधिकार संस्थाहरूको ध्यानाकर्षण भयो। सिभिक्टले त प्रस्तावित उक्त विधेयकमा गम्भीर त्रुटीहरू रहेको छ भन्दै कम्तीमा पनि केही दफाहरू संशोधन गर्न सांसदहरूलाई आग्रह गर्‍यो। अन्ततः केही दफाहरू संशोधन गरी अन्य दफाहरू जस्ताको तस्तै रूपमा संसदबाट पारित भयो। त्यसरी पारित विधेयकमा भएको त्रुटीलाई सच्याइनु पर्ने सम्बन्धमा संसदमा सुनुवाइ नभएपछि सो ऐनको दफा १० को प्रावधान संविधानको धारा १४, ११६ (१) को समेत प्रतिकूल भएको दावी गर्दै सिभिक्टका रवीन्द्र भट्टराईले ०५३ चैत ३ गते सर्वोच्च अदालतमा २६३८ नं. रिट दर्ता गराउनु भयो। मानवअधिकार रक्षाको दिशामा यो ऐनलाई

मानवअधिकार कर्मीहरूले सकारात्मक कदमको रूपमा मात्रै लिएका छन्।

सम्पत्तिमा समानअधिकारको सवाल

सदियौंदेखि नेपाली महिला समुदाय दमन र उत्पीडनको जाँतोमा पिसिंदै आएको छ। प्रजातन्त्रको पुनरवहाली पछि पनि नेपाली महिलाहरूको सामाजिक स्थितिमा खासै परिवर्तन आएको देखिन्न। महिलाको सामाजिक स्थितिलाई संकेत गर्ने स्वास्थ्य, शिक्षा, साक्षरता, बाल विवाह, महिला विरूद्ध हुने अपराध तथा हिंसात्मक घटनाहरूलाई लिनु पर्ने हुन्छ। यस आधारमा मूल्यांकन गर्ने हो भने प्रजातन्त्रको पुनरवहाली पछिका यी ७ वर्षमा महिलाहरूको सामाजिक मर्यादाको स्तर उठेको छ भन्ने आधारहरू नगन्य मात्रामा छन्। इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्ष पुसतक १९९६ मा बिगत ५ वर्षको मूल्यांकन गर्दै नेपाली महिला र मानवअधिकार (१९९२-१९९६) शीर्षकको अनुसूचीमा उल्लेख गरिएको छ- "समाजमा लिङ्गगत असमानता र भेदभाव कम भएका छैनन्। पालन-पोषण, स्वास्थ्य, शिक्षा, सुविधाका अवसरमा परिवारभित्र छोरा र छोरी, पुरूष र स्त्री बीच लिङ्गगत भेदभावहरू स्पष्ट देखिन्छ। परिवारमा महिला र बालिकालाई गरिने उपेक्षा र असमानतापूर्ण व्यवहारले नेपालमा महिला र बालिकाको मृत्युदर पुरुष र बालकको तुलनामा उच्च छ।" करीब यस्तै स्थिति आर्थिक र राजनीनिक सवालमा पनि कायम छ। संविधानले प्रत्याभूत गरेको समान अधिकारको भावनाले मूर्त रूप लिनसकेको छैन।

महिला मुक्तिको सवालमा केन्द्रित नेपाली महिला आन्दोलन निकै आरोह-अवरोह पार गर्दै यहाँसम्म आइपुगेको छ। बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना पछि सम्पत्तिमाथि महिलाको समान अधिकार महिला आन्दोलनको एउटा मुख्य विषय बन्न पुग्यो। महिलालाई पैतृक सम्पत्तिमा समान अधिकार दिनुलाई नेपाली नारीवादीहरू महिलाको पराश्रयी अवस्थाबाट स्वाधिनता तिरको एक फड्को ठान्न थालेका छन्। यसको सूत्रपात सर्वप्रथम मिरा ढुंगाना र मिरा खनालद्वारा सर्वोच्च अदालतमा दिइएको एउटा रीटबाट भएको थियो। मुलुकी ऐन अंशवण्डा विद्यमान महिला विरूद्ध लिङ्गको आधारमा भेदभावपूर्ण वर्तमान कानूनी प्रावधानहरूलाई खारेज गरिनु पर्ने जिकिर गरिएको उक्त रिटको फैसला गर्दै २०५२ साल साउन १८ गते तत्कालीन प्रधान न्यायाधीश विश्वनाथ उपाध्याय लगायत् पाँच सदस्यीय इजलासले संविधानसंग नबाझि' गरी सम्पत्तिमा महिला अधिकार सम्बन्धी विधेयक एक वर्षभित्र संसदमा प्रस्तुत गर्न मन्त्री परिषद् सचिवालयलाई निर्देशात्मक आदेश दियो। यस आदेश पूर्जीलाई श्री ५ को सरकारले २०५२ माँघ ५ गते बुझेपछि फैसला बारे सबैक्षेत्रमा तीव्र प्रतिक्रिया देखिन थाल्यो। संसदको दशौं अधिवेशनमै विधेयक प्रस्तुत होस् भन्ने उद्देश्यले विभिन्न गैरसरकारी संघ-संस्थाहरूले छलफल, गोष्ठी र सभाहरूको आयोजना गरे। कानूनी सहयोग तथा परामर्श केन्द्रको सक्रियतामा कानून व्यवसायीहरूलाई ५० वटा जिल्लामा यस सम्बन्धी छलफल, परामर्श गरी मत संकलनका निम्ति खटाइयो।

यसरी गरिएको अध्ययन तथा सुझावहरूको आधारमा मस्यौदा विधेयक तयार गर्ने काम भएको थियो। मस्यौदामा थप सुधार तथा परिमार्जन गर्न भारतीय कानून विशेषज्ञका रूपमा रानी जेठ मलानीको राय सुझाव लिने काम गैरसरकारी क्षेत्रकै पहलकदमीमा भएको थियो। यसका अतिरिक्त गैरसरकारी क्षेत्रबाट विभिन्न मुलुकहरूमा महिलाको विद्यमान आर्थिक अधिकारको अध्ययन गर्न र पैतृक सम्पत्तिमा महिलाको अधिकारका विषयमा जनसमर्थन जुटाउन अन्तरक्रिया, गोष्ठी, छलफल, जुलुस प्रदर्शन, स्थलगत रिपोटिङ, पर्चा पोष्टर, पुस्तक प्रकाशन जस्ता गतिविधिहरू संचालन गरिए। स्वतन्त्र सांसद नवराज सुवेदीले "महिला अधिकारपत्र" विषयक सम्पत्तिको सवालमा एउटा छुट्टै विधेयक प्रस्तुत गरेका थिए भने सरकारको तर्फबाट चालु अधिवेशनमै विधेयक प्रस्तुत गर्न दबाब दिने, लवी गर्ने, प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउने तथा सार्वजनिक सुनुवाइका कार्यक्रमहरू आयोजना गर्ने कार्य महिला अधिकारसंग सम्बद्ध तथा अन्य संघसंस्थाहरूले गरे। यसै बीच "अंश हक सम्बन्धमा समयानुकूल व्यवस्था गर्न बनेको विधेयक २०५३" संसदमा टेबुल गरिए पछि यो सवाल अझ बढी चर्चाको विषय बन्यो। विधेयकमा कतिपय कुरा अव्यावहारिक हुँदाहुँदै पनि समग्रमा महिलाप्रति भेदभाव कम गर्ने तर्फ सकारात्मक भूमिका निर्वाह गर्ने देखिन्छ। तर सम्पत्तिमा महिलालाई समान अधिकार दिने यस सवालमा जन अभिमत प्रष्ट दुई चिरामा विभाजित भएको पाइयो। सायद यही मतविभाजन र विवादका कारण उक्त विधेयक संसदमा अहिलेसम्म थन्किएको अवस्थामा रहिरहेको छ।

राष्ट्रिय स्तरका भेला / सम्मेलनहरु

मानवअधिकारको संरक्षण तथा सम्बर्द्धनको निम्ति गैरसरकारी क्षेत्रबाट खास गरी मानवअधिकार संघसंस्थाहरूले विभिन्न भेला, गोष्ठी, सभा, सेमिनार तथा सम्मेलनहरूको आयोजना गर्दै आएका छन्। यस्ता कार्यक्रममार्फत

इन्सेक राष्ट्रिय मानवअधिकार सम्मेलनको उद्घाटन गर्नु हुँदै वामदेव गौतम

समसामयिक सवालमा राष्ट्र, जनता एवं सरकारको ध्यानाकर्षण गर्ने, दवाव सृजना गर्ने, समस्याहरूको उजागर गरी समाधान पहिल्याउन सघाउ पुऱ्याउने जस्ता काममा प्रशस्त पहल भएको कुरालाई नकार्न सकिन्न। त्यसरी आयोजना भएका राष्ट्रिय स्तरका केही उल्लेखनीय सम्मेलन, भेलाहरूको संक्षिप्त चर्चा गर्दै पारित प्रस्ताव तथा प्रतिवद्धताहरू उधृत गर्नु सान्दर्भिक हुनेछ।

(क) राष्ट्रिय महिला भेला

उत्पीडित र उपेक्षित महिला समुदायबीच पीडा र अनुभव आदानप्रदान गराउँदै उत्पीडनबाट मुक्त हुन जागरूक प्रयत्न हुन सकोस् भन्ने उद्देश्यका साथ इन्सेकको आयोजनामा २०४९ सालदेखि शुरूमा क्षेत्रीय स्तरमा महिला भेलाहरू सम्पन्न हुँदै आएका थिए। २०४९ मा नेपालगञ्ज, २०५१ मा धनकुटा हुँदै २०५२ चैत २८-३० मा काठमाडौंमा राष्ट्रिय स्तरमै महिला भेला सम्पन्न भए। "प्रजातन्त्रमा मौलिकता राजनीतिमा महिला सहभागिता" भन्ने मूल नाराका साथ सम्पन्न उक्त भेलामा राजनीतिपीडित महिलाहरू, शहीदका परिवार, विभिन्न संघसंस्थामा संलग्न रहेका महिलाहरू समेत अधिराज्यका ६२ जिल्लाका २ सय २० जना सहभागी थिए। ३ दिनसम्म चलेको यो भेलामा सांसद साहना प्रधानद्वारा "नेपाली महिला आन्दोलनको दिशा", डा. मिना आचार्यद्वारा "राजनीतिक पार्टीहरू र नेपाली महिला", अधिवक्ता गीता संग्रौलाद्वारा "नेपालको संविधान र महिला अधिकार" विषयक तीन वटा कार्यपत्रहरूको प्रस्तुती तथा व्यापक छलफल सम्पन्न भएको थियो।

भेलाको अर्को महत्वपूर्ण पक्ष भनेको यस भेलाद्वारा पारित "पासाङ्ग ल्हामु संकल्प" हो। संकल्पमा "महिला आन्दोलन सामाजिक तथा राष्ट्रिय मुक्ति आन्दोलनकै एउटा अभिन्न अंग हो भन्ने कुरा स्वीकार गर्दै र प्रजातन्त्रको संरक्षण र सम्बर्द्धन एवं मानवअधिकारको पूर्ण वहालीका निम्ति जनसंख्याको आधाभन्दा वढी हिस्सा ओगट्ने महिलाहरूको सहभागिता अपरिहार्य भएकोले" संयुक्त राष्ट्रसंघद्वारा पारित महिला अधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय कानूनहरू

राष्ट्रिय महिला भेलाको एक दृश्य

विशेषतः महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव विरुद्धको अभिसन्धि तथा महिलाहरूको राजनैतिक सहभागिता सम्बन्धी अभिसन्धिको राष्ट्रिय कार्यान्वयन माथि जोड दिँदै- यही अवधारणाको जगमा उभिएर पासाङ्ग ल्हामु संकल्पले हाम्रो कार्य दिशा ठम्याएको छ, हाम्रो कार्ययोजना प्रस्तुत गरेको छ, हाम्रो सरोकार औंल्याएको छ, र हाम्रा सहयात्रीहरू खुट्याएको छ। संकल्पमा कार्यदिशा सम्बन्धी यस्तो निक्योंल अघि सारिएको छ- "महिला आन्दोलन राष्ट्रिय आन्दोलनकै अभिन्न अंग भएकोले यस भित्र विभिन्न राजनीतिक धारहरूको उपस्थिति हुनु स्वभाविक हो, यसलाई स्वीकार गर्नु पर्दछ। र प्रजातान्त्रिक प्रणालीमा राजनीतिक आस्था, विश्वास, सिद्धान्त र संगठनका दृष्टिकोणले विविधता रहनु स्वभाविक भए पनि महिलाका हक हीत र सुरक्षासंग सम्बन्धित विषय र जनचासोका साझा सवालमा एकीकृत आन्दोलन संचालन गर्नेतर्फ अग्रसर हुनुपर्छ। महिला र पुरुषप्रतिको समान व्यवहारले मात्र समाजमा सन्तुलन कायम हुन सक्छ र समाज अगाडि वढ्न सक्छ। यदि त्यसो भएन भने अनावश्यक विग्रह र विखण्डनलाई निम्त्याउने छ भन्ने कुरा तर्फ सजग हुनु जरुरी छ।"

त्यसैगरी कार्ययोजनाको क्रममा उल्लेख भएको छ- "नेपाली महिलाहरूको राजनीतिक सहभागिता अभिवृद्धिका निम्ति वाधक रहेका सामाजिक प्रचलन, अन्धविश्वास तथा अशिक्षा विरुद्ध राष्ट्रिय अभियानको आवश्यकता भएकोले यस्ता प्रचलनका विरुद्ध "सामाजिक सचेतनको राष्ट्रिय अभियान" संचालन गर्ने। शहीदका तथा वेपत्ता पारिएका परिवारका सदस्यको शिक्षा रोजगारीको व्यवस्था गर्दै उनीहरूलाई सक्रिय राजनीतितर्फ अग्रसर हुन अभिप्रेरित गर्ने।"

(ख) इन्सेक राष्ट्रिय मानवअधिकार सम्मेलन

यो मुलुकमा धेरै मानवअधिकार संस्थाहरू आ-आफ्नै ढंगले मानवअधिकार आन्दोलनको अभियानमा जुटेका छन्। आ-आफ्नो औकात, क्षमता र हैसियत अनुरूप मानवअधिकारसम्बन्धी विविध गतिविधिहरू संचालन गर्दै आएका छन्। यी गतिविधिले जनताको प्रजातान्त्रिक अधिकार रक्षा र मानवअधिकार चेतनाको अभिवृद्धिमा केही न केही सकारात्मक योगदान अवश्य पुगेको छ। यति हुँदाहुँदै पनि देशका विभिन्न भागमा आ-आफ्नै ढंगले क्रियाशील मानवअधिकार कर्मीहरू वीच विचारको आदान-प्रदान गर्ने र अनुभवहरू साटासाट गर्ने विषयमा कुनै ठोस प्रयत्न भएको थिएन। यो वास्तविकतालाई गम्भीरतापूर्वक महसुस गरी अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा २०५३ चैत २३ गतेदेखि २७ गतेसम्म काठमाडौंमा प्रथम राष्ट्रिय मानवअधिकार सम्मेलन आयोजना भएको थियो। ६३ जिल्लाका ३ सय प्रतिनिधिहरूको सहभागिता रहेको यो सम्मेलनमा मानवअधिकारसंग प्रत्यक्ष सरोकार राख्ने अहं महत्वका सवालहरूमा केन्द्रित १२ वटा कार्यपत्रहरू प्रस्तुत गरिएको थियो। प्रस्तुत प्रत्येक कार्यपत्रमाथि समूहवद्ध भएर

छलफल गरी निष्कर्ष र निचोड निकालिएको थियो। ५ दिनसम्म चलेको उक्त सम्मेलनले अन्तमा एउटा "मानवअधिकारको काठमाडौं घोषणापत्र २०५३" जारी गर्‍यो।

"मानवअधिकारको विश्वव्यापी घोषणाले मानवमात्रमा अन्तरनिहित अधिकारको बारेमा गरेको उद्घोषबाट अभिप्रेरित भई, मानवअधिकार सोझै राज्यसंग सम्बन्धित रहने तथ्यलाई स्वीकार्दै, मानवअधिकारका विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूले सृजना गरेका नागरिकहरूका अधिकार र राज्यका दायित्वहरूलाई मनन गर्दै, २०४६ सालमा संयुक्त वाममोर्चा र नेपाली कांग्रेसको संयुक्त नेतृत्वमा प्रजातन्त्र र मानवअधिकारको स्थापनाको निम्ति नेपाली जनताले गरेको आत्मवलिदानी एवं वीरतापूर्ण प्रजातान्त्रिक आन्दोलनका भावनाहरूको पूर्ण सम्मान गर्दै र अझै पनि नेपालको मानवअधिकारको क्षेत्रमा धेरै समस्या रहेको तथ्यप्रति गम्भीर हुँदै मानवअधिकार र सामाजिक न्यायका लागि कार्यरत अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले २०५३ चैत २३ गतेदेखि चैत २७ गतेसम्म काठमाडौंमा आयोजना गरेको प्रथम इन्सेक राष्ट्रिय मानवअधिकार सम्मेलनमा ६३ जिल्लाका हामी ३ सय प्रतिनिधिहरूले यो मानवअधिकारको काठमाडौं घोषणापत्र २०५३ जारी गरेका छौं।" प्रस्तावनामा अभिव्यक्त यही आशय र अवधारणाका साथ उक्त घोषणापत्रमा हाम्रा सरोकार र हाम्रा आगामी अभिभाराहरू बारे सुस्पष्ट दृष्टिकोण अघि सारिएको छ। दण्डहीनताका सवालमा उक्त घोषणापत्रमा यसरी चिन्ता जाहेर गरिएको छ- "मानवअधिकार उल्लंघन गर्नेहरूलाई न्यायालयको घेराभित्र नल्याइएकोले त्यस्ता उल्लंघनकर्ताहरूलाई प्रोत्साहन मिलेको छ र भविष्यमा मानवअधिकारको उल्लंघन हुने सम्भावना बढेको छ। जनआन्दोलनका क्रममा मानवअधिकारको उल्लंघन गर्नेहरूलाई (मल्लिक आयोगको प्रतिवेदन अनुसार) दण्डित गर्नुको सट्टा राष्ट्रका सम्मानित ओहदामा पुर्‍याइएका घटनाहरूले हामीलाई मर्माहत तुल्याएको छ।" त्यसैगरी घोषणापत्रमा हाम्रा आगामी अभिभाराहरूतर्फ संकेत गर्दै प्रतिवद्धता जाहेर गरिएको छ- "महिला तथा बालबालिका विरुद्ध हुने सबै प्रकारका भेदभाव तथा पारिवारिक हिंसा र बलात्कार अन्त्य गर्न कानून निर्माण गर्न तथा संरचना निर्माण र तिनको प्रभावकारी कार्यान्वयनका लागि कार्यक्रमहरू संचालन गर्न प्रयत्नशील रहने। ... छुवाछूतको आधारमा रहेका विभेदलाई हटाउन थप कानून निर्माण गर्ने तथा त्यसको कार्यान्वयन गर्ने र समानताको अधिकारको प्रत्याभूति दिन प्रयत्नशील रहने। ... नेपालमा विद्यमान कमैया, हलिया आदि प्रथाका रूपमा रहेका दासत्वका अवशेषहरूको अन्त्यका निम्ति कानूनको व्यवस्था गर्दै उनीहरूको सामाजिक पुनरर्स्थापनाका लागि प्रयत्नरत रहने।"

मानवअधिकारको क्षेत्रमा जनस्तरबाट भएका प्रयासहरूको क्रममा यो राष्ट्रिय सम्मेलनले ठोस महत्व राखेको छ। यस सम्मेलनले मानवअधिकारको पक्षमा जनस्तरसम्म जागरण ल्याउन यस्ता अन्य सवालसंग

विश्वमानवअधिकार दिवस १९९७ का दिन मानवअधिकार संस्थाहरूको विरोध कार्यक्रम

सम्बन्धित सम्मेलनको आवश्यकताबोध गराएको छ।

(ग) प्रथम कमैया राष्ट्रिय सम्मेलन

नेपालका सुदूर पश्चिम र मध्यपश्चिमका ५ ओटा जिल्ला, दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा दास प्रथाको अवशेषको रूपमा रहेको कमैया प्रथा अध्यापि कायम छ। थारू जनजातिमा लामो समयदेखि जरा हालेर बसेको यो अमानवीय प्रथाबाट कमैयाहरूलाई मुक्त गर्न इन्सेकले ०४८ सालदेखि नै यस क्षेत्रमा कामको थालनी गरेको थियो। कमैया प्रथाभित्र बाँधा मजदूरको भयावह स्थितिलाई सर्वप्रथम इन्सेकले गरेको एक सर्वेक्षण प्रतिवेदन ०४९ सालमा "नेपालमा कमैया प्रथा भित्र बाँधा मजदूर" मार्फत सार्वजनिक गर्‍यो। त्यसपछि एक विशेष कार्यक्रम संचालन गर्दै कमैयाहरूमा सचेतना अभिवृद्धिमा जोड दियो। ०५१ सालदेखि कमैयाहरू संगठित हुन थाले। जबसम्म कमैयाहरू स्वयं नै सचेत र संगठित हुँदैनन् तबसम्म उनीहरूको मुक्ति सम्भव छैन भन्ने सोचका साथ इन्सेक कमैयाहरूलाई सचेत र संगठित हुन अभिप्रेरित गर्ने अभियानमा जुट्यो। त्यसपछिको छोटै अवधिमा आवश्यक पूर्वाधार तयार गरी इन्सेकको सक्रिय सहयोगमा ०५२ माघ १० देखि १२ गतेसम्म नेपालगञ्जमा कमैयाहरूको प्रथम राष्ट्रिय सम्मेलन सम्पन्न भयो। "पराधीनता र दासताको अन्त्य गरौं कमैया मुक्ति आन्दोलनलाई सुदृढ पारौं" भन्ने मूल नाराका साथ सम्पन्न उक्त सम्मेलनमा ५ जिल्लाबाट आएका ३ सय कमैया प्रतिनिधिहरूको सहभागिता थियो। प्रमुख राजनीनिक पार्टीका प्रतिनिधिहरू, त्यस क्षेत्रका सांसदहरू, गैरसरकारी संघ-संस्थाका प्रतिनिधिहरू र समाजसेवी व्यक्तित्वहरूद्वारा सम्मेलन सफलताको शुभकामना दिइएको थियो। सम्मेलनले कमैया आन्दोलनको दिशा, कमैया मुक्ति मञ्च नेपालको विधान र समसामयिक प्रस्तावहरू पारित गर्नुका साथै काशीराम थारूको अध्यक्षतामा १४ सदस्यीय केन्द्रीय कार्यसमिति निर्वाचित गर्‍यो। सम्मेलन सम्पन्न भएपछि ०५२ माघ १२ गते १० औं हजार जनसमूहका बीच जुलुस र घोषणा सभाको आयोजना भएको थियो। सभामा भारतको बँधुवा मुक्ति मोर्चाका नेता स्वामी अग्निवेशले पनि सम्बोधन गर्नु भएको थियो।



स्थानीय निर्वाचन : उम्मेदवारहरूको अन्तरक्रिया कार्यक्रम

सम्मेलनद्वारा पारित कमैया आन्दोलनको दिशा विषयक दस्तावेजमा कमैयाहरूको वर्तमान स्थिति, मुक्तिको तात्पर्य, आन्दोलनको रूप, आन्दोलनका चुनौतिहरूका साथसाथै तत्कालीन मागहरूलाई सूत्रवद्ध गरिएको छ। उक्त दस्तावेजमा भनिएको छ- "कमैया मुक्तिको निम्ति अथवा कमैयाका मागहरूको प्राप्तिको निम्ति राज्य संलग्न रहनु र राज्य स्तरीय नीति तय हुनु आवश्यक छ। राज्यको ध्यान आकर्षण कमैयाहरूको सचेतनता तथा संगठित पहलवाट मात्र सम्भव छ। त्यसैकारण कमैया आन्दोलन भनेको कमैया समूहका मागहरू पूरा गर्नको निम्ति राज्यलाई संलग्न गराउन गरिने कमैयाहरूको क्रियाकलाप हो। यो क्रियाकलाप नैतिक-वौद्धिक वा भौतिक दुवै हुन सक्छ।"

(घ) गैरसरकारी संस्था महासंघको राष्ट्रिय अधिवेशन

गैरसरकारी संस्था महासंघको छैटौं महाधिवेशन ०५४ पुस २१ देखि २२ गतेसम्म ललितपुरमा सम्पन्न भयो। करीव ९ सय प्रतिनिधिहरूको सहभागिता रहेको उक्त महाधिवेशनमा "प्रजातन्त्र र मानवअधिकार : स्रोत परिचालन तथा व्यवस्थापन, गैरसरकारी संस्था आन्दोलन, चुनौति र परिवर्तन" आदि विषयहरूमा आधारित ९ वटा कार्यपत्र प्रस्तुत गरी छलफल गरिएको थियो। उक्त राष्ट्रिय अधिवेशनले गैरसरकारी संस्थाहरूको आचार संहिता पारित गरेको छ। आचार संहितामा जनसमुदायप्रतिको उत्तरदायित्व, पारदर्शिता, प्रजातान्त्रिक निर्णय प्रक्रिया, सहभागिता, नैतिक मूल्य र आचार संहिता, अनुगमनको संयन्त्र जस्ता सवालहरूमा ठोस दृष्टिकोण अगाडि सारिएको छ।

(ङ) राष्ट्रिय परामर्श कार्यक्रम

मुलुकमा प्रजातन्त्र पुनर्स्थापना पछि पनि जनता यातना, गैरकानूनी हत्या, शोषण, उत्पीडन जस्ता अमानवीय कार्यवाट पीडित भइरहेका छन्। अझै पनि धेरै आधारभूत अधिकारहरूका विषयमा सुनवाई नहुने अवस्था विद्यमान छ। यस्तो स्थितिमा नेपालमा कार्यरत मानवअधिकार संस्थाहरू बीच समझदारी कायम गरी कसरी अगाडि वढ्नु जरूरी छ भन्ने सवाल अनुत्तरित नै रहेको महसुस गर्दै अन्तर्राष्ट्रिय ऐक्यवद्धता समूह (ग्रिन्सो) नेपालले यसै वर्ष अर्थात् ०५४ असार ७-८ गते काठमाडौंमा एउटा राष्ट्रिय परामर्श कार्यक्रमको आयोजना गर्‍यो। "मानवअधिकार आन्दोलन : कार्यगत एकताको आवश्यकता" मूल नारा दिइएको उक्त परामर्श कार्यक्रममा मानवअधिकार आन्दोलनका आधारभूत सवालहरूमा ४ वटा कार्यसत्रमा विभाजित उक्त कार्यक्रममा मासम, नेमाधिसंघ, इन्सेक, सिविन, सिभिक्ट, इन्हुरेड, ग्रिन्सो, जनअधिकार सरोकार केन्द्र, मानवअधिकार तथा प्रजातन्त्र प्रतिष्ठान, राष्ट्रिय सरोकार समाज, बन्दि सूचना केन्द्र आदि मानवअधिकार संस्थाका नेतृत्वदायी व्यक्तिहरू समेत ४६ जनाको सहभागिता रहेको थियो। तत्कालीन प्रधान न्यायाधीश त्रिलोकप्रताप राणाद्वारा उद्घाटन गरिएको सो कार्यक्रमको अन्त्यमा "मानवअधिकार आन्दोलनको नीति, दिशा र सहकार्यको परिमार्जन र विकासका लागि आगामी दिनहरूमा राष्ट्रिय, क्षेत्रीय र स्थानीय तहसम्म व्यापक अन्तरक्रिया र स्थायी एवं संस्थागत निष्कर्षमा पुग्न यसलाई निरन्तरता दिनु आवश्यक ठान्दछौं।" भन्ने सामूहिक वचनवद्धता प्रकट गरिएको थियो।

यसैगरी ग्रिन्सो र भूटान सोलिड्यारिटी भारतको संयुक्त आयोजनामा १९९७ जुलाई २९-३१ गतेसम्म "भूटान विषयक दक्षिण एशियाली जनसम्मेलन" सम्पन्न भएको थियो। भारतको नयाँ दिल्लीमा आयोजित उक्त सम्मेलनमा भूटानी शरणार्थी समस्याको यथाशीघ्र समाधान र भूटानमा प्रजातन्त्र र मानवअधिकार स्थापनाका लागि चलिरहेको आन्दोलनप्रति एशियाली जनताको ऐक्यवद्धता प्रति प्रतिवद्धता व्यक्त गर्दै ठोस रणनीति अवलम्वन गर्ने प्रयास गरिएको थियो। सोही अवसरमा नेपाल, भारत, वंगलादेश, पाकिस्तान, भूटान, श्रीलंका र माल्दीभ्सको प्रतिनिधित्व समेत रहेको दक्षिण एशियाली जनऐक्यवद्धता समूहको गठन गरियो।

त्यसैगरी ०५४ मंसिर १९ र २० गते दलित समुदायको समस्या विषय दुई दिने राष्ट्रिय परामर्श कार्यक्रमको आयोजना भक्तपुरमा सम्पन्न भयो। उक्त कार्यक्रममा मुक्ति समाजका अध्यक्ष पद्मलाल विश्वकर्मा र त्रि.वि.का सहप्राध्यापक जीवेन्द्रदेव गिरीद्वारा प्रस्तुत दुई वटा कार्यपत्रमाथि छलफल गरिएको थियो। उक्त छलफलपछि दलित समुदायको उत्थानका लागि गर्नु पर्ने कार्यहरूको कार्ययोजना समेत तयार गरिएको थियो।

(च) नेमाधिसंघको छैटौं राष्ट्रिय सम्मेलन

०५४ मंसिर २५ गते स्थापित भएर मानवअधिकारको अभियानमा क्रियाशील नेपाल मानवअधिकार संगठनको छैटौं राष्ट्रिय सम्मेलन ०५३ चैत २३-२४ मा वनेपामा सम्पन्न भयो। सम्मेलनले प्रा. कपिल श्रेष्ठको अध्यक्षतामा केन्द्रीय कार्यसमिति निर्वाचित गर्दै "वनेपा घोषणापत्र" पारित गरेको थियो।

२० वटा बुँदामा समेटिएको उक्त घोषणापत्रमा भनिएको छ- "नेपाली जनताको ठूलो त्याग, तपस्या, संघर्ष र शहीदको

बलिदानबाट देशमा स्थापित प्रजातन्त्रको मूल्य र मान्यतालाई जगेर्ना गर्न यो राष्ट्रिय सम्मेलन सबै पक्षलाई आग्रह गर्दै, प्रजातन्त्रको विरूद्ध हुन सक्ने षडयन्त्रप्रति सचेत रहन आह्वान गर्दछ। ... प्रजातन्त्रको स्थापना पश्चात् पनि मानवअधिकार उल्लंघनका घटनाहरू बढिरहेको परिप्रेक्ष्यमा यो राष्ट्रिय सम्मेलन मानवअधिकारवादीहरु अझ जागरूक र सशक्त हुनु पर्ने निष्कर्षमा पुगेको छ भने मानवअधिकार संरक्षणका लागि आवश्यक संरचना स्थापना गरी राज्य संचालन गर्ने निकायहरूले ठोस पहल तथा दृढ इच्छाशक्ति देखाउनु पर्नेतर्फ ध्यानाकर्षण गर्दछ। ... कमैया प्रथा र बँधुवा मजदूर मानव गरिमा विरूद्धको कलंक हो। यो घृणित प्रथालाई अन्त्य गरी निजहरूको पुनर्स्थापनाका लागि आवश्यक कार्य गर्न यो राष्ट्रिय सम्मेलन माग गर्दछ। ... मानवअधिकारको आदर्श विपरित नेपालको संविधान र ऐन कानूनमा विद्यमान मृत्युदण्ड लगायत अन्य प्रावधानहरू यथाशीघ्र खारेज हुनु पर्ने तर्फ यो राष्ट्रिय सम्मेलन ध्यानाकर्षण गर्दछ।"

यसका अतिरिक्त अरू विभिन्न संस्थाहरुले मानवअधिकारसंग प्रत्यक्ष सरोकार राख्ने विविध समसामयिक सवालहरुमा राष्ट्रिय वा क्षेत्रीय स्तरमा भेला, गोष्ठी र अन्तरक्रिया कार्यक्रम संचालन गरेका थिए।

(छ) कमैया मुक्ति सम्बन्धी अपिल आन्दोलन

मानिसको बिक्री वट्टा हुने अमानवीय कमैया प्रथालाई निर्मूल गर्न ऐक्यबद्ध रूपमा कार्य गर्ने र यस कार्यमा संलग्न संस्थाहरूलाई सामूहिक रूपमा कार्ययोजना तयार गर्न प्लेट फर्म तयार गर्ने उद्देश्यले इन्सेकले युनिसेफको सहयोगमा १९९६ को सेप्टेम्बर १८ देखि २० सम्म नेपालगञ्जमा एउटा गोष्ठीको आयोजना गर्‍यो। कमैया क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थाहरूको सहभागिता रहेको उक्त गोष्ठीबाट निस्केका निष्कर्ष र सुझावहरूको आधारमा एक कार्ययोजना तयार गरिनुका साथै एउटा कार्यदल गठन गरियो। उक्त कार्यदलले आफ्नो प्रारम्भिक कार्य सम्पादन गरी २२ नोभेम्बर १९९६ का दिन एक वृहद् भेला बोलायो र सो भेलाद्वारा कमैया सरोकार समूहले एउटा विस्तृत कार्य योजना तयार गरी सो अनुरूप कमैया मुक्तिको सवालमा उल्लेखनीय कामको थालनी गरेको छ। यही समूहद्वारा चलाइएको अपिल आन्दोलनका क्रममा अहिलेसम्म १२ जना कमैयाहरूलाई मालिकको बन्धनबाट मुक्त गरेको छ।

निर्वाचन पर्यवेक्षण

स्वच्छ, निष्पक्ष र स्वतन्त्र निर्वाचन नै प्रजातन्त्रको मूल आधार हो। प्रजातन्त्रको पुनर्स्थापनापछि हाम्रो देशमा दुई पटक आम निर्वाचन सम्पन्न भइसकेका छन्। यी दुवै निर्वाचनमा इन्सेक, नेमाधिसंघ, मासम, सिविन, सिभिक्ट, इन्हुरेड लगायत् मानवअधिकार संस्थाहरू संलग्न रही गठित निर्वाचन पर्यवेक्षण समितिले निर्वाचन पर्यवेक्षण कार्य सम्पन्न गरेको थियो। समितिले धाँधली हुन सक्ने सम्भाव्य जिल्ला वा

नेपाल मानवअधिकार संगठनको तर्फबाट धरानमा आयोजित शान्ति पदयात्रा

बुथको पहिचान गरी ती स्थानमा प्रतिनिधिहरू पठाएर र जिल्लामा जिल्ला स्तरीय पर्यवेक्षण समिति संगठित गरी पर्यवेक्षण कार्यलाई सुव्यवस्थित गरेको थियो। ०४८ को निर्वाचन सम्पन्न भएपछि उक्त समितिले बृहत प्रतिवेदन नै प्रकाशन गरेको थियो। ०५१ सालको मध्यावधि निर्वाचनको पनि सुव्यवस्थित किसिमले पर्यवेक्षण कार्य सम्पन्न गरी प्रतिवेदन सार्वजनिक गरेको थियो। समितिलाई दुवै पटक निर्वाचन आयोगले पर्यवेक्षणका निम्ति अनुमति प्रदान गरेको थियो। निर्वाचन पर्यवेक्षण समितिले नै पहिलो पटक निर्वाचन निष्पक्ष बनाउन मतदाता परिचय पत्र (कार्ड) को व्यवस्था गरिनु पर्ने सुझाव दिएको थियो। ०५१ सालको मध्यावधि निर्वाचनमा परीक्षणको निम्ति ३ वटा निर्वाचन क्षेत्रमा निर्वाचन आयोगले मतदाता कार्ड उपलब्ध गराएको थियो।

रक्सी विरोधी अभियान

झण्डै एक दशक अघि शुरू भएको जाँड-रक्सी विरोधी अभियानले अहिले निकै अग्रगति लिएको छ। मुलतः ग्रामीण महिलाहरूको अगुवाई र नेतृत्वमा संचालित यो अभियान अहिले मुलुकव्यापी बनेको छ। धेरै ठाउँमा आमा

चेलीबेटी बेचबिखन विरुद्ध कालो पोशाकमा विरोध प्रदर्शन

समूहले आन्दोलनलाई अगुवाइ गरिरहेका छन्। ०५४ सालमा अछाम जिल्लाको वयलपाटा क्षेत्रका महिलाहरूले थालनी गरेको आन्दोलन नै सम्भवत नेपालको पहिलो रक्सी विरोधी आन्दोलन हो। अहिले यो आन्दोलनले देशका झण्डै एक तिहाइ जिल्लाहरू प्रभावित भएका छन्। अधिकांश जिल्लामा प्रहरी प्रशासन र राजनीतिक पार्टीहरूले यो अभियानलाई सकारात्मक ढंगले लिएको पाइन्न। रक्सीको विरोध गर्दै महिलाहरूद्वारा प्रदर्शन गरिएका एकाध जुलुसमा त प्रहरी हस्तक्षेप पनि भएका छन्। केही ठाउँ र जिल्लामा भने प्रशासन र प्रहरीको सहयोगमा आन्दोलनकारी महिलाहरू मादक पदार्थ निषेधित क्षेत्र घोषणा गर्न सफल भएका छन्। यसको एउटा उदाहरण डडेलधुरा जिल्ला पनि हो। डडेलधुरा जिल्लामा ३ वर्षसम्म महिलाहरूले निरन्तर रक्सी सेवन रोकनलाई थुप्रै पटक सडकमा बसेर यातायात ठप्प पारे। प्रमुख जिल्ला अधिकारीको कार्यालय घेरे, सदर मुकाममा जुलुस निकाले र अन्तमा अहिले त्यो जिल्ला मादक पदार्थ निषेधित क्षेत्रमा बदलिएको छ। डडेलधुराका प्रमुख जिल्ला अधिकारी बताउँछन्- "अहिले डडेलधुरा पूर्ण शान्त छ।" यस्तो अशान्तिको बीउ र यसको बोटै मास्न महिलाहरू कम्मर कसेर लागेका छन्।

०४९ साल देखि यो वर्षसम्ममा झापाको बनियानी र बिर्तामोड, कञ्चनपुरको श्रीपुर, धनगढीको टिकापुर, धनगढी बजार, नवलपरासीको प्रगतिनगर, लक्ष्मीपुर, रूपन्देहीको बुटवल, दाङको तुलसीपुर, घोराही गंगापुर, लमही, बर्दियाको गुलरिया, चितवनको पिठुवा, मकवानपुरको मनहरी, दोलखाको चरीकोट, सर्लाहीको हरिओन, भोजपुरको टिक्नेल, काभ्रेको पाँचखाल, बनेपा, सप्तरीको राजविराज, पर्साको टोटी, बाँकेको नेपालगञ्ज, सिन्धुपाल्चोकको बाह्रबिसे, चौतारा, धादिङको चरौदीबजार लगायत विभिन्न ठाउँमा महिलाहरूले जुलुस र आमसभा गरेका छन्। धेरै ठाउँमा रक्सी बनाउने भाँडाकुडा फुटाली दिएको, रक्सी नष्ट गरिदिएको र स्वत स्फुर्त ढंगले रक्सी निषेधित क्षेत्र घोषित गरी कसैले रक्सी उत्पादन तथा सेवन गरेको फेला पारेमा रू. १० हजारसम्म जरिवाना र सजाय गर्ने गरेको समेत पाइएको छ।

मदिरा सेवनका कारण समाजमा दिनहुँ झगडा, मारकाट र अन्य अमानवीय व्यवहार भइरहेको यो स्थितिमा ग्रामीण क्षेत्रका महिलाहरूले स्थानीय स्तरमै भए पनि गरेको यो आन्दोलन आफैंमा एउटा अभूतपूर्व उपलब्धी हो भन्न सकिन्छ।

माओवादी जनयुद्ध र मानवअधिकार संस्थाहरुको स्थलगत अध्ययन

२०५२ फागुन १ गतेबाट नेकपा (माओवादी) द्वारा शुरु गरिएको जनयुद्धबाट अहिलेसम्म १ सय ३६ जना नागरिकको मृत्यु भइसकेको छ। जनयुद्धलाई दमनको भरमा नियन्त्रण गर्न सकिन्छ भन्ने सरकारी मानसिकताका कारण पनि यसले एउटा विकराल समस्याको रुप लिंदै आएको छ। "जनयुद्ध" को शुरुवात देखिनै इन्सेक, सिविन, सिभिक्ट, मासम, इन्हुरेड, जनअधिकार सरोकार केन्द्र, ग्रिन्सो, नेमाधिसंघ, मानवअधिकार तथा प्रजातान्त्रिक प्रतिष्ठान लगायतका मानवअधिकार संस्थाहरू संलग्न रहेको टोली संगठित भइ जनयुद्ध प्रभावित जिल्लाहरूको स्थलगत अध्ययन गर्‍यो। रूकुम, रोल्पा, जाजरकोट, प्युठान, सल्यान, सिन्धुली आदि जिल्लामा पटक-पटक जाने र प्राप्त तथ्यहरूलाई प्रतिवेदनको रूपमा सार्वजनिक गर्ने क्रम अहिलेसम्म निरन्तर कायम छ। जनयुद्ध शुरु भए पछि यस सम्बन्धी विस्तृत अध्ययन गरी मानवअधिकार तथा शान्ति समाजले सन् १९९७ भित्रै एक प्रतिवेदन सार्वजनिक गर्ने प्रतिवद्धता व्यक्त गरेको थियो। तर कतिपय कठिनाइका कारण समाजले सो सम्बन्धी प्रतिवेदनमा मात्र सार्वजनिक गर्न सक्यो। माओवादी जनयुद्ध सम्बन्धी गरिएको सो अध्ययनका आधारमा समाजले ९५ पृष्ठ लामो एक प्रतिवेदन सार्वजनिक गरी जनयुद्धहरूका विविध पक्षलाई छर्लङ्ग पारेको छ। यस अघि इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्ष पुस्तक १९९६ मा पनि "जनयुद्ध" विषयक विशेष सामाग्री सो वर्षको उल्लेख्य घटनाको रूपमा प्रस्तुत भएको थियो। त्यस्तै शान्ति समाजकै तर्फबाट प्रचलित कानूनबाट मृत्युदण्डको सजाय हटाइनु पर्ने र मानवअधिकार सम्वन्धी नेपालले प्रतिबद्धता जनाएका अन्तर्राष्ट्रिय सन्धी सम्झौताहरूको पालना हुनु पर्ने जस्ता माग राखी एक हप्तासम्म भोक हड्ताल पनि गरेको थियो।

आतंककारी विधेयक विरुद्धको अभियान

जनयुद्ध नियन्त्रणका नाममा गरिएको सरकारी दमनका सिलसिलामा भएका मानवअधिकार उल्लंघनका घटनाहरुलाई सार्वजनिक गर्दै जनयुद्धलाई राजनीतिक समस्याका रूपमा लिन मानवअधिकार संस्थाहरूले बारम्बार अनुरोध गरेका छन्। तर ०५३ को अन्त्यमा गठन भएको राप्रपा-एमाले संयुक्त सरकारको समयमा माओवादी जनयुद्धलाई नियन्त्रण गर्न कानून पर्याप्त नभएको हुँदा स्थिति जटिल बनेको छ भन्दै आतंककारी तथा विध्वंशात्मक अपराध नियन्त्रण तथा सजाय" विधेयक ल्याउने व्यापक चर्चा शुरू भयो। पत्रपत्रिकामा उक्त विधेयकको मस्यौदाको पूर्ण अंशहरू प्रकाशित भए। यसले सबै मानवअधिकार संस्थाहरूले सशंकित हुँदै तीव्र प्रतिक्रिया व्यक्त गरे। साँच्चै यस्तो विधेयक संसदमा प्रस्तुत हुने र संसदले पारित गर्ने हो भने मानवअधिकारको दृष्टिले अत्यन्तै गम्भीर स्थिति पैदा हुने सम्भावनालाई उजागर गर्दै विरोध र भर्त्सना गरियो। उक्त विधेयकको विरोध गर्दै श्री ५ को सरकारले गठन गरेको मानवअधिकार संरक्षण सुझाव कार्यदलबाट सुशील प्याकुरेल, कपिल श्रेष्ठ, पद्मरत्न तुलाधर लगायत ७ जनाले राजीनामा दिए। इन्सेक र अन्य संस्थाहरूले विराटनगर, पोखरा, काठमाडौं आदि ठाउँमा उक्त विधेयक विरूद्ध सभा र गोष्ठीहरूको आयोजना गरे। अन्ततः विधेयक औपचारिक रूपले संसदमा प्रस्तुत नभै तुहेको थियो।

आतंककारी विधेयक विरोधी अभियानकै क्रममा

मूल्यांकन मासिकको आयोजनामा ०५४ साउन २२ गते मानवअधिकारवादी बुद्धिजीवी तथा पेशागत प्रतिनिधिहरूको एक भेला सम्पन्न भएको थियो। १ सय ९७ जनाको सहभागिता रहेको उक्त भेलाले सांसद पद्मरत्न तुलाधरको संयोजकत्वमा १६ सदस्यीय "प्रजातान्त्रिक अधिकार जोगाऔं आन्दोलन नेपाल" को गठन गर्‍यो। सोही संस्थाद्वारा सर्वप्रथम साउन २३ गते प्रस्तावित आतंककारी विधेयक विरूद्ध सार्वजनिक वक्तव्य प्रकाशित गरियो। त्यसपछि राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा प्रचार प्रसार, गोष्ठी, भेला, सांसदहरूलाई अपिल, प्रधानमन्त्री एवं गृहमन्त्रीका नाममा विरोधपत्र, विधेयकको विरूद्धमा ऐक्यबद्धता र्‍याली आदिको आयोजना गरिएको थियो। अन्ततः जनस्तरबाट भएका यिनै दबाबका कारण पनि अन्तिम तयारीमा पुगेको भनी चर्चामा आएको सो विधेयक अहिलेसम्म सरकारले प्रस्तुत गर्न सकेको छैन।

यस वर्ष भएका अन्य कार्यहरु

मानवअधिकारसंग प्रत्यक्ष सरोकार राख्ने कतिपय सवाललाई लिएर धेरै संघ संस्थाहरू यस वर्ष पनि क्रियाशील रहे। मानवअधिकार संरक्षण मंच मासमले राज्यद्वारा भएका मानवअधिकार हननका घटनाहरू भएको ठाउँमै गइ प्राप्त तथ्यहरू सार्वजनिक गर्ने, महिला जागरणका निम्ति विविध कार्यक्रमहरूको संचालन गर्ने, प्रजातन्त्र र मानवअधिकारको मर्म अनुकूलको कानून निर्माणमा सांसदहरूलाई, सरकारलाई दबाव दिन गोष्ठी, सभा आदिको संचालन गर्ने, समय-समयमा मानवअधिकार सम्बन्धी सूचनाहरू प्रवाह गर्ने, निर्वाचन पर्यवेक्षणमा सहभागी हुने, मानवअधिकार विरोधी विधेयकको विरूद्धमा आवाज उठाउने जस्ता कार्य यस वर्ष सम्पन्न गर्‍यो। त्यस्तै नेपाल मानवअधिकार संगठनले आतंककारी तथा विध्वंसात्मक अपराध नियन्त्रण तथा सजाय विधेयक जस्तो दमनकारी विधेयकको प्रतिरोध गर्न संगठनका शाखाहरूलाई निर्देशित गरेको, यसै वर्ष सम्पन्न स्थानीय निकायको निर्वाचनको पर्यवेक्षण गरेको, भूटानी प्रजातान्त्रिक आन्दोलनका अग्रणी नेता टेकनाथ रिजालको अनशनप्रति एक्यबद्धता प्रकट गर्दै भूटानी शरणार्थीहरूद्वारा काठमाडौंमा गरिएको अनशन लगायत् भूटानी प्रजातान्त्रिक आन्दोलनसंग सम्बन्धित विभिन्न समयमा संचालित कार्यक्रमहरूमा सक्रियतापूर्वक सहयोग पुर्‍याएको थियो। त्यसैगरी उक्त संस्थाले मानवअधिकार जनचेतना सम्वन्धी कार्यक्रमहरू, मानवअधिकार उल्लंघनका पीडित पक्षलाई न्याय दिलाउने तर्फ पहल गरेको, अनाथ-असहाय एवं पीडित पक्षलाई निशुल्क कानूनी सेवा संगठनसंग सम्बन्धित कानून व्यवसायीहरू मार्फत प्रदान गरेको थियो।

कारागारका बन्दीहरूप्रति सम्वेदनशील रहँदै आएको बन्दी सहायता नियोगले संचालन गरेको बचेरा बासमा यसवर्ष बन्दीहरूका ४५ जना बालबालिकालाई आश्रय दिएको कुरा जनाइएको छ। जसमा २२ बालिका र २३ बालक रहेका छन्। त्यसैगरी उक्त संस्थाले महिला कारागारका १४ जना

काभ्रेमा भएको कुवा पानी उघाउ कार्यक्रम

महिला बन्दीलाई स्वास्टो वितरण गरेको, भद्रगोल जेलका ४० जनालाई केन्द्रीय कारागारमा २५ जनालाई, नख्खु कारागारमा २० जनालाई, सदरखोरमा १५ जना बन्दीहरूलाई जाडोको मौसममा स्वीटर वितरण गरेको, केन्द्रीय तथा भद्रगोल जेलका युवा बन्दीहरूलाई पाठ्यपुस्तक आदि वितरण गरेको थियो।

त्यसैगरी बालअधिकारमा केन्द्रित नेपाल बालमजदूर सरोकार केन्द्र (सिविन) ले यस वर्ष राजधानीका ट्याम्पु यातायातमा खलासी बनेका बाल मजदूरहरूलाई उक्त जोखिमपूर्ण कार्यबाट मुक्त गर्ने प्रभावकारी कार्यक्रम संचालन गरेको थियो। सडक बालबालिकाको निकै ठूलो संख्यालाई कमनरूममा आश्रय दिएको छ भने यस वर्ष पनि थुप्रै त्यस्ता बालबालिकाहरूलाई उनीहरूका आफन्तजनहरूकोमा पुर्‍याइ दिने कार्य गरेको छ। बालअधिकार संरक्षणसंग सम्बन्धित अर्को संस्था कन्सर्न नेपालले पनि बालअधिकारको हनन हुन नदिन विभिन्न कार्यक्रमहरू संचालन गरेको थियो।

इन्सेकसंग आबद्ध भएर ४० जिल्लामा कार्यरत विभिन्न मानवअधिकार संस्थाहरूले साक्षरता तथा सचेतनता कार्यक्रमहरू चलाइरहेका छन्। प्रौढ तथा बालबालिका र महिलाहरूको ठूलो संख्याले साक्षरताको माध्यमबाट मानवअधिकारको आधारभूत ज्ञान आर्जन गरिरहेको छ। यी संस्थाहरूले नियमित कक्षा चलाउनुको साथै, मानवअधिकार दिवस, शहीद दिवस, बाल दिवस, श्रमिक महिला दिवस, संविधान दिवस, प्रकाश स्मृति दिवस लगायत अन्य राष्ट्रिय दिवसहरूको अवसरमा जागरण र चेतनामूलक सभा, गोष्ठी र भेलाहरूको आयोजना गर्ने गरेका छन्। यी संस्थाहरूले यस वर्ष पनि जनप्रतिनिधि तालिम, महिला जनप्रतिनिधि तथा नेतृत्व विकास तालिम तथा मानवअधिकार कार्यकर्ता तालिम आदिका कार्यक्रमहरू संचालन गरे। यसैगरी मासम, नेमाधिसंघ, एम्नेष्टी इन्टरनेशनल लगायतका संस्थाका विभिन्न जिल्लामा रहेका जिल्ला शाखा तथा उपशाखाहरूले पनि स्थानीय स्तरमा मानवअधिकार सम्बन्धी विविध कार्यक्रमहरूको आयोजना तथा संचालन गरेका छन्।

जनअधिकार सरोकार अभियानले यस वर्ष नुवाकोट, काभ्रे, बाग्लुङ, दाङ, रोल्पा र गोर्खाको जेल र प्रहरी हिरासतको निरीक्षण गरेको थियो। त्यसैगरी उक्त संस्थाले पोखरा, गोर्खा लगायत केही ठाउँमा आतंककारी विधेयक

सम्बन्धी गोष्ठीहरूको आयोजना गरेको थियो।

दक्षिण एशिया मानवअधिकार मञ्च (साफर) ले यस वर्ष मानवअधिकारको विश्वव्यापी मान्यतालाई दक्षिण एशियामा कायम राख्नको लागि आफ्ना तोकिएका कार्यहरू सम्पन्न गर्‍यो। यसले सम्पन्न गरेका कार्यहरूमा मानवअधिकार उल्लंघन विरुद्ध अभियान संचालन गर्नुका साथै २ वटा पुस्तक तथा विभिन्न अवसरहरूमा शरणार्थीहरू सम्बन्धी त्रैमासिक बुलेटिन प्रकाशन गरेको थियो। यस क्षेत्रमा रहेका मानवअधिकार संस्थाहरू तथा कार्यकर्ताहरूका बीचमा वैचारिक छलफल एवं सम्बन्धित क्षेत्रका बारेमा विचार विमर्श कार्यक्रम सम्पन्न गरेको थियो। साफरले श्रीलंकाको नेशनल पीस काउन्सिल तथा फ्रेडरिक नो म्यान स्टीफ्टुङको संयुक्त आयोजनामा ३ दिने दक्षिण एशियाली शान्ति घोषणाको परामर्श कार्यक्रम संचालन गरेको थियो। उक्त कार्यक्रममा मानवअधिकार कार्यकर्ता, प्राज्ञिकहरू, पत्रकारहरू, पूर्व मन्त्रीहरू, कुटनीतिज्ञ, कर्मचारीहरू कानूनव्यवसायी, न्यायाधीशहरू समेत गरी ५० जना भन्दा बढी प्रतिनिधिहरू बंगलादेश, इण्डिया, नेपाल, पाकिस्तान र श्रीलंकाबाट सहभागी भएका थिए।

त्यसैगरी साफरले बहुचर्चित आतंककारी तथा विध्वंशात्मक अपराध नियन्त्रण तथा सजाय सम्बन्धी विधेयकको विरुद्धमा अन्तरक्रिया कार्यक्रम संचालन गरेको थियो। उक्त कार्यक्रममा नेपाली विधायकहरूसंग भारतीय आतंककारी कानून सम्बन्धमा भारतीय मानवअधिकार र कार्यकर्ताहरूले भोल्नु परेका समस्याका बारेमा अनुभव आदान प्रदान गरिएको थियो। यस्ता विधेयकहरूले मानिसको जीवनमा आवश्यक पर्ने बाँच्न पाउने अधिकार तथा स्वतन्त्रतामाथि कानूनी अंकुस लगाउने कुरामा अन्तरक्रियाका सहभागीहरू सहमत भएका थिए।

मानवअधिकार तथा प्रजातन्त्र प्रतिष्ठान आइ. एच. आर. डी. ले यस वर्ष मानवअधिकार तथा प्रजातन्त्रका पक्षको विभिन्न गतिविधि संचालन गरेको छ। ती मध्ये समुदायका नेता /नेतृहरूलाई तालिम, सामाजिक विकास प्रक्रिया, अनुगमन सम्बन्धी तालिम तथा निर्वाचन पर्यवेक्षण आदि प्रमुख रहेका छन्। यसदेखि बाहेक भूटानी शरणार्थीहरूप्रतिको ऐक्यवद्धता जाहेर गर्ने गतिविधिमा पनि यसको संलग्नता रही आएको छ।

शान्ति समाजको आयोजनामा आमरण अनशन

माइती नेपालले यस वर्ष पुनर्स्थापना केन्द्र संचालन गरी मुलुकका विभिन्न जिल्लाहरूबाट बेचिएका चेलीहरू, घरेलु हिंसाबाट पीडित महिलाहरू, वेवारिसे अवस्थामा फेला परेका बालबालिकाहरू र बलात्कारको शिकार भएका महिलाहरूलाई संरक्षण प्रदान गर्दै पुनर्स्थापनाको प्रभावकारी कदम चालेको जनाएको छ। यस संस्थाले यो वर्ष वेवारिसे अवस्थामा फेला परेका ६० जना बालबालिका, बेचिएका र फर्काइएका ६८ जना चेलीबेटीहरू, स्थानीय वेश्यावृत्तिमा संलग्न ४१ जना महिलाहरू, घरेलु हिंसाबाट पीडित १९ जना महिलाहरू, बलात्कारको शिकार भएका ५ जना महिलाहरूलाई पुनर्स्थापना गरी केहीलाई रोजगारको अवसर समेत प्रदान गरेको छ। त्यस्तै वेवारिसे अवस्थामा फेला परेका ३६ जना बालबालिकालाई औपचारिक शिक्षाको व्यवस्था गरिएको कुरा उक्त संस्थाले जनाएको छ।

चेलीबेटी वेचबिखनलाई प्रभावकारी रूपले रोक्न जनचेतना जगाउने उद्देश्यले यस वर्ष मकवानपुर र नुवाकोटमा रोकथाम शिविर संचालन गरेको थियो भने काँकडभिट्टा, झापामा ट्रान्जिट होमको संचालन एवं सीमावर्ती कार्यशाला गोष्ठीको आयोजना समेत गरेको थियो। जनचेतना अभिवृद्धिकै क्रममा झापाका विर्तामोड, काकडभिट्टा, भरतपुरदेखि मकवानपुरका हाँडीखोला, पदमपोखरी, हेटौडा हुँदै मुङलिङसम्मको १० दिने राजमार्ग जनचेतना कार्यक्रम सम्पन्न गरेको थियो।

महिला पुनर्स्थापना केन्द्र (ओरेक) ले पनि महिला हकहितका पक्षमा विभिन्न कामहरू गर्दै आएको छ। यस वर्ष यस संस्थाले बेचिएका नेपाली चेलीबेटीहरूको पुनर्स्थापनाको व्यवस्था, महिला वेचबिखन विरुद्ध विभिन्न चेतना मूलक कार्यक्रम, रोजगारमूलक तालिम तथा अन्य महिला हकहितका कार्यक्रम संचालन गर्‍यो। यसै संस्थाको सक्रियतामा चेलिबेटी वेचबिखन विरुद्ध अन्य महिला मानवअधिकार संस्थाहरूले सहभागितामा हरेक महिनाको अन्तिम शुक्रबार कालो पोशाकमा रत्नपार्कमा १६ वटा विरोध प्रदर्शन पनि आयोजना गरेको थियो।

त्यस्तै अन्तर्राष्ट्रिय मानवअधिकार वातावरण तथा विकास प्रतिष्ठानले यस वर्ष महिला बेचबिखन विरुद्ध अन्तर्राष्ट्रिय कार्यशाला गोष्ठी, शरणार्थी सम्बन्धी स्रोतकेन्द्रको स्थापना, बाल तथा महिला अधिकार सम्बन्धी क्षेत्रीय तालिम, मतदाता शिक्षा सम्बन्धी जिल्ला स्तरीय प्रशिक्षण कार्यक्रम "मिनि वेडजिङ", राष्ट्रिय महिला सम्मेलन, कारागार तथा बन्दीहरूको अवस्था सम्बन्धी अध्ययन र दमनकारी कानूनहरूको प्रतिरोधात्मक अभियान संचालन लगायतका कार्यक्रमहरूको आयोजना गरेको थियो।

नेपालमा विद्यमान जातीय छुवाछूत प्रथाका विरुद्ध पनि

यस वर्ष विभिन्न गतिविधि भए। त्यसै क्रममा नेपाल उत्पीडित दलित जातीय मुक्ति समाजको आयोजनामा ०५४ पुस ५ गते काभ्रे जिल्लाको कोशीदेखा गाविस-६ मा पर्ने मोहरियाको कटुन्डो पँधेरोमा कुवापानी उघाउ संघर्ष कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा समाजका तथा अन्य विभिन्न मानवअधिकार संस्थाका प्रतिनिधिहरूको समेत सहभागिता रहेको थियो। कार्यक्रममा एक जुलुसले स्थानीय केही कुवाहरू घुमेर दलित जातिहरूबाट पानी निकाल्ने र खाने काम पनि भएको थियो। यस गाउँमा परम्परागत रूपमा ठूला भनिएका जातिहरूले दलित जातिलाई स्थानीय कुवामा पानी छुन दिएका थिएनन्।

(मानवअधिकारको संरक्षण र सम्बर्द्धनमा जनस्तरबाट यो वर्ष भएका कार्यक्रम तथा गतिविधिलाई संक्षेपमा प्रस्तुत गर्ने प्रयत्न यो अनुसूचीमा गरिएको छ। तयारीको क्रममा मानवअधिकारसंग प्रत्यक्ष वा अप्रत्यक्ष सरोकार राख्ने धेरै संघ संस्थाहरूलाई निकै पहिलेदेखि आफ्नो संस्थाले यो वर्ष गरेका कार्यक्रमहरू वा गतिविधिहरू बारे जानकारी उपलब्ध गराइ दिन अनुरोध सहित पत्राचार गरिएको थियो। वर्ष पुस्तक तयारीको अन्तिम समयसम्म पनि हामीले त्यो आग्रह दोहोर्‍याइ रह्यौं तर कतिपय संघ संस्थाबाट आधिकारिक जानकारी प्राप्त गर्न सकेनौं। जे जति प्राप्त भयो त्यसैमा आधारित भएर यो सामग्री तयार गरिएको छ- सम्पादक।)

बालशोषण विरुद्ध विश्वयात्राको दृश्य

अनुसूची ४

नेपाली प्रेस- १९९७

पृष्ठभूमि

जर्मनीमा गुटेनवर्ग प्रेस चल्न थालेको झण्डै चार सय वर्षपछि नेपालमा तत्कालीन श्री ३ महाराजाधिराज जंगबहादुरद्वारा विक्रम संवत् १९०८ मा छाप्ने प्रेसको स्थापना गरियो। त्यो सानो प्रेस गिद्दे प्रेसका नामले प्रसिद्ध भयो।

छिमेकी देश चीनमा पेकिङ गजेट निस्कन थालेको साढे चार सय वर्षपछि र भारतमा बंगाल गजेट वा हिकी गजेट निस्कन थालेको सवा सयभन्दा बढी वर्षपछि नेपालमा पत्रकारिताको बीजारोपणसम्म भयो। उन्नाइसौं शताब्दीको मध्यसम्म नेपालमा "प्रेस भनेको कुन चराको नाम हो ?" भनेजस्तै थियो। विक्रम संवत् १९५८ वैशाख २४ गतेदेखि गोरखापत्रको प्रकाशन प्रारम्भ भयो। नेपालमा सबभन्दा जेठो अखबार मानिएको गोरखापत्र शुरुमा साप्ताहिकका रूपमा छापिन थालेको थियो। शुरूवातमा गोरखापत्रलाई उदारतापूर्वक अघि सारिएको देखिए पनि समयान्तरमा त्यो पुरै राज्यको मुखपत्रका रूपमा चल्न थाल्यो। गोरखापत्रको त्यही स्वरूपमा आज पर्यन्त कुनै परिवर्तन आउन सकेको छैन।

यसबीचमा नेपाली पत्रकारिताको फाँट निकै फराकिलो भइसकेको छ। विद्युतीय सञ्चारको क्षेत्र झन् लोकप्रिय बन्न पुगेको छ। छयालीसको परिवर्तनको प्रभाव राजनीतिमा मात्र होइन, समाजका हरेक क्षेत्रमा परेको छ। सञ्चारविद्हरूका अनुसार त्यो परिवर्तनले आमसञ्चारको क्षेत्रमा त सयौं सम्भावनाहरूको प्रारम्भसमेत गराइदिएको छ।

बितेका आठ वर्षहरूमा निजी क्षेत्रबाट पनि प्रेसमा उत्साहप्रद् लगानी भएको छ। केही दैनिकहरूले सय वर्ष पाको गोरखापत्रको विकल्प नै प्रस्तुत गरेका छन्। पञ्चायनकालको अन्त्यनिरबाट साप्ताहिकहरूको संस्थागत हुने क्रम निकै बढेर गएको छ। यसो हुनुमा नेपाल अधिराज्यको संविधान २०४७ को विशेष योगदान उल्लेख्य छ, किनकि विद्यमान संविधानको धारा १३ मा छापाखाना र पत्रपत्रिकासम्बन्धी हकमा प्रष्टै भनिएको छ-

(१) कुनै समाचार, लेख वा अन्य कुनै पाठ्य सामाग्री प्रकाशित गर्न पूर्व प्रतिबन्ध लगाइने छैन।

नर नेपाल अधिराज्यको सार्वभौमसत्ता वा अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पर्ने वा राजद्रोह, गाली-बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरूत्साहन दिने वा सार्वजनिक शिष्टाचार वा नैनिकताको प्रतिकूल हुने कार्यमा मुनासिव प्रतिबन्ध लगाउने गरी कानून बनाउन रोक लगाइएको मानिने छैन।

(२) कुनै समाचार, लेख वा अन्य कुनै पाठ्य सामाग्री मुद्रण गरेबापत छापाखाना बन्द वा जफत गरिने छैन।

(३) कुनै समाचार, लेख वा अन्य कुनै पाठ्यसामाग्री प्रकाशित गरेबापत कुनै समाचारपत्र वा कुनै पत्रिकाको दर्ता खारेज गरिने छैन।

यसरी सेन्सरसीप हटाइएका कारण पत्रकार र लगानीकर्ता दुवैमा उत्साह बढेको छ। पाठक संख्यामा उल्लेखनीय वृद्धि भएको छ। बहुदलीय उदार नीतिका कारण विचारप्रधान पत्रिकाहरूमा पनि बढोत्तरी आएको छ।

नेपालमा रेडियो प्रशारणको शुरूवात् गैरसरकारी स्तरबाट भएको हो। सात सालको जनआन्दोलनका वाहकहरूले ००७ साल मंसीर २९ गते भोजपुरबाट रेडियो प्रशारण शुरू गरेका थिए। सात सालको जनआन्दोलनकै क्रममा विराटनगरमा

सर्वे भवन्तु सु
सर्वे भद्राणि पश्य
गोरखापत्र

क्रान्तिकारी रेडियो नेपाल अर्थात् प्रजातन्त्र रेडियोको स्थापना गरिएको थियो। ००७ साल चैत्र २० गते त्यही ट्रान्समीटरलाई काठमाडौं ल्याई रेडियो नेपालको स्थापना गरिएको थियो। अहिले रेडियो यस देशको सबभन्दा प्रभावकारी आमसञ्चारको माध्यम भएको छ। रेडियो नेपालले अहिले समाचार तथा समाचारमूलक विकास तथा शिक्षामूलक एवं मनोरञ्जनात्मक कार्यक्रम प्रशारण गर्दै आएको छ।

बेलायतमा टेलिभिजन प्रशारण शुरू भएको उनान्चास र अमेरिकाको भन्दा छयालीस वर्षपछि नेपालमा ०४२ साल पुस १४ गतेदेखि नियमितरूपमा टेलिभिजन प्रशारणको शुरूवात् भएको हो। जस्तो कि, अमेरिकी पत्रकार जोन हाहेनबर्गले "प्रोफेसनल जर्नालिष्ट" नामक आफ्नो पुस्तकमा लेखेका छन्- "टेलिभिजन पत्रकारिता सबैभन्दा जटिल किसिमको पत्रकारिता हो। सबैभन्दा गतिशील र आकर्षणको हिसाबले यो सबैभन्दा व्यापक छ।" नेपालमा पनि टेलिभिजन पत्रकारिता दिन/परदिन लोकप्रिय हुँदै गइरहेको छ। रेडियोको स्थापना भएको पैंतीस वर्षपछि मात्र नेपालमा टेलिभिजनको स्थापना भएको हो। तर टेलिभिजनको लोकप्रियता फैलँदै गएको छ। नेपाल टेलिभिजनको स्थापना गर्दा यसको मुख्य उद्देश्य राष्ट्रिय एकता, अखण्डता र सांस्कृतिक सम्पदाको संरक्षण तथा राष्ट्रिय हितको विकास गर्नका निमित्त शैक्षिक, धार्मिक, सांस्कृतिक, संरक्षणसम्बन्धी कार्यक्रम निर्माण गर्नु र प्रसार गराउनु हो भनिएको थियो।

नेपाली पत्रपत्रिकाहरुको वर्तमान स्वरुप :

प्रेस काउन्सिलको पुस्तकालय शाखाको अभिलेखअनुसार आर्थिक वर्ष ०५३/०५४ मसान्तसम्ममा नेपालमा कुल ९ सय ३९ पत्रपत्रिकाहरू दर्ता भइसकेका छन्। तीमध्ये दैनिक १ सय ४०, अर्धसाप्ताहिक ६, साप्ताहिक ६ सय ९९ र पाक्षिक ९४ रहेका छन्। यसरी अघिल्लो आर्थिक वर्षभन्दा ०.०६० प्रतिशत अर्थात् ६५ वटा पत्रपत्रिकाहरू बढेका देखिन्छन्।

काठमाडौं बाहिरबाट प्रकाशित हुने केही पत्रिकाहरू

अघिल्लो वर्ष कुनै पत्रिका प्रकाशित नहुने ३१ जिल्लाहरूमा आर्थिक वर्ष ०५३/०५४ मा पनि पत्रपत्रिका दर्ता गरिएनन्। बढी पत्रपत्रिका दर्ता हुने जिल्लामा काठमाडौं नै परेको छ। आर्थिक वर्ष २०५३/५४ मा काठमाडौंबाट मात्र ३४ वटा समाचारमूलक पत्रिकाहरु दर्ता गरिए। काठमाडौंपछि पर्सा जिल्लामा सात वटा पत्रिकाहरू दर्ता गरिए।

नेपालका अहिलेसम्म समाचारमूलक पत्रिकाहरू दर्ता नभएका जिल्लाहरूमा ताप्लेजुङ, तेह्रथुम, भोजपुर, सोलुखुम्बु, दोलखा, रामेछाप, रसुवा, गोरखा, मनाङ, पर्वत, मुस्ताङ, गुल्मी, अर्घाखाँची र कपिलवस्तु रहेका छन्। रूकुम, रोल्पा, सल्यान, प्युठान, दैलेख, जाजरकोट, डोल्पा, जुम्ला, कालिकोट, मुगु, बझाङ, बाजुरा, डोटी, अछाम, दार्चुला र बैतडीबाट पनि अहिलेसम्म कुनै पत्रिकाको प्रकाशन शुरू भएको छैन।

नेपालका पत्रपत्रिकाको आधाभन्दा बढी संख्या मध्यमाञ्चलमा नै रहेको छ। पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल, मध्य पश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रहरूमा क्रमशः १ सय ५४, ६ सय ५३, ७८, ३६ र १८ वटा पत्रपत्रिकाहरू दर्ता गरिएका देखिन्छन्। आर्थिक वर्ष २०५३/५४ मा मध्यमाञ्चलमा मात्र ६४ वटा नयाँ पत्र-पत्रिकाहरू दर्ता गरिए। तर मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा त्यस अवधिमा नयाँ पत्रिकाहरू दर्ता गरिएनन्।

आर्थिक वर्ष २०५३/५४ को अन्त्यसम्ममा काठमाडौं जिल्लामा मात्रै ७५ दैनिक, १ अर्धसाप्ताहिक, ३ सय २५ साप्ताहिक र ४५ पाक्षिक गरी कुल ४ सय ४६ पत्रपत्रिकाहरू दर्ता भइसकेका छन्। त्यस्तै काठमाडौंपछि बढी पत्रपत्रिकाहरू दर्ता हुने जिल्लाहरूमा मोरङ, ललितपुर, धनुषा, पर्सा, रूपन्देही, बाँके, कास्की र झापा पर्दछन्। ती जिल्लाहरूमा क्रमशः ७०, ५०, ४८, ४३, ३५, २२, २२ र २८ वटा पत्रपत्रिकाहरूले प्रकाशनका लागि अनुमति लिएका छन्।

हालसम्म दर्ता गरिएका कुल ९ सय ३९ पत्रपत्रिकाहरूमध्ये १४.९१ प्रतिशत दैनिक, ६४ प्रतिशत अर्धसाप्ताहिक, ७४.४४ प्रतिशत साप्ताहिक र १०-०१ प्रतिशत पाक्षिक छन्। दर्ता गरिएका पत्रपत्रिकामध्ये नियमित निस्कने पत्रपत्रिकाको संख्या भने अत्यन्तै कम छ। आर्थिक वर्ष २०५३/५४ मा देशभरमा जम्मा ३ सय ६६ पत्रपत्रिकाहरू प्रकाशित भए। तीमध्ये १ सय ३१ नियमित रहे, २ सय ३५ अनियमित रहे। दर्ता भएकाहरूमध्येबाट त्यस अवधिमा देशभरमा जम्मा ५० वटा दैनिकहरू निस्किए। तीमध्ये ८ वटामात्र नियमित हुन सके। कुनै पनि अर्धसाप्ताहिक नियमित भएनन्। दुई वटा प्रकाशित नै भएनन्। ४ वटा अनियमित रहे। त्यस अवधिमा १ सय १९ वटा साप्ताहिक नियमितरूपमा निस्किए। दर्ता गरिएकामध्ये ४ सय २१ वटा साप्ताहिक अप्रकाशित नै रहे। पाक्षिक ४ वटामात्र नियमित हुन सके। पाक्षिकमध्ये ६० वटा प्रकाशित नै भएनन्।

पत्रपत्रिकाका लागि राजधानीमा आवश्यक छापाखानादेखि शिक्षित समुदायसम्मको बाहुल्य क्षेत्र भएको

हुँदा उपत्यकामा धेरै पत्रपत्रिका देखिन्छन्। हालसम्म उपत्यकामा ८१ दैनिक, १ अर्धसाप्ताहिक, ३ सय ७६ साप्ताहिक, ४९ पाक्षिक गरी जम्मा ५ सय ७ वटा पत्रपत्रिकाहरू दर्ता भइसकेका छन्। तर तीमध्ये ५६ दैनिक, २ सय ४६ साप्ताहिक र ३२ पाक्षिक गरी ३ सय ३४ वटा पत्रपत्रिकाहरू प्रकाशित भएका छैनन्। उपत्यकामा १९ दैनिक, १ अर्धसाप्ताहिक, ७१ साप्ताहिक र १७ पाक्षिक गरी १ सय ६ अखबारहरू अनियमितरूपमा प्रकाशित हुन्छन्। ६ दैनिक, ५९ साप्ताहिक, २ पाक्षिक गरी ६७ अखबारहरू मात्र उपत्यकामा नियमितरूपमा प्रकाशित हुने गरेका छन्।

साधन-सुविधा सम्पन्न उपत्यकाको अवस्था त यस्तो छ भने मोफसलको अवस्था कस्तो होला ? आर्थिक वर्ष २०५३/५४ सम्ममा मोफसलमा दर्ता भएका ५९ दैनिक, ५ अर्धसाप्ताहिक, ३ सय २३ साप्ताहिक र ४५ पाक्षिक पत्रपत्रिकाहरूमध्ये २ दैनिक, ६० साप्ताहिक, २ पाक्षिकमात्र नियमितरूपमा प्रकाशित भइरहेका देखिन्छन्। मोफसलका एउटा पनि अर्धसाप्ताहिक नियमित छैनन। मोफसलबाट ३ वटा अर्धसाप्ताहिक अनियमितरूपमा प्रकाशित भइरहेका छन्। दुई वटा हालसम्म अप्रकाशित रहेका छन्।

मोफसलमा दर्ता भएका पत्रपत्रिकाहरूमध्ये ३४ दैनिक, १ सय ७५ साप्ताहिक, २८ पाक्षिक हालस म्म प्रकाशित हुन सकेका छैनन्। मोफसलमा दर्ता भएकामध्ये २ सय ३९ वटा पत्रपत्रिकाहरू अप्रकाशित रहेका छन्।

हालसम्म नेपालीमा १ सय ३१, अंग्रेजीमा ४, नेवारीमा ३, मैथलीमा १२, हिन्दीमा १ दैनिक पत्रिका प्रकाशित गर्ने इजाजत लिइएको छ। अर्धसाप्ताहिक नेपालीबाहेक अरु भाषामा प्रकाशित गर्ने इजाजत लिइएको छैन। नेपाली, अंग्रेजी, नेवारी, हिन्दी, भोजपुरी र मैथली भाषामा क्रमशः ६ सय ६१, २६, ४, ६, १ र १ साप्ताहिक दर्ता गरिएका छन्। त्यस्तै नेपाली, अंग्रेजी, हिन्दी, भोजपुरी र शेर्पा भाषामा क्रमशः ८८, ३, १, १ र १ पाक्षिक दर्ता गरिएका छन्। देशव्यापीरूपमा भन्ने हो भने हालसम्म नेपाली, अंग्रेजी, नेवारी, हिन्दी मैथली, भोजपुरी र शेर्पा भाषामा ८ सय ८६, ३३, ७, ८, २ र १ पत्रिका दर्ता गरिएका छन्।

त्रिभुवन विश्वविद्यालयको पत्रकारिता विभाग र फेडरिक इवर्ट स्टिफटुङका अनुसार नेपाली प्रेसलाई व्यावसायिकताका आधारमा तीन वर्गमा विभाजित गर्न सकिन्छ। (क) व्यावसायिकतालाई उच्च आदर्श मान्ने प्रकाशन (ख) व्यावसायिकता तर्फ ध्यान नदिने प्रकाशन (ग) व्यावसायिकताको ज्ञान नभएका प्रकाशन।

उल्लेखित दुई संस्थाद्वारा हालैमात्र प्रकाशित "बहुलवादी नेपाली समाजमा आमसंचार" शीर्षकको पुस्तकाकारमा प्रकाशित अध्ययन सामग्रीमा लेखिएको छ- प्रकाशन क्षेत्रमा बहुलवादी राजनीतिक सोच विचारले गहिरो छाप छोडिसकेको हुनाले पक्ष-विपक्षका आरोप प्रत्यारोप मात्र पत्रकारिता हो भन्ने भ्रमलाई उजागर गर्ने प्रकाशन क्षेत्र अझै सक्षम हुन सकेको छैन। राजनीतिबाहेकका क्षेत्रहरू समेटनका निम्ति प्रयत्नरत नेपाली प्रकाशन क्षेत्र पाठकहरूको रुचि, भावना र सामाजिक पर्यावरणतर्फ बढी उन्मुख भएको पाइन्छ। नेपाल अधिराज्यको संविधान २०४७ को धारा १३ ले दिएको प्रकाशन क्षेत्रको निर्वाध स्वतन्त्रताले यो क्षेत्र कानूनी बन्देजबाट मुक्त छ। शिक्षा, संस्कृति र विचारका क्षेत्रहरूमा पत्रकारिताले सत्य, तथ्य, सन्तुलन र निष्पक्ष स्वरूपमा आफूलाई चिनाउने अवसर पाएको छ। क्रमशः राजनीतिक पार्टीका मुखपत्रबाट आफूलाई व्यावसायिक धरातलमा चिनाउन अभ्यासरत् प्रकाशन क्षेत्रको गरिमामय भविष्यको कामना गर्न सकिन्छ।

सूचनाको स्रोत :

देशका वरिष्ठ पत्रकारहरूका अनुसार नेपाली प्रेसको सूचनाको स्रोतलाई पनि औपचारिक र अनौपचारिक गरी दुई भागमा बाँड्न सकिन्छ। सरकार वा राजनीतिक पार्टीहरूद्वारा आयोजित कार्यक्रम, समारोह वा जारी गरिएका विज्ञप्तिहरू औपचारिक सूचनाका स्रोतहरू मानिन्छन्।

तर देशको पत्रकारिता औपचारिक स्रोतहरूका आधारमा भन्दा बढी अनौपचारिक स्रोतहरूका आधारमा अघि बढेको छ। सम्पर्क, भेटघाट, टेलिफोन, राजनीतिकर्मीहरूसंगको अन्तरंग कुराकानी आदि अनौपचारिक स्रोतका रूपमा रहेका छन्। सूचना प्रवाहलाई अवरुद्ध पार्ने, हतोत्साही पार्ने प्रवृत्ति सरकारी- गैरसरकारी सबै क्षेत्रमा विद्यमान छ। त्यसैले आधिकारिक स्रोतबाट आधिकारिक ढंगले प्राप्त हुने सहज समाचारहरू प्रेसका लागि त्यति मूल्यवान ठानिदैनन। यथार्थ सूचना लुकाउने परिपाटी सरकारी / गैरसरकारी स्तरमा समेत रहेको अनुभव हुँदा गाह्रोसंगले अनौपचारिक स्रोतबाट हात पारेको समाचारलाई पुनर्पुष्टि गर्ने नाममा पत्रकारहरू बेकम्वा बनाउन चाहँदैनन। "भ्रष्टाचारको ठोस प्रमाण हुँदैन। तर भ्रष्टाचारीको सम्पत्ति र जीवनशैली टड्कारै देखिन्छ।" वरिष्ठ पत्रकारहरूका यस्तै धारणाअनुसार विभिन्न स्रोत, कहिलेकाहीं त अज्ञात स्रोतबाट आएका समाचारहरूलाई पनि पुनर्पुष्टि नगरी छापिदिन्छन्। पुनर्पुष्टमा अल्झिन थालियो भने समाचारको सनसनीखेज पक्षको मृत्यु हुन्छ भन्ने धारणा कतिपय सक्रिय पत्रकारहरूको पनि छ। तर कतिपय पत्रकारहरू पुनर्पुष्टि गर्ने प्रयासमा इमान्दारीपूर्वक लागिपर्न पनि थालेका छन।

सबैभन्दा ठूलो समाचारको स्रोत भनेको संचारकर्मीका छ वटै इन्द्रिय खुल्ला राख्न सक्नु नै हो भनेर पत्रकारहरू स्रोतका बारेमा यस्तो सर्वमान्य धारणा व्यक्त गर्दछन्।

समाचार आँफै उम्रदैन, यसलाई बनाउनुपर्छ। कुनै पनि घटना वा विषयमा समाचार हुनसक्छ। तर त्यसलाई समाचारदाताले नलेखेसम्म त्यो समाचारको रूपमा पाठक, श्रोता, द्रष्टासामु आउन सक्दैन। यसैले ग्राहकको दृष्टिमा समाचार भनेको समाचारदाताको प्रस्तुतीकरण हो। समाचारदाताको दृष्टिमा समाचार भनेको घटना वा विषयमा भएका तथ्य, तथ्यांक वा विवरणको मीठो र पठनीय प्रस्तुति हो। जुन आकर्षकसमेत हुन्छ। भनिन्छ, समाचारदाताले

प्रतिवेदन नआएसम्म, समाचार स्वरूप नदिएसम्म न कोही मर्छ, न जन्मन्छ, न कोही चुनाव जित्छ, न हार्छ, न युद्ध सकिन्छ, न शुरु हुन्छ, न कुनै संरचना निर्माण हुन्छ, न जन्मिन्छ।

समाचार स्रोत के के हुन ? भन्ने सम्बन्धमा नेपालका वरिष्ठ समाचारदाता रामशरण दर्नालले लेख्नु भएको छ- "यस प्रश्नको जवाफ दिन गाह्रो छ। गणितीय हिसाबले समाचार स्रोत यो हुन भनी किटान सकिन्न। समाचार स्रोत हुने सम्भाव्य क्षेत्रको सामान्य पहिचान भने गर्न सकिन्छ। गतिविधि हुने/नहुने, मानिस हुने/नहुने, घटना हुने नहुने सबै ठाउँमा समाचार स्रोतहरू हुन सक्छन्, जसमा रहेका तथ्य, घटनालाई लिई समाचारदाताले सामग्री बनाउन सक्छन्, यो पठनीय हुनसक्छ।"

उहाँको भनाइ छ "कार्यालय, शहर, बजार, प्रहरी, सेना, सरकारी निकाय, गैरसरकारी संस्था, पार्क, वन, ऐतिहासिक स्थल, व्यक्तिहरू, ओहोदाधारी व्यक्तिहरू, विशिष्ट व्यक्तिहरू, कलाकार, खेलाडी, अस्पताल, खेलकूद स्थल, संस्था, विकास संस्थाहरू, योजनाकार, आयोजना अधिकृतहरू, संसद, सदन, मन्त्रीहरू आदि समाचार स्रोत हुन सक्छन्। समाचारदाताले यिनमा सम्पर्क राख्दा त्यस्ता सामग्री मिल्छन्, जसलाई समाचारको रूपमा प्रयोग गर्न सकिन्छ।" नेपालको प्रेसले पनि धेरै थोरै यी सबै किसिमका स्रोतहरूको प्रयोग गरिरहेको देखिन्छ।

पूर्वाग्रह र इच्छित विचार प्रवाह गर्ने परिपाटीमा पुनर्पुष्टिको सम्भावना नरहनु अनौठो पनि होइन। सर्वाङ्गीण विकास अध्ययन केन्द्रले ०४८ जेठ १५ देखि ०५० जेठ १५ सम्म गरेको एक अध्ययनबाट नेपालका पत्रपत्रिकामा सरकारसम्बन्धी वा राजनीतिक समाचार र विचार नै मुख्यरूपमा हावी हुन्छन् भन्ने पुष्टि भइसकेको छ। त्यसपछिको पद्धतिमा पनि परिवर्तन आएको देखिंदैन।

नेपाली प्रेस वैचारिक दृष्टिले निकै विभाजित रहेको छ। सामग्रीलाई स्वतन्त्र वा तटस्थ ढंगले प्रस्तुत गर्ने पत्रिकाहरू निकै कम छन्। अधिकांश पत्रिकाले एक न एक विचार र त्यसभन्दा पनि कुनै एक नेता या समूहप्रति झुकाव राख्ने गरेका छन्।

त्यही प्रवृत्तिका कारण नेपाली प्रेसमा सूचनाको प्रयोग विभिन्न किसिमले भएको पाइन्छ। एउटै घटनाका सम्बन्धमा पूरै विपरीत किसिमका समाचारहरू पत्रपत्रिकामा पढ्न पाइन्छ। यो कुरा अहिलेको नेपाली पत्रकारिताको ज्वलन्त र टड्कारो विसंगतिका रूपमा देखा परेको छ।

आचारसंहिता :

नेपालमा २०१५ सालमा प्रेस कमिसनले नै १८ बुँदे पत्रकार आचारसंहिता तयार गरेको थियो। त्यसपछि २०२३ साल फागुन २४ देखि २७ गतेसम्म काठमाडौंमा भएको नेपाल पत्रकार संघको प्रथम सम्मेलनले पनि २२ बुँदे आचारसंहिता तय गर्‍यो। तर त्यसको पालना भने स्थिर हुन सकेन। पत्रकारहरूका लागि अझ व्यवस्थित आचारसंहिता निर्माण गर्ने कुरा २०२८ सालदेखि जोडतोडले उठेकोमात्र होइन, पटक पटक त्यस्तो संहिताको मस्यौदा तयार गरी कार्यान्वयन गर्न खोजिएको पनि हो। तर निरंकुश पञ्चायत कालमा प्रेसलाई कुण्ठित पारिएको हुँदा आचारसंहिताको पालनाभन्दा पनि मुख्य कुरो अभिव्यक्ति स्वतन्त्रताको प्राप्ति नै हुन गयो।

छयालीसको जनआन्दोलनपश्चात् बनेको संविधानले प्रेसलाई बढी मर्यादित र जिम्मेवारीपूर्ण बनाएपछि पत्रकारहरूको पेशागत कर्तव्यमाथि विश्वास गर्ने परिपाटीको थालनी गर्न चाहेको छ। बहुदलीय व्यवस्थाको पुनः स्थापनापश्चात् संविधानको त्यही सदिच्छाको पक्षमा पत्रकार आचारसंहिताको निर्माण गर्नुपर्ने कुरा उठ्यो।

प्रेस काउन्सिलको ०४९ साल वैशाख १२ गते बसेको बैठकले प्रेस काउन्सिल ऐन, २०४८ को दफा ७(ख) अनुसार दसबुँदे आचारसंहिता जारी गर्‍यो। तर प्रजातन्त्रमा सरकारद्वारा मनोनीत व्यक्तिहरू रहेको प्रेस काउन्सिलले तय गरेको आचारसंहिताभन्दा पत्रकारहरूको आफ्नै आचारसंहिता हुनुपर्छ भन्ने कुरा त्यसपछि उठ्यो।

नेपाल पत्रकार महासंघको पूर्वरूप नेपाल पत्रकार संघको ०५० साल असोज २२,२३ र २४ गते वीरगञ्जमा आयोजित सम्मेलनले विरगञ्ज घोषणा जारी गर्दै एक चौध बुँदे आचारसंहिता जारी गर्‍यो।

यसरी यतिखेर नेपाली पत्रकारहरूसंग पेशागत मर्यादा कायम गरी व्यवसायिक कर्तव्य पालना गर्ने दिशामा दुईवटा आचारसंहिताहरू अगाडि ल्याइएका छन्। नेपाली प्रेसमा आचारसंहिताका बुँदाहरूको खुलेआम उल्लंघन भएका छन्। कुनै पत्रिकाले आचारसंहिता उल्लंघन गर्‍यो भन्ने उजुरी प्रेस काउन्सिलमा पर्‍यो भने काउन्सिलले त्यस विषयमा बुझ्ने र उजुरी ठीकै रहेछ भने खण्डन छाप्न लगाउने व्यवस्था छ। तर त्यसरी खण्डन छापिएन भने पत्रिकाको वर्गीकरण गर्दा नम्बर घटाउने भनिए पनि त्यस्तो प्रावधानको प्रयोग भएको देखिंदैन।

आचारसंहिताको उल्लंघन भयो भन्ने लागेमा पत्रकार, महासंघमा पनि उजुरी गर्न भनिएको छ। तर महासंघका पदाधिकारीहरू नै त्यस्तो उल्लंघनमा सक्रिय रहने र महासंघमा उल्लंघन गर्नेविरुद्ध कुनै कारबाहीको व्यवस्था नरहेको हुँदा त्यसको कुनै प्रलोभन देखिंदैन।

नेपाल पत्रकार महासंघको आचारसंहिता

१. जनताको सुसूचित हुने नेपाल अधिराज्यको संविधानको धारा १६ द्वारा अभिनिश्चित हकको प्रयोग, प्रचलन र रक्षाको निम्ति सदैव तत्पर तथा क्रियाशील रहनुपर्छ।

२. पत्रकारिता पेशामा संलग्न पत्रकारहरूले मानवीय मूल्य, प्रजातान्त्रिक संस्कार, देशहित र सार्वजनिक कल्याणका निम्ति समर्पित रहनुपर्दछ।

३. समाचार तथा विचारको प्रकाशन र प्रसारण गर्ने कार्यमा पत्रकारले सत्यता, विश्वास, इमानदारी, तत्परता, न्याय र निष्पक्षतालाई आफ्नो व्यवसायको मूल आधार बनाउनुपर्दछ।

४. समाचारलाई जानाजान बंग्याउनुहुँदैन र विज्ञापनलाई समाचारको रूपमा प्रस्तुत गरेर पाठकमा भ्रम फैलाउनुहुँदैन।
५. पत्रकारहरूले खासगरी आफूद्वारा प्रकाशित-प्रसारित समाचारको गोप्य श्रोत प्रकट गर्नुहुँदैन।
६. देशका नागरिकहरू खासगरी नारी, बालबालिका जस्ता संवेदनशील वर्ग र समाजमा असमानता, असहायपन र विपन्नताका उत्पीडनमा परेकाहरूको परिचयमा धूमिल छायाँ पार्ने उद्देश्यले निन्दात्मक खालका समाचारहरूलाई प्रोत्साहन र प्रश्रय दिनुहुँदैन।
७. कुनै व्यक्ति वा परिवारको चरित्र हत्या हुने, गोपनीयताको हक हनन् हुने, निजी जीवनमा दखल हुने स्वभावका कपोलकल्पित समाचार वा टिप्पणीलाई आफ्नो प्रकाशनमा स्थान दिनुहुँदैन।
८. यौन, हिंसा र अपराध जस्ता कुराले सजिलैसित जनध्यान आकर्षित गर्छ भन्दैमा त्यस्ता नकारात्मक विषयलाई व्यवसायिक आर्जननिम्ति प्रयोग गर्नुहुँदैन। अमर्यादित, अशिष्ट र अश्लील सामग्रीलाई प्रकाशनमा ठाउ दिनुहुँदैन। बलात्कार र अपराधसम्बन्धी समाचार दिंदा पनि विकृति र उत्तेजनाले स्थान नपाओस् तथा अन्यायमा परेका पीडित पक्षमाथि पीडा थप्ने काम हुन नजाओस् भन्नेतर्फ सतर्क रहनुपर्दछ।
९. विभिन्न धर्मावलम्बी, जात-जाति, क्षेत्र सम्प्रदायका बीच वैमनस्य, फाटो, अविश्वास तथा हिंसा बढाउने समाचार र विचारलाई ठाउँ दिनुहुँदैन। नेपाल बहुभाषिक, बहुजातीय, बहुधार्मिक देश भएबाट पत्रकारिताले प्रत्यक्ष वा परोक्ष कुनै पनि रूपले सम्पूर्ण नेपालीको साझा फूलबारी भन्ने मान्यतामाथि प्रतिकूल प्रभाव पार्ने काम गर्नुहुँदैन।
१०. समाचारलाई आर्थिक वा अन्य लाभ लिने माध्यम बनाउन खोज्नु, अपराध भएबाट कुनै व्यक्ति वा संस्थामाथि दुर्भावना राखी व्यक्तिगत स्वार्थको कारणले कुनै व्यक्ति वा संस्थामाथि आघात पार्नुहुँदैन।
११. प्रकाशित समाचारबाट कसैको अकारण अहित हुन गएको छ वा समाचार असत्य रहेछ भन्ने थाहा भएमा त्यस्तो सामाचारलाई सच्याउनु वा सप्रमाण खण्डन आएमा उचित स्थानमा प्रकाशित गर्नु प्रत्येक पत्रकारले आफ्नो कर्तव्य ठान्नुपर्दछ।
१२. समाचारको प्रभावकारी शक्ति तिनको नैतिक बल हुनुपर्नेमा समाचार नै सामाजिक दुर्बलताको श्रोतमा परिणत हुने गरेको पनि यदाकदा देखिने गरेबाट समाजमा विभिन्न प्रकारका ठूला साना अपराध कार्यका साथै शान्ति र व्यवस्था खलबलिने दिशामा प्रयाससमेत भैरहेका हुन्छन्। त्यस्ता घटनाहरू समाचारको रूपमा प्रकाशन गर्दा ती समाचार अपराध मनोवृत्तिका सर्जक हुन नपाऊन् भन्ने कुरामाथि विशेष ध्यान दिनु र सावधान रहनुपर्दछ।
१३. संविधान प्रदत्त स्वतन्त्रताको मौलिक हकलाई राष्ट्रको स्वाधीनता, गरिमा र संविधानको प्रजातान्त्रिक मर्यादाका प्रतिकूल हुने कुनै पनि रूपमा उपयोग गर्नुहुँदैन।
१४. विचारको खण्डन-मण्डन स्वस्थ हुनुपर्दछ। पत्रकारहरूले एक आपसमा हिलो छ्यापाछ्याप गर्नुहुँदैन। एकले अर्कोको प्रकाशनका सम्बन्धमा गाली-गलौज गर्नु व्यावसायिक नैतिकताविपरीत हुनेछ। पत्रकारहरूको आपसी सम्बन्ध व्यावसायिक हुनुपर्दछ।

प्रेस काउन्सिलद्वारा जारी आचारसंहिता :

१. पत्रकारिता सम्पूर्ण मानवप्रति जिम्मेवार हुनुपर्ने पेशा हो। तसर्थ यस पेशामा संलग्न पत्रकारहरूले मानवीय मूल्य, प्रजातान्त्रिक संस्कार, देशहित र सार्वजनिक कल्याणनिम्ति सदा समर्पित रहनुपर्दछ।
२. खबर तथा विचारको प्रकाशन र प्रसारणमा पत्रकारहरू समेतले सत्यता, विश्वास र इमानदारीका साथै न्याय र निष्पक्षतालाई आफ्नो व्यावसायको मौलिक पहिचान बनाउनुपर्दछ।
३ विभिन्न जात-जाति, धर्मावलम्बी, सम्प्रदाय र क्षेत्रका बीच वैमनस्य, फाटो र हिंसा बढाउने समाचार र विचारलाई स्थान दिनुहुँदैन।
४. प्रकाशित समाचारबाट कसैको अकारण अहित हुन गएको छ या समाचार असत्य रहेछ भन्ने थाहा भएमा त्यस्तो समाचारलाई सच्याउनु वा सप्रमाण खण्डन आएमा उचित स्थानमा प्रकाशित गर्नु प्रत्येक पत्रकारले आफ्नो कर्तव्य मान्नुपर्दछ।
५. पत्रकारले खासगरी समाचारको गोप्य स्रोत खोल्नुहुँदैन।
६. पत्रकारितालाई व्यक्तिगत स्वार्थपूर्तिको निम्ति दुरूपयोग गर्नुहुँदैन, समाचारलाई माध्यम बनाएर आर्थिक वा अन्य लाभ लिनु वा लिन खोज्नु गम्भीर नैतिक अपराध हो।
७. कुनै पनि व्यक्ति वा परिवारको चरित्र हत्या हुने, गोपनीयताको हक हनन हुने, निजी जीवनमा दखल हुने स्वभावका कपोलकल्पित समाचार वा टिप्पणीलाई आफ्नो प्रकाशनमा स्थान दिनुहुँदैन।
८. दुर्भावना राखी वा व्यक्तिगत स्वार्थको कारणले कुनै संस्था वा निकायको साख(क्रेडिबिलिटी) माथि आघात पुऱ्याउनुहुँदैन।
९. अश्लील, अशिष्ट एवं अमर्यादित भाषा र सामग्रीलाई आफ्नो प्रकाशनमा स्थान दिनुहुँदैन। अपराध र बलात्कारसम्बन्धी समाचार दिँदा पनि उत्तेजना र विकृतिले स्थान नपाओस् तथा अन्यायमा परेका पक्षमाथि पीडा थप्ने कार्य हुन नजाओस् भन्नेतर्फ सतर्क रहनुपर्दछ।
१०. पत्रकारहरूको आपसी सम्बन्ध व्यावसायिक हुनुपर्दछ। एकले अर्काको प्रकाशनका सम्बन्धमा गाली गलौज गर्नु व्यावसायिक नैतिकताविपरीत मानिनेछ।

आचारसंहितासम्बन्धी सक्रियता

विगत तीन वर्षयता प्रेस काउन्सिलमा आचारसंहिता उल्लंघनसम्बन्धी उजुरीहरू दिने क्रम बढ्न थालेको छ। नेपाल

पत्रकार महासंघले पनि केन्द्रीय कार्यालय, काठमाडौंमा आचारसंहिता उल्लघन छानबिन उपसमिति बनाएको छ। महासंघले आचारसंहिता उल्लंघनका सम्बन्धमा उजुरी गर्न आम पाठकहरूका नाममा बेला-बेला अपिलहरू पनि जारी गरेको छ। तर उजुरीहरू खासगरी प्रेस काउन्सिलमै पर्ने गरेका देखिएका छन्। प्रेस काउन्सिलमा हरेक वर्ष उजुरीहरू बढ्ने क्रममा छन्।

प्रेस काउन्सिल ऐन २०४८ को दफा १२ मा उजुरीसम्बन्धी व्यवस्था गरिएको छ। उजुरीसम्बन्धी प्रक्रियालाई व्यवस्थित बनाई स्वच्छ एवं स्वस्थ पत्रकारितालाई टेवा पुऱ्याउने उद्देश्यका साथ प्रेस काउन्सिलअन्तर्गत "मर्यादा निरूपण तथा उजुरी उप-समिति" गठन गरिएको छ। सो उप-समितिले काउन्सिलसमक्ष परेका उजुरीहरूउपर प्रेस काउन्सिलद्वारा जारी गरिएको पत्रकार आचारसंहिता २०४९ को उजुरी दिने कार्यविधिको ३,४,५,६ र ७ मा व्यवस्था भएअनुसार आवश्यक कारबाही गर्दै आएको छ। काउन्सिलबाट प्राप्त जानकारीअनुसार त्यस संस्थाको २०५४ साउन १० देखि मंसीर मसान्तसम्मा विभिन्न मितिमा दर्ता भएका उजुरी र बैठकले गरेका निर्णयहरूको विवरण यहाँ प्रस्तुत गरिएको छ :

- रूपन्देही जिल्ला बुटवल नगरपालिका-११ शितलकुञ्ज, मिलनचोकका बद्रिनाथ पाण्डेको सम्पादकत्व / प्रकाशकत्वमा प्रकाशित भइरहेको "भावना" दैनिकले २०५४ असार २५ गतेको अंक १०५ र असार २७ को अंक १०६ मा जिल्ला विकास समिति रूपन्देहीको टेण्डरसम्बन्धी विज्ञापन गर्दा जालसाजी गरिएको, केही ठेकेदारहरूसंग मिलेमतो गरी जि.वि.स. मा पठाइएको एकप्रति अखबारमा मात्र खास विज्ञापन प्रकाशित गरी बजारमा पठाइएको अनि सोही अंकका प्रतिहरूमा अरू नै सूचना सामाग्री छापेर राजश्वको हिनामिना गर्नुका साथै राष्ट्रको चौथो अंगलाई बदनाम गर्ने दुष्प्रयास गरेको भनी बुटवल नगरपालिका-१३ का टीकाराम बेलबासेले २०५४ भदौ ८ गते उजुरी गरे। उक्त उजुरीउपर बैठकमा गम्भीरतापूर्वक छलफल हुँदा सो सम्पादक / प्रकाशकले समाचारको माध्यमले पत्रकारितालाई व्यक्तिगत स्वार्थपूर्तिको निम्ति दुरुपयोग गरेर गम्भीर नैतिक अपराध गरी प्रेस काउन्सिलद्वारा जारी गरिएको पत्रकार आचारसंहिता २०४९ को दफा ६ स्पष्टरूपमा उल्लंघन गरेको ठहर भयो। त्यसैअनुसार प्रेस काउन्सिलको उजुरीसम्बन्धी कार्यविधि ७ को दफा ४ बमोजिम सो दैनिक पत्रिका, त्यससग सम्बद्ध पत्रकार तथा प्रकाशकलाई उनले श्री ५ को सरकारबाट पाउने सहुलियत वा सुविधामा ६ महिनासम्म रोक लगाउन श्री ५ को सरकारसमक्ष सिफारिस गर्ने निर्णय गरियो।
- नयाँमोर्चा सन्ध्याकालीन दैनिकको २०५४ साउन २३ गते वर्ष ५ अंक ४३ र सोही वर्षको २०५५ साउन २६ गतेको अंक ४५ मा प्रकाशित क्रमशः "विद्यार्थी पास गराउन ५० हजार खाए" र "प्र.अ.ले स्कूलको पैसाले घर ठड्याए" शीर्षकमा प्रकाशित समाचार कपोलकल्पित, भ्रामक, आधारहीन र पूर्वाग्रही भएकाले सो समाचारको खण्डन गरिपाऊँ भनी सो पत्रिकाका सम्पादकलाई खण्डनपत्र दिएको, सोही खण्डन छपाउन अनुरोध गर्ने क्रममा सो पत्रिकाका सम्पादक राधा बुलाथोकी मगरले फुर्सद छैन भनी टेलिफोनमा कुरा गर्न इन्कार गरेको, कार्यालयमा भेटन जाँदा आफू कार्यालयमा हुँदाहुँदै पनि महासंघको बैठकमा भाग लिन जानुभयो भनी भेट नदिएको तथा कार्यालयमा बुझाएको खण्डन भोलिपल्टै छाप्नुपर्नेमा दैनिक पत्रिकाको सामान्य नियमविपरीत २०५४ भदौ ३ गतेको अंकमा "संलग्न छैन" भन्ने शीर्षकमा अत्यन्तै पूर्वाग्रही भएर छापेकोले ममाथि लगाइएका आक्षेपहरूको खण्डन गरेको मलाई चित्त नबुझेकोले मैले पेश गरेअनुसारकै खण्डन छपाइपाऊँ भनी पीडित भीम सापकोटाले प्रेस काउन्सिलमा दिएको उजुरीउपर छलफल भयो। त्यस छलफलमा प्रतिष्ठित पत्रिकाले पर्याप्त प्रमाणसहित उचित प्रतिवाद आएमा सो प्रतिवाद प्रकाशित गर्दा पत्रिकाको प्रतिष्ठामा समेत वृद्धि हुने हुँदा प्रेस काउन्सिलद्वारा जारी गरिएको आचारसंहिताको उजुरी दिने दोस्रो प्रक्रियाअनुसार छापिएको खण्डनको प्रतिलिपि र पीडित पक्षले प्रकाशित गर्न चाहेका खण्डनको प्रतिलिपिसहित पुनः खण्डन प्रकाशित गरिदिन सम्बन्धित पत्रिकालाई अनुरोध गर्ने निर्णय गऱ्यो।
- सोही विषयमा प्रकाशित समाचारको खण्डन प्रकाशित गरिदिन अनुरोध गरी प्रेस काउन्सिलले पठाएको पत्रको समेत अवहेलना गरी सो पत्रिकाले हालसम्म उक्त समाचारको खण्डन प्रकाशित नगरेकाले आवश्यक कारबाही गरिपाऊँ भनी पीडित भीम सापकोटाले पुनः प्रेस काउन्सिलसमक्ष दिनुभएको उजुरीउपर गत मंसीर २४ गते बसेको मर्यादा निरूपण पत्रकार आचारसंहिता २०४९ को उजुरी दिने कार्यविधिको ६(१) अनुसार सम्बन्धित दुवै पक्षलाई बोलाएर सत्य-तथ्य कुरा बुझ्ने निर्णय गरियो। त्यसैअनुसार २०५४ मंसीर २९ गते मर्यादा निरूपण तथा उजुरी उप-समितिको बैठक बस्यो। सो बैठकमा सम्बन्धित पत्रिकाका सम्पादक एवं पीडित पक्षलाई आमन्त्रण गरिएकोमा सम्पादकको अनुपस्थिति रह्यो। पीडित व्यक्तिले बैठकमा उपस्थित भई आफ्नो धारणा प्रस्तुत गर्नुभयो। पीडित पक्षको भनाइ तथा समग्र पक्षलाई मनन गरी बैठकले पीडित पक्षले २०५४ साउन २८ गते पठाएको खण्डन प्रकाशित गरी सम्पादकको आफ्नो धारणा वा घटनालाई पुष्ट्याइं गर्ने तथ्यहरू भएमा अन्त्यमा पुष्टयाइंदिएमा पत्रिकाको प्रतिष्ठामा अझ वृद्धि हुने भएकोले सोहीबमोजिम पीडित पक्षको खण्डन प्रकाशित गरिदिन अनुरोध गर्ने निर्णय गऱ्यो।
- प्राविधिक शिक्षालय, धनकुटाले काठमाडौंबाट प्रकाशित हुने "घटना र विचार" साप्ताहिकमा गत भदौ ११ गतेको अंकमा "प्राविधिक शिक्षालयमा पनि एमालेकरण" शीर्षकमा प्रकाशित समाचार झुटो भएकोले समाचार खण्डन गरिपाऊ

भनी सो पत्रिकामा खण्डन पठायो। तर उक्त खण्डन प्रकाशित नगरिएकाले खण्डन प्रकाशित गर्न सहयोग पाउँ भनी काउन्सिलसमक्ष दिइएको उजुरीउपर छलफल हुँदा प्रतिष्ठित पत्रिकाले पर्याप्त प्रमाणसहित उचित प्रतिवाद आएमा सो प्रतिवाद प्रकाशित गर्दा पत्रिकाको प्रतिष्ठामा समेत वृद्धि हुने हुनाले "घटना र विचार" साप्ताहिकलाई खण्डन प्रकाशित गरिदिन अनुरोध गर्न पत्र लेख्ने निर्णय गर्‍यो।

- धनुषा जिल्ला, जनकपुर नगरपालिका-६ का सुनचाँदी व्यवसायी पवनकुमार ठाकुरले "सौर्य" साप्ताहिकको गत साउन १३ गतेको अंकमा प्रकाशित एवं अर्जुन क्षेत्रीद्वारा प्रेषित "सड कुटिए" शीर्षकको समाचारबारे छानबिन गरी कारवाही गर्न उद्योग वाणिज्य संघ जनकपुरमा निवेदन दिए। तर उक्त विषयमा आफ्नो कुराकानीबाट सत्य-तथ्य कुराहरू बुझ्न जनकपुर उद्योग वाणिज्य संघले पत्रकार अर्जुन क्षेत्रीलाई विभिन्न मितिमा पटक-पटक पत्राचार गर्दा उनले पत्र बुझ्न रुचि नदेखाएको, समाचारको खण्डनसमेत नगरी विभिन्न पत्रपत्रिकाहरूमा झन् आपत्तिजनक कुराहरू प्रकाशित गरेकाले आवश्यक कारवाही गरिपाउँ भनी जनकपुर उद्योग वाणिज्य संघले उजुरी दियो। त्यस उजुरीउपर छलफल हुँदा प्रेस काउन्सिलद्वारा जारी गरिएको पत्रकार आचारसंहिता २०४९ को उजुरी दिने कार्यविधि (क) अनुसार सम्बन्धित पत्रिकामा पीडित पक्षले खण्डन पठाएको-नपठाएको जानकारी यस उपसमितिलाई नभएकोले सर्वप्रथम पीडित पक्षले आफूलाई परेको मर्काको विवरण खुलाई सम्बन्धित पत्रिकामा खण्डन पठाउन र त्यसको बोधार्थ प्रेस काउन्सिललाई दिन उजुरीवालालाई पत्र लेख्ने निर्णय गर्‍यो।

जिल्ला वन कार्यालय उदयपुरले काठमाडौंबाट प्रकाशित हुने "जनआस्था" साप्ताहिकको २०५४ भदौ २५ गते "भगवानको नाम र वास्कोटाको काम" भन्ने शीर्षकको समाचार झुटो भएको कारण कर्मचारीको चरित्र हत्या भएको ठानी सो समाचारको खण्डन पठाउँदासमेत बेवास्ता गरेकोले पुनः खण्डन पठाई सो खण्डन प्रकाशित गर्न सहयोग गरिदिन प्रेस काउन्सिलसमक्ष उजुरी दिइयो। त्यस उजुरीउपर छलफल हुँदा प्रतिष्ठित पत्रिकाले पर्याप्त प्रमाणसहित प्रतिवाद आएमा सो प्रतिवाद प्रकाशित गर्दा पत्रिकाको प्रतिष्ठामा समेत वृद्धि हुने हुनाले पीडित पक्षले पठाएको खण्डनलाई उचित स्थान दिन अनुरोध गरी साप्ताहिक जनआस्थालाई पत्र लेख्ने निर्णय गर्‍यो।

- ज्योति ल फर्मका अधिवक्ता रेवन्तबहादुर कुँवरले काठमाडौंबाट प्रकाशित हुने "विमर्श" साप्ताहिकको २०५४ भदौ १३ गतेको वर्ष २७ अंक ७ मा "एउटा अर्को नियुक्ति" भन्ने शीर्षकको झुटो समाचारले आफ्नो चरित्र हत्या भएको भनी प्रेस काउन्सिलमा दिनुभएको उजुरीउपर छलफल भयो। त्यस विषयमा छलफल हुँदा त्यस समाचारको सम्बन्धमा सम्बन्धित पत्रिकाका सम्पादकले क्षमायाचना गरिसकेको तथा सोही विषयमा काठमाडौं जिल्ला अदालतमा समेत फिरादपत्र दायर भइसकेको व्यहोरा पीडित निवेदकबाट खुल्न आयो। त्यसैकारण प्रेस काउन्सिलद्वारा जारी गरिएको पत्रकार आचारसंहिता, २०४९ को उजुरी दिने सो कार्यविधिको बमोजिम कारवाही गर्न नमिल्ने निर्णय गरियो।

- गत साउन २८ गतेको जनादेश साप्ताहिक, साउन ३२ गतेको "छहरा" साप्ताहिक, असार २१ गतेको "महिमा" साप्ताहिक, भदौ ३ गतेको "दृष्टि" साप्ताहिक, असार २१ गतेको "महिमा" साप्ताहिक, भदौ १२ गतेको "समकालीन" साप्ताहिक र भदौ ११ गतेको "सन्ध्याकालीन नयाँमोर्चा" दैनिकमा प्रकाशित समाचार सामाग्रीहरू कपोलकल्पित एवं बन्दीहरूको चरित्रहत्या गर्ने मनसायले प्रेरित भएको र ती समाचारहरूको खण्डन पठाउँदा पनि त्यस्ता समाचारहरू प्रकाशित गर्न नरोकिएकाले आवश्यक कारवाही गरिपाउँ भनी व्यवस्थापन पक्षलगायत् भद्रबन्दी गृहका ४ सय ४२ जना बन्दीहरूले उजुरी दिए। त्यस उजुरीउपर छलफल हुँदा आरोपित पक्षबाट भन्दा पीडित पक्षबाट नै खण्डन गराउने प्रयास गरिएको हुनाले त्यस सम्बन्धमा कुनै कारवाही गर्नु नपर्ने निर्णय गरियो।

- "गुडमर्निङ" नेपाली दैनिकको २०५४ कार्तिक १४ गतेको नमूना अंक २ मा "रामलीला गर्दा पनि भ्रष्टाचार" भन्ने शीर्षकमा प्रकाशित सामाग्री तथ्यहीन एवं आधारहीन भएकोले त्यसबाट कञ्चनपुरस्थित सुडा गाविसका जनताबीच वैमनश्य र फाटो ल्याई सामाजिक शान्ति सुरक्षाको स्थितिमा समेत खलल पुग्ने धारणा सुडा गाविस अध्यक्ष हरिकृष्ण सिंहको रह्यो। उक्त दैनिकले त्यस्तो समाचार प्रकाशित गरी आचारसंहिता उल्लंघन गरेकोले कारवाही गरिपाउँ भनी जिल्ला प्रशासन कार्यालयमार्फत् सुडा गाविसका अध्यक्ष सिंहले दिनुभएको उजुरीउपर छलफल हुँदा पीडित पक्षलाई मर्का परेको समाचार तथा सो समाचारको खण्डनसमेत काउन्सिललाई उपलब्ध नभएको देखियो। भ्रष्टाचारको समाचार प्रकाशित गर्दा शान्ति सुरक्षामा खलल पुगेको तथा जनताको बीच आपसी फाटो सिर्जना हुनसक्ने स्थितिप्रति विश्वास गर्न नसकिने हुँदा उपयुक्त प्रमाणविना कारवाही गर्न नमिल्ने निर्णय काउन्सिलले गर्‍यो।

- सुन्दर सुशील प्रकाशन प्रा.लि.का तर्फबाट अध्यात्मज्योति "द थर्ड आई" पत्रिकाका लागि सम्पादकको पदमा नियुक्त गरे पनि २०५४ भदौ महिनादेखि आफूलाई पारिश्रमिक नदिएकोले पारिश्रमिक दिलाइपाउँ भनी अध्यात्मज्योतिका सम्पादक अजकुमार झाले उजुरी दिनुभयो। उक्त उजुरीउपर छलफल हुँदा उक्त विषय प्रेस काउन्सिलको क्षेत्राधिकारभित्र नपर्ने भएकोले कारवाही गर्न नमिल्ने निर्णय गरेको छ।

- अव्यावहारिक, अनैतिक एवं गम्भीर त्रुटिपूर्ण निर्णय गरी कान्तिपुर पब्लिकेशन प्रा.लि. ले आफूलाई पदबाट हटाएको

जनाउँदै आवश्यक कारवाही गरिपाउँ भनी "द काठमाडौं पोष्ट" का उपसम्पादक सुश्री स्वप्निका भट्टराईले उजुरी दिनुभयो। उक्त उजुरीउपर छलफल हुँदा त्यो विषय प्रेस काउन्सिलको क्षेत्राधिकारभित्र नपर्ने भएकोले कारवाही गर्न नमिल्ने निर्णय गरियो।

- भारतका नयाँदिल्लीमा दर्ता भएको "द ज्वेलरी टुडे" मासिक पत्रिकाका संरक्षक आर. राईले आफू गैरकानूनी पत्रकारको आरोपमा डिल्लीबजारस्थित सदरखोरमा थुनामा परेकोले आवश्यक कारवाहीका लागि उजुरी दिए। उक्त उजुरीउपर छलफल हुँदा त्यो विषय प्रेस काउन्सिलको क्षेत्राधिकारभित्र नपर्ने भएकोले कारवाही गर्न नमिल्ने निर्णय गरियो।
- प्रेस काउन्सिलका बैठकहरूमा समाचार र विचारको सम्प्रेषण गर्दा कतिपय पत्रपत्रिकाहरूले संस्था, व्यक्ति विशेष वा पदाधिकारीलाई संकेत गरी "बहुलाहा", "बोका", "कुलङ्गार" जस्ता शब्दहरू प्रयोग गरेको कुरातर्फ पनि छलफल भयो। त्यस सन्दर्भमा समाचार एवं विचारको सम्प्रेषण गर्दा मर्यादित र शिष्ट भाषा-शैलीको प्रयोग गर्नका निम्ति पत्रपत्रिकाहरूको ध्यानाकर्षण गराउने निर्णय गरियो।

नेपालमा ललितकलाको पुरानो इतिहास छ। ललितकलाको गर्भबाटै कार्टुनको पृष्ठभूमि तयार भएको देखिन्छ। तर सात सालपछि मात्र आधुनिक कार्टुनले फस्टाउने मौका पाएको हो। त्यसपछि नेपालका साहित्यिक र व्यंग्यात्मकलगायत् साप्ताहिक पत्रपत्रिकामा कार्टुनहरू देखा पर्न थालेका छन। यो शताब्दीका पछिल्ला पच्चीस वर्षहरूमा नेपालमा कार्टुनको लोकप्रियता निकै बढेको छ।

नेपाली प्रेसमा कार्टुनको स्थान

२०४६ सालको जनआन्दोलनपश्चात् नेपाली प्रेसको अन्य विधाहरूमा जस्तै कार्टुनको क्षेत्रमा पनि उल्लेखनीय विकास भएको छ। आजको नेपाली प्रेसमा कार्टुन पनि एउटा

कान्तिपुर दैनिकमा प्रकाशित एक कार्टुन



देशान्तर साप्ताहिकमा प्रकाशित एक कार्टुन

अभिन्न अंगका रूपमा स्थापित भइसकेको छ। यद्यपि कार्टुनका नाममा विभत्स रेखा चित्रहरू कोर्ने चलन पनि देखिएको छ। हास्य विविधता पटक्कै नभएको, अश्लील र अमर्यादित चित्रण गर्न खोजिएको रेखाचित्रहरूलाई पनि कार्टुनका रूपमा अंगिकार गर्नुपर्ने विवशता हामीकहाँ छ। तर यी प्रवृत्तिहरूलाई पनि कार्टुन विधाको बामे सर्ने क्रमका रूपमा स्वीकार गर्न सकिन्छ।

कार्टुनिष्टहरू सात साललाई नेपाली प्रेसमा कार्टुनको शुरूवात्को आधार वर्ष मान्दछन्। राणा शासनको समाप्तिपछि गोवर्धन शाहका कार्टुन वा कार्टुन जस्ता लाग्ने रेखाचित्रहरू प्रकाशित हुनथाले। २०१२ सालपछि नेपाली प्रेसमा कार्टुन छाप्ने चलन स्थापित भयो। २०१४ सालपछिका संयुक्त प्रयास र नयाँ केन्द्रीय साप्ताहिकहरू कार्टुन छाप्ने शुरूका साप्ताहिकहरू हुन्।

सत्रदेखि बत्तीससम्मको अवधिलाई नेपाली कार्टुनिष्टहरू कार्टुन क्षेत्रमा सक्रियता प्रारम्भ भएको समय मान्छन्। टेकबीर मुखिया, बलराम थापा, दुर्गा बराल र मोहनश्याम महर्जन जस्ता देशका वरिष्ठ कार्टुनिष्टहरू सत्र सालपछि नै उदाएका हुन। कुलमान सिंह " ग्वाङ्गे" को नाम पनि त्यही कालतिर समीक्षा साप्ताहिकका कार्टुनहरूमा देखिएका हुन। दुर्गा बरालले त्यही कालतिर राष्ट्रपुकारमा कार्टुन बनाउन थालेका हुन।

मोहनश्याम महर्जनले खोकनाको उपनाममा नयाँ सन्देश, समीक्षा आदिमा कार्टुन बनाउन थाले। हाल उनी विमर्शमा बनाइरहेका छन। प्राज्ञ शशी शाह पनि कार्टुनको संसारमा रैथानेको उपनाममा चिनिन्छन। एक समय उनको कार्टुन भारतको धर्मयुगमा समेत छापिन्थ्यो।

बत्तीसपछि अहिलेसम्मको समयलाई कार्टुनिष्टहरू विस्फोटनको समय ठान्दछन्। तेत्तीस सालदेखि प्रज्ञा प्रतिष्ठानले गाइजात्रे महोत्सव मनाउन शुरु गऱ्यो। गाइजात्रे महोत्सव शुरूदेखि नै प्रहसन-प्रदर्शन, हाँस्य व्यंग्य साहित्य र कार्टुन पनि समावेश गरिंदै आयो। छयालीसको जनआन्दोलनपछि प्रज्ञा प्रतिष्ठानले यो क्रमलाई रोक्यो।

विष्फोटक कालका अग्रणी कार्टुनिष्टमा उज्ज्वलकुन्दन

ज्यापू पर्दछन्। अशोकमान सिंह, धीरेश दाहाल-डिकेड, सीताराम श्रेष्ठ-समल, कीर्तिकिशोर जोशी-कीरकीस, सुमन मानन्धर-सौरभ, रविन पिया, राजबाबु शाक्य-सारव, रविन सायमि, अवीन्द्रमान श्रेष्ठ-अवीन, एकाराम महर्जन, वासु क्षितिज आदि अहिलेका सक्रिय कार्टुनिष्टहरू हुन । वात्सायनको नाममा कार्टुन बनाउने दुर्गा बराल, खोकना लेख्ने मोहन श्याम, बराथा लेख्ने बलराम थापा र मुखिया लेख्ने टेकवीर मुखिया नेपालका प्रमुख कार्टुनिष्टहरू मानिन्छन्। पत्रपत्रिकामा नदेखिए पनि विकाससम्बन्धी प्रकाशनमा देखा पर्ने शरद रञ्जितका कार्टुनहरू प्रभावकारी हुन्छन्। जीवन राजोपाध्याय पत्रपत्रिकामा राजनीतिक कार्टुनहरू पनि बनाउँछन्।

नेपाली प्रेसमा छाउने विविध विषयहरूको प्रतिविम्ब कार्टुनमा पनि परेको छ। पत्रपत्रिकामा वातावरणीय समस्या, सामाजिक विकृतिलगायत् विभिन्न किसिमका कार्टुनहरू देखापर्ने गरेका छन्। त्यसमा पनि धेरैजसो राजनीतिसंग सम्बन्धित हुन्छन्। प्रजातन्त्र र मानवअधिकारको सुदृढका लागि सचेतरूपमा सुस्पष्ट दृष्टिकोणका साथ बनाइएका सटिक कार्टुनहरू भने अन्य सामग्रीहरू जस्तै बेला-बेलामात्र देखा पर्ने गर्छन्। यस सन्दर्भमा कान्तिपुर दैनिकमा २०५३ माघ ६ गते प्रकाशित वात्सायनको कार्टुन र कान्तिपुरकै २०५४ मंसीर ६ गते "गजब छ बा" स्तम्भअन्तर्गत छापिएको कार्टुनलाई उल्लेख गर्नु उपयुक्त हुन्छ। २०५४ भदौ ११ गते बुधबारमा छापिएको "यस्तै छ यहाँको चलन" शीर्षकको कार्टुनले हाँस्य व्यंग्य समाज नेपाल र नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान कला-कौशल विभागद्वारा संयुक्तरूपमा आयोजित व्यंग्य चित्र प्रतियोगितामा प्रथम पुरस्कार जितेको थियो।

पत्रपत्रिकाको वितरण

नेपाली पत्रपत्रिकाको वितरणका सम्बन्धमा खास तथ्यांक उपलब्ध नभए पनि प्रतिअंक साप्ताहिकहरू बढीमा १२-१५ र दैनिक बढीमा १८-२५ हजारसम्म बिक्री हुने गरेको अनुमान गरिन्छ। तर पनि सरकारी स्वामित्वमा रहेको गोरखापत्र दैनिकले भने यो संख्या नाघ्ने गरेको छ। प्रेस काउन्सिलको २०५३ माघदेखि २०५४ असारसम्मको सबभन्दा पछिल्लो वर्गीकरणअनुसार दैनिकहरूमध्ये दुई वटा क, दुईवटा ख, दुईवटा ग र ५ वटा घ वर्गमा परेका छन्। तर देशका दुई तीन वटा ठूला दैनिकहरू गोरखापत्र, कान्तिपुर र हिमालय टाइम्सले वितरण संपरीक्षण समितिको वर्गीकरणसम्बन्धी प्रतिस्पर्धाको फाराम नै भरेनन्।

उक्त वर्गीकरणअनुसार काठमाडौंबाट निस्कने आजको समाचारपत्र र विश्वभूमि "क" वर्गमा परेका छन्। काठमाडौंबाट प्रकाशित हुने महानगर र सन्ध्या टाइम्स "ख" वर्गमा परेका छन्। पर्साबाट निस्कने प्रतीक र सुनसरीबाट निस्कने ब्लाष्ट टाइम्स "ग" वर्गमा परेका छन्। कास्कीको जनमत, मोरङको जनवार्ता, रूपन्देहीको नयाँ दिशा, सप्तरीको वातावरण, झापाको विवेचना र मोरङको सन्देश "घ" वर्गमा परेका छन्।

देशको जम्मा एउटा अर्धसाप्ताहिक बाँकेको जनमत "ग" वर्गमा परेको छ। साप्ताहिकहरूमध्ये १७ वटा "क", २४ वटा "ख", ५३ वटा "ग" र ३१ वटा "घ" वर्गमा परेका छन्। "क" वर्गमा परेका साप्ताहिकहरू वर्णानुक्रमअनुसार यसका प्रकार छन्- गतिविधि, घटना र विचार, छलफल, जनआस्था, जनसत्ता, जनमञ्च, दृष्टि, देशान्तर, नयाँ करेण्ट, नेपाल जागरण, नेपालीपत्र, प्रकाश, पुनर्जागरण, बुधबार, विमर्श, युगसम्वाद र समकालीन सबै साप्ताहिकहरू काठमाडौंबाट नै निस्कन्छन्।

काठमाडौंबाट निस्कने "ख" वर्गका साप्ताहिकहरू यसप्रकार छन्- एक्सप्लोर नेपाल, गोरखा एक्सप्रेस, जनभावना, जनएकता, जनधारणा, जन्मभूमि, द इण्डिपेण्डेन्ट, देशेमरू झ्या, दिव्य चक्षु, नेपालवाणी, पिपुल्स रिभ्यू र हाँक। त्यस्तै किरण (बाँके), गाउँघर (दाङ), देउराली (पाल्पा), नयाँ युगबोध (दाङ), नारायणी (चितवन), नौलो सृष्टि (झापा), प्रयास (मकवानपुर), पुष्पाञ्जली (मोरङ), पूर्व टाइम्स (सुनसरी), विराट नेशनल टाइम्स (मोरङ), राष्ट्र आवाज (कास्की) र सीमारेखा (दाङ) पनि "ख" वर्गमै परेका छन्।

काठमाडौंबाट निस्कने "ग" वर्गका साप्ताहिकहरू यसप्रकार छन्- अर्पण, एशियाली आवाज, कोहिनुर, छहरा, जनादेश, द टेलिग्राफ, नयाँ मार्ग, नवसमानान्तर, प्रजातन्त्र, विश्वदीप, मुक्ति, गेहिणी, रक्षक, सगरमाथा र श्री रूपरेखा। त्यस्तै उत्थान (पर्सा), उज्यालो (बाँके), कुराकानी (मकवानपुर), गामघर (धनुषा), गोरेटो (सप्तरी), चितवन (चितवन), जनआकांक्षा (धनुषा), जनआवाज (मोरङ), जनकपुर टाइम्स (धनुषा), तथ्य (महोत्तरी), तनहुँ आवाज (तनहुँ), देउराली (नुवाकोट), धौलाश्री (बाग्लुङ), नयाँ पाइलो (धनुषा), नवीन (सप्तरी), विचार (रूपन्देही), युगपुकार (धनुषा), लोकमत (धनुषा), लोक सन्देश (चितवन), सम्वाद (रूपन्देही), सुसेली (सुर्खेत), सण्डे टाइम्स (पर्सा), समाचार जगत (सुनसरी), सगरमाथा आवाज (सप्तरी), सप्तकोशी (सुनसरी), सचेतना (पर्सा), शान्ति नेपाल (मोरङ), सार्थक (पर्सा), श्री सयपत्री (सुनसरी), सिमाना (पर्सा), सूचना (सप्तरी), श्रमिक (भरतपुर) र हिमालय टाइम्स (धनुषा) पनि "ग" वर्गको साप्ताहिकमा परेका छन्।

राजधानीबाट निस्कने उदय, कुटुम्ब, चित्रण, जनविचार, नयाँ विकल्प, प्रवर्द्धन, बहुविचार, भुइँचालो, भूमिका, मौलिक, राष्ट्रवाणी, सिम्रिक, सुमनवाणी र स्वतन्त्र मंच साप्ताहिक "घ" वर्गमा पर्दछन्। त्यस्तै इन्द्रेणी (ललितपुर), करकमल (मोरङ), कृष्ण (सप्तरी), जनसन्देश (धनुषा), दिग्दर्शन (मोरङ), नवविचार (धनुषा), नव जागृति (सिराहा), नयाँ कामना (झापा), निष्पक्ष (रूपन्देही), विचार (स्याङ्जा), विजय (पर्सा), मैथिल सन्देश (जलेश्वर), मोरङ (मोरङ), युगसृष्टि (सुनसरी), समाचारपत्र (धनुषा), सप्तरी सन्देश (सप्तरी) र शंखनाद (बाँके) साप्ताहिक पनि "घ" वर्गमा वर्गीकृत भएका छन्।

आधुनिक नेपाल (काठमाडौं) र ग्रामीण समाचार (पर्सा) गरी दुई वटा पाक्षिक "ख" वर्गमा पर्दछन्। "ग" वर्गमा पर्ने

पाक्षिकहरू यसप्रकार छन्- नवयुग (धनुषा), फेवा (मोरङ), वसुधा (काठमाडौं), यादव आवाज (काठमाडौं), सनराइज नेपाल (काठमाडौं) र सारङ्गी (धनुषा)। काठमाडौंबाट निस्कने जनउद्घोष, नवशक्ति एवं शैक्षिक आवाज पाक्षिक "घ" वर्गमा परेका छन्।

काठमाडौंबाट निस्कने अन्तर्राष्ट्रिय मंच र विमोचन मासिकलाई क्रमशः "क" र "ख" वर्गमा राखिएको छ। धनुषाबाट प्रकाशित हुने फूलपात मासिक "ग" वर्गमा परेका छ। उल्लेखित तीनवटा मासिकहरू मात्र वर्गीकरणमा परेका भए पनि मूल्यांकन, एक्काइसौं शताब्दी आदि देशका उल्लेखनीय र नियमित मासिक पत्रिकाहरू मानिन्छन्।

वितरण संपरीक्षण समितिमा नियमित अंक पुर्‍याउने पत्रपत्रिकाहरू "घ" वर्गमा भए पनि पर्ने गर्दछन्। तर उल्लेखित पत्रपत्रिकाहरूमध्ये ज्यादै कम मात्र बजारमा पाइन्छन्। यहाँनिर नेपालका कतिपय पत्रपत्रिकाले उस्तै सामाग्री प्रयोग गरी सूचना विभागबाट उपलब्ध हुने सहुलियत कागजको सुविधा हात पार्ने गरेको कुरा उल्लेखनीय हुन आउँछ। नेपाली पत्रकारिताको यो वर्षौं पुरानो रोगको अझै अन्त्य भएको छैन।

ठगी पत्रकारिता

प्रेस काउन्सिलको २०४०-४१ को अर्थात् बाह्रौं वार्षिक प्रतिवेदनमा "पत्रपत्रिकामा देखिन आएका केही विसंगतिहरू" उपशीर्षकमा त्यस वर्ष उस्तै सामग्री छापेर ठगी गरिएका १६ वटा उदाहरणहरू प्रस्तुत गरिएको छ। तीमध्ये एउटा उदाहरण यस्तो छ- "साप्ताहिक "नागबेली" २०४० साल, चैत ११ गते, वर्ष १, अंक १९ र जनता साप्ताहिक २०४० साल चैत ११ गते वर्ष १, अंक १० मा सबै सामग्रीहरू एउटै भएको।"

उक्त प्रतिवेदनमा काउन्सिलको अनुसन्धान शाखाको अध्ययनको हवाला दिंदै लेखिएको छ- "....तर केही पत्रपत्रिकाहरूमा विभिन्न मितिमा प्रकाशित अंकहरूमा सम्पादकीयको लगातार छापिएको पाइन्छ भने अर्कोतिर अन्य पत्रपत्रिकाको सम्पादकीयको सारांश वा पूर्ण अंश नै यथावत् छापिएको पनि देखिन आउँछ।"

प्रतिवेदनमा अगाडि भनिएको छ- "संभवतः आत्मानुशासन तथा खोजको कमीले गर्दा केही पत्रपत्रिकाहरूमा पत्रिकाका नाम, अंक र वर्ष फरक देखिए तापनि तिनमा प्रकाशित सामग्रीहरू पूर्णतया एउटै भएको पनि देखिन आएको छ। कुनै पत्रिकामा विभिन्न प्रकृतिका समाचार, लेख, टिप्पणी आदि प्रकाशित भएको देखिए तापनि दुई भिन्नाभिन्नै पृष्ठमा एउटै सामग्री अक्षरशः उहीरूपमा छापिने गरेको पनि पाइएको छ। अझ कुनै-कुनै पत्रिकाले लगातार ६ महिनासम्म प्रकाशन मिति र अंकमात्र फरक देखाएर उही सामग्रीहरू यथावत् छाप्ने गरेकोसमेत अध्ययनबाट देखिन आएको छ।"

प्रेस काउन्सिलले १२ वर्षअघि यसरी चित्रण गरेको समस्या अझै उहीरूपमा रहेको छ। काउन्सिलले २०५४ साल पुस २० गते जारी गरेको प्रेस विज्ञप्तिमा भनेको छ- "फरक-फरक पत्रिका दर्ता गराएर सम्पादक प्रकाशक एवं पत्रिकाको नाम मात्र फरक पारेर पत्रिका संचालन गर्ने प्रक्रियालाई निरूत्साहित गर्ने अभिप्रायले यस पटक त्यस्ता पत्रिकालाई मूल्यांकनमा समावेश नगर्ने निर्णयसमेत काउन्सिलले गरेको छ।" हुबहु सामग्रीका कारण प्रेस काउन्सिलले धनुषाका २०, काठमाडौंका २ र पर्सा, महोत्तरी एवं झापाका १-१ गरी जम्मा २४ वटा पत्रपत्रिकालाई त्यसरी मूल्यांकनमा समावेश नगरेको जनाएको छ।

पर्साको मोर्चा साप्ताहिकले केही अवधिसम्म दैनिकरूपमा अंक देखाइ साप्ताहिकका लागि वर्षभरिमा आवश्यक पर्ने संख्यामा अंक पुर्‍याउन खोजेको थियो। झापाको लोकमत साप्ताहिकले २०५१ साल फागुन २६ गते वर्ष ५ अंक ३, २०५२ साल फागुन ५ गते वर्ष ६, अंक १ र २०५३ साल जेठ ३२ गते वर्ष ६, अंक १३ लाई क्रमशः २०५३ साल फागुन ३ गते वर्ष ६ अंक ४३, २०५३ साल फागुन २४ गते वर्ष ६, अंक ४६ र २०५४ साल जेठ २५ गते वर्ष ७ अंक ९ बनाइ नियमित हुन खोजेको थियो। मूल्यांकनमा नपर्ने धनुषाका साप्ताहिकहरू यस प्रकार छन्- लोकपुकार, जनक, प्रभाव, स्थिति, द थर्ड आइ, सागर, जानकी, पञ्चवाणी, वीणा, धनुषा, वैदेही, नेपाल पुकार, हिमज्योति, विदेह, पिपुल्स विक्ली, प्रकाश, युग सन्देश, जनचर्चा, जनकल्याण मंच र नेपाल।

पत्रपत्रिकाको निर्धारित मापदण्डका आधारमा मूल्यांकन गरी प्रतिवेदन पेश गर्नका लागि वितरण तथा संपरीक्षण समितिले तत्कालीन अवस्थामा पत्रपत्रिकासित प्रत्यक्षरूपले नजोडिएका तर पत्रकारिताको अनुभव र सीप भएका हाल काउन्सिल र संपरीक्षण समितिमा समेत नरहेका तीन जना विशेषज्ञहरूको मूल्यांकन समिति बनाउने गरिएको छ। काउन्सिलका अनुसार वर्गीकरण गर्दा कुल १ सय अंक छुट्याई वितरण, प्रेस निरीक्षण, स्तर, छपाई, तस्वीर र व्यावसायिकता जस्ता विविध पक्षमा क्रमशः ४०, ५, ३०, १०, ५, १० अंक प्रदान गर्ने गरिएको छ।

छापाखाना र प्रकाशनसम्बन्धी नियमावली २०४९ को नियम ७ को उपनियम २ अन्तर्गत दैनिक, अर्धसाप्ताहिक, साप्ताहिक, पाक्षिक, मासिक एवं द्वैमासिक र त्रैमासिक पत्रिकाले ६ महिनाको अवधिमा कम्तिमा क्रमशः १ सय ५०, ४०, २०, १०, ५ र २ अंक प्रकाशित गर्ने पर्छ। त्यति अंक प्रकाशित हुन सकेन भने पत्रपत्रिका नियमित ठहरिदैनन्।

"...यस पटक वर्गीकरणको निम्ति आवेदन दिने समाचार पत्रपत्रिकाहरूमध्ये अवलोकन (पोखरा), गतिविधि (बाँके), आज (धनुषा), डेलिन्यूज (काठमाडौं), कोसेली (मोरङ), नेपाली (काठमाडौं), नयाँ प्रतिबिम्ब (मोरङ), लुम्बिनी (रूपन्देही), पूर्व प्रभात (सप्तरी), आकांक्षा (धनुषा), नयाँ मोर्चा (ललितपुर), सन्ध्याकालीन (काठमाडौं), रत्नदीप (काठमाडौं), जनसंघर्ष (रूपन्देही) र हिंजोआज (झापा) समेतका १९ दैनिक पत्रिकाहरूको साथसाथै आरती, स्टेटमेन्ट, असनबजार, साँघु, चक्रब्यूह, घटनाचक्र, महिमा, तरूण, अध्यात्मज्योतिसमेतका

काठमाडौंबाट प्रकाशित हुने ९ वटा साप्ताहिक पत्रिकाहरू र नयाँ रूपरेखा (नुवाकोट), परासी टाइम्स (नवलपरासी), नयाँ दृष्टि (सिराहा), राप्ती सन्देश (दाङ), नयाँ मुलुक (महेन्द्रनगर), पाल्पा टाइम्स (पाल्पा), जनज्वाला (सुनसरी), मण्डे (पर्सा), जनचेतना (पाल्पा), नारायणी धारा (पर्सा), कन्कार्ड एक्सप्रेस (झापा), आदर्श समाज (कास्की), जनआवाज (चितवन) र विचार (झापा) समेतका मोफसलबाट निस्कने १५ वटा साप्ताहिक पत्रिकाहरू एवं खोजविन (धनुषा), नव संवाद (खोटाङ), मध्यान्तर (खोटाङ), काठमाडौं टुडे (काठमाडौं) समेतका ४ वटा पाक्षिक पत्रिकाहरू गरी जम्मा ४६ पत्रपत्रिकाहरूले ६ महिनामा नियमानुसार प्रकाशित गर्नुपर्ने अंक प्रकाशित गरेको नदेखिएको कारणले वर्गीकरणमा पर्न सकेनन्। फलस्वरूप यस पटकको वर्गीकरणको निम्ति प्राप्त कुल २ सय २३ आवेदन फाराममहरूमध्ये बाँकी १ सय ७६ पत्रिकाहरूमात्र मूल्यांकनमा परेका छन्। यसमा हुबहु मिलेका सामग्री प्रकाशन गर्ने २४ बाहेक अन्य १ सय ५२ पत्रिकाहरू विभिन्न वर्गमा परेका छन्।"

एक अनुमानअनुसार नेपालमा अहिले प्रतिदिन दैनिक पत्रिकाहरू साना-ठूला, मध्याह्नकालीन, सन्ध्याकालीन गरी कुल १ लाख ३० हजार बिक्री हुने गर्दछन्। साप्ताहिकहरू प्रतिदिन ४० हजारभन्दा बढी बिक्री हुने अनुमान गरिन्छ। नेपाली हिमालको २०५४ मंदी असोजको अंकमा लेखिएको छ- "सम्बन्धित साप्ताहिकका सम्पादक र प्रकाशकहरूका दावीअनुसार दृष्टि २५ हजार (२०५० मा ४५ हजार), विमर्श २४ देखि २८ हजार (२०४२ तिर ४८ हजार), छलफल २० हजार, देशान्तर १६ हजार (२०४६ सालमा २५ हजार), बुधवार २० हजार, जनआस्था १५ देखि २० हजार, घटना र विचार १५ हजार, समकालीन १६ हजार, प्रतिपक्ष १५ हजार, नेपालीपत्र १३ हजार (२०४२ मा २५ हजार) बिक्री हुँदै आएका छन्। त्यसैगरी बढी पृष्ठ भएका अन्य साप्ताहिकहरूमा कान्तिपुरको सहप्रकाशन साप्ताहिक (साप्ताहिक) ५२ हजार, जनसत्ता १५ हजार (माग २५ हजारको) तथा सण्डे डिस्प्याच ५ हजार बिक्री हुने दावी गरिएको छ।"

"हिमाल" द्वारा प्रस्तुत यो आँकडाका सम्बन्धमा सत्यतथ्य खोज्ने भरपर्दो आधार फेला पर्दैन। प्रेस काउन्सिलको वर्गीकरण र यी संख्याहरूलाई हेर्दा भने सत्यतथ्य नजिकै रहेको अनुमान गर्न सकिन्छ। नेपालका साप्ताहिकहरूको वितरण संख्यामा दैनिकहरूको आगमनले प्रतिकूल असर पारेको कुरा भने प्रष्टै देखिन्छ। फेरि छयालीसपछि एकाएक देखा परेका दैनिकहरू पनि सबै सफल भएका छैनन्। श्री सगरमाथा, लोकपत्र जस्ता ठूला आकारमा छापिन थालेका दैनिकहरू लगभग एक वर्षभन्दा बढी टिक्न सकेनन्। कान्तिपुरले भने उल्लेखनीय सफलता हासिल गरेको छ। हिमालय टाइम्स र आजको समाचारपत्र अहिलेसम्म चलिरहेकै छन्। यी पत्रिकाहरूको वर्तमान अवस्थाले नेपालको पत्रकारिताको भविष्य उज्ज्वल रहेको संकेततर्फ इंगित गरेको स्पष्ट हुन्छ।

नेपाली प्रेसका तस्वीरहरु

विक्रम संवत् १९८४ वैशाख १३ गतेको गोरखापत्रमा छापिएको फोटो नै नेपाली प्रेसमा छापिएको पहिलो फोटो हो। त्यसपछिका दिनहरूमा जिंक ब्लकबाट "शारदा" मासिकले पनि थुप्रै फोटोहरू प्रकाशित गऱ्यो। २००७ सालपछिका पत्रिकाहरूमा फोटोहरू केही बढी मात्रामा छापिन थाले। २०४६ सालपछि धेरै पत्रपत्रिकाहरू अफसेट प्रविधिबाट प्रकाशित हुन थालेपछि नेपालको फोटो पत्रकारितामा क्रान्ति नै भयो।

अहिले नेपालका धेरैजसो पत्रपत्रिका अफसेट प्रविधिबाट छापिन्छन्। फोटोको प्रयोग नगर्ने पत्रिका नेपालमा अहिले छैन। दैनिक र साप्ताहिक पत्रिकाहरूमा केही समययता रंगीन फोटोहरू नै छापिन थालेका छन्।

नेपालमा हाल व्यावसायिक फोटो पत्रकारहरूको उल्लेखनीय जमात तयार भइसकेको छ। नेपाल फोटो पत्रकार संघ नामक संस्था पनि कार्यरत् छ। यद्यपि नेपालको फोटो पत्रकारिता अहिले शुरूवातकै अवस्थामा छ, सम्पादक र फोटो पत्रकारहरू नै सन्तुष्ट छैनन्। तर पनि खासगरी छयालीस सालपछि नेपाली प्रेसमा कतिपय ऐतिहासिक र अविस्मरणीय फोटोहरू छापिएका छन्।

प्रहरी ज्यादति, मानवअधिकार सक्रियता आदिसम्बन्धी फोटोहरू छापेर नेपाली प्रेसले देशको मानवअधिकार अभियानलाई सघाएको छ। कान्तिपुर दैनिकमा छापिएको रूकुममा माओवादीहरुको आक्रमणमा परेका प्रहरीहरूको विकास रौनियारद्वारा खिचिएको फोटो प्रेस इन्स्टिच्युटद्वारा पुरस्कृत भयो। मानवीय पीडा दर्शाउन सफल उक्त संवेदनशील फोटो जस्तै फोटाहरू यसबीच थुप्रै छापिएका छन्।

गोपाल चित्रकार, नातिकाजी, राजेन्द्र न्योपाने, वसन्त, नरेश श्रेष्ठ, क्षितिजअरूण श्रेष्ठ, विकास रौनियार, चन्द्रशेखर कार्की, केदार ओझा, उषा तिवारी, सुमन श्रेष्ठ, किरण पाण्डे, यात्रा थुलुङ, निश्चल चापागाईं, राजेन्द्र चित्रकार र राजभाइ सुवाल आदिका फोटाहरू अहिले पत्रपत्रिकाहरूमा देखिने गरेका छन्। गोपाल चित्रकार, मंगलमान श्रेष्ठ आदि नेपालका

विकास रौनियारद्वारा खिचिएको तस्वीर : जो यस वर्ष पुरस्कृत भयो

अग्रपंक्तिका फोटो पत्रकारहरू हुन्। मंगलमान विगत ३४ वर्षदेखि फोटो पत्रकारितामा संलग्न छन्। राजदरवारसम्वन्धी फोटो ज्यादाजसो उनैले खिचेका छन्। मीन वज्राचार्यका फोटाहरू छयालीसको जनआन्दोलनताका निकै छापिए। जनआन्दोलनताका अन्यन्त जोखिमपूर्ण क्षणहरूमा उनले धेरै फोटो खिचे।

व्यावसायिक फोटो पत्रकारिताको शुरूवात काल भएकोले अहिले सम्पादक वा लेखन पक्षका पत्रकार र फोटो पत्रकारहरूवीच राम्रो संयोजन हुन सकेको छैन। शुरूवातकाल भएकैले कतिपय पत्रिकाहरूमा फोटो छाप्नकै लागि मात्र छापिए जस्तो देखिने गरेको छ। विभत्स फोटोहरूले पनि प्रेसमा राम्रो ठाउँ पाएका छन्। वलात्कृत महिलाको नग्न फोटो, टाउको छिनिएको फोटो आदिजस्ता विभत्स फोटोहरू नेपाली प्रेसमा समाचारको सनसनी पक्षलाई मजवुत वनाउने क्रममा प्रयोग गरिएको पाइन्छ।

फोटो पत्रकारहरूको पर्याप्त कुशलताको कमीका कारण नेपाली प्रेसमा आकस्मिक घटनाका फोटोहरू कमै आउँछन्। औपचारिक फोटोहरू मात्र वढी छापिने गरेका छन्। ठूला दैनिकहरूमा कार्यक्रम समारोहका फोटाहरू अधिकांश छापिने गरेका छन्। सम्पादक वा समाचार कक्ष र फोटो पत्रकारहरूको समन्वयका कारण पनि यस्तो भएको हो। कतिपय सम्पादकहरूको विचारमा हाम्रो समाजमा फोटो पत्रकारिताको उपस्थितिको अनुभव नै गरिएको छैन। केही सम्पादकहरूको धारणा छ- पत्रिकाका लागि समाचार फोटोको अनिवार्यता महसूस गराउन नसक्नुमा फोटो पत्रकारहरूकै कुशलताको अभाव कारक तत्वका रूपमा रहेको छ।

नेपाली प्रेसमा साप्ताहिक पत्रिकाहरूले फोटोलाई समाचारको अभिन्न अंगका रूपमा अंगीकार गरेको देखिँदैन। वरिष्ठ पत्रकारहरूकै भनाइ छ- नेपालमा अझै फोटो पत्रकारिता स्थापित भइसकेको छैन। सम्पादक वा समाचार कक्ष र फोटो पत्रकारहरूवीच आपसी समन्वय समझदारी कायम भएपछि मात्र फोटो पत्रकारिताको विकास गर्न सकिन्छ।

समाचार मूल्य, कल्पनाशीलता, सीप र प्रविधिका हिसावले राम्रा फोटोहरू नेपाली प्रेसमा अझै आउन नसकेको कुरा पुराना फोटो पत्रकारहरू पनि स्वीकार गर्दछन्। नेपाली प्रेसको सम्पादक वा समाचार कक्षमा पनि फोटो पत्रकारिताको ज्ञानको कमी रहेको कुरा सर्वस्वीकार्य छ।

कतिपय फोटो पत्रकारहरूको धारणा छ- सम्पादकहरू राजा-रानी या मन्त्री, प्रधानमन्त्रीले रिवन काटेको र वत्ति बालेको जस्ता फोटोहरूको मोहवाट वाहिर जानसके भने मात्र अन्य फोटो समाचारको महत्व वढ्न सक्छ। तर समाचार फोटोको महत्व वढाउन र फोटोप्रति जनरूचि जगाउन स्वयं फोटो पत्रकारहरू नै वढी व्यावसायिक अनि सम्पादक /प्रकाशकहरू संवेदनशील हुनुपर्नेमा सवैको एकमत रहेको पाइन्छ। दश वर्षदेखि फोटो पत्रकारितामा संलग्न राजभाइ सुवाल फोटो पत्रकारिताले मात्र आत्मनिर्भर हुन नसकिने धारणा व्यक्त गर्दछन्। आफू फोटोग्राफीमा सक्रिय रहे पनि फोटो पत्रकारिता भने वीस प्रतिशत मात्र गरिरहेको धारणा उनी व्यक्त गर्दछन्। नेपालका फोटो पत्रकारहरूमध्ये अधिकांशको अवस्था यस्तै छ।

प्रेससम्बन्धी मुद्दाहरु

पत्रपत्रिकाहरूले विभिन्न मुद्दाहरूको सामना गरिरहनुपरेको देखिन्छ। प्रेस काउन्सिल नेपालको २०५३-५४ को वाइसौं वार्षिक प्रतिवेदनअनुसार उल्लेखित अवधिमा नेपालका पत्रपत्रिकाले निम्नवमोजिम मुद्दाहरूको सामना गर्नुपर्‍यो -

१. २०५३ साल असार ११ गते मंगलवार प्रकाशित "राजाको अधिकार खोसिएको प्रतिवेदन दरवार पुग्यो" शीर्षकको समाचारवाट आफ्नो मानहानि भयो भनी ललितपुर, कुमारीपाटीका नारायण मानन्धरले पत्रिकाका प्रकाशक / सम्पादक देवेन्द्र गौतममाथि साउन १५ गते काठमाडौं जिल्ला अदालतमा गाली वेइज्जती मुद्दा दायर गरे। प्रकाशित सामग्रीमा उद्धृत गरिएको डा. नरसिंहनारायण सिंहको भनाइले आफ्नो वेइज्जति भयो भनी मानन्धरद्वारा सिंहमाथि पनि मुद्दा दायर गरियो।

२. तत्कालीन अर्थमन्त्री डा. रामशरण महतको विदेशी खातामा जम्मा गरिएको रकमका सम्वन्धमा संसदमा निकै लामो वादविवाद भयो। त्यही क्रममा सांसद विपिन कोइरालाले डा. महतको प्रतिरक्षा गर्ने उद्देश्यले "यो संसद हो कि सर्वोच्च अदालत" भन्ने प्रश्न गर्नुभयो। त्यस प्रश्नलाई सभामुखले प्रोत्साहन र गोरखापत्रले प्रचार-प्रसार गरेको भनी दिव्यदेव फुयाँलले २०५३ साल साउनमा सभामुख रामचन्द्र पौडेल, सांसद विपिन कोइराला, गोरखापत्र संस्थानका अध्यक्ष र गोरखापत्रका प्रधान सम्पादकविरूद्ध सर्वोच्च अदालतमा मानहानि भएको छ भनी मुद्दा दायर गरे।

३. पोखरावाट प्रकाशित हुने हिमाली आवाजका सम्पादक, प्रकाशक, कार्यकारी सम्पादक एवं व्यवस्थापक विरूद्ध २०५३ साल साउन २५ गते अधिवक्ताद्वय विश्व घिमिरे र विष्णुकुशल भुजेलद्वारा पुनरावेदन अदालत पोखरामा "अदालतको अवहेलना भयो" भन्ने अभियोगका साथ मुद्दा दायर गरियो। उक्त मुद्दा "माननीय न्यायाधीश सर्वाङ्ग नाङ्गै" भन्ने शीर्षकमा प्रकाशित समाचारका कारण दायर गरिएको थियो। तर पत्रिकाले प्रकाशित सामग्रीको नैतिक जिम्मेवारी लिएकाले २०५३ भदौ ५ गते पुनरावेदन अदालतद्वारा माफी दिइ लागत कट्टा गर्ने फैसला भयो।

४. दृष्टि साप्ताहिकको २०५३ साउन १५ गतेको अंकमा प्रकाशित "गोरखापत्र संस्थानमा आर्थिक घोटाला र यौनलीला" शीर्षकको समाचारका कारण गोरखापत्र संस्थानका नायव महाप्रवन्धक हुमवहादुर वस्यालले दृष्टि प्रकाशन प्रा.लि., सम्पादक एवं प्रकाशक शम्भु श्रेष्ठविरूद्ध

काठमाडौं जिल्ला अदालतमा गाली बेइज्जती मुद्दा दायर गरे।

५. गोरखापत्रको २०५३ साउन २० गतेको अंकमा प्रकाशित "दुनियाँलाई झुक्याउन सक्रिय कथित समाजसेवीको रहस्य" शीर्षकको समाचारका कारण जगदीश वैद्यले भदौ ४ गते "गोरखापत्रलाई गाली बेइज्जती ऐन २०१६ बमोजिम कारवाही गरिपाउँ" भनी काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरे।

६. घटना र विचार साप्ताहिकको २०५३ साउन २३ गतेको अंकमा प्रकाशित "ढुण्डीराज शास्त्रीको राय यस्तो छ" भन्ने शीर्षकको समाचारमा आफ्नो नाम उल्लेख गरिएकोमा आपत्ति जनाउँदै श्रीमती इन्दिरा अधिकारीले उक्त पत्रिकामाथि भदौ १४ गते काठमाडौं जिल्ला अदालतमा गाली बेइज्जती मुद्दा दायर गरिन्। सोही समाचारका कारण काठमाडौं जिल्ला अदालतमा इन्दिरा भुसाल र चित्रा कार्कीद्वारा पनि गाली बेइज्जती मुद्दा दायर गरियो।

७. दृष्टि साप्ताहिकको २०५३ भदौ ४ गतेको अंकमा प्रकाशित "गोरखापत्रमा के हुँदैछ" शीर्षकको समाचारका कारण गोरखापत्र संस्थानको बाल प्रकाशन मुना मासिकका सम्पादक श्यामसुन्दर सैंजुका तर्फबाट रत्नबहादुर तण्डुकारले दृष्टिका सम्पादक प्रकाशक शम्भु श्रेष्ठविरुद्ध काठमाडौं जिल्ला अदालतमा गाली बेइज्जती मुद्दा दर्ता गरे।

८. छलफल साप्ताहिकको २०५३ असार ३० गतेको अंकमा पालैपालो स्तम्भमा "घटना नं. १ देखि ७ सम्म" शीर्षकमा भोजराज तिमिल्सिनाद्वारा लेखिएको सामग्रीका कारण स्वर्गीय बालकृष्ण घिमिरेका तीन छोरीहरूलगायत् काभ्रे जिल्ला दुखर्क-८ का प्रेमबहादुर तिमिल्सिनाले छलफलका प्रधान सम्पादक गोपाल थपलिया र भोजराज तिमिल्सिनालाई विपक्षी बनाई काभ्रे जिल्ला अदालतमा तीन वटा छुट्टाछुट्टै मुद्दाहरू दायर गरे। मुद्दा दायर गर्ने पक्षका अनुसार छलफलमा प्रकाशित उल्लेखित सामग्रीमा स्वर्गीय बालकृष्ण घिमिरे जीवित छँदा विभिन्न अपराध कार्यमा संलग्न भएको भान पार्न खोजिएको थियो।

९. जेठमा कास्की जिल्ला अदालत र पुनरावेदन अदालत पोखरामा पाँच वर्षसम्म चलेको जनक्रान्ति साप्ताहिकविरुद्धको गाली बेइज्जती मुद्दाको टुंगो लाग्यो। २०४९ सालमा दायर गरिएको उक्त मुद्दा ३ वर्षसम्म कास्की जिल्ला अदालत र २ वर्षसम्म पुनरावेदन अदालत पोखरामा चल्यो। अन्ततः पुनरावेदन अदालतबाट पत्रिकाले सफाइ पायो।

१०. जनआस्था साप्ताहिकमा प्रकाशित "सोसलिष्ट इन्टरनेशनलको न्युयोर्कमा भएको बीसौं कांग्रेसमा भाग लिइ फर्कदा नेपाल भूतपूर्व सैनिक संघका सभापति तथा सांसद लालकाजी गुरुङको स्टकेश इन्टरपोलको सूचनाका आधारमा ओसाका विमानस्थलमा जापान प्रहरीद्वारा खानतलासी गरिएको" भन्ने बेहोराको समाचारका कारण उक्त साप्ताहिकका सम्पादक र प्रबन्धकका नाममा २०५३ असोज ७ गते गाली बेइज्जती ऐनअन्तरगत काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरियो। मुद्दाका वादी सांसद गुरुङ आफैं थिए।

११. जनभावना साप्ताहिकको असोज १४ गतेको अंकमा प्रकाशित "सचिवले चोरे" शीर्षकको समाचारलाई लिएर रामजी पोखरेलले उक्त साप्ताहिकका सम्पादक/प्रकाशक निरोधराज पाण्डे र प्रबन्ध सम्पादक विमल पाण्डेका विरुद्ध दोलखा जिल्ला अदालतमा गाली बेइज्जती मुद्दा दायर गरे।

१२. भक्तपुरबाट प्रकाशित हुने मनहरा टाइम्समा छापिएको "जिल्ला प्रशासन कार्यालय खोटाङका खरिदार चित्राबर खड्कालाई प्रमुख जिल्ला अधिकारी गोपालराज राईले विनाकारण जागिरबाट निलम्बन गरे" भन्ने बेहोराको समाचारलाई लिएर २०५३ असोजमा उक्त साप्ताहिकविरुद्ध गाली बेइज्जती मुद्दा दायर गरियो।

१३. गोरखापत्रका नायब कार्यकारी सम्पादक रामचन्द्र गौतमले आफूलाई बढुवाको हकबाट बञ्चित गरी आफूभन्दा कनिष्ठहरूलाई बढुवा दिइएको सम्बन्धमा रिट निवेदन दिनुभएकोमा सर्वोच्च अदालतका प्रधानन्यायाधीश सुरेन्द्रप्रसाद सिंहको एक सदस्यीय इजलाशले २०५३ पुसमा गोरखापत्र दैनिकको बढुवाको कारवाहीसम्बन्धी फाइल अदालतसमक्ष प्रस्तुत गर्न आदेश दियो। अदालतले गोरखापत्र संस्थानलगायत् विपक्षीहरूका नाममा कारण देखाउ आदेश जारी गर्‍यो।

१४. भुइँचालो र यादव आवाज साप्ताहिकका सम्पादक रामरिझन यादवले "पत्रपत्रिकाको वर्गीकरण भेदभावपूर्ण भएकोले सो बदर गरिपाउँ" भनी मन्त्री परिषद् सचिवालय, सूचना तथा संचार मन्त्री चिरञ्जीवी वाग्ले र सचिव भोजराज पोखरेल, सूचना विभागका महानिर्देशक मुकुन्दप्रसाद आचार्य, प्रेस रजिस्टार, प्रेस काउन्सिल र पत्रपत्रिका वितरण तथा संपरीक्षण समितिसमेतलाई विपक्षी बनाइ रिट निवेदन दिनुभयो। उक्त रिटका आधारमा सर्वोच्च अदालतले के/कति कारण निवेदकको मागबमोजिम आदेश जारी हुन नपर्ने हो भनी विपक्षीका नाममा कारण देखाउ आदेश जारी गर्‍यो।

१५. दैनिक लुम्बिनीको २०५३ साल कार्तिक २१ गतेको अंकमा प्रकाशित सार्वजनिक जग्गासम्बन्धी समाचारलाई लिएर पुनरावेदन अदालत बुटवलका नायब सुब्बा लालप्रसाद अर्यालले त्यस पत्रिकाका सम्पादक/प्रकाशक कर्णबहादुर कार्की, सहायक सम्पादक विनोद पहाडी तथा प्रबन्ध निर्देशक ऋषि ज्ञवालीलाई विपक्षी बनाइ अदालतको अवहेलना भयो भनी मुद्दा दायर गरे। उक्त मुद्दाका विषयमा पुनरावेदन अदालत बुटवलले विपक्षीहरूका नाममा कारण देखाउ आदेश जारी गर्‍यो।

१६. जनभावना साप्ताहिकले नेपाल टेलिभिजनका तत्कालीन

अध्यक्ष कविताराम श्रेष्ठद्वारा ५० लाख रूपैयाँ भ्रष्टाचार गरेको भनी छापेको समाचारप्रति आपत्ति जनाउँदै श्रेष्ठले दायर गर्नुभएको मुद्दाउपर सुनुवाइ हुँदा सो साप्ताहिकलाई ५ सय रूपैयाँ जरिवाना गर्ने फैसला भयो।

पत्रिकाहरूमा छापिने गलत समाचारप्रति कानूनी रूपमै प्रतिवाद गर्ने प्रवृत्ति प्रजातन्त्रको पुनर्स्थापनापछि बढ्दै गएको छ। खासगरी शहरी बुद्धिजीवी र कर्मचारीहरू पीत पत्रकारितालाई दुरूत्साहित गर्न केही हदसम्म सचेत देखिन्छन्। तर आफूलाई गलत लागेको कुनै समाचार छाप्ने पत्रिका वा सम्पादकका लागि उपचारको कानूनी बाटो हुँदाहुँदै कुटपिट र गुण्डागर्दी जस्ता गैरकानूनी मार्ग अवलम्बन गर्नेको संख्या पनि प्रशस्तै पाइन्छ। बहुदलीय व्यवस्थाको पुनर्स्थापनापश्चात् प्रहरी प्रशासन धेरै हदसम्म जनता र पत्रकारलगायत् अन्य व्यावसायिक बुद्धिजीवीहरूको सम्पर्कमा बढी उदार देखिएको छ। तर पत्रकारहरूमाथि प्रहरीले अभद्र व्यवहार गर्ने गरेको समाचार पनि बेलाबेलामा प्राथमिकताका साथ छापिने गरेका पाइन्छन्।

२०५३ साल साउन ५ गते भद्रपुर झापामा नेपाल पत्रकार महासंघका केन्द्रीय पार्षद् एवं हिजोआज दैनिकका सम्पादक डिल्लीराम निर्भिकमाथि प्रहरीद्वारा गरिएको अभद्र व्यवहारको विरोधमा नेपाल पत्रकार महासंघ, झापाले विज्ञप्ति नै प्रकाशित गरी भर्त्सना गरेको प्रसंग पनि यहाँ उल्लेख गर्नु सान्दर्भिक हुन आउँछ।

नेपाली प्रेसमा लैङ्गिक विभेद

महिलाविरूद्धको सामाजिक, आर्थिक वा राजनीतिक विभेद सम्पूर्ण समाजलाई बन्दी बनाउने संयन्त्र हो। तसर्थ लैङ्गिक विभेद महिला समस्या मात्र होइन, सम्पूर्ण समाजको समस्या हो।

सैद्धान्तिकरूपमा आज कुनै पनि क्षेत्रमा यस कुराप्रति विमति रहेको पाइँदैन। तर नेपाली प्रेसमा लैङ्गिक विभेदले जरो गाडेको छ। पत्रकारितामा महिलाहरूको उपस्थिति अत्यन्त न्यून छ। अझ नीति निर्माणको तहमा त महिलाहरूको उपस्थिति नगण्यकै अवस्थामा रहेको छ। त्यसैले पनि नेपाली पत्रकारितामा महिला दृष्टिकोणको अभाव रहेको पाइन्छ।

नेपाली प्रेसबाट महिलाहरू कतिपय समयमा मानसिकरूपमा पीडित हुने गरेको समेत पाइन्छ। लैङ्गिक विभेद पत्रपत्रिकाका विभिन्न सामग्रीहरूबाट झल्किने गरेका छन्। महिला अधिकार र समानताको आधुनिक अवधारणाहरूबाट स्वयं सञ्चारकर्मीहरू नै अनभिज्ञ देखिन्छन्।

महिला भएकै कारण प्रेसबाट समेत कतिपय अमर्यादित शब्दहरूको प्रयोग गरिएकोसमेत पाइन्छ। २०५४ कार्तिक ३ गतेको कान्तिपुर दैनिकमा "काखी र तिघ्रा प्रदर्शन हुन थालेपछि" शीर्षकमा छापिएको समाचार यस्तो छ- "धरान, २ कार्तिक (कास)- महेन्द्र बहुमुखी क्याम्पसका छात्रछात्रालाई पोशाक अनिवार्य गरिएको कुरामा विवाद उत्पन्न भई आइतबार दिउँसोका सबै कक्षाहरूमा पठन-पाठन हुन सकेन।" यो पंक्तिमा त समाचारलाई सामान्यरूपमा प्रस्तुत गरिएको छ। तर त्यसपछिको पंक्ति भने यस्तो छ- "...विद्यार्थीहरूले शिक्षकहरूलाई पनि अनिवार्यरूपले पोशाकको नियम लगाउनुपर्ने कुरामा क्याम्पस प्रमुखको भनाइ थियो- गैर शिक्षकले कक्षामा आएर पढाउँछन्। क्याम्पसमा गैर विद्यार्थीको प्रवेशमात्र होइन, केटा-केटी दुवै वर्गले फेशऐबल र तिघ्रा-काखीसमेत प्रदर्शन गर्ने कपडा लगाएर आउने गरेकाले विद्यार्थीलाई पोशाक अनिवार्य गर्न खोजिएको हो।

सेक्सुअल ह्यारेसमेन्ट र महिला उत्पीडनसम्बन्धी समाचारलाई मसालेदार बनाई प्रस्तुत गर्ने चलन पनि नेपाली प्रेसमा छ। बलात्कारी पुरूषको होइन, बलात्कृत महिलाको तस्वीर छाप्ने चलन पनि उत्तिकै छ।

लैङ्गिक विभेदलाई हाम्रो राजनीतिक, सामाजिक व्यवस्थाले निरन्तर अगाडि बढाइरहेकै छ भन्ने धारणा समाजशास्त्रीहरूको छ। पत्रकारिता पनि त्यही व्यवस्थाभित्र रहेको हुनाले यो चौथो अंग पनि लैङ्गिक विभेदको केंद्रीका रूपमा रहेको धारणा समाजशास्त्रीहरूको छ।

नेपाली समाजमा रहेका लैङ्गिक विभेदका ज्वलन्त सवालहरुसंग पत्रकारहरुको साक्षात्कार हुन नसकेको कुरा स्वीकार गर्न सकिन्छ। तर यो कुरामा स्वयं सचेत महिलाहरूको सक्रियताको कमीलाई नऔंल्याई हुँदैन। प्रेसमा महिला दृष्टिकोणको स्थापनाका लागि यथेष्ठ पहल नहुनुमा महिला अधिकारको कुरा उठाउने सक्रिय सचेत महिलाहरूको सक्रियताको कमी देखिन्छ। आंशिक सक्रियताले पुरानो प्रणालीलाई प्रभावित पार्न सकेको देखिंदैन।

यस क्षेत्रमा अस्मिता मासिकले केही गर्न खोजेको छ। तर हाल उक्त प्रकाशन नियमित हुन सकेको देखिदैन। त्यस्तै यस क्षेत्रमा देखा परेका ऋचा, नवऋचा, विदुषी आदि पत्रिका पनि नियमित प्रकाशित भएको पाइदैन। महिला सञ्चारकर्मीहरूको संस्था संचारिका समूह अहिले यस दिशामा सक्रिय रहेको छ।

प्रेससंग सम्बन्धित ऐन, कानून र राज्यको प्रयास

जनआन्दोलनपश्चात् बनेको छापाखाना र प्रकाशन ऐन २०४८ को दफा (१२) मा स्पष्टै भनिएको छ- "दफा १४ र १५ बमोजिमको अवस्थामा बाहेक कुनै पत्रपत्रिकामा कुनै समाचार, लेख वा अन्य कुनै पाठ्य सामग्री प्रकाशित गर्न पूर्व प्रतिबन्ध लगाइने छैन।" अनि दफा (१३) मा भनिएको छ- "...कुनै पत्रपत्रिकाका कुनै समाचार, लेख वा पाठ्य सामग्री प्रकाशित गरेबापत त्यस्तो पत्रपत्रिकाको दर्ता खारेज गरिने छैन।"

तर "देहायका कुराहरू किताब वा पत्रपत्रिकामा प्रकाशन गर्न पाइने छैन" भनी दफा (१४) मा यसरी उल्लेख गरिएको छ-

(क) श्री ५ महाराजाधिराज वा राजपरिवारप्रति घृणा वा निरादार गराउने वा अपहेलना वा द्वेष बढाउने वा श्री ५ को प्रतिष्ठामा आँच आउने,

(ख) नेपाल अधिराज्यको सार्वभौमसत्ता र अखण्डतामा आँच आउने,

(ग) नेपाल अधिराज्यको सुरक्षा, शान्ति र व्यवस्थामा खलल पर्न जाने,

(घ) विभिन्न जात-जाति, धर्म, वर्ग, क्षेत्र, सम्प्रदायका मानिसहरूबीच वैमनस्य उत्पन्न गर्ने तथा साम्प्रदायिक दुर्भावना फैलाउने र

(ङ) सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्न जाने,

छापाखाना र प्रकाशन ऐन २०४८ को दफा (१५) मा "प्रकाशनमा निषेध :" अन्तर्गत भनिएको छ-

१. राष्ट्रिय हितलाई ध्यानमा राखी श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै खास विषय, घटना वा क्षेत्रसंग सम्बन्धित समाचार, सूचना वा अन्य कुनै पाठ्यसामग्री सोही सूचनामा तोकिएको अवधिसम्मका लागि प्रकाशित गर्न नपाउने वा सोही सूचनामा तोकिएको अधिकारीबाट जँचाएर मात्र प्रकाशित गर्न पाउने गरी आदेश जारी गर्न सक्नेछ।

२. उपदफा (१) बमोजिमको आदेश जारी भएपछि कसैले पनि त्यस्तो समाचार, सूचना वा पाठ्यसामग्री प्रकाशन, अनुवाद वा उद्दरण गर्नसमेत हुँदैन।

बहुदलीय व्यवस्थाको पुनर्स्थापनापश्चात् बनेको नयाँ संविधानले ग्यारेण्टी गरेको छापाखाना र पत्रपत्रिकासम्बन्धी हकको संरक्षण र प्रचलन गराउन बनाइएको उक्त ऐनमा भएको व्यवस्था यस्तै छ। छापाखाना र प्रकाशन ऐन २०३०, खारेज गरी उक्त नयाँ ऐन ल्याइएको हो।

नेपालको प्रेससंग सम्बन्धित अर्को महत्वपूर्ण ऐन गाली बेइज्जती ऐन २०१६ हो। त्यो ऐन पत्रकारहरूलाई जिम्मेवार बनाउने दिशामा निर्दिष्ट छ। उक्त ऐनअनुसार कसैले कसैको बेइज्जत गरेमा वा बेइज्जती हुन जान्छ भन्ने जानी-जानी कुनै सामग्री छापेमा वा बेइज्जती हुन्छ भन्ने जानी जानी विश्वास गर्ने मनासिब कारण भई त्यस्तो कुरा छापेमा त्यस्तो व्यक्तिलाई पाँच हजार रूपैयाँसम्म जरिवाना र दुई वर्षसम्म कैद हुनसक्छ। तर साधारण समझदार मिजासका व्यक्तिले उजुर नगर्ने मामुली किसिमको गाली बेइज्जत वा अपमान कुनै व्यक्तिबाट भयो भने त्यस्तो कसुरमा सजाय हुँदैन। कसैले कसैको बेइज्जती हुने कुरा छापेको छ भने त्यस्तो व्यक्तिलाई पनि सजायको व्यवस्था गरिएको छ। गाली बेइज्जती गर्नेबाट बढीमा पचास हजार रूपैयाँसम्म क्षतिपूर्ति भराउन सक्ने अवस्था ऐनले गरेको छ। आफ्नो गाली बेइज्जती भएको छ भन्ने लाग्ने व्यक्तिले मुद्दा चलाउन चाहेको हो भने छ महिनाभित्र नालिस गर्नुपर्छ। अन्यथा मुद्दा लाग्दैन। तर कतिपय कानूनविद्हरूका अनुसार हाम्रो गाली बेइज्जतीसम्बन्धी ऐनले गाली र बेइज्जतीको स्पष्ट वर्गीकरण गरेको छैन।

नेपाली प्रेसका श्रमजीवी पत्रकारहरूको पेशागत सुरक्षा र हकहित सुनिश्चित गर्न श्रमजीवी पत्रकार ऐन २०५१ र श्रमजीवी पत्रकारसम्बन्धी नियमावली २०५३ तयार गरिसकिएको छ। तर ऐन अहिलेसम्म लागू भएको छैन। यो ऐनले श्रमजीवी पत्रकारहरूलाई सरकारी संस्थानहरूसरह रोजगारीको सुरक्षा र पारिश्रमिकको नियमितताको ग्यारेण्टी गर्न खोजेको छ।

राज्यस्तरबाट सर्वप्रथम नेपाली प्रेसका सम्बन्धमा व्यवस्थितरूपमा अध्ययन २०१४ साल कार्तिक २० गते सरकारको तत्कालीन प्रचार विभागका डाइरेक्टर सुरेन्द्रराज शर्माको अध्यक्षतामा देवेन्द्रराज उपाध्याय, गृष्मबहादुर देवकोटा, गोपालदास श्रेष्ठ, दानाराम शर्मा, जीवनलाल सन्याल र प्रेमराज शर्मा सदस्य रहनुभएको प्रेस कमिशन गठन गरियो। तर कमिशनले कामको थालनी गर्नुभन्दा पहिले नै कमिशन विघटन गरियो। त्यसपछि २०१४ साल माघ २९ गते न्यायाधीश कृष्णप्रसाद चापागाईंको अध्यक्षतामा शाही प्रेस सेक्रेटरी रेणुलाल सिंह, गृह मन्त्रालयका कायम मुकायम सचिव जीवनाथ लोहनी, कमनरका सम्पादक गोपालदास श्रेष्ठ, नेपाल पत्रकार संघका जनरल सेक्रेटरी माणिकलाल श्रेष्ठ र रामशरण पौडेल सदस्य एवं प्रकाशमान सिंह सदस्यसचिव रहनुभएको अर्को प्रेस कमिशन गठन गरियो।

कमिसनले २०१५ जेठ ३१ गते सरकारसमक्ष आफ्नो प्रतिवेदन पेश गर्‍यो। पत्रपत्रिकाको स्थितिका सम्बन्धमा प्रतिवेदनमा भनियो- "जुन सुविधाहरू प्रेस, पत्रपत्रिकाहरूले अहिलेको अवस्थामा प्राप्त गर्नुपर्ने हो, त्यो पनि तिनीहरूले पाउन सकेका छैनन्, र त्यसमाथि प्रेस, कानूनका केही दफाहरू पनि बाधक सिद्ध भएका छन् कि तिनीहरूको उपस्थितिमा एक स्वस्थ एवं भयले नसताइएको पत्रकारिताको अस्तित्व नै असम्भव प्रायः छ।"

प्रतिवेदनमा छापाखानाहरूको अवस्थाका सम्बन्धमा पनि चर्चा गरिएको थियो। पत्रपत्रिकालाई सहुलियत सुविधा र सहायता प्रदान गर्नुपर्ने कुरामा जोड दिंदै प्रतिवेदनमा तत्कालीन छापाखाना र प्रकाशनसम्बन्धी ऐन २००९ मा सुधार गरिनुपर्ने माग गरिएको थियो। प्रतिवेदनमा भनिएको थियो- "असाधारण परिस्थितिमा बाहेक सरकारले कुनै पत्र वा पत्रिकाको विरुद्ध केही कदम सोझै उठाउनुभन्दा पहिले प्रेस सल्लाहकार समितिमार्फत् आफ्नो उजुरी सुल्झाउने प्रयत्न गरिसकेपछि मात्र सोझै सम्बन्धित पत्र वा पत्रिकाको विरुद्ध कारवाही गर्ने गरिएमा सरकार र पत्रिकाबीचको सम्बन्ध कटु हुने सम्भावना कम हुनेछ।"

प्रेस कमिशनले नेपाली पत्रकारहरूका लागि आचारसंहिता पनि प्रस्ताव गर्‍यो। १८ बुँदे आचारसंहिताको बाह्रौं बुँदामा भनिएको छ- "आफ्नो अखबार बिकाउने अथवा आफ्नो निजी स्वार्थ पूर्ति गर्ने उद्देश्यले भए नभएको काल्पनिक समाचारहरू प्रकाशित गरी सनसनी पैदा गर्ने, कसैप्रति इर्ष्या द्वेष, वैमनस्य पैदा गर्ने, कलहको बीउ रोप्नेजस्तो घृणित कार्यबाट पनि पत्रकारले बिल्कुल टाढा रहनुपर्दछ।"

उक्त प्रतिवेदन बुझाइएपछि प्रेससम्बन्धी ऐन-नियमहरूमा पंचायतकालमै पटक-पटक संशोधनहरू भए। तर ती संशोधनहरूले प्रेसको आवश्यकता पूरा गर्न सकेनन्। २०३७ साल फागुन ११ गते "पत्रकार जगत्का समस्या र तिनका

समाधानका उपायबारे अध्ययन गरी मौसुफका हजुरमा प्रतिवेदन जाहेर गर्न" सर्वोच्च अदालतका तत्कालीन अतिरिक्त न्यायाधीश त्रिलोकप्रताप राणाको अध्यक्षतामा शाही प्रेस आयोग गठन गरियो। आयोगमा नेपाल पत्रकार संघका सभापति अतिरिक्त खड्गमान सिंह, प्रद्युम्नलाल राजभण्डारी र गृष्मबहादुर देवकोटा हुनुहुन्थ्यो।

आयोगको राजनीतिक पक्षमा पत्रकारितासित सम्बन्धित संस्था, व्यक्ति र निकायका प्रतिनिधिहरूबाट प्राप्त सुझाव यस्तो थियो- "प्रचलित प्रेससम्बन्धी कानूनहरू ब्रिटिस सरकारद्वारा आफ्नो उपनिवेश भारतको प्रयोजनका लागि निर्मित कानूनहरूबाट प्रभावित छन्। यसले स्वस्थ, निर्भिक र रचनात्मक आलोचनाहरूलाई दुरुत्साहित गराएका छ। फलस्वरूप नेपाली पत्रपत्रिकाको लोकप्रियता घट्न गई विदेशी पत्रपत्रिकातर्फ पाठकहरूको अभिरूचि बढ्न गएको छ। यस प्रकारको विदेशी प्रभावलाई हटाउने सन्दर्भमा पनि स्वस्थ समालोचना र निर्भिक अभिव्यक्तिको परम्परा नेपाली पत्रकार जगतमा बढाउँदै लैजानु अत्यावश्यक देखिन्छ भन्नेतर्फ ध्यान आकर्षित गरिएको छ।"

प्राप्त सुझावमा अगाडि भनिएको थियो- "तसर्थ स्वतन्त्र पत्रकारिताको विकासको लागि यस्ता प्रतिकूल कानून-नियम र परम्परालाई समाप्त गर्नु वर्तमान राजनीतिक परिप्रेक्ष्यमा अत्यन्त जरुरी देखिन्छ। स्वतन्त्र, मर्यादित र उत्तरदायी वातावरणको सिर्जना नहुन्जेल प्रेस जगत फस्टाउन सक्दैन र यसले राष्ट्रिय जीवनमा अपेक्षित अर्थपूर्ण योगदान पनि दिन सक्दैन भन्ने सुझाव पनि प्रस्तुत गरिएको छ।"

नेपाल पत्रकार संघको सुझावमा उल्लेख गरिएको थियो- "यसका अतिरिक्त श्री ५ महाराजाधिराज, श्री ५ बडामहारानी, श्री ५ युवराजाधिराज तथा राजपरिवार र नेपाल अधिराज्यको राष्ट्रिय सार्वभौमिकताको विषयमा बाहेक अन्य विषयमा आलोचनाको छुट हुनुपर्छ, पत्रपत्रिकामाथि कारवाही गर्दा प्रशासकीय निर्णयबाट अन्तिम कारवाही गर्नुको सट्टा अदालत जान पाउने न्यायिक उपचारको बाटो हुनुपर्छ र पत्रपत्रिकाको दर्ता सम्बन्धमा उदार नीति हुनु पर्छ।"

पत्रपत्रिकालाई विज्ञापन सुविधा, टेलिफोन, हुलाक र ढुवानी सम्बन्धी सुविधा र तालिम वा वृत्ति विकासका सम्बन्धमा पनि सुझावहरू समेटिएका थिए। "पत्रपत्रिकाहरूले छापेका कुरालाई लिएर प्रशासनिक निर्णयबाट जरिवाना हुनासाथ पत्रपत्रिकाको दर्ता स्वतः खारेज हुने व्यवस्था हट्नुपर्छ भन्दै एकातिर संविधान प्रदत्त अधिकारको उपभोग हुन सकेको छैन भने अर्कोतर्फ प्रेस कानून विकासका लागि बाधक हुन" भन्ने सुझावहरू पनि आयोगमा परेका थिए।

प्रेस काउन्सिल र पत्रकार संघ जस्ता निकायहरूको प्रभावकारिता बढाउने सम्बन्धमा पनि सुझावहरू संकलन गरिएका थिए। तर सुझावहरूलाई व्यावहारमा लागू गरिएको देख्न भने पंचायतकालभरि पाइएन। आयोगहरूको प्रतिवेदनलाई धूलोले छोप्ने प्रवृत्ति प्रेस आयोगका सम्बन्धमा पनि दोहोरिएन भन्ने ठाउँ रहेन।

आग्रह-पूर्वाग्रह, भाषा र सरकारी सञ्चार

राजनीतिक विभाजन वा आग्रह-पूर्वाग्रहका कारण नेपाली प्रेसमा छापिने विभिन्न समाचारहरू परस्परमा बाझिने किसिमका हुन्छन्। एकैदिन निस्कने साप्ताहिक अखबारहरूमा प्रकाशित समाचारहरू पनि विपरीत अर्थ प्रदान गर्ने खालका हुने गरेबाट पाठकहरू अलमलिने गरेका पनि देखिन्छन्।

२०५३ साल चैत ३ गते आइतबारको देशान्तर साप्ताहिकको ६ कालमको मुख्य समाचारको शीर्षक छ-"एमाले-राप्रपा सरकार : हप्ता नपुग्दै खटपट शुरू"।

उक्त समाचारको शुरूका दुई पंक्ति यस्ता छन्- "काठमाडौं- राप्रपा र एमालेबीच सरकार बनेको एक साता नपुग्दै खटपट शुरू भएको छ। राप्रपासंग मिलेर सरकारमा जानुहुँदैन भन्ने एमालेभित्रको एउटा लबी सरकारविरूद्ध खुलेर मैदानमा आउने तयारी गरिरहेको छ।"

तर त्यसै दिनको छलफल साप्ताहिकमा भने चार कालमको मुख्य समाचारको उपशीर्षक र शीर्षक यस्तो छ- "सरकारले ६ गते विश्वासको मत लिने, मन्त्रीहरूको टुंगो ७ गते लाग्ने" नयाँ सरकारको नीति तथा कार्यक्रम तयार।" उक्त समाचारको लीड पंक्तिहरू यस्तो छ- "काठमाडौं- प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा नेकपा (एमाले), राप्रपा, नेपाल सद्भावना पार्टी, समाजवादी जनता दलको संलग्नता र नेपाल मजदूर किसान पार्टीको आलोचनात्मक समर्थनमा बनेको संयुक्त सरकारले ६ गते विश्वासको मत लिने भएको छ। यो सरकारका नीति तथा कार्यक्रमहरू यो सबै पार्टीका प्रतिनिधिहरूको सहमतिमा तयार पारिदै छ। सरकारले विश्वासको मत लिइसकेपछि मन्त्रिमण्डल विस्तार गरी घोषित कार्यक्रमको कार्यान्वयनमा जोडतोडले कामहरूको थालनी गरिने भएको छ।"

एकैदिनका दुई अखबारहरूमा एउटै आशयका समाचार प्रकाशित हुँदा पाठकहरू आश्वस्त हुने गर्दछन्। तर त्यस्तो भएको कममात्र पाइन्छ। २०५३ फागुन १६ गतेको जनमञ्च र समकालीन साप्ताहिकमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाका सम्बन्धमा गरिएको टिप्पणी पनि विरोधाभाषपूर्ण छ। समकालीनले व्यानर-हेडिङमा बनाएको मुख्य समाचारमा लेखेको छ- "हिजो साँझ वार्ताका लागि बालुवाटार पुगेका २२ जना सांसदले आफ्नो मागमा कमा र पूर्ण विराम मात्र फेरेर पनि सम्झौता गर्न तयार नभएको भनी प्रधानमन्त्रीलाई चुनौती दिएका थिए। उनीहरूले प्रधानमन्त्रीलाई फागुन १८ गते हुने संसदीय दलको बैठकमा अनुपस्थित हुने कुराको जानकारीसमेत गराएका छन्।"

तर त्यही विषयमा जनमञ्चले पनि व्यानर हेडिङमै लेख्यो- "प्रधानमन्त्री देउवाको चारैतिरबाट पहिरो जान थालेको थियो। यस अवधिमा पार्टीका तर्फबाट पहिरो नियन्त्रण गर्ने होइन, झन पहिरो झस्काउने काम भयो। तर अन्तमा कांग्रेसभित्रको कुहिरो केही फाटेको छ। हिजो प्रधानमन्त्री निवास बालुवाटारमा बसेको पार्टीका त्रयनेताको बैठकपछि देउवा निकै सुरक्षित हुनुभएको छ।"

कतिपय अवस्थामा पत्रपत्रिकाले एउटै घटना वा समस्याका सम्बन्धमा एउटै किसिमले लेखेको अवस्थामा भने दबावको सृजना भएको छ। २०५४ साल जेठ २७ गते साँझ नवलपरासीमा स्वेच्छाचारी गिरफ्तारी भयो र त्यसै रात प्रहरीको यातनाले स्थानीय युवक सुनील अधिकारीको मृत्यु भयो। त्यस घटनाका सम्बन्धमा प्रायः सबै अखबारहरूमा प्रहरी ज्यादति भयो भन्ने किसिमको समाचारहरू प्रकाशित गरिएका थिए। २०५४ जेठ ३० गते बिहीवारको जनमञ्चमा त्यस घटनाका सम्बन्धमा लेखिएको थियो- "नवलपरासी- स्थानीय प्रहरी चौकी रजहरको प्रहरी हिरासतमा दिइएको यातनाका कारण सुनील अधिकारीको मंगलवार साँझ मृत्यु भएको छ।" त्यसै घटनाका सम्बन्धमा त्यही दिनको समकालीनले लेखेको थियो- "नवलपरासी- मंगलवार प्रहरीको यातनाबाट एक जनाको मृत्यु भएपछि उत्पन्न स्थितिले हिजो फेरि एकजनाको ज्यान लिएको छ।"

नेपाली पत्रपत्रिकामा एकअर्को अखबारमा छापिएका समाचारहरूको प्रतिवाद वा खण्डन गर्ने चलन पनि छ। कतिपय बेला पत्रपत्रिकाबीच नै आरोप-प्रत्यारोपको अवस्था सृजना हुने गरेको छ। पाठकहरूलाई त्यस्तो अवस्थामा कुन साँचो, कुन झुटो छुट्याउने गाह्रो पर्छ।

२०५३ पुस २५ गते बिहीवारको जनमञ्च साप्ताहिकमा चार कालममा "पशुपतिशमशेरको भेद खोलिदिन्छु" "खोभारी रायले राप्रपा छोड्ने" भन्ने शीर्षक र उपशीर्षकको समाचार अन्तरवार्ता छापियो। त्यसमा सांसद रायलाई यसरी उद्धृत गरिएको छ- "म छोराको प्यारालाईसिसको उपचार गर्न दिल्ली गएको थिएँ। म दिल्लीमा नेपालको राजदूतावासमा बसेको थिएँ। पशुपति राणा आएर मलाई जबरजस्ती आफ्नो साथमा दिल्ली लानुभयो। भारतका काउन्सिलर पनि मलाई लाँदा सँगै थियो। पशुपतिशमशेरको सासू विजयराज सिन्धियाको घरमा मलाई गार्डले घेरेर राख्यो। रमा इज्जत, प्रतिष्ठा गरे, तर एकदम कडाइका साथ। एकदिन मैले फोन गर्ने मौका पाएँ। मैले उहाँलाई म मन्त्री जस्तो मानिसलाई यसो गरिदिनुभएन मरे पनि म अब यहाँबाट निस्कन्छु भन, त्यसको भोलिपल्टै पशुपतिशमशेर आफैं दिल्ली पुग्नुभयो। उहाँले तीन बजे राति दुइटा गाडी अगाडि, दुईटा पछाडि राखेर मलाई ग्वालियर दरबारमा ल्याइयो। मैले श्रीमतीलाई चाँहि घर पठाइदिए। दरबारमा पनि त्यस्तै सुरक्षाका साथ राखियो। एकदिन मैले मौका पारेर दीपक बोहरालाई काठमाडौंमा फोन गरें।" सांसद रायले आफू दीपक बोहराको मद्दतले त्यहाँबाट कष्टका साथ भागेको कुरा उल्लेख गर्नुभएको छ।

तर त्यस समाचारको खण्डन गर्दै २०५३ पुस २६ गते अर्थात् भोलिपल्टैको नेपाली पत्रले "खोभारी किन मन्त्री बनेनन्?" भन्ने शीर्षकमा समाचार लेख्यो। समाचारमा सांसद रायले मन्त्री बन्न नपाएकोमा आक्रोश व्यक्त गरेको भन्दै लेखियो। यसरी हेर्दा के देखिन्छ भने सांसद खोभारी यतिखेर "नाक परे तिवारी नत्र रोतामे" बन्न पुग्नुभएको छ। एकातिर पशुपतिशमशेरलाई आफ्नै बाबु सरह मान्ने, अर्कोतिर "बाबु"को ससुराली अर्थात् "मामाघर" बाट भागेर आएँ भन्ने जस्ता दोधारे भनाइ र दोहोरो आरोप खोभारीले लगाउनु भएको छ। तर विश्वस्त सूत्रका अनुसार उहाँउपर बलात्कारको आरोप लागेको छ र पीडित महिलाले जिल्ला प्रहरी कार्यालय काठमाडौंमा लिखित उजुरी दिइसकेकी छिन्। एउटा फौज्दारी आरोप लागेर प्रहरीमा मुद्दा दायर भइरहेको अवस्थामा रहेका सांसदलाई मन्त्री मण्डलमा ल्याउँदा आफ्नो छविमा अर्को दाग लाग्ला भन्ने भयले सरकारले उहाँलाई मन्त्री नबनाएको बताइएको छ।"

नेपाली प्रेसमा प्रयुक्त हुने गरेका शब्द र भाषा व्यक्तिको ठाडै मानहानि गर्ने किसिमका छन्। कतिपय भाषा महिला अस्मितामाथि प्रहार गर्ने खालका छन्। २०५३ पुस १४ गते आइतवारको गतिविधि साप्ताहिकको आठौं पृष्ठमा गन्थन भन्ने स्तम्भमा एउटा टुक्राको शीर्षक छ- "बिचरा रोहित पनि कुकुर बने"। अर्कोको शीर्षक छ- "नाङ्गो स्तनले जन्माएको रोदन"। त्यसअन्तरगतको एउटा पंक्ति यस्तो छ- "हुन त नायिकाहरू वेश्या हुन् भनेर निर्माता समुन्द्र भट्टचनले प्रमाणित गरिदिइसकेका छन्।"

२०५३ पुस ७ गतेको सन्ध्याकालीन दैनिकको डबल कालम, बक्स समाचारको उपशीर्षक र शीर्षक छ- "राजधानीमा माओवादीहरूको चकचकी" "थापा, देउवा, नेपाल र ओलीलाई फाँसी"। त्यस्तै २०५३ माघ २७ गते आइतवारको छलफलको मुख्य समाचारको ब्रेकरको शीर्षक छ- "थापालाई गलहत्याउने तयारी"। २०५३ पुस २५ गते बिहीवारको समकालीनको दुई कालमको एउटा समाचार शीर्षक छ- "मनमोहनले लात हान्न सक्नुभएन।"

राजनीतिमा असफल भएपछि वा राजनीतिको एउटा माध्यम पत्रकारितालाई नै ठहऱ्याएर प्रेसमा संलग्न हुनेहरू नेपालमा धेरै छन्। त्यसबाहेक रोजगारीको अन्य उपाय फेला नपारेर सत्ताको नजिक भई प्रेसलाई सिढी बनाउन चाहनेहरू पनि छन्। अपवादको गणना नगर्ने हो भने नेपाली प्रेसमा अहिले यिनै दुईथरी मानिसहरूको जमघट छ। प्रकाशकहरू पनि एकथरि राजनीतिक शरणमा छन्। त्यस्ता प्रकाशकहरू आफैं सम्पादक पनि छन्। अनि भर्खरै केही वर्षयता देखिएका ज्यादै कम रोस्यामा आफ्नो जायज-नाजायज आर्जनलाई ठेगान लगाउन र राजनीतिक प्रतिष्ठाका लागि प्रकाशक बन्नेहरू पनि छन्।

पत्रकारिता पनि समाजको एउटा अंग हो। त्यसैले स्वभाविकरूपमा सम्पूर्ण समाजका विकृति-विसंगतिहरू प्रेसमा पनि छन्। नेपाली पत्रकारिताको जन्म र एक हदसम्मको विकास नै स्वतन्त्रता प्राप्तिको संघर्षका क्रममा भएको हो। स्वतन्त्रता नभइ पत्रकारिता फस्टाउँदैन। पत्रकारिताबिना स्वतन्त्रताको अनुभूति पनि गर्न सकिँदैन। तर छयालीसको जनआन्दोलनको सफलतापछि स्वतन्त्रताको अधिक अनुभव गरिएको यस क्षेत्रमा विकृति र विसंगतिहरू पनि मौलाइ रहेका छन्।

खास-खास मौसममा निस्कने वा पाठकहरूको

तत्कालीन हल्का-फुल्का मानसिकतालाई हेरेर सामग्री प्रस्तुत गर्ने अखबारहरूले प्रेस जगतलाई झन प्रदूषित पारेका छन्। प्रेसले जिम्मेवार हुनुपर्छ भन्ने भावना नराखेपछि दलगत राजनीतिक वा अझ दलभित्रको गुटगत राजनीतिमा चुर्लुम्म डुब्नु अनौठो होइन। त्यही प्रवृत्तिका कारण कसैलाई लाञ्छित गर्ने, चरित्रहत्या उन्मुख सामग्रीहरू प्रेसमा छ्याप-छ्याप्ती देखिन थालेका छन्। कतिपय संचारविद्हरूको भनाइ छ- पत्रकारिता जगत नै प्रजातान्त्रिक आन्दोलनको प्रमुख अगुवा भएको हुँदा पत्रकारितामा राजनीतिको प्रभाव पर्नु स्वभाविक हो। तर हाम्रो प्रेस स्वभाविक भन्दा धेरै माथिको हदमा राजनीतिक विभाजनबाट ग्रसित छ।

तर कतिपय विसंगतिहरू हुँदाहुँदै पनि नेपाली प्रेसले प्रजातन्त्रलाई सुदृढ पार्ने र मानवअधिकारको संरक्षण, सम्वर्द्धन गर्ने कुरामा भूमिका खेलेको छ। न्यायपालिका सम्बन्धी समाचारहरूद्वारा प्रेसले जनतालाई अधिकार प्राप्तिको दिशामा सचेत तुल्याएको छ। २०५४ साल वैशाखमा राजधानीमै सरस्वती अधिकारीलाई बोक्सी भनेर मारिएको घटना होस् वा २०५४ असारमा अधिराजकुमार पारसद्वारा जथाभावी गाडी हाँकी दुर्घटना गराइएको घटना होस्, प्रेसले जनतालाई सुसूचित गरेको छ।

यातना, प्रहरी ज्यादति, शरणार्थी समस्या, कारागारहरूको दुर्गति आदि विषयहरूमा सम्पादकीय, रिपोर्टिङलगायत्का सामग्रीहरू पत्रपत्रिकामा छापिएका देखिन्छन्। २०५३ फागुन ५ गते मंगलबारको दृष्टि साप्ताहिकको प्रथम पृष्ठको दुई कालमको-"मलेशियाको जंगलमा नेपाली चित्कार" शीर्षकको समाचारमा मलेशियामा काम गर्न जानेहरूको दुःखको सविस्तार वर्णन गर्दै लेखिएको थियो- "रोजीरोटीको खोजीमा मलेशियामा पुगेका चार हजार नेपालीहरूको भविष्य अन्धकारमय बन्न पुगेपछि सहानुभूतिका यस्तै शब्दहरूले उनीहरूको रोदन छाम्नुपर्ने भएको छ। दलालहरूलाई मोटो रकम बुझाएर गैरकानूनी ढंगले मलेशिया पुगेका नेपाली युवाहरूलाई थुन्ने र जंगलमा धपाउने जस्तो अमानुषिक कार्य त्यहाँ भइरहेको छ।" विदेशमा गएका नेपाली कामदारहरूका विषयमा प्रेसमा ज्यादै छापिएका छन्। जापानका नेपाली कामदारहरूका सम्बन्धमा निकै सामग्रीहरू प्रकाशित भएका छन्।

२०५४ भदौ १५ गते राजधानीकै वडा नं. ५ हाँडीगाउँ कालोपुलमा मुक्ति श्रेष्ठकी पत्नी प्रसूती गृहकी नर्स २७ वर्षीय राजेश्वरी श्रेष्ठको शंकास्पद ढंगमा मृत्यु भयो। दीपबहादुर श्रेष्ठकी छोरा बुहारी राजेश्वरीको मृत्युका सम्बन्धमा २०५४ भदौ १८ गतेको बुधबार साप्ताहिकमा विभत्स तस्वीर सहित "यस्तो पनि आत्महत्या?" शीर्षकमा समाचार छापियो। भदौ ३० गतेको दृष्टिमा घटनाका सम्बन्धमा विस्तृत लेख प्रकाशित भयो। पत्रपत्रिकाका सूचनाहरूका आधारमा त्यस घटनाका सम्बन्धमा महिला तथा मानवअधिकार संघ-संस्थाहरूले जोडदार आवाज उठाए। ०५४ असार १९ गते लुम्बिनीमा हत्या गरिएका जापानी बौद्ध भिक्षु नावातामे र ०५४ मंसिर २८ गते ललितपुरमा हत्या गरिएका फादर ग्याफ्नेका बारेमा नेपाली प्रेसले धेरै लेख्यो।

२०५४ साल मंसिर १२ गतेको कान्तिपुरमा छापिएको "दलितले इनार छुँदा पिटियो" शीर्षकको समाचार पनि मानवअधिकारको दृष्टिकोणले उल्लेख गर्न योग्य छ- "कटुन्जे गाविस-३ मा रहेको सार्वजनिक इनारमा छोइएको आरोपमा दलित रामभक्त कोइराला मिजारलाई घरमै पुगी कुटपिट गरिएको थियो। सार्वजनिक बाटोको छेउमा रहेको इनारमा आकस्मिक रूपमा छोइदा गरिएको कुटपिटको घटनापछि पनि प्रहरी प्रशासनले कुनै वास्ता नगरेको पीडित पक्षले बताएका छन्। कानूनतः जातीय छुवाछूतको आधारमा भेदभाव गर्न पाइदैन।"

भोलिपल्टको अंकमा कान्तिपुरले त्यस विषयमा सम्पादकीय नै लेख्यो- "अछूत उत्पीडित अवस्थामा रहन बाध्य जातिहरूको मर्काको राम्ररी सुनुवाई हुने ठाउँ नभएको र ऐन कानूनले निषेध गरेर पनि त्यसको कार्यान्वयन नभएको वर्तमान अवस्थामा धर्म परिवर्तनको लहर रोक्न एउटैमात्र उपाय हिन्दू धर्मका पण्डितहरू र राज्यस्तरबाटै व्यावहारमा छुवाछूतको उन्मूलनको अभियान थाल्नुमात्र हुनसक्छ।"

यसरी पत्रपत्रिकाले जनताको सचेतन अभियानलाई सघाएका छन्। जनताको सशक्तिकरणमा प्रेसको भूमिका प्रष्टै देखिन्छ। तर नेपालका पत्रपत्रिकाले जनताको विश्वास कति हद्सम्म जित्न सकेका छन् त भन्ने प्रश्न पनि उठ्ने गरेको छ। नेताहरूका भाषण नै समाचार हो? सधैं अरूको पारदर्शिताको माग गर्ने पत्रकारिता क्षेत्र स्वयं कति पारदर्शी छ? वा कत्तिको उत्तरदायित्व वहन गरेको छ? यस्ता प्रश्नहरू बुद्धिजीवीहरूबाट बरोबर उठ्ने गरेका छन्।

बहुदलीय व्यवस्थाको स्थापनाका लागि महत्वपूर्ण भूमिका खेल्ने नेपाली प्रेस क्रमशः व्यावसायिकतातर्फ लम्किरहेको छ। त्यसैले कतिपय कमी-कमजोरीहरू देखिनु स्वभाविक हो। साथै पत्रकारिता क्षेत्रमा देखिएका कमजोरीहरूप्रति समाजको पनि जिम्मेवारी छ भन्नु अन्यथा हुँदैन। पत्रकारिता क्षेत्रमा देखिएका समस्याहरूप्रति समाज पनि सजग हुनैपर्छ। समाज र पत्रकारिता जगतबीच अन्तर्रक्रिया हुन सकेन भने पत्रकारिताको स्वस्थ विकास हुन सक्दैन।

केही समय यता त्यस्ता अन्तर्रक्रियाहरू भइरहेका पनि छन्। संसदका सम्बन्धमा नेपाली प्रेसले उपयुक्त ढंगले प्रकाश पार्न नसकेको गुनासो सांसदहरूको मात्र होइन, संसदविद्हरूको समेत छ। कतिपय संसदविद्को भनाइ छ- पत्रकारको संरक्षण गर्ने पनि प्रेस नै हो र संसदको संरक्षण पनि प्रेसले गर्नुपर्छ। तर उनीहरूको विचारमा प्रेस आफै संकटग्रस्त छ। प्रेसमै आश्रित हुनेहरूको संख्या बढ्दैछ, तिनीहरूको नेतृत्व गर्ने र मूल्य-मान्यता समेतको अभावमा छाडावाद बढेको छ। पत्रकार भावावेश र बुझ्रुगपनबाट जोगिनुपर्छ भन्ने चर्चा त चल्छ। तर व्यवहारमा त्यस्तो भएको छैन।

नेपालका पत्रपत्रिकामा प्रकाशित भइरहेका संसद वा संसदीय गतिविधिसम्बन्धी सामग्री अत्यन्त सतही भएको कुरा

पत्रकारहरू नै स्वीकार गर्दछन्। नेपाली प्रेसले राजनीतिको शक्तिकेन्द्रका रूपमा रहेको संसद र जनताबीचको सेतुको काम गर्न नसकेको गुनासो सांसदहरूको छ। तर सांसदहरूको नैतिक मूल्य र मान्यतामा आएको ह्रासका साथै उनीहरूमा बढेको सुविधाभोगी चिन्तनका सम्बन्धमा नेपाली प्रेसले व्यापक प्रहार गरेको छ।

मानवअधिकारको सवालमा नेपाली प्रेस त्यति सचेत छैन। तर मानवअधिकार अभियानलाई सघाउने खालका सामग्रीहरू भने प्रेसमा कुनै न कुनैरूपमा आएका छन्। मानवअधिकार र प्रजातन्त्रको ऐतिहासिक विकासक्रमका सम्बन्धमा पनि व्यवस्थितरूपमा विश्लेषण गरिएको पाइँदैन। विश्वमा स्थापित मानवअधिकार र प्रजातन्त्रको आधुनिक अवधारणाहरूका सम्बन्धमा प्रेसले व्यवस्थित शिक्षा प्रदान गर्न सकेको देखिँदैन। तर समाचार प्रवाहका क्रममा जानी–नजानी मानवअधिकार अभियानलाई नेपाली प्रेसले पनि सघाउ पुऱ्याइरहेकै छ।

२०५४ मंसिर २७ गते संचारमन्त्री महन्थ ठाकुरले राजधानीमा आयोजित "प्रजातन्त्रमा संचार माध्यमको भूमिका विद्यमान चुनौती र सुधारका पक्षहरू" विषयक गोष्ठीमा भन्नुभयो– "शासकहरू सबभन्दा पहिले संचार माध्यमलाई नै कब्जा गर्न खोज्छन्, त्यो प्रवृत्ति ठीक होइन।"

सरकारमा पुगेपछि नेपालका सबै राजनीतिकर्मीहरूले यस्तै भन्ने गरेका छन्। बहुदलीय व्यवस्थाको पुनर्स्थापनापश्चात् यस्तो भनाइ धेरै चोटि दोहोरिएको छ। तर व्यवहारमा सरकारी संचार माध्यमहरूमा सरकारी पकड पटक्कै कम भएको छैन।

सरकारी पत्रकारिता मूलतः मन्त्रीहरूको भाषण प्रकाशित, प्रशारित गर्ने काममै अल्भिएको छ। आमरूपमा भन्ने हो भने निष्पक्षताबाट सरकारी संचारमाध्यमहरू सधैं टाढा रहेका छन्। "पेशागतरूपमा समर्पित पत्रकारहरूलाई प्रोत्साहित गर्नुपर्नेमा सरकार बदलिएपिच्छे पार्टीको नाममा को बढी प्रशिक्षित छ, त्यस्तालाई खोजेर पत्रकारका रूपमा भर्ना गरिन्छ। पंचायतकालमा भन्दा पनि बढी दवाव सरकारी संचारमाध्यमहरूमा कार्यरत पत्रकारहरूले अहिले खप्नुपरेको छ। गोरखापत्रले भ्रष्टाचार, अपराधीको भण्डाफोर गर्ला भनेर पाठकहरूले कहिल्यै नसोचे हुन्छ" गोरखापत्रका नायव प्रधान सम्पादक रामचन्द्र गौतमले २०५४ वैशाख २० गते प्रेस स्वतन्त्रता दिवसका अवसरमा आयोजित कार्यक्रममा प्रष्टै भन्नुभयो। सरकारी संचारमाध्यममा दुई दशकभन्दा लामो समयदेखि कार्यरत् एक पत्रकारको त्यो भनाइबाट पनि नेपाली प्रेसको आजको अवस्थाको मूल्यांकन गर्न सकिन्छ।

●

अनुसूची ५

सन् १९९७ र मानवअधिकार उल्लंघनका तथ्यहरु

उल्लेख गर्नै पर्ने केही कुराहरू

- यो वर्ष पुस्तकमा सन् १९९७ भरिका अर्थात् ०५३ पुस १७ देखि ०५४ पुस १६ गतेसम्मका घटनाहरू समावेश गरिएका छन्।
- घटनाहरूको संकलन पश्चात् यथाशक्य विश्वसनीय घटनाहरू मात्रै वर्ष पुस्तकमा उल्लेख गरिएका छन्। केही घटनाहरूलाई विश्वसनीयताको अभावमा प्रकाशित गर्न सकिएन।
- मानवअधिकार उल्लंघनका घटनाहरूलाई प्रचारमा ल्याउने, त्यस्ता घटनाहरूबाट नागरिकहरूलाई सचेत गराउने, मानवअधिकार चेतनाको विकासमा सहयोग पुऱ्याउने, मानवअधिकारको स्थितिलाई सकारात्मक दिशातिर उन्मुख गराउने मनसाय वर्ष पुस्तकको हो। यस क्रममा उल्लेखित घटनाबाट कसैको निजी जीवन, मान-सम्मान र स्वाभिमानमा आघात पर्न गएको भएमा हामी दुःखका साथ क्षमा चाहन्छौं।
- वर्ष पुस्तक प्रकाशनको सिलसिलामा घटनाहरूको संकलन गर्न ७५ वटै जिल्लामा जिल्ला प्रतिनिधिको व्यवस्था गरिएको छ। तर जिल्लाहरूको प्रत्येक गाउँ र ठाउँमा पुगेर घटनाहरू संकलन गर्न सम्भव भएन। त्यसकारण सार्वजनिक जानकारीमा नआएका केही घटनाहरू हाम्रा लागि अज्ञात नै रहन पुगेका पनि हुन सक्छन्। तापनि विभिन्न सम्भाव्य माध्यमद्वारा हामीले भएजति घटनाहरूलाई सकेसम्म संकलन गर्ने र उल्लेख गर्ने प्रयन्न भने गरेका छौं।
- विभिन्न पत्रपत्रिकाहरू पनि वर्ष पुस्तकको सूचना स्रोतका आधारहरू मानिएका छन्। पत्रिपत्रिकामा प्रकाशित सूचनाको आधारमा सम्बन्धित पक्ष वा निकायमा सम्पर्क गरी पुष्टि भएपछि मात्र घटनाहरूलाई समावेश गर्ने काम भएको छ।
- यस वर्ष हत्या/गोलीका घटनामा राज्यपक्षबाट भएकाहरूलाई मात्र मुख्य शीर्षक सम्मानितरूपले बाँच्न पाउने अधिकार अन्तरगत हत्या/गोली (राज्यपक्ष) मा दिएका छौं। त्यस्तै संगठित वा राजनीतिक समूह वा राज्य पक्षबाट भएका कुटपिटका घटनालाई मात्र यही मुख्य शीर्षक अन्तरगतको १.५ धम्की/ज्यान मार्ने धम्की/कुटपिट (राज्यपक्ष) उपशीर्षकमा राखिएको छ।
- भूमिहीन तथा सुकुम्बौसी समस्यासम्बन्धी सूचनासंगै राज्यले प्रदान गर्ने वृद्ध, असहाय र अशक्त भत्ता आदिको जानकारी थपेका छौं।
- त्यस्तै महिला अधिकारमा बेचबिखन र देह व्यापारका घटनाका पीडित महिलाहरूको नाम सकेसम्म कम दिइएको छ भने बलात्कारका घटनाहरूमा बलात्कृत महिलाहरूको नाम दिइएको छैन। पीडित महिलाहरूको सामाजिक एवं व्यक्तिगत जीवनमा कुनै समस्या नपरोस् भन्ने धारणाले नाम उल्लेख नगरिएको हो।
- यस पटक व्यक्तिगत हत्या तथा कुटपिटका उल्लेख्य केही घटनाहरूलाई मात्र अतिरिक्त जानकारीको रूपमा समावेश गरेका छौं। त्यस्ता अधिकांश घटना तथ्यांकमा समावेश गरिएको छ।
- प्रत्येक जिल्लाको दोश्रो पेजमा दिइएको तथ्यांकमा यो "*" चिह्नले जम्मा पीडित संख्या मात्र राख्न सकिएको जनाउँछ। जेल शीर्षकअन्तर्गत जेलमा भएका विरोध, जुलुस, अनशन, भोक हड्ताल जस्ता गतिविधिहरू मात्र उल्लेख गरिएको छ।
- स्थानीय बोली, भाषा र लय आदि जस्ता कारणले गर्दा कतिपय व्यक्ति र ठाउँको नाम पनि केही फरक पर्न गएको हुनसक्छ। यस्तो समस्या भेटिएको खण्डमा जानकारी दिन हामी सबैमा हार्दिक अनुरोध गर्दछौं।

तथ्यांकका अन्य आधारहरु

क. केन्द्रीय तथ्यांक विभागको वर्ष पुस्तक १९९३, १९९४, १९९५ र १९९६

ख. स्थानीय सामाजिक संघ, संस्था र व्यक्तिहरू

ग. स्थानीय न्यायिक, अर्धन्यायिक, प्रशासनिक, सञ्चार र सुरक्षासम्बन्धी निकायहरू

घ. मानवअधिकार वर्ष पुस्तक १९९२, १९९३, १९९४, १९९५ र १९९६

१.१ झापा
१.२ इलाम
१.३ पाँचथर
१.४ ताप्लेजुङ
१.५ मोरङ
१.६ सुनसरी
१.७ धनकुटा
१.८ तेह्रथुम
१.९ भोजपुर
१.१० संखुवासभा
१.११ सप्तरी
१.१२ सिराहा
१.१३ उदयपुर
१.१४ खोटाङ
१.१५ ओखलढुंगा
१.१६ सोलुखुम्बु

१. पूर्वाञ्चल

मेची



१.१ झापा

जनसंख्या	:	५९३७३७
साक्षरता	:	५७.३ प्रतिशत
महिला साक्षरता	:	४५.४ प्रतिशत
क्षेत्रफल	:	१६०६ वर्ग कि.मी.
गाविस/नपा	:	४७/३
निर्वाचन क्षेत्र	:	६
विद्यालय/क्याम्पस	:	४००/१७
अस्पताल/स्वास्थ्यचौकी	:	५/४७
टेलिफोन लाइन	:	२५७६
सडक (कि.मि.)	:	३८१
प्रहरी कार्यालय	:	६०
हुलाक	:	५४

देशको पूर्वी प्रवेशद्वार तथा नेपालकै सबभन्दा होंचो ठाउँ केचनाकवल, ऐतिहासिक एवं धार्मिक स्थल किच्चक बध, चियाखेतीका ठूला बगानहरू र समथर भू-भाग भएको यो जिल्ला जनघनत्व एकदमै बढी भएको जिल्ला हो। तराईका अन्य जिल्लाका तुलनामा विकसित र शिक्षित संख्या बढी भएको यो जिल्ला वामपन्थी आन्दोलनको उद्गम स्थलका रूपमा महत्वपूर्ण मानिन्छ। यहाँ अधिकांश मानिसहरू विभिन्न जिल्लाबाट र विशेषगरी पूर्वी पहाडी भू-भागबाट बसाइँ सरेर आएका पाइन्छन्। भूटानी शरणार्थीहरू ठूलो संख्यामा रहेकाले पनि झापा आंशिकरूपमा पीडित बन्न पुगेको छ। यस जिल्लामा विभिन्नखाले मानवअधिकार उल्लंघनका घटनाहरू बारम्बार भइरहन्छन्। व्यक्तिगत रूपमा यस वर्ष महिलाउपर हुने ज्यादति धेरै परिमाणमा देखा परे।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

सुरूङ्गास्थित इलाका वन कार्यालयको हिरासतभित्र मोरङ, बयरबन गाविस-९ बस्ने ५० वर्षीय दिलिप (दलबहादुर) भुजेलको लास ०५३ फागुन २१ गते भेटियो। मीतबाबुकहाँ बरखीको निम्ता मान्न आएका पीडितलाई फागुन १४ गते बिहान हान्द्रुङ खोलामा दिसा गर्न गएको बेला काठ काटेको आरोपमा वन सुरक्षा गार्डले पक्राउ गरी हिरासतमा राखेको थियो। पीडितकी पत्नीले २० गते भेट्दा पतिका लुगामा रगतको टाटैटाटा भएको र पतिले मलाई धेरै यातना दिए, बाँच्दनहोला भनेकाले वन सुरक्षा गार्डले पक्राउ गरी हिरासतमा राखेकै अवस्थामा यातना दिएर हत्या गरिएको भन्ने भनाइ पीडितकी पत्नीको छ। त्यस घटना पश्चात इलाका वन कार्यालय तोडफोड हुनुका साथै प्रहरीले ७१ राउण्ड गोली चलाएको थियो। [illegible] गोली काण्डमा सुरूङ्गा-१ की २३ वर्षीय टीका बस्नेत, [illegible]सीधाम-८ का १९ वर्षीय दीपक थापा र २६ वर्षीय याम सुवेदी घाइते भएका थिए।

१.२ जेल र बन्दीहरु

जिल्ला सदरमुकाम चन्द्रगढी गाविस-५ मा स्थित यहाँको "ख" श्रेणीको कारागार ३४ वर्षअगाडि बनेको हो। दुई बिघा जमिन ओगटेको यस जेलको बन्दी क्षमता १ सय ७५ जना रहे पनि हाल यहाँ १ सय ९४ जना बन्दी राखिएको छ। यहाँ १३ जना महिला बन्दी रहेका छन् भने १ सय १६ जना बन्दीको मात्र कैद सजाय तोकिएको छ। बन्दी महिलाबाट जन्मेका १ जना १ वर्षीय बालक पनि यस जेलमा छन्। ३ वर्षदेखि पहिलेका बन्दीहरू यस जेलमा ६८ जना छन्।

कारागारभित्र रहेका ७ कोठामध्ये एउटा महिला बन्दीलाई दिइएको छ। वर्षायाममा पानी नचुहिने कोठा नै छैन। साधारण भुइँचालोले पनि सबै बन्दीको एकै चिहान हुनसक्ने अवस्था जेलको वास्तविकता हेर्दा प्रष्ट हुन्छ। पर्खालको रूग्ण अवस्थाले सुरक्षा व्यवस्थालाई नै चुनौती दिइरहेको छ। कोठाको भुइँ पनि भासिन शुरू भइसकेको छ। पानी ट्याँकी र धाराहरू प्रशस्त भए पनि पानी चुहिरहने भएकोले पानी आवश्यक मात्रामा बन्दीहरूले पाउन सकेका छैनन्। सिपमूलक व्यवसाय आफ्नै व्यक्तिगत लगानीमा मात्र गरिएको देखिन्छ। साक्षरता अभियान, पुस्तकालय, डाक्टर सबैको आशमा यहाँका बन्दीहरू धेरै समयदेखि प्रतीक्षारत् भए

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	१	–	–
हिरासतमा यातना	३	१०	५
बलात्कृत	६	५	१०
झड्केलो बाबुद्वारा	१	–	–
पतिद्वारा	१	–	–
प्रहरीद्वारा	१	–	–
आरक्षमा यातनाले मृत्यु	–	–	१
आत्महत्या	४४	६७	१३५

पनि पूरा भने भएको छैन।

जेलका यावत् समस्याहरूका बारेमा परिचित हुँदाहुँदै पनि आफूले माथि लेखेर पठाउनेबाहेक केही गर्न नसक्ने भनाइ जेलर डमरुवल्लव गड्तौलाको छ। जेलको भौतिक अवस्थाको सुधारका लागि ०५३ पुस १ गते बन्दीहरूले १३ सूत्रीय माग राखी निवेदन पेश गरे। स्वास्थ्य, शिक्षा, सिपमूलक तालिम, पुस्तकालय, महिला बन्दी गृहको छुट्टै व्यवस्था जस्ता मागहरूबारे वेलैमा ध्यान नदिए सम्पूर्ण बन्दी आन्दोलनमा उत्रने जानकारी संघर्ष समितिका संयोजक भूपालमान कार्कीले दिए। भूपालमान कार्की र बद्री प्रसाई आफूलाई आस्थाका बन्दी बनाउँछन्। यी दुवै बन्दीलाई विगत सरकारको पालामा आस्थाका बन्दीकोरूपमा कैद मिनाहा गर्ने प्रक्रियासमेत शुरू गरिएको थियो।

खुदुनावारी भूटानी शरणार्थी शिविरका ३५ वर्षीय पवनलाल मगरको ०५४ जेठ ३ गते राति झापा कारागारभित्रै मृत्यु भयो। डाँका गरेको अभियोगमा साढे १ वर्षअघिदेखि ६ वर्षे सजाय भोग्दै आएका मगर छोर रोगी भएको थाहा भएको छ।

गोलधाप गाविस-२ की ३५ वर्षीय देवीमाया विश्वकर्मालाई अवैध शारीरिक सम्पर्क गरी बच्चा जन्माइ हत्या गरेको आरोपमा ०५४ कार्तिक ५ गते पक्राउ गरी इलाका प्रहरी कार्यालय, राजगढमा राखिएकै अवस्थामा ०५४ कार्तिक १८ गते राति राजगढ-६ को एक बाँसघारीमा झुन्डिएर मरेको अवस्थामा फेला पारियो।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

अनारमनी गाविस-१ बुट्टाबारीका ३५ वर्षीय महमद आलमलाई अत्याधिक मादक पदार्थ खाइ हिंडेको अवस्थामा ०५३ फागुन ६ गते पक्राउ गरेकोमा प्रहरी इन्स्पेक्टर हेममणि प्रधानले मरणासन्न हुनेगरी कुटपिट गरे। पीडितको टाउकोबाट रगत बगेको र बेहोससमेत भएका बेला गाउँलेहरूले बाहिर क्लिनिकमा लगी उपचार गराएका थिए।

राजगढगाविस-४ का कृष्णकुमार श्रेष्ठलाई ०५३ फागुन ११ गते चोरी गरेको आरोपमा इलाका प्रहरी कार्यालय राजगढले पक्राउ गरी यातना दिंदा पीडितको खुट्टा नै नचल्ने भएको थियो।

सुरुङ्गा गाविस-९ का १९ वर्षीय धर्म कार्की र सोही

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	८	५	३	८	१		१	१
यातनाले मृत्यु	१	१		१	१	१		१
गोली	१	२	१	३	१	२	१	३
थुनामा मृत्यु	२	१	१	२	२	१	१	२
गिरफ्तारी र यातना •	१०	१८	१	४९	१०	१८	१	४९
कुटपिट	१२	२९	२	३१	१	१		१
धम्की	१	५		५				
निष्पक्ष चुनाव	२							
निष्पक्ष न्यायिक अधिकार	२	१	१	२	२	१	१	२
महिला किनबेच	१		१	१				
बलात्कार	१०		१०	१०	.			
बहुविवाह	१		१	१				
पारिवारिक हिंसा	१		१	१				
गर्भपतन	२		२	२				
आर्थिक अधिकार	१							
जातीय छुवाछूत	१	१	१	२				
अमानवीय व्यवहार	१		१	१	१		१	१
ब्ल्याकमेल	१	१		१				
चोरी/डकैती	१	१		१				
आत्महत्या	१३५	८६	४९	१३५				
दुर्घटनाहरू/विपत्तिहरू	१		१	१				
अन्य	१		१	१				
जम्मा	१९६	१५१	७७	२५८	१९	२४	६	६०

गाविस-५ का जनक ओलीलाई ०५३ फागुन २१ गते प्रहरीले पक्राउ गर्‍यो। पीडितहरूलाई प्रहरीको समूहले निर्मम यातना दिएका थिए। उनीहरूलाई इलाका वन कार्यालयमा ढुंगामुढा गरेको आरोपमा पक्राउ गरिएकोमा २२ गते छोडियो।

अनारमनी गाविस-४ घर भई इलाम, आम्चोक गाविसका दीपक पौडेललाई माओवादी भएको आरोपमा ०५४ कार्तिक ५ गते प्रहरीले पक्राउ गरेकोमा यातना दिंदा सख्त घाइते भएका छन्। बुट र पेटीले हिर्काएको घाउ र डामहरू प्रष्ट देखिन्थ्यो। उनीलाई सार्वजनिक अपराधमा मुद्दा लगाइएकोमा २८ हजार धरौटी बुझाउन नसकेकोले थुनामै राखिएको छ।

गरामनी गाविस-२ का ३५ वर्षीय हर्कबहादुर दियाली र प्रदीप लावतीलाई ०५४ पुस ६ गते वन सुरक्षा गार्डले काठ चोर्दाचोर्दै पक्राउ गरेकोमा यातना दिंदा दियालीको बाँया खुट्टा नै भाँचियो। पीडितहरूलाई तारेखमा छोडिएको छ। उनीहरूको औषधी उपचार खर्च जिल्ला वन कार्यालयबाटै गरिएको थियो।

ज्यामिरगढी गाविस-६ का भक्तिप्रसाद शिवाकोटी, राजेन्द्र राजवंशी, अनिल राजवंशी, कुलप्रसाद शिवाकोटी, कुलबहादुर घिमिरे र पदम ढुंगेललाई जीवनदास शिवाकोटीको हत्या गरेको अनुसन्धानको सिलसिलामा ०५४ कार्तिक २२ गते देखि ०५४ मंसिर ९ गतेसम्म विभिन्न मितिमा पक्राउ गरिएकोमा बाँसका लठ्ठीले खुट्टामा हान्ने, प्लाष्टिकको डोरीले बाँधेर घिसार्ने, पीनले खुट्टाका औंलामा घोच्ने जस्ता अमानवीय यातना दिइयो। यातना दिइ हत्या गरेको हो भन्न बाध्य पारेको भनाइ उनीहरूको छ। उनीहरूलाई अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा राखिएको छ।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

तोपगाछी गाविस-८ मा पर्ने क्याम्पा बजार उत्तरपट्टी सोही गाविसका सुवर्ण सुब्बा, ज्ञानसिंह राई, गजवल सुब्बालाई ०५४ जेठ २३ गते महेन्द्र सम्वाहाम्फे, उत्तम सम्बाहाम्फेलगायतका २५ जना जनिले आक्रमण गरी घाइते बनाए। फुटवल खेल्दाको पुरानो रीसइवीका कारण उक्त घटना भएको थियो। पीडकहरू हालसम्म फेला परेका छैनन्।

अर्जुनधारा गाविस-२ घर भई विर्तामोडबाट प्रकाशित हुने जनचाहनाका कार्यकारी सम्पादक दीपिन राईलाई काठ चोरी गर्न गइरहेका व्यक्तिहरूबारे समाचार छापेका कारण ०५४ असार ३० गते ध्रुव ढुंगाना, नीरबहादुर थापा र युवराज धितालले सख्त घाइते हुने गरी कुटपिट गरे। पीडकहरूलाई प्रहरीले पक्राउ गरेकामा २० हजार धरौटी लिई १ महिनापछि छाडियो।

इलाका प्रहरी कार्यालय दमकका इन्सपेक्टर मुकुन्दप्रसाद आचार्यलाई ०५४ कार्तिक १७ गते राति दमक

हत्या गरी फालिएको बेवारिसे लास

नगरपालिका-२ मा भएको नेपाली कांग्रेस र राप्रपाको झगडामा खबर गर्दा पनि नआएको भनी राप्रपा दमक नगरपालिकाका मेयरका प्रत्यासी रहेका राम थापाको नेतृत्वमा आएको ४० जना जनिको हुलले आक्रमण गर्दा सामान्य घाइते भए। यस सम्वन्धमा कसैलाई कारवाही गरिएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

वाहुनडाँगी गाविसमा मतदान भइरहेका बखत ०५४ जेठ १३ गते केही व्यक्तिहरूले आइ पेट्रोमेक्स र बत्ती निभाइ तीनवटा मतपेटिका नै उठाइ लगे। २ जनामात्र प्रहरी भएको र राति ८.३० सम्म पनि मतदान गराइएको हुँदा यस्तो घटना भएको बताइन्छ। एक अर्कालाई आरोप-प्रत्यारोप लगाइएको उक्त घटना सम्बन्धमा समयमै जानकारी नदिइएको भनी मतदान अधिकृत गुरू मैनालीलाई विभागीय कारवाही गरिएको बताइएको छ।

महेशपुर गाविस-१ स्थित मतदान उपकेन्द्रमा ०५४ जेठमा भएको निर्वाचनमा राप्रपाले विहारको किसनगञ्जबाट मान्छे ल्याइ भोट हाल्न लगाएको भन्ने विवादमा झैं-झगडा भएपछि मतदान कार्य नै स्थगित हुन गई स्थिति अशान्त भएको थियो। त्यहाँ पुनः मतदान भयो।

बैगुनधुरा गाविसमा ठूलो पानी परेको र मतदान प्रक्रियालाई व्यवस्थित गर्न नसकिएका कारण ०५४ जेठ १३ गतेको निर्वाचन स्थगित भई पुनः जेठ १८ गते सम्पन्न भयो। हल्दीवारी, राजगढ, महेशपुर, पथरियामा पनि चुनाव स्थगित भएको थियो।

नौ वाम समूहहरूद्वारा आयोजित ०५४ असोज १ र २ गतेको नेपाल बन्द कार्यक्रमको सिलसिलामा ०५४ भदौ ३१ गतेदेखि असोज १ गतेभित्र ३० जना जनिलाई गिरफ्तार गरियो। उनीहरूलाई भोलिपल्ट नै छाडियो।

भद्रपुर नगरपालिकाको मोहपाल धर्मशालामा छैटौं जिल्ला सम्मेलनको बन्द सत्र चालू भइरहेको बेला ०५४ मंसिर ९ गते प्रशासनले अनेरास्ववियू (क्रान्तिकारी) का राजेश थापा, धर्मशीला चापागाईं, नविन शिवाकोटी तथा यामप्रसाद

प्रधानलाई पक्राउ गऱ्यो। अहिले पीडितहरूलाई पुनरावेदनको आदेशमा पुस १८ गते छाडियो।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

अनारमनी गाविस-८ का ३० वर्षीय मनोज खड्कालाई आफ्नै ५ वर्षीय छोरा मनिषको हत्या गरेबापत कारागारमा राखिएकोमा पुनरावेदन अदालत इलामले ०५४ वैशाख २९ गते भवितव्य ज्यान भनी फैसला गरेकाले खड्का छुटे। जिल्ला अदालतबाट २०५२ माघ १० गते कर्तव्य ज्यान मुद्दाअन्तर्गत सर्वस्वसहित जन्म कैद फैसला भएकोमा पुनरावेदनको यस्तो फैसलालाई शंकाको दृष्टिले हेरिएको छ।

यस जिल्लामा रहेको अदालतमा ३ जना न्यायाधीश रहने व्यवस्था भए पनि मुद्दा फछ्र्यौटमा छिटो छरितो हुन सकेको देखिँदैन। अर्धन्यायिक निकायमा पनि निर्णय चाँडो हुन नसकेको गुनासो पीडितहरूको छ। न्यायिक निर्णयमा सत्ताको प्रभाव पर्ने गरेको देखिएको छ।

झापा जिल्ला अदालतमा मौजुद रहेका मुद्दाहरूमा ३ वर्षमाथिका ३० वटा छन्। तीमध्ये २३ वटा देवानी तथा व्यक्तिवादी फौजदारी ७ वटा छन् भने ३ वर्षदेखि माथिका ४० देवानी, १२ फौजदारी गरी जम्मा ५२ वटा मुद्दा छन्। यस वर्ष यस अदालतमा ३ सय ८१ देवानी, १ सय ६९ फौजदारी, ४६ वटा सरकारवादी गरी ५ सय ५० वटा मुद्दा परे। जसमध्ये धेरै मुद्दा फछ्र्यौट हुन बाँकी छन्।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस वर्ष यो जिल्लामा २ हजार ३ सय ६४ परिवार

वन सुरक्षाकर्मीद्वारा यातनापीडित हर्कबहादुर दियाली

घरबारविहीन अवस्थामा रहेको पाइयो। बाटाका वरिपरि तथा पर्ति जग्गाहरूमा छाप्रा बनाइ बसेका त्यस्ता व्यक्तिहरूलाई बसोबास गराउने, सहयोग गर्नेतर्फ कतैबाट प्रयास भएको देखिएको छैन।

यस वर्ष ८० लाखमात्र बजेट आएकाले दिनुपर्ने सबैलाई वृद्ध भत्ता दिइएन। यसका लागि १ करोड ३० लाख रूपैयाँ आवश्यक पर्दथ्यो। ३२ प्रतिशत वृद्धहरूलाई यो भत्ता दिइएको छैन।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

डाँगीबारी गाविस-८ की २१ वर्षीय कमला सतार, २० वर्षीय सावित्रा सुब्बा र उनकी साढे १ वर्षीय छोरीसमेतलाई अनारमनी-४ डेरा गरी बस्ने शिवलाल चौधरी र गोपाल भट्टराईसमेत चारपाने-१ का २१ वर्षीय प्रकाश राजवंशीले ०५३ पुस ७ गते भारत लगी बेच्न लाग्दा भाग्न सफल हुने मध्ये सावित्रा ०५३ पुस २६ गते घर आउन सफल भइन्। उनको जाहेरीका आधारमा प्रहरीले प्रकाशलाई पक्राउ गरे। पीडकहरूलाई जीउ मास्ने/बेच्ने अभियोगमा १० वर्ष कैद तोकिएको छ।

जुरोपानी गाविस-५ का जीवन अधिकारी, गौरादह गाविसका हरि पाण्डे र युवराज थापाले जुरोपानी ग्वालडुब्बाकी एक ४० वर्षीय महिलालाई ०५३ माघ ८ गते घरैमा गई सामूहिक बलात्कार गरे। हरि पाण्डे फरार भए भने प्रहरीले पक्राउ गरेका जीवन र युवराजमध्ये युवराज थुनामा छन्। जीवन धरौटीमा छुटेका छन्।

भद्रपुर नगरपालिकास्थित मेची अंचल अस्पतालको प्याथोलोजी विभागका टेक्निसियन जयवेन्द्र यादवले ०५३ फागुन २७ गते आफ्नै डेरामा काम गर्न राखेकी गोलधाप गाविस-९ की एक १३ वर्षीय बालिकालाई बलात्कार गरे। पीडितका बाबुले रकमको प्रलोभनमा परी चुपचाप लागेकाले उक्त मुद्दा झापझुप भएको अस्पतालका कर्मचारी बताउँछन्।

पथरिया गाविस-६ की एक ३५ वर्षीय महिलालाई ०५३ चैत ३ गते दिउँसो दाउरा खोज्न गएको बेला सोही ठाउँका ३८ वर्षीय भीमबहादुर थापाले बलात्कार गरे। पीडकलाई प्रहरीले पक्राउ गरेकोमा अदालतले ४ वर्ष थुनामा राख्ने आदेश दिएको छ।

चकचकी गाविस-६ की १६ वर्षीय एक युवतीलाई सोही ठाउँका ३० वर्षीय एकबार सतारले ०५३ चैत ९ गते दिउँसो घरमा एक्लै भएको बेला बलात्कार गरे। पीडक हाल तारेखमा छुटेका छन्।

लखनपुर गाविस-१ की १६ वर्षीय एक युवतीलाई ०५४ असार १ गते सोही ठाउँको रतुवाखोला छेउमा इलाम बाँझो गाविस-७ का दिलिप तामाङ र झापा महारानी झोडा गाविस-३ का नेत्रप्रसाद आचार्यले बलात्कार गरे। तामाङ भागेका छन् भने आचार्यलाई प्रहरीले पक्राउ गरी थुनामा राखिएको छ।

काँकडभिट्टास्थित इलाका प्रहरी कार्यालयले ललितपुर भैंसेपाटीका रवि थापा, नवलपरासी बेलटारका दीपक तामाङ र मकवानपुर रातमाटेका किरण दर्जीलाई ललितपुर भैंसेपाटी-८ बस्ने १७ वर्षीय सपना कार्कीलाई भारतको सिलगुढीतर्फ बिक्री गर्न लैजाँदै गर्दा ०५४ साउन १९ गते पक्राउ गरी जीउ मास्ने/बेच्ने ऐनअन्तर्गत मुद्दा चलाउ थुनामा राखिएको छ। पीडितलाई प्रहरीले घर फर्काइदियो।

जुरोपानी गाविस-४ की १५ वर्षीय एक युवतीलाई सोही ठाउँका राम किस्कु सतारले ०५४ पुस ८ गते बलात्कार गरे। पीडक हाल पक्राउ परेका छन्।

यो वर्ष यस जिल्लामा बलात्कारको प्रतिकार गर्न खोज्दा १ जना महिलाको हत्या गरियो।

४.२ पारिवारिक हिंसा र बहुविवाह

सतासीधाम गाविस-१ का चक्रबहादुर खत्रीले घरमा पत्नी र एक छोरीसमेत हुँदाहुँदै अर्जुनधारा गाविस-९ की निषा कार्कीसंग ०५३ माघमा दोस्रो विवाह गरे। जेठी पत्नीले प्रहरीमा उजुर गर्दा पनि पीडकलाई कुनै कारवाही गरिएको छैन।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, भुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

भद्रपुर नगरपालिका-१० स्थित विमानस्थल छेउमा १० महिना पुगेको बच्चालाई मारेर फ्याँकिएको अवस्थामा फेला पर्‍यो। पीडकको बारेमा हालसम्म थाहा हुन सकेको छैन।

पृथ्वीनगर गाविस-६ की २३ वर्षीय गंगामाया मुखियाको पति विदेश गएका बेला परपुरुषसंग अवैध सम्बन्ध राखी रहन गएको गर्भ पतन गराउन खोज्दा मृत्यु भयो। गर्भ पतन गराउने कार्यमा संलग्न अहेबहरू नारायण ढुंगेल र पदमकेशर गौतमलाई ०५४ भदौ २ गते ज्यान मारेको आरोपमा पक्राउ गरिए पनि ठूलो धनराशिको प्रलोभनमा छाडिदिएको गुनासो गाउँवासीको रहेको छ।

तोपगाछी गाविस-७ की २३ वर्षीय मनमाया सुब्बाले अवैध रूपमा धारण गरेको गर्भ पतन गराउँदा अत्याधिक रूपमा रगत गई ०५४ असोज २३ गते मृत्यु भयो। अज्ञात व्यक्तिसंगको यौन सम्पर्कबाट रहेको उक्त गर्भ आठ महिनाको भइसकेको थियो।

५. बालअधिकार (बालबालिका उपरको अत्याचार)

दमक नगरपालिका-५ बेलडाँगीस्थित भूटानी शरणार्थी शिविरकी एक १२ वर्षीय बालिकालाई शरणार्थी २५ वर्षीय किशोर पाण्डेले ०५३ पुस १७ गते राति ७ बजे बलात्कार गरे। हालसम्म पनि पीडक फरार नै रहेका छन्। पीडित ४ दिनको उपचारपछि घर फर्किन्।

ज्यामिरगढी गाविस-३ की एक ७ वर्षीय बालिकालाई सोही ठाउँका १६ वर्षीय परेश राजवंशीले ०५४ भदौ २३ गते दिउँसो १ बजे धानबारीमा लडाइ बलात्कार गरी फरार भए। पीडकको खोजी भइरहेको छ।

धाइजन गाविस-६ की १४ वर्षीय एक बालिकालाई ०५४ असोज २५ गते घरमा बसिरहेका बेला फणीन्द्र दाहालले बलात्कार गर्न खोजे। हाल दुवै पक्षबीच मिलापत्र भइसकेको छ।

सतासीधाम गाविस-५ की एक १२ वर्षीय बालिकालाई आफ्नै घरमा एक्लै बसेको मौका छोपी ०५४ मंसिर १० गते दिउँसो १२ बजे इलाम, सारुफारा गाविसका ३५ वर्षीय कंवलसिंह मुखियाले बलात्कार गरे। पीडक हाल थुनामा रहेका छन्।

दुवागढी गाविस-४ स्थित चारआलीमा क्रिश्चियनहरूद्वारा संचालित अनाथ बालबालिका राख्ने गोलघरभित्र कार्यरत क्रिश्चियन धर्मका स्थानीय प्रमुख भारतका हारुल रसाइलीले त्यहीं बस्ने भारत, कालिम्पोङकी १२ वर्षीय एक बालिकालाई पटक पटक यौन शोषण गरेको खुलेपछि गाउँलेहरूको सहयोगमा पीडकलाई त्यहाँबाट भारत नै पठाइयो। पीडकले यस्तै कार्य अन्य छात्राहरूमाथि पनि गरेको गुनासो पीडितहरूले गरेका छन्।

यसै वर्ष एक नवजात शिशुलाई जन्मनासाथ हत्या गरेको अभियोगमा एक महिलामाथि कारवाही चलाइएको थियो।

यो वर्ष यस जिल्लामा एक २ महिनाकी बालिकालाई आफ्नै बाबुले हत्या गरे।

यो वर्ष यस जिल्लामा एक जना ७ वर्षीय बालिका पनि बलात्कारको शिकार भइन्।

यस जिल्लामा शिक्षाबाट वञ्चित बालबालिकाको संख्या ३४ हजार ३ सय ६, सडक बालबालिका करीब ६५ जना र बालमजदूर करीब साढे ११ सय रहेको अनुमान छ।

हत्याको आरोपमा पक्राउ परेका यातना पीडित भक्तिप्रसाद सिवाकोटीलगायत्का व्यक्तिहरू

६. आर्थिक अधिकार

(पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

भद्रपुर नगरपालिका-११ मा अवस्थित मोमेन्टो एपरेल्समा कार्यरत कर्मचारीहरूले विगत तीन वर्षदेखि नियुक्ति नदिइएको कारण पेशाको निश्चितता नभएको, कारखानाको गाडी दुर्घटना हुँदा घाइते भएका मजदूरको उपचार गरिनुपर्ने जस्ता माग राख्दै व्यवस्थापन समक्ष मागपत्र पेश गरेकामा ६ वटा माग तत्काल पूरा हुने सहमति भएको तर कार्यान्वयन नभएको हुँदा पुनः आन्दोलनमा उत्रने जनाएका छन्। ०५३ पुस १७ देखि पुस २१ गतेसम्म आन्दोलन गरेपछि भएको सहमति कार्यान्वयन भएको छैन।

नेपाल चिया विकास निगमअन्तर्गत कार्यरत २ हजार ३ सय जना जति मजदूरहरूले संस्थालाई निजीकरण गर्न नहुने र रोकिएको तलब दिनुपर्ने माग राख्दै ०५४ असोज १२ गतेदेखि ३ दिनसम्म धुलाबारीस्थित केन्द्रीय कार्यालयमा धर्ना दिए। माग पूरा गर्न नसक्ने भएपछि पदाधिकारीहरू कार्यालय मै अनुपस्थित भए।

पथरिया गाविस-९ र २ मा पर्ने मिनल टि स्टेटमा लामो समयदेखि कार्यरत् ९ सय ८० जना मजदूरमध्ये करीब ७ सय ५० जनालाई नागरिकता नभएका कारण काम गर्न नदिने भन्ने व्यवस्थापनको निर्णयले उनीहरूको भविष्य अनिश्चित भएको छ। नागरिकता नभएकालाई नियुक्ति दिइएको छैन भने अन्य कामदारभन्दा रू. १० दैनिक कम दिइने गरिएको छ। नेपालीहरूलाई निकाली भारतीय मजदूरहरूलाई सस्तोमा काम लगाउन यस्तो निर्णय भएको पीडितहरूको गुनासो छ।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

यस जिल्लामा सतार जातिको अवस्था दयनीय छ भने करीब डेढ दर्जन कृषि मजदूर रहेका छन्।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

गरामनी गाविस-४ निवासी टीकाराम घिमिरेले ०५४ वैशाख ३ गते शनिश्चरे गाविसकी सीता धिमालसंग प्रेम विवाह गरेकोमा केटी नल्लो भनिने जातको भएकाले घरमा भित्र्याउन्न भनी टीकारामका बाबु मनोरथले छोरा-बुहारीलाई नै घरमा छिर्न दिएका छैनन्।

चारपाने गाविसमा अवस्थित साम्वेद संस्कृत मा.वि.मा अध्ययन गर्नबाट अछूत भनिनेहरूलाई रोक लगाउँदै आएको पीडितहरूको गुनासो छ।

बाहुनडाँगी गाविस-४ का भेषबहादुर क्षेत्री र १९ वर्षीय कमला वि.क. बीच संसर्ग रही गर्भ रहेकामा केटाका बाबुआमाले सानो जाति भनी घरमा जान दिएका छैनन्। पीडित अदालत पुगेकी छिन्।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

झापाका प्रमुख जिल्ला अधिकारीको ठाडो आदेशमा ०५३ फागुन २१ गते सुरूङ्गामा अन्धाधुन्द तवरले गोली चलाई सुश्री टीका बस्नेत र दीपक थापालाई बेहोस पारिएको तथा याम सुवेदी लगायतका दर्जनौं व्यक्तिलाई सख्त घाइते पारिएको घटनाको विरोध गर्दै नेकपा (एमाले) झापाले एक विज्ञप्ति निकाल्यो। घटनाका सम्बन्धमा उच्चस्तरीय आयोग बनाउन र यथाशीघ्र घाइतेहरूको उपचार गर्न पनि विज्ञप्तिमा माग गरिएको छ। यस सम्बन्धमा हुरेकइले पनि एक विज्ञप्ति प्रकाशित गर्‍यो।

दमक नगरपालिका-१९ स्थित सिंहदेवी माविका शिक्षकद्वय जीवननाथ बराल र डमरूबल्लव भट्टराईलाई दिलबहादुर धिमालको नेतृत्वमा आएको १० जनाको जत्थाले ०५४ मंसिर १६ गते आक्रमण गरी घाइते तुल्याएकोमा नेपाल राष्ट्रिय शिक्षक संगठन झापाले एक वक्तव्य प्रकाशित गरी खेद प्रकट गर्‍यो।

गारामनी गाविस-२ बस्ने ३५ वर्षीय हर्कबहादुर दियालीलाई ०५४ पुस ५ गते अवैध ढंगले जंगलमा प्रवेश गरेको भनी वन सुरक्षा गार्डले पक्राउ गरी कडा यातना दिइएको र दुवै खुट्टासमेत भाँचेकोमा मानवअधिकार, वातावरण र सामुदायिक विकास केन्द्रले एक विज्ञप्ति प्रकाशित गरी यस्तो कार्यको घोर भर्त्सना गर्‍यो।

भद्रपुर नगरपालिकाका प्रमुख भारतेन्दु मल्लिकले आफूसंग सम्बन्धित समाचार प्रकाशित गरेका कारण पत्रकार नकुलकाजीलाई धम्की दिएको विरोधमा नेपाल पत्रकार महासंघ, झापाले एक विज्ञप्ति प्रकाशित गर्‍यो। उनीमाथि युएनएचसिआरबाट आएको सहयोग रकम हिनामिना गरेको आरोप लगाइएको थियो।

नेपाल शिक्षक संघ झापाले एक वक्तव्य प्रकाशित गरी चन्द सरकारले रोकेको शिक्षक छनोट परीक्षा संचालन गर्नुपर्ने माग राखेको थियो।

९. अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

जलथल गाविस-६ र हल्दिबारी गाविस-९ को बीचमा पर्ने काजली खोलामा अवस्थित काठे पुलमुनि एक अज्ञात व्यक्तिको (४५ वर्ष जतिको) लास ०५३ माघ १७ गते फेला पर्‍यो। टाउकोमा चोटैचोट देखिएकोले हत्या नै भएको शंका सबैले गरेका छन्। पोष्टमार्टमबाट पनि हत्या नै ठहर भएको छ।

कोहबरा गाविस-३ मा पर्ने खेतको आलीमा एक ३० वर्ष जतिको अज्ञात व्यक्तिको लास ०५३ चैत २२ गते फेला पर्‍यो। अनुहारमा र गुप्तांगमा हतियार प्रयोग गरी मारेको अवस्थामा उक्त लास भेटिएको थियो। घटनाको खोजी कार्य जारी भएको बताइएको छ।

घैलाडुवा गाविस-२ का ३५ वर्षीय रामबहादुर खवासले ०५४ वैशाख १ गते अत्याधिक मादक पदार्थ सेवन गरी आफ्नै

दुई महिनाकी छोरी भावनाको हत्या गरे। पीडकले दुई महिनाकी सुत्केरी पत्नीसंग यौन सम्पर्क गर्न खोज्दा छोरी रोएको कारण रीसले भुइँमा पछारेका थिए। पीडकलाई प्रहरीले पक्राउ गरी थुनामा राखेकोमा अदालतले भवितव्य भनी तारेखमा छोडेको छ।

गौरादह गाविस-७ का ८२ वर्षीय सूर्यवहादुर गोलीले ०५४ जेठ १३ गते आत्महत्या गरे। पीडितले मतदान गर्दा नेकपा (एमाले) को पक्षमा मतदान गरेको हुँदा छोराहरूले गाली गर्दा सहन नसकी आफ्नै घरमा डोरीको पासो लगाएर आत्महत्या गरेको बताइन्छ।

ज्यामिरगढी गाविस-२ का १७ वर्षीय रामप्रसाद लुइँटेललाई अज्ञात व्यक्तिहरूले हत्या गरेर पुरेको अवस्थामा मंची नदीको किनारमा ०५४ जेठ १६ गते भेटियो। जेठ ८ गते घरवाट हिंडेका अनेरास्ववियूका सक्रिय कार्यकर्ता लुइँटेललाई हतियार प्रहार गरी हत्या गरेको पोष्टमार्टम रिपोर्ट प्राप्त भएको छ तर पीडक र हत्याको कारण भने पत्ता लाग्न सकेको छैन।

डाँगिवारी गाविस-३ की ३५ वर्षीय घरिमा चौधरीलाई सोही ठाउँका किशोर सतारले ०५४ असार १ गते राति वलात्कार गर्न खोज्दा उनले प्रतिकार गरेकाले पेटमा छुरी हानी हत्या गरे। पीडक फरार छन्।

अर्जुनधारा गाविस-२ का ११ वर्षीय शेखर खरेललाई ०५४ साउन २४ गते आफ्नै दाजु २५ वर्षीय नारायण खरेलले कोदालो प्रहार गरी हत्या गरे। पीडकलाई थुनामा राखी कारवाही चलाइएको छ।

सतासीधाम गाविस-३ मा ०५४ भदौ ११ गते राति १२ वजे ताप्लेजुङ, सिनाम गाविस-५ निवासी भीम थेवेले आफ्नै पत्नी २० वर्षीय चन्द्रकला थेवेलाई माइतमा वसिरहेको वेला छुरीले हानी हत्या गरे। पीडक तत्काल पक्राउ परी थुनामा छन्।

ज्यामिरगढी गाविस-५ का अध्यक्ष एवं नेपाली कांग्रेसका कार्यकर्ता ४८ वर्षीय जीवनदास शिवाकोटीलाई ०५४ कार्तिक १८ गते साँझ अज्ञात व्यक्तिहरूले हत्या गरी घरछेउकै वाँसघारीमा खाल्टो बनाइ पुरेको अवस्थामा १९ गते फेला परे। यस घटनाका सम्वन्धमा मृतकका छोरा भक्ति शिवाकोटी र कुलप्रसाद शिवाकोटीलाईसमेत पक्राउ गरिएकोमा हाल अदालतको आदेशमा थुनामा राखिएको छ।

शिवगञ्ज गाविस-७ का ४६ वर्षीय कृष्णप्रसाद आचार्यलाई २०५४ मंसीर ७ गते सोही ठाउँका रामप्रसाद मैनालीले रकमका लागि छुरी हानी हत्या गरे। पीडक फरार छन्।

यस वर्ष यो जिल्लामा व्यक्तिगत रीसइवीका कारण भएका ४७ वटा कुटपिटका घटनाबाट ६२ जना पीडित भएका छन्। जसमध्ये ११ जना महिला छन्। ती घटनाहरू मध्ये ५ वटा घटनाका पीडकहरू पक्राउ परेका छन्। १६ वटा डकैतीका घटनावाट १६ जना, ७६ वटा चोरीका घटनाबाट ८७ जना पीडित भए। ६७ वटा ट्राफिक दुर्घटनावाट १९ जना, पानीमा डुबेर ८ जना, विपत्तिबाट ४१ जना, जंगली जनावरबाट १ जनाको मृत्यु भयो। ४९ जना महिला र ८६ जना पुरूष समेत १ सय ३५ जनाले आत्महत्या गरे। यसरी आत्महत्या गर्नेहरूको उमेर १४ वर्षदेखि ८२ वर्षसम्म रहेको छ।

●



१. पूर्वाञ्चल

मेची

१.२ इलाम

जनसंख्या	: २२९२१४
साक्षरता	: ५२.५ प्रतिशत
महिला साक्षरता	: ३९.१ प्रतिशत
क्षेत्रफल	: १७०३ वर्ग कि.मी.
गाविस/नपा	: ४७/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय/क्याम्पस	: ३४२/४
अस्पताल/स्वास्थ्यचौकी	: १/४७
टेलिफोन लाइन	: ५०७
सडक (कि.मि.)	: १६१
प्रहरी कार्यालय	: २७
हुलाक	: ५२

माईपोखरी, सूर्योदयको आकर्षक दृश्य देखिने सन्दकपुर डाँडा, श्रीअन्तुडाँडा जस्ता दर्शनीय ठाउँले परिपूर्ण यो जिल्ला नगदे बाली उत्पादनका लागि प्रख्यात् छ। नगदे बालीके कारण यहाँका जनताको आर्थिक अवस्था सुदृढ छ भने शैक्षिक र चेतनाको स्तर पनि राम्रो भएको पाइन्छ। परिश्रमी र टाठाबाठा जनताको बसोबास स्थलका रूपमा परिचित इलाममा मानवअधिकार उल्लंघनका घटना भने कम हुनुको सट्टा बढ्दै गएको पाइन्छ। यस वर्ष २/४ वटा हत्याका घटनाले पूरै इलाम चर्चामा आइरह्यो। मानवअधिकारप्रतिको सचेतना भने अन्य जानकारीका तुलनामा कमै रहेको पाइन्छ।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

इलाम जिल्लामा रहेको कारागार "ग" श्रेणीको हो। ५५ जना बन्दी क्षमता भएको यस कारागारमा हाल ५१ जना छन्। जसमध्ये २१ जना पुरूष र २ जना महिला कैद तोकिएका छन् भने मुद्दा फैसला नभएका २७ जना पुरूष, १ जना महिला छन्। १ बालक र १ बालिका पनि यहाँ रहेका छन्। यस कारागारमा धाराको पानी बन्दी सुत्ने कोठाभित्र पर्ने, चर्पीका लागि लाइनै बस्नुपर्ने अवस्था छ। स्वास्थ्योपचारको राम्रो सुविधा नभएको बन्दीहरूको गुनासो रहेको छ। जेलका तर्फबाट सिपमूलक व्यवसायको व्यवस्था छैन तर आफ्नै प्रयासबाट मुढा बुन्ने र गृह सजावटका सामान बनाउनेहरू यहाँ छन्। पत्रपत्रिकाको व्यवस्था छैन। सुधारगृह नभई जेललाई बिगार गृहका रूपमा विकसित गरिएको धारणा अधिकांश बन्दीहरूको रहेको छ। जेलमा व्यवसाय र बौद्धिक क्रियाकलापको अभावमा कैद भुक्तान गरिसकेपछि पनि अन्य विकल्पका अभावमा छुट्ने व्यक्तिहरू विसंगतितर्फ नै लाग्न बाध्य हुने हुँदा यस्ता क्रियाकलापमा सोचिनुपर्ने धारणा जेलरको रहेको छ।

२०२८/२९ सालतिर बनेको यो जेल एक पटक पनि मर्मत भएको छैन। भित्ताभर झ्याउ उम्रिएको छ। मानवअधिकारको प्रत्याभूति, सुरक्षाकर्मी परिवर्तन, जेलरको सरूवा, स्वच्छ वातावरण जस्ता माग राखी जेलका बन्दीहरूले ०५४ वैशाख ११ गते नारा लगाउनुका साथै ११ गते बेलुकाको गन्ती बहिष्कार गरे। प्रमुख जिल्ला अधिकारीको उपस्थितिमा भोलिपल्ट स्थिति शान्त भएको थियो। २०५२ सालमा तत्कालीन सरकारले मुद्दा फिर्ता लिने निर्णय गरेको तर कार्यान्वयन नभएका कारण ०५४ असार २ देखि ६ गतेसम्म हत्याको आरोपमा पुर्पक्षका लागि थुनिएका पासाङ घिसिङ, रविधर मुखिया, नरेन मुक्षा, सुरेन सुन्दास, इन्द्र लामा र चन्द्र अधिकारी अनशनमा बसेका थिए। उनीहरू ०५४ भदौ १९ गते कारागारबाट मुक्त भएका छन्।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

इलाम नगरपालिका-६ का खगेन्द्र कार्की, पूर्ण श्रेष्ठ, तेजबहादुर राई र मणिबहादुर तामाङलाई ०५३ चैत १० गते पूर्णबहादुर घिमिरेको हत्या गरेको अभियोगमा पक्राउ गरी नाँगे

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	–	–	–
हिरासतमा यातना	२	२	२
बलात्कृत	१	१	१
बाबुद्वारा प्रयास	१	–	–
आत्महत्या	१५	१३	१४

पारेर कुद्ने, हात टेकाएर उभिण्डो पारी पटक-पटक हिर्काउने जस्ता यातना दिइयो। यातनाकै कारण हत्या गरेको स्वीकार्न बाध्य बनाइएको गुनासो पीडितहरूको छ।

इलाम नगरपालिका-२ का गुरूङ साइँलालाई ०५४ जेठ १४ गते पूर्णबहादुर घिमिरेको हत्याको आरोपमा पक्राउ गरी यातना दिएर एकै दिनमा ३ चोटि बेहोस बनाइयो। पीडितलाई नाँगै पारेर पोखरीमा चोपल्ने, पैतालामा कुद्ने, कसैसंग बोल्नसमेत नदिने जस्ता तल्लो दर्जाको व्यावहार गरियो। ०५४ जेठ १९ गते पीडितले सफाइ पाए।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

मंगलबारे गाविसमा एमाले र नेपाली कांग्रेस समर्थक व्यक्तिहरू मत माग्न जाँदा ०५४ जेठ १० गते भएको भिडन्तमा एमाले कार्यकर्ताहरूले ४२ वर्षीय गोपीराम मगरलाई पिटे। यस घटनाका सम्वन्धमा केही व्यक्तिलाई प्रहरीले पक्राउ गरी ०५४ जेठ १३ गते छोडिदियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सुलुबुङ गाविसमा ०५४ जेठ १४ गते राति मतगणना भइरहेका बेला रमेश बुर्जा, शेखरलुम्रे मगर, सन्तोष खतिवडालगायत्का दर्जनौं व्यक्तिहरूले मतगणना स्थलमा ढुंगा प्रहार गरे।

यस वर्ष निर्वाचनका क्रममा खटिएका कर्मचारीहरूको लापर्वाहीका कारण धेरै जनाको नाम मतदाता सूचीबाट हटाइयो। एमाले जिल्ला कमिटी सदस्य परमानन्द चापागाईं र राप्रपाकी जिल्ला अध्यक्ष सरस्वती राईको समेत नाम छुटेको थियो। यस्ता नाम छुटेका सयौं व्यक्तिले आफ्नो मताधिकारको प्रयोग गर्न पाएनन्।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा एक जिल्ला अदालत र एक पुनरावेदन अदालत रहेको छ। पुनरावेदन अदालतमा यो वर्ष दुनियावादी देवानी २ सय ८१ वटा, दुनियावादी फौज्दारी ८१ वटा, रिट निवेदन ४२ वटा र सरकारवादी फौज्दारी ९२ वटा मुद्दा दर्ता भए। २०५२ सालदेखि छिनिन बाँकी एउटा मुद्दा रहेको छ। जिल्ला अदालतमा अघिल्लो वर्षको जिम्मेवारी सरेका २ सय १४ वटा विभिन्न मुद्दा छन्। यस वर्ष १ सय ५६ वटा विभिन्न मुद्दा अदालतमा दर्ता भए भने जम्मा १ सय ४७ वटा मुद्दा फछ्र्यौट भए।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा आर्थिक वर्ष ०५४/५५ को विवरणअनुसार जेष्ठ नागरिक भत्ता २ हजार ४ सय १८ जना, असहाय विधवा २ हजार ४ सय ८५ जना र २ सय २९ जना अपांगलाई भत्ता दिइयो। विद्यालय र क्याम्पसहरूमा विभिन्न निकायबाट संचालित छात्रवृत्तिहरू निरन्तररूपमा चलिरहेका छन्।

घटनाको प्रकारअनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरूष	महिला	जम्मा		पुरूष	महिला	जम्मा
हत्या	७	५	४	९				
जेल	१				१			
गिरफ्तारी र यातना	३	७		७	३	७		७
कुटपिट	२	३		३				
धम्की	४	४		४				
निष्पक्ष न्यायिक अधिकार	१	६		६	१	६		६
बलात्कार	१		१	१				
बहुविवाह	१		१	१				
पारिवारिक हिंसा	१		१	१				
महिला भएकै कारणले दिइने यातना	१		१	१				
आत्महत्या	१४	८	६	१४				
दुर्घटनाहरू/विपत्तिहरू *	१३	८	५	३५				
जम्मा	४९	४१	१९	८२	५	१३		१३

कुटपिटबाट घाइते रत्नप्रसाद श्रेष्ठ

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

दानाबारी गाविस-८ की ७ वर्षीय एक बालिकालाई १५ वर्षीय रवयामबहादुर क्यापछाकी मगरले ०५४ असार २० गते बलात्कार गरे। पीडक इलाम जेलमा छन्।

दानाबारी गाविस-३ की २१ वर्षीय सरीता सुब्बालाई बिहे गर्छु भनी यौन संसर्ग गरी गर्भवती बनाएपछि सायाक-५ का २५ वर्षीय तारा एक्तेनले अर्के केटीसंग विवाह गरे। पीडित सहाराको खोजीमा छिन्।

४.२ पारिवारिक हिंसा र वहुविवाह

शान्तिडाँडा गाविस-३ का २० वर्षीय हर्कबहादुर लिम्बूले ०५४ असार ५ गते धुसेनी-४ की १८ वर्षीय सनमाया लिम्बूसंग दोस्रो विवाह गरे। पीडक इलाम कारागारमा थुनामा रहेका छन्।

लक्ष्मीपुर गाविस-८ का ३५ वर्षीय महेन्द्रकुमार राईले ०५४ असोज २५ गते चिसापानी लुम्लो बस्ने २२ वर्षीय दिलकुमारी राईसंग तेस्रो विवाह गरे। ५ जना छोराछोरीकी आमा दोस्री पत्नी ३७ वर्षीय फूलमायाले प्रहरीमा उजुरी दिएकी छिन्। पीडक राई थुनामा रहेका छन्।

यस वर्ष यस जिल्लामा एक जना महिलालाई आफ्नै पति र परिवारका अन्य सदस्यहरू मिली हत्या गरे।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय अपमानजनक / व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

नाम्सालिङ गाविस-७ की पुण्यवनी लिम्बू र झापा, बुधबारे जयपुर-४ का प्रेमकुमार श्रेष्ठको संसर्गबाट ०५४ कार्तिक १९ गते एक बच्चाको जन्म भयो। जिल्ला प्रशासन कार्यालयमा विवाह दर्ता गराइयो तर बाटैमा प्रेम भागेकाले उनको परिवारले पुण्यवनीलाई स्वीकार गरेन। अहिले उनी बच्चा सहित आफन्तकहाँ शरण लिएर बसिरहेकी छिन्।

४.४ गर्भ पतन

जानकारीमा आएन।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

इलाम नगरपालिका-२ स्थित चियाकमानमा १० महिना पूरा भएको नवजात शिशुको लास ०५३ माघ १६ गते झोलामा हाली फ्याँकिएको अवस्थामा फेला पऱ्यो। पीडक पत्ता लागेको छैन।

इलाम नगरपालिकाभित्र मेची राजमार्गको १० कि.मि. सडक पक्की गर्ने काममा लप्सिबुङ-२ का १२ वर्षीय लालबहादुर गोले, १३ वर्षीय मेखराज नामाङलगायत्का बालमजदूरहरू कार्यरत् भेटिन्छन्। यस्ता बालमजदूरहरू सिमेन्ट (मसला) बनाउने, ओसार्ने काम गर्दछन्। उनीहरूलाई बिहान ७.३० देखि बेलुकी ५.३० बजेसम्म काममा लगाइन्छ। त्यस्ता बालमजदूरहरूलाई अन्य मजदूरहरूको भन्दा आधा मात्र पारिश्रमिक दिइन्छ।

यस वर्ष यो जिल्लामा ३ जना बालकहरूको आफ्नै वावुद्वारा हत्या भयो।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

जानकारीमा आएन।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जानकारीमा आएन।

पुवास्वोलामा आएको बाढीवाट घाइते एक बालक

९. अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

बाँझो गाविस-९ का झाँक्री रामबहादुर राईलाई ०५३ पुस २० गते नन्दबहादुर राईको ज्वरो निको नपारेको भनी सोही ठाउँका नन्दबहादुर, गंगाबहादुर, जीतबहादुर र देवबहादुर राईले कुटी-कुटी हत्या गरे। पीडकहरू फरार छन्।

पशुपतिनगर गाविस-३ का १८ वर्षीय छेकु तामाङलाई सोही गाविसका २६ वर्षीय इन्द्रबहादुर राईले ०५३ चैत ९ गते मन्दिरमा पूजा गर्दै गर्दा खुकुरी प्रहार गरेकोमा अस्पताल लैजाँदा बाटैमा मृत्यु भयो। पीडक आफै पनि तत्काले संरिए मरे।

इलाम नगरपालिका-२ डेरा गरी बस्ने ३८ वर्षीय पूर्णबहादुर घिमिरेलाई ०५३ चैत १० गते केही अज्ञात व्यक्तिहरूले काटेर मरणासन्न अवस्थामा पाथिभरा पेट्रोल पम्पको छेउमा फालिएको अवस्थामा फेला परेकाले तत्काल अस्पताल लगिएकोमा सोही दिन उनको मृत्यु भयो। घटना सम्बन्धमा खगेन्द्र कार्की, पूर्ण श्रेष्ठ, तेजबहादुर राई, मणिबहादुर तामाङलाई पक्राउ गरी थुनामा राखिएको छ।

पशुपतिनगर-८ का ३३ वर्षीय चित्रसिंह सुब्वाले ०५४ वैशाख १४ गते मृगलाई गोली हान्दा रूङसुङ भन्ने जंगलमा घाँस काटिरहेको अवस्थामा ४० वर्षीय जेठा राईलाई लाग्न जाँदा मृत्यु भयो। पक्राउ परेका चित्रसिं सुब्वा २० हजार रूपैयाँ धरौटीमा छुटेका छन्।

कन्याम गाविस-९ का २७ वर्षीय भूपेन्द्र पौड्यालले ०५४ साउन २० गते आफ्नै पत्नी विष्णुमाया पौड्याललाई कुलदेवताको पूजा गर्ने कार्यक्रम राखी पूजा कोठामा देवताको प्रतीकको रूपमा राखिएको ढुंगाले हिर्काइ हत्या गरे। प्रत्यक्षदर्शी भएर पनि मूकदर्शक बनेका कारण बुबा, आमा, दाजु, भाइसहित प्रहरीले भूपेन्द्रलाई पक्राउ गर्‍यो। अन्य सबै धरौटीमा छुटे भने भूपेन्द्रलाई थुनामा राखिएको छ।

कुटपिटबाट हत्या मानसिंह राई

आमचोक गाविस-९ का ४७ वर्षीय हंसमान थेगिमले घरमा सामान्य विवाद हुँदा कमलबहादुर थेगिमलाई ०५४ साउन २४ गते चोया काढ्ने कर्द कोखामा रोपी हत्या गरे। पीडक हिरासतमा छन्।

शान्तिनगर भूटानी शरणार्थी शिविर क्याम्प, सेक्टर नं. ४ का ३६ वर्षीय लालबहादुर घलेले ०५४ कार्तिक ९ गते डरौटार-१ को बहुजन जंगलमा लगी आफ्नी ८ वर्षकी छोरी गोमा घले र ६ वर्षीय हिमा घलेसमेत एक जना छोराको हत्या गरे भने आफूले पनि आत्महत्या गरे। अढाइ वर्षको देउबहादुर घलेलाई पनि मरणासन्न पारी खोल्सामा फ्याँकिएको अवस्थामा मानिसहरूले फेला पारी उपचारार्थ अस्पताल लगेका थिए।

यो वर्ष व्यक्तिगत रीसइवीका कारण भएका ४ वटा घटनामा ४ जना पुरुष पीडित भए।

यस वर्ष यो जिल्लामा ७ वटा ट्राफिक दुर्घटना भए। २ जनाको पानीमा डुबेर मृत्यु भयो। आगलागीबाट १ जनाको मृत्यु भयो भने १४ वटा आत्महत्याका घटना भए। तीमध्ये ८ पुरुष र ६ महिला थिए।

०५४ साउन २५ गते राति ९ बजेदेखि बिहान ६ बजेसम्म आएको अविरल वर्षाका कारण २४ जनाको मृत्यु भयो। घरले किचिई एक जनाको मृत्यु भयो।



१. पूर्वाञ्चल

मेची

१.३ पाँचथर

जनसंख्या	: १७५८२१
साक्षरता	: ४४.५ प्रतिशत
महिला साक्षरता	: २६.८ प्रतिशत
क्षेत्रफल	: १२४१ वर्ग कि.मी.
गाविस / नपा	: ४१
निर्वाचन क्षेत्र	: २
विद्यालय / क्याम्पस	: २८८ / २
अस्पताल / स्वास्थ्यचौकी	: १ / ४१
टेलिफोन लाइन	: १७३
सडक (कि.मि.)	: ९१
प्रहरी कार्यालय	: २३
हुलाक	: ४६

लिम्बू जातिको बाहुल्यता रहेको पाँचथर पूर्वी पहाडी जिल्ला हो। सदरमुकाम फिदिम हुँदै जिल्लाको सिमाना काबेली खोलासम्म पनि यातायातको राम्रो अवस्था छ। पूर्वमा भारतको दार्जिलिङसंग जोडिएको यो जिल्लामा मादक पदार्थ सेवनका कारण हुने कुटपिटका घटना विशेषरूपमा देखिने गरेका छन्। अधिकांश ठाउँहरू दुर्गम भएका कारण अनौपचारिक शिक्षा समेत नपुगेकाले मानवअधिकारको चेतनाले जनस्तरमा आफ्नो प्रभाव जमाउन सकेको देखिन्न। राज्यका तर्फबाट भन्दा व्यक्तिगत रूपमा भएका मानवअधिकार हननका घटनाहरू नै यस वर्ष पनि प्रमुख रहे।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

२०३२ सालसम्म १ कोठामा सीमित फिदिमस्थित जेलमा १ जना बन्दीले कोठा फोरी भागेपछि अहिले भवनको रूप लिन सक्षम भएको छ। "च" श्रेणीको यो जेल २५ जना क्षमताको हो। यो सात रोपनी जमिनमा अवस्थित छ। कर्तव्य ज्यानमुद्दामा १२ जना बन्दी र १ जना महिला, गौवधमा १ जना, डाँका काण्डमा १ जना बन्दीसमेत १५ जना जेल सजाय तोकिएका छन् र १७ जना थुनुवासमेत ३२ जना छन्। तिनीहरू मध्ये २ जना महिला छन्। नाबालक छैनन्।

धारा नाममात्रको छ, पानी आउँदैन। बिरामी भएपछि डाक्टरद्वारा जचाइने प्रक्रिया यहाँ छ। पत्रपत्रिका नियमित पढ्न दिइने गरिएको छ। भेटघाटका लागि कुनै समस्या छैन। छाना चुहिने, पुस्तकालय र खेलकुदको व्यवस्था नभएको, फोन र चर्पीको अव्यवस्था आदि यस जेलका समस्या हुन्। जेलका बन्दीहरू खासै असन्तुष्ट नरहेको जानकारी जेलर विष्णु श्रेष्ठले दिनुभयो।

तीन वर्ष वा सोभन्दा बढी समयदेखिका थुनुवा यहाँ छैनन्। खेलकुदको व्यवस्था र मनोरञ्जनका साधनको व्यवस्था हुनुपर्ने माग बन्दीहरूको रहेको छ।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

जानकारीमा आएन।

१.४ बेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

फिदिम गाविस-१ का २५ वर्षीय विकास वाइवालगायत्का व्यक्तिहरूले ०५४ कार्तिक ७ गते राम थापाको घरमा जुवा खेलिरहेका ठाउँमा गई जुवा बन्द गर्न आग्रह गर्दा महेन्द्र थाम्सुहाङ, नरेश लावतीलगायत्का ८-१० जनाले सख्त घाइते हुने गरी पिटे। प्रहरीमा उजुर गर्न जाँदा डि.एस.पी. मिङमार लामाले तिमीहरूलाई किन जुवा खेलेको ठाउँमा जानुपर्‍यो भनी उल्टै हप्काइ दप्काइ गरे।

घटनाको प्रकृति	घटना संख्या		
	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	-
हिरासतमा यातना	-	-	-
बलात्कृत	१	१	१
सेनाद्वारा कुटपिट	१		
आत्महत्या	१२	१	६

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

यासोक गाविस-१ को मतदान केन्द्रमा राप्रपाले एकतर्फी रूपमा दोहोरो मतदान गर्न लगाएको भनी ०५४ जेठ १३ गते भएको निर्वाचन ४.३० बजेपछि एमाले र कांग्रेसका कार्यकर्ताले बहिष्कार गरेर सभासमेत गरे। सुरक्षाकर्मी चूप रहे। त्यत्तिकैमा मत गणना गरी परिणाम घोषणा गरियो।

आङराङ गाविसको मतदान केन्द्रमा ०५४ जेठ १३ गते निर्वाचन भइरहेका बेला राजेन्द्र रिजालको टोलीले एक्कासि मत बाकस फ्याँकेर स्थिति अशान्त भएपछि सो दिन मतदान स्थगित गरियो। जेठ २० गते पुनः शान्तिपूर्णरूपमा मतदान कार्य सम्पन्न भयो।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँस्थित जिल्ला अदालतमा ०५३ पुस १७ गतेदेखि ०५४ पुस १७ गतेसम्म सरकारवादी १६, दुनियावादी देवानी २ सय २६, दुनियावादी ३ सय ८८ समेत जम्मा ६ सय ३० मुद्दाहरू परेकामा क्रमशः ४, २९ र ६८ समेत जम्मा १ सय १ वटामात्र फछ्र्योट भए। ५ सय २८ मुद्दा छिन्न बाँकी रहे।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

देउवा सरकारको पालामा अशक्त, वृद्धहरूलाई दिइने भत्ता नआए पनि त्यसपछिको चन्द सरकारको पालामा भने वितरण गरियो। विधवाहरूले ६ महिनाको मात्र भत्ता पाएका छन्। शिक्षा सम्बन्धमा आएको छात्रवृत्ति वर्गीय आधारमा वितरण गरिने गरिएको पाइएको छ। नियमित छात्रवृत्ति नियमित नै दिइएको छ।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

रानिटार गाविस-८ बस्ने कौशिला राईलाई पटनामा जागिरे पति दलबहादुर राईले अर्कै व्यक्तिसंग सल्केको आरोप लगाउँदै ०५३ फागुन १२ गते मरणासन्न हुने गरी पिटे। आफूलाई दुःख गरेर स्वान पनि नदिएको र जवर्जस्ती अरूलाई जिम्मा लगाउन खोजेको भनाइ पीडितको छ। दुवैबीच मिलापत्र भएको छ।

नवमीडाँडा गाविस-९ की चन्द्रकला चौलागाई ०५३ भदौ २९ गतेदेखि हराएकीमा ०५४ वैशाख ६ गते फिदिम आई आफूलाई बद्री पाण्डे र उनकै छोरा खेम पाण्डेले आफ्नी ८ वर्षीय बहिनी गंगासमेतलाई बेहोस पारी बम्बे लगी बेचेको

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	२	१	१	२				
गिरफ्तारी र यातना	१	१		१	१	१		१
कुटपिट *	१८	१६	१	२५				
मौलिक अधिकार	१	१		१	१	१		१
अभिव्यक्ति स्वतन्त्रता	१	१		१	१	१		१
निष्पक्ष चुनाव	६							
सरुवा	१	१		१	१	१		१
महिला किनबेच	१		१	१				
बलात्कार	१		१	१				
बलात्कार प्रयास	१		१	१				
गर्भ पतन	१	१		१				
अमानवीय व्यवहार	१	१		१				
आतंक	१	१		१				
ब्ल्याकमेल	१	१		१				
चोरी/डकैती	२	१	१	२				
दुर्घटनाहरू/विपत्तिहरू	७	७		७				
आत्महत्या	६	५	१	६				
जम्मा	५२	३८	७	६२	४	४		४



पाँचथर जेलको एक दृश्य

वताइन्। ७० दिनपछि औषधोपचारमा गएको निहुँ पारी फर्किएका वद्री पाण्डेलाई जिल्ला अदालतले विना धरौटी छाडिदिएको र पछि फेरि पुनरावेदन अदालतमा दिइएको महिलाहरूको निवेदनका आधारमा पुनः ०५४ जेठ १२ गतेदेखि पुर्पक्षका लागि थुनामा राखिएकोमा पुनरावेदन अदालतमा पीडक पाण्डेले मुद्दा हाली ०५४ मंसिर २ गते सफाइ पाई निस्केका छन्। छोरा रवेम पाण्डे जेलमै रहेका छन्।

पञ्चमी गाविस-१ की ८ वर्षीय एक वालिकालाई सोही ठाउँका १५ वर्षीय दीपक डाँगीले ०५४ भदौ २८ गते एक रूपैयाँ दिएर फकाइ फुल्याइ जवर्जस्ती वलात्कार गर्न खोजे। प्रहरी कारवाही सम्बन्धमा पीडितले खासै चासो देखाएनन्।

लुम्फावुङ गाविस-७ की २५ वर्षीय महिलालाई ०५४ कार्तिक २३ गते लुङरुपा गाविस-९ का २५ वर्षीय गणेश दुलालले वलात्कार गरे। पीडकलाई कारवाही हुन नसकेको पीडितको गुनासो छ।

४.२ पारिवारिक हिंसा र वहुविवाह

जानकारीमा आएन।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, भुमा, वोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

नागिन गाविस-३ संजपाकी २३ वर्षीय चन्द्रमाया श्रेष्ठले आफ्नै भदासंगको अवैध संसर्गवाट रहेको गर्भ ०५४ वैशाख ९ गते पतन गराइ वच्चालाई खाल्डोमा पुरिन्। चन्द्रमाया विगत १० वर्षदेखि पतिसंग छुट्टै वसेकी थिइन्। हाल चन्द्रमाया र गजेन्द्रप्रसाद श्रेष्ठ ९ हजार धरौटी राखी निस्केका छन्।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

फिदिम गाविस-१ का ७ वर्षीय वालक मुकेश सुन्दासलाई पसल फोरी सामान चोरेको अभियोगमा भेषराज थापाले ०५३ चैत ४ गते हातखुट्टा वाँधी कपाल चारपाटा मुडिदिए र कुटपिटसमेत गरे। पीडकले पीडितलाई २ हजार रूपैयाँ दिएपछि दुवै पक्षवीच मिलापत्र भएको थियो।



चारपाटा मुडिएका मुकेश सुन्दास

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्वन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जिल्लाभरमा आंशिकरूपमा ५० जना जति हलिया वसेका पाइन्छन्। उनीहरूको वार्षिक ज्याला अन्दाजी ६ हजार रूपैयाँ हुने गर्छ।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

छुवाछूतको प्रथा कायमै छ। सार्वजनिक स्थान (मन्दिर) मा अछूत भनिनेहरूलाई प्रवेश निषेध छ।

८. घटना सम्वन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

प्रमुख जिल्ला अधिकारी मानप्रसाद प्रधानले आफ्नो वारेमा समाचार छापएको भनी पत्रकार प्रेम ओझालाई धम्की दिएकोवारे पत्रकार महासंघ, पाँचथरले विज्ञप्ति प्रकाशित गरी विरोध गर्‍यो। ०५३ फागुन २४ गते मंचवाटै प्रमुख जिल्ला अधिकारीले ओझालाई सार्वजनिकरूपमा धम्की दिनुभएको थियो।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्वन्धित)

राँके भञ्ज्याङ (इलाम र पाँचथरको सिमाना) को मेला वजारमा ०५४ साउन २ गते र ३ गते विनय लामासहितका व्यक्तिहरूले कुटपिट गर्दा मानसिंह राईको मृत्यु भयो। केटीको विषयलाई लिएर भएको उक्त घटनामा प्रहरीले विनय लामा, सुकवहादुर चेम्जोङ, दीपेन्द्र राई, चिरञ्जीवी राई र लक्ष्मी श्रेष्ठलाई पक्राउ गरेकोमा सुकवहादुरलाई राजनीतिक दवावमा छुटाइएको पीडित पक्षको भनाइ रहेको छ।

भारपा गाविस-९ चुकफाराका ३२ वर्षीय कालीवहादुर तामाङलाई ०५४ कार्तिक १० गते रातको २ वजे आफ्नै पत्नी २१ वर्षीय चन्द्रकला तामाङले मर्मस्थलमा प्रहार गरी हत्या गरिन्। मारेपछि उनले आफैं मरेको देखाउन मृतकलाई झुण्ड्याएकी थिइन्। पीडकलाई प्रहरीले केही समयपछि नै छाडिदियो।

यस वर्ष यो जिल्लामा व्यक्तिगत रीसइवीका कारण भएका कुटपिटवाट १२ जना, डकैतीवाट २ जना पीडित भए। डुवेर ४ जना, दुर्घटनामा परेर ३ जना र पहिरोमा परी १ जनाको मृत्यु भयो। १ महिलासहित ६ जनाले आत्महत्या गरे। ●



१. पूर्वाञ्चल

मेची

१.४ ताप्लेजुङ

जनसंख्या	: १२००५३
साक्षरता	: ४६.९ प्रतिशत
महिला साक्षरता	: ३२.५ प्रतिशत
क्षेत्रफल	: ३६४६ वर्ग कि.मी.
गाविस/नपा	: ५०
निर्वाचन क्षेत्र	: २
विद्यालय/क्याम्पस	: २३२/४
अस्पताल/स्वास्थ्यचौकी	: १/५४
टेलिफोन लाइन	: १४८
सडक (कि.मि.)	: २४
प्रहरी कार्यालय	: १८
हुलाक	: ५१

पूर्वी पहाडको सबभन्दा उत्तरमा अवस्थित ताप्लेजुङ चीनको स्वशासित क्षेत्र तिब्बतसंग सिमाना जोडिएको जिल्ला हो। प्रसिद्ध पाथिभरा मन्दिर यही जिल्लामा पर्दछ। सदरमुकामसम्म पुग्ने बाटो निर्माण हुँदै गरेको भए पनि जिल्ला विविध जनजातिको राम्रो संगमस्थलका रूपमा चिनिन्छ। थुप्रै मानवअधिकारका उल्लंघनका घटनाहरू भए पनि विभिन्न कठिनाइहरू झेल्नुपर्ने र सदरमुकाम फुङलिङ बजार टाढा रहेकाले सकभर सम्बन्धित ठाउँमा नै मिलाइने गरिन्छ। तसर्थ धेरै घटना प्रकाशमा आउँदैनन्। गत वर्षको तुलनामा यस वर्ष मानवअधिकार उल्लंघनका घटनामा वृद्धि भएको पाइयो।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

यस जिल्लामा रहेको जेल ज्यादै पुरानो छ भने भौगोलिक अवस्था पनि त्यत्तिकै दयनीय छ। १ जना महिला सहित १८ जना बन्दी रहेका यस जेलमा बालबालिका भने छैनन्। १ महिलासहित १० पुरूष मुद्दा फैसला भइसकेका छन् भने ७ जना पुरुष थुनुवा रहेका छन्। तीन वर्षभन्दा बढी बन्दी जीवन बिताइरहेका ९ जना छन्। १ वर्षदेखि ३ वर्षसम्मका बन्दीचाहिं ९ जनामात्र रहेका छन्।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

सावादेन गाविस-१ का २९ वर्षीय चन्द्रकुमार सावादेनलाई टुक्रे प्रहरी चुथका हवल्दारले ०५३ चैत ८ गते एक्कासि घरभित्र गई घर बाहिर ल्याई पानीमा भिजाइ सख्न हुने गरी पिटे। पछि थप प्रहरीसमेत भई पिट्दा पीडितको दाँत नै फुक्लिएको थियो। एक रात प्रहरी हिरासतमा नै राखी पीडितलाई भोलिपल्ट छाडियो।

१.४ बेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

जानकारीमा आएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा ३ वर्ष भन्दा बढी समयदेखि नछिनिएको मुद्दाको संख्या १ मात्र रहेको छ। २ वर्षसम्म नछिनिएका मुद्दा भने ६ वटा रहेका छन्। लामो

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	–	–	–
हिरासतमा यातना	–	२	१
बलात्कृत	१	–	३
आत्महत्या	४	४	११

समयसम्म मुद्दा फैसला नहुने कार्यले निकै पिरोलेको गुनासो पीडितहरूको छ। फैसलामा दवाव हावी भएका पनि यदाकदा देखिने-सुनिने गुनासो सर्वसाधारणको रहेको छ।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस वर्ष वृद्ध, असहाय भत्ताका लागि बजेट नआएको भनी बाँडिएको छैन। मृतकहरूको नाममा पनि भत्ता झिकेर खाने गरिएका घटना पनि देखिएका छन् र छात्रवृत्ति वितरणमा सोर्सफोर्सले प्रभाव पार्ने गरेको देखिएको छ।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

थुक्किमा गाविस-३ का १७ वर्षीय बालकुमार सिवाले फुङलिङ गाविस-९ की १६ वर्षीय उर्मिला वर्देवालाई ०५४ फागुन १६ गते विवाह गरी ९ दिनपछि विवाहमा दिएका लुगा गहनासमेत खोसखास गरी जबर्जस्ती माइतीमा नै फर्काइदिए। कतै कुनै उजुरी पीडित पक्षबाट भएको छैन।

खेवाङ गाविस-२ की माइतैमा बसेकी एक विवाहित महिलालाई सोही ठाउँका सोमप्रसाद दाहालले ०५३ देखि ०५४ साउनसम्म पटक-पटक शारीरिक सम्पर्क गरे। महिला गर्भवती भएपछि ०५४ साउनमा सोमप्रसाद फरार भए।

साँघु गाविस-७ बस्ने २५ वर्षीय जयराज लिम्बूले सोही ठाउँकी २७ वर्षीय एक युवतीलाई अलैंची बारीभित्र लगी ०५४ वैशाख १० गते बलात्कार गरे। पछि ८ हजार रूपैंया लिएर पीडित र पीडकबीच जिल्ला प्रहरी कार्यलयमा मिलापत्र भयो।

४.२ पारिवारिक हिंसा र बहुविवाह

खेवाङ गाविस-२ बस्ने २५ वर्षीय कुवेरप्रसाद भट्टराईले घरमा पत्नी हुँदाहुँदै घरकी पत्नीलाई कुटपिट गरी घरबाट लखेटे र तारा दाहालसंग ०५३ माघ ३ गते दोस्रो विवाह गरे। प्रहरीमा कारवाहीका लागि उजुरी परे पनि कुनै कारवाही भएको छैन।

सान्थाक्रा गाविस-१ का दीपनसिं चोङ्वाङले २० वर्षीय डम्बरकुमारी चोङ्वाङसंग दोस्रो विवाह गरे। कारवाहीका लागि निवेदन दिंदा पनि राजनीतिक कार्यकर्ता भएकै कारण कारवाही नगरिएको गुनासो पीडित पक्षको छ।

लिङ्खिम गाविसस्थित माध्यमिक विद्यालयका प्र.अ. सूर्य दाहालले ०५४ असोज १४ गते सोही विद्यालयकी छात्रा १९ वर्षीय डिकुरा रिजालसंग विवाह गरे। पीडकका यसअघि नै ३ वटी पत्नी पनि छन्।

शान्तिडाँडा गाविस-३ का २० वर्षीय हर्कबहादुर लिम्बूले ०५४ असार ५ गते धुसेनी गाविस-४ की १८ वर्षीय सनमाया लिम्बूसंग जेठी पत्नी धेरै माइतमै बसेको कारण बनाई दोस्रो विवाह गरे। हर्कबहादुर प्रहरीले पक्राउ गरी अदालतमा बुझायो।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

फुङलिङ गाविस-४ मा ०५३ फागुन ८ गते एक बेवारिसे बच्चा गर्भ पतन गराई फ्याँकिएको अवस्थामा फेला पर्‍यो। पीडक को हो भन्नेबारे पत्तो लाग्न सकेको छैन।

घटनाको प्रकारअनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
हत्या	३	३		३				
कुटपिट	२५	३३	४	३७	१	१		१
बलात्कार	३		३	३				
महिला भएकै कारणले दिइने यातना	१		१	१				
बहुविवाह	३		३	३				
गर्भ पतन	१	१		१				
अमानवीय व्यवहार	२	३		३				
लाश फेला	२	२		२				
आत्महत्या	५	६	५	११				
जम्मा	५१	४८	१६	६४	१	१		१

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार

(पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

जानकारीमा आएन।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जानकारीमा आएन।

पतिलाई विष खुवाउने दावाफुटी शेर्पा

९. अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

साब्लाखु गाविस-७ का २७ वर्षीय अटलबहादुर लिम्बूले घरायसी झगडाका कारण आफ्नै वाबु ७५ वर्षीय छत्रबहादुर लिम्बूलाई ०५४ भदौ २ गते पिटेर हत्या गरे। पीडक घटनास्थलबाट भागिरहेका बेलामै पक्राउ परेका छन्।

ताप्लेजुङ जेलको अगाडिको भाग

पापुङ गाविस-९ का २१ वर्षीय पासाङ ढुङदकलाई आफ्नै पत्नी दावाफुटी शेर्पाले जाँडमा विष मिसाएर खुवाउँदा ०५४ कार्तिक ३ गते मृत्यु भयो। पीडक थुनामा छिन्।

सावा गाविस-५ का २४ वर्षीय लक्ष्मीप्रसाद सावालाई सोही ठाउँका २९ वर्षीय धनबहादुर सावाले घरायसी रीसइवीका कारण ०५४ मंसिर १८ गते छुरी हानी हत्या गरे। पीडक फरार रहेका छन्।

यस वर्ष यो जिल्लामा व्यक्तिगत रीसइवीका कारण भएको कुटपिटबाट ११ जना पीडित भएका छन्, जसमा २ जना महिला छन्। ११ जनाले आत्महत्या गरे। जसमा ५ पुरूष रहेका छन्। ७ जना पुरूष लडेर मरे। खोलाले ४ जना पुरूषलाई बगायो।



१. पूर्वाञ्चल

कोशी

१.५ मोरङ

जनसंख्या	७७४७८९
साक्षरता	४७.८ प्रतिशत
महिला साक्षरता	३५.२ प्रतिशत
क्षेत्रफल	१८५५वर्ग कि.मी
गाविस/नपा	६५/१
निर्वाचन क्षेत्र	७
विद्यालय/क्याम्पस	५४८/३०
अस्पताल स्वास्थ्यचौकी	२ ७०
टेलिफोन लाइन	७४१२
सडक (कि.मि.)	४८९
प्रहरी कार्यालय	७१
हुलाक	६९

विराट राजाको कर्मभूमि यो जिल्ला नेपालकै दोस्रो ठूलो नगरीका रूपमा पनि परिचित छ। औद्योगिक नगरीका रूपमा प्रख्यात विराटनगर यही जिल्लामा पर्छ। प्रजातान्त्रिक आन्दोलनका पर्याय बी.पी. कोइराला, मनमोहन अधिकारी जस्ता प्रभावशाली व्यक्तित्वको जन्म तथा कर्मभूमि मोरङ प्रत्येक आन्दोलनमा अग्रणी स्थान ओगट्ने जिल्ला पनि हो।

औद्योगिक कारखाना धेरै भएका कारण यहाँ मजदूरमाथिको शोषण विशेषरूपमा हुने गरेको छ। व्यक्तिगत रीसइवीका कारण भएका हत्या र दाइजो तथा अन्य कारणले महिलामाथि हुने अत्याचार गत वर्षभन्दा बढी देखा पर्‍यो। भारतसंग जोडिएको दक्षिणी सिमानामा लुटपीट, डकैती र हत्याका बढी घटना हुन पुगे। समग्रमा यो जिल्लामा मानवअधिकारको स्थिति राम्रो देखिदैन।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

विराटनगर उपमहानगरपालिका-२० का २८ वर्षीय गोरे भन्ने सन्तोष लामालाई महेन्द्र मोरङ बहुमुखी क्याम्पसभित्रै ०५३ फागुन २९ गते धारिलो हतियार प्रयोग गरी हत्या गरियो। उमेश यादव र गणेश यादवलाई जिल्ला अदालत मोरङले ०५४ वैशाखमा पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको छ। रमेश यादव र रोशन श्रेष्ठलाई जनही रु. २५ हजार धरौटी लिई ०५४ जेठमा तारेखमा छाडिएको छ भने रंजित झा सहितका १५ जना फरार छन्। सन्तोष अनेरास्ववियुका कार्यकर्ता भएको दावी गर्दै अखिलले दोषीहरुलाई कारवाहीको माग गरेको छ।

डार्यानिया गाविस-५ कदमगाछीमा ०५४ साउन २६ गते मध्यरातमा प्रहरी र अज्ञात डाँकाबीच गोली हानाहान हुँदा ४ जना अज्ञात व्यक्तिको मृत्यु भयो। मृतकहरूको सनाखत हुन सकेन।

१.२ जेल र बन्दीहरु

कारागार शाखा मोरङ "ख" श्रेणीको र २ सय ५० जना बन्दी क्षमता भएको कारागार हो। नावालक नरहेका यस कारागारमा भित्र १० वटा र बाहिर दुई वटा शौचालय छन्। कारागारभित्रै सामान्य उपचार गरिने र आवश्यक परे कोशी अंचल अस्पताल लगिने कुरा बन्दीहरुले बताएका छन्। उडुस, उपियाँ आदिले सताए पनि नियन्त्रण गर्ने व्यवस्था छैन। व्यक्तिगतरूपमा टेलिभिजन राखिएको छ। चिठीपत्र सेन्सर गर्ने गरिन्छ भने फोन र पत्रपत्रिकाको व्यवस्था हुनुपर्ने गुनासो बन्दीहरूको छ।

औषधी उपचारको उचित व्यवस्था, गुणस्तरीय खाद्यान्न, बिरामीलाई छुट्टै कोठा दिनुपर्ने जस्ता माग राखी ३५ वर्षीय बालकृष्ण पौड्याललगायतका बन्दीहरू ०५३ पुस २१ गते ३ घण्टा अनशन बसे। जेलर चिरन्जीवीप्रसाद अधिकारीले माग पूरा गरिदिने आश्वासन दिएपश्चात् अनशन तोडिएको थियो।

वर्षे कपडा समयमै नदिइएका कारण पदम राईलगायतका व्यक्तिहरुले ०५४ असार १८ गते जुलुस गरी नारा लगाए। कारागार प्रमुखको आश्वासनपछि स्थिति शान्त भएको थियो।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

जानकारीमा आएन।

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	–	–	१
हिरासतमा यातना	४	७	–
थुनामा मृत्यु	–	१	–
बलात्कृत	७	५	५
बाबुद्वारा	–	–	१
आत्महत्या	९३	६२	७४

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

वयरवन गाविस-७ का २४ वर्षीय गम्वर राईलाई सोही ठाउँका २८ वर्षीय जयराज संयोक (लिम्बू) र राजु श्रेष्ठसमेतका ४/५ जनाले ०५३ माघ ११ गते राति खुकुरी प्रहार गरी सख्त हुनेगरी कुटपिट गरे। पीडितको दुवै हात चल्दैन। फरार पीडकहरूमध्येका जयराजलाई ०५३ फागुन ६ गते पक्री ०५३ फागुन १४ गते जिल्ला अदालत मोरङले ४५ हजार धरौटीमा छाडेको छ।

विराटनगर जनता कानून क्याम्पसमा अध्ययनरत १९ वर्षीय प्रवेश पाण्डेलाई ०५३ फागुन ३ गते सोही क्याम्पसका प्रमोद बस्नेतले कुटपिट गरे। स्ववियू निर्वाचनको क्रममा उक्त घटना भएको थियो।

कटहरी गाविस-५ का जग्गाधनी आमोद चौधरीले मोही विवादका कारण सोही गाविसका ब्रह्मदेव कामत, विश्वेश्वर कोइरी र जदुलाललाई ०५३ चैत १ गते दलवलसहित कुटपिट गरे।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

०५४ जेठमा भएको निर्वाचनमा यस जिल्लामा व्यापक धाँधली भएको भनी नेपाली कांग्रेस र राप्रपाले छुट्टाछुट्टै वक्तव्य प्रकाशित गरी विरोध जनाए। विराटनगर उपमहानगरपालिका-११ लगायतका वडाहरूमा धाँधली भएको भनी अदालतमा मुद्दासमेत दर्ता गरियो।

नौं वाम समूहद्वारा आह्वान गरिएको ०५४ असोज १ र २ गतेको नेपाल वन्द कार्यक्रमको सिलसिलामा विराटनगर र वेलबारीमा गरी प्रहरीले असोज १ गते संयुक्त संघर्ष समिति मोरङका संयोजक मेघराज आचार्य, कमल निरौला, नवराज लम्सालसमेत लगायतका ३९ जनालाई गिरफ्तार गऱ्यो। उनीहरू २ गते वेलुका छुटे।

२.२ धार्मिक स्वतन्त्रता

पोखरिया गाविस-७ की १५ वर्षीय हिन्दू केटी सुमित्राकुमारी मण्डल र सोही ठाउँका १९ वर्षीय फिरोजरहमान मिया (मुस्लिम केटो) वीच भएको प्रेम विवाह सम्बन्धमा उठेको धार्मिक विवादले नराम्रो रूप लियो। उक्त गाविसका हिन्दूहरूले सोही घटनाका कारण ७० वटा घरमा आगो लगाइदिए। आगो लगाएको आरोपमा प्रहरीले ०५३ फागुन १९ गते रमेशकुमार मण्डलसहित ४ जनालाई पक्राउ गऱ्यो। आगजनी मुद्दा अन्तर्गत उनीहरूलाई थुनामा राखियो।

३. भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

जिल्ला अदालत मोरङमा ३ वर्ष वा सोभन्दा अघिदेखि नछिनिएका मुद्दाहरूमा देवानीतर्फ ६ सय ७७, फौज्दारीतर्फ २

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
हत्या	५	४	१	५				
गोलीद्वारा हत्या	१	४		४	१	४		४
जेल	३	५		५	३	५		५
कुटपिट	३	६		६				
धम्की	८	११		११				
भेला र संगठित हुने अधिकार •	१			३९	१			३९
धार्मिक स्वतन्त्रता •	१			७०				
सरूवा	१		१	१	१		१	१
महिला किनवेच	४		४	४				
बलात्कार	४		४	४				
बालअधिकार	४	४		४	३	३		३
आर्थिक अधिकार •	७	७	१	२४				
आतंक •	२		१	४१				
आत्महत्या •	७४	९	३	७४				
दुर्घटनाहरू/विपत्तिहरू	१२	१२	२	१४				
अन्य	१		२	२				
जम्मा	६९	६२	१९	३०८	९	१२	१	५२

हत्या गरिएका सन्तोष लामा (गोर)

सय ५७ र सरकारवादीतर्फ १ सय १५ रहेका छन्। संक्षिप्त कार्यविधितर्फ २२ वटा रहेका छन्। अहिलेसम्म यस अदालतमा १ हजार ७१ वटा मुद्दा फैसला हुन बाँकी छन्। न्याय सम्पादन गर्दा विवादास्पद हुने गरेको गुनासो पीडितहरूको छ। गोरे भन्ने सन्तोष तामाङको हत्यासम्बन्धी फैसलालाई लिएर एकतर्फी भएको भनी निकै विवाद सिर्जना भयो र निर्णयविरुद्ध पर्चाबाजी पनि भएको थियो। पुनरावेदन अदालतप्रति पनि सर्वसाधारणको विश्वास घट्दै जान थालेको देखिन्छ।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

विराटनगर उपमहानगरपालिका-५ घर भई सरकारी वकिलको कार्यालय संखुवासभाबाट रानी भन्सार कार्यालय विराटनगरमा सरुवा गरिएकी ४० वर्षीय श्रीमती अम्बिका रिजाललाई रानी भन्सारले ०५४ कार्तिक १ गतेको सरुवा अस्वीकृत गरी हाजिर हुन दिएन। अदालतले कार्तिक ९ गते कारण देखाउ आदेश जारी गरेको छ।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा रहेका सुकुम्बासीहरूको तथ्यांक कहीं उपलब्ध छैन। हात्तीमुढा गाविस-८ का निर्दोष सुकुम्बासीहरू रतमबहादुर चौधरी र आशाराम चौधरीलगायतका ६ वटा घरका करीव ४० जनालाई ०५४ असार १ गते कुटपिट गरी घरसमेत भत्काउने कार्य गरियो। सोही ठाउँका जितलाल चौधरीले २०/२५ जनालाई सो कार्य गर्न अराएका थिए। पीडकहरू समातिए पनि सामान्य क्षतिपूर्ति दिइ भोलिपल्टै छुटे।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

बयरबन गाविस-८ का २३ वर्षीय गोपाल कोइरालाले घरमा काम गर्न राखिएकी १८ वर्षीय एक युवतीलाई ०५३ चैत ५ गते बलात्कार गरी गर्भवती बनाए। पीडितले प्रहरीमा खबर गरेपछि राजनीतिक कार्यकर्तासमेत रहेका गोपाल तत्काल भागे र पछि पीडितलाई १५ हजार र एक विवाहित माझीलाई १५ हजार रूपैयाँ दिई दम्पती बनाइदिए।

इटहरा गाविस-९ की १८ वर्षीय एक युवतीलाई सोही ठाउँका देवीप्रसाद अधिकारीले विभिन्न प्रलोभनमा पारी ०५३ चैत ९ गते बलात्कार गरे। प्रहरीले देवीलाई पक्राउ गर्‍यो। देवीले ती युवतीलाई भित्र्याए तर लगत्तै यो मेरो गर्भ हैन भनी पुनः छत्रबहादुर नेपालको जिम्मा लगाइयो। पीडितले भने यो गर्भ देवीकै हो भन्छिन्।

सोही गाविस-२ का छविलाल बोहरा, प्रकाश सुब्बा र झापा घैलाडुब्बाका पदम सुब्बा तथा नेत्र सुब्बाले केरावारी गाविस-१ की २६ वर्षीय एक विवाहित महिलालाई रक्सी सेवन गराइ मताएर जंगलमा लगी ०५४ वैशाख २२ गते सामूहिक बलात्कार गरे। पीडकहरूलाई थुनामा राखिएको छ।

इन्द्रपुर गाविस-१ की १३ वर्षीय एक बालिकालाई सोही गाविसकी श्रीमती नन्दकुमारी अधिकारीले ललाई फकाई ठूलो बाबु धनपति तामाङको घरबाट लगी ०५४ जेठ १० गते देहव्यापारमा समेत संलग्न गराई भारततर्फ लाँदै गर्दा प्रहरीले पक्राउ गर्‍यो। बालिकालाई लठ्याउने सुई दिइएको थियो। पीडक थुनामा छन्।

बेलबारी गाविस-५ का धनबहादुर विश्वकर्माले सुनसरी हासपोसा गाविस-७ की सुश्री मधु विश्वकर्मालाई विभिन्न प्रलोभनमा पारी भारतको बम्बैमा लगी बेचेकामा मधु ०५४ असार २८ गते नेपाल आउन सफल भइन्। उनकै उजुरीले पीडक हाल थुनामा परेका छन्।

भोजपुर जिल्ला घोडेटार गाविस-८ की २२ वर्षीय एक युवती र उदयपुर जिल्ला हडिया गाविस-८ की २० वर्षीय एक युवतीलाई भोजपुरका २५ वर्षीय विकास राई र मदन राईले विभिन्न प्रलोभन देखाइ विराटनगरको होटल लालिगुराँस र रिमझिममा देहव्यापारमा संलग्न गराएका थिए। सोही आरोपमा ०५४ साउन १ गते प्रहरीले पीडकलाई गिरफ्तार गरे। दुवै पक्ष सार्वजनिक मुद्दामा तारेखमा छुटेका छन्।

विराटनगर उपमहानगरपालिका-७ की १४ वर्षीय एक बालिकालाई सोही ठाउँका २५ वर्षीय सत्यनारायण सहनी र २१ वर्षीय अरूण शर्माले ०५४ कार्तिक १५ गते मैलो खेलेर घर फर्किरहेको अवस्थामा बलात्कार गरे। पीडकद्वय थुनामा छन्।

विराटनगर उपमहानगरपालिका-२० की २१ वर्षीय पारोदेवी चौधरीलाई ३ वर्षीय छोरोसहित दिल्ली लगी भारू १२ हजारमा बेचेकोमा जोगबनी छपरपट्टिकी श्रीमती बिजुलीदेवी पासवानलाई प्रहरीले ०५४ कार्तिक २२ गते पक्राउ गर्‍यो। बेचिएको ठाउँमै पीडितहरू रहेका छैनन् भने पीडकले बेचेको स्वीकारेकी छिन्। उनलाई थुनामा राखिएको छ।

विराटनगर उपमहानगरपालिका-११ की २१ वर्षीय श्रीमती वसन्ती मुखियालाई उनकै १९ वर्षीय भतिजा जुगलाल सहनीले राम्रो काम लगाइदिने भनी चार वर्षअघि बम्बै लगी बेचेकोमा ०५४ मंसिर १६ गते उनी भागेर नेपाल आउन सफल भएकी छिन्। उनकै उजुरीले पीडकलाई पक्राउ गरिएको छ।

मधुमल्ला गाविस-२ की एक दाउरा बेच्ने ४५ वर्षीय महिलालाई सोही गाउँका २५ वर्षीय राजकुमार तामाङले घरमा सुतेका बेला बलात्कार गरे। पीडितले प्रतिकारस्वरूप खुकुरीले

हिर्काएकी थिइन्। पीडक पक्राउमा परे। हाल उनलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

४.२ पारिवारिक हिंसा र वहुविवाह

विराटनगर उपमहानगरपालिका-१७ का श्रीराम यादवले आफ्नै बुहारी सीतादेवी यादवलाई दोस्रो पत्नीका रूपमा स्वीकार गरेका छन्। ४२ वर्षीय श्रीराम (ससुरा) र १८ वर्षीय सीतादेवी (बुहारी) बीच धेरैअगाडिदेखि अवैध सम्वन्ध रहेको र छोरा दिल्लीमा चोरीको अभियोगमा पक्राउ परेपछि ०५४ जेठ २६ गते उनले दोस्रो पत्नीका रूपमा स्वीकारेका छन्।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (बेउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

यस सम्बन्धमा यस वर्ष ५ वटा उजुरी प्रहरीमा परे। ५ वटै गर्भ अवैध थिए। जसबाट २ महिलाको मृत्यु भयो, ३ महिला कारवाहीमा परे।

५. बाल अधिकार (वालवालिका उपरको अत्याचार)

जिल्ला अदालत मोरङले लागू औषध दुर्व्यसनीको आरोपमा ०५३ चैत १० गते पक्राउ परेका सुनसरी, धरान नगरपालिका-८ का १४ वर्षीय बालक, कुमार राईलाई ०५४ वैशाख ५ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको छ। आफूलाई प्रहरीले कुटेर साविती बयान गर्न लगाएको तर आफूले त्यस्तो कार्य नगरेको भनाइ पीडितको रहेको छ।

विराटनगर उपमहानगरपालिका-५ का १३ वर्षीय वालक, कालुराम चौधरीलाई पूर्व प्रधानमन्त्री नगेन्द्रप्रसाद रिजालको घरमा चोरी गरेको आरोपमा जिल्ला अदालत मोरङको आदेशले ०५४ वैशाख ८ गतेदेखि थुनामा राखिएको छ। मैले चोरेको हैन, मलाई अरूले नै फसायो भन्ने बालकको गुनासो छ।

डंगाहा गाविस-५ का नेपाल शिक्षक संघ, मोरङका कोषाध्यक्ष श्यामलाल सरदारले ०५४ मंसिर १८ गते आफ्नै ७ महिने छोरी हिरा सरदारलाई मार्ने नियतले विष खुवाए। वालिका उपचारपछि मर्न पाइनन् भने पीडक थुनामा छन्। तीनवटी पत्नी ल्याइसकेका उनले अर्की ल्याउनका लागि तेस्रो पत्नीलाई निकाल्न त्यस्तो षडयन्त्र गरेको भनाइ तेस्रो पत्नी रोजिनाको रहेको छ।

बेलबारी गाविस-२ का १४ वर्षीय बालक, सन्तोषकुमार राईलाई बलात्कार गरेको अभियोगमा जिल्ला अदालत मोरङले ३ वर्ष कैद फैसला सुनाएपछि हाल उनी मोरङ जेलमा छन्। आफूलाई प्रहरीले कुटेर हो भन्न लगाएको बताउने सन्तोषलाई घरबाट पनि राम्रो हेरचाह पुऱ्याइएको छैन।

यस वर्ष यस जिल्लामा आफ्नै बाबुले एक १० वर्षीय छोरीलाई बलात्कार गरे।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

विराटनगर उपमहानगरपालिका-२२ को रघुपति जुट मिलका १६ जना मजदूरहरूले जुट मिल निजीकरणपश्चात् मिल व्यवस्थापनले मजदूरहरूलाई दिने एकमुष्ट क्षतिपूर्ति नदिएको विरोधमा ०५३ माघ १३ गतेदेखि ०५३ माघ २६ गतेसम्म घरेलु तथा साना उद्योग कार्यालयमा धर्ना बसे। माग पूरा गरिने आश्वासनपछि अनशन र धर्ना रोकिएको थियो।

विराटनगरस्थित गोल्छा अर्गनाइजेशनअन्तर्गतको भूदेव ट्रेडिङ कम्पनीमा कार्यरत् एकाउन्टेण्ट आशाकरण गोल्छालाई कम्पनीका मालिक महेन्द्र गोल्छाले कार्यालयको कारोबारलाई लिएर ०५४ साउन १९ देखि २८ गतेसम्म तालाबन्द गरी कोठामा थुने। ३ लाख ४५ हजार रकम तिर्ने कागजमा सही गर्न दबाब दिएर नमान्दा मार्ने धम्कीसमेत दिए। पीडितको तर्फबाट मुद्दा दायर गरिएको छ। पीडितको वकिलले विश्वासघात गरी मुद्दा हराइदिएको गुनासो पीडितको छ।

टंकीसिनवारी गाविसस्थित जगदम्वा टेक्सटाइलमा कार्यरत् २७ वर्षीय भोजकुमार साहलाई व्यवस्थापक सत्यनारायण बजाजले स्वतन्त्र मजदूर युनियनमा नलाग्न भन्दा नमानेकाले ०५४ साउन २६ गते अर्के बहाना बनाइ निस्कासन गरे। श्रम अदालतमा मुद्दा दायर भए पनि सुनुवाई भएन।

कटहरी गाविसस्थित बबी बिस्कुट कारखानामा कार्यरत बद्रीनाथ मण्डललाई मागहरू राखेर मजदूर भड्काएको आरोपमा व्यवस्थापक गोपाल राठीले ०५४ भदौ ५ गते कारखानाबाटै निकालिदिए। श्रम अदालतमा मुद्दा हालिए पनि कुनै सुनुवाइ भएन।

टंकीसिनवारी गाविस-६ स्थित लक्ष्मी प्रोडक्टमा कार्यरत् श्रीमती रमादेवी लम्सालालाई कारखाना व्यवस्थापक महेश्वरी राठीले ट्रेड युनियनमा लागेको आरोपमा ०५४ भदौ १६ गते कारखानाबाट निकालिदिए। पुनरावेदन अदालत विराटनगरले उनलाई पुनर्वहाली गर्ने आदेश दिए पनि पुनर्वहाली भने गरिएको छैन।

कुटपिटबाट माइते प्रवेश पाण्डे

टंकीसिनवारी गाविसस्थित एभरेष्ट फाइवर्स इण्डष्ट्रिजमा कार्यरत् सुरक्षाकर्मी ४० वर्षीय चित्रमणि खनिवडालाई व्यवस्थापक हरिभक्त सिटौलाले युनियनमा लागेका कारण ०५४ असोज १६ गते कारखानाबाट निस्कासन गरिदिए। युनियनमा लागेकै कारण रमेश शर्मा, शिवकुमार भट्टराई र रामप्रसाद सिटौलालाई पनि व्यवस्थापकले ०५४ भदौ २९ गते कारखानाबाटै निकालिदिए।

कटहरी गाविस-९ स्थित प्रिमियम सिन्थेटिक्सस्क्सिमा कार्यरत २१ वर्षीय सुरेन्द्र मण्डललाई व्यवस्थापक अविनाश बोहोराले ट्रेड युनियनमा संगठित भई कारखानामा अनावश्यक क्रियाकलाप गरेको भनी ०५४ कार्तिक २१ गते कारखानाबाट निकालिदिए।

टंकीसिनबारी गाविस स्थित हिमालय सोप एण्ड इण्डष्ट्रिजमा कार्यरत सुरक्षाकर्मी ४० वर्षीय दामोदर अधिकारीलाई व्यवस्थापक सुशील धनावतले स्वतन्त्र मजदूर युनियनमा संगठित भएका कारण अर्को ठाउँमा जागिर दिन्छु भनी निकाले र अन्यत्र जागिर दिएनन्। उनलाई ०५४ कार्तिक २७ गते ८ वर्ष लामो स्थायी जागिरबाट निकालिएको हो। उनलाई बाँकी तलब पनि दिइएको छैन।

मोरङ सुगर मिल्सका मजदूर ४० वर्षीय श्यामलाल चौधरी, बन्देश्वर झा र राजु रिजालगायत्का ६ जनाले ०५४ पुस १३ गते अन्य कारखानासरह सुविधा माग गरी जुलुस प्रदर्शन गरे।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

ग्रामीण क्षेत्रमा जमिनदारहरूले हलिया राख्ने चलन कायम छ। कहीं-कहीं यस्तो प्रथा दह्रोरूपमा रहेको पाइन्छ।

७.२ अन्य अमानवीय व्यवहार जातीय छुवाछूत समेत

जानकारीमा आएन।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

महेन्द्र मोरङ बहुमुखी क्याम्पसमा ०५३ फागुन २९ गते हत्या गरिएका सन्तोष तामाङका हत्याराहरूलाई तत्काल कारवाही गरियोस् भनी अनेरास्ववियुले एक विज्ञप्ति प्रकाशित गरी घटनाप्रति विरोध जनायो। यही घटनालाई लिएर पक्राउ परेकाहरुलाई छोड्ने आदेश दिएपछि पुनरावेदन अदालतको निर्णयविरुद्ध विरोध जनाइयो।

विराटनगर उपमहानगरपालिका-१५ स्थित सगरमाथा सेकेन्डरी बोर्डिङ स्कूलका २७ वर्षीय शिक्षक त्रिलोचन गौतम आफ्नो विद्यालयमा ९ र १० कक्षा संचालन स्वीकृतिको माग राख्दै ०५४ वैशाख ८ देखि १० गतेसम्म अनशन बसे। माग पूरा गर्ने आश्वासन पाएपछि अनशन तोडियो।

९. अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

विराटनगर उपमहानगरपालिका-१६ स्थित थारू टोलकी ३० वर्षीय रजिना खातुनलाई अज्ञात व्यक्तिहरुले घाँटी र टाउकोमा धारिलो हतियार प्रयोग गरी ०५३ चैत २५ गते हत्या गरे। पीडकहरू फेला पर्न सकेका छैनन्।

विराटनगर उपमहानगरपालिका-७ का १७ वर्षीय बलराम मण्डललाई सोही ठाउँको १९ वर्षीय शिवराम कामतले सामान्य वादविवाद हुँदा ०५४ वैशाख ३ गते छुरी हानी हत्या गरे। पीडक तत्काले पक्राउमा परे।

विराटनगर उपमहानगरपालिका-४ स्थित विराट धर्मशाला संग्रहालय एवं पुस्तकालयभित्रै मूर्ति निर्माण गर्ने ५५ वर्षीय पारसलाल विश्वकर्मालाई ०५४ वैशाख ९ गते राति केही अपरिचित व्यक्तिहरुले धारिलो हतियार प्रयोग गरी हत्या गरे। यस सम्बन्धमा धनकुटा, मूर्तिढुंगा-३ बस्ने रामबहादुर विश्वकर्मा र भारत घर भई विराटनगर उपमहानगरपालिका-४ बस्ने कारी यादवलाई ०५४ भदौ ५ गते प्रहरीले पक्राउ गरेको छ। पक्राउ परेकाहरूले आफ्नो बयानमा हत्यामा संलग्न भएको र ४० हजार लुटेको स्वीकार गरे। उनीहरू जेलमा छन्।

विराटनगर उपमहानगरपालिका-२१ का ३५ वर्षीय अनिल लखडालाई भारतीय नागरिक संजय रायले ०५४ जेठ १ गते आपसी विवादमा भनाभन हुँदा गोली हानी हत्या गरे। पीडक फरार छन्।

माथीगछ गाविस-२ बस्ने २२ वर्षीय दीपक राजवंशीलाई ०५४ असार ३ गते घरमा प्रवेश गर्न लाग्दा लुकी बसेको एक अपरिचित व्यक्तिले धारिलो हतियार प्रयोग गरी हत्या गरे। अनुसन्धानका लागि ५ जनालाई प्रहरीले पक्राउ गरेको थियो।

विराटनगर उमनपा-५ को केशलिया खोलाको डिलमा सुनसरी कुशाहा गाविस-८ का ३५ वर्षीय गुमलाल माझीलाई कुटपिट गरी ०५४ असार ४ गते मारेर पुरेको आरोपमा कोशी ढुवानी सेवा विरानगरका तेजनारायण सरदार, दसुवा तलमार, दुलिया यादव र केशव यादवलाई ०५४ असार ११ गते प्रहरीले पक्राउ गर्‍यो। पीडकहरू जेलमा छन्।

उर्लाबारी गाविस-२ का नरेन्द्रबहादुर भनेर चिनिने गोपालबहादुर वर्देवाले ०५४ जेठ १७ गते आफ्नै भतिजो अमृत वर्देवालाई कुटपिट गरी हत्या गरे। पीडक पक्राउमा परेका छन्।

विराटनगर उमनपा-५ की २३ वर्षीय शान्ता भण्डारीले २ महिनाको बालकलाई छाडी ०५४ साउन १ गते आत्महत्या गरिन्। घरपरिवारको यातनाबाट उनी आत्महत्या गर्न बाध्य भएको बताइन्छ।

यो जिल्लामा व्यक्तिगत रीसइवीका कारण भएका ८ वटा कुटपिटका घटनामा १३ जना, ट्राफिक दुर्घटनाबाट १६ जना र आतंकबाट ४० जना पीडित भए। ट्राफिक दुर्घटनामा ३९ जना, भवितव्यमा परी ६२ जनाको मृत्यु भयो। ७४ जनाले आत्महत्या गरे।

•



१. पूर्वाञ्चल

मेची

१.६ सुनसरी

जनसंख्या	४६३४८१
साक्षरता	४३.६ प्रतिशत
महिला साक्षरता	२९.८ प्रतिशत
क्षेत्रफल	१२५७ वर्ग कि.मी.
गाविस/नपा	४९/३
निर्वाचन क्षेत्र	५
विद्यालय/क्याम्पस	३०९/९
अस्पताल/स्वास्थ्यचौकी	२/४३
टेलिफोन लाइन	५४५९
सडक (कि.मि.)	२२०
प्रहरी कार्यालय	५१
हुलाक	५३

तीन वटा नगरपालिका रहेको यो जिल्ला अधिकांश समथर भू-भाग भएको जिल्ला हो। वराहक्षेत्र, रामधुनी, विष्णुपादुका, पिण्डेश्वर, दन्तकाली जस्ता धार्मिक स्थलहरू रहेको यस जिल्लामा वूढा सुब्बा, श्रीलंके टापु जस्ता दर्शनीय स्थल पनि रहेका छन्। नदीको नामबाट जिल्लाको नाम रहेको यहाँ यातायातलगायत्का विकासका चरणहरू अन्य जिल्लाको तुलनामा निकै अघि रहेको छ। बेरोजगारी र लागू पदार्थ दुर्व्यसनका लागि यो जिल्ला चर्चित नै छ। यिनै कारणले यो जिल्लामा मानवअधिकारको स्थिति सन्तोषप्रद देखिँदैन।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

कुशाहा गाविसमा ०५४ जेठ १३ गते भएको निर्वाचनमा बुथ कब्जा भएको र पुनः चुनाव गराउनुपर्छ भनी राप्रपाले चक्काजाम गर्ने कार्यक्रम १४ गते राखेकोमा सो कार्यक्रम तोड्न प्रहरीले गोली चलाउँदा भाक्राहा गाविस-६ का इन्द्रदेव यादवको तत्काल मृत्यु भयो। ७ वर्षीय बालक मुन्नु र २६ वर्षीय जाउदेवी मण्डलको अस्पतालमा मृत्यु भयो।

१.२ जेल र बन्दीहरु

जानकारीमा आएन।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षवाट गरिएको)

महेन्द्र वहुमुखी क्याम्पसका किरण राईलाई ०५४ भदौ ५ गते माओवादी जनयुद्धको प्रचार गरेको अभियोगमा प्रहरीले पक्राउ गरी ४ दिनसम्म यातना दियो।

धरान नगरपालिकास्थित बुद्ध मन्दिर मा.वि.मा अध्ययनरत गीता थेवे, महेन्द्र बहुमुखी क्याम्पसका हरिशंकर उपाध्यायलाई माओवादीको आरोपमा पक्राउ गरी ८/९ दिनसम्म यातना दिई पुर्पक्षका लागि मोरङ कारागारमा राखिएको छ।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

भाक्राहा गाविस-३ का भोला साहलाई आफ्नी प्रेमिका जालोदेवीसंग जबर्जस्ती छुटाइ लगेपछि लिन गएका वेला जालोदेवीका परिवारले २ दिनसम्म डोरीले बाँधी कुटपिटसमेत गरी प्रहरीमा ०५३ फागुन ७ गते बुझाए। २ दिनपछि प्रहरीले भोलालाई निर्दोष ठहऱ्याइ छोडिदियो।

इटहरी नगरपालिका-१ बस्ने कुमार थापा मगरलाई रातिसम्म पसल खोलेको भनी ०५४ असार ९ गते नगरपालिकाका केही प्रहरीहरूले मरणासन्न हुने गरी पिटे। पीडितलाई इटहरी अस्पताल लग्नुपरेको थियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	–	–	२
हिरासतमा यातना	१	३	२
वन कार्यालय हिरासतमा यातना	१	–	–
बलात्कृत	१	४	१४
बाबुद्वारा	–	१	–
प्रहरीद्वारा	–	–	१
आत्महत्या	१	२३	३९

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष यो जिल्लामा दर्ता भएका मुद्दामध्ये देवानीतर्फ ६ सय ७७, फौज्दारी ४ सय ७१, सरकारी फौज्दारी १ सय १०, सरकारवादी १ सय २१, निर्वाचन बदर सम्बन्धी २२, दुनियावादी फौज्दारी २ सय ९४ वटा छन् भने सबै गरी जम्मा १ हजार ८१ वटा मुद्दा फैसला भए।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

धरान नगरपालिकाले ०५४ जेठ १३ गते सम्पन्न स्थानीय निर्वाचनपश्चात् सुकुम्बासीका नाममा विभिन्न स्थानमा बनाइएका घर, कटेराहरूमा आगो लगाइदियो। सर्वदलीय सहमतिका आधारमा भएको उक्त निर्णयको सुकुम्बासीहरूले घोर विरोध गरे। उनीहरूलाई नगरपालिकाले राहतस्वरूप ४ सय रूपैयाँ र अशक्तहरूलाई निःशुल्क औषधोपचार गर्ने निर्णय गरेको थियो। अहिले उनीहरू प्लाष्टिक ओढेर मात्र पनि बस्न बाध्य भएका देखिएको छ।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

विष्णुपादुका गाविस-४ की २१ वर्षीय एक महिलालाई सोही ठाउँका इन्वोक विकेले राम्रो काम मिलाइदिने बहानामा ०५३ चैत ५ गते बलात्कार गरे। पीडक थुनामा छन्।

धरान नगरपालिका-१५ को १७ वर्षीय एक युवतीलाई घर गइरहेको समयमा ०५३ चैत १८ गते सोही ठाउँका कैलाश कार्कीलगायत्का ४ जनाले बलात्कार गरे।

मधेशा गाविस-३ की एक ६ वर्षीय एक बालिकालाई सोही गाविसका बद्रीनारायण धावीले ०५४ जेठ २ गते चकलेट किन्न पैसा दिन्छु भनी फकाइ कोठामा लगी बलात्कार गरे। पीडक ३ हजार ७ सय ६० रूपैयाँ धरौटी राखी छुटेका छन्।

महेन्द्रनगर गाविस-९ की २४ वर्षीय एक महिलालाई पानमारा गाविस-५ का धामी झाँक्री काम गर्ने ४५ वर्षीय राजेन्द्र चमारले ०५४ जेठ २० गते राति सन्तान बनाइदिने बहानामा एकान्तमा लगी बलात्कार गरे। पीडितका पतिले रंगेहात झाँक्रीलाई फेला पारे पनि ऊ भाग्न सफल भयो।

दुहवी गाविस-४ की ५ वर्षीय एक बालिकालाई सोही गाउँमा डेरा गरी बस्ने १८ वर्षीय सारफद शेखरले ०५४ जेठ २७ गते दिउँसो घर पुर्‍याइदिन्छु भनी एकान्तमा लगी बलात्कार गरे। पीडक पक्राउमा परी मोरङ कारागारमा राखिएका छन्।

हाँसपोसा गाविस-१ की २२ वर्षीय मधु विश्वकर्मालाई आमा साह्रै बिरामी हुनुहुन्छ, मुख हेर्ने हो भने हिंड भनी झुक्याएर बम्बई पुर्‍याई बेचेको अभियोगमा मोरङ पथरी बस्ने धनबहादुर विश्वकर्मालाई प्रहरीले ०५४ असार २५ गते पक्राउ गरी कारागारमा राखिएको छ।

भादगाउँ सिंहवारी गाविस-९ को १४ वर्षीय एक बालिकालाई सोही ठाउँका नारायण चौधरी र गणेश खतिवडाले ०५४ साउन १ गते बाटोमा बलात्कार गरे। दुवै

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
हत्या	८	३	५	८				
गोलीद्वारा हत्या	२	५	१	६	२	५	१	६
गिरफ्तारी र यातना	२	२		२	२	२		२
कुटपिट	२०	१८	४	२२	१	१		१
धम्की	१	१		१				
महिला किनबेच	१		१	१				
बलात्कार	१४	१	१३	१४	१		१	१
बहुविवाह	५		५	५				
गर्भपतन	२		२	२				
आर्थिक अधिकार	३	३		३				
ब्लाकमेल	१	१		१				
चोरी/डकैती	५	५		५				
आत्महत्या	३९	१६	२३	३९				
दुर्घटनाहरू/विपत्तिहरू	१३	१२	१	१३				
जम्मा	११६	६७	५५	१२२	६	८	२	१०

जनालाई पक्राउ गरी मोरङ कारागारमा पठाइएको छ।

धरान नगरपालिका-१७ रेल्वे लाइनकी ६ वर्षीय एक बालिकालाई सोही ठाउँ बस्ने विमल विश्वकर्माले ०५४ साउन १६ गते घरमा कोही नभएका बेला बलात्कार गरे। प्रहरीमा उजुर गर्दा पनि वास्ता नगरेको पीडित पक्षले बनाएको छ।

तनमुना गाविस-७ की एक १२ वर्षीय बालिकालाई अशोक पासवान र किन्नु उरावले ०५४ असोज २८ गते बलात्कार गरे। पीडकहरू पक्राउ परेकामा अदालतको आदेश अनुसार जनही ४५ हजार रूपैयाँ धरौटी राखी छुटेका छन्।

औरावनी गाविस-६ की १२ वर्षीय एक बालिकालाई सिमरिया गाविसका राजकुमार उराउले बाख्रा हेर्न गएका बेला ०५४ कार्तिक २३ गते बलात्कार गरे। पीडक मुद्दा खेप्दैछन्।

धरान नगरपालिका-८ स्थित सेउती खोलामा १२ वर्षीय एक बालिकालाई हाँसपोसा गाविस-६ बस्ने तुलसी चौधरी, हंशनारायण चौधरी, पुण्य चौधरी र हिरालाल चौधरी तथा कृष्ण चौधरीले दाउरा खोज्न गएको बेला ०५४ कार्तिक २३ गते बलात्कार गरे। पीडकहरू फरार छन्।

कुशाहा गाविस-४ मा डेरा गरी बस्ने २० वर्षीय एक जापानीज महिलालाई ०५४ मंसिर १९ गते सोही गाविसका डम्बरनारायण यादव र राजकुमार यादवसमेत २ जनाले बाटो छेकी बलात्कार गरे। यादव पक्राउमा परेका छन् भने उक्त कार्यमा संलग्न अर्को व्यक्ति फरार छन्।

लौकही गाविस-६ की २१ वर्षीय एक महिलालाई मेला हेर्न गएको अवस्थामा घर पुऱ्याइदिन्छौं भनी सोही गाविसका निरन मण्डल, ललित शर्मा र भोक्राहा गाविसका शुभनारायण यादवले ०५४ मंसिर २३ गते बलात्कार गरे। पीडकहरूलाई थुनामा राखिएको छ।

चिमडी गाविस-४ की एक २६ वर्षीय महिलालाई ०५४ मंसिर २६ गते राति घरमा सुतिरहेका बेला सोही ठाउँका प्रहरी कृष्ण भुजेलले बलात्कार गरे। पीडितले प्रहरीमा उजुरी गरे पनि कुनै कारवाही नभएको पीडित पक्षको गुनासो छ।

४.२ पारिवारिक हिंसा र बहुविवाह

इटहरी नगरपालिका-४ का महेन्द्र खड्काले पत्नीलाई घरबाट निकाली ०५३ माघ १३ गते इटहरीकै एक महिलासंग दोस्रो विवाह गरे। प्रहरीले २ दिन थुनेर पीडकलाई त्यत्तिकै छाडिदिएको छ। पहिली पत्नी अम्बिका ३ बच्चासहित अलपत्र परेकी छिन्।

धरान नगरपालिका-१० सैनिकचोकका हिम लिम्बूले पत्नी मीना घरमा हुँदाहुँदै ०५४ साउन २ गते भापाकी दीपा राईलाई विवाह गरे।

भोक्राहा गाविस-६ का २२ वर्षीय रामेश्वर मण्डलले पत्नी हुँदाहुँदै ०५४ भदौ २६ गते सोही ठाउँकी एक महिलालाई विवाह गरी घरमा भित्र्याए। पहिली पत्नीलाई घरबाट निकालिदिएकाले माइत मै बस्न बाध्य छिन्।

धरान नगरपालिका-१५ निरन्जन बस्तीका राजेन्द्र पाठकले घरमा पत्नी हुँदाहुँदै ०५४ असोज ७ गते तुलसा

हत्या गरिएकी कल्पना श्रेष्ठको विभत्स लास

लिम्बूलाई दोस्रो पत्नीका रूपमा विवाह गरे। राजेन्द्र फरार छन् भने तुलसालाई प्रहरीले लुकेर बसेको स्थानबाट पक्राउ गरेको छ।

धरान नगरपालिका-१० बस्ने २७ वर्षीय प्रेम गुरूङले घरमा पत्नी हुँदाहुँदै तरहरा गाविसकी ३१ वर्षीय मीनाकुमारीसंग ०५४ कार्तिक २१ गते विवाह गरी फरार भए।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, भुमा, बोक्सी र देहव्यापार)

पाँचकन्या गाविस-८ का पूर्णबहादुर राईले सोही गाविसकी एक महिला पृथ्वीमाया राईलाई ०५४ वैशाख १ गते बोक्सीको आरोप लगाई कुटपिट गरे र घरबाट समेत निकालिदिए। पीडकलाई प्रहरीले पक्रेको छ।

४.४ गर्भ पतन

धरान नगरपालिका-१५ ध्रुवज्योति पथकी १८ वर्षीय एक महिलालाई कुमार तामाङ, दोकी दमिनी र साइँली वज्यैनीले ०५४ असोज २५ गते कुटपिट गरी ९ महिनाको गर्भ पतन गराइदिए। पीडकहरू सबै धरौटीमा छुटेका छन्।

प्रहरी भिडन्तमा मारिएका अज्ञात डाँका

भरौल गाविस-३ को विष्णु राणाले १८ वर्षीय निर्मला अधिकारीलाई विवाह गर्ने आश्वासन दिएर शारीरिक सम्बन्धसमेत कायम गरी गर्भ रहन गएपछि विवाह गर्न अस्वीकार गरे। त्यसपछि भनाभन भई कुटाकुट हुँदा निर्मलाको ४ महिनाको गर्भ

पतन भएको छ। पीडक थुनामा परेका छन्।

यो वर्ष यस जिल्लामा गर्भ पतन गराउँदा १ महिलाको मृत्यु भयो।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

धुस्की गाविस-७ का ७ वर्षीय वालक दिपु मलाहालाई भारतमा लगी वेच्ने भारत, फारविसगन्जका ३५ वर्षीय महमद कादिरलाई प्रहरीले पक्राउ गरेको छ। घरमा कोही नभएको वेला ०५३ पुस २२ गते कादिरले उक्त वालक चोरी लगेका थिए।

मधेशा गाविस-६ का ६ वर्षीय एक वालकलाई ०५४ जेठ २८ गते सोही ठाउँका ३० वर्षीय वद्रीनारायण धोवीले यौन दुर्व्यवहार गरे। पीडकलाई प्रहरीले पक्राउ गऱ्यो। पीडितलाई उपचारका लागि अस्पताल पुऱ्याइएको थियो।

६. आर्थिक अधिकार
(पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्वन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

जानकारीमा आएन।

८. घटना सम्वन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

०५३ माघमा सम्पन्न उपनिर्वाचनको क्रममा सत्तापक्षवाट धाँधली गर्न खोजेको आरोप नेकपा (एमाले) ले लगाएको थियो।

९. अतिरिक्त जानकारीहरु
(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्वन्धित)

धरान नगरपालिका-१७ लोसेटोलका २५ वर्षीय अशोककुमार राईलाई ०५३ पुस २८ गते सोही ठाउँका मानवहादुर जोगी र ध्रुवकुमार राईले खुकुरी प्रहार गर्दा फोक्सो समेत छेडिन पुगेको छ। ध्रुव फरार छन् भने जोगी पक्राउ परेका छन्।

धरान नगरपालिका-८ डेरा गरी वस्ने ३२ वर्षीय रामकुमारी राईको धरानमा क्लिनिक भएका वि.एन. चौधरीले गर्भ पतन गराइदिएपछि अत्याधिक रक्तश्रावका कारण ०५३ माघ २४ गते मृत्यु भयो। घटनाको उजुरीपछि प्रहरीले पीडकलाई पक्राउ गऱ्यो।

दुहवी गाविस-१ का ६० वर्षीय स्मन मियालाई सोही ठाउँकी हसिना मियाले ०५३ चैत १० गते दिउँसो मुङ्ग्रोले हिर्काइ हत्या गरिन्। मृतककी पत्नी र हसिना वीच झगडा भएपछि छुट्याउन गएका स्मनको घटनास्थलमै मृत्यु भएको थियो। पीडकलाई केही राजनीतिक व्यक्तिले लुकाएको र घटना थामथुम पार्न लागेको पीडित पक्षको गुनासो छ।

कप्तानगञ्ज गाविस-१ मा ०५४ वैशाख ३१ गते राति १२ वजे प्रहरी र डाँकाहरूको समूहवीच दोहोरो भिडन्त हुँदा प्रहरीको गोलीवाट ३ जना नाम थाहा नभएका डाँका मारिए। अरू डाँका फरार भए। डाँकाहरू भारतीय जस्ता देखिन्थे। मृतक डाँकाहरूको सनाख्त हालसम्म हुन सकेको छैन।

धरान नगरपालिका-१४ तीनधारे वस्ने २० वर्षीय कृष्ण वान्तवाको ०५४ जेठ २ गते धरान, विराटनगर चल्ने ना.अ.ख. १३४७ नं. को यात्रु वसमा लास भेटियो। सोही वसका कन्डक्टर रहेका कृष्णको उक्त लास सम्वन्धमा अनुसन्धान जारी रहेको प्रहरीले वताएको छ।

इटहरी नगरपालिका-४ वस्ने १८ वर्षीय सूर्यबहादुर विश्वकर्मालाई यात्रुको पाकेट मारेको निहुँमा केही स्थानीय व्यक्तिहरूले ०५४ असार ४ गते कुटपिट गरेकोमा सोही रात उनको मृत्यु भयो। पीडकहरू सवै फरार छन्।

धरान नगरपालिका-१९ की ३५ वर्षीय लक्ष्मीकुमारी लिम्बूलाई ०५४ असार १७ गते राति अज्ञात व्यक्तिहरूले हत्या गरे। अनुसन्धानका लागि प्रहरीद्वारा घरमा काम गर्ने मिस्त्री रोहित लामा र नरेशसिंह राजपुतलाई पक्राउ कारागारमा राखिएको छ।

धरान नगरपालिका-१६ की १३ वर्षीय कल्पना श्रेष्ठलाई सोही ठाउँका २६ वर्षीय भरतराज श्रेष्ठले ०५४ साउन २५ गते खुकुरीले हिर्काइ हत्या गरे। पीडकको मानसिक सन्तुलन ठीक थिएन। पीडक थुनामा रहेका छन्।

पाँचकन्या गाविस-५ देउराली वस्नीका ६८ वर्षीय केशरानी लिम्बूलाई सोही गाविसका २५ वर्षीय सुस्वरानी लिम्बूले ०५४ भदौ ७ गते घरको टाँडमा वसिरहेका वेला घचेडिदिंदा तत्काल मृत्यु भयो। पीडक पक्राउमा परी जिल्ला अदालतको आदेशले थुनामा रहेकी छिन्।

हाँसपोस गाविस-९ का १५ वर्षीय भीममाया पुरीलाई सोही ठाउँकी नैनकुमारी लिम्बूले ०५४ भदौ २९ गते खुकुरी हानी हत्या गरिन्। पीडक पतिसहित पक्राउ परेकी छिन्। नैनकुमारी लिम्बूलाई सुनसरी जिल्ला अदालतको आदेशले पुर्पक्षको लागि विराटनगर कारागारमा राखिएको छ।

प्रकाशपुर गाविस-७ का २३ वर्षीय केदार थापालाई ०५४ मंसिर ७ गते जग्गा विवादमा काकाको छोराले खुकुरी प्रहार गरी हत्या गरे। पीडकलाई प्रहरीले पक्राउ गऱ्यो।

अमडुवा गाविसमा प्रहरीको गोलीवाट १ भारतीय डाकाको ०५४ कार्तिक २० गते मृत्यु भयो।

यस वर्ष यो जिल्लामा व्यक्तिगत रीसइवीका कारण भएको कुटपिटवाट २० जना र डकैतीवाट १ जना पीडित भए। ट्राफिक दुर्घटनावाट ८ जना, डुवेर २ जनाको मृत्यु भयो। २७ महिला र २६ जना पुरूषसमेत ५३ जनाले आत्महत्या गरे। जसमा १ नावालक र १ नावालिकासमेत रहेका छन्। ●



१. पूर्वाञ्चल

कोशी

१.७ धनकुटा

जनसंख्या	: १४६३८६
साक्षरता	: ४९ प्रतिशत
महिला साक्षरता	: ३३.५ प्रतिशत
क्षेत्रफल	: ८९१ वर्ग कि.मी.
गाविस/नपा	: ३५/१
निर्वाचन क्षेत्र	: २
विद्यालय/क्याम्पस	: २६२/३
अस्पताल/स्वास्थ्यचौकी	: १/३७
टेलिफोन लाइन	: ७६९
सडक (कि.मि.)	: ७६
प्रहरी कार्यालय	: २५
हुलाक	: ३७

छिन्ताङ काण्डका कारण अत्याधिक चर्चामा आएको धनकुटा तुलनात्मक रूपमा अन्य पहाडी जिल्ला भन्दा विकासका दृष्टिले अगाडि देखिन्छ। पाख्रिवास कृषि केन्द्रका कारण पनि चर्चित यो जिल्लामा राज्यस्तर भन्दा पनि जनताको अशिक्षा र चेतनाको अभावका कारण वर्षेनी मानवअधिकार उल्लंघनका घटनामा वृद्धि भइरहेको पाइन्छ।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

वि.सं. २०४५ सालमा आएको भूकम्पले पुरानो जेल भत्केपछि जिल्ला अदालतको भवनलाई नै जेलको रूप दिइएकोमा अद्यापि त्यहीं जेल कायम छ। क्षमता नतोकिएको यो जेलमा कहिले काहीं धेरै बन्दी राख्दा बन्दीहरूले ज्यादै कष्ट भोग्नुपरेको पाइन्छ। महिला बन्दी गृह नै नभएका कारण कुनै महिलालाई राख्नु पऱ्यो भने अध्यारो कोठामा थुनेर राख्नुबाहेक अर्को विकल्प छैन।

सुरक्षा गार्ड बस्ने बुर्जा नै छैन। भान्छाघरको छानो कुनै पनि वेला लड्नसक्ने अवस्थामा छ। हाल यस जेलमा थुनुवा ८ जना र बन्दी २५ जना गरी जम्मा ३३ जना रहेका छन्। महिला तथा केटाकेटी जेलभित्र छैनन्। जेलभित्र १७ वटा तान संचालन गरेर विभिन्न कपडा उत्पादन गरिए पनि बजारको अभावले निराश बनाएको गुनासो मानवअधिकार रेडियो स्रोता क्लबका अध्यक्ष डिल्लीसेर राई बताउँछन्। टी.भी., चेस, क्यारेमबोर्ड, लुँडो र अन्य मनोरञ्जनका सामान जेलभित्र भए पनि पत्रिकाको व्यवस्थाचाहिं छैन। वर्षायाममा खानेपानीमा लेदो आउने गर्छ।

जेलको जीर्ण अवस्था र उचित आवासको व्यवस्थासमेत नभएका कारण आफूले मानसिक यातना भोगिरहेको दुखेसो जेलर यज्ञप्रसाद आचार्यको छ। तर पनि आफूले सक्दो प्रयास गर्न नछाड्ने कुरा उनी बताउँछन्।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

९ वाम समूहहरूद्वारा आयोजित ०५४ असोज १ र २ गतेको बन्दको सिलसिलामा स्वतन्त्र आवतजावत गर्न पनि रोक लगाइयो। अघिल्लो दिनको मसाल जुलुस निकाल्न दिइएन र लालबहादुर नेपालीलगायत्का ७ जनालाई घोक्राड-मुन्टाइ हिरासतमा राखियो। निर्दोष बटुवाहरुलाई पनि उक्त दिन थुनछेक गर्ने काम भयो। उनीहरू सबैलाई असोज २ गते बेलुका छोडियो।

महाभारत गाविस-९ नातोपानीका वेदबहादुर थापालाई ०५४ पुस २ गते जग्गा सम्बन्धमा अदालतमा मुद्दा चलिरहेकै वेला प्रहरीले गैरकानूनीरूपमा पक्राउ गरी २ रात हिरासतमा राख्यो।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

हात्तीखर्क गाविस-४ का कुलबहादुर विश्वकर्मालाई अर्को पार्टीमा प्रवेश गरेको आरोपमा सोही गाउँका कृष्णहाङ

घटनाको प्रकृति	घटना संख्या १९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	–	–	–
हिरासतमा यातना	५	–	२
बलात्कृत	२	३	२
आत्महत्या	६	७	२

लिम्बूले ०५४ वैशाख २० गते कुटपिट गरी ज्यान मार्ने धम्की समेत दिए।

आँखिसल्ला गाविस-२ स्थित सिंहदेवी प्रा.वि.मा शिक्षण कार्य गर्ने जगदीश यादवलाई ०५४ जेठ १९ गते साम्पिङटारका मानबहादुर मगरलगायत्का व्यक्तिहरूले घरमा सुतिरहेका बेला मरणासन्न हुने गरी कुटपिट गरी फरार भए। जनताले मारन लुछिएको देखिन्थ्यो।

परेवादिन गाविस-८ का ३० वर्षीय मिङ्मा शेर्पाले ताखुवा गाविस-९ का फुर्दा शेर्पालाई ०५४ को स्थानीय निर्वाचनमा एमालेलाई विजय गराउन सघाएको भनी ०५४ असार ११ गते केही अन्य व्यक्तिसहित लाठा र खुकुरीले आक्रमण गरी घाइते बनाए। पीडकहरू ५ हजार रुपैयाँ धरौटी राखी छुटेका छन्।

आँखिसल्ला गाविस-६ बस्ने धनशेर राई, भगतमान राई र कान्छु राईले राजनीतिक प्रतिशोधका कारण ०५४ असार १२ गते हिंडिरहेका बेला सोही गाविसका धनप्रसाद राईलाई बाँसको भाटा र लाठीले पिटे। प्रहरीमा उजुरी गरिए पनि पीडकहरूलाई कुनै कारबाही गरिएन।

नेपाल पत्रकार महासंघका केन्द्रीय पार्षद् तथा धनकुटा शाखाका उपसभापति दर्शन निराशीलाई समाचार संकलनका सिलसिलामा गएका बेला ०५४ साउन ८ गते जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक शिवप्रसाद मण्डलले जथाभावी धम्की दिई कार्यालय हाताबाट बाहिर निकाले।

मुढेवास प्रहरी चौकीमा दरबन्दी भई हाल बूढी मोरङको मूलघाट प्रहरी चौकीमा कार्यरत असड शिवराज चाम्लिङलाई धरानबाट पिकनिक आएका केही व्यक्तिहरूले ०५४ कार्तिक ३० गते कुटपिट गरे। राजा राई, खेम गुरुङ, पुरन बुढाथोकी र चन्द्र राईलाई प्रहरीले हिरासतमा लिएकोमा ०५४ मंसिर ११ गते राज राई र खेम गुरुङ तारेखमा छुटे भने अन्य २ लाई शुरूमै सफाइ दिइएको थियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

बेलाहरा गाविस-२ की १८ वर्षीय सुन्तलीमाया तामाङलाई पनि भीमबहादुर र सौता इन्दुमायाले ०५३ पुस २० गते कुटपिट गरी घरबाटै निकालिदिए। अहिले पीडित माडनी गाउँमा शरण लिएर बसेकी छिन्। पीडितले अंश भराइ पाउन मुद्दा दायर गरेकी छिन्।

सान्ने गाविस-६ की १५ वर्षीय एक युवतीलाई ०५३ माघ २४ गते पाखिबास बजारबाट एक कि.मि. टाढा बोकेर लगी हिले बजारका दीपक तामाङ, झमक सुब्बा, कृष्ण तामाङ, फम तामाङ, संजीव तामाङ, कुमार श्रेष्ठ, दीपेन राई, झपेन्द्र राई, राजु तामाङ र रामबहादुर तामाङले सामूहिक बलात्कार गरे। पीडकहरू गिरफ्तार भए।

आहाले गाविस-३ घर भई धनकुटा नगरपालिका-६

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
हत्या	३	२	१	३				
गिरफ्तारी र यातना	३	९		९	३	९		९
कुटपिट	२२	१८	४	२२				
धम्की	१	१		१				
बलात्कार	२		२	२				
बहुविवाह	१		१	१				
आत्महत्या	२	१	१	२				
दुर्घटनाहरू/विपत्तिहरू	५	१	४	५				
जम्मा	३२	३२	१३	४५	३	९		९

बस्ने ५२ वर्षीय अशोक राईले घरमा सुसारे बसेकी १४ वर्षीय एक बालिकालाई बलात्कार गरेपछि पीडिनले उजुरी गरिन्। त्यसपछि ०५४ असार ३ गते प्रहरीको रोहवरमा अशोकले ती बालिकालाई पत्नी स्वीकारेका पनि छन्।

४.२ पारिवारिक हिंसा र वहुविवाह

मुगा गाविस-८ का २६ वर्षीय जिनवहादुर तामाङले घरमा पत्नी हुँदाहुँदै सोही ठाउँकी २० वर्षीय कमला थापालाई ०५४ असार २ गते दोस्री पत्नीका रूपमा भित्र्याए। पीडक जनप्रतिनिधि पनि हुन्।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

जानकारीमा आएन।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

जानकारीमा आएन।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

मुगा गाविस-३ की ४५ वर्षीय सुक्रिमाया परियारको ०५४ जेठ १९ गते राति ११ वजेतिर पाख्रिवास गाविस-३ स्थित जाल्पादेवी मा.वि.को पुरानो भवनको चोरनजिक अज्ञात व्यक्तिद्वारा हत्या गरिएको लास फेला पर्‍यो। उक्त महिलाको

धनकुटा जेलको अग्र भाग

हत्या सम्बन्धमा प्रहरीले पाख्रीवास-२ का नेत्रवहादुर कट्टेल र मुगा-२ का डम्वरवहादुर सार्कीलाई पुर्पक्षका लागि थुनामा राखेको छ।

मुगा गाविस-४ का २७ वर्षीय वासुदेव राउनलाई ०५४ साउन १६ गते आफ्नै जेठान तिलकवहादुर कार्कीले हत्या गरे। आत्महत्या भनिएको उक्त घटना हत्या भएको भेद खुलेपछि पीडकहरू पुर्पक्षका लागि थुनामा छन्।

डाँडागाउँ गाविस-४ खड्काटोलका देविबहादुर

कुटपिटबाट घाइते विमल श्रेष्ठ

पाँचकोटीले ३५ वर्षीय शंकर थापालाई ०५४ मंसिर १३ गते आपसी झगडा हुँदा कुटपिट गरे। सोही कुटपिटका कारण मंसिर १५ गते थापाको मृत्यु भयो।

यस वर्ष यो जिल्लामा व्यक्तिगत रीसइवीका कारण भएका १० वटा कुटपिटका घटनावाट १७ जना पीडित भए। दुर्घटनावाट ५ जनाको मृत्यु भयो। २ जनाले आत्महत्या गरे।



१. पूर्वाञ्चल

कोशी

१.८ तेह्रथुम

जनसंख्या	: १०२८३०
साक्षरता	: ५५.४ प्रतिशत
महिला साक्षरता	: ३७.८ प्रतिशत
क्षेत्रफल	: ६७९ वर्ग कि.मी.
गाविस/नपा	: ३२/०
निर्वाचन क्षेत्र	: १
विद्यालय क्याम्पस	: २०२/७
अस्पताल स्वास्थ्यचौकी	: १/३१
टेलिफोन लाइन	: १८८
सडक (कि.मि.)	: २६
प्रहरी कार्यालय	: ११
हुलाक	: ३४

नेपालकै सबभन्दा लामो झरना ह्यातुङ, पर्यटकीय दृष्टिले महत्वपूर्ण स्थान मेन्सनधाप, मार्गेपाखरी, तीनजुरे जस्ता स्थानहरु रहेको तेह्रथुम सानो दुर्गम पहाडी जिल्लाका रुपमा चिनिन्छ। सबैभन्दा बढी लालीगुराँसका प्रकार पाइने तीनजुरे डाँडाका कारण पनि यो जिल्ला प्रख्यात छ। राजनीतिक भन्दा व्यक्तिगत रीसइबीका कारण यहाँ मानवअधिकार उल्लंघनका धेरै घटना हुने गरेका छन्।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

जिल्लाको सदरमुकाम म्याङलुङमा रहेको जेल "च" श्रेणीको जेल हो। भौतिक स्थिति राम्रै रहेको यो जेलमा हाल विभिन्न अभियोगमा राखिएका बन्दी र थुनुवा गरी २४ जना छन्। जसमा १४ पुरुष कैद तोकिएका छन् भने ५ पुरुष थुनुवा छन्। ५ महिला कैद तोकिएका छन्। प्लाष्टिकको छाना हाली घरेलु व्यवसाय गर्दै आएका बन्दीहरु छाना पक्की गरिनुपर्ने, पूर्वपट्टिको पर्खाल तत्काल निर्माण गर्नुपर्ने, अध्ययन कोठाको व्यवस्था गरिनुपर्ने, महिला बन्दीका लागि छुट्टै घुमफिर गर्ने स्थानको व्यवस्था हुनुपर्ने माग गर्दछन् भने जेलर दशरथ रूम्दाली बन्दीहरुको माग उचित भएको स्वीकार्नुहुन्छ। जेलकै तर्फबाट गर्न सकिने कामहरु गर्न बाँकी नराखिएको धारणा उहाँको छ।

यस जेलमा १ देखि ३ वर्षसम्मका थुनुवा २ जना रहेका छन् भने बालबालिकाहरु छैनन्।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

लसुने प्रहरी चौकीका प्रहरी रामकिशोर सानाकारलाई ०५४ असार ३ गते हातपात गरेको आरोपमा ईश्वर श्रेष्ठ, जीतबहादुर खड्का र रघुवीर चौधरीलाई प्रहरीले गिरफ्तार गऱ्यो। उनीहरुलाई सार्वजनिक अपराधअन्तरगत मुद्दा लगाई तारेखमा रिहाइ गरिएको छ।

म्याङलुङ बजारमा आतंककारी विधेयकको विरोधमा ९ वाम पार्टीद्वारा ०५४ असोज २ गते कोणसभा गरिरहेका बेला नेपाल राष्ट्रिय जनमोर्चा, तेह्रथुमका नेता तथा कार्यकर्ता भक्त थापा, पुष्प गिरीलगायत्का व्यक्तिहरुलाई झण्डा, ब्यानर, माइकसहित गिरफ्तार गरी सोही दिन दिउँसो छाडियो।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

जलजले गाविस-५ की २८ वर्षीय सरिता पुर्कुटीलाई वडाअध्यक्षका उम्मेदवार चन्द्र लिम्बूकी पत्नी विष्णुमाया लिम्बूले आफ्नो पतिलाई भोट नदिएको भनी ०५४ असार १५ गते घरैमा गई कुटपिट गरिन्। पीडकउपर उजुरी दिइएकामा प्रहरीले सार्वजनिक मुद्दा चलाएकोमा केही दिनपछि छोडिदिएको छ।

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	-
हिरासतमा यातना	१	३	-
बलात्कृत	१	-	-
आत्महत्या	५	३	१३

वसन्तपुर गाविस-४ स्थित हरि किराँतको होटलमा नेकपा (एमाले) का प्रतिनिधिहरू राजनीतिक सरसल्लाह गरिरहेका बेला ०५४ साउन २ गते विराटनगर घर भई बसन्तपुरमा पसल गरी बस्ने गंगा प्रधान र हरेन्द्र बुढाथोकी एक्कासि प्रवेश गरी लक्ष्मण तिवारी र रणविक्रम लिम्बूमाथि आक्रमण गरे। कानूनी कारवाहीका लागि पीडित पक्षले उजुरी दिएको छ। पीडकलाई कुनै कारवाही भएको छैन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

यस जिल्लामा रहेका ३२ वटा गाविसहरूमा ०५४ जेठ १३ गतेसम्म स्थानीय निर्वाचनमा ६८ हजार १ सय ९१ जना मतदाताहरू मध्ये ५० हजार २ सय ६२ जनाले मतदानमा भाग लिए। उमेर पुगेका ३ हजार जनाको नामावली छुट भएकोले उनीहरू मतदानबाट वञ्चित भए।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

तेह्रथुम जिल्ला अदालतमा ३ वर्षदेखि छिनिन बाँकी मुद्दाहरू छैनन्। २ वर्षदेखिका फैसला हुन बाँकी मुद्दाहरू ५ वटा रहेका छन्। १ वर्ष पुगेका मुद्दाहरूमा १४ वटा रहेका छन्। ६ महिनासम्म नछिनिएको मुद्दाहरू १७ वटा, फौजदारी संक्षिप्त कार्यविधि ५ वटा, सरकारवादी ६ वटा र देवानी २९ वटा गरी तेह्रथुम जिल्ला अदालतमा जम्मा १ सय ११ वटा मुद्दा रहेका छन्।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

२०५१ सालमा गठित सुकुम्बासी समस्या समाधान आयोगमा जिल्लाभरका ६ सय २० जना सुकुम्बासीले आवेदन दिएकामा ५ गाविसका ४३ परिवारलाई जग्गाधनी प्रमाणपूर्जा वितरण गरिएको छ। अन्य सुकुम्बासीले केही पाउन सकेका छैनन्।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

जानकारीमा आएन।

४.२ पारिवारिक हिंसा र बहुविवाह

थोकलुङ गाविस-९ का २५ वर्षीय पुण्यप्रसाद दंगालले ओयाकजुङ गाविस-७ बस्ने कमलादेवी ढकालसंग ०५३ फागुन २ गते दोस्रो विवाह गरे। पीडित जेठी पत्नीका तर्फबाट अदालतमा मुद्दा दायर भएको छ।

म्याङलुङ गाविस-५ का २५ वर्षीय दशरथ नेपालले २ छोरा, १ छोरी र पत्नी घरमा हुँदाहुँदै ०५४ असार १९ गते छिमेकी गुमा भण्डारीसंग दोस्रो विवाह गरे। पीडितले कारवाहीका लागि उजुरी गरेकी छन् भने पीडकहरू फरार छन्।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार

(देउकी, झुमा, बोक्सी र देहव्यापार)

थोकलुङ गाविस-३ की सुनिता लिम्बूलाई आफ्नै जेठाजु यामबहादुर लिम्बू र जेठानी ईश्वरामाया लिम्बूले ०५४ साउन

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
गिरफ्तारी र यातना	२	१०		१०	१०	१०		१०
कुटपिट	११	९	४	१३				
मौलिक अधिकार	१	२		२				
महिला भएकै कारणले दिइने यातना	१		१	१				
बहुविवाह	२		२	२				
बालअधिकार	१		१	१				
चोरी/डकैती	१	१		१				
आत्महत्या	१३	७	६	- १३				
दुर्घटनाहरू/विपत्तिहरू	६	४	३	७				
जम्मा	३८	३३	१७	५०	१०	१०		१०

तेह्रथुम जेलको एक दृश्य

१८ गते सक्रान्ति गाविस-८ मा पर्ने सेपेनी जंगलमा लुगा सबै फुकाली नांगेभार पारेर कुटपिट गरे। सुनिताका पनि यहाँ नभएको र उनी अर्के केटासंग लागेका आशंकामा उक्त घटना भएको वनाइएको छ। पीडिनले कारवाहीका लागि प्रहरीमा उजुरी गरेकी छिन्।

आङदिम गाविसकी ३५ वर्षीय नरमायालाई बोक्सी भएको आरोपमा कुलं वहादुर लिम्बू, नरवहादुर लिम्बू लगायत ४ जनाले साँही गाविसका अध्यक्षको नेतृत्वमा ०५३ चैत १३ गते मोसो दल्ने, कुटपिट गर्ने र सिस्नो लगाइ यातना दिने कार्य गरे। पीडित न्यायका लागि जिल्ला प्रशासन कार्यालयमा ०५४ वैशाख १८ गते पुगिन्। जिल्ला प्रहरी कार्यालयले मिलापत्र गरायो।

४.४ गर्भ पतन

जानकारीमा आएन।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

जलजले गाविस-९ की १३ वर्षीय जानुकादेवी भट्टराईसंग सिम्ले गाविस-५ बस्ने २० वर्षीय धनकुमार लिम्बूले ०५३ चैत ४ गते विवाह गरेकामा माइती पक्षबाट वालविवाह भयो भनी उजुरी परेपछि लिम्बू पक्राउमा परे। उनी अदालतमा हाजिर गराइएपछि तारेखमा छुटेका छन्।

६. आर्थिक अधिकार
(पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्वन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

जानकारीमा आएन।

८. घटना सम्वन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु
(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्वन्धित)

यस वर्ष यो जिल्लामा व्यक्तिगत रीसइवीका कारण भएका कुटपिटका घटनाबाट १० जना र डकैतीबाट १ जना पीडित भए। ट्राफिक दुर्घटनाबाट ५ जना र डुबेर २ जनाको मृत्यु भयो। ७ जना पुरुष र ६ जना महिलासमेत १३ जनाले आत्महत्या गरे।



१. पूर्वाञ्चल
कोशी
१.१ भोजपुर

जनसंख्या	: १९८७८४
साक्षरता	: ४२.७ प्रतिशत
महिला साक्षरता	: २७.३ प्रतिशत
क्षेत्रफल	: १५०७ वर्ग कि.मी.
गाविस/नपा	: ६३/०
निर्वाचन क्षेत्र	: २
विद्यालय/क्याम्पस	: ३२२/२
अस्पताल/स्वास्थ्यचौकी	: १/४८
टेलिफोन लाइन	: १५६
सडक (कि.मि.)	: ०
प्रहरी कार्यालय	: १७
हुलाक	: ५९

कोशी अंचलमा पर्ने पहाडी जिल्ला भोजपुर दुर्गम तर प्राकृतिक सुन्दरताका हिसाबले मनमोहक जिल्ला हो। वालगुरु षडानन्दसंग सम्बन्धित ऐतिहासिक स्थल दिङ्ला यसै जिल्लामा पर्दछ। सडक यातायात अझै नपुगेको यस जिल्लामा अघिल्ला वर्षहरूका तुलनामा मादक पदार्थ सेवनका कारण हुने घटनामा वृद्धि भएका छन् भने आत्महत्या गर्नेको संख्या बढ्दो देखिएको छ। राजनीतिक प्रतिशोधका कारण हुने घटनामा भएको वृद्धिले मानवअधिकारको प्रसंगलाई हलुका तुल्याएको छ।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

साङपाङ गाविसका राजसभा स्थायी समिति सदस्य हरिवीरबहादुर राईलाई ०५३ माघ १ गते पाहुनाहरूसंग खाना खाइरहेका बेला केही नकावधारीहरूले गोली प्रहार गरी घाइते बनाएका छन्। उक्त कार्य माओवादीबाट भएको आशंका गरिएको छ।

१.२ जेल र बन्दीहरु

भोजपुर कारागार "घ" श्रेणीको कारागार हो। २५ जना बन्दी क्षमता रहेको यस कारागारमा हाल ६ महिलासहित ४५ जना रहेका छन्। यो जेलमा ३ जना नाबालकसमेत रहेका छन्। महिलातर्फ ५ वटा र पुरूषतर्फ ३० वटा कपडा बुन्ने तान रहेका छन्। सुत्नका लागि माटाको ढिस्को उठाएर अग्लो बनाइएको छ। क्यारेमबोर्ड, चेस र बन्दीहरूले आफैं किनेको एउटा टेलिभिजन यस कारागारमा छ। बिहान सात बजेअघि थुनुवा र बन्दीहरूलाई बाहिर निस्कन दिइँदैन। औषधी उपचारको व्यवस्था राम्रो नभएको गुनासो बन्दीहरूको रहेको छ। ०५४ कार्तिक २७ गते बन्दीहरूले विभिन्न माग राखी आन्दोलन गर्न लागेका बेला जिल्ला प्रशासन कार्यालय र स्थानीय जिल्ला विकास समितिद्वारा उनीहरूलाई सहमतिमा ल्याइएको थियो।

यस जेलमा बन्दी १५ पुरुष र ५ महिला तथा थुनुवा २१ पुरुष र १ महिला रहेका छन्। ३ वर्षभन्दा बढी समयका थुनुवा छैनन् भने १ देखि ३ वर्षसम्मका थुनुवाको संख्या १३ छ।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

बासीखोरा गाविस-१ का डिल्लीकुमार राईलाई वैकुन्ठे गाविस-८ का मोहनराम राईसंगको लेनदेनका सम्बन्धमा ०५३ माघ ६ गते प्रहरीले पक्राउ गरी मानेभञ्ज्याङ चौकीमा ल्याई राति आगोले पोल्ने, ३/४ टिन पानी खन्याउने र पिट्ने कार्य गऱ्यो। जबर्जस्ती लौरो मुखमा कोच्याउने कार्यसमेत प्रहरीले गरेको गुनासो पीडितको छ।

हेलौंछा गाविस-३ का चेतबहादुर गुरूङ र बोया गाविस-९ का मित्रबहादुर राईलाई ०५३ माघ १० गते चोरी गरेको आरोपमा प्रहरीले गिरफ्तार गरी ३ दिनसम्म लाठी, बुट र भाटाले हिर्काइ निर्मम यातना दिए।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

घटनाको प्रकृति	घटना संख्या १९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	-
हिरासतमा यातना	१	२	२
थुनामा मृत्यु	-	१	-
बलात्कृत	३	३	-
आत्महत्या	५	८	११

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

जबरजङ्ग गुल्म भोजपुरका सिपाहीहरूले भोजपुरकै विष्णुबहादुर खवासलाई ०५३ पुस २० गते बजारबाटै कुटपिट गर्दै, नाँगै पारी रगतपच्छे पार्दै क्याम्पभित्र लगे। उनीहरूले बजार तोडफोडसमेत गरेका थिए। सैनिकहरूले केटी जिस्क्याएको निहुँबाट उक्त घटना हुन पुगेको थियो।

लेखर्क गाविस-२ का दीपक राई र कुमार राईले ०५३ माघ ३ गते ओख्रे उपस्वास्थ्य चौकीमा गई त्यहाँ कार्यरत अहेबलाई कुटपिट र अफिस तोडफोड गरी औषधी लुट्ने कार्य पनि गरे। पीडकहरू फरार छन्।

भोजपुर बजारमा ०५३ फागुन १५ गते नेविसंघ जिल्ला कार्यसमितिका अध्यक्ष शक्तिराज राईको नेतृत्वमा रहेको २०/२५ जनाको जत्थाले अनेरास्ववियूका जिल्ला अध्यक्ष श्रीकुमार राई र केन्द्रीय सदस्य शेरधन राईलाई आक्रमण गरी कुटपिट गरे।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

मुल्के गाविसस्थित नेकपा (एमाले) को कार्यालयमा ०५४ वैशाख ४ गते बैठक बसिरहेको समयमा सुनिल निर्मिल्सिनाको नेतृत्वमा आएका एक हुलले बैठक खाता च्यात्ने, सहभागीहरूलाई कुटपिट गर्ने र धम्क्याउने कार्य समेत गरी बैठक लथालिङ्ग पारे।

हेलौंछा गाविस मतदान केन्द्रमा ०५४ जेठ १३ गते सम्पन्न स्थानीय निर्वाचनका दिन नेपाली कांग्रेस र नेकपा (एमाले) बीच विवाद हुँदा प्रहरीले विवाद शान्त पार्न हवाई फायरसमेत गरेको थियो।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लाको जिल्ला अदालतमा ३ वर्षमाथिका छिनिन बाँकी मुद्दाहरू सरकारवादी २ र साधारण देवानी ५ रहेका छन्। २ वर्षसम्म नछिनिएका मुद्दाहरूमा फौज्दारी १५, सरकारवादी ४ र साधारण देवानी ३१ रहेका छन् भने सबै किसिमका गरी १ वर्षसम्म नछिनिएका मुद्दाको संख्या ८९ रहेको छ।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

आर्थिक वर्ष ०५३/५४ मा ३ सय ९४ जना वृद्धहरूलाई वृद्ध भत्ता प्रदान गरियो। असहाय, विधवालाई भने समानुपातिक ढंगबाट भत्ता वितरण नगरिएको गुनासो आएको छ।

यस जिल्लामा सरकारी तथ्यांकअनुसार ३ सय ७१ परिवार सुकुम्बासी रहेका छन्।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

जानकारीमा आएन।

४.२ पारिवारिक हिंसा र बहुविवाह

यस वर्ष यो जिल्लामा १ जना महिलालाई उनका पतिले हत्या गरे।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय / अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

घटनाको प्रकारअनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
हत्या	१		१	१				
गोली	१	१		१				
जेल	१				१			
गिरफ्तारी र यातना	५	६		६	५	६		६
कुटपिट	३	५		५				
गर्भपतन	१	१		१				
जातीय छुवाछूत	१	२		२				
आतंक *	१			२००	१			२००
आत्महत्या	११	८	३	११				
जम्मा	२५	२३	४	२२७	७	६		२०६

४.४ गर्भ पतन

कोट गाविस-५ की ३० वर्षीय कमला श्रेष्ठले आफ्नो पति घरमा नभएको अवस्थामा आफ्नै काका ससुराको गर्भ बोकिन्। उनले सो गर्भ पतन गराइ ०५४ असोज २५ गते आफ्नै घरछेउको मल खाडीमा गाडिन्। कमला पक्राउमा परेकी छिन्। त्यस्तै अर्को एक गर्भ पतनको घटना सार्वजनिक भएको भए पनि पीडकमध्ये कसैलाई कारवाही भएन।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार
(पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

यस जिल्लामा मजदुरी गर्ने पुरूष र महिलामा व्यापक भेदभाव गरिने परिपाटी विद्यमान छ। पुरूषलाई दैनिक ५० रूपैया ज्याला दिइन्छ भने समान कार्य गर्ने महिलालाई त्यसको आधा मात्र दिइन्छ। पेशागत संगठन र कलकारखाना यस जिल्लामा छैनन्। जसका कारण खास आर्थिक कारोबारसंग सम्वन्धित घटना भएका छैनन्।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु
७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

यस जिल्लामा हलिया प्रथाले राम्रैसंग जरो गाडेको छ। केही समय जोनिदिने र त्यसबापत केही अन्न तथा पैसा दिने चलन यहाँ विद्यमान छ। हलियाहरू शोषणको शिकार भएका गुनासा वारम्वार सुनिने गरेको छ।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

देउराली गाविस-३ स्थित सिंहगैया भगवतीको मन्दिरमा भाकलअनुरूप पूजा गरी परेवा चढाउन गएका सोही ठाउँका दुर्गवहादुर विश्वकर्मा र डिल्ली विश्वकर्मालाई उक्त मन्दिरकै पुजारी चन्द्रप्रसाद घिमिरेले ०५४ मंसिर १९ गते धम्क्याउने कार्य गरी सोही झोकमा आफूसमेत पूजा नगरी फर्के। अहिले दुवै पक्षले आफ्नो अधिकार रक्षाका लागि अदालतमा मुद्दा पेश गरेका छन्।

८. घटना सम्वन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

भोजपुर वहुमुखी क्याम्पसको नयाँ भवन उद्घाटन गर्ने क्रममा ०५४ पुस १० गते आउनुभएका त्रिभुवन विश्वविद्यालयका उपकुलपति डा. कमलकृष्ण जोशीलाई नेविसंघका केही विद्यार्थीहरूले कालो झण्डा देखाउने र गाली गलौज गर्ने कार्य गरे। पोष्टरिङ पनि गरिएको थियो।

९. अतिरिक्त जानकारीहरु
(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्वन्धित)

भोजपुर गाविसका वलराम तामाङले ०५३ पुस २६ गते घरायसी झै-झगडाका कारण आफ्नै पत्नी सुनमाया तामाङलाई घाँटी अँठ्याइ हत्या गरे। पीडक भागिरहेका वेला प्रहरीले पक्रेको छ।

यस वर्ष यो जिल्लामा व्यक्तिगत रीसइवीका कारण भएका कुटपिटबाट १९ जना पीडित हुन पुगे। ३ वटा डकैतीका घटना भए। यो वर्ष ८ जना पुरूष र ३ जना महिलासमेत ११ जनाले आत्महत्या गरे भने वाढी, पहिरो, आगलागी जस्ता विपत्तिका घटनाहरू १४ वटा भए।

●



१. पूर्वाञ्चल

कोशी

१.१० संखुवासभा

जनसंख्या	: १४११९०३
साक्षरता	: ४८.१ प्रतिशत
महिला साक्षरता	: ३२.१ प्रतिशत
क्षेत्रफल	: ३४८० वर्ग कि.मी.
गाविस/नपा	: ३३/१
निर्वाचन क्षेत्र	: २
विद्यालय/क्याम्पस	: २८९/५
अस्पताल/स्वास्थ्यचौकी	: १/३९
टेलिफोन लाइन	: २००
सडक (कि.मि.)	: ०
प्रहरी कार्यालय	: २३
हुलाक	: ३८

कोशी अंचलको यो दुर्गम पहाडी जिल्लामा विश्वके होचो अरूण उपत्यकाको अधिकांश भाग रहेकाले विशेष चर्चित छ। जैविक विविधताका दृष्टिले अत्यन्त आकर्षक यो उपत्यकामा विश्वकै बढी जातका पुतली र विभिन्न पंक्षीहरू पाइन्छन्। अरूण विद्युत आयोजनाका कारण चर्चित यो जिल्लाको चैनपुरमा बन्ने कलात्मक भाँडाहरू सर्वत्र प्रख्यात छ। यस वर्ष असिना धेरै परेका कारण पनि यो जिल्ला चर्चामा आयो। व्यक्तिगत रीसइबी र मादक पदार्थ सेवनका कारण यहाँ मानवअधिकार उल्लंघनका घटना धेरै हुने गरेका छन्। राज्य पक्षबाट पनि मानवअधिकारप्रति खासै ध्यान दिइएको देखिदैन।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

यस जिल्लाको सदरमुकाम खाँदवारी स्थित जेल "घ" श्रेणीको जेल हो तर यसलाई हाल "च" श्रेणीमा राखिएको छ। २५ जना बन्दी अटाउन सक्ने क्षमता भएको यस जेलमा ४४ जना पुरुष र महिलातर्फ ९ बन्दी छन्। पुरूषमा २२ जना कैद तोकिएका छन् भने बाँकी सबै कैद नतोकिएका छन्। त्यस्तै महिलातर्फ कैद तोकिएका ६ जनामात्र छन्। २ जना बालबालिका बन्दी महिलासँगै आश्रितका रूपमा रहेका छन्।

सबै बन्दीका लागि दिउँसो शौचालयको सुविधा छ। तर रातका लागि महिलाहरूको एउटा कोठामा मात्र सो सुविधा उपलब्ध छ भने पुरूषका लागि राति शौचालय नै छैन। अदालत चैनपुरमा हुँदा खाँदवारीबाट त्यहाँसम्म जान/आउन निकै कठिनाइ परेको गुनासो कैदीहरूको छ। प्रतिदिन रू. १० पाउने कैदीले अदालत जाँदा दैनिक ५० रूपैयाँ त खानामै खर्च गर्नुपर्दा हैरान हुने गरेको गुनासो छ।

टोपी बुन्ने तान र चोलो बुन्ने तानमा सिप हुने कैदीहरू उत्साहका साथ लागिरहेका छन्। यस जेलमा डेढ वर्षदेखि राज्यविरूद्धको अपराधको अभियोगमा थुनुवा रहेका कृष्ण राईलाई उनका आफन्तले पढ्न भनी ल्याइदिएका किताब पनि पढ्न नदिएको गुनासो राईले गरे।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

जानकारीमा आएन।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

आँखीभुई गाविसको मतदान केन्द्र रहेको स्थान अमरूवा माविमा मतदान कार्य समाप्त भइसकेपछि ०५४ जेठ १३ गते अपराह्न ५.३० बजे स्थानीय शिक्षक हृषिकेश चापागाईलाई सोही गाविस-९ का महेश कार्की, रमेश लिम्बुखिम, आशाराम जिमी, केशराम जिमी, टीकाराम लिंखालगायत्का ७/८ जना व्यक्तिले कुटपिट गरेका थिए।

सिद्धपोखरी गाविस-३ का मच्छिन्द्र लिम्बू, राजेन्द्र लिम्बू र चेतमान लिम्बूलाई ०५४ जेठ १३ गते सोही ठाउँका केन्द्रहाङ लिम्बू, हरिप्रसाद लिम्बू, धनबहादुर, मनिलाल,

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	-
हिरासतमा यातना	-	-	-
बलात्कृत	-	२	२
बाबुद्वारा	-	१	-
हजुरबाबुद्वारा	-	-	१
आत्महत्या	६	५	९

गणेशप्रसाद लिम्बूलगायत्‌का व्यक्तिहरूले राजनीतिक प्रतिशोधका कारण खुकुरी प्रहार गरी घाइते बनाए। पीडकहरूमाथि ज्यान मार्ने उद्योगअन्तर्गत कारवाही अघि बढाइएको छ।

जलजला गाविस-६ स्वानी गाउँका टेकबहादुर वि.क.की बहिनीको विवाह कार्यक्रम भइरहेको बेला ०५४ जेठ २९ गते राति १ बजे सोही गाविसका दावा छिरिङको नेतृत्वमा आएको एक जत्थाले झगडा गरी बाजाहरू तोडफोड गऱ्यो भने दावा छिरिङ पनि घाइते भए।

स्वाँदवारी नगरपालिका-८ की वडा सदस्य ३८ वर्षीय कामनादेवी तामाङलाई सोही वडाका रत्नबहादुर लामा र रनबहादुर तामाङले ०५४ जेठ ३२ गते साँझ तुरुन्त राजीनामा दे, नत्र तँलाई मार्छौं भनी खुकुरी झिकी धम्क्याए। दुवै पक्षबीच पछि जिल्ला प्रहरी कार्यालयमा मिलापत्र भयो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लाको न्यायिक निकाय सदरमुकामभन्दा ६ कोष टाढा हिँड्नुपर्ने ठाउँमा रहेका कारण केदीहरू र सर्वसाधारणलाई कठिनाई परिरहेको छ। सम्पूर्णजसो कार्यालयहरू सदरमुकाममा रहेका कारण यता र उता धाउनुपर्ने बाध्यताले सम्बन्धितहरूलाई न्याय पाउन ढिलो भइरहेको महसूस गर्न थालिएको छ।

यहाँको अदालतमा परेका ८ सय २८ थान मुद्दाहरूमध्ये यस वर्ष परेका २ सय छन् र बाँकी जिम्मेवारी सरी आएका छन्। जसमध्ये सालभरमा फछ्र्यौट भएका मुद्दाको संख्या २ सय ११ मात्र छ। सरकारवादी मुद्दाहरू ४४ थान रहेका छन् भने अर्धन्यायिक निकायअन्तर्गत जिल्ला प्रशासन कार्यालयमा यस वर्ष सार्वजनिक ८ र हातहतियार १ गरी जम्मा ९ मुद्दाहरू परे, जसमा ३ वटामात्र फछ्र्यौट भए। जिल्ला प्रहरी कार्यालयमा परेका ५९ मुद्दामध्ये २९ वटा फछ्र्यौट भए। अदालतमा ३ वर्षदेखि नछिनिएका मुद्दाको संख्या ३ सय २६ रहेको छ। २ वर्षदेखि छिनिन बाँकी २ सय १३ थान मुद्दा छन्।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

स्वाँदवारी स्थित जिल्ला मालपोत कार्यालयमा मुखिया पदमा कार्यरत पूर्णबहादुर रोक्कालाई ०५३ चैत २७ गतेदेखि कार्यालय प्रमुख प्रेम ओलीले उनलाई कुनै जानकारी नदिई गलत जग्गाको नामसारी गर्ने र फाइल हराएको गलत कार्य गरेको आरोपमा निलम्बन गरी दुई महिनापछि कारवाही फुक्का गरिदिए।

३. भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा भत्ताका लागि निवेदन दर्ता भएका जेष्ठ नागरिक महिला ८ सय ७६ जना र पुरुष ८ सय ४५ छन्। १

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	६	३	४	७				
गिरफ्तारी र यातना	२	१४	१	१५	२	१४	१	१५
कुटपिट	६	५	२	७				
धम्की	२	३	१	४				
पक्षपात	१	१		१				
बलात्कार	२		२	२				
बहुविवाह	३		३	३				
पारिवारिक हिंसा	१		१	१				
महिला भएकै कारणले दिइने यातना	१		१	१				
गर्भ पतन	१		१	१	१		१	१
बालअधिकार	१		१	१				
चोरी डकैती	१		१	१				
आत्महत्या	९	४	५	९				
दुर्घटनाहरू/विपत्तिहरू	१०	११	४	१५				
जम्मा	४६	४१	२७	६८	३	१४	२	१६

स्वाँदबारीमा रहेको संखुवासभा जेल

हजार ८ सय ४१ असहाय, विधवा र ४४ जना अपांग रहेका छन्। सबैगरी ३ हजार ५ सय ६३ जनाले भत्ता पाइरहेका छन्।

सिद्धकाली गाविसमा निकासा भएको भत्ता ३ लाख ९७ हजार गाविस अध्यक्ष ज्ञानबहादुर कार्की र सचिव यज्ञदेव सुवेदीले हिनामिना गरेकाले सम्बन्धित व्यक्तिहरूले पाएनन्। धुपु गाविस-९ का तत्कालीन वडा अध्यक्ष लालबहादुर राईले २ जनालाई भत्ता पाउनबाट वञ्चित गराएको बताइन्छ।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

शितलपाटी गाविस-१ सिरिसेकी एक १५ वर्षीय महिलालाई गाईवस्तु चराउँदै रहेको बेला स्वाँदबारी नगरपालिका-४ बस्ने वर्ष ३० को गंगाप्रसाद राईले ०५४ वैशाख २२ गते बलात्कार गऱ्यो। पीडितका परिवारले नै घटनालाई अघि बढाउन नमानेपछि पीडकलाई पक्राउ गरे पनि छाडियो।

स्वाँदबारी नगरपालिका-३ की ४२ वर्षीय सीता पराजुलीलाई उनकै पति ४५ वर्षीय डाक्टरप्रसाद पराजुली र २५ वर्षीय सौता शारदा पराजुलीले ०५४ असार २३ गते राति खुकुरी लिई काट्न गएपछि घरबाट ज्यान जोगाउनका लागि भाग्न बाध्य पारे। खानपिन र बस्नसमेत नदिए पनि पति र सौताको डरले उनले कुनै निकाय वा कतै उजुरी गरेकी छैनन्।

बानेश्वर गाविस-४ स्थित मावल बसेकी एक बालिकालाई ०५४ साउन १५ गते दिउँसो ५ बजे हजुरबुवा पर्ने वीरबहादुर खत्रीले मकै खान भनी बोलाएर मुखमा टोपी कोची बलात्कार गरे। पीडक फरार छ।

४.२ पारिवारिक हिंसा र बहुविवाह

माम्लिङ गाविसकी कल्पना कार्कीलाई विवाह गर्छु भनी फकाएर यौन संसर्ग गर्ने जिल्ला प्रहरी कार्यालय, संखुवासभाका प्रहरी तेजबहादुर घिमिरेले ०५४ असारमा प्रहरी र जनप्रतिनिधिका बीच जिल्ला प्रहरी कार्यालयमा कल्पनालाई दोस्री पत्नीका रूपमा स्वीकार्न बाध्य भए। ०५३ चैतमा संचालित प्रवेशिका परीक्षामा गार्ड बस्न रामेश्वर मा.वि. माम्लिङ गएका बेला उक्त कार्य भएको थियो।

स्वाँदबारी नगरपालिका-२ चेवाको वरपीपल भन्ने स्थानमा ५/६ वर्षपहिलेदखि शिवको मन्दिर बनाई आफैं पुजारी बसेका ६६ वर्षीय गंगाबहादुर थापाले आफ्नै बारीमा घर बनाई बसेका हर्कबहादुर राईकी १५ वर्षीय छोरी मनकुमारीलाई ०५४ असार ४ गते आफूले गर्भवती बनाएको स्वीकार गरी जिम्मा सकारे। पीडकका अन्य दुई श्रीमती र ७ छोरा पनि छन्।

स्वाँदबारी नगरपालिका-११ स्थित रातमाटेका वडा समिति सदस्य ३३ वर्षीय हर्कबहादुर भन्ने जिरे राईले मजदूर पेशामा संलग्न भोजपुर घर घई स्वाँदबारीमै कार्यरत २० वर्षीय गीता राईलाई ०५४ भदौ ८ गते दोस्री पत्नीका रूपमा भित्र्याए। उजुरी गरे दुःख देला भन्ने डरले जेठी पत्नीले कतै कारवाहीका लागि प्रक्रिया चालिनन्।

सिद्धपोखरी गाविस-४ मैदानेका कर्मा शेर्पाले घरमा पत्नी र ३ छोराछोरी हुँदाहुँदै ०५४ मंसिर २४ गते तेह्रथुम, आङ्दिम गाविसकी फुरी शेर्पासिंग नेस्रो विवाह गरे। यो थाहा पाई जेठी पत्नीले ०५३ चैत १ गते मुद्दा हालिन्। पीडकलाई एक वर्ष कैद र १ हजार जरिवाना तोकिएको छ। पीडक फरार छ।

सिद्धकाली गाविस-४ का विरूकेशर खत्रीले घरमा पत्नी हुँदाहुँदै ०५४ पुस १० गते तेह्रथुम, मोराहाङकी विष्णु थापालाई दोस्री पत्नीका रूपमा भित्र्याए। कतै उजुर गरे मारिदिने धम्की दिएकाले जेठी पत्नी सूर्यकुमारीले कतै उजुरी गरेकी छैनन्।

यस वर्ष यस जिल्लामा आफ्नै पतिले १ पत्नीलाई हत्या गरे।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

स्वाँदबारी नगरपालिका-३ की २६ वर्षीय विधवा इन्दिरा खत्रीले ०५४ मंसिर ९ गते बच्चा जन्माइ घर नजिकैको बारीमा पुरेको अवस्थामा भेटियो। आफूले असारमा प्रहरी हवल्दार दुर्गा पोखरेलको गर्भ बोकेको र मृत अवस्थामा नै २ बच्चा जन्मेको इन्दिराले बताए पनि पोष्टमार्टम रिपोर्टका आधारमा अप्राकृतिक तवरबाट बच्चा जन्माइएको देखिएकाले प्रहरीले इन्दिरालाई पक्राउ गरेको छ। प्रहरी हवल्दार दुर्गा पोखरेलसंग इन्दिराको सम्बन्ध रहेको उनी आफैं बताउँछिन्। इन्दिरा ७ हजार धरौटीमा छुटेकी छिन्।

५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

स्वाँदबारी नगरपालिका-१० स्थित साङपाङ होटलमा काम गर्ने अन्दाजी १० वर्षका वीरबल राई होटल मालिक र उनकी पत्नीद्वारा प्रत्येक दिनजसो ढोका थुनेर पिटाइ खान

बाध्य छन्। माइनोले काका/काकी पर्ने होटल साहूले फलामको छडसमेत कुट्नमा प्रयोग गर्ने गरेको र कहिलेकाहीं त बालक बेहोससम्म हुने गरेको छिमेकीहरूले बताएका छन्।

यस वर्ष ४ महिनाकी एक बालिकालाई आफ्नै सौतेनी दाजुले हत्या गरे।

६. आर्थिक अधिकार

(पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

स्वाँदवारी नगरपालिका-६ का नगर सभासद हेमराज राईले सोही वडाकी ६० वर्षीय आशर्माने राईलाई बोक्सी भएको आरोप लगाई ०५४ असोज ४ गते लातेलात्तले हिर्काई पेट थिचिदिई जवर्जस्ती दिशा निकाली उनैलाई खुवाइदिए। एक हजार रूपैयाँ पीडिनलाई उपचारार्थ दिने गरी वडा समितिमा पछि मिलापत्र भयो र जिल्ला प्रहरी कार्यालयले २ दिन हिरासतमा राखी अब आइन्दा यस्तो कार्य नगर्ने भनी कायलनामा गराई छाडिदियो।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

स्थानीय निकाय निर्वाचन ०५४ को सिलसिलामा एउटा राजनीतिक दलको पर्चामाथि अर्को दलले टाँस्ने, कार्यक्रम बिथोल्ने, बाधा अड्चन खडा गर्ने जस्ता कार्य भई साधारण जनताको अमनचयन खलल पर्ने भएकाले इन्सेक जिल्ला प्रतिनिधि र मासम जिल्ला कार्यसमितिको संयुक्त पर्यवेक्षणमा पहलकदमी गर्ने र संयुक्त हस्ताक्षरसहितको प्रेस वक्तव्य बजारभरि छर्ने काम गरियो।

स्थानीय निकायको निर्वाचनका सम्बन्धमा नेपाली कांग्रेसद्वारा देशव्यापीरूपमा आह्वान गरिएको विरोध कार्यक्रम स्वाँदवारीमा पनि सम्पन्न भयो। पैसा बाँडेको, सिडियो र डिएसपीलाई एमालेको पक्षमा मतदान गराउन निर्देशन दिएको आदि आरोपहरू उक्त अवसरमा वक्ताहरूले लगाए।

९. अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

धुपु गाविस-२ का २४ वर्षीय हेमसागर कटुवाललाई सोही ठाउँका ४२ वर्षीय धनवहादुर राईले ०५३ पुस १८ गते खुकुरी प्रहार गरी घाइते बनाए। पीडित पक्षद्वारा ज्यान मार्ने उद्योग अन्तर्गत मुद्दा दायर गरिएको छ।

याफु गाविस-८ का ७२ वर्षीय सैनबहादुर राईको ०५३ माघ ३ गते छोराको विवाहमा बोलाइएका निम्तालुहरू बत्तिमाया राई, धर्मराज राई, पृथ्वीवहादुर राई, श्रीबहादुर राई, कर्णवहादुर राई र गंगाबहादुर राई समेतले मादक पदार्थ सेवन गरी कुटपिट गर्दा मृत्यु भयो।

बोक्सीको आरोप अमानवीय व्यवहार भोग्न बाध्य आशमती राई

माम्लिङ गाविसकी २० वर्षीय नुलसा बस्नेतलाई ०५४ कार्तिक ६ गते लभ म्यारिज गरेर लगेका कमलबहादुर बस्नेतले अर्कै केटीसंग विहा गर्न हत्या गरेको सर्जमिन गाउँलेहरूले गरिदिएका छन्। प्रहरी र डाक्टरलाई पैसा खुवाएर कारवाही नगराइएको पीडित पक्षको गुनासो रहेको छ।

वाह्रबिसे गाविस-३ का ३१ वर्षीय धनबहादुर राईलाई ०५३ फागुन २ गते उनकै भाइ ज्ञानबहादुर राईले आपसी लेनदेनका कारण विवाद हुँदा लाठीले टाउकोमा हिर्काई हत्या गरे।

सिद्धपोखरी गाविस-१ का ३७ वर्षीय चक्रवहादुर राई र ३५ वर्षीय धनवीर राईलाई ०५३ फागुन १० गते नरबहादुर भन्ने जुल्फे राईले पोखरी बजारमा किरातीहरूको धान नाच हेर्दै गर्दा खुकुरीले हानी सख्त घाइते बनाए। पीडकलाई थुनामा राखी ज्यान मार्ने उद्योगअन्तर्गत मुद्दा चलाइएको छ।

याफु गाविस-३ की १६ महिनाकी बालिका कान्छीमाया राईलाई सौतेनी दाजु ९ वर्षीय पूर्णकुमार राईले बालिकाकी हजुरआमाले जथाभावी गाली गरेको निहुँमा ढुंगाले हिर्काइ ०५३ फागुन १६ गते हत्या गरे।

स्वाँदबारी नगरपालिका-३ मानेभञ्ज्याङका ३८ वर्षीय खगेन्द्र न्यौपानेलाई उनकै पत्नी देवी न्यौपानेले ०५४ जेठ २५ गते नजिकको आफन्तसंग यौन सम्पर्क राख्ने गरेको र पटक-पटक सम्झाउँदा पनि नमानेका कारण गर्धन र टाउकोमा खुकुरी प्रहार गरी घाइते बनाइन्। पीडक फरार छिन्।

दिदिङ गाविस-६ कुवापानीका कुसाङ शेर्पाले ०५४ कार्तिक १७ गते साँझ आफ्नै पत्नी २५ वर्षीय चुङ्मु शेर्पाको हत्या गरे। विहे गरेको ६ वर्ष भइसक्दा पनि सन्तान नभएकाले अर्को विवाह गर्न खोज्दा चुङ्मुले नमानेका कारण उक्त घटना भएको थियो। पीडक पक्राउमा परेका छन्।

स्यावुन गाविस-९ की ४२ वर्षीय तेन्जिङमाया नामाङ ०५४ असार २६ गते आफ्नै घरको धुरीको बाँसमा डोरी लगाई झुण्डिएको अवस्थामा फेला परिन्। तर स्वाँदवारी अस्पतालका डाक्टर गुप्तबहादुर श्रेष्ठले यो मरेको नभई मारिएको हो भन्ने रिपोर्ट दिएका छन्। ५/६ महिना अधिमात्र ज्यान मार्ने उद्योग अन्तर्गतको मुद्दावाट कैद भुक्तान गरी आएका उनका पति टंकबहादुर श्रेष्ठलाई प्रहरीले पक्राउ गरी अनुसन्धान गर्दैछ।

यस वर्ष यो जिल्लामा व्यक्तिगत रीसइवीको कारण भएका ३ वटा घटनामा ३ जना पुरूष र १ जना महिला पीडित भए। पानीमा डुबेर २ जना, असिनामा परेर १ जना, भीरबाट लडेर २ जना, पहिरो गएर ६ जनाको मृत्यु भयो। ५ जना महिला र ४ जना पुरूषसमेत ९ जनाले आत्महत्या गरे। ●



१. पूर्वाञ्चल

सगरमाथा

१.११ सप्तरी

जनसंख्या	: ४६५६६८
साक्षरता	: ३४.६ प्रतिशत
महिला साक्षरता	: १७.८ प्रतिशत
क्षेत्रफल	: १३६३ वर्ग कि.मी.
गाविस / नपा	: ११४/१
निर्वाचन क्षेत्र	: ५
विद्यालय / क्याम्पस	: २७१/५
अस्पताल / स्वास्थ्यचौकी	: १/११६
टेलिफोन लाइन	: ११६५
सडक (कि.मि.)	: २४५
प्रहरी कार्यालय	: ४२
हुलाक	: १०१

नेपालकै सबैभन्दा बढी १ सय १४ गाविस भएको यो जिल्ला दक्षिणमा भारतको बिहार प्रान्तसंग जोडिएका कारण त्यहाँको विकृतिले प्रभावित देखिन्छ। छिन्नमस्ता भगवती र कंकालिनी मन्दिर तथा भारदहले सप्तरीलाई चिनाउन थप मद्दत गरेका छन्। दाइजो प्रथाले नराम्रोसंग गाँजेको छ। यस जिल्लामा सामान्य घटना हुँदा पनि अदालत गइहाल्ने आचरण देखिन्छ। कुसंस्कार र अन्धविश्वासबाट हुने घटना यहाँ बढी हुने गरेका छन् भने गम्भीर प्रकृतिका भन्दा पनि स-साना निहुँमा धेरै घटना हुने गरेका छन्। मानवअधिकारप्रतिको सचेतनता एकदमै कम देखिएको छ।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

सदरमुकाम राजविराज स्थित सप्तरी कारागार १ सय २५ जना बन्दी क्षमता भएको "घ" श्रेणीको कारागार हो। हाल यस जेलमा ३७ जना थुनुवा र ४० जना बन्दी रहेका छन्। साह्रै दयनीय भौतिक अवस्था रहेको यस जेलमा १ जना थुनुवासमेत ७ बन्दी महिला छन्। बाबुआमाको क्रिया सुविधा दिनु पर्ने, जेलको मर्मत गरिनुपर्ने, सिपमूलक तालिमको व्यवस्था हुनुपर्ने, अनौपचारिक शिक्षाको व्यवस्था हुनुपर्ने, सफासुग्घर नियमित हुनुपर्नेलगायत्का मागहरू बन्दीहरुको रहेको छ। कर्मचारीको अपर्याप्तता, औषधी स्वर्चमा थोरै बजेट जस्ता कार्यले आफूले चाहँदा-चाहँदै पनि थुप्रै समस्या समाधान गर्न नसकेको स्वीकारोक्ति जेलर दुर्गाप्रसाद दाहालको छ। बन्दीहरूका धेरैजसो मागप्रति आफ्नो सहमति रहेको पनि दाहाल बताउनुहुन्छ।

फत्तेपुर गाविस-७ बस्ने राजविराज जेलका कैदी धुरन सदाको ०५४ साउन २३ गते उपचारका लागि विराटनगर लाँदै गर्दा सुनसरीको भण्टाबारीमा मृत्यु भयो। फत्तेपुरमा भएको जसबहादुर रानामगर हत्याकाण्ड तथा डकैती काण्डअन्तर्गत दुई वर्षदेखि सजाय भोगिरहेका मृतकको सजाय म्याद ६ वर्षको थियो। उनको मृत्यु कालाज्वर र टि.बि.बाट भएको थियो।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

जानकारीमा आएन।

१.४ बेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

धरमपुर गाविस-५ का सबुरलाल विश्वकर्माकी पत्नी देवकीदेवीलाई ०५३ पुस २९ गते बलारदह रेन्जरपोष्टका वनपाले प्रकाश शाह र सुमनकान्त झाले कुटपिट गरे। उपचारार्थ २ हजार पीडकबाट तिराइ सम्झौता गरियो।

मलेकपुर गाविस-३ का ३५ वर्षीय सहदेव मण्डललगायत्का व्यक्तिहरुलाई सोही ठाउँका भागवत साह

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	-
हिरासतमा यातना	-	२	-
वन सुरक्षाकर्मीद्वारा कुटपिट	२	-	-
थुनामा मृत्यु	-	१	-
बलात्कृत	२	१	३
आत्महत्या	१९	७	७

सहितका व्यक्तिहरूले गत स्थानीय निर्वाचनमा आफूलाई नसघाएका कारण धान काटिरहेका बेला आफैं काट्न गई निहुँ खोजी मरणासन्न हुनेगरी कुटपिट गरे। दुवै तर्फबाट मुद्दा दर्ता गरिए पनि प्रहरीले पीडककै साथ लिन खोजिरहेको पीडित पक्षको गुनासो छ।

रूपनगर गाविस-७ की ग्रामीण विकास बैंक कंचनपुरमा प्रबन्धकमा कार्यरत २८ वर्षीय जमुना संग्रौलालाई उनीसँग रहेको १४ हजार १ सय ५९ रूपैयाँ ५० पैसा लुट्ने उद्देश्यले त्रिकौलका मदिया खत्वे र बदगाम-४ का बृचन खत्वेले ०५४ साउन २ गते महेन्द्र राजमार्गको बदगामास्थित पुलमा आक्रमण गरी घाइते बनाए।

कटैया गाविस-१ का ३२ वर्षीय फल्गु माझी, हंसी कायरलगायत्का केही व्यक्तिलाई ०५४ भदौ २१ गते जिल्ला विकास समिति सदस्य रामप्रसाद मण्डलको इसारामा लक्ष्मु माझी, विन्देश्वर इसर आदिले मरणासन्न हुनेगरी पिटे। प्रहरीले घटनामा खासै ध्यान दिएको छैन।

मलेठ गाविस-१ का ३५ वर्षीय सरूनौनियालाई ०५४ कार्तिक १० गते स्थानीय ३७ वर्षीय अमरनारायण यादव सहित ३ जनाले सामान्य लेनदेनका विषयमा विवाद हुँदा कुटपिट गरी घाइते पारे। पीडितलाई खाली कागजमा दस्तखत पनि गराइयो।

धोघनपुर गाविस-४ का ७५ वर्षीय मेहदी मिया लगायतका व्यक्तिहरूलाई सोही ठाउँका ५० वर्षीय महमुद मिया लगायतका व्यक्तिहरूले खेतबाटै धान लुटेर लगेपछि समाज राखी सोधपुछ गरिरहेका बेला ०५४ मंसिर ७ गते मरणासन्न हुनेगरी कुटपिट गरे। पीडकलाई प्रहरीले पक्राउ गरेकोमा राजनीतिक दवावका कारण त्यसै छाडिएको गुनासो पीडित पक्षको छ।

राजविराजमा रहेको श्रीजंग गुल्मका २५/३० जना सैनिकहरूले नेरहौना गाविसका कुमारमान श्रेष्ठ, कृष्णादेवी श्रेष्ठ, उपेन्द्र साहलगायत्का व्यक्तिहरूलाई ०५४ पुस ९ गते लाठी र चेनले हिर्काई घाइते बनाए। सेनाहरूले घाँसपात गर्न गएका महिलालाई जथाभावी गर्न खोजेपछि स्थानीय जनताले प्रतिकार गर्न खोज्दा उक्त घटना भएको थियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

राजविराज नगरपालिकास्थित महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसमा ०५३ फागुन १४ गते हुने स्ववियू निर्वाचनका क्रममा नेपाल विद्यार्थी संघ समर्थित विद्यार्थीहरूले राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी संगठनका विद्यार्थीहरूलाई नामांकन पत्र दर्ता गर्न दिएनन्। परिचयपत्र खोस्ने काम समेत गरियो।

राजविराज नगरपालिका-८ का नेकपा (संयुक्त) सप्तरीका कार्यवाहक अध्यक्ष ३८ वर्षीय मदनमोहन चौधरीलगायत्का करीब १ दर्जन व्यक्तिलाई नौ वाम घटकद्वारा आयोजना गरिएको नेपाल बन्दको प्रचार गरिरहेका बेला ०५४ असोज २ गते प्रहरीले पक्राउ गरी ३६ घण्टासम्म हिरासतमा राखी कागज गराइ छाड्यो।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
हत्या	२	१	१	२				
थुनामा मृत्यु	१	१		१	१	१		१
गिरफ्तारी र यातना	१	५		५	१	५		५
कुटपिट	११	२५	९	३४	१	३	१	४
अभिव्यक्ति स्वतन्त्रता	१	३		३				
बलात्कार	३		३	३				
महिला भएकै कारणले दिइने यातना	२		२	२				
पारिवारिक हिंसा	२		२	२				
जातीय छुवाछूत	२	२	२	४				
लाश फेला	२	२		२				
आत्महत्या	६	५	२	६				
दुर्घटनाहरू/विपत्तिहरू	४	३	२	५				
जम्मा	३८	४६	२३	६०	३	९	१	१०

२.४ **सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)**
जानकारीमा आएन।

३. **भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि**
जानकारीमा आएन।

४ महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

बरर्माफया गाविस-७ मा दिदीकहाँ आएकी एक १३ वर्षीय बालिकालाई सोही ठाउँका १८ वर्षीय विजय दास र १९ वर्षीय सकल दासले ०५३ फागुन ८ गते बलात्कार गरी फरार भए। पीडितका पक्षबाट मुद्दा दर्ता गरिएको छ।

इटहरी विष्णुपुर गाविस-८ का ज्ञानदेवी सदालगायनका २०/२२ जना महिला मजदूरहरू इँटा भट्टामा काम गरी फर्किरहेका बेला ०५३ चैत ५ गते साँझ राजविराज-१ का २५ वर्षीय मनोज साहलगायत्का व्यक्तिहरूले स्तन समाउने, दुर्व्यवहार गर्ने जस्ता काम गरे। पीडितहरूले उजुरी गरेका छन्। पीडकहरूमध्ये रामनाथ झालाई प्रहरीले पक्राउ गर्‍यो।

मैनाकडेरी गाविस-१ की १३ वर्षीय बालिकालाई ०५४ असार २ गते सोही गाउँका कारी मण्डल तथा १६ वर्षीय शनिचर मण्डलले छुरी देखाइ कुटपिट समेत गरी जबर्जस्ती बलात्कार गरे। दुवै पक्षबीच मिलापत्र भइसकेको छ।

खड्गपुर गाविस-८ की १३ वर्षीय एक बालिकालाई ०५४ मंसिर २० गते राति फकाई एकान्तमा लगी सोही गाउँका राजलाल साह र कलिम मियाले बलात्कार गरे। पीडकलाई प्रहरीले पक्राउ गरे पनि विना कारवाही छोडिदिएको गुनासो पीडित पक्षको छ।

महदेवा गाविस-४ की २७ वर्षीय दुलारी देवी सुनियारलाई आफ्नै सासु सुर्तिदेवी सुतियारले साडी किनिदिन अनुरोध गरेका कारण रिसाइ ०५४ जेठ ७ मट्टितेल खन्याइ सासुलाई आगो लगाइ दिइन्।

४.२ पारिवारिक हिंसा र बहुविवाह
जानकारीमा आएन।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

धर्मपुर गाविस-५ की सूर्यादेवी ठाकुरलाई बोक्सी भएको आरोपमा सोही ठाउँका किसन ठाकुर, सियालाल ठाकुर, महेन्द्र ठाकुर र हरि ठाकुरले ०५४ बैशाख ३ गते कुटपिट गरे। पीडितका पति र छोरालाई समेत हानपात गरियो भने फोहोर खुवाउन लाग्दा पीडित भागिन्। प्रहरीले पछि घटना शान्त बनायो।

४.४ गर्भ पतन
जानकारीमा आएन।

पारिवारिक हिंसा पीडित महिला दुलारीदेवी

५. बालअधिकार (बालबालिका उपरको अत्याचार)

राजविराज नगरपालिका-७ का १४ वर्षीय रामबाबु साहसमेतलाई ०५३ पुस ६ गतेदेखि काठमाडौंको चावहिल, गंगाहिटी स्थित दिनेश कार्की, कमल कार्की र डि.बी. कार्कीले चलाएको चर्पी उद्योगमा काम लगाई दिशा पिशावसमेत गर्न नदिई, दैनिक १९ घण्टा काम लगाउने र पैसासमेत नदिने काम गरे। सुत्ने, खाने, काम गर्ने र दिशा पिसाव समेत एउटै कोठामा गर्न लगाइने उक्त ठाउँमा कमिशन खाएर लाने हरि ठाकुरलाई प्रहरीले पक्राउ गरी पीडितलाई २ हजार ६ सय दिलाई छोड्यो।

यस वर्ष यो जिल्लामा ३ जना बालिका बलात्कारबाट पीडित भए।

६. आर्थिक अधिकार

(पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)
जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि
जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार जातीय छुवाछूत समेत

राजविराज नगरपालिका-६ का २३ वर्षीय संजय यादव र सोही ठाउँकी १८ वर्षीय शान्तिकुमारी साहले ०५४ कार्तिक ४ गते राजी खुसीले मन्दिरमा गई विवाह गरेकोमा केटीको जात नमिल्दो भयो भनी केटा पक्षका अभिभावकले उनीहरूलाई घरमा भित्र पस्न दिएनन्। उनीहरूलाई अलग गराउन प्रहरीलाई पक्राउसमेत गर्न लगाइयो। पानी नचलाउने र भित्र पस्न नदिने भनी उनीहरूलाई गोठमा बस्न बाध्य पारिएको छ।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

इटहरी विष्णुपुरमा ज्ञानवतीलगायनका महिलाहरूलाई

०५३ चैत ५ गते गरिएको दुर्व्यवहारप्रति विरोध जनाउँदै दोषीहरूमाथि कारवाहीको माग गर्दै प्ररायुसंघ, हुसेक, अनेमसंघ र अनेरास्ववियुले ०५३ चैत १० गते जुलुस प्रदर्शन गरे।

९. अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

तरही गाविस-३ का ७० वर्षीय मुनर सदा, ३२ वर्षीय जयनारायण सदालगायत्का व्यक्तिहरूलाई ०५४ साउन २६ गते राति सोही ठाउँका रामु राय, विनयकुमार राय, रामबालक रायलगायत्का व्यक्तिहरूले कुटपिट गरेकामा अस्पतालमा उपचार गराउँदा-गराउँदै मुनर सदाको ०५४ भदौ १४ गते मृत्यु भयो। पीडकको राजनीतिक पहुँच भएको हुँदा प्रहरीले कारवाही गर्न आलटाल गरेको गुनासो पीडित पक्षको छ।

देउरी भरूवा गाविस-७ का ८५ वर्षीय मुनर यादवलाई ०५४ भदौ १० गते राति केही अज्ञात व्यक्तिहरूले धारिलो हतियार प्रयोग गरी हत्या गरे। पीडितका छोराले केही व्यक्तिको नाम किटान गरी उजुरी दिएका छन् भने प्रहरीले ती व्यक्तिहरूको नाममा वारेन्ट जारी गरेको छ।

बकधुवा गाविस-१ की ६५ वर्षीय शिवकुमारी यादवलाई ०५४ भदौ १४ गते सोही ठाउँका विशुनदेव यादव, शान्तिदेवी यादव र महेन्द्र यादवले सामान्य लेनदेनका विषयमा वादविवाद हुँदा घाँटी थिची हत्या गरे। पीडकहरू फरार छन्।

जमुनी मधेपुरा गाविस-२ का ५१ वर्षीय वच्चालाल खंग खत्वेको सोही ठाउँका ४६ वर्षीय लखन राम र कपिलदेव रामले वच्चालालको छोराले बाटोमा फोहोर गरेको निहुँमा ०५४ मंसिर ५ गते बाँसको लठ्ठीले हिर्काइ हत्या गरे। पीडक फरार छन्।

यस वर्ष यो जिल्लामा व्यक्तिगत रीसइवीका कारण भएको कुटपिटबाट २ जना र आगलागीबाट ३ जना पीडित भएका छन्। ट्राफिक दुर्घटनाबाट ३ जना, पानीमा डुबेर १ जना, विपत्तिमा परी १ जनाको मृत्यु भयो। ५ पुरूष र २ महिला गरी ७ जनाले आत्महत्या गरे।

●



१. पूर्वाञ्चल

सगरमाथा

१.१२ सिराहा

जनसंख्या : ४६०७४६
साक्षरता : २९.० प्रतिशत
महिला साक्षरता : १३.३ प्रतिशत
क्षेत्रफल : ११८८ वर्ग कि.मी.
गाविस/नपा : १०६/२
निर्वाचन क्षेत्र : ५
विद्यालय/क्याम्पस : ३२०/४
अस्पताल/स्वास्थ्यचौकी : १/४२
टेलिफोन लाइन : ९७२
सडक (कि.मि.) : ९०
प्रहरी कार्यालय : ३२
हुलाक : ८७

ऐतिहासिक किसान आन्दोलनका कारण प्रजातान्त्रिक आन्दोलनका क्रममा सधैं अग्रणी स्थान ओगट्ने यो जिल्ला पूरै समथर भू-भागमा अवस्थित छ। तुलनात्मकरूपमा व्यक्तिगत रीसइवीका कारण धेरै कुटपिटका घटना यहाँ यो वर्ष देखिन पुगे भने व्यक्तिगत हत्याको क्रम बढ्दै गएको पाइयो। अरू तराईका जिल्ला जस्तै यहाँ पनि दाइजो प्रथा र रूढीवादीको जरो नराम्रोसंग गडेको देखिन्छ।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

खौरकियाही गाविस-३ का टिराहु चौधरीको ०५४ जेठ २७ गते प्रहरीले हानेको गोलीबाट मृत्यु भयो। चुनावी भै-भगडा हुँदा गाविस अध्यक्ष रामु यादवको हुलहुज्जत भएकाले प्रहरीले शान्त पार्न गोली चलाएको बताएको छ भने गोली चलाउन पर्ने अवस्था नै भएको थिएन, अध्यक्षको आदेशमा गोली चलाइयो र हत्या गरियो भन्ने पीडित पक्षको गुनासो छ।

१.२ जेल र बन्दीहरु

"घ" श्रेणीको सिराहा कारागारको क्षमता १ सय ५० जना रहेको छ। राजनीतिक बन्दी नरहेका यस जेलमा जिल्ला विकास समितिले टी.भी. राखिदिएको छ भने रेडियो र पंखा पनि स्थानीय सहयोगबाट राखिएको पाइन्छ। यस वर्षको अन्त्यतिर ९९ जना पुरुष, ४ जना महिला र एक नाबालक यस जेलमा रहेका छन्। ०५४ मंसिर १६ देखि २२ गतेसम्म यस जेलका ४६ वर्षीय गंगा पासवानलगायत्का ५ जना बन्दीहरूले सुरक्षा गार्डलाई सरुवा गर्नुपर्ने, सिपमूलक घरेलु उद्योगको व्यवस्था, ट्युववेल, स्वास्थ्योपचार निःशुल्क हुनुपर्ने, खेलकुद कम्पाउण्ड बनाउनु पर्ने जस्ता माग राखी आमरण अनशन बसे। मौखिकरूपमा सहमति भएपछि अनशन तोडिएको थियो।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

जानकारीमा आएन।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

गाढा गाविसमा ०५४ जेठ २७ गते नेपाली कांग्रेसतर्फबाट निकालिएको विजय जुलुसका सहभागीहरूले एमाले समर्थित चमार महिलाहरूलाई गाली गर्ने, धुलो र बालुवाले छर्कने कार्य गरेपछि त्यसो नगर्न प्रतिवाद गर्ने राजकुमार पासवान, चौठे मोची र दुलीचन मोचीलाई करीब २०० जनाको हुलले मरणासन्न हुनेगरी पिटे। पीडकहरू धरौटीमा छुटेका छन्।

लाहान नगरपालिका-१ स्थित होटलमा नास्ता गरिरहेका पत्रकार श्रीलाल साहलाई ०५४ भदौ ६ गते साँझ समाचार संकलन गर्न आएको भनी पुरानो समाचार प्रकाशित गरेको रीसइवीका कारण निर्माण व्यवसायी संघ, सिराहा शाखाका अध्यक्ष लक्ष्मीनारायण चौधरीले हातपात गरे।

अयोध्यानगर गाविसका उपाध्यक्ष योगेन्द्र महतोलाई राजनीतिक प्रतिशोध र गाउँमा भएको जग्गा सम्बन्धी विवादका कारण ०५४ कार्तिक ४ गते राति पिशाव गर्न बाहिर निस्किएका समयमा ३५ वर्षीय शिवदयाल महतो, रामदयाल

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	१
हिरासतमा यातना	-	१	-
बलात्कृत	२	१	३
आत्महत्या	-	३	४

महतोलगायत्का व्यक्तिहरूले हतियार प्रहार गरी घाइते पारे। पीडकहरूमध्ये शिवदयाल थुनामा छन् भने अन्य फरार छन्।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

सिराहा पुस्तकालयमा संजमो नेपालका पूर्व केन्द्रीय सदस्य रामवृक्ष यादवको तेस्रो पुण्य स्मृति दिवस मनाउन लागेका देवनारायाण यादव समेत १० जनालाई ०५४ भदौ २ गते पक्राउ गरियो भने माइक, व्यानर र अविर, झण्डासमेत प्रहरीले खोसेर लग्यो। पक्राउ परेकाहरूलाई कसैसंग भेट समेत गर्न दिइएन।

नौ वाम घटकद्वारा आयोजित ०५४ असोज १ र २ गतेको नेपाल बन्द कार्यक्रम सम्बन्धमा छलफल गरिरहेका ४० वर्षीय विश्वनाथ साह लगायतका व्यक्तिहरूलाई प्रहरीले ०५४ भदौ ३१ गते बेलुका पक्राउ गर्‍यो। मसाल बाल्ने डण्डा खोसेर प्रहरीले लगे। पक्राउ गरिएकाहरूलाई असोज २ गते छाडियो।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष सिराहा जिल्ला अदालतमा कुटपिटसम्बन्धी १ सय ५० वटा मुद्दा दर्ता भए। २१ वटा विभिन्न प्रकृतिका मुद्दा लागेका ३४ जनालाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश अदालतले दियो। गत आर्थिक वर्षबाट देवानी १ हजार १६ र सरकारवादी ९६ तथा दुनियाँवादी ३ सय ६४ गरी ४ सय ६० फौज्दारी मुद्दासमेत १ हजार ४ सय ७६ मुद्दाहरू आर्थिक वर्ष ०५४/५५ मा सरेका छन्। ६ सय ४२ मुद्दाहरू फैसला भए, १ हजार ४ सय २८ मुद्दाहरू फैसला हुन बाँकी रहेका छन्।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन, सुकुम्वासी समस्या, अशक्त भत्ता आदि

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

खिरौना गाविस-५ की ३० वर्षीय दुलारीदेवीलाई घरमा एक्लै भएका बेला सोही ठाउँका ३२ वर्षीय महवुव राइनले ०५३ फागुन ३० गते राति १० बजे बलात्कार गर्ने प्रयास गरे। दुलारीदेवी कराएपछि पेट्रोल छर्की राइनले घरमा आगो लगाइदिए र हल्ला नगर्न धम्की समेत दिए।

डुमरी गाविसकी १८ वर्षीय एक महिलालाई वनबाट बाँसका कर्चो बोकेर घर फर्किरहेका बेला ०५३ चैत ९ गते मझेलिया (अरड) का ३८ वर्षीय दीपा सिंहले ४/५ जनाको हुलबाट तानी बताहा खोलाछेउ लगी बलात्कार गरे। पीडक २५ हजार धरौटीमा छुटेको छ।

महेशपुर पतारी गाविस-७ की एक विवाहित महिलालाई

घटनाको प्रकारअनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
हत्या	७	४	३	७				
गोलीद्वारा हत्या	१	१		१	१	१		१
गोली	१	२		२	१	२		२
कुटपिट	४	१३		१३	१	१		१
धम्की	१	१		१				
मौलिक अधिकार	२	३३		३३	२	३३		३३
बलात्कार	३		३	३				
बलात्कार प्रयास	१		१	१				
महिला भएकै कारणले दिइने यातना	१		१	१				
गर्भपतन	१		१	१				
ब्लाकमेल	१	१		१				
आतंक	१	१		१				
चोरी/डकैती	१	२	१	३				
आत्महत्या	४	२	२	४				
दुर्घटनाहरू/विपत्तिहरू	१०	५	८	१३				
जम्मा	३९	६५	२०	८५	५	३७		३७



सिराहा जेलको मुख्य ढोका

गोलीबाट घाइते पुरन कापैड

छिमेकी २१ वर्षीय रामवृक्ष मण्डल र परमेश्वर मण्डलले ०५४ असार २४ गते बलात्कार गरे। पीडिनलाई ७ हजार रूपैयाँ र एक हल गोरू दिइएको छ। एक जना पीडित पक्राउमा छन् भने १ जना फरार छ।

भिभमौल गाविस-४ की एक विवाहित र पति परदेश गएका महिलालाई ०५४ कार्तिक २४ गते साँझी ठाउँका छेडी यादवले बलात्कार गरे। प्रहरीमा उजुरी परे पनि पीडक गाविस अध्यक्षको नाना पर्ने भएकाले केही कारवाही भएन। पीडक फरार रहेको छ।

४.२ पारिवारिक हिंसा र वहुविवाह

जानकारीमा आएन।

कुटपिटबाट घाइते योगेन्द्र महतो

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

विष्णुपुर प्रगना गाविस-४ की ३६ वर्षीय नागोदेवी यादवले आफ्नै ३६ वर्षीय देवर परमेश्वर यादवसंग संसर्ग गरी रहन गएको २६ हप्ते गर्भलाई ०५४ भदौ २० गते पतन गराउन खोज्दा आफ्नै मृत्यु भयो। प्रहरी अनुसन्धान जारी छ तर आफ्नो गर्भ स्वीकार्ने देवर भने पक्राउ परेका छैनन्।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार

(पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

लाहन नगरपालिका-६ मा बहिनीको छोरोको बिहेमा सरिक हुन आएकी भारतको बिहार घर भएकी ५५ वर्षीय सावित्री देवीलाई बोक्सीभएर अरूलाई भेदेको आरोपमा ०५४ वैशाख २६ गते दिशा खुवाउने प्रयास गरियो। प्रहरी सक्रियताका कारण उक्त कार्य हुन पाएन। पीडिनको उजुरी परे पनि पीडकलाई कारवाही चाहिं गरिएन।

लाहान नगरपालिका-६ का संजय निराला र काठमाडौं महानगरपालिका, इन्द्रचोककी सीमा अग्रवालबीच आफूखुशी ०५४ असोज १६ गते प्रेम विवाह भएकोमा केटीका बाबुले जात नमिलेको भनी दुईलाई अलग गराउन प्रहरी लगाई केटाको घरसमेत छापा मार्न लगाए। केटाले पत्रकार सम्मेलन गरी आफूलाई विभिन्न धम्की दिइएको बताए भने केटीले पनि आफ्नो विवाह

सहमतिबाटै भएको बताएकी छिन्। पीडितको तर्फबाट रिट परेपछि पुनरावेदन अदालत राजविराजले विपक्षीहरूका नाममा कारण देखाउ आदेश जारी गरेको छ।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

विष्णुपुर कट्टी गाविस-३ का ४९ वर्षीय विक्रमान राईलाई ०५३ फागुन २३ गते कीर्तिमान राई, तिहविल राई, बलध्वज राई, हुतेश्वर राईले कुटपिट गरी हत्या गरे। पीडकहरूमध्ये कीर्तिमान तहविल र बलध्वज पक्राउ परे। हाल उनीहरू थुनामा रहेका छन् भने हुतेश्वर फरार छन्।

मेलामा गोली चलाउने रामचन्द्र यादव

लालपुर गाविस-६ का नसिवलाल महतोलाई ०५३ चैत ५ गते उनकै पत्नी देवकुमारी महतोले खानामा विष हाली मारेको हल्ला गाउँमा चलेपछि प्रहरीले लास जलाउन लाग्दा लास जलाउन नदिई आफ्नो कब्जामा लियो। भिसेरा रिपोर्टमा विष सेवन गरिएको पुष्टि भएको छ। अनुसन्धान जारी छ।

फुल्काहाकट्टी गाविस-४ की कुमारी महतोलाई धारिलो हतियार प्रयोग गरी मरणासन्न पारिएपछि अस्पताल लाँदालाँदै ०५४ साउन २६ गते मृत्यु भयो। बाबु बुधनले दोस्रो पत्नी ल्याएपछि चन्द्रलालपुर गाविस-४ स्थित दिदी भिनाजु कहाँ बस्दै आएकी कुमारी त्यो रात दिदी भिनाजु नभएकाले दिदीको देवर राजारामसँगै सुतेकी थिइन्। राजाराम र उनका बाबु विन्देश्वर फरार भएका छन् भने मृतककी दिदीले राजारामले नै हत्या गरेको जाहेरी दिइन्। अहिले राजाराम १४ वर्षको जेल सजायअन्तर्गत थुनामा छन्।

सुखीपुर गाविस-७ का शम्भु महतो तथा बेचन महतोको सामान्य निहुँमा ०५४ असोज ५ गते झगडा हुँदा बेचनले दाउराको कप्टेराले शम्भुलाई टाउकोमा प्रहार गरे। त्यसपछि शम्भुको वी.पी. मेमोरियल अस्पताल धरानमा उपचार गर्न लैजाँदा मृत्यु भयो। पीडक फरार छ।

गाढा गाविसमा चुनावपछि फैलिएको आतंकबाट क्षतविक्षत घर र पीडित महिला

भोक्राहा गाविस-५ का ३५ वर्षीय पुरन कापेडलाई ०५४ कार्तिक २९ गते चिकना गाविस र भोक्राहा गाविसको बीचमा परम्परागत मेला हेर्न गएको अवस्थामा धनुषा जिल्ला हिरनही गाविस-४ का रामचन्द्र यादवले गोली प्रहार गरी घाइते बनाए।

रमौल गाविस-५ की ८० वर्षीय हमिदा खातुनलाई ०५४ मंसिर ९ गते घरमा सुतिरहेको स्थानबाट करीव डेढ कि.मि. पर कमला नदीको बाँधमा लगी टाउकोमा बन्चरो प्रहार गरी मारिएको अवस्थामा लास फेला पर्‍यो। यस घटना सम्बन्धमा २/३ जनासंग सामान्य सोधपुछ गरिए पनि कसैलाई पक्रिएको भने छैन।

निर्दना गाविस-८ का ५५ वर्षीय रामलखन मुखियालाई भोज खाएर फर्किदा बतहा खोलामा दिशा बस्न लागेका बेला केही अज्ञात व्यक्तिहरूले ०५४ मंसिर २३ गते गोली हानी हत्या गरे। मृतकसँगै आएका जमाहिर मुखियालाई सोधपुछका लागि प्रहरीले पक्राउ गरेको छ।

यस वर्ष यो जिल्लामा व्यक्तिगत रीसइवीका कारण भएको कुटपिटबाट ३ जना पीडित भएका छन्। आगलागीबाट १ जना, ट्राफिक दुर्घटनाबाट ४ जना, करेण्ट लागेर २ जना, डुबेर ४ जनाको मृत्यु भयो। २ पुरुष र २ महिला समेत ४ जनाले आत्महत्या गरेका छन्।



१. पूर्वाञ्चल
सगरमाथा
१.१३ उदयपुर

जनसंख्या	: २२१२५६
साक्षरता	: ३८.० प्रतिशत
महिला साक्षरता	: २१.४ प्रतिशत
क्षेत्रफल	: २०६३ वर्ग कि.मी.
गाविस/नपा	: ४४/१
निर्वाचन क्षेत्र	: २
विद्यालय/क्याम्पस	: २८५/३
अस्पताल/स्वास्थ्यचौकी	: १/११
टेलिफोन लाइन	: १८१
सडक (कि.मि.)	: २५०
प्रहरी कार्यालय	: २०
हुलाक	: ४७

सगरमाथा अंचलको भित्री मधेश क्षेत्रभित्र पर्ने यो जिल्ला विकट हुनुका साथै धेरै कुरामा पछौटेपनले ग्रस्त छ। व्यक्तिगत रीसइवीका कारण हुने घटनाले यस वर्ष विशेष प्राथमिकता पाएको छ भने मानवअधिकार उल्लंघनका घटनामा निकै वृद्धि भएको तथ्यांक देखिएको छ। कर्मचारी कार्यालयमा धेरै नबस्ने जिल्लाका रुपमा पनि यो जिल्ला परिचित छ। वन सुरक्षा गार्डले लखेटी-लखेटी एक जना मारेको घटनाले यस वर्ष जिल्लाभर मानवअधिकारको क्षेत्रमा जुटिरहेका व्यक्तिहरूलाई नराम्रोसंग प्रभावित तुल्यायो।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

भलायाडाँडा गाविस-६ गोठडाँडाका १६ वर्षीय विष्णुबहादुर तामाङलाई वन पैदावर चोरी गरेको आरोपमा ०५३ फागुन १६ गते वन सुरक्षा गार्डहरूले लखेटालखेट गर्दा पंचावती गाविस-४ स्थित वर्दमार भन्ने ठाउँमा भिरबाट खसी दहमा परेर मृत्यु भयो। यस घटनालाई भवितव्य हो भनी लेखिएको कागजमा पीडितका बाबु इन्द्रबहादुरलाई जबर्जस्ती दस्तखत गराइएको बताइन्छ।

१.२ जेल र बन्दीहरु

चारैतिर धाँजा फाटेको उदयपुर जेललाई मुस्किलले ढल्न नदिई अड्याइएको अवस्थामा भेटिन्छ। जेनतेन बस्न हुने ४ वटा कोठा भएको यस जेलमा एक सेट टेलिभिजन र दुई वटा क्यारेमबोर्ड छन्। झ्यालविनाको एक सुरुङ जस्तो कोठालाई महिला वार्ड बनाइएको छ। ११ जना कैदी र २७ जना थुनुवा रहेका यस जेलमा एउटा धारो र एउटा मात्र शौचालय छ। जसले गर्दा बन्दीहरूले धारा र शौचालयको अभाव तीव्ररूपमा भोग्नुपरिरहेको छ। थुनुवाहरूमा २ महिला र १ आश्रित नावालक पनि रहेका छन्। ११ जना केटी बेचेको अभियोगमा २०५१ जेठ १ गते थुनामा परेका रमेश के.सी. भन्ने तुलराम खड्काले आफ्नो मुद्दा चाँडै फैसला होस् भनी ०५३ माघ २३ गतेदेखि माघ २७ गतेसम्म आमरण अनशन बसे। अहिले उनको मुद्दा फैसला भई २१ वर्षको कैद तोकिएको छ।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

त्रियुगा नगरपालिका-३ का १८ वर्षीय दिलसेर मियालाई जगदीश साहसंगको लेनदेनबारे बुझ्न भनी पक्राउ गरी ०५३ फागुन १९ गते प्रहरी हवल्दार प्रदीप गिरीले पोलिथिन पाइपले कुटेर यातना दिए।

पंचावती गाविस-४ का ४८ वर्षीय खड्गबहादुर पाण्डे, २४ वर्षीय अर्जुन सार्की, दलबहादुर सार्की, बेचे सार्की र ६ नं. का चुडामणि कोइरालालाई पलासेका ३५ वर्षीय खटकबहादुर कोइरालालाई मारेको अभियोगमा ०५४ मंसिर १६ गते पक्राउ गरी ५ दिनसम्म प्रहरीले पानीमा चोपल्ने, मरणासन्न हुनेगरी पिट्ने कार्य गऱ्यो। कोइराला मादक पदार्थ अत्याधिक सेवन गरेका कारण मरेका थिए भनिन्छ।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

घटनाको प्रकृति	घटना संख्या		
	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	-
हिरासतमा यातना	३	११	२
वन हिरासतमा यातना	१	-	-
वन सुरक्षाकर्मीद्वारा हत्या	-	-	१
बलात्कृत	१	५	४
आत्महत्या	२	७	१४

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

त्रिवेणी गाविस चौफलका दुर्गाबहादुर श्रेष्ठलगायतका ७ जनाले स्थानीय युवतीहरूलाई जिस्काउँदा त्यसरी नजिस्काउन अनुरोध गरेकामा ४४ वर्षीय डम्बरबहादुर खड्कालाई ०५३ माघ १९ गते सख्त हुने गरी पिटे।

तपेश्वरी गाविस-१ भागलपुरका २१ वर्षीय निरबहादुर तामाङलाई गोरख बक्स गुल्मका सैनिक मिलन थापाले ०५३ फागुन १९ गते छुरी हानी घाइते बनाए। स्थानीय प्रहरीले पीडकलाई पक्रिएकोमा एक सशस्त्र सैनिक टोलीले छुटाइ लग्यो।

त्रिवेणी गाविस-८ का २७ वर्षीय बद्रीप्रसाद पौडेल, गीता पौडेल र ६० वर्षीय झलककुमारी पौडेल तथा निरबहादुर बस्नेतलाई खेलकुदका लागि काठमाडौंबाट आएका सैनिकहरूले रिजर्भ गरेको सिटमा बसेको कारण ०५३ चैत १८ गते कुटपिट गरेपछि पूरै गाउँ र सैनिक टोलीबीच भिडन्त भयो। दर्जनौं व्यक्ति घाइते पारिए सैनिकहरूलाई कुनै कारवाही भएन।

रामपुर ठोक्सिला गाविस-९ शिखरमाडीका ५५ वर्षीय रामबहादुर निरौलालाई वन फाँडेको आरोपमा ०५४ भदौ ५ गते खेत जोतिरहेको अवस्थामा वन सुरक्षा गार्डहरूले कुटेर थला पारे। पीडितलाई नै झुटा मुद्दामा फसाइ थुनिएकोमा हाल छुटेका छन्।

पंचावती गाविस-४ बुढाथोकीटारका ३४ वर्षीय शरदकुमार अधिकारीलाई अदालतमा मुद्दा हालेको आरोपमा ०५४ असोज २५ गते सोही ठाउँका राजन गिरी, लीला गिरी, पेशल गिरी र चन्द्रलाल गिरीले सख्त कुटपिट गरे। पीडितलाई ३ हजार ५०० रूपैया दिएर मिलापत्र गरियो।

जोगिदह गाविस-६ हाटखोलाका रविलाल चौधरीलगायतका १७ जनाको एक हुलले ०५४ कार्तिक ६ गते सोही गाविसका ४७ वर्षीय जयबहादुर सेवासहितका व्यक्तिहरूलाई सामान्य निहुँमा खुकुरीसमेतले प्रहार गरे। पीडकहरूलाई सार्वजनिक मुद्दा चलाइएको छ।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

रामपुर ठोक्सिला गाविस-९ को एक प्रतिवादीलाई कानूनी सल्लाह दिन गएका नेपाल बार एसोशिएसन उदयपुरका सदस्य वैकुन्ठनाथ दाहाललाई ०५३ फागुन २३ गते प्रहरी हवल्दार असर्फी साह र अरू २ जना प्रहरीले अदालतको प्रांगण तुरून्त छाडेर जान धम्की दिए। न्यायाधीशले प्रहरीहरूलाई सम्झाएपछि स्थिति शान्त भएको थियो।

सिरिसे गाविस-९ हलेदेका ३५ वर्षीय कृष्णलाल तामाङलगायतका १५ जनाले ०५४ जेठ ५ गते सोही गाउँमा जनसांस्कृतिक मंचले आयोजना गरेको कार्यक्रम विथोले भने दुर्गाराम राईलगायतका केही कलाकारलाई कुटपिट गरियो। बाजागाजा र क्यामेरासमेत लुटे। प्रहरीले पीडकप्रति चासो देखाएन।

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरूष	महिला	जम्मा		पुरूष	महिला	जम्मा
हत्या	७	४	३	७	१	१		१
जेल	१	१		१	१	१		१
गिरफ्तारी र यातना	६	११		११	६	११		११
कुटपिट	३४	३९	१६	५५	२	४	२	६
धम्की	२	४		४				
मौलिक अधिकार •	२	१		१८	१	१		१
अवकास	१	१		१				
बलात्कार	४		५	५				
बलात्कार प्रयास	२		२	१				
महिला भएकै कारणले दिइने यातना	१		१	१				
वहुविवाह	३		३	३				
गर्भपतन	१		१	१				
चोरी/डकैती	१	१		१				
आत्महत्या •	१४	-		१४				
दुर्घटनाहरू/विपत्तिहरू	२	४	१	५				
जम्मा	८१	६६	३२	१२९	११	१८	२	२०

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

उदयपुर जिल्ला अदालतमा गत वर्षदेखि सरेर आएका ४ सय ५४ वटासहित ६ सय ४० वटा मुद्दाहरू रहेका छन्। यस वर्षका ५६ वटा सरकारवादी मुद्दामध्ये १४ वटा फैसला भई ४२ वटा बाँकी छन्। दुनियावादी फौज्दारी मुद्दाहरू २ सय ४७ वटामध्ये ६८ वटा मात्र फैसला भए। त्यस्तै दुनियावादी देवानीतर्फ ३ सय ३७ मुद्दा रहेकामा ४९ वटा मात्र फैसला भए। ३ वर्षदेखि छिनिन नसकेका मुद्दाहरू यस अदालतमा ५ वटा छन्। त्यस्तै २ वर्षभन्दा बढीका ४० मुद्दाहरू छिनिएका छैनन्।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

त्रियुगा जनता बहुमुखी क्याम्पस, गाईघाटका क्याम्पस प्रमुख नरेन्द्रबहादुर राजभण्डारीले ०५३ चैत १ गतेदेखि सोही क्याम्पसका मुखिया चन्द्रेश्वर चौधरीलाई क्याम्पस तोडफोड गरी ३८ हजार रूपैंया बेपत्ता पारेको अभियोगमा अवकाश दिए। यस घटनामा पीडक स्वयं दोषी रहेको पीडितको भनाइ छ।

रामपुर ठोक्सिला गाविसका शिक्षक टंक खनिवडाको सरूवा सोही गाविसको गलेनी प्रा.वि. मा भएकोमा उनी शिक्षक संगठनसंग आवद्ध रहेका कारण हाजिर नगराउन स्थानीय नेपाली कांग्रेस समर्थकहरूले जुलुस निकाले। उनले ०५३ मंसिर २३ गतेदेखि हालसम्म पनि तलव पाएका छैनन्। उनलाई हाल शिक्षा शाखामा हाजिर गराइएको छ।

३. भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

अघिल्लो ६ महिना केही गाविसमा वृद्ध भत्ता वितरण गरिए पनि अर्को ६ महिना वितरण गरिएन। बजेट नआइपुगेकाले वितरणमा निरन्तरता नआएको बताइएको छ। यस वर्ष शिक्षा शाखाद्वारा १ हजार ६ सय ७३ र ४ सय ६२ जनालाई स्थानीय छात्रवृत्ति प्रदान गरियो।

उदयपुर जिल्लामा १७ हजार ९ सय २७ जना सुकुम्वासी रहेका ठहर बुद्धिजीवीहरूको रहेको छ। सुन्दरपुर गाविसमा सुकुम्वासीहरूले बनाएका १ सय ५० छाप्राहरू प्रशासनिक बल प्रयोग गरी भत्काइयो। ठूलो संख्यामा सुकुम्बासीहरू रहेका कारण यहाँ सुकुम्बासीसंग सम्बन्धित घटनाहरू भइरहन्छन्। यस वर्ष त्रियुगा नगरपालिका-११ जलजलेमा ४ सय ९४ पूर्जा वितरण गरिने लक्ष्य रहेको बताइएको छ।

यातनापीडित जगतमान आले र रणबहादुर खड्का

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

जोगिदह गाविस-१ रूपनीकी एक १३ वर्षीय बालिकालाई जंगलमा बाख्रा चराउन गएका बेला ०५३ माघ १५ गते सोही ठाउँका २८ वर्षीय पंचेश्वर राईले आफू वन गस्ती गएका समयमा बलात्कार गरे। स्थानीय प्रहरी चौकीले मुद्दा दर्ता गर्न मानेन। पीडक भने फरार छ।

त्रियुगा नगरपालिका-२ का गोविन्द रायले सोही ठाउँकी एक १७ वर्षीय युवतीलाई ०५४ वैशाख ४ गते ब्लेडले हात चिरेर सिउँदोमा रगत लगाइदिइ जबर्जस्ती पत्नी घोषणा गरे। प्रहरीको संलग्नतामा घटना सामसुम पारियो।

त्रियुगा नगरपालिका-१२ की २४ वर्षीय एक महिलालाई उदयपुर सिमेन्ट उद्योगमा कार्यरत ३२ वर्षीय ड्राइभर प्रेम थापाले सोही गाडीमा आइरहेका बेला अन्यत्र लगी ०५४ वैशाख २९ गते बलात्कार गर्ने प्रयास गरे। सार्वजनिक अपराधअन्तर्गत मुद्दा चलिरहेको छ।

त्रियुगा नगरपालिका-१० देउरीका १९ वर्षीय कविताकुमारी चौधरी र मौलाई चौधरीबीच प्रेम भई छोरोसमेत जन्मिसकदा पनि घर परिवारले हेला गरी विचल्ली बनाएकाले पीडितले अंशका लागि ०५४ जेठ २ गते मुद्दा हालिन्। मौलाई फरार छन्।

भलायाडाँडा गाविस-१ का २४ वर्षीय मुक्तिबहादुर खड्काले हरियो मकै माग्ने निहुँमा ०५४ असार १८ गते सोही ठाउँकी ८ वर्षीय बालिकालाई बलात्कार गरे। पीडकद्वारा नै पीडितलाई गाली बेइज्जती मुद्दा दर्ता गरियो। पछि दुवै पक्षबीच मिलापत्र भयो।

रौता गाविस-९ मुर्कुचीकी ४२ वर्षीय महिलालाई सोही ठाउँ बस्ने झापा बुधबारेका माइलो भनिने जयराम घिमिरेले ०५४ साउन १९ गते राति बलात्कार गरे। यो घटनाका कारण बजार तनावग्रस्त भयो तर पछि मेरै इच्छाले यो भएको भनी पीडितले नै स्वीकारेपछि घटना त्यत्तिकै थामथुम भयो।

त्रिवेणी गाविस-७ बस्ने धनकुटाका नरबहादुर श्रेष्ठ र प्रभुराम भन्ने हुमराज गौतमले कुखुरेटारको जंगलमा लगेर खोटाङ वाउनीडाँडा-१ का १९ वर्षीय २ युवतीलाई ०५४ भदौ ३१ गते रातभर पटक-पटक बलात्कार गरे। बाटोमा रात परेकाले आफन्तको खोजीमा रहेका युवतीहरू उक्त आक्रमणको शिकार भएका थिए। हाल जबर्जस्ती करणीअन्तर्गत मुद्दा चलिरहेको छ।

रामपुर ठोक्सिला गाविस-३ धौरीकी एक ४५ वर्षीय लाटी महिलालाई खेतमा काम गर्न गइरहेका बेला सोही ठाउँका १८ वर्षीय चक्रबहादुर परियारले ०५४ मंसिर १

गर्ने बाटो ढुकी बलात्कार गर्ने प्रयास गरे। घटना त्यत्तिकै सेलायो।

४.२ पारिवारिक हिंसा र बहुविवाह

वर्रे गाविसका २८ वर्षीय जनक नामाङले घरमा पत्नी हुँदाहुँदै नावाश्रीकी २६ वर्षीय फूलमाया तामाङसंग दोस्रो विवाह गरेकाले जनककी जेठी पत्नी पार्वती नामाङले ०५४ जेठ ३० गते मुद्दा हालिन्।

कटारी गाविस-९ भोर्ले बस्ने रेवती भन्ने तेजप्रसाद खतिवडाले घरमा पत्नी र पाँच छोराछोरी हुँदाहुँदै ०५४ असार १७ गते विवाहित तिलोतमा तिर्मिल्सिनासंग दोस्रो विवाह गरी ल्याए। कारवाहीको प्रक्रिया अघि बढेन।

रिम्कु गाविस-३ का ३६ वर्षीय छविधन मोतेले ०५४ असार २५ गते घरमा पत्नी र छोराछोरी हुँदाहुँदै त्रियुगा नगरपालिकाकी लुरी परियारसंग दोस्रो विवाह गरे। पहिल्ली पत्नी कमलाले मुद्दा दायर गरेकी छिन्।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

कटारी गाविस-९ भोर्लेकी ३४ वर्षीय दिलकुमारी भुजेलले पति अरब गएका बेला सोही ठाउँका २७ वर्षीय भुवन गिरीसंग संसर्ग गरी रहन गएको ७ महिनाको गर्भ ०५४ मंसिर २६ गते औषधि प्रयोग गरी पतन गराइन्। प्रहरीले उनलाई पक्राउ गऱ्यो। गिरि फरार छन्।

त्रियुगा नगरपालिका-२ गाईघाटकी मुना तिर्मिल्सिना ०५४ पुस १५ गते लडेर घाइते हुँदा भोलिपल्ट त्यही पीडाका कारण उनको गर्भ पतन हुन पुग्यो।

५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

त्रियुगा नगरपालिका-८ बगाहाका १२ वर्षीय बालक हिराप्रसाद दाहाललाई सोही ठाउँका २० वर्षीय भविन्द्र बुढाथोकीसंगको झगडाको आरोपमा प्रहरीले पक्राउ गरी ०५४ असार १५ देखि २० गतेसम्म शौचालय सफा गर्न लगाउने र घन्टौंसम्म पानी बोकाइ कार्यालय वरिपरि छ्याप्न लगाउने कार्य गऱ्यो।

यस वर्ष यो जिल्लामा १ जना बालिका बलात्कारबाट पीडित भइन्।

६. आर्थिक अधिकार

(पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

जानकारीमा आएन।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

त्रियुगा नगरपालिका-७ भुल्केका ४० वर्षीय कानून व्यवसायी वैकुन्ठनाथ दाहाललाई प्रहरीद्वारा अभद्र व्यवहार गरेको विषयलाई लिएर मानवअधिकार र वातावरण विकास केन्द्र (ह्रेण्डेक) ले ०५३ फागुन २४ गते प्रेस विज्ञप्ति प्रकाशित गरी उक्त कार्यको विरोध गऱ्यो।

त्रियुगा नगरपालिकामा ०५४ जेठ १३ गते सम्पन्न भएको निर्वाचनमा धाँधली भएकाले मात्र आफूहरू हार्नुपरेको भनी स्वतन्त्र उम्मेदवारहरू बलदेव चौधरी र भीमप्रसाद गौतमले एक वक्तव्य प्रकाशित गर्नुभयो।

९. अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

रामपुर ठोक्सिला गाविस-९ शिखरमाडीका ५० वर्षीय तिलकबहादुर रैका मगरले ०५३ पुस २६ गते राति ८२ वर्षीय पदमदेवी रेग्मीको हत्या गरे। उनीसंग लिएको ऋण तिर्न नपरोस भनी उक्त हत्या गरेको अनुमान गरिएको छ। पीडक फरार छ तर पक्राउ परेकी पीडककी पत्नी लक्ष्मी कुमारी धरौटी राख्न नसकेकाले कारागारमा छन्। कविराज बज्रालाई छानविनका लागि थुनामा राखिएको छ।

सोरुङ छविसे गाविस-२ का २३ वर्षीय गुमानसिंह सुनुवार र २६ वर्षीय काले सुनुवारले रक्सी पिएको विवादमा भनाभन हुँदा ०५३ माघ २४ गते २४ वर्षीय बुद्धिमान सुनुवारलाई दहमा फ्याँकेर मारे। २७ जना मलामी तारेखमा छुटेका छन्। यसलाई भवितव्य बनाइएको छ।

रामपुर ठोक्सिला गाविस-१ का ३५ वर्षीय पदमबहादुर राईलाई ०५३ चैत ३० गते अज्ञात व्यक्तिहरूले हत्या गरी कोशीको भंगालोमा फ्याकिदिएको अवस्थामा भेटियो। काठ तस्करबाट भएको अनुमान गरिएको उक्त हत्याको घटनाका सम्बन्धमा पक्राउ परेका कृपाश्वर राई, मेघबहादुर राई, पदमबहादुर राई र नरबहादुर राई कारागारमा छन्।

उदयपुर सिमेन्ट उद्योगमा कार्यरत श्याम राईका १२ वर्षीय छोरा दिनेश राईले सानी आमाले सिमेन्ट फ्याक्ट्री हेर्न नलगेको निहुँमा ०५४ जेठ २० गते डोरीले पासो लगाई आत्महत्या गरे।

कटुन्जे बबला गाविस-८ न्याउलेका ६७ वर्षीय जगतमाया राईको घरमा काम गरिरहेको बेला ०५४ जेठ २३ गते अज्ञात व्यक्तिहरूले पेट, घाँटी र कोखामा छुरी प्रहार गरी हत्या गरे। पीडकहरूले २ तोला सुन र ३ हजार ५०० सय रुपैयाँसमेत लुटेर लगे। पीडक पत्ता लाग्न सकेको छैन।

त्रियुगा नगरपालिका-२ स्थित गाईघाटमा डेरा गरी बस्ने जनस्वास्थ्य कार्यालयका ४७ वर्षीय कर्मचारी बालकुमार उदासकी पत्नी सानुमाया भन्ने इन्दिरा उदासको ०५४ भदौ २ गते अज्ञात व्यक्तिहरूले हत्या गरे। घरमा पनि नभएको वेला उक्त घटना भएको थियो। लास खाटमुनि रहेको, टेबुलमा २ वटा रक्सीका बोतल भएको र मासुका प्लेट तथा बत्ती बलेको अवस्थामा कोठासमेत खुला रहेकाले हत्या नै भएको ठहर गरिएको छ। तर अस्पताल प्रतिवेदनले भने उक्त घटनालाई भवितव्य भनेको छ।

सिद्धिपुर गाविस-७ का ४२ वर्षीय दानबहादुर राईको ०५४ कार्तिक ७ गते राति ९ बजे केही अज्ञात व्यक्तिहरूले खुकुरी प्रहार गरी हत्या गरे। घटनास्थलमै रामबहादुर राई र तम्बी राईलाई प्रहरीले पक्रिएकोमा मागिएको जनही ६० हजार रूपैयाँ राख्न नसकेकाले उनीहरू कारागारमै छन्।

यस वर्ष यो जिल्लामा व्यक्तिगत रीसडवीका कारण भएको कुटपिटवाट २५ जना पीडित भए। ट्राफिक दुर्घटनाबाट ५ जना, डुबेर ३ जना, आगलागीमा परेर २ जना र झाडा पखाला, विपत्तिवाट ९ जनाको मृत्यु भयो। १४ जनाले आत्महत्या गरे।

●

१. पूर्वाञ्चल

सगरमाथा

१.१४ खोटाङ

जनसंख्या	: २१५९६५
साक्षरता	: ३९.९ प्रतिशत
महिला साक्षरता	: २३.३ प्रतिशत
क्षेत्रफल	: १५९१ वर्ग कि.मी.
गाविस/नपा	: ७६/०
निर्वाचन क्षेत्र	: २
विद्यालय/क्याम्पस	: ३४९/१
अस्पताल/स्वास्थ्यचौकी	: १/६५
टेलिफोन लाइन	: २९८
सडक (कि.मि.)	: २१
प्रहरी कार्यालय	: २१
हुलाक	: ७६

पूर्वमा भोजपुर, उत्तरमा सोलुखुम्बु, दक्षिणमा उदयपुर र पश्चिममा ओखलढुंगा जिल्लाले घेरेको खोटाङ पहाडै पहाडमा अवस्थित जिल्ला हो। अशिक्षा र मानवअधिकारप्रतिको सचेतनताको कमीका कारण यहाँ थुप्रै घटनाहरू हुने भए पनि विभिन्न कारणले त्यस्ता घटना कममात्र प्रकाशमा आउन सकेका छन्। गत वर्षहरूभन्दा यस वर्ष यो जिल्लामा आत्महत्या गर्नेको संख्या बढ्यो। मादक पदार्थ सेवनका कारण हुने गरेका घटना यस वर्ष धेरै रहे।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

खोटाङस्थित कारागारमा ३० जना बन्दीहरू रहन सक्ने क्षमता छ। त्यहाँ हाल १ नाबालकसहित ३१ जना कैदी बन्दीहरू रहेका छन्। जसमा ५ महिलाहरू रहेका छन्। हालको तथ्यांकअनुसार ११ जना पुरूष र ३ जना महिला थुनुवा छन् भने १४ पुरूष र २ महिला बन्दी छन्। शौचालयको असुविधा भएको र सुत्नको निम्ति खाट नभएकोले खाटको व्यवस्था हुनुपर्ने माग बन्दीहरूको छ। खानेपानी दूषित भएकोले स्वच्छ खानेपानीको व्यवस्था हुनुपर्ने, झोला, टोपी बुन्ने तान मात्र भएको हुँदा गलैंचा बुन्नका लागि व्यवस्था हुनुपर्ने र भित्रै अध्ययन गरेर परीक्षा दिनको निम्ति व्यवस्था मिलाइनुपर्ने तथा पाउने सुविधा समयमै नपाइएको हुँदा समयमै उपलब्ध हुनुपर्ने माग उनीहरूको छ।

पुरानो जेलरको समयमा केही समस्या रहेको भए पनि अहिले सबै ठीकै भइसकेको तथा सुरक्षाकर्मी, जेल प्रशासन र बन्दीहरू बीच कुनै वैमनश्य नभएको जेलरको भनाइ छ। अन्य जेलको तुलनामा यस जेलको भौतिक स्थिति त्यति नराम्रो छैन।

पुरूषतर्फ एकमात्र शौचालय र धारा भएकोले निकै अप्ठ्यारो परेको गुनासो पनि बन्दीहरूको छ। यस जेलमा ३ वर्षदेखि बन्दी रहेका थुनुवाहरू १० जना छन्।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

चिउँडीडाँडा गाविस-६ का ३२ वर्षीय ठूलकुमार श्रेष्ठलाई माओवादीसंग संलग्न भएको भनी स्थानीय प्रशासनले ०५४ असोज २० गते पक्राउ गरेकोमा ०५४ कार्तिक ४ गतेदेखि जिल्ला कारागार खोटाङमा राखिएको छ।

१.४ बेपत्ता पारिएको (राज्य पक्षबाट)

२०५० सालमा ऐंसेलुखर्क इलाका प्रहरी कार्यालयबाट बेपत्ता पारिएका रविन केसीको अत्तोपत्तो यस वर्ष पनि लाग्न सकेन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

खिदिया गाविस-३ का २५ वर्षीय अम्बिका राईलाई वनपाला जंगलको बाटोमा हिँडिरहेका बेला ०५४ जेठ १० गते बालजीत राईलगायत्का ६ जनाले मरणासन्न हुनेगरी कुटपिट गरे। पीडितलाई बेहोस अवस्थामा गाउँलेहरूले अस्पताल लगेका थिए भने पीडकहरू फरार भए।

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	-
हिरासतमा यातना	-	१	-
बलात्कृत	२	१	-
आत्महत्या	१०	९	१०

निर्मलीडाँडा गाविस-७ की ४२ वर्षीय कालिमाया सार्कीलाई स्थानीय निर्वाचनमा आफूलाई भोट नदिएका कारण महिला सदस्य देवी राई, खड्गा राई र उदय राईले ०५४ जेठ १५ गते राति घरमै गई कुटपिट गरे। उनीहरूले कान्लाबाट खसालिदिएकाले पीडित बेहोससमेत भएकी थिइन्। अझैसम्म पूर्ण उपचार हुन सकेको छैन। पीडकहरूले उपचार खर्च बेहोरी मिलापत्र गरेका छन्।

नेर्पा गाविस-३ का ४२ वर्षीय रामकाजी भुजेललाई पत्नी र छोरीसहित बाटोमा हिँडिरहेका बेला पुरानो रीसइबीका कारण सोही ठाउँका २० वर्षीय कैलाश भन्ने टीकाराम भुजेललगायत्का ९-१० जनाको हुलले कुटपिट गरी सख्त घाइते बनाइ फरार भए।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लाको अदालतमा विभिन्न प्रकारका गरी सरकारवादी मुद्दाहरू २७ वटा दर्ता भएका छन् भने तीमध्ये चार वटा मात्र फछ्र्यौट हुन सकेका छन्। जिल्ला प्रशासन कार्यालयमा यही अवधिमा परेका ८ वटा सार्वजनिक मुद्दाको भने कुनै पनि टुंगो लाग्न सकेको छैनन्।

यहाँ ३ वर्षभन्दा बढी समयसम्म नछिनिएका मुद्दा छैनन्। १ वर्षदेखि नछिनिएको २७ वटा मुद्दा छन् भने ६ महिनादेखि छिनिन बाँकी ११ वटा मुद्दा छन्।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

सुकुम्बासीहरूको सम्वन्धमा कुनै स्रोतबाट जानकारी प्राप्त हुन सकेन।

समयमै वृद्ध, असहाय भत्ता वितरण हुन सकेको छैन। छात्रवृत्ति सम्वन्धमा कुनै गुनासो रहेको छैन।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

मात्तिमविर्ता गाविस-८ की १७ वर्षीय सुश्री ऋषिमाया राईलाई सोही ठाउँका ३८ वर्षीय रामकुमार राई र अज्ञात ठाउँको विष्णु लामाले राम्रो काममा लगाइदिन्छौं भनी ०५३ चैत १८ गते एक भारतीय महिलाको साथ लगाएर जोगवनीमा पुर्‍याइ छाडिदिए। पछि ऋषिमाया भागेर आइ सबै कुरा बताएपछि रामकुमार पक्राउमा परे भने विष्णु फरार नै छन्।

सप्तेश्वर गाविस-५ का अन्दाजी ४३ वर्षीय शिक्षक अम्बरबहादुर निरौलाले जाल्पा गाविस-८ की २२ वर्षीय विन्द्रकुमारी खड्कालाई गर्भवती बनाई पछि अस्वीकार गर्न विभिन्न जालझेल अपनाउँदै आएका छन्। ०५४ साउन २७ गते पीडितबाट छोरी जन्मिसक्दा पनि न्वारन भएको छैन। अहिले दुवै पक्ष मुद्दा मामिलामा भिडेका छन्।

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
हत्या	४	३	१	४				
गोलीद्वारा हत्या	१	१		१				
गिरफ्तारी र यातना	२	४		४	१	१		१
कुटपिट	९	९	१	१०				
महिला किनबेच	१		१	१				
महिला भएकै कारणले दिइने यातना	१		१	१				
बहुविवाह	२		२	२				
गर्भ पतन	१		१	१				
जातीय छुवाछूत	१	५		५				
चोरी/डकैती	१	३	१	४				
आत्महत्या	१०	६	४	१०				
दुर्घटनाहरू/विपत्तिहरू	७	६	१	७				
जम्मा	४०	३७	१३	५०	१	१		१

४.२ पारिवारिक हिंसा र वहुविवाह

मात्तिमविर्ता गाविस-२ का २३ वर्षीय इन्द्रबहादुर राईले ०५४ वैशाख २ गते घरमा पत्नी हुँदाहुँदै गंगा राईसंग दोस्रो विवाह गरे। दोस्रो विवाहपश्चात उनले जेठी पत्नी र छोराछोरीलाई ज्यादै दुःख दिने कार्य गर्दै आएका छन्। पीडितहरूले जाहेरी दिएपछि दुवै जना फरार छन्।

बतासे गाविस-६ का २८ वर्षीय ढकबहादुर राइले घरमा पत्नी हुँदाहुँदै ०५४ असार १८ गते मनिमाया राईलाई दोस्रो पत्नीका रूपमा भित्र्याए। जेठी पत्नी र छोराछोरीलाई कुटपिट गर्ने र खान लाउन नदिने जस्ता काम पनि उनले गर्दै आएका छन्।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

हौंचुर गाविस-४ की २३ वर्षीय श्रीमती मैया राईले आफ्नै दाजु पर्ने बलबहादुर राईसंगको अवैध संसर्गका कारण रहन गएको चार महिनाको गर्भ ०५४ भदौ १७ गते औषधी प्रयोग गरी पतन गराइन्। हाल पीडक मैयाँ राईलाई पुर्पक्षका लागि जिल्ला कारागारमा राखिएको छ।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

बोपुङ गाविस-६ की ३२ वर्षीय हिरा राईले पति मारन गएका बेला आफ्नै काका ज्ञानचन्द्र राईसंग अवैध संसर्ग गरी रहन गएको गर्भबाट ०५३ माघ १४ गते जीवित अवस्थामा जन्मेको शिशुको हत्या गरिन्। हिरा हाल कारागारमा सजाय भोग्दैछिन् भने ज्ञानचन्द्र फरार भएका छन्।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

यस जिल्लामा दासत्व, कमैया र हलिया छैन तर वर्षभरि ठेगिएर जोत्ने, काम गर्ने चलन भने ठाउँ-ठाउँमा रहेको पाइन्छ। तर उनीहरूको सम्बन्धमा उल्लेख्य घटना भने यस वर्ष भएनन्।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

लफ्याङ्ग गाविसमा रहेको कालिकादेवी मन्दिरमा दिक्तेल गाविसका बलशंकर वि.के., पुष्प वि.के. लगायतका ८-१० जना अछूत मनिनेहरूलाई पूजाआजा गर्न जाँदा सोही मन्दिरका पुजारी भोजराज आचार्यले ०५४ असार २७ गते मन्दिरभित्र पस्न दिएनन्। पीडितहरूले जिल्ला प्रशासन कार्यालयमा उजुर गर्दा प्रशासनले वास्ता नगरेको पीडित पक्षको गुनासो छ।

खोटाङ जेल

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

बाक्सिला गाविस-७ का १६ वर्षीय राजन बस्नेत र रूद्रबहादुर बस्नेतबीच सार्वजनिक धारोमा पानी लिन जाँदा सामान्य निहुँमा झगडा हुँदा १० फिट अग्लो कान्लाबाट लडी सख्त घाइते हुन पुगे। रूद्रबहादुरको ४ दिनपछि ०५४ वैशाख ८ गते मृत्यु भयो। राजनलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

चिउँडीडाँडा गाविस-९ का ३० वर्षीय बलबहादुर राईलाई व्यावहारिक लेनदेनका विषयमा झगडा हुँदा कालुमान राईले ०५४ जेठ १५ गते गोली हानी हत्या गरे। पीडकलाई प्रहरीले पक्राउ गरी कारागारमा राखेको छ।

सीमपानी गाविस-९ की शोभा राईलाई सौता पविता राई र पति धनकुमार राईले ०५४ असोज २१ गते कुटपिट गरेकोमा सोही रात मृत्यु भयो। मृत्युपछि पीडकहरूले आत्महत्या गरेको देखाउन डोरीले बाँधी झुण्ड्याइदिएका थिए तर पछि मारेकै ठहर प्रहरीले गऱ्यो। हाल अदालतले पीडकहरूलाई ५ हजार रूपैयाँ धरौटी लिई तारेखमा छाडेको छ।

दिक्तेल गाविस-८ का ३१ वर्षीय समुन्द्रबहादुर राईलाई १७ वर्षीय आफ्नै भाइ पूर्णबहादुर राईले ०५४ असोज ३० गते राति जाँड खाएको निहुँमा भनाभन हुँदा टाउकोमा बन्चरो प्रहार गरी हत्या गरे। पीडक कारागारमा छन्।

यस वर्ष यो जिल्लामा व्यक्तिगत रीसइवीका कारण भएका कुटपिटबाट ७ जना पीडित भएका छन्। पानीमा डुबेर १ जना, भिरबाट लडेर १ जना, चट्याङबाट १ जना र रूखले किचेर १ जनाको मृत्यु भयो। ४ जना महिला र ६ जना पुरूषसमेत १० जनाले आत्महत्या गरे।

●



१. पूर्वाञ्चल

सगरमाथा

१.१५ ओखलढुंगा

जनसंख्या	: १४०४२६
साक्षरता	: ३८.६ प्रतिशत
महिला साक्षरता	: २२.८ प्रतिशत
क्षेत्रफल	: १०६१ वर्ग कि.मी.
गाविस/नपा	: ५६/०
निर्वाचन क्षेत्र	: २
विद्यालय/क्याम्पस	: २५२/४
अस्पताल/स्वास्थ्यचौकी	: २/४९
टेलिफोन लाइन	: ११७
सडक (कि.मि)	: ०
प्रहरी कार्यालय	: ११
हुलाक	: ५५

खोटाङ, रामेछाप, सोलुखुम्बु, उदयपुर र सिन्धुली जिल्लाले घेरिएको विकट पूर्वी पहाडी जिल्ला ओखलढुंगा धेरै शहीद जन्माउने जिल्लाका रूपमा अग्रस्थानमा रहेको छ। २०३१ सालको टिम्बुरबोटे काण्डका कारण निकै चर्चामा आएको यो जिल्ला थुप्रै मानवअधिकार उल्लंघनका घटना हुने जिल्लाका रूपमा पनि चर्चित छ। तर अशिक्षा, चेतनाको अभाव र कर्तव्य तथा अधिकारप्रतिको पूर्ण ज्ञानको कमीका कारण धेरै मानवअधिकार उल्लंघनका घटना प्रकाशमै नआई हराउने गरेका पाइन्छन्। दुर्गम भएका कारण पनि जनाधिकारका सवालमा यो जिल्लाका बासिन्दा त्यति लाभान्वित हुन सकेका पाइन्नन्।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

२ जना नाबालक, महिला र पुरूष गरी ओखलढुंगा जेलमा हाल ४२ जना बन्दी तथा थुनुवा रहेका छन्। ४ महिला र ३१ पुरूष बन्दी छन् भने बाँकी महिला, पुरूष थुनुवा छन्। खेलकुदका सामान १ क्यारमबोर्ड र चेस दिइएको देखिन्छ। महिला शौचालय राति प्रयोग गर्न नदिइएका कारण साह्रै अप्ठ्यारो परेको, भान्सामा पानी चुहिने कारण खाना बनाउने अप्ठ्यारो हुने गरेको र परीक्षा दिने व्यवस्था तथा हाते बुनाइ उद्योग दर्ता नगराइएको गुनासो बन्दीहरूको रहेको छ। बन्दीहरूले १३ सूत्रीय माग राखेर प्रशासनको ध्यानाकर्षण गराएका भए पनि अधिकांश माग स्थानीय स्रोतले पूरा गर्नसक्ने खालका नभएको कुरा जेलर रामप्रसाद भट्टराई बताउनुहुन्छ। सबै बन्दीहरूको मात्र मानवअधिकारको कुरा गर्छन् तर हाम्रो अधिकारप्रति चाहिं कसैले ध्यान दिंदैनन् भन्ने गुनासो जेलर भट्टराईको छ। "ङ" श्रेणीको यो कारागार ५० जना बन्दी क्षमताको हो। चिसो छिंढीमा सुत्नुपर्नाका कारण बन्दीहरू बिरामी भइरहनु सामान्य घटना भएको छ।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

भदौरे गाविस-३ का एमाले जिल्ला कमिटी सदस्य ३१ वर्षीय छविलाल कार्कीलाई मादक पदार्थ सेवन गरी टेलिफोन गरेर धम्क्याएको निहुँमा प्रमुख जिल्ला अधिकारी गणेश राईले ०५३ चैत ११ गते पक्राउ गरी हिरासतमा लिए। पीडितले आफूले नधम्क्याएको बताएका छन् भने प्रमुख जिल्ला अधिकारीले नै बेला बेलामा आफैंलाई धम्क्याएको बताएका छन्।

तलुवा गाविस-७ का वार्ड सदस्य शान्तिराम घिमिरे, एमाले गाउँ कमिटी सचिव शेरबहादुर घिमिरेलगायतका ४ जनालाई प्रहरीले सामान्य घटनाका सन्दर्भमा पक्राउ गरी ०५३ चैत १९ गते मरणासन्न हुने गरी कुटपिट गरी छाडिदियो। शान्तिराम कुटपिटबाट मूर्च्छासमेत भएको र प्रमुख जिल्ला अधिकारीले नकुट्ने आदेश दिएपछि मात्र कुट्न छाडिएको थियो।

१.४ बेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

पोकली गाविस-४ का नरबहादुर खत्रीलगायतका केही

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	-
हिरासतमा यातना	६	-	१
बलात्कृत	-	-	२
आत्महत्या	४	९	३

व्यक्तिहरूले गाम्फाङटार गाविस-९ का १८ वर्षीय भूपाल थापा, नेत्रबहादुर तामाङलाई पशुपति सुनुवारको घरमा खाजा खान जाउँ भनी लगेर ०५४ जेठ ९ गते मरणासन्न हुने गरी कुटपिट गरे। पीडकहरू २ दिन हिरासतमा बसी फर्के।

फूलबारी गाविसका अध्यक्ष खड्गबहादुर कार्की, उपाध्यक्ष राजेशकुमार थापा, एमाले जिल्ला कमिटी सदस्य रामहरि कार्की आदिलाई बैठकमा भाग लिन गइरहेका बेला ०५४ जेठ १७ गते कटुन्जे गाविसको कोषहाट भन्ने ठाउँमा लुकी बसेका कांग्रेस समर्थक बागवीर तामाङसहितका व्यक्तिले खुकुरीसमेत प्रयोग गरी घाइते बनाए। उजुरी भइसक्दा पनि प्रहरीले कुनै चासो दिएन, पीडितहरूलाई काठमाडौं ल्याई उपचार गरियो।

बर्नालु गाविस-३ की ५२ वर्षीय विष्णुमाया श्रेष्ठलाई सोही गाविसका २६ वर्षीय प्राविधिक सहायक गाराकाजी राईले गत स्थानीय निर्वाचनमा एमालेलाई सघाएको रीसका कारण राहत मागेको निहुँमा ०५४ भदौ २ गते लछारपछार र कुटपिट गरे। पीडितले उजुरी गरे पनि हालसम्म पीडकलाई कारवाही गरिएको छैन।

नारायणस्थान गाविस-४ का ५२ वर्षीय लामछिरे राईलाई ४८ वर्षीय सूर्यबहादुर बानियासहितका व्यक्तिहरूले ०५४ भदौ ८ गते पुरानो रीसइवीका कारण कुटपिट गरी सख्त घाइते बनाए। पीडितको अवस्था चिन्ताजनक छ। प्रहरीमा जाहेरी दिए पनि पीडकउपर कारवाही भएको छैन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष यहाँको जिल्ला अदालतमा फौज्दारी दुनियाँवादी १ सय १८, देवानी १ सय ४३, फौज्दारी १३, विशेष फौज्दारी ३८ तथा केही निर्वाचनसम्बन्धी मुद्दा दर्ता गरिए। मुद्दाहरू फैसला हुन धेरै समय लाग्ने गरेको गुनासो सम्बन्धितहरूको छ।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

गाम्फाङटार गाविस-१ बाट माइत हिंडेकी १९ वर्षीय महिलालाई ०५४ जेठ १२ गते बाटोमा पर्ने लोर्खु खोलामा ३/४ जना अज्ञात व्यक्तिहरूले बलात्कार गरी बेपत्तासमेत गराए। खोजतलासका लागि प्रहरी सक्रियरूपमा लागेको भए पनि पीडक र पीडित दुवैको अत्तोपत्तो लाग्न सकेको छैन।

ओखलढुंगा गाविस-७ भण्डारेकी ८ वर्षीय बालिकालाई सोही ठाउँस्थित आफ्नो दिदीको घरमा बसिरहेका बेला केशरबहादुर दर्जीले ०५४ साउन ३० गते १० रूपैया दिएर फकाइ बुइगलमा लगी बलात्कार गरे। पीडकलाई ३ दिन हिरासतमा राखी प्रहरीले माफी मगाएर छाडिदियो।

हर्कपुर गाविस-२ की ३२ वर्षीय टोपकुमारी वाग्लेलाई गाविस अध्यक्ष ४५ वर्षीय दीपप्रसाद खतिवडाले पटक-पटक यौन संसर्ग गरी पत्नी बनाउने आश्वासन दिएकोमा पत्नी स्वीकार गर भन्न जाँदा ०५४ मसिर २४ गते अन्य व्यक्तिसमेत भई मरणासन्न हुने गरी कुटे। अदालतमा नाता कायम गराउने सम्बन्धमा मुद्दा चलिरहेको छ। पीडकको चरित्र एकदमै नराम्रो भएको बताइन्छ। पीडित अहिले अलपत्र अवस्थामा छिन्।

घटनाको प्रकारअनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरूष	महिला	जम्मा		पुरूष	महिला	जम्मा
गिरफ्तारी र यातना	३	७		७	३	७		७
कुटपिट	६	९	२	११				
बलात्कार	२		२	२				
महिला भएकै कारणले दिइने यातना	१		१	१				
लाश फेला	१	१		१				
आत्महत्या	३	१	२	३				
दुर्घटनाहरू/विपत्तिहरू	२	२	१	३				
जम्मा	१८	२०	८	२८	३	७		७

४.२ पारिवारिक हिंसा र वहुविवाह

जानकारीमा आएन।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

जानकारीमा आएन।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

गाभाङटार गाविस-३ का चेतबहादुर सार्की र ४ छोराछोरीकी आमा ३६ वर्षीय कपिलकुमारी भट्टराईबीच सहवास भई गर्भ रहेपछि ०५४ जेठ १८ गते प्रहरीले भट्टराईलाई चेतबहादुरको जिम्मा लगाइदियो। त्यसपछि भट्टराई परिवारले उक्त जोडीलाई सानो जाति भनी गाउँबाटै निकाला गरे।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

वरूणेश्वर गाविसकी निर्मला बानियाँका हत्याराहरूलाई कारवाही गर्न निश्क्रियता देखाएको विरोधस्वरूप इन्सेक, वाच, ग्रामीण महिला जागरण समूह, मासम, ओख्लढुंगा युवा क्लव आदिको आयोजनामा ०५४ पुस २२ गते एक जुलुस निकाली जिल्ला प्रशासन कार्यालय र गृहमन्त्रीलाई ज्ञापन दिइयो तथा विज्ञप्ति पनि प्रकाशित गरियो।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

पोकली गाविस-२ का ३२ वर्षीय अर्जुन गौतम र ४५ वर्षीय श्रीमती लक्ष्मी गौतमले सोही ठाउँकी अर्जुनकै पत्नी २५ वर्षीय मन्जु गौतमलाई ०५४ भदौ ९ गते हत्या गरी लिखु खोलामा फ्याँकिदिएको अभियोगमा पक्राउ गरी प्रहरीले कारागारमा राखेको छ।

माम्खा गाविस-३ का ७८ वर्षीय पहले दर्जीको ०५४ असोज २६ गते घाँस काट्न जाँदा भीरबाट लडी मृत्यु भयो। उवुँ गाविस-५ स्थित फूलसरी राईको घरमा ५ वर्षीय छोरी माइकल जक्सनले सलाइ कोरी लगाइदिएको आगोबाट ५ वर्षीय छोरा अनिल, माइकल जक्सन, छिमेकीको साढे २ वर्षीय छोरी रमिला राईसमेतको मृत्यु भयो। ८० हजार रूपैयाँ बराबरको धनमाल क्षति भयो।

पोकली गाविस-९ की २२ वर्षीय श्रीमती मीनाकुमारी फुयाँललाई फूलबारी गाविस-९ का कृष्णबहादुर फुयाँललगायत्का ३ जनाले ०५४ मंसिर २ गते लिई हिंडेकामा हालसम्म अत्तोपत्तो लाग्न सकेको छैन। पीडित पक्षका तर्फबाट दीर्घबहादुर फुयाँलले खोजी गरिपाउँ भनी प्रहरीमा निवेदन दिएका छन्।

वरूणेश्वर गाविस-७ की २४ वर्षीय निर्मला बानियाँलाई ०५४ पुस ६ गते पति २८ वर्षीय गोकर्ण, कुलबहादुर बानियाँ र उर्मिला बानियाँले कुटपिट गरी झुण्ड्याएर हत्या गरे। राजनीतिक दबाबका कारण पीडकहरूलाई कारवाही भएन।

यस वर्ष यो जिल्लामा व्यक्तिगत रीसइवीका कारण भएको कुटपिटबाट ३ जना पीडित भएका छन्। पानीमा डुबेर १ जनाको मृत्यु भयो। ३ जना पुरूषले आत्महत्या गरेका छन्।



१. पूर्वाञ्चल

सगरमाथा

१.१६ सोलुखुम्बु

जनसंख्या	: ९७२००
साक्षरता	: ३८ प्रतिशत
महिला साक्षरता	: २१.३ प्रतिशत
क्षेत्रफल	: ३३१२ वर्ग कि.मी.
गाविस/नपा	: ३४/०
निर्वाचन क्षेत्र	: १
विद्यालय/क्याम्पस	: २४०/३
अस्पताल/स्वास्थ्यचौकी	: २/६०
टेलिफोन लाइन	: १४४
सडक (कि.मि.)	: ०
प्रहरी कार्यालय	: १५
हुलाक	: ३४

विश्वकै सर्वोच्च शिखर सगरमाथा अवस्थित सोलुखुम्बु पहाडी र दुर्गम जिल्ला भएर पनि पर्यटकीय दृष्टिले निकै समुन्नत र चर्चित जिल्ला हो। विश्वकै उच्च स्थानमा रहेको स्याङवोचे गुम्बा र होटल एभरेष्ट भ्यूले यस जिल्लालाई विश्वभर चिनाउन थप मद्दत गरेका छन्। ४ वटा हवाई मार्ग, सगरमाथा राष्ट्रिय निकुन्ज जस्ता क्षेत्र रहेको यस जिल्लालाई चिनाउन दुर्गम क्षेत्र विकास समितिले पनि राम्रो भूमिका खेलिरहेको छ।

चीनको तिब्बतसंग जोडिएर रहेको यो जिल्ला शेर्पाहरूको प्राचीन र सुन्दर वस्तीका कारण पनि प्रख्याति बटुल्न सफल छ। सामान्य घटनाहरूमा प्रहरी र अदालत नधाउने बानी परेका कारण मानवअधिकार उल्लंघनका घटना चर्चामा नै आउँदैनन्। तुलनात्मकरूपमा प्रत्येक वर्ष यस जिल्लामा हुने धेरै घटनाहरूमा भने बढोत्तरी हुँदै गएको पाइन्छ।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

सगरमाथा राष्ट्रिय निकुञ्जभित्र आगो तापिरहेका धादिङ सेर्तुङ गाविसका च्याल्टुङ तामाङलाई पक्रन गएको गस्ती टोलीले पक्रन लाग्दा भागेपछि ०५४ असोज ४ गते गोली हानी हत्या गरे। कस्तूरी मार्ने जालो बिछ्याइ तामाङ नजिकै आगो तापिरहेका थिए।

नुम्जुङ गाविस-१ की ३० वर्षीय आङफुरी शेर्पालाई चौरी गोठमा एक्लै बसिरहेको समयमा ०५४ पुस १६ गते भवानी दल गुल्मका हर्कबहादुर विश्वकर्माले जबर्जस्ती बलात्कार गरी हत्या गरे। पीडक पक्राउमा परिसकेका छन्।

१.२ जेल र बन्दीहरु

यस जिल्लास्थित सोलु जेलमा हाल २७ जना बन्दी रहेका छन्। ९ जना महिला र १८ जना पुरूष रहेको यस जेलमा महिलातर्फ ७ जना र पुरूषतर्फ ९ जनाको मुद्दा फैसला हुन बाँकी छ। यस वर्ष यस जेलबाट काठमाडौं स्थित सेन्टर जेलमा ११ जना पुरूष बन्दी जेल चलानी गरी लगियो।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

जानकारीमा आएन।

१.४ बेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

टाक्सिन्दु गाविस-६ हेवाका लाक्पा शेर्पालाई ०५४ जेठ ९ गते पासाङजाङ्वु शेर्पा, पासाङ शेर्पा, तेण्डी शेर्पा र आङकाजी शेर्पासहितको समूहले कुटपिट गरी दाहिने आँखा नै फुटाइदिए। आङकाजी ४२ हजार रूपैयाँ धरौटी राखी छुटेका छन् भने अन्य व्यक्तिहरू फरार छन्।

तामाखानी गाविस-७ का नेपाली कांग्रेस, जिल्ला कार्यसमितिका सचिव आङ्गेलु शेर्पालगायत्का व्यक्तिहरूले ०५४ जेठ १० गते राप्रपाका कार्यकर्ता आङकामे शेर्पालाई घरमा बसिरहेका बेला राजनीतिक प्रतिशोधका कारण कुटपिट गरी हात भाँचिदिए। पीडकहरू फरार भएका छन्।

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	१
बलात्कृत	-	-	२
सैनिकद्वारा	-	-	१
आत्महत्या	३	८	१

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला न्यायाधीश महेन्द्रराज गौतमका अनुसार यस वर्ष यो जिल्लाको अदालतमा परेका २४ वटा कुटपिटका मुद्दामध्ये १० वटा फछ्र्यौट भएका छन्। ज्यान, चोरी, गर्भपतन जस्ता मुद्दा २९ वटा परेकामा ७ वटा छिनिन बाँकी रहेका छन्। न्यायाधीश गौतमका अनुसार गत वर्ष भन्दा यस वर्ष मानवअधिकार सम्बन्धी मुद्दाहरू कम भएको छ।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

सल्लेरी गाविस-५ स्थित सोलुखुम्बु बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख उद्धवकुमार शर्माले शिक्षकहरू मंगल सापकोटा, सोमनाथ ढकाल र गोपाल प्रसादलाई ०५३ पुस २९ गते अवकाश पत्र दिए।

३. भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

बाकु गाविस-८ का कुमार भन्ने माझी मगरले एक विदेशी महिलालाई एक्लै हिँडिरहेका बेला ०५४ मंसिर १७ गते जबर्जस्ती लडाइ बलात्कार गरे र ५ सय ३२ अमेरिकी डलर तथा ६ हजार नेपाली रुपैयाँसहित अन्य सामान पनि लुटे। पीडकबाट लुटेको सामान फिर्ता गरिएको छ भने पीडकलाई थुनामा समेत राखिएको छ।

४.२ पारिवारिक हिंसा र बहुविवाह

सोताङ गाविस-६ का उत्तरकुमार राईले घरमा पत्नी हुँदाहुँदै सोही गाविसकी विश्वकुमारी राईसंग ०५४ जेठ २६ गते दोस्रो विवाह गरे। जेठी पत्नी चन्द्रकुमारीले उजुरी दिएपछि दुवै जनालाई थुनामा राखिएको छ।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

टाक्सिन्दु गाविस-६ स्थित डोल्मा राईको घरमा केही समयपहिले भएको झै-झगडामा पिटाइ खाएकी डोल्माको ५ महिनाको गर्भ सोही पिटाइका कारण ०५३ पुस १८ गते पतन भयो। कुटपिट गर्ने तेण्डी शेर्पासहितको हुल जनही २८ हजार रुपैयाँ धरौटी राखी छुटेको छ।

५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

बासा गाविस-१ स्थित माइतीघरमा बस्दै आएकी भगवती कार्कीले आफ्नै काका कर्णबहादुर कार्कीसंग अवैध सम्बन्ध राखी जन्मन गएको बच्चालाई ०५३ फागुन २२ गते

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
हत्या	५	४	१	५				
गोलीद्वारा हत्या	१	१		१	१	१		१
बलात्कारपछि हत्या	१		१	१	१		१	१
गिरफ्तारी र यातना	१	३		३	१	३		३
कुटपिट	६	९	२	११	१	३		३
धम्की	१	१		१				
बलात्कार	१		१	१				
बहुविवाह	१		१	१				
गर्भ पतन	१		१	१				
आतंक	१	१		१				
आत्महत्या	४	३	१	४				
दुर्घटनाहरु/विपत्तिहरु	१३	१३	२	१५				
जम्मा	३६	३५	१०	४५	४	७	१	८

खाल्डो खनी जिउँदै पुरिन। भगवती पक्राउमा परिन् भने कर्णबहादुर छुटेका छन्।

६. आर्थिक अधिकार

(पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक,संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

सिसाखोलास्थित पशु सेवा इलाका कार्यालयका असई सुशील मिश्रलाई आफ्नो कोठामा सुतिरहेको बेला ०५४ साउन २ गते स्थानीय शिक्षक रोहित कार्कीले मादक पदार्थ सेवन गरी कुटपिट गरे भने मुखमा पिशाव पनि फेरिदिए। पीडक फरार छन् भने उनका विरूद्ध मुद्दा दायर गरिएको छ।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जानकारीमा आएन।

विदेशी महिलालाई बलात्कार गर्ने माझी मगर

९. अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

बुङ गाविस-६ की नन्दकुमारी राईले आफ्नै भदो पुरे राईसंग अनैतिक सम्बन्ध राखी विवाहसमेत गरेकोबारे सोधपुछ गरेको निहुँमा नन्दकुमारीले चन्द्रबहादुर राईलाई ०५३ फागुन २८ गते लोहोरोले हिर्काइ मरणासन्न पारिन्। त्यसपछि नन्दकुमारीको भाइ विषबहादुरले चन्द्रलाई नजिकको रूखमा झुण्ड्याइ हत्या गरे। अहिले दुवै पीडक प्रहरीको हिरासतमा परिसकेका छन्।

बुङ गाविस-६ का टेकप्रसाद राईले ०५३ चैत २२ गते आफ्नै पत्नी रममणि राईलाई कुटपिट गर्दा ४ महिनाको गर्भ पतन हुन गयो भने सोही पीडाका कारणबाट रममणिको समेत मृत्यु भयो। पीडक पुर्पक्षका लागि हिरासतमा रहेका छन्।

यस वर्ष यो जिल्लामा व्यक्तिगत रीसइवीका कारण भएको कुटपिटबाट २ जना पीडित भएका छन्। विपत्तिबाट ६ जना, रूखबाट लडेर १ जना र लेक लागेर २ जनाको मृत्यु भयो। १ जनाले आत्महत्या गरेका छन्।

●

मध्यमाञ्चल

२.१ धनुषा

२.२ महोत्तरी

२.३ सर्लाही

२.४ सिन्धुली

२.५ रामेछाप

२.६ दोलखा

२.७ रौतहट

२.८ बारा

२.९ पर्सा

२.१० चितवन

२.११ मकवानपुर

२.१२ ललितपुर

२.१३ काभ्रे

२.१४ भक्तपुर

२.१५ काठमाडौं

२.१६ धादिङ

२.१७ सिन्धुपाल्चोक

२.१८ नुवाकोट

२.१९ रसुवा



२. मध्यमाञ्चल

जनकपुर

२.१ धनुषा

जनसंख्या	: ५४३६७२
साक्षरता	: ३१.१ प्रतिशत
महिला साक्षरता	: १६.१ प्रतिशत
क्षेत्रफल	: ११८० वर्ग कि.मी.
गाविस/नपा	: १०१/१
निर्वाचन क्षेत्र	: ५
विद्यालय/क्याम्पस	: २७७/३
अस्पताल/स्वास्थ्यचौकी	: ४/१०२
टेलिफोन लाइन	: ३०५४
सडक (कि.मि.)	: १७०
प्रहरी कार्यालय	: ४८
हुलाक	: ५३

मैथिली भाषा, साहित्य र कलाको राजधानी "मिथिला" अवस्थित यो जिल्ला उत्तरमा चुरे पहाडदेखि दक्षिणमा भारतीय सीमासम्म फैलिएको छ। दाइजो प्रथा, रूढीवादी जस्ता विसंगतिको दह्रो वासस्थान भएका कारण यहाँका जनताको मानवअधिकार स्थिति खासै सन्तोषप्रद् छैन। भारतीय सीमा नजिक भएकाले डकैतीका घटना वारम्वार भइरहन्छन्।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

नकटाभिज गाविसका अध्यक्षका उम्मेदवार रहेका अर्जुन महतोलाई ०५४ जेठ १३ गते दोहोरो मतदान गरेको विषयलाई लिएर विवाद हुँदा सौखिलाल महतोलगायत्का व्यक्तिहरूले कुटपिट गरेकोमा उपचार गर्दागर्दै भोलिपल्ट मृत्यु भयो। महतोलगायत्का ३ जनालाई थुनामा राखिएको छ।

बेङ्गाशिवपुर गाविस-१ का १९ वर्षीय प्रकाश खन्वे मण्डलको ०५४ जेठ १३ गते सम्पन्न स्थानीय चुनावमा भडप हुँदा बेङ्गाशिवपुर मतदान केन्द्रमा विवाद भई गोली चल्दा गोली लागेर तत्काल मृत्यु भयो। यसै घटनामा अन्य १० जना पनि घाइते भएका थिए। प्रहरीले गिरधारी साहलाई पक्राउ गरी थुनेकोमा पुनरावेदन अदालतको आदेशबाट तारेखमा छुटेका छन्।

सोनिगामा घर भई धनुषा नगरपालिका-१ रेल्वे स्टेशन नजिकको टोलमा बस्ने करौंन प्रशिक्षक रामभगत यादवलाई असई उपेन्द ठाकुर, प्रहरीहरू राम एकवाल र पवनकुमार मिश्रले ०५४ असोज २५ गते राति पुरानो रीसइवीका कारण गोली हानी हत्या गरे। पीडकहरूलाई निलम्वन गरी कारवाही चालिएको छ।

१.२ जेल र बन्दीहरु

यस जिल्लामा जेल छैन, यस जिल्लाका बन्दीहरूलाई प्रायः महोत्तरी जेलमा राखिन्छ।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

बरमभिया गाविस-६ का शेखरकुमार यादवलगायतका तीन जना र कुशमाहा गाविसका बिल्टु यादवलाई ०५४ भदौ २ गते स्व. रामवृक्ष यादवको स्मृति दिवस मनाउन लाग्दा माओवादी गतिविधि गरेको भनी स्थानीय प्रहरीले पक्राउ गर्‍यो। पक्राउ परेकाहरूलाई इन्सेक प्रतिनिधि र गाविस अध्यक्षको जमानतमा सोही साँझ छाडियो। जे गर्दा पनि माओवादी भनी हैरान पार्ने, बाधा, अड्चन खडा गर्ने, पक्राउ गर्ने र कुटपिट गर्नेसमेत कामहरू यस जिल्लामा सामान्य भइसकेका छन्।

बरमभिया गाविस-६ का ४२ वर्षीय विसुनदेव यादव, रामआशीष यादव र चन्द्रदीप यादवलाई ०५४ मंसीर १२ गते माओवादीसंग कुरा गरेको आरोपमा प्रहरीले पक्राउ गरी खुट्टा र ढाडमा चोट लाग्ने गरी पिटेको कुरा पीडित बताउँछन्।

१.४ बेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

जनकपुर नगरपालिका-१५ का वडा सदस्य रामचन्द्र साहलाई ०५३ पुस १८ गते राप्रपाको पिकनिक मनाउन गएको एक हुलले आक्रमण गर्‍यो। पीडितको दायाँ हातमा पेस्तोलको गोली लागी घाइते भए।

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	१	-	१
हिरासतमा यातना	३	-	२
बलात्कृत	३	४	२
बाबुद्वारा	१	-	-
आत्महत्या	३	११	१४

जनकपुर नगरपालिका-१६ का ४१ वर्षीय प्रदीपकुमार दत्त र २८ वर्षीय जगदीश भगत नमौलीलाई बैठकमा भाग लिई फर्किरहेको वेला ०५४ जेठ ३ गते राति आक्रमण गरी घाइते वनाउने रामआशीष पंजियार, विक्रम पंजियार, गुणेश पंजियार र इलमान दफालीलाई प्रहरीले पक्राउ गरेको थियो।

धनौनी गाविस-४ का ७० वर्षीय शुकदेव यादव, ३५ वर्षीय रामसुवर यादव र ६५ वर्षीय रामसोभित यादवलाई ०५४ असार ३० गते सोही ठाउँका बृहस्पति सदालगायतका व्यक्तिहरूले कुटपिट गरी घाइते वनाए। कृषि मजदूरहरूले गरेको हडतालको पक्ष र विपक्षमा रहेका समूहवीच विवाद हुँदा सो घटना भएको थियो।

मानसिंपट्टि गाविस-२ का २५ वर्षीय विसुनदेव साहलाई ०५४ भदौ १५ गते सोही गाविस-१ का रामऔतार दासलगायनका व्यक्तिहरूले कुटपिट गरी घाइते वनाए। हेल्थपोष्ट वनाउने स्थानको विषयमा स्थानीय राजनीतिक कार्यकर्ताहरू वीच विवाद हुँदा सो घटना भएको थियो।

दिगम्वरपुर गाविस-९ औरहामा नेकपा (एमाले) का अध्यक्षसहितको एक जत्था र नेपाली कांग्रेसका कार्यकर्तावीच सशस्त्र भिडन्त हुँदा दोरिक राय, महेन्द्र चौधरी, दुःखरण चौधरीलगायत्का केही व्यक्ति घाइते भए।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

यस जिल्लामा दुई चरणमा गरी स्थानीय निर्वाचन सम्पन्न भयो। ०५४ जेठ १३ गतेको निर्वाचनमा दुई वटा केन्द्रमा झडप हुँदा एक-एक जनाको मृत्युसमेत भयो भने २१ वटा केन्द्रहरूमा मतदान नै स्थगित गर्नुपऱ्यो। व्यापक अशान्ति र धाँधली भएको आरोप-प्रत्यारोप पनि प्रशस्तै भए। पुनः गरिएको निर्वाचन भने शान्तिपूर्ण तवरवाटै सम्पन्न भयो।

वेङ्गडावर गाविस-६ का २३ वर्षीय सन्तोष कोइराला ०५४ जेठ १३ गते मतदान भइरहेको अवस्थामा ढुंगामुढा हुँदा टाउकोमा ढुंगा लागी घाइते भए।

वरेश्वर गाविस-१ का ६५ वर्षीय रूद्रवहादुर कट्वाललाई ०५४ जेठ १३ गते सोही ठाउँका शिव पोखरेललगायनका व्यक्तिहरूले कुटपिट गरी घाइते बनाए। उनीहरूवीच मतदानसम्वन्धी कुरामा विवाद हुँदा उक्त घटना भएको थियो। यस घटनामा दुवै पक्षका व्यक्तिहरू घाइते भएका थिए।

२.२ धार्मिक स्वतन्त्रता

लग्मा गठागुठी गाविसमा होली पर्वको अवसरमा सम्मत जलाएर राति खरानी उडाउने सम्वन्धमा हिन्दू-मुसलमानबीच धार्मिक भिडन्त चर्किने सम्भावना देखाइ प्रहरीले सोही ठाउँका देवनारायण गिरी, जेलुन राइनलगायत्का दुई दर्जनभन्दा बढी व्यक्तिलाई पक्राउ गरी सार्वजनिक ऐनअन्तर्गत मुद्दा चलायो। पक्राउ परेकाहरू तारेखमा छुटेका छन्।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष धनुषा जिल्ला अदालतमा १ हजार ६ सय ९९ मुद्दाहरू दर्ता भए। जसमा फौजदारीतर्फ ३ सय ३८, देवानीतर्फ १ हजार २ सय ८६ र सरकारवादी ७५ वटा मुद्दा रहेका थिए। यो वर्ष विगत वर्षका समेत गरी जम्मा १ हजार ८ सय ७७ मुद्दाहरू फैसला भए।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन/सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

एक सर्वेक्षणअनुसार यस जिल्लामा १५ हजार ३ सय ४७ भूमिहीन सुकुम्वासी रहेका छन्। हालसम्म २ सय ३४ परिवारले जग्गा प्राप्त गरेका छन्। जसमध्ये भरतपुर गाविसमा १ सय ७९ परिवारलाई ५६ विघा ५ कठ्ठा ८ धुर जग्गाको

घटनाको प्रकारअनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएका हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
हत्या	८	६	१	८				
गोलीद्वारा हत्या	१	१		१	१	१		१
गिरफ्तारी र यातना	२	६		६	२	६		६
कुटपिट	१०	३२	१	३३				
वलात्कार	२		२	२				
आर्थिक अधिकार *	१			२६				
चोरी/डकैती	१	१		१				
आत्महत्या	१४	५	९	१४				
दुर्घटनाहरू/विपत्तिहरू	२०	१४	६	२१				
अन्य	१	१		१				
जम्मा	६०	६८	२०	११४	३	८		८

धनीपूर्जा वितरण गरिएको थियो भने गोदार गाविसका ५५ परिवारले ४१ विघा १५ कट्ठा १६ धुर जमिनको स्वामित्व पाएका थिए। सुकुम्वासीहरूलाई जग्गा धनीपूर्जा दिने काम विघटित लुम्बाली आयोगको कार्यकालमा भएको थियो।

यस जिल्लामा यो वर्ष २ हजार ४ सय ३५ जनाले जेष्ठ नागरिक भत्ता, ५ हजार ७ सय ५० जनाले विधवा भत्ता र ५० जनाले अशक्त भत्ता पाएका थिए।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

धनुषाधाम गाविस-७ की २१ वर्षीय एक युवतीलाई बिहान दिशा-पिशाव गर्न नजिकको जंगलमा जाँदा ०५४ जेठ ८ गते जमुना यादवले बलात्कार गरे। पीडकलाई अदालतबाट तारेखमा छाडिएको छ।

रमदैया भवारी गाविस-८ की १३ वर्षीय एक बालिकालाई ०५४ पुस १ गते सोही गाविस-८ का २० वर्षीय विजय यादवले बलात्कार गरे। बलात्कार गरिसकेपछि पीडकले बालिकाको शरीरमा धारिलो हतियार प्रयोग गर्दा कान र चिउँडोमा चोट लागेको थियो। पीडितको टाउको निमोठी मरणासन्न अवस्थामा छोडेर पीडक फरार भएका छन्।

४.२ पारिवारिक हिंसा र बहुविवाह

जानकारीमा आएन।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

जनकपुर नगरपालिका-४, आनन्दनगरमा ०५३ फागुन १३ गते गर्भ पतन गराइ फालिएको अवस्थामा एक नवजात शिशु मृत अवस्थामा फेला परेको छ।

५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

यो वर्ष १ जना बालकको हत्या भयो भने १ जना बालकको दुर्घटनामा परी मृत्यु भयो।

यो वर्ष एक १३ वर्षीय नाबालिकामाथि अमानवीय रूपको यौन दुर्व्यवहार भएको घटना प्रकाशमा आयो।

यस जिल्लामा रहेका अधिकांश बालमजदूरहरू कृषि क्षेत्रमै रहेका छन्। होटलमा मजदूरी गर्ने तथा घरेलु कामदार, रिक्सा चलाउन बाध्य बालबालिकाहरूको संख्या पनि कम देखिदैन। कतिपय उद्योगहरूमा बालबालिकाहरूलाई काममा लगाइन्छ तर संख्या भने श्रम कार्यालय तथा ट्रेड युनियन कार्यालयमा समेत छैन।

प्रहरीद्वारा हत्या गरिएका रामभगत यादव

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

यस जिल्लामा रहेको नेपाल पोल्स इण्डष्ट्रिज, सपहीमा वर्षौंदेखि कार्यरत् कामदारहरूलाई ०५४ वैशाखदेखि निष्काशन गरियो। मजदूरहरूले श्रम ऐनअन्तर्गत पाउनुपर्ने सुविधाको माग राखेर हडताल गर्दा त्यहाँको व्यवस्थापनले २६ जना स्थायी कामदारलाई निष्काशन गऱ्यो। श्रम कार्यालय र जिल्ला प्रशासन कार्यालय धनुषाले बारम्बार सम्झौता वा वार्ता गर्न पत्र पठाउँदा पनि इण्डष्ट्रिज व्यवस्थापनले बेवास्ता गरिरहेको स्वतन्त्र मजदूर ट्रेड युनियन महासंघले जानकारी दियो।

त्यसरी नै ढल्केबार भेनियर उद्योगमा कार्यरत् मजदूरहरूलाई ट्रेड युनियन खोलेमा व्यवस्थापनले निष्काशन गरिने धम्की बारम्बार दिने गरेको कुरा पीडित मजदूरहरू बताउँछन्। दश वर्षभन्दा पहिलेदेखि नै संचालन हुँदै आएको सो उद्योगमा करीब २५० जना मजदूरहरू कार्यरत् छन्। उनीहरूलाई स्थायी गरिएको पनि छैन। उनीहरू दैनिक रू. ४५।- मा काम गर्न बाध्य छन्।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

जानकारीमा आएन।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

सखुवा महेन्द्रनगर-४ का उपेन्द्र महतोको राजनीतिक पूर्वाग्रहका कारण कुटपिट गरी हत्या गरिएको भनी नेपाली कांग्रेस धनुषा जिल्ला कार्यसमितिका तर्फबाट सचिव रामकृष्ण यादवले एक प्रेस विज्ञप्ति जारी गर्नुभयो। उक्त विज्ञप्तिमार्फत सो घटनाको घोर भर्त्सनाका साथै दोषीहरूमाथि कडा कारवाहीको माग गरिएको थियो।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

जनकपुर नपा-१३ का रामपुकार राउतलाई ०५३ पुस २५ गते डाँका गरेर फर्किरहेको एक हुलले कसले हल्ला गरेको रहेछ भनी हेर्न निस्कँदा गोली हानी हत्या गरे। पीडक फरार छन्।

यज्ञभूमि गाविस-९ का ४५ वर्षीय तुलाराम बुलन तामाङको ०५४ वैशाख ४ गते राति हत्या गरी फ्याँकिएको लास सडकमा फेला पऱ्यो। पीडकका बारेमा थाहा हुन सकेको छैन। प्रहरी अनुसन्धान जारी छ।

धनुषाधाम गाविस-३ जानकिवासका ४० वर्षीय रामबाबु मुखियालाई ०५४ वैशाख २५ गते अज्ञात व्यक्तिहरूले डेढ लाख रूपैयाँ लुटी पेस्तोल पनि हानेकामा काठमाडौंस्थित वीर अस्पतालमा उपचार गराउँदा-गराउँदै उनको मृत्यु भयो। यस घटनामा विन्देश्वर यादवलाई पक्राउ गरिएकोमा अदालतको आदेशमा तारेखमा छाडिएको छ।

चुनावी हिंसामा ज्यान गुमाएका अर्जुन महतो

हरवाडा गाविस-१ का ७ वर्षीय संविधान मण्डल ०५४ जेठ ३ गते गाउँबाट जन्ती जान हिंडेका व्यक्तिहरूसंग पछि लागी गएकामा भोलिपल्ट हत्या भएको अवस्थामा फेला परे। दोषीहरू पत्ता लाग्न सकेका छैनन्।

लोहना गाविसमा चोरी गरिरहेको अवस्थामा गाउँलेहरूले थाहा पाइ एउटा अज्ञात व्यक्तिलाई ०५४ साउन २३ गते समातेर कुटपिट गर्दा राति २ बजे त्यस अज्ञात चोरको मृत्यु भयो। घटनाका सम्बन्धमा प्रहरीले अनुसन्धान गरिरहेको छ।

बघतोडा गाविस-९ बेलही टोलका ५० वर्षीय जयलाल दासलाई ०५४ भदौ १० गते आफ्नै छोरा रामबाबु दासले घरायसी झगडाका कारण हत्या गरे। यस घटनालाई अदालतबाट भवितव्य ठहर गरिएको छ।

दुहवी-८ का राम खेलावन मुखियालाई ०५४ भदौ ३१ गते राति सोही गाविसका सुरकमैन मुखिया, बालो मुखिया, भुला मुखिया र विश्वेश्वर मुखियाले माछा मार्न चाँचरी हाल्ने विषयलाई लिएर विवाद हुँदा कुटपिट गरी हत्या गरे। प्रहरीले सुरकमैन, बालो र विश्वेश्वरलाई पक्राउ गरी कारवाही चलाएको छ। विश्वेश्वरलाई साधारण तारेखमा छाडिएको छ भने अन्य तीन जनालाई पुर्पक्षका लागि जेल चलान गरिएको छ।

सखुवा महेन्द्रनगर-४ का १५ वर्षीय उपेन्द्र महतोलाई ०५४ पुस ११ गते रामदेव चमार लगायतका केही व्यक्तिहरूले कुटपिट गरी सख्त घाइते बनाए। कुटपिटका कारण पीडित उपेन्द्रको केही दिनपछि मृत्यु भयो। घटनामा संलग्न भएको आरोपमा प्रहरीले ४ जनालाई पक्राउ गरेको छ।

यस वर्ष यो जिल्लामा व्यक्तिगत रीसइबीका कारण भएका कुटपिटका २ वटा घटनामा २ जना पीडित भए। त्यस्तै डकैतीबाट १ जना र ठगीबाट २ जना पीडित भए। ट्राफिक दुर्घटना र पानीमा डुबेर २२ जनाको मृत्यु भयो। आगोले जलेर २ जनाको र बाढी-पहिरोबाट ४ जनाको मृत्यु भयो। ९ महिला र ५ पुरुषले आत्महत्या गरे। ब्ल्याकमेलिङबाट २ जना पीडित भए।



२. मध्यमाञ्चल

जनकपुर

२.२ महोत्तरी

जनसंख्या	:	४४०१४६
साक्षरता	:	२६.४ प्रतिशत
महिला साक्षरता	:	१३.९ प्रतिशत
क्षेत्रफल	:	१००२वर्ग कि.मी.
गाविस/नपा	:	७६/१
निर्वाचन क्षेत्र	:	४
विद्यालय/क्याम्पस	:	२२४/२
अस्पताल/स्वास्थ्यचौकी	:	१/७६
टेलिफोन लाइन	:	३००
सडक (कि.मि.)	:	१८२
प्रहरी कार्यालय	:	४६
हुलाक	:	५९

भारतको विहार राज्यसंग जोडिएको यस जिल्लामा यादव जातिको बाहुल्यता रहेको पाइन्छ। डकैतीका घटना प्रशस्त हुने यहाँ दाइजो प्रथाको बढोत्तरीका कारण वर्षेनी शिकार हुने महिलाको संख्या बढ्दो छ। परम्परागत रूढीवादी संस्कारले यस जिल्लालाई ग्रस्त पारेको छ।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

सुन्दरपुर गाविस-१ का शिवनन्दन यादवको ०५३ फागुन ८ गते रातको ११ बजे अज्ञात व्यक्तिहरूद्वारा गोली हानी हत्या गरियो। राजनीतिक पूर्वाग्रहको कारण उनको हत्या गरिएको बताइन्छ। पीडकहरू फरार छन्।

सोहडवा गाविस-४ का २२ वर्षीय भोला दासको ०५३ चैत २५ गते एक जत्थाद्वारा भएको आक्रमणपछि उपचार गराउँदा मृत्यु भयो। सोही ठाउँका स्वांस्वाइदाश तन्मा, रामबहादुर दाश, रामनाथ दाश, रघुनाथ दाश, सरजुंग दाश, श्यामसुन्दर दाश, राम श्रेष्ठ, रामपुत दाश र प्रभंस दाशबाट आक्रमण भएकोमा प्रहरीले रामबहादुर दाशलाई पक्राउ गरेको छ।

अन्कार गाविसको मतदान केन्द्रमा वडा अध्यक्षका उम्मेदवार ३० वर्षीय रासनारायण महतोलाई गोरख साह, राजा चौधरी, लखीचन्द दास, महेन्द्र साह, उपेन्द्र चौरसिया र गंगा दासलगायतको एक जत्थाद्वारा हुल गर्ने, बम पड्काउने, गोली हान्ने जस्ता काम ०५४ जेठ १३ गते हुँदा गोली लागी घाइते भए भने पछि त्यसैकारण मृत्युसमेत भयो। अन्य ३० जना समेत घाइते भए। पीडकहरूलाई जिल्ला प्रहरी कार्यालयले कारवाही गरिरहेको छ।

वैरिया लक्ष्मिनिया गाविस-७ का ४२ वर्षीय रामअवतार मण्डल धानुखलाई ०५४ असार २९ गते गढा भेटपुर गाविसको कनमा बजार नजिकको नेपाल-भारत सीमा पिलर नं. १६ नजिक केही अज्ञात व्यक्तिहरूद्वारा हत्या गरी मिल्काइएको थियो। गाविसमा निर्वाचित पीडितलाई राजनीतिक प्रतिशोधका कारण हत्या गरिएको हुनसक्ने आशंका गरिएको छ।

पडौल गाविस-६ का ५८ वर्षीय भगवानदत्त यादवलाई ०५४ साउन २८ गते सोही ठाउँका अरूणकुमार यादव, श्यामकिशोर यादव, रामसनही यादव, शम्भु यादव, जयकिशोर यादव, संजय यादवलगायतको एक जत्थाले टाउकोमा कडा प्रहार गरी हत्या गरे। राजनीतिक प्रतिशोधका कारण भएको उक्त हत्याका पीडकहरू पक्राउ परिसकेका छन्।

१.२ जेल र बन्दीहरु

राणाकालमै निर्मित यस जिल्लाको जलेश्वर जेल १३५ जनाको क्षमतायुक्त जेल हो। यहाँ हाल १६७ जना बन्दीहरू रहेका छन्। ५७ जना कैदी र ११० जना थुनुवा रहेको यस जेलमा ७ जना महिला छन् तर नाबालक भने छैनन्। जसमध्ये थुनुवा १ सय ५ पुरूष र ५ जना महिला छन्। त्यसैगरी बन्दीतर्फ ५५ जना पुरुष र २ जना महिला छन्। जेल प्रशासनको मातहतमा रहेको प्रचलित दैनिक उपभोग्य सामानहरूको पसलबाट बाहिरी भाउभन्दा ६२ प्रतिशत बढी तिर्न कैदीहरू बाध्य रहेको गुनासो पीडितहरूको छ।

ट्वाइलेट र ग्यास पाइपहरू फुटेको अवस्थामा हुँदा त्यहाँको दुर्गन्धिले सीमा नाघेको छ। अध्ययन र स्वास्थ्योपचार

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	–	–	–
हिरासतमा यातना	–	३	१
थुनामा मृत्यु	–	३	–
बलात्कृत	२	५	१
आत्महत्या	३	१	१२

कल्पनामात्र भएको देखिन्छ भने खानेपानी कुनै टाढाको विषय भएको छ। कपडा बुन्ने तान र पुस्तकालय नाममात्रको छ र जेल प्रशासनले पनि सहयोग गरेको पाइँदैन। कुष्ठरोगबाट पीडित रामबहादुर दास र प्यारालाइसिसबाट पीडित कालिचरण मण्डलसमेत सबै जना बन्दी एकै ठाउँमा बस्नुपर्ने बाध्यताका कारण बन्दीहरूलाई जुनसुकै बेला जुनसुकै रोगले पनि आक्रमण हुनसक्ने छ।

गहिरो ठाउँमा जेल भएका कारण चिसो भई प्रत्येक कोठाको ४ फिटसम्म ढुसी लागेको छ भने पानी परेको बेला जेलभित्रै छाता ओढ्नुपर्ने अवस्था छ। विभिन्न निहुँमा बन्दीहरूले पाउने सिदा कट्टी गरिनाले पनि बन्दीहरू मारमा परेको गुनासो गर्छन्।

०५४ साल भदौ १९ गते जेलर काशीकान्तले राति सबै बन्दी सुतिरहेको समयमा आइ सबैलाई उठाई काशीकान्त राम्रो व्यक्ति हो र हामीलाई काशीकान्त नै चाहिन्छ भनेर सबैलाई जबर्जस्ती सही गर्न लगाए। त्यसो गर्न नमान्ने रामचन्द्र मण्डललाई मरणासन्न हुनेगरी कुटपिट गरे। काशीकान्तले बन्दीहरूलाई निकै सताएको पीडित बताउँछन्। मण्डलसँगै घाइते बनाइनेहरूमा रामविलास मण्डल, रामपदारथ कापर, प्रमोद साहलगायतका दर्जनौं व्यक्ति छन्।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

सहोडवा गाविस-६ को चाँदनी चोकमा ०५४ जेठ ४ गते जिल्ला प्रहरी कार्यालय महोत्तरीले भीड नियन्त्रण गर्ने बहानामा लाठीचार्ज गर्दा ३० वर्षीय बालगोविन्द सदा, २८ वर्षीय सूर्यदेवी सदा, ३५ वर्षीय सीतादेवी सदा, ३० वर्षीय पानोदेवी सदा, २८ वर्षीय पल्टु सदा, ४० वर्षीय जोगी सदा, ३० वर्षीय चन्दे साह र ३० वर्षीय तुनाई सदालाई सख्त घाइते बनाएको थियो। घाइते सरितादेवी सदा र पानोदेवीलाई गिरफ्तारसमेत गरिएको थियो। प्रहरीहरूले आक्रमणका क्रममा दाउरा र बन्दूकको कुन्दासमेत चलाएका थिए।

बर्दिवास चोकबाट ०५४ असोज १ गते संजमोद्वारा आयोजित नेपाल बन्द कार्यक्रमका सिलसिलामा दिलबहादुर योन्जन, प्रकाश पोखरेललगायतका ४२ जना राजनीतिक कार्यकर्ताहरूलाई प्रहरीले गिरफ्तार गरेको थियो।

१.४ बेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

जलेश्वर नगरपालिका-१ का राजेश गुप्तालाई ०५४ वैशाख ७ गते एक समूहले कुटपिट गरे। राजनीतिक प्रतिशोधका कारण उक्त घटना भएको थियो। पीडकहरू फरार छन्।

अनकार गाविसस्थित मतदान केन्द्रमा ०५४ जेठ १३ गते गोरखा साहलगायतको एक जत्थाले बम विष्फोटन गराउँदा ३० वर्षीय जीवन शर्मा र ४० वर्षीय गाविस उम्मेदवार रासनारायण महतोलाई नराम्रो चोट लागेको थियो।

रामगोपालपुर गाविसको मतदान केन्द्रमा ०५४ जेठ १३ गते केही व्यक्तिहरूले बम पड्काउँदा ३० वर्षीय सुशीला साह र २८ वर्षीय सतेन्द्र साहलाई नराम्रोसंग गोलीको छर्राले चोट पुऱ्याएको छ। पीडकहरू फरार छन्।

बर्दिवास गाविसस्थित मतदान केन्द्रमा ०५४ जेठ १३ गते नेकपा (एमाले) का कार्यकर्ता कुर्महरि सुवेदीलाई विनोद हमालगायत्का व्यक्तिहरूले आक्रमण गर्दा तीन वटा दाँत झारिदिएका छन्।

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
हत्या	११	८	३	११				
गोलीद्वारा हत्या	२	२		२				
गोली *	१			३०				
गिरफ्तारी र यातना *	४	९	३	९२	४	९	३	९२
कुटपिट	४	४	१	५				
निष्पक्ष चुनाव	१							
महिला कनिबेच	१		१	१				
बलात्कार	१		१	१				
महिला भएकै कारणले दिइने यातना	१		१	१				
बाल अधिकार	१	१		१				
आत्महत्या	१२	७	५	१२				
दुर्घटनाहरू/विपत्तिहरू	४	६		६				
जम्मा	४४	३३	१६	१६३	४	९	३	९२

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

गठाभेटपुर गाविस-७ का मधुकान्त झा र सीता झालाई उक्त गाविसमा ०५४ जेठ १३ गते सम्पन्न स्थानीय निर्वाचनमा महिलाले घरबाहिर निस्केर मतदान गरेमा इज्जत जान्छ भनेर कुनै पनि महिलाले भोट नहालेका कारण मतदानमा भाग लिन लगाइयोस् भनी निर्वाचन अधिकृतसमक्ष माग राख्दा स्थानीय चल्तापूर्जा पुरुषहरूले उल्टै उनीहरूको अपमान गर्ने काम गरे। महिला उम्मेदवारले समेत मतदानमा भाग लिनसक्ने स्थिति रहेन।

बर्दिवास बजारमा ०५४ असोज १ गते आतंककारी तथा विध्वंसात्मक विधेयकको विरोधमा नौ वामपन्थी समूहद्वारा आयोजित नेपाल बन्दका क्रममा निस्किएको जुलुसबाट व्यानरसहित १५ जनालाई गिरफ्तार गरी स्थानीय प्रशासनले जलेश्वरको हिरासतमा राख्यो। जलेश्वरमा थप २७ जनालाई गिरफ्तार गरियो। १ र २ गतेको बन्द कार्यक्रम समाप्त भएपछि थुनिएकाहरूलाई छाडियो।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन/सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

ह्रातिलेड गाविस-२ की विनाकुमारी रेग्मीलाई ०५४ असार २९ गते गौरीवास गाविस-४ का शंकरबहादुर गुर्माछानेले आर्थिक प्रलोभन देखाई ललाइ फकाइ भारतमा लगी ७५ हजार रूपैयाँमा बिक्री गरे। पीडित फुत्केर आइन् र प्रहरीमा उजुर गरिन्। प्रहरीले पीडकलाई पक्राउ गरी पुर्पक्षका लागि थुनामा राखेको छ।

लक्ष्मिनिया गाविस-८ की १५ वर्षीय एक बालिकालाई ०५४ कार्तिक १७ गते गाईवस्तु चराउन खेतमा गएको बेला २१ वर्षीय सुशील खड्कालगायत्का दुई जनाले बलात्कार गरे। सो घटनालाई स्थानीय तहमै मिलाइए पनि आफूले उचित न्याय नपाएको पीडित पक्षको भनाइ छ।

गौरिवास गाविसकी २५ वर्षीय एक महिलालाई ०५३ चैत २६ गते तुलसी गाविस-९ का गणेशबहादुर बलले हातपात गर्ने प्रयास गरे। त्यसको प्रतिवाद गर्न खोज्दा पीडक घाइते भएका थिए।

४.२ पारिवारिक हिंसा र बहुविवाह

यो वर्ष यस जिल्लामा एक महिलाले दाइजो नल्याएको कारण सासूले दिएको यातना सहन नसकेर आत्महत्या गरिन्।

यो वर्ष दाइजो कम ल्याएको निहुँमा २ जना महिलाको हत्या गरियो।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

लक्ष्मिनिया गाविस-८ की एक युवतीलाई ०५४ वैशाख २ गते धनुषा महेन्द्रनगरमा मनोज साहले विवाहको अन्तिम समयमा दाइजोको माग बढी गरेर समाजका अगाडि अपमानित गरेका छन्।

४.४ गर्भ पतन

जानकारीमा आएन।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

भरतपुर गाविस-८ का जनक श्रेष्ठका छोरा ९ वर्षीय सन्तोष श्रेष्ठलाई ०५४ वैशाख २५ गते केही अज्ञात व्यक्तिहरूले रातको १० बजे अपहरण गरी लगेकोमा भोलिपल्ट एकान्त ठाउँमा अस्वस्थ अवस्थामा भेटियो।

६. आर्थिक अधिकार

(पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

अनकर गाविसमा चुनाव विथोल्न आएको भारतीय समूहलाई पक्रदै गरेको दृश्य



गठा मेटपुर र पर्सा देवाडका यी निर्वाचित महिला प्रतिनिधिहरू धनेश्वरी यादव, जिन्नी खातुन र रामकला पण्डित। यी जनप्रतिनिधिहरूले महिलाहरूले भोट दिनुहुँदैन भन्ने परम्परागत धारणाका कारण आफ्नै भोट पनि दिएनन्।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

जानकारीमा आएन।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

बर्दिया बन्चौरी गाविस-२ का ४० वर्षीय फूलमहमम्द चुरिहारलाई ०५३ पुस २० गते सोही ठाउँका दामदयाल साह सुर्डीलगायत्का व्यक्तिहरूले कुटपिट गरे। सोही दिन पीडितको मृत्यु भएको थियो।

खोपी गाविस-४ की २० वर्षीय सुगादेवी यादवले माइतबाट प्रशस्त दाइजो नल्याएको कारण सधैं सासू, ससुरा र पतिबाट कचकच सुनिरहनुपरेको ०५३ माघ ७ गते आफ्नै जीउमा मट्टितेल खनाएर आत्महत्या गरिन्।

पशुपतिनगर गाविस-७ की २२ वर्षीय राजकुमारीदेवी साहलाई माइतीबाट प्रशस्त दाइजो नल्याएको निहुँमा जुगेश्वर साह तेलीले जेठाजुसंग बोलेको भन्ने आरोपमा ०५३ माघ २४ गते कोदालोले हानी हत्या गरे।

गौशाला गाविस-२ की २६ वर्षीय सीता क्यापछाकीले ०५३ फागुन ७ गते आफ्नै पति ज्ञानबहादुर क्यापछाकीले जथाभावी वचनद्वारा अपमानित गरेपछि सो अपमान सहन नसकी आत्महत्या गरिन्।

डामी मरैया गाविस-५ का १७ वर्षीय संजयकुमार रायलाई ०५४ वैशाख २४ गते सरोजकुमार मिश्रले बाबु-बाबुको रीसइवीका कारण भारतको सीतामढीमा लगी छुरा प्रहार गरी हत्या गरे। हाल सरोजका बाबु शिवजी मिश्रलाई प्रहरीले पक्राउ गरेको छ।

बगनाहा गाविस-९ की गोदावरीदेवी झाको लास उनकै कोठामा ०५४ भदौ १८ गते फेला पर्‍यो। गोदावरीलाई कर्तव्य गरी मारिएको हो भन्ने उनका आफन्तको भनाइ छ। प्रहरी घटनाको तथ्य पत्ता लगाउन कारवाहीतर्फ लागेको छ।

खोपी गाविस-४ बौरिमाका ७५ वर्षीय जासारराम यादवलाई ०५४ असोज ७ गते रातको ११ बजे अज्ञात व्यक्तिहरूले खुकुरी प्रहार गरी हत्या गरे। इन्द्रजीत यादव, कुशेश्वर यादवलगायत्का व्यक्तिहरूलाई अनुसन्धानका लागि पक्राउ गरिएको छ।

सुन्दरपुर गाविस-८ की कालोदेवी यादवले ०५४ मंसीर २ गते रातको ८ बजेतिर आफ्नै घरको दलिनमा पासो लगाई आत्महत्या गरेकी छिन्। पुरुषसरह काम गर्न नसकेको र माइतीबाट दाइजो ल्याउन नसकेका कारण आफ्नै घर परिवारबाट अपमान र अमानवीय व्यवहार खप्दै आएकी यादवले सोही कारण आत्महत्या गरेकी बुझिएको छ।

यस वर्ष यस जिल्लामा ७ जना पुरूष र ५ जना महिलाले आत्महत्या गरेका छन्। ट्राफिक दुर्घटनाका कारण ५ जना र डाँकाको गोलीबाट १ जनाको मृत्यु भयो।

●

२. मध्यमाञ्चल

जनकपुर

२.३ सर्लाही

जनसंख्या	४१२७९८
साक्षरता	२६.३ प्रतिशत
महिला साक्षरता	१३.५ प्रतिशत
क्षेत्रफल	१२५९ वर्ग कि.मी.
गाविस/नपा	९९/१
निर्वाचन क्षेत्र	५
विद्यालय/क्याम्पस	३०३/२
अस्पताल/स्वास्थ्यचौकी	१/३५
टेलिफोन लाइन	३१८
सडक (कि.मि.)	११५
प्रहरी कार्यालय	२६
हुलाक	६५

उत्तरमा चुरे पहाडदेखि दक्षिणमा भारतीय सीमासम्म फैलिएको सर्लाही जिल्लामा आपराधिक घटनाहरू बढ्दो मात्रामा हुँदै आएको देखिन्छ। अपराधीलाई राजनीतिक पार्टीको संरक्षकत्वले उनीहरूको मनोबल झन् वृद्धि हुँदै गएको देखिएको छ। मानवअधिकारप्रति त्यति परिचित नभइसकेका यहाँका बासिन्दा शिक्षाको कमीका कारण अधिकारप्रति सचेत देखिँदैनन्। जिल्लामा यस वर्ष व्यक्तिगत रीसइवीका हत्या र बलात्कारका घटना धेरै दोहोरिए।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

मानपुर गाविस-८ का रामनिरञ्जन राय र सोही गाविस-६ का वीरेन्द्र रायलाई ०५४ वैशाख २ गते सोही गाविसका विनोद राय, जुवाइ राय र सीतामढी घर भएका बुलेन्द्र' भनिने वीरेन्द्र रायले राजनीतिक प्रतिशोधका कारण गोली हानी हत्या गरे।

हरकटवा बजारमा नेकपा एमाले र राप्रपा समूहका बीच राजनीतिक झडप हुँदा ०५४ साउन ३० गते राप्रपाका दशै साहनीको मृत्यु भएको छ। निर्वाचनदेखि शुरू भएको विवादका कारण बेलाबेलामा अझै पनि झडप भइरहेका छन्। पीडित पक्षले उजुरी हाले पनि प्रशासनबाट चासो देखाइएन्।

सलेमपुर गाविस-४ का देवनारायण यादवलाई ०५४ मंसीर १९ गते राति सुतिरहेको अवस्थामा अज्ञात व्यक्तिहरूले गोली हानी हत्या गरे। चन्द्रदेव महतो, रामएकवाल ठाकुर, लक्ष्मी साह र कामेश्वर महतोलाई प्रहरीले अनुसन्धानका लागि हिरासतमा लिएको छ।

१.२ जेल र बन्दीहरु

राणाकालमै बनेको सर्लाही कारागारमा हाल थुनुवा र कैदी गरी ८२ जना छन्। ३ थुनुवा र २ कैदी गरी ५ महिला छन् भने बाँकी थुनुवा र कैदी पुरूष छन्। टीबी रोगले ग्रसित क्षेत्रबहादुर भण्डारी मृत्युको संघारमा छन्।

कैदीहरूलाई कुनै सीपमूलक काम दिइएको छैन। जिल्ला विकास समितिले १ थान टेलिभिजन, २ थान क्यारेमबोर्ड, ३ थान लुँडो र ३ थान चेस दिने भएको छ। कहिलेकाहीं नराम्रो रासन आएमा फर्काइदिने गरेको जानकारी जेलर अजिम मन्सुरले दिएका छन्।

२०४९ साल वैशाख १८ गते जीउ मास्ने / बेच्ने मुद्दामा जेल परेकी पंचमाया लामाको दमको रोगका कारण ०५४ वैशाख १९ गते थुनामै मृत्यु भयो।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

जानकारीमा आएन।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

कविलासी-७ का तनुकलाल पासवानलाई राजदेव पासवानले ०५३ चैत ११ गते राति छुरी प्रहार गरी घाइते बनाए। पीडक राम गोपाल महोत्तरी जिल्लामा कार्यरत प्रहरी

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	–	–	–
हिरासतमा यातना	२	–	–
थुनामा मृत्यु	–	–	१
बलात्कृत	३	६	११
बाबुद्वारा	१	–	–
आत्महत्या	–	७	४

भएका कारण उनलाई छाडिएको पीडित पक्षले गुनासो गरेको छ।

गौरीशंकर गाविस-९ का रामनारायण साह सुनारलाई ०५३ चैत २० गते श्रीनगर महारानी बजार अस्थायी प्रहरी पोष्टका प्रहरी वीरचन्द्र झाले पसले र सुनारबीच भएको भनाभनको कारण देखाइ कुटपिट गर्दा खुट्टा नै भाँचिदिए। पीडकलाई कुनै कारवाही भएन।

राजघाट-३ का रामेश्वर भट्टराईलाई ०५४ जेठ १४ गते श्यामसुन्दर रायले कुटपिट गरे। स्थानीय निर्वाचनको मतगणना भइरहेको अवस्थामा विवाद हुँदा सो घटना भएको थियो।

सलेमपुर चोकदेखि केही पश्चिममा इलाका नं. ८ का लागि नेपाली कांग्रेसका तर्फबाट उम्मेदवार बनेका जंगीलाल राय यादवलाई ०५४ असार २० गते नेपाल सद्भावना पार्टीका जिल्ला अध्यक्ष रामविलास राय, सोही गाविसका अध्यक्ष कौशल रायलगायत्को एक हुलले आक्रमण गरी घाइते बनाए।

सलेमपुर गाविस-१ का नेपाल सद्भावना पार्टीका कार्यकर्ता चेता रायको नेतृत्वमा आएको एक जत्थाले राजनीतिक प्रतिशोधका कारण ०५४ भदौ २२ गते नेपाली कांग्रेसका किशोरी रायलाई सख्त घाइते बनाइ हातका ४ वटा औंला नै काटिएको छ। यी दुई पार्टीको भिडन्त बेला-बेलामा भइ नै रहने गरेको छ। यस घटनाका पीडकमाथि पनि कुनै कारवाही नभएको गुनासो पीडितले गरेका छन्।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

हरिवन गाविस-३ र ९ मा २ वर्षका बालकको नाम पनि मतदाना सूचीमा समावेश गरिएको पाइयो। वडा नं. ३ का अशोककुमार सिंह र ९ का महेशराम यादव कुनै दुई वर्षका बालक भएता पनि १९ वर्ष उल्लेख गरी मतदाता सूचीमा राखिएको थियो। उक्त गाविसमा करीब २ सय जति नाबालकहरूको नाम पनि मतदाता नामावलीमा समावेश गरिएको थियो।

भक्तिपुर गाविस मतदान केन्द्रमा ०५४ जेठ १३ गते स्थानीय निर्वाचनको समयमा राजनीतिक दलहरूबीच विवाद भएका कारण सो गाविसमा निर्वाचन हुन सकेन।

हजारिया गाउँ विकास समितिमा स्थानीय निर्वाचनका क्रममा नेकपा (एमाले) ले आयोजना गरेको आमसभामाथि ०५४ असार १ गते नेपाली कांग्रेस समर्थक एक हुलले

घटनाको प्रकारअनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
गिरफ्तारी र यातना •	१			५०	४	६		६
कुटपिट	१२	१८		१८				
गोली	१	२		२				
हत्या	६	३	४	६				
थुनामा मृत्यु	१	१		१				
निष्पक्ष चुनाव	१							
गोलीद्वारा हत्या	१	१		१				
भेला र संगठित हुने अधिकार	१							
बलात्कार	८		९	९				
बलात्कार प्रयास	२		२	२				
बलात्कार पछि हत्या	२		२	२				
चोरी/डकैती	२	९		९				
दुर्घटनाहरू/विपत्तिहरू	३	४	१	५				
लाश फेला	२	१	१	२				
बहुविवाह	३		३	३				
बालअधिकार	२		२	२				
महिला किनबेच	३		४	४				
गर्भ पतन	२		२	२				
आत्महत्या	४	२	२	४				
जम्मा	५८	४१	३२	१२३	४	६		६

आक्रमण गरी आमसभा गर्न दिएन। आमसभामा संलग्न २ वटा टायर गाडा, ३ वटा माइक, ३ वटा ठूलो व्याट्री, १ थान हार्मोनियम, तवला, मादल र अन्य सामान जलाइदिनुका साथै उनीहरूले ३५ वटा साइकलसमेत लुटे। नेपाली कांग्रेसको १ मोटर र १० साइकल पनि एमाले समर्थकहरूले जलाइदिएका थिए।

०५४ असोज १ र २ गतेको नौ वाम समूहले आयोजना गरेको नेपाल वन्द कार्यक्रमका सम्वन्धमा जुलुस प्रदर्शनका लागि यस जिल्लाका मलंगवा, शंकरपुर, कमैया, हरिवनलगायत्का विभिन्न स्थानमा निस्केको जुलुसका सहभागीहरूलाई प्रहरीले पक्राउ गर्‍यो। मैया रोक्कासहित उनकी २ वर्षीय छोरी र ७३ वर्षीय वालकृष्ण श्रेष्ठलगायत् पचासौं व्यक्तिहरूलाई गिरफ्तार गर्ने काम भयो। ५-७ जना एकै ठाउँमा भेला भएको देखे पनि प्रहरीले पक्राउ गरिहाल्ने गरेको र पक्राउ गरिएकाहरूलाई यातनासमेत दिइएको गुनासो पीडितहरूले गरे। पक्राउ गरिएका सबैलाई केही दिनमै छोडिएको थियो।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन/सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

ढुंग्रेखोला गाविस केराबारीकी १५ वर्षीय एक महिलालाई सोही ठाउँका दानबहादुर पुलामी (मगर) ले ०५३ पुस २२ गते घाँस काट्न गएकी वेला ओढ्नेले मुख छोपी बलात्कार गरे।

हरिवन-६ की शुकमाया परियारलाई विवाहको बहाना बनाइ बेच्न खोज्दा हेटौंडाका जीवन शर्मालाई प्रहरीले ०५३ फागुन १८ गते पक्राउ गर्‍यो।

ढुंग्रेखोला गाविस-८ की १७ वर्षीय समन परियारलाई भारतमा विक्री गर्न लैजाँदै गर्दा ०५३ फागुनमा रौतहट पौराइ गाविस-३ सुकुम्बासी टोलका श्याममाया परियार, नुवाकोट ओखरपौवा गाविस-७ का जीवन मित्रकोटी र भरतपुर खैरेनीका कुमार परियारलाई प्रहरीले पक्राउ गरी कानूनी कारवाही शुरू गरेको छ।

गौरीवास गाविस-५ की सीता परियार दमिनी र भक्तपुर नगरपालिका-५ का सुरेन्द्र बस्नेतलाई धनुषाको वेंगाडावर गाविस-८ का सविता गुरूङलाई ललाइ फकाई काठमाडौंमा काम लगाइदिन्छु भनी भारततर्फ विक्री गर्न लाँदा प्रहरीले थाहा पाई ०५४ वैशाख ८ गते पक्राउ गरेको छ।

मानपुर गाविस-५ का ४० वर्षीय ३ छोराछोरीकी आमा एक महिलालाई ०५४ असार २ गते रामविश्वास राय, चन्य भनिने रामईश्वर राय, शिवजी चौधरी र ऐनुन नट नामका व्यक्तिहरूले सुतिरहेको ठाउँबाट पर लगी सामूहिक बलात्कार गरे।

ढुंग्रेखोला गाविस-४ की ३ छोराछोरीकी आमा एक महिलालाई सोही ठाउँका ३२ वर्षीय गोपाल परियारले ०५४ असार २१ गते राति सुतिरहेको अवस्थामा बलात्कारको प्रयास गर्दा उनी चिच्याएका कारण पीडक भागेको र पछि माफी मागेको थियो। उनी गर्भवतीसमेत थिइन्।

मूर्तिया गाविस-१ की ३ छोराछोरीकी आमालाई ०५४ असार २३ गते माइतीबाट घर जाँदै गर्दा बीच जंगलमा जीप रोकी उमेश सिंह र जीप चालक पपु सिंहले बलात्कार गरे।

लालबन्दी-हिरापुरकी १३ वर्षीय एक बालिका ट्युसन पढेर घर फर्कंदै गर्दा एकान्त बाटोमा पारी उनको सल मुखमा कोची एक अपरिचित व्यक्तिले ०५४ असार २४ गते बलात्कार गरे।

सुन्दरपुर गाविस नयाँ वस्तीकी १८ वर्षीय एक युवतीलाई ०५४ भदौ ३१ गते राति १० बजे ५ जना अपरिचित व्यक्तिहरू आइ बन्दूक, खुकुरी देखाइ कराइस् भने मारिदिन्छु भनी बलात्कार गरे। गरीव भएका कारण पीडित पक्ष चुप रहन बाध्य छ।

ढुंग्रेखोला गाविस-३ का दुई महिलालाई हरिवन गाविसका केदार घिमिरे, भगत कुशुवार, नवराज धमाल, सूर्य आले, मोहन भुजेल, अभिमुनी, भागनारायण दास र ललन गुप्ताले ०५४ असोज २२ गते सामूहिक बलात्कार गरे। पीडकहरूलाई जरिवाना गरी छोडियो।

लालबन्दी गाविस-१ का मठका पुजारी महन्त रायले खेल्न आएकी एक ८ वर्षीय बालिकालाई ०५४ असोज २७ गते प्रसाद खान दिइ फकाएर कुटीभित्र लगी बलात्कार गरे। भागेका पुजारीलाई गाउँलेहरूले जंगलबाट समाती प्रहरीमा बुझाइदिए।

गौरीशंकर गाविस-४ का अमरनाथ महतोका छोरा मनोजकुमार महतोले ०५४ मंसीर १७ गते स्कूल जान हिंडिरहेकी १४ वर्षीय बालिकालाई जवर्जस्ती मोटरसाइकलले बाटो छेकी सिन्दूर हाली अपहरण गर्न लाग्दा उनी कराएकीले छोड्न बाध्य भए। पीडक हाल हिरासतमा छन्।

४.२ पारिवारिक हिंसा र बहुविवाह

खुरौना गाविस-९ का खुर्सेद आलम खाँले दुई छोरा र ३ छोरीका बाबु भइकन पनि सोही ठाउँकी मोफती खाँकी पत्नी खातुन खाँसंग दोस्रो विवाह गरे। नवदुलहीलाई डुलाएर घर भित्र्याएकै दिन ०५४ असार २ गते खुर्सेदलाई गाउँलेहरूले अर्को विहे गरेको भनी मरणासन्न हुने गरी पिटे।

ढुंग्रेखोला गाविस-४ का कृष्णराज शर्माले घरमा पत्नी र ५ छोराछोरी हुँदाहुँदै ०५४ मंसीर २२ गते सोही वडाकी गीता लुईँटेलसंग दोस्रो विवाह गरे। जेठी पत्नीलाई पिट्ने र घरबाटै निकालिदिने काम पनि पीडकले गरेका छन्।

ढुंग्रेखोला गाविस-९ का बुद्धिमान नामाङले घरमा पत्नी र दुई छोरी हुँदाहुँदै ०५४ मंसीर २६ गते कर्मेयाकी ऐतिदेवी लामासंग दोस्रो विवाह गरे।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

हिरापुरकी १५ वर्षीय सानुमाया उप्रेतीले लालबन्दी बजार आउँदा एक अपरिचित व्यक्तिले बलात्कार गरी गर्भ रहेपछि ०५३ माघ २३ गते ३ महिनाको गर्भ पतन गराइन्।

वलरा गाविस-५ का शंकर सिंहले आफ्नो घरमा भाँडा माझ्न बसेकी नथुनीदेवी मुसहरलाई अवैध संसर्ग गरेपछि रहन गएको गर्भलाई विभिन्न औषधीद्वारा २ महिनापछि ०५४ पुस १ गते पतन गराउन बाध्य बनाए।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

नेत्रगञ्ज गाविस-८ का मुकेशकुमार साहले ३ वर्षदेखि रामेश्वर चौधरीलाई मासिक ५० रूपैयाँ दिन्छु भनी चरूवा राखेकामा हालसम्म एक पैसा दिएका छैनन् र गर्न नसक्ने कामहरू समेत जबर्जस्ती गर्न लगाइरहेका छन्।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालह

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

जानकारीमा आएन।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

मानपुर गाविस-८ का दुई जना व्यक्तिको ०५४ वैशाख २ गते हत्या गरिएको घटनाको विरोधमा मानवअधिकार संरक्षण मंच र जनजागृति युवा समाजले विरोध वक्तव्य प्रकाशित गरे।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

पिपरियाकी नविनादेवी मिश्रलाई उनकै २४ वर्षीय पति पवनकुमार मिश्रले ०५३ पुस २७ गते अर्कै केटीसंग प्रेम चलिरहेका कारण माइत पुऱ्याइदिन्छु भनी बीच बाटामा लगी हत्या गरे। पीडक तारेखमा छुटेको छ।

अर्नाहा गाविस-९ की अन्जु मिश्र हराएको करीब डेढ महिनापछि आफ्नै घरपछाडिको गहुँ खेतमा ०५३ माघमा मरेकी अवस्थामा फेला परिन्। मृतकके दाजु उदय मिश्रले ०५३ पुस ७ गते घरायसी झैझगडाका कारण हिर्काउँदा मृत्यु भएको थाहा भएको छ। उदय तारेखमा छुटेका छन् भने उनका बाबु रवीन्द्र फरार छन्।

सेखौना गाविस-२ की फूलकुमारी महतोलाई माइतीबाट कम दाइजो ल्याएको निहुँमा ०५३ फागुन १४ गते उनकै पति २३ वर्षीय नरेश महतोले पिटेर सख्त घाइते बनाएको केही समयपछि मृत्यु भयो। यस घटनामा प्रहरीले खासै चासो नराखेको गुनासो पीडित पक्षको रह्यो। पीडकले मृतकको लाससमेत बेपत्ता पारी अहिलेसम्म फरार रहेको छ।

पर्सा गाविस-७ की २२ वर्षीय लीलादेवी राय यादवलाई उनकै पति वीरेन्द्रराय यादवसमेत अन्य ४ जनाले ०५३ चैत २८ गते राति १ बजेतिर दाइजो तथा घरायसी मनमुटावको कारण कुटपिट गरी हत्या गरे। पीडकमध्ये पीडितको पतिलाई प्रहरीले पक्राउ गरी कारवाही चलाइरहेको छ।

हरिवन गाविस-२ स्थित चपिनी खोलाको पश्चिमी किनारामा ०५४ वैशाख ६ गते तराइवासी जस्तो देखिने एक २५/२६ वर्षीय महिलाको लास फेला पऱ्यो। लासको प्रकृति हेर्दा हत्या गरिएको हुनसक्ने आशंका सबैको रहेको छ।

वरहथवा गाविस-९ की १६ वर्षीय रविना सिंहको ०५४ वैशाख १३ गते साँझ हत्या भयो। रविनाले एक केटासंग प्रेम सम्बन्ध राखेका कारण उनकै आमा, बाबु र चरूवा अमृतकुमार मिली हत्या गरेको आशंका गरिएको भए तापनि पीडित पक्षबाट उजुरी नपरेकाले कुनै कारवाही भएन। सर्पले टोकेर मरेको बताइयो।

· हरिपूर्वा गाविस-९ दक्षिणवारी टोलका वृजनन्दन रायको ०५४ भदौ ६ गते डाँकाहरूले चोरी गरिरहेका बेला पिशाव लागी उठ्दा डाँकाहरूले चलाएको गोलीबाट मृत्यु भयो। पीडकहरू फेला पर्न सकेका छैनन्।

सुन्दरपुर गाविस-८ का शिवशरण महतोलाई उनकै भतिजा विपन महतोले ०५४ भदौ ६ गते बास्नाले केराको पात खाइदिएको निहुँमा झगडा हुँदा कुटपिट गरी हत्या गरे।

वरहथवा पूर्वटोलाकी लक्ष्मिनियादेवी चमारलाई ०५४ असोज ३ गते कामबाट फर्कंदै गर्दा बाटोमा साँझ परेकाले सोही ठाउँका नियस महतो, अर्जुन ठाकुर र राजाराम ठाकुरले बलात्कार गरे भने सोही दिन राति पोल खुल्ने डरले घरैमा गई हत्यासमेत गरे। प्रहरी चौकीलाई अग्रिम जानकारी हुँदाहुँदै पनि प्रहरी चुप लागेको र हत्याराहरूले पछि प्रहरी र पीडित दुवैलाई पैसा खुवाइ मुद्दा नै झामझुम पारेको बताइन्छ।

सुनवर्षा जाने बाटो नजिकै दशगजा क्षेत्रको पश्चिमपट्टि नेपालको भू-भागमा अन्दाजी ३० वर्षीय सम्पन्न जस्तो लाग्ने अपरिचित व्यक्तिको लास ०५४ असोज ५ गते फेला पऱ्यो। सीमा क्षेत्रमा हुने तस्कर भिडन्तमा उक्त व्यक्तिको हत्या भएको अनुमान गरिएको छ।

हरिवन गाविस-८ की ८ वर्षीय बालिकालाई शेष मुस्ताफले ०५४ मंसीर ७ गते भैंसी चराउन गएको बेला बलात्कार गरी हत्यासमेत गरे। पीडक फरार छ, खोजी कार्य जारी रहेको प्रहरीले बताएको छ।

यस वर्ष यो जिल्लामा आगलागीमा परी २ जना, डकैतीबाट ३ जना र बाढीमा परी २ जनाको मृत्यु भयो। २ महिला र २ पुरूषले आत्महत्या गरे। तिनीहरूमध्ये जवडी गाविस-५ की ५० वर्षीय लालकुमारी कोइरालाले आफ्ना पतिको निधनको पीडा सहन नसकेर मानसिक सन्तुलन गुमाइ ०५३ माघ २६ गते आत्महत्या गरेकी थिइन्। व्यक्तिगत रीसइवीका कारण भएको कुटपिटबाट ७ जना पीडित भए।

●



२. मध्यमाञ्चल
जनकपुर
२.४ सिन्धुली

जनसंख्या	: २४६९६१
साक्षरता	: ३५ प्रतिशत
महिला साक्षरता	: १८ प्रतिशत
क्षेत्रफल	: २४९१ वर्ग कि.मी.
गाविस/नपा	: ५३/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय/क्याम्पस	: ३९०/२
अस्पताल/स्वास्थ्यचौकी	: १/४४
टेलिफोन लाइन	: १८४
सडक (कि.मि.)	: ३७
प्रहरी कार्यालय	: १७
हुलाक	: ५५

भित्री मधेश र पहाड मिलेर बनेको यो जिल्ला विगत वर्षजस्तै यो वर्ष पनि माओवादी आन्दोलनका कारण प्रभावित रहन पुग्यो। महेन्द्र राजमार्गसंग धुले सडकमार्फत् सिन्धुलीमाढीलाई जोडे पनि यानायात हिउँदभर मात्र संचालन हुनसक्छ। माओवादीहरूको बेलाबेलाको आक्रमण र प्रत्याक्रमणका रूपमा प्रहरीद्वारा चलिरहने कारवाहीले यहाँका जनता कुनै पनि बेला जे पनि हुनसक्ने भयले त्रसित छन्। यस्तो अवस्थाले यहाँ पक्राउ, यातना, कुटपिट जस्ता मानवअधिकार उल्लंघनका घटना सामान्य बनेका छन्।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

रानीचुरी गाविस-३ का ६३ वर्षीय होकी लामा मोक्तानलाई ०५३ माघ १३ गते एक हुलले माओवादीविरूद्ध जासुसी गरेको आरोपमा खुकुरी प्रहार गरी हत्या गर्‍यो। पीडितको २० हजार नगद र २ तोला सुन तथा ४० तोला चाँदी पनि लुटिएको थियो।

अमले गाविस-४ का ३५ वर्षीय सीताराम थापालाई ०५४ जेठ २३ गते साँझ ६ बजे नकावधारीहरूको एक जमातले भट्टेखोलामा खुकुरी प्रहार गरी हत्या गरे। माओवादी समूहले उक्त हत्या गरेको हुनसक्ने आशंका गरिएको छ।

बस्तीपुर गाविस-३ का नेकपा (एमाले) का गाउँ कमिटी उपसचिव ३० वर्षीय विशालरत्न सुनुवारको लास ०५४ कार्तिक २५ गते झागाझोली गाविस-८ को जंगलमा फेला पर्‍यो । उक्त घटनाका सम्बन्धमा प्रहरीद्वारा ज्ञानबहादुर थामीलाई गिरफ्तार गरी थुनामा राखिएको छ।

हत्पते गाविस-८ का ४७ वर्षीय वडा अध्यक्ष तथा नेपाली कांग्रेस महाधिवेशन प्रतिनिधि प्रेमनाथ अधिकारीलाई ०५४ मंसीर २३ गते साँझ अज्ञात व्यक्तिहरूले सांघातिक आक्रमण गरी हत्या गरे। माओवादीहरूले गरेको उक्त हत्या सम्बन्धमा सोधपुछ र अनुसन्धानका लागि प्रहरीले १७ जनालाई पक्राउ गरी विभिन्न मितिमा छाडियो। हेमबहादुर भुजेल र गणेश ठकुरी अझै थुनामा छन्।

१.२ जेल र बन्दीहरु

सिन्धुली जिल्ला कारागार "ग" श्रेणीमा पर्दछ। यो जेल ०३०/३१ सालमा बनेको हो। २५ जना बन्दी क्षमता भएको यो जेलमा अन्यत्रको जस्तो क्षमता भन्दा बढी बन्दी छैनन्। यस जेलमा २१ जना बन्दी छन्। खानेपानीका दुई वटा धारा छन् तर पानी आउँदैन। चर्पी र भान्सा नजिकै भएका कारण खाँदासमेत दुर्गन्धबाट बन्दीहरू पीडित छन्। २ जना महिलामात्र रहे पनि तिनीहरूका लागि पनि उचित व्यवस्था छैन।

आफन्तहरूले ल्याइदिएको कपडासमेत लाउन नदिएको गुनासो बन्दीहरूको छ। स्वास्थ्योपचारको व्यवस्था छैन। टोपी बुन्ने र मुढा बनाउने सीपका बन्दी धेरै भए पनि बजारको अभावमा उक्त सीपको समुचित उपयोग हुनसकेको छैन। बन्दीहरूको सुसूचित हुने अधिकार र पानीको समस्या विकराल भएको र यसमा सुधार गरिनुपर्ने भनाइ जेलर शिवनारायण लालकर्णको रहेको छ। बाहिर चिठी पठाउने व्यवस्था छैन भने त्यहाँ आएका चिठी पनि समयमा नपाइने गरेको गुनासो बन्दीहरूको छ।

घटनाको प्रकृति	घटना संख्या		
	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	१	-
हिरासतमा यातना	१	६	५
बलात्कृत	३	१	-
आत्महत्या	५	३	११

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

भिमान र कपिलाकोटका पुण्यहरि घिमिरे, जिरमान गोले, अर्जुन गुर्माछानेलाई ०५३ माघ ११ गते पुनरावेदन अदालतको पर्खाल बाहिर आउना साथ प्रहरीले पक्राउ गरे। माओवादी भएको आरोपमा १ वर्षदेखि थुनिइरहेकोमा पुनरावेदन अदालत, जनकपुरले धरौटी लिइ तारेखमा छाड्ने आदेश दिएपश्चात छोडिदिएकोमा पुनः पक्राउ गरी थुनामा राखियो। पीडितहरू सबैलाई ०५३ चैत ६ गते पुनः रिहा गरियो।

डाँडीगुरासे गाविस-५ मा अनेरास्ववियु (क्रान्तिकारी) का ध्रुवबहादुर दमाई, (हरि नेपाली), तीर्थमान मोक्तान, कमलकुमार माझी, सुरदबहादुर स्याङ्तान, तारामान मोक्तानलगायत्का विद्यार्थीहरूको एक जमात चन्दा संकलन गरिरहेको बेला ०५३ माघ ११ गते प्रहरीले पक्राउ गरी माओवादी भएको र हतियार बोकेको आरोपमा मुद्दा चलाई यातनासमेत दिइ जेल चलान गरिएको थियो। पीडितहरूलाई प्रतिव्यक्ति ३० हजार रूपैयाँको जेथा जमानी धरौटीमा ०५४ भदौ १५ गते रिहा गरियो।

कमलामाई नगरपालिका, भिमानका हुलाक कार्यालयमा कार्यरत माधवप्रसाद पोखरेलको निवासमा स्थानीय प्रहरीले ०५३ माघ १२ गते छापा मारी उनीसंग रहेका संवाददाता परिचयपत्रहरू समेत खोसेर उनलाई गिरफ्तार गर्‍यो। अब पत्रकारिता नगर्ने भन्ने लिखित कागज गराई पछि छोडियो।

भिमान गाविस-४ (हाल कमलामाई नगरपालिका) का ३६ वर्षीय चक्रबहादुर कार्कीलाई गस्ती प्रहरीमाथि हातपात गरेको भन्ने आरोपमा ०५३ फागुन ४ गते प्रहरीले गिरफ्तार गरे। १ हजार रूपैयाँ जरिवाना गरी २५ दिन हिरासतमा राखेपछि ०५३ फागुन २९ गतेमात्र उनलाई रिहा गरियो।

कमलामाई नगरपालिका-६ धुराबजारका ४२ वर्षीय कमन्दबहादुर श्रेष्ठ र उनका छोरा १८ वर्षीय बुद्धकुमार श्रेष्ठलाई ०५३ फागुन २८ गते प्रहरीको गस्ती टोलीलाई हातपात गरेको अभियोगमा प्रहरीले पक्राउ गर्‍यो। जनही ३ हजार धरौटीसहित २५ दिनपछि ०५३ चैत २३ गते छाडियो।

शान्तेश्वरी गाविस-४ का नेकपा (एमाले) का कार्यकर्ताहरू रमेशकुमार कर्माचार्य, रोशनकुमार कर्माचार्य, लक्ष्मीदास कर्माचार्य, दिलबहादुर श्रेष्ठ र धनबहादुर श्रेष्ठलाई ०५४ जेठ १३ गते बिहान पसलमा बसिरहेको अवस्थामा हतियार बोकेर हिँडेको आरोप लगाई शाही नेपाली सैनिकको गस्तीले पक्राउ गरी प्रहरीलाई बुझाएकोमा सामान्य सोधपुछ गरी सोही दिन बेलुका छोडियो।

०५४ असोज १ र २ गते नौ वाम समूहहरूले आह्वान गरेको नेपाल बन्द कार्यक्रमको क्रममा जुलुस निकाल्न लाग्दा ५८ जनालाई प्रहरीले पक्राउ गर्‍यो। उनीहरू सबैलाई दुई दिनपछि रिहा गरिएको थियो। गिरफ्तार हुनेहरूमा संजमो नेपालका सिन्धुली जिल्ला अध्यक्ष गणेश बुढाथोकी, जनतान्त्रिक मंचका पुण्यहरि घिमिरे, मसालका ढकप्रसाद देवकोटा, मार्क्सवादीका बुद्धराम श्रेष्ठ, चिनीमाया श्रेष्ठलगायत्का राजनीतिक कार्यकर्ताहरू थिए।

जलकन्या गाविस-५ चपोलीका ३९ वर्षीय रामबहादुर स्याङ्वा तामाङ र ३६ वर्षीय उत्तरकुमार स्याङ्वा तामाङलाई ०५४ असोज ६ गते सिन्धुली बजारमा घर गइरहेको बेला प्रहरीले माओवादी भनी गिरफ्तार गर्‍यो। उत्तरकुमार स्याङ्वा नेपाली कांग्रेसका भू.पू. गाविस अध्यक्ष हुन्। पीडितहरूलाई सार्वजनिक अपराधको मुद्दा चलाइ धरौटीमा छोडियो।

घटनाको प्रकारअनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरूष	महिला	जम्मा		पुरूष	महिला	जम्मा
हत्या	७	७	१	८				
गिरफ्तारी र यातना •	१५	५३	४	११५	१५	५३	४	११५
कुटपिट	१५	३४	२	३६				
धम्की	२	२		२				
अभिव्यक्ति स्वतन्त्रता	२	१६		१६				
भेला हुने अधिकार	१				१			
निष्पक्ष चुनाव	२	१		१				
महिला किनबेच	२		३	३				
बलात्कार	४		४	४				
महिला भएकै कारणले दिइने यातना	१		१	१				
बहुविवाह	१		१	१				
अमानवीय व्यवहार	१	१		१				
आत्महत्या	११	५	६	११				
दुर्घटनाहरू/विपत्तिहरू	१२	१४	८	२२				



माओवादीको आरोपमा सिन्धुली जेलमा रहेका बन्दीहरू

महादेवस्थान गाविस-५ का ३५ वर्षीय चन्द्रकुमार श्रेष्ठ, १९ वर्षीय विश्वलाल श्रेष्ठ र सोही गाविसका १९ वर्षीय तीर्थमान मोक्तानलाई ०५४ कार्तिक ११ गते विहान १०.३० बजे क्रमशः गाविसको कार्यालय र स्कूलबाट इलाका प्रहरी कार्यालय कपिलाकोटले गिरफ्तार गऱ्यो। उनीहरूलाई ०५४ कार्तिक ९ गते महादेवस्थान-८ मा रहेको साना किसान विकास आयोजना लुट्न गएको भन्ने आशंकामा गिरफ्तार गरिएकोमा ५/५ सय धरौटीमा छाडियो।

जरायोटार गाविस-९ का २७ वर्षीय श्यामबहादुर समाल मगर, सोही गाविसका रामबहादुर समाल मगर, टुप्नबहादुर समाल मगर, बेलघारी गाविस-९ का २४ वर्षीय एकबहादुर गुर्माछाने, सोही गाविसका खड्गबहादुर रखाल मगर, सूर्यबहादुर नेपाली र जरायोटार-९ का १९ वर्षीय कमलबहादुर मगरानीलाई माओवादी भएको आशंका गरी ०५४ कार्तिक १६ गते जिल्ला प्रहरी कार्यालय सिन्धुलीले गिरफ्तार गऱ्यो। उनीहरूलाई पाँच दिनसम्म हिरासतमा राखेर शारीरिक तथा मानसिक यातना दिएको पीडितहरू बताउँछन्। उनीहरूलाई कार्तिक २० गते तारेखमा छोडिएको थियो।

वस्तिपुर गाविस-३ का ४१ वर्षीय ज्ञानबहादुर थामी, उनकै छोरा २१ वर्षीय दीपककुमार थामी, ३९ वर्षीय जितबहादुर भोलन, ३७ वर्षीय गोविन्द खड्का, २१ वर्षीय शेरबहादुर कार्की, २२ वर्षीय मानबहादुर योञ्जनसमेत ६ जनालाई ०५४ कार्तिक २७ गते आफ्नै घरबाट जिल्ला प्रहरी कार्यालय सिन्धुलीबाट गएका प्रहरीहरूले गिरफ्तार गरे। गिरफ्तार गरिएका ५ जनालाई १५ दिनसम्म हिरासतमा राखी मंसीर १२ गते छोडिएको थियो भने ज्ञानबहादुर थामीलाई २७ दिनसम्म हिरासतमा राखी मंसीर २२ गते कारागारमा लगेर थुनुवाको रूपमा राखिएको छ। उनीहरूलाई हिरासतमा एकदिन शारीरिक यातना दिइएको थियो। उनीहरूलाई विशालरत्न सुनुवारको हत्यामा संलग्न भएको भन्ने आशंका गरी गिरफ्तार गरिएको थियो।

हत्पते गाविस-८ भलुवाहीका ४० वर्षीय शम्भु चापागाईं, सोही ठाउँका ५३ वर्षीय तेजनाथ अधिकारी र उनकै छोरा ३१ वर्षीय शान्तिप्रसाद अधिकारीलाई क्रमशः ०५४ मंसीर २६ गते आफ्नै घरमा र सामान किन्न डकाहा बजार गएको बेला प्रहरीले गिरफ्तार गऱ्यो। उनीहरूलाई ०५४ मंसीर २३ गते भएको प्रेमनाथ अधिकारीको हत्याकाण्डमा संलग्न भएको आशंका गरी गिरफ्तार गरेको थियो। पीडित तिनै जनालाई कांग्रेसका हत्पते गाविसका अध्यक्ष भोजराज अधिकारी जमानी बसी ०५४ पुस २ गते रिहा गरिएको थियो। तर अहिले तिनैजनालाई पक्राउ पुर्जी काटिएको छ भने उनीहरू हालसम्म पनि आफ्नो घरमा नगएको उनीहरूको परिवारबाट जानकारी भएको छ। त्यसैगरी तेजनाथ अधिकारीकी ४५ वर्षीय पत्नी सीतादेवी अधिकारीलाई पुस ४ गते प्रहरीले गिरफ्तार गऱ्यो। सोधपुछका क्रममा प्रहरीले मानसिक यातना दिएको पीडित बताउँछिन्। उनलाई ०५४ पुस ५ गते साँझमात्र छोडिएको थियो।

हत्पते गाविस-६ थलुवाहीका २६ वर्षीय हेमबहादुर भुजेल, उनकै दाजुहरू थनबहादुर भुजेल, वेदबहादुर भुजेल, तेजबहादुर भुजेल, सोही गाविस-८ का ३२ वर्षीय गणेश ठकुरी, ३८ वर्षीय लक्ष्मी वराल, हत्पते गाविस-१ की २५ वर्षीय डोरकुमारी बोगटी, सोही गाविस-८ का ३२ वर्षीय दामोदर सापकोटा, हत्पते-६ का रामचन्द्र खतिवडा, खेटराज अधिकारी, पदमबहादुर कार्की, वेदलाल पहाडीलाई ०५४ मंसीर २८ गतेदेखि फरक-फरक दिनमा क्रमशः मंसीर २८ गते ४ जना, मंसीर ३० गते र पुस ३ गते जिल्ला प्रहरी कार्यालय सिन्धुलीबाट गएको प्रहरी टोलीले गिरफ्तार गऱ्यो। उनीहरूलाई प्रेमनाथ अधिकारीको हत्या गरेको आशंकामा गिरफ्तार गरिएको थियो।

त्यसैगरी हत्पते-८ का विश्वनाथ दाहाललाई ०५४ पुस ८ गते डकाहा प्रहरी चौकीले गिरफ्तार गरी सोही दिन बेलुका छोडिएको थियो। उक्त घटनापश्चात् प्रहरीबाट गाउँमा गरिएको गिरफ्तारी र धरपकडबाट हत्पते गाविसका भू.पू. अध्यक्ष रामप्रसाद वराल र ४६ वर्षीय रामबहादुर दर्लामी मंसीर २८ गतेदेखि घर छोड्न बाध्य भएका छन्। उनीहरू हालसम्म पनि घरमा नभएको बुझिएको छ। पक्राउ परेका मध्ये शम्भुप्रसाद चापागाईं, तेजनाथ अधिकारी, शान्तिप्रसाद अधिकारी, बालकुमारी मगर, रामप्रसाद वराल, सोमबहादुर माझी, डोरकुमारी बोगटी, हेमबहादुर भुजेल, सोमबहादुर माझीको भाइलगायतलाई मुद्दा दायर गरिएको बुझिएको छ। हिरासतमा हेमबहादुर भुजेललाई छुट्टै राखी पेटमा लाठीले घोच्ने, छोटो पारेर पाखुरामा बुटले कुल्चने, बाँसको कप्टेरा र पाइपले पैतालमा हिर्काएर यातना दिएका कारणले नगरेको अपराध पनि गरेको हो भनी बयान दिन लगाएको कुरा पीडित बताउँछन्। उनकै बयानबाट माथि उल्लेखित व्यक्तिहरूलाई मुद्दा दायर गरिएको बुझिएको छ।

अखिल नेपाल किसान संघ (२००७) को दोस्रो जिल्ला सम्मेलनको लागि चामल चन्दा उठाएर सिन्धुलीतर्फ आउँदै गर्दा कमलामाई नगरपालिका भिमानबाट अखिल नेपाल किसान संघका भू.पू. अध्यक्ष इन्द्रप्रसाद ढुंगेलका छोरा रुद्रहरि ढुंगेल र रामबाबु किसानलाई ०५४ पुस ११ गते प्रहरीले गिरफ्तार गरी पुस १२ गते रिहा गरिएको थियो।

१.४ बेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

शितलपाटी खाल्टेस्थित साना किसान विकास आयोजनाका प्रमुख कृष्णबहादुर सिंहलाई ०५३ फागुन १ गते ३०/३५ जना नकावधारीहरू आई २५ हजार ३३२ रूपैयाँ नगद र जिन्सी लुटी सिंहलाई धम्कीसमेत दिए। यो घटना माओवादीले गराएको अनुमान गरिएको छ।

अमले गाविस-३ सिम्ले खोलाको चिह्नानेघाटमा ०५३ चैत २८ गते माओवादी र प्रहरीबीच भिडन्त हुँदा एकापसमा चलाइएको गोली र बमबाट हिरालाल शाह घाइते भए।

झाँगाझोली गाविस-१ कोटगाउँमा २९ वर्षीय विनोदराज दाहालको नेतृत्वमा गएको चुनाव प्रचार प्रसार टोलीलाई ०५४ जेठ ६ गते बलराम आचार्यको नेतृत्वमा गएको एक समूहले सांघातिक आक्रमण गरे। यस घटनामा विनोदकुमार दाहाल, शंखबहादुर सुनुवार, रामबहादुर घलान, सूर्यबहादुर सुनुवार, शेरबहादुर तामाङ, सन्तबहादुर अधिकारी, बद्री सूर्यवंशीलगायत्का व्यक्तिहरू घाइते भए। साथै सोही हुलले झाँगाझोली रातमाटा गाविसका उपाध्यक्ष तीर्थ थापाको घर तोडफोड गरी लुटपाटसमेत गरेको कुरा पीडित बताउँछन्।

मझुवा गाविस-३ गैरीगाउँमा ०५४ जेठ १० गते चुनावको प्रचारमा गइरहेका बेला एक समूहले आक्रमण गर्दा एमाले जिल्ला कमिटी सदस्य रमेशकुमार कार्कीलगायत्का १५ जना व्यक्तिहरू घाइते भए। अशोककुमार कार्कीको टाउकोमा ३ इन्च गहिरो चोट लागेको थियो भने जितबहादुर कार्की, केशव राम, रमेश ढकाल, रामबाबु कार्की, कृष्णबहादुर स्याङ्तान पनि घाइते भएका थिए। यस घटनामा संलग्न कसैलाई पनि कारवाही भएन।

लाम्पानटार गाविस-७ हलिडाँडामा ०५४ जेठ ११ गते राति आफ्नै घरमा सुतिरहेको अवस्थामा राजनीतिक मतभिन्नताको कारण लालबहादुर बस्नेत, कृष्णबहादुर आले, रत्ने सार्की, टेके सार्की र चखे सार्कीको घर घेरी घनश्याम श्रेष्ठ, रोमबहादुर बस्नेत, चन्द्रबहादुर खत्री र वेदबहादुर खड्काले कुटपिट गरे। पीडकलाई कुनै कारवाही गरिएन।

पुरानो झाँगाझोली गाविस-४ परेवाडाँडाका ५० वर्षीय बाबुराम भट्टराई र ३५ वर्षीय नवराज भट्टराईलाई ०५४ जेठ १२ गते राति १० बजे चुनाव प्रचारपछि गुणकुमार दाहालको घरमा खाना खाएर बसिरहेको अवस्थामा केही अज्ञात व्यक्तिहरूले घरबाट बाहिर निकाली कुटपिट गरे। पीडकलाई कुनै कारवाही भएन।

कमलामाई नगरपालिका-५ का ३० वर्षीय चन्द्रबहादुर वर्मशारू र सन्तोष बोहोरालाई ०५४ जेठ १३ गते बेलुका मतगणनास्थलमा उज्ज्वल पोखरेल र दीपक पोखरेलले कुटपिट गरे। यस घटनामा चन्द्रबहादुरको हात भाँचिएको र सन्तोष बोहोराको आँखामा रगत जमेको थियो।

कल्पवृक्ष गाविसको आयोजनामा हुन लागिरहेको कार्यक्रममा भाग लिन त्यसतर्फ जाँदा नेकपा (एमाले), सिन्धुली जिल्ला कमिटी सदस्य कमलजंग राई, उपसभापति उम्मेदवार हेमबहादुर लामा, १२ नं. इलाका इन्चार्ज गोविन्दलाल माझीलगायत्का व्यक्तिहरूलाई ०५४ असार २४ गते माओवादीहरूको एक हुलले खुकुरीसहित घेरी लाठी प्रहारगरी घाइते बनायो। पीडितहरू प्रत्येकलाई बेग्ला-बेग्लै रूखमा बाँधेर कुटपिट गरिएको थियो। उक्त कुटपिटबाट उज्ज्वल ढकालको हात नै भाँचिएको थियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

कमलामाई नगरपालिका-९ ढुंगेबासमा अनेमसंघ (क्रान्तिकारी) को जिल्ला अधिवेशन सम्पन्न भएपछि ०५३ फागुन १२ गते घोषणासभा गर्न लाग्दा प्रहरीले गर्न दिएन, पछि भीड तितरवितर पारियो।

कुशेश्वर गाविस, दुम्जामा ०५४ जेठ १३ गते दिउँसो मतदान कार्य भइरहेको समयमा नेपाली कांग्रेसका कार्यकर्ता विमलमानलगायत्को एक हुलले बुथ कब्जा गर्न खोज्दा दुई पक्षबीच भिडन्त भई सोनाम लामा घाइते भएका थिए। त्यसपछि मतदानसमेत स्थगित भयो। ०५४ जेठ २० गते पुनः निर्वाचन शान्तिपूर्वक भएको थियो।

महादेवस्थान गाविसमा ०५४ जेठ १३ गते हुने स्थानीय निर्वाचनमा नेकपा (माओवादी) का कार्यकर्ताले चिठीद्वारा धम्की दिएका कारण उक्त गाविस र कपिलाकोट गाविसमा कुनै पनि पार्टीका उम्मेदवारहरूले नाम दर्ता गर्न सकेनन्। संविधान प्रदत्त मौलिक अधिकारको उपयोग गर्न नपाएको गुनासो पीडितहरूको रहेको छ।

डाँडीगुरासे गाविस-७ का ३० वर्षीय साइतवीर माझी, सोही ठाउँका माधव फुयाँल र तेजु रानालाई ०५४ पुस १४ गते बिहान नेकपा (माओवादी) का कार्यकर्ताहरूले ज्यान मार्ने धम्की दिएर आ-आफ्नो पदबाट राजीनामा गर्न लगाएका छन्। पीडितहरूमध्ये साइतवीर माझी संजमो नेपालको

अज्ञात व्यक्तिहरूद्वारा हत्या गरिएका प्रेमनाथ अधिकारी

तर्फबाट डाँडी गाविसका अध्यक्षमा निर्वाचित जनप्रतिनिधि हुन भने माधव फुयाँल वडा नं. ७ का वडा सदस्य र तेज राना वडा अध्यक्ष हुन्। त्यसैगरी अमले गाविस वडा नं. २ का राष्ट्रिय जनमोर्चाको तर्फबाट वडा अध्यक्ष तीर्थ पाख्रिनलाई मंसीर ५ गते, पुरानो झाँगाझोली गाविस-६ का वडा अध्यक्ष चेतप्रसाद दाहाल र सदस्य तेजबहादुर गिरी, छविर विश्वकर्मा, शम्भु रम्तेललाई ०५४ मंसीर २९ गते आ-आफ्नो पदबाट माओवादीले तयार गरेको राजीनामा पत्रमा सही गराएर जनप्रतिनिधिहरूलाई पदमुक्त पारिदिएका छन्। उनीहरू सबैजना एमालेका तर्फबाट विजयी भएका थिए। सिन्धुली जिल्लामा थुप्रै जनप्रतिनिधिहरूलाई माओवादीहरूले जबर्जस्ती राजीनामा गराएका छन्।

सिन्धुली बहुमुखी क्याम्पसको ०५४ पुस १७ गते हुने भनिएको स्ववियुको चुनावको पुस १६ गते मनोनयनपत्र दर्ता गर्ने दिन नै अखिल क्रान्तिकारीका विद्यार्थीहरूले अनेरास्ववियुका विद्यार्थीहरूलाई कुटपिट गरी निर्वाचन निर्विरोध भएको भनी क्याम्पस प्रमुखलाई धम्की दिएर जितेको प्रमाणपत्र लिए। नेविसंघ र गप्रवि संघले मनोनयन पत्र फिर्ता लिएपछि नेविसंघ, राप्रविसंघ र अनेरास्ववियु (क्रान्तिकारी) समूहले अनेरास्ववियुका सभापति उम्मेदवार दुर्गाराज ढकाल, अमरबहादुर रानामगर, गोविन्द राई, सन्तोष बोहोरा, रामबाबु कार्की र एमालेका शान्तिमान कार्कीलगायत्‌लाई कुटपिट गरे। यस घटनाबाट पीडित दुर्गाराज ढकाललाई अस्पताल भर्ना गरियो।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष सिन्धुली जिल्ला अदालतमा देवानी १ सय, फौजदारी दुनियावादी ५३, फौजदारी सरकारवादी २५ र संक्षिप्त ८ गरी जम्मा १ सय ८६ मुद्दा दर्ता भए। जसमा देवानी २८, फौजदारी दुनियाँवादी २०, फौजदारी सरकारवादी ८ र संक्षिप्त ५ गरी जम्मा ६१ वटा मुद्दा फैसला भए भने देवानी ७२, फौजदारी सरकारवादी १७, फौजदारी दुनियावादी ३३ र संक्षिप्त ३ गरी जम्मा १ सय २५ वटा मुद्दा फैसला हुन बाँकी रहेका छन्।

दुई वर्ष नाघेका मुद्दा यस अदालतमा ३ वटा रहेका छन् भने पुराना मुद्दा फौजदारी दुनियाँवादी १८, सरकारवादी १ र देवानी २६ वटा ०५४ असारअगाडि फैसला भएका छन्। न्यायालयप्रति आमजनताको धारणा सकारात्मक नै रहेको पाइन्छ। विगत १ वर्षअगाडिदेखि माओवादीको आशंकामा डाका, आगलागी, ज्यान मार्ने उद्योग र खरखजाना जस्ता मुद्दा खेपिरहेका पीडितहरू भने अदालतले छिटो न्याय दिन नसकेकोमा दुखित बनेका छन्। हालसम्म पनि साक्षी नबकाएको उनीहरूको गुनासो रहेको छ। ढिलो न्याय दिनु नदिनु सरह हो भन्ने सिद्धान्तलाई अनुशरण गर्ने हो भने यहाँ पीडितहरूले न्याय नपाएको नै आभास हुन्छ।

माओवादीहरूद्वारा हत्या गरिएका सीताराम थापा

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन/सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

अहिले यस जिल्लामा सुकुम्बासी समस्या समाधान आयोगका अध्यक्ष नभएका कारण दिनहुँ सुकुम्बासीहरू फाराम भर्न आउँछन् र फर्कन्छन्। यस जिल्लामा हालसम्म ३ हजार ३ सय ९९ वटा सुकुम्बासीका निवेदन परेका छन्। एमालेको नौ महिने शासनकालमा सुकुम्बासी समस्या समाधान आयोगका जिल्ला अध्यक्ष शान्तिमान कार्कीले १ हजार ६ सय १८ परिवारलाई जग्गा वितरण गरिएकोमा त्यो वैधानिक नभएको भनी केन्द्रबाट त्यसलाई बदर गर्ने निर्णय हुन लागेको छ भन्ने हल्लाले त्यस्ता सुकुम्बासीहरू चिन्तित रहेका छन्।

सिन्धुलीको क्षेत्र नं. २ मा अन्यत्रभन्दा बढी सुकुम्बासी भएको पाइन्छ भने क्षेत्र नं. ३ को मरिण साइडतिर पनि सुकुम्बासीहरू रहेका छन्। यहाँ बाहिरी जिल्लाबाट आएकाले पनि आयोगका फारम भर्ने गरेको पाइएको छ। यो जिल्लामा करीब ८ हजार सुकुम्बासीहरू रहेको अनुमान छ।

हालसम्म यस जिल्लामा ३ हजार ७ सय ८१ जनाले सरकारले वितरण गर्ने गरेको असहाय, वृद्ध र अशक्त भत्ता लिएका छन्। जसमध्ये जेष्ठ नागरिक १ हजार ७ सय ५८ रहेका छन्। उमेर नै नपुगी ढाँटेर नागरिकता बनाउने र भत्ता गरेका घटना पनि दोहोरिएका पाइन्छन्।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

हत्पते गाविस-६ मलुवाहीकी १६ वर्षीय एक युवतीलाई ०५३ पुस ११ गते जंगलमा घाँस काट्न गएको बेलामा लालमान अधिकारी र जीवन अधिकारीले भारतमा लगेर राम्रो जागीर लगाइदिने लोभ देखाएर भगाएर लैजाँदा भिट्टामोड चौकीले पक्राउ गरी चौकी सार्दै ८ दिनपछि ०५३ पुस १९ गते पीडितको आफ्नो

घर भलुवाही ल्याइदिएको छ। पीडकहरू पक्राउमा परेका छैनन्।

कमलामाई नगरपालिका-७ की ४ वर्षीय एक बालिकालाई रानीवास-४ घर भई हाल सोही नगरपालिकामा बस्ने १४ वर्षीय रमेशबहादुर भुजेलले ०५३ माघ २७ गते दिउँसो बलात्कार गरे। पीडक धरौटीमा छुटेको छ।

कमलामाई नगरपालिका-५ ढकाल गाउँकी एक १७ वर्षीय विवाहित महिलालाई ०५४ वैशाख १८ गते साँझ १३ जनाको जमातले सामूहिक बलात्कार गऱ्यो। पीडकहरुलाई कुनै कारवाही भएन।

भीमस्थान गाविस-१ की २२ वर्षीय एक युवतीलाई ३० वर्षीय शान्तिबहादुर कार्कीले ०५४ जेठ ३० गते जंगलमा घाँस काटिरहेका अवस्थामा बलात्कार गर्ने प्रयास गर्दा युवती आफ्नो अस्मिता जोगाउन सफल भइन्। पीडक भेटिएको छैन।

महेन्द्रभाडी गाविस-६ की १५ वर्षीय दानकुमारी वि.क. र उनकै १३ वर्षीय बहिनी गंगामायाँलाई भारत घुम्न जाउँ भनी ललाई फकाई बेच्न लान लागेको अवस्थामा चन्द्रनिगाहपुर चौकीले गौर नगरपालिका-३ की २७ वर्षीय कान्छी ममता विश्वकर्मालाई ०५४ कार्तिक २७ गते पक्राउ गऱ्यो। पीडक थुनामा रहेकी छिन्।

कमलामाई नगरपालिका-६ धुराबजारमा डेरा गरी बस्ने एक भारतीय नागरिक लखन साहनीले ०५४ मंसीर २७ गते सोही स्थानको एक घरमा गई घरमा कोही नभएको मौका पारी ४ वर्षीय बालिकालाई भुम्का दिई बलात्कार गर्ने प्रयास गरे। पीडक २ हजार रूपैयाँ धरौटी राखी हिरासतबाट छुटेका छन्।

४.२ पारिवारिक हिंसा र बहुविवाह

डुड भञ्ज्याङ गाविस-१ की कालिका घिमिरेलाई ०५४ जेठ १२ गते मकवानपुर, फापरवारी-३ का ३९ वर्षीय गुरूप्रसाद दाहालले भगाइ लगे। दाहालको यो तेस्रो विवाह हो भने कालिकाका पति कुशहरि घिमिरेले जारीको माग गरेका छन्। कपडा, गहना फिर्ता गरेपछि दुवै पक्षबीच मिलापत्र भयो।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, भुमा, बोक्सी र देहव्यापार)

कमलामाई नगरपालिका-४ की ३५ वर्षीय पत्नीलाई उनका ४० वर्षीय पति सासू-ससुराले घरमा खान नदिएर कुटपिट गरी एक वर्षअगाडिदेखि घरबाट निकालिदिए। उनलाई नराम्री भएको भन्ने आरोप लगाई निकालिएको पीडित बताउँछिन्। हाल उनी बच्चा साथमै च्यापेर, मागेर खाने गर्छिन्। पीडित महिलाका एक छोरा र एक छोरी छन्। यस सम्बन्धमा विभिन्न ठाउँमा उजुरी गर्दा पनि सुनुवाई नभएको पीडित बताउँछिन्।

४.४ गर्भ पतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

यस जिल्लामा बालश्रम प्रशस्त मात्रामा रहेको पाइन्छ। विशेषगरी रामेछापबाट चामल, नून, मल लिन ९ देखि १२, १३ वर्षसम्मका बाल श्रमिकहरू प्रशस्त मात्रामा सिन्धुली आएर भारी लाने गरेका छन्।

यस जिल्लामा करीब ३ सय जना बालबालिकाहरू अर्काको घरमा भाँडा माझ्ने, होटलमा काम गर्ने गरेको पाइन्छ। घर मालिकले दिएको यातना खप्न नसकेर काम छाडेर भाग्ने गरेको प्रशस्त मात्रामा पाइएको छ। तर यस्ता पीडितको कतैबाट पनि सुनुवाई भएको पाइँदैन।

यस वर्ष ४ वर्षीय २ जना बालिका बलात्कारका शिकार भए।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जिल्लाको पूर्वी भागमा हलिया प्रथा रहेको पाइन्छ। यकिन रूपमा तथ्यांक भने पाइएको छैन तर साँवाको ब्याजमा मात्र हलो जोत्न लगाउने परम्परा भने कायम रहेको छ। विशेषगरी पूर्वी भागका प्रायःजसो घरमा हलियाको रूपमा कामदारहरू पाइएका छन्।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

भाँगाभोली रतमाटा गाविस-२ का देवेन्द्र आचार्यलाई आफ्नै हाडनातामा करणी गर्ने प्रयास गरेको आरोप लगाई ०५४ भदौबाट आफ्नै काका बलराम आचार्यको निर्देशनमा समाजबाट बहिष्कार गरिएको छ। हालसम्म पनि उनी समाजबाट बहिष्कृत नै रहेका छन्।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

तीनआने खोलामा ०५४ जेठ १३ गते हुने स्थानीय चुनावमा उम्मेदवार मनोनयन पत्र दर्ता गर्न नदिएको भनी नेपाली कांग्रेसका सांसद विपिन कोइराला, होमराज दाहाल र ध्रुव शर्माले एक वक्तव्य निकाली उक्त कार्यको विरोध गर्दै पुनः नाम दर्तासहित चुनाव दोहोऱ्याउन निर्वाचन आयोगको कार्यालयअगाडि धर्ना बसेका थिए।

नेपाल शिक्षक संघसंग नजिक रहेका र आवद्ध भएका शिक्षकलाई एमाले, राप्रपाको संयुक्त सरकारले पूर्वाग्रही भावनाले सरूवा गरेको भनी ०५४ असोज ९ गते नेपाल

शिक्षक संघका केन्द्रीय अध्यक्ष केशव भट्टराईको निर्देशनमा जिल्ला शिक्षा कार्यालय घेराउ गरे भने अन्य विरोधका कार्यक्रम पनि गरेका थिए।

एमाले जिल्ला कमिटी सिन्धुलीले हत्पतेमा भएको हत्याकाण्डमा एमालेलाई आरोप लगाई कार्यकर्तालाई गिरफ्तार गरिएकोमा ०५४ पुस ८ गते एक प्रेस वक्तव्य प्रकाशित गरी उक्त कार्यको विरोध गरिएको थियो।

जिल्ला विकास समितिका सभापति रमेश कार्कीले ०५४ पुस ७ गते एक वक्तव्य प्रकाशित गरी हत्पतेमा भएको हत्याकाण्डमा एमालेका कार्यकर्तालाई गिरफ्तार गरिएकोमा विरोध गर्नुभयो।

सिन्धुली क्याम्पसमा भएको गुण्डागर्दीको ०५४ पुस १६ गते अनेरास्ववियुले एक वक्तव्य निकाली विरोध गर्‍यो।

एमालेको जिल्ला पार्टी कार्यालय तोडफोड भएकोमा एमाले जिल्ला कमिटी नेपाल बार एसोसिएसन सिन्धुली, इन्सेक जिल्ला प्रतिनिधि, मानव, नेपाल पत्रकार महासंघ सिन्धुली, मानवअधिकार चेतना केन्द्र, एम्नेष्टी इन्टरनेशनल सिन्धुली शाखा र नेपाल राष्ट्रिय शिक्षक संगठन सिन्धुलीले ०५४ पुस ९ गते संयुक्तरूपमा घटनास्थलको स्थलगत निरीक्षण गरी पूर्वाग्रही भावनाले एमालेका कार्यकर्तालाई पक्राउ गरी हत्यामा संलग्न भएको भनी जिल्ला प्रहरी कार्यालय सिन्धुलीले सिङ्गो हत्पते गाउँलाई नै आतंकित पार्ने काम गरेकोमा उक्त कार्यको विरोध गरेको थियो।

९. अतिरिक्त जानकारीहरु
(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

बेलधारी-१ तीनपाटनकी ४२ वर्षीय सञ्जयमाया तामाङलाई ०५४ वैशाख १० गते आफ्नै पति हस्तबहादुर, बाबु खिलबहादुर सार्की, बलबहादुर सार्की र दुतमान बम्जन मिली घरायसी झगडाका कारण कुटपिट गरी हत्या गरे। बलबहादुर र दुतमान पक्राउ परेकामा ४ हजार ५ सय धरौटी तिर्न नसकेकाले थुनामै रहेकामा हाल छुटेका छन्। अन्य २ जना फरार छन्।

दुधौली गाविस-८ माइनमा बस्दै आएकी २३ वर्षीय गंगामाया बम्जन (तामाङ) को ०५४ असार ३ गते जंगलमा झुण्डिएको अवस्थामा लास फेला पर्‍यो। गाउँकै केही व्यक्तिहरुले हत्या गरेपछि झुण्ड्याइदिएको अनुमान स्थानीय गाउँलेहरूको रहेको छ। पीडक हालसम्म फेला परेका छैनन्।

भुवनेश्वरी गाविस-२ गोलटारका ४८ वर्षीय सन्तबहादुर माझीको स्थानीय वन्दीजोर खोलाको पानी बाँडफाँड गर्ने कुरामा विवाद हुँदा भीडबाट हिर्काइएको लाठीले लाग्न गई ०५४ भदौ २० गते मृत्यु भयो। पीडकको बारेमा थाहा हुन सकेको छैन।

यस वर्ष यो जिल्लामा डुबेर ७ जना, ट्राफिक दुर्घटनाबाट १ जना, भीरबाट लडेर १ जना, अत्याधिक रक्सी सेवनबाट १ जना र आगलागीबाट २ जनाको मृत्यु भयो। ११ वटा घर आगोले जलेर नष्ट भए। ६ महिला र ५ पुरूषले आत्महत्या गरे। चट्याङमा परी ५ जनाको मृत्यु भयो।

यस वर्ष यो जिल्लामा व्यक्तिगत रीसइवीका कारण ६ वटा कुटपिटका घटना भए। ती घटनाहरूमा ६ जना पुरूष र २ जना महिला पीडित भएका थिए।

●



२. मध्यमाञ्चल

जनकपुर

२.५ रामेछाप

जनसंख्या	: १८८०६४
साक्षरता	: २९.५ प्रतिशत
महिला साक्षरता	: १२.७ प्रतिशत
क्षेत्रफल	: १५४६ वर्ग कि.मी.
गाविस/नपा	: ५५/०
निर्वाचन क्षेत्र	: २
विद्यालय/क्याम्पस	: ३४२/२
अस्पताल/स्वास्थ्यचौकी	: १/४१
टेलिफोन लाइन	: १४
सडक (कि.मि.)	: २
प्रहरी कार्यालय	: १३
हुलाक	: ५५

अहिलेसम्म मोटरबाटो र संचारको साधन फ्याक्ससमेत नभएको जिल्लाको नाम रामेछाप हो। दुर्गममाथि पनि विगत केही वर्षदेखि देखिएको माओवादी आन्दोलनको क्रममा प्रहरी र माओवादी दुवैतर्फको पीडा यस जिल्लाले पनि भोग्नुपरेको छ। राजनीतिक झगडा यस जिल्लामा धेरै हुने गर्छ। अज्ञानता र अशिक्षाका कारण आफ्नो अधिकारको रक्षा कमैमात्र भएको पाइन्छ।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

बेथान गाविस-२ पानीघाटको प्रहरी चौकीमा ०५३ पुस १९ गते माओवादीहरूले सुनियोजित सशस्त्र आक्रमण गर्दा प्रहरी जवान कुमार राउत र हवल्दार भरत अधिकारीको माओवादीहरूले चलाएको गोलीबाट मृत्यु भयो भने काभ्रे जिल्लाका तीर्थबहादुर गौतम, काभ्रे जिल्ला मादन कुँडारीका फत्त पुलामी र लखनपुर गाविस-४ की १८ वर्षीय दिलमाया योञ्जनको प्रहरीको गोलीबाट मृत्यु भयो। सो घटनामा प्रहरी जवानहरू रामशरण कार्की, मोहन आचार्य र शंकर कार्की पनि गोली लागी घाइते भएका थिए।

१.२ जेल र बन्दीहरु

२०३१ सालमा निर्माण भएको रामेछाप कारागारको भौतिक अवस्था जीर्ण बन्दै गइरहेको छ। बन्दीहरू सुत्ने कोठामा पानी चुहिने गर्दछ। जिल्लाको पुरानो सदरमुकाम रामेछाप बजारमा रहेको यस कारागारमा दुई वटा महिला वार्ड र १ पुरूष वार्ड रहेको छ। महिला र पुरूष बस्ने अलग-अलग कोठा भएको भएता पनि कम्पाउण्ड भने एउटै छ। जसले गर्दा महिलाहरू बाहिर निस्कँदा पुरूषहरू कोठाभित्र थुनिने र पुरूषहरू बाहिर निस्कँदा महिलाहरू थुनिनुपर्ने बाध्यता छ। महिलाहरूलाई एक दिनमा २ घण्टा मात्र कोठाबाट बाहिर छाडिन्छ। जसले गर्दा एक दिनमै २२ घण्टा महिलाहरू बन्द कोठाभित्र थुनिएर बस्न बाध्य छन्। यस कारण महिलाहरूले गोलघरभित्र पाउनेसरह नै यातना पाएको महसुस गरिरहेका छन्। कोठाबाट छाडिने समय १ घण्टामात्र बढाइदिए पनि ठूलो राहत हुने कुरा महिला बन्दीहरू बताउँछन्।

२५ जना बन्दी अट्ने क्षमता भएको यस जेलमा हाल १ नाबालकसहित ८ जना थुनुवा पुरूष तथा कैद तोकिएका १६ जना पुरूष र ५ जना महिला बन्दीसमेत जम्मा २९ जना बन्दीहरू रहेका छन्। कारागारमा रहेका कोमलप्रसाद ढुंगेल, भोजप्रसाद गौतम र सानु दोङ आफूहरू राजनीतिक बन्दी भएको बताउँछन्। जेलभित्र लेखपढ गर्नेमात्र हैन, पत्र-पत्रिकाको पनि सुविधा छैन। त्यस्तै पानीको अभाव यहाँको नियमित समस्या बनेको छ। कारागार र सदरमुकाममा रहेको अदालतको दुरी १० किलोमिटर छ। बिहान कारागारबाट अदालत पुगेर बेलुका फर्कदा थुनुवाहरू बिरामी नै पर्ने गरेका पनि देखिएको छ।

खनियापानी गाविसका नेपाली कांग्रेस समर्थक भुवन खड्का र रमेश खड्कालाई सार्वजनिक अपराध एवं ज्यान मार्ने उद्योग गरेको अभियोगमा ०५४ जेठ २ गते प्रहरीले गिरफ्तार गरी ०५४ जेठ ५ गते जिल्ला अदालत रामेछापमा ज्यान मार्ने उद्योगअन्तर्गत मुद्दा दायर भएपछि उनीहरूले आफूलाई प्रहरी हिरासतबाट मुक्त गरी मुद्दा खारेज नगरेसम्म अनशन बस्ने चेतावनी दिंदै जेठ ५ गतेदेखि ८ गतेसम्म खाना बहिस्कार गरे। पछि शीघ्र अनुसन्धान गर्ने आश्वासन

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	१
हिरासतमा यातना	२	-	१०
बलात्कृत	२	४	-
आत्महत्या	९	६	९

दिइएपछि अनशनकारीहरूले अनशन तोडेका थिए।

कारागार शाखा रामेछापका बन्दीहरूले रासन उपलब्ध नगराएको भनी ०५४ वैशाख ३ गते दिनभरि अनशन तथा नारा जुलुस गरे। ४ गते जेलर र बन्दीहरूबीच समझदारी भएपछि अनशन तोडिएको थियो।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

बेथान गाविस-४ का ४ वर्षीय जगनबहादुर खड्कालाई ०५३ पुस २७ गते माओवादी गतिविधिमा संलग्न भनी प्रहरीले गिरफ्तार गरी लाठी र बुटले हिर्काइ ११ दिनसम्म थुनेर कागज गराइ छाडियो।

गुन्सी गाविस शलिङ्गेश्वर मा.वि.मा अध्यापन गर्ने ४५ वर्षीय शिक्षक रेशम चौलागाईलाई माओवादी गतिविधिमा संलग्न भएको अभियोगमा ०५३ पुस २४ गते प्रहरीले गिरफ्तार गऱ्यो। प्रहरीले मरणासन्न हुने गरी पिटेर जिल्ला प्रहरी कार्यालयमा पठाएकोमा त्यहाँ पनि पिटेर जिल्ला अदालतमा विभिन्न मुद्दा लगाई पेश गरेकोमा अदालतको आदेशमा ०५३ फागुन ८ गते तारेखमा छाडियो।

सोही दिन प्रहरीले चौलागाईलाई अदालतमा नै गिरफ्तार गरी स्वरखजाना ऐनअन्तर्गत जिल्ला प्रशासन कार्यालयमा पेश गरेकोमा त्यहाँबाट फागुन ९ गते तारिखमा छाडियो। हिरासतमा आफूलाई गम्भीर यातना दिएको कुरा पीडितले बताए। सोही अभियोगमा पक्राउ परेका बेथान गाविसका सानु दोङलाई अदालतले ०५३ फागुन ८ गते थुनामा राख्ने आदेश जारी गऱ्यो। उनी हाल जेलमै छन्।

बेथान गाविसमा ०५३ पुस २० गते भएको माओवादी घटनाका क्रममा प्रहरीले केही महिलासहित १७ जनालाई गिरफ्तार गरी कसैसंग भेट गर्न नदिने, टाउकोमा जथाभावी हिर्काउने र नाङ्गो भुइँमा बस्न बाध्य पार्ने जस्ता कामहरू गऱ्यो।

लखनपुर गाविस-२ का ४६ वर्षीय इन्द्रप्रसाद ढुंगेल तथा १४ वर्षीय विष्णु ढुंगेललाई ०५३ पुस २५ गते माओवादी गतिविधिमा लागेको आरोपमा प्रहरीले घरबाट नै गिरफ्तार गरी बाबु छोरा दुवैलाई आँगनमा ल्याई घोप्टो पारी कुटपिट गरे। २७ गते पनि प्रहरी चौकी बोझेनीमा बुट र लाठीले हिर्काए। २८ गते बेलुका मात्र उनीहरू सबैलाई छाडियो।

गुन्सी गाविस-४ का १३ वर्षीय भोजराज गौतमलाई माओवादी गतिविधिमा लागेको अभियोगमा ०५३ पुस २६ गते प्रहरीले घरेबाट गिरफ्तार गरी प्रहरी चौकी बोझेनी लगी यातना दिइयो। पीडितलाई खुन, कर्तव्य/ज्यान, डाँका, आगजनी जस्ता मुद्दा लगाई पुर्पक्षका लागि थुनामा राखिएको छ। प्रहरीले पीडितसंग बयान लिने क्रममा हतकडी लगाई साङ्लोले बाँधेर राखेको थियो।

लखनपुर गाविस-३ ढाँडका ६२ वर्षीय देवीप्रसाद ढुंगेल तथा सोही ठाउँका वडा अध्यक्ष सोमप्रसाद ढुंगेललाई माओवादी गतिविधिमा संलग्न रहेको अभियोगमा ०५३ पुस

घटनाको प्रकारअनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
गिरफ्तारी र यातना	९	९	४	१३	९	९	४	१३
कुटपिट	१५	३१	२	३३				
गोलीद्वारा मृत्यु	२	४	१	५	१	२	१	३
हत्या	२	१	१	२				
अभिव्यक्ति स्वतन्त्रता	१	३		३				
भेला र संगठित हुने अधिकार	२	९		९				
जेल	१	२		२	१	२		२
महिला अधिकार	१		१	१				
बलात्कार प्रयास	१		१	१				
महिला भएकै कारणले दिइने यातना	१		१	१				
मौलिक अधिकार	१							
दुर्घटनाहरू/विपत्तिहरू	१३	११	३	१४				
बहुविवाह	१		१	१				
निष्पक्ष चुनाव	२							
बालअधिकार	१		१	१				
गर्भ पतन	२		२	२				
आत्महत्या	९	३	६	९				
जम्मा	६४	७३	२४	९७	११	१३	५	१८

बेथान घटनामा माओवादीद्वारा हत्या गरिएका प्रहरी कुमार रावत र भरत अधिकारी

२६ गते गिरफ्तार गरी ३ दिनसम्म बोफेनी चौकीमा राखी देवीप्रसादलाई प्रहरी कार्यालय मन्थली पठाइयो भने सोमप्रसादलाई हाजिरी जमानीमा छाडियो। मन्थली पुऱ्याइएका देवीप्रसादलाई माघ ८ गते कागज गराई रिहा गरियो। ०५३ पुस २४ गते घरमा प्रहरीले छापा मार्दा धानको भकारी तथा परालको माच भत्काएको कुरा पीडितले बताए।

लखनपुर गाविस-२ की २१ वर्षीय श्रीमती यगुमाया ढुंगेललाई माओवादीलाई संरक्षण दिएको भनी ०५३ पुस २६ गते प्रहरीले गिरफ्तार गरी कुटपिट गऱ्यो। पीडितलाई २७ गते बेलुकासम्म प्रहरी चौकी बोफेनीमा राखेर ०५३ माघ ८ गते कागज गराई छाडियो।

लखनपुर गाविस-५ का १७ वर्षीय नीरप्रसाद ढुंगेललाई माओवादी गतिविधिमा संलग्न रहेको भनी प्रहरीले ०५३ पुस २६ गते घरबाटै गिरफ्तार गरी घोप्टो पारेर मरणासन्न हुने गरी यातना दियो भने उनकी आमा पुनमायालाई पनि कुटपिट गऱ्यो। तर उनलाई अदालतले सफाइ दिएको छ।

बेथान गाविस-४ का नेपाली कांग्रेसका सक्रिय सदस्य ४७ वर्षीय जगतबहादुर खड्कालाई ०५३ पुस २७ गते माओवादी गतिविधिमा लागेको भनी मलामी गएको अवस्थामा गिरफ्तार गरी प्रहरी चौकी बेथानमा लगी मरणासन्न हुने गरी कुटेर ११ दिनपछि छाडियो। त्यस्तै सोही अभियोगमा प्रहरीले बेथान गाविस- ५ का सानु तामाङ, बाबु लामा, कान्छी लामा र दिलमायाँ तामाङलाई पनि गिरफ्तार गरेको थियो।

लखनपुर गाविस-३ बस्ने कालिका मावि कक्षा ९ का दुई छात्राहरू १६ वर्षीय संगीता ढुंगेल र १५ वर्षीय रीता ढुंगेललाई ०५३ पुस २६ गते माओवादी भनी प्रहरीले पक्राउ गरे। हिरासतमा उनीहरूलाई अश्लील गाली गरी यातनासमेत दिई ०५३ माघ ८ गते छोडियो। माओवादी गतिविधिमा संलग्न भएको भनी गिरफ्तार गर्ने र मरणासन्न हुने गरी पिट्ने, अनावश्यकरूपमा कागज गराउने अनि छाड्ने जस्ता कामहरू यस जिल्लाभर नै सामान्य बनेका छन्।

१.४ बेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

बिजुलीकोट गाविसका नेपाली कांग्रेस समर्थक ३० वर्षीय कृष्णबहादुर महतलाई सोमलाल तामाङ, बागवीर तामाङलगायत्का व्यक्तिहरूले राजनीतिक प्रतिशोधका कारण ०५४ वैशाख २८ गते सोही गाविसको काङ्वाडाँडा भन्ने स्थानमा कुटपिट गर्दा कृष्णबहादुर महतको आँखा र गालामा गहिरो चोट लाग्यो। साथै उनको खुट्टा पनि भाँचियो। पीडकहरूलाई सार्वजनिक अपराध ऐनअन्तरगत कारवाही चलाइ जरिवाना गरी छोडिएको छ।

बेथान गाविसका भुवनविक्रम घिमिरे, राकाथुम-७ का २८ वर्षीय नारायणबाबु लामा र २६ वर्षीय लोकबहादुर तामाङलाई ०५४ जेठ २ गते खनियापानी गाविसका भरत खड्का, प्रकाश कोइराला तथा भुवन खड्का लगायत्का व्यक्तिहरूले लाठी र खुकुरीले हिर्काइ घाइते बनाए। सो घटना राजनीतिक प्रतिशोधका कारण भएको थियो। पीडितहरूमध्ये लोकबहादुर तामाङ र नारायणबाबु लामाको टाउकोमा खुकुरीको गहिरो चोट लाग्यो। पीडकहरूउपर ज्यान मार्ने ऐनअन्तर्गत कारवाही चलाइयो।

टोकरपुर गाविस-८ का २२ वर्षीय गंगाबहादुर थापामगरलाई ०५४ जेठ ५ गते लालबहादुर थापामगर, तुलबहादुर थापामगर, प्रकाश कँडेललगायत्का मानिसहरूले रूग्देखानी भन्ने स्थानमा लाठी र मुसलले हिर्काइ एउटा आँखा फुटाइदिए। पीडकलाई कारवाही भएन।

माओवादीको आरोपमा यातना पाएका विष्णुप्रसाद ढुंगेल र इन्द्रप्रसाद ढुंगेल

दोरम्बा गाविस-४ दोरम्बा बजारमा ०५४ भदौ ६ गते नेविसंघको आह्वानमा भएको नेपाल बन्दको क्रममा कार्यालय बन्द गर्न नमान्दा जुलुसका सहभागीहरूले हुलाक कार्यालयका कर्मचारी ३७ वर्षीय श्याम लामा, ३१ वर्षीय रुद्ध तामाङलाई कार्यालयबाट लछारपछार गर्दै

घोक्र्याएर निकाले। सोही समूहले साना किसान विकास आयोजनाको कार्यालयमा पनि ढुंगामुढा गरे। प्रदर्शनकारीमध्येके सोही गाविस-३ की ३६ वर्षीय असली योञ्जनले प्रहार गरेको दाउराले सोही गाविस-२ का रामलाल योञ्जनको गाला र आँखामाथि गहिरो चोट लाग्यो। त्यस्तै विन्देश्वर मोक्तानले प्रहार गरेको छुरीवाट योञ्जनको वायाँ हातमा चोट लाग्न पुग्यो।

राकाथुम गाविस-१ लुबुका ३४ वर्षीय राजेन्द्रकुमार खड्कालाई ०५४ कार्तिक ७ गते खनियापानी-९ का ३४ वर्षीय रमेश खड्कालगायत्का व्यक्तिहरूले मरणासन्न हुनेगरी कुटपिट गरे। पिटाइको कारण खड्काको दाहिने गालामा गहिरो चोट लाग्यो। राजनीतिक पूर्वाग्रहके कारण आफूमाथि कुटपिट गरिएको र मुद्दा समेत अदालतले नलिएको पीडित बताउँछन्।

कुभुकास्थली गाविस-७ का नरवहादुर सुनुवारको घरमा ०५४ कात्तिक २७ गते ५०/६० जना माओवादीको हुलले घेरा हाली लाइसेन्स प्राप्त बन्दूक मागेकोमा नदिएकाले पीडितकी पत्नी र छोरालाई समेत पिटे। त्यसपछि पीडकहरूले उक्त बन्दूक र २ सय राउण्ड गोलीसमेत लुटेर लगे। घरको झ्यालको सिसा पनि फुटाइदिए।

दोरम्बा-४ दोरम्बा बजारमा ०५४ पुस १० गते भएको काकलिङ सामुदायिक वन उपभोक्ता समूहको साधारण सभामा एकलौटी निर्णय गराउन खोज्दा नमानेपछि गाविस अध्यक्ष शंकरलाल योञ्जन, विनोद लामालगायत्का मानिसहरूले नेपाली कांग्रेस जिल्ला उपसभापति डिकबहादुर योञ्जनको इसारामा ढुंगाले हिर्काइ सोही गाविस-३ का वडा सदस्य ३० वर्षीय गोविन्द लामा र ४० वर्षीय कुलबहादुर मोक्तानलाई घाइते बनाए।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

बेथान गाविसमा ०५३ पुस २० गतेको माओवादी गतिविधिमा संलग्न भएको घटनाका कारण पत्राउमा पर्नेहरूमा अधिकांश विद्यार्थी भएकाले उनीहरूले परीक्षासमेत दिन पाएनन्। परीक्षा दिन पाउने व्यवस्थाका लागि बारम्बार उनीहरूले माग गर्दा पनि उक्त अवसर दिइएन्।

माओवादी गतिविधिमा संलग्न भएको आरोपमा प्रहरी गिरफ्तारीमा परेका देवीप्रसाद ढुंगेल र सोमप्रसाद ढुंगेल

भीरपानी गाविसका उम्मेदवार ज्ञानकुमार श्रेष्ठलगायत्का २२ जनाले गाविस अध्यक्ष उम्मेदवार ४० वर्षीय पुण्यबहादुर खत्री, ४९ वर्षीय दीर्घबहादुर श्रेष्ठ, सोही गाविसका-४ का वडा अध्यक्ष उम्मेदवार ५९ वर्षीय तुलशीदाश श्रेष्ठ, ४४ वर्षीय पंजा तामाङ, शिक्षक २४ वर्षीय रामकृष्ण श्रेष्ठ र ३६ वर्षीय मिनबहादुर खत्रीलाई ०५४ जेठ १० गते रातको ७ बजे स्थानीय निर्वाचनको क्रममा हात बाँधी कुटपिट गरेर ११ गते बिहान हात बाँधेकै अवस्थामा जिल्ला प्रहरी कार्यालय रामेछापमा ल्याएको कुरा पीडितहरू बताउँछन्। यस घटनाका पीडित बारे अगिल्लो चुनावमा कुटपिट गरेको बदला लिएको कुर यस घटनाका पीडकले वताए।



यातना पीडित रेशम चौलागाई

भीरपानी गाविसका तत्कालीन गाविस अध्यक्ष ३३ वर्षीय झनक श्रेष्ठलाई ०५४ जेठ १२ गते गाविस अध्यक्ष उम्मेदवार ज्ञानकुमार श्रेष्ठ सम्मिलित एक समूहले स्थानीय निर्वाचनको क्रममा विहान ८.३० बजे अपहरण गरी साँझ ५ बजे छाडिदिए। उनका साथै ४५ वर्षीय कृष्णबहादुर कार्की र ३३ वर्षीय रूद्रबहादुर कार्कीलाई पनि अपहरण गरेका थिए।

कठजोर गाविसमा रहेको मतदान केन्द्रमा ०५४ जेठ १३ गते भएको स्थानीय निर्वाचनको मतदानको क्रममा मतदाताहरूबीच भएको विवाद साम्य गर्ने निहुँमा प्रहरीले ५ राउण्ड गोली फायर गऱ्यो। हवाईफायरपछि स्थगित सो निर्वाचन जेठ २० गते सम्पन्न भयो।

तिल्पुङ गाविस-७ का ४५ वर्षीय गणेशबहादुर बोहराले ०५४ जेठ १३ गते निर्वाचनका क्रममा मतदान भइरहेका बेला वडा नं.६ को मतपेटिकामा लात्तले हिकाई शिलबन्दी तोडिदिंदा मतदान नै स्थगित हुन पुग्यो र जेठ २० गते पुनः मतदान सम्पन्न गरियो। बोहरा ५ सय धरौटीमा छुटे।

गुन्सी गाविस-१ का साधुराम चौलागाईले ०५४ जेठ १३ गते हुने निर्वाचनको मनोनयनपत्र दर्ता गर्न गएका उम्मेदवारहरूको मनोनयन पत्र ०५४ जेठ १ गते लुटेर च्यातिदिए। जसले गर्दा मतदानसमेत स्थगित हुन पुग्यो। सो ठाउँमा जेठ २० गते पुनः मतदान भयो।

फुलासी गाविस-३ का मायानाथ न्यौपाने, रूकमबहादुर खत्री र कृष्णबहादुर हमाललाई ०५४ जेठ २० गते भएको स्थानीय निर्वाचनमा एमालेलाई भोट दिएको भन्ने निहुँमा सोही ठाउँका तुलबहादुर खत्री र उनका छोराहरू सुब्बा खत्री तथा लालकाजी खत्रीले वासै उठाइदिने र गाउँबाटै निकालिदिने धम्की दिए। पीडितहरूले प्रहरीसमक्ष निवेदन दिए पनि कुनै कारवाही भएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत रामेछापमा ३ वर्षभन्दा पुराना कुनै पनि मुद्दा छैनन्। दुई वर्ष पुग्दासम्म नछिनिएका देवानी मुद्दाहरू ९ वटा, ६ महिनादेखि १ वर्ष नाघेका ५३ वटा र ०५४ साउन १ गतेदेखि यता दर्ता भएर फछ्र्यौट हुन बाँकी मुद्दाहरू ३७ थान रहेका छन्।

बेथान घटनामा प्रहरीको गोलीद्वारा हत्या गरिएका दीलमाया योञ्जन र तीर्थ गौतम

त्यस्तै फौज्दारी मुद्दामा एक वर्ष नाघ्दा पनि फछ्र्यौट नभएका ९, २ वर्ष नाघेका १, ६ महिना नाघेका १७ र ०५४ साउन महिना यता दर्ता भएर फछ्र्यौट हुन बाँकी ४२ वटा मुद्दा रहेका छन्।

संक्षिप्त फौज्दारी मुद्दामा एक वर्ष नाघेका २, ६ महिना नाघेका ६ र साउन १ गतेदेखि यता दर्ता भएर फछ्र्यौट हुन बाँकी मुद्दाहरू ७ वटा रहेका छन्।

सरकारवादी रहेको फौज्दारी मुद्दामा २ वर्ष नाघेको १ वटा, एक वर्ष नाघेको ४, ६ महिना नाघेको २ र साउन १ गतेदेखि दर्ता भएर फछ्र्यौट हुन बाँकी ६ वटा मुद्दाहरू रहेका छन्।

सरकारवादी र रस्नालु-७ का वीरबहादुर तामाङ प्रतिवादी भएको २ वर्ष नाघेको फौज्दारी ज्यान मुद्दामा मृतक १९ वर्षीय मोहनबहादुर सुनुवारको राष्ट्रिय विधि विज्ञान प्रयोगशालाले भिसेरा परीक्षण गरी नपठाएको कारण सो मुद्दा फछ्र्यौट हुन सकेको छैन। त्यस्तै फछ्र्यौट हुन बाँकी अन्य मुद्दाहरू पनि विविध कठिनाइले समयमा नै फछ्र्यौट हुन बाँकी रहेको कुरा जिल्ला अदालतबाट थाहा भएको छ।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन/सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

बजेट पर्याप्त नभएका कारण सबैलाई भत्ता वितरण गर्न सकिएको छैन। धेरै वृद्ध, अशक्त, असहायले यो भत्ता पाउन सकेका छैनन्। छात्रवृत्तिका लागि वितरण हुने रकममा पक्षपात हुने गरेको गुनासो पनि पाइएको छ।

यस जिल्लामा पूर्व सरकारका पालामा गठन भएको सुकुम्बासी समस्या समाधान आयोगको रिपोर्ट मालपोत कार्यालयमा सिलबन्दी गरी राखिएकोले पनि यो समस्याका सम्बन्धमा कुनै काम हुन सकेको छैन।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

मन्थलीमा होटल गरी बस्ने २६ वर्षीय एक महिलालाई ०५३ फागुन ३० गते रातको ९ बजेतिर गुन्सी-१ घर भई चौलागंगा प्राविमा पढाउने २८ वर्षीय सूर्यप्रसाद गौतमले बाहिर निस्किएको बेला बलात्कार गर्ने प्रयास गरे। तर पीडकलाई कुनै कारवाही भएन।

४.२ पारिवारिक हिंसा र बहुविवाह

भीरपानी गाविस-६ का २५ वर्षीय बाबुराम कार्कीले घरमा पत्नी हुँदाहुँदै ०५३ फागुन १ गते राकाधुम गाविसकी १९ वर्षीय रमा खड्कासंग दोस्रो विवाह गरे। पीडित महिलाले प्रहरीमा उजुरी दिएकीले पीडकलाई अदालतले जरिवाना गरी छोड्यो।

बेताली गाविस-१ का २५ वर्षीय मञ्जु खड्कालाई किरण बस्नेतले विवाह गरेकामा किरण जागिर खान भनी हिंडेपछि उनलाई घरबाट हेला गर्न थालियो र अहिले किरण र उनका बाबु हरिबहादुर बस्नेत कुनै हालतमा पनि मञ्जुलाई नस्वीकार्ने हठमा पुगेका कारण मञ्जु अलपत्र परेकी छिन्।

मलुवाजारे गाविस-७ बेतिनीकी २५ वर्षीय मिरा तामाङलाई उनकै ससुरा बुद्धिमान तामाङले विविध बहाना बनाई ०५४ साउन १५ गते बाख्रा बाँध्ने किलो तथा लाठीले कुटपिट गरेको र पतिसमेतले वास्ता नगरेको कुरा पीडित महिला बताउँछिन्।

प्रहरी हिरासतमा यातना पाएका संगीता दुंगेल र रीता दुंगेल

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

फर्पु गाविस-१ की एक महिलालाई ०५३ चैतमा आफ्नै दाजु पर्ने मोहन खड्काले गरेको अवैध संसर्गबाट गर्भ

माओवादीलाई सहयोग गरेको आरोपमा पक्राउ परेकी यगुमाया ढुंगेल

रहन गएपछि उक्त गर्भ पतन गराउन भनी मेटासिड ख्वाइदिए। पटक-पटक अवैध संसर्ग गर्दै आएका पीडकलाई ०५४ कार्तिक १३ गते विष ख्वाएका कारण ज्यान मार्ने उद्योगअन्तर्गत मुद्दा हालिएकाले उनी पुर्पक्षका लागि कारागारमा छन्।

दुरागाउँ गाविस-३ का तारादेवी थापाको ९ महिनाको गर्भ ५८ वर्षीय सासू नेत्रकुमारी थापा र २१ वर्षीय नलिका थापाले बाँसको भाटा र लात्तैलात्तले कुटपिट गर्दा ०५४ मंसीर ११ गते पतन भयो। देवर डिल्लीबहादुर थापाको गर्भ रहेका कारण घटना छिपाउने उद्देश्यले उक्त कुटपिट गरिएको थियो। पीडकहरू तारेखमा छुटेका छन्।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

सुकाजोर गाविस-९ की १३ वर्षीय कमला मोक्तानलाई सालु गाविस-१ का २५ वर्षीय केशरे तामाङले ०५४ भदौ २२ गते विवाह गर्ने उद्देश्यले भगाइ काठमाडौं ल्याए। बालविवाह ऐनअन्तर्गत पीडित पक्षले मुद्दा हालेपछि पीडक फरार भएका छन्।

यो वर्ष १ जना ७ वर्षीय बालकलाई हुल्याहाहरूले घाइते बनाए।

६. आर्थिक अधिकार

(पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

रामेछाप जिल्लामा हलिया प्रथा कायम नै छ। तल्लो जातिका मानिने अछूत र गरीब मानिसहरूलाई ठूलाबडादेखि सामान्य मानिसहरूले हली राख्ने गर्दछन्।

हली बस्नेलाई एकमुष्ट ३/४ हजार रूपैयाँ दिइन्छ। त्यसको व्याजमा हलीले जोत्नुपर्छ। ५० औं वर्ष काम गर्दा पनि साँवा कटिदैन। काम गर्न छाडेपछि साँवा रकम साहूलाई बुझाउनुपर्दछ।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

जातीय छुवाछूत प्रथा अन्यत्र जस्तै यस जिल्लामा पनि यथावत छ।

जातीय आधारमा विद्यालयमा प्रवेश निषेध तथा जागिरमा विभेद देखावटीरूपमा नभेटिए पनि यस्ता कार्यमा सामाजिक दवाव यथावत् छ। सार्वजनिक मन्दिरहरूमा अछूत जातिलाई प्रवेश निषेध छ।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

टोकरपुर गाविस-७ का ६० वर्षीय धुमा नगरकोटीको सोही गाविस-८ का रामबहादुर थापा मगरले एक्कासि कुटपिट गर्दा ०५३ चैत १४ गते मृत्यु भयो। पीडक पुर्पक्षका लागि रामेछाप कारागार थुनामा छन्।

रामेछाप गाविस-८ की ४५ वर्षीय महली हायुलाई ०५४ असार ३० गते रेडियो बेचेको निहुँमा विष्णुबहादुर हायुले हत्या गरे। पीडकलाई हाल आजीवन कारावास लागि जिल्ला अदालतको आदेशमा रामेछाप कारागारमा राखिएको छ।

यस वर्ष यो जिल्लामा विपत्तिमा परी ५ जना, ट्राफिक दुर्घटना र डुबेर ८ जनाको मृत्यु भयो। ३ जना पुरूष र ६ महिलासमेत ९ जनाले आत्महत्या गरे। व्यक्तिगत रीसइवीका कारण भएका कुटपिटबाट ६ जना पीडित भए।

यस वर्ष यो जिल्लामा व्यक्तिगत रीसइवीका कारण भएका ६ वटा घटना सार्वजनिक भए। ती घटनाहरूबाट २ महिला र १२ पुरूषसमेत १४ जना पीडित भए।

●

२. मध्यमाञ्चल

जनकपुर

२.६ दोलखा

जनसंख्या	: १७३८३६
साक्षरता	: ३७.८ प्रतिशत
महिला साक्षरता	: २१.५ प्रतिशत
क्षेत्रफल	: २१९१ वर्ग कि.मी.
गाविस/नपा	: ५१/१
निर्वाचन क्षेत्र	: २
विद्यालय/क्याम्पस	: ३०६/३
अस्पताल/स्वास्थ्यचौकी	: २/३९
टेलिफोन लाइन	: २८
सडक (कि.मि.)	: १६८
प्रहरी कार्यालय	: १५
हुलाक	: ५४

गौरीशंकर हिमाल, तामाकोशी नदी, सैलुङलेक, दूधपोखरी, जटापोखरी र पाँचपोखरी जस्ता प्रसिद्धि कमाएका स्थानहरूले दोलखाको महत्व बढाएका छन्। अशिक्षा, गरीबी र अन्धविश्वासका कारण मानवअधिकारका घटना यहाँ प्रशस्त हुने गर्छन्। आर्य र मंगोल दुवै जातिको वासस्थल यो जिल्ला च्छो-रोल्पा ताल फुट्ने हल्लाले यो वर्षभर चर्चामा आइरह्यो। कृषिमा आश्रित यो जिल्लाका बासिन्दा कामको खोजीमा भारतको गान्तोक, सिक्किमसम्म प्रशस्त मात्रामा पुग्ने गरेका छन्।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

वि.सं १९६५ तिर निर्माण गरिएको चरिकोटको जेल नेपालकै चौथो जेल हो। सुरक्षाकर्मी सुत्ने कोठासहितको भाग करीब ७ ठाउँमा चिरा परी जीर्ण अवस्थामा रहेको छ। धेरै पुरानो भएकाले पानी परेका बेला आधा पानी भित्र वर्षिन्छ। चिसोले पर्खालमा माथिसम्म ढुसी लागेकाले रोगका लागि अरू कारण नै नचाहिने भएको छ। कुनै पनि कोठामा झ्यालहरू छैनन्।

३८ जना बन्दी राख्ने क्षमताको यो जेलमा हाल ५ महिला, ४ नाबालक, २१ जना थुनुवा र २३ कैद तोकिएका बन्दी रहेका छन्। प्रायः सधैं क्षमताभन्दा बढी कैदी रहने कारण महिला बन्दीका लागि २४ सै घण्टा एकै ठाउँमा कोचिइरहनुपर्ने बाध्यता छ। बन्दीहरू दोहोरो सुत्नुपर्ने बाध्यताले एक जना सुत्दा अर्कोको मुख, टाउकोमा खुट्टा पुग्न जाने स्थिति छ। एउटै भान्सामा ११ वटासम्म चुलो चलाउनुपर्ने हुँदा धुँवा र गर्मीले बस्नै गाह्रो पर्ने हुन्छ। कुनै पनि कोठा ४ फिटभन्दा अग्ला छैनन्। पानी परेको बेला बन्दीहरू भित्रै प्लाष्टिक ओढेर सुत्नुपर्छ।

व्यवसायको अवस्था नाजुक रहेको यस जेलमा खुला आकाशमुनि नै भए पनि बन्दीहरूले ढाका टोपी र कपडा सिलाइ व्यवसाय संचालन गरेका छन्। भेटघाटको लागि राम्रो व्यवस्था छैन। कुनै पनि बेला लड्न, भत्कन सक्ने कारण सुरक्षा व्यवस्था पनि कमजोर छ। सामान किन्न पठाउँदा किनेर ल्याउनेले जति भने पनि पत्याउनुपर्ने हुँदा आफूहरू ठगिएको गुनासो पनि बन्दीहरूको छ।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

नाम्दु गाविस-२ का ३६ वर्षीय नथुराम घिसिङलाई ०५४ जेठ २९ गते चरिकोट बजारमा घुमिरहेको अवस्थामा प्रहरीले विना कारण पक्राउ गरी ५ दिनसम्म थुनियो।

नाम्दु गाविसका १७ वर्षीय सन्तोष रिमाल, सुनखानी गाविसका २१ वर्षीय हरिबहादुर शिवाकोटी र भीमेश्वर नगरपालिकाका २० वर्षीय गणेशबहादुर थापालाई ०५४ साउन २९ गते प्रहरी इन्सपेक्टर रामहरि के.सी. ले गिरफ्तार गरे।

जुगु गाविसकी १८ वर्षीय देवी खड्का, गगन थामी, नरेन्द्र थामी, बखनसिंह थामी, पेमाछिरिङ लामा, देवीप्रसाद दुलाल, विष्णु अर्याल, विनोद खड्का, मनोज खड्का, रमेश खड्का, राजु कार्की र सावित्री खड्कालाई ०५४ कार्तिक ११

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले घाइते	-	१	-
हिरासतमा यातना	१	४	२
गोलीद्वारा घाइते	-	१	-
बलात्कृत	१	३	२
आत्महत्या	१४	१३	८

गते माओवादी गतिविधिमा संलग्न भएको आरोपमा पक्राउ गरी प्रहरी हिरासतमा यातना दिइयो। उनीहरूलाई ७ दिनसम्म मानवअधिकारवादी कार्यकर्तासंगसमेत भेटघाट गर्न दिइएन।

घ्याङ्सुकठोकर गाविसका ४१ वर्षीय रुद्रकुमार फुयाँल र कृष्णबहादुर लामालाई ०५४ कार्तिक २१ गते माओवादी गतिविधिमा संलग्न भएको आरोपमा प्रहरीले गिरफ्तार गरी ७ दिनसम्म थुनामा राखेर यातना दियो।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

क्षेत्रपा गाविसमा स्थानीय निर्वाचनका क्रममा ०५४ जेठ ३ गते चुनाव चिह्न वितरण गरी फर्कदै गर्दा ६ जना नकावधारीले मतदान अधिकृत धनबहादुर घर्ती र पियन रत्न दाहालसंग झोला माग्दा अधिकृत भागेपछि रत्नप्रसादलाई मरणासन्न हुने गरी कुटपिट गरी वेहोस पारी छोडिदिए र कागजात लुटे।

दोलखा जिल्लाका प्रजिअ ऋतुराज भण्डारीलाई ०५४ जेठ ३ गते नेपाली कांग्रेसका दोलखा जिल्ला सभापति उद्धव काफ्लेको नेतृत्वमा गएको ५०/५५ जनाको समूहले कार्यालय मै घेराउ गरी गाली बेइज्जती गऱ्यो।

नाम्दु गाविसका उम्मेदवार ३० वर्षीय माधवप्रसाद घिमिरे, घनश्याम घिमिरे, बलबहादुर गिरी, रामहरि गिरी र रामजी गिरी तथा गंगा दुंगेलसमेतलाई ०५४ जेठ ४ गते राति वास बसेको ठाउँमा रामप्रसाद उप्रेतीको निर्देशनमा गएका शमशेर घिसिङ, रामनाप तामाङसहितको २५/२६ जनाको जत्थाले वेहोस हुनेगरी कुटपिट गऱ्यो। घनश्याम घिमिरेको खुट्टा र करङ भाँचियो भने अरू धेरै जना गम्भीर घाइते भए।

झ्याकु गाविस-४ का लागि मतदान अधिकृत शिवशरण रेग्मीलाई ०५४ जेठ ४ गते "माओवाद जिन्दावाद" भन्ने नारा लगाउँदै आएको एक समूहले धम्की दिई निर्वाचनसम्बन्धी सम्पूर्ण कागजातहरू एवं धरौटी बापत उठाइएको ४ हजार ९ सय ५० रुपैयाँ र रेग्मीको आफ्नै ५ हजार रुपैयाँसमेत लुटेर लगे।

दोलखास्थित जिर्री प्रहरी कार्यालयका प्रहरी हवल्दार घनश्याम बुढाथोकीलाई ०५४ भदौ ७ गते प्रहरी सहायक निरीक्षकले रक्सी खाएर कार्यालयको झ्याल फोडेको निहुँमा सख्त घाइते हुनेगरी कुटपिट गरे। पीडितलाई अस्पताल लगी उपचार गराउनुपरेको थियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

दोलखा जिल्ला अदालतमा ३ वर्ष र सोभन्दा बढी समयदेखि नछिनिएका ५ वटा देवानी मुद्दा छन्। दुई वर्षसम्म नछिनिएका मुद्दाहरूमा देवानी १ सय ४७, दुनियाँवादी फौज्दारीमा १४ र सरकारवादी फौज्दारीमा ७ वटा रहेका छन्। त्यस्तै १ वर्षसम्म नछिनिएका मुद्दाहरूमध्ये २ सय ७३ देवानी, ३९ वटा दुनियावादी फौज्दारी र ९ वटा सरकारवादी फौज्दारी मुद्दा रहेका छन्। ६ महिना नाघेका मुद्दामा २ सय ३७ देवानी, दुनियावादी फौज्दारी ७ र सरकारवादी ४ वटा मुद्दा समेत हाल ७ सय ४२ थान मुद्दाहरू यहाँ बाँकी रहेका छन्।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
हत्या	४	२	२	४				
गिरफ्तारी र यातना	४	१९	२	२१	४	१९	२	२१
कुटपिट	२	५		५				
बलात्कार	२		२	२				
बलात्कार प्रयास	१		१	१				
बहुविवाह	१		१	१				
पारिवारिक हिंसा	२		२	२				
आत्महत्या	८	४	४	८				
जम्मा	२४	३०	१४	४४	४	१९	२	२१

३. भूमिहीन/सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

मारो गाविस-५ चरिकोट बजारकी १३ वर्षीय एक बालिकालाई ०५३ चैत २६ गते बेलुका २० वर्षीय राजेन्द्र बस्नेतले घरमा कोही नभएको बेला बलात्कार गरे। पीडक थुनामा छन्।

सुस्मा क्षमावती गाविसकी १३ वर्षीय एक बालिकालाई ०५४ असार २ गते क्षमावती माविका शिक्षक ३२ वर्षीय रामबहादुर शिवाकोटीले आफ्नै पसलमा तेल किन्न आएको समयमा बलात्कार गर्न खोजेपछि असफल भएका र पछि फेरि जंगलमा पुगेर पनि बलात्कारको प्रयास गरे। तर राजनीतिक संरक्षणका कारण पीडकमाथि कारवाही भएन।

गैरीमुदी गाविस-६ की एक १५ वर्षीय वालिकालाई ०५४ भदौ ९ गते रामबहादुर तामाङले घाँस काट्न जंगलमा गएको बेला बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

४.२ पारिवारिक हिंसा र बहुविवाह

सुन्द्रावती गाविसकी विष्णुमाया ओलीलाई आफ्नै बहिनी ज्वाइँ पद्मप्रसाद ओलीले ११ वर्षपहिले नै पत्नी बनाएका थिए। ३ वटा बच्चासहित विष्णुमायालाई ०५३ फागुन ५ गतेदेखि उनले खान बस्न नदिई घरबाट निकालिदिएका छन्।

भीमेश्वर नगरपालिका-३ का श्यामबहादुर तामाङले घरमा पत्नी र ३ छोराछोरी हुँदाहुँदै पनि ०५४ असार १ गते पुनः विवाह गरी जेठी पत्नी विष्णुमाया तामाङ र बच्चाहरूलाई समेत बस्न, खान नदिइ घरबाट निकालिदिए। यस सम्बन्धमा उजुरी परे पनि पीडकमाथि कुनै कारवाही गरिएन।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

जानकारीमा आएन।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

यो जिल्लामा रहेको गौरीशंकर बालगृहमा ११ जना अनाथ बालबालिकालाई आश्रय दिइएको छ भने नेपाल असहाय बालघरले चरिकोट जेलभित्र रहेका ४ बालकमध्ये ३ जनालाई जेलनजिकै शिशु स्याहार केन्द्र संचालन गरी बिहान १२ बजेदेखि बेलुका ४ बजेसम्म खेलकुद र सामान्य पठन-पाठनको कार्य शुरू गरेको छ।

यस वर्ष ३ जना बालिकाहरू बलात्कारबाट पीडित भए।

महिलाहरूद्वारा नै हत्या गरी जलाइएकी डम्बरकुमारी कार्की

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

यो वर्ष यस जिल्लामा बोक्सीको आरोपमा १ महिलाको हत्या गरियो।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

शहरे गाविस-३ आत्माराका ५३ वर्षीय डम्बरकुमारी कार्कीलाई ०५३ माघ २ गते राति सुतिरहेको बेला सोही ठाउँका ३३ वर्षीय मनमाया कार्की, ३२ वर्षीय लक्ष्मी रोक्का

दोलखा जेल

बोक्सी निको पार्ने निहुँमा शरीरमा आगो लगाएर हत्या गरिएकी नरमाया अधिकारी

यातना पीडित : कामी तामाङ

र २६ वर्षीय सानुमाया कार्कीले मादक पदार्थ बनाइ बेचबिखन गरेको र आफ्ना पतिहरुलाई साँझ-बिहान अनुचित कार्यमा समेत फसाइ आफ्नो पारिवारिक स्थितिमै खलल पारेको बताइ घाँटी थिचेर हत्या गरे। हत्यापश्चात् पीडितकै फरियाको पासो लगाइ आगोसमेत लगाइदिए। हाल तीनैजना पीडक थुनामा छन्।

लाकुरीडाँडा गाविस-५ का सञ्चमान थामीलाई ०५३ माघ २९ गते मितेरी भन्ने जंगलमा ३४ वर्षीय गणेशबहादुर थामी, २८ वर्षीय चतुरमान थामी र ३० वर्षीय वीरबहादुर थामीले कुटपिट गरे। कुटपिटकै कारणले ०५३ फागुन ३ गते पीडितको मृत्यु भयो। पीडकहरू थुनामा छन्।

काठमाडौं घर भई व्यापार गर्न हिँडेका ३६ वर्षीय अनिल अग्रवाल र २१ वर्षीय लोकेन्द्र गौतमलाई ०५३ फागुन ४ गते दोलखाको डुडे भन्ने ठाउँमा सोही ठाउँका विष्णुहरि काफ्ले, अच्युत कार्की, उमेश कार्की, रमेश कार्की, सन्जीव कार्की, र ओमबहादुर कार्कीले बा.अ.ज. ५६५८ नं. को जीपमा रहेको सामान फ्याँकिदिएर रू. ३५ हजार लुट्नुका साथै मरणासन्न हुनेगरी कुटपिटसमेत गरे।

माली गाविस-३ का ३६ वर्षीय लट्टु शेर्पालाई ०५४ भदौ १० गते मिङ्मा शेर्पाले साँधसम्बन्धी विवादमा भनाभन हुँदा कुटपिट गरी हत्या गरे। पीडक फरार छन्।

भेड्पु गाविस-२ का ३८ वर्षीय नरमाया अधिकारीलाई ०५४ भदौ २५ गते माइतीबाट घर जाँदै गर्दा सोही गाउँका झाँक्री कृष्णबहादुर तामाङ र वडाध्यक्ष कालुमान अधिकारीले उपचार गर्ने भनी जिउमा मट्टितेल खनाइ आगो लगाइदिए। पीडाले नरमाया चिच्याइन् तर अरूले नसुनून् भनी गुन्द्रीले बाहिरबाट छोपियो। वीर अस्पतालमा उपचार गर्दागर्दै ०५४ भदौ २७ गते उनको मृत्यु भयो। पीडक कृष्णबहादुरले नरमायासंग ऋण लिएको र सो ऋण नतिर्न उक्त कार्य गरेको अनुमान गरिएको छ। पीडकहरू थुनामा छन्।

यस वर्ष यो जिल्लामा ४ पुरूष र ४ महिला गरी ८ जनाले आत्महत्या गरे।

●



२. मध्यमाञ्चल

नारायणी

२.७ रौतहट

जनसंख्या	: ४२६४२५
साक्षरता	: २५ प्रतिशत
महिला साक्षरता	: १३.१ प्रतिशत
क्षेत्रफल	: ११२६ वर्ग कि.मी.
गाविस/नपा	: ९६/१
निर्वाचन क्षेत्र	: ४
विद्यालय/क्याम्पस	: २२६/५
अस्पताल/स्वास्थ्यचौकी	: १/३२
टेलिफोन लाइन	: ४००
सडक (कि.मि.)	: १२०
प्रहरी कार्यालय	: ३४४
हुलाक	: ६८

बागमती, बकैया, चाँदी जस्ता नदीहरूमा आउने बाढीले वर्षेनी जसो नास-बिगार गर्ने रौतहट जिल्ला शोषण र उत्पीडनको गतिलो जालमा फँस्न पुगेको छ। जसका कारण यहाँ मानवअधिकारको स्थिति दयनीय देखिन्छ। बिहार राज्यसंग सिमाना जोडिएको यस जिल्लामा लुटपाट र डकैती सामान्य जस्तै भइसकेको छ। राउत र हट शब्द मिलेर बनेको रौतहट राउत जाति बस्ने ठाउँका रूपमा पनि चर्चित छ। यस वर्ष सम्पन्न स्थानीय निकाय निर्वाचनमा मतदानका क्रममा झडप हुँदा ३ जनाको मृत्यु भएको घटनाहरू निकै चर्चित रहे।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

पिपरिया गाविस-१ का रामप्रसाद ठाकुर हजामलाई ०५३ फागुन १२ गते राति १.३० बजे सरमजुवा गाविस-९ अन्तर्गत बारा र रौतहट जिल्लाको सीमा नदी अणुवाको किनारमा प्रहरीले गोली हानी हत्या गऱ्यो। हत्याको कारण डाँका-प्रहरी भिडन्त बताइए पनि वास्तविकता भने त्यसो नभई नियोजित रूपमै उनलाई पक्री नदीको किनारमा लगेर हत्या गरिएको बताइन्छ।

करूनिया गाविस-९ का मुसाफिर साहलाई ०५४ जेठ १२ गते राति शेषलाल बाबु भन्ने रसिद अली, शेषझल्लुसमेतका व्यक्तिहरूले राजनीतिक प्रतिशोधका कारण कुटपिट गरे। पीडितको उपचारका लागि लगिँदा बाटैमा मृत्यु भयो। शेषलाल र शेषसमरूद्दिनलाई प्रहरीले पक्राउ गरेको छ, अन्य फरार छन्।

टेंग्राहा गाविस-६ का चिरञ्जीवी रायलाई ०५४ जेठ १३ गते मतदान भइरहेका बेला वादविवाद हुँदा संजीवकुमार यादवलगायतका व्यक्तिहरूले मरणासन्न हुने गरी कुटपिट गरेकोमा वीरगञ्ज अस्पतालमा उपचार हुँदाहुँदै ०५४ जेठ १७ गते मृत्यु भयो। पीडित राय उपाध्यक्षका उम्मेदवार थिए। पीडक जमाननमा छुटेका छन्।

मिठुअवा गाविसअन्तर्गतको मतदान केन्द्रमा ०५४ जेठ १३ गते भएको गोली हानाहानमा भारत मौहवाका शम्भु सहनीको मृत्यु भयो। पीडकको बारेमा थाहा हुन सकेन।

जटहरा गाविस-५ मन्सरीका ३२ वर्षीय शेष एजाजुललाई ०५४ असोज २० गते बिहान १० बजे सोही ठाउँका ५० वर्षीय शेष बाजुलले राजनीतिक प्रतिशोधका कारण बाटोमा हिँडिरहेका बखत समातेर लगी कुटपिट गरेकोमा उपचार गर्दागर्दै ०५४ असोज २१ गते मृत्यु भयो। पीडक हिरासतमा छन्।

जटहरा गाविस-८ का ४२ वर्षीय शेष कुदुसलाई बिगन खाँ, शेष जबुद, शेष कलाम, शेष अबुल स्वयरलगायत्का व्यक्तिहरूले ०५४ मंसीर १८ गते बेलुका लाठी फरसाले हानी मरणासन्न बनाएपछि उपचारका लागि अस्पताल लाँदालाँदै मृत्यु भयो। बिगन र शेष जबुदलाई पक्राउ गरिएकोमा धरौटीमा छाडिएको छ।

१.२ जेल र बन्दीहरु

वि.सं. १९९७ मा निर्मित गौर जेल अति जीर्ण र चिसो अवस्थामा छ। वर्षामा पानी चुहिनु सामान्य नै भएको छ। चर्पी सफा गर्ने व्यवस्था छैन। सामान्य उपचारबाहेक अन्य उपचार व्यवस्था छैन। बन्दीहरूले आफैं मिलेर टेलिभिजन १ थान किनेका छन्। बिजुलीको पंखा, बल्ब, आदि आफैंले

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	२	-	१
हिरासतमा यातना	-	१	१
बलात्कृत	५	१	१
आत्महत्या	४	३	५

किन्नुपर्ने गुनासो वन्दीहरूको छ। सडे-गलेका तरकारी र विग्रेको चामल दिइने गरिएको गुनासो पनि वन्दीहरूको छ।

७५ जना बन्दी क्षमता भएको यस जेलमा एक जना महिला, ३६ जना थुनुवा र १७ जना कैदी गरी ५३ जना रहेका छन्। २० वर्ष कर्तव्य ज्यान मुद्दाअन्तर्गत ६ वर्षदेखि सजाय भोगिरहेका रौतहट गाविस अकोलवा निवासी शेष जर्नेल यस जेलमा लामो समयदेखि सजाय भोगिरहेका व्यक्ति हुन्। सीपमूलक कार्यका लागि र अध्ययनका लागि व्यवस्था नभएको, ज्यादै फोहोर भएकोले यसमा सुधार हुनुपर्ने धारणा बन्दीहरूको छ।

खाद्य संस्थानको डिपो यहाँ नभएकाले वीरगञ्जबाट एकैचोटि धेरै चामल ल्याउनु पर्ने र गोदाम व्यवस्था नभएकाले सड्ने गरेको कुरा जेलर शम्भुप्रसाद श्रीवास्तव स्वीकार्छन्।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

देवाहीका शेष वैतुल्लाह, राजपुर फरदहवाका शेष अदुल, राजपुरका किस्मत अली, धरमपुरका रामविनोद यादव, लौकाहाका अख्तर मिया, पथरा बुधरामका रामनरेश महरा, जिगडवाका शेष बलिन, राजपुरका सगीर जान पैठान, लौकाहाका शेष जमिल अख्तारसहितका १ सय ३० जनालाई प्रहरीले ०५४ असार १ गते गिरफ्तार गरी १० जनालाई सार्वजनिक ऐनअन्तर्गत मुद्दासमेत लगायो।

रौतहटको उत्तरी भेगमा लुकिछिपी संगठन विस्तार गरेको र माओवादी गतिविधि संचालन गरेको अभियोगमा ०५४ असोजमा मकवानपुरको हर्नामाडी गाविस-५ का पाण्डवराज कार्कीलाई प्रहरीले पक्राउ गरेकामा धरौटीमा छाडिएको छ।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

रंगपुर गाविसस्थित मतदान केन्द्रका मतदान अधिकृत श्रीधर पौड्याललाई विश्वनाथ चौधरीलगायतका व्यक्तिहरूले ०५४ जेठ १३ गते मतदान स्थगित गरेका कारण आफूले भने जस्तो गर्न नपाएको झोंकमा वन्दूक निकाली ज्यान मार्ने धम्की दिए।

राजपुर तुल्सी गाविसअन्तर्गतको मतदान केन्द्रमा मतदान गर्न लाइनमा बसेका कमरेआलम, शेष सलामलगायतका व्यक्तिहरू ०५४ जेठ १३ गते शेष अलियासमेतका व्यक्तिहरूले जथाभावी गोली चलाउँदा सख्त घाइते भए।

वसन्तपुर गाविस-३ का विलास दासलाई विवाहका लागि जग्गे गाड्न बाँस काटिरहेको अवस्थामा ०५४ जेठ २५ गते चुनावमा झगडा गर्न बाँसको लाठी वनाउन लागेको भनी प्रहरीले कुटपिट गर्दा दाहिने हात र देब्रे खुट्टा नै भाँचियो।

गौर नगरपालिका-१० सवगढाका लालबाबु साह, रामवरण साह, गोनदर साह र शम्भुरामलाई ०५४ भदौ १५ गते गौर नगरपालिकाका उपमेयर शेष अयुवले जाली नागरिकताको विषयलाई लिएर भएको वादविवादमा गोली हानी घाइते वनाए।

राजपुर फरदहवा गाविस-८ का ५० वर्षीय मायादेवीलाई ०५४ असोज १९ गते सोही गाविसका अध्यक्ष शेष जर्नेलले नेतृत्व गरेको एक जत्थाले एमालेको समर्थन नगर भन्दा नमानेकाले लाठीले मरणासन्न हुने गरी पिटे। पीडकमाथि कुनै कारवाही नभएको गुनासो पीडितको रह्यो।

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
हत्या	६	६		६				
गोलीद्वारा हत्या	२	२		२	१	१		१
गोली	३	८		८				
गिरफ्तारी र यातना	३	२		१२	३	२		१२
लाठीचार्ज •	१			१२	१			१२
कुटपिट	१४	१६	३	१९	१	१.		१
धम्की	१	१		१				
निष्पक्ष चुनाव	१							
बलात्कार	१		१	१				
महिला भएकै कारणले दिइने यातना	१		१	१				
गर्भ पतन	२		२	२				
जातीय छुवाछूत	१			५				
आत्महत्या	५	३	२	५				
दुर्घटनाहरू/विपत्तिहरू	१	१		१				
जम्मा	४२	३९	९	७५	६	४		२६

नरकटिया गाविस-२ का ३८ वर्षीय इजराल देवानलाई ०५४ असोज २० गते गाविसका अध्यक्ष सीताराम गिरीलगायत्का व्यक्तिहरूले गत निर्वाचनमा सहयोग नगरेको भनी कुटपिट गर्दा गौर अस्पतालमा भर्ना गर्नुपर्‍यो।

भुन्खुनुवा गाविस-३ का ३२ वर्षीय चुलाई राय यादवलाई ०५४ कार्तिक १६ गते राति ७.३० बजे भारतको शिवहर थाना बेल्सन ग्राम भण्डार बस्ने मोहनकुमार राउत कुर्मीले नलकटुवा बन्दूक प्रहार गर्दा सख्त घाइते भएका छन्। पीडकलाई थुनामा राखिएको छ।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

रामपुर खाप गाविसस्थित मतदान केन्द्रमा ०५४ जेठ १३ गते स्थगित भएको मतदान कार्य ०५४ जेठ २५ गते हुँदा नेपाली कांग्रेसका जिल्ला प्रवक्ता शेष फजले हकलगायतका व्यक्तिहरूले बन्दूक हातमा लिई बुथ कब्जा गर्न खोज्दा हक र भारन सीतामढीका अफताव आलम बंगालीलाई प्रहरीले पक्राउ गर्‍यो।

गत स्थानीय निर्वाचनका क्रममा प्रशासनद्वारा व्यापक धाँधली भयो भन्ने आरोपका साथ नेपाली कांग्रेसले अन्य जिल्लामा भैं यहाँ पनि एक विरोध न्यालीको र कार्यक्रमको आयोजना गरेकोमा जुलुस र प्रहरीबीच भिडन्त हुँदा दर्जनौं कांग्रेसका कार्यकर्ताहरू र बटुवाहरू घाइते भए भने पचासौं व्यक्ति गिरफ्तार गरिए। सांसद अफताव आलम र उद्धव ढकालको नेतृत्वमा गएको जुलुसले ०५४ असार १ गते प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाइ फर्कदा जुलुसले गाडी तोडफोड गर्ने सुर गरेकाले प्रहरीले लाठिचार्ज गर्‍यो। लाठीचार्जमा परी सांसद लगायतका दर्जनौं घाइते भए। उक्त घटनामा १० जनालाई हिरासतमा राखी सार्वजनिक अपराध ऐनअन्तर्गत कारवाही चलाइयो। थुप्रैको संख्यामा प्रहरीहरू पनि घाइते भए।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष यहाँको जिल्ला अदालतमा सरकारवादी फौज्दारी र अन्य फौज्दारी मुद्दा गरी जम्मा ३४ वटा मुद्दा दर्ता भए। जसमध्ये ३ वटा ३ वर्षसम फैसला नभएका मुद्दा छन्। दुई वर्षदेखि फैसला नभएका ११ वटा मुद्दा छन् भने २ वर्ष नपुगेका २० थान मुद्दा पनि फैसला हुन बाँकी छन्।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन/सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

२७ प्रतिशत मात्र रकम निकाशा भएको कारण देखाइ यस जिल्लामा सबै वृद्ध, असहाय, अशक्तहरूलाई दिनु पर्ने भत्ता दिइएको छैन।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

पौराइ गाविस-७ को बाटोमा हिंडिरहेका बेला एक युवतीलाई जुडिबेला गाविस-७ असनवाडाका बृजमोहन चौधरीले ०५४ साउन १७ गते बलात्कार गरे। पीडकलाई कारवाही चलाउन खोज्दा पीडितका बाबुलाई कुटपिट गरी टाउकोसमेत फुटाइदिए। उजुरी गर्दा पनि प्रशासनले कुनै चासो नदेखाएको गुनासो पीडितको छ।

४.२ पारिवारिक हिंसा र वहुविवाह

जानकारीमा आएन।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, भुमा, बोक्सी र देहव्यापार)

डुमरिया गाविस-५ की १७ वर्षीय उर्मिला गिरीलाई ०५४ वैशाख २२ गते राति ८ बजे विश्रामपुर गाविस-३ का ३८ वर्षीय महेन्द्र गिरी, सोनेलाल राउत, चन्देश्वर गिरी र पर्सा गम्हरियाका तारकमिया कवाडीलगायत्का व्यक्तिहरूले अपहरण गरे। सोनेलाल, तारक, चन्देश्वर, जिनेश राय पक्राउमा परेका छन् भने अन्य पीडक फरार छन्।

४.४ गर्भ पतन

जोकाहा गाविस-९ का शेष सफुल्लाहले सोही गाउँकी सजमा खातुनलाई ०५४ भदौ १० गते विभिन्न औषधी खुवाई पेटमाथि चढी आफ्नो कर्तुत मेटाउने उद्देश्यले जबर्जस्ती गर्भ पतन गराए। पीडक फरार छ।

चुनावी हिंसामा गोली लागी घाइते कमरे आलम

चुनावको दिन हत्या गरिएका प्रकाश खत्वे मण्डल

महमदपुर गाविस-१ की २५ वर्षीय मञ्जुदेवी यादवलाई ०५४ कार्तिक २८ गते विहान खेतमा घाँस काटेको निहुँमा फुदाइ ठाकुर हजामले कुटपिट गर्दा मञ्जुको ६ महिनाको गर्भ पतन भयो। पीडक फरार रहेको छ।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

जोकाहा ध्युरा गाविस-९ जयनगरका १६ वर्षीय सलमा खातुनले गाउँकै सफी उल्लाहसंगको अनैतिक सम्वन्धका कारण ७ महिनामा सकुशल जन्मेको बच्चालाई ०५४ भदौमा मारिन्। मुस्लिम परम्पराअनुसार विवाहपश्चात् दोङा नगरी छोरी पठाउन नमिल्ने र दोङा गर्न विवाहजतिकै खर्च लाग्ने तथा कमजोर आर्थिक स्थितिको कारण दोङा गर्न नसकी सलमा माइतमै थिइन्। उनी पक्राउ परेकीमा हाल छुटेकी छिन्।

६. आर्थिक अधिकार
(पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

मिठुअवा गाविस-४ का रामशरण पासवान सोही गाउँका वालमुकुन्द श्रीवास्तवको घर गई त्यहाँ रहेको कुर्सीमा वसेकामा सोही गाविसका चक्रपाणी द्विवेदीले ठूला जातिको घरमा राखेको मेचमा वसेको निहुँमा अपशव्द बोल्दै हातपात गरे। दलित समूहले यस सम्वन्धमा कारवाही चलाउने जानकारी दिएको छ।

शिवनगरमा अवस्थित शिव मन्दिरमा कपिलदेव रामलगायत्का ५ जनालाई ०५३ चैत १ गते चमार जाति भनी मन्दिरका महन्त सीताराम गिरीले भित्र पस्न दिएनन् र कुटपिटसमेत गरे।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु
(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

सीम्रा भवानीपुर गाविस-९ का सोना चौधरीलाई ०५३ चैत ११ गते सोही ठाउँका रामकृत चौधरीले मादक पदार्थ सेवन गरी कुटपिट गरी हत्या गरे। पीडकलाई कारवाही चलाइएको छ।

३ पुरूष र २ महिलाले आत्महत्या गरेको जानकारीमा आयो।

●



२. मध्यमाञ्चल

नारायणी

२.८ बारा

जनसंख्या	: ४१६८००
साक्षरता	: ३२ प्रतिशत
महिला साक्षरता	: १६ प्रतिशत
क्षेत्रफल	: ११९० वर्ग कि.मी.
गाविस/नपा	: ९८/१
निर्वाचन क्षेत्र	: ४
विद्यालय/क्याम्पस	: २७३/५
अस्पताल/स्वास्थ्यचौकी	: १/९९
टेलिफोन लाइन	: ८८७
सडक (कि.मि.)	: ११५
प्रहरी कार्यालय	: ३८
हुलाक	: ७०

सिम्रौनगढ जस्तो ऐतिहासिक महत्व बोकेको स्थान रहेको बारा जिल्लामा तराईका अन्य जिल्ला जस्तै पहाडी क्षेत्रबाट बसाई सरेर आउनेहरूको संख्या दिन-प्रतिदिन बढ्दो छ। पूरै कृषिमा आधारित यो जिल्ला आर्थिक र शिक्षाको पछौटेपनका कारण मानवअधिकारको स्थिति दयनीय नै देखिन्छ तर शिक्षाको चेतनासँगै यसको स्थिति पनि उँभो भने लाग्दै गएको देखिन्छ।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

इटियाही गाविस-१ स्थित राष्ट्रिय निमाविको प्रांगणमा राप्रपाको अधिवेशन भइरहेको समयमा अधिवेशन हेर्न गएका शुकदेव कुर्मीलाई ०५३ माघ १२ गते दिउँसो वृजलालप्रसाद यादवले २०-२५ जनाद्वारा आक्रमण गराएपछि गोलीद्वारा कुर्मीको हत्या गरियो। जाहेरीका आधारमा डा. रामप्रसाद यादवलाई अदालतले थुनामा राखी कारवाही गर्न आदेश दिएको छ।

टेढाकट्टी गाविस-४ को मतदान केन्द्रमा ०५४ जेठ १३ गते मतदान भइरहेको अवस्थामा गाविस अध्यक्षका उम्मेदवार नागेन्द्र सिंहलगायतका कार्यकर्ताहरूले आफूले हार्ने स्थिति देखी मतपेटिकामा लात्तीले हिर्काइ अरूलाई आक्रमण गर्दै ५० औं राउण्ड गोली चलाए। जसले गर्दा बुझावन महतोको मृत्यु भयो भने दर्जनौं व्यक्ति घाइते भए।

रामपुर टोकनी गाविस-६ का गाविस अध्यक्ष रामदेव यादवको १४ वर्षीय भतिजा सुरेन्द्र राय यादवको लास ०५४ जेठ २८ गते उनको घरमा फेला पऱ्यो। सो समयमा उनका बाबुआमा बिहेको निम्तो मान्न बाहिर गएका थिए। राजनीतिक प्रतिशोधका कारण उक्त हत्या गरेको भनाइ पीडित पक्षको छ।

पिपरपाती गाविस-५ का एमालेका विजयी पदाधिकारीहरूलाई सोही ठाउँका पराजित गाविस अध्यक्ष श्रीनारायण सिंह, नेपाली कांग्रेसका शम्भु सिंह, मनोज सिंहलगायतका १४-१५ जनाको समूहले ०५४ जेठ २७ गते आक्रमण गर्दा रामेश्वर महतोको तत्काल मृत्यु भयो। अन्य धेरै जना घाइते भए।

१.२ जेल र बन्दीहरु

यस जिल्लामा जेल छैन।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

ककडी गाविस-४ का किसान दशैं चौधरीलाई ०५३ मदौमा रीसइवीका कारण बढहरवा रेञ्जपोष्टका रेञ्जर रघुनाथ दासले शिवरात्रिको मेला हेर्न आएको अवस्थामा गिरफ्तार गर्न लगाई एकरात कस्टडीमा थुनियो र उनलाई लठ्ठीले पैतालामा बेहास हुनेगरी कुटियो।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

कलैया नगरपालिका-६ भरतचोकअगाडिको हिमचुली रेस्टुरेन्टमा कलैया नगरपालिका-६ का ज्ञानराम श्रेष्ठ र सोही

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	–	१	–
हिरासतमा यातना	–	५	१
वन कार्यालय हिरासतमा यातना	१	१	–
बलात्कृत	३	६	१
बाबुद्वारा	–	१	–
वन सुरक्षाकर्मीद्वारा	१	१	–
आत्महत्या	३०	१	९

नपा-५ का भिखारी साहलाई ०५३ फागुन १ गते राति १० बजे जिल्ला प्रहरी कार्यालयको गस्तीमा हिंडेका एकजना असइ र केही प्रहरीहरूले वियर किनेर नदिएका कारण सख्त हुनेगरी कुटपिट गरे।

निजगढ गाविस-९ का विष्णुबहादुर लामालाई भीमलाल भन्ने बैकुण्ठ श्रेष्ठलगायत्का ४ जनाले ०५४ वैशाख २६ गते व्यक्तिगत रीसइबीका कारण जंगलमा लगी टाउकोमा बन्चरो प्रहार गरी घाइते बनाए। अदालतमा ज्यान मार्ने उद्योगअन्तर्गत मुद्दा चलिरहेकोमा पछि सरकारले फिर्ता लिएको छ।

कवही जब्दी गाविस-५ मा अवस्थित मतदान केन्द्रमा ०५४ जेठ १३ गते नेका र एमाले पक्षधरबीच वादविवाद हुँदा नेपाली कांग्रेसका गाविस अध्यक्ष रामनारायण सिंहलगायत्का व्यक्तिहरूले मतदान स्थल नजिकैको घरबाट लुकेर गोली चलाउँदा एमालेका अजमुद अन्सारी, हकबुद्दिन अन्सारीसहितका दर्जनौं व्यक्तिलाई चोटपटक लागेको थियो।

दहियार गाविस-६ को मतदान केन्द्रमा महादेव सोनारसहित ६ जनालाई ०५४ जेठ १३ गते राप्रपा गाविस अध्यक्षका उम्मेदवार जयरामप्रसाद यादवको निर्देशनमा मतदान केन्द्रको नजिकबाट गोली चलाई बमसमेत पड्काउँदा चोटपटक लागी घाइतेसमेत भए।

कलैया नगरपालिका-११ रङ्गपुरका लाहुर मिया, महमुद मियालगायत्को घरमा लठ्ठी प्रहार गरी लाहुर मियाकी पत्नी समेतलाई ०५४ जेठ १३ गते गाविसका पराजित उम्मेदवारहरू साहमहमद अन्सारीलगायत्का कार्यकर्ताहरूले कुटपिट गरे। पीडकहरूलाई सार्वजनिक सुरक्षा ऐनअन्तर्गत कारवाही चलाउन मुद्दा दर्ता गराए पनि कुनै कारवाही भएन।

जीतपुर गाविस बजारमा गाविस अध्यक्ष उम्मेदवार कृष्णवंत सिंहलाई ०५४ जेठ १३ गते मतदान भैरहेको अवस्थामा निषेधित क्षेत्रमा प्रवेश गरेको आरोपमा प्रमोद चौधरीले कुटपिट गरे। यो घटनाका कारण मतदान स्थगित भए पनि पीडकलाई कुनै कारवाही भएन।

पिपरपानी गाविस-५ का विजयी उम्मेदवार तथा कार्यकर्ताहरूलाई ०५४ जेठ २० गते राजनीतिक प्रतिशोधका कारण गाविसमा पराजित अध्यक्ष नारायण सिंह, वीरेन्द्र सिंह, शम्भु सिंह, मनोज सिंहलगायत्का १४-१५ जनाको समूहले आक्रमण गर्दा दर्जनौं व्यक्ति घाइते भए।

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	८	४	६	१०				
गोलीद्वारा हत्या	२	२		२				
गोली •	२	१०		२२				
गिरफ्तारी र यातना	१	१		१	१	१		१
कुटपिट	२५	४२	२	४४	२	२	१	३
अभिव्यक्ति स्वतन्त्रता	१	३		३				
निष्पक्ष चुनाव	१	३		३				
निष्पक्ष न्यायिक अधिकार	१	१		१	१	१		१
बलात्कार	१		१	१				
बलात्कार प्रयास	३		३	३	१		१	१
महिला भएकै कारणले दिइने यातना	२		२	२				
बहुविवाह	१		१	१				
बालअधिकार	१	१		१				
आर्थिक अधिकार •	३	१६		५४				
जातीय छुवाछूत	१	२		२				
अमानवीय व्यवहार	१	१		१				
पारिवारिक हिंसा	३		३	३				
आतंक	१	१		१				
ब्लाकमेल	१		१	१				
चोरी/डकैती	२	३	१	४				
आत्महत्या	९	५	४	९				
दुर्घटनाहरू/विपत्तिहरू	१२	१५	४	१९				
जम्मा	८२	११०	२८	१८८	५	४	२	६

वधवन गाविस-१ की प्रेमशीलादेवी कलवारलाई चुनावमा सहयोग नगरेको आरोपमा ०५४ असार ४ गते साँझ गाविस अध्यक्ष बाबुलाल जयसवाललगायत्का व्यक्तिहरूले कपडा च्यातिदिए र निल नै हुनेगरी कुटपिट गरे।

बड्की फूलबरिया गाविस-३ का लालबाबु यादवलाई चुनावी रीसइवीको कारण गाविस अध्यक्ष शिवशंकर सिंहलगायत्का व्यक्तिहरूले कुटपिट गरेता पनि हालसम्म पीडकलाई कारवाही भएको छैन।

कबहीगोठ गाविस-८ का भूतपूर्व उपाध्यक्ष मुक्तिनारायण यादवलाई ०५४ मंसीर १३ गते एकवलीप्रसाद साद यादव, जलिल मिया, भूलन यादवलगायत्को एक जन्थाले घेरी कुटपिट र घर समेत तोडफोड गऱ्यो। पीडकको टाउको र हातमा गहिरो चोट लागेको छ। राजनीतिक प्रतिशोधका कारण उक्त कुटपिट गरिएको हो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

टहियार गाविस-६ को मतदान केन्द्रमा परिचयपत्रको विषयलाई लिएर विवाद हुँदा ०५४ जेठ १३ गते गाविस अध्यक्षका प्रत्यासी जयारामप्रसाद यादवको निर्देशनमा केही व्यक्तिहरूले भाला, लठ्ठी, बम, बन्दूकसमेत निकाली मतपेटिकाको शील तोडे। उक्त समयमा अर्जुनप्रसाद चौधरीलगायत्का धेरै जना घाइते भए।

रतनपुरी गाविस-१ को मतदान केन्द्रमा भीमबहादुर तामाङलाई ०५४ जेठ १३ गते मतदान भइरहेको बेला गाविस अध्यक्षका प्रत्याशी बुद्धिमान तामाङले हिर्काइ चारवटा दाँत नै भाँची घाइते पारे।

गन्जभवानीपुर गाविस-१ को मतदान केन्द्रमा ०५४ जेठ १३ गते मतदान भइरहेको बेला दुर्गाप्रसाद मैनालीले सही भइसकेको मतपत्र लुट्न खोजे। प्रतिकार गर्न खोज्नेहरूलाई सोही गाविस-१ का तपसी चौधरीलगायत्का व्यक्तिहरूले कुटपिट गरेर मतदान नै विथोल्ने प्रयास गरे।

२.२ धार्मिक स्वतन्त्रता

सिसवा महेशपुर गाविसको नेराप्राविको पोखरीको डिलमा हिन्दूहरूले छठिया माईको पूजा गर्ने स्थानमा मुस्लिमहरूले इदगाहा बनाउन शुरू गरेकाले हिन्दूहरूले नारासहितको जुलुस निकाली उक्त स्थान घेराउ गरे। स्थानीय प्रशासन र राजनीतिक नेताहरूको सक्रियताका कारण भिडन्तले उग्ररूप लिन पाएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

श्रीनगर वैरिया गाविस-४ का दिनानाथ साहले अंगिकृत नागरिकता लिएका बाबुका छोरा हुँदाहुँदै पनि नागरिकता पाएका छैनन्। जबकि उनका दाजुले २०३७ सालमै जन्मसिद्ध नागरिकता लिइसकेका छन्। पीडित आफू अन्यायमा परेको गुनासो गर्छन्।

राजनीतिक प्रतिशोधका कारण हत्या गरिएका रामेश्वर महतो

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन/सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

डुमवाना गाविस-७ को टाँगिया बस्तीमा विभिन्न क्षेत्रबाट आएका सुकुम्बासीहरू १ सय २८ धुरी बसेका छन्। पुरानो वन फाँडेर बसेका यिनीहरू झन् बढ्ने क्रममा रहेकाले समस्या बढ्दो छ।

कोहल्वी गाविस-४ को ३ बिगाहा ऐलानी जग्गामा ५० धुरी, हरैया गाविस-६ को ८४ बिगाह ऐलानी जग्गामा २०३५/३६ सालदेखि २ सयभन्दा बढी धुरीको संख्यामा सुकुम्बासीहरू बसोबास गर्दै आए पनि त्यहाँका सुकुम्बासीहरूले हालसम्म जग्गा धनीपूर्जा पाउन सकेका छैनन्। त्यसरी नै सपही गाविस-१ मा रहेको ४१ बिगाहा ६ कठ्ठा जग्गामा बसोबास गर्दै आएका ४० घर सुकुम्बासीहरूलाई मकरबहादुर कार्कीले मालपोत कार्यालयको मिलोमतोमा आफ्नो नाममा जग्गाधनी पूर्जा निकालेर विस्थापित गराउन खोजेको घटना ०५४ मंसीर २५ गते सार्वजनिक भयो।

त्यस्तै रक्सौल, वीरगञ्ज, अमलेखगञ्ज चल्ने रेल्वे सेवा बन्द भएपछि त्यसले ओगटेको खाली जग्गामा बस्ने

कुटपिटबाट घाइते चन्द्रिका ठाकुर

आफ्नै परिवारद्वारा सिक्रीले बाँधिएका ईश्वर खड्का

सुकुम्बासीको संख्या बढ्दै गई २ सय भन्दा बढी धुरी पुगेको छ। यो समस्या यस जिल्लामा झन्-झन् बढ्दो छ। तर समाधान गर्ने वा व्यवस्थित तवरले बसोबास गराउने दुवै प्रयास कतैबाट पनि भएको पाइन्न।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

कवहीगोठ गाविस-७ की १७ वर्षीय एक युवतीलाई ०५३ माघ १३ गते शिक्षक रामेश्वर हजारा दुसादले घरमा कोही नभएको मौका पारी सुतिरहेको वेला वलात्कार गर्ने प्रयास गरे।

अमृतगञ्ज गाविस सिम्रौनगढको राममन्दिरमा दर्शन गर्न आएकी भारतस्थित तीनवोनीग्राम छाप्रा जिल्लाकी एक युवतीलाई ०५४ वैशाख ६ गते अमृतगञ्ज चौकीका प्रहरीहरूले बलात्कार गर्ने प्रयास गर्दा स्थानीय वासिन्दाहरूले थाहा पाई सफल हुन दिएनन्। घटनापश्चात् आक्रोसित भएका स्थानीय मानिसहरूलाई घटनाको भोलिपल्ट पीडकहरूलाई कारवाही गरिने आश्वासन जिल्लाका एस पी ले दिई तनाव नियन्त्रण गरे। पीडकलाई कुनै कारवाही भएन।

हरैया गाविस-४ की एक विवाहित महिलालाई ठगा चौधरीले घरभित्र पसी ०५४ भदौ ९ गते ढोका बन्द गरेर बलात्कार गरे। पीडक यसअघि पनि यस्ता घटनाहरूमा संलग्न भएको बुझिएको छ। पीडक थुनामा छन्।

४.२ पारिवारिक हिंसा र वहुविवाह

हरैया मधुवनकी ४ छोराछोरीकी आमा कल्पना गिरीलाई हरैया गाविसमा व्यापार गरी बस्ने चितवन शिवनगर-८ का हरि तिमिल्सिनाले विभिन्न प्रलोभन देखाई ०५४ जेठ २२ बहुविवाह गरी केही दिनपछि नै निकालिदिए। पीडक ६ बच्चाबच्चीका बाबु हुन्।

निजगढ गाविस-१ का वीरबहादुर दुरूङच्याङले सोही गाविस-६ का जेठा माझीकी पत्नी ३ बच्चाकी आमा चञ्चली माझीलाई ०५४ मंसीर २५ गते चौथी पत्नीका रूपमा भित्र्याए। महिला विकास संस्था निजगढका महिला कार्यकर्ताहरू पीडकलाई कारवाही गर्न जोड दिइरहेका छन्।

गिरफ्तारीमा परेका दशैं चौधरी

यो वर्ष एक महिलालाई आफ्नै पतिले कुटपिट गरी हत्या गरे। त्यस्तै अन्य एक महिलालाई दाइजो नल्याएको निहुँमा पति र ससुराले शरीरमा आगो लगाई हत्या गरे।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

बधवन गाविस-१ की प्रेमसिला देवी कलवारलाई ०५४ जेठ ४ गते गाविस अध्यक्ष बाबुलाल जैसवाललगायत्का कार्यकर्ताहरूले चुनावमा सहयोग नगरेको आरोपमा गाली वेइज्जती र कुटपिटसमेत गरे।

रतनपुरी गाविस-७ की श्रीमाया लामालाई ०५४ मंसीर २१ गते हर्कबहादुर थिङले बोक्सीको आरोप लगाई गाली वेइजती गरे।

४.४ गर्भ पतन

जानकारीमा आएन।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

यस जिल्लामा वसोबास रहेका मुसहर, दुसाद, चमार जातिका करीव ८० प्रतिशत वालवालिकाहरू विद्यालय जाँदैनन्। एक अनुमानअनुसार यस जिल्लामा ४० प्रतिशत बालकहरू घरेलु श्रमशोषणबाट पीडित छन्।

विश्रामपुर गाविस-१ की प्रभावतीदेवी नुनियान र अनियादेवी महतोले ०५४ कार्तिक ४ गते सोही ठाउँकै ६ महिनाको बालक हरेन्द्र ठाकुरलाई अपहरण गरी लग्दै गरेको अवस्थामा प्रहरीले पक्राउ गऱ्यो।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

पिपरा-सिमरा वजार नजिकै रहेको बाबु बिस्कुट प्रा.लि.मा कार्यरत् ३८ जना महिला मजदूरहरूले श्रम नियमावली २०४८ अनुसार पारिश्रमिक नपाएकोमा ०५४ असार ८ गतेदेखि १० सूत्रीय मागहरू राखी कारखानाको गेटमा धर्ना दिँदै आइरहेकामा व्यवस्थापन र मजदुरहरूको सम्झौता भै कारखाना संचालन भयो।

छातापिप्रा गाविस-२ निननपुरस्थित आरती सोप एण्ड केमिकल इण्डष्ट्रिजबाट भ्याट लागू हुने र गजश्वको कारण देखाई व्यवस्थापन पक्षले कारखानामा कार्यरत् मजदूरहरू योगेन्द्र सहनी, भूपेन्द साह, जीतबहादुर मैनालीलगायत्का ५ जना मजदूरहरूलाई ०५४ मंसीर ४ गतेदेखि निष्काशन गऱ्यो। यस

सम्बन्धमा पीडित मजदूरहरूले विरोधस्वरूप कारखानाको मूल गेटमा धर्ना दिइरहेको अवस्थामा ०५४ मंसीर ६ गते प्रहरीले हडताल विथोल्ने काम गऱ्यो।

छातापिप्रा गाविस-२ नितनपुरस्थित त्रिवेणी टेक्सटाइल्समा ०५४ असोज १५ गतेदेखि गौतम खाँलगायत्का ११ जना मजदूरहरूलाई अनुशासनहीन काम गरेको कारण देखाई हटाएकोमा ०५४ असोज १६ गतेदेखि ने.स्व. म. युनियनले हडताल गरेको थियो। अन्ततः हडताल युनियनको प्रतिनिधिहरूको कमजोरीको कारण ५ जना मजदूरहरूलाई कटौती गर्ने समझदारीमा टुंगियो। कारखाना ९० दिन बन्द रही ०५४ पुस १७ गतेदेखि संचालन भयो।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

सपही गाविस-१ का श्याम मैनालीलाई ०५३ चैत २५ गते एक वृद्धलाई हिर्काएको आरोपमा कोहल्वी गाविस-४ पिपरिया टोलका पारस चौधरी, विश्वनाथ चौधरी, विक्रम चौधरीलगायत्का व्यक्तिहरूले २० घण्टासम्म पानीसमेत पिउन नदिई ताला लगाई भित्र थुनेर राखे।

निजगढ गाविस-८ का २२ वर्षीय ईश्वर खड्कालाई आफ्नै भाइ र आमाले भनेको काम नमानेको र अन्यत्र काम खोजी हिंडेको कारण ०५४ असोज ४ गते दुवै हात बाँधी ३ दिनसम्म सिक्रीले बाँधेर थुने।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

कचोर्वा गाविस-६ स्थित पारसनाथ मन्दिरमा जोगेन्द्र पासवान, रामविलास महरालगायत्का व्यक्तिहरूलाई गाविसका अध्यक्ष जंगबहादुर यादव, पूर्व गाविस अध्यक्ष कृष्णदेव जैसवाल लगायतका व्यक्तिहरूले ०५४ भदौ २८ गते सानो र अछूत जाति भनी पूजा गर्न दिएनन्। पीडितहरूले सो कार्यको विरूद्ध भोलिपल्ट नारा जुलुस गरेपछि प्रशासनको अगुवाइमा पुजारीमार्फत पूजा साम्राग्री चढाउने गरी एकपक्षीयरूपमा सहमतिमा आउन बाध्य पारिएको गुनासो पीडित पक्षको छ।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

पिपरा-सिमरा गाविस-१ स्थित हुलास स्टील इण्डष्ट्रिजमा व्यवस्थापनले मजदूरहरूमाथि गरेको अन्यायको विरूद्धमा ०५३ चैत ४ गते नेपाल स्वतन्त्र मजदूर संगठन कारखाना प्रा.क.ले प्रेस विज्ञप्ति जारी गरी विरोध जनायो।

राष्ट्रिय कार्यक्रमअन्तर्गत ०५४ असार १ गते नेपाली कांग्रेस जिल्ला कार्यसमिति बाराले सरकारले स्थानीय निर्वाचनमा धाँधली गरेको आरोप लगाई जिल्ला प्रशासन कार्यालयमा जुलुससहित ज्ञापनपत्र बुझायो। ज्ञापनपत्रमा प्रमुख जिल्ला अधिकारीको राजीनामा पनि माग गरिएको थियो।

बुद्धिजीवी परिषद बाराका भूतपूर्व उपाध्यक्ष रामचन्द्रप्रसाद यादवलाई इनर्वामालमा ०५४ असार ११ गते एक्लै अवस्थामा पारी पूर्व पंच तथा हालका गाविस अध्यक्ष प्रेमलाल यादवको इसारामा पुरानो रीसइवी साँध्न केही व्यक्तिद्वारा हातपात गर्न लगाएकोमा निन्दा र भर्त्सना गर्दछौं भनी मासम र नेपाल बुद्धिजीवी परिषद् बाराले एक प्रेस वक्तव्य निकाले।



कुटपिटबाट घाइते दुर्गाबहादुर मगर

श्री ५ को सरकारले प्राविधिक सहायकहरूलाई राख्ने-नराख्ने सम्पूर्ण जिम्मा गाविसलाई नै दिएको विरोधमा यस जिल्लाका ४० जना प्राविधिक सहायकहरूले ०५४ साउन ७ गते जुलुससहित विरोध प्रदर्शन गरी प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाए।

कलैयामा शिव सेना नेपाल, बाराका अध्यक्ष ज्ञानचन्द्र यादवले ०५४ कार्तिक १० गते मुस्लिमहरूद्वारा समाज सेवाको आडमा "इमासिया मिसन नेपाल" नामको संस्था खोली हिन्दू धर्म र संस्कृतिको विरूद्ध काम गरेको आरोपमा प्रेस वक्तव्य जारी गरी विरोध जनायो।

९. अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

डुमरवाना गाविस-७ महेन्द्रनगरका गंगारमण उप्रेतीको साधारण पेट दुखी ०५३ फागुन २५ गते जितपुर पोलिक्लिनिक नर्सिङ होममा जाँच गराउँदा नक्कली डाक्टरद्वारा गलत उपचार हुँदा १५ घण्टापछि मृत्यु भयो।

पिपरा-सिमरा गाविस-३ की शान्ति विश्वकर्मालाई आफ्नै पति धनबहादुर विश्वकर्मले मादक पदार्थ सेवन गरी कुटपिट गर्दा ०५४ जेठ ७ गते मृत्यु भयो।

मटेर्वा गाविस-९ का महेन्द्रसाह तेलीको ८ वर्षीय छोरा ज्ञानेन्द्रसाह तेलीको ०५४ असार १३ गते साँझदेखि हराएकोमा घाँटी काटी हत्या गरिएको अवस्थामा धर्मनगर गाविस-१ स्थित खेतमा भोलिपल्ट लास फेला पऱ्यो। प्रहरीले सोही ठाउँका गुरूतेली कुर्मी, भरत तेली, शिवनारायण ठाकुरलाई गिरफ्तार गरे।

कलैया नगरपालिका-१२ स्थित बहिनी ज्वाइँकहाँ आई फर्केका भारतको रक्सौल निवासी २५ वर्षीय मक्सुद अन्सारी ०५४ साउन ११ गते हत्या गरी फालेको अवस्थामा इनर्वासिरा गाविस-३ को मूल सडकमा भेटिए।

इनर्वामाल गाविस-९ की लखपतियादेवी यादवलाई आफ्नो छोरालाई आपसी विवादका कारण केही व्यक्तिहरूले मरणासन्न हुनेगरी कुटपिट गरेपछि जाँदा घटनास्थलमै मर्न बाध्य हुनुपऱ्यो। मृतकसँगै रहेकी २ वर्षीय बालिकालाई पनि

उनीहरूले हत्या गरे। सोही ठाउँका जगरनाथ राय यादव, रामआधार राय यादव, उपेन्द्र राय यादव लगायतका ११ जनालाई उक्त घटनाका सम्बन्धमा प्रहरीले गिरफ्तार गरेको छ।

अमलेखगञ्ज गाविस-९ को ४ नं पुल नजिकको जंगलमा काठमाडौं महानगरपालिका-२६ घर भएका शान्तरत्न शाक्यको बेवारिस लास ०५४ भदौ १३ गते फेला पर्‍यो। उनको हत्या गरिएको आशंका गरिएको छ।

रघुनाथपुर गाविस-८ की २७ वर्षीय नसिमा खातुनलाई ०५४ असोज २५ गते ससुरा लतिफ मिया र पति जातिकर मियाले माइतीबाट तोकिएको दाइजो रकम नल्याएको भनी मट्टितेल जीउमा खन्याइ आगो लगाइदिए। छिमेकीहरूले उपचारका लागि रक्सौलको डंकन (मिसन) अस्पताल लगेकामा उपचार गर्दागर्दै उनको मृत्यु भयो। लतिफ पक्रिएका छन् भने अरू फरार छन्। लतिफको यो पाँचौं ज्यान मुद्दा हो।

कलैया नगरपालिका-१४ की टोकरीमा समान बेची गुजारा गर्दै आएकी जुरमतिया खातुनको ०५४ मंसीर २४ गते राति हतियार प्रयोग गरी हत्या गरियो। केही दिनअघि धुरन मियाँसंग अनुचित यौन सम्बन्ध रहेको भनी गाउँमा पंचायती भएको र हत्यापछि मिया गाउँबाट फरार रहेकाले गाउँलेले मियामाथि शंका व्यक्त गरेका छन्।

भवानीपुर जीतपुरका आलोक रौनियारलाई ०५३ चैत ७ गते अवैधकिशोर सिंहले विषालु औषधी बियरमा हाली खुवाई आयल निगमको स्टोरमा रहेको २ लाख रूपैयाँ चोरी गरे।

कलैया नगरपालिका-७ जिल्ला प्रशासन कार्यालयको ढोकाअगाडिबाट ०५४ जेठ १४ गते साँझ कृषि विकास शाखा कलैयाका अधिकृत महेन्द्र चौधरीलाई केही अपरिचित व्यक्तिहरूले अपहरण गरी कलैया नगरपालिका-८ मा रहेको शोभा फाइनान्स कम्पनीको कार्यालय रहेको घरमा थुनी खाली कागजमा जबर्जस्ती हस्ताक्षर गराइ छाडे।

यस वर्ष यो जिल्लामा व्यक्तिगत रीसइवीका कारण भएका कुटपिटका ७ वटा घटनामा ८ जना पुरूष पीडित भए। ट्राफिक दुर्घटनामा परी ६ जना, आगलागीबाट २ जना र करेन्ट लागेर २ जनाको मृत्यु भयो। साथै डकैतीबाट ४ जना पीडित हुन पुगे। आत्महत्या गर्नेको संख्या ९ रह्यो, जसमा ४ जना महिला थिए।

•



२. मध्यमाञ्चल

नारायणी

२.१ पर्सा

जनसंख्या	३७२५२४
साक्षरता	३३.४ प्रतिशत
महिला साक्षरता	१८.१ प्रतिशत
क्षेत्रफल	१३५३ वर्ग कि.मी.
गाविस/नपा	८२/१
निर्वाचन क्षेत्र	४
विद्यालय/क्याम्पस	२६४/३
अस्पताल/स्वास्थ्यचौकी	१/४२
टेलिफोन लाइन	५२५६
सडक (कि.मि.)	५२
प्रहरी कार्यालय	४९
हुलाक	६५

महेन्द्र राजमार्गले नछोएको तराईको एकमात्र जिल्ला पर्सा नेपाल-भारतको प्रमुख द्वारका रूपमा पनि चिनिन्छ। दक्षिणतर्फको पूरै भू-भाग भारतसंग जोडिएको यो जिल्लामा नेपाल र भारत दुवैतर्फका अपराध गर्ने व्यक्तिहरू बढी सक्रिय देखिन्छन्। व्यापारिक कारोबारको केन्द्र वीरगञ्ज बजार डकैती र आपराधिक गतिविधिसंग जोडिएर बारम्बार चर्चामा आइरहने गर्छ। मानवअधिकारको स्थिति यस जिल्लामा राज्य पक्षभन्दा पनि व्यक्ति र समूहका तर्फबाट बढी हनन भएको पाइन्छ। यस्ता धेरै घटना हुँदा पनि राज्यका तर्फबाट भने आवश्यकीय कदम चालेको आभाष हुँदैन।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

जुद्धशमशेरको पालामा स्थापित वीरगञ्जस्थित जेल १ विघा १६ कठ्ठामा अवस्थित छ। १५ सय कैदी राख्न सकिने यो जेल जीर्ण छ। पानी परेको बेला चुहिने र झ्यालबाट पानी भित्र छिर्नु, पानीको निकाश नभएकाले भित्रै पोखरी जम्नु, एउटै भएको प्राविमा पनि दरबन्दीअनुरूप शिक्षकको व्यवस्था नहुनु, नाइकेद्वारा जेल प्रशासनले नै कैदीहरूलाई यातना दिन लगाउनु आदि यस जेलका विशेषता भएका कुरा बन्दीहरूले बताएका छन्।

पानीको साह्रै समस्या देखिएको छ। फोहोर सफा गर्ने र कीटनाशक औषधी छर्ने कुनै व्यवस्था छैन। यस जेलमा १ सय ५० पुरूष, ६ जना महिलासमेत १ सय ५६ जना थुनुवा र १ सय ९५ जना पुरूष र १९ जना महिलासमेत २ सय १४ जना कैद तोकिएका बन्दीहरू रहेका छन्।

शिक्षकहरू नियमित नआउने र बन्दीलाई दिइने सुविधा ज्यादै कम भएको गुनासो बन्दीहरूको छ। व्यायामशालामा केही पनि सामान नभएकोले यसतर्फ सोचिनुपर्ने धारणा उनीहरूको छ। पुस्तकालयको अवस्था पनि राम्रो छैन। सजायको भुक्तानी ५० प्रतिशत पुगिसकेका कैदीहरूलाई नियमानुसार छाड्न गतवर्ष र यसपाला सिफारिस गरिएकोमा सो कार्यान्वयन नभएको गुनासो बन्दीहरूको रहेको छ। त्यस्तै सबै प्रकारको अपराधका बन्दीहरूलाई सजायमा दिइने छुटमा एकरूपता हुनुपर्ने माग राख्दै यस कारागारका २२ जना बन्दीहरूले प्रधानमन्त्री र गृहमन्त्रीलाई निवेदन दिएका थिए। बन्दीहरूकै तर्फबाट थालिएका सीपमूलक कामहरू पनि उचित बजारको अभावमा बन्द गर्नुपर्ने भएकाले जेल प्रशासनले बजारको व्यवस्था गरिदिनु पर्ने देखिन्छ। औषधि उपचारको बजेट ज्यादै कम रहेको छ। यस जेलमा रहेका ७ जना आफू राजनीतिक बन्दी भएको बताउँछन्।

यसै जेलबाट ०५४ असार २२ गते १ नं. ब्लकका नाइके बन्दी देवप्रसाद धवन जेलबाट भागेका थिए। उनी विभिन्न प्रकारका अपराधमा संलग्न भई सजाय भोग्दै आएका बन्दी थिए।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

वीरगञ्ज कारागारमा सिन्धुलीबाट ल्याइएका राजनीतिक कार्यकर्ताहरू मोहन घिमिरे र गंगा श्रेष्ठलाई जेलका अन्य बन्दीहरूलाई संघर्षमा उत्रन उचालेको भनी ०५४ जेठ २१

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	२	-
हिरासतमा यातना	-	२	२
बलात्कृत	५	३	२
प्रहरीद्वारा	१	-	-
आत्महत्या	५	१३	५

गतेदेखि विभिन्न किसिमका यातनाहरू दिइएको छ। त्यसरी यातना दिने काम जेलका बन्दी नाइकेद्वारा गराएको पीडितले बताए।

वीरगञ्ज नगरपालिका-१९ का २ जना महिला र १ जना पुरूषलाई ०५४ साउन १७ गते पक्राउ गरी प्रहरीले यातना दिएको पीडितले बताएका छन्।' उनीहरूलाई प्रहरीमाथि ढुंगा मुढा गरेको आरोपमा पक्राउ गरिएको थियो।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

वीरगञ्ज नगरपालिका-१ छपकैयामा नेपाली कांग्रेस र राप्रपाका कार्यकर्ताबीच ०५३ फागुन ११ गते भिडन्त हुँदा नेकाका पारस साह कानु र रमेश कानु सख्त घाइते भए। यसरी नै राप्रपाका रामशंकर साह, ठाकुर साह र श्यामसुन्दर साह पनि घाइते भए। केटाकेटीहरूबीचको सामान्य झगडापछि यो घटना भएको थियो।

जयमंगलपुर गाविस-३ का बद्री साह कानुलगायत्का व्यक्तिहरूलाई ०५४ जेठ २३ गते गाविस अध्यक्ष पदका पराजित उम्मेदवार रामचन्द्रसिंह राजपुतले दलवल सहित कुटपिट गरे। निर्वाचनमा राप्रपालाई समर्थन गरेको कारण कुटपिट गरेको पीडितले बताए।'

सुपौली गाविस-७ का ५ वर्षीय वुली राउत अहिर, लक्ष्मीनिया देवी थरूनी र लक्ष्मीनियम अहिरलाई ०५४ जेठ १७ गते वार्ड अध्यक्ष लालबाबु थारूसमेतको दलबलले घरमा गएर बेरा, छानो भत्काउँदै कुटपिट गरे। निर्वाचनमा पीडितहरूले एमालेको पक्षमा मतदान गरेका कारण कुटपिट गरिएको बताएका छन्।

जिल्ला प्रहरी कार्यालय पर्साका डि.एस.पी. केदार साउद र प्रहरी नायव निरीक्षक रूद्रनारायण मिश्रलाई ०५४ साउन १७ गते वीरगञ्ज नगरपालिका-१९ नगवाका स्थानीय जनताले ढुंगाले हानी घाइते बनाए। एक ट्रकले स्थानीय ७ वर्षीय बालकलाई किचेर मृत्यु भएको विषयमा निरीक्षण गर्ने क्रममा उक्त घटना भएको थियो। प्रहरीले यस सम्बन्धमा ३ जनालाई पक्राउ गरी छोडिदिएको थियो।

नारायणी उपक्षेत्रीय अस्पतालका डाक्टर विद्याचन्द झालाई ०५४ कार्तिक ३० गते उनकै ढिलासुस्तीका कारण आफ्ना वावुको मृत्यु भएको भनी विर्ताका रोशन भट्टराईले कुटपिट गरे।

यो वर्ष राजनीतिक व्यक्तिहरूको कुटाईबाट १ जना प्रहरी पीडित भए।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

वीरगञ्ज नगरपालिका- १, २, ४, ८, १२, १३, १५, १६ र १९ वार्डमा ०५४ जेठ १३ गते विविध कारणले निर्वाचन स्थगित भयो। यसरी नै हरपतगञ्ज, झौवागुछी, पसौनी विर्ता, पिडारी गुठी, बहुअर्वा भाटा, औराहा, रामनगरी, निर्मलवस्तीको ब्रह्मनगर, मुडली, सम्झौता, तुलसीपर्वा, भेडियारी, गोविन्दपुर, देवरवना, वेल्नाको सलकपुर मतदान केन्द्रहरूमा पनि मतदान कार्य सम्पन्न हुन सकेन।

वीरगञ्ज नगरपालिका-१ मा मत दिन लाइनमा बसेका

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरूष	महिला	जम्मा		पुरूष	महिला	जम्मा
हत्या	११	८	५	१३				
गोलीद्वारा हत्या	१	१		१				
बलात्कार पछि हत्या	१		१	१				
गोली	२	१		१	१			
गिरफ्तारी र यातना	२	४	२	६	२	४	२	६
कुटपिट	५	८	२	१०				
धम्की	२	२		२	१	१		१
निष्पक्ष चुनाव	३							
महिला किनबेच	३		५	५				
बलात्कार	१		१	१				
बलात्कार प्रयास	३		५	५				
चोरी/डकैती	४	५		५				
ब्लाकमेल	२	२		२				
आत्महत्या	५	३	२	५				
जम्मा	४३	३४	१९	५३	४	५	२	७

जनतालाई पछाडिबाट हुलले धकेल्ने गर्दा पुनः निर्वाचन हुन सकेन। सुरक्षा कमजोरीका कारण यहाँ निर्वाचन बदर भएको हो।

वीरगञ्ज नगरपालिका-३ मा मतदातावीच विवाद सृजना भई होहल्ला हुँदा प्रहरीले ४ राउण्ड हवाइ फायर गऱ्यो। पछि स्थिति शान्त भएपछि निर्वाचन गराइयो।

वीरगञ्ज नगरपालिका-४ मा राप्रपा समर्थक बुथ प्रतिनिधिहरूले मतपेटिका तोडफोड गरे।

यसरी नै स्थगित भएका ८, १२, १३, १५, १६ र १९ नं. वडामा उम्मेदवारका समर्थक बीचको विवादका कारण निर्वाचन स्थगित भयो। प्रहरी सुरक्षा एकदम कमजोर अवस्थामा थियो।

निर्वाचन स्थगित भएता पनि जिल्लामा अप्रिय घटना भने भएनन्। वीरगञ्ज नगरपालिका-१३ मा २ सय मतपत्र चोरी भएका कारण निर्वाचन हुन सकेन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

नारायणी उपक्षेत्रीय अस्पतालले ०५३ साउन २४ गते ५ स्थायी पियन पदको लागि दरखास्त आह्वान गरेकोमा मौखिक परीक्षा असोज १५ र १७ गते लिइयो। जसमा ३ जना नयाँ व्यक्तिलाई नियुक्ति दिइयो। यस विषयमा अनियमितता भयो भनी अस्थायी काम गरिरहेका ७ जना पियनहरूले अख्तियारमा उजुरी दिएका थिए। उपक्षेत्रीय अस्पतालका सुपरीवेक्षक राजेन्दकुमार "पियुष" लाई नयाँ नियुक्ति पाउनेहरूसंग प्रतिव्यक्ति १५ हजार रूपैयाँ लिइएको आरोप पीडितहरूले लगाएका थिए।

३. भूमिहीन/सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

यस जिल्लाको ठोरी, निर्मलवस्ती, हरपुर, सखुवा, प्रसौनी आदि गाविसमा ६० हजार सुकुम्बासी रहेको कुरा जिल्ला मालपोत कार्यालयले जनाएको छ। एमालेको नौ महिने शासनकालमा ६० परिवारलाई जग्गा धनीपूर्जा वितरण गरिएको भएता पनि त्यसपछि सुकुम्बासी समस्याको समाधानका लागि कुनै कार्य भएका छैनन्।

गाविसमा ड्राइपोर्ट निर्माण गर्ने भनी सरकारले त्यहाँका २३ परिवारका ३४ विगाहा जग्गाको लागि मुआब्जा दिएको छ। मुआब्जा लिने परिवारमध्ये १५ परिवार अझैसम्म आफ्नो व्यवस्था मिलाउन नसकी सोही जग्गामा बसोबास गर्दै आएका छन्।

सामाजिक जनचेतना एवं उपकार समाजले शहरलाई सफा, सुग्घर र ट्राफिक दुर्घटनाबाट रोक्न बाटोको जग्गा अतिक्रमण गरी बसेका ३४ भूमिहीन परिवारलाई उठाएको छ। यसरी वर्षौंदेखि बसोबास गर्दै आएका सुकुम्बासीहरू विस्थापित भएका छन्। उपकार समाजमा राजनीतिक पार्टीका प्रतिनिधिसमेतको सहभागिता रहेको छ।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

ठोटी गाविस-५ का २० वर्षीय मनिला थापा र पद्मा थापालाई ०५३ फागुनमा भारतको बम्बैमा लगी बिक्री गर्ने पद्मामाया तामाङ र बुद्धिबहादुर तामाङलाई ०५४ वैशाख २५ गते प्रहरीले पक्राउ गऱ्यो। बम्बैमा बेचिएकी पद्माले त्यहाँबाट भागेर नेपाल फर्केपछि दिएको उजुरीका आधारमा पीडकहरू पक्राउ परेका थिए।

वीरगञ्ज इनरूवा चौकीले नवलपरासी दुम्कौलीकी १६ वर्षीय रिमा मगर र १८ वर्षीय पूजा कार्कीलाई विभिन्न प्रलोभन देखाइ बिक्री गर्न लैजाँदै गरेको अवस्थामा ०५३ चैत १५ गते तनहुँ, आँबुखैरेनीकी पदमा थापालाई प्रहरीले पक्राउ गऱ्यो।

वीरगञ्ज नगरपालिका-१४ स्थित रानीघाट अस्थायी प्रहरी चौकीले १५ वर्षीय रमा चौलागाईलाई ललाइफकाइ बेच्न लैजाँदै गर्दा भारत पूर्वी चम्पारण महरगौवाका राजेन्द पासवानलाई ०५४ साउन २३ गते पक्रियो।

वीरगञ्ज नगरपालिका-४ जेलपछाडि अश्लील फिल्म हेरी निस्किएका राजेश चौधरीलगायत्को एक हुलले राति घरमा सुतिरहेकी एक १४ वर्षीय बालिकाको मुख रूमालले छोपी बलात्कार गरेपछि ०५४ भदौ ६ गते राजेश पक्राउ परेकोमा केही दिनपछि नै छाडियो। अन्य पीडक फरार छन्।

वीरगञ्ज नगरपालिका-४ की १४ वर्षीय एक बालिकालाई ०५४ भदौ ६ गते राति सुतिरहेको ठाउँबाट राजेश चौधरीलगायत्का व्यक्तिहरूले बलात्कार गर्ने उद्देश्यले लगिरहेको अवस्थामा गस्ती प्रहरीले फेला पाऱ्यो। पीडक चौधरीलाई ३ दिन हिरासतमा राखी छाडियो।

यो वर्ष १३ वर्षीय एक वालिकालाई केही अज्ञात

अशोक वाटिकामा फेला परेको बेवारिसे लास

मानवअधिकारवादीसंग कुराकानी गर्दै बन्दीहरू

व्यक्तिहरूले वलात्कार गरी हत्यासमेत गरेको घटना प्रकाशमा आयो।

४.२ पारिवारिक हिंसा र बहुविवाह

यस वर्ष २ जना महिलाको दाइजोको निहुँमा हत्या गरियो भने आफ्नै पति र सौता मिलेर १ जना महिलाको हत्या गरे।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

जानकारीमा आएन।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

वीरगञ्ज नगरपालिका-४ मा एक वालआश्रम अनाथालय रहेको छ। त्यहाँ हाल १४ जना वालकहरू रहेका छन्।

वीरगञ्ज नगरपालिकाले यस आर्थिक वर्षदेखि नगरभित्र रहेका उत्पीडित जनजातिका २ सय वालवालिकालाई निःशुल्क शिक्षा प्रदान गर्ने भएको छ। हाल १ सय ६३ जना बालबालिकाहरूलाई लुगा, किताब, झोलासमेतको व्यवस्था गरी आफैंले नियुक्त गरेका शिक्षक, शिक्षिकामार्फत् बालमन्दिरमा पढाइ शुरू गरेको छ। बालबालिकालाई दिउँसोको खाजासमेतको व्यवस्था गरिएको छ।

यस वर्ष ४ बालिकाहरू वलात्कारबाट पीडित भए।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

सवारी ऐन २०४९, नियमावली ०५४ मा मजदूरहरूको पेशाको ग्यारेन्टी, तलव, भत्ता र अन्य सुविधा समावेश गरिएको विरोधमा यातायात व्यवसायीहरूले ०५४ साउन ७ र ८ गते चक्का जाम गरे। प्रमुख जिल्ला अधिकारीले यातायात व्यवसायीहरूसंग पुरानै प्रक्रियाबाट काम गर्ने भनी सम्झौता गरेपछि अंचल यातायात व्यवस्था कार्यालयले सरकारले लागू गर्ने निर्णय गरेको नियमावली ०५४ लागू हुन छाड्यो। पुनः नेपाल यातायात मजदूर युनियन आन्दोलनमा उत्रियो। यातायात विभागले ०५४ साउन १५ गते सवारी तथा यातायात ऐन २०४९ को नियमावली ०५४ लागू गर्ने भन्ने अंचल यातायात कार्यालयलाई आदेश पठाएपछि मजदूर आन्दोलन रोकियो।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

जानकारीमा आएन।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

कानून व्यवसायीहरू मुद्दा मामिलाका सिलसिलामा न्यायाधीशसमक्ष जाँदा झर्को मान्ने, वहसमा ध्यान नदिने र एउटै प्रक्रियाका लागि पनि विभिन्न मापदण्ड अपनाउने जस्ता कारणले गर्दा कानून व्यवसायीहरूले ०५३ पुस २६ गते एक प्रेस विज्ञप्ति प्रकाशित गरी जिल्ला न्यायाधीश गिरीशकुमार शर्माबाट कानून व्यवसायीहरूको मर्यादामाथि आँच पुऱ्याएको भनी खेद व्यक्त गरे।

नेपाल पत्रकार महासंघ, पर्सा शाखाले विधानअनुसार सदस्यता माग गर्ने पत्रकारहरूलाई सदस्यता नदिएपछि महासंघका ६ जना पत्रकारले विधानबमोजिम हकदार पत्रकारहरूलाई सदस्यता दिनुपर्छ भनी वक्तव्य प्रकाशित गरेको ४ महिनापछि साउन १७ गते केन्द्रीय समितिमार्फत् बनेको आयोगले समस्या समाधान गऱ्यो।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

वसडीलवा गाविस-८ रतनपुरका ३२ वर्षीय इसराइल मियालाई खेतमा पराल लिएर गइरहेको बेला अज्ञात व्यक्तिहरूले गोली चलाउँदा ०५३ पुस २१ गते मृत्यु भयो। गाँजा रोपेबापत दिनु पर्ने रंगदारी कर नदिएका कारण उक्त गोली चलाएको हुनसक्ने अनुमान गरिएको छ। पीडकहरू पत्ता लाग्न सकेका छैनन्।

पसौनी भाटा गाविस-३ की मधुदेवी कलवारलाई आफ्नै पति ध्रुवप्रसाद कलवारले सौता-सौताबीच झगडा हुँदा जेठी पत्नीसंग मिली ०५३ माघ १४ गते मट्टितेल खन्याएर आगो लगाइ हत्या गरे। पीडक फरार छन्।

बिरूवागुठी गाविस-५ बडनीहारमा बाख्राले बाली खाइदिएको निहुँमा झै-झगडा हुँदा कृष्ण साह कानु, विलिराम साह कानु र वलदेव साह कानुले लाठीले हिर्काउँदा ०५३ माघ २६ गते ६० वर्षीय रामसुन्दर साहको मृत्यु भयो। पीडितले

प्रहरीमा हमला हुनसक्ने पूर्व जानकारी गराएका भए तापनि त्यस सम्बन्धमा प्रहरीले खासै चासो नलिएको पीडित-पक्षको गुनासो छ।

बागेश्वरी तिमौना गाविस-५ स्थित २० वर्षीय विषमतियादेवी रायभरनीको सिंघाड खोलाको किनारमा बोरामा हाली फ्याँकिएको लास कुहिसकेको अवस्थामा ०५३ फागुन ५ गते फेला पर्‍यो। उक्त घटनापछि बेपत्ता भएकाले उनको हत्या उनकै पति हिरामन रायभरनले गरेको हुनसक्ने अनुमान प्रहरीले गरेको छ।

बिरूवागुठी गाविस-३ की १३ वर्षीय बालिका मनोरमादेवीको ०५३ फागुन १७ गते हत्या गरी फालिएको लास गाउँभन्दा केही टाढा फेला पर्‍यो। हत्या गर्नुअघि बलात्कार गरिएको कुरा पोष्टमार्टमबाट थाहा भएको छ। पीडकहरू फेला पर्न सकेका छैनन्।

वीरगञ्ज नगरपालिका-१२ स्थित महालक्ष्मी लजमा आफ्नै छोरा देवेन्द्र भगतको ०५३ फागुन २५ गते भारतको मधुवनी बस्ने रामचन्द्र भगतले हत्या गरे। कान्छी पत्नीले जेठी पत्नीको उक्त छोरालाई अंश दिन नमानेको र छोराले अंश मागेकाले हत्या गरेको बयान पक्राउमा परेका पीडकले दिएको छ।

वीरगञ्ज नगरपालिका-१९ इनरूवाकी १९ वर्षीय मञ्जुकुमारी साहको रहस्यमय तरिकाबाट मरेको लास ०५४ असार १२ गते दाहसंस्कार गरियो। दाइजोका कारण घरमा हेलाँ गर्दै आएकी मञ्जुलाई सर्पले टोकेर मरेको बताइए पनि गाउँलेहरू यो हत्या नै हो भन्नेमा विश्वस्त छन्। अहिले पीडितको घरका सबै परिवार फरार छन्।

वीरगञ्ज नगरपालिका-१३ आदर्शनगरका शिवकुमार गोयन्कालाई पसलबाट घर फर्किंदै गरेको अवस्थामा ०५४ असार २७ गते गोली हानी घाइते बनाइयो। पीडकहरूले पैसा मागेको तर नदिएपछि साइकलमा आएका ८-१० जनाको सो समूह गोली हानी भागेका थियो। पीडकहरू पत्ता लागेका छैनन्।

वीरगञ्ज नगरपालिका-२ स्थित महावीर राइस मिलअगाडि ४ लाख रूपैयाँ ब्यागमा हालेर रिक्सामा चढी

सुपौलीमा राजनीतिक समूहद्वारा कुटपिट गरी घाइते बनाइएकाहरू

अरब बैंकमा जम्मा गर्न जाँदै गरेका छेडिलाल शर्मासंग मुखमा पट्टी बाँधी पिछा गर्दै आएका केही व्यक्तिहरूले ब्याग माग्दा नदिएपछि गोली हानी हत्या गरे। हत्या गर्नेहरू पक्राउमा परेका छैनन्।

वीरगञ्ज नगरपालिका-१३ को अशोकबाटिका निवासी मुनीदेवी शर्मालाई दाइजो प्रशस्त नल्याएको भनी बिहे भएको ६ वर्षपछि ०५४ साउन २२ गते विष खुवाई मट्टितेल हाली जलाएको हुँदा शिवप्रसाद शर्मा र पुनमदेवीलाई प्रहरीले हिरासतमा लिएको छ। मृतकका पति गोपाल शर्मा तथा विनोद शर्मा र हिरामान शर्मा फरार छन्।

वीरगञ्ज नगरपालिका-१९ का वडा सदस्य पुरूषोत्तम झाका १९ वर्षीय छोरा पुप्पु झालाई ०५३ चैत २ गते माइस्थानमा क्यासेट पसल गरी बस्ने विजय पट्टेलले आर्थिक माग राखी अपहरण गरी भारतको मोतिहारीमा पुर्‍याइ लुकाए। पछि पीडितका बाबुसंग ३० हजार माग गरेअनुरूप दिइएपछि उक्त बालकलाई ल्याउन पीडित पक्ष सफल भयो।

यस वर्ष यो जिल्लामा डकैतीबाट ४ जना, आतंकबाट २ जना र जंगली जनावरबाट ३ जनाको मृत्यु भयो। ब्ल्याकमेलिङबाट २ जना पीडित भए। २ महिला र ३ पुरूषसमेत ५ जनाले आत्महत्या गरे।

●



२. मध्यमाञ्चल
नारायणी
२.१० चितवन

जनसंख्या	३५४४४८
साक्षरता	५५.७ प्रतिशत
महिला साक्षरता	४३ प्रतिशत
क्षेत्रफल	२२१८ वर्ग कि.मी.
गाविस/नपा	३६/२
निर्वाचन क्षेत्र	४
विद्यालय/क्याम्पस	३४६/९
अस्पताल/स्वास्थ्यचौकी	६/४८
टेलिफोन लाइन	४३९३
सडक (कि.मि.)	५१०
प्रहरी कार्यालय	२६
हुलाक	४२

हिन्दूहरूको पवित्र तीर्थस्थल देवघाट, कृष्णगण्डकी नदी, पूर्व र पश्चिम जाने यातायातको केन्द्र र औधी खाद्यान्न फल्ने उर्वर जिल्लाको रूपमा चितवनको नाम लिने गरिन्छ। राम्रो शैक्षिक र आर्थिक स्तर रहेको यस जिल्लामा चौहत्तरै जिल्लाबाट बसाईं सरेर आएका जनता भेटिन्छन्। त्यसैले यो जिल्ला ७६ रौं जिल्लाको रूपमा पनि चर्चित छ। अझै पनि धेरै पिछडिएको अवस्थामा रहेको चेपाङ जाति पनि यस जिल्लामा छन्। विविध भाषा, जाति, धर्म र रहनसहन भएका मानिसहरूको संगम भइकन पनि चितवनमा भएका मानवअधिकार उल्लंघनका घटनाहरूलाई केलाउँदा खासै धेरै भन्न सकिंदैन। यस वर्ष यस जिल्लामा महिलामाथिको हिंसा र अत्याचारका घटनामा अत्याधिक वृद्धि भएको पाइयो।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

थुनुवा र बन्दी गरी ९३ पुरुष, १२ महिला तथा २ नाबालकसमेत यस जिल्लाको कारागारमा जम्मा १ सय ७ जना बन्दीहरू रहेका छन्। गत वर्ष एक जना महिला बन्दी हिरामाया लामाको हात प्रहरी हवल्दारको लाठीबाट भाँचिए पछि बन्दी र सुरक्षाकर्मीबीच सम्बन्ध बिग्रेको भएता पनि त्यसपछि लामो समयसम्म स्थिति सामान्य रह्यो। तर ०५३ चैत २५ गते कारागारका सम्पूर्ण बन्दीहरूले असई लोकप्रसाद अमागाई र प्रहरी जवान दीपकलाल वि.क.लाई सरूवा गर्नुपर्ने माग राखी आन्दोलन गरे। भेटघाटमा बाधा खडा गरेका कारणले रिले अनशनसम्म पुगेको सो आन्दोलन असइलाई सरूवा गरेपछि समाप्त भयो।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

जानकारीमा आएन।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

रत्ननगर नगरपालिकाका कर्मचारीहरू जगदीश राउत, असर्फी राउत र दीपप्रसाद रूवालीलाई ०५४ असोज १ गते नेपाल बन्दको क्रममा काम बन्द नगरेको भनी नेपाल विद्यार्थी संघका कार्यकर्ताहरूले कुटपिट गरे।

कृषि तथा पशु विज्ञान अध्ययन संस्थान रामपुरमा अध्ययनरत् विनोद श्रेष्ठ र अमर बहादुरलाई ०५३ फागुन १४ गते राति १०.३० बजेतिर छात्रवासमा सुतिरहेको अवस्थामा नेपाल विद्यार्थी संघका विद्यार्थीहरूले कुटपिट गरे। स्ववियु निर्वाचनमा मतदानको विषयलाई लिएर विवाद भएपछि उक्त कुटपिट गरिएको थियो।

सप्तगण्डकी बहुमुखी क्याम्पसका प्रमुख बालकृष्ण पौडेल र सहायक प्रमुख मुक्तिनाथ ढकाललाई ०५३ फागुन १४ गते राति स्ववियु निर्वाचनको मतगणना भैरहेको बेला नेपाल

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	-
वन सुरक्षाकर्मीद्वारा मृत्यु	-	१	-
वन आरक्षकको गोलीद्वारा	१	१	-
हिरासतमा यातना	-	-	-
बलात्कृत	६	१	८
स्वास्थ्यकर्मीद्वारा	-	-	१
आत्महत्या	६	९	५४

विद्यार्थी संघका केही कार्यकर्ताहरूले आक्रमण गरी सख्त घाइते बनाए। पीडकहरूमाथि कुनै कारवाही भएन।

विरेन्द्र बहुमुखी क्याम्पसका शम्भु अर्याललाई ०५३ फागुन १५ गते अनेरास्ववियु समर्थक विद्यार्थीहरूले कुटपिट गरे।

शुक्रनगर गाविसका सचिव कालिकाप्रसाद घिमिरेलाई ०५४ असार १ गते सोही गाविसका अध्यक्ष पदका स्वतन्त्र उम्मेदवार डोरराज बसेलले शपथग्रहण कार्यक्रममा बोल्न नदिएको भनी कुटपिट गरे।

अयोध्यापुरी गाविस-५ खरकट्टाका राजु क्षेत्रीलाई ०५४ असोज २१ गते राति सांस्कृतिक कार्यक्रम हेरिरहेको अवस्थामा सोही गाविस-२ का भ्याकबहादुर रानाभाट र दीपक थापालगायतका व्यक्तिहरूले कुटपिट गरे। राजनीतिक कारणबाट उक्त कुटपिट भएको कुरा पीडितले बताए।

मंगलपुर गाविस-६ ढुंगाधारीका चन्द्रबहादुर रावल, सीता रावल, राजु रावल र रत्नदेवी रावललाई ०५४ असोज २९ गते शारदानगर बजारका भीमबहादुर रानामगर र क्यामरुङ वि.क.ले क्लबको बैठकमा प्रवेश नदिएको भनी कुटपिट गरे।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत चितवनमा दुई वर्षसम्म नछिनिएका १, एक वर्षसम्म नछिनिएका १२ र ६ महिनादेखि नछिनिएका १३ वटा मुद्दा रहेका छन्। यसैगरी संक्षिप्त कार्यविधिअन्तर्गतका ४ वटा मुद्दा ३ महिनाभन्दा बढी समयदेखि छिनिन बाँकी छ।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन/सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

विगत ६ महिनादेखि जिल्लाका असहाय, वृद्ध, अशक्तहरूलाई भत्ता नबाँडिएका कारण सम्बन्धित व्यक्तिहरू चिन्तित बनेका छन्।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

गीतानगर गाविस-६ की १६ वर्षीय तिलकुमारी परियारलाई ०५३ फागुन १६ गते भरतपुर नगरपालिका-२ नारायणगढका रामबहादुर तामाङले सुब्बा तामाङसंग मिलेमतो गरी विवाह गर्ने निहुँमा कहाँ पुऱ्याए भन्ने हालसम्म अत्तोपत्तो छैन। पीडितको पक्षबाट ०५४ जेठ ११ गते प्रहरीमा उजुरी दिएपछि सुब्बा तामाङलाई गिरफ्तार गरी तारेखमा छोड्ने आदेश दिइयो तर पीडक र पीडितको दुवैका बारेमा कुनै जानकारी छैन।

मंगलपुर गाविस-५ की हिरामाया बरमको लास

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
हत्या	३	१	२	३				
जेल	१				१			
कुटपिट	१२	१६		१६				
मौलिक अधिकार	१	३		३				
महिला किनबेच	५		६	६				
बलात्कार	८		८	८				
गर्भ पतन	१		१	१				
बालअधिकार	१		१	१				
आर्थिक अधिकार •	३	१४	२	१०१				
जातीय छुवाछूत	१	१		१				
अमानवीय व्यवहार	१		१	१				
लाश फेला	१	१		१				
चोरी/डकैती	२		१	१				
आत्महत्या •	५४			५४				
अन्य	४	२	३	५				
जम्मा	९८	३८	२५	२०२	१			

फड्केलो बाबुद्वारा हत्या गरिएकी सुशीला दवाडी

काभ्रेघाटस्थित नारायणी नदीमा ०५३ माघ १६ गते फेला पर्‍यो। यसअघि परपुरूष तेजबहादुर क्षेत्रीसंग शारीरिक सम्पर्क गरिरहेको अवस्थामा भेट्टाएर उनका पति गौरवबहादुरले गाविसका पदाधिकारी तथा अन्य जनताको रोहवरमा हिरामायालाई तेजबहादुरको जिम्मा लगाइदिएका थिए।

कठार गाविस-८ की २२ वर्षीय एक युवतीलाई ०५३ फागुन ८ गते दिउँसो सोही गाविसस्थित हेल्थपोष्टका इन्चार्ज रामचन्द्र गौतमले जाँच्ने निहुँमा कोठामा लगी बलात्कार गरे। पीडक कारवाही खेपिरहेका छन्।

कठार गाविस-२ का लखना चौधरी र विकना चौधरीद्वारा २०५१ असार ५ गते घरवाट भगाई वम्वैमा बेचिएकी रामपतिया चौधरी ०५३ फागुनमा भारतीय प्रहरीको सहयोगवाट नेपाल आउन सफल भइन्। आफूसँगै बेचिएकी पकुली चौधरीका बाबुसमेत मिली तत्काले पीडकहरूविरूद्ध उजुरी दिइए पनि पीडकहरूको पत्तो लाग्न सकेको छैन।

भरतपुर नगरपालिका-९ शरदपुरकी एक ८ वर्षीय बालिकालाई ०५४ साउन १ गते बारीमा कुर्मी खोज्न जाऔं भनी फकाइ लगेर भीमबहादुर विकले बलात्कार गरे। पीडक कारवाही भोगिरहेको छ।

रत्ननगर नगरपालिका-७ टिकौलीकी २४ वर्षीय एक लाटी युवतीलाई ०५४ भदौ ८ गते देवराज रिमाल र काले गुरूङले बलात्कार गरे। पीडकहरूमाथि जाहेरी पर्न नसकेकाले कुनै कारवाही भएन। पीडित कहाँ गइन् भन्ने पनि थाहा भएन।

रत्ननगर डेरा गरी बसेका धादिङ, कटुञ्जेका कृष्णप्रसाद सिम्खडाले शिवनगर गाविस-५ की १९ वर्षीय शान्ति चापागाईलाई बिहे गरेकोमा विवाहका सबै सामान र अर्को व्यक्तिको सामानसमेत चोरी भागेको छ। शान्तिलाई पनि छोडेर भागेको कृष्णप्रसाद केटी बेचबिखन गर्ने दलाल भएको आशंका पीडित पक्षवाट गरिएको छ।

खैरहनी गाविस-४ पर्साकी १४ वर्षीय शान्तिदेवी चौलागाईलाई ०५४ साउन १७ गते पर्सा जिल्लाको सुनवर्षा घर भई खैरहनीमा वरफ बेच्ने राजेन्द्र पासवानले बेपत्ता पारे। पीडकले बालिकालाई बिक्री गर्ने उद्देश्यले रक्सौलतर्फ लैजाँदै गर्दा वीरगञ्ज नगर प्रहरीले ०५४ साउन २२ गते पक्राउ गर्‍यो। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

कठार गाविस-६ वडागाउँकी साढे १ वर्षीय एक बालिकालाई ०५४ असोज १७ गते भरतपुर नगरपालिका-२ सौराह चोक वस्ने वडागाउँमा घर बनाउने काम गर्दै रहेको विश्वेश्वर दासले बलात्कार गर्ने प्रयास गरे। गाउँलेहरूले पीडकलाई समाती प्रहरी समक्ष बुझाए। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएकोमा पुनरावेदन अदालतले तारेखमा छाड्ने आदेश दिएको छ।

पदमपुर गाविस-६ की १५ वर्षीय एक बालिकालाई ०५४ कार्तिक १ गते रत्ननगर नगरपालिका-५ चित्रसारीका सन्जय अधिकारी र बछ्यौली मा.वि. मा अध्ययनरत् सौराहचोकका राजकुमार चौधरीले रत्ननगर नगरपालिकास्थित पंचकन्याको मूल नहरछेउमा लगी बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

मंघौली गाविस-५ पर्साढापकी ६ वर्षीय एक बालिकालाई ०५४ मंसीर २२ गते किरण लामाले पीडितकै घर नजिक खेतमा एक्लै भएका वेला बलात्कार गरे। पीडकलाई कारवाही भइरहेको छ।

खैरहनी गाविस-६ पर्साकी १४ वर्षीय एक बालिकालाई ०५४ मंसीर ११ गते सोही ठाउँका राम लटौलाले आफ्नो घरको कोठाभित्र लगी बलात्कार गरे। पीडकलाई पक्राउ गरिएको छ।

बसेनी मा.वि. भरतपुरमा अध्ययनरत १२ वर्षीय एक बालिकालाई ०५४ वैशाख १४ गते भरतपुर नगरपालिका-२ नारायणगढका रामकाजी तामाङले फकाई फुलाई रामनगर जंगलमा लगी वलात्कार गरेको वताइन्छ। अदालतले बलात्कार गरेको ठहर भएन भनी ०५४ पुस १० गते फैसला दिएको छ। हाल पीडक छुटेको छ।

भरतपुर नगरपालिका-१ रामनगरकी २२ वर्षीय विन्दु मगरलाई २०४८ जेठमा सोही ठाउँका गोपाल परियार, गोरे परियार, माया परियार र सुशीला परियारले बिक्री गरी विदेश पठाएका थिए। पीडित विन्दुले ०५४ जेठमा घर आई प्रहरीमा जाहेरी दिइन्। ०५४ असार १० गते अदालतमा मुद्दा परेकोमा पुस २२ गते अदालतले मूल पीडक ठहर्‍याएका गोपाल परियार र गोरे परियारलाई १५/१५ वर्ष, माया परियारलाई ५ वर्ष र सुशीला परियारलाई साढे २ वर्ष कैद तोकेकोले थुनामा राखिएको छ।

भरतपुर नगरपालिका-१० की १५ वर्षीय लाटी संगीता श्रेष्ठलाई ०५४ असार १८ गते नवलपरासी जिल्ला गैडाकोट-२ की निर्मला परियार, भरतपुर नगरपालिका-११ की सुकमाया परियार र वाग्लुङ नगरपालिका रातमाटाकी लक्ष्मी अर्यालले बिक्री गर्न भनी सुनौलीतर्फ लैजान पोखरा बसपार्कमा गाडी चढाउँदै गर्दा राजेन्द्र भन्ने व्यक्तिले भेटी हल्ला गरेपछि पीडकहरूलाई पक्राउ गरी पुर्पक्षका लागि थुनामा राखियो।

४.२ पारिवारिक हिंसा र वहुविवाह

जानकारीमा आएन।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

कल्याणपुर गाविस-३ की १८ वर्षीय पूर्णकुमारी गुरूङको ०५४ असोज ७ गते अयोध्यापुरी गाविस-८ का मेडिकल व्यवसायी दानियल राईद्वारा गर्भपतन गराउँदा-गराउँदै मृत्यु भयो। कल्याणपुर-३ का चुडामणि चापागाईसंग शारीरिक सम्बन्धभई गर्भ रहेकाले पूर्णमायाकी आमा आसमाया गुरूङ, चुडामणिको बुवा मुक्तिनाथ चापागाई र दानियल राईबीच सरसल्लाह भई रू. २ हजार ५ सय तिर्ने कबुल गरी गर्भ पतन गराउने नै निर्णय भएको थियो। दानियल राई, मुक्तिनाथ चापागाई, आसमाया गुरूङ र चुडामणि चापागाईलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

शुक्रनगर गाविस-३ की १७ दिनकी बच्चीलाई ०५४ असार २ गते घर नजिकैको पानी नभएको नहरमा सम्झना कुमाल्नी र उनको पति कम्पुता चौधरीले कर्कलाको पातमाथि राखी छोडिदिए। हाल पीडक दुवै जनालाई थुनामा राखिएको छ।

यस वर्ष आफ्नै झडकेलो बाबुद्वारा ३ वर्षीय बालिकाको हत्या भयो। यसैगरी १३ वर्षमुनिका ४ जना बालिकाहरू बलात्कारबाट पीडित भए।

६. आर्थिक अधिकार

(पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

बछ्यौली गाविस-२ सौराहस्थित राइनो लजका मजदूरहरू नवराज अर्याल, रामशरण अर्याल र केशव खनाललाई ०५४ वैशाख ७ गते व्यवस्थापन पक्षले सेवाबाट अवकाश दियो। सौराहा क्षेत्रमा मजदूरहरू संगठित हुँदै गइरहेको कारण सचेत मजदूरहरूलाई कमजोर बनाउन यस्तो कदम चलाइएको कुरा मजदूर प्रतिनिधिहरू बताउँछन्। पीडितहरूले ०५४ जेठ २१ गते श्रम कार्यालयमा उजुरी दिएता पनि कुनै कारवाही भएको छैन।

होटल जंगल क्याम्पका १८ जना मजदूरहरूलाई ०५४ असार ७ गते व्यवस्थापन पक्षले विभिन्न बहानामा अवकाश दियो। यसअघि ०५३ चैत २६ गते १६ सूत्रीय मागसहितको २१ दिने अल्टिमेटमले जेठ ५ गते मजदूर र व्यवस्थापन पक्षको श्रम कार्यालय हेटौंडामा त्रिपक्षीय सम्झौता भई १४ वटा मागहरू पूरा गरिएका थिए। मागहरू पूरा गर्न १ महिनाको समय मिलाइएकोमा ३१ दिन पुगेको लगत्तै हुलाकमार्फत् अघिल्लो मितिमा नियुक्तिपत्र र पछिल्लो मितिमा अवकाश पत्र थमाइयो।

प्रेस मजदूर युनियन चितवनले ८५ जना मजदूरहरूको १५ बुँदे मागसहितको १५ दिने अल्टिमेटम ०५४ कार्तिक २५ गते मुद्रण संघमा पेश गऱ्यो। अन्तिम दिन मंसीर १६ गतेसम्म माग पूरा नगरे सम्पूर्ण प्रेसमा काम ठप्प गर्ने योजनाका साथ उक्त दिन मजदूरहरूले विरोध साइकल ऱ्यालीको आयोजना गरी माग पूरा गर्न अनिश्चित कालका लागि प्रेस बन्द गर्ने घोषणा गरे। यसैबीच मुद्रण संघ चितवनको बैठक यस विषयमा छलफल गर्दा कुनै टुंगोमा नपुगी टुंगियो भने अर्कोतिर मालिकहरूले माग पूरा नगर्दा मजदूरहरू विचल्लीमा परे।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

भरतपुर नगरपालिकाकी १९ वर्षीय गीता थापालाई लठ्याउने औषधी प्रयोग गरी विभिन्न ठाउँका धेरै जनालाई ठगी गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय, भरतपुरले ०५३ माघ २३ गते गिरफ्तार गऱ्यो। चोरीका सुन-चाँदी किन्ने छहारी सुन-चाँदी पसलका मालिक ऋषिराम पोखरेललाई पनि प्रहरीले पक्राउ गरेको छ।

कठार गाविस-४ शान्ति बजारका कृषक धनबहादुर वि.क.लाई ०५४ मंसीर ५ गते सोही ठाउँको नन्दिनी दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडले अछूत जातिको दूध लिन नहुने भनी फिर्ता गऱ्यो। पछि अछूत भनिनेहरू र दुग्ध उत्पादनकर्ताहरूसंगको छलफलपछि आइन्दा यस्तो भेदभाव नगर्ने भन्ने सहमति भई समस्या टुंगियो।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

भरतपुर नगरपालिका-१२ मा निर्मित मन्दिर रहेको जग्गा सम्बन्धी विवादमा जिल्ला अदालतले गरेको फैसलालाई लिएर ०५३ माघ १७ गते एक जुलुसले भरतपुर नपाको सभामा अतिथि रहनुभएको बेलामा न्यायाधीश फणीन्द्रदत्त शर्माको विरूद्ध नारा लगायो। पछि अदालतमा मानहानि मुद्दा में ठहर भयो। तर गणेश थापाले अदालतसमक्ष माफी मागेकाले सजाय माफी मिनाहा भयो।

९. अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

मंगलपुर गाविस-६ की २५ वर्षीय शुकमाया वि.क.लाई ०५३ पुस २९ गते आफ्नै पति बुद्धिबहादुर वि.क.ले छुरा प्रहार गरी हत्या गरे। उनले तत्कालै सोही छुराले घाँटी रेटी आत्महत्या गरे।

भरतपुर नगरपालिका-१ स्थित जंगलमा काठमाडौं बज्रयोगिनी गाविस-४ का हरिबहादुर डंगोलको लास ०५३

माघ ६ गते फेला पऱ्यो। हत्या भएको अनुमान गरिएको उक्त लासको बारेमा आवश्यक अनुसन्धान भइरहेको छ।

खैरहनी गाविस- ४ पर्साकी २ वर्षीय बालिका सुशीला दुवाडीलाई ०५४ असार ५ गते सौतेलो बाबु उत्तरबहादुर नेपालले घाँटी थिचेर हत्या गरे। आर्थिक स्थिति कमजोर भै पारिवारिक समस्या झेलिरहेका पीडकले बेला-बेलामा झै-झगडा र गाली गलौज गर्ने गरेको कुरा स्थानीय व्यक्तिहरू बताउँछन्। हाल पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

लोथर गाविस-५ का १५ वर्षीय दलबहादुर प्रजालाई ०५४ मंसीर ३ गते उनकै बाबु ४३ वर्षीय कृष्णबहादुर प्रजाले दुवै हात र घाँटी काटी हत्या गरे। आफ्नी पत्नी ४० वर्षीय फूलमाया प्रजासंग शारीरिक सम्बन्ध राखेका कारण त्यसो गरिएको पीडकले बताएका छन्। तर अपराध लुकाउनमात्र कृष्णले उक्त आरोप लगाएको र वास्तविकता अर्कै हुनसक्ने अनुमान गाउँलेले गरेका छन्। पीडकलाई पुर्पक्षका लागि कारागारमा राखिएको छ।

यस वर्ष यो जिल्लामा डकैतीबाट ३ जना, आतंकबाट १ जना र ब्ल्याकमेलिङबाट ३ जनाको मृत्यु भयो। जिल्ला प्रहरी कार्यालयमा दर्ता भएका मुद्दामा ४७ जना झुण्डिएर, ७ जनाले विष खाएर आत्महत्या गरे। जसमध्ये २७ जना पुरूष र २७ जना महिला रहेका छन्। २ सय ८४ वटा ट्राफिक दुर्घटनामा ८० जनाको मृत्यु भयो भने ४ सय ६९ जना पीडित भए।

●



२. मध्यमाञ्चल

नारायणी

२.११ मकवानपुर

जनसंख्या	: ३१५५८८
साक्षरता	: ३८.३ प्रतिशत
महिला साक्षरता	: २४.५ प्रतिशत
क्षेत्रफल	: २४२६ वर्ग कि.मी.
गाविस/नपा	: ४३/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय/क्याम्पस	: ३९९/५
अस्पताल/स्वास्थ्यचौकी	: २/४३
टेलिफोन लाइन	: २०००
सडक (कि.मि.)	: ३०५
प्रहरी कार्यालय	: २२
हुलाक	: ४७

दुई वटा राजमार्गको धनी, राजधानीसँगै जोडिएको यो जिल्ला सुगम घोषणा गरिए पनि व्यवहारका दृष्टिले भने दुर्गम जिल्लाका रूपमा चिनिन्छ। अर्ध जंगली अवस्थाका चेपाङ जातिसमेतको बसोबास रहेको यो जिल्ला औंद्योगिक क्षेत्रका रूपमा चिनिए पनि त्यसले मकवानपुरको समग्र प्रतिनिधित्व गर्न सकेको छैन। मकवानपुर र चिसापानी गढी, इन्द्र सरोवर, दामन, सीमभञ्ज्याङ र शहीद स्मारक जस्ता महत्वपूर्ण तथा ऐतिहासिक स्थान यहाँ भए पनि यसबाट मकवानपुर खासै लाभान्वित हुन सकेको छैन।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

मकवानपुर जिल्लाको भीमफेदी कारागार राणाहरूको ग्यारेजलाई २०२७ साल परिणत गरी बनाइएको हो। कारागारको भौतिक अवस्था नाजुक रहेको छ। कैदी र बन्दीहरू वर्षायाममा पनि खुला आकाशमुनि खाना पकाएर खान बाध्य छन् भने ३५ जना अट्ने उक्त कारागारमा ७० जना र कहिले काहीं त १ सय जनासम्म बन्दी/कैदी राख्ने गरिन्छ। यस वर्षको अन्त्यतिर भीमफेदी कारागारमा ५ जना महिला र ८४ जना पुरूष गरी ८९ जना कैदी/बन्दी रहेका छन्। महिला वार्ड र पुरुष वार्ड भिन्दाभिन्दै रहेको छ। पुरुष वार्डतर्फ २ कोठा रहेका छन्। कारागार भवनको अवस्था दयनीय छ भने सानो कम्पाउण्ड रहेको छ।

भीमफेदी कारागारमा रहेका बन्दीहरूमध्ये ज्यान मारेको अभियोगमा अदालतले १० वर्ष कैद तोकेको कमलसिंह घिसिङ जेलका मूल नाइके रहेका छन्। भीमफेदी कारागारमा ६० जना कैद नतोकिएका पुर्पक्षमा रहेका बन्दीहरू छन् भने २९ जना २ महिनादेखि १० वर्षसम्म कैद तोकिएका बन्दीहरू छन्।

यस जेलमा ६ महिनादेखि १ वर्षसम्मका ३७ जना बन्दी रहेका छन्।

भीमफेदी कारागारभित्र सीपमूलक एवं आय आर्जन गर्न कामको व्यवस्था हुनुपर्ने माग बन्दीहरूको छ। पत्रपत्रिका उपलब्ध नहुने, लेख्न, पढ्न समस्या, सानो ठाउँमा धेरै बन्दी, भान्साघरको अभाव, महिला बन्दीहरूको लागि टेलिभिजन आदिको माग पनि बन्दीहरूको रहेको छ।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

हेटौंडा नगरपालिका-१० राप्तीरोडस्थित पुष्कर दाहालको कोल्ड स्टोरमा पुष्कर, भूपेन्द्र अधिकारी र तुलसी श्रेष्ठलाई ०५३ चैत १५ गते ९ बजेपछि पनि पसल बन्द नगरेको भनी प्रहरीहरू एक्कासि भित्र पसी पक्राउ गरी कुटपिटसमेत गरे। उक्त घटनामा संलग्न प्रहरीलाई विभागीय कारवाही गरिने सहमति भयो।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

फापरवारी गाविसका ५३ वर्षीय लोकबहादुर थापाको ०५४ जेठ ११ गते राति माओवादी अनुमान गरिएका केही

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	-
हिरासतमा यातना	१	१	१
आरक्षमा यातना	१	-	-
बलात्कृत	*१	४	३
प्रहरीद्वारा	-	१	-
आत्महत्या	३१	४३	३७

व्यक्तिहरूले सुत्ने कोठामा जिलेटिन पड्काउँदा थापाको देब्रे हातको सबै औंला नष्ट भए।

पदमपोखरी गाविस पातलेका वासुदेव ढुंगानाको परिवारलाई ०५४ असार २४ गते आफूलाई नेकपा (माओवादी) भन्ने व्यक्तिहरूले मार्ने धम्की दिंदै तमसुक र लालपूर्जा लुटेर लगे।

पदमपोखरी गाविस-३ का २८ वर्षीय मनोजकुमार वाइबालाई ०५४ साउन ३ गते घरबाट अफिसतर्फ गइरहेको अवस्थामा नेकपा (माओवादी) कार्यकर्ता भनी शंका गरिएका व्यक्तिहरूले आँखामा खुर्सानीको धूलो हालिदिई निर्मम ढंगले कुटपिट गरे।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

नौ वाम घटकले आयोजना गरेको नेपाल बन्द सफल पार्न जुलुस निकाल्दा ०५४ असोज १ गते प्रहरीले संयुक्त जनमोर्चाका कार्यकर्ताहरू रमेश ढुंगाना, लोकनाथ गौतम, श्याम लामा, मंगल सिंहलगायत्का थुप्रै व्यक्तिलाई गिरफ्तार गऱ्यो। उनीहरू सबैलाई भोलिपल्ट नै छोडिएको थियो।

नौ वाम समूहले ०५४ असोज १ र २ गते आह्वान गरेको नेपाल बन्द कार्यक्रममा शान्तिपूर्ण जुलुस प्रदर्शन गर्दा हेटौंडा बजारबाट प्रहरीले संजमो नेपालका श्याम लामालगायत्का ५ जनालाई गिरफ्तार गऱ्यो। जुलुसमाथि लाठीचार्ज गरेर तितर-वितर पारियो।

आग्रा गाविसका अध्यक्ष पदका प्रत्यासी गौतमबुद्ध लामालगायत करीब ५ सय जनालाई ०५४ जेठ १३ गते स्थानीय निर्वाचनका क्रममा मतदान भइरहेको अवस्थामा राप्रपाका कार्यकर्ताहरूले मतदान गर्न नदिइ लखेटे। चुनावी परिणामलाई जबर्जस्ती आफ्नो पक्षमा घोषणा गर्न लगाएको पनि पीडित मतदाताहरूले बताए।

२.२ धार्मिक स्वतन्त्रता

जानकरीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालत हेटौंडामा ३ वर्ष वा सोभन्दा बढी समयदेखि नछिनिएका मुद्दाहरूको संख्या २० वटामात्र रहेको छ। जसमा फौज्दारी सरकारवादी ८, संक्षिप्त देवानी ५, फौज्दारी दुनियाँवादी ६ र साधक १ रहेका छन्।

पुनरावेदन अदालतमा २ वर्षसम्म नछिनिएका मुद्दाहरूको संख्या ८२ रहेको छ। फौज्दारी सरकारवादी ३०, संक्षिप्त देवानी १६, फौज्दारी दुनियाँवादी ३६ रहेका छन्। एक वर्षसम्म नछिनिएका मुद्दाहरूको संख्या ७ सय ६८ रहेको छ। ६ महिनासम्म नछिनिएका मुद्दाहरूको संख्या ३ सय ९१ रहेको छ। ३ महिनाभन्दा बढी समयदेखि नछिनिएका मुद्दाहरू १७ रहेका छन्। यहाँ दैनिक ७ देखि १० मुद्दाहरू किनारा लाग्ने गरेको पाइएको छ।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन/सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

२०५० सालको भीषण बाढी र पहिरोको चपेटामा परी सुकुम्बासी बनेका करीब ४ सय घर धुरीलाई श्री ५ को

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	५	३	२	५				
गोलीद्वारा हत्या	१	१		१				
गिरफ्तारी यातना	२	९		९	२	९		९
कुटपिट	२	२		२				
धम्की	३	४		४				
महिला किनबेच	४		५	५				
बलात्कार	३		३	३				
महिला भएकै कारणले दिइने यातना	२		२	२				
गर्भ पतन	१		१	१				
आर्थिक अधिकार	१							
चोरी/डकैती	१	२		२				
आत्महत्या	३७	१६	२१	३७				
दुर्घटनाहरू/विपत्तिहरू	३	४		४				
जम्मा	६५	४१	३४	७५	२	९		९

सरकारको सक्रियतामा ताइवानीहरूले पदमपोखरी गाविस-१ मा घर बनाएर बस्ने व्यवस्था गरिदिएका छन्। परम्परागतरूपमा सुकुम्बासी बन्दै आएकाहरूको संख्या अहिलेसम्म मकवानपुर जिल्लामा १ हजार ६ सय ३० जना रहेको कुरा सुकुम्बासी आयोगको तथ्यांकले जनाएको छ। सोमध्ये हेटौंडा नगरपालिका वरिपरि रहेका सुकुम्बासीहरू हेटौंडा नगरपालिका-११ को राप्ती खोलाले कटान गरेर बगर बनाएको ऐलानी जग्गामा स-साना छाप्रो हालेर बसेका छन् भने केही सुकुम्बासीहरू मनहरि र लोथरबीचको सडकको दायाँ-बायाँको जग्गा अतिक्रमण गरेर छाप्रो हालेर जीविका चलाइरहेका छन्।

०५४ सालदेखि नै वृद्ध, असहायहरूका लागि दिइने भत्ता जिल्लामा पठाइएको छैन। मकवानपुर उद्योग वाणिज्य संघ, नारायणी यातायात व्यवसायी संघ, हेटौंडा नगरपालिका र प्रकाश काफ्ले स्मृति कोषले मा.वि. स्तरदेखि उच्च शिक्षा स्तरसम्म विभिन्न छात्रछात्रालाई छात्रवृत्तिहरू प्रदान गर्दै आएको छ। प्रजा विकास कार्यक्रमले विद्यालय जाने चेपाङका छोराछोरीलाई विद्यालय पोशाक, किताव, कापी र कलम दिने गरेको छ।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

हेटौंडा नगरपालिका-६ की एक युवतीलाई गाइबूढी भन्ने ४२ वर्षीय डम्बरदेवी गौतमले भारतमा सर्कस खेल्न जाने भनी फुक्याएर २५ हजार रूपैयाँमा बेचेकी थिइन्। युवती फर्कन सफल भएर उजुरी गरेपछि ०५३ माघमा प्रहरीले पीडकलाई गिरफ्तार गर्‍यो। पीडक अहिले भीमफेदी कारागार थुनामा छन्।

ठिंगन गाविस पीपलडाँडाकी एक २५ वर्षीय युवतीलाई हिरालाल स्याङ्तानले ०५३ फागुन २८ गते सुतिरहेको अवस्थामा झ्यालबाट पसेर मुख थुनी बलात्कार गरे। स्थानीय जनताको प्रयासमा पीडकलाई गिरफ्तार गरिएको छ। पीडक थुनामा रहेका छन्।

हेटौंडा नगरपालिका-३ डेरा गरी बस्ने १७ वर्षीय सुकुमायालाई विवाह गर्छु भनी फुक्याएर भारतको वेश्यालयमा लगी ३० हजार भा.रू.मा बेच्ने बसामाढी गाविस-४ का पूर्ण लामालाई ०५३ चैत ५ गते प्रहरीले पक्राउ गर्‍यो। पीडकलाई पुर्पक्षका लागि जेलमा राखिएको छ।

राई गाउँ र धिमाल गाविसका टिटीमाया पाखिन र माया पाखिनलाई गलैचामा काम लगाइदिन्छु भनी फुक्याएर बम्बैमा लगी बेच्ने बाराका जगतबहादुर रूम्बा र सिन्धुलीका शुकदेव थिङमध्ये शुकदेवलाई प्रहरीले पक्राउ गरी पुर्पक्षको लागि कारागारमा राखिएको छ।

हेटौंडा नगरपालिका-११ की २६ वर्षीय पार्वती परियारलाई २०४६ फागुनमा बम्बैको वेश्यालयमा लगी बेच्ने आफ्नै मामाको छोरा दुर्गे परियार र बम्बईमा वेश्यालयमा संचालन गरेका रामबहादुर भन्ने जंगबहादुर थापालाई प्रहरीले पक्राउ गरेको छ। आफू ७ वर्षपछि नेपाल आउन सफल भएकीले पार्वतीले प्रहरीलाई खबर गरी पीडकहरूलाई पक्राउ गराएकी थिइन्।

हेटौंडा नगरपालिका-९ पशुपतिनगरमा सर्लाहीबाट बास बस्न आएकी ११ वर्षीय बालिकालाई ०५४ वैशाख १७ गते सुतिरहेको बेला ३५ वर्षीय रूद्र बरालले मुख थुनी बलात्कार गरे। पीडक तत्काल थुनामा परे।

पदमपोखरी गाविस-५ का १७ वर्षीय आइती लामा र २१ वर्षीय विशुमाया वि.क.लाई ०५४ असोज ७ गते वीरगञ्ज घुम्न जाने भनी सोही ठाउँ बस्ने अकुर स्याङ्तानले फुक्याएर लगी भारतको वेश्यालयमा बेचेका छन्। पीडक स्याङतान फरार छन् भने युवतीद्वय वेश्यालयमा नै छन्।

नारायणगढ घुम्न जाने बहानामा काठमाडौं महानगरपालिकाकी १५ वर्षीय एक बालिकालाई ०५४ कार्तिक १ गते सोही ठाउँका हिराबहादुर कसाईले चुरियामाइको जंगलमा लगेर बलात्कार गरे। पीडक कसाईलाई प्रहरीले पक्राउ गरी पुर्पक्षका लागि थुनामा राखिएको छ।

४.२ पारिवारिक हिंसा र वहुविवाह

यो वर्ष एक महिलालाई उनकै पतिले माइतमा धेरै बसेको निहुँमा निर्मम यातना दिई घाइते बनाए। तर पीडकलाई कुनै कारवाही भएन।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

चित्लाङ गाविस-४ पुपुची गाउँकी ज्ञानेश्वरी गमालले ठूलो बाबुका छोरा राजु गमाल तथा दाजु नाता पर्ने दुवल गमालसंग अवैध शारीरिक सम्पर्क राखेपश्चात नौ महिना पुगेपछि गर्भ पतन गराई बच्चा फ्याँकिन्। ज्ञानेश्वरी अहिले १८ वर्षीय ज्ञानेश्वरी भीमफेदी कारागारमा छिन्।

चेलीबेटी बेचविखनमा संलग्न जगे थापा, दुर्गे परियार र कृष्ण लामा

जिलेटिन पड्काई घाइते बनाइएका लोकबहादुर थापा

५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

सिस्नेरी गाविस-५ की २९ वर्षीय ठूलीमाया योञ्जनले ०५४ असार १८ गते अवैध संसर्गबाट रहन गएको गर्भबाट जन्म भएको नवजात शिशुको घाँटी निचोरी हत्या गरिन्। योञ्जन पुर्पक्षका लागि थुनामा राखिएकी छिन्।

यस वर्ष यो जिल्लामा २ जना बालिकाहरू बलात्कारबाट पीडित भए।

६. आर्थिक अधिकार

(पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

नविन रि-रोलिङ बसामाडीका मजदूरहरूले ११ सूत्रीय माग राखेर ०५४ असारदेखि साउन १ गतेसम्म हड्ताल गरे। पछि उद्योग व्यवस्थापन र मजदूरबीच सम्झौता भई हड्ताल टुंगियो।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

यस जिल्लामा कहीं-कहीं हलिया प्रथा रहेको पाइन्छ। तिनीहरूका खास समस्या प्रकाशमा आएका देखिएनन्।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

डाँडाखर्क गाविस-७ की रमला सुनुवारलाई ०५४ भदौ ११ गते हर्कबहादुर लामाले विवाह गरेपछि लामाको बाबु आमाले घरबाट निकालिदिए। सानो जात भनी उनीहरूलाई अभिभावकहरूले घरभित्र समेत पस्न दिएनन्।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

०५४ जेठ ११ गते माओवादीहरूले राप्रपा, मकवानपुरका अध्यक्ष लोकबहादुर थापाको हत्या गर्ने उद्देश्यले आक्रमण गरेको विरोधमा जेठ १२ गते नेकपा (एमाले) लाई दोषी बनाइ हेटौंडा बजारमा राप्रपा समर्थक व्यक्तिहरूले जुलुस निकाले। सोही घटनालाई लिएर नेकपा (एमाले) मकवानपुरले दुःख व्यक्त गर्दै थापाको हत्याको प्रयासमा एमालेको कुनै संलग्नता नरहेको भनी ०५४ जेठ १३ गते प्रेस विज्ञप्ति प्रकाशित गरी स्पष्टीकरण दियो।

मकवानपुर उद्योग वाणिज्य संघले एक विज्ञप्ति प्रकाशित गरी ०५३ पुस २९ गते साँझमा हातहतियारसहितको एक जत्थाले कर विभाग र राजश्व अनुसन्धान विभागका कर्मचारी हौं भनी बजारबाट जबर्जस्ती ५ लाख बराबरको सामान उठाइ लगेकोमा उक्त कार्यको भर्त्सना गऱ्यो। दोषीउपर कारवाहीको माग पनि उक्त विज्ञप्तिमा गरिएको थियो।

९. अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

सरिखेल गाविस-९ का ४५ वर्षीय आफ्नै पत्नी माइलीमाया मोक्तानलाई ०५३ माघ १८ गते ५२ वर्षीय सिंहबहादुर मोक्तानले सधैं झगडा गर्ने गरेको भनी मनहरी बजार आउने क्रममा जंगलमा हतियार प्रयोग गरी हत्या गरे।

धियाल गाविस-५ का जदन सिंहले बारीमा मकै खान आएको बाँदरलाई हान्न मिलाइ राखेको बन्दूक ८ वर्षीय छोरा समिर बलले चलाउँदा ५ वर्षीय आफ्नै बहिनी मिलन बललाई लागी ०५४ साउन २९ गते घटनास्थलमै मृत्यु भयो।

हेटौंडा नगरपालिका-४ कर्राटोलकी पदमा कर्माचार्यलाई ३२ वर्षीय हरिशचन्द्र कर्माचार्यले ०५४ असोज १५ गते सामान्य घरायसी झैं-झगडाको निहुँमा घाँटीमा सल कसेर हत्या गरे। पीडक आफैंले प्रहरीलाई हत्याको जानकारी गराएका थिए।

मनहरि गाविस-१ का रिद्धि गौतमलाई लोथार बजारको एक होटलमा मादक पदार्थ सेवनपश्चात् केटी जिस्काउन लागेका एक हुललाई नजिस्काउन आग्रह गर्दा ०५४ असोज २३ गते छुरी प्रहार गरी हत्या गरे। काठमाडौं बौद्ध निवासी पवन गुरुङ र अरूण गुरुङ फरार भए भने हेटौंडा नगरपालिका-३ का सानु प्रधान, विजय जोशी, दिनेश थापा र अम्बर सिंहलाई जनताले नै समातेर प्रहरीलाई बुझाएका थिए। पीडकहरू पुर्पक्षमा लागि थुनामा रहेका छन्।

टिष्टुङ गाविस-६ को जंगलमा शिकार खेल्न गएका ५२ वर्षीय मानसिंह स्याङ्तानको आफैंसंग शिकार खेल्न गएका शेरेपा गोलेले वन्यजन्तुलाई हानेको गोलीले लाग्दा ०५४ कात्तिक ७ गते तत्काल मृत्यु भयो। पीडक अन्य शिकार खेल्न गएकासँगै पक्राउमा परेका छन्। पीडकहरू सबै अदालतबाट धरौटीमा रिहा भए।

यस वर्ष यो जिल्लामा व्यक्तिगत रीसइवीका कारण भएका ३ वटा कुटपिटका घटनामा ३ जना पुरूष र १ जना महिला समेत ४ जना पीडित भए। डकैतीको एउटा घटनामा २ जना पीडित भए। हैजाको महामारीबाट २९ जना, ट्राफिक दुर्घटनामा १ जना, चट्याङ्मा परी २ जना र रोपवेको तारबाट खसेर १ जनाको मृत्यु भयो। २१ महिला र १६ जना पुरूषले आत्महत्या गरे। आग्रा गाविस-८ की १३ वर्षीय उर्मिला नामाङले ०५४ भदौ ६ गते आर्थिक अभावका कारण विद्यालय जान नपाएपछि विष सेवन गरी आत्महत्या गरिन्।

●



२. मध्यमाञ्चल

वागमती

२.१२ ललितपुर

जनसंख्या	: २५७०८६
साक्षरता	: ६३.८ प्रतिशत
महिला साक्षरता	: ४९.१ प्रतिशत
क्षेत्रफल	: ३८५ वर्ग कि.मी.
गाविस/नपा	: ४१/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय/क्याम्पस	: २७७/१५
अस्पताल/स्वास्थ्यचौकी	: २/३१
टेलिफोन लाइन	: १५०००
सडक (कि.मि.)	: १६४
प्रहरी कार्यालय	: २३
हुलाक	: ४५

ललितपुर विश्व सम्पदाको सूचीमा रहेको आकर्षक र ऐतिहासिक महत्वसहितको पाटन दरबार, कृष्ण मन्दिर, गोल्डेन मन्दिर, बौद्ध बिहार र बगलामुखी जस्ता मन्दिरका कारण अत्याधिक पर्यटकहरूलाई मोहित पार्न सफल रहेको छ। यो जिल्ला अति सुगम र अति दुर्गम क्षेत्रहरू मिलेर बनेको जिल्लामध्ये पर्दछ। एकातिर राजधानी जत्तिकै प्रत्येक कुरामा सम्पन्न ठाउँ पनि यहाँ छ भने अर्कोतिर वर्षायामभरका लागि वर्षापहिले नै सामानको व्यवस्था गरेर बस्नुपर्ने ठाउँहरू पनि यहाँ छन्। दरिद्रपन र शोषणबाट पीडित यो जिल्ला बारम्बार मानवअधिकार उल्लंघनको घटनाका कारण चर्चामा आउने गर्दछ। भम्सिखेलस्थित धोबिघाटमा बस्दै आएका अमेरिकी लेकउड ओहिमाका समाजसेवी फादर थोमस इ. ग्याफ्नेको विभत्स हत्याले यो वर्षको अन्त्यतिर ललितपुर निकै चर्चित रह्यो।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

वि.सं. २०२७ सालदेखि राजनीतिक बन्दीहरू राख्ने गरिएको चर्चित जेलको रूपमा गनिएको नख्खु कारागार यसै जिल्लामा पर्दछ। हाल यस जेलमा एक जना पनि आस्थाका बन्दी नरहेको बताइएता पनि सिन्धुपाल्चोकबाट सरुवा भई आएका प्रेमबहादुर तामाङलगायत् ६ जना बन्दीहरू आफूलाई माओवादीको आरोपमा अन्य मुद्दा लगाई थुनिएको बताउँछन्। सामुदायिक पुनर्स्थापना केन्द्र र जनरल ब्लक गरी दुई भागमा विभाजित रहेको यस जेलमा एकातिर लागू पदार्थ र दुर्व्यसनीमा लागेका व्यक्तिहरूलाई राखिन्छ भने अर्कोतिर सामाजिक अपराध र गैरकानूनी कार्य गरेको आरोपमा सजाय दिइएका बन्दीहरूलाई राखिन्छ। यहाँका बन्दीहरू कुनै उद्यम गर्न नपाएकोमा गुनासो व्यक्त गर्दछन्। १ सय ५० जना बन्दी राख्न सकिने क्षमता रहेको यस जेलमा हाल १ सय ८५ जनालाई राखिएको छ। जसमा १ सय जना थुनुवा र ८५ जना कैदी रहेका छन्, जसमध्ये ३ जना भारतीय र एक जना बृटिश नागरिक पनि रहेका छन्। गत वर्ष ज्यान मुद्दामा रहेका कालुबहादुर तामाङ जेलबाटै फरार भएका थिए र हालसम्म उनलाई फेला पार्न नसकिएको थाहा भएको छ।

धापाखेल गाविस-४ का जिते सार्कीलाई २०५१ असार ३१ गते धापाखेल-५ का लेखनदास दिलकृष्ण महर्जनको हत्याको आरोपमा पुर्पक्षका लागि नख्खु कारागारको थुनामा राखिएको थियो। सोही जेलमै रहेको अवस्थामा ०५४ साउन १८ गते बिहान उनको मृत्यु भयो। उनी त्यस समयभन्दा अघिदेखि नै बिमारी भइरहेको हुँदा डाक्टर रिपोर्ट अनुसार बिमारीकै कारण मृत्यु भएको हो।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

नेकपा संयुक्त, जनमोर्चालगायत्का वाम पार्टीहरूको संयुक्त आयोजनामा आयोजित उपत्यका बन्दको कार्यक्रम सफल पार्ने सम्बन्धमा जुटिरहेका बेला प्रहरीले ०५४ भदौ १ गते संजमोका नेता लीलामणि पोखरेललगायत्का व्यक्तिहरूलाई विनाचेतावनी गिरफ्तार गरी सोही दिन साँझ सबैलाई रिहा गरेको थियो।

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	-
थुनामा मृत्यु	-	-	१
हिरासतमा यातना	-	-	-
बलात्कृत	२	९	४
आत्महत्या	१०	१८	५५

नौ वाम पार्टीहरूले महंगीको विरोधमा आयोजना गरेको नेपाल बन्दको सिलसिलामा ०५४ भदौ १३ गते प्रहरीले रामलाल महर्जन, मोहनलाल श्रेष्ठलगायत्का ११ जनालाई संयुक्त जनमोर्चा नेपाल, ललितपुरको कार्यालयबाटै गिरफ्तार गरी सोही दिन रिहा गरिएको थियो। पीडित रामलाल महर्जनलाई भने केही दिनपश्चात् ५ हजार रूपैयाँ धरौटी राखेर निकालियो।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

सानागाउँ गाविस, गोदामचौरका ३८ वर्षीय केशरबहादुर केसीलाई ०५३ माघ १६ गते माओवादी हौं भन्नेहरूले टाउकोमा खुकुरी प्रहार गरी घाइते बनाए। त्यसपछि उक्त ठाउँमा प्रहरीले गस्ती बढाएको थियो। हालको स्थिति सामान्य रहेको छ।

ललितपुर उपमहानगरपालिका-१४ तिखेदेवलमा अध्ययन गरिरहेका शम्भु राईलगायत्का ३ जनालाई सोही ठाउँका बुद्धि थापालगायत्का १२/१४ जनाको एक समूहले स्थानीय निर्वाचनमा एमालेको समर्थनमा स्वयंसेवक भई कार्य गरेका कारण ०५४ जेठ १३ गते अपांग हुनेगरी कुटपिट गरे। पीडकलाई कुनै कारवाही भएन भने राईचाहिँ अझै अपांग जीवन बिताइरहेका छन्।

सातदोबाटो प्रहरी चौकीका प्रहरी जवानलाई ०५४ कार्तिक २२ गते काठमाडौं महानगरपालिका-११ थापाथलीका किशोर थापाले सार्वजनिक स्थानमा होहल्ला नगर भनेको निहुँमा फलामको डण्डीले हिर्काइ घाइते बनाए।

उपत्यका केरकार शाखाका प्रहरी कर्मचारी चेतबहादुर थापासहित ३ जनालाई ड्युटीमा रहेका वेला लुकुसीभन्दा १ कि.मि. पूर्वमा लुकुसी-६ का सुशील महर्जनले ०५४ मंसीर १९ गते ढुंगा प्रहार गरी घाइते वनाए। पीडकलाई कारवाही भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

ललितपुर उपमहानगरपालिका-८ सुवाहलस्थित मतदान केन्द्रमा नेकपा (एमाले) र नेपाली कांग्रेसका कार्यकर्ताबीच विवाद चर्केर झडप हुँदा ०५४ जेठ १३ गतेको मतदान स्थगित भएको थियो। दुई पक्षवीचको झगडाको क्रममा विष्णु चित्रकारलगायत्का व्यक्तिहरू घाइते भएका थिए। सो ठाउँमा मतदान स्थगित भएको पर्सिपल्ट पुनः मतदान सम्पन्न भयो।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा अदालतप्रति सबैको धारणा सकारात्मक रहे पनि ढिलासुस्तीप्रति भने आमजनताको गुनासो कायमै छ। अघिल्लो वर्षबाट यस वर्षमा सर्न आएकासमेत यस वर्ष जम्मा

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
हत्या	९	९		९				
थुनामा मृत्यु	१	१		१	१	१		१
गिरफ्तारी र यातना	२	२५		२५	२	२५		२५
कुटपिट	५	९		९				
निष्पक्ष चुनाव	१							
बलात्कार	४		४	४				
बलात्कार प्रयास	१		१	१				
महिला भएकै कारणले दिइने यातना	१		१	१				
बहुविवाह	४		४	४				
पारिवारिक हिंसा	१		१	१				
बालअधिकार	१		१	१				
आर्थिक अधिकार	३	१०	१	११				
जातीय छुवाछूत	१	१		१				
आतंक	३	३		३				
आत्महत्या	५५	१७	३८	५५				
दुर्घटनाहरू/विपत्तिहरू	२	३		३				
जम्मा	९४	७८	५१	१२९	३	२६		२६

२ हजार २ सय ३४ वटा मुद्दा पर्न आएका छन्। यो वर्षको अन्तसम्ममा १ हजार ३ सय १९ वटा मुद्दा फछ्र्योट भैसकेका छन् भने ९ सय १५ वटा मुद्दा फछ्र्योट हुन बाँकी रहेका छन्। यसरी दायर मुद्दामध्ये दुनियाँवादी देवानी १ हजार ३ सय ९४ वटा मध्ये ७ सय ६४ वटा फछ्र्योट भई ६ सय ३० वटा मुद्दा बाँकी छन्। संक्षिप्त देवानीका १८ मुद्दा मध्ये ६ वटा फछ्र्योट भई १२ वटा बाँकी हुन आएको छ। दुनियावादी फौज्दारीका ४ सय ५५ मुद्दामध्ये २ सय ९० वटा फछ्र्योट भई १ सय ६५ वटा बाँकी हुन आएको छ। संक्षिप्त फौज्दारीका ७६ मुद्दामध्ये ६३ वटा फछ्र्योट भई १३ वटा बाँकी हुन आएको र सरकावादी फौज्दारीका २ सय ९१ मुद्दामध्ये १ सय ९६ वटा मुद्दा फछ्र्योट भई ९५ वटा मुद्दा छिनिन बाँकी छन्। यो जिल्लामा घर जग्गासम्बन्धी मुद्दाहरू नै बढी पर्ने गरेको अदालतबाट थाहा भएको छ।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन/सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

ललितपुर उपमहानगरपालिका-२, ३, ४, ५, ९, १४ र १५ मा गरी करीब १ हजारको संख्यामा सुकुम्बासी रहेका छन्। जाउलाखेल वरिपरि तिब्बती शरणार्थीको रूपमा आएको ठूलो संख्याका व्यक्तिहरू आ-आफ्नो व्यवसाय गरिरहेका छन् भने हाल उनीहरू यहींकै रैथानेको रूपमा स्थापित भइसकेका छन्।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

कास्की जिल्ला माछापुच्छ्रे घर भई ललितपुर उपमहानगरपालिका-१३ कुसुन्ती डेरा गरी बस्ने एक महिलालाई ०५३ चैत ८ गते झापा जिल्ला पथरीका २१ वर्षीय राजेन्द्रकुमार लिम्बूले बलात्कार गरे। पीडक थुनामा छन्।

हरिसिद्धी गाविस-१ की १४ वर्षीय एक बालिकालाई ०५४ वैशाख ७ गते सोही गाविस चनाचटोल मेनरोडका २७ वर्षीय महाराज भन्ने कृष्ण महर्जनले बलात्कार गरे। प्रहरीले पीडकउपर जबर्जस्ती करणीको मुद्दा लगाई कारवाही गरेको थियो। हाल पीडक पुर्पक्षका लागि थुनामा छन्।

बागडोल डेरा गरी बस्ने २१ वर्षीय एक युवतीलाई ०५४ असोज ६ गते सोही ठाउँमा आरोग्य क्लिनिक खोली बस्ने २७ वर्षीय हरिश्चन्द्र महर्जनले सोही औषधी पसलभित्र लगी जाँच्ने निहुँमा बलात्कार गर्ने प्रयास गरे। पीडकलाई पुर्पक्षका लागि गिरफ्तार गरिएकोमा धरौटीमा छुटेका छन्।

चुनावी हिंसामा घाइते बनाइएका शम्भु राई

लामाटार गाविस-७ की ३० वर्षीय एक महिलालाई ०५४ मंसीर १५ गते ३५ वर्षीय कृष्णगोपाल सिलवाल र ८ नं. वडाका सानुकाजी थापा क्षेत्रीले एक्लो अवस्थामा पारी बलात्कार गरे। एकजना पीडक पुर्पक्षका लागि थुनामा रहेका छन् भने अर्को एक जना फरार छन्।

४.२ पारिवारिक हिंसा र बहुविवाह

ललितपुर उपमहानगरपालिका टंगाल डेरा गरी बस्ने धरान जिल्लाकी रामकुमारी चाम्लिङ राईलाई ०५३ फागुन १८ गते उनकै पतिले तिघ्रा, आँखा र छातीमा फलाम काट्ने रेटीले हिर्काइ घाइते बनाए। पीडक कारवाहीका लागि प्रहरीद्वारा समातिएका थिए। हाल रिहा भैसकेका छन्।

यस वर्ष ४ वटा बहुविवाहका घटना यस जिल्लामा सार्वजनिक भए।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

ललितपुर उपमहानगरपालिका-१४ डेरा गरी बस्ने मकवानपुर जिल्ला दामन गाविस-४ की २२ वर्षीय एक महिलाले ०५३ फागुन १५ गते गर्भ पतन गराइ शौचालयमा फ्याँकेपछि पीडक गिरफ्तारीमा परेकी छिन्।

५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

ललितपुर उपमहानगरपालिका-१० स्थित कुपन्डोलनिरको वागमती नदीको पुलमुनि ०५४ पुस ४ गते महिना पुगी जन्मिएको एउटा बच्चा मृत अवस्थामा फेला पर्‍यो। सो बच्चालाई जन्माइ फाल्ने पीडकका बारेमा थाहा हुन सकेको छैन। यस वर्ष २ जना बालिका बलात्कारबाट पीडित भए।

वि.स. २०४२ चैतमा स्थापना गरिएको धापाखेल केन्द्रबाट संचालित बाल संगठनमा रहेको स्कूलमा विद्यार्थीहरूको संख्या ६० जना रहेको उल्लेख भए पनि अहिले ३३ जना मात्र पढ्न आउने गर्दछन्। गरीब र फुटपाथमा पसल गरी बस्ने व्यक्तिहरूका छोराछोरीहरू मात्र पढ्ने गरेका सो स्कूलमा स्थानीय वासिन्दाका छोराछोरीहरू पढ्न पाउँदैनन्। संगठनको आर्थिक स्थिति राम्रो हुँदाहुँदै पनि स्टेशनरी, खेलकुदका सामाग्री, बगैचा इत्यादिको ठूलो अभाव रहेको छ। जसले गर्दा पढ्न आउने विद्यार्थीको संख्या वर्षेनी न्यून हुँदै गएको छ।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

ललितपुर उपमहानगरपालिका-४ धोबिघाटस्थित इन्टर लामा कार्पेटका कामदार २७ वर्षीय विनोद

थापालगायत् ६ जनालाई ०५४ वैशाख २७ गतेदेखि कारखाना निवासबाट बाहिर निकालियो। पीडितहरूले यसअघि निवासलगायत् अन्य सुविधाहरू पाउँदै आएका थिए। मजदूर युनियनमा संलग्न भएकै आरोपमा निस्कासित गरिएका मजदूरहरूमध्ये केही दिनपश्चात् विनोद थापा लगायत केहीलाई पुनर्वहाली गरिएको छ भने पीडित गीता थापालाई अझैसम्म पुनर्वहाली गरेको छैन।

हत्या गरिएका : समाजसेवी ग्याफ्ने

ललितपुर उपमहानगरपालिका नख्खुस्थित शाह हेन्डीक्राफ्टका सीताराम बिष्टलाई ०५४ साउन २६ गते विना कारण कारखानावाट निकालियो। पीडितले सो कारखानाको मजदूर संगठनमा संलग्न रही अन्य मजदूरलाई भड्काएको आरोपमा निकालिएको थियो। पीडितलाई १५ दिनपश्चात् नेस्वमयुको प्रतिनिधि र कारखाना मालिकको बीच सहमति भई पुनर्वहाली गरिएको छ।

ठेब गाविस-८ स्थित एपेक्स कार्पेटमा ०५४ भदौमा दिलबहादुर श्रेष्ठलगायत्का ४ जना मजदूरहरूले ट्रेड युनियन दर्ता गरे भन्ने आरोपमा कारखाना मालिकले कारखाना नै बन्द गरे। ट्रेड युनियनको गतिविधिमा संलग्न भएका व्यक्तिहरूलाई निकाल्नकै लागि बन्द गरिएको कारखाना २ महिनापश्चात् पुनः संचालन भएको छ। तर पीडितहरू अहिले पनि विचल्लीमा परेका छन्।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

च्यामराङ गाविस-७ का २६ वर्षीय विश्वराज नेपालीलाई ०५४ कार्तिक १८ गते ३५ वर्षीय राई साइँलोले आफ्नो छोराको साथमा रहेको "मसला" छोएको निहुँमा कुटपिट गरे। पीडकको छोरा सोही ठाउँमा पिङ खेलिरहेको अवस्थामा पिङ धेरै मच्चियो भनेर समातेका थिए। त्यो कुरा पीडकका छोराले आफ्नो बाबुलाई भनेपछि पीडकले कुटपिट गरेका थिए। पीडित सोही पीडाले धेरै दिनसम्म बिरामीसमेत भएका थिए। पीडकलाई कुनै कारवाही भने भएन।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

ललितपुर उपमहानगरपालिका-४ स्थित मनिमण्डलका १७ वर्षीय रिची दाहाललाई ०५३ पुस १८ गते श्याम गुरूङ, सुरेन्द्र के.सी. र भक्तबहादुर थापाले चक्कु हानी हत्या गरे। पीडकहरू पुर्पक्षका लागि नख्खु कारागारमा छन्।

ठेव गाविस-८ को जंगलमा लगी काठमाडौं डल्लुका २० वर्षीय आङछिरिङ शेर्पालाई ०५३ माघ २५ गते ठेवका २६ वर्षीय राजेन्द शाहीले आपसी विवादका कारण टाउकोमा हिर्काइ हत्या गरे। पीडक थुनामा छन्।

चापागाउँ गाविस-७ का ६० वर्षीय वृद्ध विश्वनाथ श्रेष्ठलाई ०५४ वैशाख १६ गते श्यालुटारका १८ वर्षीय कुमार तामाङले झगडा भइरहेका बेला लठ्ठीले हिर्काइ हत्या गरे। पीडक थुनामा छन्।

ललितपुर उपमहानगरपालिका-१९ टेंगल टोलको होटलमा भाँडा माझ्ने १४ वर्षीय राजेन्द्रकुमार खड्कालाई ०५४ वैशाख ३० गते होटलकै १९ वर्षीय सुश्री मेया चित्रकार, २९ वर्षीय ओम चित्रकार र अजयराज शाक्यले छुरा प्रहार गरी हत्या गरे। ओम थुनामा छन् भने मैया २७ हजार रूपैयाँ धरौटी राखी छुटेकी छिन् र शाक्य फरार छन्।

शंखु गाविस-८ का ३५ वर्षीय जयबहादुर घिसिङलाई ०५४ कार्तिक १७ गते ३१ वर्षीय गणेश भन्ने बुधबहादुर घिसिङले पुरानो रीसइवीका कारण खुकुरी हानी हत्या गरे। पीडक पुर्पक्षको लागि थुनामा रहेका छन्।

प्युटार गाविस-४ का ४९ वर्षीय टुल्कुदोर्जे लामालाई ०५४ कार्तिक १९ गते एक्लै भएको अवस्थामा आपसी झै-झगडाका कारण सोही ठाउँका २८ वर्षीय अर्जुनबहादुर न्यासुर तामाङले खुकुरी प्रहार गरी हत्या गरे। पीडक हाल पुर्पक्षका लागि थुनामा छन्।

ललितपुर उमनपा-१० ज्वागल डेरा गरी बस्ने तनहुँ छाङ्ग गाविस-१ घर भएका गोविन्दबहादुर वि.क. लाई झापाको गौरीगञ्ज गाविस-४ घर भई सोही ठाउँ डेरा गरी बस्ने प्रमानन्द चौधरीले ०५४ मंसीर १५ गते सामान्य भनाभन हुँदा खुकुरी प्रहार गरी हत्या गरे। पीडक पुर्पक्षका लागि थुनामा रहेका छन्।

ललितपुर उपमनपा झम्सिखेलस्थित धोबीघाटमा बसिरहेका अमेरिकी लेकउड ओहियोका समाजसेवी फादर थोमस इ.ग्याफ्नेलाई ०५४ मंसीर २८ गते बेलुका अज्ञात व्यक्तिहरूले गर्धनमा छुरी हानी हत्या गरे। कारण अज्ञात नै रहेको उक्त हत्यामा प्रहरीले ग्याफ्नेको भान्से रचनलाई गिरफ्तार गरेको छ भने अन्य अनुसन्धान जारी रहेको बताएको छ।

यो वर्ष यस जिल्लामा ५५ जनाले विष सेवन र घाँटीमा पासो लगाई आत्महत्या गरे। जसमध्ये ३८ महिला र १७ जना पुरूष रहेका छन्। आत्महत्या गर्नेहरूको उमेर १५ देखि ६८ वर्षसम्म रहेको पाइएको छ। व्यक्तिगत रीसइवीका कारण भएका कुटपिटका घटनाबाट ८ जना पीडित भएका छन् भने आतंकबाट ४ जना पीडित भएका छन्। ट्राफिक दुर्घटना र पानीमा डुबेर १९ जना, बाढी, पहिरो, आगलागी जस्ता विपत्तिबाट ५६ जनाको मृत्यु भएको छ। ●



२. मध्यमाञ्चल

वागमती

२.१३ काभ्रे

जनसंख्या : ३२४३२९
साक्षरता : ३९.२ प्रतिशत
महिला साक्षरता : २३.४ प्रतिशत
क्षेत्रफल : १३९६ वर्ग कि.मी.
गाविस/नपा : ८७/३
निर्वाचन क्षेत्र : ३
विद्यालय/क्याम्पस : ४२२/५
अस्पताल/स्वास्थ्यचौकी : ३/२०
टेलिफोन लाइन : ८००
सडक (कि.मि.) : ११४
प्रहरी कार्यालय : १९
हुलाक : ७९

महाभारत पर्वतीय श्रृंखलासँग गाँसिएर प्राकृतिक सौन्दर्यले भरिएको यो पहाडी जिल्ला वागमती अञ्चलको पूर्वी भेगमा रहेको छ। राजधानीको पूर्वी ढोका मानिएको यस जिल्लामा समशितोष्ण हावापानी भएर पनि बेंसी र टारहरूमा तराईसँग मिल्दो उष्ण तथा अर्धउष्ण स्वालको र कतिपय यहाँका पहाडी टापुहरूमा ठण्डी शितोष्ण हावापानी पाइन्छ। ३ वटा नगरपालिका रहेको यस जिल्लाको पलाञ्चोक भगवती, धनेश्वर र पनौती, नाला भगवती, चण्डेश्वरी प्रसिद्ध देवस्थल हुन भने सदरमुकामभन्दा धेरै टाढा रहेका स्थानहरू पनि यहाँ छन्। दोलालघाट, धुलिखेल जस्ता रमणीय स्थान पनि यहाँ छन्। सुगम भनिए पनि यस जिल्लाका अधिकांश भाग दुर्गम नै छन्। यस वर्ष पनि यो जिल्लामा माओवादी जनयुद्धबाट जनता आतंकित र भयभित बनिरहे। स्थानीय निर्वाचन ०५४ का समयमा यस जिल्लामा मानवअधिकार उल्लंघनका घटनाहरू धेरै नै हुन पुगे।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

धुसेनी शिवालय गाविस-१ का वडाध्यक्ष एवं नेका महासमिति सदस्य ४६ वर्षीय कृष्णप्रसाद गौतमलाई ०५४ असोज १६ गते साँझ ३०/३५ जनाको नकावधारी समूहले गोली हानी हत्या गर्‍यो। सो हत्या नेकपा (माओवादी) का कार्यकर्ताहरूले गरेको बताइन्छ। हत्याको अभियोगमा भीमसेन गौतमलगायत् ५ जनालाई पुर्पक्षका निम्ति थुनामा राखिएको छ।

१.२ जेल र बन्दीहरु

विगतमा मानसिक रोगी राखिने धुलिखेल जेलको स्थापनाको तथ्यगत मिति थाहा नभए पनि राणाकालीन समयमा बडाहाकिमले घोडा राख्ने तबेलालाई जेलको रूप दिइएको अनुमान स्थानीय पुराना बासिन्दाहरू गर्दछन्।

३ रोपनी ८ आना ३ पैसा जग्गामा रहेको यो जेलमा २ रोपनी ८ आना जग्गा बन्दीहरूले प्रयोग गर्दछन्। ६१ जना बन्दी क्षमता रहेको यस जेलमा अदालतबाट कैद सजाय तोकिएका ६ जना र पुर्पक्षका निम्ति थुनिएका ६७ जना बन्दीहरू रहेका छन्। जेलमा घोषित राजनीतिक बन्दीहरू नभएता पनि नेकपा (माओवादी) समर्थक बुद्धिमान तामाङ्ग, नुर्वु लामा, मानकाजी दोङ्, तीर्थमान दोङ्, अर्जुन किङरिङ मगर, डुब्साङ लामा, गंगा दोङ्, चलास्व सिं दोङ्, कुमार गौतम, अनिरूद्र गौतम, मोतिलाल गौतम, बद्रीप्रसाद गौतम र भीमसेनकुमार गौतम डाँका र कर्तव्य ज्यान मुद्दामा पुर्पक्षका लागि थुनामा रहेका छन्।

यहाँका बन्दीहरूको जेल प्रशासनप्रति सकारात्मक धारणा पाइन्छ। जेलभित्र एउटा टि.भी. र एउटा दैनिक पत्रिकाको व्यवस्था गरिएको छ। बन्दीहरू थान्का बनाउने काममा आकर्षित भएका पाइन्छन्। यस जेलमा महिला तथा नाबालक छैनन। जेलर देवीबहादुर थापाका अनुसार अदालतबाट थुनछेकको आदेश भै थुनामा रहन आउने महिलाहरूलाई राख्ने कोठाको अभावमा ज्यादै समस्या भोग्नुपरेको छ। बन्दीहरूको स्वास्थ्य, सुविधामा नियमित स्वास्थ्य परीक्षणको व्यवस्था नभए पनि बिरामी अवस्थामा डाक्टरहरूद्वारा परीक्षण गर्ने र उनकै सिफारिशमा उपचारको लागि काठमाडौंसमेत लैजाने व्यवस्था पनि गरिएको छ।

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	१	-
हिरासतमा यातनाबाट मृत्यु	-	१	-
वन हिरासतमा मृत्यु	-	१	-
बलात्कृत	१	४	४
प्रहरीद्वारा	-	२	-
आत्महत्या	३०	१	४०

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

कटुञ्जेबेंशी गाविस र स्वनालथोक गाविसका रोशी मावि कक्षा ९ मा अध्ययनरत छात्र अम्बरध्वज लामा, कक्षा १० मा अध्ययनरत् छात्रा लक्ष्मी लामालगायत माधव न्यौपाने, श्यामहरि न्यौपाने, तेन्साङ लामा र दलबहादुर लामालाई ०५४ पुस ३ गते माओवादी कार्यकर्ता भएको आरोपमा डकैती मुद्दा लगाई प्रहरीले गिरफ्तार गरी हिरासतमा यातना दियो। पीडितहरू सामान्य तारेखमा छुटेका छन्।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

खोपासीस्थित श्री राम माविका शिक्षक लक्ष्मीदास उलकलाई ०५४ मंसीर १४ गते काठमाडौं विश्वविद्यालयमा अध्ययनरत विद्यार्थी विवेकसिं महतले आफूले परीक्षाको समयमा गरेको गलत क्रियाकलापलाई आफ्नो बाबुसमक्ष पुऱ्याएको भनी कुटपीट गरे।

कटुञ्जेबेंशी गाविसकी १६ वर्षीय कालिका के.सी. लाई ०५४ पुस ३ गते कुन्साङ लामाले ऋण तिर्न नसकेको झोंकमा माओवादी भएको आरोपमा १० दिनको सुत्केरी अवस्थामा कुटपीट गरे। पीडित कालिकाको भाइ राम के.सी. लाई माओवादीको आरोपमा प्रहरीसमक्ष जबर्जस्ती बुझाइदिए।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

हिन्दूधर्मावलम्वी र बौद्ध धर्मावलम्बीहरू विविध चाडपर्व र संस्कारहरूमा संयुक्त भएर धार्मिक कार्य गरेको हेर्न पाइने बनेपा नगर आसपासका क्षेत्रहरूमा अहिले क्रिश्चियनहरूको गतिविधि पनि बढ्दै छ। समाजमा जातीय छुवाछूतले पीडित व्यक्तिलाई स-सम्मान चर्चमा स्थान दिनु र आर्थिक अवस्था सुधार्न मद्दत दिनुले दलित जातिका मानिसहरू चर्चतर्फ आकर्षित हुँदैछन्। क्रिश्चियन बनाउन आउने व्यक्तिहरूले समाजमा भएको जातिभेद र आर्थिक अवस्थालाई कमजोरीका रूपमा लिएका पाइएको छ।

आड्रा नेपाल नामक एउटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले नेपालको सामुदायिक विकासमा काम गर्ने भनी अमेरिकी सहयोग नियोगसँग गरेको सम्झौता उल्लंघन गरी धर्म प्रचार गरेको आरोपलाई लिएर केही कर्मचारीहरूले विरोधस्वरूप राजीनामा दिए।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष काभ्रे जिल्ला अदालतमा देवानी २ सय ९६ वटा, दुनियाँवादी फौजदारी १ सय ४४ वटा, सरकारवादी फौजदारी ६२ वटा गरी जम्मा ५ सय २ थान मुद्दाहरू परे भने

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरूष	महिला	जम्मा		पुरूष	महिला	जम्मा
हत्या	६	५	१	६				
गोलीद्वारा हत्या	१	१		१				
गिरफ्तारी यातना	१	७		७	१	७		७
कुटपिट	३	१	२	३				
अभिव्यक्ति स्वतन्त्रता	१				१			
महिला अधिकार	१		१	१				
महिला किनबेच	२		४	४				
बलात्कार	४		४	४				
महिला भएकै कारणले दिइने यातना	१		२	२				
जातीय छुवाछूत	२		४	४				
चोरी/डकैती	१	१		१				
आतंक	२	३		३				
आत्महत्या	४०	६	३	४०				
दुर्घटनाहरू/विपत्तिहरू	२	४	१	५				
जम्मा	६७	२८	२२	८१	२	७		७

गत वर्षको समेत गरी ६ सय ३७ वटा मुद्दाहरू किनारा लागे। यस अदालतमा यसै अवधिमा संक्षिप्त कार्यविधिअन्तरगतको तीन महिनाभन्दा बढी समयदेखि नछिनिएका २२ वटा मुद्दाहरू थिए भने त्यसमध्ये १२ वटा मुद्दाहरू किनारा लागेका छन्। यस अदालतमा ०५१/५२ असारसम्म १२ वटा, २०५२ साल साउन महिनादेखि २०५२ पुससम्मको ३८ वटा गरी जम्मा ५० वटा मुद्दाहरू, एक वर्षसम्म नछिनिएका २ सय ८२ वटा र अन्य ३ सय ६ वटा गरी जम्मा ६ सय ३८ वटा मुद्दाहरू बाँकी रही चालू अवस्थामा छन्। अदालतको अभिलेख र कार्यालय व्यवस्थापन पक्ष त्यति दरो देखिँदैन। स-साना मुद्दा मामलामा पनि पुर्पक्षका लागि धेरै समय थुनामा राख्ने गर्नाले जेलमा बन्दीहरूको चाप बढेको छ। महिला बन्दीहरू जिल्लामा भएको जेलमा राख्ने नगरेका कारण यससम्बन्धी निर्णय प्रक्रियामा समस्या रहेको गुनासो न्यायाधीश शम्भुबहादुर खड्काको छ।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन/सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

हाल यो जिल्लामा ४ सय ९८ सुकुम्बासीहरू रहेका छन्। यस जिल्लाको बनेपामा एउटा बौद्ध वृद्धाश्रम तथा पाँचखालमा एउटा बाल अनाथालय रहेको छ। भर्खरैमात्र बनेपा नजिकै पनौती नगरपालिकाभित्र एस.ओ.एस. बालग्राम नामक अनाथालय खोलिएको छ।

भूमिसुधार कार्यालयमा धेरैअगाडिदेखि अंग पुगिसकेका कतिपय जग्गासम्बन्धी कामहरू निर्णय नगरी तारेखमा मात्र राखी नियतीवश दुःख दिने गरिएको गुनासो पीडितहरूले गरेका छन्।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

भगवतीस्थान साठीघरकी १२ वर्षीय एक बालिकालाई सोही ठाउँका नारायण तामाङले बलात्कार गरेकोमा जिल्ला अदालत काभ्रेको ०५३ माघ ६ गतेको फैसलाबाट ३ वर्षको कैद सजाय भोगिरहेका छन्।

चापाखोरी गाविस- ४ घर भई काठमाडौंमा गलैंचा बुन्ने काम गर्दै आएका दुई महिला डोल्मू तामाङ र मीनमाया तामाङ तथा दोलखाकी फूलमाया श्रेष्ठलाई ०५३ चैत १४ गते डराउनेपोखरी घर भई काठमाडौं डेरा गरी बस्ने गणेश लामाले बेच्न लागेका कारण प्रहरीले लामालाई पक्राउ गर्‍यो। उक्त कार्यमा संलग्न लामाकी नातेदार जुनिमाया भने फरार छिन्।

खोपासी गाविस-४ की एक बालिकालाई ०५४ जेठ ३ गते कोठामा लगी सोही गाविस-२ डेरा गरी बस्ने काठमाडौंका १७ वर्षीय हरिकृष्ण राणाले बलात्कार गरे। पीडक हाल ३ वर्षको कैद सजाय भोगिरहेका छन्।

गाडीले किचेर मारिएका सुमन मुनाकर्मी

धुलिखेलस्थित एक होटलमा सोलुखुम्बु जिल्ला घर भै काठमाडौंमा दाजुको डेरामा बसी कामको खोजीमा रहेकी एक २० वर्षीय महिलालाई ०५४ साउन ४ गते काठमाडौं निवासी सुजन उप्रेतीले जागीर लगाइदिने प्रलोभनमा बलात्कार गरे। पीडकलाई धरौटीमा छोडिएको छ।

महादेवस्थान गाविस-४ की शर्मिला कुँवरलाई ०५४ भाद्र ११ गते बलबहादुर सापकोटा र उनकै पत्नी सीता सापकोटाले धुलिखेलमा बस्ने केशव अधिकारी भन्ने उद्धव आचार्यको सहारा लिएर भारतमा बेचेका थिए। पीडकहरूमध्ये हाल ३ जना थुनामा छन्।

काभ्रे गाविस-१ का ११ वर्षीय एक बालिकालाई ०५४ भदौ १९ गते २१ वर्षीय प्रकाश कार्कीले ललाई फकाई बलात्कार गरेको आरोपमा मुद्दा चलाइएको थियो। पीडकलाई अदालतले सफाई दिएको छ।

४.२ पारिवारिक हिंसा र बहुविवाह

शंखुपाटी चौर गाविस-८ को ४५ वर्षीय सञ्चमाया तामाङलाई ०५३ पुस २६ गते घरमा पति नभएको अवस्थामा उनकै जेठाजु र जेठानी सहित गाउँलेहरू मिलेर नांगेभार पारी कुटपीट गरे। उनलाई जग्गाको मामलामा सामान्य भनाभन हुँदा कुटपीट गरेका हुन्। पछि मिलापत्र गरी पीडकलाई बचाइएको गुनासो पीडित पक्षको रह्यो।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

कानपुर गाविस-९ कमेरेका ७६ वर्षीय च्याङ्मारानी तामाङ र उनकी ५३ वर्षीय छोरी ठकुरानी तामाङलाई ०५३ माघ १ गते बेलुकी बोक्सी भएको आरोपमा कुटपीट गरी दिशासमेत खुवाइयो। रामबहादुर लामा, मानदास लामा, चक्रबहादुर तामाङ, कान्छीमाया तामाङ, कान्छी तामाङ, ज्ञानबहादुर तामाङ र सञ्चमान तामाङले यिनै आमा छोरीले भेंदेर गाउँकी साइँली लामालाई बिरामी पारेका हुन् भनी उक्त अमानवीय कार्य गरेका थिए। पीडकलाई कुनै कारवाही भएन।

४.४ गर्भ पतन

जानकारीमा आएन।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

बनखु गाविस-१ का काजीमान वाइवाले आफ्नै फुङ्केली लाटी छोरी च्याङमामाया थिङसँग अवैध शारीरिक सम्पर्क राखी ०५४ पुस ८ गते जन्माएको नवजात शिशुको पुस २७ गते शंकास्पद मृत्यु भयो। स्थानीय समाजले शंका गरिरहेके अवस्थामा बच्चाको मृत्यु भएकोले प्रहरीले वाइबालाई पक्राउ गरेको थियो। तर अदालतले सफाइ दिएको छ।

यस वर्ष यो जिल्लामा २ जना बालिकाहरू वलात्कारवाट पीडित भए।

६. आर्थिक अधिकार

(पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

विराट गोबरग्याँस कम्पनी धुलिखेलले कम्पनी नियमानुसार कर्मचारीले पाउनुपर्ने तलव नदिएको आरोप कर्मचारीहरूले लगाएका छन्।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

धुलिखेल नगरपालिका-७ स्थित तोलागे गाउँको सार्वजनिक कुवावाट पानी ल्याउन लाग्दा स्थानीय सार्की जातका मानिसहरूलाई ०५४ वैशाखमा नगरपालिकाका एक सदस्यले कुटपीट गरे। पछि उक्त कुवामा रूद्री, पूजा गरियो र सार्कीहरूलाई आइन्दा नछुनु भनी कडा धम्की दिइयो। अहिले त्यस्तो नभएको र विवाद शान्त भइसकेको कुरा आरोपित व्यक्तिले बताएका छन्।

अज्ञात व्यक्तिहरूद्वारा हत्या गरिएका कृष्णप्रसाद गौतम

कोशीदेखा गाविस-६ कटुञ्जे पँधेरोमा अछूत भनिनेहरूलाई पानी उभाउन नदिएका कारण मुक्ति समाज काभ्रेको पहलमा ०५४ पुस ५ गते सोही ठाउँमा नारा-जुलुस गर्नुका साथै अछूत भनी पानी खान नदिएका परिवारहरूलाई पानी उभाउनसमेत लगाइयो।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जनागाल, भैंसेपाटीमा वा.अ.ख. ४६२८ नं. को मिनिवसले सुमन मधुकर्मीलाई जानाजान किचेर हत्या गरेको अभियोग लागेपछि साउन ९ र १० गते बस व्यवसायीहरूले अरनिको राजमार्गमा यातायात अवरूद्ध गरी चालक श्रीकृष्ण खड्गीलाई ज्यान मार्ने उद्योगअन्तर्गत मुद्दा नचलाउन माग गरे। उनीहरूको अवरूद्धको प्रतिकारस्वरूप साउन ११ गते जनस्तरबाट पनि चक्काजाम गरी जुलुससमेत निकालियो।

स्थानीय निकायको निर्वाचनमा कतिपय गाविसमा प्रहरी प्रशासनवाट माओवादीको गढ भएको आरोप लगाई निर्वाचन परिणामलाई एमालेको पक्षमा पार्न सहयोग गरेको भनी संयुक्त जनमोर्चा नेपाल, जिल्ला समिति काभ्रेले ०५४ जेठ २१ गते विज्ञप्ति प्रकाशित गरी विरोध जनायो।

धुसेनी शिवालय-१ का वडाध्यक्ष कृष्णप्रसाद गौतमको हत्याको विषयलाई लिएर ०५४ असोज १८ गते नेपाली कांग्रेस जिल्ला समिति काभ्रेले एक वक्तव्य प्रकाशित गरी हत्याको भर्त्सना गर्दै पीडकहरूलाई कारवाही गर्नुपर्ने माग राख्यो।

यस्तै शैक्षिक क्षेत्रमा व्याप्त अन्यौलका विषयमा नेविसंघले ०५४ भदौ ५ गते बनेपामा एक जुलुसको आयोजना सम्पन्न गऱ्यो।

पनौती-१ चौकोटमा ०५४ भदौ १५ गते स्थानीय ठाउँलाई मदिरा निषेधित क्षेत्र वनाउन स्थानीय संघ संस्थाद्वारा एक ऱ्यालीको आयोजना गरी ७ सदस्यीय मदिरा नियन्त्रण दबाब समूह गठन भएको छ।

९. अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

श्यामपाटी गाविस-७ कुरूगाउँका ६० वर्षीय ललिमाया तामाङलाई ०५३ माघ २७ गते बेलुका सोही ठाउँका भोजबहादुर भन्ने वीरबहादुर तामाङले कुटपिट गरी हत्या गरे। यस विषयमा काभ्रे जिल्ला अदालतले ३ जनालाई जन्मकैदको सजाय तोकेको छ।

उग्रतारा जनागाल गाविस पाकुडोलका १५ वर्षीय राजाराम थापालाई ०५३ फागुन २६ गते साँझ ६५ वर्षीय कृष्णबहादुर खड्का र गुणबहादुर थापाले बञ्चरो र लोरी प्रहार गरी हत्या गरे। दुवै पीडकबीच झगडा भैरहेको अवस्थामा छुट्याउन गएका बेला हतियारले लागी उनको मृत्यु भएको थियो। पीडकमध्ये गुणबहादुर थापा सफाई पाई छुटेका छन्।

महादेवटार गाविस-६ का भोकबहादुर कामीलाई ०५३ चैत्र २२ गते सोही ठाउँका नरबहादुर थापा मगरले बाटोमा

हिँडिरहेको अवस्थामा बञ्चरोले टाउकोमा हानी हत्या गरे। हाल पीडकलाई थुनामा राखिएको छ।

पाँचखाल गाविस-६ की कमला रेग्मीले ०५४ वैशाख १६ गते आफ्ना दुई छोरा छोरीलाई विष खुवाई हत्या गरिन्। उनकी जेठी छोरी उषालाई पनि विष खुवाउँदा उनी भागेर गाउँलेहरूलाई खबर गरिन्। गाउँलेहरू आउँदा पीडक कमला आफैंले पनि विष सेवन गरिसकेकी थिइन्। अस्पताल ल्याउँदा ल्याउँदै बाटोमा उनको मृत्यु भयो। उक्त हत्या, आत्महत्याको कारण भने थाहा हुन सकेको छैन।

भैंसेपाटी जनागाल गाविस घर भई बनेपास्थित चैतन्य माविको कक्षा ८ मा अध्ययनरत १६ वर्षीय सुमन मधुकर्मीलाई ०५४ वैशाख २५ गते बा.अ.ख. ४६२७ नं. को मिनिबस चलाउने कृष्ण खड्गीले जानाजान किचेर हत्या गरे। उक्त हत्याको मुद्दा विचाराधीन छ।

दोलालघाट गाविसका रामकृष्ण श्रेष्ठले बुहारी नाताकी रामकुमारी श्रेष्ठसँग अवैध सम्बन्ध राखेपछि एक छोरा जन्मिएको थियो। उक्त बालकलाई अंश दिनुपर्छ भनी ०५४ कार्तिक २ गते रामकृष्णले हत्या गर्न खोज्दा झुक्किएर अर्कै बालक बुद्धिबहादुर श्रेष्ठको हत्या भयो। हत्या गर्न खोजिएको बच्चा अझै जीवित नै छ।

पाँचखाल गाविस-३ का १२ वर्षीय कुमार विश्वकर्मालाई ०५४ जेठ ३२ गते धुलिखेल नपा-६ का १२ वर्षीय विर्खे विश्वकर्माले आरू चोरेको निहुँमा लौराले प्रहार गरी सख्त घाइते बनाएकोमा उपचारार्थ अस्पताल ल्याउँदा-ल्याउँदै पीडितको मृत्यु भयो। पीडक फरार छन्।

जैसीथोक गाविस-८ की मैना गौतमको ०५४ असार ११ गते राति १२ बजेतिर मृत्यु भयो। उनको हत्या भएको आशंका गरिएको छ।

पनौती नगरपालिका-२ नैकिन्टारमा अन्दाजी ६२ वर्षीय भीमसेन गिरीको लास ०५४ मंसीर १० गते बेवारिस अवस्थामा भेटियो। लासको प्रकृति हेर्दा कसैले हत्या गरी फ्याँकेको हुन सक्ने आशंका गरिएको छ।

यस वर्ष जिल्ला प्रहरी कार्यालय काभ्रेमा भवितव्य ज्यान ९, झुण्डिएर मृत्यु २३, चोरी १२, विष सेवन १७, सार्वजनिक अपराध २७, सवारी ज्यान १२, डुबेर मृत्यु १, फुटकर ज्यान ३, बहुविवाह ५, जबर्जस्ती करणी २, आगोले मृत्यु १, जीउ मास्ने/बेच्ने १ र अन्य गरी १ सय ३२ वटा आपराधिक घटना दर्ता भए।

●



२. मध्यमाञ्चल

वागमती

२.१४ भक्तपुर

जनसंख्या	: १७२९५२
साक्षरता	: ६०.३ प्रतिशत
महिला साक्षरता	: ४३.३ प्रतिशत
क्षेत्रफल	: ११९ वर्ग कि.मी.
गाविस/नपा	: १६/२
निर्वाचन क्षेत्र	: २
विद्यालय/क्याम्पस	: १६६/८
अस्पताल/स्वास्थ्यचौकी	: २/९
टेलिफोन लाइन	: ३८३२
सडक (कि.मि.)	: ११९
प्रहरी कार्यालय	: १९
हुलाक	: २२

भक्तपुर नेपालकै सबभन्दा सानो जिल्ला हो। काठमाडौंदेखि १३ कि.मि. पूर्वमा पर्ने भक्तपुरका ऐतिहासिक पुरातात्विक वस्तुकला, मठ-मन्दिर र देवालयहरू विश्व प्रसिद्ध छन्। यस जिल्लालाई पर्यटकीय दृष्टिले धनी मानिएको छ। विश्व सम्पदा सूचीमा परेर नेपाललाई विश्वमा चिनाउने चाँगुनारायण मन्दिर, ५५ झ्याले दरवार, पाँच तले मन्दिर (न्यातपोल), भैरव मन्दिर र दत्तात्रिय मन्दिर विश्वभर प्रसिद्ध छन्। यस जिल्लाको नगरलाई पर्व र जात्राको शहर पनि भनिन्छ। नगरकोटबाट सूर्योदय स्पष्ट देखिने हुँदा पर्यटकहरूको सधैं घुइँचो लाग्दछ। सन् १९९७ को अवधिमा भक्तपुर जिल्ला पनि मानवअधिकार उल्लंघनका घटनाहरूबाट अछुतो रहेन।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

यस जिल्लामा जेल छैन। प्रहरी हिरासतमा राखिएका बन्दीहरूलाई प्रहरीहरूले दुःख, यातना दिने गरेको पीडितहरू बताउँछन्।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

भक्तपुर नगरपालिका-१५ ख्वाँमा टोल डेरा गरी थान्का कारखानामा काम गर्ने रामेछापका ३० वर्षीय रोजबहादुर लामासहित ९ जनालाई ०५३ पुस २६ गते प्रहरीले माओवादी गतिविधिमा लागेको भनी पक्राउ गऱ्यो। काम गरिरहेको स्थानबाट पक्रिएका पीडितहरूलाई ४ दिनपछि रिहा गरिएको थियो।

शैखेल गाविस-७ स्थित धुमा गणेश ईंटा उद्योगमा काम गर्ने रोल्पाका आंसे कामीलगायत् ७ जनालाई माओवादी गतिविधिमा संलग्न भएको भनी ०५३ माघ २३ गते प्रहरीले पक्राउ गरी ६ दिनसम्म हिरासतमा राखेर छाडिदियो।

भक्तपुर नगरपालिका-१७ का २३ वर्षीय देवेन्द्र श्रेष्ठ, मध्यपुर ठिमी नगरपालिका-४ का भाष्कर प्रधानांगसमेत ९ जनालाई ०५४ जेठ ७ गते स्थानीय निकायको निर्वाचन बहिष्कार गरौं भन्ने पर्चा बाँड्दै हिंडेको अवस्थामा भक्तपुर नगरपालिका-८ सुकुलढोका र मध्यपुर ठिमी नगरपालिका-१५ बाट प्रहरीले गिरफ्तार गऱ्यो। पीडितहरूलाई हातहतियार खरखजना मुद्दा लगाइएको छ।

मध्यपुरठिमी नगरपालिकास्थित शिक्षा क्याम्पस, सानोठिमीबाट अ.ने.रा.स्व.वि.यु. क्रान्तिकारीको ५ औं जिल्ला सम्मेलन उद्घाटन कार्यक्रममा भाग लिने कलाकार तथा विद्यार्थीहरूलाई माओवादी भनी १९ वर्षीय अमृत बुढाथोकीलगायत् २० जना विद्यार्थीहरूलाई जिल्ला प्रहरी कार्यालय भक्तपुरले ०५४ मंसीर १३ गते पक्राउ गरी १५ जनालाई तीन दिनपछि छाडेको छ भने ने.रा.शि.सं.का केन्द्रीय सल्लाहकार ४५ वर्षीय विष्णुपुकार श्रेष्ठलगायत् ५ जनालाई शान्ति सुरक्षा ऐनअन्तर्गत प्रहरी हिरासतमा राखियो।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

वागेश्वरी गाविस-१ स्थित खरिपाटी गाउँ पिपलबोटमा

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	-
हिरासतमा यातना	-	-	-
वलात्कृत	४	६	२
आत्महत्या	१९	३९	३२

२० वर्षीय सुमन रंजितकारलाई ०५४ साउन २ गते आफ्नै घरको कोठामा सोही स्थान बस्ने सामन्तराज शाक्य, रामकाजी रञ्जितकार, राम रञ्जितकार, श्याम रञ्जितकार र दिनेश गिरीले मरणासन्न हुने गरी पिटे। उक्त घटनाका कारण गिरीबाहेक सबै पीडकहरू ज्यान मार्ने उद्योगअन्तर्गत मुद्दा खेप्दैछन्। पीडक गिरी फरार भने छन्।

सिपाडोल गाविस-३ का ६० वर्षीय कान्छी थापालाई ०५४ असोज ८ गते सोही स्थानमा बसोबास गर्ने २० वर्षीय शालिकराम थापाले कुटपिट गरे। मदिरा नियन्त्रण गर्न भनी आमा समूहको अगुवाईमा पीडित कान्छी थापा लागिपरेकाले उक्त पिटाइ खानुपरेको थियो। पीडकलाई पक्राउ गरी सार्वजनिक मुद्दा चलाइएको थियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लाको न्यायिक निकायमा भएका मुद्दाहरू धेरै ढिलासुस्तीसंग निर्णय भएको पाइन्छ। जिल्ला प्रशासन कार्यालय भक्तपुरमा पर्ने विभिन्न उजुरी निवेदन समयमा फछ्र्यौट भएको पाइँदैन। जिल्ला प्रहरी कार्यालय, भक्तपुरमा सामान्य घटनामा पनि पीडकहरूलाई धेरै दिनसम्म थुनामा राखी कारवाही चलाउने प्रक्रिया अझैसम्म विद्यमान छ। यस वर्ष भक्तपुर जिल्ला अदालतमा ४ सय २३ थान मुद्दा परेको छ भने फछ्र्यौट संख्या २८ थानमात्र छ। जिल्ला प्रशासन कार्यालयमा ३४० थान ठाडो उजुरी र २१ वटा अन्य मुद्दा दर्ता भएका थिए। जिल्ला प्रहरी कार्यालय भक्तपुरमा यस वर्ष १ सय २४ वटा मुद्दा दर्ता भए।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन/सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

यस वर्ष यहाँ ९ महिनादेखि वृद्ध, अशक्तहरूले राज्यका तर्फबाट दिइने भत्ता पाउन सकेका छैनन्।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

बोडे गाविस-७ का सुरेश परियारले ०५३ पुसमा आफ्नै पत्नी महालक्ष्मी परियारलाई कोठामा मट्टितेल खन्याइ आगो लगाए। पीडितलाई उपचारका लागि वीर अस्पतालमा भर्ना गरियो। पीडक फरार छन्।

बागेश्वरी गाविस-२ स्थित गनाउने कुवा नजिकै १४ वर्षीय एक बालिकालाई ०५४ असार ६ गते ३२ वर्षीय रमेश पाण्डेले बलात्कार गर्ने प्रयास गरे। पीडकलाई स्थानीय व्यक्तिहरूले पक्राउ गरी प्रहरीमा बुझाएका थिए। पीडक तारेखमा छुटेका छन्।

बालकोट गाविस-९ मा डेरा गरी बस्ने एक महिलालाई ०५४ साउन १६ गते सोही ठाउँका मनोज थापाले पानी माग्ने

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
हत्या	२	१	१	२				
गिरफ्तारी र यातना	४	४५		४५	४	४५		४५
कुटपिट	११	१४	१	१५				
अभिव्यक्ति स्वतन्त्रता	१	१		१				
महिला किनबेच	३		३	३				
बलात्कार	२		२	२				
बलात्कार प्रयास	२		२	२				
महिला भएकै कारणले दिइने यातना	२		२	२				
जातीय छुवाछूत	१	१		१				
बहुविवाह	२		२	२				
चोरी/डकैती	१		१	१				
आत्महत्या	३२	१६	१५	३२				
दुर्घटनाहरू/विपत्तिहरू	११	९	२	११				
अन्य	१	१		१				
जम्मा	७४	८९	३१	१२०	४	४५		४५

निहुँमा बलात्कार गर्ने प्रयास गरे। छिमेकीको सहयोगमा ती महिला उम्कन सफल भइन्, पीडक प्रहरीको पक्राउमा परे।

सूर्य विनायक कार्पेट फ्याक्ट्रीमा पाले काम गर्ने सदाबन्द भन्ने व्यक्तिले सोही कारखानानजिकै गाई चराउन आएकी एक ९ वर्षीय बालिकालाई कारखानामा लगी मुखमा पट्टी बाँधेर बलात्कार गरे।

चितपोल गाविस-३ की २७ वर्षीय शर्मिला त्वातीलाई ०५४ असोज १७ गते चितपोल ३ घर भै सूर्य विनायक डेरा गरी बस्ने ६० वर्षीय दिलकुमारी देउजाले भारतको कलकत्तामा बिक्री गर्न भनी तनहुँ जिल्ला डेउकाउरी गाविस-९ घर भै भक्तपुरमा डेरा गरी बस्ने ३६ वर्षीय नरबहादुर गुरूङको साथ भारत पठाएको आरोपमा दिलकुमारी देउजालाई जिल्ला प्रहरी कार्यालय, भक्तपुरले पक्राउ गरेकोमा ४० हजार रूपैयाँ धरौटी लिइ छाडेको छ।

मध्यपुर नगरपालिका-१३ डेरा गरी बस्ने १७ वर्षीय सुश्री मीरा पोखेल र १५ वर्षीय सुश्री सुनिता विश्वकर्मालाई ०५४ मंसीर २ गते तनहुँ घर भै भक्तपुर डेरा गरी वस्ने नरबहादुर गुरूङ र काभ्रे धुलिखेल नगरपालिका-६ घर भै भक्तपुर डेरा गरी बस्ने केशव अधिकारी भन्ने उद्धव आचार्यसहित ३ जनाले भारतको कलकत्तामा लगी बेचेका थिए। जिल्ला अदालत भक्तपुरले पीडकहरूमध्ये २ जनालाई थुनामा राखी कारवाही चलाउने आदेश दिएको छ भने अर्को पीडक फूलमाया राईलाई तारेखमा छाडेको छ।

भक्तपुर नगरपालिका-११ तौमढी टोलकी अन्दाजी ६ वर्षीय एक बालिकालाई ०५४ मंसीर ८ गते भक्तपुर नगरपालिका-११ बस्ने १७ वर्षीय दीपक तसी बारूयाले बलात्कार गरे। पीडक थुनामा छन्।

४.२ पारिवारिक हिंसा र वहुविवाह

सिरूटार गाविस-७ का १८ वर्षीय बुद्धिबहादुर खड्गीले घरमा पत्नी हुँदाहुँदै १६ वर्षीय रत्नकमल खड्गीसंग ०५३ चैत ११ गते दोस्रो विवाह गरे। पीडक पक्राउमा परे।

चितपोल गाविस-१ का २६ वर्षीय भगवान थापाले घरमा पत्नी हुँदाहुँदै ०५४ साउन १४ गते २० वर्षीय माइली थापासंग दोस्रो विवाह गरे। जेठी पत्नी नानुको उजुरीका आधारमा प्रहरीले बहुविवाहको मुद्दा चलाएको छ।

हत्या गरी फालिएका दिपकराज ढुंगानाको लास

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

बागेश्वरी गाविस-२ स्थित बाँसबारी सडकमा चाबहिल जान भनी काठमाडौंबाट चढेका दुई महिलालाई ल्याई हातपात गर्न खोज्ने नगरकोट गाविसका चालक डम्बरबहादुर तामाङ र गुन्दु गाविसका राजु लामालाई स्थानीय जनताले समाती ०५४ भदौ १४ गते प्रहरीमा बुझाए। नगरकोट पुऱ्याउने उद्देश्यले आफूहरूलाई गलत ठाउँमा ल्याएको थाहा पाइ कराउँदा उनीहरू चिच्याएपछि गाउँलेहरू जम्मा भई पीडकहरूलाई समातेका थिए।

४.४ गर्भ पतन

जानकारीमा आएन।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

यस जिल्लामा होटल, रेस्टुरेण्ट, चिया पसलहरूमा १४ वर्षभन्दामुनिका करीब १ सय ५० जना बाल मजदूर छन्। २७ जना बाल महिला मजदूर होटलमा काम गर्दछन्। ईंट्टा उद्योग करीब ५० वटा छन्, जसमा १ सयभन्दा बढी वालमजदूरहरूले काम गर्दछन्। गलैंचा उद्योगमा पनि बाल मजदूरहरू प्रशस्त काम गर्दछन्। तिनीहरूलाई उचित पारिश्रमिक तथा उचित औषधी उपचार र शिक्षा दिएको पाइँदैन। यस जिल्लाका केही गाविसहरूमा बच्चाहरूलाई घरको कामका लागि विद्यालय नपठाइने गरिएको भेटिन्छ।

यो वर्ष १ जना बालिका बलात्कारबाट पीडित भइन्।

६. आर्थिक अधिकार

(पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

कटुन्जे गाविस-३ का ६० वर्षीय रामभक्त कोइराला (मिजार) लाई ०५४ मंसीर २० गते थापा टोलको इनारमा पानी छोएको भनी बद्री थापा लगायत थापा समूहले कुटपिट गरेर भोलिपल्ट इनारको पानी नछुने शर्तमा माफी मगाइयो। अझै पनि सार्वजनिक देव/देवालय तथा मन्दिरहरूमा ती

जातिहरूलाई प्रवेशका लागि जबर्जस्ती रोक लगाइएको पाइन्छ।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

छालिङ गाविस-६ स्थित ग्वेनमा काठमाडौंको जोरपाटी गाविस-४ घर भई ट्याक्सी चलाउने दीपकराज ढुंगानालाई ०५४ साउन २४ गते ओखलढुंगा पीपलडाँडा घर भई काठमाडौं डेरा गरी बस्ने टेकबहादुर बस्नेत, ललितपुर बडिखेल गाविस-६ का राजेन्द्र पहरी, काभ्रे नासिकास्थान-६ का शम्भु नेपाली, छालिङ-८ बस्ने रामकुमार खड्काले कुटपिट गरी हत्या गरे। पीडक खड्कावाहेक अरु ३ जना पक्राउमा परेका छन्।

यस वर्ष यो जिल्लामा ५७ वटा ट्राफिक दुर्घटना भए, जसमा ११ जना व्यक्तिहरू मारिए। ४१ ठाउँमा आगो लागेको थियो।

जिल्ला प्रहरी कार्यालय भक्तपुरले यस वर्ष कर्तव्य ज्यान २, ज्यान मार्ने उद्योग ४, केही सार्वजनिक अपराध २०, ठगी ३, चोरी ९, लागू औषध १, हातहतियार खरखजाना १, बहुविवाह २, जीउ मास्ने/बेच्ने ३, जबरजस्ती करणी ३, विष सेवन २३, भुण्डिएर ९, भवितव्य ज्यान १८, प्रकार नखुलेको ९, डुबेर २, आगो लगाएर ३, सवारी ज्यान ११, किर्ते २, आगो लगाएको १ आदि मुद्दा प्रहरीमा दर्ता भएको जानकारी दिएको छ। १३ जना महिला तथा १० जना पुरूषले विष सेवनबाट आत्महत्या गरे भने २ जना महिलासमेत ७ जना पुरूषले भुण्डिएर आत्महत्या गरेका थिए। वर्षभरि बाढी, पहिरो र आगजनीबाट करीब २ सय घर भत्किए।

●



२. मध्यमाञ्चल

वागमती

२.१५ काठमाडौं

जनसंख्या	६७५३४१
साक्षरता	७० प्रतिशत
महिला साक्षरता	५७.३ प्रतिशत
क्षेत्रफल	३९५ वर्ग कि.मी.
गाविस/नपा	५७/२
निर्वाचन क्षेत्र	७
विद्यालय/क्याम्पस	६९०/३५
अस्पताल/स्वास्थ्यचौकी	१५/१०
टेलिफोन लाइन	७८४८७
सडक (कि.मि.)	४४२
प्रहरी कार्यालय	४२
हुलाक	७१

देशको राजधानी भएकाले काठमाडौं कसैका लागि पनि अपरिचित नाम हैन। दर्जनौं मन्दिर, ऐतिहासिक धरोहर र हरेक कुराको केन्द्रबिन्दुका रूपमा रहेको काठमाडौं ७५ वटै जिल्ला र विदेशीहरूको रहनसहन र सांस्कृतिक विशेषताको संगमस्थल भएको छ। राजधानी भएकाले धेरै सुविधा भोग गर्न पाए पनि काठमाडौं विकासले निम्त्याउने विनाशबाट पनि मुक्त छैन। त्यसैले व्यस्त हुनुको पीडाबाट दैनिक सयौं व्यक्ति प्रताडित हुनु र सयौं व्यक्तिको मानवअधिकार हनन हुनु यहाँ सामान्य जस्तै भएको छ। यही सामान्य जस्तै सोचिनुका कारण सयौं उल्लंघनका घटनाहरूमा कानूनी उपचारका लागि प्रक्रिया नै अघि बढाइँदैन भने सयौं घटना राजनीतिक नेतृत्वबाट गुपचुप पारिने परम्परा पनि कायमै छ।

शिक्षा, चेतना र सुविधा अन्यत्र जिल्लावासीका तुलनामा काठमाडौंबासीले बढी उपयोग गर्दै आए पनि मानवअधिकार उल्लंघनका घटना झन्-झन् बढ्दो देखिएको छ। केन्द्रीय स्तरको राजनीतिक दवाव र सोझो हस्तक्षेपले न्यायालय र अर्धन्यायिक निकायका फैसलासमेत बेला-बेलामा विवादास्पद बनेका पाइन्छन्। सोर्स र फोर्सले हरेक कुरामा हस्तक्षेप गरेको हुँदा यस जिल्लामा पीडित झन् पीडित हुनुपर्ने र पीडक उम्कने तथा उत्साहित बन्ने वातावरण दोहोरिंदैरहेका देखिएका छन्। राजधानीको मुटुनजिकै मैतिदेवीमा बोक्सी धपाउने बहानामा यातना दिएर सरस्वती अधिकारीको हत्या गरिएको घटनाले यस वर्ष राजधानीबासीकै शिर झुकाइदियो भने प्रशासनको अगाडिसमेत गम्भीर चुनौती खडा हुन पुग्यो।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

बालाजु डेरा गरी बस्ने दोलखा मार्बुकी ६० वर्षीय सुमित्रा जोशीलाई एक प्रहरी निरीक्षकले ०५३ माघ १५ गते पिटेकामा माघ १७ गते अस्पतालमा उपचार गराउँदा-गराउँदै मृत्यु भयो। जोशीका छोराहरू माओवादी भएको आरोपमा पक्रन गएका प्रहरीलाई जोशीले नपक्रन आग्रह गर्दा उनलाई कुटेका थिए।

कामनपा-६ बौद्धमा धादिङ मुरलीभञ्ज्याङका रामकृष्ण श्रेष्ठलाई ०५४ वैशाख १५ गते बौद्धका कंसाङ लामाले आफूलाई कुटेको र रीस उठाएको झोंकमा छुरी हानी हत्या गरे। छदम अवस्थामा भारततर्फ भाग्दै गर्दा पीडक पक्राउमा पर्‍यो।

कामनपा-३३ मा सरस्वती अधिकारीको ०५४ वैशाख २८ गते सोही ठाउँका राजेन्द्र मुनकर्मीको घरमा डेरा गरी बस्ने कथित माता गंगा के.सी. र पीडितका पति गंगाबहादुर अधिकारीले बोक्सी झार्ने भनी कुटपिट गरी निर्मम यातना दिएपछि उपचार गर्दागर्दै मृत्यु भयो। पीडकहरूलाई प्रहरीले पक्राउ गरी थुनेको छ।

कामनपा-१० बुद्धनगर डेरा गरी बस्ने हिमबहादुरकी पत्नी लक्ष्मी कार्कीलाई ०५४ साउन १ गते हिमबहादुर कार्की र भतिजो डिल्लीबहादुर कार्की दुवै मिली कोठामै हत्या गरे। रक्सी सेवन गरी झगडा भएपछि उक्त घटना भएको थियो। पीडकहरूलाई पक्राउ गरी थुनिएको छ।

कामनपा-६, बौद्ध फूलबारीस्थित छेटन दोर्जे लामाको घरमा बस्दै आएका एकै परिवारका ७२ वर्षीय सितार लामा,

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	-
प्रहरीको यातनाले मृत्यु	२	२	१
थुनामा मृत्यु	-	-	९
हिरासतमा यातना	६	१३	२
बलात्कृत	-	-	७
बोक्सीको आरोपको यातनाबाट	-	-	१
आत्महत्या	१६५	१८४	१७५

उनकै ७० वर्षीय पत्नी कुन्सुन छेदुन र काम गर्ने पिंकी भनिने १८ वर्षीय टिछेन लामाको ०५४ भदौ ११ गते साँफ ८ बजेतिर अज्ञात व्यक्तिहरूले धारिलो हतियार प्रयोग गरी हत्या गरे। पीडक र मार्नुपर्ने कारण थाहा भएको छैन। प्रहरी अनुसन्धान जारी छ।

१.२ जेल र बन्दीहरु

श्री ३ चन्द्रशमशेरको शासनकाल वि.सं. १९७१ मा स्थापित राजधानीको मुटुमा रहेको केन्द्रीय कारागार १५ रोपनी जग्गाको सेरोफेरो ओगटेर रहेको छ। एक तले ८ वटा भवनहरू रहेको यस कारागारमा जेलको पनि जेल गोलघर पनि रहेको छ। करीब २० फिटे पर्खालले वरिपरिबाट घेरिएको यो जेल बेलाबेलाको भूकम्पले चिरा-चिरा पारेको छ। पानी चुहिनु तथा उड्स, उपियाँ हुनु यस जेलमा सामान्य भएको छ।

२० जनाको क्षमता भएको गोलघरकै बाहिरी कोठामा २०१९ सालमा स्थापना गरिएको बन्दी विकास पुस्तकालय रहेको छ। टेबलटेनिस हल, कपाल काट्ने घर, लुगा सिउने मेसिन घर, जुत्ता तथा स्टोभ मर्मत घर, बौद्ध गुम्बा, चाँदीका गहना निर्माण घर, फर्निचर निर्माण घर, ऊनको गोदाम र औषधोपचार कक्ष जस्ता केही विषयहरूमा यो जेलका कैदी र थुनुवाले राजधानीको जेल भन्ने गौरव गर्न पाएका छन्। गोलघरको भित्री भागमा पिंजडालगायत्का १० कोठा र बीचमा चोक छ। जेलको नियम नमान्नेहरूलाई गोलघरमा बस्न बाध्य पारिन्छ।

७ सय जनाको क्षमता रहेको यो जेलमा ८ सय जनासम्म राख्ने गरिएको छ। ४ सय ११ जना कैद तोकिएका र २ सय ५८ जना थुनुवा रहेका यस जेलमा १० कैदी र ११ जना थुनुवा विदेशी पनि रहेका छन्। जेलभित्र उभिएर हिड्न नमिल्ने स्थिति छ। १० जना नाबालक पनि यस जेलमा छन्। ७ सय जनाकै क्षमता भएको टेलिभिजन हलमा टेलिभिजन हेर्ने सुविधा छ भने ७९ वटा टोपी बुन्ने तान क्षमता भएको एक कारखाना पनि छ। विभिन्न खेल खेल्ने संयुक्त खेल मैदानसहित २ वटा धारा र ट्यांकी पनि छ। यहाँस्थित जगन्नाथ माध्यमिक विद्यालयमा ९ जना शिक्षकको दरबन्दी भए पनि १३ जनाले अध्यापन गराउँदै आएका छन्। यसै विद्यालयमार्फत् प्रौढ शिक्षा, महिला प्रेरणा समुदाय संस्थाद्वारा संचालित एचआइभी एड्स जनचेतना कार्यक्रमलगायत् विभिन्न ज्ञानबर्द्धक कार्यक्रम संचालन गरिएको छ।

यहाँका बन्दीहरूले चिया पसल, तरकारी पसल र किराना पसल पनि थापेका छन्। ऊन कात्ने, पोते उन्ने जस्ता व्यवसाय पनि चलेको पाइन्छ। ७० वर्षमाथिका वृद्ध, अपांगहरू पनि यहाँ थुनिएर रहेका छन्। सरकारले व्यवस्था गरेको अपांग, वृद्ध भत्ता नपाएको यिनीहरूको गुनासो छ। २०१६ सालमा स्थापित ५ सय जना बन्दी क्षमताको घरेलु कपडा कारखानामा १३ जना कर्मचारी मात्रै छन्। भद्रगोल जेल र केन्द्रीय कारागारका बन्दीहरू पनि यहाँ काम गर्छन्। चाहे जति बन्दीले यस कारखानामा काम गर्न पाएका छैनन् र काम पाएकाले पनि उचित श्रममूल्य नपाएको गुनासो गर्छन्।

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरूष	महिला	जम्मा		पुरूष	महिला	जम्मा
हत्या	१७	१०	१०	२०				
थुनामा मृत्यु	९	६	३	९	९	६	३	९
गिरफ्तारी र यातना •	४०	११५	१३	४०३	४०	११५	१३	४०३
कुटपिट	४०	४७	७	५४	२	१	१	२
मौलिक अधिकार	६	९		९	४	८		८
महिला किनबेच •	१४		२१	२२				
बलात्कार	७		७	७				
महिला भएकै कारणले दिइने यातना	८		११	११				
बहुविवाह	१०		१०	१०				
पारिवारिक हिंसा	१		१	१				
बालअधिकार	२६	१६	१०	२६				
आर्थिक अधिकार •	३	३		१५३	१	२		२
अपहरण	१	१		१				
लाश फेला •	८९	३		८९				
आत्महत्या •	१७५	३८	३७	१७५				
दुर्घटनाहरू/पीडितहरू •	३५	१९	४	३८				
जम्मा	४८१	२६७	१३४	१०२८	५६	१३२	१७	४२४

आफ्नै पतिद्वारा हत्या गरिएको आशंका गरिएकी राजेश्वरी श्रेष्ठ

बाहिर कपडा बुनेको प्रतिमिटर १०/१२ रूपैयाँ दिइन्छ भने यहाँ मात्र ७२ पैसा प्रतिमिटर दिइनु साह्रै अन्यायपूर्ण देखिन्छ।

स्वास्थ्य परीक्षणमा अपर्याप्त ध्यान, खानेपानी र शौचालयको असुविधा, बन्दी बन्दीमा पनि भेदभाव र धेरै वर्षअघिको जेलसम्बन्धी नियम-कानूनमा संशोधन गरिनुपर्ने धारणा यहाँका बन्दीहरूको पाइन्छ। कारखानालाई पूर्ण क्षमतामा संचालन गरी काम गर्न चाहनेहरूलाई अवसर दिनुपर्ने धारणा पनि उनीहरूको रहेको छ।

यसैगरी भद्र बन्दीगृहमा जम्मा ४ सय १८ जना बन्दी रहेका छन्। जसमध्ये २ सय २७ जना थुनुवा र १ सय ९१ जना बन्दी छन्। विदेशी ३८ जना थुनुवा र २२ जना बन्दी पनि यस जेलमा रहेका छन्। ११ जना नावालक पनि छन्। महिला कारागारमा २० जना थुनुवा र ५९ जना बन्दी छन्, जसमा २ जना विदेशी पनि छन्। २२ जना नाबालक पनि रहेका छन्। चारखाल कारागारमा भने २ सय ७४ जना थुनुवा र ५५ जना बन्दी छन्। जसमध्ये १० जना महिला र ४८ जना पुरूष विदेशी रहेका छन्। यस जेलमा ४ जना नावालक छन्। ३६ जना महिला र २ सय ८९ पुरूष यो जेलमा बन्दी, थुनुवा जीवन बिताइरहेका छन्।

यसैगरी भद्रबन्दी गृहका २ जना र केन्द्रीय कारागारका ३ जना बन्दीहरू आफूलाई आस्थाका आधारमा बन्दी बनाइएको दावी गर्दै निष्पक्ष छानविन गर्न माग गरिरहेका छन्।

यस वर्ष काठमाडौंस्थित् कारागारमा रहेका ९ जना बन्दीहरूको विभिन्न रोगको कारण मृत्यु भयो। त्यसरी मृत्यु हुनेहरूमा लागु औषधसम्बन्धी मुद्दामा रहेकी ६० वर्षीय राधिका राई, ज्यान मुद्दाकी ३२ वर्षीय विमला लावती, सार्वजनिक अपराधको कारवाहीमा परेका २१ वर्षीय मनोज कुमार श्रेष्ठ, जबरजस्ती करणीको मुद्दामा रहेका सुमन रंजितकार, लागू औषधको अभियोगमा कारवाही चलाइएको सिताराम बहेलिया, सविता अग्रवाल, पदम उप्रेती र ज्यानमुद्दाअन्तर्गत सजाय भोगिरहेका विष्णु लामा रहेका छन्। यसैगरी चारखाल कारागारबाट एक जना लागू औषधमा पक्राउ परेका राधेश्याम अग्रवालाको ०५३ पुस २८ गते मृत्यु भएको थियो।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

कामनपा नरदेवीका ६५ वर्षीय वामपन्थी नेता भक्तबहादुर श्रेष्ठ, लक्ष्मी मुडभरी, माधव मुडभरी, इन्द्र भूषाललगायत्का ३६ जनालाई ०५४ वैशाख २५ गते प्रहरीले पक्राउ गरी हिरासतमा राख्यो। त्यसरी पक्राउ गरिएका सबैलाई ०५४ जेठ १७ गते सर्वोच्च अदालतको आदेशमा रिहाइ गरियो।

कामनपा-३२ फोछें धनबहादुर मगर र भरत बुर्जा मगरलाई ०५४ जेठ १ गते प्रहरीले पक्राउ गर्‍यो। प्रथम चरणको स्थानीय निर्वाचनका क्रममा त्यसरी पक्राउ गर्ने क्रममा प्रहरीले जेठ ३ गते सिर्जनशील कम्प्युटर भोटाहिटीमा कार्यरत् निमबहादुर बुढाथोकीलाई पनि पक्राउ गर्‍यो। त्यसरी पक्राउ पर्नेहरू सबैलाई ०५४ जेठ १७ गते सर्वोच्च अदालतले रिहाइ गर्ने आदेश दिएको थियो।

स्थानीय चुनाव बहिस्कार गरौं भन्ने पर्चा टाँसेको अभियोगमा ३० वर्षीय मिलन नेपाली, २२ वर्षीय कल्पना धमला, ३२ वर्षीय पेमा लामा र २४ वर्षीय रूद्र नेपालीलाई ०५४ जेठ ३ गते प्रहरीले पक्राउ गर्‍यो। पक्राउ पर्नेहरू सबैलाई ०५४ जेठ २१ गते सर्वोच्च अदालतको आदेशमा रिहाई गरियो।

वीर अस्पतालअगाडि एक जुलुसबाट वरिष्ठ वामपन्थी नेता ६५ वर्षीय भक्तबहादुर श्रेष्ठ, निमबहादुर बुढाथोकी समेत १६ जनालाई ०५४ जेठ ३ गते प्रहरीले पक्राउ गर्‍यो। पक्राउ पर्नेहरूमा भक्तबहादुर श्रेष्ठसमेत ६ जनालाई ०५४ जेठ १७ गते सर्वोच्च अदालतको आदेशमा रिहाई गरियो भने अन्य ०५४ जेठ २० गते जिल्ला प्रशासन कार्यालयको तारेखमा छुटे। त्यस क्रममा पक्राउ गरिएका भक्तबहादुर श्रेष्ठलगायत्का व्यक्तिलाई प्रहरीले अदालतमा समेत हतकडी लगाएको थियो।

निर्वाचन आयोग अगाडिबाछ ०५४ वैशाख १५ गते विभिन्न साना पार्टी नेता तथा कार्यकर्ताहरूलाई प्रहरीले गिरफ्तार गर्‍यो। निर्वाचन आयोगमा आ-आफ्नो छुट्टै चुनाव चिन्ह पाउनु पर्ने माग राख्दै १८ वटा स-साना पार्टीका नेता तथा कार्यकर्ताहरू आयोगमा धर्ना दिन सामेल भएका थिए। पीडितहरूलाई सोही दिन बेलुका छोडियो।

कामनपा सुनधाराबाट प्रहरीले रोशनचन्द शाक्य, छिरिङ लामा, सुकबहादुर गुरूङ, सुमन बोहरा, मिनबहादुर खड्गी, राजन क्षेत्री, जय नेपाली र विनय नेउपानेलाई ०५४ असार १० गते सार्वजनिक अपराधअन्तर्गत पक्राउ गर्‍यो। पक्राउ पर्नेहरूलाई ०५४ असार १६ गते रू. १०-१० हजार जरिवाना तोकेपछि सो तिर्न नसक्दा सुकबहादुर र सुमनबाहेक अन्य थुनामा राखिए। सुकबहादुर र सुमन भने २-२ हजार जरिवानामा छुटे।

कामनपा भोटाहिटीबाट प्रहरीले कुमार लामा, कुमार श्रेष्ठ, रूपक श्रेष्ठ, गंभीर महर्जन, रूपक शाह, नरेन्द्र महर्जन र राजु त्रिपाठीलाई ०५४ असार १० गते सार्वजनिक अपराधअन्तर्गत पक्राउ गर्‍यो। पक्राउ परेकाहरूमध्ये रूपक र राजु ०५४ असार १७ गतेको अदालतको आदेशमा रू ३-३ हजार जरिवानामा छुटे भने अन्य सो जरिवाना तिर्न नसक्दा

काठमाडौं क्षेत्र नं. १ को उपनिर्वाचनको क्रममा झडप हुँदा घाइते भएकाहरू

थुनामा राखिए। त्यही क्रममा प्रहरीले ०५४ असार १५ गते भोटाहिटीबाट ११ जना र १७ गते वसन्तपुरबाट पनि ७ जनालाई पक्राउ गरेको थियो।

कामनपा जमलबाट २२ वर्षीय अनु खड्का, २७ वर्षीय विना गुरूङ, २५ वर्षीय अनु थापा र १७ वर्षीय शोभा पौडेललाई ०५४ असार १० गते प्रहरीले पक्राउ गऱ्यो। पक्राउ पर्नेहरू मध्ये ०५३ असार १३ गतेको जिल्ला प्रशासन कार्यालय काठमाडौंको आदेशले अनु थापा, अनु खड्कालाई रू. १०-१० हजार जरिवाना, शोभा र विनालाई जनही रू. ३ हजार ५ सय जरिवाना माग गर्दा तोकिएको जरिवाना तिरेर अनु थापा, विना र शोभा छुटे भने अनु खड्का जरिवाना तिर्न नसक्दा थुनामा परिन्। उनीहरूलाई उपत्यकाका विभिन्न ठाउँमा मसाज केन्द्रका नाममा वेश्यावृत्ति संचालन गरेको अभियोग लगाएको थियो।

कामनपा सामाखुशी बस्ने दिनेशकुमार बज्राचार्य, २१ वर्षीय रमेश राई र २६ वर्षीय गणेश बुढाथोकीलाई ०५४ असार १० गते प्रहरीले सार्वजनिक स्थानमा हो-हल्ला गरेको आरोपमा पक्राउ गऱ्यो। पक्राउ पर्नेहरू तीनै जनालाई ३ दिनपछि रू. ५ हजार ५ सय जरिवाना तिर्न नसक्दा थुनामा राखियो।

कामनपा मरूहिटीका मजदूर नेता ३० वर्षीय कुमार दाहाललाई ०५४ असार १८ गते प्रहरीले पक्राउ गरी हिरासतमा राखेको छ। विना कुनै कारण पक्राउ गरिएका दाहालमाथि केही सार्वजनिक अपराध ऐनअन्तर्गत कारवाही चलाइँदैछ।

काठमाडौं महानगरका विभिन्न स्थानबाट मिलन नेपाली, नरेन्द्र अधिकारीलगायत्का दर्जनौं व्यक्तिलाई विनाकारण प्रहरीले ०५४ साउन १२ गते गिरफ्तार गरी सिधै जेल चलान गरियो। पक्राउ पर्नेहरूलाई खुट्टा र औंलामा पिनले घोच्ने जस्ता साह्रै पीडादायी र तल्लो स्तरको यातना दिइएको बताइन्छ। धेरैलाई माओवादीको आशंकामा पक्राउ गरिएको थियो।

अनेरास्ववियू (क्रान्तिकारी) का अध्यक्ष कृष्णध्वज खड्का, दूरसंचार संस्थानका कर्मचारी निलकण्ठ तिवारी तथा एकराज खड्का, देवेन्द्र पौडेललगायत्का १५-२० जनालाई प्रहरीले ०५४ साउन १३ र १४ गते पक्राउ गऱ्यो। उनीहरूलाई माओवादी गतिविधिमा संलग्न भएको आशंकामा प्रहरीले पक्राउ गरेकोमा सबैलाई अदालतको आदेशमा छोडियो।

कामनपा ठमेलबाट पत्रकार ओम शर्मालाई ०५४ साउन १६ गते प्रहरीले माओवादी गतिविधिमा संलग्न भएको आरोपमा गिरफ्तार गऱ्यो। पीडितलाई केन्द्रीय कारागारमा राखी भदौ ५ गते अदालतको आदेशमा छोडियो।

यस वर्ष काठमाडौं जिल्लाबाट माओवादी जनयुद्धको विषयलाई लिएर दर्जनौं व्यक्तिलाई प्रहरीले पक्राउ गर्दै सार्वजनिक अपराध ऐन अन्तर्गत मुद्दा चलायो। त्यसरी पक्राउ गरिएका व्यक्तिहरूलाई "उपत्यकाको शान्ति सुरक्षा खलबलिने संभावना भएकाले "क" श्रेणीको सुविधा पाउने गरी नजरबन्दमा राखिएको छ" भन्ने लेखिएको पक्राउ पूर्जी दिएको थियो। त्यसरी पक्राउ पर्नेहरूमा कृष्णध्वज खड्का, लेखनाथ न्यौपाने, खेम भण्डारी लगायत्का व्यक्तिहरू थिए।

भदौ ३१ गतेको मसाल जुलुसको सहभागीलाई प्रहरीले पक्राउ गर्दै

१.४ बेपत्ता पारिएको (राज्य पक्षबाट)

चितवनबाट उपचारार्थ काठमाडौं आएका विष्णु पहाडी र उहाँका सहयोगी केशवराज रिमाललाई ०५४ असार २६ गते प्रहरीले बसबाटै अपहरण गरी उपचार गर्न नदिई मानसिक यातनासमेत दिएर रातारात भरतपुर लगेर छाडे।

बौद्धमा सामूहिक हत्या गरिएका सितार लामा, पिन्की लामा र कुलचन लामा

उनीहरूलाई माओवादीको आरोपमा त्यसो गरिएको आशंका गरिएको छ।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

वालाजुतर्फ कुखुरा लिएर गइरहेको ट्याक्टरका चालकलाई ०५३ फागुन २५ गते कुखुरा माग्दा नदिएको झोंकमा प्रहरी असइ सुरज खड्का र एक अर्का प्रहरीले पिटेपछि ट्याक्टर र मिनिट्रक चालकहरूले ट्राफिक जाम गरे। हनुमानढोका प्रहरी कार्यालयले पीडकहरूलाई कारवाही गर्ने बताएपछि ट्राफिक जाम तोडियो।

सूर्य प्रकाशन प्रा.लि. का पत्रकार पूर्ण रावललगायत्का ३ जनालाई कमलपोखरीस्थित वडा प्रहरी कार्यालयका प्रहरीहरूले ०५३ चैत १७ गते विना कारण भ्यानभित्र कोची कुटपिट गर्‍यो। रावलको छाती र अनुहारमा नराम्रो चोट लागेको थियो।

कामनपा त्रिपुरेश्वरस्थित खेलकूद परिषदका प्रचार अधिकृत शिवप्रकाश पौडेललाई ०५४ जेठ ३ गते केही अज्ञात व्यक्तिहरूले कार्यालयमै कुटपिट गरे। केही समयअघि अर्को कर्मचारीलाई पनि पिटेका ती अज्ञात पीडकहरूले शाखा प्रमुख सीता पाण्डेलाई पनि जथाभावी गाली गरेका थिए।

अदालतमा उपस्थित गराउँदा पनि हत्कडी लगाइएका राजनीतिक कार्यकर्ता

वा.अ.ज. ३४०० नं. का आकाश भैरव ट्याक्सीका चालक जीतमान लामालाई ०५४ जेठ ९ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कार्यरत् ट्राफिक प्रहरी तीर्थ परियारले कुटपिट गरे। चालक लामाले एक यात्रुलाई एयरपोर्टस्थलमा उतारेपछि लिएको रू. २ सयमध्ये रू. ५० माग्दा नदिएकै कारण घोक्र्याउने, कुट्ने गरेको पीडितले बताए। पीडकलाई कारवाही भएन।

कामनपा-३३ स्थित मैतीदेवीका २४ वर्षीय विनोद कोइराला, बानेश्वरका सोम राई र चावहिलका देव न्यौपानेलाई ०५४ असोज ५ गते साँझ चावहिलमा सुरेन गोले र विरेन गोलेले मरणासन्न हुनेगरी खुकुरी प्रहार गरे। पीडकहरू फरार रहेका छन्।

कामनपा-६ बौद्ध, टुसालका छिरिङ लामालाई ०५४ असोज १० गते आफ्नै पत्नी २४ वर्षीय केसाङ लामाले घरमै छुरी प्रहार गरी घाइते बनाइन्। घाइतेलाई शिक्षण अस्पताल लगिएको थियो। घटनाका सम्बन्धमा प्रहरीले अनुसन्धान गरिरहेको बताएको छ।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

काठमाडौं क्षेत्र नं. १ को उपचुनावको मतपेटिका सभागृहमा ल्याउने क्रममा अवरोध उत्पन्न गरेको कारण ०५३ माघ ११ गते सोलुखुम्बु जिल्ला सल्लेरी गाविस-५ घर भै कामनपा-४ महाराजगञ्ज बस्ने ४० वर्षीय निमा लामालाई प्रहरीले पक्राउ गर्‍यो। पीडकलाई ०५३ फागुन ११ गते रू. १० हजार धरौटी दिन नसक्दा थुनामा राखियो।

काठमाडौं क्षेत्र नं. १ मा ०५३ माघ ११ गते भएको उपनिर्वाचनका क्रममा बुद्धनगर मतदान केन्द्रमा भएको झडपमा झपट रावल, नामगेल लामा, केशव व्यञ्जनकार र गोविन्द पोखरेल घाइते भए।

भूटानी प्रजातान्त्रिक आन्दोलनका नेता टेकनाथ रिजालले भूटानी राजासंग वार्ता गर्न पाउनुपर्ने माग राख्दै ०५४ वैशाख ३ गतेदेखि भूटानको चेम्जोङ जेलमा शुरू गर्नुभएको आमरण अनशनप्रति समर्थन जनाउँदै नेपालमा रहेका भूटानी शरणार्थीहरूले पनि ०५४ वैशाख १४ गते भद्रकालीमा अनिश्चितकालीन अनशन शुरू गरे। उक्त अनशनकारीहरूको मागप्रति ऐक्यबद्धता जनाउँदै नेपालका विभिन्न १३ वटा मानवअधिकार संस्थाका प्रतिनिधिहरूले पनि वैशाख १७ गतेदेखि २४ घण्टे भोक हड्ताल शुरू गरे। भोक हड्तालमा मासमका पद्मरत्न तुलाधर, इन्सेकका सुशील प्याकुरेल र डा. राजेश गौतम, नेमाधिसंघका कपिल श्रेष्ठ, इन्हुरेड इन्टरनेशनलका गोपाल शिवाकोटी, मानवअधिकार तथा शान्ति समाजका कृष्ण पहाडीलगायत् ११ महिलासहित २६ जना मानवअधिकार कार्यकर्ताहरू सम्मिलित थिए। भूटानी अनशनकारीहरूको अनशन वैशाख १९ गते उपप्रधानमन्त्री तथा गृहमन्त्री वामदेव गौतमले फलफूलको रस खुवाई तोडाउनुभयो।

१८ वटा राजनीतिक समूहद्वारा ०५४ वैशाख १८ गते आयोजित उपत्यका बन्दका क्रममा प्रशासनले १२ जनालाई पक्राउ गरी केहीलाई सोही दिन छाडियो र केहीलाई धेरै पछिमात्र छाडियो।

ठमेलस्थित मसाज केन्द्रहरूमा वेश्यावृत्ति गरेको आरोपमा पक्राउ परेकाहरूलाई प्रहरीले यातना दिई मौलिक हकविपरीत आफैंविरूद्ध बयान दिन बाध्य पारेको गुनासो पीडितहरूले गरेका छन्। ०५४ वैशाखको विभिन्न मितिमा पक्रिएका त्यस्ता पीडितहरूलाई जनही १५ हजार रूपयाँ धरौटी लिई छाडिएको थियो।

लैनचौरस्थित भारतीय राजदूतावास अगाडिबाट नेपालका विभिन्न मानव अधिकारवादी संस्थाका ६० जना कार्यकर्तालाई ०५४ वैशाख २२ गते प्रहरीले गिरफ्तार गर्‍यो। युनाइटेड फ्रन्ट फर डेमोक्रेसी इन भूटानका अध्यक्ष रोङ थोङ किन्ले दोर्जे लगायतका भुटानी शरणार्थीहरूलाई भारतीय प्रहरीले दिल्लीमा गिरफ्तार गरेको विरोधमा नेपालस्थित भारतीय राजदूतावासअगाडि आयोजित धर्ना कार्यक्रममा मानव अधिकार कार्यकर्ताहरू सहभागी भएका थिए।

स्थानीय निर्वाचनको बहिस्कार गर्ने कार्यमा सक्रिय भएकै कारण ०५४ वैशाख ३१ गते प्रहरीले भोटाहिटीबाट वामपन्थी कार्यकर्ताहरू भरत बुर्जामगर, धनबहादुर मगर, खेम भण्डारी र कुमार दाहाललाई पक्राउ गर्‍यो। पक्राउ पर्नेहरूलाई ०५४ जेठ १७ गते अदालतले गैरकानूनी रूपमा पक्राउ गरेको भनी रिहाइ गर्ने आदेश दिएको थियो भने भरत बुर्जा मगरलाई भने ०५४ जेठ २० गते साधारण तारेखमा छोडियो।

राष्ट्रिय जनआन्दोलन संयोजन समितिको ०५४ जेठ ३ गते आयोजित विरोध कार्यक्रममा समाचार संकलन गर्न गएका पत्रकार (सन्ध्याकालीन दैनिक) फणीन्द्र दाहाललाई प्रहरीले पक्राउ गरी हनुमान ढोकामा राख्यो।

स्थानीय चुनाव बहिस्कारको नारा लगाउँदै हिंडेको आरोपमा प्रहरीले ०५४ जेठ १० गते काठमाडौं जिल्लाका विभिन्न भागबाट केही व्यक्तिहरूलाई पक्राउ गर्‍यो। त्यसरी पक्राउ पर्नेहरूमा २२ वर्षीय रामबहादुर थापा, २४ वर्षीय भिष्मराज अधिकारी, २३ वर्षीय खेमबहादुर अधिकारी, २० वर्षीय नरेन्द्र अधिकारी र २० वर्षीय उमेश न्यौपाने ०५४ जेठ १९ गते साधारण तारिखमा छुटे।

कामनपा भोटाहिटीमा वालपेन्टिङ गर्दै हिंडेका विद्यार्थीहरू गोविन्द पौडेल, रेवती शर्मा, लक्ष्मी मुडभरी, सरस्वती अधिकारी, माधव अधिकारी र इन्द्रप्रसाद भुसाललाई ०५४ जेठ १९ गते प्रहरीले पक्राउ गर्‍यो। स्थानीय निर्वाचन बहिस्कारको नारा लेखेको अभियोगमा पक्राउ परेका उनीहरू सबैलाई ०५४ जेठ २५ गते अदालतको आदेशमा साधारण तारिखमा छाडियो।

काठमाडौं रत्नपार्कबाट मानवअधिकार कार्यकर्ताहरू कृष्ण पहाडी, सुशील प्याकुरेल, डा. राजेश गौतम, कृष्ण कँडेल, बद्री खनाललगायत् पचासौं जनालाई ०५४ जेठ २२ गते प्रहरीले गिरफ्तार गर्‍यो। सन् १९८९ जुन ४ मा चीनको तियोनमेन चोकमा प्रजातन्त्रवादी तथा मानवअधिकार कार्यकर्ताहरूलाई गरिएको दमनको विरूद्ध विरोध प्रदर्शनमा सहभागी भएका थिए। सोही दिन गिरफ्तार मानवअधिकारवादी कार्यकर्ताहरूलाई छोडियो।

धर्मपुत्रीको रूपमा राखिएकी युवतीको हत्या गर्ने विकास सिन्हा र हत्या गरिएकी युवती गोमा

भारतीय प्रधानमन्त्री इन्दरकुमार गुजरालको भ्रमणको समय मिलाएर नेकपा (मसाल) र संयुक्त जनमोर्चा समर्थित राष्ट्रिय जनतान्त्रिक मोर्चा नेपालले ०५४ जेठ २३ गते राजधानीका विभिन्न भागमा कालो झण्डा प्रदर्शन गरे। सो प्रदर्शनमा संलग्न व्यक्तिहरूमध्ये चित्रबहादुर के.सी, सांसद नवराज सुवेदी, कमान सिंह



केन्द्रीय कारागारको अग्र भाग

लामा, कृष्ण भुजेल, श्रीमती मञ्जु सुवेदी, सानु गिरीलगायत्का ५० जनालाई भारतका प्रधानमन्त्रीलाई कालो झण्डा देखाएको आरोपमा प्रहरीले पक्राउ गरी महेन्द्र पुलिस क्लबमा राखी साँझ छोड्यो।

कामनपा-३४ सिनामंगलबाट प्रहरीले संजीव सुस्वेनी, ढगबहादुर परियार, राकेश कार्की, प्रेमबहादुर तामाङ, निरज गुरूङ, माहिला लामा, मुकुन्द पाण्डे, हरि परियार, शिव तामाङ, मनीकुमार सार्की, रामप्रसाद सापकोटा, लायुल लामा, दीपक भण्डारी, भीमे घर्ती क्षेत्री, धनबहादुर लिम्बूलगायत्का ५० व्यक्तिहरूलाई ०५४ असार १० गते केही सार्वजनिक अपराधअन्तर्गत पक्राउ गऱ्यो। पक्राउ पर्नेहरू अधिकांश सडक बालकहरू भएको र उनीहरूलाई नेपाल भ्रमण वर्ष सन् १९९८ का बहानामा सार्वजनिक स्थलहरूमा घुमफिर गरेकै कारण पक्राउ गरिएको थियो। पक्राउ पर्नेहरूलाई ०५४ असार १३ गते जिल्ला प्रशासन कार्यालय काठमाडौंले २ जनालाई तारेखमा छोड्यो भने ७ जनालाई जनही ७ हजार र २ जनालाई जनही ४ हजार रूपैयाँ जरिवाना तोक्दा सो तिर्न नसकेकै कारण जेल पठाइयो।

कामनपा लैनचौरमा रहेको भारतीय राजदूतावास अगाडिबाट ०५४ साउन ३० गते इन्सेकका महासचिव डा. राजेश गौतम, नेमाधिसंका आनन्दप्रसाद आचार्य, मानवअधिकार तथा शान्ति समाजका कृष्ण पहाडी, कृष्ण कँडेल, सुरेशचन्द्र पोखरेल, थानेश्वर सापकोटा, बद्री खनाल, इन्हुरेड इन्टरनेशनलका शोभाकर बुढाथोकी, मानवअधिकार संरक्षण मंचका कृष्ण सुवेदी, राष्ट्रिय मानवअधिकार प्रतिष्ठानका बद्री सिवाकोटी, दक्षिण एशिया मानवअधिकार मंचका सोम निरौला, एलाइन्स फर डेमोक्रेसीका बद्रीदास श्रेष्ठ, अपिल आन्दोलन समन्वय परिषद् भूटानका जगत आचार्य, खगेन्द्र बराल, हरि अधिकारी र टीकाराम सुवेदीलाई प्रहरीले गिरफ्तार गऱ्यो। युनाइटेड फ्रन्ट फर डेमोक्रेसी इन भूटानका अध्यक्ष रोङथोङ किन्ले दोर्जीको रिहाई तथा भूटानी शरणार्थीहरूको ससम्मान स्वदेश फर्कने अधिकारको माग राख्दै अपिल आन्दोलन समन्वय परिषद् भूटानले आयोजना गरेको भोक हड्तालको समर्थनमा जुलुस प्रदर्शन गरेबापत उहाँहरूलाई गिरफ्तार गरिएको हो। पक्राउ परेका सबैलाई सोही दिन साँझ रिहा गरिएको थियो।

नौ वटा वामपन्थी समूहहरूले आयोजना गरेका ०५४ असोज १ र २ गतेको नेपाल बन्द कार्यक्रम सफल पार्न क्रियाशील राष्ट्रिय सभका पूर्व सांसद घनश्याम शर्मा पौड्याललगायत्का दर्जनौं व्यक्तिलाई प्रहरीले गिरफ्तार गऱ्यो। पक्राउ परेकाहरूलाई पटक-पटक गरी छाडियो। शान्तिपूर्ण महिला जुलुसमाथि पनि व्यापक धरपकड गरिएको थियो।

२.२ धार्मिक स्वतन्त्रता

यो जिल्लामा विभिन्न धार्मिक संगठनहरू निर्धक्क धर्मप्रचार गरिरहेका पाइन्छन्। समाज सेवाका नाममा सक्रिय आड्रा नेपाल धर्मप्रचारमा संलग्न भएको भनी सरकारी तवरबाट विशेष चासोका साथ चेतावनी दिने कार्य पनि भयो।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्षको अन्त्यसम्ममा देशभर ७६ हजार मुद्दा फछ्र्यौट हुन बाँकी छन्। प्रतिवर्ष नेपालमा १ लाख ४५ हजार मुद्दा पर्ने गर्छन्। सरदर एउटा जिल्ला न्यायाधीशलाई १ हजार ६५ थान मुद्दा हेर्नुपर्छ, जसमध्ये उनीहरूले ४ सय ८ वटामात्र मुद्दा हेर्न भ्याउँछन्। सर्वोच्च अदालतमा प्रतिन्यायाधीश ८ सय ६४ थान मुद्दा हेर्नुपर्ने हुन आउँछ। तर सर्वोच्च अदालतका एक जना न्यायाधीशबाट ३ सय ७ वटामात्र प्रतिवर्ष फैसला हुन सक्छन्। पुनरावेदन अदालतका मुद्दामा प्रतिन्यायाधीश ३ सय २२ वटा मुद्दा हेर्नुपर्ने जिम्मेवारी पर्छ तर १ सय ७७ वटामात्र किनारा लाग्न सक्छन्। काठमाडौं जिल्लाबाट हुने मुद्दाको फैसलामध्ये ९५ प्रतिशत पुनरावेदन अदालत जाने गर्छ। सर्वोच्च अदालतमा मात्र करीब १४ हजार थान पुराना मुद्दा छिनिन बाँकी छन्।

१६ वटा पुनरावेदन अदालतमा १२ हजार ५ सय पुराना मुद्दा छिनिन बाँकी छन्। ७५ जिल्लामा अवस्थित जिल्ला अदालतमा १ सय २० जना न्यायाधीश छन्। १६ वटा पुनरावेदन अदालतमा १ सय ५ जना न्यायाधीश छन्। सर्वोच्च अदालतमा १७ जना न्यायाधीश छन्। देशभर ५ हजार ३ सय कानून व्यवसायी छन्।

कानूनतः ६ महिनामा कुनै पनि मुद्दा किनारा लाग्नुपर्छ। छिनिन बाँकी रहेका ७६ हजार ५ सय मुद्दा सबै २ वर्षभन्दा पुराना मात्र हुन्। यी तथ्यांक सर्वोच्च अदालतको २०५१/५२ र २०५२/५३ को पछिल्लो प्रतिवेदनबाट लिइएका हुन्।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

सरकार परिवर्तनपिच्छे हजारौं कर्मचारीलाई आस्थाका आधारमा सरूवा, घटुवा र पक्षपात गर्ने गरिन्छ। यो सामान्य प्रक्रिया जस्तै बनिसकेका कारण खासै चर्चामा आउँदैनन्। यस्ता प्रक्रिया सम्बन्धमा चित्त नबुझ्नेहरू अदालतमा जाने क्रम पनि तीव्र देखिएको छ।

३. भूमिहीन/सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

यस जिल्लामा ग्रामीण क्षेत्रमा खासै सुकुम्बासी थोरै छन्। यो समस्या शहरमा बढी देखिएको छ। काठमाडौंको शहरी क्षेत्र र सडक वरिपरि व्यापकरूपमा भूमिहीन व्यक्ति हौं भनी अतिक्रमण गरी बसेका पाइन्छन्। तर यस्ता सुकुम्बासी वास्तविकभन्दा पनि राजधानीबाहिरबाट आइ यहाँ जग्गा प्राप्त गर्ने लोभमा बसेका पाइन्छन्। खोलाका बगरहरूमा यसरी बस्ने क्रम बढी देखिएको छ। यसरी बसोबास गर्नेमा भारतीयहरूको संख्या पनि धेरै छ।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

काठमाडौं बस्ने तनहुँ जिल्ला चिसापानी गाविस-९ का २५ वर्षीय ममीता नेपालीले २०५१ सालमा लमजुङ जिल्ला सुन्दरबजार गाविस-८ घर भई काठमाडौं बस्ने अवोला आले र २१ वर्षीय शोभा नेपालीलाई भारत लगी बेचेकोमा ०५३ पुस २४ गते काठमाडौं जिल्ला प्रहरी कार्यालयले पक्राउ गऱ्यो। पीडितहरू भारतबाट नेपाल आई उजुरी गरेका थिए।

कामनपास्थित ठमेल नर्सिङ चोकस्थित बाबा भोजनालयमा काम गर्ने २२ वर्षीय पेमा लामाले ०५३ माघ ६ गते अढाइ वर्षीय एक बालिकालाई बलात्कार गरेकामा प्रहरीले पक्राउ गऱ्यो।

कामनपा-१६ बालाजु बस्ने २३ वर्षीय विमला आचार्यलाई ०५३ माघ ९ गते फर्पिङ जान लाग्दा धनुषा जिल्ला घर भै फर्पिङ बस्ने १८ वर्षीय एकवाल साह, महोत्तरी जिल्ला पिपरा गाविस-४ घर भै सोही ठाउँ बस्ने बद्री साह, रामचन्द्र यादव र राजधर राउतले अभद्र व्यवहार गरेकाले ०५३ माघ ११ गते पीडकहरूलाई प्रहरीले पक्राउ गऱ्यो। पीडकहरूलाई ०५३ माघ २४ गते रू. ८ हजार धरौटी माग गर्दा रामचन्द्रले मात्र धरौटी राखी छुटे। अन्य धरौटी तिर्न नसक्दा थुनामा रहिरहेका छन्।

जोरपाटी बस्ने सिन्धुपाल्चोक जिल्ला चौतारा गाविस-६ का ३२ वर्षीय चन्द्रबहादुर तामाङकी पत्नी र १९ वर्षीय साली निर्मला तामाङलाई ०५३ माघ २५ गते नुवाकोट जिल्ला चौघडा गाविस-८ घर भै नैकाप बस्ने २६ वर्षीय मोहन थापा र २४ वर्षीय कमल प्याकुरेलले भारतको बम्बईमा लगी बिक्री गरेका थिए। पीडित पक्षका तर्फबाट प्रहरीमा जोहरी दिएपछि पीडकहरू तीनै जनालाई प्रहरीले ०५३ चैत २९ गते पक्राउ गऱ्यो। पीडकहरूलाई ०५४ वैशाख २४ गते अदालतले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको छ।

आलापोट गाविस-१ का ४८ वर्षीय ज्ञानबहादुर नेपाली, ठूलीकान्छी नेपाली र अन्य २ जनाले २०४६ मा बम्बै लगी ५० हजार भारतीय रूपैयाँमा बिक्री गरेकी एक महिला ०५३ चैतमा नेपाल फर्केर आइन्। उनले ०५३ चैत १८ गते प्रहरीमा जाहेरी दिएपछि जिल्ला प्रहरी कार्यालय हनुमानढोकाले पीडकहरूलाई पक्राउ गरी ०५४ वैशाख १६ गते अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा राखिएको छ।

कामनपा-३१ स्थित पद्मकन्या क्याम्पसको क्यान्टिन संचालन गर्ने ३० वर्षीय सुशीला श्रेष्ठलाई क्यान्टिनमा काम गर्ने दोलखा जिल्लाका २० वर्षीय गोविन्द खड्कार्ले हातपात गर्दा आँखामा चोट लाग्यो। पीडकलाई ०५३ फागुन ९ गते रू. ५ हजार धरौटीमा छोडियो।

टेकु बस्ने डोल्मा लामालाई ललाई फकाई ०५३ चैत २४ गते भारतको बम्बई लगी ललितपुर जिल्ला मानिखेल गाविस-७ की कान्छी भन्ने जुनी साङ्गताङ्ग, काभ्रे जिल्ला डराउने पोखरी गाविस-४ घर भै कामनपा स्वयम्भू बस्ने गणेश लामाले बिक्री गरे। पीडितहरू ०५४ वैशाख ६ गते फर्की आइ प्रहरीमा जोहरी दिएपछि गणेश लामालाई ०५४ जेठ १४ गते

बोक्सी धपाउने निहुँमा आफ्नै पत्नीलाई यातना दिने गंगाबहादुर के.सी. र कथित माता गीता के.सी.



बोक्सी धपाउने निहुँमा हत्या गरिएकी सरस्वती अधिकारी

प्रहरीको कुटाइका कारण मृत्यु भएकी सुमित्रा जोशी

अदालतले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको हो।

कामनपा-१४ शोभाभगवती डेरा गरी बस्ने १४ वर्षीय एक बालिकालाई चितवन जिल्ला भरतपुर नपा-९ का २५ वर्षीय कमल राई र २६ वर्षीय निलकबहादुर तामाङले ०५४ जेठ २५ गते बम्बई लगी बेचेका थिए। पीडित बालिकाले १५ दिनपछि बम्बईबाट भागेर काठमाडौं आई प्रहरीमा जाहेरी दिएपछि प्रहरीले कमल राईलाई पक्राउ गरी कारवाही शुरू गरेको छ।

कामनपा बौद्ध बस्ने मोरङ जिल्ला उर्लावारी गाविस-५ की १९ वर्षीय देवी कार्कीलाई मोरङ जिल्ला शनिश्चरे गाविस-७ घर भै कामनपा भीमसेनस्थान बस्ने प्रकाश कार्की, मैजुबहाल बस्ने ३७ वर्षीय सुरेश पौडेलले विभिन्न बहानामा डर, त्रास र प्रलोभन देखाई नारायणगढमा लगी वेश्यावृत्ति गराएकोमा पीडकहरूलाई ०५४ जेठ ३० गते प्रहरीले पक्राउ गर्‍यो। दुवै पीडक ०५४ असार ६ गते अदालतको आदेशमा छुटे।

कामनपा-१८ शोभा भगवती विष्णुमती पुलछेउ बस्ने सोलुखुम्बु जिल्ला वाक्षा गा[illegible]-८ की २० वर्षीय कमला थापालाई ०५[illegible] ७ गते [illegible] बस्ने [illegible], विनोद राई, सानु कामी र राम[illegible]ले भारतको [illegible] लगी बिक्री गरेका थिए। कमला १० दिनपछि बम्बईबाट फर्की काठमाडौं आइपुगिन् भने पीडकहरू फरार छन्।

कामनपा रातोपुलका १५ वर्षीय ज्ञानु मानन्धरलाई ३ वर्षीय बालिकालाई बलात्कार गरेको अभियोगमा प्रहरीले पक्राउ गरेको छ। ०५४ असार १३ गते चकलेट दिई पीडकले बालिकालाई बलात्कार गरेको बताइएको छ।

कामनपा-१३ कालिमाटीस्थित ब्राइट मेडिकल सेन्टरका मञ्जर अलीले ०५४ असार १४ गते स्वास्थ्य परीक्षण गर्न आएकी एक महिलालाई बलात्कार गरेको अभियोगमा स्थानीय जनताले जुत्ताको माला लगाई घुमाए र प्रहरीलाई बुझाए। पीडितका अनुसार उनलाई सुई दिएर पहिले बेहोस गराइएको थियो।

कामनपा-१४ बालाजु बस्ने नुवाकोट जिल्ला नरजामण्डप गाविस-८ की १६ वर्षीय सुन्दरी लामालाई काभ्रे जिल्ला धुलिखेल नपा-६ घर भै कामनपा धापासी बस्ने २१ वर्षीय कृष्णबहादुर लामाले ०५४ असार १५ गते भारतको बम्बइ लगी बेचेको थियो। पीडितले १ हप्तापछि बम्बईबाट भागेर आइ प्रहरीमा जाहेरी दिएपछि पीडकलाई प्रहरीले पक्राउ गरेको छ।

कामनपा -१३ टेवहालकी एक ५ वर्षीय बालिकालाई ०५४ असार १७ गते चकलेट दिई शौचालयभित्र लगी अनैतिक कार्य गर्न लागेका कालिमाटीका २० वर्षीय मुकेश वंसलीलाई प्रहरीले पक्राउ गरेको छ।

कामनपास्थित बसपार्कबाट भारततर्फ बेच्ने मनसायले दोलखाकी १५ वर्षीय सरिता कार्की र १७ वर्षीय कमला कार्कीलाई लाँदै गर्दा प्रहरीले ०५४ असार २५ गते सिन्धुली कालिकाटारका रामबहादुर बस्नेत, गोपी सुवेदी, रातमाटा गाविसका रमेशबहादुर राना र काभ्रे सन्धिखर्कका गोली रानालाई पक्राउ गरी कारवाही चलाएको छ।

गोलढुंगा गाविस-४ की १४ वर्षीय निर्मला तामाङ र १४ वर्षीय मन्जु सापकोटालाई ०५४ असार २७ गते ललाई फकाई भारतमा बिक्री गर्न लैजान खोजेको आरोपमा प्रहरीले सोही ठाउँ बस्ने २९ वर्षीय मानबहादुर तामाङलाई पक्राउ गर्‍यो।

कामनपा नक्साल नागपोखरीका २२ वर्षीय राजीव श्रेष्ठले संखुवासभा, खाँदवारी घर भई काठमाडौं बस्ने १७ वर्षीय डोमा शेर्पालाई विभिन्न प्रलोभन देखाइ गर्भ बोकाएपछि ०५४ असार ३१ गते उनले जुम्ल्याहा छोरी जन्माइन्। पीडक फरार छन्। प्रहरी कारवाही पनि नभएका राजीवले विभिन्न जालसाँजी गर्दै स्कूलमा पियन पदमा कार्यरत् डोमालाई जागिरबाट पनि निकाल्न लगाए।

काठमाडौं-७ धुम्बाराहीका ७ वर्षीय एक बालिकालाई ०५४ साउन २४ गते भारत ओमनी घर भई हाल सोही ठाउँ बस्ने ३५ वर्षीय महमद अमिनले बलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरेको छ।

[illegible]रिवारि[illegible] र बहुविवाह

[illegible] गाविस-५ का २५ वर्षीय दयाराम महर्जनले सोही ठाउँकी २[illegible] वर्षीय रमिला महर्जनसंग दोस्रो विवाह गरे। सो विरुद्ध उनकी जेठी पत्नी तीर्थमायाले प्रहरीमा उजुरी गरेपछि प्रहरीले ०५३ माघ १० गते दयाराममलाई पक्राउ गर्‍यो। पीडक ०५३ फागुन १४ गते २ हजार धरौटीमा छुटे।

कामनपा-१७ क्षेत्रपाटीका ३० वर्षीय केशव नेपालीले ०५३ फागुन १९ गते सोही ठाउँकी २३ वर्षीय हिराकमल बाँडेसंग दोस्रो विवाह गरे। जेठी पत्नी ३० वर्षीय शान्ता बाँडेले प्रहरीमा जाहेरी दिएपछि उनीहरू दुवैलाई ०५३ फागुन २२ गते पक्राउ गरी ०५३ चैत १२ गते २ हजार धरौटीमा छाडियो।

विष्णु गाविस-२ बुढानिलकण्ठका २५ वर्षीय सुदर्शन पौडेलले ०५३ मंसीर २५ गते सोही ठाउँकी २३ वर्षीय उर्मिला पौडेललाई दोस्रो विवाह गरे। ०५३ माघ २३ गते प्रहरीले

दुवैलाई पक्राउ गरी ०५३ फागुन ९ गते रू. ३ हजार ५ सय धरौटीमा छोडियो।

जोरपाटी बस्ने गोरखा पन्दुङ गाविस-४ घर भई ललितपुरस्थित शिखर बोर्डिङ स्कूलका शिक्षक २८ वर्षीय सुरेन्द्र पनेरूले ०५३ चैत १२ गते सोही ठाउँकी २२ वर्षीय तारा भट्टराईसंग दोस्रो विवाह गरे। जेठी पत्नी पार्वतीले प्रहरीमा उजुर गरेपछि प्रहरीले दुवै जनालाई ०५३ चैत २९ गते पक्राउ गर्‍यो। ०५४ वैशाख ९ गते अदालतले उनीहरू दुवैलाई १ महिना कैद र १-१ हजार जरिवाना गर्ने आदेश दियो।

कामनपा-७ मैजुबहालकी ५० वर्षीय पार्वती श्रेष्ठलाई ०५४ कार्तिक १० गते उनकै छोरा २४ वर्षीय राजन श्रेष्ठ र बुहारी शोभा श्रेष्ठले कुटपिट गरी सख्त घाइते बनाए। पीडकहरूलाई हाल प्रहरीले गिरफ्तार गरेको छ।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

पैसा तिर्न नसकेको निहुँमा खुट्टा बाँधेर राखिएका मजदूर रामकृष्ण तामाङ

कामनपा-३३ मैतिदेवीमा सरस्वती अधिकारीलाई ०५४ वैशाख २८ गते बोक्सी झार्ने भनी कुटपिट गरी अमानवीय यातना दिइएका कारण उपचार गर्दागर्दै मृत्यु भयो।

फुटुङ गाविसस्थित नमस्ते कार्पेट इण्डष्ट्रिजमा काम गर्ने श्रीमती हिरा तामाङलाई ०५४ जेठ २७ गते बोक्सीको अभियोगमा कारखाना मालिक भीमनाथ पाण्डे, उनका छोरा कुमार पाण्डे र मिनबहादुर पाण्डेले सख्त यातना दिए। पीडकहरूले सोही गलैंचामा काम गर्ने एक व्यक्तिको कमलपित्त रोगको कारण मृत्यु भएपछि मृत्युको कारण तिनै महिला भएको अभियोगमा पीडकहरूले पीडित महिला र उनका पतिलाई समेत कुटपिट गरेका थिए। पीडकहरूले पीडितको कपडा र कपालसमेत काटी झाँक्रीलाई देखाउन लगेका थिए। पीडकलाई प्रहरीले कुनै कारवाही नचलाएको पीडितहरू बताउँछन्।

काठमाडौं नयाँ बानेश्वर चोकमा तरकारी पसल गरेर बसेकी सावित्री सापकोटालाई ०५४ साउन २३ गते ट्राफिक प्रहरीले तरकारी राखेको टोकरी फालिदिनुका साथै हातपात समेत गरे।

४.४ गर्भ पतन

गौशालामा बस्ने महोत्तरी जिल्ला रामनगर घर भएकी १९ वर्षीय सविता सुनुवारले ०५४ असार ९ गते विष्णु गाविसस्थित खेतमा बच्चा जन्माइ फालेपछि प्रहरीले सवितालाई पक्राउ गरी अनुसन्धान गर्दैछ।

गोलढुंगा-१ स्थित खेतमा ०५४ वैशाख २४ गते ७-८ महिनाको गर्भ कसैले पतन गराई फालेको अवस्थामा फेला परेको थियो। घटना सम्बन्धमा प्रहरीले अनुसन्धान जारी राखेको बताएको छ।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

कामनपा रातोपुल डेरा गरी बस्ने डली श्रेष्ठ र विक्रम श्रेष्ठको २ महिना पनि नपुगेको बच्चालाई ०५४ भदौ २ गते सँगै कोठामा बस्दै आएका डेण्डी शेर्पाले अपहरण गरी ५ लाख रूपैयाँ दिएमात्र बच्चा दिइने धम्की दिएका थिए। प्रहरीको सक्रियतामा पीडकलाई पक्राउ गरी अपहरित बच्चालाई अभिभावकको जिम्मा लगाइयो।

कमलपोखरीका मोहमद कलिमले आफ्नो घरमा काम गर्न राखेकी ८ वर्षीय बालिका नजमालाई कुटपिट गरी यातना दिए। निर्मम यातनाका कारण पीडितको शरीरभरी चोट र निलडाम थियो। पीडितलाई सिविन वालगृहमा राखी अभिभावकलाई जिम्मा लगाएको छ। पीडकलाई कुनै कारवाही भएन।

यो वर्ष यस जिल्लाका विभिन्न ठाउँमा २१ नवजात शिशु मृत अवस्थामा फालिएका फेला परे। त्यसरी फालिएका अधिकांश शिशुहरू गर्भ पतन पछि फालिएको अनुमान गरिए पनि कसले फालेका थिए पत्ता लागेन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

कामनपा-६ बौद्धस्थित डि.आर. कार्पेट फ्याक्ट्रीमा काम गर्ने ३७ वर्षीय रामकृष्ण तामाङलाई ०५४ असोज ६ गते कोठामा थुनेर राखेपछि ०५४ असोज ७ गते मजदूर प्रतिनिधिको आग्रहमा बौद्ध प्रहरी थाना लगियो। त्यहाँ पनि प्रहरीले न्याय दिलाउनुको साटो साङ्लोले नै बाँधेर राखे र खान पनि दिइएन। २ दिनपछि फेरि हाजिर हुने शर्तमा उनलाई छाडियो। मालिक डिल्लीराम लामाले पैसा नतिरेको भनी उनलाई १४ दिनदेखि साङ्लाले बाँधेका थिए।

चिनमा भएको मानवअधिकार उल्लंघनको विरोध जुलुसका सहभागीलाई प्रहरीले पक्राउ गरी हिरासतमा

फुटुङ गाविसस्थित विन्धवासिनी (नमस्ते) कार्पेट इण्डष्ट्रिजका मालिक भीमनाथ पाण्डेले १२-१३ वर्षका वालवालिका समेत १ सय ५० जना मजदूरलाई आर्थिक नाकाबन्दीसहित कारखाना कम्पाउण्डभित्रै २४ सै घण्टा काममा लगाएको पीडितहरूले वताएका छन्।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

जानकारीमा आएन।

८. घटना सम्वन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

मानवअधिकारवादीहरू सुशील प्याकुरेल, डा. राजेश गौतम, डा. भोगेन्द्र शर्मा, कृष्ण पहाडी, गोपालकृष्ण शिवाकोटी, गौरी प्रधान, शिवहरि दाहाल, योगेन्द्रमान विजुक्छेले ०५४ वैशाख २८ गते एक वक्तव्य प्रकाशित गरी श्री ५ अधिराजकुमारी श्रुति राज्यलक्ष्मी देवी शाहको कुमार गोरख शमशेर जवरासंग भएको शुभविवाहको सन्दर्भमा सरकारद्वारा उपलब्ध गराएको रकम, साधन स्रोतबारे श्री ५ को सरकारले नेपाली जनतालाई यथाशीघ्र सुसूचित गर्नुपर्दछ भन्नुभएको छ। यसका साथै विवाहमा देखिएको तडक-भडक तथा संचार माध्यमहरूले गरेको प्रचारको समेत भर्त्सना गर्नुभएको छ।

मानवअधिकार तथा शान्ति समाज नेपाल मानवअधिकार संगठनले ०५४ जेठ २२ गते एक विज्ञप्ति प्रकाशित गरी सन् १९८९ जुन ४ मा चीनको तियानमेन चोकमा प्रजातन्त्रवादी तथा मानवअधिकारवादी कार्यकर्तालाई गरिएको दमनको विरूद्ध प्रदर्शनमा सहभागी भएका मानवअधिकारवादी कार्यकर्ताहरूलाई प्रहरीले रत्नपार्कबाट गिरफ्तार गरेकोमा खेद प्रकट गर्दै भर्त्सना गरेको छ।

मानवअधिकार संरक्षण मञ्च, केन्द्रीय समितिको बैठकबाट अध्यक्ष विश्वकान्त मैनाली, केन्द्रीय सदस्यहरू पद्मलाल विश्वकर्मा, मातृका तिमिल्सिना, रेणु उप्रेती र काठमाडौं एकाइका सदस्य कृष्णप्रसाद सुवेदी र योगीशकृष्ण खरेल, इन्सेकका महासचिव डा. राजेश गौतम तथा अन्य केही मानवअधिकारवादी संस्थाका कार्यकर्ताहरूलाई ०५४ जेठ २३ गते प्रहरीले पक्राउ गरेकोमा मासमले सोही दिन एक प्रेस वक्तव्य प्रकाशित गरी विरोध जनायो । यसैगरी इन्सेकका अध्यक्ष सुशील प्याकुरेलले पनि उक्त कार्यको भर्त्सना गर्दै एक प्रेस वक्तव्य जारी गर्नु भएको छ।

केही समयदेखि मानवअधिकार संस्थाद्वारा आयोजित कार्यक्रमका सन्दर्भमा प्रशासनलाई लिखित जानकारी दिंदादिंदै पनि प्रत्युत्तर नदिइ भेला भएको ठाउँबाट विना कारण गिरफ्तार गर्ने जस्ता क्रियाकलापहरूलाई वर्तमान सरकारले आत्मसात गरिरहेको पृष्ठभूमिमा त्यस्तो दुर्व्यवहार र अनधिकृत हस्तक्षेपले गम्भीर आशंका उब्जाएको छ भनी मानवअधिकार संरक्षण मंचले ०५४ जेठ २७ गते एक विज्ञप्ति प्रकाशित गरी विरोध जनायो।

अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रबाट ०५४ वैशाख १ गते भारतीय फिल्म महोत्सवको उद्घाटन कार्यक्रमा सहभागी भएर फर्किरहेका पत्रकारहरू शम्भु श्रेष्ठ, टीकाराम राई र अनुप थपलियालाई सादा पोशाकका प्रहरीहरूले कुटपिट गरेको सम्बन्धमा सूर्य प्रकाशन प्रा.लि.ले एक विज्ञप्ति निकाली स्तब्ध भएको कुरा उल्लेख गऱ्यो।

युनाइटेड फ्रन्ट फर डेमोक्रेसी इन भूटानका अध्यक्ष रोङ्गथोङ्ग किन्ले दोर्जेलगायतका भूटानी शरणार्थीहरूलाई ०५४ वैशाख ६ गते भारतीय प्रहरीले दिल्लीस्थित डिफेंस कोलोनीबाट गिरफ्तार गरेको विरोधमा नेपालका ११ वटा मानवअधिकारवादी संस्थाहरूले नेपालस्थित भारतीय राजदूतावासअगाडि धर्ना दिए।

बन्दी सूचना केन्द्र तथा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले ०५४ साउन १० गते नेपालका विभिन्न जेलमा रहेका आस्थाका बन्दीहरू रिहाइ हुनुपर्ने माग गृहमन्त्री समक्ष गरे। ९ जना आस्थाका बन्दी भएको ठहर गर्दै विभिन्न २१ जना बन्दीहरूको सम्बन्धमा समेत निष्पक्ष छानविन गर्ने माग गर्दै गृहमन्त्रालय समेत सम्हाल्नुभएका विना विभागीय मन्त्री भीमबहादुर कडायत समक्ष एक ज्ञापन पत्रसमेत बुझाएका छन्।

नेपालका विभिन्न १३ वटा मानवअधिकारवादी संगठनका प्रतिनिधिहरूको संयुक्त बैठकले संसदमा प्रस्तुत गर्ने निर्णय गरेको आतंकवादी तथा विध्वंसात्मक अपराध नियन्त्रण तथा सजायसम्बन्धी विधेयक तुरून्त फिर्ता गर्ने माग गर्दै ०५४ साउन १५ गते एक संयुक्त वक्तव्य प्रकाशित गऱ्यो। यी दुवै ऐनले नेपाललाई पंचायतकालीन निरंकुशतन्त्र र पुलिस राज्यतिर धकेल्ने सार्वभौम नेपालीको प्रजातान्त्रिक अधिकारलाई धेरै हदसम्म सीमित गरी कुण्ठित गर्ने, जनताले स्वतन्त्र रूपमा जिउने, विचार अभिव्यक्ति गर्ने, भेला हुने, आस्थाको राजनीति रोज्ने आदि जस्ता सार्वभौम

मानवअधिकारलाई सीमित पार्ने हुँदा नेपालको संविधान विपरित मात्र नभई संयुक्त राष्ट्र संघको विश्वव्यापी मानवअधिकारको घोषणापत्रको विपरित पनि भएको वक्तव्यमा उल्लेख छ।

आतंककारी विधेयकको विरोधमा ९ वाम घटकहरूले ०५४ भदौ १ गते उपत्यका बन्द, भदौ १३ गते र असोज १ गते नेपाल बन्दको आयोजना गरेका बन्द कार्यक्रममा प्रहरीले गरेको कुटपीट र धरपकडको विरोधमा र गिरफ्तारीमा परेका व्यक्तिहरूको तत्काल रिहाइको माग गर्दै मानवअधिकारवादी संस्थाहरूद्वारा सोही दिन वक्तव्य प्रकाशित गरियो। यसै क्रममा उद्योग वाणिज्य संघले ०५४ वैशाख ६ गते मूल्य अभिवृद्धि करविरूद्ध, ९ वाम घटकले वैशाख १८ गते निर्वाचन चिह्न विरूद्ध, नेविसंघले ०५४ असार २४ गते स्थानीय निर्वाचनविरूद्ध उपत्यका बन्द र ०५४ भदौ ६ गते नेविसंघले स्थानीय निर्वाचन र ०५४ भदौ २३ गते व्यापारीहरूले मूल्य अभिवृद्धि करविरूद्ध गरेको नेपाल बन्दको क्रममा प्रहरीले गरेको धरपकड र ज्यादतीका विरूद्धमा पनि विभिन्न मानवअधिकारवादी संस्थाहरूले प्रेस विज्ञप्ति प्रकाशित गरे।

काठमाडौंका विभिन्न ठाउँमा दर्जनौं व्यक्तिलाई पक्राउ गरी संवैधानिक हक, अधिकार सुरक्षाको निम्ति गरिएको संघर्षलाई वर्वरतापूर्वक गरिएको सरकारी दमनको नेकपा संयुक्तले ०५४ वैशाख १८ गते एक विज्ञप्ति प्रकाशित गरी निन्दा गरेको छ।

भारतीय राजदूतावास अगाडि आयोजित धर्ना कार्यक्रममा सहभागी मानवअधिकारवादी कार्यकर्ताहरूलाई ०५४ वैशाख २२ गते प्रहरीले गिरफ्तार गरेको विरोधमा सोही दिन मासस, ने.मा.धि.सं, सिविन, इन्हुरेड इन्टरनेशनल, इन्सेकलगायत् १४ वटा मानवअधिकार संघ-संस्थाहरूले श्री ५ को सरकारबाट भएको घटनाका सम्बन्धमा मानवअधिकार विरोधी कार्यको भर्त्सना गर्दै गिरफ्तारी पर्नुभएका मानवअधिकारवादी कार्यकर्ताहरूलाई निःशर्त स-सम्मान रिहा गर्न तथा मानवअधिकारको सम्मान गर्न माग गर्दै संयुक्तरूपमा एक प्रेस विज्ञप्ति प्रकाशित गरे ।

राष्ट्रप्रेमी युवा समूह, काठमाडौंको नामवाट ०५४ वैशाखमा विभिन्न ठाउँमा पर्चा छरी प्रहरी महानिरीक्षक जस्तो गैरराजनीतिक तथा राष्ट्रभर शान्ति र सुव्यवस्था कामय गर्ने सेवामूलक पदमा हालै पूर्वाग्रहग्रस्त भएर मन्त्री परिषद्बाट गरिएको यो फेरबदलसम्बन्धी जनचासोको विषयलाई लिएर सडक आन्दोलन गर्ने र सबैलाई त्यो आन्दोलनमा साथ दिन आग्रह गर्‍यो।

कृष्णप्रसाद सिवाकोटीबाट दायर भएको मृत्युदण्ड सम्बन्धी कानून नेपाल अधिराज्यको संविधान २०४७ संग बाझिएकोले खारेज गरियोस् भन्ने रिट निवेदन ०५४ भाद्र २० गते प्रधान न्यायाधीश त्रिलोकप्रताप राणालगायत् ५ जना न्यायाधीशको संयुक्त विशेष इजलासबाट नेपाल अधिराज्यको संविधान २०४७ बमोजिम संविधानको प्रतिकूल ऐन कानून १ वर्षपछि स्वतः निस्क्रिय हुने भएकाले निस्क्रिय भैसकेको ऐन



काम गरेको ज्याला माग्दा आफ्नै मामाद्वारा हत्या गरिएका भारतीय नागरिक

कानूनलाई खारेज गरिरहनु नपर्ने निर्णय भयो। यसबाट मृत्युदण्ड सम्बन्धी कानून निस्क्रिय घोषित भएबाट मानवअधिकारको संरक्षणमा ठूलो बल पुर्‍याएको भनी मासमले ०५४ भदौ २३ गते एक प्रेस विज्ञप्ति प्रकाशित गर्‍यो।

कामनपा-५ हाँडिगाउँका २७ वर्षीय राजेश्वरी श्रेष्ठको ०५४ भदौ १५ गते भएको अस्वभाविक हत्याको सम्बन्धमा निष्पक्ष तथ्य पत्ता लगाउन र दोषीहरूलाई कारवाही गर्नका लागि सहयोग पुर्‍याउने उद्देश्यले एक तथ्य टोली गठन गर्दै यसरी राजधानीमा भएको घटनाप्रति तदारूकताका साथ सत्य-तथ्य छानविन गरी दोषीमाथि कारवाही गर्न र प्रजातन्त्रमा नागरिक, समाजको सुरक्षा गरी मानवअधिकारको संस्थागत विकास गरी नागरिकहरूको सुरक्षा प्रत्याभूत गर्न सरकारसंग जोडदार माग गर्दै विभिन्न १६ वटा मानवअधिकारवादी संस्थाहरूद्वारा ०५४ भदौ २३ गते प्रेस वक्तव्य प्रकाशित गरियो।

नेकपा (एकता केन्द्र) लगायत् विभिन्न ९ वाम घटकले आतंककारी विधेयकविरूद्ध असोज १ र २ गते नेपाल बन्द

पत्रकारहरूलाई विना कारण पक्राउ गरिएको विरोधमा धर्नामा बसेका पत्रकारहरू

गर्न गरेको आह्वानका सन्दर्भमा ४ दिनअघिदेखि नै देशका विभिन्न भागबाट आह्वानकर्ताहरूलाई गिरफ्तार गरी श्री ५ को सरकारले अमानवीय यातना दिनु, पक्राउ पूर्जी नदिनु तथा अनुपयुक्त हलहरूमा राख्नुले नेपाल अधिराज्यको संविधान २०४७ ले प्रत्याभूत गरेको शान्तिपूर्ण भेला, जुलुस तथा विरोध गर्न पाउने मौलिक हक र संवैधानिक हक तथा शान्तिपूर्ण बाँच्न पाउने नागरिक हक, अधिकार कुण्ठित गरेकोमा तीव्र विरोध तथा खेद व्यक्त गर्दै इन्सेकका महासचिव डा. राजेश गौतमद्वारा ०५४ भदौ ३१ गते एक प्रेस विज्ञप्ति प्रकाशित गरियो।

तीन र पाँच वर्षीय बालिकालाई बलात्कार गर्ने मुकेश र ज्ञानु

कामनपा-२६ इटुम्बहाल निवासी शान्तरत्न शाक्यलाई अमलेखगञ्जको जंगलमा मारी फ्याँकिएको र उक्त हत्याकाण्डको सिलसिलामा पक्राउ परेको व्यक्ति छोडिनु तथा संलग्न भनिएका दुई जनालाई पक्रन कुनै चासो नदेखाइएका कारण नेपालका १० वटा मानअवधिकारवादी संस्थाहरूले सरकारको ध्यानाकर्षण गराए।

९. अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

ठमेलस्थित माउन्ट ब्लक गेष्ट हाउसको ३ नं. कोठामा नुवाकोट, थप्रेक गाविस-३ का २५ वर्षीय राजकुमार कंसीको लास ०५३ पुस २९ गते फेला पर्‍यो। हत्या भएको हुनसक्ने यस घटना सम्बन्धमा प्रहरीले छानविन गरिरहेको बताएको छ।

कामनपा-१४ बस्ने दमक नपा-९ की गोमा आचार्यलाई ०५३ माघ २४ गते विकास सिन्हाले हत्या गरी पोका पारेर फ्याँकेको लास गोलढुंगा गाविस-६, मुड्खु भञ्ज्याङको जंगलमा फेला पर्‍यो। उनले गोमालाई धर्मपुत्रीका रूपमा राखेकामा अवैधरूपमा पत्नीका रूपमा प्रयोग गर्दै आएका थिए। पीडकको चरित्र यसअघि पनि शंकास्पद रहेको बताइन्छ। सिन्हा प्रहरी कब्जामा परिसकेका छन्।

कामनपा-३५ कोटेश्वरकी भगवती हुमागाईलाई ०५३ फागुन २६ गते ससुराली घरमा बस्ने काभ्रे, बल्थलीका शिव हुमागाईले सिलौटाले हानी हत्या गरे। पीडकको मानसिक सन्तुलन ठीक नरहेको बताइएको छ। पीडक प्रहरीको पक्राउमा परिसकेको छ।

धापासी डेरा गरी बस्ने २७ वर्षीय सिकन्दर सिंहलाई ०५३ फागुन २७ गते भारतीय नागरिक वकिल सिंह, भूपाल सिंह र शम्भु सिंह मिली लेनदेनका कारण हत्या गरी फ्याँकिएको लास धापासी गाविसको खहरे खोलामा फेला पर्‍यो। हात, खुट्टा र टाउको अलग-अलग गरी जुटको बोरामा लास प्याक गरिएको थियो। भूपाल र शम्भु फरार छन्। पीडक वकिल पक्राउ परेका छन्।

भूटानी शरणार्थीको समर्थनमा मानवअधिकारकर्मीहरू

विष्णु गाविस-९ बूढानिलकण्ठकी ६० वर्षीय ठूलीकान्छी तामाङलाई ०५३ फागुन २८ गते देवरको छोरा माइला तामाङ र माइलाको बारा घर भएका भिनाजु बुधेबहादुर तामाङले आर्थिक प्रलोभनका कारण घाँटीमा पटुकाले बाँधी हत्या गरे। पीडकहरू प्रहरीको पक्राउमा परिसकेका छन्।

महांकाल गाविस-५ गल्फुटारकी ४५ वर्षीय चेखली परियारलाई ०५३ चैत ८ गते हत्या गरी फ्याँकिएको लास सोही ठाउँको गहुँबारीको कुलोमा भेटियो। चैत ५ गते उनी घरबाट झगडा गरेर हिँडेकी थिइन्। प्रहरीले सोही ठाउँका ट्वाँके भन्ने सुरेन्द्र तामाङले शारीरिक सम्बन्ध राखी उनलाई हत्या गरेको बताएको छ।

कामनपा नयाँ बानेश्वरस्थित

भूटानी शरणार्थीहरू हिरासतमा

राजनीतिक पार्टीका कार्यकर्ताहरूद्वारा निर्वाचन आयोगमा धर्ना

जनकपुर चुरोट कारखानाको क्षेत्रीय कार्यालयका २८ वर्षीय कर्मचारी रघुवर बुढाथोकी ०५३ चैत २० गते दिउँसो ४ बजे कार्यालयबाट एक जना कर्मचारीसँगै बाहिर निस्किएको २ घण्टापछि सिनामंगल टोयटा कम्पनीअगाडि सडकमा मृत अवस्थामा भेटिए। धारिलो हतियार प्रयोग गरी हत्या गरिएको हुनसक्ने उक्त घटनाका सम्बन्धमा प्रहरीले छानविन गरिरहेको बताएको छ।

कामनपास्थित कुरिया गाउँमा माइतीघरस्थित सम्राट रेष्टुरेन्टमा वेटर काम गर्ने झापा शनिश्चरेकी शिलु वस्नेतको लास अर्धनग्न अवस्थामा पासो लगाएर झुण्डिएको अवस्थामा ०५४ असार १२ गते फेला पऱ्यो। घटनाको प्रकृति हेर्दा बलात्कार गरी हत्या गरिएको अनुमान गर्न सकिन्थ्यो।

कामनपा सामाखुशी पुलनजिकै डेरा गरी बस्ने के.पी. मसला उद्योगका प्रोपाइटर ३४ वर्षीय कृष्णप्रसाद पाण्डेको ०५४ असार १५ गते धारिलो हतियार प्रहार गरी हत्या गरियो। पीडक र हत्या सम्बन्धमा प्रहरी अनुसन्धान जारी छ।

कामनपा-२६, इटुम्बहालका शान्तरत्न शाक्यको ०५४ भदौ १४ गते अमलेखगञ्जको जंगलमा हत्या गरिएको लास फेला पऱ्यो। काठमाडौंबाट भदौ ६ गते हराएका शाक्यको हत्या सम्बन्धमा समातिएका राष्ट्रिय अनुसन्धान विभागका असइ मनोज श्रेष्ठलाई प्रहरीले हाजिर जमानीमा छोडेको थियो। उक्त लासलाई प्रहरी कार्यालय सिमराले बेवारिसे भनी पोष्टमार्टमसमेत नगराई सोही दिन पुरेको थियो।

कामनपा सिफल कालोपुलनेर प्रसूति गृहकी नर्स राजेश्वरी श्रेष्ठको ०५४ भदौ १५ गते रहस्यमय तवरले मृत्यु भयो। घटना प्रकृति हेर्दा हत्या नै भएको अनुमान सबैले गरेका छन्। पति-पत्नीबीच झै-झगडा भइरहने गरेको पनि बुझिएको छ। पति मुक्तिनाथ श्रेष्ठलाई प्रहरीले थुनामा लिएको थियो।

कामनपा-६, बौद्ध सिमलटार बस्ने नुवाकोटकी ५५ वर्षीय वाङ्छुले आफ्नै पति जीतबहादुर तामाङलाई ०५४ असोज २० गते सधैं रक्सी खाई कुटपिट गर्ने गरेको आरोपमा कोदालो र छुरीले हिर्काइ हत्या गरिन्। हत्यापछि घरअगाडि चोरमा लास गाडिएको थियो। वाङ्छुसहित ६ जनालाई प्रहरीले थुनामा राखेको छ।

यस जिल्लामा यस वर्ष २५ वटा हत्याका घटना भए। २२ वटा गर्भ पतनका घटना भए। आगोमा जलेर १५ जना, झुण्डिएर ८९ जना, विष सेवन गरेर ६९ जना, औजार प्रयोगद्वारा २ जनाले आत्महत्या गरे। भवितव्यमा परेर २ सय ११ जना मरे। फुटकरमा परेर ८९ जना र सवारी दुर्घटनाद्वारा ३८ जना मरे। ७ वटा बलात्कारका घटना भए भने १० वटा बहुविवाहका घटना प्रहरीमा दर्ता भए। ५० वटा लागू औषधसम्बन्धी घटना दर्ता भए, देहव्यापारका २५ वटा घटना देखा परे। चोरीका ९४ वटा घटना दर्ता भए। विभिन्नखाले गरी यस वर्ष काठमाडौं जिल्ला प्रहरी कार्यालयमा १ हजार २ सय ५९ वटा घटना कारवाहीका लागि दर्ता गरिए।



२. मध्यमाञ्चल

वागमती

२.१६ धादिङ्ग

जनसंख्या	: ३०५८९८
साक्षरता	: ३३.३ प्रतिशत
महिला साक्षरता	: १९ प्रतिशत
क्षेत्रफल	: १९२६ वर्ग कि.मी.
गाविस/नपा	: ५०/०
निर्वाचन क्षेत्र	: ३
विद्यालय/क्याम्पस	: ४८८/४
अस्पताल/स्वास्थ्यचौकी	: १/५२
टेलिफोन लाइन	: २००
सडक (कि.मि.)	: २५९
प्रहरी कार्यालय	: १६
हुलाक	: ५०

राजधानीसंग जोडिएर रहेको भएता पनि धेरै कुरामा पिछडिएको यस जिल्लाको सदरमुकाममा पनि विजुली वत्तिको सुविधा छैन। धेरै संख्यामा तामाङको वस्ती रहेको यस जिल्लाको उत्तरी क्षेत्रका जनसमुदायका अधिकारहरू ठूला ठालुहरूले हनन गरिरहेका छन्। त्यस क्षेत्रका जनताले निर्वाचनमा आफूखुशी आफ्नै हातले भोट हाल्न पाउँदैनन्। यस जिल्लाका चेपाङहरू हालसम्म पनि दयनीयरूपमा जीवन बिताउँछन्। राजधानी प्रवेश गर्ने ६६ जिल्लाको द्वारको रूपमा रहेको यस जिल्लाको सदरमुकामदेखि ३/४ दिन हिंड्दा पनि यसको सिमाना छिचोल्न कठिन छ। जातीय छुवाछूतको जरो गनिलो रहेको यस जिल्लामा मानवअधिकार उल्लंघनका घटनाहरू प्रशस्त हुने गरेको पाइन्छ।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

फूलखर्क गाविस-९ का ४९ वर्षीय नैनसिंह गुरूङको ०५४ जेठ १३ गते मतदान गर्न गएको अवस्थामा भएको ढुंगा,मुढाका कारण चोट लागी मृत्यु हुन पुग्यो। पीडित पक्षको किटानी जाहेरीका आधारमा सोही गाविस वस्ने वेगबहादुर गुरूङलाई जिल्ला कारागारमा राखिएको छ भने विश्वबन्धु अधिकारी र राजन अधिकारी फरार छन्।

१.२ जेल र बन्दीहरु

२५ जनाको क्षमता भएको यहाँको जेलमा प्रायः ३० जनाभन्दा घटी कहिल्यै पनि नहुने हुँदा उकुसमुकुस भएको देखिन्छ। हाल भने महिला १ र पुरूष १४ गरी १५ बन्दी र थुनुवा रहेका छन्। सजाय फैसला भएका ४ पुरूष र फैसला नभएका १ महिलासहित १० जना यहाँ छन्। २ वर्षभन्दा वढी समयका बन्दी यस जेलमा छैनन्। ३ कोठामध्ये २ वटा पुरूषका लागि र १ कोठा महिलाका लागि छुट्याइएको छ। महिलाका लागि छुट्टै कम्पाउण्ड रहेको छ। यस वर्षदेखि मानवअधिकार वर्ष पुस्तक र गोरखापत्र पढ्ने सुविधा पाएका बन्दीहरूले पानी परेको वेला भने पानी चुहिने छानाभित्रै वस्नुपर्ने वाध्यता छ।

५ केजी चामलमा आधा केजी जति त ढुंगा र फोहोर नै हुने बन्दीहरूको गुनासो छ। मानवअधिकारवादीहरूले बन्दीहरूका लागि वकिलको व्यवस्था गरिदिनुपर्ने धारणा उनीहरूको छ। खाद्य संस्थानले नै यस्तो चामल दिने गरेको कुरा जेलर मानबहादुर श्रेष्ठ स्वीकार्छन्। सीपमूलक व्यवसायको अभावमा बन्दी र थुनुवाहरूले आफ्नो अमूल्य समय र सीप सदुपयोग गर्न पाएका छैनन्। कसै-कसैले नाम्लो बुन्ने गरेको देखिए पनि त्यसको पनि वजार नपाएको गुनासो पीडितहरूको छ।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

जीवनपुर गाविस भवनमा ०५४ असार १६ गते धनबहादुर मगरको हत्या भएको घटनाका सम्वन्धमा प्रहरीले रामचन्द्र मगरसमेतका व्यक्तिलाई पक्राउ गरी खाटमा सुतेको मानिसलाई तलबाट बोक्न लगाउने, लौराले हत्केला र पैतालामा साह्रै असर पर्ने गरी कुट्ने जस्ता यातना दिइयो। राष्ट्रिय अनुसन्धानबाट खटिई आएका प्रतिनिधिहरूले वयान लिने क्रममा भन्ने यातना दिएको पीडितहरूले बताएका छन्।

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	-
वन सुरक्षाकर्मीको गोलीले मृत्यु	१	-	-
हिरासतमः यातना	१	-	१
बलात्कृत	२	२	२
प्रहरीद्वारा	१	-	-
आत्महत्या	१५	२२	१८

हाल २५ हजार धरौटी तिरी चारै जना छुटेका छन्।

ज्यामरूङ गाविसकी १९ वर्षीय शर्मिला धमला, ओमप्रसाद धमला, गणेश धमला, हरि लम्साल, शिवकुमार श्रेष्ठ र कृष्णप्रसाद बोहरालाई ०५४ पुस ७ गते सोही गाविसका नरबहादुर गुरूङको २ नाले बन्दूक खोसेको अभियोगमा ५ दिनसम्म थुनियो। बन्दूक लुट्ने यिनै माओवादी हुन् भनी उनीहरूलाई विना पूर्जी पक्राउ गिरिएको थियो।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

ज्यामरूङ गाविसमा ०५४ जेठ १३ गते मतदान कार्य भइरहेको स्थानभन्दा केही पर संगठित रूपमा बसेका नेपाली कांग्रेसको एक समूहले गाविस अध्यक्षका उम्मेदवार डम्बरबहादुर अक्षलाई मरणासन्न हुने गरी पिटे। बेहोस अवस्थामा रहेका पीडित ३ स्लाइन पानी दिइएपछि होसमा आएका थिए। पीडकलाई कारवाही भएन।

धुवाकोट गाविस-८ का ३४ वर्षीय समाजसेवी डा. रामकुमार अधिकारीलाई ०५४ जेठ १३ गते सबैलाई मतदान गर्न दिइनुपर्ने धारणा राख्दै विपक्षीहरूलाई भोट हाल्न नदिने कार्यको विरोध गरेकोमा राप्रपाका १५-२० जनाको समूहले सांघातिक हमला गऱ्यो। उक्त हमलाबाट पीडितको फोक्सोमा नराम्रो असर पऱ्यो। पीडकहरूमाथि कुनै कारवाही भएन।

ढोला गाविस-९ का केशवप्रसाद दुवाडीलाई ०५४ जेठ २६ गते एक हुलले आक्रमण गरी खुट्टा नै भाँचिदिए। उक्त आक्रमण राजनीतिक कारणबाट भएको थियो।

सांकोस गाविस-१ बस्ने नानीराम सापकोटालाई शिक्षक संघबाट संगठनमा प्रवेश गरेका कारण मिटिङ छ भनी बोलाई ०५४ भदौ १७ गते १५ जनाको समूहले मरणासन्न हुनेगरी पिट्यो। पीडकहरूलाई पक्राउ गरियो।

धुवाकोट गाविस-३ का अब्जनाथ सापकोटाको घरमा ०५४ भदौ २८ गते करीब २ सय जनाको एक समूहले हातेबम पड्काइ हल्ला गरेमा मार्ने धम्की दिई १५ लाख रूपैयाँ बराबरको धनमाल लुटेर लगे। माओवाद जिन्दावाद भनी गरिएको उक्त आक्रमण र लुटपाट सम्बन्धमा प्रहरीले खासै चासो नदेखाएको पीडित पक्षको गुनासो छ।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

तिप्लिङ गाविसमा गत स्थानीय निर्वाचनमा जित्ने सम्भावना भएका स्वतन्त्र उम्मेदवारलाई जबर्जस्ती म्याद सकिइसकेपछि अर्थात् ०५४ जेठ ५ गते कर्मचारीलाई दबाव दिइ राप्रपा पक्षका केही व्यक्तिहरूले उम्मेदवारी फिर्ता लिन बाध्य पारे। २ गतेभित्रमा फिर्ता लिइसक्नुपर्ने नाम उनीहरूले ५

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरूष	महिला	जम्मा	संख्या	पुरूष	महिला	जम्मा
हत्या	६	५	१	६				
गोलीद्वारा हत्या	१	१		१				
गिरफ्तारी र यातना	२	४	१	५	२	४	१	५
कुटपिट	१४	२७	३	३०				
धम्की	१	५		५				
मौलिक अधिकार	३	२	१	३				
निष्पक्ष चुनाव	१							
घट्वा	१	१		१	१	१		१
बलात्कार	२		२	२				
महिला भएकै कारणले दिइने यातना	२		२	२				
बहुविवाह	३		३	३				
गर्भपतन	१		१	१	१		१	१
बालअधिकार	३		३	३				
जातीय छुवाछूत	१	२		२				
चोरी/डकैती	३	४		४				
आत्महत्या •	१८			१८				
दुर्घटनाहरू/विपत्तिहरू	३	५	२	७				
जम्मा	६५	५६	१९	९३	४	५	२	७

गते फिर्ता लिन लगाई सरासर मौलिक अधिकारको हनन गरे।

सेमजोङ गाविसमा नाम दर्ता गर्न गएका नेपाली कांग्रेस र एमाले कार्यकर्ताहरूलाई मनोनयन पत्र नै दर्ता गर्न नदिई राप्रपाका हतियारसहितका व्यक्तिहरूले ०५४ जेठ ६ गते विपक्षीहरूलाई गाउँमा बस्नै नसक्ने वातावरण तयार गरे। निवर्तमान अध्यक्ष उषा लामालाई थुनेरसमेत राखेको बताइन्छ।

कटुञ्जे गाविस-४ का टक्करबहादुर वाइवालाई ०५४ जेठ २५ गते राप्रपाका कार्यकर्ताहरूको एक हुलले कुटपिट गरी बाख्राको खोरमा थुनिदिए। आफ्ना मान्छे मात्र छानेर भोट हाल्न दिइएको प्रक्रियाको विरोध गरेका कारण पीडितले उक्त अवस्था भोग्नुपरेको थियो।

नौबिसे गाविसमा करीव ९ हजार मनदाता रहेकोमध्ये ८ सय जनाको नाम काटिएको हुँदा त्यहाँ व्यापक विरोध भएको र स्वच्छ निर्वाचनमै शका उत्पन्न भएको छ। विभिन्न कारणबाट ०५४ जेठ १३ गते स्थगित भएका १४ गाविसको चुनाव जेठ २५ गते सम्पन्न भयो। वुथ क्याप्चर गर्ने प्रयास प्रशस्त भए।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लाको जिल्ला अदालतमा २ वर्षसम्म नछिनिएको मुद्दा ३ वटा रहेका छन् भने १ वर्षदेखि फछ्र्यौट हुन बाँकी मुद्दा ४० वटा रहेका छन्। ७६ वटा मुद्दाचाहिँ ६ महिनादेखि छिनिन बाँकी छन्। यस वर्ष यस अदालतमा २ सय ५५ वटा मुद्दा दर्ता भएकोमा ६६ वटा मात्र किनारा लाग्न सकेका हुन्। अर्धन्यायिक निकायद्वारा फैसला हुने अधिकांश मुद्दाहरू राजनीतिक दवावबाट प्रेरित भएको भनी तीव्र रोष प्रकट गरिएको पाइन्छ।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

धादिङ जिल्लास्थित कृषि विकास बैंकका शाखा अधिकृत दुर्गादास महर्जनलाई ०५४ जेठ २० गतेको निर्वाचन आयोगको पत्रअनुसार निर्वाचन अधिकृतको आदेशमा स्थायी जागिर खोसुवा गरिएको थियो। ०५४ जेठ १३ गते सम्पन्न निर्वाचनको मतदान अधिकृत रहनुभएका महर्जनलाई विनाकारण यसो गरिएको गुनासो पीडितको छ। उनले रिट निवेदन दिएका छन्। महर्जनलाई राजेन्द्रप्रताप शाहसमेत ८-१० जनाले कुटपिट गरी कपडाहरू समेत च्यातिदिएका थिए। निर्वाचन आयुक्त शाह मैदी गाविसकै भएको हुँदा अनावश्यकरूपमा यस्तो कार्य गरिएको धारणा पीडित पक्षको छ। हाल उनको जागिर पुनर्वहाली भए पनि २ वर्षका लागि ग्रेड रोक्का गरिएको छ।

अज्ञात व्यक्तिहरूद्वारा हत्या गरिएकी विवासानी तामाङ

३. भूमिहीन/सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

यस जिल्लाको सुकुम्बासी आयोगको कार्यालयमा दर्ता भएका सुकुम्बासीको संख्या करीव एक हजार रहेको छ। फार्लाङ गाविसमा पहिरोका कारण १ सय ५० भन्दा बढी व्यक्ति घरवारविहीन बन्न पुगेका छन्। राजमार्गका छेउछाउमा छाप्रा बनाइ बस्नेहरू पनि आफूलाई सुकुम्बासी भएको दाबी गर्छन्।

यस वर्ष वृद्ध, असहाय, अशक्तहरूलाई दिइने भत्ता जिल्लाभर दिइएको छैन। जिल्ला शिक्षा शाखाद्वारा विद्यार्थीहरूलाई दिइने छात्रवृत्तिबाहेक अन्य कतैबाट कुनै छात्रवृत्ति दिइएको पाइएको छैन। यस वर्षको असारदेखि यस जिल्लामा कसैलाई पनि वृद्ध, असहाय, विधवा भत्ता वितरण नगरिएकोमा आफूहरू चिन्तित रहेका सम्बन्धितहरू बताउँछन्।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

भूमेस्थान गाविस-१ की १७ वर्षीय एक युवतीलाई सोही ठाउँका २३ वर्षीय राजकुमार पुरीले ०५३ माघ १३ गते राति घरमा गई गाली बेइज्जती गरी आतंकित बनाए। पुरानो झै-झगडाका कारण साँझ विहान घाँसपात जान र बाटोमा हिंड्न पनि डर भएको र अरू बेला पनि पीडकले धम्क्याउने गरेको गुनासो पीडितको छ।

गजुरी गाविस-१ डेरा गरी बस्ने एक १० वर्षीय बालिकालाई १७ वर्षीय बुद्धिमान दमाईले ०५३ चैत २६ गते एकान्तमा लगी बलात्कार गरे। पीडक पक्राउमा परेका छन्।

छत्रे देउराली गाविस-२ की १४ वर्षीय एक वालिकालाई ०५४ वैशाख ६ गते ३८ वर्षीय श्यामबहादुर मिजारले एकान्तमा लगी बलात्कार गरे। पीडक तत्काल पक्राउमा परे।

४.२ पारिवारिक हिंसा र वहुविवाह

सुनौला बजार गाविस-४ का भोटे सार्कीले ०५३ फागुन २९ गते घरमा पत्नी हुँदाहुँदै गाउँकै जुठी सर्किनीसंग विवाह गरी गाउँ नै छाडेर हिंडे।

कल्लेरी गाविस-६ का गोपी अधिकारीले घरमा पत्नी हुँदाहुँदै सोही गाविस-८ की गीता सापकोटालाई ०५३ चैत २८ गते दोस्रो विवाह गरे। जेठी पत्नी शोभाले प्रहरीमा उजुरी गरेकी छिन्।

मुरली भञ्ज्याङ गाविस-६ का चक्रबहादुर बास्कोटाले घरमा पत्नी र १ छोरा हुँदाहुँदै सोही गाविसकी १३ वर्षीय वालिका काली सुयाल कुमालसंग ०५४ असार २६ गते दोस्रो विवाह गरे। पीडक दोस्रो पत्नीसहित फरार छन्।

धुवाकोट गाविस-८ का अर्जुन लामिछानेले आफ्नै ३२ वर्षीय पत्नी साधना लामिछानेलाई ०५४ असोज ३ गते घाँस काट्न गएका बेला गुप्ताङ्ग वरिपरि तेजाव खनाइदिए। पीडकले किन उक्त कार्य गरे भन्ने थाहा हुन सकेन।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

ढोला गाविस-४ सार्की गाउँका ५३ वर्षीय काली सार्की र समुन्द्री सार्कीलाई बोक्सी भएको आरोपमा स्थानीय गाउँलेहरूले कुटपिट गरी ०५३ चैतमा दिशासमेत खुवाए। उक्त घटनामा बोक्सीलाई तर्साउने नाममा तातो पन्यूले गालामा डाम्दा बिरामी सुन्तली नामाङको दुवै गाला र निधारमा समेत घाउ/चोट लागेको थियो।

४.४ गर्भ पतन

नौबिसे गाविस-८ की ठूलीमैया तामाङलाई ०५४ असोज २३ गते ४५ वर्षीय कान्छी तामाङले कुटपिट गरी ३ महिनाको गर्भ तुहाएको अभियोगमा प्रहरीले पक्राउ गरी २ हजार २ सय ५० रूपैयाँ धरौटीमा छाडेको छ।

५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

यो वर्ष २ जना बालिका बलात्कारबाट पीडित भए।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

यस जिल्लाका ठूला जातिका मानिस भनिनेहरूले साना जातिका भनिनेहरूलाई हलिया राख्ने प्रचलन छ। जम्मा २ हजार रूपैयाँ दिएर वर्षभरि जोताउने र त्यसको साँवा, व्याज जोड्दै जाने चलन छ। उत्तरी भेगका धनीहरूले ज्यादै कम ज्यालामा दिनभरि जोताउने गर्दछन्। साँवा र व्याज बढ्दै जाँदा उनीहरूले तिर्न नसक्ने अवस्था पनि देखिएको छ।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

भूमेस्थान गाविस-४ संग्रामटारका ३५ वर्षीय शुक्रबहादुर राईले आफ्नै बाबुलाई ०५३ चैत १३ गते कुटपिट गरी घरबाट निकालिदिए। सम्पूर्ण सम्पत्ति आफ्नो नाममा बनाएर ६० वर्षीय बाबु तथा ४१ वर्षीय सानी आमालाई निकालेपछि पीडितहरूले गास बासका लागि जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका छन् तर घरमा फर्की आएमा छोराले मार्ने धम्की दिएको पीडितको भनाइ छ।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

मुरलीभञ्ज्याङ गाविसमा एमालेका २ सय जनालाई मतदानबाट वञ्चित गरिएको बनाउँदै ०५४ जेठ १३ गते सम्पन्न निर्वाचन रद्द गर्न एमाले कार्यकर्ताले धर्ना दिए। भोटै हाल्न नदिई सम्पूर्ण सिट नेपाली कांग्रेसले आफ्नो कब्जामा लिएको कुरा एमालेका अध्यक्षका उम्मेदवार जीतबहादुर ढुंगानाले बताएका छन्।

नौबिसे गाविस-१ धार्के बजारमा ०५४ कार्तिक १३ गते ५८१६ नं. को बसले एकै स्थानका ४ जनालाई किच्दा २ जनाको घटनास्थलमै मृत्यु भएको र बाँकी २ जनालाई उचित उपचार गर्नपट्टि प्रहरीले हेलचेक्र्याइ गरेको आरोपमा सोही दिन स्थानीय जनताले राजमार्गमा अवरोध खडा गरी चक्काजाम गरे। जिल्ला प्रहरी कार्यालयको भ्यानका कारण उक्त दुर्घटना भएकाले आक्रोश उत्पन्न भएको र ८ घण्टापछि ५ राउण्ड हवाइ फायर तथा तीन सेल अश्रुग्याँस प्रयोग गरी अवरोध हटाउन प्रहरी सफल भएको थियो। बाँचेकामध्ये १ जनाको स्थिति चिन्ताजनक थियो।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

सेम्जोङ गाविस-१ का ५६ वर्षीय काली तामाङले ६६ वर्षीय आफ्नै पति सेते तामाङलाई ०५३ चैत ९ गते सामान्य घरायसी झगडाका कारण ढुंगा र खुकुरी प्रहार गरी हत्या गरिन्। पीडक तत्काले पक्राउमा परिन्।

गजुरी गाविस-२ का ४७ वर्षीय काजी श्रेष्ठलाई ०५४ जेठ २५ गते ५२ वर्षीय प्रधान भन्ने विरुलाल माझीले घरायसी लेनदेनमा विवाद हुँदा बन्चरो प्रहार गरी हत्या गरे। पीडक हाल थुनामा छन्।

जीवनपुर गाविस-३ का धनबहादुर मगरको ०५४ असार १५ गते एक समूहले गरेको कुटपिटका कारण मृत्यु भयो। एकजनाको हत्या गरी जेल सजाय भुक्तान गरिआएका मगर साह्रै मन्काहा र अरूलाई पनि मार्ने धम्की दिँदै हातमा सधैं खुकुरी लिएर हिड्ने हुँदा सबै गाउँले ऊसंग क्रोधित भएकाले सबै मिली तह लगाउन खोज्दा उक्त घटना भएको बताइन्छ। पक्राउमा परेका केही व्यक्तिलाई धरौटीमा छाडिएको छ।

नलाङ गाविस-८ का विवासानी तामाङ ०५४ कार्तिक २७ गते घरबाट निस्किएकोमा २९ गते मुरलीभञ्ज्याङ गाविस-१ सैंदी भञ्ज्याङमा टाउको र जीउ छुट्टाएको अवस्थामा लास फेला पर्‍यो। करीब ३ तोला सुन र सामान किन्न लगेको २ हजार रूपैयाँ लुट्नका लागि उक्त हत्या गरेको आशंका पीडित पक्षद्वारा गरिएको छ। नारायण श्रेष्ठलाई हिरासतमा राखी कारवाही चलाइएकोमा छोडिएको छ, खास पीडक पत्ता लागेको छैन।

रि गाविस-४ का ६० वर्षीय दावा लामालाई ०५३ माघ २ गते सोही ठाउँका २५ वर्षीय वोवजी लामाले कुटपिट गरी हत्या गरे। पीडक हाल थुनामा छन्।

यस वर्ष यो जिल्लामा १८ जनाले आत्महत्या गरे। दुर्घटनाबाट ३७ जनाको मृत्यु भयो भने भविनव्यमा परी ९ जना र पानीमा डुबेर १ जनाको मृत्यु भयो।

●



२. मध्यमाञ्चल

बागमती

२.१७ सिन्धुपाल्चोक

जनसंख्या	:	२६१०२५
साक्षरता	:	२९.३ प्रतिशत
महिला साक्षरता	:	१४.५ प्रतिशत
क्षेत्रफल	:	२५४२ वर्ग कि.मी.
गाविस/नपा	:	७९/०
निर्वाचन क्षेत्र	:	३
विद्यालय/क्याम्पस	:	३९७/२
अस्पताल/स्वास्थ्यचौकी	:	१/११
टेलिफोन लाइन	:	२४
सडक (कि.मि.)	:	१६१
प्रहरी कार्यालय	:	२१
हुलाक	:	७३

तत्कालीन व्यवस्थाका पृष्ठपोषकहरूद्वारा ०४० सालमा यहाँ घटित पिस्कर काण्डपछि यो जिल्ला विशेष चर्चित हुन पुगेको हो। नेपाली कम्युनिष्ट आन्दोलनका अग्रणी व्यक्तित्व स्व. पुष्पलाल श्रेष्ठ र शहीद गंगालालको सम्बन्ध रहेका कारण पनि यो जिल्ला महत्वपूर्ण स्थान ओगट्ने जिल्लामध्येमा पर्छ। साधारण चेतना स्तर पनि नपुगेका गाउँ यहाँ थुप्रै छन्। पाँचपोखरी जस्ता केही धार्मिक स्थल र तातोपानीले सिन्धुपाल्चोकको पर्यायका काम गरेका छन्। हेलम्बूले सिन्धुपाल्चोकलाई विश्वभर चिनाउन थप मद्दत गरेको छ। यस जिल्लामा मानवअधिकार उल्लंघनमा राज्य र ठालु कहलिएकाहरू नै अग्र पंक्तिमा देखिन्छन्। यस वर्ष राजनीतिक प्रतिशोधका कारण बाँसखर्क गाविसमा ०५४ जेठ २६ गते दुई जना बालकको जघन्य हत्या गरिएको घटना यस जिल्लाको वर्षभरीको चर्चित घटना हुन पुग्यो।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

हैबुङ गाविस-१ स्थित जंगलमा ०५३ माघ १० गते भएको प्रहरी-माओवादी भिडन्तमा परी संजमो जिल्ला सदस्य गोविन्द घलेको हत्या भएको छ। संजमो जिल्ला सचिव पदमप्रसाद चौलागाई भने हत्कडीसहित फरार भए।

बाँसखर्क गाविस-३ स्थित मन्दी गाउँको अरूरा डाँडामा ढुकुरको गुँड खोजेर हिँडिरहेका ११ वर्षीय गणेश स्याङ्बो र ६ वर्षीय फुर्पा स्याङ्बोलाई राजनीतिक आवेश र प्रतिशोधबाट प्रेरित भई सोही गाविसका राजनीतिक कार्यकर्ता रोहित दोङलगायत्का व्यक्तिहरूले ०५४ जेठ २६ गते हत्या गरे। उक्त घटनामा १७ जनालाई पक्राउ गरिएकोमा ३ जनालाई पुर्पक्षका लागि थुनामा राखिएको छ र ९ जनालाई धरौटी माग गरिएको छ। मुख्य पीडक दोङलगायत्का ५ जना अझै फरार छन्।

१.२ जेल र बन्दीहरु

वि.सं. १९८४ मा तत्कालीन राणा शासकहरूले आफ्ना विरोधीलाई तह लगाउन निर्माण गरेको यातना गृह नै चौतारा जेल हो। ३५ जना बन्दी क्षमता भएको यो जेलमा ७० जनासम्म थुनिने गरिएको छ। हाल भने १६ जना माओवादी जनयुद्धमा संलग्नसमेत ४६ जना थुनुवा र बन्दी यहाँ छन्। माओवादी जनयुद्धअन्तर्गत थुनामा परेका व्यक्तिहरूले आफ्ना नेतालाई लेखेको चिठी हुलाकद्वारा पठाउन लागेकोमा प्रहरीले प्रशासनसमक्ष पुऱ्याइदिएका कारण यो जेल एक वर्ष प्रहरी र बन्दीबीच कुनै पनि बेला अप्रिय स्थिति हुनसक्ने स्थितिमा रह्यो र बेला-बेला सामान्य झडपहरू हुँदै पनि रहे। अहिले प्रहरी क्याम्प बाहिर सारिएपछि स्थिति शान्त भएको छ।

जेलको भौतिक सुधार र अन्य व्यवस्थाका लागि जेलका बन्दीहरूले धेरै पटक नारा जुलुस गरे। जसका कारण स्थानीय चामलको व्यवस्था र खानेपानीको व्यवस्था भयो। नगद सिदाको वृद्धि र झुटा मुद्दाको खारेजीको माग राखी बन्दी दिलप्रसाद सापकोटाले ०५४ साउन १ गतेदेखि सिदा बहिष्कार गरे र ९ गतेदेखि अनशनमा बसे। ४४ दिनको अनशनपछि मृत्यु र जीवनको दोसाँधमा रहेका सापकोटाले जिल्ला विकास समितिका सभापति सरेश नेपाल र प्रजिअ दोलखबहादुर गुरुङद्वारा समस्या सामाधानका लागि पहल गरिदिने आश्वासनपश्चात् अनशन तोडे। १०० दिनभित्रमा माग

घटनाको प्रकृति	घटना संख्या १९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	१
हिरासतमा यातना	१	७	१
यातनाले मृत्यु	-	१	-
बलात्कृत	१	२	१
आत्महत्या	२५	२८	७

पूरा नभए पुनः आमरण अनशन बस्ने जानकारी पनि उनले दिएका थिए।

खेलकुद, व्यवसाय, पुस्तकालय आदि केहीको पनि व्यवस्था नभएको यो जेललाई बन्दीहरू यातना गृहको संज्ञा दिन्छन्। १४ इन्चको एक टेलिभिजन राखिएको छ। तर उडुस र उपियाँको औषधी नछर्नाले व्यापक दुःख दिने गरेको छ। चैतमा दिनुपर्ने नियमानुसारको लुगाफाटो असारमा मात्र दिइनु जेल प्रशासनको लापरवाही भएको बन्दीहरू गुनासो गर्छन्। डाक्टरले सिफारिस गरेका बिरामीलाई पनि बाहिर उपचार गराउन लगिँदैन, जेलमा उपचार व्यवस्था छैन, डाक्टरको प्रेस्क्रिप्सनअनुसारको औषधी किन्न पनि बञ्चित गरिएको गुनासो बन्दीहरूको छ।

महिला बन्दीका लागि घुमफिर गर्ने ठाउँ यहाँ छैन। नेकपा (माओवादी) को गतिविधिमा संलग्न भएको अभियोगमा घरका १० जनामध्ये कान्छो छोरोबाहेक सबैलाई २०५२ फागुनमा प्रहरीले पक्राउ गरेको बताउने महिला बन्दी गजमाया सापकोटा ४ महिनासम्म एक्लै बस्नुपरेको बाध्यता बताउँछिन्। दुई वर्ष नबिती बन्दीहरूलाई ओढ्ने/ओछ्याउने नदिने नीति रहेको र सीपमूलक व्यवसायका लागि आफूले केही गर्न नसक्ने, सबै माथिबाटै हुनुपर्ने धारणा जेलर रामचन्द्र न्यौपाने व्यक्त गर्छन्। प्रहरीले बन्दीलाई पेस्तोल ताकेको कारण पनि एक समय जेल तनावग्रस्त बन्यो।

माओवादी र प्रहरीबीचको वैमनस्यपूर्ण वातावरणका कारण यो जेलमा कुनै पनि बेला अप्रिय घटना हुन सक्ने कुरा सम्बन्धित सबै स्वीकार्छन्। यस्तो स्थिति सिर्जना हुन नदिन शुरूमै सतर्क हुनुपर्ने धारणा सबैमा व्याप्त छ।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

बतासे गाविस-३ का १९ वर्षीय कृष्णप्रसाद सापकोटालाई ०५३ माघ १० गते तालामाराङ गाविसमा माओवादी भएको आरोपमा पक्राउ गरी १३ दिनसम्म बिना पूर्जी हिरासतमा राखियो र त्यस क्रममा प्रहरीले अमानवीय खालका थुप्रै यातना दियो।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

ज्यामिरे गाविस-१ का ३७ वर्षीय अर्जुन देउजालाई ०५३ पुस १८ गते सोही ठाउँका पूर्णबहादुर कार्कीले अनेकौं प्रयासका बाबजुद पनि राप्रपामा प्रवेश गर्न नमानेका कारण कुटपिट गरे।

जिल्ला विकास समितिको पाँचौ जिल्ला परिषद् समापनका क्रममा बोल्दै सरकारविरूद्ध भाषण गरेको भन्ने निहुँमा ०५३ पुस १८ गते तत्कालीन जिल्ला विकास समितिका उपसभापति सरेश नेपाललाई खेलकुद विकास समितिका

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरूष	महिला	जम्मा		पुरूष	महिला	जम्मा
हत्या	५	६		६				
गोलीद्वारा हत्या	१	१		१	१	१		१
बलात्कार पछि हत्या	२		२	२				
जेल *	५	२		४८	५	२		४८
गिरफ्तारी र यातना	२	७		७	२	७		७
कुटपिट	७	८	१	९				
धम्की	२	२		२				
भेला र संगठित हुने अधिकार	२	१०	२	१२				
निष्पक्ष चुनाव	७	२८	१	२९				
महिला अधिकार	१		१	१				
बलात्कार	१		१	१				
महिला भएकै कारणले दिइने यातना	२		४	४				
बहुविवाह	१		१	१				
गर्भपतन	१		१	१				
जातीय छुवाछूत	१	१६	५	२१				
अमानवीय व्यवहार *	२	२		२६	२	२		२६
आत्महत्या *	७			७				
जम्मा	४९	८२	१९	१७८	१०	१२		८२

तत्कालीन अध्यक्ष पुष्पलाल श्रेष्ठसमेतका व्यक्तिहरूले ज्यान मार्ने धम्की दिए।

इर्खु गाविसमा ०५३ माघ १८ गते दुई पक्षबीच भएको खुकुरी हानाहानमा १६ जना घाइते भए। माइती आएकी एक महिलालाई २२ वर्षीय छर्सङ्ग तामाङले जबर्जस्ती पत्नी बनाउन खोज्दा उक्त घटना भएको थियो।

राजनीतिक प्रतिशोधको शीकार बनेका बालकहरूको लास

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

अनर्पु गाविसको ०५४ जेठ २३ गते भएको पुनः मतदानमा सोही गाविस-८ की २३ वर्षीय विष्णुमाया श्रेष्ठलाई अध्यक्षका उम्मेदवार नोर्बु वाङ्गेललगायतका व्यक्तिहरूले हातपात गरी थुनेर राखे। मतदान कार्य चलुन्जेल स्कूलभित्रै थुनिएकी कारण उनले मतदानबाट वञ्चित हुनुपर्‍यो।

इचोक गाविस-२ डाँडाटोलका कार्पु तामाङकी २६ वर्षीय पत्नी डोल्मा तामाङलाई ०५४ जेठ १३ गते भएको स्थानीय निर्वाचनमा नेकपा (एमाले) लाई मद्दत गरेको आरोपमा ०५४ असार ६ गते घरबाट निकालियो। पीडित केही दिन अन्यत्रै डेरा लिएर बसेकी थिइन, पछि व्यापक सामाजिक दबावपछि घर फर्काइन्।

अनर्पु गाविसका कमलबहादुर श्रेष्ठलाई ०५४ जेठ १३ गते राप्रपाका तर्फबाट अध्यक्षका उम्मेदवार नोर्बु वाङ्गेल र कर्म वाङ्गेलले एउटै व्यक्तिले ५/६ पटक भोट हाल्न पाइन्न भनेर प्रतिवाद गरेका कारण मरणासन्न हुनेगरी कुटपिट गरे। उक्त कार्यले गर्दा सो दिनको मतदान नै त्यहाँ स्थगित भयो।

लिस्ती गाविसमा ०५४ जेठ १३ गते भएको निर्वाचनमा नेपाली कांग्रेसका तर्फबाट व्यापक धाँधली गरिएको बताउँदै एमाले र राप्रपाले विरोध गर्दागर्दै पनि जबर्जस्ती मतगणना गरी नेपाली कांग्रेसका उम्मेदवारलाई विजयी घोषित गरियो। वडा नं. २, ३ र ६ का धेरै मतदाताहरूलाई भोट हाल्न पनि नदिइएको गुनासो उनीहरूको छ। एमालेका उपाध्यक्षलगायत् ६ जना र राप्रपाका १ उम्मेदवारलाई समेत मतदान गर्नबाट वञ्चित गरियो।

लिशंखु गाविस-९ स्थित जनता प्रा.वि. चिप्लेमा अध्यापन गरिरहेका बेला शिक्षक विष्णुलाल श्रेष्ठमाथि ०५४ जेठ १५ गते नेपाली कांग्रेस र राप्रपा समर्थित कार्यकर्ताहरूद्वारा हातपात गरियो। साथै ती व्यक्तिहरूले विद्यालयको कार्यालयभित्र प्रवेश गरी दराज तोडफोड गर्नुका साथै कागजातसमेत नष्ट गरिदिएका थिए। नेपाली कांग्रेसका रत्नसागर लामा र पूर्व प्र.पं. लवाङ् घ्याम्छो लामासमेतको निर्देशन भएको उक्त घटनाका दोषीहरूउपर कारवाही गर्न पीडित विष्णुलाल श्रेष्ठले रीतपूर्वकको निवेदन दिएको तर कुनै कारवाही भएको पाइएन।

गोल्चे गाविस घर भई गत स्थानीय निर्वाचनमा जिल्ला विकास समिति सदस्य पदका प्रत्यासी पेम्बा लामा स्याङ्बोले आफूलाई भोट नदिएको रीसमा ०५४ साउन ८ गते सोही गाविस-६ का ६५ वर्षीय तामबहादुर स्याङ्बोमाथि खुकुरी प्रहार गरी सख्त घाइते तुल्याए। आक्रमणका कारण तामबहादुरको निधार र टाउकोको विभिन्न भागमा गम्भीर चोट लागेकोले र उनलाई दुई दिनसम्म बोकाएर चौतारा ल्याइएको थियो।

टेकनपुर गाविस-४ का १८ वर्षीय कमल भुजेल र ९ वर्षीय सरस्वती बोहरालाई सोही ठाउँका भोला बोहरा उनकी पत्नी शान्ति बोहरा र बहिनी चिनी कार्कीसमेतले ०५४ असोज १५ गते साँझ ५.३० बजे विजया दशमीका दिन हातपात गरी घाइते तुल्याएका छन्। राजनीतिक प्रतिशोधके कारण उक्त घटना भएको बताइन्छ।

स्थानीय निर्वाचनमा उत्पन्न मतभेदलाई लिएर ०५४ जेठ १९ गते इचोक गाविसअन्तर्गत चनौटे बजारबाट सोही गाविस-८ स्थित आफ्नो घरतर्फ गइरहेका निर्वाचित वडा सदस्य साइला तामाङ र माइसिंह तामाङलाई वडा नं २ का वडाअध्यक्ष फुर्वासाङ्बो तामाङले सख्त कुटपिट गरी घाइते तुल्याए।

स्थानीय निर्वाचनको प्रचारका क्रममा ०५४ जेठ ९ गते लिस्खु गाविसका विभिन्न वडामा राप्रपा समर्थित व्यक्तिहरूको जुलुसले नेकपा (एमाले) को पोष्टर उप्काउने, च्यात्ने काम गरे।

लिसंखु गाविसमा ०५४ जेठ १२ गते अध्यक्षका उम्मेदवार चेलकुमार योञ्जनको घर घेराउ गरी ढुंगामुढा गर्ने तथा घरको थाममा खुकुरी प्रहार गर्ने काम नेपाली कांग्रेस र राप्रपाका कार्यकर्ताको संयुक्त जुलुसले गर्‍यो। त्यस्तै उक्त संगठित जत्थाले योञ्जनको दुहुनो भैंसीलाईसमेत खुकुरीले हिर्काए।

०५४ जेठ १२ गते स्थानीय निर्वाचनका सिलसिलामा लिसंखु गाविसको मतदान केन्द्र नजिक वडा नं. १ का शम्भु घिसिङ, वडा नं. ४ का ज्ञानकुमार लामा र छक घ्याम्दो लामामाथि राप्रपा समर्थित कार्यकर्ताहरूको एक जत्थाले तरवार प्रहार गरी घाइते तुल्याए। छक् घ्याम्दो लामाको दाहिने पाखुरीको हड्डी नै भाँचिएको छ।

प्रहरीको गोलीद्वारा मारिएका गोविन्द घले

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

कुविन्डे गाविसमा भएको हत्याकाण्डसम्बन्धी मुद्दामा सिन्धुपाल्चोक जिल्ला अदालतद्वारा ०५३ माघ १ गते मुद्दा चलेकामध्ये १० जनालाई पुर्पक्षका निम्ति थुनामा राख्ने आदेश भएपछि उक्त फैसला पूर्वाग्रही र प्रतिशोधात्मक छ भन्दै अदालतकै हातामा निर्णयप्रति विरोध जनाइ नारा जुलुस लगाउने कार्य गरियो। सोही दिन ती दशै जनालाई काठमाडौंस्थित केन्द्रीय कारागारमा लगियो।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन/सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

इचोक र किउत गाविसका १ सय भन्दा बढी परिवार मोहियानी हकको परम्परागत समस्यावाट पीडित छन्। पुस्तौंदेखि कमाउँदै आएको जग्गाका जग्गाधनीले मोहियानी हक नदिएका कारण जोताहाहरूले संघर्षको कार्यक्रम तथा न्यायिक दबाबको साहारा लिँदै आएका छन्। यस क्रममा जिल्ला भूमिसुधार कार्यालयमा [illegible] मुद्दा दर्ता भएको तर भूमिसुधार कार्यालयले मुद्दाको निर्णयका लागि स्वासै चासो नदिएको पीडितहरूको गुनासो छ।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

भोटेनाम्लाङ गाविसका ३ जना महिलालाई भारतको मुम्बईमा बेच्न लाँदै गर्दा सोही ठाउँका कान्छा लामा, माइला लामा र तीर्थ लामालाई ०५३ पुसमा प्रहरीले पक्राउ गरी मुद्दा चलाएको छ।

पाल्चोक गाविस-२ की श्रीमती सीता गिरी र श्रीमती पवित्रा गिरी ०५३ फागुन ११ गते घरबाट घाँस काट्न भनी गएकोमा हालसम्म कहाँ पुगे र कहाँ हराए भन्ने पत्ता लागेको छैन। पवित्रा दुई छोरा र एक छोरीकी आमा हुन् भने सीता एक छोरीकी आमा हुन्।

जलवीरे गाविस-५ कुदुरे घर भई हाल वडा नं. ६ स्थित एक सार्वजनिक पाटीमा जीवन गुजारा गर्दै आएकी एक ३० वर्षीय लाटी महिलाले ०५३ चैत ६ गते एउटा बच्चा जन्माइन्। बच्चाको बाबु को हो भन्ने बताउन सक्ने अवस्थामा लाटी छैनन्। अहिले उनी अलपत्र अवस्थामा छिन्। प्रहरीले उक्त घटनाका बारेमा स्वासै ध्यान दिएको छैन।

मेलम्ची गाविस-५ की एक १० वर्षीय बालिकालाई दुवाचौर गाविस-१ बस्ने दीपक भन्ने कृष्णप्रसाद दुलालले ०५४ साउन १८ गते जंगलमा गाईवस्तु चराउन गएका बेला बलात्कार गरे। पीडक अहिले पुर्पक्षका लागि थुनामा छन्।

४.२ पारिवारिक हिंसा र वहुविवाह

याङपालधाप गाविस-३ का १९ वर्षीय जंगबहादुर चापागाईले घरमा श्रीमती हुँदाहुँदै सोही ठाउँकी १७ वर्षीय पार्वती खड्कासंग ०५४ साउन ११ गते दोस्रो विवाह गरे। उनी तारेखमा छुटेका छन्।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

[illegible] गाविस-[illegible] की १७ वर्षीय चमेली सापकोटाले ०५३ चैत २३ गते ४ महिनाको गर्भ पतन गराइन्। स्थानीय यादव कार्कीसंगको यौन सम्बन्धका कारण उक्त गर्भ रहेको थियो। कार्कीको सहमतिविना चमेलीले गर्भ पतन गराएकीले कार्कीले नै उजुरी गरेपछि चमेलीलाई पक्राउ गरियो।

५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

फुटिङडवाट महिला-३ की २३ वर्षीय सुश्री अनिता भण्डारी आफ्नै हजुरबुबा पर्ने [illegible] वर्षीय [illegible] कान्छा भन्ने गेटबहादुर भण्डारीको अवैध कार्यबाट जन्मेको बच्चालाई ०५४ भदौ १ गते दुवै जना मिली हत्या गरे। दुवै जना पुर्पक्षका लागि थुनामा छन्।

यो वर्ष यस जिल्लामा राजनीतिक प्रतिशोधका कारण एक ११ वर्षीय र एक ६ वर्षीय बालकको हत्या भयो। २ जना बालिका बलात्कारवाट पीडित भए। अन्य २ जना बालबालिकाहरूको हत्या भयो।

६. आर्थिक अधिकार

(पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

बाँडेगाउँ गाविस-३ स्थित सिपा तीनघरे संस्कृत मा.वि. मा अध्ययनरत् २१ जना दलित विद्यार्थीहरूलाई ०५३ चैत ६ गते शिक्षकहरू शम्भुप्रसाद कोइराला, शंकरनाथ न्यौपाने र ऋषिराम आचार्यले दलित भएकै कारण पानी पिउनबाट वञ्चित गरे। उनीहरूलाई अफिस कोठामा पस्न र पानी पिउन वञ्चित गरिएको थियो र त्यसो गरेका कारण सजायसमेत दिइने गरिएको थियो। उक्त विद्यालयमा दलितहरूलाई भर्ना नै नलिने कार्य गराउन पनि धेरै शिक्षकहरू जोडतोडले लागिरहेको गुनासो पीडितहरूको छ।

कुटपिटबाट घाइते ८४ वर्षीय तुलसीप्रसाद चौलागाईं

सानु सिहारी गाविस-९ का ८४ वर्षीय तुलसीप्रसाद चौलागाईंलाई आफ्नै छोरा ३१ वर्षीय झम्कनाथ चौलागाईंले वृद्ध भत्ताको रकम नदिएको झोकमा ०५४ साउन २५ गते खुकुरी प्रहार गरी सख्त घाइते बनाए। बाबुको जीउनी जग्गामा लगाएको तरकारी पनि उनले उखेलेर फ्याँकिदिए। पीडकलाई ३ दिन थुनेर कागज गराइ छाडियो।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

बाँसखर्क गाविस-८ का लाक्पा दोर्ज र ९ नं का साँवा दोर्जलाई काम विशेषले बाटोमा हिँडिरहेका बेला ०५३ माघ १४ गते साँझ भोटेनाम्लाङ गाविसको माझेरूम्टीस्थित एक पसलमा अस्थायी प्रहरी चौकी तिपेनीका हवल्दारद्वय गुरूप्रसाद दुलाल र जगनाथले विनाकारण जथाभावी लुगाफाटा फुकाली नाङ्गेझार पारिदिएको र कुटपिटसमेत गरेको घटनाका सम्बन्धमा नेकपा (एमाले), बाँसखर्क गाउँ कमिटीले एक विज्ञप्ति प्रकाशित गरी दुःख व्यक्त गर्‍यो।

बाँसखर्क गाविस-५ मा स्थानीय निर्वाचनताका राप्रपा समर्थित व्यक्तिहरुद्वारा राजनीतिक प्रतिशोधका कारण दुई नाबालकको जघन्य हत्या गरिएको घटनालाई लिएर गतिशील ग्रामीण उत्थान समूहले विज्ञप्ति निकाली भर्त्सना गर्‍यो। सोही घटनालाई लिएर नेकपा (एमाले) सिन्धुपाल्चोक जिल्ला कमिटीले पनि एक प्रेस वक्तव्य निकाली विरोध जनायो। त्यस्तै विज्ञप्ति काठमाडौंस्थित मानवअधिकार संस्थाहरू सिविन, हुरोन र सिन्धु मिलन केन्द्रका तर्फबाट क्रमशः गौरी प्रधान, बद्री शिवाकोटी र कृष्ण सुवेदीले स्थलगत अध्ययन पश्चात् प्रकाशित गरे।

साँगाचोक गाविस-२ चपुवामा संचालित प्रौढ साक्षरता कक्षाका सहभागीहरूलाई पढाई सकेर घर फर्किँदै गर्दा ०५४ मसीर ६ गते राति ९.३० बजे सहायक प्रहरी निरीक्षकसहितको ९ जना प्रहरीहरूको एक टोलीले माओवादीको आशंकामा लछारपछार गर्ने, लाती हिर्काउने, अश्लील शब्द प्रयोग गर्ने जस्ता अभद्र व्यवहार गरे। सो व्यवहारका कारण आतंकित हुन पुगेका महिलाहरू रातभर बारीमा लुकिरहे। साथै सोही ठाउँमा पसल थापेर बस्ने ४४ वर्षीय प्रेमबहादुर गिरीलाई रातको समय ढोका खोल्न लगाई घरमा खानतलासी गर्ने, भकारीमा प्वाल पार्ने, छातीमा गोली ताक्ने कामसमेत गरे। प्रहरीको उक्त व्यवहारप्रति विरोध जनाउँदै स्थानीय वासिन्दाहरूले भोलिपल्ट बिहान साँगाचोक प्रहरी चौकी घेराउ गरी नाराबाजी गरिरहे।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

साँगाचोक गाविस-४ का ४८ वर्षीय बलबहादुर सुनारलाई ०५४ वैशाख ३ गते आफ्नै छोराहरू २१ वर्षीय कुमाले सुनार र नन्दे सुनारले जग्गा सम्बन्धी विवाद हुँदा आवेशमा आइ कुटपिट गरी हत्या गरे। पीडकहरू पक्राउमा परेका छन्।

धुस्कुन गाविसको अर्चलेका ४१ वर्षीय अज्योधा तिमिल्सिना, उनको १४ वर्षीय छोरा डिल्लीप्रसाद तिमिल्सिना तथा १० वर्षीय रीता कार्कीलाई ०५४ असार ५ गते राति सोही गाविस-४ का साइँला भन्ने बलबहादुर थामी, माइला भन्ने चन्द्रबहादुर थामी र उनकै ज्वाइँ सुब्बा थामीले हत्या गरे। पीडित बालिका र महिलालाई हत्या गर्नुअगाडि बलात्कार समेत गरिएको थियो। सो घटनाको विरोध गर्दा पीडकले पीडित महिलाका छोरालाई पनि हत्या गरेका थिए। पीडकहरू पक्राउमा परिसकेका छन्।

डर्खु गाविसका ६० वर्षीय वृद्ध चन्द्रबहादुर श्रेष्ठलाई ०५४ असार ३१ गते आफ्नै पसलभित्र विभत्सरूपमा हत्या गरिएको अवस्थामा फेला पारियो। घटनाका बारेमा अहिलेसम्म थप केही थाहा भएको छैन।

जलवीरे गाविस-२ का नरबहादुर खड्कालाई ०५४ साउन २७ गते सोही ठाउँका १८ वर्षीय राजकुमार खड्काले सामान्य विवाद हुँदा ढुंगाले हिर्काइ हत्या गरे। पीडक हाल जेलमा छन्।

चोकटी गाविस-७ का २८ वर्षीय वीरबहादुर भन्ने अम्बरबहादुर गुरूङलाई आफ्नै २५ वर्षीय पत्नी जीवन गुरूङको हत्या गरेको अभियोगमा प्रहरीले पक्राउ गरी पुर्पक्षका लागि थुनामा राखिएको छ।

यस वर्ष यो जिल्लामा व्यक्तिगत रीसइवीका कारण भएका ३ वटा घटनामा ३ जना पुरुष पीडित भए भने ७ जनाले आत्महत्या गरे।



२. मध्यमाञ्चल

वागमती

२.१८ नुवाकोट

जनसंख्या	: २४५२६०
साक्षरता	: ४५.४ प्रतिशत
महिला साक्षरता	: १८.५ प्रतिशत
क्षेत्रफल	: ११९९ वर्ग कि.मी.
गाविस/नपा	: ६१/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय/क्याम्पस	: ४००/२
अस्पताल/स्वास्थ्यचौकी	: १/६५
टेलिफोन लाइन	: २८२
सडक (कि.मि.)	: १४८
प्रहरी कार्यालय	: १९
हुलाक	: ५३

ककनी, ऐतिहासिक साततले दरबार, भैरवी मन्दिर, पुरानो जलविद्युत् गृह, नारायणघाट पुग्ने राफ्टिङ जलमार्ग आदिका कारण चर्चित नुवाकोटको मास, बदाम र त्रिसूलीको माछा निकै स्वादिष्ट मानिन्छन्। चर्चित राजनीतिज्ञहरू भएर पनि आफ्नै भूमिमा उत्पादित विद्युत्बाट यहाँका बासिन्दा वञ्चित छन्, त्यस्तै अन्य क्षेत्रमा पनि यो जिल्ला पिछडिएको छ। चेलीबेटी बेचबिखनका हिसाबले यो जिल्ला बारम्बार चर्चामा आइरहन्छ तर यस पटक भने नेकपा (एमाले) का नेता एवं सांसद प्रमसिंह धामीलगायत्का ६ व्यक्तिहरूको जीप दुर्घटनामा भएको मृत्युले यो जिल्ला विशेषरूपमा उल्लेख्य रह्यो।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

सदरमुकामबाट करीब ८ कि.मि. पूर्व विदुर नपा-२ कुसुमवारी भन्ने स्थानमा अवस्थित नुवाकोट जेल २०१३/१४ सालतिर बनेको अनुमान गरिन्छ। अन्दाजी १ रोपनीमात्र जमिनमा बनेको जेलभित्र झण्डै त्यति नै जग्गा खाली पनि छ। कम्पाउण्डविनाको यो जेल वर्षातमा पानीले भित्रै छताछुल्ल पार्छ। यस जेलमा बन्दी र थुनुवामात्रै हैन, कर्मचारी र सुरक्षाकर्मीलाई पनि उचित बस्ने ठाउँ छैन। पुरुष र महिलाका लागि भित्र १-१ चर्पी र बाहिर १ चर्पी भएको यस जेलमा धारा एउटामात्र छ। एक जना महिला र उनीसंगै आश्रित ४ वर्षीय एक छोरीसहित उक्त जेलमा हाल १४ जना छन्। १२ जना पुरुषका लागि एउटा मात्र चर्पी हुनुले साह्रै समस्या देखिन्छ। चर्पी गएर आएपछि शरीर चिलाउने र पछि घाउ हुने गुनासो बन्दीहरूको छ। साढे एक फिट अग्लो माटोमा काठ बिछ्याइएको छ र त्यसैमा ३० जना सुत्न पुग्ने लामो बरण्डा रहेको छ। बन्दीहरू त्यहीं सुत्छन्।

सुरक्षाकर्मी, कर्मचारी र बन्दीबीच सौहार्दपूर्ण वातावरण रहेको देखिन्छ। ज्यान मुद्दा र जिउ मास्ने/बेच्ने अभियोग लागेकाहरूलाई प्रहरीले जिल्ला प्रहरी कार्यालयमा यातना दिने गरेको गुनासो पीडितहरूको छ। जसका कारण जीउ बाउँडिने जस्ता पीडा हुने गरेको उनीहरू बताउँछन्। यहाँ कुनै सीपमूलक तालिम संचालन छैन। प्रौढ शिक्षाको व्यवस्था भए राम्रो हुने धारणा बन्दीहरूको छ। पत्रपत्रिकाको व्यवस्था छैन। उपचार व्यवस्थालाई विशेष ध्यान दिइनुपर्ने र जेलका अन्य पक्ष पनि सुधार्नुपर्ने राय बन्दीहरूको छ। यो जेल ५० जनाको क्षमता भएको भनिए पनि जेलको अवस्था हेर्दा यो पत्याउन सकिने स्थिति छैन।

आफ्नै पत्नीको हत्या गरेको अभियोगमा २०५२ असोज २६ गते पुर्पक्षका लागि थुनामा राखिएका ६६ वर्षीय लालबहादुर गुरुङको ०५३ पुस २१ गते जेलमै मृत्यु भयो।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

नजाणमन्डप गाविसमा वंशावली निकाल्ने सम्बन्धमा आइपुगेका गोरखा, दर्बुङ गाविसका कमलप्रसाद खनाललाई गोरखाको भएका कारण "माओवादी हुनुपर्छ" भनी शंकाको भरमा स्थानीय प्रहरीले ०५३ फागुनमा गिरफ्तार गरी ५ दिनपछि छाडिदियो।

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	-
थुनामा मृत्यु	-	-	१
हिरासतमा यातना	-	१	३
वलात्कृत	-	-	१
आत्महत्या	२३	६	८

थानसिंङ गाविस अमिलबोटे चौतारोमा ०५४ जेठ ३ गते स्थानीय निर्वाचन बहिष्कार गरौं भनी आयोजित सभाबाट हिरानाथ खनिवडा, राजकुमार पुडासैनीलगायत्का व्यक्तिहरूलाई प्रहरीले पक्राउ गरी पैतालामा डण्डीले हिर्काइ यातना दिइयो।

विदुर नगरपालिका-११ का ३२ वर्षीय कुमारबहादुर कार्कीलाई ०५४ जेठ ७ गते बेलुका देवीघाटमा सुतिरहेको समयमा सोही ठाउँस्थित चौकीका हवल्दारले पक्राउ गरे। उनलाई १२ दिनसम्म विना कारण थुनी छोडिदिए।

विदुर नगरपालिका-३ का ४० वर्षीय नवराज सिलवाललाई ०५४ असोज २५ गते मादक पदार्थ सेवन गरेर हो-हल्ला गरिएको आरोपमा पक्राउ गरिएको थियो। पक्राउपछि उनले पिउने पानी माग्दा चर्पीको पानी ट्वाकमा राखेर दिए भने दिशा गर्न जानसमेत दिइएन, पछि त्यहीं दिशा गर्‍यो भनेर बुटैबुटले हिर्काइयो। पीडितको खुट्टामा कुटाइले नराम्रो असर पारेको छ भने शरीरभरि निलडाम प्रष्टै देखिन्थ्यो।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

थानापती गाविस-९ की ६० वर्षीय सुन्तली सुनारलाई ०५४ वैशाख ४ गते देवरको घरमा भएको झगडा हेर्न जाँदा अज्ञात २ व्यक्तिहरूले गालामा छुरी प्रहार गरी सख्त घाइते बनाएका थिए।

पञ्चकन्या गाविसका अध्यक्ष हस्तबहादुर थापालाई ०५४ वैशाख १५ गते राति ११ बजे ३ जना अपरिचित व्यक्तिले "हामी प्रहरी हौं, तपाईलाई माओवादी गतिविधि सम्बन्धमा सिडियो र डिएसपी साहेबले सोधखोज गर्न खोज्नुभएको हुँदा जाउँ" भनी बोलाएर लगी बाटामा मरणासन्न हुनेगरी कुटपिट गरे। पीडक को थिए भन्ने अझै थाहा हुन सकेको छैन।

देउराली गाविस-९ गोगनेका ३२ वर्षीय मानसिंह गुरूङ, ३६ वर्षीय रामबहादुर तामाङ र उनका १० वर्षीय छोरालाई ०५४ कार्तिक १८ गते राति ११ बजे सोही ठाउँका टंकबहादुर तामाङको नेतृत्वमा आएको एक हुलले आक्रमण गरी सख्त घाइते बनायो। गत निर्वाचनमा एमालेलाई सहयोग गरेको रीसइवीका कारण उक्त आक्रमण गरिएको पीडित पक्षले बताएको छ।

बेलकोट गाविस-४ आरूखर्कका कृष्णप्रसाद लोहनीलाई उनले भोट नदिएर हारेका कारण सोही ठाउँका मानबहादुर तामाङ र पासे तामाङले सख्त हुनेगरी कुटपिट गरे। कुटपिट गर्ने राप्रपा पक्षले एक मतले मात्र हारेको हुँदा उक्त रीस लोहनीमाथि पोखिएको थियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

विदुर नगरपालिका-१ ढुंगामा अनेमसंघ (क्रान्तिकारी) को नेस्रो जिल्ला सम्मेलनको प्रचार गर्ने क्रममा पोष्टर टाँसी प्रचार गर्दै हिंड्दा ०५३ पुस २३ गते विमला सुवेदी, संगिना अधिकारी, सीतादेवी कोइरालालगायत्का व्यक्तिहरूलाई प्रहरीले गिरफ्तार गर्‍यो। ललितपुर पुनरावेदन अदालतले विना धरौटी उनीहरूलाई छाड्ने आदेश दिएपछि ०५४ वैशाख ५ गते जेलबाट मुक्त गरियो।

विदुर नगरपालिका-९ स्थित ज्योति युवा क्लबअगाडि स्थानीय निर्वाचनको प्रचार-प्रसारका क्रममा नेकपा (एमाले)

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरूष	महिला	जम्मा		पुरूष	महिला	जम्मा
हत्या	४	२	२	४				
थुनामा मृत्यु	१	१		१		१		१
गिरफ्तारी र यातना	५	७	४	११		७	४	११
कुटपिट	१५	१५	५	२०				
महिला किनबेच	४		६	६				
बलात्कार	१		१	१				
महिला भएकै कारणले दिइने यातना	१		१	१				
बहुविवाह	३	१	३	४				
लाश फेला	१	१		१				
आत्महत्या	८	५	३	८				
दुर्घटनाहरू/विपत्तिहरू	६	९	२	११				
अन्य	१		१	१				
जम्मा	५०	४१	२८	६९		८	४	१२

द्वारा ०५४ जेठ १० आमसभा भइरहेको समयमा एक समूहले राजनीतिक प्रतिशोधका कारण आक्रमण गरेपछि सभा विथोलिनुका साथै दर्जनौं व्यक्ति घाइते भएका थिए। प्रहरी उक्त घटनामा मूकदर्शक मात्र बनेको पीडितको गुनासो रह्यो।

०५४ जेठ १३ गते सम्पन्न गेर्खु गाविसको निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न हुँदा पनि मतदान अधिकृत जिल्ला हुलाक कार्यालयका का.प्र. घनश्याम उपाध्यायले "धाँधली भएको" भनी प्रतिवेदन दिएपछि उत्तेजित जनसमुदायले हातपात गर्दा उनी सामान्य घाइते भए भने त्यस क्रममा निर्वाचन परिणाम सुन्न उत्सुक जनसमुदाय उपर लाठीचार्ज गर्दा दर्जनौं व्यक्ति घाइते भएका थिए।

२.२ धार्मिक स्वतन्त्रता

धर्मको कारणबाट जिल्लामा उल्लेख्य घटना कुनै नभएतापनि दुर्गम सल्मे, माल्टे, किनाङ्, बुङनाङ्, तृप्चे आदि गाविसहरूमा व्यापकरूपमा क्रिश्चियन धर्म प्रचारकहरू पसेर विभिन्न झुठा प्रलोभन, आश्वासनहरू देखाएर धर्म परिवर्तन गराइरहेका भेटिन्छन्। यसरी धर्म परिवर्तन गरेकाहरूसंग दाजुभाई, इष्टमित्रहरूबीच वैमनष्यता उत्पन्न गराई आवत जावत बन्दका साथै पानीसमेत बाराबारको स्थिति भएको पाइन्छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला प्रशासन कार्यालयमा आर्थिक वर्ष २०५१/५२ देखि हालसम्म २४ थान सार्वजनिक मुद्दा बक्यौता रहेको छ। ०५३/५४ को जिम्मेवारी सरिआएको मुद्दा जिल्ला अदालत नुवाकोटमा १ सय ४८ थान, सरकारवादी १६ थान, दुनियाँवादी ७१ थान र संक्षिप्त ९ थान मुद्दा थिए भने सोही आर्थिक वर्षमै १ सय १ थान मुद्दा फछ्र्यौट भएको थियो। दुई वर्ष पुराना मुद्दा फछ्र्यौट हुन बाँकी छैन। जिल्ला प्रशासन कार्यालयमा साउनदेखि पुस १३ गतेसम्म ७ थान सार्वजनिक ऐनसम्बन्धी मुद्दा दर्ता भयो। धेरै मुद्दामा अनावश्यक ढिलाइ भएको गुनासो पनि पीडितहरूको रहेको छ।

रालुका गाविस-६ का जग्गाधनी एकबहादुर गोतामेले मोही लाटो कृष्णबहादुरलाई १ रोपनी ४ आना जग्गा दिने शर्तमा जिल्ला भूमिसुधार कार्यालयमा ०५४ असार २ गते मिलापत्र गरिसकेपछि भूमिसुधार अधिकारीले दुवै तर्फबाट १/१ हजार लिए। पछि स्थानीय व्यक्तिहरूको सक्रियतामा उक्त रकम फिर्ता गरियो।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

०५४ मंसिरमा जिल्ला स्वास्थ्य कार्यालय नुवाकोटबाट १० जना प्राविधिक कर्मचारीहरूलाई बाजुरादेखि लिएर सोलुखुम्बुसम्म सरुवा गराइएको थियो। त्यस्तै नेपाल विद्युत् प्राधिकरण, जिल्ला खानेपानी कार्यालयबाट समेत पियनसम्मलाई व्यापक रूपमा सरुवा गरिएको थियो। यी सबै सरुवा राजनीतिक आस्थाका आधारमा भएको हो।

३. भूमिहीन/सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

विदुर नपा-६ चण्डीपोखरीमा बस्दै आएका तिब्बती खम्पा शरणार्थीहरू आफू बसेको जग्गा हालसम्म पनि आफ्नो नाममा हुन नसकेको गुनासो व्यक्त गर्छन्।

विदुर नपा-१ लगायत् नगरका विभिन्न स्थानमा छरिएर रहेको सुकुम्बासीहरूलाई एमालेको ९ महिने सरकारको पालामा सुकुम्बासी समस्या सामाधान आयोगबाट नगरका विभिन्न स्थानमा सार्वजनिक जग्गाहरू वितरण गर्ने अन्तिम तयारीमा जुटेको भएतापनि हालसम्म पनि जग्गा उपलब्ध हुन नसकेको देखिन्छ। प्रत्येक सरकार गठन-पुनरगठनपश्चात् जिल्लामा गठन हुने सुकुम्बासी आयोग आफ्ना कार्यकर्तालाई जागिर खुवाउने थलो मात्र भएको र खासै उपलब्धि नभएको सुकुम्बासीहरू बताउँछन्।

यस वर्ष यस जिल्लामा राज्यका तर्फबाट वृद्ध, असहायहरूलाई दिइने भत्ताका लागि ३९ लाख निकासा भएकोमा कल्याणपुर गाविसमा वितरण गर्न पुगेन। छात्रवृत्ति वितरण गरिने रकममा पनि नपुग हुँदै गइरहेको देखिएको छ।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

फिकुरी गाविस-९ गोगनेकी एक १३ वर्षीय बालिकालाई सोही ठाउँका १९ वर्षीय कुलबहादुर पनेरूले ०५३ माघ १२ गते बिहान घट्ट गइरहेका बेला बाटैमा बलात्कार गरे।

समुन्द्रटार गाविस-५ की १६ वर्षीय माइली तामाङ र १६ वर्षीय सुकमाया तामाङलाई शहरमा राम्रो काम लगाइदिन्छौं भनी झुक्याएर बेच्न लैजाँदै गर्दा पीडितलाई शंका लागी भागेर जिल्ला प्रहरी कार्यालय नुवाकोटमा उजुरी दिइन्। प्रहरीले ०५३ फागुन २६ गते सोही गाविसका हार्पा तामाङ र सुन्दरादेवी गाविसका रामबहादुर तामाङलाई पक्राउ गरी कारवाही चलायो।

चतुराले गाविस-२ छिपिथोकको २२ वर्षीय गोमा तामाङलाई ०५४ वैशाख २० गते भैरहवा घुम्न जाउँ भनी लैजाने क्षेत्रपाल प्राविका शिक्षक वासुदेव अधिकारीलाई प्रहरीले पक्राउ गरी जीउ मास्ने-बेच्ने अभियोगमा कारवाही चलायो।

विदुर नगरपालिका-१ की २१ वर्षीय सीता बस्नेत र १० वर्षीय सरस्वती पाण्डेलाई काठमाडौंमा जागिर लगाइदिन्छौं भनी बेचबिखन गर्ने मनसायले ०५४ असार ५ गते त्रिशुलीबाट लैजाने भक्तपुर जगतेस्थित आवासीय कम्पनीमा कार्यरत् ड्राइभर तथा पञ्चकुमारी ट्राभल्सका मालिक बनेपा नगरपालिका-१० का रूद्रप्रसाद ढकाल, भक्तपुर चितापोल-६ का रामकुमार थापा र काभ्रे हौसे गाविसका गोविन्द थापालाई प्रहरीले पक्राउ गर्‍यो। तीनै जनालाई जनही डेढ लाख धरौटी लिई छाडियो।

बेलकोट गाविस-३ घर भएका ३० वर्षीय श्याम परियार र २९ वर्षीय कृष्णबहादुर परियारसमेत ३ जनालाई ०५४ कार्तिक ४ गते धादिङ जीवनपुर गाविसकी १८ वर्षीय कविता

गौतमलाई बेचन भारत लैजान लाग्दा पक्राउ गरियो। पीडकहरूउपर जीउ मास्ने/बेच्ने मुद्दामा कारवाही चलाएको छ।

४.२ पारिवारिक हिंसा र वहुविवाह

विदुर नगरपालिका-४ वट्टारका ३२ वर्षीय विष्णुबहादुर श्रेष्ठले ०५३ माघ १० गते ढुंग महादेवस्थानकी १८ वर्षीय संगितासंग दोस्रो विवाह गरे। घरबाट जेठी पत्नी र एक बच्चासमेत अमानवीय नवरले निकालिदिएका पीडकविरूद्ध जेठी पत्नी स्त्रिनुमायाले उजुरी दिएकी छिन्।

सिक्रे गाविस-८ का २८ वर्षीय कृष्णबहादुर सोडारीले ०५४ असार १७ गते नाम ठेगाना थाहा नभएकी एक महिलासंग वहुविवाह गरे। जेठी पत्नीको उजुरीपछि सोडारी पक्राउमा परे।

विदुर नगरपालिका-१० त्रिशुली वजारमा ३५ वर्षीय किरणबहादुर श्रेष्ठले ०५४ मंसीर ५ गते गेर्खु गाविस-४ का राजु नगरकोटीकी १८ वर्षीय पत्नी गोमा नगरकोटीसंग प्रहरी कार्यालय विदुरमा नै वहुविवाह गरे। जारी वापत किरणले राजुलाई ५० हजार रूपैयाँ दिए।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, भुमा, वोक्सी र देहव्यापार)

गेर्खु गाविस-७ की अविवाहित २७ वर्षीय ललिता तामाङले ०५४ कार्तिक १ गते एउटा शिशुको जन्म दिएकी थिइन्। तर केही समयपश्चात् नै उक्त शिशुको मृत्यु भएकोले गाउँलेहरूले प्रहरीमा उजुर गरे। तत्पश्चात प्रहरीले ललितालाई पक्राउ गरी ज्यानसम्बन्धी अभियोगमा कारवाही चलाएको छ।

४.४ गर्भ पतन

जानकारीमा आएन।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

चारघरे गाविस-९ स्वानीगाउँकी ६० वर्षीय मनसुवा तामाङले आफ्नै छोरी सीतालाई ०५४ असोज २५ गते भुल्याई, लानीले हानी नराम्रोसंग कुटिन। केही समयअघि सीता सोही ठाउँका जगतबहादुर आले मगरसंग अन्तरजातीय विवाह गरी गएकीले तल्लो जातसंग पोइल गई भनी रीसले उक्त कुटपिट गरेकी थिइन्।

विदुर नगरपालिका-१० स्थित त्रिशुली वजार घर भएकी ७५ वर्षीय सानुमैया श्रेष्ठलाई घरकै परिवारद्वारा बहुलाही भनी कुटपिट गर्ने, खान नदिने जस्ता कार्य गरिरहेका छन्। कान्छो छोरा रामेश्वर श्रेष्ठसंग वसेकी ती वृद्धालाई जीउनी जग्गासमेत भुक्याइ पास गरी सहाराविहीन वनाए।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेपाली कांग्रेसका जिल्ला सभापति ध्रुव अधिकारीको सभापतित्वमा ०५४ असोज १ गते स्थानीय निर्वाचनमा धाँधली भएको विरोधमा जिल्ला विकास समिति प्रांगणमा एक विरोध कार्यक्रम आयोजना गरियो।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

मनकामना गाविस-२ का ३१ वर्षीय कृष्णबहादुर विश्वकर्माको ०५४ असार १२ गते आपसी भै-भगडा हुँदा श्यामबहादुर तामाङले पिट्दा मृत्यु भयो। घटना सम्बन्धमा पक्राउ परेका सबैजनालाई छाडिसकिएकाले पीडित पक्षले गुनासो गरेको छ। आफ्नी पत्नीसंग पीडितको सम्बन्ध रहेकोले उक्त भै-भगडा भएको पीडकले वताएका छन्।

देउराली गाविस- ७ की महिला सदस्यसमेत रहेकी ३९ वर्षीय शिलामाया तामाङको लास ०५४ साउन १४ गते विहान विदुर नगरपालिका-८ राईसिंग बजारको खोल्सामा फेला पर्‍यो। गाविस अध्यक्ष सिंहराज तामाङकी पत्नी शिलाको हत्या पति सिंहराज र मर्चावती नामक महिलाबीच प्रेम सम्बन्ध रहेकाले उनीहरूकै हात रहेको शंका पनि गरिएको छ।

यस वर्ष यहाँ मोटर दुर्घटनामा परेर ६ जना पुरूष, १ जना महिलाको मृत्यु भयो भने ३ जना घाइते भए। विषादि मिसिएको खाना खाएर एउटै घरका ३ जना वालिका, २ जना वालक र १ जना पुरूषको मृत्यु भयो। नदीमा बगेर २ जना पुरूष, १ वालक र ३ जना महिलाको मृत्यु भयो। भन्याङबाट लडेर १ पुरूष र १ वालिकाको मृत्यु भयो। ड्रिल मेशिनमा परेर १ जना पुरूषको मृत्यु भयो। व्यक्तिगत भै-भगडाको कारणवाट १ पुरूषको मृत्यु भयो। आगलागीबाट १ घर नष्ट भयो। यस वर्ष यो जिल्लामा ट्राफिक दुर्घटनाबाट ५ जना, विपत्तिमा परेर २ जना र जंगली जनावरबाट ३ जनाको मृत्यु भयो। ३ जना महिला र ५ जना पुरूषले आत्महत्या गरे।

मदानपुर गाविस-८ केउरेनी भन्ने ठाउँमा ०५४ भदौ २७ गते शुक्रबार विहान करीब ८.३० बजे वा.अ.भ. ४२७५ नं. को गाडी दुर्घटना हुँदा सांसद प्रेमसिंह धामी लगायत ६ जनाको घटनास्थलमै मृत्यु भएको थियो।

●



२. मध्यमाञ्चल

वागमती

२.१९ रसुवा

जनसंख्या	: ३६७६८
साक्षरता	: २४.२१ प्रतिशत
महिला साक्षरता	: ११.३ प्रतिशत
क्षेत्रफल	: १५४४ वर्ग कि.मी.
गाविस/नपा	: १८/०
निर्वाचन क्षेत्र	: १
विद्यालय/क्याम्पस	: ९४/१
अस्पताल/स्वास्थ्यचौकी	: १/२८
टेलिफोन लाइन	: १४३
सडक (कि.मि.)	: १२०
प्रहरी कार्यालय	: ११
हुलाक	: १८

राजधानीबाट ८० किलोमिटर मात्र टाढा रहेको यो जिल्ला गोसाइँ-कुण्ड, पार्वतीकुण्ड, रसुवागढी, उत्तरगया, वेत्रावती जस्ता ठाउँहरूले चर्चित भएको छ। जिल्लाभर १ सय २० किलोमिटर मात्र सडक बनेको यो जिल्ला चीनको तिब्बतसंग पनि जोडिएको छ। थोरै बस्ती र हिमाली क्षेत्रसमेत भएको यस जिल्लामा अन्यत्रको तुलनामा मानवअधिकारको स्थिति सन्तोषप्रद् पाइएको छ।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

१५ जना बन्दी क्षमता भएको रसुवा कारागारमा हाल २ पुरूष र २ महिला रहेका छन्। घाम ताप्न, आगन्तुकसंग भेटघाट गर्न र पत्रपत्रिकादेखि स्वास्थ्य, खानेपानीसम्ममा कसैको गुनासो नभए पनि चिसोले निकै सताएको गुनासो भने बन्दीहरूको छ। सामान्य धरौटी राख्न नसकेर जेल परेकाहरू काठमाडौंस्थित जेलमा सरूवा हुन पाए व्यवसाय गरी धरौटी तिरेर बाहिर निस्कन पाइने आशमा छन्।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

लहरेपौवा गाविस-६ मनिगाउँमा संजमो (भट्टराई) को आयोजनामा सांस्कृतिक कार्यक्रम भइरहेका बेला प्रहरीले ०५४ जेठ १० गते विनाकारण वीरबहादुर मोक्तान, वसन्त थापा मगर, हरिप्रसाद आचार्य र माधवप्रसाद लामिछानेलाई गिरफ्तार गरी सार्वजनिक ऐनअन्तर्गत मुद्दा लगाइएकोमा सोही महिनाको २६ गते छोडियो।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

जिल्ला प्रहरी कार्यालय धुन्चेमा कार्यरत् प्रहरी हवल्दार यमबहादुर थापा र प्रहरी जवान गोरखबहादुर थापा ड्युटीका क्रममा चिलिमे जाँदै गर्दा ०५३ चैत ८ गते स्याप्रुवेसी होटलमा रेन्जेन तामाङ, लक्ष्मण तामाङ, रामबहादुर क्षेत्री र पासाङ शेर्पाले मरणासन्न हुनेगरी कुटपिट गरे। पीडकमध्ये रामबहादुर र पासाङ ४५ हजार रूपैयाँ धरौटी राख्न नसकेकाले जेलमा छन् भने बाँकी २ जना फरार छन्।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा अहिलेसम्म अदालतमा परेका मुद्दाहरूमा अघिल्लो वर्ष ७ वटा, यस वर्ष ५ वटा गरी जम्मा १२ रहेका छन्। तीमध्ये ८ वटा फैसला भए भने ४ वटा बाँकी रहेका छन्।

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	-
हिरासतमा यातना	-	-	१
वलात्कृत	-	-	-
आत्महत्या	१	२	३

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन/सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

छात्रवृत्ति, वृद्ध, असहाय भत्ता र अन्य सुरक्षा सवालमा कुनै पनि स्वालको उल्लेख्य घटना भएको पाइएन।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

जानकारीमा आएन।

४.२ पारिवारिक हिंसा र वहुविवाह

लहरेपौवा गाविस-१ वेत्रावतीका ४१ वर्षीय सूर्यपती वाडाले रक्सी खाई आफ्नै पत्नी विमलादेवीलाई ०५४ असोज १० गते हँसिया प्रहार गरी घाइते तुल्याए। पीडक तारेखमा छुटेका छन्।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, भुमा, बोक्सी र देहव्यापार)

चिलिमे गाविस-७ की ४२ वर्षीय सार्की तामाङलाई सोही ठाँउका २८ वर्षीय छेना लामा र कामी तामाङ (पति-पत्नी) मिली ०५४ असोज ३० गते कुटपिट गर्दा सार्कीको गर्भ पतन भयो। आठौं महिनाको उक्त गर्भ पतन भएपछि दुवै पीडकलाई पक्राउ गरिएकामा हाल धरौटीमा छुटेका छन्।

४.४ गर्भ पतन

जानकारीमा आएन।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्वन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

जानकारीमा आएन।

८. घटना सम्वन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

गतलाङ गाविस-५ बस्ने २१ वर्षीय मिङ्मावाङ्दी तामाङलाई सोही गाविस-१ का ३३ वर्षीय टोटा तामाङले ०५४ असोज ८ गते भीरवाट लडाइ हत्या गरे। टोटाको वहिनीलाई विवाह गर्ने निहुँमा दुवै जनावीच पहिलेदेखि नै रीसइवी रहेको थियो। पीडक कारागारमा छन्।

यस वर्ष यो जिल्लामा ३ जनाले आत्महत्या गरे। आत्महत्या गर्नेहरूमा तीनै जना महिला थिए।

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
हत्या	१	१		१				
गिरफ्तारी र यातना	४	६		६	४	६		६
कुटपिट	२	३		३				
महिला भएकै कारणले दिइने यातना	१		१	१				
गर्भपतन	१		१	१				
आत्महत्या	३		३	३				
जम्मा	१२	११	५	१६	४	६		६

पश्चिमाञ्चल

३.१ तनहुँ

३.२ गोरखा

३.३ लमजुङ

३.४ स्याङ्जा

३.५ कास्की

३.६ मनाङ

३.७ नवलपरासी

३.८ रूपन्देही

३.९ पाल्पा

३.१० कपिलवस्तु

३.११ अर्घाखाँची

३.१२ गुल्मी

३.१३ वाग्लुङ

३.१४ पर्वत

३.१५ म्याग्दी

३.१६ मुस्ताङ



३. पश्चिमाञ्चल

गण्डकी

३.१ तनहुँ

जनसंख्या	: २६८०७३
साक्षरता	: ५२.८ प्रतिशत
महिला साक्षरता	: ३८.८ प्रतिशत
क्षेत्रफल	: १५४६ वर्ग कि.मी.
गाविस/नपा	: ४६/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय/क्याम्पस	: ४९४/७
अस्पताल/स्वास्थ्यचौकी	: १/५०
टेलिफोन लाइन	: ४६६
सडक (कि.मि.)	: ११३
प्रहरी कार्यालय	: १६
हुलाक	: ५२

आदिकवि भानुभक्त आचार्यको जन्मस्थल तनहुँ व्यास ऋषिको तपोभूमि र हिन्दूहरूको पवित्र धाम देवघाटका कारण चर्चित छ। व्यास गुफा, ऐतिहासिक शहर बन्दीपुर र तनहुँसुर जस्ता स्थान विशेषले तनहुँको उचाइ थप्न बल गरेका छन्। यस वर्ष यो जिल्ला माओवादी जनयुद्धको प्रभावबाट बाहिर रहन सकेको देखिन्न। सामाजिक र राजनीतिक प्रतिशोधका कारण हुने घटनामा कुनै कमी आएको पाइएन।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

वि. सं. ०२७ सालमा निर्माण गरिएको तनहुँको सदरमुकाम दमौलीमा रहेको कारागार "घ" श्रेणीको हो। २५ जना बन्दी क्षमता रहेको यस जेलमा हाल १३ जना फैसला भैसकेका र १८ जना फैसला नभएकासमेत ३१ जना बन्दी रहेका छन्। यस जेलमा महिला र नाबालक छैनन्। बन्दीहरू सुत्ने बस्ने गरेका कोठाहरूमा वायरिङ्ग गरिएका तारहरू जताततै चुँडिएको हुँदा उनीहरू असुरक्षित भएका छन्। पानीको अभाव रहेको यस जेलमा सुत्ने ठाउँ र शौचालय कोठा एकै ठाउँमा रहेको हुँदा निकै दुर्गन्धित हुनुका साथै उड्डुस उपियाँ मार्ने व्यवस्थासमेत नरहेकोले यो जेल सुधारगृहको रूपमा नरही यातनागृहको रूपमा परिणत भै रहेको छ।

जेलभित्र टि.भी. र खेलकुद सामाग्री उपलब्ध गराइनुपर्ने, बन्दीहरूलाई दिइने सेवा रकम बढाउनुपर्ने माग बन्दीहरूको रहेको चौकीदार अर्जुन सापकोटा बताउँछन्।

खैरेनीटार गाविस-२ का ३० वर्षीय भीमबहादुर गुरुङको ०५३ चैत १८ गते प्रहरी हिरासतमा मृत्यु भयो। आफ्नै पत्नीलाई हत्या गरेको अभियोगमा दुई दिन पहिले उनी पक्राउ परेका थिए।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

मनापाङ्ग गाविस-६ का २६ वर्षीय दिलिप श्रेष्ठलाई ०५३ फागुन २७ गते दमौली बजारबाट माओवादीको आरोपमा प्रहरीले गिरफ्तार गऱ्यो। पीडित श्रेष्ठ यसअघि ०५३ मंसिर २६ गते पनि माओवादीकै आरोपमा प्रहरीद्वारा गिरफ्तार भई छुटेका थिए। यस पटक पनि पीडित अदालतको आदेशबाट छुटिसकेका छन्।

किहुँ गाविस - ३ का ४३ वर्षीय इन्द्रमोहन सिग्देल र गोर्खा जिल्ला बग्गुवा गाविस-४ का ४५ वर्षीय आशाकाजी श्रेष्ठलाई ०५४ वैशाख २५ गते देउराली गाविस हिलेखर्कबाट माओवादीको आरोपमा प्रहरीले विना पूर्जी गिरफ्तार गऱ्यो। इन्द्रमोहन सिग्देल छुटिसकेका छन् भने आशाकाजी श्रेष्ठ थुनामा रहेका छन्।

भानु गाविस-८ का बासुदेव कँडेल र बन्दीपुर गाविस-८ का ढकबहादुर थापालाई ०५४ भदौ २९ गते बन्दीपुर ढावामा वाल पेन्टिङ गरिरहेको अवस्थामा माओवादीको आरोपमा प्रहरीले गिरफ्तार गऱ्यो। पीडितद्वय ०५४ असोज १४ गते पुनरावेदन अदालत पोखराको फैसला अनुसार थुनाबाट छुटिसकेका छन्।

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	-
हिरासतमा यातना	१	-	-
प्रहरी हिरासतमा मृत्यु	-	-	१
बलात्कृत	-	-	२
आत्महत्या	१०	२८	६

१.४ बेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

व्यास नपा- २ का २३ वर्षीय पत्रकार सुनिल पाण्डेलाई ०५४ वैशाख २४ गते बाटोमा हिँडिरहेको वेला वसन्त आलेलगायत् १५-२० जनाको हुलले कुटपिट गर्ने धम्की दियो। पीडितले स्थानीय निर्वाचनमा घिरिङ्ग सुन्धारा गाविसको निर्वाचन सम्वन्धी समाचार रेडियो नेपालको घटना र विचार कार्यक्रममा प्रशारण गर्न पठाएको आरोपमा उनलाई कुट्ने धम्की दिइएको थियो।

व्यास नपा-८ का २७ वर्षीय प्रदीपराज अधिकारीलाई ०५४ जेठ ३ गते साँगेमा सोही ठाउँमा घर भई दमौली वस्ने ईश्वर वाग्लेको नेतृत्वमा आएको १०-१२ जनाको हुलले कुटपिट गर्‍यो। पीडित प्रदीपराजको अगाडिको दाँत भाँचिएको थियो। पीडकहरूलाई कुनै कारवाही भएन।

भिमाद गाविस-१ का ३६ वर्षीय रविनारायण खनाल, १८ वर्षीय अनिल श्रेष्ठ र २७ वर्षीय सरोजकुमार श्रेष्ठलाई ०५४ जेठ ४ गते भिमाद वजारमा सोही गाविस १ का २४ वर्षीय हिरा थापा, मुक्ति श्रेष्ठ र कर्णबहादुर थापाले चुप्पी प्रयोग गरी कुटपिट गरे। पीडकहरूलाई कुनै कारवाही भएन।

घिरिङ्ग सुन्धारा गाविसका अध्यक्ष ३५ वर्षीय होमबहादुर थापा र जिविस सदस्य ३८ वर्षीय रूद्रमोहन अधिकारीलाई ०५४ असार १८ गते भिमाद गाविस-१ माले वगरमा माझकोट गाविस-८ का कमल उचैं, दानबहादुर शाहीलगायत् ६ जनाले राजनीतिक प्रतिशोधका कारण कुटपिट गरी घाइते वनाए। पीडकहरूलाई सार्वजनिक अपराधसम्बन्धी कारवाही चलाइएको छ।

जिल्ला शिक्षा अधिकारी लक्ष्मीराम पौडेललाई ०५४ भाद्र १० गते जिल्ला शिक्षा कार्यालयभित्र काम गरिरहेके समयमा नेपाल शिक्षक संघका करीव ६ सय जनाको हुलले कुटपिट गर्ने, ज्यान मार्ने धम्की दिने, कार्यालय तोडफोड गर्ने, महत्वपूर्ण कागजात च्यात्ने, निवासमा तोडफोड गर्ने र उनका वालवच्चालाई समेत कुटपिट गरे। प्रहरी निरीक्षक रत्नप्रसाद नेपाल र मेखबहादुर अधिकारीलाई गम्भीर चोट लागेकाले उपचारका लागि वीर अस्पतालमा भर्ना गरिएको थियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

अनेरास्ववियु जिल्ला कमिटीका सदस्य मदनप्रसाद वाग्ले, अमृत मिश्र र विद्यार्थी कृष्णदेव कार्कीलाई ०५३ चैत २८ गते कलेस्ती मा. वि. मा रामबहादुर गुरूङ्ग, अमर गुरूङ्ग र दीपक गुरूङलगायत्का २०-२५ जनाको समूहले कुटपिट गर्‍यो।

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरूष	महिला	जम्मा		पुरूष	महिला	जम्मा
हत्या	३	२	१	३				
थुनामा मृत्यु	१	१		१	१			१
गिरफ्तारी र यातना	३	५		५	३	५		५
कुटपिट	१९	४६	४	५०				
धम्की	२	२		२				
सरूवा	१	१		१	१			१
निष्पक्ष चुनाव *	३	१		८५				
महिला अधिकार	१		१	१				
बलात्कार	२		२	२				
महिला भएकै कारणले दिइने यातना	२		२	२				
बहुविवाह	१		१	१				
पारिवारिक हिंसा	१		१	१				
बालअधिकार	१	१		१				
आर्थिक अधिकार *	१			१५०				
चोरी/डकैती	३	२	२	४				
आत्महत्या	६	३	३	६				
दुर्घटनाहरू/विपत्तिहरू	१६	१३	६	१९				
जम्मा	६६	७७	२२	३३४	५	५		७

सामुङ्ग भगवतीपुर गाविसमा ०५४ जेठ ४ गते भइरहेको स्थानीय निर्वाचनमा सोही गाविसका उम्मेदवार ४३ वर्षीय चिनबहादुर आले र गन्जबहादुर रानासमेत ४४ जनाले हुलदंगा गरी बुथ कब्जा गर्न लाग्दा मतदान अधिकृत अर्जुन थापाले मतदान स्थगित गर्न खोज्दा स्थगितसमेत गर्न नदिई एकलौटीरूपमा मतदान गरी आफ्नो पक्षका उम्मेदवारहरूलाई विजयी घोषित गराएका थिए। सो निर्वाचन धाँधलीपूर्ण रहेको भनी मतदान अधिकृतले ०५४ जेठ ६ गते निर्वाचन अधिकृतसमक्ष जानकारी गराएका थिए। यस जिल्लाको रूपाकोट, भानु, भिमाद, माफकोट, राम्जाकोट, देवघाट, रिसिङ्ग, सतिश्वारा र मीरकोट गाविसहरूमा ०५४ जेठ ४ गते भएको स्थानीय निर्वाचन स्वतन्त्र र निष्पक्षरूपले हुन सकेन। केही गाविसहरूमा ने. का. का कार्यकर्ताहरूले हुल दंगा गरी बुथ क्याप्चर गरेका र केही गाविसहरूमा एमालेका कार्यकर्ताहरूले धाँधली गरेको हुँदा ती गाविसहरूमा निष्पक्ष चुनाव हुन नसकेको थाहा भएको छ। देउराली गाविस-५ मा माओवादीको डरका कारणले ५ वटै सिटमा उम्मेदवारी मनोनयनपत्र दर्ता हुन सकेन। हालसम्म पनि त्यस गाउँमा चुनाव भएको छैन।

सामुङ्ग भगवतीपुर गाविस- ४ का ३२ वर्षीय शान्तमान श्रेष्ठ, २९ वर्षीय सूर्यकुमार श्रेष्ठ, सोही गाविस-२ का ४२ वर्षीय कीर्तिबहादुर थापा, ४० वर्षीय बमबहादुर राना र विष्णुवीर रानालाई ०५४ जेठ ४ गते कामधेनुङ्ग नि. मा. वि मतदान केन्द्रमा ३४ वर्षीय जीतबहादुर आले, गोधे भन्ने शनिश्चर थापा, मनबहादुर आले, बलबहादुर आले, सुदर्शन श्रेष्ठ र श्यामशरण श्रेष्ठलगायत्का ४०-४५ जनाको जत्थाले कुटपिट गरी मतदान केन्द्रबाट लखेटे।

माफकोट गाविस-७ का १९ वर्षीय केशरराज सेन, माफकोट-८ का २५ वर्षीय गिरबहादुर उचें, २३ वर्षीय वासुदेव तिम्सिना र ४२ वर्षीय क्षेत्रराज रानालाई ०५४ जेठ ४ गते तुरतुरे मतदान केन्द्रमा मतदानको विषयलाई लिएर माफकोट गाविस १ का २५ वर्षीय रामकृष्ण राना, रिमानसिंह राना, पिताम्बर थापालगायत्का २५-३० जनाको जत्थाले कुटपिट गर्‍यो।

राम्जाकोट गाविस-७ का ३५ वर्षीय केशवराज पोखेल, खिमबहादुर थापा, जोखबहादुर थापा र विष्णुप्रसाद अधिकारीलाई ०५४ जेठ ४ गते मतदान केन्द्रमा शान्तिपूर्ण निर्वाचन भइरहेको समयमा मतपत्र च्यातेको आरोपमा राम्जाकोटका झलक आले, रामेश्वर ढकाललगायत्का १२-१५ जनाको हुलले कुटपिट गर्‍यो।

ढोरफिर्दी गाविस-६ का राजनीतिक दलका कार्यकर्ताहरू ३१ वर्षीय शिव महत, दुर्गाबहादुर कुमाल, रूद्रबहादुर सेन, सोमबहादुर वि.क. बीच ०५४ जेठ ४ गते भएको आपसी झडपमा दुर्गाबहादुर महतको टाउकोमा चोट लागेको थियो भने रूद्रबहादुर सेनको हात भाँचिएको थियो।

माफकोट गाविस-८ की २३ वर्षीय चमायाँ थापा र उनकै पति चन्द्रबहादुर थापालाई ०५४ जेठ ८ गते आफ्नै घरमा बसिरहेको समयमा ०५४ जेठ ४ गतेका दिन मतदान स्थगित गर्न सक्रिय भएको आरोपमा माफकोट-८ का केशर मल्लको नेतृत्वमा आएको २०-२५ जनाको जत्थाले कुटपिट गर्‍यो। पीडकहरूलाई प्रहरी प्रशासनले कुनै कारवाही गरेन।

निर्वाचनको दिन कुटपिटबाट घाइते रूद्रबहादुर सेन

मीरकोट गाविस-२ का २२ वर्षीय नेत्रबहादुर रानाभाटलाई ०५४ जेठ २३ गते सोही ठाउँका १९ वर्षीय अमरबहादुर रानाभाट र रिखुराम रानाभाटले एमालेको उम्मेदवारको प्रचार गरी विजयी समेत गराएको आरोपमा सार्वजनिकरूपमै ज्यान मार्ने धम्की दिए।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

व्यास नगरपालिका-७ की ऋषिमायाँ गिरीलाई दीपक प्रा. वि. काहुँ गैह्राखुदीबाट ०५४ श्रावण १६ गते पारशर प्रा. वि. मा सरूवा गरिएकोमा प्रा. वि. का प्र. अ. तथा व्यवस्थापन समितिले उनलाई हालसम्म पनि हाजिर गराएका छैनन्।

भद्र प्रा. वि. का शिक्षक रामलीला सुवर्णकारलाई ०५४ असोज २० गते केशवटार मा. वि. मा सरूवा गरियो। उनलाई सरूवा भई आएको विद्यालयमा हालसम्म पनि हाजिर गराइएको छैन।

३. भूमिहीन, सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

व्यास नपा-१० विराघरेमा ७५ परिवार सुकुम्बासी बसोबास गरेका छन्। सो बस्तीको जग्गाको बारेमा मुद्दा परेको छ। जिल्ला विकास समिति तनहुँको नाममा रहेको सो जग्गामा बसोबास गरेका सुकुम्बासीहरूको विवरण पुनरावेदन अदालतबाट पेश गर्ने भनी आदेश भए अनुसार जिल्ला विकास समितिले ४३ परिवारको तथ्यांक बुझाएको छ। नगरपालिका क्षेत्रभित्र सुकुम्बासी समस्या बढ्दो छ।

यस जिल्लाको दुलेगौडा र खैरेनीटार बजारमा करीव १ हजार घर परिवारहरू अव्यवस्थित बसोबासको कारण पीडित भएका छन्। उक्त समूहद्वारा अव्यवस्थित बसोबास



राम्जाकोटमा कुटपिटबाट घाइते भएका केशवराज पोखरेल

सरोकार समूह गठन गरी ०५३ फागुन ९ गते जिल्ला प्रशासन कार्यालय मार्फत् प्रधानमन्त्रीलाई तत्काले समस्याको समाधान गरी जग्गाधनी प्रमाण पूर्जा पाउँ भनी ज्ञापन-पत्र बुझाएका थिए।

यस जिल्लामा जेष्ठ नागरिक भत्ता पाउनुपर्ने पुरूषको संख्या १ हजार ९ सय २१ र महिलाको संख्या १ हजार ९ सय ९६ रहेको छ। असहाय, विधवा भत्ता पाउनुपर्नेको संख्या ३ हजार ६ सय ३५ रहेको छ। अशक्त अपाङ्गको संख्या ५० जना रहेको तथ्यांक भए पनि कुनै किसिमको भत्ता यस वर्ष वितरण गरिएको छैन। देवघाटमा एउटा वृद्धाश्रम छ। गरीव र अशक्तहरूको चाप बढी भएकोले उक्त वृद्धाश्रममा सबै वृद्धहरूलाई व्यवस्थितरूपमा सेवा पुग्न सकेको देखिंदैन।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

आँबुखैरेनी गाविस-६ बस्ने १५ वर्षीय एक बालिकालाई ०५४ वैशाख ९ गते राति सुतिरहेको बेला सोही गाविस-६ का २८ वर्षीय रामबहादुर परियारले बलात्कार गरे। पीडक पुर्पक्षका लागि थुनामा छन्।

छाङ्ग गाविस-१ घर भई सोही गाविस-३ थर्पू बजारमा सिलाई कटाई तालिम गर्न बसेकी २४ वर्षीय एक महिलालाई ०५४ जेठ ११ गते राति ११ बजे सोही ठाउँका ३६ वर्षीय दिलमान श्रेष्ठले बलात्कार गरे। प्रहरीले पीडकलाई गिरफ्तार गरेकामा ०५४ असार २ गते अदालतको आदेशबाट पुर्पक्षका लागि थुनामा राखिएको छ।

ढोरफिर्दी गाविस-९ की २१ वर्षीय एक महिलालाई ०५३ असार २७ गते ढोरफिर्दी-९ स्थित घोत्रेघारीको मकैबारीमा सोही ठाउँका ४५ वर्षीय केशबहादुर श्रेष्ठले बलात्कार गर्ने प्रयास गरे। पीडितद्वारा प्रहरी कार्यालय दुलेगौंडामा उजुरी परेपछि पीडकलाई तत्काले गिरफ्तार गरिएकोमा जिल्ला प्रहरी कार्यालयबाटै रिहा भए।

भिमाद गाविस-१ की १७ वर्षीय कमला गुरूङ्ग र १९ वर्षीय कल्पना गुरूङ्गलाई ०५४ भाद्र ३० गते विवाह गर्ने निहुँमा स्याङ्जा जिल्ला साखर गाविस-२ घर भई कास्की पोखरा उपमहानगरपालिका- १७ बस्ने ३४ वर्षीय काले श्याम भन्ने लोकबहादुर थापा र बाग्लुङ जिल्ला, वगुवा गाविस-६ घर भई कास्की जिल्ला पोखरा उपमहानगरपालिका-८ डेरा गरी बस्ने ५० वर्षीय कृष्ण थापा भन्ने चित्रबहादुर थापा पुनले भारतमा लगी बेचे। ०५४ मंसिर २४ गते पीडितकी आमाले जिल्ला प्रहरी कार्यालय दमौलीमा जाहेरी गरिन्। प्रहरीले ०५४ मंसिर २५ गते लोकबहादुरलाई गिरफ्तार गरी पुर्पक्षका लागि कारागार शाखा, तनहुँमा चलानी गरेको छ भने चित्रबहादुर फरार छ।

४.२ पारिवारिक हिंसा र बहुविवाह

गजरकोट गाविस-४ का रघुनाथ लम्सालले सरस्वती खनालसंग दोस्रो विवाह गरे। पहिलाकी पत्नी हरिमायाँ लम्साललाई खान लगाउन नदिएकाले ०५३ असार १९ गते जिल्ला अदालत तनहुँमा अंश मुद्दा दिएकी छिन्।

बरभञ्ज्याङ्ग, गाविस-९ की ३८ वर्षीय तीर्थमायाँ खड्कालाई ०५४ वैशाख ९ गते आफ्नै पति पदमबहादुर खड्काले घरभित्र ढोका थुनी कुटपिट गरे। पीडकले ७ वर्षअगाडि दोस्रो विवाह गरेका थिए। त्यसपछि पीडितले जिल्ला अदालतमा अंश मुद्दा दिएकी थिइन्। अदालतबाट अंश दिलाइदिने फैसला भएपछि अब यसले मसंग अंश र सम्पत्ति लिएर खाने भई भनी लगातार ५ घण्टासम्म कुटपिट गरे।

यस वर्ष आफ्नै पतिद्वारा १ जना महिलाको हत्या गरियो।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय, अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

घाँसीकुवा गाविस-८ की ४० वर्षीय रामेश्वरी रानालाई ०५४ मंसिर ७ गते आफ्नै घरमा बसिरहेको समयमा सौता दिदी ५० वर्षीय फूलमाया रानाले थुक्ने, अश्लील शब्दले गाली गर्ने र यसलाई दिशा खुवाउनुपर्छ भनी शरीरभरि दिशासमेत दलिदिइन्।

४.४ गर्भ पतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

छाङ्ग गाविस-८ का १३ वर्षीय बालक प्रकाश कुँवरलाई ०५४ साउन २३ गते फकाई मकवानपुर जिल्ला, पशुपतिनगर- ९ का ३७ वर्षीय जगत लामा र भारतीय नागरिक बेतिया बिहार पश्चिम चम्पारण जिल्ला रायबारी महुवा घर भई हाल भरतपुर न. पा.-१० मा डेरा गरी बस्ने नबिउल्लाहले बेचबिखन गरे। पीडकहरूलाई ०५४ मंसिर १७ गतेदेखि पुर्पक्षका लागि कारागारमा राखिएको छ।

कास्की देउराली गाविस घर भई माइतीघर स्याम्धा गाविस-६ बसोबास गर्ने २८ वर्षकी लक्ष्मी परियारले अनैतिक सम्बन्ध राखी रहन गएको गर्भबाट ०५४ आश्विन १८ गते एक शिशु जन्माइन्। सो शिशुलाई सोही ठाउँको खोल्सामा गाडी यहा छरछिमेकले थाहा पाउने भए भनी गाडिएको ठाउँबाट झिकी पुनः व्यास नगरपालिका-६ को पाखोमा गाडिन्।

राजनीतिक समूहको आक्रमणमा परी घाइते जोखबहादुर थापा

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

खैरेनीटार म्यादेखोलादेखि पूर्व आँबुखैरेनी सत्रसय फाँटसम्मको पृथ्वी राजमार्ग पुनर्निर्माणका लागि विगत २ वर्षदेखि पाकिस्तानी सचाल इन्जिनियरिङ्ग वर्क्स प्रा. लि. का नेपाली कर्मचारी तथा मजदूरमाथि गरिएको अन्यायको विरुद्ध मजदूरहरू २१ सूत्रीय माग राखी ०५४ वैशाख ४ गतेदेखि आन्दोलनमा उत्रिए। कम्पनीले मागप्रति बेवास्ता गर्‍यो र मजदूरहरूले पुनः ०५४ वैशाख १० गते दमौलीमा जुलुस प्रदर्शन गरे। सोही दिनदेखि १२ गतेसम्म पीडितहरू धर्ना बसे। १२ गते साँझ ५ बजे कम्पनी, मजदूर प्रतिनिधि र सहायक सि.डि.यो बीच वार्ता भई मजदूरका अधिकांश माग पूरा गर्ने सहमति भएपछि ०५३ वैशाख १३ गतेदेखि उनीहरूले आ-आफ्नो काम शुरू गरेका थिए।

यस जिल्लाको घरेलु तथा साना उद्योग समितिमा १ हजार १ सय २३ साना उद्योग दर्ता भएका छन्। यी उद्योगहरूमा १ हजार ५ सयमन्दा बढी मजदूरहरू कार्यरत् छन्। यस्ता उद्योगहरूमा मालिकहरूले कमभन्दा कम ज्याला दिने गरेको पीडितहरू बताउँछन्।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

केशवटार गाविस-५ केशवटारस्थित शिव मन्दिरमा ठूला जाति मानिने समुदायबाट दलित जातिका समुदायहरूलाई पूजा गर्न रोक लगाइएको छ। मन्दिरभित्र पूजा दर्शन गर्न जाँदा फुका बत्तीमात्र बाल्न पाइने शर्त राखिएको छ।

भद्र प्रा. वि. मा अछूत जातिका भनिने विद्यार्थी तथा शिक्षकहरूलाई विद्यालयमा राखिएको पानीको घैंटोबाट आफूखुशी पानी झिकी पिउन दिइँदैन। यस क्षेत्रका उत्पीडित जनजातिका बालबालिकाहरूलाई ठूला जाति मानिने बालबालिकाले पानी हातमा खन्याइदिए पछि मात्र पिउनुपर्ने बाध्यता अझ पनि कायमै रहेको छ।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेपाल शिक्षक संघ तनहु कार्यसमितिका पदाधिकारीहरूले ०५४ भाद्र १० गते जिल्ला शिक्षा अधिकारी लक्ष्मीराम पौडेलमाथि गरेको हातपात, कार्यालय तोडफोड र कागजपत्र च्यातेको भनी नेपाल राष्ट्रिय शिक्षक संगठन र नेपाल राष्ट्रिय शिक्षक परिषद्को संयुक्त वक्तव्य ०५४ भदौ १३ गते प्रकाशित भयो भने ०५४ भदौ १५ गते संयुक्त रूपमा विरोध कार्यक्रमको आयोजना गरिएको थियो।

०५४ आश्विन २३ गते पोखराबाट दमौलीतर्फ गइरहेको ना. अ. ख. ४८२७ नं. को रात्रिबसले तनहुँ गुणदीमा ग. अ. प. १३५० र ग.अ. प ३२७९ नं. का मोटरसाइकललाई ठक्कर दिँदा जामुने-७ का माधव घिमिरे र जामुने-८ का राजेन्द्रमोहन काफ्लेको घटनास्थलमै मृत्यु भयो। उक्त घटनालाई लिएर स्थानीय बासिन्दाहरूले उत्तेजित भई बस जलाइदिए। यही विषयलाई लिएर ०५४ कार्तिक २० गते तनहुँ जिल्ला बन्दको आयोजना गर्नुका साथै संयुक्त संघर्ष समिति, यातायात व्यवसायी गण्डकी अंचल पोखराबाट ०५४ कार्तिक ११ गते अपिल प्रकाशन गरियो।

विभिन्न मागहरू राखी आन्दोलनमा उत्रिएका मजदूरहरू

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

स्वेंग्नीटार-२ घर भई थप्रेक-५ माइतमा बसेकी २२ वर्षीय चिनु गुरूङलाई ०५३ चैत्र १५ गते अर्चलेको जंगलमा आफ्नै पति ३० वर्षीय भीमबहादुर गुरूङले खुर्पाले टाउको गिँडी हत्या गरे। सोही घटनाका कारण दुलेगौडा प्रहरीले ०५३ चैत्र १६ गते पीडकलाई हिरासतमा राख्यो। अचानक उनको पनि ०५३ चैत्र १८ गते मृत्यु भयो।

घाँसीकुवा-६ का ४५ वर्षीय बलबहादुर गुरूङलाई ०५४ भाद्र ११ गते गोरखा जिल्ला मनकामना गाविस-३ का रत्नबहादुर वि. क., शान्ति वि. क. र तावलुङ्ग-४ का प्रकाश वि. क. ले छड र छिनोले टाउकोमा प्रहार गरी हत्या गरे। प्रहरीले पीडकहरूउपर कानूनी कारवाही चलाएको छ।

कुटपिटबाट घाइते भएका **होमबहादुर थापा**

कुटपिटबाट घाइते भएका **मनबहादुर नेपाली**

यस वर्ष यो जिल्लामा व्यक्तिगत रीसइवीका कारण भएका कुटपिटबाट १८ जना र डकैतीबाट ३ जना पीडित भए। ट्राफिक दुर्घटनाबाट ७ जना र बाढी पहिरोबाट २ जनाको मृत्यु भयो। ६ जनाले आत्महत्या गरे।



३. पश्चिमाञ्चल

गण्डकी

३.२ गोरखा

जनसंख्या	: २५२५२४
साक्षरता	: ४३.६ प्रतिशत
महिला साक्षरता	: ३०.२ प्रतिशत
क्षेत्रफल	: ३६१० वर्ग कि.मी.
गाविस/नपा	: ६६/३१
निर्वाचन क्षेत्र	: ३
विद्यालय/क्याम्पस	: ४४०/४
अस्पताल/स्वास्थ्यचौकी	: २/७३
टेलिफोन लाइन	: २०८
सडक (कि.मि.)	: २४
प्रहरी कार्यालय	: ३७
हुलाक	: ६३

राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले नेपालको एकीकरणका लागि शंखघोष गरेको गोरखा मनकामना माईको ख्यातिका कारण विशेष चिनिने गरेको छ। असंख्य ऐतिहासिक सामाग्रीले भरिपूर्ण यो जिल्ला राजधानीबाट नजिकै भएर पनि सुगम बन्नबाट वञ्चित छ। न्याय नपाए गोरखा जानु भन्ने प्रचलित उखान भए पनि गोरखा आफैं भने यस उखानबाट लाभान्वित हुन सकेको छैन। माओवादी युद्धबाट प्रभावित यो जिल्लामा गिरफ्तारी र यातनाका घटना यस वर्ष धेरै भए। आत्महत्याका घटनामा पनि वृद्धि भएको पाइयो। जिल्लाका अधिकांश ठाउँ मानवअधिकार चेतनाबाट टाढै रहेका कारण आफ्नो अधिकारको सुरक्षाका लागि प्रतिवाद गर्ने प्रतिबद्धता भने ज्यादै कममा मात्र रहेको पाइयो।

१. सम्मानितरुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

छोप्राक गाविसका अध्यक्ष ३७ वर्षीय बलराम पोखरेललाई ०५३ पुस २७ गते घरमा खाना खाइरहेको अवस्थामा केही अज्ञात व्यक्तिहरूले खुकुरी प्रहार गरी हत्या गरे। यस घटनाको आरोपमा सोही ठाउँका सरोज पोखरेल, सूर्यनारायण श्रेष्ठ र भोजराज घिमिरेलाई प्रहरीले गिरफ्तार गरेकोमा तारेखमा छाडिएको छ।

ताकुमाफ लाँकुरीबोट गाविस-७ की २५ वर्षीय कमला भट्टको लास ०५४ कार्तिक ४ गते बिहान दरौंदी नदीको किनारमा फेला पर्‍यो। कार्तिक ५ गते अनेमसंघ (क्रान्तिकारी) द्वारा आयोजित छोप्राक गाविसमा सम्पन्न महिला भेलाबाट घर फर्किंदै गर्दा प्रहरीले हत्या गरेको हो भन्ने माओवादीको भनाइ छ। तर प्रहरी प्रशासनले पानीमा डुबेर मरेको बताएको छ।

घ्याम्पेसाल गाविस-५ की १७ वर्षीय टीका लामिछाने ०५४ कार्तिक ६ गते प्रहरीले चलाएको गोली लागी घाइते भइन्।

१.२ जेल र बन्दीहरु

गोरखा जेल "घ" श्रेणीको हो। कुल ५५ जनाको क्षमता भएको यस जेलमा हाल ५५ जना नै बन्दीहरू रहेका छन्। जसमध्ये ४८ जना पुरूष र ७ जना महिला रहेका छन्। अहिले यस जेलमा २८ जना बन्दीहरू माओवादी गतिविधिमा संलग्न भएको आरोपमा थुनिएका छन्। त्यसमध्ये १ जना महिला तथा २७ जना पुरूष रहेका छन्। माओवादी गतिविधिमा संलग्न भएको आरोपमा रहेका बन्दीहरूमध्ये ९ जना पुरूषलाई विभिन्न मुद्दाअन्तर्गत राखिएको छ भने अन्य १८ जना पुरूष र १ जना महिलालाई जेलभित्रै नजरबन्दमा राखिएको छ।

०५४ मंसिर १९ गते र २४ गते बेलुकी जेलभित्रै आफ्ना विभिन्न मागहरू राखी नारा लगाउँदा बन्दीहरूमाथि प्रहरी बल प्रयोग गरियो। प्रहरीहरूले बन्दीहरूलाई उक्त दिन दिसा पिसाब गर्नबाट समेत पूर्णरूपमा वञ्चित गर्नुका साथै लछारपछार पनि गरेको थियो।

जेलमा बन्दीहरूका लागि आवश्यक औषधोपचारको कमी रहेको, पत्रपत्रिका तथा अन्य मनोरञ्जनका सामग्रीहरू

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	१	-
प्रहरीको गोलीद्वारा घाइते	-	१	१
हिरासतमा यातना	-	२	१
बलात्कृत	१	-	-
आत्महत्या	१२	-	१५

उपलब्ध नगराइएको, पिउने पानीको स्थायी समाधान नगरिएको जस्ता समस्याहरूको बारेमा बन्दीहरू गुनासो गर्छन्।

१.३ गिरफ्तारी र यातना (राज्य पक्षबाट गरिएको)

ताङ्लीचोक गाविस-९ का ५४ वर्षीय हर्कबहादुर प्रजा, बुद्धिमान प्रजा, गजबहादुर प्रजा, शेरबहादुर प्रजा र मेघबहादुर प्रजालाई ०५४ वैशाख २१ गते माओवादीको आरोपमा प्रहरीले पक्राउ गर्‍यो। पीडितहरूलाई थुनामा राखिएकोमा अदालतको आदेशमा रिहा गरियो।

गाईखुर गाविस-१ का ३५ वर्षीय भूमिनारायण मल्ल, ५० वर्षीय भीमलाल वि.क., ४६ वर्षीय बसन्त बरामकोटी र १६ वर्षीय मिलन पाण्डेलाई ०५४ वैशाख २८ गते प्रहरीले माओवादीको आशंकामा सोही गाविस-९ का बलराम खनाललाई कुटपिट गरेको अभियोग लगाई पक्राउ गर्‍यो। उनीहरूलाई ७ दिनपछि तारेखमा छोडियो।

हर्मी गाविस-५ का २० वर्षीय श्रीहरि भट्ट, पृथ्वीनारायण नगरपालिका-१० का हरिप्रसाद ढकाल, पुरूषोत्तम ढकाल, भीम श्रेष्ठ र भगत श्रेष्ठलाई ०५४ साउन २५ गते प्रहरीले माओवादी गतिविधिमा संलग्न भई व्यापारीसंग चन्दा संकलन गरेको आरोपमा पक्राउ गर्‍यो। पीडितहरूलाई दुई दिनसम्म हिरासतमा राखी छाडियो।

पृथ्वीनारायण नगरपालिका-१ का २४ वर्षीय सुवास क्षेत्री र ३५ वर्षीय कमलनारायण श्रेष्ठलाई ०५४ भदौ १० गते प्रहरीले माओवादी जनयुद्धको लागि सहयोग पुग्ने खालका पर्चा-पोष्टर छापेको आरोपमा गिरफ्तार गर्‍यो। उनीहरूलाई ५ दिनसम्म थुनामा राखी छोडिएको थियो।

ताप्ले गाविस-१ का ३० वर्षीय शिक्षक यदुविलाश भट्टराई, १६ वर्षीय लक्ष्मी के.सी. र ४० वर्षीय मखना के.सी.लाई ०५४ असोज ३० गते ताप्ले गाविस-७ को बुन्दीचौरमा सांस्कृतिक कार्यक्रम भइरहेको अवस्थामा पक्राउ गर्‍यो। । प्रहरीले उनीहरूसंग केही हातहतियार बरामद गरेको कुरा जनाएको छ। हाल यदुविलाश भट्टराईलाई थुनामा राखिएको छ भने लक्ष्मी र मखना के.सी.लाई १६ दिन पछि तारेखमा छोडियो।

मसेल गाविसमा पर्ने वृन्दावती मा.वि.मा अध्ययनरत् १७ वर्षीय कमला बगालेसमेत ३० जना विद्यार्थीहरूलाई ०५४ असोज २६ गते माओवादी क्रियाकलापमा संलग्न भई राति कृषकको धान काट्ने, लुट्ने गरेको आरोपमा प्रहरीले गिरफ्तार गर्‍यो। पीडितहरूलाई दुई दिनसम्म हिरासतमा राखी छोडियो।

आरूपोखरी गाविस-४ का २४ वर्षीय कृष्णबहादुर अधिकारीलाई ०५४ कार्तिक १ गते माओवादी क्रियाकलापमा सरिक भएको आरोपमा प्रहरीले पक्राउ गर्‍यो। पीडितलाई ७ दिनसम्म थुनामा राखी रिहा गरियो।

गाँखु गाविस-९ का वडा अध्यक्ष ४० वर्षीय बुद्धिबहादुर गुरूङ र २४ वर्षीय दिलबहादुर गुरूङलाई ०५४ कार्तिक १५ गते राति १० बजे सुतिरहेको अवस्थामा प्रहरीले माओवादी कार्यकर्ताहरूलाई खाना खुवाएको र हातहतियार राखिदिएको आरोपमा गिरफ्तार गर्‍यो। पीडितहरूलाई १० दिनसम्म हिरासतमा राखी छोडियो।

घ्याम्पेसाल गाविस-५ की प्रहरीको गोलीबाट घाइते भएकी १७ वर्षीय टीकादेवी लामिछानेलाई ०५४ कार्तिक ६ गते उपचारका लागि काठमाडौंस्थित शिक्षण अस्पतालमा ल्याइएकोमा कार्तिक १९ गते अस्पतालबाट निकाली ०५४ कार्तिक २३ गतेसम्म प्रहरी हिरासत महाराजगन्जमा राखियो। त्यसपछि सोही दिन गोरखा लगी ०५४ मंसिर २ गतेसम्म हिरासतमा राखियो। उनलाई ०५४ मंसिर १२ गते छोडियो।

ताक्लुङ गाविस-३ का २१ वर्षीय श्रीराम खनाललाई ०५४ मंसिर ९ गते राति सुतिरहेको अवस्थामा माओवादी

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरूष	महिला	जम्मा		पुरूष	महिला	जम्मा
हत्या	२	२	१	३				
गोली	१		१	१	१		१	१
जेल	१				१			
गिरफ्तारी र यातना	११	३१	२	३३	११	३१	२	३३
कुटपिट	३	५		५				
धम्की	३	४		४				
महिला किनबेच	१		१	१				
चोरी/डकैती	२	३		३				
आतंक	२	२		२				
आत्महत्या	१५	९	६	१५				
दुर्घटनाहरू/विपत्तिहरू	८	१६	६	२२				
जम्मा	४९	७२	१७	८९	१३	३१	३	३४

क्रियाकलापमा सरिक भएको आरोपमा प्रहरीले पक्राउ गर्‍यो। पीडितलाई थुनामै राखिएको छ।

मीरकाट गाविस-९ का ५० वर्षीय फणीन्द्र खड्कालाई ०५४ मंसिर ९ गते माओवादी क्रियाकलापमा संलग्न भएको आरोपमा प्रहरीले गिरफ्तार गर्‍यो। पीडितलाई यसअघि पनि गिरफ्तार गरी २५ दिनसम्म थुनामा राखेर तारेखमा छोडिएको थियो। हाल पीडितलाई थुनामा राखिएको छ।

गोरखा क्याम्पसमा अध्ययनरत् विद्यार्थी २१ वर्षीय हरिशरण आचार्य, भगवती देवकोटा, भगवती न्यौपाने, विष्णु भट्टराई, नारायण धौलारी र रवीन्द्र कँडेललाई ०५४ मंसिर १६ गते बसमा गइरहेका बेला अनेरास्ववियु (क्रान्तिकारी) को राष्ट्रिय सम्मेलनमा जान लागेको भनी आँबुखैरेनीबाट प्रहरीले गिरफ्तार गरेको थियो। पीडितहरूलाई हिरासतमा रहेका वखत यातना समेत दिइयो।

घ्याल्चोक गाविस-९ का ४५ वर्षीय ज्ञानबहादुर गुरूङलाई ०५४ मंसिर १० गते राति १२ बजे आफ्नै घरमा सुतिरहेको अवस्थामा प्रहरीले माओवादी क्रियाकलापमा संलग्न भएको आरोपमा पक्राउ गरेको थियो।

१.४ बेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

नाम्जुङ गाविस-६ का ४२ वर्षीय रामप्रसाद लामिछानेलाई ०५३ फागुन १८ गते केही अज्ञात व्यक्तिहरूले खुकुरी प्रहार गरी घाइते बनाए। उनलाई गोठमा गाईलाई घाँस दिन लाग्दा करीब १० जना अज्ञात व्यक्तिहरूले खुकुरी प्रहार गरी हात, खुट्टा, घाँटी र टाउकोमा गम्भीर चोट पुर्‍याएका थिए। पीडकहरू को थिए भन्ने पत्ता लाग्न सकेको छैन।

गाईखुर गाविस-९ का २८ वर्षीय बलराम खनाललाई ०५४ वैशाख २७ गते बडेडाँडा भन्ने ठाउँमा केही अज्ञात व्यक्तिहरूले खुकुरी प्रहार गरी घाइते बनाए। पीडितलाई नेकपा (एमाले) को तर्फबाट गाविस अध्यक्षमा उम्मेदवारी दिएका कारण माओवादीहरूले आक्रमण गरेको हुनसक्ने आशंका गरिएको छ।

पृथ्वीनारायण नगरपालिका-४ का ३५ वर्षीय पुष्कर बानियाँलाई ०५४ भदौ ६ गते सोही ठाउँका २० वर्षीय राम श्रेष्ठ र रामजंग बस्नेतले कुटपिट गरी घाइते बनाए। पीडकहरूलाई प्रहरीले ५ दिनसम्म हिरासतमा राखी छोड्यो।

हंसपुर गाविस-३ का ४५ वर्षीय यदु अधिकारीलाई ०५४ असार २४ गते साँझ खाना खाई सुत्न लागेको अवस्थामा करीव डेढ सय जनाको अपरिचित समूहले नाइलनको डोरी र खुकुरी प्रहार गरी सख्त घाइते बनायो। पीडकहरूले पीडितकी पत्नी र छोराछोरीलाई समेत कुटपिट गर्ने धम्की दिए।

गोरखा जेल

प्रहरीद्वारा चलाइएको गोली लागी घाइते भएकी टीका लामिछाने

हत्या गरिएको मानिएकी कमला भट्ट

गाँखु गाविस-७ का १९ वर्षीय जनक वस्ती, मिलन पोखरेल र बेनीबहादुर श्रेष्ठ ०५४ असोज २४ गते अज्ञात व्यक्तिहरूसंगको दोहोरो भिडन्तबाट गम्भीर घाइते भए। सोही गाविसका कृतिराज शाह र लेखबहादुरको घरमा अज्ञात व्यक्तिहरूको हुलले तोडफोड गरी घरका सामान नदीमा बगाउन लाग्दा स्थानीय व्यक्ति र अज्ञात व्यक्तिहरूबीच भिडन्त भएको थियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

अ. ने. रा. स्व. वि. यु. (क्रान्तिकारी) तथा अनेमसंघ (क्रान्तिकारी) द्वारा आयोजना गरिएका जिल्ला सम्मेलनहरूका सहभागीहरूलाई प्रहरीबाट धम्क्याउने, तर्साउने गरी सम्मेलन असफल गराउने प्रयासहरू भए।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

अज्ञात व्यक्तिहरूको दोहोरो भिडन्तमा घाइते भएका जनक वस्ती

३. भूमिहीन, सुकुम्वासी समस्या र अशक्त भत्ता आदि

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनवेच, बलात्कार

च्याङ्ली गाविस-४ की ३० वर्षीय शान्ति कुमाललाई ०५४ वैशाख २४ गते सोही ठाउँका ४० वर्षीय चुडामणि कँडेलले काम लगाइदिने भनी काठमाडौं लगेका थिए। हाल उनी कहाँ छिन् भन्नेवारे कसैलाई पनि थाहा छैन।

४.२ पारिवारिक हिंसा र वहुविवाह

जानकारीमा आएन।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

जानकारीमा आएन।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार

(पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्वन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, वाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

जानकारीमा आएन।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

कमला भट्टको रहस्यमय हत्याको घटनालाई लिएर ०५४ कार्तिक ६ गते अखिल नेपाल महिला संघ (क्रान्तिकारी) ले प्रेस वक्तव्य जारी गर्नुका साथै एक विरोधसभाको आयोजना समेत गर्‍यो। नेपाल राष्ट्रिय शिक्षक संगठन गोरखाले जिल्ला शिक्षा कार्यालय तथा जिल्ला प्रशासन कार्यालयमा सोही घटनाको छानविनको लागि निष्पक्ष आयोग गठन गर्न माग पत्र पेश गरेको थियो।

९. अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

मनकामना गाविस-९ का ६० वर्षीय शेरवहादुर गुरुङ र ४५ वर्षीय भगवती श्रेष्ठलाई ०५४ कार्तिक २५ गते सोही ठाउँका पदमवहादुर गुरुङले खुर्पा प्रहार गरी हत्या गरे। पीडकलाई गाउँलेहरूले प्रहरीको जिम्मा लगाएपछि पुर्पक्षका लागि थुनामा राखिएको छ। पीडकको मानसिक स्थिति ठीक नरहेको वताइन्छ।

सौरपानी गाविस-१ का ७५ वर्षीय प्रेम रानामगर र उनकी पत्नी ८२ वर्षीय माया रानामगरलाई ०५४ साउन २६ गते राति अज्ञात व्यक्तिहरूले खुकुरी प्रहार गरी हत्या गरे। यसै घटनामा सोही ठाउँका ४ जना व्यक्तिलाई पक्राउ गरी तारेखमा छाडिएको छ।

जौवारी गाविसको प्रहरी चौकीमा ०५४ जेठ २२ गते राति १२ वजे करीव १ सय ५० जनाको समूहले चौकीमा रहेका ६-७ जना प्रहरीलाई आफ्नो कब्जामा लिई २ हजार नगद, २ नाडी घडी र अन्य सामानसहित २० हजार रूपैयाँको क्षति गरे।

यस वर्ष यो जिल्लामा व्यक्तिगत रीसइवीका कारण भएका कुटपिटका घटनावाट २ जना पीडित भए। ट्राफिक दुर्घटनावाट ४ जना, पानीमा डुवेर ६ जना र जंगली जनावरद्वारा ६ जनाको मृत्यु भयो। यस जिल्लामा ६ जना महिला र ९ जना पुरूषसमेत १५ जनाले यस वर्ष आत्महत्या गरे।

अज्ञात समूहको कुटपिटवाट घाइते वलराम खनाल

●



३. पश्चिमाञ्चल

गण्डकी

३.३ लमजुङ

जनसंख्या	:	१५३६९७
साक्षरता	:	४८.७ प्रतिशत
महिला साक्षरता	:	३४ प्रतिशत
क्षेत्रफल	:	१६९२ वर्ग कि.मी.
गाविस/नपा	:	६१/०
निर्वाचन क्षेत्र	:	२
विद्यालय/क्याम्पस	:	३४४/६
अस्पताल/स्वास्थ्यचौकी	:	१/५०
टेलिफोन लाइन	:	१२०
सडक (कि.मि.)	:	८४
प्रहरी कार्यालय	:	९
हुलाक	:	५६

मनासलु र अन्नपूर्ण हिमालको काखमा रहेको लमजुङ जिल्ला पहाड, मध्यवर्ती पहाड र उच्च हिमाली भेग समेत गरी १६९२ वर्ग कि.मि.सम्म फैलिएको छ। गाउँ शहरस्थित लमजुङे राजाको तत्कालीन दरबार र तमुहरूको पुरानो ऐतिहासिक सम्बन्ध रहेको लमजुङ हेलम्बूपछिको दोस्रो व्यस्त ट्रेकिङ रूटभित्र पर्दछ। यो रूटबाट मनाङको थोरङ्लापास हुँदै मुस्ताङसम्म पुग्न सकिन्छ। मर्स्याङ्दी नदीको संगी लमजुङ्गमा गुरूङ, ब्राह्मण, क्षेत्री, नेवार, मगर, नामाङ, थकाली, ठकुरी, कामी, दमाई, सार्की र मुस्लिम जातिका मानिसहरुको बसोबास रहेता पनि गुरूङ जातिको बाहुल्यता छ। अल्पसंख्यक दुरा जातिका मानिसहरू यस जिल्लामा छन्। उनीहरूको बस्तीलाई दुराडाँडाको नामले पनि चिनिन्छ। माओवादी जनयुद्धबाट केही प्रभावित लमजुङमा मानवअधिकार उल्लंघनका घटना प्रशस्त हुने भए पनि विविध कारणका बाबजुद थोरैमात्र प्रकाशमा आउने गरेको पाइन्छ।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

बेशीशहरस्थित "घ" श्रेणीको जेलमा २५ जनासम्म बन्दी राख्न सकिने क्षमता छ। हाल यहाँ ३ जना नाबालकसहित २० जना बन्दीहरू रहेका छन्। जेल जीर्ण अवस्थामा रहेको छ। बन्दीहरू आफूले पाउने गरेको सिदा न्यून गुणस्तरको रहेको बताउँछन्। जेलमा जानासाथ कपडा एवं भाँडाकुँडा नदिइनाले साह्रै समस्या उत्पन्न हुने गुनासो बन्दीहरू व्यक्त गर्दछन्।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

श्रीभञ्ज्याङ गाविस-५ का देवीदास घिमिरे, सविना वि.क., सोमबहादुर वि.क.लगायत् ८ जना, सोही गाविस-७ र ९ का श्याम घिमिरे र झपेन्द्र घिमिरे, चिती गाविस-३, ७ र ८ का ३ जना, अर्चलेबोट गाविस-९ का २ जना र हिलेटक्सार गाविस-८ का २ जनालाई ०५४ असोज २५ गते, धुवाकोट गाविस-९ का रामचन्द्र सेढाईँलाई कार्तिक ३ गते, स्वोप्लाङ गाविस-१ का २ जनालाई कार्तिक ११ गते र श्रीभञ्ज्याङ गाविस-९ का रामबाबु घिमिरेलाई ०५४ मसिर १० गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडितहरू २१ जनालाई नै ०५४ असोज २३ गते बिहान गौंडा गाविस-७ का नेपाली कांग्रेसका जिल्ला कोषाध्यक्ष निलकुमार श्रेष्ठको घरको धनमाल लुटेको र माओवादी गतिविधिमा संलग्न भएको आरोपमा गिरफ्तार गरिएको हो। १० जना छुटिसकेका छन् भने बाँकीलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

इसानेश्वर गाविसस्थित प्रमोद उच्च माविका शिक्षकद्वय जनकराज पौडेल र रामकृष्ण घिमिरे, सोही गाविस-३ का श्रीकान्त अधिकारी, चेतनाथ घिमिरे, इन्द्रप्रसाद ख्वनाल र ईश्वरी घिमिरेसमेत ६ जनालाई ०५४ पुस १३ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडितहरूलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा गिरफ्तार गरिएको थियो।

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	-
हिरासतमा यातना	१	२	-
बलात्कृत	१	-	-
आत्महत्या	३	२४	१०

१.४ बेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यान मार्ने धम्की र कुटपिट

गौंडा गाविस-७ का नेपाली कांग्रेस, जिल्ला कोषाध्यक्ष तथा जिल्ला विकास समितिका सदस्य निलकुमार श्रेष्ठलाई ०५४ असोज २३ गते विहान हातहतियारसहितको समूहले आक्रमण गऱ्यो। सो समूहले श्रेष्ठका घरका कागजात च्यातिदिनुका साथै १८ लाख रूपैयाँ बराबरको सामान लगेको पीडितले बताएका छन्। उक्त घटना हुनुअघि पीडकहरूले पीडितको घरको फोनको लाइन पनि काटिदिएका थिए। सो घटनाको अभियोगमा २ महिलासमेत ११ जनालाई प्रहरीले पक्राउ गरेको छ। यो घटना माओवादीबाट भएको पीडितको दाबी छ।

वाग्लुपानी गाविस स्थित जनज्योति मा.वि.का प्रधानाध्यापक ४५ वर्षीय गंगाबहादुर घले र शिक्षक मानुका स्वानाललाई ०५४ जेठ ३१ गते सोही गाविस-१ का पाण्डु लामाले कुटपिट गर्नुका साथै नगद रूपैयाँसमेत लुटे। सोही गाविस-६ का बुद्धिबहादुर गुरुङ र पदमबहादुर गुरुङले आफूलाई सो कार्य गरेबापत रू. ५ हजार दिन्छौं भनेको हुँदा आफू कुटपिट गर्न गएको कुरा पीडकले बताए। पीडकहरू थुनामा रहेका छन्।

धमिलीकुवा गाविस-२ गम्मवंसीका ५८ वर्षीय भवदत्त चिलुवाललाई ०५४ असार १८ गते सोही ठाउँका मंगलकुमार श्रेष्ठ र मोतिबहादुर तामाङले कुटपिट गरी घाइते बनाए। पीडितले सामुदायिक वन उपभोक्ता समूहको रकम हिनामिना गरेको र माओवादी कार्यकर्ताहरूले पर्चा, पोष्टर टाँस्न लाग्दा अवरोध खडा गरेको भनी उनलाई कुटपिट गरेको कुरा पीडक मंगलकुमार श्रेष्ठ बताउँछन्। मंगल केही समय थुनामा रही छुटेका छन् भने मोतिबहादुर फरार छन्।

जिता गाविस-१ का ३८ वर्षीय शिक्षक कृष्ण घिमिरेलाई ०५४ साउन २ गते विहान प्रहरीको पोशाक लगाएका ३ जना माओवादी कार्यकर्ताहरूले घरबाट केही पर लगी कुटपिट गर्नुका साथै एउटा हात भाँचिदिए। पीडितलाई तत्काल उपचारका लागि काठमाडौं लगियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

इशानेश्वर गाविसमा ०५४ जेठ ४ गते सम्पन्न स्थानीय चुनावमा नेपाली कांग्रेसका कार्यकर्ता गगन घिमिरे र स्वतन्त्र उम्मेदवार श्रीचन्द पोखे्रल, महिला सदस्य हरिमाया पोखे्रल र एमाले कार्यकर्ताहरू बीच झडप भयो। सो चुनावमा धाँधली भयो भनी नेपाली कांग्रेस बाहेक अन्य सबै पार्टीले बहिस्कार गरे पनि नेपाली कांग्रेसको पक्षमा चुनाव परिणाम घोषणा गरिएको कुरा अन्य राजनीतिक पार्टीका उम्मेदवारहरूले बताएका छन्।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन, सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

जानकारीमा आएन।

४. महिला अधिकार

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
हत्या	१		१	१				
गिरफ्तारी र यातना	२	१४	३	१७	२	१४	३	१७
कुटपिट	७	११	१	१२				
धम्की	१	६		६				
निष्पक्ष चुनाव	१							
अमानवीय व्यवहार	१		१	१				
चोरी/डकैती	२	५	४	९				
आत्महत्या	९	४	६	१०				
दुर्घटनाहरू/विपत्तिहरू	४	३	१	४				
जम्मा	२८	४३	१७	६०	२	१४	३	१७

४.१ महिला किनबेच, बलात्कार
जानकारीमा आएन।

४.२ पारिवारिक हिंसा र बहुविवाह
तार्कुघाट गाविस-५ की जमुना विसुरालाई ०५४ मंसिर १८ गते आफ्नै पति र सौतेनी बहिनीको इसारामा सोही ठाउँकी अम्बिका विसुरालगायत् ३ जना महिलाहरूले कुटपिट गरी घाइते बनाए। पीडित र पीडकहरूबीच जिल्ला प्रहरी कार्यालयको सक्रियतामा मिलापत्र भयो।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)
जानकारीमा आएन।

४.४ गर्भ पतन
जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)
जानकारीमा आएन।

६. आर्थिक अधिकार
(पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकारसम्बन्धी अन्य सवालहरु
७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि
जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार जातीय छुवाछूतसमेत
यस जिल्लाको गाउँ-शहरमा अवस्थित ऐतिहासिक तथा धार्मिक स्थल लमजुङ दरबारमा छुत र अछुतको भेदभाव गरिन्छ। प्रायःजसो चैते दशैंमा जातीय विभेदका कारण यहाँ विवाद हुने गर्दछ।

८ घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि
जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु
(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

मालिङ गाविस-३ की ५१ वर्षीय जुठी गुरुङलाई ०५४ वैशाख ४ गते सोही ठाउँका २३ वर्षीय कुलु गुरुङले खुकुरी प्रहार गरी हत्या गरे। सोही घटनामा पीडितकी छोरी चिजा गुरुङ पनि सख्त घाइते भइन्। पीडक फरार छ।

थिती गाविस-८ की १७ वर्षीय लक्ष्मी पौडेलको लास ०५४ जेठ ४ गते शंकास्पद अवस्थामा स्थानीय एक रुखमा झुण्डिएको अवस्थामा फेला पऱ्यो। काठमाडौं पकनाजोलकी ती युवतीको ०५३ फागुन १ गते सोही ठाउँका शंकरराज श्रेष्ठसंग प्रेम विवाह भएको थियो। पीडितका अभिभावकहरूले सो घटना आत्महत्या नभएर हत्या हो भनी प्रहरीमा उजुरी गरेका छन्।

यस वर्ष यो जिल्लामा व्यक्तिगत रीसइबीका कारण भएका कुटपिटबाट ३ जना पीडित भए। दुर्घटनामा परी ५ जनाको मृत्यु भयो। ६ जना महिला र ४ जना पुरुषसमेत १० जनाले आत्महत्या गरे।

गाउँशहर गाविस-९ का २१ वर्षीय प्रेम गुरुङ र १८ वर्षीय विनु गुरुङले ०५४ जेठ २८ गते मर्स्याङ्दी नदीमा एकैचोटी हाम फाली आत्महत्या गरेका थिए। उनीहरु दुवैबीच प्रेम सम्बन्ध रहेको तर परिवारले विवाह गर्न नदिने भएपछि त्यसरी आत्महत्या गरेको बताइन्छ।

●

३. पश्चिमाञ्चल

गण्डकी

३.४ स्याङ्जा

जनसंख्या	: २९३५२६
साक्षरता	: ५२.६ प्रतिशत
महिला साक्षरता	: ३८.३ प्रतिशत
क्षेत्रफल	: ११६४ वर्ग कि.मी.
गाविस/नपा	: ६०/२
निर्वाचन क्षेत्र	: ३
विद्यालय/क्याम्पस	: ५०१/६
अस्पताल/स्वास्थ्यचौकी	: ०/१२
टेलिफोन लाइन	: १७३
सडक (कि.मि.)	: ९५
प्रहरी कार्यालय	: १८
हुलाक	: ५८

होचा डाँडाकाँडा र घुमाउरा पर्वतले घेरिएको धेरै शिक्षित रहेका यो जिल्लामा नेपालकै पहिलो ग्रामीण पर्यटन केन्द्र सिरूवारी गाउँमा स्थापित गरिएका कारण अहिले स्याङ्जा चर्चामा छ। यो जिल्ला नेपालको सुगम पहाडी जिल्लाको रुपमा चिनिन्छ। स्थानीय निर्वाचनको नतिजा निस्किसकेपछि पनि धेरै समयसम्म राजनीतिक पार्टीहरूवीच तनावपूर्ण व्यवहारहरू भैरहेको कारण यो जिल्ला मानवअधिकारको दृष्टिकोणले देशभरि नै चर्चित रहन पुग्यो। सांसद त्रिलोचन ढकाल र पूर्व सांसद शंकर पाण्डेलाई कुटपिट गरिएका अलग-अलग घटनाहरू यस वर्ष निकै चर्चित रहे। चारवटा डाक्टरको दरबन्दी भएको यस जिल्लामा एउटा पनि डाक्टर नबस्ने कारण लास पोष्टमार्टम गर्न पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरा लैजानुपर्ने बाध्यता छ।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

श्रीकृष्ण गण्डकी गाविस-९, मिर्मीमा गुल्मी जिल्ला फोक्सिङ गाविस-५ का २४ वर्षीय कुलबहादुर सार्कीको ०५४ मंसिर ११ गते प्रहरीको गोलीले मृत्यु भयो। उक्त घटनामा श्रीकृष्णगण्डकी गाविस-६ का ३५ वर्षीय मोतिलाल वि.क. र कृष्णप्रसाद भट्टराई, चितवन जिल्ला गितानगरका धनबहादुर गुरूङ र पाल्पा जिल्ला अर्सेदीका चिरन्जीवी अर्याल पनि गोली लागी घाइते भएका थिए। कालिगण्डकी "ए" जलविद्युत् परियोजनामा कार्यरत् रामकुमार पाण्डे र रामु नामाङलाई निस्काशन गरिएपछि मजदूरहरूले पुनर्वहालीको लागि म्यानेजर कर्णजंग थापासंग वार्ता गर्न जाँदा सो घटना भएको थियो।

१.२ जेल र बन्दीहरु

यस जिल्लामा ३५ जना बन्दी रहनसक्ने क्षमता भएको "ङ" श्रेणीको कारागार छ। हाल यहाँ २१ जना थुनुवा र ६ जना कैद तोकिएका गरी जम्मा २७ जना बन्दीहरू छन्। यस जेलमा महिला बन्दीहरू छैनन्।

बन्दीहरूबीच फुट पैदा गराएको, बन्दीहरूलाई हप्काउने, धम्क्याउने र झै-झगडा गराउने कार्य गरेको आरोपमा बन्दीहरूका नाइके भीमबहादुर गुरूङको विरूद्धमा ०५४ जेठ २७ गते बन्दीहरूले नारा लगाउँदै जेलमा जुलुस प्रदर्शन गरे। उक्त विरोध प्रदर्शनमा भीमबहादुर गुरूङको अन्य जेल सरूवा गराइनुपर्ने माग अनुसार ०५४ जेठ ३१ गते कास्की कारागारमा सरूवा गरियो। यस जेलमा ११ वटा खानेपानीका धाराहरू भएता पनि पानीको ज्यादै समस्या भएको बन्दीहरू बताउँछन्।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

नौ वाम पार्टीहरूद्वारा आयोजित ०५४ असोज १ र २ गतेको नेपाल बन्दको कार्यक्रममा ०५४ असोज १ गते बिहान स्याङ्जा बजारमा पसल बन्द गर्न अनुरोध गर्दै हिडिरहेका रामु शाहीलगायत् १४ जना वामपन्थी कार्यकर्ताहरूलाई ०५४ असोज १ गते प्रहरीले गिरफ्तार गरी २ गते साँझ छोड्यो।

१.४ बेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

शाखर गाविसका १९ वर्षीय कृष्णप्रसाद ढकाल, जोगबहादुर थापा, नुरादेवी रिमाल र लीलादेवी रिमाललगायत्

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	१
हिरासतमा यातना	-	-	-
बलात्कृत	-	-	१
आत्महत्या	३	४	२४

१२ जनालाई ०५४ जेठ ४ गते राति १ बजे नुरादेवी रिमालको घरमा सुतिरहेको अवस्थामा सोही गाविस-२ का गमबहादुर आलेको नेतृत्वमा आएको २०-२५ जनाको हुलले लाठी, खुकुरी र चेन प्रयोग गरी कुटपिट गऱ्यो। कृष्णप्रसाद ढकालको हात भाँचिनुका साथै खुकुरीले टाउकोमा काटेको थियो भने जोगबहादुर थापाको हात काटिएको थियो। अन्य पीडितहरू पनि घाइते भएका थिए। यो घटना राजनीतिक विषयलाई लिएर भएको थियो।

चिन्नेवास गाविस-५ का २५ वर्षीय राजु हमाललाई ०५४ जेठ ५ गते सोही गाविस-६ का ४५ वर्षीय रितुराज लम्सालले नेतृत्व गरेको ५-७ जनाको समूहले कुटपिट गरी भीरबाट फालिदिएको थियो। केही समयपछि राजुका आफन्तले पत्ता लगाई उपचार गराएर घरमा ल्याइदिएका थिए।

विर्घाअर्चले गाविस-५ का ३७ वर्षीय दुर्गा पाण्डेलाई ०५४ साउन २३ गते राति १०.३० बजे आफ्नै घरको बाहिर मन्दिरमा सुतेको अवस्थामा सोही गाविसका हरिहर पाण्डे, महेश राना र तुल्सीराम पाण्डेलगायत्का १५/१६ जनाको समूहले हात भाँची, टाउकोमा २६ टाँचा लगाउनुपर्ने गरी कुटपिट गऱ्यो। हाल पीडकहरू धरौटी राखी छुटेका छन्।

विर्घा गाविसका शंकर पाण्डे (भू.पू. सांसद) लाई ०५४ भदौ २२ गते श्रीकृष्ण गण्डकी गाविसको मिर्मीमा केही व्यक्तिहरूले कुटपिट गरे। पीडितलाई नेकपा (एमाले) का कार्यकर्ताहरूले कुटपिट गरेको आरोपमा सोही ठाउँका एमाले कार्यकर्ताहरू वेदप्रसाद भट्टराई, उमाकान्त पाण्डे र मोतिप्रसाद भण्डारीलाई ज्यानमार्ने अभियोगमा मुद्दा चलाइएको छ। आरोपित पीडकहरू हाल अदालतको आदेशअनुसार पुर्पक्षका लागि थुनामा रहेका छन्।

निर्वाचन क्षेत्र नं. १ का प्रतिनिधिसभा सदस्य ५२ वर्षीय त्रिलोचन शर्मा ढकाललाई ०५४ भदौ २९ गते जिल्ला विकास समितिको मंचमा पुतलीबजार नगरपालिकाका इन्द्रबहादुर गोदार, विष्णुनारायण श्रेष्ठ, पशुपति पौडेल, बद्रीप्रसाद भट्टराई, अर्जुन गुरूङ र राजेश श्रेष्ठलगायत्का व्यक्तिहरूले कुटपिट गरे। पीडित लामो समयको उपचारपछि ठीक भैसकेका छन् भने पीडकहरू धरौटीमा छुटेका छन्।

स्याङ्जा जिल्लाका प्रमुख जिल्ला अधिकारी ४९ वर्षीय बाबुराम सापकोटालाई ०५४ भदौ २९ गते कार्यालयमै बसिरहेको अवस्थामा रत्नपुर गाविसका अध्यक्ष बद्रीप्रसाद भट्टराईले कुटपिट गरे। पीडितको दाहिने आँखामाथि चोट लागेको थियो। पीडकलाई कुटपिटसम्बन्धी मुद्दामा पक्राउ गरिएकोमा हाल उनी धरौटीमा छुटेका छन्।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

वालिङ नगरपालिका-१ स्थित २०३७ सालमा स्थापना भएको निजी क्षेत्रबाट संचालित वालिङ बहुमुखी क्याम्पसमा स्थापनाकालदेखि नै स्ववियूको निर्वाचन हुँदै आएकोमा ०५३ माघ २२ गते बसेको व्यवस्थापन समितिको बैठकले स्ववियूको निर्वाचन नै गर्न नदिने निर्णय गऱ्यो।

किचनास गाविस-४ अमलडाँडाका ४७ वर्षीय शोभाकान्त शर्मा वाग्लेलाई ०५४ जेठ २ गते राति ११ बजे सोही ठाउँका ४५ वर्षीय तोहवीर आलेलगायत्का ४ जना नेकपा (एमाले) का कार्यकर्ताहरूले चुनाव प्रचारप्रसार गर्ने क्रममा पैसा बाँडेको आरोपमा कुटपिट गरे। पीडितको दुवै हात

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरूष	महिला	जम्मा		पुरूष	महिला	जम्मा
हत्या	८	५	३	८				
गोलीद्वारा हत्या	१	१		१	१	१		१
गोली	१	४		४	१	४		४
गिरफ्तारी र यातना	१	१४		१४	१	१४		१४
कुटपिट	२०	३६	३	३९				
धम्की •	३	४		६६				
अभिव्यक्ति स्वतन्त्रता	१							
निष्पक्ष चुनाव	२	३		३				
बलात्कार	१		१	१				
महिला भएके कारणले दिइने यातना	१		१	१				
बहुविवाह	१		१	१				
आत्महत्या	२४	१५	९	२४				
दुर्घटनाहरू/विपत्तिहरू	३	४	१	५				
जम्मा	६७	८६	१९	१६७	३	१९		१९

स्याङ्जा जेलको एक दृश्य

भाँचिनुका साथै एउटा खुट्टा र टाउकोमा पनि ठूलो चोट लागेको थियो। उक्त घटनामा सम्मिलित ८ जनालाई मुद्दा चलाइएकोमा ६ जना पुर्पक्षका लागि थुनामा छन्।

चिन्नेवास गाविस-३ का ३० वर्षीय गोपाल कोइराला, मुरारि लम्साल र सोही गाविस-८ का वद्री शर्मालाई ०५४ साउन २ गते क्याक्मी गाविस-७ को चण्डियान चौपारीबाट शेरवास गाविस-६ का गजेन्द्रप्रकाश मल्लको निर्देशन र सोही गाविस-१ का विष्णुबहादुर चन्दको नेतृत्वमा विभिन्न ठाउँका श्याम शाही, देवानसिंह राना, अकवर खाँण, मनवहादुर खाँण र मिलन रानाले अपहरण गरी साउन ४ गते भएको जिल्ला विकास समितिको निर्वाचनमा मतदान गर्ने अधिकारबाट वञ्चित गराए।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन, सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

रापाकोट गाविस-५ की १६ वर्षीय एक युवतीलाई ०५४ साउन ३० गते साँझ ५.३० बजे मल्यान नौडाँडाको जंगलमा सोही ठाउँका २३ वर्षीय टीकाराम काफ्लेले वलात्कार गरे। हाल पीडक स्याङ्जा कारागारमा पुर्पक्षका लागि थुनामा रहेका छन्।

४.२ पारिवारिक हिंसा र वहुविवाह

किचनास गाविस-६ का २३ वर्षीय युवराज भनेर चिनिने फनबहादुर गुरूङले ०५४ जेठ १९ गते सोही ठाउँकी २० वर्षीय उषा भन्ने कृश्मा गुरूङलाई दोस्रो पत्नीका रूपमा विवाह गरे।

यो वर्ष एक जना महिलाको आफ्नै पतिद्वारा हत्या गरियो।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

ढाकपुर सीमलभञ्ज्याङ गाविस-४ की १८ वर्षीय सविना घर्तीलाई ०५३ माघ ४ गते सोही ठाउँका ३३ वर्षीय दयाराम गुरूङले जवर्जस्ती वैवाहिक सम्बन्ध कायम गरौं भन्दा नमानेका कारण गाली गलौज गर्दै हातपात गरे। पीडित पक्षको उजुरीबाट पक्राउ परेका पीडक धरौटी राखी छुटेका छन्।

४.४ गर्भ पतन

राङ्माङ् गाविस-९ की धनमाया गुरूङले अवैध गर्भधारण गरी नवजात शिशु जन्माइ ०५४ साउनमा फालिन्। सो घटनाको अभियोगमा प्रहरीले धनमाया गुरूङ र गुमानध्वज गुरूङलाई कारवाही चलाएको थियो।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

जिल्ला वन कार्यालय स्याङ्जामा कार्यरत सिराहा जिल्ला लाहान नगरपालिका-४ का ४० वर्षीय नथुनी पण्डितलाई ०५४ जेठ ४ गते पौवोगौडे गाविस-१ का ३८ वर्षीय तुल्सी रेग्मीले अपशव्द बोल्दै नाङ्गै पारेर बेइज्जती गर्दै कुटपिट गरे। सो घटना स्थानीय निर्वाचनका क्रममा भएको थियो। पीडक धरौटी राखी छुटेका छन्।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

रत्नपुर गाविस-४ का ४८ वर्षीय शिक्षक मुकुन्द शर्मा डोटेलको ०५४ जेठ १४ गते हत्या भएपछि उक्त घटनाको विरोधमा नेपाल शिक्षक संघ जिल्ला समिति स्याङ्जाले ०५४ जेठ २६ गते विरोध र्‍याली प्रदर्शन गर्नुका साथै प्रेस वक्तव्य प्रकाशित गर्‍यो।

०५४ भदौ २२ गते भू.पू. सांसद शंकर पाण्डेमाथि भएको कुटपिटको विषयलाई लिएर ०५४ भदौ २९ गते नेपाली कांग्रेस जिल्ला कार्यसमितिले सोही ठाउँको जिल्ला विकास समितिको मंचमा विरोध सभाको आयोजना गर्नुका साथै प्रेस वक्तव्यसमेत प्रकाशित गरी उक्त कार्यको भर्त्सना गर्‍यो।

कुटपिटबाट घाइते दुर्गा पाण्डे

०५४ भदौ २९ गते सांसद त्रिलोचन शर्मा ढकालमाथि भएको कुटपिटको विषयलाई लिएर नेकपा (एमाले), अनेरास्ववियु र अनेमसंघले घटनाका सम्बन्धमा ०५४ भदौ ३१ गते पर्चाहरू प्रकाशित गर्ने कार्य गरे। सोही दिन घटनाको विरोध गर्दै नेकपा (एमाले) ले स्याङ्जा बजारमा विरोध प्रदर्शन गर्नुका साथै वक्तव्य समेत प्रकाशित गर्‍यो।

व्यवस्थापन समितिले वालिङ बहुमुखी क्याम्पसमा स्ववियु निर्वाचन नगराउन गरेको निर्णयको विरूद्ध अनेरास्ववियूले क्याम्पस प्रशासन र व्यवस्थापन समितिलाई ज्ञापनपत्र दिने, क्याम्पसमा कालोझण्डा गाड्ने, स्ववियू पुनर्स्थापना र निर्वाचनको माग राखी सर्वोच्च अदालतमा मुद्दा दर्ता गराउने जस्ता कार्यहरू गर्‍यो।

९. अतिरिक्त जानकारीहरु
(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

आरूचौर गाविस-२ ठुटेपीपल भन्ने ठाउँमा रूपन्देही जिल्ला सेम्लार गाविस-३ की ३२ वर्षीय देवी पोख्रेललाई ०५४ वैशाख २४ गते कन्चनपुर जिल्ला त्रिभुवनवस्ती गाविस-१ का ४३ वर्षीय होमबहादुर पौडेलले नगद र गहनाको लोभमा ढुंगाले टाउकोमा हानी हत्या गरे। सोही क्रममा पीडकले पीडितकी ६ वर्षीय छोरी गीता पोख्रेललाई पनि कुटपिट गरी मरी भनेर छोडेको थियो। हाल पीडित उपचार गरी घर फर्किसकेकी छिन्।

रत्नपुर गाविस-४ क्वामीका ४८ वर्षीय शिक्षक मुकुन्द डोटेललाई ०५४ जेठ १४ गते हत्या गरी घर नजिकै बाटोमा फालिदिए। पीडकहरू हालसम्म पत्ता लागेका छैनन्।

क्याक्मी गाविसस्थित इलाका हुलाक कार्यालय स्याङ्जामा कार्यरत् पर्वत जिल्ला बाँगेठाटी गाविसका ३७ वर्षीय खरिदार झिल्लु न्यौपानेलाई ०५४ असोज १४ गते वालिङ नगरपालिका-१ को क्याक्मी होटलमा राति अज्ञात व्यक्तिहरूले हत्या गरी पीडितसंग भएको ४० हजार लिएर भागे। पीडकहरू पत्ता लाग्न सकेका छैनन्।

आलमदेवी गाविस-४ की ३१ वर्षीय यामकला रानालाई ०५३ मंसिर १ गते उनकै पति खेमबहादुर रानाले खुकुरीले टाउकोमा हानी हत्या गरे। पीडकलाई जिल्ला अदालत स्याङ्जाको ०५४ जेठ २६ गतेको निर्णयअनुसार सर्वस्वसहित जन्मकैदको सजाय तोकिएको छ।

ढापुक सीमलभञ्ज्याङ गाविस-६ का ३४ वर्षीय ममबहादुर गुरूङलाई ०५४ साउन ६ गते सोही ठाउँको गौने खोलाको चौरमा सोही गाविस-४ का १९ वर्षीय रमेश गुरूङ, मनराज गुरूङ, टिपलबहादुर गुरूङ, हुनबहादुर गुरूङ र रनबहादुर गुरूङसमेतले खुकुरीले हानी हत्या गरे। पीडकहरूलाई पूर्पक्षका लागि थुनामा राखिएको छ।

ढपुक सीमलभञ्ज्याङका लु.अ.ख. ४१५ नं. को बसमा मजदूरी काम गर्ने १९ वर्षीय खलासी डिलबहादुर दर्जीलाई ०५४ कार्तिक ३ गते वालिङ नगरपालिका-८ को खत्रीबारी भन्ने ठाउँमा वालिङ नगरपालिका-३ का १९ वर्षीय मुस्तुफा मिया र रमेश भूसालले बसको भाडाको विषयमा मनामन हुँदा छतबाट धकेलिदिंदा दिलबहादुर दर्जीको मृत्यु भयो।

विर्घा गाविस-२ का ६० वर्षीय भीमकुमार पाण्डे, उमाकान्त पाण्डे र तुल्सीराम पाण्डेलगायत् ११ जनाको घरमा ०५४ भदौ २४ गते साँझ ६ बजे कमलादेवी पाण्डे, चण्डिकाप्रसाद पाण्डे र योगमूर्ति पाण्डेद्वारा नेतृत्व गरिएको जुलुसले ढुंगा हान्ने, तोडफोड गर्ने, भैंसी फुकाएर लखेटिदिने, पसलमा भएका सामानहरू खाने र फाल्नेसमेत कार्य गरे।

यस वर्ष यो जिल्लामा व्यक्तिगत रीसइवीका कारण भएका कुटपिटका १३ वटा घटनामा १७ जना पीडित भए, जसमध्ये एक जना प्रहरी पनि रहेका छन्। चोरीका ५ वटा, ठगीको एउटा घटना भए। दुर्घटनाबाट ११ जनाको मृत्यु भयो भने १५ जना घाइते भए। बाघले ३ जना पुरूष र २ जना महिला गरी ५ जनालाई घाइते बनायो भने रेविज भएको खच्चडले टोकी एक जनाको मृत्यु भयो। विष खाई १ जना, पानीमा हामफाली २ जना र झुण्डिएर २१ जना गरी २४ जनाले आत्महत्या गरे। त्यसरी आत्महत्या गर्नेहरूमा ९ जना महिला रहेका छन्।

३. पश्चिमाञ्चल

गण्डकी

३.५ कास्की

जनसंख्या	: २९२९४५
साक्षरता	: ५८.१ प्रतिशत
महिला साक्षरता	: ४४.५ प्रतिशत
क्षेत्रफल	: २०१७ वर्ग कि.मी.
गाविस/नपा	: ४३/२
निर्वाचन क्षेत्र	: ३
विद्यालय/क्याम्पस	: ४६२/१६
अस्पताल/स्वास्थ्यचौकी	: २/४०
टेलिफोन लाइन	: ७०८९
सडक (कि.मि.)	: २००
प्रहरी कार्यालय	: ३०
हुलाक	: ५२

पर्यटकहरूको आकर्षणको केन्द्रविन्दु रहेको यो जिल्लामा पर्ने फेवाताल, महेन्द्र गुफा, बेगनास ताल, महेन्द्र पुल, पानले छाँगो र नजिकैबाट दृश्यावलोकन गर्न सकिने माच्छापुच्छ्रे हिमाल जस्ता आकर्षक स्थलहरूले विदेशी तथा स्वदेशी पर्यटकहरूलाई मोहनी नै लगाएको छ। राष्ट्रको पर्यटन व्यवसायलाई समृद्ध बनाउन यो जिल्लाले महत्वपूर्ण योगदान दिँदै आएको छ। नेपालकै सबैभन्दा बढी पानी पर्ने ठाउँका रूपमा प्रख्यात पोखरा र लुम्ले कृषि केन्द्रले कास्कीको थप महत्व बढाएका छन्। मानवअधिकारको दृष्टिकोणले पनि चर्चामा आइरहने यो जिल्लामा गत वर्षको तुलनामा यसवर्ष सामाजिक अपराधका घटनाहरू बढी भए। साथै कारागारमा रहेका बन्दीहरूले विभिन्न किसिमका मागहरू राखी गरेको हडताल र अनशन कार्यक्रमले गर्दा पनि यस वर्ष यो जिल्ला बढी चर्चामा रहयो।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

लेखनाथ नगरपालिका-४ का १७ वर्षीय अनेरास्ववियुका कार्यकर्ता कृष्णबहादुर भुजेललाई ०५४ जेठ ४ गते नेपाली कांग्रेस समर्थक एक समूहले कुटपिट गरी घाइते बनायो। पीडितलाई उपचारार्थ काठमाडौं वीर अस्पतालमा लगी उपचार गर्दागर्दै ०५४ जेठ ८ गते मृत्यु भयो। जाहेरीमा परेकामध्ये सुरेन्द्रप्रसाद अधिकारीलाई ०५४ जेठ २४ गते प्रहरीले गिरफ्तार गरी कर्तव्य ज्यान मुद्दा चलायो। सोही सम्बन्धमा कास्की जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा राख्ने आदेश दिएकोमा पुनरावेदन अदालत पोखराको आदेशमा ०५४ भदौ १८ गते पीडक तारेखमा छुट्यो।

१.२ जेल र बन्दीहरु

६० जना बन्दी राख्न सकिने क्षमता भएको यहाँको जेल "ग" श्रेणीको हो। हाल यस जेलमा ९४ जना बन्दीहरू राखिएको छ। तिनीहरूमध्ये १० जना महिला छन्। जसमध्ये ७ जना थुनुवा र ३ जना कैदी रहेका छन्। पुरूषहरू मध्ये कैदी २८ जना र थुनुवा ५६ जना छन्।

यस कारागारमा रित पुगेका मुद्दाहरू छिटो फैसला गर्ने र भौतिक सुविधालगायत्का अन्य माग राखी ०५३ पुस २१ गतेदेखि २४ गतेसम्म बन्दी विष्णु अधिकारी र जगन्नाथ गौतम अनशन बसे। त्यसपछि पनि मागहरू पूरा नगरिएका कारण पुनः माघ २७ गतेदेखि फागुन ५ गतेसम्म बन्दी जगन्नाथ गौतम, राम बज्राचार्य, केशबहादुर गुरूङ र खेमबहादुर के.सी. आमरण अनशन बसे। तीमध्ये केशबहादुर गुरूङले फागुन ३ गते अनशन तोडे भने बाँकी अनशनकारीहरूले फागुन ७ गते प्रमुख जिल्ला अधिकारी, इन्सेक क्षेत्रीय संयोजकबीच संयुक्त वार्ता भई बन्दीका मागहरू उपयुक्त रहेको र ती मागहरू छिटोभन्दा छिटो पूरा गरिने आश्वासन प्रमुख जिल्ला अधिकारीद्वारा पाएपछि अनशन तोडे।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

अनेरास्ववियु (क्रान्तिकारी) ले ०५४ मंसिर १३ गते निकालेको जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी ६९ जनालाई गिरफ्तार गर्‍यो। गिरफ्तार गरिएकामध्ये ६५ जनालाई १४ गते छाडियो। सो संगठनका केन्द्रीय सदस्य पूर्ण पौडेल, कार्यकर्ता

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	-
हिरासतमा यातना	१	१	-
बलात्कृत	-	-	२
बाबुद्वारा	-	५	-
आत्महत्या	१७	३४	२५

विष्णु गौतम, विजय ढकाल र स्वगराज बरालालाई १५ गते राति ११.३० बजे शान्ति सुरक्षा ऐनअन्तर्गत ७ दिनसम्म नजरबन्दमा राख्ने पूर्जी दिइयो। उनीहरू चारै जनालाई ७ दिनपछि छोडियो।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

स्ववियूको निर्वाचनको सन्दर्भमा इन्जिनियरिङ क्याम्पस लामाचौरमा नेविसंघको तर्फबाट सभापति पदका उम्मेदवार बनेका २२ वर्षीय बृजेन्द्र के.सी.लाई ०५३ फागुन १४ गते अनेरास्ववियुका विद्यार्थीहरूले कुटपिट गरे।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

सल्यान गाविस-४ का एमाले जिल्ला कमिटी सदस्य ३३ वर्षीय शिवकुमार पौडेललगायत्का ७ जनालाई ०५४ जेठ ३ गते स्थानीय निर्वाचनको क्रममा सोही ठाउँका नरबहादुर के.सी. लगायत् ८ जनाको समूहले सख्त घाइते हुनेगरी कुटपिट गरे। पीडकलाई कुनै कारवाही भएन।

हंसपुर गाविस-६ का ३८ वर्षीय डिलबहादुर गुरूङलगायत् ७ जनालाई स्थानीय निर्वाचनको क्रममा ०५४ जेठ ४ गते राति २.३० बजे सोही ठाउँका गंगा गुरूङ, भरत गुरूङ र चन्द्र गुरूङले कुटपिट गरे। पीडकहरूलाई ज्यान मार्ने उद्योगअन्तर्गत मुद्दा चलाइएकोमा अदालतले तारेखमा छोड्यो।

पोखरा उपमहानगरपालिका-९ का २१ वर्षीय वीरबहादुर ठकुरी, चित्रबहादुर पुन, सन्तोष गुरूङ, श्याम खड्का र वसन्त गुरूङलाई ०५४ जेठ १० गते साँझ स्थानीय निर्वाचनको क्रममा जगत पुन, दीपक राईलगायत्का व्यक्तिहरूले कुटपिट गरे। पीडकलाई कुनै कारवाही भएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

कास्की जिल्ला अदालतमा यस वर्ष १ हजार ५५ वटा मुद्दा दर्ता भए। दुई वर्ष नाघेका १ सय ९२ वटा मुद्दा फछ्र्यौट हुन बाँकी रहेका छन्। हाल १ हजार २ सय ५८ वटा मुद्दा छन्। जसअनुसार देवानी ७ सय ९४, दुनियाँवादी फौज्दारी ३ सय ४४ र सरकारवादी फौज्दारी १ सय २० रहेका छन्। धेरै मुद्दा छिनिन समय बढी लागेकाले जनतामा न्यायालयप्रति निराशा बढेको पाइन्छ।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन, सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

यस जिल्लामा करीब १ हजारभन्दा बढी व्यक्तिले सुकुम्बासी भनी जग्गा पाउनका लागि निवेदन दिएकोमा सुकुम्बासी समस्या समाधान आयोगले १ हजार १ सय व्यक्तिलाई जग्गाधनी प्रमाण पूर्जा दिएको थियो। निवेदन दिने र पाउने सबै शहरी क्षेत्रका व्यक्ति थिए। पोखरा उपमहानगरपालिकाका प्रायःजसो वडाहरूमा सुकुम्बासीहरू बस्ने गरेको पाइन्छ। उपमहानगरपालिका-१४ भेडी फार्मभन्दा तल सेती नदीको किनारमा, वन विज्ञान क्याम्पस जाने बाटो, कालीको पधेरो भन्ने ठाउँमा, गण्डकी हस्पिटलको किनारमा अमरसिंह चोकको डिलमा बढी मात्रामा सुकुम्बासी रहने

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	५	३	२	५				
जेल	२	६		६	२	६		६
गिरफ्तारी र यातना •	२	४		६९	२	४		६९
कुटपिट	१३	३२	१	३३				
महिला किनवेच	२		५	५				
बलात्कार	२		२	२				
गर्भपतन	१		१	१				
ब्लाकमेल	१	१		१				
आत्महत्या	२२	१३	१२	२५				
दुर्घटनाहरू/विपत्तिहरू	५१	४५	७	५२				
जम्मा	१०२	१०४	३०	१९९	४	१०		७५

कास्की जेल

गरेको पाइन्छ। लखनाथ नगरपालिकाको भण्डारढिकको चौपारीभन्दा पूर्वपट्टि गाउँतिर पनि एक दुई घर सुकुम्बासीहरू बस्ने गरेको पाइन्छ।

४. महिला अधिकार

४.१ महिला किनबेच, वलात्कार

पोखरा उपमहानगरपालिका-१३ की २८ वर्षीय एक लाटी महिलालाई ०५३ चैत ९ गते साँझ ठाउँका ३६ वर्षीय प्रभुदाश गुरुङले घरमा बसिरहेको अवस्थामा हातमा समातेर तान्दै लगेर वलात्कार गरे। ०५४ वैशाख २ गते कास्की जिल्ला अदालतले पीडकलाई थुनामा राख्ने आदेश दियो।

पुरनचौर गाविस-१ का दुई युवतीलाई ०५४ साउन २३ गते बुटवलकी जमुना के.सी.ले पोखराबाट भारतमा लगी बिक्री गर्ने उद्देश्यले सुनौली पुऱ्याइन्। तर पीडितले थाहा पाई प्रहरीमा खबर गरेपछि उनीहरूलाई घर फर्काइयो।

पोखरा उपमहानगरपालिका-१७ की १९ वर्षीय दुर्गा मल्ल र रुपाकोट गाविस-२ की १७ वर्षीय सुनिता थापालाई ०५४ भदौ २ गते बुटवलकी जमुना के.सी. ले पोखराबाट भारतमा लगी बिक्री गर्ने उद्देश्यले सुनौली पुऱ्याइन्। तर पीडितहरूले थाहा पाई घर फर्किन सफल भए। पीडकलाई जीउ मास्नेबेच्ने मुद्दाअन्तर्गत थुनामा राखी कानूनी कारवाही भइरहेको छ।

४.२ पारिवारिक हिंसा र वहुविवाह

जानकारीमा आएन।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

रुपाकोट गाविस-८ स्थित चिसाढुंगा भन्ने जंगलमा ०५४ असार १२ गते करीव ९ महिनाको नवजात शिशुको वेवारिसे लास भेटियो। उक्त लास कसले गर्भ पतन गराई फ्याँकेको हो भन्ने खुल्न सकेन।

भाचोक गाविस-४ की ३१ वर्षीय प्याउली नेपालीले ३५ वर्षीय कुलप्रसाद नेपालीसंगको यौन सम्पर्कबाट रहेको गर्भलाई ०५४ असार २३ गते पतन गराइन्। घटनाको भोलिपल्ट पक्राउ परेका दुवैलाई कास्की जिल्ला अदालतले ०५४ कार्तिक २७ गते सफाइ दिएपछि छुटे।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

कास्की जिल्लाको सडकमै बस्ने बालवालिकाहरूमध्ये १ सय ४८ जना वालवालिकाहरूलाई नेपाल वाल मजदूर सरोकार केन्द्र (सिविन) को सहयोगमा पोखराका विभिन्न विद्यालयमा अध्ययन गराइएको छ। हाल कास्कीमा लगभग ३ सय ५० जना सडक वालवालिका रहेको अनुमान गरिएको छ। पर्यटक होटलहरूमा ठूलो संख्यामा वालकहरू राखिए पनि उनीहरूको व्यापक शोषण गरिने गरिएको छ। तर विभिन्न कारणले त्यस्ता घटना सार्वजनिक हुँदैनन् र सार्वजनिक भए पनि कुनै कारवाही हुने गरेको पाइन्न।

यस वर्ष १ जना वालिका वलात्कारवाट पीडित भइन्।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

कुटपिटवाट घाइते शिव पौडेल

कुटपिटवाट घाइते डिलबहादुर गुरुङ

महिला किनबेचमा संलग्न जमुना के.सी

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

जानकारीमा आएन।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

पोखरा उपमहानगरपालिका-७ बस्ने चापाकोट गाविस-४ का ४० वर्षीय अधिवक्ता पदमपाणि देवकोटालाई ०५४ कार्तिक २० गते साँझ ५.३० बजे पोखरा उपमहानगरपालिका-७ रत्नचोकमा सोही ठाउँका ४५ वर्षीय ठेकेदार शिवबहादुर कार्कीले अभद्र व्यवहार गरेका कारण ०५४ मंसिर २ गते कानून व्यवसायीहरू अदालतमा बहस पैरवीमा उपस्थित नहुने भनी पुनरावेदन वार एसोशिएसनले एक प्रस्ताव पारित गरी विरोध जनायो।

पश्चिमाञ्चल इन्जिनियरिङ क्याम्पसस्थित होस्टेलका वार्डेन ३५ वर्षीय चक्रपाणि उपाध्यायलाई ०५४ पुस ६ गते साँझ ८.३० बजे छात्रावासका विद्यार्थीहरूले गरेको अभद्र व्यवहारप्रति विरोध जनाउँदै प्रजातान्त्रिक प्राध्यापक समूहले प्रेस विज्ञप्ति प्रकाशित गरी विरोध जनायो।

सल्यान गाविसमा भएको झडपमा परेका पीडितद्वय ज्ञानु के.सी. र विष्णु के.सी.

९. अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

हेम्जा गाविस-९ मा पर्ने छुचीको जंगलमा मंगोलियन अनुहारको अन्दाजी ४० वर्षीय एक व्यक्तिको लास ०५४ साउन २२ गते भेटियो। मृतक को हुन् र कसले हत्या गरी फ्याँकेको हो भन्ने हालसम्म थाहा भएको छैन।

पोखरा उपमहानगरपालिका-१३ बाँझापाटनका १७ वर्षीय कृष्णबहादुर वि.क.लाई ०५४ कार्तिक १७ गते भद्रकाली चोकनेर सोही ठाउँका २१ वर्षीय राजकुमार वि.क.ले छुरी प्रहार गरी हत्या गरे।

ल्वाङघलेल गाविस-१ की २९ वर्षीय विष्णुमाया गौतमलाई ०५४ कार्तिक २९ गते राति सोही ठाउँका देवर नाता पर्ने ३० वर्षीय ऋषिराम गौतमले घरको भित्तामा टाउको ठोक्काई हत्या गरे।

हत्या गरिएकी विष्णुमाया गौतम

यस वर्ष यो जिल्लामा व्यक्तिगत रीसइवीका कारण भएका कुटपिटबाट एकजना प्रहरी र एकजना पत्रकारसमेत १० जना पीडित भएका छन्। ट्राफिक दुर्घटनाका ४० वटा घटनामा ९५ जना पीडित भए। जसमध्ये ९१ जना पुरूष र ४ जना महिला थिए। विपत्तिको घटनाबाट ५ जना र जंगली जनावरद्वारा २ जना बालिकाको मृत्यु भयो। १२ जना महिला र १३ जना पुरूषसमेत २५ जनाले आत्महत्या गरे। ब्ल्याकमेलिङको एउटा घटना भयो। विपत्तिका ११ वटा घटनामा २० जना पीडित भए।



३. पश्चिमाञ्चल

गण्डकी

३.६ मनाङ

जनसंख्या	५३६२
साक्षरता	४७.१ प्रतिशत
महिला साक्षरता	२३ प्रतिशत
क्षेत्रफल	२२४६ वर्ग कि.मी.
गाविस/नपा	१२ ०
निर्वाचन क्षेत्र	१
विद्यालय/क्याम्पस	२७/१
अस्पताल/स्वास्थ्यचौकी	१/१०
टेलिफोन लाइन	१२
सडक (कि.मि.)	०
प्रहरी कार्यालय	६
हुलाक	११

नेपालको अत्यन्त विकट र हिमालपारिको जिल्ला भनेर चिनिने यो जिल्लामा विदेशी पर्यटकहरूको आगमन प्रशस्तै हुने गर्दछ। संसारकै सर्वभन्दा अग्लो स्थानमा रहेको तिलिचो तालका कारण प्रख्यात् यो जिल्ला धेरै धनाढ्यहरू रहेको ठाउँ पनि हो तर धनाढ्यहरू पोखरा, काठमाडौंलगायत्का सुविधा सम्पन्न ठाउँमा बस्ने गरेका कारण मनाङमा त्यसको खासै प्रभाव देखिन्न। शिक्षित जनसमुदायको अभाव, बाटोको असुविधा, स्थानीय नियम, कानून आदिको कारणले गर्दा मानव अधिकारको पक्षमा यहाँका जनता त्यति सचेत छैनन्। यस जिल्लामा विगत केही वर्षयता मानवअधिकारको बारेमा केही सचेतनता आएको पाइन्छ। स्थानीय स्तरमै सबै मुद्दा मामिलाहरू मिलाउनै पर्ने पुरानो परम्पराले गर्दा अदालतप्रति यहाँका जनताको खासै चासो देखिँदैन।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

चामे गाविस-३ थान्चोकबेंसीका ५२ वर्षीय धावाढिण्डु लामालाई ०५४ वैशाख ५ गते सोही ठाउँका केही अज्ञात व्यक्तिहरूले कुटपिट गरी हत्या गरे। हालसम्म पनि पीडक पत्ता लाग्न सकेको छैन।

१.२ जेल र बन्दीहरु

सदरमुकाम चामेमा कारागार शाखाको रूपमा कच्ची घर भाडामा लिइएको छ। यहाँका कर्मचारीहरू जिल्ला प्रशासन कार्यालयमा हाजिर हुन्छन्। यहाँ पानी चर्पीको केही व्यवस्था छैन। बन्दीहरुलाई जेलमा राख्ने स्थिति आएमा अन्य जिल्लामा लगिने गरिन्छ। हाल यहाँ एक जना पनि बन्दी छैनन्।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

जानकारीमा आएन।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

अन्नपूर्ण मा.वि. मनाङका शिक्षक ३८ वर्षीय रामराज पाण्डेलाई ०५४ जेठ ४ गते बाटोमा हिंडिरहेको बेला शिक्षक संगठनको प्रचार गरेको भनी सोही मा.वि.का शिक्षक लक्ष्मीकान्त कोइरालाले कुटपिट गरे। भोलिपल्ट विद्यालय व्यवस्थापन समितिको बैठकले पीडितलाई रू. ३ सय दिई मिलापत्र गरायो।

चामे गाविस-४ का ३७ वर्षीय तेज घलेलाई ०५४ असार १७ गते चामेबजारस्थित आफ्नै चिया पसलअगाडि गगनबहादुर थापाको होटलमा राति अबेरसम्म तास खेलिरहेका १२-१३ जना प्रहरीको समूहले कुटपिट गरे। त्यस ठाउँमा तास खेल्ने समूहले हो-हल्ला गरेको कारण पीडितले आफूलाई सुत्न बाधा भएको भनी विरोध गर्दा कुटपिट गरिएको हो।

प्रकाश ज्योति उच्च मा.वि. का शिक्षकद्वय भीमबहादुर कार्की र नन्दलाल वि.क.लाई ०५४ असार १८ गते राति ९.१५ बजे थोंचे गाविसका अध्यक्ष छिरिङघ्याल्पो पुनेल, गम्भीरजंग वि.क. सहित ९ जनाको समूहले राजनीति गरे भन्ने आरोप

घटनाको प्रकृति	घटना संख्या १९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	-
हिरासतमा यातना	-	-	-
बलात्कृत	-	-	-
आत्महत्या	-	-	१

लगाइ होस्टलमै गई कुटपिट गरे। पीडकहरूले लिखितरूपमा माफी मागेपछि जिल्ला प्रहरी कार्यालयमा मिलापत्र गरियो।

चामे माना जलविद्युत् आयोजनामा काम गर्ने ३५ वर्षीय छ्वाङ लामालाई ०५४ साउन ३२ गते धारापानी गाउँका वेदबहादुर गुरूङ र डिलबहादुर गुरूङसहितको ४-५ जनाको समूहले सल्लाघारीस्थित बाटोमा कुटपिट गरे। पीडितले प्रहरी कार्यालयमा उजुरी दिए पनि पीडकहरूलाई कुनै कारवाही भएन।

मालपोत कार्यालय चामेका पियन ३१ वर्षीय सम्मरबहादुर थापालाई ०५४ असोज ३२ गते बाटोमा हिँडिरहेको अवस्थामा जिल्ला प्रहरी कार्यालयका प्रहरी हवल्दार होमबहादुर थापाले कुटपिट गरे। पीडितले सम्बन्धित ठाउँमा उजुरी दिए पनि पीडकउपर कुनै कारवाही भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा एउटा मात्र मुद्दा दर्ता भयो। चोरी सम्बन्धी उक्त मुद्दाको फैसला भने हुन सकेन। विगत वर्षहरूका कुनै पनि मुद्दा यस अदालतमा बाँकी छैनन्।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन, सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

जानकारीमा आएन।

४.२ पारिवारिक हिंसा र वहुविवाह

जानकारीमा आएन।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

जानकारीमा आएन।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार

(पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

लमजुङ जिल्ला सिमी ताङ्वे घर भै मनाङको देउराली भन्ने ठाउँमा विगत १४ वर्षदेखि पसल गरी बसेका ५० वर्षीय ठागु भन्ने व्यक्तिलाई ०५४ भदौ १४ गते जंगलमा मृगलाई पासो थापेको आरोपमा मनाङ गाविसका केही व्यक्तिहरूले मनाङको एउटा होटलभित्र लगी आँखामा पट्टी बाँधी कुटपिट गरे। सोही क्रममा मनाङमा बस्न नपाउने धम्की दिइएपछि पीडित आफ्नो पहिलेको घर लमजुङ जान बाध्य भए।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जानकारीमा आएन।

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरूष	महिला	जम्मा		पुरूष	महिला	जम्मा
हत्या	२	२	०	२	०	०	०	०
कुटपिट	७	८	०	८	२	२	०	२
आत्महत्या	१	१	०	१	०	०	०	०
दुर्घटनाहरू/विपत्तिहरू	३	३	०	३	०	०	०	०
जम्मा	१३	१४	०	१४	२	२	०	२

९. अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

फु गाविस-१ मा रहेको प्रहरी चौकीका हवल्दार ३२ वर्षीय रामवहादुर के.सी.लाई ०५४ असार १८ गते सोही ठाउँका लाक्पाछिरिङ घले र पासाङटसी लामाले प्रहरी कार्यालयमै कुटपिट गरी हत्या गरे। सोही प्रहरी चौकीमा पीडकलाई हिरासतमा लिइएको थियो। तर दुवै पीडक चौकीवाट फरार भए।

यस वर्ष यो जिल्लामा आगलागीवाट १ घर परिवार पीडित भएका छन्। हिमपातका कारण घर भत्किन गई ४ जना महिला र करेन्ट लागेर १ जना पुरूषको मृत्यु भएको छ। १ जना पदयात्रीको लेक लागेर मृत्यु भयो। १ जना पुरूषले आत्महत्या गरे।

●



३. पश्चिमाञ्चल

लुम्बिनी

३.७ नवलपरासी

जनसंख्या	:	४३६२१७
साक्षरता	:	४१.२ प्रतिशत
महिला साक्षरता	:	२५.८ प्रतिशत
क्षेत्रफल	:	२१६२ वर्ग कि.मी.
गाविस/नपा	:	७३/१
निर्वाचन क्षेत्र	:	४
विद्यालय/क्याम्पस	:	३५०/६
अस्पताल/स्वास्थ्यचौकी	:	१/८६
टेलिफोन लाइन	:	३८१
सडक (कि.मि.)	:	५५२
प्रहरी कार्यालय	:	३०
हुलाक	:	७१

तराईको जिल्ला भएर पनि यो जिल्ला भौगोलिक हिसाबले अत्यन्त विकट छ। पहाड, भित्रिमधेश र तराईमा विभाजित यो जिल्ला शिक्षा, विकास र मानवअधिकार सचेतनताको हिसावले पछाडि परेको छ। लामो दूरीसम्म भारतसंग जोडिएको, लामो दूरीको राजमार्ग र बीच-बीचमा जंगल भएकोले आपराधिक घटनाहरू बढी हुने गरेको पाइन्छ। यस वर्ष यो जिल्लामा महिलामाथि हुने हिंसामा अत्यधिक वृद्धि भएको पाइयो। अन्य घटना पनि महिलासंग सम्बन्धित नै बढी हुने गरेका छन्। रजहरमा भएको घटना यो वर्ष यहाँ निकै चर्चामा रह्यो।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

रजहर गाविस-१ का २४ वर्षीय सुनिल अधिकारीको ०५४ जेठ २८ गते प्रहरी यातनाका कारण मृत्यु भयो। यही घटनालाई लिएर भएको चक्काजामका क्रममा बुटवल सुख्खानगरका ४३ वर्षीय इन्द्रबहादुर पुनको ०५४ जेठ २९ गते प्रहरीको गोली लागी मृत्यु भयो भने स्थानीय एक जनालाई हातमा गोली लाग्यो। यस घटनामा संलग्न रहेको आरोपमा बुटवल प्रहरी तालिम केन्द्रका सई रामबन्धु के.सी र ५ जना प्रहरी जवानलाई निलम्बन गरिएकोमा केही समयपछि फुकुवा गरियो।

रामनगर गाविस-२ बडेरास्थित वन सुरक्षा कार्यालयका सुरक्षाकर्मीहरू र प्रहरीहरूले ०५४ असोज २ गते हवाई फायर गरे। वन कार्यालयद्वारा अघिल्लो दिन पक्राउ गरिएका जयप्रकाश चौधरी समेतका व्यक्तिहरूको रिहाइको माग गर्दै भेला भएको भिडलाई नियन्त्रण गर्ने निहुँमा उक्त घटना भएको थियो।

रूपन्देही जिल्ला बुटवल नगरपालिका-६ का २६ वर्षीय नेत्रबहादुर थापालाई ०५४ कार्तिक १६ गते साँझ ७.३० बजे पंचनगर गाविस-२ का राजकुमार सुवेदीलगायत् १० जनाको समूहले खुकुरी, चक्कु, भाला, छड, लाठी, चिर्पट, ढुंगा आदि हतियारहरू प्रयोग गरी हत्या गरे। पीडितको फोक्सो भित्र २ इन्च रोपिएको, करङ भाँचिएको र हात खुट्टा काटिएको थियो। मेजन सुवेदी, नन्दु कुवर र राजकुमार सुवेदीलाई पुर्पक्षका लागि थुनामा राख्ने जिल्ला अदालत नवलपरासीको आदेश भएको भए पनि पुनरावेदन अदालतबाट तारेखमा छुटेका छन् भने अन्य आरोपित पीडकहरू फरार नै छन्।

१.२ जेल र बन्दीहरु

३५ जनाको मात्र क्षमता रहेको यहाँको जेलमा हाल ५९ जना बन्दीहरू रहेका छन्। यहाँ ८ जना महिला र ५१ जना पुरूष छन्। जसमध्ये १ जना नाबालक र १ जना नाबालिका रहेका छन्। ८ जना थुनुवा महिला, ३५ जना थुनुवा पुरूष रहेका छन् भने बाँकी १६ जना सबै कैदी पुरूष नै रहेका छन्। तीन वर्ष वा सोभन्दा बढी समयदेखि बन्दी रहेकाहरू यस जेलमा छैनन् भने एक वर्षदेखि तीन वर्षसम्मका थुनुवाहरू जम्मा ६ जना रहेका छन्। ६ महिनादेखि १ वर्षसम्मका जम्मा १८ जना थुनुवाहरू रहेका छन्।

बस्ने ठाउँ, औषधोपचार, झ्यालको प्रबन्ध, भवनको जीर्णोद्वार, तालिम तथा कामको प्रबन्ध, पत्रपत्रिका, खेल सामग्रीको पर्याप्तता रहेको छैन। ३८ वर्षीय दीपक लामाको ०५४ साउन २२ गते एड्स रोगका कारण जेलभित्रै मृत्यु भयो।

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	१
यातनाबाट मृत्यु	-	-	१
हिरासतमा यातना	१	-	१
बलात्कृत	५	६	१०
बाबुद्वारा	-	१	१
आत्महत्या	२२	५६	५९

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

प्रगतिनगर गाविस-७ का ३१ वर्षीय शंकर नेपाली, गुरूराम सापकोटा, चिनलसिंह राना र बालकृष्ण रानाभाटलाई ०५४ साउन १० गते राति १२.३० बजे आ-आफ्नो घरबाट माओवादीको आरोपमा प्रहरीले गिरफ्तार गऱ्यो। भोलिपल्ट पुनः तम्सरिया गाविस-१ का २९ वर्षीय केदार पराजुली र देवचुली गाविस-६ का ३५ वर्षीय टेकराज भूषाललाई पनि माओवादीको आरोपमा प्रहरीले गिरफ्तार गऱ्यो। पीडितहरूलाई केही दिनपछि रिहा गरियो।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

जमुनिया गाविस-८ का २८ वर्षीय ईश्वरी पौडेललाई ०५४ भदौ ६ गते रानीनगरमा त्रिवेणीका सुस्ता गाविस-७ का राजकुमार राईलगायत्का २०-२२ जनाको हुलले कुटपिट गऱ्यो। नेविसंघद्वारा आयोजित नेपाल बन्दमा गाडी चलाएको आरोपमा पीडितलाई कुटपिट गरेका थिए। पीडकहरू सबै फरार छन्।

माकर गाविस-४ का ३० वर्षीय चेनबहादुर घलेसमेतको होली खेल्ने समूहलाई ०५३ चैत ११ गते दिउँसो १२ बजे बर्दघाट बजारमा प्रहरी जितबहादुर पुनसमेतको हुलले सामान्य विवाद हुँदा कुटपिट गरे। पीडकहरूलाई कारवाही भएन।

जौवारी गाविस-४ का ३३ वर्षीय वीरबहादुर रानालाई ०५४ जेठ ३० गते सोही ठाउँका कालु चितारेले गोली प्रहार गरे। पीडितको अवस्था सामान्य थियो भने पीडक थुनामा छन्।

नवलपरासी क्षेत्र नं. २ का सांसद ३५ वर्षीय मझीलाल थारू थनैत, अग्यौली गाविसका उपाध्यक्ष यादवराज महतो, कुमारवर्ती गाविसका गुनबहादुर थनैत र मजीलाल महतोलाई ०५४ असोज २७ गते राति १०.३० बजे स्थानीय सानु श्रेष्ठ र गोविन्द महतोसमेतका १४-१५ जनाको हुलले राजनीतिक प्रतिशोधका कारण कुटपिट गरे। उक्त घटनामा यादवराज महतोलाई गम्भीर चोट लागेको थियो भने सांसद थनैतको हातमा चोट लागेको थियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

वि.सं. ०५४ जेठ ४ गते सम्पन्न स्थानीय निर्वाचनमा यहाँका ७३ गाविस र १ नगरपालिकामा जम्मा २ लाख ८३ हजार २३ जना मतदातामध्ये २ लाख १५ हजार ७ सय २३ जना अर्थात ७६.२२ प्रतिशत मतदाताले मताधिकार प्रयोग गरे। कोल्हुवा, पक्लिहा, नर्सरी गाविसमा राजनीतिक विवादबाट स्थगित भएको र माकर गाविसमा मतदान अधिकृतको ढिलाइको कारण स्थगित भएको मतदान ०५४ जेठ १० गते सम्पन्न भयो।

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरूष	महिला	जम्मा		पुरूष	महिला	जम्मा
गिरफ्तारी र यातना	१	६		६	१	६		६
कुटपिट	१९	३९	२	४१	४	१३	१	१४
गोली	१	१		१				
हत्या	१०	७	३	१०	१	१		१
गोलीद्वारा हत्या	१	२		२	१	२		२
थुनामा मृत्यु	१	१		१	१	१		१
बलात्कार	१०		१०	१०				
बलात्कार प्रयास	१		२	२				
आतंक	१	२		२				
दुर्घटनाहरू/विपत्तिहरु	१	१		१				
लाश फेला	१	१		१				
बहुविवाह	३		३	३				
महिला किनबेच	५		५	५				
गर्भ पतन	१		१	१				
यातनाले मृत्यु	१	१		१	१	१		१
आत्महत्या	५९	२९	३०	५९				
जम्मा	११६	८९	५६	१४५	९	२३	१	२४

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लाको अदालतमा यो वर्ष जम्मा ८ सय १५ वटा मुद्दा दर्ता भए भने गत वर्षका मुद्दासमेत १ हजार १ सय ६७ मुद्दाको फैसला भएको छ। १ हजार ८१ मुद्दा फैसला हुन बाँकी छन्। तीन वर्ष वा सोभन्दा बढी समयदेखि नछिनिएका मुद्दाहरू २ वटा छन्। ती दुवै मुद्दा दुनियाँवादी देवानीअन्तर्गतका मुद्दा हुन्। २ वर्षसम्म नछिनिएका मुद्दाहरू १० वटा छन्। जसमध्ये ७ वटा दुनियाँवादी देवानी र ३ वटा सरकारवादी फौज्दारी छन्। एक वर्षसम्म नछिनिएका मुद्दा १ सय ३४ वटा छन्। ६ महिनासम्म नछिनिएका मुद्दाहरू ५ सय ३३ वटा छन्। संक्षिप्त कार्यविधिका ३ महिनाभन्दा बढी समयदेखि नछिनिएका मुद्दाहरू २१ वटा छन्। यसरी फैसला हुन बाँकी रहेका मुद्दाहरूमा सबभन्दा बढी अंशसम्बन्धी मुद्दाहरू नै रहेका छन्।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन, सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

उनवच गाविस-५ की १३ वर्षीय एक बालिकालाई ०५३ पुस १८ गते राति ८ बजे त्रिवेणी मेला हेर्न गएको समयमा सोही ठाउँका २३ वर्षीय रमई कोइरी र रजमान बेल्दारले बलात्कार गरे। पीडकहरू प्रहरीद्वारा पक्राउ परेका भए पनि कारबाही बिना नै छुटे।

सुनवल गाविस-७ को बाटोमा हिँडिरहेको अवस्थामा रूपन्देही, केरवानी गाविसकी १४ वर्षीय एक बालिकालाई ०५३ फागुन ३० गते राति ८ बजे सुनवल गाविस-७ का २३ वर्षीय मनोजकुमार श्रेष्ठ, तेजबहादुर शेरचन, सुरेश थापा, प्रकाश पाण्डे र विष्णु न्यौपानेले सामूहिक बलात्कार गरे। पीडकहरूलाई पुर्पक्षका लागि थुनामा राखिएकोमा तेजबहादुर शेरचन र सुरेश थापा बाहेक अन्य छुटेका छन्।

रजहर गाविस-९ की २० वर्षीय एक युवतीलाई ०५३ चैत ६ गते साँझ ८ बजे पीडितकै कोठाबाट निकाली नजिकैको केराबारीमा लगेर रजहर गाविस-५ का २० वर्षीय गोकुल सुवेदी र १९ वर्षीय गजेश प्रजापतिले बलात्कार गर्ने प्रयास गरे। पीडकहरूलाई एक हप्ता थुनामा राखी छाडिएको थियो।

मनई गाविस-५ की २० वर्षीय एक युवतीलाई ०५४ वैशाख ८ गते दिउँसो १ बजे पीडितको आफ्नै घरको कोठामा सोही ठाउँका २२ वर्षीय शंकर हरिजनले बलात्कार गरे। पीडक पुर्पक्षका लागि थुनामा छन्।

रामनगर गाविस-४ की १२ वर्षीय एक बालिकालाई ०५४ वैशाख ९ गते साँझ ७ बजे सोही ठाउँका ३० वर्षीय नेता चौधरी र दीपेन्द्र चौधरीले बलात्कार गरे। पीडकहरूलाई प्रहरीले पक्राउ गरेकोमा नेता चौधरी तारेखमा छुटे भने दीपेन्द्र चौधरी त्यसै छोडिएको थियो।

जमुनिया गाविस-२ की १४ वर्षीय एक बालिकालाई ०५४ जेठ १२ गते राति २ बजे सुतिरहेको अवस्थामा ४५ वर्षीय आफ्नै बाबु तेनरी चौधरीले बलात्कार गरे। पीडक थुनामा छन्।

जहदा गाविस-५ की २७ वर्षीय एक महिलालाई ०५४ भदौ २१ गते बिहान १०.३० बजे पीडितकै घरमा सोही ठाउँका ३५ वर्षीय काशीराम चौधरीले बलात्कार गरे। पीडक थुनामा छन्।

अग्यौली गाविस-९ की १३ वर्षीय एक बालिकालाई ०५४ कार्तिक १८ गते साँझ ८ बजे भैलो खेल्ने निहुँमा लगेर सोही ठाउँका २२ वर्षीय कमल गिरी र अर्जुन श्रेष्ठले बलात्कार गरे। पीडकहरू पुर्पक्षका लागि थुनामा छन्।

परसौनी गाविस-६ की २७ वर्षीय नयाँमाया अधिकारीलाई ०५४ वैशाख २७ गते लमजुङ जिल्ला धमिलकुवा गाविस-९ का ३१ वर्षीय प्रकाश शाहीले घुम्न लैजाने निहुँमा भारत लगी बेच्ने प्रयत्न गरे। पीडित भारतको नौतनवाबाट घर फर्कन सफल भइन् भने पीडक फरार रहेका छन्।

नयाँ बेलहानी गाविस-२ की २२ वर्षीय नानुमाया सिंजालीलाई ०५४ साउन १५ गते भारतको बम्बैबाट अरब पठाउने भनी तमासपुर-२ की ४४ वर्षीय यशुदा पाण्डे, २४ वर्षीय सुकमाया घले, त्रिवेणी सुस्ता गाविस-९ की ४८ वर्षीय सुमित्रा पाण्डे र बुटवल नगरपालिका-९ का ५२ वर्षीय माइकल भन्ने चन्द्र मैनालीले भारत लगी बेच्ने प्रयत्न गरे। हाल पीडक माइकललाई रू. ३० हजार तथा सुमित्रा पाण्डे र यशुदा पाण्डेलाई रू १५ हजार तथा सुकमायालाई रू. ५ हजार धरौटी लिई अदालतले तारेखमा छोडेको छ।

रमपुरवा गाविस-६ की २२ वर्षीय सावित्री भूषाललाई ०५४ कार्तिक १० गते अपराह्न ४ बजे रूपन्देही जिल्ला पडरवौली गाविस-४ का २८ वर्षीय संजयकुमार उपाध्याय र भारतीय नागरिक सम्पाती उपाध्यायले ललाई फकाई भारत लगी बेच्ने प्रयत्न गरे। पीडकहरू पुर्पक्षका लागि थुनामा रहेकोमा हाल धरौटीमा छुटेका छन्।

नयाँ बेलहानी गाविस-२ की वृद्धिमाया तामाङलाई २०४७ पुस १३ गते पीडितकै घरबाट ललाई-फकाई मकवानपुर, पदमपोखरी-१ का दिलबहादुर मोक्तान, श्यामबहादुर बमजन र ठगमाया मोक्तानले भारत मुम्बईको वेश्यालयमा रू. ४० हजारमा बिक्री गरेका थिए। कोठीवालले ७ वर्षपछि हालै पीडितलाई एड्स र टि.बी. भएको आशंका गरी घर फर्काइदिए। हाल पीडित बिमारी अवस्थामा आफ्नै

आफ्नै पतिद्वारा हत्या गरिएकी रणमाया श्रेष्ठ

घरमा छिन्। पीडक ठगमाया मोक्तान रू. ५ हजार धरौटीमा छुटेकी छिन् भने अरू पीडकहरू फरार छन्।

प्रगतिनगर गाविस-२ की १५ वर्षीय मायादेवी ढकाललाई ०५४ मंसिर १ गते प्रगतिनगर-३ का ३२ वर्षीय गंगा वास्तोला, उनकै पत्नी नारा बास्तोला र भान्जा जगन्नाथ अधिकारीले घरमा बुवा बिमारी भएको भनी ढाँट-छल गरी पीडितलाई भारतमा लगी बेच्ने प्रयत्न गरे। पीडित घर फर्कन सफल भइन्। पीडकहरू पुर्पक्षका लागि थुनामा छन्।

४.२ पारिवारिक हिंसा र वहुविवाह

कुश्मा गाविस-२ का २३ वर्षीय प्रह्लाद यादवले घरमा पत्नी हुँदाहुँदै ०५३ चैत ७ गते सुनिता गोसाईसंग दोस्रो विवाह गरे।

रामग्राम नगरपालिका-२ का ३० वर्षीय रामप्रित चौधरीले घरमा पत्नी हुँदाहुँदै ०५४ वैशाख ६ गते २० वर्षीय सुनिता चौधरीसंग दोस्रो विवाह गरे।

कावासोती गाविस-१ का ४३ वर्षीय गंगाराम सापकोटाले ०५४ मंसिर २ गते पत्नी र छोराछोरी सकुशल हुँदाहुँदै कावासोती-१ की २२ वर्षीय भगवती पोखरेलसंग दोस्रो विवाह गरे।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

कालीगण्डकी अस्पताल कावासोतीका डा. गोपाल खनालले पाल्पा जिल्ला गाडाकोट गाविस-३ की २९ वर्षीय हुमाकुमारी थापाको ०५४ कार्तिक १ गते गर्भ पतन गराउँदा मृत्यु भयो। डा. खनाल र पीडितका पति खेमबहादुर थापा धरौटीमा छुटेका छन्।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

यस वर्ष १२ देखि १५ वर्ष उमेरसम्मका ५ जना वालिकाहरू वलात्कारवाट पीडित भए।

६. आर्थिक अधिकार

(पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

यस जिल्लामा हलिया प्रथा कायमै छ। लिएको ऋण तिर्न नसकेर कमैयाकै रूपमा काम गर्ने गरेका पनि पाइन्छन्। एक जना जमिन्दारकहाँ १७ जनासम्म हलिया राखेको भेटिएको छ।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

रामग्राम नगरपालिका-३ का ३१ वर्षीय यादवेन्द्रगोपाल श्रेष्ठलाई ०५४ असोज २० गते राति ९.३० बजे परासी बजारमा रामग्राम-५ का ३४ वर्षीय सुरेन्द्र यादव, अनिस यादव, रमेश यादव, राजेश यादव, रामभवन यादव, रवीन्द्र यादव र मुरूवार यादवले कुटपिट गरे। पीडितले नेवार जाति ठूलो भन्ने र पीडकहरूले हामी यादव जाति ठूला हौं भन्दै दुई पक्षबीचको भनाभनवाट घटना भएको थियो। पछि आपसमा मिलापत्र भयो।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

रजहर गाविसको सुनिल अधिकारी हत्या काण्डको विरोधमा नेपाली कांग्रेसले एक प्रेस वक्तव्य प्रकाशित गरी हत्यारालाई कारवाहीको माग गरेको थियो।

सोही घटनाका सम्बन्धमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का माधव पन्थी, देवी बाँस्कोटा र यातना पीडित सरोकार केन्द्र (सिभिक्ट) का डा. गणेश श्रेष्ठ, मन्दिरा शर्मा तथा दिनेश प्रसाईँ संलग्न एक टोलीले स्थलगत रूपमा तथ्य संकलन गरी आफ्नो प्रतिवेदन सार्वजनिक गरेको थियो।

जिल्ला प्रहरी कार्यालय नवलपरासीका अनुसार रजहर घटनाले उत्पन्न विवादका कारण ०५४ जेठ २९ गते डि.एस.पी. लक्ष्मीप्रसाद बस्यालगायत्का २४ जना प्रहरीहरू घाइते भएका थिए।

९. अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

पक्लिहवा गाविस-४ मा भारतको जिल्ला पडरौना थानाका ६५ वर्षीय राम अघोर वडइलाललाई ०५३ पुस २६ गते अज्ञात व्यक्तिले हत्या गरे। पीडकहरू पत्ता लाग्न सकेका छैनन्।

पक्लिहवा गाविस-६ का ४० वर्षीय हिरामान लोहारलाई ०५३ चैत ४ गते पक्लिहवा-६ का सुदामा गुप्ता, रामकिसन लोनिया, प्रभु गुप्ता र किशोर गुप्ताले केटाकेटीको सामान्य विवादलाई लिएर हत्या गरे। पीडकहरू थुनामा छन्।

पञ्चनगर गाविस-२ की ६० वर्षीय रणमाया श्रेष्ठलाई ०५४ असार ८ गते मदिरा सेवन गरी सामान्य घरको विवादलाई लिएर आफ्नै घरको कोठाभित्र ढोका थुनी पीडितकै ६५ वर्षीय पति एन्तमान श्रेष्ठले हत्या गरेको बताइन्छ। पीडक अदालतको आदेशबाट धरौटीमा छुटेका छन्।

भुजहवा गाविस-४ का ३५ वर्षीय काशी यादवलाई ०५४ कार्तिक २१ गते विहान १० बजे उनकै पत्नी प्रभादेवी यादवले हत्या गरेको आशंकामा प्रहरीले हिरासतमा लिएको थियो। हाल उनीहरू धरौटीमा छुटेका छन्।

पक्लिहवा गाविस-४ का २४ वर्षीय पारसराज भरलाई ०५४ असोज २४ गते साँझ ७ बजे पक्लिहवा गाविस-३ का ४० वर्षीय रामवासी कोइरी, श्रीनिवास कुर्मी, नर्सही गाविस-१ का कपिलदेव कोइरीले व्यक्तिगत रीसइवीका कारण रिभल्वरले गोली हानी हत्या गरे। पीडकहरू फरार छन्।

यस वर्ष यो जिल्लामा व्यक्तिगत रीसइवीका कारण भएका ११ वटा घटनामा १९ जना पीडित भए। जसमध्ये २ जना प्रहरी पनि रहेका छन्। ट्राफिक दुर्घटनाबाट ३४ जना पुरूष र १४ जना महिलासमेत ४८ जना, पानीमा डुबेर ५ जना, आगलागीबाट २ जना र जंगली जनावरबाट २ जनाको मृत्यु भयो। २९ जना पुरूष र ३० जना महिलासमेत ५९ जनाले आत्महत्या गरे।

•



३. पश्चिमाञ्चल

लुम्बिनी

३.८ रुपन्देही

जनसंख्या	: ५२२१५०
साक्षरता	: ४०.२ प्रतिशत
महिला साक्षरता	: २५.१ प्रतिशत
क्षेत्रफल	: १३६० वर्ग कि.मी.
गाविस/नपा	: ६९/२
निर्वाचन क्षेत्र	: ५
विद्यालय/क्याम्पस	: २७२/१२
अस्पताल/स्वास्थ्यचौकी	: २/७९
टेलिफोन लाइन	: ६६७०
सडक (कि.मि.)	: ५८६.५
प्रहरी कार्यालय	: ४५
हुलाक	: ४३

भारत र नेपालबीच सामान ओसार-पसारका लागि प्रमुख नाकाको रूपमा चिनिने अनि व्यस्त सिद्धार्थ राजमार्ग यसै जिल्लामा पर्दछ। सिद्धार्थ राजमार्ग, महेन्द्र राजमार्ग र भैलुभूज परियोजनाद्वारा निर्माण गरिएको सिचाई, बाटो, बिजुलीको व्यवस्थाले यो जिल्लालाई सुगम बनाउन मद्दत गरेका छन्। भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनी रहेको यो जिल्ला विश्वभरका बौद्ध धर्मावलम्बीहरू र हिन्दूका लागि समेत ठूलो तीर्थस्थल रहिआएको छ। यद्यपि तीर्थस्थलकै रूपमा भने यो स्थान विकसित हुन सकिरहेको छैन। औद्योगिक क्षेत्रको रूपमा पनि चिनिने यो जिल्लामा मानवअधिकारको दृष्टिमा सामाजिक अपराधका घटनाहरू बढी हुने गरेका छन्। यस वर्ष जापानी नागरिक ४३ वर्षीय भिक्षु युनाताका नावातामेको हत्याको घटना अन्तर्राष्ट्रियरूपमै चर्चित रह्यो।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

बगौली गाविस-५ का ७ वर्षीय भोला कलवारलाई ०५४ वैशाख १ गते सोही ठाउँका ११ वर्षीय बैजु अहीर र सनुल्लाह मुसलमानले कुटपिट गर्दा मृत्यु हुन गयो। सो घटनाको वादविवादले उग्ररूप लिई भिडन्त हुँदा स्थितिलाई साम्य पार्न प्रहरीले अश्रुग्याँस प्रयोग गरेको थियो। हाल पीडकहरूलाई धरौटीमा छोडिएको छ।

बयरघाट गाविस-७ का ५० वर्षीय मगरू सहानी ०५४ भाद्र २० गते प्रहरीले चलाएको बन्दूकद्वारा बायाँ तिघ्रामा गोली लाग्न गई घाइते भएका छन्। हाल पीडित उपचारपछि घर फर्केका छन्।

१.२ जेल र बन्दीहरु

यस जिल्लामा वि.सं. १९९० सालतिर राणाकालमा बनेको रूपन्देही कारागार अहिले जीर्ण अवस्थामा छ। ६० जना अटाउन सक्ने क्षमताको यो कारागारमा २६ जना बन्दी र ९६ जना थुनुवा गरी हाल १ सय २२ जना रहेका छन्। बन्दीहरूले लागू औषध, जीउ मास्ने/बेच्ने बलात्कार र चोरीमा परेकालाई पनि ५० प्रतिशत कैद भोगिसकेका बन्दीहरूलाई सरह कैद मिनाहा गर्नुपर्ने, महंगीअनुसार सिदा वृद्धि हुनुपर्ने, शिक्षा, स्वास्थ्य, मनोरञ्जन र खेलकूदका सामानहरू पर्याप्त मात्रामा हुनुपर्ने माग राखी ०५३ पुस १५ गतेदेखि ३ दिनसम्म अनशन बसेका थिए।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

सेमलार गाविस-७ का २७ वर्षीय विनोद मरासिनीलाई ०५४ कार्तिक १८ गते प्रहरीले पक्राउ गरी माओवादीको आरोपमा सार्वजनिक अपराधको मुद्दा चलाएको थियो। पीडित धरौटीमा छुटिसकेका छन्।

१.४ बेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

बुटवल नपा- १२ का २७ वर्षीय मिलनप्रकाश

घटनाको प्रकृति	घटना संख्या १९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	१ (घाइते)
हिरासतमा यातना	-	-	-
यातनाले मृत्यु	-	२	-
बलात्कृत	३	७	४
झड्केलो बाबुद्वारा	१	१	-
वनरक्षकद्वारा	-	१	-
आत्महत्या	५	७	१४

थापालाई ०५४ साउन ३२ गते राति प्रहरी तालिम केन्द्र बुटवलका तालिमे प्रहरी रकबहादुर थापा र ताराबहादुर रानाभाटले छुरी हानी घाइते बनाए। पीडक तारेखमा छुटेका छन्।

मोतिपुर गाविसका अध्यक्ष ४५ वर्षीय शालिकराम अर्याललाई ०५४ भाद्र ७ गते फर्साटिकट बजार बस्ने दया अधिकारीसमेतका व्यक्तिहरूले राजनीतिक प्रतिशोधका कारण पीडितकै घरमा गई लुटपिट गर्नुका साथै कुटपिट गरे। सो विवादलाई दुवैबीचको सहमतिमा मिलाइएको थियो।

बुटवल नपा-९ का ६ वर्षीय रूपेश थापाको ०५४ भाद्र १२ गते साँझ सर्पले टोकेका कारण मृत्यु भयो। बुटवल अंचल अस्पतालमा उपचारका लागि आएका रूपेशका बुबाको भनाईअनुसार डाक्टरहरूले बिरामीको वास्ता नगरकोले मृत्यु भएको हो। उनले सोही रीसको झोंकमा डाक्टरलाई हानपात गरी तोडफोड समेत गरे। त्यसै कारण अस्पताल हाता ३ दिनसम्म बन्द गर्नुपर्‍यो भने तनावको स्थिति पनि देखा पर्‍यो।

बुटवल नपा- ९ का वडा अध्यक्ष किसनबहादुर रानासमेतका केही व्यक्तिहरूलाई ०५४ कार्तिक १४ गते बुटवल विस क्याम्प व्यारेकका शाही सेनाले विना कारण कुटपिट गरे। सो समस्याको समाधानका लागि बनेको राजनीतिक कार्यदलले समस्या सुल्झ्याएको थियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

बुटवल जेसीजले आयोजना गरेको बाल सुन्दरी प्रतियोगिताको विरोधमा ०५४ कार्तिक ४ गते अखिल नेपाल महिला संघ, अखिल नेपाल विद्यार्थी संघ (क्रान्तिकारी) ले जुलुस प्रदर्शन गरेका थिए। उक्त ठाउँमा समाचार संकलनका लागि जुटेका पत्रकार सुमन अधिकारीलाई प्रहरीले क्यामरा खोस्ने, धम्काउने र अभद्र व्यवहार गर्ने कार्य गरे। सो घटनाको विरोधमा पत्रकार महासंघले प्रहरी समक्ष विरोधपत्र बुझाएको थियो। पीडकलाई त्यहाँबाट सरूवा गरियो।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लाको अदालतमा गत वर्षहरूका जिम्मेवारी सरेर आएका समेत हाल २ हजार ९ सय ५४ मुद्दाहरू रहेका छन्। तीन वर्षअघिदेखिका ५ सय ५० वटा मुद्दा छिनिन बाँकी छन्। जिल्ला प्रशासन कार्यालयमा १ सय ५७ वटा मुद्दा छिनिन बाँकी रहेका छन्। जिल्ला प्रहरी कार्यालयमा यस वर्ष

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरूष	महिला	जम्मा	संख्या	पुरूष	महिला	जम्मा
हत्या	१६	१२	५	१७				
थुनामा मृत्यु	१	१		१	१	१		१
गोली	१	१		१	१	१		१
गिरफ्तारी र यातना	२	६		६	२	६		६
कुटपिट	१२	१५	४	१९	२	२		२
मौलिक अधिकार	१	१		१	१	१		१
अवकाश	१	१		१	१	१		१
महिला किनबेच	२		२	२				
बलात्कार	५		५	५				
बलात्कार प्रयास	२		२	२				
बहुविवाह	१		१	१				
बालअधिकार	१		१	१				
अमानवीय व्यवहार	२		२	२				
अपहरण	१		४	४				
आतंक	१	१		१				
चोरी/डकैती	१	१		१				
आत्महत्या	१४	६	८	१४				
दुर्घटनाहरू/विपत्तिहरू	९	८	२	१०				
जम्मा	७१	५३	३४	८७	८	१२		१२



भैरहवा जेलको एक भाग

आत्महत्याका ७४ वटा, लागू औषधका १२ वटा र विभिन्न गरी जम्मा १ सय ६४ मुद्दा दर्ता भए। मुद्दाहरू सम्वन्धित निकायवाट ढिलामात्र फैसला हुने गरेको गुनासो सम्बन्धितहरूको रहेको छ।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन, सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

यस जिल्लाका विभिन्न ठाउँमा गरी ३ सय घर-परिवार जति सुकुम्वासीहरू रहेका छन्। नर २०५१ सालमा सुकुम्वासी आयोगमा १७ हजार ७ सयले आफूहरू सुकुम्बासी रहेको भनी निवेदन दर्ता गराएका थिए। त्यस समयमा २ हजार ८ सय ५२ सुकुम्वासीलाई आयोगले जग्गा वितरण गरेको थियो। ०५४ सालमा वनेको सुकुम्वासी आयोगले विभिन्न ठाउँमा गरी ४ सय ६७ परिवार सुकुम्वासी रहेको जनाएको छ।

४. महिला अधिकार

४.१ महिला किनवेच, बलात्कार

मधौलिया गाविस- ७ की १४ वर्षीय एक बालिकालाई ०५३ फागुन ६ गते सोही ठाउँका १८ वर्षीय रामप्रसाद रानाले वलात्कार गरे। पीडक हाल थुनामा रहेका छन्।

केरवानी गाविस-१ की १२ वर्षीय एक वालिकालाई ०५३ फागुन २९ गते सोही ठाउँका २४ वर्षीय खडीबहादुर गुरूङले वलात्कार गरे। पीडक फरार छन्।

बुटवल नपा-१५ की १६ वर्षीय वन्दना पौडेललाई ०५४ साउन २१ गते सोही नगरपालिका-८ की २० वर्षीय बालकुमारी थापाले भारतमा लगी विक्री गरिन्। पीडकलाई प्रहरीले पक्राउ गरी थुनामा राखी कारवाही चलाएको छ।

बुटवल नपा-४ की २० वर्षीय अन्जु दर्जीलाई ०५४ भाद्र १२ गते सोही ठाउँका महेन्द्र देवकोटाले भारतमा लगी बिक्री गरेका थिए। पीडक फरार रहेका छन्।

आमा गाविस-१ की ३० वर्षीय एक महिलालाई ०५४ असोज २ गते सोही ठाउँका २२ वर्षीय बलिराम लोधले वलात्कार गर्ने प्रयास गरे। पीडकलाई पीडितले हँसियाले हिर्काएर घाइते बनाएकी थिइन्। पीडक पुर्पक्षका लागि थुनामा रहेका छन्।

४.२ पारिवारिक हिंसा र वहुविवाह

परौंहा गाविस-६ का २४ वर्षीय कुलवहादुर पुलामीले ०५३ फागुन १७ गते सोही ठाउँकी २५ वर्षीय उमा पुलामीसंग दोस्रो विवाह गरे। अदालतले मुद्दामा सफाइ दिएको छ।

करहिया गाविस-३ की २० वर्षीय हेमा पौडेललाई ०५४ भाद्र १९ गते अमवा गाविस-४ का २५ वर्षीय रामप्रसाद अर्यालले शरीरमा एसिड छर्की घाइते बनाएका थिए। पीडक थुनामा छन्।

यो वर्ष १ जना महिलाको दाइजो कम ल्याएको कारण आफ्नै पतिद्वारा हत्या गरियो।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

जानकारीमा आएन।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

शंकरनगर-७ की १४ वर्षीय रनकुमारी पुनलाई ०५४ वैशाख ६ गते सोही ठाउँका १८ वर्षीय शंकर कार्कीले वाल विवाह गरे। कारवाहीका लागि उजुरी दिइएकोमा पति पत्नी कायम गरी फैसला भयो।

मोतिपुर गाविस-५ की २६ वर्षीय मिना पुन मगरले अवैध नवरबाट रहन गएको गर्भबाट जन्मेको वच्चालाई ०५४ साउन २० गते खेतमा फाली मारेको हुनाले थुनामा रहेकी छिन्।

देवदह गाविस-८ की ७ वर्षीय एक बालिकालाई सोही ठाउँका २७ वर्षीय पिताम्वर थारूले वलात्कार गर्ने प्रयास गरे। पीडक तारेखमा छुटेका छन्।

बाल कल्याण समाज सम्पर्क केन्द्रले जानकारी गराएअनुसार यस जिल्लामा हालसम्म ७४ जना सडक बालवालिका (खाते) हरु रहेका छन्।

यो वर्ष यस जिल्लामा २ जना नाबालिकामाथि यौन दुर्व्यवहार भएको थियो।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

यस जिल्लामा १ हजार ६ सय २६ साना उद्योगहरू संचालित छन्। ट्रेड युनियन कांग्रेससंग १ हजार ६ सय ९२ मजदूर आवद्ध भएको बताइएको छ। एक कामको लागि

जापानी बौद्ध भिक्षु नावातामेको हत्यामा संलग्न व्यक्तिहरू

नियुक्ति गरेर अरू काम लगाउने गरिन्छ। हिरा ईटा उद्योग, विश्वास गार्मेन्ट, महेन्द्र सुगर मिल जस्ता उद्योगहरूमा भारतीय मजदूरहरू धेरै रहेका छन्। जसले गर्दा नेपाली मजदूरलार्य पनि अधिकारबाट वञ्चित गरिन्छ। न्यून ज्यालामा काम गर्न बाध्य पारिने पनि गरिएको छ। विभिन्न समयमा मजदूर प्रतिनिधि र व्यवस्थापन बीच आरोप-प्रत्यारोप हुने गरेको पनि पाइन्छ।

७. मानवअधिकारसम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

दवानगर गाविसमा ०५४ असोज ३ गते पहाडिया र मधेशिया भन्ने विवादका कारण भिडन्तको स्थिति सृजना भयो। सो विवादलाई साम्य पार्न प्रहरीले अश्रुग्याँस प्रयोग गरेको थियो। दुई पक्षबीच सृजना भएको जातीय विवादलाई पछि राजनीतिकरूपमा समाधान गरियो।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

बुटवल नपा-८ का २८ वर्षीय बेनुराम बिष्टलाई ०५३ माघ २४ गते सोही ठाउँका २० वर्षीय श्याम गौचनसमेतले कुटपिट गर्दा पीडितको मृत्यु भएकोले पीडकहरूलाई पक्राउ गरी थुनामा राखिएको छ।

हाटीबनगाई गाविस-६ का २० वर्षीय रामजनम लोधलाई ०५४ वैशाख २२ गते अज्ञात व्यक्तिहरूले छुरी हानी घाइते बनाएकोमा पाल्पा मिसन अस्पतालमा उपचार हुँदाहुँदै मृत्यु भयो। उक्त घटनामा ६ जना घाइते भएका थिए। पीडकहरू हालसम्म पक्राउ परेका छैनन्।

हर्नैया गाविस-२ की ३५ वर्षीय चन्द्रावती चौधरीलाई सिक्टहन गाविस-७ मा ०५४ जेठ २३ गते सिक्टहन गाविस-७ का २७ वर्षीय राधेश्याम जयसवालसमेतका व्यक्तिले हत्या गरे। पीडक हाल थुनामा रहेका छन्।

तेनुहवा गाविस-८ लुम्बिनी विकास कोषको क्षेत्रभित्र जापानी भिक्षु ४३ वर्षीय युनाताका नावातामेको ०५४ असार १९ गते तेनुहवा बस्दै गरेका अवरार महम्मद मुसलमानसमेतका ६ जनाले गोली हानी हत्या गरे। पीडकहरू हाल थुनामा रहेका छन्।

टिकुलीगढ गाविस-८ को जंगलमा हाटी फर्साटिकर गाविस-१ का २७ वर्षीय मोलाही थारूको मृत लास ०५४ साउन १२ गते फेला पऱ्यो। पीडकहरू हालसम्म फेला परेका छैनन्।

टिकुलीगढ गाविस-४ की ११ वर्षीय गीता केवटलाई ०५४ असोज २ गते सोही ठाउँ बस्ने गुद्धुन केवटले हत्या गरे। हाल पीडक थुनामा रहेका छन्।

मधुवनी गाविस-५ की ६० वर्षीय श्यामराजी लोधिनलाई सोही ठाउँका ललई अहिरसमेतका व्यक्तिहरूले ०५४ कार्तिक १८ गते कुटपिट गरेकामा ०५४ कार्तिक २३ गते मृत्यु भयो। पीडकहरू हाल फरार रहेका छन्।

गंगोलिया गाविस-८ का २६ वर्षीय रूदल यादवलाई ०५४ मंसिर १ गते सोही ठाउँका दयाराम यादव समेतका व्यक्तिले हत्या गरे। पीडकहरू फरार रहेका छन्।

भारत नौतनवा घर भएका ३५ वर्षीय राजेन्द्र यादवको ०५४ मंसिर ५ गते फर्साटिकर गाविस-६ मा लास फेला परेको थियो। सो हत्या कसले गरेको थियो भन्ने हालसम्म थाहा हुन सकेको छैन।

सिद्धार्थ नपा- ९ की १७ वर्षीय सकिना निशालाई ०५४ मंसिर २५ गते आफ्नै पति मिनाहज आलयले मट्टितेल खन्याई आगो लगाएर हत्या गरे। दाइजो कम ल्याएका कारण उक्त हत्या गरिएको आशंका गरिएको छ। पीडक थुनामा रहेका छन्।

बौद्ध भिक्षु नावातामे

बुटवल नपा-६ का ४० वर्षीय पर्सुराम न्यौपानेलाई ०५४ पुस १ गते अपरिचित व्यक्तिहरूले कुटपिट गरे। पीडितको काठमाडौं, वीर अस्पतालमा उपचार गर्दागर्दै ०५४ पुस ३ गते मृत्यु भयो। पीडकहरू हालसम्म फेला परेका छैनन्।

यस वर्ष यो जिल्लामा व्यक्तिगत रिसइवीका कारण भएका ११ वटा कुटपिटका घटनाबाट १० जना पुरूष २४ जना महिलासमेत ३४ जना पीडित भए। दुर्घटनाबाट ६ जना र डुबेर १ जनाको मृत्यु भयो। ८ जना महिला र ६ जना पुरूषसमेत १४ जनाले आत्महत्या गरे।



३. पश्चिमाञ्चल

लुम्बिनी

३.१ पाल्पा

जनसंख्या	: २३६३१३
साक्षरता	: ५१ प्रतिशत
महिला साक्षरता	: ३६.५ प्रतिशत
क्षेत्रफल	: १३७३ वर्ग कि.मी.
गाविस/नपा	: ६५/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय/क्याम्पस	: ३९१/१०
अस्पताल/स्वास्थ्यचौकी	: २/५५
टेलिफोन लाइन	: ६८६
सडक (कि.मि.)	: २८०
प्रहरी कार्यालय	: १६
हुलाक	: ५६

लुम्बिनी अंचलमा अवस्थित यो पहाडी जिल्ला पर्यटकीय स्थलको रूपमा विकसित भइरहेको छ। रानीघाटस्थित रानीमहल, तानसेनको सल्लाघारी, मनोरम दृश्यहरूको रसास्वादन गर्न सकिने स्थान श्रीनगर जस्ता आकर्षक स्थलहरूले देशी, विदेशी पर्यटकहरूलाई मोहित पारेको छ। ढाकाका लागि प्रख्यात् पाल्पाको मदनपोखरा गाविस जिल्लाकै प्रकृति संरक्षणमा नेपालका अन्य गाविसका लागि प्रेरणालायक मानिन्छन्। विकासका दृष्टिले ठिकै मानिने यस जिल्लामा सामाजिक अपराधका घटनाहरू बेला-बेलामा चर्चामा आउने गरेको छ।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

पुरूष र महिला विभागको अलग-अलग कम्पाउण्ड रहेको यस जिल्लास्थित कारागारको क्षमता ३ सय ५० जना बन्दी राख्न सकिने छ।

यस वर्षको अन्त्यमा १० पुरूष र १२ महिलासमेत २२ जना थुनुवा रहेका छन् भने १ सय १८ पुरूष र १३ महिलासमेत १ सय ३१ जना बन्दी रहेका छन्। हाल यहाँ ३ जना बालक र १ बालिकासमेत जम्मा १ सय ५७ जना बन्दी थुनामा रहेका छन्। थुनामा रहेका ५९ वर्षीय जुमप्रसाद गुरूङको मृत्यु भयो। उनी ज्यान सम्वन्धी मुद्दामा ०४४ पुस १६ गतेदेखि २० वर्ष सजाय भुक्तान गरिरहेका थिए। स्याङ्जा फेदिखोला गाविसका गुरूङ मूर्छा पर्ने रोगले ग्रसित थिए। ०५४ वैशाख २६ गते बन्दी डिलबहादुर सेन र सुरक्षा प्रहरीको भनाभन भएका कारण जेलभित्र ४ दिनसम्म नारा जुलुस भयो। सो समस्या सम्बन्धमा जेल प्रशासन, सुरक्षाकर्मी र वन्दीहरूबीच छलफल भई समझदारी कायम भएको थियो।

रूपन्देही जिल्ला हर्नैया गाविसका ३७ वर्षीय साहसराम चौधरीले ०५४ असोज १४ गते थुनामै रहेको अवस्थामा आफ्नै लुङ्गीको पासो लगाइ आत्महत्या गरे। २०४७ सालदेखि ज्यानसम्बन्धी मुद्दाअन्तर्गत थुनामा रहेका चौधरीले आर्थिक अभावका कारण आत्महत्या गरेको अनुमान गरिएको छ।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

जानकारीमा आएन।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

जानकारीमा आएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

शितलपाटीमा स्थानीय निर्वाचनको क्रममा नेकपा

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	-
हिरासतमा यातना	-	-	-
थुनामा मृत्यु	-	२	१
बलात्कृत	-	३	१
आत्महत्या	२०	१५	६

(एमाले) को आयोजनामा ०५४ जेठ २ गते भैरहेको आमसभामा केही विपक्षीहरूले आमसभाको वरिपरि माइक बजाएर अवरोध खडा गरे।

हुँगी गाविसमा ०५४ जेठ ४ गते स्थानीय निर्वाचनको क्रममा मतदान ढिलो शुरू भएको हुँदा बेलुका ६ बजेसम्म पनि थुप्रै मतदाताहरू मतदान लाइनमा भएको हुनाले अर्को दिन फेरि मतदान गर्ने राजनीतिक पार्टीबीच सहमति भयो। सोही क्रममा नेपाली कांग्रेस र नेकपा (एमाले) का कार्यकर्ताबीच चुनावी प्रक्रिया सम्बन्धमा भनाभन हुँदा वडा नं. ७ का उम्मेदवार रूद्रबहादुर पछाईलाई केही व्यक्तिहरूले कुटपिट गरे। तनावपूर्ण स्थितिका कारण गाँडाकोट गाविसमा ०५४ जेठ ४ गते मतदान हुन सकेन। उक्त गाविसहरूमा ०५४ जेठ ९ गते मतदान सम्पन्न भयो।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँको जिल्ला अदालतमा ३ वर्षभन्दा बढी समयको एक अंश सम्बन्धी मुद्दा छिनिन बाँकी छ। २ वर्षभन्दा बढी समयका २२ वटा छन् भने १ वर्षभन्दा बढी समयका ७५ वटा मुद्दा छिनिन बाँकी छन्। ६ महिनाभन्दा बढी छिनिन नसकेका मुद्दा १ सय ३ थान रहेका छन्। त्यस्तै संक्षिप्त कार्यविधि अन्तर्गत ३ महिनाभन्दा बढी समयसम्म नछिनिएका मुद्दा २ वटा रहेका छन्।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन, सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

बन्दी पोखरा गाविस-३ की ३५ वर्षीय एक लाटी महिलालाई ०५४ साउन १८ गते केही अज्ञात व्यक्तिहरूले घरमै आई बलात्कार गरे। पीडित लाटी भएकीले पीडकको हुलिया थाहा भएन, जसले गर्दा पीडक पत्ता लाग्न सकेको छैन।

४.२ पारिवारिक हिंसा र बहुविवाह

तानसेन नगरपालिका-९ का कृष्ण बस्यालले ०५३ माघ ६ गते सोही ठाउँकी नन्दनी जोशीसंग दोस्रो विवाह गरे। हाल बस्याल थुनामा छन्।

रामपुर गाविस-४ का ३५ वर्षीय केशव रेग्मीले ०५३ मंसिर २८ गते घरमा पत्नी हुँदाहुँदै सोही ठाउँकी २९ वर्षीय रञ्जना रेग्मीसंग दोस्रो विवाह गरे।

दर्छा गाविस-८ का २३ वर्षीय नवी मियाले ०५३ माघ २ गते सोही ठाउँकी वलफतन मियासंग दोस्रो विवाह गरे। जिल्ला अदालतमा यससम्बन्धी मुद्दा चलिरहेको छ। जेठी पत्नीलाई घरमा बस्न नदिइएकाले माइतमै बसेकी छिन्।

दर्छा गाविस-५ का २२ वर्षीय गोपाल मल्लले ०५४ असोज १० गते सोही ठाउँकी पार्वती मल्लसंग दोस्रो विवाह गरे। पीडकउपर बहुविवाहको मुद्दा दायर भएकोमा धरौटीमा छुटेका छन्।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, भुमा, बोक्सी र देहव्यापार)

दोभान गाविस-५ की १७ वर्षीय विष्णुकुमारी सारूलाई ०५४ असार २१ गते बुटवल नगरपालिका-५ का रामप्रसाद ढकाल र शिवलाल सुनारले अपमानजनक व्यवहार गर्नुका साथै हातपातसमेत गरे। भैरहवा जेलमा रहेका पीडितका पतिलाई भेट्न जाउँ भनी उनीहरूले बाटोमा नराम्रो व्यवहार

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरूष	महिला	जम्मा		पुरूष	महिला	जम्मा
हत्या	३	२	१	३				
थुनामा मृत्यु	१	१		१	१	१		१
कुटपिट	६	७		७				
बलात्कार	१		१	१				
महिला भएकै कारणले दिइने यातना	१		१	१				
बहुविवाह	४		४	४				
आत्महत्या	६	२	४	६				
दुर्घटनाहरू/विपत्तिहरू	५	१५	२	१७				
जम्मा	२७	२७	१३	४०	१	१		१

गर्ने सोच बनाएका थिए। पीडकहरूउपर अहिले सार्वजनिक ऐनअन्तर्गत मुद्दा चलिरहेको छ।

४.४ गर्भ पतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

हुँगी गाविस-६ की बिन्दु न्यौपानेले ०५३ चैत १४ गते आफ्नै ३ वर्षको छोरा गणेश न्यौपानेलाई काली गण्डकीमा बगाई हत्या गरिन्। पीडकले घर र माइती दुवैको अपमान सहन नसकी पहिला छोरालाई बगाएर आफू पनि आत्महत्या गर्ने योजना बनाई छोरालाई खोलामा बगाएर आफू पनि हाम फालेकी थिइन्, पछि उनलाई चाहिं त्यहाँ रहेका अन्य व्यक्तिले बचाएका थिए।

बहादुरपुर गाविस-२ की १७ वर्षीय झगीसरा देगले ०५४ साउन १९ गते नवलपरासी जिल्ला सुनवलको धर्मराज ज्ञवालीको अवैध गर्भबाट जन्मिएको नवजात बच्चाको घाँटी निमोठेर हत्या गरिन्। आफ्नो पति भारतमा नोकरी गरिरहेको हुँदा पतिले थाहा पाउने डरले बच्चालाई मारेर फालेकी थिइन्। पीडकउपर प्रहरी कारवाही शुरू भइसकेको छ।

६. आर्थिक अधिकार
(पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

यस जिल्लामा हलिया प्रथा रहेको पाइन्छ। मालिकले हलीलाई दिने रकम / अन्नले हलीको परिवार त के ऊ एकजनालाई पनि खान नपुग्ने हुँदा ऋण लिनुपर्ने र उक्त ऋण तिर्न नसक्ने हुँदा सधैं हलिया म्याद थप गरिरहनुपर्ने बाध्यता उनीहरूमा पाइन्छ।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

पोखरा थोक गाविस-७ का लोकबहादुर दर्जीलाई ०५३ चैत ३० गते सोही ठाउँका दलबहादुर के.सी., रोकबहादुर राना र ताराबहादुर रानाले तेल छोएको आरोपमा कुटपिट गरे।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु
(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

चिदीपानी गाविस-६ की ५९ वर्षीय हेमादेवी सूर्यवंशीलाई ०५४ वैशाख ३ गते सोही गाविस-२ का प्रेमबहादुर दर्लामीले दाउराले हिर्काएर हत्या गरे।

तानसेन नगरपालिका-४ की ६५ वर्षीय लक्ष्मी ओलीलाई ०५४ वैशाख १८ गते आफ्नै ३२ वर्षीय छोरा भीमसेन ओलीले कोदालो प्रहार गरी हत्या गरे। पीडकले आफ्नो सम्पत्ति दिदीलाई दिन खोजेको भन्ने निहुँ पारी आफ्नै आमाको हत्या गरेका थिए। पीडक थुनामा छन्।

यस वर्ष यो जिल्लामा २ नवजात शिशुहरूको आफ्नै आमाहरूद्वारा हत्या गरियो। व्यक्तिगत कुटपिटका कारण भएका घटनाबाट ५ जना पीडित भएका छन्। ५ वटा ट्राफिक दुर्घटनाबाट १७ जनाको मृत्यु भयो। २ पुरुष र ४ महिलासमेत ६ जनाले आत्महत्या गरे।

●



३. पश्चिमाञ्चल

लुम्बिनी

३.१० कपिलवस्तु

जनसंख्या	: ३७१७७८
साक्षरता	: ३०.८ प्रतिशत
महिला साक्षरता	: १५.९ प्रतिशत
क्षेत्रफल	: १७३८ वर्ग कि.मी.
गाविस/नपा	: ७७/१
निर्वाचन क्षेत्र	: ४
विद्यालय/क्याम्पस	: २७२/२
अस्पताल/स्वास्थ्यचौकी	: २/७७
टेलिफोन लाइन	: ९१८
सडक (कि.मि.)	: २०५
प्रहरी कार्यालय	: ३३
हुलाक	: ४७

भगवान **गौतम** बुद्धका पिता राजा शुद्धोधनको राजधानी तिलौराकोट दरबारको भग्नावशेष रहेको यो जिल्ला पर्यटकीय स्थलको रुपमा रहेको छ। विश्वका करोडौं बौद्धमार्गीहरूको आस्थाको केन्द्र यो जिल्लाको ऐतिहासिक र धार्मिक महत्वबारे खासै प्रचार हुन सकेको छैन। भारतीय सीमासंग जोडिएको यस जिल्लामा खुल्ला सिमानाकै कारण आपराधिक गतिविधिका व्यक्तिहरू बढी सक्रिय रहेको पाइन्छ। मानवअधिकार सचेतनतामा केही सुधार भएता पनि चोरी, डकैती, महिला किनबेच र अपहरणका घटनाहरू बढ्दै गएको पाइन्छ।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

गोटिहवा गाविस-१ दलदलाहाका २८ वर्षीय जीतबहादुर गिरीलाई ०५४ भदौ ५ गते बिहान ७.३० बजे सोही गाविसका अध्यक्ष ५६ वर्षीय महम्मद मुसलमान र क्षेदीप्रसाद चौधरीको नेतृत्वमा आएको एक हुलले कुटपिट गर्‍यो। सोही घटनामा पीडित हुन पुगेका ५६ वर्षीय कल्लु गोसाईको बुटवल अंचल अस्पतालमा उपचार हुँदाहुँदै ०५४ भदौ २९ गते मृत्यु भयो। सो घटनाबाट रामचरित्तर गिरी, मीनबहादुर गिरी, ज्ञानमति कुर्मी र वीरबहादुर गिरी पनि घाइते हुन पुगे। पीडकहरूलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

वसन्तपुर गाविस-७ का गाविस अध्यक्ष ५४ वर्षीय हरिवंशमणि त्रिपाठीलाई ०५४ मंसिर १२ गते राति ११.१५ बजे सोही गाविस-५ का ३५ वर्षीय अशोककुमार गिरीलगायत् १५-१६ जनाको समूहले गोली हानी हत्या गर्‍यो। सो घटनामा संलग्न सोही गाविस उपाध्यक्ष नन्दलाल कलवार, फूलचन्द्र चौधरी, बाबुराम पासी, विष्णु पाण्डे, चैतु पासी, रामप्रसाद पासी, घिराउ कोरी, घुरहु कोरी, प्रेमी थारू, सरोज गिरी र राजु गिरी फरार रहेका छन्। ०५४ माघ २१ गते चिविल्ला भन्ने ३० वर्षीय प्रेमबहादुर श्रेष्ठ र २८ वर्षीय धुरे पासीलाई कपिलवस्तु जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको छ।

१.२ जेल र बन्दीहरु

यहाँस्थित कारागारको क्षमता १ सय जनाको हो। "ङ" श्रेणीको यस कारागारमा ११ बन्दी, ५२ जना थुनुवा गरी ६३ जना छन्, जसमा सबै पुरुष छन्। अहेबद्वारा सातामा एक पटक बन्दीहरूलाई जाँच गरिन्छ। अत्यन्त नाजुक र जीर्ण यस जेलमा प्रौढ शिक्षा, सीप, पुस्तकालय आदिको माग राख्दै ०५३ चैत १ गते बन्दीहरूले जेल प्रशासनलाई ज्ञापनपत्र दिए। तर प्रमुख जिल्ला अधिकारीको आश्वासनपछि बन्दीहरू शान्त भए पनि कुनै माग पूरा गरिएको छैन। बन्दी रामकरण पाठकको ०५४ कार्तिक २५ गते स्थानीय अस्पतालमा पक्षाघातको उपचार गराउँदा गराउँदै मृत्यु भयो।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

वाणगंगा गाविस-१ का १९ वर्षीय जंगबहादुर रेशमीलाई ०५४ वैशाख ३० गते प्रहरीले विना पूर्जी गिरफ्तार गरेको छ। पीडित अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला सचिव हुन्। पीडितलाई हिरासतमा राखुन्जेल जेठ ४ गतेसम्म कसैलाई पनि भेट्न दिइएको थिएन। पीडितलाई हथौसा गाविस बरवाका नाथुराम चौधरीको जमानतमा ०५४ जेठ १४ गते रिहा गरियो।

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	-
हिरासतमा यातना	-	३	-
थुनामा मृत्यु	-	१	१
बलात्कृत	२	३	४
आत्महत्या	१	२३	५

हथौया गाविस-८ बरवाका ३० वर्षीय कमल चुँदालीलाई ०५४ वैशाख ३१ गते स्वनमा गडरहेको अवस्थामा २०/२२ जना प्रहरीको हुलले गिरफ्तार गऱ्यो। पीडितलाई गिरफ्तार गरिएको ४ दिनसम्म कसैलाई भेट गर्नसमेत दिइएन। अन्ततः पीडितलाई ०५४ जेठ १४ गते मानवअधिकार वर्ष पुस्तक, जिल्ला प्रतिनिधि नारायण पौडेलको जमानतमा रिहा गरियो।

गुल्मी जिल्ला हिस्तचौर घर भई बुटवल बहुमुखी क्याम्पसमा अध्ययनरत् २० वर्षीय विद्यार्थी जीवलाल पन्थीलाई ०५४ जेठ २ गते बसद्वारा कपिलवस्तु जाँदा चुनाव बहिष्कार गरौं भन्ने पर्चा पढिरहेको आरोपमा प्रहरीले गिरफ्तार गऱ्यो। पीडितलाई ०५४ जेठ ९ गतेमात्र रिहा गरियो। पीडित हिरासतमा रहुन्जेल कसैलाई पनि भेट गर्न दिइएको थिएन।

१.४ वेपत्ता पारिएको (राज्य पक्षवाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

शिवगढी गाविस-७ का ३७ वर्षीय प्रेमकुमार बुढाथोकीलाई ०५३ माघ २६ गते राति ११.४५ बजे २५-३० जनाको समूहले खुकुरी, भाला र लाठी प्रयोग गरी कुटपिट गरे। सँगै सुतेका खुमवहादुर क्षेत्री र दुर्गावहादुर जि.सी.ले पीडितलाई बचाउन खोज्दा उनीहरूमाथि नै कुटपिट गरेका थिए। पीडितहरूलाई बुटवल अंचल अस्पतालमा लगी उपचार गरियो। सो घटनामा सम्मिलित भएको आरोपमा सोही गाविसका अध्यक्ष चन्द्रबहादुर चन्द, बलराम थापालगायत् ९ जनाउपर मुद्दा जाहेर भएकोमा हाल सबै फरार रहेका छन्।

कृष्णनगर गाविस-४ स्थित वैभव इन्टरप्राइजेजमा ३ वटा वम विष्फोटन हुँदा ०५३ फागुन २० गते सोही ठाउँका २५ वर्षीय सुनिल गुप्ता र कृष्णप्रसाद गुप्ता अज्ञात व्यक्तिहरूबाट प्रहार गरिएको उक्त बमबाट घाइते भए। पीडकहरू प्रहरीले पिछा गर्दैगर्दा प्रहरीमाथि नै बम प्रहार गरी सीमापारि भारततर्फ भाग्न सफल भए। पीडितहरूलाई उपचारको लागि लखनउ पुऱ्याइएको छ भने उक्त आपराधिक गतिविधिसम्बन्धी प्रहरीले अनुसन्धान गरिरहेको छ। यस वर्षभित्र कृष्णनगरमा ७ पटक बम पड्काइसकिएको छ। जसका कारण १ बालकको ज्यानसमेत गइसकेको छ।

श्रीअनिरूद्ध पब्लिक मा.वि. वैदौलीका प्रधानअध्यापक ४७ वर्षीय प्रह्लादप्रसाद गुप्तालाई ०५४ वैशाख ५ गते वैदौली गाविस-२ का ३७ वर्षीय रामदाश भुजसहित ५ जनाको हुलले महसई नदीको छेउमा कुटपिट गरे। पीडित शिक्षकले पीडकका छोरा बब्लु भुजलाई पढाउँदा सजाय दिएको आरोपमा पीडितमाथि आक्रमण गरिएको थियो। सोही घटनामा प्रह्लाद गुप्ताको दाहिने हात भाँचिएको थियो। पीडकहरूलाई कुनै कारवाही भएन।

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरूष	महिला	जम्मा		पुरूष	महिला	जम्मा
हत्या	२	१	१	२				
गोलीद्वारा हत्या	१	१		१				
बम प्रहार	१	२		२				
गिरफ्तारी र यातना	३	९		९	३	९		९
कुटपिट	७	२१	१	२२				
पक्षपात •	१			९६	१			९६
अभिव्यक्ति स्वतन्त्रता	१	१		१	१	१		१
बलात्कार	४		४	४				
महिला भएकै कारणले दिइने यातना	२		२	२				
बहुविवाह	१		१	१				
गर्भपतन	१		१	१				
बालअधिकार	१	१		१				
अमानवीय व्यवहार	१	१		१				
अपहरण	१	१	१	२				
ब्लाकमेल	१		१	१				
आत्महत्या	५	१	४	५				
दुर्घटनाहरू/विपत्तिहरू	५	१	४	५				
जम्मा	३८	४०	२०	१५६	५	१०		१०६

वाणगंगा गाविस-६ राजपुरका ५८ वर्षीय मित्रलाल घिमिरे र ४१ वर्षीय सुकबहादुर थापालाई ०५४ जेठ ४ गते राति २ बजे सोही ठाउँको आदित्य राज ज्ञवालीको इसारामा १ सय ५० जना जतिको हुलले खुकुरी प्रहार गरी घाइते बनायो। रक्सीबाट उन्मत्त भएको सो समूहले होहल्ला गरी पीडित घरबाट निक्लेर बाहिर हेरिरहँदा एक्कासि सो समूहले आक्रमण गरेको थियो। हाल पीडित उपचार गराई ठीक भैसकेका छन्। पीडकहरूलाई कारवाही भएन।

हत्या गरिएका ५ वर्षीय बालक
अब्दुल मोइद

अब्दुल मोइदको हत्यामा संलग्न बालकहरू

प्रहरी चौकी पिपराका ३० वर्षीय भुवनेश्वरप्रसाद चौधरी र शालिकराम सुवेदीलाई ०५४ भदौ २१ गते राति नौ बजे कोपवा गाविस-८ का ईश्वर सुवेदीलगायत्का १० जनाको हुलले कुटपिट गऱ्यो। पीडित प्रहरीलाई राति गस्ती गरिरहेको अवस्थामा पीडकहरूले मोटरसाइकल रोकेर एक्कासि कुटपिट गरे। पीडकहरूमध्ये पूर्णबहादुर नेपाली पक्राउ परी जिल्ला प्रशासन कार्यालयबाट १० हजार रूपैयाँ धरौटीमा रिहा भएका छन् भने अन्य पीडकहरू फरार रहेका छन्।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

संजमो रूपन्देहीका अध्यक्ष ४६ वर्षीय रामचन्द्र चापागाई, ७५ वर्षीय खुविराम आचार्यलगायत् ८ जनाको समूहले स्थानीय चुनाव बहिस्कार गरौं भनी ०५४ जेठ २७ गते माइकिङ गरिरहेको अवस्थामा प्रहरी चौकी पिपराको गस्तीले माइकिङ गरिरहेका व्यक्तिहरूलाई शारीरिक तथा मानसिक यातना दिनुका साथै भएका सरसामान लुटी लगेका थिए। सो लुटिएका सरसामान र पर्चा, पम्पलेटहरू प्रहरीले फिर्ता गरेन।

कपिलवस्तु नगरपालिका-३ तौलिहवास्थित ध्रुवराजको घरमा डेरा गरी बसेका भारतीय नागरिक २२ वर्षीय राजेशकुमार यादव र १९ वर्षीय बिन्दवासिनी दुवैलाई ०५४ साउन २२ गते शसस्त्र भारतीय प्रहरीले छापा मारी गिरफ्तार गरेका थिए। प्रहरीहरूले पीडितलाई भारततर्फ लैजाँदै गर्दा स्थानीय जनताको दबावमा जिल्ला प्रहरी कार्यालय तौलिहवामा बुझाइदिएको थियो। त्यस दिन भारतीय प्रहरीले रेडक्रस सोसाइटीको अतिथि निवासमा पनि छापा मारेको थियो। हाल दुवै पीडितलाई आ-आफ्ना अभिभावकसमक्ष बुझाइएको छ।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा न्यायिक निकायप्रति आमजनताको विश्वास रहेता पनि न्याय सम्पादनमा हुने ढिलासुस्तीप्रति भने आमगुनासो कायमै छ। यस वर्षको मंसिर मसान्तसम्म देवानी मुद्दा १ हजार ९ सय २६ र फौज्दारी ९ सय ५ समेत २ हजार ८ सय ३१ वटा मुद्दा जिल्ला अदालतमा दर्ता हुन आए। जसमध्ये देवानी १ सय ९४ र फौज्दारी १ सय १५ समेत ३ सय १९ मुद्दा फैसला भए।

तीन वर्षभन्दा बढी समयदेखि नछिनिएका मुद्दाहरू २ सय २० वटा, दुई वर्षसम्म नछिनिएका मुद्दाहरू ३ सय ३९, एक वर्षसम्म नछिनिएका मुद्दाहरू ५ सय ४९ र ६ महिनासम्म नछिनिएका मुद्दाहरू ६ सय ६९ वटा रहेका छन्। यस जिल्लामा धेरैजसो मुद्दा जग्गा र अंशवण्डासम्बन्धी नै बढी पर्न आएको पाइयो।

वि.सं. ०५४ वैशाखदेखि मंसिर मसान्तसम्म जिल्ला प्रहरी कार्यालयमा विभिन्न किसिमका अपराध शीर्षकमा १ सय २२ वटा मुद्दाहरू दर्ता भई हालसम्म ६८ वटा मुद्दा अदालतमा पेश भइसकेका छन् भने ५४ वटा मुद्दाहरूको अनुसन्धान जारी रहेको छ। प्रहरीहरूको अनुसन्धान कार्यमा राजनीतिक दलहरूबाट दबाव आउने गरेकाले निष्पक्ष अनुसन्धानमा बाधा पुगेको कुरा जिल्ला प्रहरी कार्यालयले बताएको छ।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

कपिलवस्तुको स्थानीय निर्वाचनको क्रममा ०५४ जेठ १ गते खटाइएका भुवानी घिमिरे र पुण्य पन्थीलगायत् ९६ जना कर्मचारीहरूलाई दिइने पारिश्रमिक ७० रूपैयाँमात्र दिने निर्णय गरेर पक्षपातपूर्ण व्यवहार गरिएको गुनासो पीडितहरूको छ। गत वैशाख १५ र १८ गते खटाइएका कर्मचारीमध्ये अधिकृत स्तरको मतदान अधिकृतलाई प्रतिदिन रू. २ सय, नासुलाई रू

१ सय ५० र पियनलाई रु. १ सय दिने निर्णय भएको थियो। तर जेठ १ गते खटाइएका बाँकी कर्मचारीहरूलाई भ्रमण आदेशमार्फत सबै किसिमका कर्मचारीहरूलाई रु. ७० मात्र दिइएको हुँदा आफूहरूमाथि पक्षपात भएको उनीहरू बताउँछन्।

३. भूमिहीन, सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

विगतमा गठित सुकुम्बासी आयोगमा सुकुम्बासी बनेर जग्गाको लागि आवेदन गर्नेहरूको संख्या ७ हजार ३ सय ७ रहेको थियो। जसमध्ये २ सय ९८ जनाले जग्गाधनी पुर्जा प्राप्त गरेका छन्। वर्तमान आयोगमा ४ हजार ५ सय ६८ सुकुम्बासीले निवेदन दिएका छन्। तीमध्ये २ सय ५६ जनालाई जग्गाधनी प्रमाणपूर्जा वितरण गरिएको छ।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

मोतिपुर गाविस-९ की १७ वर्षीय एक लाटी युवतीलाई ०५४ जेठ ११ गते जंगलमा गाई चराइरहेको अवस्थामा सोही ठाउँका २० वर्षीय बाबुराम गैरेले बलात्कार गरे। पीडित महिलाले आफू बलात्कृत भएको ३ दिनपश्चात् मात्र बताएकी थिइन्। पीडकले यसअघि पनि बलात्कार गर्ने प्रयास गरेको थाहा हुन आएको छ। हाल दुवै पक्षबीच मिलापत्र भइसकेको छ।

महेन्द्रकोट गाविस-५ की १४ वर्षीय एक बालिकालाई ०५४ साउन १४ गते सोही ठाउँका २३ वर्षीय शिक्षक भोजराज खनालले बलात्कार गर्ने प्रयास गरे। जंगलमा गाई चराउन गएकी बालिकालाई लछारपछार पारी बलात्कार गर्न खोज्दा अन्य साथीहरू आइपुगेका कारण पीडक फरार भए। पीडित गरीब परिवारकी भएकी हुँदा जबर्जस्ती गाउँमै मिलापत्र गराइयो।

नेपाल परिवार नियोजन संघ बर्सियाकी २५ वर्षीय एक स्टाफ नर्सलाई ०५४ मंसिर ४ गते बैदौली हेल्थपोष्टमा कार्यरत् २७ वर्षीय अ.हे.व. प्रदीपकुमार श्रीवास्तवले घाँटी अँठ्याएर मार्ने प्रयास गरे। पीडकले उनलाई फकाई सो ठाउँमा लगेर बलात्कार गरिसकेपछि अरूलाई घटना थाहा नहोस् भन्नाका लागि कुटपिट गरी बेहोस समेत बनाएका थिए। पीडकलाई कुनै कारवाही भएन। पीडित महिला स्वास्थ्यकर्मीले ०५४ पुस १६ गते कपिलवस्तु जिल्ला अदालतमा नाता प्रमाणित गरी अंश दिलाइ पाउँ भनी मुद्दा दिएकी छन्।

कुटपिटबाट घाइते ज्ञानमति कुर्मी र मिनबहादुर गिरी

सिहोखोर गाविस-९ का ३० वर्षीय रमेशकुमार चौधरीले ०५४ मंसिर २९ गते आफ्नै घरमा काम गरी बस्ने २५ वर्षीय एक महिलालाई दिशा गर्न अडहरबारीमा गएको अवस्थामा बलात्कार गरे। पीडकले सो गाउँको जमिन्दार भएको कारण आफ्नो हैकम चलाई पीडितलाई सार्वजनिक बाटो र इनारमा पानी खानसमेत रोक लगाएका छन्। समाजसेवी युवा रवि ठाकुर, वर्ष पुस्तक प्रतिनिधि र प्रहरीको रोहवरमा पीडकले क्षमा मागेकोले पीडित पक्षले मिलापत्र गरेका थिए।

४.२ पारिवारिक हिंसा र बहुविवाह

मोतिपुर गाविस-३ का ३२ वर्षीय परशुराम पोखरेलले ०५३ चैत १ गते रूपन्देही जिल्ला देवदह खैरेनीकी १९ वर्षीय दुर्गा पोखरेलसंग दोस्रो विवाह गरे। पीडकलाई प्रहरीले धरौटीमा छोडेको छ।

बाँसखोर गाविस-२ की ५१ वर्षीय मनमती कुर्मीलाई ०५३ चैत १४ गते राति १ बजे आफ्नै पति लालसा कुर्मीले लाठी प्रहार गरी हत्या गरे। पीडकले आफ्नी पत्नीसँगै सुत्न खोज्दा नमानेर उठी हिँडेपछि घरबाट १ कि.मि. दक्षिण खेतसम्म पुग्दा पनि घर फर्कन नमानेपछि पीडकद्वारा प्रहार गरिएको लाठीको चोटले उनको मृत्यु भयो। पीडकले ०५४ जेठ १३ गतेको अदालतको आदेशानुसार ५० हजार धरौटी राखी तारेखमा रिहा भएका छन्।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

बरकुलपुर गाविस-१ की ४५ वर्षीय आँसिया थरुनीलाई ०५४ भदौ ६ गते सोही ठाउँका चुन्का थारुलगायत्का गाउँलेहरूले बोक्सीको आरोपमा कुटपिट गरी गाउँ निकाला गरे। पीडितका पतिले एक दिनपश्चात् आफूले अन्य ठाउँमा पत्नीलाई लैजान्छु भनी बिन्ती गर्दा पनि समय नदिई गाउँ निकाला गरियो। पत्नीलाई फेरि घर भित्र्याएमा रु. २५ हजार जरिवाना तिर्नुपर्ने कागजसमेत पीडित पक्षलाई गराइएको थियो। उक्त घटनाको विवरणसहित पीडितले जिल्ला प्रहरीमा उजुरी गरेपछि कागज च्यात्नुका साथै बोक्सी आरोपित पीडित आफ्नो घर आई बसेकी छिन्। पीडकहरूले माफी मागे।

४.४ गर्भ पतन

धरमपनिया गाविस-८ धमौलीकी २५ वर्षीय आरती धोबिनलाई सुकाएको गोबरको गुइँठा निकाल्दै गर्दा ०५३ फागुन २८ गते सोही ठाउँकी छिमेकी मन्नु कोरीले निर्मम

तरिकाले कुटपिट गरे। सो कुटाइका कारण पीडित ५ घण्टासम्म बेहोस भएकी थिइन्। सोही कुटाइको कारण पीडितको ४ महिनाको गर्भसमेत पतन भएको छ। सो समयमा पीडकले पीडितको साथमा रहेको चाँदी, सुनको फुली नथुनीसमेत लुटी लगेका छन्। पीडकबाट गाउँ समाजले क्षतिपूर्ति वरूप केही दण्ड सजाय गराइ मिलापत्र गराउने काम भएको छ।

सामूहिक कुटपिटबाट घाइते नुरबहादुर थापा

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

जयनगर गाविस-८ गोरूसिहियामा होटल गरी बस्ने नारायणी पाण्डेकी छोरी ३ वर्षीय उमा पाण्डेलाई ०५३ फागुन १२ गते कास्की जिल्ला लेखनाथ नगरपालिका-३ गगनगौडाका ३६ वर्षीय लक्ष्मण पौडेलले काखमा खेलाउँदा खेलाउँदै लिएर भागे। पीडित बालिकालाई स्थानीय जनता र प्रहरीको सहयोगमा भोलिपल्ट महुवा कडौलिया भन्ने ठाउँमा अपहरणकारीसहित फेला पारियो। हाल पीडकलाई थुनामा राखी कारवाही भइरहेको छ। पीडकले यसभन्दा पहिला पनि बुटवल नगरपालिका-५ की हरिमाया थकालीकी ७ वर्षीय छोरी रीता थकालीलाई पंजाब लगी बेच्ने प्रयास गरेका थिए।

यस वर्ष ५ वर्षीय एक बालकको हत्या भयो भने एक बालिका यौन दुर्व्यवहारबाट पीडित भइन्।

६. आर्थिक अधिकार

(पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

जानकारीमा आएन।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

बरकुलपुर गाविसस्थित साना किसान विकास आयोजनाअन्तर्गतका किसानहरूले ०५४ कार्तिक ११ गते बैंकद्वारा आफूहरूले चुक्ता गरिसकेको ऋण बैंक खातामा कट्टा नगरिएको विरोधमा धर्ना दिए। सो सम्बन्धमा छानवीन गर्दा सोही कार्यालयमा कार्यरत् कर्मचारी इन्द्रजित चौधरीले किसानहरूले बुझाएको रकम आफैं राखी नक्कली ऋण फुकुवा भर्पाइ दिने गरेको थाहा भयो। यसरी पीडक इन्द्रजीतले २ लाख ७६ हजार ८६ रूपैयाँ जति रकम हिनामिना गरेका थिए। सो समस्या समाधानका लागि सो विकास आयोजनाका व्यवस्थापक र पीडक इन्दजीत चौधरीबीच किसानको रकम फिर्ता गर्ने सहमति भई सो समस्या टुंगो लागेको थियो।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

तौलिहवा नगरपालिका-९ स्थित मदरसा मरकजुल इमाम अहमदविन हनवल इस्लामिक सेन्टरका पियन चिराग अलि मुसलमानको ५ वर्षीय छोरा अब्दुल मोइदलाई ०५४ जेठ २२ गते सोही स्कूलका ११ वर्षीय विद्यार्थी असफाक अहमद मुसलमान र सुहेल अहमद मसुलमानले घाँटी थिची हत्या गरे। पीडक विद्यार्थीले पीडितलाई बाहिर जाउँ भन्दै नजिकैको कुलामा लगेर छुरी प्रहार गरी हत्या गरेका थिए। दुवै पीडकलाई ०५४ असार ६ गते अदालतमा पेश गर्दा ८ गते जनही ४ हजार ५ सय धरौटी राखी तारेखमा रिहा गरिएको छ।

कपिलवस्तु नगरपालिका-७ बर्दहवाका नरनाथ शर्माकी छोरी १८ वर्षीय विन्दु शर्मालाई ०५४ मंसिर २ गते सोही ठाउँका २९ वर्षीय कल्लु मुसलमानले भगाई लगेकामा घटनाको सम्बन्धमा पीडितका बाबुले आफ्नी छोरी खोजी गरी पाउँ भनेर दिएको निवेदनमा प्रहरीले कुनै चासो नदेखाएपछि ०५४ मंसिर १८ गते महिलाहरूको जुलुसले प्रहरी उपरीक्षकको निवासअगाडि धर्ना दिएका थिए। तत्पश्चात प्रहरीले पीडकका बाबु महम्मद फारूख दर्जी ५९ वर्षीय र आमा बदरून्निसा दर्जी ४५ वर्षीयलाई पक्राउ गरी जिउ मास्ने/बेच्ने मुद्दामा कारवाही चलाउँदा रू. ९० हजार धरौटी राखी ०५४ पुस १६ गते तारेखमा रिहा भएका छन्। विन्दु शर्मा अहिलेसम्म कहाँ छिन भन्ने थाहा हुन सकेको छैन। पीडक पनि फरार रहेका छन्।

यस वर्ष यो जिल्लामा व्यक्तिगत रीसइवीका कारण २ जना र आगलागीबाट २ जना पीडित भएका छन्। एड्सका कारण ३ जना, डुबेर १ जना र दुर्घटनाबाट २ जनाको मृत्यु भयो। १ जना पुरूष र ४ जना महिलासमेत ५ जनाले आत्महत्या गरे। आगलागीका कारण ५० हजार रूपैयाँ जतिको नोक्सानी भयो।



३. पश्चिमाञ्चल

लुम्बिनी

३.११ अर्घाखाँची

जनसंख्या	: १८०८८४
साक्षरता	: ४७.४ प्रतिशत
महिला साक्षरता	: ३२ प्रतिशत
क्षेत्रफल	: ११९३ वर्ग कि.मी.
गाविस/नपा	: ४२/०
निर्वाचन क्षेत्र	: २
विद्यालय/क्याम्पस	: ३२७/३
अस्पताल/स्वास्थ्यचौकी	: १/४३
टेलिफोन लाइन	: १२३
सडक (कि.मि.)	: ५७
प्रहरी कार्यालय	: १२
हुलाक	: ४२

अर्घा र खाँची दुई राज्यको मिलनवाट नाम रहेको यो जिल्ला अभावै अभावले ग्रस्त जिल्ला हो भन्दा फरक पर्दैन। सुपादेवीको मन्दिर यहाँकी प्रसिद्ध देवी हुन्। अर्घाखाँचीको सरायो नाच प्रख्यात् छ भने अर्घा र खाँचीका तत्कालीन राजाको सन्धि गर्ने स्थल खर्कको नामवाट नामाकरण हुन गएको सदरमुकाम सन्धिखर्क रमाइलो वजार मानिन्छ। हिउँदमा मोटर गए पनि वर्षामा यहाँ यातायातका साधन पुग्दैनन्। मानवअधिकारको स्थिति सन्तोषप्रद् नभएको यस जिल्लामा यस वर्ष राजनीतिक प्रतिशोधका कारण हुने कुटपिटवाट धेरै जना प्रताडित हुन पुगे।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

यस जिल्लामा जेल छैन।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

जानकारीमा आएन।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

जलुके गाविस-७ का छविलाल भ्फाँक्री र वडा नं. ८ का बलवहादुर घर्तीलाई ०५३ पुस २९ गते वीरघाटका भीमबहादुर सारूलगायत्का ४ जनाले राजनीतिक प्रतिशोधका कारण कुटपिट गरे। उक्त घटनाको सम्बन्धमा सार्वजनिक अपराध अन्तर्गत मुद्दा चलिरहेको छ। पीडक तारेखमा छन्।

सन्धिखर्क गाविस-६ का खिमबहादुर खत्री क्षेत्री र डिर्वना गाविस-५ का २० वर्षीय प्रेमबहादुर खड्कालाई ०५३ माघ १६ गते अर्घा गाविस-५ विहार वगैंचामा, डिर्वना गाविसका पोमनारायण आचार्यसमेतका १० जनाले घाइते हुनेगरी कुटपिट गरे।

ढिकुरा गाविस-७ का २७ वर्षीय विष्णुप्रसाद पौडेललाई ०५३ फागुन ६ गते साँझ सोही गाविसका ३५ वर्षीय हेमबहादुर खासु र मेखवहादुर बलालले कुटपिट गरे। पीडकहरुलाई धरौटीमा छाडिएको छ।

सन्धिखर्क गाविस-१ स्यानडाँडाका ३२ वर्षीय वास्मनी नेपालीलाई ०५४ जेठ ९ गते सोही गाविसका तिले नेपाली र सुन्तली नेपालीले राजनीतिक प्रतिशोधका कारण खुर्पाले हानी हातको हड्डीसमत भाँचिदिए।

वाङ्ला गाविस- ५ स्थित जीवनोद्धार प्रा. वि. का शिक्षक ३५ वर्षीय छन्द भूसाल र १५/२० जना विद्यार्थीलाई ०५४ जेठ १६ गते विद्यालयवाट घर फर्किरहेको समयमा सोही गाविसका मेघलाल भूसालगायत्का व्यक्तिहरुले राजनीतिक प्रतिशोधका कारण कुटपिट गरे। पीडकविरूद्ध सार्वजनिक अपराधअन्तर्गत मुद्दा दायर गरिएको छ।

ठूला पोखरा गाविस-९ का वडा अध्यक्ष ६२ वर्षीय यमलाल पौडेललाई ०५४ असार १३ गते वैठक भनेर बोलाई गाविस कार्यालयमा गोपाल पन्थीले कुटपिट गरे।

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	–	–	–
हिरासतमा यातना	–	–	–
बलात्कृत	–	–	–
आत्महत्या	२०	९	९

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

नुवाकोट गाविस- ६ का ४५ वर्षीय विनबहादुर पाण्डेलाई ०५४ वैशाख २३ गते राति १२ बजे सोही गाविस-६ का योगेन्द्र पौडेल र वसन्न श्रेष्ठले सुतिरहेको अवस्थामा घरबाट उठाई घरदेखि मुनि मोटर बाटोमा लगी छुरी प्रहार गरी भागे। स्थानीय चुनावमा ने. का. को तर्फबाट उम्मेदवार बन्न लगाइएको र सो नमानी नेकपा (एमाले) को तर्फबाट उम्मेदवारी दिएको कारण आफूलाई छुरी प्रहार गरी कुटपिट गरिएको कुरा पीडित बताउँछन्। पीडितका तर्फबाट ज्यान मार्ने उद्योगअन्तर्गत मुद्दा दायर गरिएको छ।

अर्घा गाविसमा मनोनयन दर्ता गर्ने कार्यमा एकपक्षीयरूपमा दर्ता भएको र विपक्षीले दर्ता मनोनयन नगराएको भए पनि मतदान अधिकृतले विजयी भएको प्रमाणपत्रसमेत वितरण गरे। तर सो कुरालाई निर्वाचन आयोगले अस्वीकार गरी पुनः मनोनयन दर्ता गरी निर्वाचन गर्न आदेश गरेपछि जिल्ला निर्वाचन अधिकृतले सोहीअनुसार सूचना जारी गरे। अर्को निर्वाचन सम्पन्न भयो। त्यस्तै बागी गाविसमा एकपक्षीय मनोनयन पत्र दर्ता भयो, मतदान अधिकृतद्वारा प्रमाणपत्रसमेत वितरण भयो। तर एकपक्षीय भनी निर्वाचन आयोगले पुनः निर्वाचन गर्न आदेश दिएपछि अर्को मितिमा चुनाव सम्पन्न भयो।

भगवती गाविसमा एमाले र ने. का. बीच केही मुठभेड भएकोले मतदान अधिकृतले उक्त स्थितिलाई नियन्त्रण गर्न नसकी निर्वाचन स्थगित गरे। पछि शान्तिपूर्वक निर्वाचन सम्पन्न भयो।

त्यसैगरी बलकोट गाविसमा सम्पन्न चुनाव निष्पक्ष नभएको भनी निर्वाचन आयोगले मान्यता दिएन। आयोगले दोस्रोपटक ०५४ जेठ १० गते निर्वाचनको मिति तय गरी सूचना प्रकाशित गर्दा उक्त ठाउँमा मतदान केन्द्र घेर्ने, कब्जा गर्ने कार्य भयो। आखिर निर्वाचन हुन दिइएन। यही कारण हालसम्म अर्घाखाँची जिल्ला विकास समितिको निर्वाचनसमेत हुन सकेको छैन।

यस जिल्लामा ०५४ जेठ ४ गते चुनाव भएको थियो।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष यस जिल्ला अदालतमा विभिन्न खालका गरी ३२ वटा मुद्दा दर्ता गरिएकोमा २० वटा फछ्र्यौट भएका छन्। अर्धन्यायिक निकायअन्तर्गत जिल्ला प्रशासन कार्यालयमा सार्वजनिक अपराध ऐनअन्तर्गत २१ वटा मुद्दा दर्ता भए, जसमा ९ वटामात्र फैंसला हुन सके।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन, सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

जिल्लामा थुप्रै संख्यामा सुकुम्बासी भए पनि कतैबाट समाधान थालिएको छैन। एकीन तथ्यांक पनि पाउन सकिएन।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

जानकारीमा आएन।

४.२ पारिवारिक हिंसा र वहुविवाह

खिदिमका रामबहादुर क्षेत्रीले घरमा पत्नी भगवती क्षेत्री हुँदाहुँदै ०५४ भाद्र ४ गते सोही गाविसकी जमुना क्षेत्रीसंग बहुविवाह गरे।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
हत्या	२	२		२				
कुटपिट	२२	१९	५	२४				
निष्पक्ष चुनाव	२							
वहुविवाह	१		१	१				
चोरी/डकैती	१	१		१				
आत्महत्या	९	८	१	९				
दुर्घटनाहरू/विपत्तिहरू	६	७		७				
जम्मा	४३	३७	७	४४				

कुटपिटबाट घाइते विनवहादुर पाण्डे

कुटपिटबाट घाइते नानवहादुर थापा

४.४ गर्भ पतन

जानकारीमा आएन।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार
(पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार जातीय छुवाछूत समेत

जानकारीमा आएन।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु
(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

मैदान गाविसका नारायण घिमिरेलाई ०५३ माघ ३ गते सोही गाविसका गनबहादुर स्याम्चाकी, मनबहादुर सूर्यवंसीसमेतका व्यक्तिहरूले मादक पदार्थ सेवन गरी कुटपिट गर्नुका साथै तातो घ्यू टाउकोबाट खनाई भीरबाट धकेलिदिएका थिए। पछि खोजविन गर्दै जाँदा उनको लास फेला परेको थियो। राजनीतिक प्रतिशोधबाट प्रेरित यो घटनामा पीडकहरूलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

यस वर्ष यो जिल्लामा व्यक्तिगत रीसइवीका कारण भएका घटनाबाट १६ जना पुरूष र १ जना महिलासमेत १७ जना पीडित भएका छन। चोरीबाट २ जना, आगलागीबाट ३ जना पीडित भए, दुर्घटनाबाट १ जना, विपत्तिबाट ४ जनाको मृत्यु भयो। १ महिला र ८ जना पुरूषसमेत ९ जनाले यस वर्ष आत्महत्या गरे।

●



३. पश्चिमाञ्चल
लुम्बिनी
३.१२ गुल्मी

जनसंख्या	: २६६३३१
साक्षरता	: ४८.७ प्रतिशत
महिला साक्षरता	: ३३ प्रतिशत
क्षेत्रफल	: ११४९वर्ग कि.मी.
गाविस/नपा	: ७९/०
निर्वाचन क्षेत्र	: ३
विद्यालय/क्याम्पस	: ४३३/९
अस्पताल/स्वास्थ्यचौकी	: १/८२
टेलिफोन लाइन	: १६८
सडक (कि.मि.)	: ७४
प्रहरी कार्यालय	: १३
हुलाक	: ५६

नेपालकै प्रसिद्ध पवित्र धार्मिक तीर्थस्थल रिडी र लुम्बिनी अंचलकै सबभन्दा अग्लो डाँडा "रेसुङ्गा" अवस्थित गुल्मी जिल्ला पर्यटकीय हिसाबले पनि उत्तिकै महत्वपूर्ण छ। अझै पनि व्यक्तिगतरूपले भएका घटनाहरूलाई गाउँकै भद्रभलाद्मीहरू बसेर मिलाउने गरिन्छ। यस वर्ष राज्यपक्षबाट गिरफ्तारी र यातनाका घटनाहरू पनि बढी हुन पुगे। त्यसैगरी राजनीतिक र संगठित रूपद्वारा हुने कुटपिटका घटनाहरू बढी भए।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

नयाँगाउँ गाविस-२ का ३५ वर्षीय मानबहादुर जि.सी.लाई पीपलधारा गाविसको बरजा भन्ने जंगलमा ०५४ वैशाख ३० गते साँझ ८ बजे मुकुण्डोधारी अपरिचित व्यक्तिहरूले आक्रमण गरी हत्या गरे। उक्त दिन पीडितसंग संगै हिंडेका भेकबहादुर जि.सी. लाई सोधपुछका लागि प्रहरीले केही दिन हिरासतमा लिइ छोडेको थियो।

१.२ जेल र बन्दीहरु

अत्यन्तै जीर्ण, साँगुरो र पुरानो यस जेलका भित्ताहरू भत्केका छन्। बन्दीहरूको भान्सा र सुत्ने ठाउँमा पानी चुहिने गर्छ। टिनका छानाहरू प्वालैप्वाल परेको छ। जेलर निवास समेत नभएको यस जेलमा पानीको पनि उत्तिकै समस्या छ।

२५ जना बन्दी क्षमता रहेको यस जेलमा हाल १७ पुरूष, १ महिलासमेत १८ जना थुनुवा र १५ पुरूष, ३ महिलासमेत १८ कैदी तथा १ जना नाबालकसमेत ३७ जना बन्दीहरू रहेका छन्। बन्दीहरूमध्ये धेरै कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग, चोरी, आगलागी र बालअपराधको अभियोगअन्तर्गत रहेका छन्। ६ महिनादेखि १ वर्षसम्म रहेका थुनुवाहरू हाल १० जना छन्। यो वर्ष कैदी कलाधर भण्डारीको थुनामा मृत्यु भयो

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

खर्ज्याङ गाविस-७ का २७ वर्षीय तीलबहादुर थापालाई ०५४ वैशाख २३ गते प्रहरीले गिरफ्तार गरी ९ दिनसम्म हिरासतमा राखेको थियो। पीडित सो दिन बन्दूक बोकी जंगलमा शिकार गर्न गइरहेको समयमा नेपाली कांग्रेसका कार्यकर्तासंग जम्काभेट हुँदा पीडित एमाले भएका कारण उक्त विषयलाई राजनीतिक मुद्दा बनाइएको थियो र पीडितलाई सोही गाविसका नेपाली कांग्रेसका कार्यकर्ताहरूले आफूमाथि बन्दूक चलायो भन्ने उजुरी गरेकाले गिरफ्तार गरिएको थियो।

कृषि विकास बैंकका कर्मचारी टेकबहादुर टण्डनलाई ०५४ वैशाख १६ गते प्रहरीले गिरफ्तार गरी ३ दिनसम्म हिरासतमा राखी छोडेको थियो। स्थानीय निर्वाचनमा हर्मिचौर गाविसको मतदान अधिकृत भई खटेका टण्डनलाई हर्मिचौर गाविसका सचिव रवीन्द्र पाण्डेले सार्वजनिक अपराधको मुद्दामा उजुरी दिएको कारण गिरफ्तार गरिएको थियो। जिल्ला प्रशासन कार्यालयबाट मुद्दा नचलाउने आदेश भएपछि छोडिएको थियो।

हर्मिचौर गाविस-७ का ३८ वर्षीय डिल्लीराम पाण्डे र ४८ वर्षीय छविलाल पाण्डेलाई ०५४ जेठ १७ गते प्रहरीले गिरफ्तार गऱ्यो। उनीहरूका विरूद्ध सोही गाविस सचिव रवीन्द्र पाण्डेले आफूलाई कुटपिट गरे भनी दिएको उजुरीका कारण गिरफ्तार गरिएको थियो। उनीहरूलाई ५ दिनसम्म

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	-
हिरासतमा यातना	१	-	-
थुनामा मृत्यु	-	-	१
बलात्कृत	-	-	-
आत्महत्या	११	१०	१०

हिरासतमा राखी निर्दोष भएका कारण जनाइ छाडिएको थियो।

बाँफकटेरी गाविस-४ थाप्लाचौर भन्ने ठाउँबाट ०५४ कार्तिक ७ गते ३६ जनाको समूहलाई जिल्ला प्रहरी कार्यालयबाट खटिएका ६० जना सशस्त्र प्रहरीहरूको टोलीले गिरफ्तार गऱ्यो। माओवादी जनयुद्धको प्रचारमा सांस्कृतिक कार्यक्रम प्रदर्शन गर्ने र अर्थ संकलन गर्ने उद्देश्य राखी कार्तिक ५ गते आएको सो टोलीका सदस्यहरूलाई पुर्कोट बजारमा जबर्जस्ती चन्दा संकलन गरेको र औषधि पसल लुट्ने काम गरेको आरोपमा गिरफ्तार गरिएका २४ वर्षीय उमाकान्त खनाल, सुनिता श्रीस, टोलबहादुर वैदानी, बसन्त श्रेष्ठ, प्रेमप्रसाद अधिकारी, गोपाल अर्याल र प्रेम गिरीलाई ०५४ कार्तिक १२ गते शान्ति सुरक्षा ऐनअन्तर्गत प्रशासनले जेल चलान गऱ्यो भने अन्य २९ जनालाई सार्वजनिक अपराध ऐनअन्तर्गत प्रहरीले मुद्दा चलाएको थियो।

पीडितहरूले पुनरावेदनमा बन्दी प्रत्यक्षीकरणमा रिट निवेदन गरेपछि जेलमा रहेका उमाकान्त खनाल र बसन्त श्रेष्ठलाई कार्तिक २८ गते र अन्य ५ जनालाई ०५४ मंसिर १ गते पुनरावेदन अदालतको आदेशमा रिहाइ गरियो। हिरासतमा रहेका अन्य २९ जनालाई एक महिनापछि पुनरावेदन अदालतकै आदेशमा रिहा गरियो।

१.४ बेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

तम्घास गाविस-१ को बजारमा अनेरास्ववियू गुल्मीका उपाध्यक्ष नारायण शर्मालाई ०५३ फागुन १२ गते राति १० बजे सोही ठाउँका संजय थापा, श्याम खनाल, बद्री श्रेष्ठलगायत्का २०-२१ जनाको समूहले आक्रमण गरी कुटपिट गऱ्यो। नारायण शर्माको घाँटी र शरीरका विभिन्न भागमा चोट पटक लागेको छ।

तम्घास गाविस-१ का ३८ वर्षीय जीवराज अर्याललाई ०५४ वैशाख ६ गते तम्घास गाविस-१ का कुमार थापाले कुटपिट गरे। उक्त दिन कुमार थापाको दाजु जितेन्द्र थापाले एक दैनिक पत्रिकामा जीवराज अर्यालको घरमा होटेल गरी बस्ने लक्ष्मी पोखरेलको चरित्र खराब छ भन्ने समाचार छपाएको रीसमा लक्ष्मी पोखरेलले जितेन्द्र थापाको अनुहारमा मोसो दलिन्। त्यसैको जवाफमा कुमार थापाले जीवराज अर्याललाई हातपात गरेका थिए।

बडागाउँ गाविस-६ का ५१ वर्षीय होसबहादुर विश्वकर्मालाई ०५४ जेठ ३ गते राति बडागाउँ हेल्थपोष्टका अ.हे.व. कमलप्रसाद पन्थी, मुखिया विष्णुप्रसाद खनाल र सुरज सिंहलगायत्का १०-१२ जनाको समूहले कुटपिट गर्दा पीडितको आँखा, कान र टाउकोमा चोट लागेको छ। पीडितलाई राजनीतिक प्रतिशोधका कारण पिटिएको बताइएको छ।

रेसुङ्गा बहुमुखी क्याम्पस तम्घासमा अध्ययनरत् विद्यार्थीहरू कुमार थापा, कृष्ण रेग्मी, गौरीशंकर सारू मगर र होमकुमार बराल गरी ४ जना ०५४ जेठ १७ गते जुभुङबाट तम्घास आउँदै गरेको अवस्थामा सोही ठाउँका थम्मनबहादुर खड्कालगायत्का व्यक्तिको एक समूहले घेरा हाली पक्रेर डोरी र साँङ्लाले बाँधेर कुटपिट गर्दै थुनेर राति १ बजेसम्म राखे। रातारात घटनास्थलमा प्रहरी पुगेर केही पीडकलाई पक्रने काम गरे।अन्य पीडकहरू फरार छन्।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरूष	महिला	जम्मा		पुरूष	महिला	जम्मा
हत्या	४	३	२	५				
थुनामा मृत्यु	१	१		१	१	१		१
गिरफ्तारी र यातना	८	३९	१२	५१	८	३९	१२	५१
कुटपिट	१७	२४	२	२६				
बहुविवाह	१		१	१				
पारिवारिक हिंसा	२		२	२				
बालअधिकार	२	२		२				
जातीय छुवाछूत	१	१		१				
लाश फेला	१		१	१				
आत्महत्या	१०	७	३	१०				
दुर्घटनाहरू/विपत्तिहरू	६	११	२	१३				
जम्मा	५३	८८	२५	११३	९	४०	१२	५२

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

नयाँगाउँ गाविसको देउराली भन्ने ठाउँमा निर्वाचन प्रचारमा हिडेको नेकपा (एमाले) को प्रचार टोली र नेपाली कांग्रेसको प्रचार टोलीबीच ०५४ जेठ १ गते झगडा हुँदा सोही गाविस-६ का बुद्धिराम कुँवर र चेतमान कुँवरको खुट्टाको हड्डी फुटेको साथै शरीरमा घाउ, चोट लागेको छ। पीडितहरू उपचार गराई घर फर्किएका छन्।

दरवार देविस्थान गाविस-९ का राजनीतिक कार्यकर्ता बद्री अर्याललाई ०५४ जेठ ३ गते राति १२ बजे सोही गाविसका अशोक थापालगायत्का व्यक्तिको हुलले कुटपिट गरी घुँडाको हाड फुटाइदियो। पीडितलाई आफ्नै घरमा साथीहरूसंग निर्वाचनसम्बन्धी सरसल्लाह गर्दै गरेको अवस्थामा घरबाट निकालेर कुटपिट गरेका थिए। प्रशासनद्वारा चुनावी मुद्दा भनेर पीडकको जाहेरी नै दर्ता नगरिएको गुनासो पीडितको छ।

वामी गाविस-५ का २७ वर्षीय रामवहादुर के.सी.लाई मतदान कार्य भैरहेको अवस्थामा ०५४ जेठ ४ गते दिउँसो १ बजे विवाद हुँदा सोही गाविस-२ का वीरेन्द्र श्रेष्ठले छुरी प्रहार गरी घाइते बनाए।

भुर्तुङ गाविस-१ का टेकबहादुर पुन र यमबहादुर छन्तेल मगरलाई ०५४ जेठ साँझ ५ बजे सोही गाउँका ताराप्रसाद गुरूङलगायत्का ७-८ जनाको समूहले आक्रमण गर्दा टेकबहादुरको टाउकोमा खुकुरीको गम्भीर चोट लागेको छ भने यमबहादुरको शरीरमा गहिरो चोट लागेको छ। मतगणनामा भएको अनियमितताको विरोध गर्दा आफूहरूलाई आक्रमण गरेको पीडितहरू बताउँछन्।

यस जिल्लाका ७९ गाविसमध्ये ४ गाविसहरू धुर्कोट, बाँझकटेरी, हर्दिनेता, र ज्वहाङ गाविसमा मतदानमा भएको विवादका कारण तोकिएको दिन निर्वाचन स्थगित भई पुनः जेठ १० र ११ गते निर्वाचन सम्पन्न भयो। हमीचौर, वामीलगायत्का केही गाविसहरूमा गाविस सचिवहरूले मतदाता नामावलीमा नाम हटाइदिएका कारण केही मतदाताले मतदान गर्न नपाउँदा विवाद भएको पीडित मतदाताले बताएका छन्।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लाको अदालतमा यस वर्ष २ सय ९८ मुद्दा दर्ता भए। जसमध्ये सरकारवादी फौज्दारी १०, दुनियाँवादी फौज्दारी ७३, संक्षिप्त फौज्दारी २९, फौज्दारी २६, दुनियाँवादी देवानीतर्फ १ सय ४४ र देवानी १६ रहेका छन्। संक्षिप्त कार्यविधि ऐनअन्तरगतका मुद्दा ३ महिनाभित्र एउटा पनि फैसला नभएको र त्यसको कारण कार्यविधि कानूनको त्रुटि रहेको

जातीय छुवाछूतका कारण पीडित दलबहादुर वि.क.

गुल्मी कारागारको अग्र भाग

कुरा कानून व्यवसायीहरू बताउँछन्। ३ वर्षभन्दा बढी समयसम्म फैसला हुन नसकेका मुद्दाहरूमा विशेषगरी अंश मुद्दा रहेका छन्। कार्यविधि कानूनको त्रुटिका नाममा ढिला सुस्ती गर्ने प्रवृत्ति पनि केही हदसम्म बढेको छ।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन, सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

जानकारीमा आएन।

४.२ पारिवारिक हिंसा र बहुविवाह

बामी गाविस-१ का रामबहादुर मुखियाले ०५४ वैशाख १ गते शान्तिपुर गाविस-४ की पुतली मुखियासंग दोस्रो विवाह गरे। पहिली पत्नीले जिल्ला प्रहरी कार्यालयमा उजुरी गरेकी थिइन् तर कारवाही भएन।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

जानकारीमा आएन।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

तम्घास गाविस-६ का १३ वर्षीय डिल्लीराज पाण्डेलाई ०५४ साउन ३० गते तम्घास इलाका वन कार्यालयका रेञ्जर पञ्चलाल सिंहले पानीको मुहानमा राखेको धारो चलाएको निहुँमा पोखरीमा चोबल्ने ट्वाइलेटमा थुन्ने र बाल्टिनबाट पानी

अपरिचित व्यक्तिहरूद्वारा हत्या गरिएका मानबहादुर जि.सी.

खनाई यातना दिए। उक्त घटनाको जानकारी पाएपछि तम्घास गाविस-७ का वडाअध्यक्षले बच्चाको पेटमा भएको पानी प्राथमिक उपचार गरी निकाल्ने र बच्चालाई अस्पताल लैजाने काम गरे। पीडितको बाबुले प्रहरीमा उजुरी गर्दा पनि प्रहरीले कुनै चासो देखाएन।

बीरबास गाविस-७ का १९ वर्षीय फूलकुमारी सनानीले ०५४ मंसिर ३० गते बच्चा जन्माई फ्याँकेर हत्या गरिन्। उनको सो गर्भ सोही ठाउँका चन्द्रबहादुर रजालीसंगको अनैतिक सम्बन्धबाट भएको थियो। उनलाई ०५४ पुस ५ गते प्रहरीले अनुसन्धानका लागि हिरासतमा लिएको छ।

यस यो जिल्लामा वर्ष २ नाबालिकाहरूलाई आफ्नै आमाद्वारा हत्या गरियो।

६. आर्थिक अधिकार
(पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु
७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

धुर्कोट रजस्थल गाविस-४ मा रहेको खड्ग छत्रको कोटमा फूल-प्रसाद चढाउन गएका २९ वर्षीय दलबहादुर विश्वकर्मालाई ०५४ असोज २३ गते पूजाको लागि जम्मा भएका ४०-४५ जना व्यक्तिहरूले सानो जाति पूजा गर्न आयो भनी हेपेर आक्रमण गरी कुटपिट गर्ने, शरीरमा थुक्ने र लछारपछार गर्दै कोट हाताबाहिर हुत्याए। उक्त कोटमा फूल-प्रसाद चढाउन पाउनु पर्छ भनी ३ वर्ष पहिलेदेखि उत्पीडित जातिहरूले माग राख्दै आएका थिए।

हत्या गरिएका सुन्तले वि.क.को लास

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

०५४ असार १५ गते नेकपा (एमाले) गुल्मीका सचिव बोमबहादुर खड्का र नेपाली कांग्रेसका गुल्मीका सभापति त्रैलोक्यप्रताप सेनले संयुक्त वक्तव्य प्रकाशित गरी निर्वाचनको समयमा विभिन्न ठाउँमा भएका झडप र झगडालाई वार्ताद्वारा समाधान गरिएकोले यसलाई बिर्सेर अब उप्रान्त दुवै पक्षका कार्यकर्ताहरू मिलेर जिल्लामा शान्ति सुव्यवस्था कायम गर्नुपर्ने, विकास निर्माणको काममा जुट्नुपर्ने र एक आपसमा स्वच्छ राजनीतिक प्रतिस्पर्धा कायम गर्नुपर्ने तथा प्रजातन्त्रको सुदृढीकरणका लागि संयमित बन्नुपर्ने कुरामा दुवै पार्टीका कार्यकर्ताहरूले ध्यान दिन आग्रह गर्नुभयो।

नेपाल प्रेस युनियन गुल्मीका अध्यक्ष जीतेन्द्रसिं थापालाई ०५४ वैशाख ६ गते अभद्र व्यवहार गरिएकोमा सो कार्यको विरोध गर्दै प्रेस युनियन गुल्मीले प्रेस विज्ञप्ति जारी गर्‍यो।

९. अतिरिक्त जानकारीहरु
(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

हवाङ्दी गाविस-६ का २७ वर्षीय सुन्तले वि.क.लाई ०५४ वैशाख ९ गते साँझ सोही ठाउँका मीनबहादुर थापाले मरेको जनावरको हड्डी कुवानजिकै फालेको निहुँमा कुटपिट गरे। कुटाइका कारण ०५४ वैशाख ११ गते सुन्तलेको मृत्यु भयो। उक्त घटनापछि पीडक फरार रहेका छन्।

भनमने गाविस-५ की २७ वर्षीय सुभद्रा पन्थीले ०५४ असार २५ गते राति १२ बजे आफ्ना ४ महिनाका जुम्ल्याहा छोरीहरुलाई घर नजिकैको पानीको दहमा फालेर हत्या गरिन्। छोरी जन्माएको कारण पतिले हेला गर्ने, गाली गर्ने गरेकाले आवेगमा आई बच्चाको हत्या गरेको कुरा उनले बताएकी छन्। उनी थुनामा छिन्।

दर्लिङ गाविस-९ चुत्राबोटका ४८ वर्षीय लालबहादुर घर्तीलाई ०५४ मंसिर ३० गते उनकै १९ वर्षीय छोरा हर्कबहादुर घर्तीले टाउकोमा खुकुरी प्रहार गरी हत्या गरे। पीडक हर्कबहादुर घर्तीलाई प्रहरीले तत्काल गिरफ्तार गरेको थियो।

यस जिल्लामा यो वर्ष ५ वटा व्यक्तिगत रीसइवीका कारण भएका कुटपिटका घटनामा ५ जना पीडित भए। यस वर्ष यो जिल्लामा ट्राफिक दुर्घटनाबाट ४ जना र चट्याङबाट १ जनाको मृत्यु भयो। ७ जना पुरूष र ३ जना महिलासहित १० जनाले आत्महत्या गरे। आगलागीबाट १७ पुरूष र २० जना महिलासहित ३७ जना पीडित भए।



३. पश्चिमाञ्चल

धवलागिरी

३.१३ बाग्लुङ

जनसंख्या	: २३२४८६
साक्षरता	: ४३.२ प्रतिशत
महिला साक्षरता	: २७.४ प्रतिशत
क्षेत्रफल	: १८८४ वर्ग कि.मी.
गाविस/नपा	: ५९/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय/क्याम्पस	: ४२२/८
अस्पताल/स्वास्थ्यचौकी	: १/६१
टेलिफोन लाइन	: १८८
सडक (कि.मि.)	: २५
प्रहरी कार्यालय	: १९
हुलाक	: ६०

धवलागिरी अंचलको सदरमुकाम भए पनि यो जिल्ला धेरै हिसाबले विकट रहेको छ। हुक्का तान्ने कलात्मक नलीका लागि प्रख्यात् यो जिल्लामा छुवाछूत जस्तो अमानवीय परम्परा कायमै रहनाले सार्वजनिक स्थल, देवल आदिमा तल्लो वर्गलाई खुल्ला प्रवेश छैन। दलितहरू देवलमा गएको थाहा पाएमा अपमानजनक व्यवहार गरिन्छ। मानवअधिकार चेतनामा केही विकास भएता पनि मानवअधिकार उल्लंघनका घटनामा भने कमी आएको पाइन्न।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

यस जिल्लामा रहेको २५ जनाको बन्दी क्षमताको "ग" श्रेणीको कारागार बलतल्ल उभिएको अवस्थामा छ। यस वर्षको अन्त्यमा कैदी र थुनुवा गरी यहाँ जम्मा २४ जना बन्दी रहेका छन्। तिनीहरूमध्ये ५ जना महिला बन्दी, ४ जना पुरूष बन्दी र १५ जना पुरूष थुनुवा रहेका छन्। ५ जना महिला बन्दी गर्भ पतन गराएबापत कर्तव्य ज्यान मुद्दामा दोष प्रमाणित बन्दी छन्। त्यस्तै पुरूष बन्दीमा २ चोरीका, १ ज्यान मार्ने उद्योग र १ बलात्कार मुद्दाका बन्दी छन्। ३ वर्षसम्म थुनामा परेका तर फैसला हुन बाँकी भएका २ जना थुनुवा छन्। १ वर्षअघि थुनामा परेका थुनुवा, कर्तव्य ज्यान मुद्दाका ३ जना र १० जना थुनुवा यसै वर्ष परेका छन्। जेलमा टि.भी. र पत्रपत्रिकाको व्यवस्था हुनुपर्ने माग बन्दीहरूको रहेको छ।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

बाग्लुङ नगरपालिका-२ का सूर्यप्रसाद शर्मा र वडा नं ११ का कुमारविक्रम क्षेत्रीलाई ०५४ साउन ९ गते बिहान आफ्नो घर गइरहेको अवस्थामा माओवादी भएको आरोपमा प्रहरीले गिरफ्तार गर्‍यो। त्यस्तै मल्म गाविस-३ का प्रेमप्रसाद मरासिनीलाई पनि ०५४ साउन ११ गतेमा ओंवादीको आरोपमा प्रहरीले गिरफ्तार गर्‍यो। कुनै पनि बेला आतंक फैलाउन सक्ने आशंकाले सि.डि.ओ. को आदेशअनुसार उनीहरूलाई शान्ति सुरक्षा ऐनअन्तर्गत थुनामा राखिएको बताइए पनि बन्दी प्रत्यक्षीकरणको रिट पुनरावेदन अदालतमा परी सुनुवाई हुँदा ०५४ साउन २४ गते छोडियो।

अ.ने.रा.स्व.वि.यु. (क्रान्तिकारी) का कार्यकर्ताहरू रामकाजी गुरूङ, ज्ञाननाथ गैरे र भीमबहादुर घर्तीलाई ०५४ मंसिर १० गते युनियनको राष्ट्रिय सम्मेलनका लागि चन्दा संकलन गरिरहेको अवस्थामा हटिया बजारबाट प्रहरीले गिरफ्तार गर्‍यो। उनीहरूलाई पुर्पक्षका लागि थुनामा राखिएकोमा पुनरावेदन अदालतले मंसीर २४ गते रिहा गर्ने आदेश दियो।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

पाला गाविस-९ का २६ वर्षीय रितबहादुर कार्कीलाई ०५४ जेठ ४ गते बिहान सोही गाविस-२ का तुलप्रसाद

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	-
हिरासतमा यातना	-	४	-
बलात्कृत	२	२	३
आत्महत्या	११	७	१३

शेरचनसहित २५-३० जनाको जमानले बाँसको भाटाले हानी गम्भीर घाइते बनायो। त्यसैगरी पाला गाविस-३ का २४ वर्षीय ठगेन्द्र खड्का, पाला गाविस-४ की ४१ वर्षीय पूर्णकुमारी वि.क. र ४८ वर्षीय जयबहादुर खड्कालाई पनि घाइते बनाए। सो घटना दुई राजनीतिक पक्षबीचको वादविवादबाट उत्पन्न भएको थियो।

भीमपोखरा गाविस-९ का १५ वर्षीय दीपप्रसाद शर्मालाई ०५४ असार १० गते आँगन बढारिरहेको अवस्थामा सोही गाविस-८ का २२ वर्षीय होमबहादुर थापा र सूर्यबहादुर हमालले कुटपिट गरे। सोही कुरा मिलाउन भनी भोलिपल्ट गाविस अध्यक्ष होमबहादुर हमाललाई बोलाइयो। सो अवसरमा दुवै पक्षबीच छलफल भइरहेको अवस्थामा एक्कासि नरबहादुर थापाले सिठी बजाएपछि सोही गाविस-८ का राजेन्द्र थापा, डम्बरबहादुर थापा र होमबहादुर थापाले कुटपिट गर्न थाले। सो ठाउँमा झगडा मिलाउन आएका प्रेमलाल शर्मा, विद्यापति र भीमप्रसाद शर्मा पनि सो घटनामा घाइते भए। पछि राजनीतिक अगुवाइमा दुवै पक्षबीच मिलापत्र भयो।

अर्गल गाविस-४ पुवाधुनं खोलाका ४० वर्षीय ऋषिराम रोका मगरलाई ०५४ असार ७ गते वाग्लुङ बजारतर्फ आइरहेको अवस्थामा अमरभूमि-८ मा पर्ने फुर्सेडाँडा जंगलमा अपरिचित व्यक्तिहरूले पछाडिबाट घिसारेर कुटपिट गरे। सोही घटनाको आरोपमा हरिचौर गाविस-१ मर्जुङका सोमबहादुर पुनलाई गिरफ्तार गरिएको थियो। पछि उनलाई रिहा गरियो। सो घटनाको पीडक को थियो भन्ने अहिलेसम्म थाहा हुन सकेको छैन।

भीमपोखरा गाविस-६ का २६ वर्षीय प्रेम थापालाई ०५४ असार १० गते राति एमालेका गोविन्द के.सी., भीमबहादुर के.सी. र ओमबहादुर के.सी.ले पीडितको घरमा गएर मार्ने धम्की दिए।

लन्जु गाविसका उपाध्यक्ष ३५ वर्षीय कर्णबहादुर चोखालको घरमा ०५४ पुस १२ गते राति ९ बजे पत्नी सुनकली चोखाल एक्लै भएको अवस्थामा अज्ञात नकाबधारी व्यक्तिहरूको १५-२० जनाको समूहले ५० हजार रूपैयाँ नगद, २ तोला सुन र १८ तोला चाँदी धम्क्याइ डकैती गरी लगेको थियो। पीडकहरू माओवादी कार्यकर्ता भएको आशंका गरिएको छ।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

राङस्वानी गाविस-३ का ३९ वर्षीय चन्द्रमणि शर्मा, तर्कबहादुर थापा र खगेश्वर सुवेदीलाई ०५४ वैशाख २२ गते स्थानीय निर्वाचनमा उम्मेदवारी दिन जाँदा नेपाली कांग्रेस, नेकपा (एमाले) र राप्रपाका ३०-४० जना कार्यकर्ताले रोक्न खोजे। त्यसै विषयमा दुई समूहबीच झडप हुँदा नेकपा (मसाल) समर्थक चन्द्रमणि शर्माको देब्रे आँखिभौंमा, तर्कबहादुर थापाको दाहिने कानमा र खगेश्वर सुवेदीको टाउकोमा चोट लागेको थियो।

हरिचौर गाविस-९ का २३ वर्षीय ज्ञाननाथ गैरे, अर्गल गाविस-८ का २२ वर्षीय भीम घर्ती र पर्वत हुवास गाविस-४ का २५ वर्षीय राजकाजी गुरूङलाई ०५४ मंसिर १० गते

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
हत्या	६	३	३	६				
गिरफ्तारी र यातना	२	६		६	२	६		६
कुटपिट	५	७	१	८				
धम्की	१	१		१				
मौलिक अधिकार	१	३		३				
अभिव्यक्ति स्वतन्त्रता	१	४	१	५				
बलात्कार	३		३	३	१		१	१
बलात्कार प्रयास	१		१	१				
बहुविवाह	३		३	३				
पारिवारिक हिंसा	२		२	२				
बालअधिकार	१	१		१				
जातीय छुवाछूत	१		१	१				
चोरी/डकैती	१	१		१				
आत्महत्या	१३	९	४	१३				
दुर्घटनाहरू/विपत्तिहरू	१	१	१	२				
जम्मा	४२	३६	२०	५६	३	६	१	७

अनेरास्ववियू (क्रान्तिकारी) को राष्ट्रिय सम्मेलनको लागि सहयोग उठाइरहेको अवस्थामा प्रहरीले हटिया बजारबाट पक्राउ गऱ्यो। उनीहरूलाई थुनामा राखिएकोमा पुनरावेदन अदालत बाग्लुङबाट बन्दी प्रत्यक्षीकरण रिटउपर सुनुवाई हुँदा ०५४ मंसिर २४ गते छुटकारा दिने निर्णय गरियो।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँको अदालतमा २ वर्ष नाघेका मुद्दाहरू छैनन्। १ वर्ष नाघेका मुद्दा फौज्दारी २७ थिए, त्यसमा १३ थान छिनिएका छन्। यस वर्षको अन्त्यमा सरकारवादी फौज्दारी मुद्दा ३१ थान छिनिन बाँकी रहेका छन्। दुनियाँवादी फौज्दारी १ सय १ बाँकी र दुनियाँवादी देवानी १ सय ९३ बाँकी छन्। प्रक्रिया पुगेका तर फैसला हुन बाँकी मुद्दा भने छैनन्। अहिलेसम्म जम्मा ३ सय २५ मुद्दा फछ्र्यौट हुन बाँकी छन्। यो वर्ष निर्वाचनसम्बन्धी मुद्दा ४ वटा परे तर कुनै पनि यस्ता मुद्दा फैसला भएको छैन।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन, सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

लुम्साली आयोगले यस जिल्लामा वितरण गरेका केही लालपूर्जाबाहेक सुकुम्बासीले थप केही पाएका छैनन्। गत वर्षको वृद्ध, असहाय भत्ता साउनमा वितरण गरियो, यो वर्षको गरिएको छैन। नियमित छात्रवृत्ति सम्बन्धमा कुनै गुनासो सुनिएको छैन।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

नारायणस्थान गाविस-३ की ९ वर्षीय एक बालिकालाई ०५३ पुस २६ गते एयरपोर्टको सल्लाघारी खोल्सामा दाउरा गुइँठा खोज्न गएको अवस्थामा सोही गाविस-७ का २० वर्षीय नारायण सुवेदीले पैसा दिन्छु भनी बलात्कार गरे। पीडकलाई ५ वर्षको कारागार सजाय तोकिएको छ।

अधिकारीचौर गाविस-१ की ९ वर्षीय एक बालिकालाई ०५४ साउन ५ गते दिउँसो २ बजे गाई चराउन गएको अवस्थामा सोही गाविस-३ का २१ वर्षीय थमबहादुर वि.क.ले बलात्कार गरे। पीडकलाई ०५४ साउन ६ गतेको अदालतको आदेशअनुसार थुनामा राखिएको थियो।

भीमपोखरा गाविस-७ की एक बालिकालाई ०५४ साउन २९ गते सोही गाविस-५ का १९ वर्षीय मनबहादुर थापाले बलात्कार गर्ने प्रयास गरे। पीडक हाल फरार रहेका छन्।

बाग्लुङ नगरपालिका-५ गहतेकी १० वर्षीय एक

निर्वाचनमा मनोनयन पत्र दर्ता गर्न जाँदा गरिएको आक्रमणबाट घाइतेहरू क्रमशः चन्द्रमणि शर्मा, नर्कबहादुर थापा र खगेश्वर सुवेदी

बालिकालाई ०५४ कार्तिक १५ गते सोही ठाउँका २७ वर्षीय चन्द्रबहादुर सुवेदीले चिया पकाउन भनी बोलाएर बलात्कार गरे। पीडक हाल फरार रहेका छन्।

४.२ पारिवारिक हिंसा र बहुविवाह

हरिचौर गाविस-४ का ३६ वर्षीय धनबहादुर दर्जीले आफ्नै भान्जी ३० वर्षीय कमला दर्जीसंग ०५३ फागुन २१ गते दोस्रो विवाह गरे। केटीका बाबुले विवाह रद्द गर्न मुद्दा हालेका छन्।

दमेक गाविस-२ का २८ वर्षीय कलाधर सापकोटाले ०५४ वैशाख १९ गते गुल्मी रूद्रविणी गाविस-३ घर भै मावली पर्वत फलेवास बस्ने २१ वर्षीय गीता सापकोटा (रेग्मी) संग दोस्रो विवाह गरे। जेठी पत्नीले प्रहरीमा उजुरी दिएपश्चात् कारवाही चलिरहेको छ।

दमेक गाविस-७ का २९ वर्षीय मोहनबहादुर छन्त्यालले ०५४ असोज २ गते राङ्खानी गाविस-५ की २२ वर्षीय कुमारी रानासंग दोस्रो विवाह गरे। बहुविवाहअन्तर्गत उनलाई कारवाही गरियो।

यस वर्ष आफ्नै पतिद्वारा एक जना महिलाको हत्या भयो।

यस वर्ष अदालतमा ११ वटा बहुविवाहसम्बन्धी मुद्दा दर्ता भए। कतिपय घटना भने कानूनी प्रक्रियामा नै आएनन्।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

यस वर्ष ४ नाबालिकाहरू बलात्कारबाट पीडित भए भने १ जना नाबालकलाई आफ्नै आमाले हत्या गरिन्।

६. आर्थिक अधिकार
(पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु
७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

२, ४ मुरी अन्न दिनेगरी वर्षभरका लागि हलिया राख्ने चलन यहाँ छ। हली राख्दा सियोंडांव भनी १,२ हजार व्याज तिर्नेगरी वा हलो जोत्नेवाहेक अन्य कार्य गर्ने गरी दिइन्छ। प्रायः मंसिरमा हली छान्ने गरिन्छ। हली छाड्नेले सियोंडांवको रकम भुक्तान गर्नुपर्छ। तमान र राजकुल गाविसमा अप्रत्यक्षरुपमा दासप्रथा रहेको भेटिन्छ।

७.२ अन्य अमानवीय व्यवहार जातीय छुवाछूतसमेत

बाग्लुङ नगरपालिका-६ ठिकीचौंरकी २८ वर्षीय हेमकुमारी वि.क.लाई ०५४ वैशख २ गते बाग्लुङ नगरपालिका-१ स्थित कालिका भगवती मन्दिरमा पूजा गर्न जाँदा भित्र पस्न दिइएन। पुजारीले पनि गलहत्याएर निकाले।

खुंगा गाविस-३ छोरेका हेमलाल घर्ती मगरले सुन्तली कामीसंग विवाह गरी थर गुमाएर विटालु लेख्न बाध्य हुनुपऱ्यो। सुन्तलीको मृत्यु भएपछि जात खसेको भनी उनलाई घर्ती मगर त के कामीले समेत छोरी दिएनन्। अन्ततः ०५४ असोज ३ गते उनले सोही ठाउँकी वेली दमिनीसंग फेरि विवाह गर्न बाध्य हुनुपऱ्यो।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

अमलाचौर गाविस-३ काउलेका ३४ वर्षीय कृष्ण पाठकलाई ०५३ माघ १६ गते ४ वजे वरंडबाट गाड्खानी हुँदै घर आउने क्रममा मसालको प्रशिक्षण कार्यक्रममा बसेका घुल्लु बाँस्कोट गाविस-३ का २० वर्षीय मेघनाथ आचार्यसमेतका ७०-८० जना मसाल कार्यकर्ताले मसालका

हत्या गरिएका वीरबहादुर कुँवर

मानिसलाई एमालेमा प्रवेश गराएको भन्ने निहुँमा कुटपिट गरेकामा सो घटनाप्रति खेद प्रकट गर्दै ०५३ माघ १९ गते एमाले जिल्ला कमिटीले प्रेस विज्ञप्ति प्रकाशित गरी विरोध जनायो।

९. अतिरिक्त जानकारीहरु
(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

रिधा गाविस-५ की ७४ वर्षीय मनरूपी रानालाई ०५३ माघ ५ गते राति छोरीलाई अन्न दिई भन्ने रीसमा आफ्नै छोरा कुलबहादुर रानाले निदाएकी आमाको हत्या गरे। पीडकलाई थुनामा राखी कारवाही चलाइएको छ।

तित्याङ गाविस-६ की ४४ वर्षीय डल्ली दमिनीलाई ०५३ चैत ११ गते सोही ठाउँका भान्जा पर्ने दुर्गाबहादुर दर्जीले रुख काट्दा जग्गा भत्कियो भन्ने रीसमा ३२ वर्षीय टीकाबहादुर दर्जीसमेत भई रक्सी खाई दाउराले हानेर हत्या गरे। पीडक दुर्गाबहादुर र टीकाबहादुरलाई थुनामा राखिएकोमा टीकाबहादुरलाई तारेखमा छोडिएको छ।

अधिकारीचौर गाविस-६ कुदुम भण्डारी गाउँका १ वर्षीय बालक बेगबहादुर भण्डारीलाई ०५४ साउन ८ गते दिउँसो २.३० वजे कोही नभएको मौका पारी मानसिक सन्तुलन ठीक नभएकी उनकी आमा २७ वर्षीय जीवी भण्डारीले हँसियाले हानी हत्या गरिन्। पीडक जीवीलाई काठमाडौं केन्द्रीय कारागारमा सरुवा गरी थुनामा राखिएको छ। पीडक जीवीले उक्त बच्चा अवैधरूपमा गर्भधारण गरी जन्माएकी थिइन्।

राजकुत गाविस-४ का ३९ वर्षीय मोहनविक्रम कुँवरलाई ०५४ भदौ ७ गते बेलुका ४ वजे भीमगिठे गाविस-८ भीमस्वाल वजारका ३८ वर्षीय चन्द्रबहादुर कं.सी.ले बाउसोले हानी हत्या गरे। पीडकलाई थुनामा राखी कारवाही थालिएको छ।

पैयुँपाटा गाविस-४ मुसुरोबारीका २४ वर्षीय वीरबहादुर कुँवरलाई ०५४ असोज १२ गते आफ्नी आमालाई बोक्सी भन्यो भन्ने रीसमा सोही ठाउँका ३२ वर्षीय जंगबहादुर कुँवरले आँसीले गर्धनमा हाने। सो घटनाबाट पीडित वीरबहादुरलाई उपचार गराउन लाँदालाँदै मृत्यु भयो। पीडकलाई थुनामा राखिएको छ।

अधिकारीचौर गाविस-३ घेयाखेनका ४५ वर्षीय मुमपाल कामीलाई ०५४ असोज १६ गते राति आमा चाँचरीसंगको लेनदेन विषयमा झगडा भएको रीसमा आफ्नै भाइ ३७ वर्षीय गनबहादुर कामीले मुङ्ग्रोले हाने। सोही चोटका कारण पीडितको भोलिपल्ट विहान मृत्यु भयो। पीडक गनबहादुरसंगै भएर पनि मुकदर्शक बस्ने चन्द्रलाललाई थुनामा राखिएको छ।

बाग्लुङ नगरपालिका-५ का ४८ वर्षीय गणेशबहादुर खत्री निहारमा भएको जुवा विवाद मिलाउन भनी ०५४ कार्तिक १८ गते छिमेकी पाला गाविस-२ खहरेका बाबुकाजी शेरचनकहाँ जाँदा साँझमा कुट्न आए भनी गाउँका सन्त शेरचन, बाबुराम शेरचन, हरि शेरचनका छोरी, पत्नीसमेत भै बोतलले हान्दा गणेशबहादुर खत्रीको टाउकोमा गम्भीर चोट

लाग्यो भने नारन खत्री र लक्ष्मण सापकोटालाई सामान्य चोट लाग्यो। भोलिपल्ट पीडकमध्येका सन्त शेरचन बाग्लुङ बजार जाँदै गरेको अवस्थामा घाइते नारन खत्री र लक्ष्मण सापकोटा मिली सन्त शेरचनलाई कुटपिट गरे। त्यसपछि दुवै पक्षबाट सार्वजनिक अपराध मुद्दा दर्ता गरियो तर कारवाही भएन।

सिरानचोकी गाविस-३ की पूर्णकली वि.क.लाई ०५४ कार्तिक १९ गते आफ्नै पति नरबहादुरले लोग्नेले हानेपछि पूर्णकलीको मृत्यु भयो। पीडकलाई थुनामा राखी कारवाही चलाइएको छ।

यस वर्ष यो जिल्लामा व्यक्तिगत रिसइवीका कारण भएका कुटपिटबाट १ महिला, दुर्घटनाबाट २ पुरुष र २ महिलासहित ४ जना र आगलागीबाट १ महिला पीडित भए। दुर्घटनाबाट १ जनाको मृत्यु भयो। ४ जना महिला र ९ जना पुरुषसमेत १३ जनाले आत्महत्या गरे।

●



३. पश्चिमाञ्चल

धवलागिरी

३.१४ पर्वत

जनसंख्या	: १४३५४७
साक्षरता	: ५२.१ प्रतिशत
महिला साक्षरता	: ३८.३ प्रतिशत
क्षेत्रफल	: ४९४ वर्ग कि.मी.
गाविस/नपा	: ५५/०
निर्वाचन क्षेत्र	: २
विद्यालय/क्याम्पस	: २६८/७
अस्पताल/स्वास्थ्यचौकी	: १/५६
टेलिफोन लाइन	: १८५
सडक (कि.मि.)	: ३८
प्रहरी कार्यालय	: ११
हुलाक	: ४४

नाम पर्वत भए पनि धवलागिरीका अन्य जिल्लाका तुलनामा सुगम नै देखिने यस जिल्लामा गुप्तेश्वर गुफा, मोदी र काली गण्डकीको संगम जस्ता पर्यटकीय स्थल रहेका छन्। यस जिल्लाअन्तर्गत अहिले पोखरा, वाग्लुङ राजमार्ग चालू भएपछि नयाँ रैनक थपिएको छ। मानवअधिकारको दृष्टिकोणले सामाजिक अपराधका घटनाहरू बढी हुने गरेको छ।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

भोर्ले गाविस-४ का ५४ वर्षीय वृषबहादुर गुरूङलाई ०५४ साउन २६ गते राति १०.३० बजे सोही गाविसका अध्यक्ष २३ वर्षीय डबिन गुरूङ र दुर्गा बहादुरलगायत्को १८/२० जनाको समूहले घरमा गई घाँटीमा छुरी प्रहार गरी हत्या गरे। पीडकहरूमध्ये डबिन गुरूङसमेतका १२ जना हालसम्म फरार रहेका छन्। सोही घटनाको आरोपमा भोर्ले गाविस-३ का चुडामणि बस्यालसहित ८ जनालाई पुर्पक्षका लागि थुनामा राखिएको थियो। पीडकहरू धरौटीमा छुटिसकेका छन्। घटना राजनीतिक पूर्वाग्रहका कारण भएको थियो।

१.२ जेल र बन्दीहरु

शिवालय गाविसमा अवस्थित "घ" श्रेणीको आधुनिक भवन भएको यस जिल्लाको कारागारमा २५ जना बन्दीहरू बस्ने क्षमता छ। बिजुली, पानी तथा अन्य नियमानुसार पाउनुपर्ने सुविधाहरूदेखि लिएर प्रशासनको व्यवहार पनि राम्रो भएकोले वन्दीहरूको कुनै गुनासो छैन। हाल ५ जना थुनुवा र ६ जना कैदी समेत ११ जना बन्दीहरू यस कारागारमा रहेका छन्। एक वर्षभन्दा बढी समयसम्म मुद्दा फैसला नभएका थुनुवा यहाँ १ जनामात्र छन्।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

जानकारीमा आएन।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

हुवास गाविसका उपाध्यक्ष दानकाजी श्रेष्ठ, महेन्द्र श्रेष्ठ र कृष्ण श्रेष्ठसमेतका व्यक्तिहरू ०५४ वैशाख १९ गते पिटिए। खानेपानी उपभोक्ता समितिको बैठक भइरहेको अवस्थामा भिन्न राजनीतिक विचारका व्यक्तिहरूबीच झगडा चर्किन गई उक्त घटना भएको थियो।

नाङलिवाङ गाविस फर्सेबजारका २० वर्षीय विराज गुरूङलाई ०५४ वैशाख २१ गते दिउँसो ४ बजे म्याग्दी, रत्नेचौर गाविसका राजु महत, राजु बोगटीसमेतका व्यक्तिहरूले कुटपिट गरे। पीडितले उक्त विषयलाई लिएर प्रहरी समक्ष उजुरी गरेता पनि पीडकहरूमाथि कारवाही भएको छैन।

देवीस्थान गाविसका २२ वर्षीय राजकुमार श्रेष्ठलाई ०५४ जेठ २ गते सोही गाविसका विक्रम क्षेत्रीलगायत् २५ जनाको हुलले कुटपिट गऱ्यो। राजनीतिक विवादबाट शुरू भएको सो घटना अन्तमा प्रहरी समक्ष पुगेपछि मात्र साम्य भएको थियो। उजुरी गरिए पनि पीडकहरूलाई कारवाही भएन।

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	-
हिरासतमा यातना	-	-	-
बलात्कृत	-	२	-
आत्महत्या	६	४	८

क्याङ गाविस-५ का १८ वर्षीय टेकबहादुर पुनलाई आफ्नै घरमा सुतिरहेको बेला ०५४ जेठ ६ गते राति १२ बजे सोही गाविस-१ का सदस्य भीम पुनसमेतका व्यक्तिहरूले घरको ढोका फोरी पीडितलाई बहिर ल्याइ बेहोस हुने गरी कुटपिट गरे। सोही ठाउँको अर्को घरभित्र पसी सुतिरहेका छामबहादुर पुनलाई पनि सोही भीडले कुटपिट गरी घाइते पारे। पीडकहरू सो दिन विपक्षी दलका घर-घरमा पसी समर्थकहरूलाई आतंकित पारेपछि राजनीतिक समझदारी अनुसार घटनाको अन्त्य भएको थियो।

तिलाहार गाविस-३ गिज्यानका सेतेलाई ०५४ वैशाख ३० गते राति ९ बजे सोही ठाउँका देवेन्द्र घिमिरे लगायत २ जनाले विपरीत राजनीतिक पार्टीमा लागेको कारण जनाइ कुटपिट गरे।

तिलाहार गाविस दोविल्लाका डम्बरबहादुर श्रेष्ठलाई ०५४ जेठ २ गते सोही ठाउँका विष्णु के.सी. ले खुकुरीले हानी टाउकोमा ६ इन्च लामो घाउ बनाइदिए। पीडित पक्षले यस घटनामा संलग्न विष्णु के.सी. समेतका व्यक्तिहरूमाथि कारवाही गरी न्याय पाउनको लागि जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। तर कारवाही भएको छैन।

पाखापानी गाविस-२ का ३४ वर्षीय नुवाप्रसाद पौडेललाई राजनीतिक रीसइवीका कारणले ०५४ साउन २७ गते सोही ठाउँ बस्ने कर्णबहादुर नेपालीलगायतका व्यक्तिहरूले बेहोस हुनेगरी कुटपिट गरे। पीडितको स्थिति चिन्ताजनक भई पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरा र शिक्षण अस्पताल पोखरामा उपचार गराउनुपर्‍यो। प्रहरीबाट पीडकलाई पक्राउ गरेकोमा पीडितहरूको उपचार खर्च बेहोर्ने शर्तमा रिहा गरियो।

शिवालय गाविस-४ लक्ष्मी होटलका मालिक ५० वर्षीय ऋषिराम आचार्यलाई ०५४ भदौ ६ गते नेपाल विद्यार्थी संघद्वारा आयोजित नेपाल बन्दको सिलसिलामा लेखापाल सुन्दर श्रेष्ठसमेतका व्यक्तिहरूले होटल भित्र ओहोरदोहोर गर्न खुला राखिएको ढोकाको विषयमा झगडा गरी तोडफोड गरेर कुटपिट गरे।

पाङसाङ गाविस-७ विर्लेसकका ३४ वर्षीय जगतबहादुर कुँवरलाई कापे घर्तीको घर आँगनमा सोही गाविस-७ का कोसे भन्ने डोलेन्द्रबहादुर कुँवरले हँसियाले प्रहार गरी सख्त घाइते बनाए। आपसी लेनदेनको रीसइवीको कारणले भएको उक्त घटनाका पीडक हाल फरार छन्।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

हुवास गाविसका एमाले पक्षका उम्मेदवारहरूलाई ०५४ वैशाख २२ गते नेपाली कांग्रेस र राप्रपा पक्षका व्यक्तिहरूले मतदान केन्द्र कब्जा गरी उम्मेदवारी मनोनयन गर्नबाट वञ्चित गरे। सोही विवादका कारण जेठ ४ गते हुन नसकेको निर्वाचन विभिन्न राजनीतिक पार्टीबीच समझदारी भई ०५४ जेठ १० गते भएको थियो।

वाच्छा गाविस-९ का १६ वर्षीय छविलाल गुरूङलाई ०५४ साउन ४ गते जिल्ला विकास समितिको चुनावको क्रममा इलाका नं. ८ को मतदान केन्द्र पाङराङ गाविसको तीनकुनामा कुर्घा गाविस-८ का अन्दाजी २० वर्षीय मुनाल गुरूङ र सोही ठाउँ बस्ने श्याम गुरूङले लाठी र खुकुरीले हानी घाइते बनाए। सो सम्बन्धमा जिल्ला प्रहरी कार्यालयमा उजुरी परे पनि पीडकलाई कारवाही भएन।

वाच्छा देउराली गाविस-९ का २४ वर्षीय राजकुमार गुरूङलाई स्थानीय निर्वाचनको राजनीतिक रीसइवीको कारण ०५४ भदौ २१ गते बेलुका भलिबल खेलेर घरतर्फ फर्किरहेको अवस्थामा सोही गाविसको गौरावारी भन्ने ठाउँमा गाविस उपाध्यक्षसहित १०/१२ जनाको समूहले कुटपिट गरी सख्त घाइते बनाए।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

पर्वत जिल्ला अदालतमा यस वर्ष १ सय ७९ मुद्दाहरू फैसला भए। संक्षिप्त कार्यविधि ऐनअन्तर्गतका देवानी ४ र फौज्दारी ७ गरी ११ वटा, सार्वजनिक अपराध ऐनअन्तरगत ९,

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरूष	महिला	जम्मा		पुरूष	महिला	जम्मा
हत्या	१	१		१				
गिरफ्तारी र यातना	१	७	१	८	१	७	१	८
कुटपिट	१५	२७	१	२८				
निष्पक्ष चुनाव	१							
आत्महत्या	८	५	३	८				
दुर्घटनाहरू/विपत्तिहरू	६	५	१	६				
जम्मा	३३	४५	६	५१	१	७	१	८

गत दुई वर्षभन्दा बढी समयदेखि विभिन्न कारणले लम्बिएको ९ वटासमेत ०५४ पुस १५ गतेसम्म जम्मा १ सय ८० वटा मुद्दाहरू यस अदालतबाट फैसला हुन बाँकी रहेका छन्।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन, सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

निलाहार गाविस-२ की ३२ वर्षीय देवी रिमाललाई पकुवा गाविस-७ का ४७ वर्षीय रुद्रबहादुर रिमालले पत्नी हुँदाहुँदै विवाह गर्छु भन्ने आश्वासन दिई आफ्नो घरमा नलगी अन्यत्र राखी गर्भवती बनाए। पीडितबाट ०५४ भदौ १५ गते छोरा जन्मियो। केही समयपश्चात् पीडकले दोस्रो पत्नीलाई पनि घरमा लगेर केही दिनपछि देवी र पति मिली पहिली पत्नीलाई घरबाट लखेट्ने, पिट्ने काम गरे।

४.२ पारिवारिक हिंसा र बहुविवाह

जानकारीमा आएन।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय / अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

धाडरिङ गाविस-४ की अविवाहित १६ वर्षीय एक युवतीले ८ महिनाको गर्भबाट ०५४ भदौ २१ गते बच्चा जन्माई भदौ २५ गते घाँटी थिची हत्या गरिन्। सो गर्भ पाङ गाविस-८ का कृष्णबहादुर वि.क. को रहेको बताइन्छ। पीडकलाई प्रहरीले पक्राउ गरी कर्तव्य ज्यान मुद्दामा अदालतमा पेश गरेको थियो। अदालतको आदेशमा उनी छुटेकी छन्।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

जानकारीमा आएन।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

भोर्ले गाविस-४ का ५४ वर्षीय विर्षबहादुर गुरूङको हत्या गरिएकोमा विरोध गर्दै नेकपा (एमाले) पर्वत जिल्ला कमिटीले पर्चा वितरण गरेको थियो।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

मुडीकुवा गाविसका ४२ वर्षीय ठाकुरचन्द्र नेपालीलाई ०५४ जेठ २ गते सोही ठाउँका ३५ वर्षीय डाँसीराम नेपालीले पीडितको घरमा गई काठ ताछ्ने बसिलाले निधारको छाला नै ताछिदिए।

यस जिल्लामा यो वर्ष ८ जनाले आत्महत्या गरे। जसमध्ये ३ महिला र अरू पुरुष रहेका छन्। १ जनाको पोखरीमा डुबेर मृत्यु भयो। सडक दुर्घटनामा परी ३ जनाको मृत्यु भयो। २ जनाको भीरबाट खसेर मृत्यु भयो। आगलागीबाट १ जना महिला र ३ जना पुरूषको मृत्यु भयो। व्यक्तिगत रीसइवीका कारण भएका १० वटा घटनाबाट ११ जना पुरुष पीडित भए।

●



३. पश्चिमाञ्चल

धवलागिरी

३.१५ म्याग्दी

जनसंख्या	: १००५५२
साक्षरता	: ४३.३ प्रतिशत
महिला साक्षरता	: २७.३ प्रतिशत
क्षेत्रफल	: २२९७ वर्ग कि.मी.
गाविस/नपा	: ४०/०
निर्वाचन क्षेत्र	: १
विद्यालय/क्याम्पस	: १९५/१
अस्पताल/स्वास्थ्यचौकी	: १/४०
टेलिफोन लाइन	: १३२
सडक (कि.मि.)	: २९
प्रहरी कार्यालय	: १०
हुलाक	: ४०

धवलागिरी अंचलमा पर्ने विकट जिल्लाको रूपमा रहेको यो जिल्लामा संसारकै सबैभन्दा गहिरो गल्छी कोप्चेपानी, प्रसिद्ध रूप्से छहरा र तातो पानीको कुण्ड रहेको छ। सदरमुकाम बेनीबजारसम्म मोटर बाटो बन्दै गरेको यस जिल्लामा मगर जातिको बाहुल्यता, रहनसहन र ऐतिहासिकता पाउन सकिन्छ। पर्यटकीय स्थल मुस्ताङ जाने पैदल यात्रीहरूको बाटो रहेको यो जिल्लामा मानवअधिकारको दृष्टिकोणले सामाजिक अपराधका घटनाहरू हुने क्रममा कमी आएको पाइन्न।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

२५ जना बन्दी क्षमता भएको यहाँको जेलमा थुनुवा र कैदी गरेर २४ जना रहेका छन्। जसमध्ये १६ जना कैदी र ८ जना थुनुवा छन्। १० रोपनी जग्गामा फैलिएको "ग" श्रेणीको यस कारागारमा पत्रिका र खेलकुदका सामाग्रीको अभाव हुनुका साथै रातिका लागि शौचालयको असुविधा भएको बन्दीहरू बताउँछन्।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

जानकारीमा आएन।

१.४ बेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

भकिम्ली गाविस-५ का ३१ वर्षीय यमबहादुर पुनलाई ०५४ साउन ४ गते राति छतान गाविस-६ का रवि के.सी. र मोहन के.सी.लगायत्का १८ जनाको समूहले कुटपिट गरे। पीडितको बाँया हातको दुईवटा औंला कामै नलाग्ने गरी काटिएको छ। पीडकहरू सामान्य कारवाहीपश्चात् राजनीतिक व्यक्तिको दबाबमा छुटिसकेका पीडितको गुनासो छ।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन, सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

जानकारीमा आएन।

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	–	–	–
हिरासतमा यातना	–	३	–
बलात्कृत	१	–	–
आत्महत्या	५	१	५

आफ्नै छोराद्वारा टाउको छिनाइ हत्या गरिएका रणबहादुर खत्री

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

जानकारीमा आएन।

४.२ पारिवारिक हिंसा र वहुविवाह

बाबियाचौर गाविस-७ की ३३ वर्षीय सुन्तली किसानलाई ०५४ जेठ २ गते सोही ठाउँका भीमबहादुर किसानले कोदालो प्रहार गरी हत्या गरे। पीडकले आफ्नी पत्नीलाई कुटपिट गरेपछि सुन्तलीले छुट्टाउन जाँदा उक्त घटना भएको थियो। पीडकलाई स्थानीय व्यक्तिहरूले पक्राउ गरी प्रहरीको जिम्मा लगाए।

बञ्चरो प्रहार गरी हत्या गरिएका कर्मबहादुर तिलिजा

भगवती गाविस-७ का हरिबहादुर भण्डारीले आफ्नै पत्नी कोपिला भण्डारीलाई वारम्वार कुटपिट गरिरहने र घरवाट निकालिदिने धम्की दिने कार्य गरी शिख गाविस- ७ की १७ वर्षीय सरस्वती भण्डारीसंग ०५४ साउन ३० गते दोस्रो विवाह गरे। हाल पीडकले कोपिलालाई घरवाट निकालिदिएका छन् भने कोपिला भण्डारीले जिल्ला प्रहरी कार्यालय, म्याग्दीमा जाहेरी दरखास्त टिप्की छन्।

रत्नेचौर गाविस-५ का धनबहादुर खत्रीले सोही ठाउँकी कमला खत्रीलाई दोस्रो विवाह गरे। जेठी पत्नी जुना खत्रीको ०५४ असोज १ गते जाहेरी परेकोले पीडक धनबहादुर खत्री र कमला खत्रीलाई जिल्ला प्रहरी कार्यालय म्याग्दीमा राखिएको छ।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

जानकारीमा आएन।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार

(पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारी आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
हत्या	३	२	१	३				
कुटपिट	५	११	१	१२				
बहुविवाह	२		२	२				
आत्महत्या	५	२	३	५				
दुर्घटनाहरू/विपत्तिहरू	४	४	४	८				
जम्मा	१९	१९	११	३०				

झगडा छुट्टाउन जाँदा हत्या गरिएकी सुन्तली किसान

कुटपिटबाट घाइते यमबहादुर पुन

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

जानकारीमा आएन।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

बेगखोला गाविस-१ का ४८ वर्षीय कर्णबहादुर तिलिजालाई ०५४ जेठ १४ गते सोही ठाउँका मनिराज पुलामीले बञ्चरो प्रहार गरी हत्या गरे। पीडकले आफ्नै टाउकोमा पनि धारिलो हतियार प्रयोग गरी आत्महत्या गर्ने प्रयास गरेका थिए।

पाल्लेखेत गाविस-४ का ७२ वर्षीय रनबहादुर खत्रीलाई ०५४ भदौ १६ गते आफ्नै छोरा कृष्णबहादुर खत्रीले आफूलाई नपुंसक भनेको आरोपमा खुकुरी प्रहार गरी हत्या गरे।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कुटपिटका कारण भएको घटनाबाट ६ जना पुरूष र १ जना महिलासमेत ७ जना पीडित भएका छन्। दुर्घटनाबाट ७ जना पीडित भए। विपत्तिबाट १ जना र चट्याङबाट १ जनाको मृत्यु भयो। २ जना पुरुष र ३ जना महिलासमेत ५ जनाले आत्महत्या गरे।

●



३. पश्चिमाञ्चल

धवलागिरी

३.१६ मुस्ताङ

जनसंख्या	: १४२९२
साक्षरता	: ४५.४ प्रतिशत
महिला साक्षरता	: ३१.४ प्रतिशत
क्षेत्रफल	: ३५७३ वर्ग कि.मी.
गाविस/नपा	: १६/०
निर्वाचन क्षेत्र	: १
विद्यालय/क्याम्पस	: ६४/०
अस्पताल/स्वास्थ्यचौकी	: १/१८
टेलिफोन लाइन	: ३
सडक (कि.मि.)	: ०
प्रहरी कार्यालय	: १३
हुलाक	: १६

नेपालका दुर्गम जिल्लामध्येको पनि दुर्गम हिमाली जिल्ला हो- मुस्ताङ। हिमालपारिको जिल्लाका रूपमा परिचित सिंगै मुस्ताङ जिल्ला विदेशी-स्वदेशी पर्यटकका लागि कयौं वर्षदेखि रहस्यको विषय बन्दै आएको छ। यो जिल्लामा हिन्दूहरूको पवित्र तीर्थस्थल मुक्तिनाथको दर्शन गर्न लाखौं धर्मावलम्वीहरू आउने गर्दछन्। विभिन्न ताल, तलैया, जडिबुटीको भण्डार मानिने यो जिल्लामा दामोदर कुण्ड, कालिगण्डकी, टुकुचे एवं धौलागिरी र निलगिरी हिमालको आकर्षण तथा मार्फा, थाक सातसय, कागवेनी, ताङ्वे, वाह्र गाउँ, पाँच गाउँ जस्ता गाउँ र यहाँका रहनसहन, रीतिरिवाजले सबैको ध्यानाकर्षण गराएका छन्। यातायातको अति असुविधा, शिक्षित जनजातिको कमी, मुस्ताङे राजाको आफ्नैखाले शासन पद्धति र विपन्नताका समस्याले गर्दा यहाँका मानिसमा अझै आवश्यक चेतना आउन सकेको छैन तापनि मानवअधिकार र सामाजिक न्यायप्रति केही चेतनाको विकास हुँदै गएको छ। माथिल्लो मुस्ताङका प्रायः मुद्दा मामिला मुस्ताङे राजाद्वारा नै छिनोफानो हुने हुँदा यहाँको अदालतप्रति जनतालाई खासै चासो छैन।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

मार्फा गाविस-८ जोमसोममा रहेको यहाँको जेलको क्षेत्रफल ६ रोपनी २ आना १ पैसा छ। पुरानो र माटोको छाना भएको यस भवनमा हाल ८ कोठा छन्। ३ जना बन्दी र १ जना थुनुवा रहेको यस जेलमा सबै पुरुष नै छन्। यहाँ सबै बन्दीहरूलाई नेल लगाएर राखिने गरिन्छ। ३ वर्ष र सोभन्दा बढी समयदेखि थुनामा रहेका २ जना, १ वर्षदेखि ३ वर्षसम्मका १ जना तथा ६ महिनादेखि १ वर्षसम्मका १ जना बन्दी रहेका छन्।

बन्दीहरूसंग उनीहरूको समस्याबारे प्रश्न गर्दा बिहान साढे २ घण्टा र बेलुका साढे १ घण्टामात्र बाहिर कम्पाउण्डमा निस्किन पाइने हुँदा जाडोको समयमा घाम ताप्न नपाइने भएको, तोकिएको समयबाहेक पिसाब लाग्दा आफूहरूलाई राखेको कोठामा रहेको टिनमा पिसाब गर्नुपर्ने भएबाट दुर्गन्ध फैलिएको बन्दीहरूको गुनासो छ। श्री ५ को सरकारबाट प्राप्त हुने सुविधा बढ्दो महंगीले गर्दा अपुग भएको गुनासो पनि उनीहरूको छ।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

जानकारीमा आएन।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

जानकारीमा आएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	-
हिरासतमा यातना	-	-	-
बलात्कृत	-	-	१
आत्महत्या	-	-	-

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा अधिकांश मुद्दाहरू गाउँका मुखिया, र मुस्ताङ राजाले मिलाउने हुँदा जिल्ला अदालतमा ज्यादै थोरैमात्र मुद्दा पर्दछन्। हाल मुस्ताङ जिल्ला अदालतमा रहेका ६ वटा मुद्दामध्ये अंश मुद्दा १, लेनदेन मुद्दा ३, अदालतको अपहेलना मुद्दा १ र भ्रष्टाचार सम्वन्धी मुद्दा १ रहेका छन्। मुद्दाको आवश्यक प्रमाण नपुगेकोले २ वर्षसम्म नछिनिएको मुद्दा मुस्ताङ राजा जिग्मी पलवर विष्ट र उनके भाउजू डिकी डोल्कर विष्टको अंश मुद्दा रहेको छ। अदालतको अपहेलना सम्वन्धी एउटा मुद्दा १ वर्षसम्म नछिनिएको र अरू बाँकी ६ महिनाभन्दा कम समयका मुद्दा रहेका छन्।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

दिव्यदीप मा.वि. छोसेरका प्रा.वि. शिक्षक टाशिरङ्ग गुरुङलाई ०५४ वैशाख १ गते वेला-वेलामा चीनको स्वशासित क्षेत्र तिब्बतमा गई व्यापार गरेको निहुँ बनाई विद्यालय व्यवस्थापन समितिले निलम्वन गर्ने निर्णय गर्‍यो। राजनीतिक आस्थाको कारणले आफूलाई पक्षपातपूर्ण तवरबाट निलम्वन गरेको कुरा पीडित बताउँछन्।

दिव्यदीप मा.वि. छोसेरबाट योगेन्द्र मा.वि. टुकुचेमा सरुवा गरिएका शिक्षक चुडामणि शर्मालाई ०५४ असोज १४ मा उक्त विद्यालयमा आउँदा हाजिर हुन दिइएन। खाली भएका ठाउँमा सरुवा भै आएका शिक्षकलाई हाजिर गराउनुपर्छ भनी उक्त विद्यालयका १६ जना शिक्षकले २ दिनसम्म पेन डाउन र १४ जना शिक्षकले प्रधानाध्यापकले राजीनामा दिनुपर्ने भनी लिखित माग गरेका थिए। पछि जिल्ला शिक्षा कार्यालयको पत्रानुसार हाजिर गराइयो।

३. भूमिहीन, सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

श्री ढाकमर प्रा.वि. की २२ वर्षीय शिक्षिकालाई ०५४ साउन १७ गते घिलिङडाँडामा जम्बु टिप्न गएको बेलामा सोही विद्यालयका ३८ वर्षीय श्रीबहादुर थापाले बलात्कार गरे। पीडित शिक्षिकाले जिल्ला प्रहरी कार्यालय जोमसोमबाट कारवाही चलाई दोषीउपर कडा सजायको माग गर्ने इच्छा भए पनि स्थानीय नियमअनुसार गाउँमा नै मुद्दा मिलाई पीडकलाई रू. १२ हजार जरिवाना गरी भृकुटी प्रा.वि. किमलिङमा सरुवा गरियो।

४.२ पारिवारिक हिंसा र बहुविवाह

जानकारीमा आएन।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

मुक्तिनाथ गाविस-१ मा प्लाष्टिकको बोरामा पोको पारी फालेको अवस्थामा ०५३ फागुन २८ गते एक नवजात शिशुको लास प्राप्त भयो। समय पुगी जन्माइ फालिएको सो शिशुको सम्वन्धमा प्रहरीले अनुसन्धान गरिरहेको छ।

५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
हत्या	१	१		१				
कुटपिट	४	३	२	५				
धम्की	१	१		१				
बलात्कार	१		१	१				
आर्थिक अधिकार	२	२		२				
जम्मा	९	७	३	१०				

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

जानकारीमा आएन।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेपाल राष्ट्रिय शिक्षक संगठनले शिक्षक हक, हित र मर्यादाको लागि तत्कालीन शिक्षामन्त्री देवीप्रसाद ओझासमक्ष ०५४ जेठ १ गते आफ्ना १८ सूत्रीय माग पत्र पेश गर्‍यो। सोही दिन नेपाल शिक्षक संघले पनि शिक्षामन्त्रीसमक्ष आफ्नो मागपत्र पेश गरेको थियो।

नेपाल शिक्षक संघ केन्द्रीय कमिटीको आह्वानमा नेपाल शिक्षक संघ मुस्ताङले आफ्ना विभिन्न मागसहित ०५४ असोज ३ गते जिल्ला शिक्षा कार्यालय घेराउ कार्यक्रम सम्पन्न गर्‍यो।

९. अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा व्यक्तिगत रीसइवीका कारण भएका ६ वटा घटनाबाट ९ महिला र ३ जना पुरूषसमेत १२ जना पीडित भए।

●

मध्य पश्चिमाञ्चल

४.१ दाङ

४.२ प्युठान

४.३ रोल्पा

४.४ सल्यान

४.५ रूकुम

४.६ बाँके

४.७ बर्दिया

४.८ सुर्खेत

४.९ जाजरकोट

४.१० दैलेख

४.११ डोल्पा

४.१२ जुम्ला

४.१३ कालिकोट

४.१४ मुगु

४.१५ हुम्ला



४. मध्यपश्चिमाञ्चल

राप्ती

४.१ दाङ

जनसंख्या	३५४४१३
साक्षरता	४०.६ प्रतिशत
महिला साक्षरता	२४.९ प्रतिशत
क्षेत्रफल	२९५५ वर्ग कि.मी.
गाविस/नपा	३९/२
निर्वाचन क्षेत्र	४
विद्यालय/क्याम्पस	३०१/४
अस्पताल/स्वास्थ्यचौकी	६/४२
टेलिफोन लाइन	१२५६
सडक (कि.मि.)	६०४.५
प्रहरी कार्यालय	३२
हुलाक	४१

महाभारत र चुरे श्रेणीबीचको उपत्यका तथा चुरे श्रेणीदेखि दक्षिण राप्ति नदीको तटमा रहेको यो जिल्ला मध्यपश्चिमाञ्चलको सुगम जिल्लाका रूपमा चिनिन्छ। बाँके, सुर्खेत, सल्यान, रोल्पा, प्युठान र भारतसंग समेत जोडिएको यो जिल्ला अर्घाखाँची र कपिलवस्तुलाई पनि छुन पुगेको छ। कमैयाहरूका कारण बेलाबेलामा चर्चामा आइरहने यो जिल्लामा विगत केही वर्षदेखि मानवअधिकार संस्थाहरू सक्रिय रहेका कारण कमैयाहरू र अन्य सर्वसाधारण समेतमा मानवअधिकार सम्बन्धी चेतना अभिवृद्धि हुन थालेको छ।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

दुईवटा कारागार रहेको यस जिल्लामा घोराहीस्थित कारागारको बन्दी क्षमता ४५ जनाको छ। यस जेलमा ५ वटा कोठा छन्। २०२० सालतिर निर्माण गरिएको यो जेल हेर्दा २५ जना पनि अट्न गाह्रो देखिन्छ। वर्षायाममा पानी चुहिने यस जेलमा पिउने पानी खोलाबाट ल्याउनुपर्ने बाध्यता छ। हाल ५७ जना बन्दी यस जेलमा छन्। जसमध्ये ४ जना मात्र कैद तोकिएका बन्दी छन् भने अन्य सबै थुनुवाको रूपमा रहेका छन्। पुरूष र महिलाका लागि छुट्टै स्थान नभएकोले एकै ठाउँमा बस्नुपर्ने बाध्यता छ। १ देखि ३ वर्षसम्मका बन्दी ३४ जना रहेका छन्। पानीको परिपूर्ति, मौसमअनुरूपको कपडा, मनोरञ्जनका सामाग्री र सीपमूलक तालिमको व्यवस्था हुनुपर्ने माग बन्दीहरूको रहेको छ।

तुलसीपुरस्थित "घ" श्रेणीको जेल १ सय जना बन्दी क्षमताको हो। कैद तोकिएका १ सय ५ र कैद नतोकिएका २५ जनामध्ये महिला १० जना रहेका छन्। नाबालकको संख्या ३ रहेको छ। ३ वर्षभन्दा बढी समयदेखिका थुनुवाहरू यस जेलमा छैनन्। यस वर्ष बन्दीहरूले कुनै उल्लेख्य कार्यक्रम, विरोध गरेनन्। सीपमूलक तालिम, पुस्तकालय र नाबालकलाई पढाउने व्यवस्था हुनुपर्ने माग बन्दीहरूको छ।

त्रिभुवन नगरपालिका-७ का ५८ वर्षीय लोकबहादुर रामजालीको महेन्द्र अस्पतालमा उपचार गराउँदा गराउँदै ०५४ कार्तिक ४ गते मृत्यु भयो। उनी ज्यान मारेको अभियोगमा २०५१ साउन ५ गते जेल परेका थिए। १० वर्ष कैद तोकिएका रामजालीलाई उपचारका लागि ०५४ असोज २९ गते तुलसीपुर जेलवाट घोराही जेल सरूवा गरिएको थियो।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

लालमटिया गाविस-३ भालुवाङमा रोल्पा, घर्ती गाउँका २४ वर्षीय हिमबहादुर घर्ती र २८ वर्षीय प्रेमबहादुर बूढालाई ०५४ भदौ १८ गते भालुवाङ प्रहरी चौकीले विना पूर्जी गिरफ्तार गऱ्यो। उनीहरूलाई दश दिनपछि छोडियो।

हाँसीपुर गाविस-६ का ५० वर्षीय नवराज महरा र २९ वर्षीय टुकमान अधिकारीलाई ०५४ मंसिर ८ गते प्रहरीले विना

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	-
वन सुरक्षाकर्मीको गोलीले मृत्यु	१	-	-
यातनाले मृत्यु	-	१	-
थुनामा मृत्यु	-	-	१
हिरासतमा यातना	५	४	-
बलात्कृत	२	६	३
बावुद्वारा	१	१	-
प्रहरीद्वारा	-	१	१
आत्महत्या	९	६०	७

पूर्जी पक्राउ गरी हातहतियार र खरखजना अन्तर्गत मुद्दा चलाइ थुनामा राखिएको छ।

लोहारपानी गाविस-६ का २२ वर्षीय किमबहादुर बूढालाई ०५४ पुस १४ गते मुर्कुटी प्रहरी चौकीले गिरफ्तार गऱ्यो। पीडितलाई माओवादी गतिविधिमा संलग्न भएको आरोप लगाइएको छ।

१.४ बेपत्ता पारिएको (राज्य पक्षबाट)

नारायणपुरस्थित इलाका प्रहरी कार्यालयले पक्राउ गरेको रोल्पा, मिरुल गाविसका २५ वर्षीय रामधन बूढा प्रहरीके कब्जाबाट बेपत्ता पारिएका छन्। ०५३ पुस १९ गतेदेखि उनलाई बेपत्ता पारिएको हो। माओवादी भएको आरोपमा बूढा पक्राउमा परेका थिए।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

सनबरिया गाविस-२ का ३६ वर्षीय धौलु चौधरी र कपिलवस्तु जिल्ला कृष्णनगरका ३२ वर्षीय राजेन्द्रकुमार सिंहनियासमेत ३ जनालाई ०५४ जेठ ३ गते सोही गाविसका देवेन्द्र खड्का र कमान सिं खड्का समेतका व्यक्तिहरूले सख्त घाइते हुनेगरी कुटपिट गरे।

डुरूवा गाविस-५ का २३ वर्षीय माधव सुवेदीसमेत ८-१० जनालाई सोही गाविसका २२ वर्षीय प्रदीप खड्का र तोरण भन्ने ड्राइवर श्रेष्ठले ०५४ जेठ ४ गते राजनीतिक प्रतिशोधका कारण गोली प्रहार गरे। सोही दिन प्रदीप खड्का र ड्राइवर श्रेष्ठलाई अर्को समूहका केही व्यक्तिहरूले कुटपिट गरी घाइते बनाए।

सोनपुर गाविस-७ का २७ वर्षीय उदयराज घर्तीलाई

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
हत्या	९	९	१	१०				
गोलीद्वारा हत्या	१		१	१				
थुनामा मृत्यु	१	१		१	१	१		१
गोली	२	३		३				
गिरफ्तारी र यातना	८	१२		१२	८	१२		१२
बेपत्ता पारिएको	१	१		१	१	१		१
कुटपिट	१९	१८	६	२४				
धम्की	९	८	३	११	१	१		१
अभिव्यक्ति स्वतन्त्रता	१	१	१	२				
निष्पक्ष न्यायिक अधिकार	१	१		१				
सरूवा	२	३	१	४	२	३	१	४
महिला किनबेच	१		२	२				
बलात्कार	३		३	३				
बलात्कार प्रयास	१		१	१				
महिला भएकै कारणले दिइने यातना	१		१	१	१		१	१
बहुविवाह	१		१	१				
पारिवारिक हिंसा	१		१	१				
गर्भपतन	१		१	१				
आर्थिक अधिकार	१	३		३				
जातीय छुवाछूत	२	१	२	३				
अमानवीय व्यवहार	१	१	१	२				
आतंक	३	२	१	३				
ब्लाकमेल	१	१		१				
चोरी/डकैती	२	२		२				
आत्महत्या	७	४	३	७				
अन्य	१		१	१				
दुर्घटनाहरू/विपत्तिहरू	११	९	४	१३				
जम्मा	९२	८०	३५	११५	१४	१८	२	२०

०५४ जेठ ७ गते राति सोही ठाउँका दुर्गाबहादुर के.सी.ले कुटपिट गरी घाइते बनाए। राजनीतिक रीसइवीका कारण उक्त घटना भएको थियो।

तुलसीपुर नगरपालिकाका उपमेयर २७ वर्षीय घनश्याम पाण्डेलाई ०५४ असार २९ गते सोही ठाउँका सुशीला के.सी.लगायत्का व्यक्तिहरूले उपमेयर पदबाट राजीनामा नगरेमा ज्यानै लिने धम्की दिए।

खुकुरी प्रहारबाट घाइते भग्गु चौधरी

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

त्रिभुवन नगरपालिका-१० मा नेकपा (मसाल), दाङका प्रवक्ता ५८ वर्षीय रश्मी नेपालीसहित १२ जनालाई सरकारले ल्याउन लागेको आतंककारी विधेयकको विरोध गरेका कारण ०५४ असोज २ गते प्रहरीले पक्राउ गरेर कार्यक्रममा अवरोध खडा गर्‍यो। पीडितहरू सबैलाई सोही दिन छोडिएको थियो।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस वर्ष ३ सय ६ देवानी, १ सय ९ फौज्दारी र ६९ सरकारवादी समेत जम्मा ५ सय ४४ मुद्दा दर्ता भए। तीमध्ये ७३ वटा फैसला भए, ३४ वटा मुद्दा मिलापत्रमा टुंगिए, २ वटा खारेजी भए। यस वर्ष परेका मुद्दाहरू मध्ये ४ सय ३५ वटा मात्र फैसला हुन बाँकी छन्।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

महेन्द्र अस्पताल, दाङका ३९ वर्षीय योगेन्द्र न्यौपानेसहितका ७ जनालाई आस्थाका आधारमा ०५४ मंसिर १२ गतेको निर्णयअनुसार सरूवा गरियो। पीडित पक्षले रिट दिएपश्चात् जनस्वास्थ्य कार्यालयलाई कारण देखाउ आदेश जारी भएको छ। दुई वर्ष नपुगी सरूवा गर्न नमिल्ने स्वास्थ्य विभागको नियम र पति -पत्नी अलग गर्न नपाइने नियमसमेत मिचिएको गुनासो पीडितहरूको छ।

३. भूमिहीन, सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

फूलबारी गाविस-२ की १८ वर्षीय एक युवतीलाई ०५३ फागुन २६ गते सोही गाविसका २८ वर्षीय लुमाहर्ष कार्की र हेर्मन नेपालीले बलात्कार गरे। पीडकहरूलाई तत्काल गिरफ्तारी गरिएको थियो। मिलापत्र गराई छोडियो।

धर्ना गाविस-५ पिपलटाकुराकी २१ वर्षीय शारदा नेपालीलाई ०५४ असार १० गते परपुरूषसंग कुरा गरेको निहुँमा २५ वर्षीय पति शान्तराम नेपालीले खुकुरी प्रहार गरी घाइते बनाए। पीडक तारेखमा छन्।

पवननगर गाविस-३ की २८ वर्षीय एक युवतीलाई ०५४ साउन २० गते आफ्नै भाइ राम वि.क.ले बलात्कार गर्ने प्रयास गरे। उनीहरूबीच ०५४ भदौ २६ गते मिलापत्र भयो।

सैघा गाविस-४ की १८ वर्षीय एक युवतीलाई ०५४ असोज ६ गते राति सोही ठाउँमा रहेको अस्थायी प्रहरी चौकीका हवल्दार वीरबहादुर मल्लले बलात्कार गरे। विभागीय कार्वाहीका लागि पीडकलाई जिल्ला प्रहरी कार्यालय बोलाइएको थियो।

सोनपुर गाविस-८ की १७ वर्षीय एक कमैया युवतीलाई विवाह गर्छु भनी गर्भधारण गराउने सोही ठाउँका भरत देवकोटाले विवाह गरेनन्। प्रहरीमा पीडितले निवेदन दिए पनि कारवाही भएन।

त्रिभुवन नपा, घोराहीमा डेरा गरी बस्ने १७, १८ र १९ वर्षीय वीरमाया रोका, सविना बुढा र कमला घर्तीलाई ०५४ वैशाख २० गते काठमाडौंमा निःशुल्क कम्प्युटर सिकाइदिने बहानामा फकाई फुल्याइ भारतको बम्बई वेश्यालयमा लगी प्रतिव्यक्ति ३५ हजार रूपैयाँका दरले बेचेकोमा प्रहरीले रूकुम राङ्सीका आशबहादुर पुनलाई पक्राउ गरी पुर्पक्षका लागि थुनामा राखेको छ। सोही पीडकले लक्ष्मीपुर गाविस-१ की १७ वर्षीय शुकमाया दर्लामी र रेखा घर्तीलाई ०५४ जेठ १५ गते भारतमा लगी बिक्री गरेका थिए।

बिजौरी गाविस-१ दूधरासकी १२ वर्षीय एक बालिकालाई ०५४ असार ६ गते नारायणपुर गाविस-३ का शिवकुमार शर्माले बलात्कार गरे। पीडक पुर्पक्षका लागि थुनामा रहेका छन्।

४.२ पारिवारिक हिंसा र वहुविवाह

गंगा परस्पुर गाविस-५ का राजेश श्रेष्ठले ०५४ भदौ १३ गते २८ वर्षीय अनिता वि.सी.संग दोस्रो विवाह गरे। पीडकहरूलाई पक्राउ गरिएकोमा धनमाल सम्बन्धी मुद्दा चलेको छ।

पवननगर गाविस-१ की १५ वर्षीय चेतकुमारी पाण्डेलाई श्रीधर के.सी.संग प्रेम विवाह गरी घर गइरहेका वेला इलाका प्रहरी कार्यालय लमहीले ०५४ असार १६ गते अमानवीय व्यवहार गरी अड्डासारद्वारा बाबुको घर पुऱ्याइदियो।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

मानपुर गाविस-७ की २० वर्षीय सीना श्रेष्ठले अवैध यौन सम्पर्कद्वारा रहन गएको गर्भबाट बच्चा जन्माई फालेको अभियोगमा ०५४ असार १३ गते प्रहरीले सीनालाई गिरफ्तार गऱ्यो। थुनामा राखिएकोमा ०५४ पुस ८ गते अदालतबाट सफाई पाई छुटेका छन्।

पवननगर गाविस-७ की ३३ वर्षीय दिउनी कुमारीको गुप्ता मेडिसिन डिष्ट्रिव्युटर्समा गर्भपतन गराउँदा अत्याधिक रक्तश्रावका कारण मृत्यु भयो। भर्खरै दोस्रो पतिसंग विवाह गरेकी दिउनीले पहिलो पतितर्फबाट रहेको गर्भ थाहा नहोस् भन्नका लागि उक्त कार्य गरेकी थिइन्। अस्पतालका डाक्टरहरूले अवैध लाभ प्राप्त गरी मोटरको ठक्करबाट मृत्यु भएको बताएका र क्लिनिक मालिक यमप्रकाश गुप्तालाई कुनै कारवाही नभएको पीडित पक्षका गुनासो रहेको छ।

५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

त्रिभुवन नगरपालिका-१० की १५ वर्षीय रुपाकुमारी बूढा र १० वर्षीय सेरू बूढालाई ०५४ भदौ ९ गते साँझ जिल्ला प्रहरी कार्यालयका असइ पदमबहादुर अधिकारीले विना कारण कुटे।

त्रिभुवन नगरपालिका-१० का १२ वर्षीय रामबहादुरलाई जिल्ला प्रहरी कार्यालयले ०५४ कार्तिक ५ गते विना कारण पक्राउ गरी यातनासमेत दियो।

कुटपिटबाट घाइते रामबहादुर चौधरी

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

लालमटिया गाविस-२ खुरुन्याका ३५ वर्षीय टंकेश्वर, ३६ वर्षीय टेकबहादुर र ४० वर्षीय रामसरोज चौधरीलाई भेपराज शर्मा अधिकारीले दिने भनी कबुल गरेको ७० मन मस्यौरा दिएनन्। पीडितलाई पीडकद्वारा ०५३ माघदेखि ०५४ माघसम्मका लागि वार्षिक ७० मन मस्यौरा दिने सहमति भएको थियो।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

शान्तिनगर गाविस-१ का दुर्गाप्रसाद के.सी. लाई सोही ठाउँका डिल्लीराज कँडेलले कमैया छुटाइदिएको झोंकमा ज्यानै लिने धम्की दिए।

यो जिल्लामा कृषि मजदूर ज्यादै धेरै छन्। कमैया भनिने यस्ता मजदूरहरू जिल्लाभर करीब १३ हजार रहेका छन्। १ हजार ८ सय ६७ परिवार कमैया रहेको दाङमा प्रतिकमैया सालाखाला २० मुरी अन्नमा राख्ने गरेको पाइन्छ। जमिन्दारकहाँ नै छाप्रो हाली बस्नुपर्ने यस्ता कमैयाहरूको स्तर उठाउन भनी सरकारी र गैरसरकारी धेरै संस्था लागिपरेका छन्।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

चैलाही गाविस-३ की ५० वर्षीय तुलसा वि.क.लाई ०५३ माघ २ गते सोही ठाउँका ३० वर्षीय श्याम पाण्डेसहितका व्यक्तिले अछूत जाति भएकै कारण गाली-गलौज गरे। पीडित मुद्दा दायर गर्न अदालत पुगिन।

ढिकपुर गाविस-४ का ३६ वर्षीय शिवराज रैदाश र ३३ वर्षीय शोभादेवी रैदाशलाई सोही ठाउँका पूर्णबहादुर बुढाथोकीसमेतका व्यक्तिहरूले ठूलो जात भनिनेहरूको कुरा काटेको निहुँमा ०५४ जेठ ७ गते कुटपिट गरे।

धर्ना गाविस-५ का १९ वर्षीय कमला नेपाली र २० वर्षीय श्रीधर महराले अन्तरजातीय विवाह गरेको निहुँमा ०५४ साउन ३ गते केटाका बाबु जागेश्वर महराले दुवैलाई धम्की दिनुका साथै मानसिक यातना पनि दिइरहेका छन्।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

अनेरास्ववियू (क्रान्तिकारी) को दाङ जिल्ला सम्मेलनमा उपस्थित भएका सल्यान टमाचौरका १९ वर्षीय दीपेन्द्र चन्दलगायत्का १ सय ७ जनालाई प्रहरीले गिरफ्तार गरी कार्यक्रम गर्न नदिएकोमा भर्त्सना गर्दै अखिल नेपाल महिला संघ (क्रान्तिकारी) र अखिल (छैटौं) ले वक्तव्य निकाले।

महन्द्र अस्पताल दाङबाट योगेन्द्र न्यौपानेसहित ५ जना र प्राथमिक स्वास्थ्य केन्द्रका इन्चार्ज चिरञ्जीवी शर्मासमेत २ जना कर्मचारीहरूलाई आस्थाको आधारमा जथाभावी सरुवा गरेको भनी दाङ

कर्मचारी संगठनले विरोध जनाउँदै एक वक्तव्य प्रकाशित गऱ्यो। उक्त कार्यलाई नि.से.नि. विरुद्ध भनी संगठनले सम्बन्धित निकायको ध्यानाकर्षण गराएको थियो।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

गोलटाकुरी गाविस-१ का ३० वर्षीय लालवीर ओलीलाई ०५३ पुस २० गते सोही ठाउँका २० वर्षीय हिमाल ओली र मनसाराम ओलीले हत्या गरेको अभियोगमा पीडकहरू मध्ये हिमाल पुर्पक्षका लागि थुनामा राखिएका छन्।

पारिवारिक हिंसाबाट पीडित एक महिला

पंचकुले गाविस-७ मा ०५३ माघ १९ गते एक अज्ञात व्यक्तिको लास फेला पऱ्यो। हत्या गरिएको अनुमान भएको उक्त लास सम्बन्धमा प्रहरीद्वारा अनुसन्धान भइरहेको छ।

गोलटाकुरी गाविस-८ बंगलापुरका ३१ वर्षीय गणेश ओलीलाई ०५३ माघ २८ गते हत्या गरेको अभियोगमा सोही ठाउँका २८ वर्षीय गुरुप्रसाद अधिकारी सहित ५ जना प्रहरी गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखियो।

पुरन्धारा गाविस-९ का ३५ वर्षीय पूर्णबहादुर बुढाथोकीले आफूलाई उपचार गर्ने झाँक्रीले बाँधेको बुटीमै कैफियत भएको दोस्रो झाँक्रीले बताइदिएपछि पहिलो झाँक्री पूर्णबहादुर घर्तीलाई हानेको बन्दूकको गोलीले ०५३ चैत ९ गते आफ्नै पत्नी विष्णुको मृत्यु भयो। पीडक पक्राउमा परिसकेका छन्।

सौडियार गाविस-७ का ३१ वर्षीय अत्वारी चौधरीले आफ्ना परिवारका ३ जनालाई विष मिलाएर खाना खुवाए र आफूले पनि खाए। ६ वर्षीय सुरेश चौधरीको सोही कारणले मृत्यु भयो। अत्वारी थुनामै छन्।

उरहरि गाविस-८ नवलपुरका १६ वर्षीय मित्रलाल बस्नेतलाई ०५४ साउन १४ गते कुटपिट गरी हत्या गरेको अभियोगमा सोही ठाउँका ३६ वर्षीय ओमबहादुर बस्नेतलाई प्रहरीद्वारा पक्राउ गरी पुर्पक्षका लागि थुनामा राखिएको छ।

बिजौरी गाविस-९ कुटेचौरस्थित गुहार खोलामा रोल्पा, पूजा गाविसको २६ वर्षीय डिलबहादुर पुनलाई ०५४ साउन १७ गते हत्या गरेर फ्याँकेको अवस्थामा लास फेला पऱ्यो। प्रहरीले यस सम्बन्धमा रोल्पा, डुम्रिङ गाविस-७ का ४५ वर्षीय चलबहादुर घर्तीसहित ४-५ जनालाई पक्राउ गरेकोमा जनही २५ हजार धरौटी राखी तारेखमा छुटेका छन्।

सौडियार गाविस-५ का ध्रुवराज शाही र लवध्वज शाहीको ०५४ असोज २५ गते नाच हेर्न गएका बेला हत्या भयो। सोही गाविसका २६ वर्षीय जंगु चौधरीसहितका व्यक्तिहरूलाई उक्त हत्यामा संलग्न भएको अभियोगमा पक्राउ गरिएको छ।

नारायणपुर गाविस-४ दक्षिण अम्रैका १३ वर्षीय जग्गु चौधरीलाई ०५४ मंसिर २६ गते बिहान खुकुरी प्रहार गरी हत्या गरेको अभियोगमा प्रहरीले १९ वर्षीय जंगबहादुर चौधरीलाई गिरफ्तार गऱ्यो। तास खेल्दा झगडा भएको बेला उक्त हत्या गरिएको थियो। पीडक कारागारमा छन्।

यस वर्ष यो जिल्लामा ७ जनाले आत्महत्या गरे। तीमध्ये ४ जना पुरुष र ३ जना महिला थिए।

व्यक्तिगत रीसइवीका कारण भएका १५ वटा कुटपिटका घटना सार्वजनिक भए। ती घटनाहरूमा २ जना प्रहरीसमेत १३ पुरुष र ४ जना महिला पीडित भए।

२ वटा डकैतीका घटनामा ३ जना पीडित भए। ट्राफिक दुर्घटनामा परी ३ जनाले ज्यान गुमाए भने १ जना घाइते भए। डुबेर र खोलाले बगाएर क्रमशः १-१ जनाको मृत्यु भयो। आगलागीका ३ वटा घटना भए। तीमध्ये ०५४ चैत १६ गते लालमटिया गाविस-२ मा ६५ परिवारको घर तथा धनमाल आगलागीमा परी नष्ट भएका थिए।

●



४. मध्यपश्चिमाञ्चल

राप्ती

४.२ प्युठान

जनसंख्या	: १७५४६९
साक्षरता	: ३४.८ प्रतिशत
महिला साक्षरता	: १७.४ प्रतिशत
क्षेत्रफल	: १३०९ वर्ग कि.मी
गाविस/नपा	: ४९/०
निर्वाचन क्षेत्र	: २
विद्यालय/क्याम्पस	: २४६/२
अस्पताल/स्वास्थ्यचौकी	: १/४८
टेलिफोन लाइन	: ४६
सडक (कि.मि.)	: ९५
प्रहरी कार्यालय	: १३
हुलाक	: ४९

राप्ती अञ्चलको पहाडी जिल्ला प्युठान स्वर्गद्वारी मन्दिरका कारण विशेष चर्चित रहेको छ। थोरै ठाउँमा मात्र सीमित नेकपा (मसाल) को दह्रो राजनीतिक कर्मभूमिका कारण पनि यो वेलावेलामा चर्चामा आउने गर्दछ। मानवअधिकार शिक्षा अभावका कारण यहाँका जनतामा धेरै मानवअधिकार उल्लंघनका घटना त्यत्तिकै पचाउने प्रवृत्ति रहेको छ। सामान्य वादविवादका कारण हुने घटनाले अनावश्यक वढी रूप लिंदा मानवअधिकारका घटना बढी प्रभावित हुने गरेको देखिएको छ।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

राणाकालमा घोडा बाँध्न वनाइएको तबेला नै वर्तमान प्युठान जेल हो। "घ" श्रेणीको यो जेलको वन्दी क्षमता २५ छ। जम्मा २३ जना वन्दी रहेको यस जेलमा १५ जना थुनुवा छन् भने १ जना नावालक छन्। महिलातर्फ शौचालय छ, त्यो पनि दिउँसोमा मात्र खुल्नाले राति दिशा पिशाव गर्न निकै अप्ठ्यारो परेको पाइन्छ। पुरूषतर्फ ६ र महिला तर्फ ३ तान रहेका यस जेलमा उत्पादित टोपी बिक्री गरिने वजारसमेत छैन।

प्रौढ शिक्षा संचालन गरिनुपर्ने, पत्रपत्रिका दिइनुपर्ने र बजारको व्यवस्था हुनुपर्ने माग बन्दीहरूको छ। टि.भी. भए पनि राति हेर्न दिइँदैन। औषधोपचारको व्यवस्था अत्यन्त दयनीय रहेकाले प्रायः सबै महिला र अधिकांश पुरूष बिरामी छन्।

२० वर्षको जेल सजाय भोगिरहेका हिमबहादुरलाई अन्यत्र सरूवा गरिएकोमा काठमाडौंवाहेक अन्यत्र नजाने भनी हडताल गरे। अहिले यस सम्वन्धमा प्रशासनले कारवाही अघि वढाइरहेको छ। त्यस्तै गोविन्दबहादुर के.सी. लाई पनि अन्यत्र सरूवा गरिए पनि जान्न भनी अडान लिइरहेका छन्।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

जानकारीमा आएनस।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

बिजुवार गाविस-९ काठेवरकी ५१ वर्षीय कालिका थापा र चमेली घर्ती मगरलाई ०५४ भदौ ३१ गते राति सोही ठाउँका रामबहादुर चितौरे र भीमबहादुर चितौरेले नकाब लगाई कुटपिट गरे। पीडकहरू २८ हजार २३ सय ५० रूपैया धरौटी राखी छुटेका छन्।

मर्कावाङ गाविस-९ की सावित्रा के.सी.लाई ०५४ असोज २० गते सोही ठाउँका पोषणबहादुर ओलीलगायत्का ८ जनाले कुटपिट गर्दा बाँया बंगारा नै खस्यो। अन्य केही घाइते भए। उजुरी भए पनि पीडकलाई कारवाही भएन।

लुप्लुङ गाविसमा रहेको लुप्लुङ नि.मा.वि.का शिक्षक शोभाराम भण्डारी, भकबहादुर दमाईं र खलानबहादुर

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	१ (घाइते)	-
हिरासतमा यातना	२	-	-
बलात्कृत	-	१	१
आत्महत्या	१७	१३	७

दमाईंलाई ०५४ कार्तिक २७ गते धर्मराज थापालगायत्का व्यक्तिहरूले सख्त घाइते हुनेगरी कुटपिट गरे। राजनीतिक रीसइवीका कारण सो घटना भएको थियो। पीडकहरूलाई कारवाही गर्न प्रहरीले सक्रियता नदेखाएको पीडित पक्षको गुनासो छ।

दाङवाङ गाविस-७ को उपस्वास्थ्य चौकीका अहेव ४२ वर्षीय भविलाल कँडेल र उनकी ७७ वर्षीय आमा मोहनमायालाई ०५४ मंसिर ३ गते राति गाविस अध्यक्ष रमेश थापालगायत्का १५-१६ जनाले कुटपिट गरी खुट्टा भाँचिदिए। राजनीतिक प्रतिशोधले भएको उक्त घटनाका पीडकलाई कुनै कारवाही भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

बिजुवार बजारबाट नेपाल बन्द कार्यक्रमलाई सफल पार्ने सिलसिलामा लागिरहेका नेपाल विद्यार्थी संघका केन्द्रीय सदस्य सुभाष के.सी. लगायतका व्यक्तिहरूलाई ०५४ भदौ ६ गते प्रहरीले पक्राउ गरी १२ घण्टासम्म हिरासतमा राख्यो।

बेलवास गाविस-३ का डिल्लीराज कालाथोकी, सुशीला कालाथोकीलगायत्का व्यक्तिहरूलाई ०५४ असोज २४ गते राजनीतिक प्रतिशोधका कारण झुठा मुद्दा लगाइ गिरफ्तार गरियो। जनही २८ हजार २ सय ५० रूपैयाँ धरौटी राखी पीडितहरू तारेखमा छुटेका छन्।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

प्युठान जिल्ला अदालतमा १ वर्षसम्म नछिनिएका मुद्दा ३ वटा रहेका छन्। आधा वर्षसम्म नछिनिएका मुद्दा पनि ३ वटा रहेका छन्। यस्तै अर्धन्यायिक निकाय जिल्ला प्रशासन कार्यालयबाट तीन वर्षदेखि छिनिन बाँकी ३ वटा मुद्दाहरू रहेका छन्। अर्धन्यायिक निकायका मुद्दा फैसलामा राजनीतिक प्रभावले काम गर्ने गरेको गुनासाहरू यस जिल्लामा प्रशस्त सुनिएका छन्।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन, सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

यस जिल्लामा नेकपा (एमाले) को नौ महिने शासनकालमा बागेसाल र बर्जिवाङ गाविसअन्तर्गतका १ सय ५० सुकुम्बासीहरूलाई जग्गा वितरण गरिएकोबाहेक अरू केही काम भएको छैन। जिल्लाभरको सुकुम्बासी तथ्यांक पनि कतै भेटिएन।

यस जिल्लामा वृद्ध, असहाय भत्ता नियमितरूपमा बाँडिएको छैन। जसका कारण सम्बन्धितहरू चिन्तित छन्।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

धर्मावती गाविस-४ की एक ५ वर्षीय बालिकालाई ०५४ मंसिर ६ गते सोही ठाउँका १४ वर्षीय कालीबहादुर (काले) दमाईंले मिठाइको लोभ देखाइ बलात्कार गरे। पीडक हाल थुनामा छन्।

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
हत्या	२	१	१	२				
गिरफ्तारी र यातना	४	५		५	४	४		५
कुटपिट	११	१२	१०	२२				
धम्की	२	३		३	१	१		१
भेला र संगठित हुने अधिकार	३	५	१	६				
राजनीतिक अधिकार	१	१		१				
पक्षपात	१		२	२				
बलात्कार	१		१	१				
पारिवारिक हिंसा	१	१		१				
आतंक	३	१		१				
चोरी/डकेती	१	१	१	३				
आत्महत्या	७	२	५	७				
दुर्घटनाहरू/विपत्तिहरू	८	६	२	८				
जम्मा	४४	३८	२३	६१	५	५		६

दाङवाङ-७ की ७७ वर्षीय श्रीमती मोहनमाया कँडेल

४.२ पारिवारिक हिंसा र वहुविवाह

जानकारीमा आएन।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, वोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

फोटली गाविस-७ बाँसबोटका २४ वर्षीय जगदीश सुवेदीले सोही ठाउँकी तुलसा सुवेदीलाई गर्भधारण गराएपछि तुलसाले ०५४ कार्तिक १३ गते एक वालिका जन्माइन्। पीडित पक्षवाट मुद्दा दायर गरिएको छ तर पीडक फरार भएका छन्।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

हलिया राख्ने प्रचलन यस जिल्लामा व्यापकरूपमा फैलिएको पाइन्छ। यिनीहरू वर्षभरिका लागि नभई दैनिक ज्याला बुझेर लैजान्छन्। मालिक भनिनेहरू र हलियाबीच सामान्य वादविवाद भइरहनुलाई स्वभाविकै मानिन्छ। गम्भीर प्रकृतिका घटना देखिएका छैनन्।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

यस जिल्लामा रमाइलो र फरक जातीय सहिष्णुताको संगम देख्न सकिन्छ। मंसिर पूर्णिमाका दिन तीन-तीन लम्च्याङ भन्ने ठाउँमा लाग्ने ठूलो देवाली मेला भव्यरूपमा मनाइन्छ। हजारौं मानिसले विभिन्न बोका, पाठीहरू बली दिन्छन्। पुजारी, धामी सबै कामी (विश्वकर्मा) हुने यस मेलामा सबै काम तिनीहरूबाटै हुन्छ। त्यस समयमा सबै जातिकाले ठूलो-सानो नभनी प्रसाद, मासु खाने र घरमासमेत ल्याउने गर्दछन्।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेकपा (मसाल) ले विभिन्न ठाउँमा एमाले कार्यकर्तामाथि ज्यादति गरेको र उजुर गर्दा पनि जिल्ला प्रशासन कार्यालयले कुनै कारवाही नगरेको भनी नेकपा (एमाले) को प्युठान जिल्ला कमिटीले ०५४ मंसिर १८ गते विभिन्न ठाउँमा विरोधसभा गरी ज्ञापनपत्रसमेत बुझायो।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

माझकोट गाविस-१ का २७ वर्षीय केशवबहादुर गुरूङ र ४७ वर्षीय टेकवहादुर गुरूङ ०५४ कार्तिक १६ गते मादक पदार्थ खाइ झगडा गरेकोमा केशवको भोलिपल्ट अस्पतालमा उपचारकै क्रममा मृत्यु भयो। टेकबहादुर थुनामा छन्।

यस वर्ष यो जिल्लामा २ जना पुरुष र ५ जना महिलाले आत्महत्या गरे। जंगली जनावरवाट १ जना घाइते भए भने विपत्तिबाट २ जना पीडित भए।

●



४. मध्यपश्चिमाञ्चल

राप्ती

४.३ रोल्पा

जनसंख्या	: १७९६२१
साक्षरता	: २९.८ प्रतिशत
महिला साक्षरता	: १०.२ प्रतिशत
क्षेत्रफल	: १८७९ वर्ग कि.मी.
गाविस/नपा	: ५१/०
निर्वाचन क्षेत्र	: २
विद्यालय/क्याम्पस	: २६६/१
अस्पताल/स्वास्थ्यचौकी	: १/३७
टेलिफोन लाइन	: ३३
सडक (कि.मि.)	: २९
प्रहरी कार्यालय	: २८
हुलाक	: ५१

विगत वर्ष जस्तै यस वर्ष पनि रोल्पा माओवादीहरूद्वारा संचालित जनयुद्धका कारण चर्चाको शिखरमा नै रहयो। माओवादीका नाममा राज्यद्वारा हत्या गरिने र प्रतिशोधमा प्रहरी र जनता मारिने एवं आतंकित पारिने जस्ता कार्यले पूरै रोल्पा यतिखेर प्रभावित छ। शान्ति र चयन रोल्पावासीका लागि आकाशको फल सावित भएको छ। यस कार्यले सबैभन्दा बढी मानवअधिकारको उल्लंघन व्यक्तिगत होस् या राज्यस्तरको होस्, यसै जिल्लामा भएको देखिएको छ। दर्जनौं व्यक्तिको हत्या र मौलिक अधिकारको हननले यस वर्ष रोल्पामा मानवअधिकार कुण्ठित हुन पुग्यो। यातना र गिरफ्तारी सामान्य भए। यस वर्ष राज्यपक्षबाट सबैभन्दा बढी हत्याका घटना हुने जिल्लाका रूपमा रोल्पा अंकित हुनपुग्यो।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

मिरूल गाविस-७ का १८ वर्षीय लालधन रोका र सोही गाविस-६ का २६ वर्षीय पुनबहादुर रोकालाई सोही गाउँका तिलबहादुर बूढाको घरबाट ०५३ पुस २८ गते पक्री लगेकामा माझखर्क खोलानेर प्रहरीहरूले गोली हानी हत्या गरे। माओवादी आन्दोलनकारीहरू र प्रहरीबीच भिडन्तसमेत भएको थियो। प्रहरीले नै लास जलायो।

थ्वाङ गाविस-६ की ३३ वर्षीय सुश्री लली रोका र सोही गाविस-१ का ४० वर्षीय दिलमान रोकालाई फुल्टिवाङमा पोलियो थोपा खुवाउन गएको समयमा गिरफ्तार गरी झ्याम्नेटा भन्ने ठाउँमा लगेर ०५३ माघ ५ गते प्रहरीले गोली हानी हत्या गरे। लासलाई पोष्टमार्टमसमेत गर्न नदिई प्रहरीले नै जलायो।

जेलवाङ गाविस-४ का २२ वर्षीय वुभान बूढालाई सेरम गाविस-५ जंकी भन्ने ठाउँमा ०५३ माघ १९ गते प्रहरीले गोली हानी हत्या गऱ्यो भने पारिवारमा समेत थाहा नै नदिई प्रहरीले आफैं लास जलायो।

उवा गाविस-९ का ५९ वर्षीय रामजी घर्ती सदरमुकाम लिवाङतर्फ जाँदा जैमाकसला गाविसको सीताराम पुनको घरमा बास बसेको समयमा केही नकावधारीहरूले ०५३ माघ १९ गते केही पर मावाङनेर लगी खुकुरी प्रहार गरी हत्या गरे। प्रहरीले नै मृतकको दाहसंस्कार गरेको थियो। पीडकहरू माओवादी भएको आशंका गरिएको छ।

थवाङ गाविस-८ का ३५ वर्षीय मूलबहादुर रोका र ५२ वर्षीय इमानजी घर्तीलाई केही नकावधारीहरूले ०५३ फागुन १३ गते ठूलो गाउँमा खुकुरी प्रहार गरी हत्या गरे। उक्त हत्या माओवादीहरूले गरेको आशंका गरिएको छ।

इरिवाङ गाविस-७ सर्पलोटेका ३१ वर्षीय नरबहादुर डाँगीलाई नदीराम बूढाको घरमा राति सुतेका बेला ०५३ चैत २३ गते नकावधारीहरूले भित्र पसी खुकुरी प्रहार गरी हत्या गरे। प्रहरीले लासको दाहसंस्कार गऱ्यो भने पीडकहरू माओवादी हुनसक्ने अनुमान गरिएको छ।

जेलवाङ गाविस-८ रूलवाङका गाविस उपाध्यक्ष ४० वर्षीय अमिल पुन घरमा सुतिरहेका बेला ०५४ वैशाख २८ गते राति केही नकावधारीहरूले खुकुरी प्रहार गरी हत्या गरे।

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	१२	४
गोलीद्वारा घाइते	-	१	-
थुनामा मृत्यु	-	३	-
हिरासतमा यातना	९	१५	७
बलात्कृत	-	१	१
प्रहरीद्वारा	-	१	१
आत्महत्या	१०	४	२

माओवादीहरूले गरेको अनुमान भएको उक्त हत्यापछि लास प्रहरीले जलाएको थियो।

मिभिङ गाविस-८ मा राष्ट्रिय प्रजातन्त्र पार्टीका कार्यकर्ता र माओवादीहरूबीच ०५४ वैशाख ३० गते राति भिडन्त हुँदा ३० वर्षीय जीतबहादुर ओली र २२ वर्षीय धनबहादुर बुढाको मृत्यु भयो। पीडित बुढा माओवादीतर्फका र ओली राप्रपाका हुन्। ओलीको लास आफन्तका जिम्मा लगाइएको थियो भने बुढाको दाहसंस्कार प्रहरीले गऱ्यो।

जेलवाङ गाविस-८ का वडाअध्यक्ष ३७ वर्षीय केरसिंह पुन ०५४ जेठ २ गते माछा मार्न खिवाङ खोलातर्फ गइरहेका बेला अज्ञात व्यक्तिहरूले खुकुरी प्रहार गरी हत्या गरे। उक्त हत्या माओवादीहरूले गरेका अनुमान गरिएको छ।

फगाम गाविस-६ हाङडुङका गाविस अध्यक्ष ३७ वर्षीय सलमान पुन सदरमुकाम लिवाङबाट घर फर्कने क्रममा माधवबहादुर खत्रीको घरमा सुतेका समयमा ०५४ असार २ गते अज्ञात व्यक्तिहरूद्वारा हत्या गरियो।

मिरूल गाविस-६ भेडाखोरका १९ वर्षीय अमर बुढालाई स्थानीय जलजला मेला हेर्न गएका बेला ०५४ असार ६ गते अज्ञात व्यक्तिहरूले आक्रमण गरी हत्या गरे।

पाछावाङ गाविस-५ लिउदीवाङका २५ वर्षीय राजबहादुर बाँठा सोही गाउँका तुलबहादुर बाँठाको घरबाट आफ्नो घरतर्फ आइरहेका बेला ०५४ असार १५ गते अज्ञात व्यक्तिहरूले आक्रमण गरी हत्या गरे। उक्त घटना माओवादीहरूद्वारा भएको बताइएको छ।

नुवागाउँ गाविस-६ का ३८ वर्षीय बलजीत बुढालाई प्रहरीको पोशाक लगाएका ८ जना अज्ञात व्यक्तिहरूले ०५४ असार २० गते घरबाट लगेकोमा भोलिपल्ट नौरङ्गे डाँडानेर दुई टुक्रा पारी फ्याँकिएको अवस्थामा उनको लास फेला पऱ्यो। उक्त घटना माओवादीद्वारा भएको आशंका गरिएको छ।

खुमेल गाविस-७ खबासेका प्रहरी हवल्दार ३२ वर्षीय पिमराम पुन जिल्ला प्रहरी कार्यालय बाँकेबाट सरुवा भई आउँदै गर्दा घरमा पसेका थिए। घरमा आइपुग्नासाथ ०५४ कार्तिक १२ गते एक्कासि केही नकावधारीहरूले आक्रमण गरी उनको हत्या गरे। उक्त घटनामा माओवादीहरूको हात रहेको अनुमान गरिएको छ।

तेवाङ गाविस-५ का ४६ वर्षीय धनराज घर्ती घरमा बसिरहेका बेला ०५४ कार्तिक १३ गते राति प्रहरीले घर खानतलासी लिन लागेका बेला भाग्दा प्रहरीले हानेको गोलीबाट सख्त घाइते भई टाङवडार भिरनेर पुग्दा मृत्यु भयो।

१.२ जेल र बन्दीहरु

५० जना बन्दी क्षमता भएको यस जिल्लाको कारागारमा हाल ७१ जना पुरुष, ३ जना महिलासमेत ७४ जना थुनुवा र २ जना पुरुष, १ जना महिला गरी ३ जना कैद तोकिएका बन्दीसमेत जम्मा ७७ जना रहेका छन्। यी बाहेक आफ्ना अभिभावकहरूसंग बसेका ३ जना बालक र १ जना बालिकासमेत ४ जना नाबालक पनि छन्। थोरै जनाको सुविधा धेरै जनालाई बाँड्नुपर्ने हुँदा हरेक कुरामा कटौती गरिनुपर्ने अवस्था रहेको छ। अन्यत्र जिल्लाबाट समेत यहाँ थुनुवा ल्याइने हुँदा कहिलेकाही त १ सय जनाभन्दा बढी बन्दी पनि यस जेलमा हुने गरेका छन्। यस वर्ष यो जेलबाट दाङ, नेपालगञ्ज र तुलसीपुरका २६ जनालाई जेल स्थानान्तरण गरिएको थियो।

"घ" श्रेणीको यो जेलमा ३ वटामात्र शौचालय भएका कारण जुनसुकै बेला पनि भीड देखिन्छ। सधैं साँगुरोमा बस्नु परेको गुनासो बन्दीहरूको रहेको छ। रेडियो, टेलिभिजनको

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
हत्या	१७	१९		१९				
गोलीद्वारा हत्या	५	७	१	८	४	५	१	६
गोली	१	३		३	१	३		३
बम प्रहार	१	१		१				
गिरफ्तारी र यातना	९	१५		१५	९	१५		१५
कुटपिट	६	९	१	१०				
बलात्कार	१		१	१	१		१	१
बहुविवाह	३		३	३				
जातीय छुवाछूत	१	१	१	२				
आत्महत्या	२	२		२				
दुर्घटनाहरू/विपत्तिहरू	३७	३४	७	४१				
जम्मा	८३	९१	१४	१०५	१५	२३	२	२५

व्यवस्था नभएको यस जेलमा उडुस, उपियाँ जस्ता परजीवीले नराम्रोसंग सताउने गरेको पनि उनीहरूको गुनासो रहेको छ।

प्रहरीद्वारा गोली हानी हत्या गरिएका क्रमशः धनबहादुर बूढा, बुमान बूढा, दिलमान रोका र ललि रोका

स्युमेलमा हत्या गरिएका प्रहरी हवल्दार पिमाराम घर्ती

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

पाछावाङ गाविस-९ का १८ वर्षीय शिव कुमार वलीलाई ०५३ पुस २१ गते प्रौढ कक्षा संचालनका लागि सहयोगी कार्यकर्ता तालिम लिइरहेको अवस्थामा सदरमुकाम लिवाङबाटै प्रहरीले पक्राउ गरे। पीडितलाई माओवादी गतिविधिमा संलग्न भएको आरोप लगाइएको थियो। प्रहरी हिरासतमा १ दिन यातना दिएर उनलाई रिहा गरिएको थियो।

थवाङ गाविस-५ का जिल्ला विकास समिति सदस्य ६० वर्षीय डिलकुमार बूढा जिविसको बैठकमा भाग लिन सदरमुकाम लिवाङ गइरहेका बेला ०५३ पुस २३ गते प्रहरीले मिरूल गाविसबाट पक्राउ गरी सुताएर छाति, खुट्टाको साप्रा र पाइतालामा घाउ हुने गरी यातना दियो। ०५३ माघ १ गते उनलाई छाडियो।

थवाङ गाविस-६ चिउरीधाराका १९ वर्षीय कुलबहादुर घर्तीलाई माओवादी भएको आरोपमा ०५३ माघ २३ गते प्रहरीले पक्री धेरै कुटपिट गर्‍यो र प्रहरी आफैंले लेखेको कागजमा जबर्जस्ती दस्तखत गरायो। २० हजार रूपैयाँ धरौटी राखी उनी छुटेका छन्।

थवाङ गाविस-५ का ४० वर्षीय कमलबहादुर रोका र गजुल गाविस-४ का २५ वर्षीय युवराज सुवेदीलाई ०५३ फागुन १६ गते थवाङबाटै प्रहरीले पक्राउ गरे। उनीहरूलाई प्रहरी हिरासतमा यातना दिइएको कुरा पीडितहरू बताउँछन्। मा.वि. थवाङका शिक्षक रहेका उनीहरूलाई ०५३ फागुन २६ गते मात्र रिहा गरिएको थियो।

सेरम गाविस-२ का ६९ वर्षीय रछाने रोका पाइप लिन सुलिचौर गइरहेका समयमा स्वर्क खोलानेर प्रहरीले ०५३ पुस २१ गते कुटपिट गरी माओवादी भएको आरोपमा ३ सय रूपैयाँसमेत जबर्जस्ती लिए।

थवाङ गाविस-७ भनभनेका २२ वर्षीय जीवराज खत्री र हिमलाल डाँगीलाई लिवाङबाट घर गइरहेका बेला धाङ्सी र थवाङ खोला दोभाननेर प्रहरीले माओवादी भनी ०५३ फागुन १ गते मरणासन्न हुने गरी कुटपिट गरे र आफूले खाएको रक्सीको १ सय ५० रूपैयाँसमेत तिर्न लगाए।

नेवाङ गाविसमा हत्या गरिएका धनराज घर्ती

अरेस गाविस-९ धारास्वर्कका २५ वर्षीय इन्द्र घर्तीलाई ०५४ मंसिर २६ गते सोही गाविसको सिस्नो खोला मेलामा नेवाङ प्रहरी चौकीका प्रहरीहरूले सख्त हुनेगरी पिटे र क्यासेटसमेत खोसेर लगे। ५ सय रूपैयाँ दिएपछि मात्र क्यासेट फिर्ता गरिएको थियो।

अरेस गाविस-७ ठूलो गाउँका २० वर्षीय टीकाराम रोका, ४८ वर्षीय नीले रोका, सोही गाविस-५ का २२ वर्षीय झकबहादुर पुनसमेतका व्यक्तिहरूलाई ०५४ मंसीर २६ गते स्थानीय मेलामा नेवाङ प्रहरी चौकीबाट आएका प्रहरीले कुटपिट गरी सख्त घाइते बनाए।

१.४ बेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

थवाङ गाविस-८ की २८ वर्षीय कर्मज्योति रोका र सोही ठाउँकी मायाश्री घर्तीलाई ०५३ फागुन १५ गते थवाङ गाविस-५ ठूलो गाउँमा केही नकावधारीहरूले कुटपिट गरी सख्त घाइते बनाए। पीडितहरूलाई उपचारार्थ हेलिकप्टरबाट काठमाडौं पुर्‍याइएको थियो।

राङ्सी गाविस-५ का ४३ वर्षीय मानबहादुर डाँगीलाई ०५३ फागुन २३ गते सदरमुकाम लिवाङबाट आफ्नो घर तर्फ गइरहेको अवस्थामा भावाङ गाविस-२ हिउवाङ भन्ने ठाउँमा अज्ञात व्यक्तिहरूले गोली हानी सख्त घाइते बनाए। पीडितलाई हेलिकप्टरबाट उपचारार्थ काठमाडौं पुर्‍याइएको थियो। उक्त घटनामा माओवादीको संलग्नता भएको आशंका गरिएको छ।

लिवाङ गाविस-७ पानाका ४५ वर्षीय टेकबहादुर कुँवर घरमा सुतिरहेका बेला ०५४ जेठ २७ गते सैनिकको जस्तो पोशाक लगाएका करीब २० जनाले आक्रमण गरी खुट्टा नै भाँचिदिए। उपचारार्थ पीडितलाई काठमाडौं लगिएको थियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

थवाङ गाविस-९ झिम्पोका ३५ वर्षीय धनप्रसाद बूढा, ३८ वर्षीय रेजमान बूढा, धाँते बूढा र जोगबहादुर बूढालाई स्थानीय निर्वाचनमा उम्मेदवारी दिन खोजेका कारण ०५४ जेठ ३ गते राति नकावधारीहरूको एक हुलले आक्रमण गरी केही रकमसमेत लुटेर लगे।

जिनावाङ गाविसका ९ जना उम्मेदवार र ओत

टाउको गिंडी हत्या गरिएका फगाम गाविस अध्यक्ष सलमान पुन

गाविसका १ जनालाई माओवादीहरूले ०५४ जेठ ४ गते मनोनयनपत्र दर्ता गर्ने समयमा अपहरण गरी दर्ता गर्ने समय बिनिसकेपछि मात्र छाडिदिए। पीडितहरूलाई धम्की पनि दिइएको थियो।

जिनावाङ, ओत,जंकोट, पाछावाङ, थवाङ र गजुल गाविसमा ०५४ जेठमा हुने निर्वाचनका लागि माओवादीहरूद्वारा विभिन्न बाधा अड्चन खडा गरिएका कारण मनोनयनपत्र नै दर्ता हुन सकेन। मतदान गर्न जानेहरूलाई विभिन्न धम्की दिई मतदान नगर्नसमेत चेतावनी दिइएको थियो।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

रोल्पा जिल्ला अदालतमा ३ वर्षदेखि छिनिन बाँकी मुद्दा जग्गासम्बन्धी एउटामात्र रहेको छ भने २ वर्षदेखि नछिनिएका मुद्दा विभिन्न विषयका गरी २७ वटा छन्। त्यस्तै १ वर्षसम्म छिनिन नसकेका मुद्दा ४७ वटा रहेका छन्।

अज्ञात व्यक्तिहरूद्वारा हत्या गरिएका राजबहादुर बाँठा मगर

यसैगरी अर्धन्यायिक निकायअन्तर्गतको जिल्ला प्रशासन कार्यालयबाट ३ वर्षसम्म छिनिन बाँकी ३५ वटा मुद्दा रहेका छन्। २ वर्षसम्म नछिनिएका मुद्दा २८ वटा छन् भने यस वर्ष दर्ता भएका मुद्दाको संख्या ८९ रहेको छ।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन, सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

जंकोट गाविस-१ माडिचौरकी एक १६ वर्षीय युवतीलाई ०५३ माघ १२ गते घरमा एक्लै भएका बेला माडिचौर प्रहरी चौकीका प्रहरी पदमबहादुर शाहीले बलात्कार गरे। पीडक प्रहरीलाई गाउँलेहरूले ४ हजार रूपैयाँ जरिवाना गरेका थिए।

४.२ पारिवारिक हिंसा र बहुविवाह

जेदवाङ गाविस-१ बाजावाङका २१ वर्षीय निमबहादुर महराले घरमा पत्नी र छोरी हुँदाहुँदै ०५३ माघ ९ गते खुङ्ग्री गाविस-८ आँपचौरकी काली खत्रीसंग विवाह गरे।

गजुल गाविस-४ भिम्पाका २८ वर्षीय टेकबहादुर सुवेदीले पत्नी र २ छोरा तथा १ छोरी हुँदाहुँदै ०५४ जेठ ४ गते २१ वर्षीय विनाकुमारी गौतमसंग विवाह गरे।

डुब्रिङ गाविस-४ का २९ वर्षीय निमबहादुर नेपालीले घरमा पत्नी र एक छोरा हुँदाहुँदै ०५४ असार ९ गते २५ वर्षीय गकली नेपालीसंग विवाह गरे।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

जानकारीमा आएन।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार

(पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

अज्ञात समूहद्वारा हत्या गरिएका जनप्रतिनिधि केरसिंह पुन मगर

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

अरंस गाविस-५ ठूलो गाउँका ४० वर्षीय हस्ते कामीलाई तर्के रोकाको घरमा उसको १० वर्षीय छोरी कमला निम्ता गर्न गएको बेला भित्र पसी भनेर तर्के र उसकी पत्नी मिनासमेतले ०५४ मंसिर २८ गते कुटपिट गरे। छोएबापत भनेर २ सय ६० रूपैयाँ जरिवानासमेत गरिएको थियो।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

गाम गाविस-१ का ३५ वर्षीय खिन्ते घर्ती र ३६ वर्षीय कुमविरा घर्ती तथा रूकुमा बूढाबीच ०५४ जेठ ८ गते अंशसम्वन्धी विवादमा झगडा हुँदा खिन्तेको मृत्यु भयो। घटनामा संलग्न रहेको आशंकामा दलबहादुर घर्ती, चन्दी घर्ती, मैते बुढा, भागीलाल घर्ती र कुमविरा घर्तीलाई प्रहरीद्वारा पक्राउ गरी थुनामा राखिएको छ।

बडाचौर गाविस सैंवारका ४२ वर्षीय खिमलाल सुनार र जैमाकसला गाविस-६ कसलाका ४० वर्षीय जुद्धबहादुर वि.क.०५४ असार ६ गते मादक पदार्थ सेवन गरी झगडा गर्दा सुनारको मृत्यु भयो। पीडक थुनामा परेका छन्।



अज्ञात व्यक्तिद्वारा हत्या गरिएका मूलबहादुर रोका

पाछावाङ गाविस-२ सल्लीबोटका ३० वर्षीय शेरबहादुर दमाई र उनकै पत्नी २७ वर्षीय मनकलालाई ०५४ साउन ७ गते बेलुका सुत्न लागेको समयमा २ जना अपरिचित व्यक्तिहरू भित्र पसी खुकुरी प्रहार गरी हत्या गरे। पीडकहरू फेला पर्न सकेका छैनन्।

घोडागाउँ गाविस-६ तुसारपानीका १४ वर्षीय वीरेन्द्र खत्रीको काका एकलाल खत्रीको घरमा ०५४ भदौ २० गते अज्ञात व्यक्तिहरूले राखेको विष्फोटक पदार्थ पड्कन जाँदा मृत्यु भयो।

झेनाम गाविस-८ लापलका ३५ वर्षीय तिर्खराम सुनार खाना खाएर बाहिर निस्केका समयमा ०५४ असोज ३ गते बेलुका हत्या गरियो। सोही गाविसको कुङ्सीका ३० वर्षीय गंगाराम सार्कीलाई प्रहरीले पुर्पक्षका लागि थुनामा राखेको छ।

यस वर्ष यो जिल्लामा रूखले च्यापेर १ जना र लडेर १ जनाको मृत्यु भयो। बाढी, पहिरो जस्ता विपत्तिले ३ जनाको मृत्यु भयो। ९ वटा घर भत्के, २७ वटा घर आगलागी भए। ७ जनालाई बाघले खायो भने २ जनालाई घाइते बनायो। १० वर्षीय एक बालकसहित २ जनाले आत्महत्या गरे।

●

४. मध्यपश्चिमाञ्चल

राप्ती

४.४ सल्यान

जनसंख्या	: १८१७८५
साक्षरता	: ३२.८ प्रतिशत
महिला साक्षरता	: १३.१ प्रतिशत
क्षेत्रफल	: १४६२ वर्ग कि.मी.
गाविस/नपा	: ४७/०
निर्वाचन क्षेत्र	: २
विद्यालय/क्याम्पस	: २९१/२
अस्पताल/स्वास्थ्यचौकी	: १/४७
टेलिफोन लाइन	: ३६
सडक (कि.मि.)	: ६२
प्रहरी कार्यालय	: १४
हुलाक	: ४७

पहाडी दुर्गम जिल्लामध्येको एक जिल्ला सल्यान हरेक दृष्टिले पछाडि परेको जिल्ला हो। प्रसिद्ध कुभिण्डे ताल रहेको यस जिल्लामा निगाल्चुला, मोरल्ला, कजेरी र शंखमूल जस्ता गुफा एवं थुप्रै प्राचीन ऐतिहासिक महत्वका स्थानहरू भए पनि उचित प्रचार-प्रसारको अभावमा यो जिल्लाले यी स्थानहरूबाट जस लिन सकेको देखिँदैन। माओवादी आन्दोलनबाट नराम्रोसंग पीडित यो जिल्ला वर्षभर मानवअधिकार उल्लंघन हुने जिल्लाको शीर्षस्थानमै रहन पुग्यो। जसका कारण हत्या, गिरफ्तारी, यातना, धम्की र कुटपिट जस्ता विषय सामान्य जस्तै गरी देखा परे।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

बाँफुखोला गाविसका अध्यक्ष ६० वर्षीय जीतबहादुर ओलीलाई ०५३ फागुन १५ गते रातको १२ बजे अज्ञात व्यक्तिहरूको एक हुल घरभित्र पसी छातीमा पेस्तोल हानी हत्या गरे। हत्यापछि घटनास्थलमै उनको लासलाई १ सय ५० जना जतिको हुलले जलाएको थियो।

१.२ जेल र बन्दीहरु

करीब ३ सय ५० वर्ष पहिले बनेको अनुमान गरिएको सल्यानी राजाको दरबारको बचेखुचेका केही कोठा नै सल्यान जेल हो। पानी चुहिने यस जेलमा चर्पी र धाराको व्यवस्था राम्रो छ तर बेलामा पानी आउँदैन। बीचमा पर्खाल लगाइ महिला र पुरूष वार्ड विभाजन गरिएको छ।

१ महिला, ३५ जना पुरूष थुनुवा र ९ जना पुरुष कैदीसमेत ४५ जना बन्दीहरू रहेका सल्यान जेलमा कहिलेकाहीं ७५ जनासम्म बन्दी रहने गरेका छन्। २० जना क्षमताको उक्त जेलमा बन्दीहरूले तान राखी कपडा उत्पादन गर्ने गरेका छन्। तर उत्पादनको बजार नभएको भनाइ उनीहरूको रहेको छ। समयमा औषधी उपचार र उज्यालोको पर्याप्त व्यवस्था छैन। चर्पी र पानीको ज्यादै समस्या छ। जेलभित्र सुत्न-बस्न ज्यादै अप्ठेरो परेको, पत्रपत्रिकाको व्यवस्था हुनुपर्ने, भेट्ने समयमा असुविधा भएको, प्रहरीहरूले अपशव्दहरू प्रयोग गर्ने गरेको जस्ता समस्याहरू भएको बन्दीहरू बताउँछन्। "ङ" श्रेणीको यो जेलमा सुरक्षाकर्मी र जेल प्रशासनका बीच राम्रो सम्बन्ध नभएको धारणा जेलरको रहेको छ। जसले गर्दा बेलाबेलामा विवादास्पद कुरा-कामहरू भइरहने गरेका छन्।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

कालागाउँ गाविस-१ निमिलेकी १९ वर्षीय सीता शाह र १७ वर्षीय प्रेमा पुनलाई ०५४ साउन २५ गते अखिल नेपाल महिला संघ (क्रान्तिकारी) को लागि चन्दा संकलन गरिरहेका बेला प्रहरीले पक्राउ गरे। उनीहरूलाई सार्वजनिक अपराध ऐनअन्तर्गत कारागारमा थुनिएकोमा असोज १६ गते अदालतको आदेशमा रिहा गरियो।

थारमारे गाविस-७ का पत्रकार महासंघका केन्द्रीय पार्षद् भीमप्रकाश शर्मालाई ०५४ असोज ७ गते प्रहरीले माओवादीको आरोपमा पक्राउ गरी जेल चलान गरेको थियो। शर्मालाई शान्ति सुरक्षा ऐनअन्तर्गत मुद्दा लगाइएकोमा कार्तिक ७ गते छोडियो।

शिवरथ गाविस-९ का धनबहादुर पुन, प्रेमबहादुर ओली

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	-
हिरासतमा यातना	१	८	८
बलात्कृत	१	१	१(जेठाजुद्वारा)
आत्महत्या	९	-	३

र रमेश ओलीलाई ०५४ असोज ९ गते माओवादी गतिविधिमा लागेको भनी प्रहरीले पक्राउ गरी यातना दियो। प्रहरी हस्तक्षेपका कारण घटनाको पूर्ण जानकारी प्राप्त भएन। ०५४ कार्तिक २८ गते उनीहरूलाई छाडियो।

कालागाउँ गाविस-१ का ३१ वर्षीय हिमबहादुर शाही र दण्डवीर बुढालाई रागेचौरका अस्थायी प्रहरी चौकीबाट गएका प्रहरीले पक्राउ गरी ०५४ असोज १० गतेदेखि थुनामा राखिएकोमा कार्तिक २५ गते रिहा गरियो।

बाँफुखोला गाविसका रमेश ओली, खिमलाल ओली, कर्णबहादुर ओली, शिवरथ गाविसका प्रेमबहादुर ओली र शिक्षक धनबहादुर पुन मगर, ढाकाडामका पहलवबहादुर बुढाथोकीलाई ०५४ असोज १० गते बाटो बनाउन लागिरहेका बेला माओवादी भनी गिरफ्तार गरी जेल चलान गरियो।

बडागाउँ गाविस-५ का जनमोर्चा सल्यानका अध्यक्ष ३५ वर्षीय उमाकान्त शर्मालाई ०५४ कार्तिक ७ गते तारिख लिन आएका बेला प्रहरीले पक्राउ गरे। केही समयअघि मात्र जेलबाट छुटेका शर्मालाई माओवादी गतिविधि बढ्यो भन्ने बहाना बनाइ पुनः पक्राउ गरिएको बताइएको छ।

दमाचौर गाविस-२ का १७ वर्षीय शोभाराम चन्दलाई ०५४ कार्तिक १८ गते कुटपिटसम्बन्धी घटनामा प्रहरी चौकीमा ल्याई प्रहरी इन्स्पेक्टर केदार ढकालले कुटपिट गरी यातना दिए। स्थानीय भलादमीको आग्रह र व्यापक जनदबाबपछि मात्र पीडितलाई छाड्न उनी बाध्य भए।

कोटबारा गाविस-२ का ५० वर्षीय शेरबहादुर ओली, २८ वर्षीय प्रेमबहादुर ओली, ६० वर्षीय हर्कबहादुर ओली र बाँखुखोला-७ का ३४ वर्षीय दिलबहादुर ओलीलाई माओवादी भएको अभियोग लगाई ०५४ कार्तिक २२ गते पक्राउ गरी छानविनपश्चात् धरौटीमा छाडियो।

बाँफुखोला गाविस-७ पोखराका शिक्षक ३४ वर्षीय दिलबहादुर ओलीलाई विद्यालयमा अध्यापन गराइरहेका बेला ०५४ कार्तिक २२ गते विना पुर्जी पक्राउ गरियो।

कोटमौला गाविस-७ बथानका शिक्षक मोहन ढकाललाई घरमा माओवादी सामाग्री राखेको अभियोगमा ०५४ कार्तिक २५ गते प्रहरीले पक्राउ गरी अंगभंग हुनेगरी यातना दियो। उनीसंग कसैलाई भेटघाट गर्न दिइएन्। उनले रगत पनि छादेका थिए। यसै अभियोगमा पक्राउ परेका शिवरथ गाविस-१ का ३८ वर्षीय देवबहादुर ओली पनि यातनाका कारण अशक्त भएका छन्। अहिले दुवै जना हिरासतमै छन्।

कोरबाङ झिम्मे गाविस-४ का देवीलाल खत्रीको घरमा ०५४ कार्तिक ३० गते १८ जना माओवादीहरूले भकारी फोडौं, धान बाडौं भन्दै लुट्न गएको अभियोगमा प्रहरीले सबैलाई गिरफ्तार गऱ्यो। नाम थाहा नभएका ती व्यक्तिमध्ये १० जनालाई २ दिनपछि छाडियो।

दमाचौर गाविस-९ बुराँसेका १५ वर्षीय मोतिराम बस्नेतलाई माओवादी भएको आशंकामा ०५४ मंसिर ४ गते प्रहरीले पक्राउ गरी मंसिर २३ गते जेल चलान गऱ्यो। पीडितलाई यातना पनि दिइएको थियो।

बाँफुखोला गाविस-७ का खड्कबहादुर बस्नेतलाई ०५४ मंसिर १२ गते सीमाखोली प्रहरी चौकीको गस्ती टोलीले पक्राउ गरी अनावश्यक कुराहरू सोधखोज गरी ६ दिन पछि छाडिदियो।

कोटबारा गाविस-३ का ४० वर्षीय धनबहादुर दमाईंलाई ०५४ मंसिर १२ गते माओवादीलाई सहयोग गरेको आरोपमा पक्री मानसिक यातना दिइ छाडियो।

कोटबारा गाविस-३ बाडतिरेका ३५ वर्षीय किसान रामबहादुर बस्नेतलाई ०५४ मंसिर १८ गते माओवादीको

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	१	१		१				
गोलीद्वारा हत्या	१	१		१				
गिरफ्तारी र यातना •	२०	३४	२	५४	२०	३४	२	५४
कुटपिट	४	३	१	४				
धम्की	५	७		७	१	१		१
अभिव्यक्ति स्वतन्त्रता	२	४		४				
बलात्कार	१		१	१				
बहुविवाह	१		१	१				
महिला भएकै कारणले दिइने यातना	१		१	१				
जातीय छुवाछूत	१	१		१				
आत्महत्या	३	१	२	३				
दुर्घटनाहरु/विपत्तिहरु	४	४	१	५				
जम्मा	४४	५६	९	८३	२१	३५	२	५५

शंकामा प्रहरीले गिरफ्तार गरी हिरासतमा विभिन्न यातना दिइ ६ दिनपछि छोडियो।

भिमं गाविस-५ का २० वर्षीय वुद्धिराज रावत, २१ वर्षीय दुर्गालाल खत्री र १८ वर्षीय रूपलाललाई ०५४ मंसिर ३० गते माओवादी भएको शंकामा प्रहरीले गिरफ्तार गरी लठ्ठीको बेलन लगाइ यातना दिए।

दमाचौर गाविस दहरखोलाका २९ वर्षीय भूपवहादुर बस्नेतलाई ०५४ पुस ६ गते प्रहरीले विनापूर्जी गिरफ्तार गरी सोधपुछका नाममा मानसिक यातना दिए। गालीगलौज पनि गरिएको पीडितको गुनासो छ।

यस जिल्लामा नेकपा (माओवादी) भएको आशंकामा थुप्रै व्यक्तिलाई गिरफ्तार गरी यातना दिने गरिएको छ। यस वर्ष गिरफ्तारीका धेरै वटा घटना भए, जसअन्तर्गत सयौं जनालाई गिरफ्तार गरी यातना दिने र मुद्दा चलाइ जेलमा राखिएको छ। प्रहरीले पक्राउ गर्ने, छाड्ने र यातना दिइ २/४ दिन राखिने घटना सामान्य बन्न पुगेका छन्।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

जानकारीमा आएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

यस वर्ष सम्पन्न स्थानीय तहको निर्वाचनमा यस जिल्लाका जिमाली, दमाचौर, पिपलनेटा, कालागाउँ, ढाकाडाम, कोटबारा, कोटमौला, शिवरथ, बाँफुखोला र बामे गाविसमा उम्मेदवारी दिन वा मत सम्बन्धमा स्पष्ट अभिमत जाहेर गर्न माओवादीहरूद्वारा दिइएन। विभिन्न डर, त्रास देखाइएका कारण कोही पनि त्यस कार्यमा संलग्न भएनन्। ती गाविसहरूमा अहिलेसम्म चुनाव हुन सकेको छैन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लास्थित जिल्ला अदालतमा यस वर्ष दुनियाँवादी मुद्दा १ सय २३ थान दर्ता भए। जसमध्ये ५१ थानमात्र फछ्र्यौट हुन सक्यो। फौज्दारी २७ वटा मुद्दा दर्ता भएकामा ७ वटामात्र छिनिन सक्यो। विगत वर्षको तुलनामा अदालती काम कारवाही छिटो छरितो भएको धारणा स्थानीय सम्बन्धित व्यक्तिहरूको रहेको पाइन्छ।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन, सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

यस जिल्लामा २ हजार ४ सय ५० सुकुम्बासी परिवार छन्। यिनीहरूलाई जग्गा र अन्य सहुलियत प्रदान गरिने कार्यमा कतैबाट पहल भएको देखिन्न। सरकारी तवरबाट उचित व्यवस्था हुनुपर्ने धारणा व्यक्त गर्दै कसैले पनि आफ्नो हित हुने कार्य नगरेको उनीहरू बताउँछन्।

चुनाव हुन नसकी जिविस गठन नभएका कारण वृद्ध, असहाय भत्ता बाँडिएको छैन। विगतका गाविस अध्यक्षले भत्ता रकम हिनामिना गरेका कारण पनि कयौं जनताले यो भत्ता पाउन सकेका छैनन्। छात्रवृत्ति नियमित नभएको गुनासो पीडितहरूको छ।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

कोटमौला गाविस-६ का ४० वर्षीय निमबहादुर ओलीले ०५४ मंसिर १५ गते आफ्नै भाइ-बुहारीलाई बलात्कार गरे। पीडितले कारवाहीको माग गरिनन्।

४.२ पारिवारिक हिंसा र वहुविवाह

खलंगा गाविस-१ चैवाङका बलबहादुर विश्वकर्माले चित्रकलालाई पाँचौं पत्नीका रूपमा भित्र्याई चौथी पत्नी थुमालाई ०५४ जेठ २१ गते घरमा बस्ने नसक्ने स्थिति खडा गरिदिएका छन्।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, भुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

जानकारीमा आएन।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार

(पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

यस जिल्लामा कहीं-कहीं हलिया राखिने चलन

भेटिन्छ। दार्माकोट गाविस-५ पाथीस्वोलास्थित थलबहादुर चन्दको घरमा सोही गाउँका अछूत भनिने वट्के कामीलाई १ वर्षका निम्ति हलियाका रूपमा किनिएको छ।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

हिवल्चा गाविस-७ मधानाका नेत्रबहादुर सुनारलाई धारामा गाग्री छोडदिएको निहुँमा सोही ठाउँका नेवबहादुर बुढाथोकीले ०५४ असोज १६ गते लठीले हिर्काई घाइते बनाए। गाविसमा कारवाहीको माग गरिएको पत्र लग्ने पत्रबाहक र दलित सेवा संघका व्यक्तिहरूलाई समेत उनले धम्क्याउने काम गरे।

मार्के गाविस-४ की सुमित्रा नेपालीलाई कुवामा पानी भर्न गएका वेला सोही गाउँकी नोख्वकुमारी के.सी., शान्ता के.सी. र भगवती के.सी. ले ०५३ पुसमा पानी छोडदिएका कारण हातपात गरे। अदालतले ०५४ भदौ १७ गते पीडक पक्षलाई २ हजार ५ सय रूपैयाँ जरिवाना गर्ने निर्णय गऱ्यो।

झिम्पे गाविस-२ का टंक वि.क. र डोटीराम सुनारलाई सोही गाउँको मन्दिरमा विजयादशमीका दिन केही व्यक्तिहरूद्वारा मन्दिरको प्रसाद सबैलाई बाँड्न लगाइयो। "तल्लो जात" का व्यक्तिले बाँडेको भनेर धेरैले टीका नै लगाएनन्।

८. घटना सम्वन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष व्यक्तिगत रीसइवीका कारण यो जिल्लामा ४ वटा कुटपिटका घटना हुन पुगे। ३ वटा दुर्घटनाका घटना भए। एउटा ब्ल्याकमेलिङको घटना भयो। आगलागीमा परी करीव ३ लाख बराबरको धनमाल क्षति भयो। २ महिला र १ पुरूषले आत्महत्या गरे।

सानो खैनीको बट्टामा तयार गरिएको डेढ के.जी. तौलको बम फ्युज अवस्थामा ०५३ फागुन १ गते खलंगाको बसपार्कमा फेला पऱ्यो।

•



४. मध्यपश्चिमाञ्चल

राप्ती

४.५ रुकुम

जनसंख्या : १५५५५४
साक्षरता : ३०.७ प्रतिशत
महिला साक्षरता : ११ प्रतिशत
क्षेत्रफल : २८७७ वर्ग कि.मी.
गाविस/नपा : ४३/०
निर्वाचन क्षेत्र : २
विद्यालय/क्याम्पस : २२६/४
अस्पताल/स्वास्थ्यचौकी : १/१५
टेलिफोन लाइन : २१
सडक (कि.मि.) : ०
प्रहरी कार्यालय : २४
हुलाक : ४४

पहाडी दुर्गम जिल्ला रुकुम विगत दुई वर्षदेखि माओवादी आन्दोलनका कारण पूर्णरूपमा प्रभावित छ। गिरफ्तारी, यातना र डर, त्रास सबै सामान्य भएका छन्। लुटपाट र हत्याका घटना कुनै पनि वेला हुन सक्छन्। यही कारण यस जिल्लाका धेरै ठाउँमा चुनाव भएको छैन। जिल्ला विकास समिति गठन हुन नसक्नाले जिल्लाभर विकास, निर्माणका काम ठप्प छन्। मानवअधिकार उल्लंघनका घटना तीव्ररूपमा बढिरहेका पाइएको छ। यस वर्ष हत्याका घटना अत्याधिक मात्रामा भए।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

मैकोटस्थित इलाका प्रहरी कार्यालयका प्रहरी टीकाराम अधिकारीलाई ०५३ माघ २५ गते तकसेरा गाविसको दिस्बुमा अज्ञात व्यक्तिले गोली हानी घाइते बनाए। उनको उपचार काठमाडौंमा गरियो।

चुनवाङ गाविस-२ का ४० वर्षीय लालवहादुर पुनलाई ०५३ फागुन ६ गते अज्ञात व्यक्तिहरूले बन्दूक र खुकुरी प्रहार गरी हत्या गरे। उक्त कार्य माओवादीहरूले गरेको अनुमान गरिएको छ।

कार्की गाविस-१ का ४५ वर्षीय आशेवहादुर पुनलाई ०५३ फागुन १४ गते साँझ घरमै आइ केही व्यक्तिहरूले हत्या गरे। उक्त हत्या माओवादीले गरेको अनुमान गरिएको छ।

प्वाङ गाविस-१ का ३५ वर्षीय भीमवहादुर पुनलाई ०५३ चैत १६ गते सदरमुकाम खलंगा बजारको पातुखोला भन्ने ठाउँमा लुकी बसेका व्यक्तिहरूले खुकुरी प्रहार गरी हत्या गरे। उक्त हत्या माओवादीले गरेको बताइन्छ।

पोखरा गाविसमा स्थानीय निर्वाचनमा उपाध्यक्षका प्रत्याशी बनेका २८ वर्षीय वलहादुर पुनलाई ०५४ वैशाख २४ गते आफ्नै घरमा केही अज्ञात व्यक्तिहरूको आक्रमणद्वारा हत्या गरियो। यस घटनामा माओवादीको हात भएको शंका गरिएको छ।

मग्मा गाविस-८ स्थित धारीखोलामा ०५४ जेठ २ गते अज्ञात व्यक्तिहरूले राखेको विष्फोटक पदार्थ पड्कन जाँदा ३९ वर्षीय प्रहरी नायब निरीक्षक भीमराज नेपाल र ३० वर्षीय तीलबहादुर पौडेलको मृत्यु भयो। माओवादीद्वारा उक्त पदार्थ नियोजितरूपमै राखिएको बताइएको छ।

पिपल गाविस-१ का ३२ वर्षीय मनबहादुर खत्रीलाई ०५४ साउन ६ गते आफ्नै घरनजिक अज्ञात व्यक्तिहरूले कुटपिट गरी हत्या गरे। पीडकका बारे थाहा हुन सकेको छैन।

सिम्ली गाविस-९ का २५ वर्षीय कविराम डाँगीलाई ०५४ भदौ ३ गते प्रहरीले खलंगा गाविसको माछमीमा हत्या गऱ्यो। माओवादी भएको निहुँमा २ गते पक्रिएका डाँगीलाई मार्नुअघि खप्नै नसक्ने यातना दिइएको थियो।

महत गाविस-१ का नेपाली कांग्रेसका जिल्ला कार्यसमिति सदस्य ५० वर्षीय कृष्णबहादुर बूढालाई ०५४ मंसिर ३० गते शोभा गाविस-९ सिमलबोटमा अज्ञात व्यक्तिहरूले खुकुरी प्रहार गरी हत्या गरे।

दुली गाविस -२ का ५० वर्षीय धर्मजीत बाँठालाई ०५४ पुस १५ गते राति घरमा बसेका समयमा अज्ञात व्यक्ति आई बाहिर बोलाई खुकुरी हानी हत्या गरे। पीडक माओवादी

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	-
प्रहरीको यातनाले मृत्यु	-	-	१
हिरासतमा यातना	-	-	-
बलात्कार	-	-	-
आत्महत्या	९	६	५

भएको आशंका गरिएको छ, पीडित नेपाली कांग्रेस जिल्ला कार्य समितिका सदस्य हुन्।

१.२ जेल र बन्दीहरु

करीब १० वर्षअघि बनेको रूकुमको जेल "घ" श्रेणीको हो। १५ जना बन्दी क्षमता भएको यो जेलमा अहिले २ महिलासहित १७ जना कैद तोकिएका र पुर्पक्षका लागि थुनिएका ३७ जना गरी जम्मा ५४ जना रहेका छन्। जसअन्तर्गत माओवादीको आरोपमा थुनिएका व्यक्ति बढी रहेका छन्।

यो कारागारमा १ देखि ३ वर्षसम्म थुनुवा रहेकाको संख्या २९ रहेको छ। विभिन्न विषयमा मुद्दा चलाइएका मध्ये धेरैजसो माओवादी आन्दोलनसंग सम्बन्धित छन्।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

शोभा गाविस-५ घर भई प्रा.वि. सेराबाङका शिक्षक ३२ वर्षीय ह्रोमबहादुर के.सी.लाई ०५३ फागुन २० गते सदरमुकाम आउँदा कैलीदेउ बगरमा बाँफीकोटस्थित इलाका प्रहरी कार्यालयका इन्चार्जको आदेशमा गिरफ्तार गरी छातीमा बुटै बुटले हिर्काइयो। पीडकको मुखबाट रगत आएपछि छाडिएको थियो।

शोभा गाविस-५ घर भई मा.वि. सीमा शिक्षक अनन्तप्रसाद गौतमलाई ०५४ असोज ३० गते प्रहरीले माओवादीको आरोपमा पक्री यातना दिई ठूला-ठूला घाउहरु नै बनाइदिएको थियो। आँखामा समेत चोट लाग्यो। पछि व्यापक जनदबाबपछि सम्पूर्ण उपचार खर्च प्रहरीले बेहोरे।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

बाँफीकोट गाविस, सीमतारूमा ०५४ वैशाख ७ गते लागेको मेलामा रक्सीले मातेका प्रहरीले महिलालाई जिस्क्याएपछि यसो नगर्न आग्रह गर्नेहरूमाथि प्रहरीले जथाभावी गोली चलायो। तर कसैलाई पनि चोटपटक भने लाग्न पाएन।

शांख गाविसमा एमालेका तर्फबाट उपाध्यक्ष निर्वाचित कमल पुनलाई एमाले र उपाध्यक्ष दुवैबाट राजीनामा दे, नत्र मार्छौं भनी माओवादीहरूले ०५४ साउन १९ गते घरैमा आइ धम्की दिए।

यस वर्ष माओवादी आन्दोलनका कारण यस जिल्लामा कुटपिट र ज्यान मार्ने धम्की व्यापकरूपमा दिइएका छन्। तर यस्ता धम्की र कुटपिटबाट पीडितहरूले सुरक्षाको अभावले वास्तविकता बताउन चाहेनन्।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

आठबीसकोट गाविसका ३५ वर्षीय कर्णसिंह डाँगीलाई ०५३ पुस २७ गते आफ्नै घरमा बोलाई सोही गाविसका पूर्व

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
हत्या	८	७	१	८				
गोलीद्वारा हत्या	२	३		३				
यातनाले मृत्यु	१	१		१	१	१		१
गोली	३	४		४	१	२		२
गिरफ्तारी र यातना	२	२		२	२	२		२
कुटपिट	१	१		१				
धम्की	१	२		२				
भेला र संगठित हुने अधिकार •	२			३६०	२			३६०
निष्पक्ष चुनाव	१							
निष्पक्ष न्यायिक अधिकार	१	१		१	१	१		१
महिला अधिकार	१		१	१				
बलात्कार प्रयास	१		१	१	१		१	१
आत्महत्या	५	५		५				
दुर्घटनाहरु/विपत्तिहरू	२	३		३				
अन्य	१	१		१				
जम्मा	३२	३०	३	३९३	८	६	१	३६७

विष्फोटनमा परी हत्या गरिएका सई भीमराज

अध्यक्ष तथा नेपाली कांग्रेसका जिल्ला कार्यसमिति सदस्य लोकेन्द्र बटालाले बन्दूकद्वारा गोली हाने। आफूलाई चुनावमा सघाउन नमानेपछि उनले उक्त कार्य गरेका हुन्। गोली छल्न सफल भएकोले डाँगीलाई केही हुन भने पाएन।

०५४ सालको स्थानीय निर्वाचनका क्रममा जिल्लाका ४३ गाविसमध्ये १८ वटा गाविसमा माओवादीहरूको धम्कीका कारण मनोनयन पत्र नै दर्ता गरिएन। ७ वटा गाविसमा दर्ता भएको पनि फिर्ता गर्न बाध्य पारियो। धेरै व्यक्तिहरू धम्कीका कारण आफ्नो राजनीतिक स्वतन्त्रताको अधिकार उपभोगबाट वञ्चित रहे। एमालेका जिल्ला उपसचिव यदु गौतमसहित धेरै जनालाई अपहरणसमेत गरिएका घटना प्रकाशमा आए। धम्कीकै कारण जिल्ला विकास समितिका निवर्तमान सभापति हरिभक्त ओलीले गासस पदमा दिएको आफ्नो उम्मेदवारी फिर्ता लिन बाध्य हुनुपर्‍यो।

अखिल नेपाल महिला संघ (क्रान्तिकारी) जिल्ला समिति रूकुमको चौथो जिल्ला सम्मेलनको घोषणासभा गर्ने क्रममा निस्किएको जुलुसलाई प्रहरीले रोकी ०५४ मंसिर २८ गते सभासमेत गर्न दिएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतका विचारीले चुनवाङ गाविसका १४ वर्षीय जनकसिंह बूढासंग अंश रोक्का गर्न १० हजार रूपैयाँ माग गरेपछि पीडितले खोजतलास गरी ५ हजार रूपैयाँ दिन बाध्य भए। पीडितका सबै परिवार ज्यानसम्बन्धी मुद्दामा कारागारमा छन्। जिल्ला न्यायाधीशसमक्ष यो घटनाको जानकारी गराउँदा पुनरावेदन अदालत जान अराएको पीडितको गुनासो छ।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

आक्रमणमा परी घाइते : प्रहरी उमाकान्त चापागाईं

३. भूमिहीन, सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

वृद्ध, असहायहरूलाई दिइने भत्ता समयमा दिइन्न। दिए पनि नपुग मात्र दिइने गरिएको छ। शोभा, मारावाङ, पोखरा, सिम्ली, चुनवाङ आदि गाविसमा यस्ता घटना हुने गरेका देखिएको छ।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

विजेश्वरी गाविस-३ की एक महिलालाई ०५४ असोज ६ गते राति इलाका प्रहरी कार्यालय, चौरजहारीमा कार्यरत् प्रहरी कविराम जोशी र ऋषिराम आचार्यले खुकुरी देखाइ बलात्कार गर्ने प्रयास गरे। गाउँलेहरूको सहयोगमा उनी बलात्कृत हुन पाइनन्। प्रहरीले उजुरीसमेत लिन नमानेको कुरा पीडित पक्षले जनाएको छ।

खलंगा गाविस-१ की ३५ वर्षीय मानसिक अवस्था ठीक नभएकी एक मजदूर महिलालाई केही अज्ञात व्यक्तिहरूले यौन संसर्ग गरेपछि पीडितबाट ०५४ जेठ २२ गते १ छोरीको जन्म भयो। कसैले पनि उक्त बच्चा स्वीकारेको छैन, उनी त्यत्तिकै अलपत्र परेकी छिन्।

४.२ पारिवारिक हिंसा र बहुविवाह

जानकारीमा आएन।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार

(पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

यहाँ हलिया प्रथा सामान्यरूपमा चलेको देखिन्छ तर यससम्बन्धी उल्लेख्य घटना भने यस वर्ष जानकारीमा आएन। मालिक र

विष्फोटनमा पारी हत्या गरिएका प्रहरी तीलबहादुर

हलियाबीच आपसी सहमति तोडिए पनि पीडितले साधारण गुनासोबाहेक कतै कहीं उजुरी गर्ने गरेको पाइन्न।

७.२ अन्य अमानवीय व्यवहार /जातीय छुवाछूत समेत

शोभा गाविस-३ का हस्तबहादुर बुढाथोकीलाई सानो जातिसंग विवाह गरेको कारण जनाइ ०५४ भदौ १२ गते आमाको मृत्यु हुँदा आफ्नै दाजुभाइले क्रिया बस्न दिएनन्।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

माओवादीहरूले आफ्ना कार्यकर्ता अपहरण गरेकामा नेकपा (एमाले) ले एक वक्तव्य प्रकाशित गरी विरोध जनायो। माओवादीले सरकारले राज्य आतंक मच्चाएको भनी विरोध जनायो भने नेपाली कांग्रेसले माओवादीले आफ्नो पार्टीका मान्छे मारेको भनी विरोध जनाएका छन्। निरन्तररूपमा यी पार्टीका जिल्ला समितिहरूद्वारा पर्चा, विज्ञप्ति, विरोध गर्ने कार्य विविध मितिमा भइरहेका छन्।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

दुली गाविस-४ का ३८ वर्षीय अम्मा सुनुवारलाई ०५४ जेठ २४ गते गोली हानी हत्या गरेको अभियोगमा सोही

आठबीसकोटको घटनामा पक्राउ परेका व्यक्तिहरू

गाविस-४ का १९ वर्षीय कमलबहादुर बाँठा र १७ वर्षीय वीरबहादुर बाँठालाई प्रहरीले गिरफ्तार गरी थुनामा राखेको छ।

चुनवाङ गाविस-२ की २५ वर्षीय श्रीमती विष्णुकुमारी पुनलाई ०५४ भदौ २९ गते हत्या गरेको अभियोगमा सोही ठाउँका २२ वर्षीय टीकाराम पुनलाई प्रहरीले गिरफ्तार गरेको छ।

यस वर्ष यो जिल्लामा ५ जनाले आत्महत्या गरे। पाँचै जना पुरूष थिए। एक जना खोलामा बगेर मरे भने चुनवाङ गाविस-६ का ३६ वर्षीय भीमबहादुर पुन रक्सी सेवन गरी आइरहेका बेला ०५४ असोज २३ गते भीरबाट खसेर मरे।

•



४. मध्यपश्चिमाञ्चल

भेरी

४.६ बाँके

जनसंख्या	: २८५६०४
साक्षरता	: ३४.६ प्रतिशत
महिला साक्षरता	: २१.९ प्रतिशत
क्षेत्रफल	: २३३७ वर्ग कि.मी.
गाविस/नपा	: ४६/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय/क्याम्पस	: २२०/६
अस्पताल/स्वास्थ्यचौकी	: २/३६
टेलिफोन लाइन	: २७१३
सडक (कि.मि.)	: २९०
प्रहरी कार्यालय	: ३५
हुलाक	: ३५

मध्यपश्चिमाञ्चलकै सुगम जिल्लाको रुपमा परिचित बाँके कमैया प्रथा र धार्मिक दङ्गाका कारण बेला बेलामा चर्चामा आइरहने गरेको छ। अर्वाधभावी केही जातिमा चौधरी न्यायमूर्ति हुने प्रथा अझै यहाँ कायम छ। सधैंजसो वादी जातिको वेश्यावृत्तिका कारण चर्चामा आइरहने यो जिल्ला यस वर्ष भने वेश्यावृत्ति रोकिएका कारण चर्चाको शिखरमा रह्यो। भारतीय सिमानासंग जोडिएको यस जिल्लामा डकैती र कुटपिटका साथै हत्याका घटनासमेत बढ्ने क्रममा छन्। साधारण विषयलाई लिएर हुने ठूला घटनाहरूले मानवअधिकार कुन्ठित गर्ने सवालमा प्रमुख भूमिका खेलेको पाइन्छ।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या गोली

नेपालगंज नगरपालिका-१४ त्रिभुवन चोकनेर छोरासहित साइकलमा जाँदै गरेको अवस्थामा जैसपुर टंकपसरीका फैजल कपाडियालाई ०५४ जेठ ४ गते स्थानीय नविन गुप्ताले चक्कु प्रहार गरी हत्या गरे। चुनावी झैं-झगडाका कारण उक्त घटना भएको थियो। हाल पीडक ९० हजार रुपैयाँ धरौटी राखी छुटेका छन्।

१.२ जेल र बन्दीहरु

बाँके जिल्लाको सदरमुकाममा रहेको जेल केन्द्रीय स्तरको "ख" श्रेणीमा पर्ने जेल हो। राणाकालमा निर्मित यो जेल २ सय जना बन्दी राख्न सकिने क्षमताको छ। न्यतिखेर घोडा बाँध्न राणाहरूले बनाएको यो भवनलाई २००७ सालदेखि जेलमा परिणत गरिएको हो। १ सय ३६ पुरुष, ८ महिला २ नाबालक रहेको यस जेलमा ९१ जना सजाय तोकिएका व्यक्ति छन् भने ५३ जना फैसला हुन बाँकी थुनुवा छन्।

भित्र १३ र बाहिर ४ वटा शौचालय छन्। डाक्टरको दरबन्दी पनि छ। साधारण औषधोपचार सम्बन्धमा कसैको गुनासो छैन। पंखा, टेलिभिजन दिइनुपर्ने, आउँनासाथ ओढ्ने/ओछ्याउने दिइनुपर्ने र डाक्टर जेलमै रहनुपर्ने माग राखी ०५३ माघमा बन्दीहरूले हड्ताल गरेका थिए।

रोल्पा, जेलवाङ गाविस-४ घर भएका नेपालगंज जेलका बन्दी २३ वर्षीय वर्मन पुन मगरको ०५४ असार ३० गते भेरी अंचल अस्पतालमा मृत्यु भयो। ०५३ वैशाख १३ गते ज्यान मार्ने र डाँका मुद्दा अन्तर्गत मुद्दा चलाई ०५४ वैशाख १ गते जेल चलान गरिएका मगरलाई उपचारकै लागि यहाँस्थित जेलमा ल्याइएको थियो।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

पुरैना गाविस-७ मिर्ताका ३० वर्षीय रफिक खाँ, मो पमाल खाँ, हुसेन खाँ, बनकट्टी-५ का २२ वर्षीय समसमुज गररिया र रामगोपाल बर्मालाई ०५३ फागुन ११ गते बिनापूर्जी वन पैदावर (भावा) काट्न गएका बेला वन कार्यालयले गिरफ्तार गरी विद्युतीय झट्का लगाई यातना दियो।

नेपालगंज नगरपालिका-१३ का नेकपा (मार्क्सवादी) का महासचिव माधव ज्ञवालीसहितका केही व्यक्तिलाई ०५४ वैशाख २६ गते नौवस्ता गाविसको जंगलमा बस्ती बसालेको

घटनाको प्रकृति	घटना संख्या		
	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	१	-
हिरासतमा यातना	२	३	१
वन कार्यालयमा यातना	-	-	१
बलात्कृत	५	२	२
बाबुद्वारा	१	-	-
आत्महत्या	७	५	४१

आरोपमा प्रहरीले पक्राउ गरी ०५४ जेठ ८ गतेसम्म वन कार्यालयले थुनामा राख्यो।

जमुनाहा प्रहरी चौकीले रूकुम घर भई भारतको लखनउतर्फ उपचार गराउन भनी हिडेका गणेशमान पुनसहित ५ जनालाई ०५४ असार २१ गते माओवादीको आरोप लगाई पक्राउ गऱ्यो। पक्राउ परेकाहरूलाई दाङ जेल चलान गरिएको छ। उनीहरूलाई प्रहरी हिरासतमा भित्तामा आड लगाइ उभ्याउने र अन्य यातनासमेत दिइएको थियो। उनीहरूलाई जिल्ला प्रहरी कार्यालय बाँकेले क्षेत्रीय प्रहरी इकाई दाङमार्फत् सम्बन्धित जिल्ला रोल्पा पठाएको छ।

बैजापुर गाविस-३ की १६ वर्षीय दुर्गा भण्डारीलाई ०५४ असोज ७ गते क्षेत्रीय प्रहरी कार्यालयका सईले माओवादीको आरोप लगाई बजारबाट घर फर्कँदै गरेका बेला पक्राउ गरे। पीडितलाई माओवादीको चिठी ओसारपसार गरेको आरोपमा ३ महिनाका लागि कारागार चलान गरिएको छ। ३ महिना पुगेपछि पुनः थप ३ महिनाको लागि राखिएको छ।

यस जिल्लामा पटक पटक गरी विभिन्न स्थानबाट माओवादीको आरोपमा दर्जनौं व्यक्तिलाई पक्रिने, कोहीलाई यातनासमेत दिने र ५-७ दिनपछि छाडिने तथा विभिन्न मुद्दा लगाइने गरिएको पाइयो।

१.४ बेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

कोहलपुर इलाका वन कार्यालयका वनरक्षक २४ वर्षीय मिनबहादुर बस्नेतलगायत्का ४ जनालाई ०५४ भदौ ३१ गते काठ चोरी गरिरहेको थाहा पाई काठ सुरक्षाका लागि गएका बेला २५-३० जना काठ तस्करहरूको हुलले आक्रमण गरी घाइते बनायो। कोहलपुर गाविस-२ का तुलसीराम थारूलाई यससम्बन्धी घटनामा संलग्न भएको अनुमान गरी प्रहरीले गिरफ्तार गऱ्यो।

सोनपुर गाविस-२ सोनवर्षाका २९ वर्षीय रामलखन तेलीलाई ०५४ असोज ८ गते सोही गाविसका अध्यक्ष अतिउल्ला खाँले राजनीतिक प्रतिशोधका कारण कुटपिट गरे। पीडकले यसअघि पनि पीडितको घरमा आगो लगाइदिएका थिए। पीडक राप्रपा समर्थक भएकाले प्रहरीले कारवाही नगरेको गुनासो पीडितको छ।

नौवस्ता गाविस-७ का २४ वर्षीय परशुनारायण चौधरी, वनकटवा गाविस-८ का भरत थारू, नौवस्ता गाविस-१ का कृष्णबहादुर थारू र चिसापानी गाविस-३ का जुहारी थारूलाई ०५४ कार्तिक २४ गते नौवस्ता गाविस-५ का लक्ष्मीराम थारूलगायत् १० जनाको समूहले कुटपिट गऱ्यो।

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	७	७		७				
गोली	३	२९		२९				
थुनामा मृत्यु	१	१		१	१	१		१
गिरफ्तारी र यानना	१२	१३६	६	१४२	१२	१३६	६	१४२
कुटपिट	१७	२८	५	३३				
धम्की	१	४		४				
भूमिहीन तथा सुकुम्बासी	१	१		१	१	१		१
महिला किनबेच	२		२	२				
बलात्कार	२		२	२				
पारिवारिक हिंसा	२		२	२				
गर्भपतन	१		१	१				
बालअधिकार	१		१	१	१		१	१
धार्मिक स्वतन्त्रता	१	६		६				
ब्लाकमेल	१	५		५				
आतंक	१	१		१				
चोरी/डकैती	२	४		४				
आत्महत्या	४१	२७	१४	४१				
दुर्घटनाहरू/विपत्तिहरू	१०	१००	१	१०१				
जम्मा	१०६	३४९	३४	३८३	१५	१३८	७	१४५

भून धपाउने निहुँमा हत्या गरिएका सुरेन्द्र र हत्या गर्ने दाजु वीरेन्द्र

पीडितहरू कमैया सर्वेक्षण कार्यमा लागिरहेको अवस्थामा पीडकहरूद्वारा यो काम तुरुन्त रोक् भनी ज्यान मार्ने धम्कीसमेत दिएका थिए।

नेपालगंज नपा-१६ का २५ वर्षीय हर्षबहादुर थापालाई ०५४ कार्तिक १९ गते राति सोही ठाउँका उज्ज्वल राठोर, नेपाल धोबीसमेतका १०-१५ जनाको टोलीले मरणसान्न हुनेगरी पिटे। प्रहरीले पीडकलाई कारवाही गर्न आलटाल गरिरहेको गुनासो पीडित पक्षको रहेको छ।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

नेपालगंज नगरपालिका-११ को नगरभवनमा सोही ठाउँका चादअली सिद्धिकीले निर्वाचनका क्रममा भएको विवादका कारण ०५४ जेठ ४ गते गोली चलाउँदा सोही ठाउँका किरण बुढाथोकीलगायत्का २७ जना छर्रा लागी घाइते भए। प्रहरीले घटनाका सम्बन्धमा खासै ध्यान दिएको देखिएन। चाद अलि सिद्धिकी फरार रहेको र उनलाई ज्यान मार्ने उद्योग गरे बापत मुद्दा दर्ता गरिएको छ।

नौ वाम पार्टीद्वारा आयोजना गरिएको ०५४ असोज १ र २ गते नेपाल बन्दको कार्यक्रममा कोहलपुर गाविसका ३५ वर्षीय विष्णुसिंहलगायत् १ सय १७ जनालाई प्रहरीले पटक-पटक गरी गिरफ्तार गऱ्यो। असोज १ र २ गतेको नेपाल बन्द सफल पार्न अघिल्लो दिन साँझ प्रदर्शन गरिएको मसाल जुलुसबाट २० जना गिरफ्तार भएका थिए। असोज १ गते ८५ जना गिरफ्तार भए भने असोज २ गते नेपालगञ्ज नगरपालिका-१३ का ६३ वर्षीय माधव ज्ञवालीलगायत् १२ जना गिरफ्तार भए। गिरफ्तार भएका सम्पूर्ण पीडितहरूलाई ०५४ असोज २ गते साँझ ६ बजेसम्म रिहा गरियो।

नेपालगंज नगरपालिकाका विभिन्न स्थानबाट गरी नौ वाम समूहद्वारा आयोजित ०५४ असोज १ र २ गतेको नेपाल बन्द कार्यक्रम सफल बनाउन लागिपरेका १ सय १७ जना प्रदर्शनकारीलाई प्रहरीले गिरफ्तार गऱ्यो। पक्राउ परेकाहरूलाई २/३ दिनपछि छाडिएको थियो।

२.२ धार्मिक स्वतन्त्रता

इन्द्रपुर गाविसमा ०५३ माघ २७ गते भएको हिन्दू-मुस्लिम भिडन्तमा परी १ जनाको हात र १ जनाको खुट्टा भाँचिएको छ। धेरै जना घाइते भए। शिवसेनाले मुस्लिम धार्मिक विद्यालय (मदरसा) भत्काउन थालेपछि दोहोरो भिडन्त भएको थियो। यस घटनाका सम्बन्धमा प्रहरीले शिव सेना नेपालका मध्यपश्चिमाञ्चल क्षेत्रीय प्रमुख किरण बुढाथोकीलाई ०५३ फागुन ३० गते पक्राउ गरेकोमा अदालतको आदेशबाट रिहा गरिएको छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत बाँकेमा यस वर्ष संक्षिप्त कार्यविधि अन्तर्गतका विभिन्न खालका गरी १०६ वटा मुद्दा दर्ता भए, जसअन्तर्गत ४६ वटामात्र फछ्र्यौट भए। यस वर्ष १ हजार ४ वटा मुद्दा दर्ता भए, जसमध्ये ४ सय २३ वटा मात्र फैसला भए।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन, सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

यस जिल्लामा ४ हजार ८ सय १४ घरपरिवार सुकुम्बासी रहेको अनुमान छ। सुकुम्बासी समस्या समाधान आयोगमार्फत् सुकुम्बासी समस्या समाधान गर्ने लक्ष्य राखिएको भएता पनि खासै प्रगति भएको देखिँदैन। वृद्ध, विधवा र अपाङ्ग भत्ता वितरणमा नियमितता छैन।

असक्षम र गरीब विद्यार्थीहरूलाई दिइने छात्रवृत्तिले कुनै राहत पुगेको पाइन्न भने छात्रवृत्तिमा अनियमितता पनि हुने गरेको गुनासो पाइएको छ।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

फत्तेपुर गाविस-८ पनेरियाकी १८ वर्षीय हरिकुमारी बुढामगरलाई ०५३ माघ ६ गते सोही ठाउँकी २० वर्षीया मुनाकुमारी बुढाथोकी, नेपालगंजका राजु जसगढ, भारत बहराइचकी पार्वतीदेवी सिंह, श्याम सिंह र नेपालगंजका बबलु खाँले भारतको बहराइच लगी बेचे। राजु चोरी मुद्दाअन्तर्गत पहिलेदेखि नै थुनामै छन्, मुना धरौटीमा छुटेकी छिन् भने बाँकी पीडक गिरफ्तार हुन सकेका छैनन्। हाल मुना बुढाथोकी, राजु, श्याम सिंह र बब्लु खान थुनामा छन् भने पार्वती देवी फरार रहेकी छिन्।

नेपालगंजदेखि करीव आठ किलोमिटर उत्तरमा रहेको देवीदत्त गण सैनिक व्यारेकका एक सैनिकले स्थानीय १२ वर्षीय बालिकालाई ०५३ फागुन १९ गते बलात्कार गर्ने प्रयास गरेपछि स्थानीय जनताले व्यारेक नै घेरे। सैनिक अधिकृतद्वारा पीडकलाई कारवाही गरिने वताइएपछि स्थिति शान्त भएको थियो।

इन्द्रपुर गाविस-१ की १७ वर्षीय कलिमुन निशा बागवानलाई ०५४ भदौ २० गते सोही गाउँका प्रेमप्रसाद कुर्मी, ओमकार कुर्मी, जंगलीप्रसाद कुर्मी र दोइजी लोहारले गाउँबाट केही पर दिशा गर्न गइरहेका बेला अपहरण गरी दिल्लीमा लगेर २० हजारमा बिक्री गरे। प्रहरीले पक्राउ गरेका जंगलीप्रसाद हाल धरौटीमा छुटेका छन्।

नेपालगंज नगरपालिका-१ धम्बोजीकी ६ वर्षीय एक बालिकालाई ०५४ साउन १ गते सोही ठाउँका २० वर्षीय हरमिन सिंहले एकान्तमा लगी बलात्कार गरे। पीडकलाई छिमेकीहरूले समाती प्रहरीमा बुझाइदिए। उनी थुनामा छन्।

बासुदेवपुर गाविस सुजी गाउँकी एक २० वर्षीय युवतीलाई ०५४ कार्तिक ४ गते सोही ठाउँका गोमतिप्रसाद वर्मा र अयोध्याप्रसाद वर्माले पालैपालो बलात्कार गरे। पीडक गोमती फरार छन् भने अयोध्या पक्राउ परे। पीडकहरू पीडितकै सहमतिमा यौन सम्बन्ध राखेको वताउँछन्।

४.२ पारिवारिक हिंसा र बहुविवाह

हिरमिनिया गाविस सुव्वापुरकी २० वर्षीय तवस्सुम वानोलाई ०५३ फागुन ३ गते आफ्नै पति डकवाल शेपले माइतबाट दाइजो नल्याएको निहुँमा यातना दिइएकोमा पीडकलाई प्रहरीले पक्रिएको थियो। तर पछि त्यत्तिकै छाडियो। घरमा भित्रिएकै दिनदेखि उनले त्यही निहुँ झिकी वारम्वार यातना दिँदै आएका थिए। पीडकहरूले उनलाई साइकलमा बाँधेर जवर्जस्ती माइतीमा पुऱ्याइदिएका थिए।

इन्द्रपुर गाविस-२ की २३ वर्षीय रामावती कुर्मीलाई ०५४ साउन २७ गते उनकै पति २४ वर्षीय राजेश कुर्मीले दाइजो नल्याएका कारण घाइते हुने गरी कुटपिट गरे। मोटरसाइकल दाइजो नल्याएको निहुँमा पीडकले ३ वर्षदेखि पिट्दै आएका थिए। पीडितले कारवाहीका लागि निवेदन दिएकी थिइन्।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

खजुराखुर्द गाविस-६ की उमा परियारलाई ०५४ वैशाख ५ गते सोही ठाउँका छोटेलाल सुनारसहितका ३ जनाले कुटपिट गर्दा पीडितको गर्भ पतन हुन गएको छ। छोटेलाल धरौटीमा छुटेका छन् भने घटनामा संलग्न फूलमाया वि. क. र शिनला वि. क. लाई भने गिरफ्तार गरिएन।

४.४ गर्भ पतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

रनियापुर गाविस-१ का १५ वर्षीय कृष्ण रेग्मी लगायत ५ जना बालकहरूलाई फकाइफुल्याइ जागिर लगाइदिने बहानामा ०५३ चैत्र २५ गते भारतको मुरादावाद लगी छाड्ने जाजरकोट रघुदा गाविस ध्यारका २९ वर्षीय मनबहादुर ध्यारलाई प्रहरीले पक्राउ गरेको छ। सम्बन्धित अभिभावकहरूले ती बालकहरूलाई मुरादावादबाटै फर्काएर ल्याएका थिए। १ जना बालकको अझै पत्तो छैन। हाल पीडक नेपालगञ्ज कारागारमा थुनामा छन्। ०५४ कार्तिक महिनामा ती बालक प्रेम ढकाल दिल्लीबाट भागेर घर आउन सफल भएका छन्।

६. आर्थिक अधिकार

(पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

यस जिल्लामा रहेका उद्योगहरूमा भारतीय मजदूरहरूको सहभागिताले गर्दा उद्योग मालिकहरूलाई स्थायी नियुक्ति गर्नु नपर्ने, जसबाट ट्रेड युनियनहरूको दबाब सहन नपर्नुको स्थितिले, नेपाली मजदूरहरू आफ्नो अधिकारबाट वञ्चित भएका छन्।

नेपालगञ्जको एभरेष्ट निट प्रोडक्ट प्रा.लि.मा कार्यरत महिला मजदूरहरूलाई नियुक्तिपत्र मागेको आरोपमा व्यवस्थापनले सेवाबाटै निश्कासन गऱ्यो।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

यस जिल्लामा दासप्रथाके अवशेषका रूपमा विद्यमान कमैया प्रथा जिउँदो-जाग्दो अवस्थामा रहेको छ। करीव १ हजार ६ सय कमैया परिवार यस जिल्लामा भएको अनुमान गरिन्छ।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

जानकारीमा आएन।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

असहाय तथा विपन्न वर्गका बालबच्चाहरूलाई शिक्षा एवं खानपिनको व्यवस्था गरी उचित रेखदेखसमेत गर्दै आएका बाल संरक्षण गृहका निर्देशक दिलिप परियारलाई प्रशासनले अनुचित रूपमा पक्राउ गरी झुठा मुद्दा लगाएकोमा बाल संरक्षण गृहले ०५३ फागुन १८ गते एक विज्ञप्ति प्रकाशित गरी विरोध जनायो।

९. अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

हिरमिनिया गाविस-१ का जगदेव खटिक र अगिराम खटिकले सोही ठाउँका ४५ वर्षीय बुधइ लोनियालाई ०५४ जेठ १० गते आफूलाई तिनुपर्ने रकम नतिरेको निहुँमा कुटपिट गरेकामा भेरी अंचल अस्पतालमा पीडितको उपचार हुँदाहुँदै ०५४ जेठ २३ गते मृत्यु भयो। जगदेव गिरफ्तार गरिएका छन् भने अगिराम फरार छन्। जेलमा रहेका छन्।

भवनियापुर गाविस-५ का मजदूरी काम गर्ने दामोदर लोनियाको लास ०५४ असार २३ गते छुरी हानी हत्या गरिएको अवस्थामा नजिकै खेतमा फेला पऱ्यो।



माओवादीहरूद्वारा लेखिएको पत्र बाँडेको आरोपमा पक्राउ परेकी दुर्गा भण्डारी

सीतापुर गाविस-२ का १८ वर्षीय सुरेन्द्र मुराव र ४५ वर्षीय दीपरानी मुरावलाई ०५४ भदौ ४ गते आफ्नै छोरा २५ वर्षीय वीरेन्द्र मुरावले झारफुक गर्ने क्रममा कुटपिट गरी हत्या गरे। भाइ सुरेन्द्र एक्कासि बेहोस भएपछि भूत धपाउन भनी पीडक वीरेन्द्रले कुटपिट गरे र भाइ मरेपछि आमा दीपरानीलाई सऱ्यो भनी आमालाई पनि कुटेको थियो। पीडक पक्राउमा परिसकेका छन्।

परसपुर गाविस-८ मा भारतीय सीमा नजिकै ०५४ असोज ५ गते राति एक अज्ञात व्यक्तिलाई केही अज्ञात व्यक्तिले घाँटी र जीउ छुट्याई हत्या गरे। पीडक फेला पर्न सकेका छैनन्।

पिप्रहवा गाविस-५ का ५० वर्षीय मिलन जयसवाललाई आफ्नै घरमा सुतिरहेका बेला ०५४ असोज ११ गते अज्ञात व्यक्तिहरूले हत्या गरे। पीडकहरू फेला पर्न सकेका छैनन्।

नेपालगंज बसपार्क छेउमा ०५४ मंसिर २४ गते कैलाली, चुवा गाविसका करीव ४० वर्षीय शंकरबहादुर राउतलाई हत्या गरी फ्याँकिएको अवस्थामा भेटियो।

नेपालगंज नगरपालिका-१ का २५ वर्षीय सनी उल्लाह खाँले ०५३ चैत्र २६ गते अदालतकै घेराभित्र विष सेवन गरी आत्महत्या गरे। उनले आफू निर्दोष भएको र आफूलाई फसाइन लागेकोले आफ्ना विरुद्ध नबोल्न आग्रह गर्दै आएका थिए।

यस वर्ष यो जिल्लामा विपत्तिद्वारा १६ जना व्यक्ति/परिवार पीडित हुन पुगे। ४ लाख ७३ हजार रूपैयाँको धनमाल नष्ट भयो।

यस जिल्लामा यस वर्ष आत्महत्याका घटना ४१ वटा भएको जानकारीमा आयो। जसमध्ये १४ महिला र २७ पुरूष रहेका छन्। विष सेवन गरी १७ जना, झुण्डिएर २३ जना र १ जनाले शरीरमा आगो लगाएर आत्महत्या गरेका छन्।

●

४. मध्यपश्चिमाञ्चल

भेरी

४.७ वर्दिया

जनसंख्या	:	२८९८४०
साक्षरता	:	२९.९ प्रतिशत
महिला साक्षरता	:	१७.२ प्रतिशत
क्षेत्रफल	:	२०२५ वर्ग कि.मी.
गाविस/नपा	:	३१/1
निर्वाचन क्षेत्र	:	३
विद्यालय/क्याम्पस	:	१७७/३
अस्पताल/स्वास्थ्यचौकी	:	१/४३
टेलिफोन लाइन	:	२९३
सडक (कि.मि.)	:	१०७
प्रहरी कार्यालय	:	५४
हुलाक	:	३४

बर्दिया राष्ट्रिय निकुञ्ज, ठाकुरद्वारा, कृष्णसार संरक्षण क्षेत्र जस्ता महत्वपूर्ण स्थानले सजिसजाउ बर्दियाको एक तिहाइ जमिन वन जंगलले ढाकेको छ। मानवअधिकारका निम्ति सक्रिय विश्वकै स्वयंसेवकहरूलाई यहाँ विद्यमान कमैया प्रथाले ठूलो अड्चन खडा गरिदिएको छ। निकुञ्जको रक्षार्थ खटेका सुरक्षाकर्मीले स्थानीय जनतालाई दुःख दिने गरेका घटना यहाँ वर्षेनी दोहोरिने गरेका छन्। यस वर्ष जेलका नाइकेलाई बन्दी र थुनुवाहरूले कुटेर हत्या गरेका कारण जेल प्रशासन तथा सरकारको सुरक्षा व्यवस्थाप्रति मानवअधिकारवादीहरूलाई सोच्न बाध्य बनायो। अन्य मानवअधिकार उल्लंघनका घटनाप्रति पनि सन्तोष व्यक्त गर्ने ठाउँ भेटिएन।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

बर्दिया जिल्लाको जेल "घ" श्रेणीको जेल हो। यो जेलको बन्दी क्षमता १ सय १० जना रहेको छ। यो वर्ष यस जेलमा महिला ७ जना र पुरूष ६५ जना रहेका छन्, जसमा थुनुवा १२ र बन्दी ५० जना रहेका छन्। औषधी उपचारको लागि एक जना स्वास्थ्य सहायक भए पनि कारागार शाखामै रहनुपर्ने माग बन्दीहरूको रहेको छ। जेलका नाइकेहरूलाई फेरिनुपर्छ भन्ने आवाजलाई जेलसम्म पुर्‍याइयो भन्ने आरोपमा ०५४ असोज २५ गतेका दिन झगडा भई अन्धाधुन्ध ईँटा, चिर्पट, दाउरा र धाराको हत्ता जस्ता हतियार प्रयोग हुँदा नाइके कर्णबहादुर रजालीको कैदी र थुनुवाहरूले हत्या गरे।

यस जेलमा वैतनिक वकिलको व्यवस्था नभएको बन्दीहरूले गुनासो गरेका छन्।

खानेपानीको लागि धारा भएता पनि धाराबाट कालो पानी आउने भएका कारण स्तरीय पानीको व्यवस्था हुनुपर्ने माग पनि उनीहरूले राख्दै आएका छन्। यस जेलमा दुई वर्षसम्म रहेका थुनुवा १२ जना छन् भने एक वर्ष ८ जना र ४ महिने २ जना रहेका छन्।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

खैरिचन्दनपुर गाविस-५ का २१ वर्षीय राजकुमार थारूलाई सोही ठाउँस्थित चौकीका असई रामबहादुर बस्नेतले ०५३ फागुन २५ गते चौकीमा बोलाइ तेरी बहिनीलाई मकहाँ किन काम गर्न पठाइनस् भनी घोप्टो पारी पशुवत यातना दिए। गाविस प्रतिनिधिको दवावमा मात्र उनलाई छाडिएको थियो।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

मानपुरटपरा गाविस-९ का ३० वर्षीय देवीलाल चौधरी र मोतिलाल चौधरीलाई ०५३ फागुन २१ गते बडालपुर गाविस-९ का ३५ वर्षीय पुननरसिंह राणालगायत्का व्यक्तिहरूले जग्गाको निहुँमा घरमा बोलाई मरणासन्न हुनेगरी कुटपिट गरे।

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	-
थुनामा मृत्यु	-	-	१
हिरासतमा यातना	-	-	१
बलात्कृत	-	-	२
आत्महत्या	४	४२	४२

गुलरिया नगरपालिका-१२ की ३२ वर्षीय शारदा के.सी.लाई सोही ठाउँका ४२ वर्षीय राजेन्द्रप्रसाद श्रीवास्तवले ८-१० जना मानिस लगी चुनाव हारेको प्रतिशोधस्वरूप ०५४ साउन ६ गते लाठी, भाला र चक्कुले हानी कुटपिट गरे।

सूर्यपटुवा गाविस-३ का ३८ वर्षीय बकेन्दबहादुर रावललाई ०५४ साउन ६ गते राति केही अपरिचित व्यक्तिहरू आई कुटपिट गरी बायाँ हात नै भाँचिदिए र माओवाद जिन्दावाद भन्ने नारा लगाउँदै फरार भए।

मोतिपुर गाविस-६ का ३२ वर्षीय पशुपति पोखरेल र २६ वर्षीय हरि पौडेललाई ०५४ भदौ ६ गते बजार बन्द गर्न नदिएको आरोपमा भूपाल सापकोटालगायत्का ८-१० जनाले सख्त हुने गरी कुटपिट गरे।

मोहवतपुर गाविस-९ का ३९ वर्षीय कमलप्रसाद आचार्य जंगली शिकारीहरूलाई समाउन खोज्दा ०५३ फागुन १२ गते गोली लागी घाइते भए। पीडकहरू पत्ता लगाउन सकिएको छैन।

बेलुवा गाविस-३ का ३० वर्षीय खडकबहादुर डि.सी. लगायत्का ३ जनालाई विजयशमशेर राणाको नेतृत्वमा आएको ८ जनाको हुलले हतियार प्रयोग गरी मरणासन्न हुनेगरी कुटपिट गर्‍यो। राजनीतिक प्रतिशोधका कारण उक्त घटना भएको थियो। पीडकहरू जनही २८ हजार रूपैयाँ धरौटी राखी छुटेका छन्।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन, सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

गुलरिया नगरपालिका-१ स्थित सुकुम्बासी मोर्चाका २४ जना कार्यकर्तालाई ०५४ असार १९ गते करीब १ सय ५० जना नेपाली-भारतीय व्यक्तिहरूले मरणासन्न हुने गरी पिटे। उनीहरूकै कारण आफूले हार्नुपरेकाले प्रतिशोधस्वरूप राजेन्द्र श्रीवास्तवले उक्त कुटपिट गराएको आरोप पीडित पक्षको छ। प्रहरीले कारवाहीका लागि कुनै चासो नदेखाएको पनि पीडित पक्षको गुनासो छ।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

खैरापुर गाविस-२ की १६ वर्षीय तिलसरा परियारलाई दार्शनी वि.क.ले भारतको कोइली भन्ने बजार हेर्न जाउँ भनी लगेर ०५३ माघ २९ गते मंगलसिंह ठाकुर नामक व्यक्तिलाई बिक्री गरिन्। पीडितका दाजुले पीडितलाई फर्काइ ल्याएका छन्, मुख्य पीडक फरार छिन् तर अन्यबीच मिलापत्र भएको प्रहरीले जनाएको छ।

वगनाहा गाविस-६ की १५ वर्षीय एक महिलालाई ०५३ फागुन १० गते पानी खान धारामा गएका बेला सन्तोष साह र प्रकाश साहले बलात्कार गरे। शुरूमा पीडकहरू फरार रहे।

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
हत्या	१		१	१				
गोली	२	१	१	२	१		१	१
थुनामा मृत्यु	१	१		१	१	१		१
गिरफ्तारी र यातना	२	२		२	२	२		२
कुटपिट	१०	१५	३	१८				
महिला किनबेच	२		२	२				
बलात्कार	२		२	२				
गर्भपतन	१		१	१				
चोरी/डकैती	१	१		१				
आत्महत्या	४२	२८	१४	४२				
दुर्घटनाहरू/विपत्तिहरू	९	६	४	१०				
जम्मा	७३	५४	२८	८२	४	३	१	४

अहिले गाउँमै देखिएका छन् तर कुनै कारवाही भएको छैन।

धधवार गाविस-९ की २२ वर्षीय एक युवतीलाई गुलरियाको जिल्ला अस्पतालका प्रमुख डा. व्रह्मनारायण भारीले ०५४ जेठ २९ गते दिउँसो औषधी गरिदिने वहानामा मेडिकल हलमा लगी बलात्कार गरे। अहिले दुवै पक्षवीच मिलापत्र भएको छ।

४.२ पारिवारिक हिंसा र वहुविवाह

जानकारीमा आएन।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

सानोश्री गाविस-८ की ५३ वर्षीय भीमकली राजीले ०५४ असोज १० गते ७ महिनाको गर्भ पतन गराइ केही टाढा बाटोमा लगी गाडिएको अवस्थामा फेला पऱ्यो।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

यो जिल्ला कमैया प्रथाका लागि चर्चित नै रहेको जिल्ला हो। भूमिसुधार कार्यालयसंग रहेको तथ्यांकअनुसार यस जिल्लामा २ हजार ७ सय ५३ परिवार कमैया रहेका छन्। यिनीहरूमाथि हुने दुर्व्यवहार पीडितद्वारा नै सामान्य ठानिने हुँदा खासै प्रकाशमा आउँदैनन्।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

जानकारीमा आएन।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

गुलरिया नगरपालिका-१ का २५ वर्षीय डस्ना धोवीलाई ०५४ जेठ ३२ गते सोही नगरपालिका-९ का ३२ वर्षीय अव्दुलरहमान धोवीलगायत्का घर-परिवार मिली हत्या गरे। डाक्टर र प्रशासनद्वारा झुण्डेर मरेको प्रमाणित गरी हत्यालाई ढाकछोप गरेको आरोप पीडितका वावु कुर्वान अलीको छ। यसको विरोधमा स्थानीय जनताले नारा, जुलुस पनि गरेका थिए।

यस वर्ष यो जिल्लामा डकैतीका घटना २ वटा भए। छतवाट खसेर एक जनाको मृत्यु भयो। घाँस काट्न गएकी वनियाभार गाविस-५ की लक्ष्मी थरूनीको ०५४ असोज २ गते खुट्टा चिप्लिनाले पानीमा डुवी मृत्यु भयो। यो वर्ष यस जिल्लामा ३ वटा वेवारिसे लास फेला परे। चट्याङद्वारा १, आफैंले मट्टितेल खनाई जलेर १ जना र मुसुरोको भुसवाट दाना निकाल्ने काम गर्दागर्दै एक जनाको मृत्यु भयो।

यस वर्ष २८ पुरूष र १४ महिला गरी ४२ जनाले आत्महत्या गरे।



४. मध्यपश्चिमाञ्चल

भेरी

४.८ सुर्खेत

जनसंख्या	: २२५७६८
साक्षरता	: ४२.८ प्रतिशत
महिला साक्षरता	: २४.४ प्रतिशत
क्षेत्रफल	: २४५१ वर्ग कि.मी.
गाविस/नपा	: ५०/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय/क्याम्पस	: ३८१/५
अस्पताल/स्वास्थ्यचौकी	: १/४३
टेलिफोन लाइन	: १०२४
सडक (कि.मि.)	: २२१
प्रहरी कार्यालय	: १७
हुर्लाक	: ५०

विकट र दुर्गम जिल्लाका रूपमा परिचित सुर्खेत जिल्ला मानवअधिकारका हिसाबले अचेत अवस्थामै रहेको देखिन्छ। रूढीवादीपना र अन्धविश्वासका कारण हुने घटना तथा ठूला र सम्पन्न मनिनेहरूद्वारा हुने शोषणलाई पीडितद्वारा सामान्यरूपमा लिइने गरिएका कारण मानवअधिकार उल्लंघनका घटना खासै प्रकाशमा आउने गर्दैनन्। यस वर्ष यस जिल्लामा बहुविवाहका धेरै घटना देखिए।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

यस जिल्लाको सदरमुकामस्थित कारागार ०२५/०२६ सालतिर निर्माण गरिएको हो। १९ कठ्ठामध्ये १० कठ्ठामात्र प्रयोगमा ल्याएको जेलले बाँकी जग्गा अरूले भोगचलन गर्दा पनि केही गर्न सकेको छैन। २५ जना बन्दी क्षमताको यस जीर्ण जेलमा अहिले ३२ जना रहेका छन्। १ वालक र १ बालिका पनि यस जेलमा छन्। चर्पीको समस्या छैन, तर सरसफाइ गर्ने व्यवस्था छैन।

जेलको मर्मत संभार, जीर्णोद्धार, कम्पाउण्डवाल बनाउनुपर्ने खाँचो टड्कारो भइसकेको आफूले पनि महसूस गरेको जेलर दलबहादुर कुँवरले बताए। टहराको अभावमा सीपमूलक तालिममा बाधा खडा भएको पनि उनले बताए। पानी चुहिने यस जेलमा वर्षाको समयमा निकै दुःख हुने गर्दछ। प्रौढ शिक्षा कार्यक्रम शुरू गरिने लक्ष्य रहेको जेलबाट थाहा भएको छ।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

वीरेन्द्रनगर नगरपालिकास्थित तल्लो बजारमा होटल गरी बस्ने ३५ वर्षीया धनसरा बराललाई ०५३ माघ २२ गते रक्सी बेचेको आरोपमा जिल्ला प्रहरी कार्यालय सुर्खेतले पक्राउ गरी यातना दियो। भर्खरकी सुत्केरीसमेत रहेकी उनलाई उठ-बस गराउने जस्तो यातना पनि दिइयो।

वीरेन्द्रनगर नगरपालिका-६ का षडानन्द लामिछाने र लीलाधर गौतमलाई ०५४ वैशाख २७ गते चुनावमा नराम्रो असर पार्ने कार्य गरेका आरोपमा प्रहरीले विना पूर्जी पक्राउ गरी ०५४ जेठ ३ गते छाडिदियो।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

राकम गाविस-३ का ३० वर्षीय नेत्रबहादुर बादीलाई ०५३ माघ २ गते साप्टाखानी-८ का वीरसिंह वादी लगायतका व्यक्तिहरूले कुटपिट गर्दा छातीमा नराम्रोसँग चोटपटक लाग्न पुग्यो भने टाउकोमा टाँका नै लगाउनुपर्‍यो।

वीरेन्द्रनगर नगरपालिकाका पत्रकार भानुभक्त भारतीलाई ०५४ मंसिर २९ गते राति उत्तरगंगा गाविस-९ का २८ वर्षीय

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	-
हिरासतमा यातना	२	१	१
बलात्कृत	२	-	१
आत्महत्या	१३	१२	६

विनोद कँडेलले उजुरी लेखिदिएको झुठा आरोप लगाइ ज्यान मार्ने धम्की दिए।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन, सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

यस जिल्लामा एस.ओ.एस. द्वारा एक अनाथालय संचालित छ।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

उत्तरगंगा गाविस-१ स्थित दिदीको घरबाट दाउरा बेच्न भनी हिँडेकी एक १३ वर्षीया बालिकालाई ०५४ भदौ २० गते सोही गाविस-९ का २८ वर्षीय विनोद कँडेललगायत्का ७/८ जनाले बलात्कार गरे। उजुरी गर्दा पनि प्रहरीले कारवाही गर्न कुनै चासो नदेखाएको पीडित पक्षको गुनासो छ।

४.२ पारिवारिक हिंसा र वहुविवाह

साटाखानी गाविस-४ का २३ वर्षीय होमलाल ढकालले घरमा पत्नी हुँदाहुँदै लाटीकोइली गाविसकी इन्द्रा श्रेष्ठसंग ०५४ वैशाख ५ गते दोस्रो विवाह गरे। जेठी पत्नीलाई घरमा बस्न नदिएपछि कारवाहीका लागि उजुरी दिएकी छिन्।

वीरेन्द्रनगर नगरपालिका-२ का ३१ वर्षीय लक्ष्मण मगरले ०५४ भदौ २४ गते घरमा पत्नी हुँदाहुँदै दोस्रो विवाह गरे। जेठी पत्नी मनकलाले कारवाहीका लागि उजुरी दिएकी छिन् भने पीडकको खोजी भइरहेको छ।

साटाखानी गाविस-४ का २२ वर्षीय कमल मल्लले घरमा पत्नी हुँदाहुँदै ०५४ भदौ २० गते सोही स्थानकी १९ वर्षीय हिरा मल्लसँग दोस्रो विवाह गरे। जिल्ला प्रहरी कार्यालयबाट यस सम्बन्धमा कारवाही चलिरहेको थाहा भएको छ।

लेखपराजुल गाविस-६ का २१ वर्षीय चन्द्रबहादुर वि. क. ले घरमा पत्नी हुँदाहुँदै ०५४ कार्तिक ३ गते लाटीकोइली गाविसकी २० वर्षीय चन्दा सुनारसँग दोस्रो विवाह गरे।

नेटा गाविस-७ का २९ वर्षीय गजवीर दर्लामीले ०५४ कार्तिक १४ गते सोही ठाउँकी १६ वर्षीय विमला मगरसँग दोस्रो विवाह गरे। पीडकउपर मुद्दा चलिरहेको छ।

गढी गाविस-५ का २६ वर्षीय रामबहादुर वि. क. ले घरमा पत्नी हुँदाहुँदै ०५४ मंसिर २ गते दैलेख, नाउले कटुवालकी २३ वर्षीय लक्ष्मी सुनारसँग दोस्रो विवाह गरे। जेठी पत्नी दुर्गाले उजुरी दिएपछि पीडकको खोजी तदारूकताका साथ भइरहेको प्रहरीबाट थाहा भएको छ।

साटाखानी गाविस-७ का २४ वर्षीय यमबहादुर सिंजालीले ०५४ मंसिर २५ गते नेटा गाविसकी २० वर्षीय टीकाकुमारी गाघलाई दोस्रो पत्नीका रूपमा भित्र्याए। जेठी पत्नीको उजुरीपछि कारवाहीको प्रक्रिया अघि बढाइएको छ।

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरूष	महिला	जम्मा	संख्या	पुरूष	महिला	जम्मा
हत्या	६	६	१	७				
गिरफ्तारी र यातना	३	३	१	४	३	३	१	४
कुटपिट	६	८		८				
धम्की	१	१		१				
बलात्कार	१		१	१				
वहुविवाह	७		७	७				
चोरी/डकैती	२	१	१	२				
आत्महत्या	६	४	३	७				
दुर्घटनाहरु/विपत्तिहरू	७	९	१	१०				
जम्मा	३९	३३	१५	४७	३	३	१	४

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, भुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

जानकारीमा आएन।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

वीरेन्द्रनगर नगरपालिका-६ बस्ने बाँकेका ४१ वर्षीय मजदूर भोला स्वराललाई ०५३ फागुन १९ गते सोही स्थानका ३२ वर्षीय वीरे कामीले रातको समयमा इँटाले हिर्काइ मारेको अभियोगमा छानविनका लागि वीरेसहित गगन नेपालीलाई प्रहरीले पक्राउ गरेको छ।

उत्तरगंगा गाविस-९ का ३२ वर्षीय तारा गिरीलाई ०५३ फागुन २३ गते आफ्नै भाइ ठाकुर गिरीले राति ११ बजे बन्चरोले हिर्काइ हत्या गरे। पीडकलाई कारवाहीका लागि गिरफ्तार गरी थुनामा राखिएको छ।

छिन्चु गाविस-५ का ३१ वर्षीय डम्बरबहादुर पुन ०५४ जेठ १५ गतेदेखि बेपत्ता भएकोमा ०५४ जेष्ठ १७ गते लिस्नु हाल्ने खोलामा लास फेला पर्‍यो। सोही ठाउँका यामबहादुर पुन, तीर्थबहादुर खत्री, धनजीत बूढा र बालजीत पुनलाई प्रहरीले पक्राउ गरी अनुसन्धान गरिरहेको छ।

वीरेन्द्रनगर नगरपालिका-६ गणेशचोकमा सडकमा तिजको मेला भइरहेका बेला ०५४ भदौ २० गते हुल्याहा केटाहरूको झडप हुँदा हानिएको खुकुरी लागी ३ वर्षीय बालक हरि पाण्डेको तत्काल मृत्यु भयो। अक्कल शाही, नरे शाही, नगेन्द्र थापा, राजेन्द्र गिरी, डिल्ली लामिछाने, सुरज खड्का र श्याम श्रेष्ठलाई प्रहरीले यस सम्बन्धमा पक्राउ गरेको छ।

घाटगाउँ गाविस-४ का २८ वर्षीय भाना कामीलाई ०५४ कार्तिक ९ गते ३२ वर्षीय दत्त कामीले हँसियाले हिर्काइ हत्या गरे। मृतकका पनि तुलालाई समेत घाइते बनाई फरार भएका पीडकको खोजतलास भइरहेको कुरा प्रहरीले जनाएको छ।

कुनादरी गाविस-५ का ६२ वर्षीय नन्द बहादुर सलामी मगर र उनकै ६० वर्षीय पत्नी चैती सलामी मगरको ०५४ मंसिर १२ गते रातको समयमा अज्ञात व्यक्तिले हत्या गरे। कुलबहादुर चनमगर, ध्वजबहादुर कुमाल, मानबहादुर झाञ्झली र नरबहादुर गुरूङलाई प्रहरीले हिरासतमा लिई कारवाही अघि बढाइरहेको जनाएको छ।

लाटीकोइली गाविस-३ का २० वर्षीय खगेन्द्र पौडेल र १८ वर्षीय सरीता चौधरीले अन्तरजातीय विवाह गर्न अभिभावकहरूले स्वीकृति नदिएका कारण उक्त कुरा लेखी कागज रूखमा टाँसेर झुण्डिइ आत्महत्या गरे।

यस वर्ष यो जिल्लामा गाडी दुर्घटनाबाट ३ जनाको मृत्यु भयो। ढुंगा डुब्नाले १ जनाको मृत्यु भयो। पानीमा डुबेर २ जनाको मृत्यु भयो। रूखबाट खसेर १ जना मरे। ६ वटा आत्महत्याका घटना भए। चोरीको एउटा घटना जानकारीमा आयो।

●

४. मध्यपश्चिमाञ्चल

भेरी

४.१ जाजरकोट

जनसंख्या	: ११३९५८
साक्षरता	: २४.४ प्रतिशत
महिला साक्षरता	: ८.५ प्रतिशत
क्षेत्रफल	: २२३० वर्ग कि.मी.
गाविस/नपा	: ३०/०
निर्वाचन क्षेत्र	: २
विद्यालय/क्याम्पस	: २१८/२
अस्पताल/स्वास्थ्यचौकी	: १/२९
टेलिफोन लाइन	: १९
सडक (कि.मि.)	: ०
प्रहरी कार्यालय	: १३
हुलाक	: ३०

अति दुर्गम जिल्लाको रूपमा परिचित नेपालका जिल्लामध्ये जाजरकोट पनि एक हो। हालसम्म यस जिल्लामा बिजुली र मोटर बाटो त के जनताका आधारभूत समस्या हल हुने व्यवस्थासमेत हुन सकेको छैन। शिक्षा एवं चेतनाका अभावका कारण यहाँका जनता आफ्नो हक र अधिकारप्रति सचेत छैनन्, मानवअधिकारको व्यापकरूपमा प्रत्यक्ष उल्लंघन गर्ने प्रहरी प्रशासनलगायत्का निकायहरू र सम्मानित व्यक्तिहरूमा मानवअधिकारलाई सम्मान गर्ने चलन कमैमात्र देखिएको छ। यस वर्ष माओवादी गतिविधि नियन्त्रणको नाममा व्यापक धरपकड गरिएको छ। अनाहकमा जनतालाई प्रहरीले गोली चलाई हत्या गर्ने, तर्साउने जस्ता काम भएको छ। जनता त्रसित र आतंकित वातावरणमा बाँच्न विवश छन्। विगत दुई वर्षदेखि यो जिल्ला माओवादी जनयुद्धका कारण ग्रसित र त्रसित छ।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

जक्तिपुर गाविसका अध्यक्ष लक्ष्मीप्रसाद आचार्यलाई सोही गाविसअन्तर्गतको राजीखोला भन्ने ठाउँमा ०५३ फागुन १६ गते बिहान केही अज्ञात व्यक्तिहरूले हत्या गरे। माओवाद जिन्दावाद भनी नारा लगाएको र पर्चासमेत भेटिएको हुँदा पीडकहरू माओवादी भएको अनुमान गरिएको छ।

नायकवाडा गाविस-४ गोठगाउँका ५५ वर्षीय धनबहादुर सिंहलाई ०५४ असार २१ गते तलगाउँ भन्ने ठाउँमा केही व्यक्तिहरूले धारिलो हतियार प्रयोग गरी हत्या गरे।

रग्दा गाविस-४ का पदमबहादुर रोकायालाई ०५४ कार्तिक २५ गते प्रहरीले गोली हानी हत्या गरे। प्रहरीले भेरी नदीमा उक्त लास आफैं जलाएको थियो।

१.२ जेल र बन्दीहरु

यस जिल्लामा रहेको "घ" श्रेणीको जेलमा हाल १८ जना थुनुवा र ११ जना बन्दी गरी २९ जना रहेका छन्, महिला भने छैनन्। २५ जनाको क्षमता रहेको यस जेलमा पर्खाल नभएका कारण जाडो याममा पनि बन्दीहरूलाई घाम ताप्नबाट वञ्चित गरिएको छ। स्वास्थ्य सहायकबाट मात्र गराइने औषधोपचार उपयुक्त नभएको र अपुगसमेत भएको गुनासो बन्दीहरूको छ।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

जुङ्गाथापाचौर गाविस-३ बस्न्यौराका लालबहादुर बूढा, तिले बूढा, सर्पे बूढा, कालो दमाईंलगायत् ८ जनालाई सीमा प्रहरी चौकीका प्रहरीले पक्राउ गरी निर्ममतापूर्वक यातना दिए। १५ दिनपछि जिल्ला प्रशासन कार्यालयले जनही रू. १० हजार जरिवाना गरी छोडेको छ।

खलंगा गाविस-३ का राजेन्द्रप्रसाद शर्मा र नेपाल शिक्षक संगठनका जिल्ला सचिव अच्युतप्रसाद शर्मालाई प्रहरीले गैरकानूनी तरिकाले ०५३ माघ १३ गते राति ९ बजे छापा मारी पक्राउ गरे। खलंगा गाविस-३ मा माओवादी पोष्टर पम्प्लेटहरू घर-घरमा टाँसेको शंकाको आधारमा उनीहरूलाई पक्राउ गरिएको थियो।

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	–	१	१
प्रहरीद्वारा हत्या	–	१	–
प्रहरीको गोलीद्वारा घाइते	–	१	१
हिरासतमा यातना	३	६	१७
बलात्कृत	–	१	२
सैनिकद्वारा	–	१	–
प्रहरीद्वारा सामूहिक	–	–	१
आत्महत्या	१	–	२

नायकवाडा गाविस-३ का शिक्षक दलबहादुर बोहोरा र धनबहादुर बोहोरालाई ०५३ माघ २४ गते सशस्त्र प्रहरीद्वारा गैरकानूनी तरिकाले पक्राउ गरी हिरासतमा लिइएको छ। पीडितहरूलाई नेकपा (माओवादी) वर्षगाँठका समयमा पम्पलेट, पोष्टरिङ्ग र वाल पेन्टिङ्ग गर्नुका साथै माओवादीलाई खाना खुवाएको अभियोग लगाई पक्राउ गरिएको थियो।

जक्तिपुर गाविस-१ का शिक्षक भरतप्रसाद शर्मा, अनाखर आचार्य, टोपीलाल आचार्य लगायत ८ जनाको घरमा सई मुकुन्दप्रसाद आचार्यको नेतृत्वमा आएको सशस्त्र प्रहरी टोलीले ०५३ फागुन १७ गते राति गैरकानूनी तरिकाले छापा मारी हिरासतमा निर्मम यातना दिइएको छ। पालैपालो गरी उत्तानो पारी पैतालामा पिट्ने, तिघ्रामा बेलना लगाउने, भुण्ड्याएर पिट्ने, कोठामा २/३ के.जी. खुर्सानीमा आगो लगाई छोडिदिने जस्ता तवरबाट यातना दिइयो। यस कार्यबाट शिक्षक भरतप्रसाद शर्माको मानसिक सन्तुलनसमेत खलल भइसकेको छ। फागुन १६ गते लक्ष्मीप्रसाद शर्माको हत्या गरेको आशंकामा उनीहरूलाई पक्राउ गरिएको थियो।

भगवती गाविस-४ औलगुर्ताका निवर्तमान जिल्ला विकास समितिका सदस्य बुद्धिबहादुर गुरूङलाई ०५४ असोज २६ गते सशस्त्र प्रहरी टोलीले गैरकानूनी तरिकाले पक्राउ गरी हिरासतमा निर्मम यातना दिए। उत्तानो पारी लाठीले पैतालामा पिट्ने, बुटले तिघ्रा मल्ने, जस्ता यातना दिइएको थियो। बुद्धिबहादुर गुरूङलाई जिल्ला अदालत जाजरकोटले ०५४ मंसिर १ गते सफाई दिएको छ।

खलंगा गाविस-९ का १९ वर्षीय दीपक बटालालाई ०५४ पुस १० गते प्रहरीले गैरकानूनी तरिकाले पक्राउ गरेको छ। ०५४ पुस ९ गते त्रिभुवन उच्च मा.वि. खलंगामा कालो झण्डा गाडी विरोध गरेको अभियोग लगाई उनलाई हिरासतमा ३ दिनसम्म राखिएको थियो। पीडित दीपक बटालालाई प्रत्येक दिन प्रहरी कार्यालयमा उपस्थित हुने गरी छोडिएको छ।

१.४ बेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

जिल्ला जनस्वास्थ्य अधिकृत घनश्याम पोखरेललाई ०५३ चैत २ गते नेपाल विद्यार्थी संघका जिल्ला अध्यक्ष रामजंग शाहले आफ्नो मान्छे जनस्वास्थ्यमा नराखेको भनी कुटपिट गरी घाइते बनाए।

कार्की गाउँ गाविस-६ का अमर खत्रीलाई ०५४ जेठ १६ गते पनि रामजंग साह लगायतका व्यक्तिहरूले कुटपिट गरी घाइते बनाए।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

खलंगा गाविस-९ कालेगाउँका राप्रपा सचिव वीरबहादुर बस्नेतको घरमा ०५४ वैशाख २४ गते राति ११.४५ बजे केही अज्ञात व्यक्तिहरूद्वारा बम प्रहार गरियो। केही दिनअगाडिदेखि चुनावका लागि मनोनयनपत्र दर्ता नगराउन र जनयुद्धलाई निरन्तर सहयोग गर्न आग्रह गर्दै अन्यथा भएमा पछुताउनुपर्ने भनी बारम्बार पत्र लेखिएको भएता पनि आफ्नो पार्टीको तर्फबाट वडा नं. ९ का वडा सदस्य पदमा मनोनयनपत्र दर्ता गराएपछि उक्त बम प्रहार गरिएको थियो।

पुन्मा गाविस-५ भेरेका कालीबहादुर पुनलगायत नेकपा (एमाले) का प्रस्तावित सम्पूर्ण वडा सदस्यहरूलाई नेकपा (माओवादी) द्वारा ०५४ वैशाख २१ गते ज्यान मार्ने धम्की पत्र

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरूष	महिला	जम्मा	संख्या	पुरूष	महिला	जम्मा
हत्या	४	४		४				
गोलीद्वारा हत्या	१	१		१	१	१		१
गोली	१				१			
बम प्रहार	१	१		१				
गिरफ्तारी र यातना	९	२४	१	२५	९	२४	१	२५
कुटपिट	४	४		४				
धम्की	३	३		३				
बलात्कार	२		२	२	१		१	१
बहुविवाह	३		३	३				
गर्भपतन	१		१	१				
आत्महत्या	२	२		२				
जम्मा	३१	३९	७	४६	१२	२५	२	२७

लेखियो। चुनावमा सक्रिय भएका कारण उक्त कार्य गरिएको थियो।

डाँडागाउँ गाविसमा एमालेको तर्फबाट गाविस अध्यक्षको उम्मेदवारी दर्ता गराउन गएका अमृतकुमार बोहरालाई नेकपा (माओवादी) ले ०५४ वैशाख २१ गते उम्मेदवारी दिए ज्यान मार्ने धम्की पत्र लेखी उम्मेदवार हुनबाट वञ्चित गरे।

यस जिल्लाका ३० गाविसमध्ये १० वटा गाविसमा माओवादी जनयुद्धका कारण निर्वाचन सम्पन्न हुन सकेको छैन। जसले गर्दा जिविस पनि गठन हुनसकेको छैन। त्यसले गर्दा जिल्लाभर विकास निर्माण प्रभावित भएको छ।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

न्यायिक क्षेत्रमा पहाडी भागमा निकै लापर्वाही भएको देखिन्छ। कुनै मुद्दा निश्चित समयमा फैसला गरिँदैन, व्यापकरूपमा ढिलासुस्ती भएको पाइन्छ भने अर्धन्यायिक निकायले पूर्वाग्रही भई पक्षपातपूर्ण तरिकाले फैसला गरेको पाइन्छ। न्यायालयप्रति आमजनताको धारणा सकारात्मक बनेको भेटिन्न।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जाजरकोट जिल्लाका प्रहरी नायव उपरीक्षक रमेश अधिकारीलाई ०५४ कार्तिक २४ गते राजनीतिक दवावका कारण २४ घण्टाभित्र जाजरकोट छोडी मन्त्रालयमा हाजिर हुने गरी सरुवा गरियो।

३. भूमिहीन, सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

भुर गाविस-२ गैरीखेतकी १६ वर्षीय एक युवतीलाई ०५४ जेठ १७ गते राति ८ बजे सोही ठाउँका ३० वर्षीय खर्के सार्कीले बलात्कार गरे। पीडकलाई कारवाहीका लागि प्रहरीमा जाहेरी परेको छ।

रोकायागाउँ गाविस-५ की एक महिलालाई ०५४ मंसिर १ गते संगुरखाल मेलामा शान्ति सुरक्षा गर्न गएका ७-८ जना दंगा प्रहरीहरूले सामूहिक बलात्कार गरे। प्रहरीको दबावमा पीडितलाई बलात्कार गरिएको हैन भनी लेखिएको कागजमा जबर्जस्ती दस्तखत गराइयो।

४.२ पारिवारिक हिंसा र वहुविवाह

खलंगा गाविस-४ बोहोरा गाउँका ३० वर्षीय खड्गबहादुर मल्लले घरमा पत्नी हुँदाहुँदै खलंगा गाविस-६ की कमला शाहीसंग ०५४ जेठ १३ गते दोस्रो विवाह गरे।

झाप्रा गाविस-२ कालढुंगाका २८ वर्षीय मने रोकायले घरमा पत्नी र दुई छोराछोरी हुँदाहुँदै २३ वर्षीय हरिसरा शाहीलाई ०५४ साउन १६ गते विवाह गरी भित्र्याए। मनेले धम्की दिएका कारण जेठी पत्नी उजुर गर्न गइनन्।

खलंगा गाविस-१ भगवती टोलका २५ वर्षीय गोपाल वि.क.ले घरमा पत्नी शीला हुँदाहुँदै खलंगा गाविस-१ की आशा वि.क.लाई ०५४ भदौ ६ गते विवाह गरी भित्र्याए।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

सुवानावली गाविस-५ थानाकी १८ वर्षीय सुरमाकुमारी वादीलाई ०५४ असार १० गते सोही गाविस-८ सुबाका वीरबहादुर थापा, भक्तबहादुर थापा लगायत ४ जनाले कुटपिट गरी ८ महिनाको गर्भ पतन गराएका छन्। पीडकहरू जनही ८ हजार रुपैयाँ धरौटीमा छुटेका छन्।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्वन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

जानकारीमा आएन।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेकपा (माओवादी) द्वारा प्रतिक्रियावादी स्थानीय निर्वाचन बहिस्कार गरौं, स्थानीय जनवादी सत्ता निर्माणको लागि आधार तयार पारौं भन्दै ०५४ वैशाख २० गते एक अपिल प्रकाशित गरियो।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

लहँ गाविस-८ सिर्के जिउलाका ५० वर्षीय मानबहादुर सिंहको ०५३ चैत २५ गते आफ्नै घरमा अज्ञात व्यक्तिहरूले हत्या गरे। पीडकका बारेमा केही थाहा भएको छैन।

पुन्मा गाविस-९ खानी गाउँका २५ वर्षीय चित्रे वादीलाई ०५३ माघ १२ गते शेरबहादुर राउत र परिमल पुनले कुटपिट गरी हत्या गरे। पीडकलाई स्थानीय जनताले समातेर प्रहरीमा बुझाएका थिए।

यस वर्ष यस जिल्लामा २ जनाले झुण्डिएर आत्महत्या गरेको जानकारीमा आयो। ●

४. मध्यपश्चिमाञ्चल

भेरी

४.१० दैलेख

जनसंख्या : १८७४००
साक्षरता : ३१.४ प्रतिशत
महिला साक्षरता : १३.३ प्रतिशत
क्षेत्रफल : १५०२ वर्ग कि.मी.
गाविस/नपा : ५५/१
निर्वाचन क्षेत्र : २
विद्यालय/क्याम्पस : २६५/३
अस्पताल/स्वास्थ्यचौकी : १/५१
टेलिफोन लाइन : २६
सडक (कि.मि.) : ४१
प्रहरी कार्यालय : ११
हुलाक : ६०

मध्यपश्चिमाञ्चल विकास क्षेत्रको भेरी अंचलमा पर्ने पाँच जिल्लामध्ये सबैभन्दा सानो जिल्ला दैलेख हो। यस विकट पहाडी जिल्लामा हिउँदमा हिउँ पर्ने हुँदा जनजीवन कठिन र कष्टप्रद् हुने गरेको छ। ज्वालामुखी उठ्ने प्रसिद्ध स्थान दुल्लु यही जिल्लामा पर्दछ। छुवाछूत र बहुविवाहका घटना यहाँ प्रशस्त हुने गरेका छन् भने धेरैजसो मानवअधिकार उल्लंघनका घटना ठूलाठालु भनिनेहरूका रवाफका कारण प्रकाशमा आउँदैनन्। समग्रमा यस जिल्लामा अधिकांश मानिसहरू मानवअधिकारको सवालप्रति खासै सचेत देखिँदैनन्।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

यस जिल्लाको जेल "च" श्रेणीमा पर्दछ। १६ जना बन्दी राख्न सकिने क्षमता भएको यस जेलमा हाल २ महिला, २० पुरूष र १ नावालक गरी २३ जना रहेका छन्। जीर्ण अवस्थामा रहेको जेलको पर्खाल वर्षाले गर्दा भत्किन पुगेको छ भने छाना पानी पर्दा चुहिने गरेको छ। जेलभित्र २ वटामात्र शौचालय भएका कारण ज्यादै अप्ठ्यारो पर्ने गरेको छ। दुर्गन्ध र फोहरका कारणले गर्दा बन्दीहरूलाई विभिन्न किसिमको रोगहरू लाग्ने गरेको छ। खेलकुदको सामान र पत्रपत्रिकाको सुविधा छैन। कारागारबाट पाउनुपर्ने सुविधाहरू समयमा नपाउनु, औषधीको व्यवस्था राम्रो नहुनुमा बन्दीहरू गुनासो गर्दछन्। हाल यस कारागारमा रहेका बन्दीहरू ३ वर्षभन्दा बढी समय भएका ६ जना छन् र ती सबै कर्तव्य ज्यानसम्बन्धी मुद्दा अन्तर्गत सजाय भोगिरहेका छन्। यसमध्ये १ जना महिला पनि छन्।

दुई वर्षसम्म मुद्दा फैसला नभएका जबर्जस्ती करणी मुद्दाका १ जना पुरूषसहित ७ जना रहेका छन्। १ वर्षदेखि ३ वर्षसम्मका बन्दीहरू ३ जना रहेका छन्। ६ महिनादेखि १ वर्षसम्मका बन्दीहरूमा १ जना चोरी, ११ जना कर्तव्य ज्यान मुद्दाका पुरूषहरू गरी १२ जना रहेका छन्। एक जना नाबालक एकेन्दबहादुर शाही रहेका छन्। बन्दीहरूको सरसफाइ बारे जेल प्रशासनले विशेष ध्यान देओस् भन्ने अपेक्षा रहेको कुरा उनीहरू बताउँछन्।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

बेलपाटा गाविस-१ का २१ वर्षीय छविलाल पाठक र १६ वर्षीय टेकबहादुर कार्कीलाई कर्तव्य ज्यानको आरोपमा पक्राउ गरेकोमा अपराध स्वीकार गरेन भनी ०५४ वैशाख २७ गते देखि ९ दिनसम्म लगातार लाठी, किला र सिस्नोले हिर्काइ यातना दिइयो। राइफल छातीमा तेर्स्याइ प्रहरीहरूले मानसिक रूपमा समेत उनलाई त्रसित पारे। कार्की हाल पुर्पक्षका लागि थुनामा रहेका छन्।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

जानकारीमा आएन।

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	-
हिरासतमा यातना	१	४	२
बलात्कृत	-	१	२
आत्महत्या	६	१४	५

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

बाँसी गाविस-८ मा स्थानीय चुनावको प्रचार गर्न गएका राष्ट्रिय सभाका सांसद गोल्छे सार्कीलाई ०५४ वैशाख २७ गते २८ वर्षीय राजेश बुढा, २० वर्षीय रमेश दरौदी, २३ वर्षीय सुरेन्द्र शाही, ३५ वर्षीय खगेन्द्र तिमिल्सिना र २५ वर्षीय रामबहादुर बुढाले लछारपछार गरी गाउँ तत्काल नछाडे मार्ने चेतावनी दिए।

यहाँ माओवादीको नाममा धेरै व्यक्तिहरूलाई अनावश्यक केरकार र सोधपुछ गरी मानसिक यातना दिने गरिएको छ। यही कारणबाट धेरै जना प्रताडितसमेत भएका छन्।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा मुद्दाहरूको सुनवाईमा हुने ढिलासुस्ती कायमै छ। फौज्दारी मुद्दामा प्रमाण जुटाउन समय लाग्ने भएकाले एक डेढ वर्षसम्म छिनिन बाँकी केही मुद्दा रहेका बुझिएको छ। अर्धन्यायिक निकायमा फैसला भएका धेरै मुद्दा पुनः अदालतमा परेमा बदर हुने देखिएकोले अर्धन्यायिक निकायका फैसला उचित प्रमाणभन्दा अन्य कुराबाटै बढी प्रभावित हुने गरेको महसुस पीडितहरूले गरेका छन्।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन, सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

नेकपा (एमाले) को ९ महिने शासनकालमा गठित जिल्ला सुकुम्बासी आयोगमा करीब ५ सय सुकुम्बासीले आफ्नो नाम दर्ता गराएका थिए तर कार्यान्वयनकै सिलसिलामा उक्त आयोग विघटन गरिएकाले समस्या यथावत छ। फेरि समाधानका लागि कुनै प्रयास भएको छैन।

०५४ जेठदेखि ४० गाविस र १ नगरपालिकामा वृद्ध, असहाय भत्ता वितरण गरिएको छ भने अन्यत्र पनि बाँड्ने तयारी भइरहेको छ। केही विद्यालयका प्रधानाध्यापकको लापर्वाहीका कारण जिल्ला शिक्षा शाखाले छात्रवृत्ति रकम रोकिदिएको छ तर अन्य विद्यालयमा भने बाँडिएको छ।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

तोलीजैसी गाविस-३ की २२ वर्षीय एक युवतीलाई ०५३ फागुन १२ गते सोही ठाउँका १८ वर्षीय भद्रबहादुर कामीले घाँस काट्न गएका बेला बलात्कार गरे। पीडक थुनामा छन्।

बेलासपुर गाविस-५ की १४ वर्षीय एक बालिकालाई ०५३ चैत ११ गते नारायण गाविस-१ का २२ वर्षीय यामबहादुर श्रेष्ठले जंगलबाट फर्किरहेको अवस्थामा बलात्कार गरे। पीडकउपर कारवाहीका लागि जाहेरी परेको छ। तर कारवाही भएको छैन।

४.२ पारिवारिक हिंसा र वहुविवाह

पगनाथ गाविस-२ का ४५ वर्षीय दले कामीकी पत्नीसंग ०५३ पुस १९ गते वडा भैरव गाविस-१ का ४८ वर्षीय प्रेमबहादुर लुहारले घरमा पत्नी हुँदाहुँदै दोस्रो विवाह गरे। प्रेमकी जेठी पत्नीले उजुरी गरेकी छैनन् तर दलेले भने धनमालसम्बन्धी मुद्दा दर्ता गराए।

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरूष	महिला	जम्मा	संख्या	पुरूष	महिला	जम्मा
हत्या	५	४	१	५				
गोली	१				१			
गिरफ्तारी र यातना	४	११		११	४	११		११
कुटपिट	५	८		८	२	२		२
धम्की	१	१		१				
बलात्कार	२		२	२				
महिला भएकै कारणले दिइने यातना	१		१	१				
बहुविवाह	५		५	५				
जातीय छुवाछूत	२	३	४	७				
आत्महत्या	५	३	२	५				
दुर्घटनाहरू/विपत्तिहरू	३	५		५				
जम्मा	३४	३५	१५	५०	७	१३		१३

बाहिर बसेर पढ्न विवश दलित बालबालिकाहरू

कार्शाकाँध गाविस-४ का २२ वर्षीय भरत शाहीले ०५३ माघ २१ गते जेठी पत्नीको आचरण ठीक नभएको आरोप लगाई २१ वर्षीय मञ्जु शाहीसंग दोस्रो विवाह गरे।

चौरगाठा गाविस-३ अडतीका २५ वर्षीय कृष्णबहादुर चन्दले ०५३ चैत २० गते घरमा पत्नी हुँदाहुँदै रेखा शाहीसंग दोस्रो विवाह गरे। जेठी पत्नीलाई घरबाट निकालिदिएकाले माइतमा बस्न बाध्य छिन्।

बेलासपुर गाविस-६ का २५ वर्षीय रणबहादुर बूढाले ०५४ वैशाख ४ गते पत्नी हुँदाहुँदै २५ वर्षीय भीरकुली बुढासंग दोस्रो विवाह गरे। गरगहनासमेत खोसी घरबाट जेठी पत्नीलाई निकालिदिएका छन् भने उनले उजुरी दिएकी छिन्।

नारायण नगरपालिका-७ का भरतबहादुर बस्नेतले सोही ठाउँकी नन्दाकुमारी श्रेष्ठसंग ०५४ पुस १० गते दोस्रो विवाह गरे।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

नारायण नगरपालिका-७ की १६ वर्षीय जगतकुमारी रोकायालाई ०५४ कार्तिक २२ गते सोही ठाउँका २१ वर्षीय शिवराज शर्मालगायत्का व्यक्तिहरूले विद्यालयबाट घरतर्फ गइरहेको अवस्थामा विवाह गर्न नमानेको निहुँमा कुटपिट गरे। सो घटनामा पीडितले लगाएको औंठी, पायल र सिक्रीसमेत हराएको थियो। पीडितले प्रहरीमा जाहेरी दिएकोमा हराएको सामान पीडकबाट तिराई मिलापत्र गरिएको छ।

४.४ गर्भ पतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

रूम गाविस-३ का ४० वर्षीय धनसिंह कामी, २२ वर्षीय गंगाबहादुर कामी र २४ वर्षीय जयबहादुर कामीलाई ०५३ चैत २ गते सोही गाविसका १९ वर्षीय ऐनबहादुर शाही, ४० वर्षीय नत्रम शाहीसमेतका व्यक्तिले सानो जाति भएर शंख बजाए भनी कुटपिट गरे।

विन्धवासिनी गाविस-२ का १८ वर्षीय सेतु सुनार, शान्ता मिजार र फम्जा सुनारलाई ०५३ फागुन २० गते शिक्षिका गीना थापा र माथिल्ला जातका भनिने केही महिलाहरूले विद्यालयमा भेदभाव गरी छुट्टै बस्न बाध्य पारे।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

डाँडा पराजुल गाविस-३ का ३५ वर्षीय कविराम वि.क. लाई ०५३ फागुन २४ गते अज्ञात व्यक्तिहरूले सरस्वती गाविस-१ स्थित शिरस्थान मेलामा हत्या गरे। प्रहरीले यस सम्बन्धमा अनुसन्धान गरिरहेको जनाएको छ।

हिउँदी पुसाकोट गाविस-३ का ४५ वर्षीय तिलबहादुर खड्कालाई ०५३ माघ २१ गते सोही ठाउँका ४६ वर्षीय देवीराम खड्काले विषालु मदिरा ख्वाई हत्या गरे। पीडितकी पत्नीको जाहेरीअनुसार देवीराम पक्राउमा परेका छन्।

डाँडा पराजुल गाविस-७ स्थित माइती घरमा बसेकी २२ वर्षीय सावित्री पाठकलाई ०५४ वैशाख २० गते आफ्नै पति बेलपाटा गाविस-१ का २३ वर्षीय छविलाल पाठक र १८ वर्षीय टेकबहादुर कार्कीले ओडरी जंगलमा घाँटी अँठ्याई हत्या गरे। पीडितको बाबुको जाहेरी अनुरूप दुवै पीडक पक्राउमा परेका छन्।

बाँसी गाविस-४ का २४ वर्षीय विष्णु क्षेत्रीलाई ०५४ जेठ १५ गते केही अज्ञात व्यक्तिहरूले भवन खोलानजिक सालको बोटमा प्लाष्टिकको डोरीले घाँटी कसी हत्या गरे। पीडकहरू पत्ता लाग्न सकेका छैनन्।



४. मध्यपश्चिमाञ्चल

कर्णाली

४.११ डोल्पा

जनसंख्या	: २५०१३
साक्षरता	: २५.८ प्रतिशत
महिला साक्षरता	: ९.४ प्रतिशत
क्षेत्रफल	: ७८८९ वर्ग कि.मी.
गाविस/नपा	: २३/०
निर्वाचन क्षेत्र	: १
विद्यालय/क्याम्पस	: १०४/१
अस्पताल/स्वास्थ्यचौकी	: ०/२३
टेलिफोन लाइन	: १
सडक (कि.मि.)	: ०
प्रहरी कार्यालय	: १२
हुलाक	: २३

क्षेत्रफलका हिसाबले नेपालकै सबभन्दा ठूलो जिल्ला डोल्पा विकास र चेतनाका दृष्टिले भने साह्रै साँघुरो जिल्ला हो। शे फोक्सुण्डो ताल र निकुञ्ज भए पनि यातायातको अभाव र साह्रै दुर्गम क्षेत्र भएकाले यसबाट डोल्पाले फाइदा लिन सकेको छैन। बहुपति प्रथाका कारण विशेष चर्चित यो जिल्लामा मानवअधिकार उल्लंघनका घटना बाहिर ल्याउनुपर्ने कारण पीडित पक्ष नै देख्दैनन्। चेतना र शिक्षाको अभावका कारण अन्य समस्याबाटै ग्रसित यहाँका जनताका निम्ति मानवअधिकार भन्ने विषय नै छायाँमा परेको पाइन्छ।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

रह गाविसका अध्यक्ष रामप्रसाद महतलाई ०५४ साउन २ गते राति मार्न भनी गएका राप्रपा कार्यकर्ता तुलबहादुर कार्की, धनबहादुर कार्की लगायत्का ६०-७० जनाको समूहले रामलाई मार्न नसकेपछि उनकै बुहारी सुनमायालाई ढुंगा र लाठीले हिर्काइ हत्या गरे। पीडकहरूमध्ये २१ जना थुनामा छन्।

सर्मी गाविस-३ का पूर्व प्रधानपंच तथा हाल राप्रपाका जिल्ला सदस्य हर्कबहादुर रोकायलाई ०५४ असोज २१ गते सोही गाविसका चंखे बुढा र हरिबहादुर रोकायसमेतका ८ जनाले घोडा चढेर आइरहेको अवस्थामा आक्रमण गरी हत्या गरे। चंखे र हरि कारागारमा रहेका छन्।

१.२ जेल र बन्दीहरु

डोल्पा जिल्लामा रहेको जेलको स्थापना २०२६ सालमा भएको हो। २० जनाको क्षमता भएको यस जेलमा हाल बन्दी र थुनुवा गरी ३० जना रहेका छन्। दुई वर्षमा एक पटकमात्र एक जोर कपडा दिने गरिन्छ। चिसो भुईंमा सुत्नुपर्ने भएकोले थुनुवा र कैदीहरू प्रायः बिमारी भैरहने गरेका छन्। औषधीको लागि वार्षिक बजेट रू. २ हजार मात्र दिइने हुँदा उपचार गर्न नपुग्ने गरेको देखिन्छ। यस वर्ष बन्दी ३ जनामात्र रहेका छन्, जसमध्ये डोल्पाकोट गाविसका धनवीर दमाई हत्याको आरोपमा थुनिएको १० वर्ष पूरा भएको छ। कारागार सुरक्षाकर्मी र जेलरबीच समझदारी नभएका कारण त्यसको मार बेलाबेलामा बन्दीहरूले पनि भोग्नुपरेको बताइन्छ।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

सर्मी गाविसमा ०५४ कार्तिक १७ गते माओवादी नियन्त्रण गर्ने बहानामा हेलिकोप्टरबाट एक हुल प्रहरी खसाली थुप्रै जनतालाई शारीरिक र मानसिक यातना दिइयो। मानवीर कामीको दाँत नै खसालियो। वार्ड नं. १ का अध्यक्ष धनबहादुर बुढाथोकीलगायत्का व्यक्तिहरूलाई पक्राउ गरी धेरै दिनसम्म यातना दिई छाडियो।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

जुफाल गाविस-९ का राप्रपा जिल्ला सदस्य जगतबहादुर

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	१	-
हिरासतमा यातना	-	-	१
बलात्कृत	-	-	-
आत्महत्या	-	-	-

कठायतलाई ०५४ भदौ २८ गते त्रिपुराकोट गाविस-२ का नन्दप्रसाद न्यौपानेसमेतका १०-१५ जनाको हुलले घरमै गई सख्त हुनेगरी कुटपिट गरे भने २ लाख ३८ हजार जतिको धनमालसमेत लुटेर लगे। सर्मी गाविस-१ का टोपबहादुर बूढा र डिल्सा ठुकुल्नालाई यस सम्बन्धमा पक्राउ गरी थुनामा राखिएको छ।

सर्मी गाविस-३ का ४३ वर्षीय मिनबहादुर शाहीलाई ०५४ असोज १७ गते माओवादीहरूको एक हुलले कुटपिट गऱ्यो। गाउँलेहरूबाट अनधिकृतरूपमा रकम उठाएको भनी उनलाई कुटिएको थियो। २४ हजार १ सय रूपैयाँ उनीबाट लिई अनधिकृत रूपमा उठाइएको भनी सम्बन्धित व्यक्तिहरूलाई फिर्तासमेत गराइएको थियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

न्यायालयप्रति यस जिल्लामा आमधारणा सकारात्मक रहेको पाइन्छ। ०५३ साउनदेखि ०५४ असार मसान्तसम्म देवानी दुनियाँवादी ९ थान मुद्दा दर्ता भए, ९ मध्ये ६ वटा फैसला भए। सरकारवादी मुद्दा ८ वटा दर्ता भए। फैसला ७ मात्र भए। दुनियावादी मुद्दा २४ वटामा फैसला भएका १५ वटा र बाँकी रहेका ९ वटा छन्। ०५४ साउन महिनादेखि ०५४ पुस १५ गतेसम्म देवानी दुनियावादी र सरकारवादी, दुनियावादी गरी जम्मा २० मुद्दा दर्ता भएकामा १२ वटा मात्र फैसला भए।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन, सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

जानकारीमा आएन।

४.२ पारिवारिक हिंसा र बहुविवाह

दुनै गाविस-५ का २२ वर्षीय तेजेन्द्रबहादुर शाहीले पत्नी घरमा हुँदाहुँदै दुनैकी १७ वर्षीय मिलनकुमारी शाहीसंग ०५४ कार्तिक १ गते दोस्रो विवाह गरे। जेठी पत्नीको जाहेरीपश्चात् उनलाई कारवाही भइरहेको छ।

दुनै गाविस-१ की ३६ वर्षीय विन्द्रा शाहीलाई ०५४ पुस १ गते नराम्रो भएकी र दाइजो नल्याएको भनी सासू, नन्द र अन्य व्यक्तिले मानसिक, शारीरिक यातना दिई राति १२ बजे घरबाट निस्कन बाध्य पारे। पीडित दिदीको घरमा शरण लिई बसेकी छिन्। पीडिनका पनि डोल्पा जिल्लाका रेडक्रस अध्यक्ष हुन्।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार

(देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

जानकारीमा आएन।

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरूष	महिला	जम्मा		पुरूष	महिला	जम्मा
हत्या	२	१	१	२				
गिरफ्तारी र यातना	१	३		३	१	३		३
कुटपिट	२	२		२				
महिला भएकै कारणले दिइने यातना	१		१	१				
बहुविवाह	१		१	१				
अमानवीय व्यवहार	१		१	१				
चोरी/डकैती	१	१		१	१	१		१
दुर्घटनाहरू/विपत्तिहरू	२	२		२				
जम्मा	११	९	४	१३	२	४		४

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार

(पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

जानकारीमा आएन।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

राजनीतिक कार्यकर्ताद्वारा हत्या गरिएकी सुनमाया महत

शहरतारा नि.मा.वि. का प्रधानाध्यापक चीमाकान्त शर्मा र सदरमुकाम दुनैमा होटल गरी बस्ने श्रीकृष्ण रिजाल ०५४ पुस २५ गते क्रमशः औषधी उपचार गर्न र घर जाने क्रममा बाटैबाट बेपत्ता भए। प्रशासनबाट खोजी कार्य भइरहेको जनाइएको छ भने दुवै जना फेला पर्न सकेका छैनन्। कसले बेपत्ता पारेको हो भन्ने पनि खुल्न सकेको छैन।

यस वर्ष यो जिल्लामा दुर्घटनामा परी १ जना र विपत्तिबाट १ जनाको मृत्यु भयो।



४. मध्यपश्चिमाञ्चल

कर्णाली

४.१२ जुम्ला

जनसंख्या	: ७५९६४
साक्षरता	: २६.३ प्रतिशत
महिला साक्षरता	: ८.२ प्रतिशत
क्षेत्रफल	: २५३१ वर्ग कि.मी.
गाविस/नपा	: ३०/०
निर्वाचन क्षेत्र	: १
विद्यालय/क्याम्पस	: १११/१
अस्पताल/स्वास्थ्यचौकी	: ४/३८
टेलिफोन लाइन	: १९
सडक (कि.मि.)	: ०
प्रहरी कार्यालय	: १६
हुलाक	: ३०

कर्णाली अंचलकै सुगम जिल्लाका रूपमा परिचित जुम्ला वर्षमा करीव ६ महिना हिउँ पर्ने जिल्ला हो। कर्णाली अंचलमै मोटरबाटो नभएको भए पनि छिमेकी जिल्लाका तुलनामा जुम्लाले केही हवाइ राहत पाएको छ। यहाँको स्याउ प्रख्यात मानिए पनि उचित बजार र युवाहरूमा देखिएको कामप्रतिको वितृष्णाले विस्तारै यो खेती घट्दै जाँदो छ। पुरानै परम्परा र रीतिरिवाजमा मात्र विश्वास भएका कारण यहाँका जनता मानवअधिकार शिक्षाबाट सूचित हुन सकेका छैनन्। भए-गरेका अधिकार हननका घटना पनि प्रकाशमा ल्याइरहनु यहाँ अनावश्यक ठानिन्छ। यद्यपि यस वर्ष यस जिल्लामा विगतका तुलनामा कुटपिट र गिरफ्तारीका घटनामा वृद्धि भए भने अन्य घटनामा पनि क्रमशः बढोत्तरी भएको देखिन्छ।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

यस जिल्लाको कारागार भवनको पर्खाल, ढोका, छत जीर्ण अवस्थामा छ। वर्षायाममा पानी चुहिने यो भवन कुनै पनि बेला भत्कन सक्ने संभावनाबाट बन्दीहरू त्रसित छन्। पानी सुलभसंग नपाइएको, बत्ती बाल्न नपाएको, कपडा पनि समयमा नदिएको र दिइने पैसाले खाना पनि नपुग्ने गरेको मनाइ बन्दीहरूको छ। यस कारागारमा ३० जना बन्दी अटाउन सक्ने क्षमता छ। हाल ९ पुरूष र १ महिलासहित १० जना बन्दीहरू रहेका छन्। महिलालाई हिउँदमा मात्र घाम ताप्न दिइन्छ। वर्षाको समयमा पूरै पानी चुहिनाले बन्दीहरू ढुक्कसंग सुत्न पाउँदैनन्। उचित मात्रामा दाउरा नपाएको बन्दीहरूको गुनासो छ। आफूले आफ्नो स्तरबाट सक्दो प्रयास गरे पनि अझै धेरै समस्या विद्यमान रहेको धारणा जेलर पूर्णबहादुर महतको छ।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

चन्दननाथ गाविस-६ का १४ वर्षीय गोविन्दबहादुर सुनार र जगतबहादुर महतलाई ०५४ जेठ ९ गते बजारमा चोरी भएको सन्दर्भमा गिरफ्तार गरी प्रहरीले पीडितलाई लिपपोत र झाडु लगाउन लगायो। अन्य यातना सहित ८ दिनपछि पीडितहरूलाई छाडियो।

महत गाविस-३ का २२ वर्षीय सत्यबहादुर सुनारलाई ०५३ माघ २५ गते दिदी निली सुनार कुटपिटबाट घाइते भएको मेडिकल रिपोर्ट जिल्ला प्रहरी कार्यालयमा बुझाउन जाँदा स.ई. नेत्रराज गिरीले अन्धाधुन्ध तवरले कुटपिट गरी २ घण्टा थुने।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

पटमारा गाविस-१ स्थित क्याम्पसका चौकीदार सुन्तबहादुर थापालाई ०५४ जेठ १८ गते सोही क्याम्पसका प्रमुख बद्रीप्रसाद शर्माले आफूले भनेको नमानेको निहुँमा हात नै भाँचिने गरी पिटे र आँखामा समेत दखल पारे। पीडकले माफ मागेपछि मिलापत्र भयो।

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	–	–	–
हिरासतमा यातना	१	१	२
बलात्कृत	–	–	२
आत्महत्या	–	२	–

भानु नि.मा.वि. पातरखोलामा कार्यरत शिक्षक २० वर्षीय हरिकृष्ण महतलाई ०५४ जेठ २९ गते नेकपा (एमाले) को प्रचार गरेको आरोपमा मानबहादुर अधिकारीको नेतृत्वमा आएको हुलले कुटपिट गर्‍यो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

महत, चन्दननाथ, गर्ज्याङकोट आदि गाविसमा चुनावका दिन व्यापक झडप भएकाले जनताले शान्त तवरले मतदान गर्न पाएनन्। बड्की, लाम्रा, वुर्ममाडी चौर गाविसमा प्रशासनको व्यवहारका कारण जनता मताधिकारबाट वञ्चित रहे। कयौंले उम्मेदवार बन्न पनि पाएनन्।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

पानराशी गाविस-१ का जयबहादुर बोहोरा र सोही ठाउँका रामलाल रावतमाथि जडिबुटी ओसार पसारका क्रममा मुद्दा लगाई कारवाही चलाइएकोमा ३ वर्ष बितिसक्दा पनि जिल्ला प्रशासन कार्यालयले फैसला गरेको छैन। जडिबुटी भने सडेर काम नलाग्ने भएको छ।

यस वर्ष यहाँस्थित जिल्ला अदालतमा ३ सय २१ मुद्दा दर्ता भए, १ सय ३६ विशेष अदालतअन्तर्गत, ११ दुनियाँवादी र फौज्दारी ४५ छन्। बाँकी विविध शीर्षकअन्तर्गतका रहेका छन्। ५२ वटा मुद्दामा कारवाही चलिरहेको छ भने १ सय ६४ वटा कारवाही बाहिर रहेका छन्।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन, सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

नलिउम गाविस-४ को २५ वर्षीय एक विवाहित महिलालाई ०५३ चैत १३ गते लाम्रा गाविस-५ का २२ वर्षीय परिनन्द गिरी र विष्णुबहादुर डाँगीले घर गइरहेका बेला

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
गोली	१	१		१				
गिरफ्तारी र यातना	६	१०		१०	६	१०		१०
कुटपिट	१२	४८	२	५०				
धम्की	१	१		१				
मौलिक अधिकार	१	२		२	१	२		२
निष्पक्ष चुनाव	१	९	२	११				
सरुवा	१	१		१	१	१		१
भूमिहीन तथा सुकुम्बासी	१	५	२	७				
महिला अधिकार	१		२	२				
बलात्कार	२		२	२				
महिला भएकै कारणले दिइने यातना	१		१	१				
बहुविवाह	१		१	१				
जारी	९	९	९	१८				
आर्थिक अधिकार	२	२		२				
जातीय छुवाछूत	४	२	२	४				
अमानवीय व्यवहार	२	२	३	५				
लाश फेला	१	१		१				
आतंक	१		१	१				
चोरी/डकैती	३	६		६				
दुर्घटनाहरू/विपत्तिहरू	४	४		४				
अन्य	३	३		३	१	१		१
जम्मा	५८	१०६	२७	१३३	९	१४		१४

जीर्ण अवस्थामा रहेको जुम्ला जेल

बलात्कार गरे। पीडकहरूलाई प्रहरीले २ दिन राखी ५ हजार रूपैयाँ जरिवाना गरी छाडिदियो।

ह्राकु गाविस-४ की ३५ वर्षीय एक महिलालाई ०५४ वैशाख १८ गते सोही ठाउँका २७ वर्षीय हरिभक्त सुनारले पति बाटोमा लडेको छ, लिन जाउँ भनी लगेर बाटोमा धम्क्याई बलात्कार गरे। पीडकबाट क्षतिपूर्ति बापत १० हजार रूपैयाँ पीडितलाई दिलाइयो।

चन्दननाथ गाविसकी विधवा महिला विजुली सार्कीलाई ०५३ पुसदेखि सोही गाविस-३ का गगन भण्डारीले यौन सम्वन्ध राखी छोरी जन्मेपछि स्वीकार्नुपर्छ भन्ने डरले भागेका छन् भने पीडितलाई गाउँमै बस्न दिइएन। उनी गाउँ डुलेर हिँडिरहेकी छन्। गाविसले बच्चाको जन्म दर्तासम्म पनि नगरेको पीडित पक्षले गुनासो गरेको छ।

४.२ पारिवारिक हिंसा र वहुविवाह

धापा गाविस-७ का तीर्थराज तिवारीले पत्नी हुँदाहुँदै ०५४ असोज २८ गते देवकी नामकी महिलासंग दोस्रो विवाह गरे। पीडितले ०५४ कार्तिक २१ गते प्रहरीमा उजुरी दिए पनि कुनै कारवाही भएन।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

घोडेमहादेव गाविस-८ का परे बूढासंग सोही गाविसका १९ वर्षीय गोरीकला बुढालाई पोइल लिएको कारण कालिकोट, राचुली गाविस-४ का वीरभद्र बोहोराले जारीस्वरूप ६० हजार रूपैयाँ लिएका छन्।

विराट गाविस-६ का २५ वर्षीय राजवहादुर रोकायाले २० वर्षीय कुइरी रोकायालाई पत्नीको रूपमा भित्र्याएको कारण ०५४ कार्तिक ६ गते धापा गाविस-३ का जयवहादुर रोकायाले जारी स्वरूप ४५ हजार रूपैयाँ लिएका छन्।

गर्ज्याङकोट गाविस-७ का २४ वर्षीय एकराज अधिकारीले ०५४ मंसिर ९ गते तलिउम गाविस-४ का जनकबहादुर डाँगीकी पत्नी एक्का अधिकारीलाई पत्नीको रूपमा भित्र्याएका कारण डाँगीले ३० हजार रूपैयाँ जारीस्वरूप लिए।

महत गाविस-१ का १८ वर्षीय बलनाथ योगीले ०५४ पुस १ गते चन्दनाथ गाविस-५ का २४ वर्षीय कालीबहादुर खत्रीकी पत्नी तारादेवीलाई पत्नीको रूपमा भित्र्याएका कारण जारीको रूपमा १७ हजार रूपैयाँ तिरे।

४.४ गर्भ पतन

जानकारीमा आएन।

५. वाल अधिकार (बालबालिका उपरको अत्याचार)

कुडारी गाविसका ११ वर्षीय सार्के शाहीलाई साधारण चोरीको मुद्दामा जिल्ला प्रहरी कार्यालयले २४ दिनसम्म हिरासतमा राखी आएकोमा ०५३ मंसिर ३० गते कैद तोक्यो। उक्त नावालक ०५४ साउनमा सजाय भुक्तान गरी जेलमुक्त भएका छन्।

६. आर्थिक अधिकार

(पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

महत गाविस-१ का ३२ वर्षीय बलबहादुर रोकायालाई ०५४ असार २९ गते मीनबहादुर थापाले पुरानो रीसइवी कोट्याई दिसा खान वाध्य पारे। प्रहरीले दुवै पक्षबीच मिलापत्र गरायो।

चन्दननाथ गाविस-८ का ३५ वर्षीय चन्द्रसिं सुनारलाई ०५४ साउन २० गते जग्गा नापी हुँदा सोही ठाउँका जयबहादुर शाहीलगायत्का व्यक्तिहरूले तल्लो जातको भनी नाप्न दिएनन्। उनले २०२० सालमा श्री ५ महेन्द्र जुम्ला सवारी भएका वेला उक्त जमिन कागजी प्रमाण सहित पाएका थिए। प्रशासन र गाविसले पनि यस सम्वन्धमा केही निर्णय दिन सकेका छैनन्।

विराट गाविस-७ की च्याउकी आचार्यलाई ०५४ साउन १७ गते पाण्डुगुफा गाविस-३ की २२ वर्षीय वनदेवी हमाल लगायतका ४ जनाले बोक्सीको आरोप लगाई कुटपिट गरे र दिसासमेत खुवाए। पीडितले प्रहरीमा उजुरी दिएकी छिन्।

तातोपानी गाविस-३ की ७ वर्षीय वालिका हिमसा नेपालीलाई ०५४ मंसिर २० गते गाग्री छोइदिएको निहुँमा माथिल्लो जातका भनिने पृथ्वीबहादुर शाहीले कुटपिट गरे। फुटेको गाग्रोसमेत पीडितलाई नै जिम्मा लगाइएको छ।

चन्दननाथ गाविस-६ का ६५ वर्षीय कर्मा ग्यालवुङलाई सोही गाविसका छम्याल तामाङलगायत्का ४ जनाले पुरानो रीसइवीका कारण हातखुट्टा समाती दिसा खुवाए। अदालतमा गाली वेइज्जती मुद्दा चलिरहेको छ।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

०५४ जेठमा सम्पन्न स्थानीय निर्वाचनमा पानखोला गाविसका मतदान अधिकृतद्वारा उम्मेदवार हुनवाट वञ्चित गराइयो भनी विभिन्न पार्टीका कार्यकर्ताहरूले जिल्ला प्रशासन कार्यालय अगाडि जुलुस प्रदर्शन गरे।

९. अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा व्यक्तिगत कुटपिटका घटनावाट ४ जना पीडित भएका छन्। डुबेर ६ जना, दुर्घटनावाट १ जनाको मृत्यु भयो। यस वर्ष यस जिल्लामा सनिगाउँ गाविसमा ३१ जना र वड्की गाविसमा ४३ जनासमेत ७४ जनाको झाडावान्तावाट मृत्यु भयो।

●



४. मध्यपश्चिमाञ्चल
कर्णाली
४.१३ कालिकोट

जनसंख्या	: ८८८०५
साक्षरता	: २०.५ प्रतिशत
महिला साक्षरता	: ४.७ प्रतिशत
क्षेत्रफल	: १७४१ वर्ग कि.मी.
गाविस/नपा	: ३०/०
निर्वाचन क्षेत्र	: १
विद्यालय/क्याम्पस	: १३२/१
अस्पताल/स्वास्थ्यचौकी	: ०/३०
टेलिफोन लाइन	: २३
सडक (कि.मि.)	: ०
प्रहरी कार्यालय	: ५
हुलाक	: ३०

विकट अंचल कर्णालीको पनि विकट जिल्ला कालिकोट रूढीवादी परम्परा र दर्जनौं कुप्रथाका कारण ग्रस्त छ। अशिक्षा र विकासमा पछौटेपनका कारण यहाँ मानवअधिकारसम्बन्धी चेतना उजागर हुन सकेको पाइन्न। दर्जनौं घटनाहरू हुने गरेका भए पनि थोरैमात्र सर्वसाधारणको जानकारीमा आउने गरेका छन्। त्यस्तै कमैमात्र घटना न्यायका खोजीमा प्रहरी र अदालतसम्म पुग्ने गरेका पाइन्छ।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

थिर्पु गाविस-५ का ४५ वर्षीय गंगे रोकायाको ०५४ जेठ ४ गते निर्वाचनका क्रममा भएको भिडन्तमा प्रहरीले चलाएको गोलीबाट मृत्यु भयो।

पाखा गाविस-४ का ३६ वर्षीय अविचन्द्र चौलागाईलाई ०५४ जेठ २६ गते सोही गाउँका १८ जनाले कुटेर हत्या गरे। हत्याको कारण थाहा भएको छैन। ४ जनालाई थुनामा राखिएको छ।

थिर्पु गाविस-५ बेरेसनकोटमा जुम्ला महोवेर्जुपा थरका २१ वर्षीय जयबहादुर शाहीलाई ०५४ असोज २० गते थिर्पुकै वीरमञ्ज रोकाया, समरूप रोकाया लगायत १२ जनाले हत्या गरेको आशंकामा दुवै जनालाई गिरफ्तार गरिएको छ। जारी लिन आएका पीडितलाई चोर आएको भनी लखेटेर हत्या गरेको बुझिएको छ।

१.२ जेल र बन्दीहरु

२५ जना बन्दी राख्ने क्षमता भएको यहाँको जेलमा हाल बन्दी र थुनुवा गरी १७ जना रहेका छन्। कैद तोकिएका ८ जना छन्। महिला छैनन्। ३ वर्षदेखिका थुनुवा यस जेलमा छैनन्। १ देखि ३ वर्षबीचका २ जना थुनुवा प्रेमबहादुर मल्ल र हर्कबहादुर सिंह छन्। जेलको भवन साह्रै जीर्ण अवस्थाको छ। थुनुवा, बन्दी र सुरक्षाकर्मी सबै एकै ठाउँमा बस्नुपर्ने बाध्यताले को के हो भन्ने छुट्याउने गाह्रो पर्ने स्थिति छ। उडुस, उपियाँले दुःख दिएको, केही पनि सुविधा नभएको बन्दीहरूको गुनासो छ। सुत्ने/बस्ने कोठामै दिशा-पिशाव गर्न बाध्य हुनुपर्ने र बिहान लुगाले पुछ्न विवश हुनुपर्ने स्थितिप्रति बन्दीहरूको ठूलो दुःखेसो रहेको पाइन्छ।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

मानमा गाविस-५ का कोष तथा लेखा नियन्त्रण कार्यालयका प्रमुख माधवराज गिरी, गोपालबहादुर भण्डारी र पियन मीनराज कुँवरलाई ०५४ साउन २८ गते राति १० बजे जिल्ला प्रहरी कार्यालयका प्रहरीले विना पूर्जी गिरफ्तार गरे। गिरी र भण्डारीलाई बाटैमा छाडियो भने पियनलाई एक दिन हिरासतमा राखियो।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

कोटवाडा गाविस-२ मा रहेको साना किसान विकास आयोजनाका पियन नन्दलाल गौतमलाई ०५४ कार्तिक २८ गते बन्दूक देखाई माओवादीहरूको एक हुलले त्यस

घटनाको प्रकृति	घटना संख्या		
	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	१
हिरासतमा यातना	-	-	-
बलात्कृत	२	१	-
आत्महत्या	१	-	-

आयोजनाका सम्पूर्ण कागजपत्र जलाइदिए।

फुकोट गाविस-६ का २३ वर्षीय गौरा कामी, गसी कामी र गोरे कामीलाई ०५४ साउन १० गते राति स्युना गाविस-२ का रते कामीले खुकुरी प्रहार गरी घाइते बनाए।

पास्वा गाविस-२ का ४८ वर्षीय जयरूप चौलागाईलाई ०५४ भदौ ६ गते साना भनिने जातमाथि ठकुरी शासन संचालन गर्नेसम्बन्धी फट्याईं काम गर्ने गरेको आरोपमा मल्ल ठकुरीहरूको एक जमातले कुटपिट गऱ्यो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

सुकाटिया गाविस-१ का २२ वर्षीय पद्मबहादुर शाहीलाई ०५३ चैत २४ गते राराकाटिया मा.वि.मा विद्यालयमा कमिटी बनाउन गएका बेला संगठन बनाउन पाइन्न भनी अवरोध खडा गरी सोही विद्यालयका शिक्षक राजबहादुर शाहीले कुटपिट गरे।

सुकाटिया गाविस-१ का ३५ वर्षीय जय वादी लगायतका केही व्यक्तिलाई ०५४ जेठ ४ गतेको स्थानीय निकाय निर्वाचनमा मतदाता नामावलीमा नाम हुँदाहुँदै पनि राप्रपाका स्थानीय नेता दीपबहादुर शाहीले मतदान गर्नबाट वञ्चित गरे।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत कालिकोटमा देवानीमा ३४, जग्गा खिचलोमा ३, नापी बदरमा २६, अंश मुद्दामा ४, वकसपत्र बदरमा १, सरकारवादी फौज्दारी ज्यानसम्बन्धी १, जबर्जस्ती करणीमा १, वन अतिक्रमणमा १ थान र बहुविवाह तथा कर्तव्य ज्यान सम्बन्धमा १/१ थान मुद्दा रहेका छन्। यी सबै ३ वर्ष वा सोभन्दा माथिका मुद्दा हुन्। २ वर्षसम्म छिनिन नसकेका मुद्दाहरू १४ वटा छन्। अर्धन्यायिक निकायको निर्णयमा चित्त नबुझ्नाले पुनः न्यायिक निकाय धाउनुपर्ने बाध्यता रहेको गुनासो पीडितहरूको छ। धेरैजसो जिल्ला न्यायाधीश जिल्लामा नबस्ने गरेको कारण न्याय सम्पादनमा ढिलाई हुने गरेको गुनासो सम्बन्धितहरूको छ।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

सुकाटिया गाविस-१ का ३६ वर्षीय दुर्गबहादुर शाहीलाई ०५४ असोज १० गते राजनीतिक पूर्वाग्रहका कारण जिल्ला शिक्षा शाखाका स्रोत व्यक्तिबाट शिक्षा मन्त्रालयले अवकाश दियो।

सुकाटिया गाविस-८ का २८ वर्षीय महेन्द्रप्रसाद चौलागाईलाई ०५४ मंसिर १७ गते राजनीतिक पूर्वाग्रहको

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
हत्या	३	२	१	३				
गोलीद्वारा हत्या	१	१		१	१	१		१
गोली	१	६		६	१	६		६
गिरफ्तारी र यातना	२	५		५	२	५		५
कुटपिट	२	२		२				
धम्की	१	१	१	२				
अभिव्यक्ति स्वतन्त्रता	१	१	२	३				
भेला र संगठित हुने अधिकार	१	१		१				
अवकाश	२	२		२	२	२		२
महिला भएकै कारणले दिइने यातना	१		२	२				
बहुविवाह	२		२	२				
जारी	७	४	७	११				
पारिवारिक हिंसा	१		१	१				
अमानवीय व्यवहार	१		१	१				
चोरी/डकैती	१	१	२	३				
दुर्घटनाहरू/विपत्तिहरू	२	१		१				
जम्मा	२९	२७	१९	४६	६	१४		१४

कारण जिल्ला शिक्षा शाखाको स्रोत व्यक्तिबाट शिक्षा मन्त्रालयले अवकाश दियो।

३. भूमिहीन, सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

यस वर्ष वृद्ध, असहाय भत्ता यस जिल्लामा वितरण गरिएन। माथिल्लो निकायबाट निकाशा नभएकाले नदिइएको बताइएको छ।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

जानकारीमा आएन।

४.२ पारिवारिक हिंसा र बहुविवाह

भर्ता गाविस-२ का ५८ वर्षीय दलबहादुर शाहीले ०५४ जेठ २० गते घरमा पत्नी हुँदाहुँदै सोही गाविसकी पानसरी रोकायासंग तेस्रो विवाह गरे।

छाप्रे गाविस-१ का ७० वर्षीय चण्डी भण्डारीले ०५४ असोज ५ गते आफ्नै १८ वर्षीय बुहारी शिवकलासंग पुनः विवाह गरे।

राम्नाकोट गाविस-२ का २३ वर्षीय धनबहादुर बमकी पत्नी २० वर्षीय ओखडा बमलाई ०५३ पुस २९ गते जुम्ला, कालिका खेनु गाविस-२ का २३ वर्षीय धनबहादुर बुढाले विवाह गरे। धनबहादुर बमले अदालतमा मुद्दा दर्ता गरेका छन्।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

४.४ गर्भ पतन

जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

यस जिल्लामा १०-१२ वर्षमा नै बालक-बालिकाको विवाह गरिदिने चलन छ। विवाह र कर्तव्य तथा अधिकार समेत नबुझेका बालबालिकाबीच जबर्जस्ती विवाह गराइदिने गरेका कारण उनीहरूको प्रगतिको बाटो मै अड्चन खडा भएको देखिएको छ। इच्छाविरूद्धका यस्ता विवाह पछि गएर धेरैजसो सम्बन्ध विच्छेदमा परिणत हुने गरेका पनि देखिएका छन्।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

बाँधा र हलियाको रूपमा तल्ला जातका भनिने व्यक्तिहरूलाई जोत्न राख्ने प्रचलन यहाँ पनि विद्यमान छ। उनीहरूको गुनासो खासै प्रकाशमा आउने गरेका छैनन्।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

सुकाटिया गाविस-१ का २० वर्षीय पालसाकुमारी शाही र ४२ वर्षीय छिनाकोरा शाहीलाई ०५४ साउन १२ गते बोक्सीको आरोप लगाई २१ वर्षीय पवित्रा शाहीले गाली गलौज गरी अपशब्द प्रयोग गरिन्।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा प्रहरीको गोलीले १ जनाको मृत्यु भयो। आत्महत्या र अन्य विपत्तिबाट भएका क्षतिको विवरण प्राप्त हुन सकेन।

●



४. मध्यपश्चिमाञ्चल

कर्णाली

४.१४ मुगु

जनसंख्या	: ३६३६४
साक्षरता	: २१.८ प्रतिशत
महिला साक्षरता	: ५.९ प्रतिशत
क्षेत्रफल	: ३५३५ वर्ग कि.मी.
गाविस/नपा	: २४/०
निर्वाचन क्षेत्र	: १
विद्यालय/क्याम्पस	: १००/१
अस्पताल/स्वास्थ्यचौकी	: १/३०
टेलिफोन लाइन	: ९
सडक (कि.मि.)	: ०
प्रहरी कार्यालय	: १२
हुलाक	: २५

रारा ताल, रारा राष्ट्रिय निकुञ्ज र असंख्य रमणीय स्थल रहेको मुगु उत्तरमा तिब्बतसंग जोडिएको जिल्ला हो। विकट र दुर्गम भएका कारण देशी/विदेशी पर्यटकहरूले यहाँको प्राकृतिक सुन्दरताको दृष्यावलोकन कमै मात्र गर्न पाएका छन्। कस्तूरी, डाँफे जस्ता पंक्षी र असंख्य जडिबुटी पाइने मुगुमा मानवअधिकारको स्थिति दयनीय छ। अन्धविश्वास, जारी जस्ता कुप्रथाहरूका कारण मानवअधिकार उल्लंघनका घटना यहाँ बढी हुने गर्दछन्।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

भाडाको घरमा रहँदै आएको यहाँको जेलमा केही समयअघिसम्म २ जना थुनुवा रहे तापनि हाल जेल पूरै खाली छ। भवन निर्माणका लागि केन्द्रमा बारम्बार ताकेता भए पनि चासो नदिइएको बताइन्छ।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

श्रीनगर गाविस-३ गमगढीका हंसबहादुर मल्ल र नाथपुं गाविस-५ का सुरेन्द्र शाहीलाई ०५४ जेठ २१ गते कार्यकर्ता कुट्छु भन्दै छुरी लिएर हिंडेका बेला प्रहरीले पक्री निकै यातना दिए। २ दिनपछि दुवै पक्षबीच मिलापत्र गराइ ठाडो कागज गराएर छाडियो।

१.४ बेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

जिमा गाविस-२ बुक्चका धनजीत बिष्टलाई ०५४ पुस २ गते गमगढी बजारमा राजनीतिक आस्थाको कारण प्रहरी जवान कृष्णराज गिरी, भीमबहादुर विटालु र शिक्षक ऐटन मल्लले घाइते हुने गरी कुटपिट गरे। ९ हजार रूपैयाँ उपचारार्थ पीडकले दिएपछि दुवै पक्षबीच मिलापत्र भयो।

मुगुका भूतपूर्व उपसभापति धिरिङ क्याप्ने लामा र सरस्वती गिरीलाई ०५४ पुस २ गते प्रमुख जिल्ला अधिकारी माथवरसिंह थापाले सुरक्षाको नाममा कुटपिट गरे।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

राष्ट्रिय जनसांस्कृतिक मंच मुगुका जयगणेश मल्लसमेतका व्यक्तिहरूलाई ०५४ वैशाख २५ गते कार्कीबाडा गाउँमा स्थानीय चुनावका बेला सांस्कृतिक कार्यक्रम देखाउन गएको समयमा मणिचन्द्र कार्कीलगायत्का व्यक्तिहरूले सख्त घाइते हुनेगरी कुटपिट गरे। कुटपिट गर्नेहरूलाई वैशाख २७ गते प्रतिशोधका कारण अघिल्लो घटनाका पीडितहरूले नै कुटपिट गरे। पछि दुवैबीच मिलापत्र भयो।

एमाले मुगुका उपसचिव ३५ वर्षीय मोहन बानियाँ, रत्नबहादुर बानियाँ, गम्था गाविसका जयबहादुर रावल र

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	–	–	–
थुनामा मृत्यु	–	१	–
हिरासतमा यातना	१	–	१
बलात्कृत	–	–	–
आत्महत्या	–	–	१

धर्मसिंह डाँगरलाई ०५४ वैशाख २६ गते गम्था गाविस-७ ढुंग्री गाउँमा चुनाव प्रचार गर्न गएको बेला सोही ठाउँका जयबहादुर डाँगरलगायत्का व्यक्तिहरूले राजनीतिक प्रतिशोधका कारणले सांघातिक आक्रमण गरे।

सुकाढीक गाविस-२ का ३१ वर्षीय कविराज कार्की र चाउरे कार्कीलाई ०५४ जेठ ४ गते स्थानीय निर्वाचनको सन्दर्भमा तुला तिवारी, भक्तबहादुर डाँगर, जन कार्की, पंच कार्कीलगायत्का व्यक्तिहरूले राजनीनिक प्रतिशोधका कारणले कुटपिट गरे।

सदरमुकाम गमगढीमा ०५४ भदौ १३ गते शिक्षक संघले कालो झण्डासहितको जुलुस निकाल्दा प्रजिअको आदेशमा जुलुसका सहभागी डिलबहादुर मल्लसहित २७ जना शिक्षकलाई सार्वजनिक मुद्दाअन्तर्गत १० दिनसम्म हिरासतमा राखियो।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

न्यायाधीश जिल्लामै नबस्ने गरेका कारण न्याय सम्पादनमा ढिलाइ हुने गरेको सन्दर्भमा यस वर्ष न्यायाधीश नारायणप्रसाद ढकाल जिल्लामै बसी कार्य गरिरहेका हुँदा सर्वसाधारणले न्यायिक राहत पाएको अनुभव गरे। यस वर्ष ७६ वटा सरकारवादी विभिन्न मुद्दा किनारा लाग्न सके। दुनियाँवादी ७१ वटा मुद्दा दर्ता गरिए।

जिल्ला प्रशासन कार्यालयमा यस वर्ष २८ वटा मुद्दा दर्ता भए। नयाँ/पुराना गरी २३ वटा मुद्दा छिनिन बाँकी छन्। राजनीतिक दबाबका कारण मुद्दा फैसलामा अप्ठ्यारो पार्ने गरिएको जिल्ला प्रशासन कार्यालयका कर्मचारीहरू नै बताउँछन्।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

प्रा.वि. स्तरको शिक्षा आयोगमा फेल भएका १३ जना नेपाली कांग्रेस कार्यकर्तालाई जिल्ला शिक्षा कार्यालयले अनियमित तवरबाट पास गराएको र कृषि कार्यालयमा रिक्त पियन नियुक्तिमा ३० हजारसम्म घूस खाएको दावी एमाले जिल्ला सचिव चन्द्रबहादुर शाहीको छ। बखतबहादुर शाहीका अनुसार एमाले चन्द सरकारको पालामा १२ भन्दा बढी शिक्षक आस्थाका आधारमा सेवाबाट बर्खास्त गरिए।

३. भूमिहीन, सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

यस जिल्लामा ३ सय भन्दा बढी सुकुम्बासी रहेका छन्। प्रायः तल्लो जात भनिने समुदाय भूमिहीन अवस्थामा छन्। २०५१ सालमा जिल्लामा गठित सुकुम्बासी समस्या समाधान आयोग काम गर्न नपाउँदै विघटन भएकोले सुकुम्बासीहरू चिन्तित रहेका छन्।

धेरै जनासंग नागरिकता नभएको र बनाउन सदरमुकामसम्म आउन पनि ज्यादै कठिन भएका कारण धेरै जना वृद्ध भइसकेर र अशक्त हुँदाहुँदै पनि भत्ता पाउनबाट वञ्चित छन्। गाउँ-गाउँमा आएर वृद्ध, अशक्तहरूलाई सहज तवरले नागरिकता वितरण गरिए धेरै राहतको अनुभव हुने पीडितहरूको विश्वास छ।

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरूष	महिला	जम्मा		पुरूष	महिला	जम्मा
गिरफ्तारी र यातना	३	३१	१	३२	३	३१	१	३२
कुटपिट	५	९		९	१	३		३
धम्की	१	३		३				
मौलिक अधिकार	१	६		६				
भेला र संगठित हुने अधिकार	१	१		१				
महिला अधिकार	१		१	१				
बलात्कार प्रयास	१		१	१				
महिला भएकै कारणले दिइने यातना	१		१	१				
बहुविवाह	४		४	४				
जारी	१९	१९	२०	३९				
जातीय छुवाछूत	१	१	१	२				
आत्महत्या	१	१		१				
दुर्घटनाहरू/विपत्तिहरू	३	३	३	६				
जम्मा	४२	७४	३२	१०६	४	३४	१	३५

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

जिमा गाविस-६ पुरूमुरूकी १६ वर्षीय एक युवतीलाई ०५४ भदौ ३१ गते शिक्षक सिंगवीर मल्लले स्थानीय मेला लागिरहेको वेला वलात्कार गर्ने प्रयास गरे। प्रहरीले पीडकलाई २ दिन हिरासतमा राखी ६ हजार ५ सय रूपैयाँ जरिवाना तिराई माफी माग्न लगाए।

४.२ पारिवारिक हिंसा र वहुविवाह

कार्कीवाडा गाविस-८ का शिक्षक मणिचन्द्र कार्कीले ०५४ जेठ २२ गते श्रीनगर-६ की अष्टलक्ष्मी रावलसंग दोस्रो विवाह गरे।

मांग्री गाविसका शिक्षक छेवाङ नोर्चे लामाले पुलु गाविस-३ पूर्व गाउँकी हिमा पुटिक लामासंग घरमा पत्नी र छोराछोरी हुँदाहुँदै ०५४ असोज ५ गते दोस्रो विवाह गरे।

रारा गाविस-४ गिलाहका शिक्षक नरजंग रावलले ०५३ फागुन १३ गते जिमा गाविस-१ की धनशोभालाई विवाह गरी रू. ३० हजार जारी तिरे।

एगा गाविस-४ का सिंग लावडले ०५३ फागुन १८ गते कार्कीवाडा गाविस-८ की दिसा कामीलाई विवाह गरी ३० हजार रूपैयाँ जारी तिरे।

नेपाली कांग्रेसका जिल्ला पार्टी सभापति कर्मे जैसीले आफ्नो छोराले अर्की पत्नी ल्याई हेला गरिएकी जेठी वुहारी वाध्य भई पोइल गएकोमा बलीचन्द्र दाहालसंग ०५४ भदौ ११ गते धम्की दिई ३६ हजार रूपैयाँ जारी तिराए।

श्रीनगर गाविस-१ का लोकेन्द्रवहादुर मल्लले ०५४ असोज २९ गते पिना गाविस-९ की जडेनी शाहीसंग दोस्रो विवाह गरे।

पिना गाविस-४ झ्यारीका ग्याम स्काउट कन्न रावलले सैनिक लालवहादुरकी दोस्री पत्नी विजुली वुढालाई दोस्री पत्नीको रूपमा भित्र्याएकोमा चन्दनाथ गुल्म, राराका क्याप्टेन वासुदेव अधिकारीले धम्की दिई २५ हजार रूपैयाँ जारी तिराइ आफैं लिए।

यस जिल्लामा थुप्रै जारी र वहुविवाहका घटना हुने गरेका छन्। जसमध्ये यस वर्ष यस्ता २४ वटा घटना जानकारीमा आए। यस्ता घटना कानूनीरूपमा दर्ता हुँदैनन्। समाजकै सक्रियतामा मिलाइन्छ।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

कोटडाँडा गाविस रिखियाका अजवहादुर शाहीले घरमा पत्नी र ४ छोरा हुँदाहुँदै श्रीनगरकी कृष्णमाया हितानसंग यौन संसर्ग गरेकोले ०५४ पुस १४ गते छोराको जन्म भयो। हाल पीडकले पीडितलाई कुनै वास्ता गरेका छैनन् भने पीडित माइतीमा नै छन्।

४.४ गर्भ पतन

यस जिल्लामा सुडेनी लगाएर तथा स्थानीय जडिबुटी खुवाई गर्भपतन गराइने चलन भए पनि कुनै अप्रिय र उल्लेख्य घटना जानकारीमा आएन।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार
(पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

जिमा गाविस-५ पुरूमुरू गाउँकी १७ वर्षीय हाँसा दमाईँलाई ०५४ मंसिर १० गते डिलवहादुर शाहीले पत्नीको रूपमा स्वीकार गरेपछि उनलाई आफ्नै वावु ढन्तबहादुर शाही र दाजु गणेशवहादुर शाहीले घरवाटै निकाले।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

गमगढीमा ०५४ भदौ १३ गते नेपाल शिक्षक संघले निकालेको जुलुसका सहभागीहरूलाई गिरफ्तार गरिएको विरोधमा नेपाली कांग्रेसलगायत्का संगठनहरूले जुलुस निकाली उक्त कार्यको विरोध गरे। उक्त विरोध जुलुसमाथि पनि प्रहरीद्वारा अवरोध खडा गरिएको थियो।

९. अतिरिक्त जानकारीहरु
(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा व्यक्तिगत रीसइवीका कारण भएको कुटपिटबाट ३ जना पीडित भएका छन्। आगलागीबाट १ जनाको मृत्यु भयो।



४. मध्यपश्चिमाञ्चल

कर्णाली

४.१५ हुम्ला

जनसंख्या	३४३८३
साक्षरता	२०.९ प्रतिशत
महिला साक्षरता	४.८ प्रतिशत
क्षेत्रफल	५६५५ वर्ग कि.मी.
गाविस/नपा	२७/०
निर्वाचन क्षेत्र	१
विद्यालय/क्याम्पस	९२/1
अस्पताल/स्वास्थ्यचौकी	०/२७
टेलिफोन लाइन	१
सडक (कि.मि.)	०
प्रहरी कार्यालय	१४
हुलाक	२८

जारी प्रथा, बहुविवाह र अन्धविश्वासले गतिलोसंग जरो गाडेको हुम्ला कर्णाली अञ्चलको विकट र दुर्गम पहाडी जिल्ला हो। कुप्रथा र कुसंस्कारका कारण मानवअधिकार उल्लंघनका घटना हुने गरे पनि ती खासै प्रकाशमा आउँदैनन्। छिमेकी जिल्ला जस्तै यसले पनि पुनर्स्थापित प्रजातन्त्रको उपभोग गर्न पाएको छैन। उत्तरमा चीनसंग जोडिएको यो जिल्लाले मुगु, बझाङ र बाजुरालाई पनि छोएको छ।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

हुम्ला स्थित जेल "घ" श्रेणीको हो। यस जेलको बन्दी क्षमता १५ जनाको छ। ज्यादै जीर्ण अवस्थाको यो जेलमा जाडोमा कैदीहरूलाई वाथ रोगले सताउने, जोर्नीहरू दुख्ने, रूघा-खोकीले सताउने गर्दछ। पहरा दिने ठाउँसमेत नभएको यस जेलमा महिला बन्दी गृह पनि छैन। शिक्षा र अन्य तालिमको व्यवस्था पनि छैन। यस जेलमा अहिले १ जना फैसला भएका र १ जना थुनुवा गरी दुई जनामात्र बन्दीहरू रहेका छन्।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

जानकारीमा आएन।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

जानकारीमा आएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

रोडिकोट गाविस-५ का ३८ वर्षीय दलबहादुर शाहीलाई ०५३ माघ २६ गते घोडा चढी गोठी गाविस हुँदै आफ्नो घरतिर गइरहेको अवस्थामा सोही गाविस-९ का कुलबहादुर शाहीले "मेरो गाउँमा घोडा चढेर हिंड्न पाइन्न" भनी धम्क्याएर घोडाबाट ओर्लन बाध्य पारे।

श्रीनगर गाविस-४ मा निर्वाचन अधिकृत भई गएका सिंचाइ कार्यालयका इन्जिनियर पिताम्वर बेलबासे र घटना साम्य पार्न गएका धर्मसिंह भण्डारीलाई ०५४ वैशाख २८ गते अकबर भण्डारीलगायत्का ४ जनाले कुटपिट गरे।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा शिक्षा र चेतनाको कमीका कारण गाउँघरमा हुने घटना सम्बन्धित निकायमा पुऱ्याउने चलन छैन। ठालु र भलाद्मी भनिनेहरूद्वारा खसी-बोका आदि लिई त्यसकै आधारमा निर्णय गरिने हुँदा न्याय निश्पक्ष भएको देखिन्न। कतिपय मुद्दा त अदालत पुगेपछि पनि फेरि गाउँमै आएर मात्र टुंगिने गर्दछन्।

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	-
हिरासतमा यातना	-	-	-
बलात्कृत	२	२	-
ससुराद्वारा	-	१	-
आत्महत्या	-	-	१

यस जिल्लाको अदालतमा यस वर्ष ३४ वटा विभिन्न मुद्दा दर्ता भए। जिल्लामा न्यायाधीश लामो समयसम्म नरहने गरेको कारण पुर्पक्षमा रहेका मुद्दाहरू ढिलो फैसला भई जनताको अधिकार कुन्ठित हुन पुगेको देखिन्छ।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन, सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

जानकारीमा आएन।

४.२ पारिवारिक हिंसा र वहुविवाह

कालिका गाविस-७ का २८ वर्षीय गोब्टे टमटाले ०५४ कार्तिक १७ गते सोही ठाउँकी २० वर्षीय जड्यानी जैसीसंग दोस्रो विवाह गरे।

जैर गाविस-५ का जग रावतले छिप्रा गाविस-३ की २५ वर्षीय जसु जोठोरालाई ०५३ चैत १० गते विवाह गरी ४२ हजार रूपैयाँ जारी तिरे।

श्रीनगर गाविस-५ का मसिरे कुमीले ०५४ वैशाख १ गते सोही ठाउँकी पूर्वदरा थापालाई विवाह गरी २० हजार रूपैयाँ जारी तिरे।

मदाना गाविस-४ का २५ वर्षीय लली रोकायाले ०५४ असोज १० गते सोही ठाउँकी २० वर्षीय कुसुमा बुढालाई विवाह गरी ९० हजार रूपैयाँ जारी तिरे।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

जानकारीमा आएन।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार

(पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

यस जिल्लामा हलिया प्रथा विद्यमान छ। विशेषगरी अछूत भनिनेहरूलाई थोरै रकम वा अन्न दिई काम गर्न बाध्य पारिन्छ। तर हलियाहरू कतै पनि उजुरी गर्न जाँदैनन्।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

श्रीनगर गाविस-३ की रूड्की दमाईंसंग सोही ठाउँका २५ वर्षीय रत्नपुर सुनारले यौन सम्पर्क राखेपछि ०५४ कार्तिक ५ गते बच्चा जन्म्यो। रूड्की सुनारकहाँ जाँदा सानो जात भनी सुनारका परिवारले घरभित्रै छिर्न दिएनन्। सुनार भारततिर गएका छन् भने पीडित माइतमै बस्न बाध्य छिन्।

श्रीनगर गाविस-९ का ४० वर्षीय हरि कुमीले ०५३ फागुन ५ गते साधारण विवाद हुँदा सोही ठाउँका गम्भीर कुमीको मुखमा मानिसको दिसा छ्यापिदिए।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा ३ वटा दुर्घटनाहरू भए। १ जनाले आत्महत्या गरे। ●

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
गिरफ्तारी र यानना	१	१		१	१	१		१
कुटपिट	२	३		३				
वहुविवाह	१		१	१				
जारी	३	३	३	६				
जातीय छुवाछूत	१	१	१	२				
अमानवीय व्यवहार	२	१	१	२				
आत्महत्या	१		१	१				
दुर्घटनाहरू/विपत्तिहरू	३	२	१	३				
जम्मा	१४	११	८	१९	१	१		१

सुदूर पश्चिमाञ्चल

५.१ कैलाली
५.२ अछाम
५.३ डोटी
५.४ बाजुरा
५.५ बझाङ
५.६ कञ्चनपुर
५.७ डडेलधुरा
५.८ बैतडी
५.९ दार्चुला

५. सुदूरपश्चिमाञ्चल

सेती

५.१ कैलाली

जनसंख्या	: ४१७८९१
साक्षरता	: ३१.२ प्रतिशत
महिला साक्षरता	: १५.७ प्रतिशत
क्षेत्रफल	: ३२३५ वर्ग कि.मी.
गाविस/नपा	: ४२/२
निर्वाचन क्षेत्र	: ४
विद्यालय/क्याम्पस	: ३७०/३
अस्पताल/स्वास्थ्यचौकी	: १/१८
टेलिफोन लाइन	: २४९३
सडक (कि.मि.)	: २१०.६
प्रहरी कार्यालय	: ३०
हुलाक	: ४७

कैलाली जिल्ला सुदूरपश्चिमको सेती अंचलमा पर्ने तराई जिल्ला हो। ६० प्रतिशत थारू जाति रहेको यस जिल्लामा यस वर्ष आत्महत्याका घटनाहरू अत्यधिक मात्रामा भए। नेपालकै सम्पूर्ण कमैया संख्याको झण्डै ३५ प्रतिशत कमैया यसै जिल्लामा रहेका छन्। मानवअधिकारको क्षेत्रमा यो जिल्लामा जनस्तरबाटै विभिन्न किसिमका कामहरू भएका छन्। यद्यपि यस जिल्लामा मानवअधिकारको स्थिति राम्रो नरहेको महसुस गरिएको छ।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

वि.सं. १९९७ सालमा निर्मित कैलाली जेलको वन्दी क्षमता ७५ जनाको हो। हाल यस जेलमा कैद तोकिएका बन्दीहरू ८१ जना छन्। जसमध्ये ९ जना महिला र ७२ जना पुरूष रहेका छन्। कैद तोकिएका दुईजना महिलाका साढे १ वर्ष र ३ वर्षका गरी दुई जना वालिका रहेका छन्। २७ जना कैद नतोकिएका बन्दीसहित हाल १ सय जना बन्दीहरू यस जेलमा छन्।

कैद तोकिएका ८१ जना बन्दीहरूमा ज्यान मुद्दामा ४५ जना पुरूष र ६ जना महिला गरी ५१ जना, सवारी ज्यानमा १ जना, डाँका ज्यानमा २ जना, जबर्जस्ती करणीमा ८ जना, चोरी मुद्दामा ५ जना, भन्सार चोरीमा २ जना रहेका छन्।

यो वर्ष मात्र विभिन्न मुद्दामा ८३ जना व्यक्तिलाई यस जेलमा राखियो। जसमध्ये कैद तोकिएका २१ जना मात्र रहेका थिए।

यो वर्ष यस जेलमा बैतडी जिल्ला झंकरपुर गाविस-९ घर भएका र डोटी कारागारमा ज्यान मुद्दामा १० वर्ष बन्दी जीवन बिताइरहेका ७३ वर्षीय भवान सिं कुँवरलाई मृगौला खराव भएको कारण ०५४ साउन २४ गते उपचार गर्न भनी कैलाली जेलमा सरूवा गरी ल्याइएकोमा सेती अंचल अस्पतालमा उपचार गर्दागर्दै ०५४ भदौ १ गते मृत्यु भयो।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

नारायणपुर गाविस-९ का ३० वर्षीय रामबहादुर रावललाई ०५३ फागुन २७ गते प्रहरीले गिरफ्तार गरी यातना दियो। उनलाई माओवादी गतिविधिमा संलग्न भएको आरोप लगाइएको थियो। पीडितलाई चैत १३ गते मात्र अदालतमा पेश गरियो। उनलाई अदालतको आदेशबमोजिम थुनामा राखिएको छ।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

धनगढी नगरपालिका-२ का २४ वर्षीय राजकुमार जोशी, सोही नपा-५ का रूपक सिंह र सोही नपा-१ का २१ वर्षीय सन्तोष भट्टराईलाई ०५३ फागुन १४ गते राति ११ बजे मोहित साहलगायत्का व्यक्तिहरूले कैलाली बहुमुखी क्याम्पसमा

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	–	–	–
हिरासतमा यातना	२	२	१
थुनमा मृत्यु	–	१	१
बलात्कृत	५	२	४
झड्केलो बाबुद्वारा	१	–	–
आत्महत्या	३०	५६	५७

स्ववियू निर्वाचनको परिणाम सुन्न बसिरहेको बेला चेन प्रहार गरी सख्त घाइते बनाए। पीडकलाई प्रहरीले गिरफ्तार गरी एक दिनपछि छोड्यो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

मालाखेती गाविस-३ की १७ वर्षीय लक्ष्मी महरालाई ०५३ माघ ९ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई कालोझण्डा देखाएको र गाडीमा ढुंगा हानेको आरोपमा प्रहरीले गिरफ्तार गर्‍यो। पीडितलाई माघ २१ गते रू. ३० हजार धरौटी लिई तारेखमा छोडियो।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँको जिल्ला अदालतमा यस वर्ष १ सय ७९ वटा मुद्दा दर्ता भए। यसमध्ये सबैभन्दा धेरै ६८ वटा अंशसम्बन्धी मुद्दा रहेका छन्। यस अदालतमा २ वर्ष नाघेका १२ वटा मुद्दा फैसला हुन सकेका छैनन्। त्यस्तै दुई वर्षभित्र फैसला नभएका मुद्दाको संख्या ३ सय ६६ थान रहेको छ।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन, सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

यस जिल्लामा करीब २ हजार सुकुम्बासी परिवार बसोबास गर्दछन्। फूलबारी, पहलवानपुर गाविस तथा धनगढी नगरपालिकामा सुकुम्बासीहरूको अत्याधिक चाप रहेको छ। यस वर्ष सुकुम्बासीहरूलाई स्थापित गर्ने काम राज्यपक्षबाट गरिएन। समयमा वृद्धभत्ता वितरण गरिएन। यो जिल्लामा वृद्धाश्रम र अनाथालयको व्यवस्था छैन।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

जोशीपुर गाविस-१ की २३ वर्षीय एक महिलालाई ०५४ फागुन १५ गते दिउँसो २ बजे खेतमा काम गरिरहेको बेला सोही गाविसका हिरालाल भन्ने जग्गा कठरियालगायत् ३ जनाले सामूहिक बलात्कार गरे। पीडकहरू फरार छन्।

चौमाला गाविस-५ की २० वर्षीय एक युवतीलाई ०५४ साउन ८ गते राति घरभित्र एक्लै सुतिरहेको अवस्थामा सोही ठाउँका हर्कबहादुर बूढा र हिरासिंह बूढाले बलात्कार गरे। पीडकहरूविरूद्ध जिल्ला प्रहरी कार्यालय कैलालीमा उजुरी गरियो। पीडकहरू फरार छन्।

बलिया गाविस-७ की १७ वर्षीय एक युवतीलाई ०५४ साउन ७ गते राति घरमा अन्य परिवार नभएको बेला सोही ठाउँका उनका मालिक धीरबहादुर मल्लले आफ्नो ओछ्यान लगाइदिन भनेर कोठामा बोलाई बलात्कार गरे। पीडक फरार छन्।

४.२ पारिवारिक हिंसा र बहुविवाह

धनगढी नगरपालिका-२ का २६ वर्षीय शंकरबहादुर वि.क.ले ०५३ माघ २८ गते सोही ठाउँका १७ वर्षीय हरिना वि.क.संग दोस्रो विवाह गरे। उनले दोस्रो विवाहपश्चात् पहिली पत्नी गौमतीदेवी वि.क.लाई कुटपिट गरी घरबाट निकालिदिए।

धनगढी नगरपालिका-१३ की ४५ वर्षीय रत्नकला

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पूरूष	महिला	जम्मा		पूरूष	महिला	जम्मा
हत्या	५	५		५				
गोली	१	२		२				
थुनामा मृत्यु	१	१		१	१	१		१
गिरफ्तारी र यातना	२	१	१	२	२	१	१	२
कुटपिट	२	६		६				
बलात्कार	४		४	४				
बहुविवाह	१		१	१				
पारिवारिक हिंसा	२		२	२				
चोरी/डकैती	१	१		१				
आत्महत्या	५६	२६	३२	५८				
दुर्घटनाहरू/विपत्तिहरू	१८	१४	४	१८				
जम्मा	९४	५६	४४	१०१	३	२	१	३

न्यौपानेलाई ०५४ वैशाख २२ गते राति ८.३० बजे उनका पति रामबहादुर न्यौपानेले कुटपिट गर्नुका साथै गुप्ताङ्ग च्यातेर पेट चिरी हत्या गरे। पीडकलाई थुनामा राखिएको छ।

धनगढी नगरपालिका-१ की २६ वर्षीय खैरूला अन्सारीलाई उनकै पति तथा सासू र ससुराले कुटपिट, गाली गलौज गरेको कारण पीडितले ०५४ असार ५ गते राति १० बजे विष खाई आत्महत्या गरिन्।

कुटपिटबाट घाइते राजकुमार जोशी

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

जानकारीमा आएन।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

यस जिल्लामा १० वर्षमुनिका ११ हजार ९ सय ९२ जना बालमजदूर रहेका छन्। त्यसमध्ये ९० प्रतिशत वालवालिकाहरू घरेलु कामदारका रूपमा रहेका छन्। यहाँका ३ देखि ४ सय वालमजदूरहरू होटलमा कार्यरत् रहेका छन्। कलकारखानामा काम गर्ने वालमजदूर करीव ५ सय रहेका छन्। त्यसैगरी टेम्पोमा काम गर्ने वालमजदूरहरू ५० जना जति छन्। यहाँका वालमजदूरहरूको ज्याला १ देखि २ सय रूपैयाँ मासिक छ र कसैकसैले त खान लाउनको भरमा मात्र काम गरेको पाइन्छ।

फूलबारी गाविस-७ का ८ वर्षीय एक बालिकालाई ०५४ असार २० गते सोही ठाउँका १८ वर्षीय सुरेशबहादुर मल्लले ललाई फकाई आफ्नो घरमा चिनी खान बोलाएर कोठामा लगी बलात्कार गरे। पीडितलाई ३ दिनसम्म सेती अंचल अस्पतालमा उपचार गराइयो। पीडक थुनामा छन्।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

यस जिल्लामा कमैयाहरूले अरू मजदूरहरू सरह ज्याला पाएका छैनन्। त्यसमा पनि कमैयाका पत्नीहरूले ज्याला पाउँदैनन्। महिला मजदूरहरूले पुरूषको भन्दा कम ज्याला पाउँछन्। पुरूषले दैनिक रू. ५० पाउँछन् भने महिलाले रू. ३० मात्र पाउँछन्। उद्योग धन्दाहरूमा कार्यरत मजदूरहरू प्रायः अस्थायी छन्। उनीहरूले काम हेरेर ज्याला पाउँछन्।

रोजिन एण्ड टरपेनटाइन कम्पनी अन्तरियामा कार्यरत् मजदूरहरू सरकार परिवर्तन भएपिच्छे परिवर्तन हुने गर्दछन्।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

धनगढी नगरपालिका-१ का २२ वर्षीय कृष्ण आउजीले ०५४ साउन ११ गते धनगढी नगरपालिका-२ का १५ वर्षीय लक्ष्मी भट्टसंग प्रेम विवाह गरेको कारण लक्ष्मीका बाबुको उजुरीमा ०५४ साउन २० गते प्रहरीले कृष्ण आउजीलाई गिरफ्तार गरी यातना दियो। उनलाई ३ दिनपछि छाडियो। उनीहरू दुवैजनालाई जान नमिलाइ विवाह गरेको कारण ०५४ साउन ३२ गते प्रहरीले गिरफ्तार गरी ४० हजार नगद र १२ तोला सुन चोरीको आरोप लगाउने धम्कीसमेत दिइएको बताइन्छ।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

कैलाली जिल्लामा यो वर्ष ६ वटा व्यक्तिगत हत्याका घटना भए। जसमा ३ वटा लेनदेनका कारण, २ वटा रीसइवीका कारण र १ पारिवारिक हिंसाका कारण भएका थिए। ट्राफिक दुर्घटनामा परी ७ जनाको मृत्यु भयो। पानीमा डुबेर १० वटा घटना भए। रक्सी बढी सेवन गरेका कारण ३ जना व्यक्तिको मृत्यु भयो। डकैतीको १ घटनामा ३ जना पीडित भए। राँगा गाडीबाट लडी १ जनाको र जाडोबाट १ जनाको मृत्यु भयो।

यस वर्ष ५८ जनाले आत्महत्या गरे। तीमध्ये २६ जना पुरूष र ३२ जना महिला थिए।

●



५. सुदूरपश्चिमाञ्चल

सेती

५.२ अछाम

जनसंख्या : १९८१८८
साक्षरता : २५.० प्रतिशत
महिला साक्षरता : १५.० प्रतिशत
क्षेत्रफल : १६८०वर्ग कि.मी.
गाविस/नपा : ७५/०
निर्वाचन क्षेत्र : २
विद्यालय/क्याम्पस : २३९/२
अस्पताल/स्वास्थ्यचौकी : २/३५
टेलिफोन लाइन : ९८
सडक (कि.मि.) : १८०
प्रहरी कार्यालय : १२
हुलाक : ५९

सार्है दुर्गम र विकट यो जिल्ला समस्यै समस्याले ग्रस्त छ। अशिक्षा, चेतनाको अभाव र रूढीवादीपनले यो जिल्लालाई आक्रान्त पारेको छ। भूतप्रेत, धामी झाँक्री, बोक्सी आदि निहुँमा यहाँ हुने घटनाको संख्यात्मक रूपमा वर्णन गर्नै गाह्रो पर्ने गर्छ। यही कारण यहाँ मानवअधिकारको उल्लंघन प्रशस्त हुने गरेको छ। यस्ता कार्यलाई राज्यका तर्फबाट रोक्ने र नियन्त्रण गर्ने गरेको देखिन्न। कतिपय मानवअधिकार उल्लंघनका घटनामा राज्यसमेत सहभागी भएको दुर्भाग्यपूर्ण स्थिति पनि भेटिने गरेको छ।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

अछाम जेलको भौतिक अवस्था ठीकै खालको छ। २५ जनाको क्षमता भएको यो जेलमा थुनवा, बन्दी र नावालक गरी जम्मा २५ जना बन्दी रहेका छन्। जेलभित्र महिला र पुरूषलाई छुट्टाछुट्टै राखिएको छ। २ धारा र २ शौचालय जेलभित्रै रहेको छ। कैद तोकिएका महिला ४ र पुरुष १४ गरी १८ र कैद नतोकिएका महिला १ र पुरुष ५ गरी जम्मा ६ जना छन्।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

वैजिनाथ गाविस-४ का २६ वर्षीय झंकर लुहारलाई वाख्रा चोरी गरेको अभियोगमा पक्राउ गरिएकोमा ०५४ माघ १३ र १४ गते जिल्ला प्रहरी कार्यालयमा बयान लिने क्रममा प्रहरीले रवरको रडले र लाठीले पैताला, घुँडाका जोर्नी, पिठ्युँ र हातका औंलामा हिर्काएर निर्मम यातना दियो। पीडित ०५४ माघ १२ गतेदेखि २६ गतेसम्म हिरासतमा बसी रू. १ हजार ३ सय धरौटी राखेर छुटे।

कुइका गाविस-६ का २४ वर्षीय रामप्रसाद तिमिल्सिना र अर्घाखाँची जिल्ला सन्धिखर्क गाविस-६ का २६ वर्षीय लेखनाथ पौड्याललाई ०५४ भदौ ३० गते विनायक उच्च मा.वि.को प्रांगणमा विद्यार्थीहरूबीच भाषण गरिरहेको बेला नेकपा (माओवादी) भएको आरोपमा प्रहरीले गिरफ्तार गऱ्यो। पीडितहरूलाई शान्ति सुरक्षा ऐनअन्तर्गत जेल चलान गरिएको छ।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

कालागाउँ गाविस-९ का २४ वर्षीय नरबहादुर सोडारीलाई ०५४ वैशाख ३ गते बान्नातोली गाविस-६ का श्याम भण्डारीले गर्धनमा हँसियाले हिकाई सख्त घाइते बनाए। पीडकलाई अदालतले सफाइ दिइसकेको छ।

वलिगाउँ गाविस-९ का ६० वर्षीय झपट रावललाई ०५४ जेठ ४ गते स्थानीय निर्वाचनको मतदान भैरहेको बेला सोही गाविसका सुरेन्द्रबहादुर रावल, प्रेमबहादुर रावल, टोपबहादुर रावलले लाठी र ढुंगाले हिर्काई मरणासन्न हुनेगरी कुटपिट गरे। सोही गाविस-८ का प्रेम रावल, मीनबहादुर रावल, चक्र रावल, जैसे रावल, श्रीमती गोमादेवी रावल र

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	-
हिरासतमा यातना	१	१	२
वाबुद्वारा बलात्कृत	१	-	-
आत्महत्या	३	४	१

नरपति रावल लगायत्का व्यक्ति पनि उक्त घटनामा घाइते भए।

दर्ना गाविस-९ का ५५ वर्षीय ज्योति थापा, ४८ वर्षीय झपट थापा र ५० वर्षीय जसु थापालाई ०५४ जेठ ७ गते सोही ठाउँका सुनील थापा, रमेश थापा, खड्क थापा, लोकबहादुर थापा र केशरबहादुर बोहराले बन्चरोको बिँड र कोदालाको बिँड प्रहार गरी कुटपिट गरे। पीडकले पीडितलाई २० हजार रूपैयाँ दिएपछि मिलापत्र भयो।

दर्ना गाविस-२ घर भएकी ऐश्वर्य प्रस्तावित मा.वि. की शिक्षिका १८ वर्षीय सुशीला साहलाई ०५४ जेठ ७ गते स्कूलमा प्रार्थना गराइरहेको बेला सोही गाविस-३ का विष्णु साह र तपेन्द्र साहले अश्लील शब्द प्रयोग गरी गाली बेइज्जती गर्नुका साथै धम्कीसमेत दिए। पीडितलाई एमालेको चुनाव प्रचारमा संलग्न भएको आरोप लगाइ उक्त कार्य गरिए पनि पीडितले कतै उजुरी गरिनन्।

तोली गाविस-३ का वडा अध्यक्ष २३ वर्षीय पदमे कामीलाई ०५४ जेठ १६ गते सोही गाविस-५ का शिक्षक गंगाबहादुर रावल, शरदचन्द्र रावल, मीनबहादुर रावलसहित १० जनाको जत्थाले कुटपिट गरे। पछि दुवै पक्षबीच मेलमिलाप भयो।

बान्नातोली गाविस-४ का २८ वर्षीय नरबहादुर बिष्ट, अमरबहादुर बिष्ट, भजन बिष्ट र दामधरी बिष्टलाई ०५४ जेठ ५ गते साँझ सोही गाविसका अध्यक्षका उम्मेदवार भक्तबहादुर रावलको नेतृत्वमा भीम रावल, दाने रावल, केशर रावल, जगत रावल, टेक रावल र जम्माने रावलले आफूलाई भोट नदिएको रीसइवीमा गोरू जोत्ने जुवा र लाठी प्रहार गरी कुटपिट गरे। पीडकहरूलाई सार्वजनिक अपराध ऐनअन्तर्गत कारवाही भइरहेको छ।

गौंजा गाविस-४ का ३० वर्षीय भरत खड्का, ध्वजबहादुर जोशी र वडा नं. ७ का २० वर्षीय शिक्षक लोकबहादुर खड्कालाई ०५४ मंसिर २ गते सोही गाविसको गाउँ परिषद्को बैठक चलिरहेको बेलामा पुराना योजनामा भ्रष्टाचार भएको भनी मन्तव्य व्यक्त गर्दा गाविसका तिलक खड्का र शंकर खड्कालगायत् १५ जनाले कुटपिट गरे। दुवै पक्षबीच मेलमिलाप भई विवाद टुंगियो।

मंगलसैन गाविस-६ घर भएका १९ वर्षीय कुन्ती बण्डाली गाविसका सचिव गणेशप्रसाद ढुंगानालाई ०५४ पुस ३ गते गाविस भवनमा बैठक चलाइरहेको बेला सोही गाविस-७ का लोकराज नाथले कुटपिट गरे। पीडकले केही समयअघि दिएको निवेदनमा ढिलासुस्ती भएको भनी उक्त कुटपिट गरिएको थियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

दर्ना गाविस-२ का वडा अध्यक्षका उम्मेदवार ५० वर्षीय मीनबहादुर साहलाई ०५४ वैशाख २९ गते भोट मागिरहेको बेलामा सोही ठाउँका मंगलबहादुर साहले एक्कासि आक्रमण गरे। पीडितले उजुरी नगरेकोले कारवाही अघि बढेन।

बददिवी गाविस-४ मा नेकपा (एमाले) को विजय जुलुस गइरहेको बेला ०५४ जेठ १५ गते राजनीतिक प्रतिशोधका कारण शंकर खड्का, पदम सेट्टी, झपटसिंह थापा, प्रकाश खड्का, चित्र खड्का, देवी सेट्टी, धर्म ठकुल्ला, लक्ष्मण थापालगायतका व्यक्तिहरूले विजय जुलुसमाथि ढुंगामुढा प्रहार गरे। प्रहरीको सक्रियतामा घटना मेलमिलापमा टुंगियो। जुपु गाविसमा नेपाली कांग्रेसका कार्यकर्ताले र कुइका गाविसमा एमाले कार्यकर्ताले मतपेटिका नै पोले।

स्थानीय निर्वाचन ०५४ मा १३ वटा गाविसमा स्थगित भएकोले ती ठाउँमा पुनः निर्वाचन गराइयो।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरूष	महिला	जम्मा	संख्या	पुरूष	महिला	जम्मा
हत्या	२		२	२				
गिरफ्तारी र यातना	२	३		३	२	३		३
कुटपिट	१०	३४	४	३८				
धम्की	१		१	१				
भेला र संगठित हुने अधिकार	१	५		५				
गर्भपतन	१		१	१				
बालअधिकार	१	१		१				
आत्महत्या	१	१		१				
जम्मा	१९	३४	८	४२	२	३		३

सामूहिक कुटपिटबाट घाइते ज्योति थापा

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

अदालतमा परेका मुद्दा र अन्य जानकारी अरूलाई दिन नमिल्ने भनी अदालतले कुनै जानकारी दिन अस्वीकार गर्‍यो। अर्धन्यायिक निकायका सम्बन्धमा उल्लेख्य घटना प्रकाशमा आएनन्। बन्नातोली गाविसमा ०५४ वैशाख ३ गते भएको घटनामा पीडितको गर्धनमा हँसियाले हानेको ठूलो घाउ देखिंदा देखिंदै पनि अदालतले पीडकलाई सफाइ दिएको प्रसंगप्रति यहाँ विभिन्न टीका टिप्पणी चले।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन, सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

यस जिल्लामा भएका सुकुम्बासी प्रायः तल्लो जातका मानिने कामी, दमाइँ, सार्की र वादी जातिका छन्। हालसम्म सरकारले यो समस्या समाधानको लागि कुनै पनि कदम चालेका देखिएन। वृद्ध, असहाय भत्ता जिल्ला विकास समितिले दिइसके पनि गाविसद्वारा चाँडो नदिने, हिनामिना गर्ने गरेको गुनासो पीडितहरूको छ।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

जानकारीमा आएन।

४.२ पारिवारिक हिंसा र वहुविवाह

जानकारीमा आएन।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

बयाला गाविस-८ का २५ वर्षीय जसु ढोलीले ०५३ पुस २६ गते दिउँसो खोटाङ जिल्ला रामवाङ गाविसका मंगल राईसंगको अवैध सम्बन्धबाट रहन गएको गर्भ घरेलु औषधीको प्रयोगद्वारा पतन गराइन्। उक्त गर्भ पतन मंगल राईले गराएको भन्ने उजुरी पर्दा प्रहरीले पक्राउ गरेकोमा रू. १३ हजार ५ सय धरौटी तिरी छुटे।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

जनालीकोट गाविस-४ का ११ वर्षीय दुर्योधन सुनारलाई ०५३ फागुन १४ गते सोही ठाउँका डेनी स्वाँर र विरचे स्वाँरले स्यालढुंगा भन्ने ठाउँमा खरीको रूखमा डोरीले बाँधी यातना दिए। बाबुसंगको पूर्व रीसइवीका कारण पीडकहरूले पीडितलाई यातना दिएको थाहा भएको छ। डोरीले बाँधेर छाडी हिँडेका बेला पीडितले आफैं डोरी चुँडाली घर आउन सफल भएका थिए।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

यस जिल्लामा हलिया राख्ने प्रथा विद्यमान छ। कुनै उल्लेख्य घटना जानकारीमा आएनन्।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

जानकारीमा आएन।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

सुतार गाविस-९ का २८ वर्षीय चाउरी भण्डारीलाई ०५४ साउन २७ गते उनकै भतिजा नाता पर्ने २६ वर्षीय वंशे भण्डारीले घाँटीमा हँसियाले हिर्काइ हत्या गरे। पीडकले यौन सम्पर्क गर्न खोज्दा पीडितले विरोध गरेको कारण दुवैबीच कुटपिट चल्दा हँसिया प्रहार गरी हत्या गरेका थिए। पीडक कारागारमा २० वर्ष सजाय भोगिरहेका छन्।

नन्देगडा गाविस-६ का ६० वर्षीय कित्थी साउदलाई ०५४ साउन १६ गते उनकै भतिजा नाता पर्ने डम्बरबहादुर साउदले खेतमा घाँस काटिरहेको बेला बन्चरोले टाउकोमा प्रहार गरी हत्या गरे। पीडक र पीडितको परिवारबीच जग्गासम्बन्धी विवाद रहेको थियो।

यस वर्ष यो जिल्लामा व्यक्तिगत रीसइवीका कारण भएको ४ वटा घटनामा ६ जना पुरूष र ३ जना महिलासमेत ९ जना पीडित भए। ५० वर्षीय एक जना व्यक्तिले रोगी भएकै कारण आत्महत्या गरे।

५. सुदूरपश्चिमाञ्चल

सेती

५.३ डोटी

जनसंख्या : १६७१६८
साक्षरता : २९.९ प्रतिशत
महिला साक्षरता : १०.९ प्रतिशत
क्षेत्रफल : २०२५वर्ग कि.मी.
गाविस/नपा : ५०/१
निर्वाचन क्षेत्र : २
विद्यालय/क्याम्पस : २३१/४
अस्पताल/स्वास्थ्यचौकी : १/५२
टेलिफोन लाइन : ४९६
सडक (कि.मि.) : ११२
प्रहरी कार्यालय : १०
हुलाक : ५१

सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकामसमेत रहेको यो जिल्लाका गाउँ-गाउँका जनता राजा-रजौटाको दवाबमा अहिले पनि परिरहेका छन्। यहाँका जनता धार्मिक कुरीतिका कारण बढी मात्रामा शोषित छन्। बढी सन्तान जन्माउने व्यक्ति बहादुर ठहरिन्छ। जनताको राजनीतिक चेतनास्तर कमजोर नै छ। शहरी इलाकामा मानवअधिकारप्रतिको सचेतनता सकारात्मक छ भने ग्रामीण क्षेत्रमा अपेक्षाकृतरूपले चेतना वृद्धि भएको छैन।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

डोटी जेलको भौतिक स्थिति ज्यादै जीर्ण रहेको छ। जेलघर पुरानो भएर भत्कने डर एकातिर छ भने अर्कोतिर बन्दीहरू भाग्ने सम्भावना पनि बढी मात्रामा छ। यो जेलमा खानेपानीको समस्या पनि बढी छ। यो वर्ष जेलमा महिला बन्दीहरू रहेनन्। यस वर्ष ४ जना बन्दीहरू छुटे, ६ जना थप भए र एक जना सरूवा भए। कुल ३० जना बन्दीहरू रहेको यो जेलमा खानेपानीको माग गर्दै बन्दीहरूले हड्ताल गरेका घटनाहरू पनि जानकारीमा आए।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

जानकारीमा आएन।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

दुर्गामाडौं गाविसका महावीर खड्कालाई ०५४ जेठ १० गते सोही गाविसका अध्यक्ष शेरबहादुर खड्कालगायत्को समूहले कुटपिट गरी दाँच भाँचिदिए। पीडक पीडितबीच गाउँमा मिलापत्र भयो।

दीपायलस्थित सेती प्राविधिक शिक्षालयका प्रशिक्षक पूर्णबहादुर मगर, वकिल झा, रामप्रसाद चापागाई र गणेश धामीलाई ०५४ साउन १३ गते राजनीतिक आस्थाको आधारमा सोही शिक्षालयका विद्यार्थीहरूको एक समूहले कुटपिट गरी घाइते बनायो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

कालिकास्थान गाविसमा भैरहेको निर्वाचनमा मतदान गर्न गएका ३० वर्षीय हरिलाल भट्टलाई ०५४ जेठ ४ गते राप्रपाका तर्फबाट प्रतिनिधि बसेका जसवीर साउदले कुटपिट गरी मतदान गर्नबाट वञ्चित गरे।

काडामाडौं गाविसमा मतदान गर्न गएका करीब ६ सय जना मतदातालाई ०५४ जेठ ४ गते केही राजनीतिक व्यक्तिहरूको समूहले कुटपिट गरी मतदान गर्नबाट वञ्चित गरे। उक्त कार्यमा निर्वाचन केन्द्रका कर्मचारी वालकृष्ण जोशीको पनि हात रहेको थियो।

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	-
हिरासतमा यातना	२	२	-
बलात्कृत	-	१	-
आत्महत्या	-	३	२

स्थानीय निर्वाचनमा यो जिल्लाका कुल ४ ठाउँमा मतदान स्थगित भयो।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

मुद्दाहरू र न्यायिक अधिकारका सवालमा जिल्ला अदालत र जिल्ला प्रशासन कार्यालयबाट जानकारी दिइएन। अन्य घटना पनि जानकारीमा आएनन्।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

नेपाल परिवार नियोजन संघ, डोटी शाखाका लेखापाल अरविन्द श्रेष्ठलाई ०५३ माघ २९ गते विना कारण अवकाश दिइयो। आस्थाको कारणले आफूलाई अवकाश दिइएको कुरा पीडितले बताए।

३. भूमिहीन, सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

तिरवातर गाविस-१ डुम्राकोटकी ११ वर्षीय वालिकालाई ०५४ जेठ ५ गते उनकै बाबु टिकासिं तिरूवाले वासुदेवी गाविस-१ दल्ल भन्ने ठाउँका १६ वर्षीय जोगी पार्कीलाई रू. १६ हजारमा बेचे। पीडकलाई कुनै कारवाही भएन।

४.२ पारिवारिक हिंसा र वहुविवाह

यस वर्ष पारिवारिक हिंसाका कारण १ जना महिलाले ज्यानै गुमाउनुपर्‍यो।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

दीपायल सिलगढी नपा-१४ का २८ वर्षीय कन्थरी बिष्टलाई सोही ठाउँकी धर्मा पार्कीले ०५४ भदौ १२ गते औषधी खुवाई गर्भ पतन गराइन्। कन्थरी बिष्टले सोही ठाउँका गणेश पार्कीसंग अवैध गर्भधारण गरेकी थिइन्। हाल कन्थरी र धर्मालाई प्रहरीले हिरासतमा लिइ कानूनी कारवाही अगाडि बढाएको छ भने गणेश पार्की फरार छन्।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

जानकारीमा आएन।

८. घटना सम्वन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जानकारीमा आएन।

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरूष	महिला	जम्मा		पुरूष	महिला	जम्मा
हत्या	२		२	२				
कुटपिट	५	८	१	९	१	१		१
धम्की	१	१		१				
निष्पक्ष चुनाव	२	१		१	१			
पक्षपात	१	१		१				
महिला किनबेच	१		१	१				
गर्भपतन	१		१	१				
आत्महत्या	२	१	१	२				
दुर्घटनाहरू/विपत्तिहरू	९	१८	३	२१				
जम्मा	२४	३०	९	३९	२	१		१

९. अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

दीपायल सिलगढी नगरपालिका-३ का २० वर्षीय मायादेवी सापलाई ०५४ साउन १९ गते उनकै पति २७ वर्षीय जगत सापले व्यक्तिगत झै-झगडाको कारण घाँटी च्यापी मुखमा तेजाव खन्याएर हत्या गरे। पीडकलाई थुनामा राखिएको छ।

दहकालिकास्थान गाविस-२ ऐलीका १३ वर्षीय सीताकुमारी लुहारलाई ०५३ फागुन २० गते राति सुतिरहेको अवस्थामा मानसिक अवस्था ठीक नरहेका उनकै दाजु टीकाराम लुहारले पिर्का प्रहार गरी कुटपिट गरे। पीडितको उपचार गर्दागर्दै मृत्यु भयो। पीडकलाई थुनामा राखिएको छ।

यस वर्ष यो जिल्लामा व्यक्तिगत रीसइवीका कारण ४ वटा कुटपिटका घटना भए। ती घटनामा ४ जना पीडित भए। पीडितमध्ये ३ जना पुरुष र १ जना महिला छन्।

यस वर्ष यो जिल्लामा आगलागीका ३ र चट्याङका १ घटना भए। त्यस्तै जंगली जनावरको आक्रमणका ३ वटा घटना भए। त्यसमा २ जनाको मृत्यु भयो भने १ जना घाइते भए। १ महिला र १ पुरूष गरी २ जनाले आत्महत्या गरेको जानकारी प्रकाशमा आयो।

●



५. सुदूरपश्चिमाञ्चल

सेती

५.४ बाजुरा

जनसंख्या : ९२०१०
साक्षरता : २७.२ प्रतिशत
महिला साक्षरता : ९.१ प्रतिशत
क्षेत्रफल : २१८८ वर्ग कि.मी.
गाविस/नपा : २७/०
निर्वाचन क्षेत्र : १
विद्यालय/क्याम्पस : १७७/३
अस्पताल/स्वास्थ्यचौकी : १/२८
टेलिफोन लाइन : १९
सडक (कि.मि.) : ०
प्रहरी कार्यालय : ६
हुलाक : २७

सेती अंचलका अन्य जिल्लाहरूको तुलनामा यो विकट पहाडी जिल्ला हो। मानवअधिकारसम्बन्धी शिक्षाको अभाव र अज्ञानताबाट यहाँका जनता ग्रसित छन्। जातीय भेदभावको स्थानीय नियम यहाँ अझै विद्यमान छ। यस वर्ष यहाँ राजनीतिक आस्थाका कारणले सांघातिक आक्रमणका घटनाहरू बढी भए। त्यसैगरी राज्यपक्षबाट १ जनाको हत्या भयो।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

कुलदेवमाडौं गाविसको स्थानीय चुनावमा धाँधली भएकोले ०५४ जेठ ४ गते मतदान स्थगित गरिएपछि नेपाली कांग्रेसका कार्यकर्ता र प्रहरीबीच भिडन्त भयो। घटनामा प्रहरी स.ई. मानबहादुर बुढाथोकीलाई कार्यकर्ताहरूले गोली प्रहार गरी घाइते बनाए। त्यसैगरी सोही गाविस-२ का ४७ वर्षीय आइते सेरलालाई प्रहरीले गोली हानी हत्या गरे। पीडित सेरलालाई उपचारको लागि सुर्खेत लग्दालग्दै बाटोमा मृत्यु भएको थियो। सोही घटनामा १७ वर्षीय धनबहादुर खातीलाई पनि प्रहरीले गोली प्रहार गर्‍यो। गोलीद्वारा घाइते बनेका प्रहरी स.ई मानबहादुर बुढाथोकी र स्थानीय धनबहादुर खातीलाई उपचारको लागि काठमाडौं वीर अस्पतालमा लगिएकोमा हालसम्म उपचार जारी छ।

कुलदेवमाडौं गाविस-७ का १० वर्षीय विर्खे नेपालीलाई ०५४ जेठ ४ गते स्थानीय निर्वाचनको मतदानको बेलामा नेपाली कांग्रेस र नेकपा (एमाले) का कार्यकर्ताहरूबीच विवाद भएकोले प्रहरीले स्थिति नियन्त्रण गर्न गोली चलाउँदा खुट्टामा गोली लाग्यो।

१.२ जेल र बन्दीहरु

कुल २५ जनाको क्षमता भएको बाजुरा जेल २०३६ सालमा निर्माण भएको हो। "ख" श्रेणीको यो जेलको कम्पाउण्ड पर्खाल जीर्ण भई मर्मत गर्नुपर्ने अवस्था छ। यस वर्षको अन्तमा १४ जना पुरूष र १ जना महिला गरी कुल १५ जना बन्दी रहेका छन्। जेलमा भौतिक सुविधाको कमी रहेको गुनासो बन्दीहरूको छ। बन्दीहरूमध्ये ४ जना ५ वर्षदेखि, ६ जना, ३-४ वर्षदेखि र ५ जना यसै वर्षदेखि थुनामा रहेका छन्।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

मार्तडी गाविस-५ का ३३ वर्षीय रामदेवी शाही, कुलदेवमाडौं गाविस-४ का ३५ वर्षीय ज्योतिबहादुर थापा, हाल मार्तडीमा बस्ने ३४ वर्षीय मेगेन्द्र बूढाथापा र ३१ वर्षीय खड्कबहादुर रानालाई ०५४ भदौ २६ गते जिल्ला प्रहरी कार्यालयका प्रहरीहरूले लाठीचार्ज गरी सख्त घाइते बनाउनुका साथै २ दिनसम्म थुनामा राखी यातना दिए। मार्तडी गाविस-२ की १६ वर्षीय डम्मरकुमारी बोगटीको आत्महत्यासम्बन्धी घटनाका दोषीहरूलाई कारवाही गरियोस् भनी माग राखिरहेका पीडितहरूलाई गिरफ्तार गरी उक्त यातना दिइएको थियो।

१.४ बेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	१
प्रहरीको गोलीद्वारा घाइते	-	-	२
हिरासतमा यातना	-	-	१
बलात्कृत	-	-	-
आत्महत्या	१	२	२

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

कैलाशमाडौं गाविस-५ का ३० वर्षीय उद्धव नाथलाई ०५४ फागुन ३ गते बूढीगंगा गाविस-७ मा सोही गाविसका अध्यक्ष रामसिं रावल, वैरागी थापा, धनबहादुर थापा, वीरे थापा र मन थापाले हात-खुट्टा बाँधी कुटपिट गरे। राजनीतिक रीसइवीको कारण उक्त घटना भएको थियो। पीडितलाई सोही ठाउँको स्वास्थ्य चौकीमा लगी जबर्जस्ती मदिरा सेवन गरेको भनी रातभरि दिसा-पिसाब गर्नसमेत नदिई बाँधेर राखे। अन्तमा पीडकहरूले नै पीडितलाई जिल्ला प्रहरी कार्यालयमा बुझाएका थिए।

कुलदेवमाडौं गाविस-२ का वडा सदस्य ३८ वर्षीय कलुदेवी खातीलाई ०५४ असार १८ गते सोही ठाउँका २३ वर्षीय विष्णुकुमार खातीले राजनीतिक रीसइवीका कारण हतियार प्रयोग गरी हातका औंला नै काटिदिए।

बाइबीस गाविस-२ का ३२ वर्षीय तुले सार्की र २८ वर्षीय वीरबहादुर सार्कीलाई ०५४ साउन ११ गते खेतको बाटोमा हिंडिरहेको अवस्थामा सोही गाविस-४ का ३८ वर्षीय प्रभते बूढा र २७ वर्षीय डम्बरे बूढाको नेतृत्वमा १६ जनाको समूहले राजनीतिक आस्थाको कारण आक्रमण गरी सख्त घाइते बनाए।

बूढीगंगा गाविस-६ का २८ वर्षीय लालबहादुर बढुवाललाई ०५४ भदौ ११ गते दिउँसो १२ बजे नेरा नि.मा.वि. मा बैठक बसिरहेको बेलामा विवाद उत्पन्न हुँदा सोही विद्यालयका शिक्षकहरू दलबहादुर बढुवाल र लाल बढुवालले आक्रमण गरी घाइते बनाए।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

कैलाशमाडौं गाविस-६ का २१ वर्षीय लालबहादुर गिरी, २८ वर्षीय चक्र गिरीलगायत् ६ जनालाई ०५३ चैत २६ गते बेलुका १० बजे सोही ठाउँका गाविस अध्यक्ष ४० वर्षीय रामबहादुर रावललगायत् १२ जनाले पार्टी परिवर्तन गर्नका लागि दबाब दिनुका साथै मन्दिर घुमाएर कसमसमेत खुवाए।

कैलाशमाडौं गाविस-५ का २८ वर्षीय चन्द्रबहादुर बूढा, ३२ वर्षीय कालु सार्की, २५ वर्षीय डम्मर सार्की, ३५ वर्षीय कालु सार्की, २६ वर्षीय देवी बूढालगायत् १६ जनालाई ०५४ वैशाख २२ गते स्थानीय निर्वाचनमा मनोनयनपत्र दर्ता गर्ने क्रममा रामसिंह रावलको नेतृत्वमा रहेको एक समूहले सांघातिक आक्रमण गरी सख्त घाइते बनाए। निर्विरोध चुनाव जित्ने उद्देश्यले विपक्षी दलका उम्मेदवारहरूलाई मनोनयनपत्र दर्ता गर्न नदिनका लागि उक्त हमला गरिएको थियो। सो गाविसमा चुनावसमेत रद्द भई पुनः जेठ १२ गते सम्पन्न भएको थियो।

रूगीन गाविसको स्थानीय निर्वाचनमा निर्विरोध भएकोले सदरमुकामतर्फ फर्किरहेका मतदान अधिकृत हर्कबहादुर सिंहलगायत्का व्यक्तिहरूलाई ०५४ वैशाख २५ गते बाधु गाविसमा पर्ने धुलाचौरका प्रहरी राजबहादुर मल्लको नेतृत्वमा ६०-७० जना कार्यकर्ताहरूले कुटपिट गरी निर्वाचनसम्बन्धी कागजात र मतपेटिका खोसी कर्णाली नदीमा बगाए। पीडकहरूले पीडितलाई कर्णाली नदीमा बगाइदिने धम्कीसमेत दिए। पीडकहरूलाई थुनामा राखिएकोमा साउन ३० गते तारेखमा छुटे।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
हत्या	१		१	१				
गोलीद्वारा हत्या	१	१		१	१	१		१
गोली	३	४		४	१	२		२
गिरफ्तारी र यातना	२	६	२	८	२	६	२	८
कुटपिट	९	१६	२	१८				
मौलिक अधिकार	३	११	१	१२				
महिला भएकै कारणले दिइने यातना	१		१	१				
बालअधिकार	१	२		२				
आत्महत्या	२		२	२				
दुर्घटनाहरू/विपत्तिहरू	५	५	५	१०				
जम्मा	२८	४५	१४	५९	४	९	२	११

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

यस वर्ष यहाँ रहेको घरेलु उद्योगका कर्मचारी शेरबहादुर र हिमाल शाहलाई राजनीतिक प्रतिशोधका कारण अवकाश दिइयो।

३. भूमिहीन, सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

जानकारीमा आएन।

४.२ पारिवारिक हिंसा र वहुविवाह

बाहबीस गाविस-७ का २६ वर्षीय राधिकादेवी बानियाँलाई ०५३ माघ १२ गते उनके पति २७ वर्षीय हिरू बानियाँले सुन चोरी गरेको अभियोग लगाई "नियत खराव भएकीलाई म पत्नी मान्दिन" भनेर कुटपिट गरी घरबाट निकाले। त्यसको २ महिनापछि पीडित र पीडक पक्षका व्यक्तिहरू बसी छलफल गरेर सम्वन्ध विच्छेद गरेको जानकारी गाविसमा दिइयो।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

जानकारीमा आएन।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

पशुपति प्रा.वि.मा अध्ययनरत् ब्रह्मतोला गाविस-१ का ७ वर्षीय टीका रोले र सोही गाविस-६ का ८ वर्षीय दीर्घ थापालाई ०५४ फागुन २९ गते सोही विद्यालयका शिक्षक रणबहादुर साहले प्रश्नको उत्तर नजानेको कारण मानिसको दिशा खुवाए।

६. आर्थिक अधिकार

(पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्वन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

जानकारीमा आएन।

८. घटना सम्वन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

कुलदेवमाडौं गाविस-३ का २० वर्षीय धनदेवी जैसीको लास ०५४ असोज ४ गते स्थानीय थिमालेबाट भन्ने खेतमा फेला पऱ्यो। पीडित ३ दिनअगाडि देखि हराएका थिए। प्रहरी र डाक्टरको प्रतिवेदनअनुसार पीडितलाई उनकै पति २५ वर्षीय लक्ष्मीप्रसाद जैसीले अर्को व्यक्तिसंग प्रेम गरेको आरोपमा हत्या गरेको बुझियो। पीडक थुनामा रहेका छन्।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कुटपिटका घटनाबाट ४ जना, जंगली जनावरको टोकाईबाट ९ जना पीडित भए। हैजाको महामारीबाट २ जना, पहिरोबाट १ जना र डुबेर १ जनाको मृत्यु भयो। २ महिलाले आत्महत्या गरे।

●



५. सुदूरपश्चिमाञ्चल

सेती

५.५ बझाङ

जनसंख्या	: १३९०९२
साक्षरता	: २७.२ प्रतिशत
महिला साक्षरता	: ७.४ प्रतिशत
क्षेत्रफल	: ३४२२वर्ग कि.मी.
गाविस/नपा	: ४७/०
निर्वाचन क्षेत्र	: २
विद्यालय/क्याम्पस	: २२६/४
अस्पताल/स्वास्थ्यचौकी	: १/४७
टेलिफोन लाइन	: १९
सडक (कि.मि.)	: ०
प्रहरी कार्यालय	: ११
हुलाक	: ४१

आर्थिक दृष्टिले धेरै पिछडिएको यो जिल्ला सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका अन्य जिल्लाहरूको तुलनामा विकट मानिन्छ। अशिक्षित र अन्धविश्वासमा रहेका जनता धेरै छन्। छोराछोरीलाई पढाएर काम छैन भन्ने आमधारणा अझै पनि विद्यमान छ। यस जिल्लामा व्यक्तिगत कारणबाट मानवअधिकार हननका घटनाहरू बढी हुने गर्दछन्। समाजमा बालविवाह, बहुविवाह र जातीय छुवाछूत जस्ता कुरीतिहरूको प्रभाव उत्तिकै दरोरूपमा कायम छ।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

कुल २५ जना बन्दी क्षमता भएको बझाङ जेल जीर्ण अवस्थामा रहेको छ। हाल यहाँ १२ जना बन्दी छन्। जसमध्ये १० जना पुरूष र २ जना महिला छन्। ४ पुरूष र २ महिला कैद तोकिएका र ६ पुरूष थुनुवाको रूपमा जेलमा रहेका छन्। बन्दीहरूको निम्ति सीपमूलक तालिम, पत्रपत्रिकाहरू तथा मनोरञ्जनका साधनहरूको व्यवस्था हुनुपर्ने माग बन्दीहरूले उठाएका छन्।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

सैनपसेला गाविस-६ का २६ वर्षीय मोहनलाल मोर र कैलाली चौमाला गाविस-७ का २३ वर्षीय विन्दुकुमारी मोर प्रेम विवाह गरी ०५४ जेठ २४ गते कैलालीबाट बझाङ आएकोमा विन्दुकी आमा रीता सुनारले उक्त विवाह आफूलाई मन नपरेको कारण मोहनलालले मेरो छोरी र ८ हजार रूपैयाँ बेपत्ता पार्‍यो भनी प्रहरीसमक्ष जाहेरी दिइन्। पीडितहरू दुवैले आफ्नो स्वेच्छाले प्रेम विवाह गरेका हौं भनी जिल्ला प्रहरी कार्यालय बझाङ्गमा आफ्नो स्पष्ट बयान दिंदादिंदै पनि प्रहरीले उनीहरूलाई पटक-पटक गिरफ्तार गरी यातनासमेत दियो।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

मौलानी गाविस-८ का २० वर्षीय हेमन्तराज जोशी, २४ वर्षीय नन्दराज जोशी र २२ वर्षीय गणेशप्रसाद जोशीलाई स्थानीय निर्वाचनको दिन ०५४ जेठ ४ गते राजनीतिक प्रतिशोधको कारण सोही गाविस-२ का दिलन भण्डारी, अर्जुन भण्डारीलगायत् १० जनाको समूहले आक्रमण गरी सख्त घाइते बनायो। पीडकलाई कारवाहीको लागि प्रहरीसमक्ष जाहेरी गर्दा पनि प्रहरी प्रशासनले कुनै चासो देखाएन।

सैनपसेला गाविस-९ का ३२ वर्षीय गम्भीरे महतो र धन्वा धामीलाई ०५४ असोज २२ गते रक्सी, जुवा बन्द गर्नुपर्दछ भन्ने विषयमा गाउँमा कुराकानी गर्दा सोही ठाउँका बहादुर जाग्री, कर्णबहादुर जाग्रीलगायत्का व्यक्तिहरूले सख्त घाइते हुनेगरी कुटपिट गरे। पीडकहरूलाई २ दिनसम्म प्रहरी चौकी बिसौनामा राखी विना शर्त छोडियो।

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	-
हिरासतमा यातना	२	३	१
बलात्कृत	-	-	-
आत्महत्या	-	३	२

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जानकारीमा आएन।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन, सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

सैनपसेला गाविस-९ का १६ वर्षीय हंसादेवी आग्रीलाई ०५४ असार २३ गते उनकै बाबु चन्द्रे जाग्रीले सोही ठाउँका देव महतासंग रू. १७ हजार लिएर विवाह गरिदिए।

४.२ पारिवारिक हिंसा र वहुविवाह

सैनपसेला गाविस-३ का २० वर्षीय सुगु जेप्रेललाई ०५४ साउन १४ गते उनकै पति २४ वर्षीय तारा जप्रेलले चरित्रमाथि आशंका गरी सर्वांग बनाई कुटपिट गरे। पीडकमाथि कारवाही भएन।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

चैनपुर गाविस-३ की १७ वर्षीय मीनाकुमारी सिंहलाई ०५३ चैत २० गते कोटदेवल गाविस-१ का अनिलकुमार सिंहले विवाह गर्ने अभिप्रायले पीडितको मन्जुरी विना जबर्जस्ती तानेर आफ्नो घर लगे। हाल पीडित माइतीमै रहेकी छन् भने पीडकमाथिको मुद्दा विचाराधीन छ।

४.४ गर्भ पतन

कैलाश गाविस-७ का २५ वर्षीय लडी बिष्टलाई ०५४ मंसिर १२ गते उनकै पति २८ वर्षीय वीरे बिष्टले कुटपिट गरेको कारण ६ महिनाको गर्भ पतन भयो। जिल्ला अदालतबाट रू. १५ हजार धरौटीमा पीडक तारेखमा छुटेका छन्।

भानचौर गाविस-६ का २८ वर्षीय जौमती गुरूधामीले ०५४ भदौ ३० गते साँझ ६ बजे लागू औषधी सेवन गरी ७ महिनाको गर्भ पतन गराइन्। सोही ठाउँका भतिजा नाता पर्ने धने गुरूधामीसंग अवैध सम्बन्धवाट रहन गएको सो गर्भ दुवैजनाको सहमतिले पतन गराइएको बुझियो। पीडकमध्ये जौमतीलाई प्रहरीले पक्राउ गरी कानूनी कारवाहीपश्चात् धरौटीमा छोड्यो भने धने फरार छन्।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार

(पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरूष	महिला	जम्मा		पुरूष	महिला	जम्मा
हत्या	४	२	२	४				
गिरफ्तारी र यातना	१	१	१	२	१	१	१	२
कुटपिट	५	९	१	१०				
महिला किनबेच	१		१	१				
महिला भएकै कारणले दिइने यातना	३		३	३				
जारी	१	१	१	२				
गर्भपतन	२	१	१	२				
आत्महत्या	२	१	२	३				
दुर्घटनाहरू/विपत्तिहरू	२		२	२				
जम्मा	२१	१५	१४	२९	१	१	१	२

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

जानकारीमा आएन।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

व्यासी गाविस-६ का २१ वर्षीय शान्ति दर्जीलाई ०५३ माघ १५ गते राति उनकै पति २४ वर्षीय जनक दर्जीले पेटमा चक्कु प्रहार गरे। ०५३ माघ २४ गते दिउँसो १२ बजे पीडितको मृत्यु भयो। पीडकलाई थुनामा राखिएको छ।

भैरवनाथ गाविस-३ का ६४ वर्षीय प्रताप खातीको ०५३ माघ २२ गते राति घरमा आगलागी भएको कारण मृत्यु भयो। उक्त आगलागी सुनियोजित षडयन्त्र भएको र पीडितको हत्या गरिएको हो भनी देशभक्त नेपालीको नामबाट उजुरी परेकोले राइल गाविस-१ का सुरतबहादुर मल्लगायत् ६ जनालाई कर्तव्य ज्यान मुद्दा चलाई पक्राउ गरेकोमा हाल कानूनी प्रक्रिया पूरा गरी धन जमानी तारेखमा छोडिएको छ।

पिपलकोट गाविस-९ का २३ वर्षीय नन्दुदेवी बोहरालाई ०५४ वैशाख ४ गते उनकै पति ललित बोहराले हँसिया प्रहार गरी हत्या गरे। पीडकले मानसिक असन्तुलनको कारण हत्या गरेको बुझियो। पीडकलाई थुनामा राखिएको छ।

खिरातडी गाविस-७ का २० वर्षीय धनजीत बोहराको ०५४ मंसिर १७ गते कोटदेवल गाविसको घोडेलेकमा मृत्यु भयो। पीडित, कोटदेवल गाविस-१ का नरेन्द्र बहादुर द्वाल र धनबहादुर द्वालसहित सोही दिन बाजुरा जिल्लाबाट घरतर्फ आइरहेका थिए। पीडितको शरीरभरि चोटपटक लागेकोले उनको हत्या भएको आशंका गरिएको छ। घटनाको सम्बन्धमा जाहेरीपछि प्रहरी प्रशासनले लास पोष्टमार्टम गरे पनि कारवाही अगाडि बढाउनेतर्फ कुनै चासो नदेखाएको गुनासो पीडित पक्षको छ।

यस वर्ष यो जिल्लामा एउटा घटनामा २ जना महिलाले एकैपटक नदीमा हामफालेर आत्महत्या गरेका थिए। त्यसैगरी पहिरोबाट १ जना पीडित भए।

●



५. सुदूरपश्चिमाञ्चल

महाकाली

५.६ कञ्चनपुर

जनसंख्या	: २५७९०६
साक्षरता	: ४४.१ प्रतिशत
महिला साक्षरता	: २५.१ प्रतिशत
क्षेत्रफल	: १६१० वर्ग कि.मी.
गाविस/नपा	: १९/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय/क्याम्पस	: १९२/४
अस्पताल/स्वास्थ्यचौकी	: १/२७
टेलिफोन लाइन	: १६०९
सडक (कि.मि.)	: २०७
प्रहरी कार्यालय	: २६
हुलाक	: २३

कञ्चनपुर महाकाली अंचलको सीमावर्ती तराई जिल्ला हो। यहाँ विद्यमान दासप्रथाको अवशेषको रूपमा रहेको कमैया प्रथाले मानवअधिकारलाई चुनौती दिइरहेको छ। अझै पनि कमैयाहरू बाँधा मजदूरको रूपमा रातोदिन शोषणमा परिरहेका छन्। यस वर्ष सुडा गाविस-१ का उमेश बोहराले आफ्नो कमैया लहन चौधरीलाई १२ हजार रूपैयाँ सौंकी मिनाहा गरी कमैयाबाट मुक्त गरेको घटनालाई यो प्रथाको अन्त्यको निम्ति उत्तम शुरूवातको रूपमा लिइएको छ।

यस वर्ष राज्यद्वारा हत्या गरिएको घटना जानकारीमा आएन। आफ्नै पतिलाई पत्नीले घाँटीमा बन्चरो प्रहार गरी हत्या गरेको घटना भने चर्चामा रह्यो।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

यस जिल्लामा ७५ जना राख्न सकिने क्षमताको "ख" श्रेणीको जेल छ। यस वर्षको अन्त्यमा ६० जना पुरूष, २ जना महिलासमेत ६२ जना कैद नतोकिएका र ६२ जना पुरूष, ५ जना महिलासहित ६७ जना कैद तोकिएका गरी १ सय २९ जना बन्दीहरू रहेका छन्। जेलको भौतिक अवस्था जीर्ण बन्दै गइरहेको छ। बजेटको अभावमा मर्मत हुन नसकेको कुरा जेलर टेकबहादुर दियालले बताए।

चोरी मुद्दामा परेका थुनुवा दीपकबहादुर सुनारको ०५४ कार्तिक १८ गते साँझ ७ बजे मृत्यु भयो। मृतकको परिवारलाई क्षतिपूर्ति दिनुपर्छ भनी सम्पूर्ण बन्दीहरूले ०५४ कार्तिक १९ गते हड्ताल गरे। जेल प्रशासन, राजनीतिक पार्टी र बन्दीहरूबीच वार्ता गरी समस्या समाधान गरियो।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

जानकारीमा आएन।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

जानकारीमा आएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

राष्ट्रिय जनआन्दोलन समितिद्वारा ०५४ असोज १ र २ गते आयोजित नेपाल बन्दको पूर्व सन्ध्यामा सो पार्टीका कार्यकर्ता पद्मबहादुर रावत, रमेश दासलगायत् ४० जनालाई ०५४ भदौ ३१ गते साँझ प्रहरीले गिरफ्तार गर्‍यो। पीडितहरूलाई असोज १ गते नै छोडियो।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	-
वन रक्षकको गोलीद्वारा मृत्यु	-	१	-
वन रक्षकको गोलीद्वारा घाइते	-	१	-
हिरासतमा यातना	-	१	-
थुनामा मृत्यु	-	-	१
बलात्कृत	४	६	३
आत्महत्या	१८	१७	१२

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा दुनियाँवादी फौज्दारीतर्फ २ सय १७, देवानी दुनियाँवादीतर्फ २ सय ६७ र सरकारवादीतर्फ १ सय ८ गरी कुल ५ सय ९२ वटा मुद्दा दर्ता भए। तीमध्ये क्रमशः ५७, ६५ र २३ गरी कुल १ सय ४५ वटा मुद्दाहरू फैसला भए।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन, सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

महेन्द्रनगर नगर विकास समितिभित्र २०२२ देखि २०४८ सालसम्म झोपडी बनाई बसोवास गरेका ५ सय ५२ जना सुकुम्बासीहरू रहेका छन्। समस्या समाधान गर्न नगर विकास समिति पीडित मंचद्वारा विभिन्न मागहरू उठाइयो।

महेन्द्रनगर नगर विकास समितिसमक्ष ७ सूत्रीय माग प्रस्तुत गर्न गएका नरमदेवी सुनार, उषा चन्द, बोमलाल शर्मा र नारायणदत्त भट्टलाई ०५३ माघ १७ गते उक्त समितिद्वारा खटाइएका प्रहरीले लाठीचार्ज गरी सख्त घाइते बनाए। नगर विकास समितिसमक्ष मागपत्र प्रस्तुत गर्न गएको बेला महेन्द्नगर नगरपालिका-४ का ८४ वर्षीय गंगादेवी चन्दलगायत् ४० जनालाई प्रहरीहरूले लाठीचार्ज गरी घाइते बनाए। पीडितहरूमध्ये गंगादेवी चन्द सख्त घाइते भई बेहोससमेत भइन्।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

लक्ष्मीपुर गाविस-९ की ६ वर्षीय एक बालिकालाई ०५४ वैशाख २४ गते सोही ठाउँका १८ वर्षीय रतनबहादुर शाहीले बलात्कार गरे। पीडक फरार छन्।

महेन्द्रनगर नगरपालिका-७ की ९ वर्षीय एक बालिकालाई ०५४ जेठ २ गते सोही ठाउँका २५ वर्षीय दिलबहादुर सुनारले बलात्कार गरे। पीडकलाई थुनामा राखिएको छ।

श्रीपुर गाविस-१ की १२ वर्षीय एक बालिकालाई ०५४ भदौ २४ गते जंगलमा गएको बेला एक अपरिचित व्यक्तिले बलात्कार गरी भाग्यो। पीडकको बारेमा थाहा हुन सकेन।

४.२ पारिवारिक हिंसा र बहुविवाह

महेन्द्रनगर नगरपालिका-१८ का ३६ वर्षीय भालु भन्ने जितेन्द्र वागचनले ०५४ असोज २८ गते सोही नगरपालिका-६ की २७ वर्षीय राधिका लुहारसंग उनका पति भारतमा रहेको अवस्थामा बहुविवाह गरे। पीडकलाई थुनामा राखिएकोमा हाल धरौटीमा छोडिएको छ।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

महेन्दनगर नगरपालिका-६ का २३ वर्षीय मानमती बोहराले ०५४ भदौ २२ गते गर्भ पतन गराइन्। पीडकलाई हाल धरौटीमा छोडिएको छ। पीडकले आफू भारतबाट गाडीमा आउँदा गाडीको झड्काले गर्भमा चोट लागी पतन भएको र आफूले त्यसलाई मकैबारीमा गाडेको बयान दिएकी थिइन्।

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरूष	महिला	जम्मा		पुरूष	महिला	जम्मा
हत्या	३	२	१	३				
थुनामा मृत्यु	१	१		१	१	१		१
गिरफ्तारी र यातना •	१			४०	१			३६
लाठीचार्ज •	२	२	२	२५	२	२	२	२५
कुटपिट	३	२	१	३				
बलात्कार	३		३	३				
बहुविवाह	१		१	१				
गर्भपतन	२		२	२				
अमानवीय व्यवहार	१	१		१				
ब्लाकमेल	२	४		४				
आत्महत्या	१०	१	९	१०				
दुर्घटनाहरू/विपत्तिहरू	११	४	७	११				
जम्मा	४२	१८	२८	१०३	४	३	२	६२

पिपलाडी गाविस-९ का १७ वर्षीय नामदेवी भट्टले ०५४ साउन २६ गते गर्भ पतन गराइन्। पीडकलाई थुनामा राखिएकोमा हाल धरौटीमा छोडिएको छ।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

यस जिल्लामा वालवालिकाहरू पहाडवाट आई होटल-पसलमा काम गर्न वस्ने तथा खलासी काम गर्ने क्रम बढ्दो छ। १४ देखि १६ वर्षसम्मका वालकहरू यसरी श्रममा लागेका पाइन्छन्।

महेन्द्रनगर नगरपालिका-४ स्थित सार्वजनिक मंचको दक्षिणी झाडीमा अन्दाजी १३/१४ वर्षीय एक वालक ०५४ साउन २१ गते अर्धमृत अवस्थामा फेला परे। १०-१२ दिनसम्म उपचार गर्दा पनि होस नआएपछि उनलाई नगरपालिका र जिल्ला विकास समितिको सहयोगमा काठमाडौं लगी उपचार गराइएकोमा पछि उनको मृत्यु भएको थाहा भयो।

परासन गाविस-१ का ११ महिनाकी वालिका नैनाकुमारी तामाङलाई ०५४ साउन १० गते कालिका गाविस-४ मा पसल गरी बस्ने जगतबहादुर शाहीले सुई लगाउँदा मृत्यु भयो। पीडकलाई थुनामा राखिएकोमा हाल धरौटीमा छोडिएको छ।

६. आर्थिक अधिकार

(पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

यो जिल्ला अत्याधिक कमैया कायम रहेको जिल्ला हो। यहाँका अधिकांश गाउँहरुमा विशेषतः थारु जातिका र केही अन्य जातिका कमैयाहरू छन्। कमैयाहरू पनि क्रमिकरूपले सचेत र संगठित हुँदै छन्। कमैयाहरू कमैया मुक्ति मंचमा संगठित भई मंचको जिल्ला अधिवेशन पनि सम्पन्न भएको छ।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

महेन्द्रनगर नपा-७ का २२ वर्षीय जनक कलौनीलाई ०५४ वैशाख ९ गते राति सोही ठाउँका ध्वजवहादुर बस्नेतले कोठामा थुनी जिब्रोमा करेन्ट लगाएर सख्त घाइते बनाए। पीडकलाई थुनामा राखिएकोमा धरौटीमा छुटेका छन्।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेपाली कांग्रेस जिल्ला कार्यसमितिले ०५४ असोज १ गते प्रेस वक्तव्य प्रकाशित गरी राष्ट्रिय जनआन्दोलन संयोजन समितिले शान्तिपूर्ण तरिकाबाट माइकिङ्ग तथा मसाल जुलुस निकालेको बेला सहभागीहरूलाई प्रहरीले विना कारण हिरासतमा लिई अप्रजातान्त्रिक क्रियाकलाप गरेकोमा त्यसका भर्त्सना गर्दै यस्तो क्रियाकलाप बन्द गर्न अनुरोध गर्‍यो।

सुकुम्बासीहरूको जुलुसमा भएको प्रहरी हस्तक्षेप

९. अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

महेन्द्रनगर नगरपालिका-२ उल्टाखामका ३० वर्षीय चन्द्रबहादुर चन्दलाई ०५४ जेठ २० गते राति ११.३० वजे उनकै पत्नी २७ वर्षीय जानकीदेवी चन्दले सुतिरहेको अवस्थामा वन्चरो प्रहार गरी हत्या गरिन्। यसअघि पीडितले दैनिक मदिरा सेवन गरी पत्नीलाई कुटपिटसमेत गर्ने गरेकोले पीडकले आवेशमा आई हत्या गरेको बुझियो। पीडक थुनामा छन्।

महेन्द्रनगर नगरपालिका-४ का ६२ वर्षीय प्रेमबहादुर भुजेलले ०५४ असोज ६ गते राति उनकै प्रेमिका ३२ वर्षीय सुनकोषा चौधरीसंग शारीरिक सम्पर्क गर्न खोजेकोमा उनले प्रतिवाद गरेको कारण झगडा भै सुनकोषाले प्रेमबहादुरको लिङ्ग वटारिदिंदा उनको मृत्यु भयो। हाल पीडक थुनामा छिन्।

यो जिल्लामा यस वर्ष डकैतीको १ घटना भयो। जसमा १ जना पीडित भए। कुटपिटका २ घटनामा १ जना महिला र १ जना पुरूष पीडित भए। डुबेर १ जना पीडित भए। ट्राफिक दुर्घटनामा २ जना महिला र ३ जना पुरूष गरी ५ जना पीडित भए। आगलागीको कारण १ जना महिलाको मृत्यु भयो। जंगली जनावरको आक्रमणबाट ३ महिलाको मृत्यु भयो।

यो वर्ष यस जिल्लामा २ जना पुरूष र ११ जना महिला गरी १३ जनाले आत्महत्या गरे। एउटा घटनामा २ जना महिलाले संगसंगै कीटनाशक औषधी सेवन गरी आत्महत्या गरे।

यस वर्ष एउटा व्ल्याकमेलिङको घटना भयो, जसमा ३ जना पीडित भए।



५. सुदूरपश्चिमाञ्चल

महाकाली

५.७ डडेलधुरा

जनसंख्या	: १०४६४७
साक्षरता	: ३८.९ प्रतिशत
महिला साक्षरता	: १४.४ प्रतिशत
क्षेत्रफल	: १५३८ वर्ग कि.मी.
गाविस/नपा	: २०/१
निर्वाचन क्षेत्र	: १
विद्यालय/क्याम्पस	: १७१/४
अस्पताल/स्वास्थ्यचौकी	: १/२९
टेलिफोन लाइन	: २०७
सडक (कि.मि.)	: २००
प्रहरी कार्यालय	: १६
हुलाक	: ३१

डडेलधुरा सुदूर पश्चिममा पर्ने पहाडी जिल्ला हो। यहाँका अधिकांश जनता अझै पनि अशिक्षा र अज्ञानताको कालकोठरीमा जीवन बिताउन बाध्य छन्। गाउँघरमा ठूला-ठालु मनाउँदाहरूले सोझा तथा निमुखा जनतालाई दबाएर राख्ने प्रथा अझै विद्यमान छ। यस जिल्लामा राज्यको बल प्रयोगबाट मानव अधिकार हनन भएका घटना यो वर्ष त्यति देखा परेनन्। अन्य जिल्लाका तुलनामा मानवअधिकार उल्लंघनका घटना पनि कम देखिए। दुर्गम भए पनि यस जिल्लामा यस वर्ष एक नगरपालिका घोषणा गरिएको छ। तर नगरपालिकीय सुविधा भने यसले पाएको छैन।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

यस जिल्लामा २५ जना क्षमता भएको "घ" श्रेणीको जेल छ। जेलको भौतिक अवस्था सामान्य छ। यस वर्षको अन्त्यमा १७ जना बन्दीहरू यस जेलमा रहेका छन्। तीमध्ये १२ जना पुरूष र १ महिलासमेत १३ जना कैद तोकिएका र ३ जना पुरूष, १ जना महिलासमेत ४ जना थुनुवा रहेका छन्।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

जानकारीमा आएन।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

भुवनेश्वरी मा.वि. का पियन ६० वर्षीय जहरसिं भाटलाई ०५३ फागुन ७ गते गणेशपुर गाविस चम्सालका कर्णबहादुर मल्ल, वीरबहादुर मल्ल लगायत ३ जनाले विद्यालयमै कुटपिट गरे। शिक्षकको सरूवासम्बन्धी विवादमा उक्त घटना भएको थियो। दुवै पक्षबीच पछि मिलापत्र भएको थियो।

शीर्ष गाविस-१ मा नेपाली कांग्रेस र राप्रपाका कार्यकर्ताहरूबीच ०५४ वैशाख २४ गते राजनीतिक विवादका कारण झडप भयो। उक्त घटनामा गौरी कामी गम्भीर घाइते भए। दुवै पक्षका अन्य केही व्यक्तिहरू सामान्य घाइते भएका थिए।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

अमरगढी नगरपालिकामा ०५४ जेठ ६ गते सम्पन्न स्थानीय निर्वाचनको मतगणना स्थल महेन्द्र उच्च मा.वि. खलंगाबाट नेपाली कांग्रेसका कार्यकर्ताहरूले विजय जुलुस निकाल्दा जुलुसका सहभागीहरूले कीर्ति सार्कीलाई कुटपिट गरे। राजनीतिक प्रतिशोधका कारण उक्त घटना भएको थियो।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	-
हिरासतमा यातना	१	-	-
बलात्कृत	-	-	-
आत्महत्या	८	७	३

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत डडेल्धुरामा यस वर्षको अन्त्यतिर देवानी मुद्दा ११ वटा, सरकारवादी फौज्दारी १२ वटा, दुनियाँवादी फौज्दारी ११ वटासमेत जम्मा ३४ वटा मुद्दा फैसला हुन बाँकी रहेका छन्। जसमा आर्थिक वर्ष २०५२/५३ देखि जिम्मेवारी सर्दै आएकासमेत सम्मिलित छन्।

जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका हातहतियार १, केही सार्वजनिक १, भ्रष्टाचार २, नक्कली सर्टिफिकेट १ समेत ५ वटा मुद्दाहरू दर्ता भएकोमा ३ वटा मात्र फैसला भए।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन, सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

वेलापुर गाविस-३ चामाचौड घर भई माइती घर शीर्ष गाविस-६ बसेकी तुलसीदेवी सावदलाई माइतीहरू जनकवहादुर बिष्ट, गगनसिं बिष्टलगायत्का व्यक्तिहरूले ०५३ माघ २२ गते बैतडी शिवलिङ्ग-२ का दानवहादुर ऐरलाई विक्री गरे। पीडकहरूलाई ०५४ जेठ ३१ गते प्रहरीले पक्राउ गरी थुनामा राखेको छ।

४.२ पारिवारिक हिंसा र वहुविवाह

जानकारीमा आएन।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

जानकारीमा आएन।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जिल्ला खेलकुद विकास समिति डडेलधुराका भलिबल प्रशिक्षक नरेश थापाको ०५३ माघ महिनाको पारिश्रमिक राष्ट्रिय खेलकूद परिषद्मा नक्कली हस्ताक्षर गरी अर्कै व्यक्तिले बुझिलिए। पीडितले ०५३ चैत २७ गते निवेदन दिएपछि परिषद्मा आवश्यक कारवाही भई सम्बन्धित फाँटवालाबाट नै उक्त रकम असुलउपर गरियो।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

मणिलेक गाविस-७ का गगनसिं सावदलाई ०५४ साउन ११ गते सोही गाविस-८ का हरिदत्त भट्टले घाँस र गोबर

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
हत्या	१	१		१				
गोलीद्वारा हत्या	१	१		१				
कुटपिट	११	८	३	११				
धम्की	२	२	१	३				
भेला र संगठित हुने अधिकार	१							
निष्पक्ष चुनाव	१							
पक्षपात	१	१		१				
महिला किनबेच	१		१	१				
आर्थिक अधिकार	२	१		१	१	१		१
अमानवीय व्यवहार	२	४		४				
आत्महत्या	३	२	१	३				
दुर्घटनाहरू/विपत्तिहरू	९	१०	३	१३				
जम्मा	३५	३०	९	३९	१	१		१

खुवाउनुका साथै कुटपिटसमेत गरे। जिल्ला विकास समिति चुनावको विषयमा विवाद हुँदा सो घटना भएको थियो।

भुवनेश्वरी नि.मा.वि. हतौलामा ०५४ असोज ६ गते शिक्षक नियुक्तिसम्बन्धी विवादका कारण प्रधानाध्यापक नरसिंह मल्ल, शिक्षकहरू चन्दसिं साहू र परशुराम यादवलाई विद्यार्थीहरू तथा स्थानीय बासिन्दाहरूले कोठामा तालाबन्दी गरी थुनेर राखे। उनीहरूलाई ०५४ असोज ८ गतेमात्र मुक्त गरिएको थियो।

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

महेन्द्र उच्च मा.वि. खलंगाका विद्यार्थीहरूले विद्यालय व्यवस्थापन समिति र प्रधानअध्यापकको विरोधमा ०५४ भदौ १ गते विभिन्न नारा लगाउँदै जुलुस प्रदर्शन गरे। विद्यालय शुल्क बढाएका कारण सो विरोध कार्यक्रम भएको थियो।

९. अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

आलिताल गाविस-४ का ५० वर्षीय कीर्तिबहादुर खत्रीलाई ०५४ कार्तिक १६ गते सोही ठाउँका कृष्णबहादुर डाँगी र खिम्रीदेवी ओलीले हत्या गरे। पीडकहरूबीच अनैतिक सम्बन्ध हुँदा गाउँलेहरूले दण्ड गरेको रीसइवीमा उक्त घटना भएको थियो। दुवै पीडक फरार छन्।

गाङखेत गाविस-७ का मीनबहादुर थापाको ०५४ असोज ६ गते शिकार खेल्न सँगै गएका व्यक्तिहरूले हानेको गोली लागी मृत्यु भयो।

शुल्क वृद्धिको विरोधमा निस्किएको विद्यार्थीहरूको जुलुस

यस वर्ष यो जिल्लामा व्यक्तिगत रीसइवीका कारण ९ वटा कुटपिटका घटना भए। जसमा ५ जना पुरूष र ६ जना महिला पीडित भए। यस वर्ष ट्राफिक दुर्घटनामा परी ४ जनाको मृत्यु भयो भने ४० जना घाइते भए। आगलागीको एउटा घटना सार्वजनिक भयो। चट्याङमा परी १ जनाको मृत्यु भयो। चितुवाले चिथोरेर १ जना महिला घाइते भइन्। १ जना प्रहरीको घोडा दुर्घटनामा मृत्यु भयो। २ जना पुरूष र १ जना महिला गरी ३ जनाले आत्महत्या गरे।



५. सुदूरपश्चिमाञ्चल

महाकाली

५.८ वैतडी

जनसंख्या	: २०७७१६
साक्षरता	: ३८.३ प्रतिशत
महिला साक्षरता	: १५.१ प्रतिशत
क्षेत्रफल	: १५१९ वर्ग कि.मी.
गाविस/नपा	: ६२/१
निर्वाचन क्षेत्र	: २
विद्यालय/क्याम्पस	: ३०९/२
अस्पताल/स्वास्थ्यचौकी	: १/८२
टेलिफोन लाइन	: १९४
सडक (कि.मि.)	: २०
प्रहरी कार्यालय	: २८
हुलाक	: ६९

वैतडी महाकाली अंचलको एक दुर्गम पहाडी जिल्ला हो। जातीय छुवाछूत, सामाजिक अन्धविश्वास, आर्थिक विपन्नता र अशिक्षा यस जिल्लाका पर्याय हुन्। यहाँ मानवअधिकारसम्बन्धी संस्थाहरू खासै सक्रिय छैनन्। प्रजातन्त्र पुनर्स्थापनापछि जनतामा प्रजातन्त्र र मानवअधिकारको विषयमा केही चेतना आएको छ। यस वर्ष यो जिल्लामा सरकारी पक्षबाट गरिएका हत्या, गिरफ्तारी र यातना जस्ता घटना खासै जानकारीमा आएनन्। महिलाहरूले धेरै आत्महत्या गरेका कारण यस जिल्लामा लैंगिक विभेदले नराम्रोसंग जरा गाडेको पाइन्छ।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

बैतडी कारागारको नामले चिनिने यो जिल्लास्थित जेल २०४० सालमा निर्माण भएको हो। "घ" श्रेणीको यो जेलमा १५ पुरूष र १० महिला बन्दी क्षमता भए पनि हाल २५ पुरूष र २ महिला बन्दी रहेका छन्। बन्दीहरूमध्ये २० जना ज्यान मुद्दामा, ५ जना चोरीमा र २ जना गर्भपतनको मुद्दामा परेका छन्। ती मध्ये कैद तोकिएका १ महिला सहित २२ जना र १ महिला सहित ३ थुनुवा रहेका छन्। यस जेलमा १ जना नाबालक पनि आफ्नो अभिभावकसंग रहेका छन्। विभिन्न किसिमका रोगीहरू पनि छन्। रोग सर्ने सम्भावना पनि उत्तिकै छ। बिरामी बन्दीहरूको राम्रोसंग उपचार गरिएको पाइन्न।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

जानकारीमा आएन।

१.४ बेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

जानकारीमा आएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

०५३ माघको उप निर्वाचनमा हेलिकोप्टरसमेत प्रयोग गरी आचारसंहिताको उल्लंघन गरेको पाइयो। सही बिनाका मतपत्र पनि मतगणनाका क्रममा फेला परे। जसका कारण जिल्लामा निर्वाचन निश्पक्ष भयो नै भन्न सकिने स्थिति रहेन।

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

सामान्यतया धेरै मुद्दा मामिला गाउँमै मिलाइने भएका कारण यहाँ न्यायिक अधिकार हनन् भए पनि चर्चाका विषय बन्दैनन्। अदालतमा जग्गासम्बन्धी ६ महिना देखिका केही मुद्दा छिनिन बाँकी भए पनि सोभन्दा बढी समयका छैनन्।

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	-
हिरासतमा यातना	-	-	-
बलात्कृत	१ (पतिद्वारा)	२	-
आत्महत्या	३	३	१५

यस वर्ष अदालतमा देवानी फौज्दारी १८, सरकारवादी २ र दुनियावादी २ मुद्दा फैसला हुन बाँकी छन्।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन, सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

यस जिल्लाका विभिन्न ठाउँहरूमा गरी करीव १ सय ५० परिवार सुकुम्बासी रहेको तथ्यांक प्राप्त भएको छ। ५६ परिवारलाई सुकुम्बासी समस्या समाधान आयोगले जग्गा धनीपूर्जा पनि वितरण गरेको थियो। हाल सरकारबाट यसतर्फ केही कार्य गरिएको पाइएन। सुकुम्बासी हुने परिवारहरूमा प्रायः तल्लो जातिका रहेका छन्। राज्यका तर्फबाट वृद्ध, असहायहरूलाई दिइने भत्ता १ वर्ष, ६ महिनासम्म पनि दिइएको पाइँदैन। कहींकाहीं ४ महिनाको मात्र वितरण गरेको पाइएको छ। जसका कारण भत्ता रकम हिनामिना भएको आशंका पीडितहरूको छ।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

जानकारीमा आएन।

४.२ पारिवारिक हिंसा र वहुविवाह

जानकारीमा आएन।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

सलेना गाविस-६ का ३५ वर्षीय जयन्तीदेवी भाटले आफ्नो पति भारतमा रहेको अवस्थामा सोही ठाउँका जगतसिंह भाटसंग अवैध सम्बन्ध राख्दा रहन गएको करीब ८ महिनाको गर्भ ०५४ वैशाख २६ गते पतन गराइन्। हाल पीडकद्वयलाई थुनामा राखिएको छ।

दुर्गा भवानी गाविस-२ वरकुरालीका २१ वर्षीय शर्मादेवी नाथले ०५४ साउन ६ गते सोही ठाउँका गोपाल नाथसंग अवैध सम्बन्धका कारण रहन गएको गर्भ पतन गराइन्। पीडक तारेखमा छुटेकी छिन्।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

जिल्ला शिक्षा कार्यालय र विभिन्न संघ संस्थाहरूको तथ्यांकअनुसार यस जिल्लामा करीब ८ हजार बालबालिका विद्यालय जानबाट वञ्चित रहेको पाइयो।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

रोडीदेवल गाविस-९ बिजुलका ३० वर्षीय हरू कोलीलाई ०५३ माघ १७ गते सोही ठाउँका ३९ वर्षीय कुन्ता भट्टले तल्लो जातको भनी धारामा पानी भर्न दिइनन्। पीडकले पीडितलाई गाली बेइज्जती गर्नुका साथै तल्लो जातका मानिसहरू पानी भर्न नआउन् भनी उक्त धारो नै फालिदिइन्।

मेलौली गाविस-५ जर्कुका ५० वर्षीय लक्ष्मीराम लुहारलाई ०५३ माघ ४ गते सोही ठाउँका ४५ वर्षीय चिनासिंह नायकले जातीय भेदभावका कारण सार्वजनिक बाटोमा हिड्न पनि दिएनन्। पीडितलाई कुटपिट गरी हात पछाडि बाँधेर दिनभरि भोकै राखे। पीडकलाई कुनै कारवाही भएन।

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
हत्या	१		१	१				
कुटपिट	१	१		१				
गर्भपतन	२		२	२				
जातीय छुवाछूत	१		१	१				
लाश फेला	१	१		१				
आत्महत्या	१५	५	१०	१५				
दुर्घटनाहरू/विपत्तिहरू	३	२	१	३				
जम्मा	२४	९	१५	२४				

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

रूदेश्वर गाविस-१ की ८ वर्षीय वालिका सीताकुमारी नाथलाई ०५४ मंसिर १९ गते सोही ठाउँका २५ वर्षीय वीरभद्र नाथले हँसिया प्रहार गरी हत्या गरे। पीडकलाई थुनामा राखिएको छ।

यस वर्ष यो जिल्लामा १० जना महिला र ५ पुरूष गरी १५ जनाले आत्महत्या गरे। महिलाहरूमध्ये प्रायः ले घरायसी कारणवाट र पुरूषहरूले मानसिक असन्तुलनको कारणले आत्महत्या गरे।

यस वर्ष १ जना पुरूष र १ जना महिला गरी २ जनाको मृत लास फेला पर्‍यो।

जंगली जनावरको आक्रमणका ३ वटा घटनाहरू भए।

●



५. सुदूरपश्चिमाञ्चल

महाकाली

५.१ दार्चुला

जनसंख्या	: १०१६८३
साक्षरता	: ४१.९ प्रतिशत
महिला साक्षरता	: १८.५ प्रतिशत
क्षेत्रफल	: २३२२ वर्ग कि.मी.
गाविस/नपा	: ४१/०
निर्वाचन क्षेत्र	: १
विद्यालय/क्याम्पस	: २३५/४
अस्पताल/स्वास्थ्यचौकी	: १/४१
टेलिफोन लाइन	: १६३
सडक (कि.मि.)	: ०
प्रहरी कार्यालय	: १९
हुलाक	: ४२

सुदूर पश्चिमाञ्चलको पनि सुदूरमा रहेको यो जिल्ला भारतीय सिमानासंग जोडिएको जिल्ला हो। गत वर्षमा झैं यो वर्ष पनि यो जिल्लाबाट भारतीय प्रहरीको हस्तक्षेप र भारतीय सैनिक क्याम्प हटाउनुपर्ने विषय राजनीतिक चर्चाको शिखरमा रह्यो। दुर्गम पहाडी जिल्लामध्येको एक यो जिल्लामा विभिन्न प्रकारका सामाजिक कु-प्रथा र अन्धपरम्पराहरूले गर्दा जनजीवनलाई प्रत्यक्ष प्रभावित परेको छ।

१. सम्मानित रुपले बाँच्ने अधिकार

१.१ हत्या/गोली

जानकारीमा आएन।

१.२ जेल र बन्दीहरु

४ रोपनी ११ आना ०१ पैसा क्षेत्रफल भएको दार्चुला कारागार "च" श्रेणीको कारागारमा पर्दछ। ४० जना कैदी रहन सक्ने क्षमताको यो जेलमा हाल १७ जना बन्दी र ३ जना थुनुवा गरी २० जना कैदी रहेका छन्। तीमध्ये १ महिला र अन्य पुरूष छन्। यो बन्दी गृह २०५० सालमा बनेको हो। ३ जनाबाहेक सबै बन्दीहरू ज्यानसम्बन्धी मुद्दामा रहेकाहरू छन्। जेलमाभित्र १ र बाहिर २ वटा शौचालय छन् भने पानीको धारा भित्र १ र बाहिर २ वटा छन्।

१.३ गिरफ्तारी र यातना (राज्यपक्षबाट गरिएको)

मालिकार्जुन गाविसका अध्यक्ष मोहनसिंह धामीलाई ०५४ मंसिर ८ गते राति ८ बजे घाट बजारबाट खाना खाई फर्किरहेको अवस्थामा प्रहरीले गिरफ्तार गर्‍यो। उनलाई हिरासतमा राखी सोही दिन राति ११ बजे छोडिएको थियो। मादक पदार्थ सेवन गरेको भनी गिरफ्तार गरिए तापनि आफूले मादक पदार्थ सेवन नगरेको कुरा पीडित बताउँछन्।

१.४ वेपत्ता पारिएको (राज्य पक्षबाट)

जानकारीमा आएन।

१.५ धम्की, ज्यानमार्ने धम्की र कुटपिट

मालिकार्जुन गाविसका अध्यक्ष मोहनसिंह धामी, नैनसिंह बोहरा, धनसिंह धामी र श्यामसिंह बिष्टलाई ०५४ जेठ २२ गते सितोला गाविस-५ का इन्द्र बुढाथोकीलगायत्का १५ जनाले राजनीतिक प्रतिशोधका कारण कुटपिट गरे। पीडितले उजुरी गरेपछि पीडकहरूलाई प्रहरीद्वारा गिरफ्तार गरिएको थियो। पीडकहरूलाई जेठ २६ गते सम्पन्न सर्वदलीय सहमतिको आधारमा प्रहरी हिरासतबाट छाडियो।

खरखडा गाविसका अध्यक्ष गणेश गिरी र सोही गाविस-७ का इन्द्र गिरीसमेत ३ जनालाई ०५४ असार ३ गते सोही गाविस-८ का ४५ वर्षीय जया गिरी र उनका दुई छोराहरू मिली राजनीतिक प्रतिशोधका कारण कुटपिट गरे। अदालतले पीडकहरूबाट जनही रू. १२ हजार ५ सयका दरले धरौटी लिई छाडिदियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जानकारीमा आएन।

	घटना संख्या		
घटनाको प्रकृति	१९९५	१९९६	१९९७
प्रहरीको गोलीले मृत्यु	-	-	-
हिरासतमा यातना	३	१	-
बलात्कृत	-	१	१
आत्महत्या	३	३	२

२.२ धार्मिक स्वतन्त्रता

जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा न्यायिक अधिकारको क्षेत्रमा आम व्यक्तिहरूको धारणा राम्रो रहेको छैन। साधारण मुद्दा पनि फैसला हुन १ वर्षभन्दा बढी समय लाग्ने गरेको पाइन्छ। २, ३ वर्षसम्म पनि अंशवण्डा, चोरीका मुद्दाहरूको फैसला हुन नसकेकोमा स्थानीय व्यक्तिहरू चिन्तित छन्।

२.४ सरुवा, घटुवा र पक्षपात आदि (राज्यपक्षबाट)

जानकारीमा आएन।

३. भूमिहीन, सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

यस जिल्लामा २०५१ सालमा गठित सुकुम्बासी समस्या समाधान आयोगले १ सय ९२ जना सुकुम्बासीहरूलाई लालपूर्जा वितरण गरे पनि विभिन्न कारणका बावजुद अहिलेसम्म ती व्यक्तिहरू जग्गाको मालिक हुन सकेका छैनन्।

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

उकु गाविस-६ की ३५ वर्षीय एक महिलालाई ०५४ असार २७ गते सोही गाविसका २७ वर्षीय नरिराम तिरुवाले बलात्कार गरे। पीडक सजाय भोगिरहेका छन्।

४.२ पारिवारिक हिंसा र वहुविवाह

खलंगा गाविस-६ का २९ वर्षीय रामसिंह महरले घरमा पत्नी हुँदाहुँदै ०५४ जेठ १६ गते वहुविवाह गरे। जेठी पत्नी हरिनादेवीले उजुरी गरेपश्चात् पीडक १ महिना जेल सजाय भोगी मुक्त भए।

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय/अपमानजनक व्यवहार (देउकी, झुमा, बोक्सी र देहव्यापार)

जानकारीमा आएन।

४.४ गर्भ पतन

जानकारीमा आएन।

५. वाल अधिकार (वालवालिका उपरको अत्याचार)

यस जिल्लाका वालकहरू भारतको धार्चुला, पिथौरागढ गएर होटल र पसलहरूमा मजदूरी गर्ने गर्दछन्। यहाँ अहिले पनि व्राह्मण क्षेत्री जातिमा वालविवाह गर्ने चलन रहेको छ। तर यस्ता घटनाहरू उल्लेख्यरूपमा प्रकाशमा आएनन्।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

जानकारीमा आएन।

७. मानवअधिकार सम्वन्धी अन्य सवालहरु

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

जानकारीमा आएन।

घटनाको प्रकार अनुसार घटना र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा भएको हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
गिरफ्तारी र यातना	२	५		५	२	५		५
कुटपिट	३	६		६				
हत्या	३	२	१	३				
बलात्कार	१		१	१				
मौलिक अधिकार	२	१	१	२				
चोरी/डकैती	१	१		१				
दुर्घटनाहरू/विपत्तिहरू	५	३	२	५				
वहुविवाह	१		१	१				
ब्लाकमेल	१	१		१				
आत्महत्या	२		२	२				
जम्मा	२१	१९	८	२७	२	५		५

८. घटना सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेपाली कांग्रेसका जिल्ला अध्यक्ष महादेव बडुलगायत्का व्यक्तिलाई ०५४ जेठ २३ गते प्रहरीले गिरफ्तार गरेको विरोधमा नेपाली कांग्रेसले एक विज्ञप्ति प्रकाशित गरी उक्त कार्यको विरोध गऱ्यो।

मालिकार्जुन गाविसका अध्यक्षलाई ०५४ जेठ २२ गते कुटपिट गरेकोमा दुःख प्रकट गर्दै दोषीमाथि कडा कारवाही गर्न नेकपा (एमाले) ले एक प्रेस वक्तव्य प्रकाशित गऱ्यो।

नेकपा (एमाले) दार्चुलाले जिल्ला शिक्षा अधिकारी दुर्गाप्रसाद जैसवालले अनियमित शिक्षक नियुक्ति गरेको भनी ०५४ पुस १ गते प्रेस वक्तव्य प्रकाशित गर्दै प्रमुख जिल्ला अधिकारीसमक्ष ज्ञापनपत्र बुझायो।



आफ्नै पत्नीलाई भूत धपाउने निहुँमा हँसिया प्रहार गरी हत्या गर्ने बहादुरसिंह महरा

अमरगढी गाविस-४ घर भई दार्चुलामा ठेकेदारी पेशा गर्ने ३३ वर्षीय देवराज भट्ट ०५४ चैत १८ गते खलंगा गाविस-२ मा मृत अवस्थामा फेला परे। उनलाई हत्या गरेर छोडिएको आशंका गरिएको छ।

खलंगा गाविस-९ का ४० वर्षीय धनादेवी महरालाई ०५४ साउन २८ गते उनकै पति ४५ वर्षीय बहादुरसिंह महराले भूत धपाउने भनी हँसियाले घाँटी काटी हत्या गरे। पीडकलाई पक्राउ गरी सजाय तोकिएको छ।

खलंगा गाविस-२ का ३५ वर्षीय नारायणसिंह ठगुन्नालाई ०५४ पुस ९ गते सोही गाविसका ४५ वर्षीय महासिंह ठगुन्नाले मरणासन्न हुनेगरी कुटे। उनलाई अहिले अदालतले रू. १ लाख धरौटीमा छोडेको छ।

९. अतिरिक्त जानकारीहरु (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

बैतडीबाट दार्चुला गोकुलेश्वरमा जन्ती आएका थालिगाडा गाविस-४ का हिम्मबहादुर कार्कीलाई सोही गाविस-४ का लोकेन्द्रबहादुर चन्दले कुटपिट गरे। पीडितलाई ०५३ फागुन ४ गते उपचार गर्न लैजाँदा झुलाघाट भन्ने ठाउँमा मृत्यु भयो। पीडकलाई पक्राउ गरी हाल धरौटीमा छोडिएको छ।

यस वर्ष यो जिल्लामा नदीमा डुबेर १, भीरबाट लडेर १, पहिरोले पुरेर २ जनाको मृत्यु भयो। त्यस्तै ०५४ मंसिर २४ गते व्यास गाविसमा परेको हिउँमा परी बेपत्ता भएका ५ जना व्यक्तिहरू फेला पर्न सकेका छैनन्। ०५४ साउनमा महावटलीमा आएको बाढीले पनि नदी किनारका धेरै गाविसहरू प्रभावित भए भने डकैती १, ब्ल्याकमेलिङ र आगालगीका १ / १ वटा घटना पनि प्रकाशमा आएको थियो।

यस वर्ष यो जिल्लामा २ वटा आत्महत्याका घटना भए। आत्महत्या गर्नेमा दुवै महिला छन्।

●

अनुसूची ६

मानवअधिकार स्थितिको समग्र मूल्यांकन १९९७

भौगोलिक राजनीतिक अवस्था

दक्षिण एशियाको सानो राष्ट्र नेपालको विश्वमा आफ्नो छुट्टै किसिमको पहिचान छ। औपनिवेशिकताको पीडा यो हिमाली अधिराज्यले कहिल्यै अनुभव गर्नु परेन। महाशक्तिशाली देशहरूको "फुटाउ र शासन गर" को चपेटामा नेपाली समाज परेको छैन। सन् १७०० यता नेपाल र नेपाली जनताले अरु देशका सामु आफ्नो राष्ट्रिय अखण्डता कायम राख्दै आएका थिए। तर तत्कालीन सरकारले देशलाई संसारबाट अलग्याउने, भ्रममा पार्ने र अविकसित अवस्थामा नै राख्ने दुष्प्रयास गरेका थिए। यी खाले व्यवहारहरू राणाकाल र पञ्चायतकालमा जस्तै आजको प्रजातान्त्रिक समाजमा पनि यदाकदा देखिएको छ।

नेपालको भौगोलिक बनावटले गर्दा यातायात र संचारको क्षेत्रमा यथोचित विकास हुन सकिरहेको छैन। प्रशासनिक रुपमा यसको विभाजन ५ विकास क्षेत्र, ७५ जिल्ला र करिब ४ हजार गाउँ विकास समितिको रूपमा गरिएको छ। नेपालको विभिन्न किसिमको भू-बनोट अनुसार यहाँ विभिन्न जाति, भाषा र धर्मावलम्वीहरू पाइन्छन्। तर सबैमा नेपाली हुँ भन्ने भावना रहेको पाइन्छ।

अठारौं शताब्दीसम्म नेपाल विभिन्न स-साना राज्यहरूमा विभाजित थियो। राजा पृथ्वीनारायण शाहले सन् १७६८ मा नेपाल अधिराज्यलाई एकीकरण गरेपश्चात पनि सामन्ती प्रथा कायम थियो। शाहवंशका हातमा रहेको शक्ति सन् १८४६ तिर राणाहरूले खोसे। निरंकुश राणाशाहीले नेपालमा १०४ वर्षसम्म शासन गरे। सन् १९५१ अर्थात वि.सं. २००७ सालमा निरंकुश राणा शासन पतन भई प्रजातन्त्रको उदय भयो। तर प्रजातन्त्र धेरै वर्षसम्म रहन सकेन। सन् १९६० अर्थात २०१७ सालमा राजा महेन्द्रले सम्पूर्ण शक्ति आफ्नो हातमा लिई निर्दलीय पञ्चायती व्यवस्थाको स्थापना गरे। तत्पश्चात सबै राजनीतिक पार्टीहरूलाई प्रतिबन्ध लगाइयो। ३० वर्षसम्मको लामो निरंकुश पञ्चायती शासनपश्चात सन् १९९० अर्थात् २०४६ सालमा नेपाली कांग्रेस र संयुक्त वाममोर्चाको पहलमा जनआन्दोलन भयो र प्रजातन्त्रको पुनर्स्थापना भयो।

छयालीस सालको जनआन्दोलनपश्चात् नेपालमा बहुदलीय संवैधानिक राजतन्त्रको स्थापना भयो। पहिलो एकवर्ष जनआन्दोलनका प्रमुख दुई शक्ति नेपाली कांग्रेस र संयुक्त वाममोर्चा तथा दरबारको त्रिपक्षीय सहभागितामा अन्तरिम सरकार बन्यो। अन्तरिम सरकारले तीन महत्वपूर्ण काम सम्पन्न गऱ्यो।

क) आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धमाथि हस्ताक्षर
ख) नयाँ संविधानको निर्माण
ग) नवनिर्मित संविधानबमोजिम संसदको पहिलो आमनिर्वाचनको सफलतापूर्वक सम्पन्न

२०४८ सालमा भएको आमनिर्वाचनमा नेपाली कांग्रेसले बहुमत ल्याई सरकार बनायो। तर संसदमा विश्वासको मत नपाउँदा यो सरकार २०५१ सालमा मध्यावधि चुनावमा जानु पऱ्यो। मध्यावधि चुनावमा कुनै पार्टीले पनि बहुमत ल्याउन नसकेकाले नेकपा (एमाले) ले अल्पमतको सरकार बनायो। एमाले सरकारको ९ महिनापश्चात् नेपाली कांग्रेस, राप्रपा र सद्भावनाको सरकार बन्यो। यो सरकारको १८ महिनाको अवधिपश्चात् नेकपा (एमाले), राप्रपा र सद्भावनाको सरकार बन्यो। सात महिनापश्चात नै एमाले सम्मिलित सरकार ढलेपछि हालसम्म नेपाली कांग्रेस, राप्रपा र सद्भावनाको सरकार कायम छ।

सामाजिक/आर्थिक स्थिति

संसारको सबैभन्दा गरीब देशहरूमध्येमा पर्ने नेपाललाई संयुक्त राष्ट्रसंघीय मानव विकास प्रतिवेदनमा १५७ औं गरीब देशमा समावेश गरिएको छ। उक्त प्रतिवेदनमा नेपाललाई सबैभन्दा कम आय र कम मानवीय विकासका संशाधन भएको देश भनेर चित्रित गरिएको छ।

भूपरिवेष्ठित देश नेपालको जनसंख्या २ करोड १० लाख जति पुगिसकेको छ। राष्ट्रिय आयको ५० प्रतिशत कृषि क्षेत्रबाट पूर्ति हुने नेपालका ९० प्रतिशत जनता कृषि क्षेत्रमा आश्रित छन्। ५० प्रतिशत भन्दा बढी परिवारहरूले ६.६ प्रतिशत खेतियोग्य जमिन ओगटेका छन्। (प्रत्येक परिवारले ०.५ हेक्टरभन्दा कम मात्र ओगटेको छ) भने दुईतिहाई परिवारहरूले एक हेक्टर भन्दा कम र करीब १० प्रतिशत परिवारहरू भूमिहीन छन्। सन् १९८४/८५ तिर गरिएको सर्भेक्षण अनुसार १० प्रतिशत जनसंख्याले मात्र २८ प्रतिशत आय आर्जन गर्दछ भने ४० प्रतिशत जनसंख्याले १८ प्रतिशत आय आर्जन गर्दछ। यसले गर्दा निम्न आय भएकाहरूको संख्यामा वृद्धि भइरहेको छ। १९७७/७८ तिर ३१ प्रतिशत

नेपालसम्बन्धी केही तथ्यहरु

- प्रौढ साक्षर दर सन् १९७० देखि १९९३ सम्म १३ प्रतिशतबाट बढेर २६ प्रतिशत पुगेको छ। तर ७४ प्रतिशत प्रौढहरू अझै निरक्षर छन्
- प्राथमिक विद्यालयमा भर्ना संख्या बढेर लक्ष्यको १०२ प्रतिशत पुगेको छ। तर २० लाख बालबालिका प्राथमिक शिक्षाबाट अझै वञ्चित छन्।
- शिक्षा क्षेत्रमा निजी क्षेत्रको लगानी सन् १९७० देखि १९९३ सम्म सात गुणाले बढेको छ। तर धेरैजसो बालबलिकाहरुले प्राथमिक शिक्षा पूरा गर्नुअघि नै छोड्ने गरेका छन्।
- राष्ट्रिय आयको २.२ प्रतिशत स्वास्थ्य क्षेत्रमा खर्च हुन्छ, जुन दक्षिण एशियामै सबैभन्दा बढी छ। तर पाँच भागको चार भाग जनसंख्या स्वास्थ्य सुविधाबाट वञ्चित छ भने आधा जनसंख्या शुद्ध खानेपानीबाट वञ्चित छ।
- सन् १९६० र १९९३ को बीचमा औसत आयुमा १६ वर्ष वृद्धि भएको छ।
- प्रतिव्यक्ति खाद्यान्न उत्पादन सन् १९८० र १९९३ बीच १४ प्रतिशतले बढेको छ। तर दुइतिहाई बालबालिका पाँच वर्ष पुग्न नपाई कुपोषणबाट मर्ने गर्दछन्।
- विवाहिता महिलाले प्रयोग गर्ने परिवार नियोजनको अस्थायी साधनमा सन् १९७० देखि १९९३ बीच २३ गुणा बढेको छ। तर जनसंख्या वृद्धि दर भने १९६०-७० मा २.० प्रतिशतबाट १९८०-९० मा २.६ प्रतिशत पुगेको छ।
- बाल मृत्यु दर ५० प्रतिशतले घटेको छ। यो दर सन् १९६० मा प्रति १,००० बालबालिकाहरूमध्ये १९० थियो भने १९९४ मा घटेर ८४ मात्र पुगेको छ। तर दुइतिहाई बालबालिकाहरुको आहारको कमीले शारीरिक विकासमा अवरोध उत्पन्न हुने गरेको छ।
- राष्ट्रिय आयमा महिलाहरूको भूमिका २६ प्रतिशत रहेको छ, जुन दक्षिण एशियामा सबैभन्दा बढी रहेको छ। तर पुरूषहरूको आयु महिलाहरूभन्दा बढी छ, जुन विश्वके दुई देशहरूमध्ये एकमा पर्छ। त्यस्तै १३ प्रतिशत मात्र प्रौढ महिलाहरू साक्षर छन्, जुन दक्षिण एशियामै सबैभन्दा कम देखिन्छ।
- प्रतिव्यक्ति आय पछिल्लो दुई वर्षमा दोब्बर भएको छ। तर जनसंख्या वृद्धि दरले गर्दा प्रतिव्यक्ति आय अमेरिकी डलर १९० मात्र छ, जुन दक्षिण एशियामै सबैभन्दा कम देखिन्छ।
- कुल राष्ट्रिय आयको १.१ प्रतिशत सुरक्षामा खर्च हुने गर्दछ, जुन दक्षिण एशियामा सबैभन्दा कम हो। तर सैनिकहरुको संख्या प्रति एक डाक्टर ३५ जना पर्न आउँछ, जुन दक्षिण एशियाको सबैभन्दा बढी हो।

निम्न आय भएकाहरू थिए भने १९८४/८५ मा आएर यो संख्या ४० प्रतिशत पुगेको छ।

१७ प्रतिशत मात्र समथर जमीन भएको नेपालको भूबनोटको बाँकी सबै क्षेत्र पहाड र हिमालले ढाकेको छ। २५,००० मेगावाट विद्युत् शक्ति उत्पादन गर्न सक्ने श्रोतहरू रहेको नेपालमा २३७ मेगावाट मात्र विद्युत शक्ति उत्पादन गर्न सकिएको छ, जुन सम्भाव्य सम्पूर्ण श्रोतको १ प्रतिशतभन्दा कम हुन्छ।

नेपालको प्रतिव्यक्ति आय १९० अमेरिकी डलर छ र १७४ देशहरूमध्ये १५१ औं स्थानमा पर्ने कुरा मानव विकासको सूचीमा उल्लेखित छ। करीब ४० प्रतिशत जनसंख्या गरीबीको रेखामुनि छन् भने पाँच भागमध्ये चार भाग जनताले स्वास्थ्य सुविधा पाएका छैनन्। त्यस्तै करीब आधा जनसंख्या शुद्ध पानी उपभोग गर्नबाट वञ्चित छन्। पाँच वर्षमुनिका दुईतिहाई बालबालिका कुपोषणले मर्ने गर्दछन्। ६ प्रतिशत आमाहरूले मात्र स्वास्थ्यकर्मीहरूको निगरानीमा बच्चा जन्माउने गर्दछन्। दक्षिण एशियामा सबैभन्दा कम (२६ प्रतिशत) प्रौढ साक्षरता दर रहेको छ र यो दर संसारको सबैभन्दा कममा चौथो स्थानमा पर्न आउँछ। सिंगो जनसंख्याको १३ प्रतिशत महिलाहरू मात्र साक्षर छन्।

नेपालको मानव विकासका तह ठाउँअनुसार फरक फरक रहेको छ। काठमाडौं जिल्लाको औसत आयु ७४ वर्ष छ (सिंगापुर र दक्षिण कोरियाको भन्दा बढी) भने मुगु जिल्लाको औसत आयु ३७ वर्षमात्र छ। त्यस्तै काठमाडौं जिल्लामा ७० प्रतिशत साक्षर छन् भने मुगु जिल्लामा २२ प्रतिशत साक्षर छन्। त्यसैले मानव विकासको सूचीमा मुगु जिल्ला ०.१९ (नाइजेरिया जत्तिकै) छ भने काठमाडौं जिल्ला ०.५६ (जिम्वाव्वे भन्दा पनि राम्रो, जहाँ शिक्षा र स्वास्थ्य क्षेत्रमा ठूलो लगानी हुन्छ) छ।

मानवअधिकारको स्थिति

छयालीस सालमा संवैधानिक राजतन्त्र र बहुदलीय व्यवस्थाको पुनर्स्थापना भएयता दुईवटा संसदीय र दुईवटा स्थानीय तहका गरी चारवटा आमनिर्वाचनहरू सम्पन्न भइसकेका छन्। छयालीस सालपश्चात राजनीतिक क्षेत्रमा सुधार हुनुका साथै मानवअधिकारलाई सम्मान गर्ने खुल्ला समाजको स्थापना भएको छ। तापनि सरकारले संविधान प्रदत्त कुराहरू व्यवहारमा उतार्न सकेको छैन। अझै पनि आधारभूत मानवअधिकारको प्रत्याभूति हुन सकेको छैन। आजको अवस्थामा पनि प्रहरीले गैरकानूनी ढंगले पक्राउ गर्ने र क्रुर यातना दिने काम गरिरहेको छ। गैरकानूनी ढंगले प्रहरीबाट हुने ज्यादतीको छानविन गर्ने र कारवाही गर्ने काम सरकारबाट कहिल्यै भएन। सरकारका काम कारवाहीहरूका विरूद्ध गरिने विभिन्न खालका अभियानहरू (भेला, आमसभा, जुलुस आदि) मा प्रहरीद्वारा प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सहभागी भएका जनतालाई गोली हानी हत्या गर्ने, पक्राउ गर्ने, लाठी प्रहार गर्ने, यातना दिने काम निरन्तर भइरहेको छ। हिरासतमा रहेकाहरूलाई समेत अमानवीय ढंगले यातना दिई हत्या गर्ने

काम गरिएको छैन। जेलको अवस्थामा कुनै सुधार आएको छैन। एकतन्त्रीय राणाकाल होस् या निर्दलीय पञ्चायती काल होस्, त्यस समयमा विभिन्न राजनीतिक गतिविधिहरू सञ्चालन गरेबापत लामोभन्दा लामो जेल जीवन व्यतीत गरेका नेताहरूले समेत जेल सुधारको बारेमा दृष्टि पुऱ्याउन सकिरहेका छैनन्।

हाम्रो देश संस्कृतिमा त धनी छ तर आर्थिकरूपमा संसारको सबैभन्दा गरीब देशमा पर्न आउँछ। अफ्रिकी देशहरूको जस्तै मानव विकासको संसाधन स्वास्थ्य, शिक्षा र पौष्टिक आहारमा सबैभन्दा नराम्रो र अविकसित आँकडामा प्रतिविम्बित हुन पुगेको छ। आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास सबै जनताको चाहना हो तर महिला र बालबालिकाको स्थिति सबैभन्दा दुःखदायी बनेको छ। महिला र बालबालिका भनेका देश विकास र सृष्टिचक्रका अपरिहार्य वर्ग हुन्, त्यस्ता महत्वपूर्ण वर्ग नै हाम्रो जस्तो गरीब र अविकसित देशमा जन्मँदै ठगिएर आएका हुन्छन्। उनीहरूको चाहना मौन हुन्छ। चाहे सरकारबाट होस् या सामाजिक संरचनाबाट होस् तल्लो जातका भनिनेहरू र महिलाहरू अझ धेरै मात्रामा पक्षपातको शिकार भएका छन्। महिला किनबेच, बलात्कार, महिलाविरुद्धको अत्याचार, कमैया (दासत्व) प्रथा, बालश्रम आदि अझै पनि गम्भीर समस्याको रूपमा देखिएका छन्। त्यस्तै संविधानसँग बाझिएका कतिपय प्रचलित ऐनहरू संशोधन वा खारेज गर्ने काम नहुनुले सरकारको यस क्षेत्रप्रति उदासीनता देखिन्छ।

छयालीस सालपछि मानवअधिकार संरक्षणका लागि राज्यबाट भएका सकारात्मक पक्षहरूमा यातना र क्षतिपूर्ति ऐन, मानवअधिकार आयोग ऐन र त्यसअघि सरकारले प्रतिबद्धता जनाएका अन्तर्राष्ट्रिय सन्धि सम्झौतालाई लिन सकिन्छ। तर ०५३ सालको असार महिनामा संसदले मानवअधिकार आयोग गठनसम्बन्धी विधेयक ल्याएता पनि त्यो आयोग आजसम्म पनि बन्न सकेको छैन। त्यस्तै यातना र क्षतिपूर्ति ऐन पनि कार्यान्वयन हुन सकेको छैन। यसबाट नेपालको मानवअधिकारको वर्तमान चित्र ठम्याउन जो कोहीलाई घोत्लिरहनु आवश्यक पर्दैन।

नेपालले हालसम्म १४ वटा मानवअधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरूमा हस्ताक्षर गरेको छ। ती हुन् -

१. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार विषयक संयुक्त राष्ट्रसंघीय अनुबन्ध
२. नागरिक तथा राजनीतिक अधिकार विषयक संयुक्त राष्ट्रसंघीय अनुबन्ध
३. नागरिक तथा राजनीतिक अधिकार विषयक संयुक्त राष्ट्रसंघीय अनुबन्धसँग सम्बन्धित इच्छाधीन उपलेख
४. जातीय भेदभावका सबै स्वरूपहरूको उन्मूलन विषयक अभिसन्धि
५. रंगभेद अपराध नियन्त्रण तथा सजाय विषयक अभिसन्धि
६. खेलकूदमा रंगभेदविरुद्धको अभिसन्धि
७. आत्महत्यासम्बन्धी अपराधको निराकरण तथा दण्ड विषयक अभिसन्धि
८. बालअधिकार विषयक अभिसन्धि
९. महिला विरुद्ध सबै प्रकारका भेदभावहरू अन्त्य गर्ने विषयक अभिसन्धि
१०. महिलाहरूको राजनीतिक अधिकार विषयक अभिसन्धि
११. यातना तथा अन्य क्रुर, अमानवीय तथा अपमानजनक व्यवहार वा सजायविरुद्धको अभिसन्धि
१२. दासत्व अभिसन्धि
१३. दासत्व, दास व्यापार र दासत्व जस्तै संस्था र अभ्यासको निर्मूलसम्बन्धी पूरक अभिसन्धि
१४. दासत्व, दास-व्यापार वा दासत्वसरहका संस्था तथा प्रचलन उन्मूलन विषयक सहायक अभिसन्धि

सन् १९९७ मा भएका मानवअधिकार हननको विश्लेषण

राज्यद्वारा भएका मानवअधिकार हनन

१. हत्या गोली

धेरैजसो भेला, सभा, जुलुस आदिमा सरकारबाट पूर्व सूचना बिना बल/हतियार प्रयोग गर्ने काम भएको छ। ०५२ फागुन १ गतेदेखि नेकपा (माओवादी) ले शुरू गरेको "जनयुद्ध" मा माओवादीको नाममा हालसम्म सरकारले ८२ जनालाई गोली हानेर, यातना दिएर र भीरबाट खसालेर हत्या गरेको छ। सन् १९९७ मा मात्र प्रहरीले माओवादीको नाममा २३ जनालाई हत्या गरेको छ। यो वर्ष प्रत्यक्ष वा अप्रत्यक्षरूपमा राज्य संलग्न रहेका २४ वटा घटनाहरूमा ३१ जना पुरुष र ४ जना महिला गरी जम्मा ३५ जनाको ज्यान गएको छ। जसमा प्रहरीको गोलीले २९ जना, यातनाले ३ जना र अन्य तवरले हत्या हुनेमा ३ जना रहेका छन्।

२. जेल

देशभरि ७३ वटा जेलहरू छन्। ९० प्रतिशतभन्दा बढी जेलहरू भौतिकरूपले जीर्ण अवस्थामा छन्। धारा, पानी, बिजुली, चर्पी आदिको समस्या विगतमा जस्तै यथावत् नै छन्। जेलमा क्षमताभन्दा बढी बन्दी/थुनुवाहरू राख्ने चलन यद्यपि कायम छ। जेलभित्र बन्दीहरूलाई नेल लगाउने चलन कुनै कुनै जेलमा अहिले पनि कायम छ। संसदीय समितिका पदाधिकारीहरू र सांसदहरूद्वारा यस वर्ष विशेषगरी जेलहरूको निरीक्षण गर्ने काम भएको छ र सरकारले यो वर्ष जेल सुधारको लागि छुट्टै बजेटसमेत व्यवस्था गरेको छ। तर जेल सुधारसम्बन्धी कुनै पनि काम भने अघि बढ्न सकेको छैन। विभिन्न जेलमा बन्दीहरूले धारा, पानी, बिजुली, चर्पी, पत्रपत्रिका, ओढ्ने-बिछ्याउने कपडाहरू, सिदा, चामल, औषधोपचार, सरसफाई, खेलकूद र मनोरञ्जनका सामानहरूको व्यवस्थासम्बन्धी विभिन्न मागहरू राखी



हडताल, अनशन, विरोध पत्र दिने गरेका छन्। यस वर्ष यस सम्वन्धी १६ वटा घटनाहरू भए। औषधी उपचारको व्यवस्था राम्रो नहुनाको कारणले यस वर्ष २१ जना पुरुष र ४ जना महिला गरी २५ जनाको जेल र हिरासतमा मृत्यु भएका छ। पुर्पक्षका लागि थुनामा राखिएकाहरूले न्याय सम्पादनको ढिलाईले गर्दा धेरै वर्षसम्म थुनुवाको रूपमा जेल जीवन व्यतीत गर्नुपरेका घटनाहरू पनि प्रशस्त छन्। त्यसगरी पुर्पक्षका लागि जेलमा राखिनेहरूमा ६० प्रतिशतभन्दा वढी बन्दीहरू २ वा ३ वर्षदेखि फैसला नभएका पाइएको छ।

३. गिरफ्तारी र यातना

प्रहरीद्वारा पक्राउ गरिएकाहरूलाई पक्राउ गरिएको ठाउँबाट बाटोको म्याद बाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्ने र कुनै पनि व्यक्तिलाई त्यस्तो अधिकारीको आदेशले बाहेक सो अवधिभन्दा वढी थुनामा राख्न नहुने व्यवस्था संविधानमा उल्लेखित छ। तर पक्राउ गरिएकाहरूलाई २४ घण्टाभन्दा वढी थुनामा राखिने गरिएको छ। सार्वजनिक अपराध ऐन, २०२७ अन्तरगत अपराध गर्ने व्यक्तिहरू बाहेक अरूलाई विनापूर्जी पक्राउ गर्न पाइँदैन। धेरैजसो अपराधअन्तरगत पक्राउ गरेको ७ दिन भित्र अदालतमा मुद्दा दर्ता गर्नुपर्ने व्यवस्था छ। अदालतको आदेशमा पक्राउ परेकाहरूलाई २५ दिनसम्म प्रहरीले छानविन/कारवाहीको सिलसिलामा हिरासतमा राख्न सकिने कानूनी व्यवस्था छ। यसको म्याद अरू ७ दिनसम्म वढाउन सकिन्छ। तर त्यस्ता थुनुवाहरूलाई तोकिएको म्यादभन्दा वढी समयसम्म राखिने गरिएको छ। बन्दीहरूले कानूनी उपचार गर्न पाउने व्यवस्था छ। तर सम्वन्धित निकायमा धेरै पटक अनुरोध गरेपश्चात मात्र सरकारी वकील वा निजी वकील उपलव्ध गराउने चलन छ। धरौटीमा छुट्न पाउने प्रावधान भएता पनि धरौटी रकम वढी तिर्नुपर्ने भएकाले यसको उपयोग बन्दीहरूले गर्न सकेका छैनन्। अदालतको न्यायिक निर्णयमा हुने ढिलाईले प्रायःजसो सबै अदालतहरूमा पुराना मुद्दाको थुप्रो लागेको पाइन्छ। यसले गर्दा पक्राउ परेकाहरू धेरै समय जेल जीवन व्यतीत गर्न वाध्य छन्।

सार्वजनिक सुरक्षा ऐन अन्तरगत कुनै पनि व्यक्तिलाई विना अपराध ६ महिनासम्म राख्ने व्यवस्था छ। नेकपा (माओवादी) ले सञ्चालन गरेको "जनयुद्ध" प्रति समर्थन जनाउने साधारण जनतालाई प्रहरीले गैरकानूनी ढंगले गिरफ्तार गर्ने, यातना दिने र थुनामा राख्ने गरेको छ। जनयुद्ध शुरू भए यता १,६६१ जनालाई पक्राउ गरिएको छ भने त्यसमध्ये ९३० जनालाई छोडेको र ७३० जनालाई अझै पनि पुर्पक्षका लागि थुनामा राखिएको छ। तिनीहरूमध्ये २४६ जनालाई जेल चलान गरिएको छ। तर पुर्पक्षमा राखिएकाहरूलाई अदालतले सफाई नै दिएको पाइएको छ। क्षतिपूर्तिसम्बन्धी ऐन बनिसक्दा पनि त्यसको कार्यान्वयन नभएकाले पनि यी घटनाहरूको वढोत्तरी भएको देखिएको छ।

सार्वजनिक अपराध ऐनअन्तरगत प्रमुख जिल्ला अधिकारीको आदेशमा थुनामा राख्ने, खानतलासी गर्ने, सजाय तोक्ने तथा अन्य कारवाही गर्ने व्यवस्था छ। हालसालैका केही घटनाहरूमा सार्वजनिक अपराध ऐनअन्तरगत कारवाही गर्ने काम भएको छ, त्यसमा पनि माओवादीको नाममा पक्राउ गर्ने तथा हिरासतमा राख्ने काम सामान्य भएको देखिन्छ।

यो वर्ष गिरफ्तारी र यातनाका २८१ वटा घटनामा जम्मा १५६८ जनालाई कारवाही गरिएको छ। तिनीहरूमध्ये ८७७ जना पुरुष र ६८ जना महिलाको मात्र लिंगगत विवरण खुल्न सक्यो। तर उल्लेखित घटनाहरूबाहेक त्यति नै घटनाहरू भने सूचनामा सरकारी पक्षबाट हुने अवरोधका कारण पनि सार्वजनिक हुन नसकेको हुनसक्ने अनुमान छ।

४. बेपत्ता पारिएको

पञ्चायतकालमा राज्यद्वारा राजनीतिकरूपमा सक्रिय व्यक्तिहरूलाई बेपत्ता पार्ने गरिन्थ्यो। यो क्रम प्रजातन्त्र आएपश्चात पनि छिटफुटरूपमा देखियो। कर्मचारी आन्दोलनको सिलसिलामा भएको विरोध जुलुसबाट ०४९ असार ११ गते प्रभाकर सुवेदीलाई वेपत्ता गर्ने काम सरकारबाट भयो। हालसम्म वहाँको पत्ता लगाउन सकिएको छैन। प्रजातान्त्रिक शासन व्यवस्था र मानवअधिकारको वकालत गर्ने सरकारका लागि प्रभाकर सुवेदीको एउटै त्यस्तो घटना हो, जसले सरकारका सारा आदर्शलाई नै चुनौती दिएको छ। यस घटनाले कानूनी राज्यको उपहास र अपहेलना मात्र नगरेर संविधानप्रदत्त हकसमेत कुण्ठित गरेको छ। यससम्वन्धी मुद्दा २०५० असार २७ गते काठमाडौं जिल्ला

अदालतमा परेको थियो भने २०५३ मंसीर ३ गतेका दिन सम्बन्धित सबै निकायहरूबाट आवश्यकताअनुसार माग गरिएका प्रतिवेदनहरू सबै निकायबाट प्राप्त नभएकोले फैसला हुन सकेको थिएन। यसबीचमा यससम्बन्धी मुद्दाको पन्ध्रौं पटक अदालतमा सुनवाई हुँदा पनि मुद्दाको किनारा लाग्न सकेको छैन। विभिन्न मानवअधिकारवादी संस्थाहरूले बेपत्ता पारिएका प्रभाकरको बारेमा आवाज उठाउँदै आएका छन्। सर्वोच्च अदालतले समेत प्रभाकरलाई पक्राउ गरेर लाने प्रहरीहरूलाई उपस्थित गराउन आदेश दिएको थियो। त्यस्तै रामेछाप जिल्लाका भुवन थापा मगरका सम्बन्धमा उनका परिवारले थापालाई राज्यले बेपत्ता पारेको बताउँदै आएको छ। तर यस सम्बन्धमा राज्यपक्ष मौन छ। आजको अवस्थामा पनि प्रहरीद्वारा बेपत्ता पारिने हो कि भन्ने एकस्वालको त्रास जनतामा रही नै रहेको छ। यो वर्ष सरकारबाट बेपत्ता पारिएको घटना भने जानकारीमा आएन। तर माओवादी जनयुद्ध प्रभावित जिल्लाहरू रूकुम, रोल्पा, सल्यान, जाजरकोट, गोरखा, काभ्रे, सिन्धुली, रामेछाप आदि जिल्लामा प्रहरीले पक्राउ गरेका केही व्यक्तिहरू कहाँ र कुन अवस्थामा छन् जीवित छन् वा छैनन् भन्ने सम्बन्धमा सम्बन्धित परिवार वा समाजलाई थाहा नदिएको पाइएको छ। इन्सेकलाई प्राप्त त्यस्ता सूचनाहरूमा ७ वटा घटना भए पनि विभिन्न बाध्यात्मक कारणले सूचना सार्वजनिक नगर्न पीडित पक्षले अनुरोध गरेका छन्।



५. कुटपीट

कुटपीटका घटनाहरूमा पनि शान्ति सुरक्षाको जिम्मा लिएकाहरू र सरकारी निकायका व्यक्तिहरू संलग्न रहेको पाइयो। यो वर्ष राज्यपक्ष प्रत्यक्ष वा अप्रत्यक्षरूपमा संलग्न रहेका २५ वटा कुटपीटका घटनाहरूमा ४१ जना पुरुष र ६ जना महिला गरी जम्मा ४७ जना पीडित भएको जानकारीमा आयो। त्यस्तैगरी प्रहरीबाट भएको लाठीचार्जबाट ३७ जना घाइते भएको तथ्य जानकारीमा आयो।

६. मौलिक अधिकार

६.१ अभिव्यक्ति स्वतन्त्रता, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

विचार र अभिव्यक्ति स्वतन्त्रता संविधान प्रदत्त अधिकार हो र सरकारले कुनै समाचार, लेख वा अन्य कुनै पाठ्य सामाग्री प्रकाशित गर्ने कार्यलाई प्रतिबन्ध लगाउन पाउँदैन। तापनि संविधानमा देशको सार्वभौमसत्ता वा अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पर्ने वा राजद्रोह, गालीबेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरूत्साहन दिने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन भन्ने उल्लेख छ। प्रेस तथा छापाखाना ऐनमा प्रकाशनहरूको अनुमति पत्र (लाइसेन्स) र पत्रकार परिचय-पत्र लिनुपर्ने जनाएको छ। राजा र राजपरिवारविरूद्ध कुनै पनि किसिमको लेख, रचना, समाचार आदि प्रकाशित गर्नमा प्रतिबन्ध लगाइएको छ। हाल देशमा सयौं पत्रपत्रिकाहरू निजी क्षेत्रबाट प्रकाशित भइरहेका छन्। धेरैजसो पत्रिकाहरू थोरै मात्रामा बिक्री वितरण हुने गरेको पाइएको छ। ठूलो संख्यामा बिक्री वितरण हुने सरकारी पत्रिका "गोरखापत्र" मा खासगरी सरकारी नीतिको बारेमा समाचार प्रकाशित हुने गर्दछन्।

संविधानले विना हातहतियार शान्तिपूर्णरूपले जुलुस निकाल्ने, भेला हुने, आमसभा गर्ने आदि अधिकार प्रदान गरेको छ। तर यस्ता भेला र जुलुसहरूमा राज्यले प्रहरी बल प्रयोग गरी बिथोल्ने, अवरोध खडा गर्ने गरेको छ। यस वर्ष यससम्बन्धी सरकारी पक्षबाट दमन गर्ने जस्ता १८ वटा घटना जानकारीमा आए। जसमा जम्मा ४४७ जना पीडित भएका छन्।

६.२ निष्पक्ष न्यायिक अधिकार

अदालतको ढिलो न्याय सम्पादनले गर्दा पुराना मुद्दाहरूको सुनवाई गर्न बाँकी नै रहेको र नयाँ मुद्दाहरूलाई



सेलक्रममा राख्दा एक/दुइ वर्षपछि मात्र सुनवाई हुने अवस्था पनि देखिएको छ। अझ कतिपय दुर्गम जिल्लाहरूका अदालतमा न्यायाधीशको लामो समयसम्म हुने अनुपस्थितिले गर्दा धेरैजसो जनता पीडित हुन पुगेका छन्। त्यस्तैगरी अर्धन्यायिक निकायहरू प्रमुख जिल्ला अधिकारीको कार्यालय र प्रहरी कार्यालयबाट हुने न्याय सम्पादनमा पक्षपात र पूर्वाग्रही ढंगले गर्ने गरिएको छ। यससम्बन्धी यो वर्ष ५ वटा घटनामा ९ जना पुरूष र १ महिला गरी जम्मा १० जना पीडित भएका घटना सार्वजनिक भए।

एकातिर संविधानतः न्यायिक तथा अर्धन्यायिक निकाय मानवअधिकार संरक्षणको प्रमुख अंग हुन्। तर न्यायालयको मात्र कुरा गर्ने हो भने पनि न्यायालयबाटै सबैभन्दा बढी अन्याय हुने गरेको कुरा तथ्यहरूले देखाएको छ। सर्वोच्च अदालतकै पछिल्लो प्रतिवेदनअनुसार देशभरिमा ७६ हजारभन्दा बढी २ वा ३ वर्ष पुराना मुद्दाहरू फछ्र्योट हुन बाँकी छन्। त्यस्तै प्रतिवर्ष ४५ हजार मुद्दा थपिने गरेको छ भने प्रतिवर्ष सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालतबाट समेत गरेर ५० हजारभन्दा बढी मुद्दा फछ्र्योट हुन सक्दैनन्। सर्वोच्च अदालतकै प्रतिवेदनअनुसार प्रतिवर्ष जिल्ला अदालतमा १५ प्रतिशत, पुनरावेदनमा ४४ प्रतिशत र सर्वोच्च अदालतमा ३१ प्रतिशत मुद्दाहरू फछ्र्योट हुने गर्छन्। जसअनुसार देशभरिमा परेका सम्पूर्ण मुद्दाहरूको ४३ प्रतिशतको पनि किनारा लाग्न सक्दैन। यसबाट न्यायालयको प्रभावकारिता निष्प्रभावी हुँदै गएको देखिन्छ। तर न्याय प्रणालीमा यस्ता विसंगति सुधार्ने कुनै योजना रहेको पाइँदैन।

६.३ सरुवा, घटुवा, पक्षपात आदि

प्रजातन्त्रको पुनर्स्थापनापश्चात् अन्तरिम सरकार, नेपाली कांग्रेसको सरकार, नेकपा (एमाले) को सरकार, नेपाली कांग्रेस-राष्ट्रिय प्रजातन्त्र पार्टी-नेपाल सद्भावना पार्टीको सरकार, नेकपा(एमाले)-राप्रपा-सद्भावनाको सरकार, नेका-राप्रपा-सद्भावना गरी जम्मा ६ वटा सरकारहरू आइसकेका छन्। सबै सरकारको आ-आफ्नो कार्यकालमा आफ्ना मान्छेहरूलाई जागीर खुवाउने, भिन्न विचारकाहरूलाई सरूवा, घटुवा, पक्षपात आदि गर्ने कामहरू भएका छन्। नेपाली कांग्रेसको सरकारको पालामा विभिन्न मागहरू राखी कर्मचारीहरूले आन्दोलन गरेका थिए। आन्दोलनकै सिलसिलामा उनीहरूमाथि तत्कालीन सरकारले चर्को दमन गरेको थियो। त्यस समयमा निलम्बित कर्मचारीहरूले पछि सर्वोच्च अदालतको फैसलाले पुनर्स्थापना हुने मौका पाए। यो वर्ष यससम्बन्धी ११ वटा घटनाहरूमा जम्मा १०८ जना पीडित भएका छन्।

७. भूमिहीन तथा सुकुम्बासी समस्या

भूमिहीन तथा सुकुम्बासी समस्या अझै पनि विकरालरूपमा यथावत् छ। सरकारले भूमिहीन तथा सुकुम्बासीहरू निर्धारण गर्न सकेको छैन। बाढी पहिरो आदि भूक्षयबाट हुने भूमिहीनहरूका साथै बसाइ-सराइको क्रममा एक ठाउँबाट अर्को ठाउँमा जानेहरूले पनि भूमिहीन तथा सुकुम्वासीको रूपमा आफूलाई प्रस्तुत गर्ने गरेका छन्। कतिपय यस्ता व्यक्तिहरूले पनि सरकारबाट बाँडिने जग्गाको उपभोग गरिरहेका छन्। जग्गा वितरण गर्ने क्रममा प्रत्येक नयाँ सरकारले आफ्नो छुट्टै आयोग बनाई जग्गा बाँड्ने काम गर्ने गरेको पाइन्छ। यस्तो आयोगबाट बाँडिने जग्गा पक्षपातपूर्ण ढंगले आफूले चिनेकाहरूलाई पहिलो प्राथमिकता दिने काम हुने गरेको छ। यस वर्ष सुकुम्बासी भएकै कारणले मानवअधिकार हननका प्रत्यक्ष घटनाहरू सार्वजनिक नभए पनि सुनसरी, उदयपुर, कञ्चनपुर र तराईका अन्य जिल्लाहरूमा समेत राज्य वा स्थानीय निकायहरूबाट सुकुम्बासीहरूलाई विस्थापित गर्ने, उनीहरूको पुनर्स्थापना कार्यलाई बेवास्ता गर्ने जस्ता घटनाहरू भएको पाइयो। त्यस्तै विगत सरकारकै पालादेखि वृद्ध तथा असहाय नागरिकलाई

प्रदान गरिने भनिएको भत्ता रकम पनि समयमा उपलब्ध गराउन सकिएको देखिएन। इन्सेकको अध्ययनअनुसार पनि देशका पचहत्तरै जिल्लामा यो समस्या पूर्ण वा आंशिकरूपमा देखा पर्‍यो। त्यस्तै विगत सरकारकै पालादेखि गठन भएको सुकुम्बासी समस्या समाधानसम्बन्धी उच्चस्तरीय आयोग पनि सत्ता परिवर्तन सँगसँगै राजनीतिक दलहरूका लागि आ-आफ्नो स्वार्थअनुसार काम गर्ने माध्यमका रूपमा रहेको छ। एकपछि अर्को सरकारले उच्चस्तरीय आयोग गठन गर्ने गरेता पनि त्यससम्बन्धी आयोगको रिपोर्ट कार्यान्वयन गर्नुको साटो एउटा कुनामा थन्क्याउने र अर्को आयोग गठन गर्ने काम मात्र भएको छ। यो क्रम हरेक सरकारका पालामा दोहोरिंदै आएको छ। त्यस्तै दलित जाति उत्थान तथा महिला साक्षरता वृद्धिका लागि दिइने भत्तामा पनि पक्षपात तथा ढिलाई भएको पाइयो।

कञ्चनपुर जिल्लाको महेन्द्रनगर विकास समितिभित्र २०२२ सालदेखि २०४८ सालसम्म झोपडी बनाई बसोबास गरेका ५ सय ५२ जना सुकुम्बासीहरू रहेका छन्। समस्या समाधान गर्न नगर विकास पीडित मञ्चद्वारा विभिन्न मागहरू उठाइयो। महेन्द्रनगर विकास समिति समक्ष ७ सूत्रीय माग प्रस्तुत गर्न गएका नरमदेवी सुनार, उषा चन्द, बोमलाल शर्मा र नारायणदत्त भट्टलाई उक्त समितिद्वारा खटाइएका प्रहरीले लाठीचार्ज गरी सख्त घाइते बनाए। नगर विकास समितिसमक्ष मागपत्र प्रस्तुत गर्न गएका महेन्द्रनगर नगरपालिका-४ का ८४ वर्षीय गंगादेवी चन्दलगायत् ४० जनालाई प्रहरीहरूले लाठीचार्ज गरी घाइते बनाए। पीडितहरूमध्ये गंगादेवी चन्द सख्त घाइते भई बेहोससमेत भइन्। त्यसरी नै सुनसरी जिल्लाको धरान नगरपालिकामा पनि यससम्बन्धी अप्रिय घटना दोहोरियो। यो समस्यालाई सरकार वा राजनीतिक दलले आ-आफ्नो प्रमुख मुद्दा बनाए पनि समाधानको तहसम्म पुगेर कुनै काम गरिएको पाइएन।

अन्य पक्षबाट भएका मानवअधिकार हननहरु

१. मौलिक अधिकार

१.१ अभिव्यक्ति स्वतन्त्रता, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

संविधानतः अभिव्यक्ति स्वतन्त्रता, भेला हुने र संगठित हुने अधिकार नेपाली नागरिकले पाएका छन्। तर यी अधिकारहरू समय समयमा राज्यपक्ष बाहेक व्यक्तिगत वा राजनीतिक वा सामूहिक रूपले पनि कुण्ठित पार्ने गरिएको पाइन्छ। एक राजनीतिक दलका कार्यकर्ताहरूले अर्को राजनीतिक दलबाट गरिने भेला, जुलुस आदिमा अवरोध खडा गर्ने, विथोल्ने गरेका छन्। यसै वर्ष पनि आ-आफ्नो पकड क्षेत्रमा अरू राजनीतिक दलका व्यक्तिहरूलाई निर्वाचनमा मनोनयनपत्र दर्ता गर्न नदिने, चुनावी प्रचार प्रसारमा अवरोध खडा गर्ने, बुथ कब्जा गर्ने, फर्जी मत खसाल्ने, हिंसा र होहल्ला मच्चाउने गरिएको पाइयो। यससम्बन्धी १२ वटा घटनाहरूमा ३६ जना पुरूष र ४ जना महिला गरी जम्मा ४० जनाको अभिव्यक्ति स्वतन्त्रता कुण्ठित भएको पाइयो। त्यस्तै १२ वटा घटनाहरूमा ४६६ जनाको भेला र संगठित हुने अधिकार कुण्ठित गरेको पाइयो। त्यस्तै ४१ वटा घटनाहरूमा जम्मा १३३ जनाको स्वतन्त्र र निष्पक्ष चुनावको अधिकार कुण्ठित भएको पाइयो। त्यस्तै गरी १६ वटा घटनाहरूमा जम्मा ४९ जना अन्य मौलिक अधिकारहरूबाट कुण्ठित भएको पाइयो।

१.२ धार्मिक स्वतन्त्रता

नेपाल बहुभाषी, बहुसांस्कृतिक र बहुधार्मिक देश हो। धर्म निरपेक्ष राज्यको अवधारणा हाम्रो संविधानमा उल्लेखित छ। अरू कतिपय मुलुकमा हुने गरेका धार्मिक कलह र धर्मकै नाममा भड्किने गरेका हिंसात्मक भिडन्तका तुलनामा यो मुलुक शान्त देखिन्छ तापनि धार्मिक संस्कार तथा आचारविचार एवं मान्यताका कारण पनि धेरै मानिसहरूको मानवअधिकार कुण्ठित हुने गरेको पाइन्छ। यस वर्ष यससम्बन्धी ७६ जना पीडित भएको पाइयो।

१.३ पक्षपात

निजी क्षेत्रका व्यावसायिक कार्यालय, उद्योग, संघ-संस्था आदिहरूमा काम गर्ने कर्मचारीहरूलाई व्यवस्थापकीय पक्षबाट

पक्षपात गर्ने काम हुने गरेको पाइयो। यससम्बन्धी यो वर्ष ४ वटा घटनामा ३ जना पुरुष र २ जना महिला गरी जम्मा ५ जना पीडित भएको जानकारीमा आयो।

२. जाति, लिंग, धर्म, शारीरिक वा मानसिक रुपले अशक्त, भाषा अथवा सामाजिक स्थितिको आधारमा गरिने भेदभाव

नेपालको संविधानमा महिला, बालक, वृद्ध वा शारीरिक वा मानसिकरूपले अशक्त व्यक्ति वा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिनेछ भन्ने उल्लेख छ। त्यस्तै उनीहरूमाथि राज्यले कुनै कुराको आधारमा भेदभाव गर्ने छैन पनि भनिएको छ। समान काममा महिला र पुरूषबीच पारिश्रमिक भिन्नता हुँदैन भन्ने पनि उल्लेख छ। संविधानमा यी कुराहरु उल्लेख र उनीहरूको भेदभावमाथि दण्ड दिने कानूनको व्यवस्था भएता पनि अझै पनि लिंग, धर्म वा जातीयताको आधारमा होच्याउने, महिलाहरूलाई दमन गर्ने जस्ता घटनाहरु हुने गरेको छ।

२.१ महिला वर्ग

महिलामाथि गरिने दुर्व्यवहार गम्भीर समस्याको रूपमा देशका प्रत्येक नागरिकमा विद्यमान छ। देशका सबै भागहरूमा परिवारभित्र हिंसाका घटनाहरु हुने गर्दछन्। विद्यमान केही कानूनमा समेत महिलाहरूलाई भेदभाव गरिएको छ। अदालतको फैसला र सार्वजनिक प्रतिवद्धताको बावजुद महिलाप्रति भेदभावपूर्ण रहेको कानूनलाई परिमार्जन गरी संविधान सम्मत बनाइएको छैन। सम्पत्तिमाथि महिलाको हक स्थापित गर्ने क्रममा विभिन्न गैरसरकारी संस्थाहरूले भेला, गोष्ठी, जुलुस आदि गर्दा पनि सम्पत्ति अधिकारसम्बन्धी कानून संसदमा थन्किएर बसेको छ। कानूनको निर्माण गरी नेपाली महिलाको संरक्षण वा विकासको लागि विशेष व्यवस्था गर्न सकिने संवैधानिक प्रावधान हुँदाहुँदै पनि यस क्षेत्रमा केही गरिएको छैन। वास्तवमा महिला, वृद्ध वा शारीरिक वा मानसिकरूपले अशक्त व्यक्तिको संरक्षण वा विकासको लागि विशेष कानूनी व्यवस्था गरी कार्यान्वयन गर्ने तर्फ यो वर्ष कुनै प्रयास भएन। ठूलो माग र आवश्यकताको बावजुद पारिवारिक अदालतको स्थापनाका लागि आवश्यक कार्य हुन सकेको छैन।

राम्रो काम लगाइदिने, मीठो खान पाइने, मनोरञ्जन गर्न पाइने आदि प्रलोभन देखाएर गाउँका सोझा महिला तथा बालबालिकाहरूलाई भारतका विभिन्न ठाउँमा बेच्ने गरिएको छ। भारतका विभिन्न वेश्यालयहरूमा १ लाखसम्म नेपाली महिला तथा बालिकाहरु हुनसक्ने अनुमान गरिएको छ। वर्षेनी ५ हजार देखि ७ हजार महिलाहरु भारतमा लगी बेच्ने गरिएको प्रकाशमा आएको छ। बेचिनेहरुको उमेर १० देखि १८ वर्षसम्मको छ। निर्मम यातनाबाट गुज्रिनुपर्ने स्थितिका बारेमा भारतको नारकीय जीवन बिताएर फर्किएका महिलाहरु बताउँछन्। देशको राजधानी काठमाडौंमा पनि देह व्यापारमा संलग्न महिलाहरूको संख्या दिनपरदिन बढ्दै गइरहेको पाइन्छ। धेरैजसो १६ वर्षभन्दा मुनिका छन्। महिला बेचबिखन र देहव्यापारका घटना बढ्ने क्रममा एड्स जस्तो भयावह रोगले पीडित हुनेहरूको संख्या पनि थपिँदै छ।

दाइजो दिने चलन अझै पनि कायम छ। दाइजो गतिलो नदिएका कारण आफ्नै पत्नीलाई कुटपीट गर्ने खालका घटनाहरू पनि प्रकाशमा आएका छन्। यस्ताखाले घटनाहरू धेरैजसो तराईका जिल्लाहरूमा भएको पाइन्छ। थप दाइजो नदिएको खण्डमा अर्की पत्नी ल्याउने गरिएको पनि पाइएको छ। बहुविवाहका कारणले पनि महिलाहरु सताइने गरेका छन्। यो वर्ष बहुविवाहका १०२ वटा घटना सार्वजनिक भएको पाइयो। तर यस्ता घटनाका पीडकलाई खासै उल्लेख्य कानूनी कारवाही नहुनुले पनि यस्ता घटनाहरु दोहोरिने गरेको पाइन्छ। त्यस्तै यौन दुराचार, बलात्कार आदिले महिलाहरूलाई नराम्रोसँग प्रभावित पारेको पाइएको छ।

महिलाहरु अरु वर्गहरूबाट बढी पीडित छन् भने आफ्नै वर्ग (महिला) बाटै झन् पीडित भएका घटनाहरु पनि प्रकाशमा आएका छन्। जस्तै, तनहुँ जिल्लाको घाँसीकुवा गाविस-८ की ४० वर्षीय गर्भेश्वरी रानालाई आफ्नै घरमा बसिरहेको समयमा सौतादिदी फूलमाया रानाले थुक्ने, अश्लील शब्दले गाली गर्ने र यसलाई दिशा खुवाउनुपर्छ भनी शरीरभरि दिशासमेत दलिदिइन्। यस्ता घटना धेरै दोहरिने गरेका पाइन्छन्।

यो वर्ष १ हजार ६ सय ३६ महिलाहरु विभिन्न कारणले पीडित भए। तीमध्ये १५ वर्षमुनिका २ सय १८ जना, १५ देखि ४५ वर्षसम्मका १ हजार २ सय ८८ जना र ४५ वर्ष भन्दामाथिका १ सय ३० जना रहेका छन्।

२.१.१ महिला किनबेच र बलात्कार

वर्षेनी नेपालका धेरैजसो गाउँहरू र केही शहरहरूबाट नेपाली चेलीबेटीहरु बम्बईको वेश्यालयमा बेचिने गरेका घटनाहरु निरन्तर प्रकाशमा आइरहेका छन्। भारतसँगको सीमाना खुल्ला हुनु र कतिपय नाकाहरूमा राम्रोसँग जाँचपड्ताल नगरिनाले यस्ता घटनामा संलग्न व्यक्तिहरूले प्रोत्साहन पाइरहेका छन्। महिला किनबेचलाई नियन्त्रण गर्नका लागि कानूनमा कडा सजायको व्यवस्था नहुनुले पनि यस्ता घटनाहरु बढिरहेका छन्। यसअघिकै सरकारी वा गैरसरकारी अध्ययनअनुसार प्रतिवर्ष ५ हजारभन्दा बढी नेपाली महिलाहरु भारतका विभिन्न वेश्यालयहरूमा बेचिँदै आएका छन् भने यो क्रम नरोकिएको मात्र हैन, बढ्दै गइरहेको अनुमान गरिन्छ। यससम्बन्धी यो वर्ष ६६ वटा घटनाहरूमा ८९ जना महिलाहरूलाई बेचबिखन गरिएको प्रकाशमा आएको पाइयो।

मानवीय दुर्व्यवहारहरूमध्येको पनि क्रूर दुर्व्यवहार बलात्कारबाट यो वर्ष २ वर्षकी बालिकासमेत अछुतो रहन सकिनन्। बढ्दै गइरहेको अश्लील संचार माध्यमहरूको प्रभावका कारण पनि बलात्कारका घटनाहरु वर्षेनी बढ्दै

गइरहेको देखिन आउँछ। अरूलाई ज्ञानवर्द्धक, नैतिक आदि शिक्षा प्रदान गर्ने शिक्षकले समेत बलात्कार गरेका घटनाहरू प्रकाशमा आए। शान्ति सुरक्षाको जिम्मा लिएर बसेका प्रहरीहरू पनि बलात्कार गर्नमा पछि परेनन्। विभिन्न स्थानमा रहेका सैनिक ब्यारेकका जवानहरूबाट समेत धेरै महिलामाथि बलात्कार तथा दुर्व्यवहारका प्रयास भएका घटना प्रकाशमा आए। यो वर्ष यससम्बन्धी जम्मा १५५ वटा घटनाहरूमा १५६ जना महिलाहरू बलात्कारको शिकार भए भने त्यसमध्ये प्रहरीबाट ४ जना महिलाहरू बलात्कार भएको पाइयो। त्यस्तै २२ वटा घटनाहरूमा २३ जना महिलाहरूमाथि बलात्कार गर्ने प्रयास भएको जानकारीमा आयो।

यो वर्ष आफ्नै बाबुले समेत बलात्कार गर्ने जस्ता घटनाहरू पनि प्रकाशमा आए। नवलपरासी जिल्लाको जमुनिया गाविस-२ की १४ वर्षीय एक बालिकालाई सुतिरहेको अवस्थामा राति २ बजे आफ्नै बाबुले बलात्कार गरेको थियो। त्यस्तै मोरंग जिल्लाको हरैंचा गाविसका ३१ वर्षीय एक पिता आफ्नै १० वर्षीय छोरीलाई बलात्कार गरेको अभियोगमा थुनामा छन्।

२.१.२ जारी/बहुविवाह/देउकी/देहव्यापार

नेपालको मध्यपश्चिम तथा सुदूरपश्चिम क्षेत्रमा विद्यमान जारी प्रथाले अझ जरो गाड्दै गइरहेको छ। कसैले कसैको पत्नी भगाएबापत तिर्न लगाउने क्षतिपूर्तिबापतको रकमलाई जारी भनिन्छ। यी क्षेत्रहरूमा यसरी जारी तिरेर पत्नी ल्याउनेहरूलाई शक्तिशाली/दह्रो मुटुवाला ठानिन्छ। यो कुप्रथासम्बन्धी यस वर्ष ३९ वटा घटनाहरूमा ३६ जना पुरूष र ४० जना महिला गरी ७६ जना संलग्न रहेका छन्। यस सम्बन्धी घटनाहरू धेरै नै हुने गरेको पाइएता पनि ती सबै घटनाहरू प्रकाशमा आउन सक्दैनन्।

कानूनतः घरमा पत्नी हुँदाहुँदै दोस्रो पत्नी बिहे गर्न वा ल्याउन पाइँदैन। यसरी दोस्रो पत्नी ल्याइसके पश्चात धेरैजसोले पहिली पत्नीलाई हेला गर्ने, घरबाट निकालिदिने, कुटपीट गर्ने, अंगभंग गर्ने र हत्यासमेत गरिदिने जस्ता घटनाहरू जानकारीमा आए। यससंग सम्बन्धित घटनाबाट १०२ जना महिलाहरू पीडित भएको जानकारीमा आयो।

देउकी र झुमा प्रथा पनि विभिन्न क्षेत्रमा प्रचलनमा रहेको पाइन्छ। कलिलो उमेरमै कुनै बालिकालाई मन्दिरमा चढाइने, मन्दिर सरसफाइको काम सुम्पने यो प्रथाले कैयौं बालिकाहरूलाई यौन दुराचारको शिकारसमेत बनाएको देखिन्छ। तर यससंग सम्बन्धित कुनै घटना यो वर्ष जानकारीमा आएन।

आर्थिक स्थिति कमजोर हुनाको कारण शहरी क्षेत्र र राजमार्ग क्षेत्रका केही सानातिना बजारहरूमा केही महिलाहरू देहव्यापारमा लाग्न बाध्य छन्। यस वर्ष देहव्यापार गर्न बाध्य बनाइएका घटनाहरू पनि प्रकाशमा आएका छन्।

२.१.३ गर्भपतन

निश्चित प्रक्रियाहरू अपनाएर गर्भपतन गर्न पाउनुपर्ने



व्यवस्था गर्भपतनसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिमा उल्लेखित छ। नर नेपालको कानूनले कुनै पनि अवस्थामा गर्भपतन बन्देज गरेको छ र गर्भपतन गर्नेलाई ज्यान मार्ने अपराध सरह सजायसमेत तोकिने व्यवस्था गरेको छ। नेपाली समाजले गर्भपतनलाई सामाजिक अपराधको रूपमा लिँदै आएको छ। कसैले स्वेच्छाले गर्भपतन गर्ने गरेको छ भने कसैलाई बाध्य बनाएर पनि गर्भपतन गराउने गरिएको छ वा कसैको कुटपीट आदिका कारणबाट पनि गर्भपतन हुने गरेका घटनाहरू प्रकाशमा आएका छन्। गर्भपतनसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिलाई आधार मानेर हामीले पीडित पक्षलाई विशेष उल्लेख गरेका छौं। यससम्बन्धी घटनाहरूमा स्वास्थ्यकर्मीहरूको सल्लाहबाट गर्भपतन गराउने महिलाहरूको मृत्युसमेत भएको पाइएको छ। यस्तो अवस्थामा स्वास्थ्यकर्मीहरूलाई पीडकको रूपमा हामीले लिएका छौं। परिपक्व रहेको गर्भ (९ महिना पुगेको) लाई पतन गराइएका घटनाहरूमा महिलालाई पीडकको रूपमा लिएका छौं। यससँग सम्बन्धित ३८ वटा घटनाहरूमा ४ नवजात शिशु र ३४ जना महिला गरी जम्मा ३८ जना पीडित भएको जानकारीमा आयो। यस वर्ष गर्भपतन गरेकै कारण २ वटा घटनामा २ जना महिलाको मृत्यु भएको पाइयो।

२.२ बालबालिका

सरकारले प्राथमिक तहको शिक्षा निःशुल्क गरेको भनिएता पनि कतिपय आर्थिक स्थिति कमजोर भएकाहरूले भर्ना शुल्क, विद्यालय शुल्क र कपडा किन्नका लागि खर्च गर्न नसकिएका कारणले आफ्ना बच्चाहरूलाई शिक्षा दिलाउन सकिरहेका छैनन्। खासगरी ग्रामीण क्षेत्रका अधिकांश बालबालिकाहरू घरको आर्थिक अवस्था न्यून र घरायसी काममा व्यस्त हुनुपर्ने भएकाले शिक्षा पाउनबाट वञ्चित छन्। बालिकाहरूलाई भारतमा लगी बेच्ने र देहव्यापारमा लाग्न बाध्य बनाउने गरिएको छ। सामाजिक दृष्टिले बालिकालाई खरीद बिक्री हुने सामानको रूपमा हेरिन्छ। अझै पनि नेपालका गाउँहरूमा उमेर नपुगिकनै विवाह गरिदिने चलन छ। यूनिसेफको दक्षिण एशियाई क्षेत्रीय कार्यालयले यस्ता क्षेत्रमा विवाह हुनेहरूमध्ये ४० प्रतिशतको उमेर १४ वर्ष मुनिको रहेको जनाएको छ। आफ्ना अभिभावकहरूले अपराध गरेका कारणले कतिपय बालबालिकाहरू अभिभावकहरूसँगै जेल जीवन व्यतीत गर्न बाध्य छन्। यो वर्ष विभिन्न घटनाहरूमा जम्मा ४ सय ४३ जना बालबालिकाहरू पीडित भएको जानकारीमा आए।

२.२.१ बालअधिकार (बालबालिकाउपरको अत्याचार)

कुनै पनि बालबालिकालाई कलकारखाना, विष्फोटनजन्य कारखाना तथा त्यस्तै खतरापूर्ण क्षेत्रहरूमा काम गर्न लगाउन पाइँदैन भन्ने संविधानमा उल्लेखित छ। नेपालको कानूनले औद्योगिक क्षेत्रमा काम गर्ने बालबालिकाको उमेर कम्तीमा १६ वर्षको हुनुपर्ने र कृषि क्षेत्रमा काम गर्नेहरूको उमेर कम्तीमा १४ वर्षको हुनुपर्ने उल्लेख गरेको छ। १४ देखि १६ वर्ष उमेरका बालबालिकाहरूलाई हप्ताको ३६ घण्टा मात्र काममा लगाउन पाइने व्यवस्था छ। बालबालिकाहरूलाई आफ्ना अभिभावकहरूबाट नै काममा लगाउने कार्य बढी मात्रामा कृषि क्षेत्रमा देखिएको छ। निम्न आर्थिक स्थितिका कारणले करीब दुइतिहाई बालबालिकाहरू प्राथमिक शिक्षा पाउनबाट वञ्चित छन्। शहरी क्षेत्र र राजमार्गका सानातिना बजारहरूमा बालश्रम बढी मात्रामा उपयोग हुने गरेको छ। मालिकद्वारा पिटाई खानु पर्ने, काम गरेवापत पैसा नदिने आदि घटनाहरू बारम्बार दोहरिइरहने गरेको देखियो। यससंग सम्बन्धित जम्मा ५१ वटा घटनामा ३० जना बालक र २२ जना बालिका गरी जम्मा ५२ जना पीडित भए। तर बालश्रम शोषण, यौन दुर्व्यवहारका पीडक पक्षलाई कानूनतः कारवाही नहुनुले मात्र होइन, त्यस्ता घटनाका पीडकहरूलाई भवितव्यको परिभाषा दिँदै न्यायालयले समेत सफाई दिएको पनि पाइयो।

बालबालिकाहरूलाई फकाएर विदेशमा लगी मृगौला बेच्ने घटनाहरू पनि छिटफुटरूपमा देखिएका छन्। तनहुँ जिल्लाको छाङ्ग गाविस-८ का १३ वर्षीय बालक प्रकाश कुँवरलाई फकाई बेचविखन गरियो।

२.३ आर्थिक अधिकार

सरकारी स्वामित्वमा सञ्चालित विभिन्न उद्योगहरूमा काम गर्ने मजदूरहरूलाई कामबाट अवकाश दिने, सुविधाहरू प्रदान नगर्ने र प्राप्त सुविधाहरूलाई पनि कटौती गर्ने आदि कार्यहरू जानकारीमा आए। नेपालको प्रमुख आय कृषि क्षेत्रमा काम गर्ने मजदूरहरूको आर्थिक स्थिति भने निकै कमजोर छ। संविधानतः हप्ताको ४८ घण्टा र एकदिनको बिदा हुनुपर्ने उल्लेख भए पनि निजी क्षेत्रबाट सञ्चालित कतिपय उद्योग-व्यवसाय क्षेत्रहरूमा बढी समयसम्म काम गर्नुपर्ने र त्यस्तो काम गरेवापत थप सुविधाहरू दिने गरिएको छैन। समान काम गरेवापत महिला-पुरूषलाई समान ज्याला दिनुपर्नेमा त्यसो नगर्ने र बालबालिकालाई समेत कडा काममा लगाई न्यूनतम ज्याला दिइने काम अधिकांश कलकारखानाहरूबाट हुने गरेको छ। व्यवस्थापकीय पक्षबाट सधैं मजदूरहरू त्रसित भइरहनुपर्ने अवस्था छ। यससँग सम्बन्धित जम्मा ३३ वटा घटनाहरूमा ५३० जना पीडित भए।

२.४ दासत्व/कमैया/बाँधा/हलिया आदि

मध्ययुगीन दासताको क्रूर रूप अझै पनि नेपालको पश्चिम क्षेत्रमा कमैयाको रूपमा रहिरहेको छ। मध्य पश्चिम र सुदूर पश्चिमका ५ वटा जिल्ला कैलाली, कञ्चनपुर, बाँके, बर्दिया र दाङ जिल्लाहरूमा कमैयाका रूपमा जीवन बिताउनेहरूको संख्या ४० हजार छ। इन्सेककै एक सर्भेक्षणबाट तराईका अरू केही जिल्लाहरूमा कमैयाहरू रहेको कुरा देखिन आएको छ। तराईका धेरैजसो जिल्लाहरूमा थोरै ज्याला दिएर अथवा खाजा मात्र खुवाएर खेत जोताउने चलन पनि छ। इन्सेकले बाँधा श्रमसम्बन्धी समस्यालाई पूर्ण

उन्मूलन गर्ने सवालमा न्यायालयमा सरकारलाई विपक्ष बनाई मुद्दासमेत दिएको थियो। अदालतले त्यस सम्बन्धी मुद्दालाई खारेज गरी सरकारी पक्षबाट आवश्यक पहल भइरहेको जनाएको छ। तर सरकारी पक्षबाट यस समस्यालाई समाधान गर्न बजेट वक्तव्यमा केही उल्लेख गरे पनि अन्य काम भने भएको छैन।

२.५ अन्य अमानवीय व्यवहारहरु/छुवाछूतसमेत

सामाजिक प्रचलनको अन्धविश्वासी अवधारणाले अझै पनि जातीयताको रूपमा छुवाछूत गरिने चलन विद्यमान छ। माथिल्लो जात भनिने ब्राह्मण, क्षेत्री र नेवार जातिका मानिसहरूले अरू जातकालाई हेप्ने, होच्याउने, दमन गर्ने चलन छ। यस वर्ष पनि यससम्बन्धी २९ वटा घटनाहरूमा ४४ जना पुरूष र २५ जना महिला गरी जम्मा ७४ जना पीडित भएको सार्वजनिक भएको छ।

२.६ शारीरिक र मानसिक रुपले अशक्त व्यक्तिहरु

शारीरिक र मानसिक रूपले अशक्त व्यक्तिहरूप्रति गरिने हाम्रा व्यवहारहरू पनि पक्षपातपूर्ण छन्। परिवारभित्रै पनि एक सदस्यले अर्को अशक्त सदस्यलाई होच्याउने, तिनीहरूको दैनन्दिन हेरचाहमा वास्ता नगर्ने गरेको पाइन्छ। नेपालमा अशक्त व्यक्तिहरूको आर्थिक विकास गर्न प्रायः असम्भव देखिएको छ। कहिलेकाहीं मानसिकरूपले अशक्त व्यक्तिहरूलाई श्रोत र साधनको कमीले जेलमा पनि राखिने गरिएको छ। सरकारले अशक्त व्यक्तिहरूलाई सहयोग गर्ने गरेको छ तर त्यो सहयोग धेरै नै अपुग छ। २०३८ सालमा यस्ता अशक्तहरूका बारेमा सुरक्षा र स्याहार गर्ने हेतुले कानून बनेको थियो। अशक्तहरूलाई घर, यातायात, जागीर, शिक्षा र अरू सेवाहरू प्रदान गर्नका लागि अतिरिक्त थप कानून २०५० सालमा बन्यो। तर यी कानूनहरू व्यवहारमा लागू गर्न सरकारले तत्परता देखाएको छैन। विभिन्न गैरसरकारी संस्था र सरकारी संस्थाहरूले अशक्तहरूलाई केही मात्रामा सहयोग गरिरहे पनि धेरै मात्रामा यी व्यक्तिहरू परिवारबाट नै स्याहार सुसार पाइरहेका छन्। तर व्यवस्थित वृद्धाश्रम र अनाथालयको अभावमा अधिकांश वृद्ध र अशक्तहरू अपमानित र दुःखपूर्ण जीवन भोग्न बाध्य छन्।

२.७ शरणार्थी

शरणार्थीसम्बन्धी समस्या पनि नेपालको लागि एक जटिल समस्याको रूपमा रहेको छ। विशेषगरी नेपालको पूर्वी तराई जिल्ला झापा र मोरङ भूटानी शरणार्थीबाट बढी नै प्रभावित छन्। विगत ६-७ वर्ष यतादेखि नेपालमा एक लाखभन्दा बढी भूटानी शरणार्थीहरू मात्र रहेका छन् भने काठमाडौंलगायतका अन्य केही जिल्लामा तिब्बती शरणार्थीहरू पनि निक्कै ठूलो संख्यामा रहेका छन्। एक अनुमानअनुसार नेपालमा सबैभन्दा बढी मुलुकका शरणार्थीहरू विभिन्नरूपमा बसोबास गर्दै आएका छन्।

३. हत्या/गोली

मानिसको नैसर्गिक अधिकार भनेकै जीवनको अधिकार हो। यसर्थ कहीं पनि कसैले कसैको ज्यान लिन पाउँदैन। तर जग्गाको साँध सीमाना, व्यक्तिगत रीसइबी, आर्थिक लेनदेन, यौन दूराचार, धामी, झाँक्री, बोक्सी जस्ता सामाजिक कुरीति, राजनीतिक आस्था आदिको कारणले एकले अर्कोलाई हत्या गर्ने कामहरू भइरहेका छन्। यससम्बन्धी यो वर्ष ३४३ वटा घटनाहरूमा २५० जना पुरूष र ११२ जना महिला गरी जम्मा ३६२ जनाको हत्या भयो। त्यस्तै गरी १९ वटा घटनाहरूमा २१ जना पुरूष र १ जना महिलालाई गोली हानी हत्या गरियो। त्यस्तै ६ जना महिलाहरूलाई बलात्कार गरेपश्चात हत्या गरेको पाइयो। आफ्नै छोराले बाबु-आमाको हत्या गर्ने, बाबु-आमाले छोरा-छोरीको हत्या गर्ने जस्ता घटनाहरू पनि भए। त्यसरी भएका घटनाहरूमा झापा जिल्लामा रामबहादुर खवासले आफ्नै दुई महिनाकी छोरीको हत्या गरेका थिए भने म्याग्दी जिल्लाका कृष्णबहादुर खत्रीले ७२ वर्षीय आफ्नै पिताको हत्या गरे। यसै वर्ष इलाम जिल्लाका भूपेन्द्र पौडेलले कुलदेवता पूजा गर्ने निहुँमा आफ्नै पत्नीको हत्या गरेका थिए भने राजधानीको मध्यभागमा पर्ने मैतीदेवीमा बोक्सी धपाउने निहुँमा आफ्नै पतिले कथित माताको सहयोगमा पत्नीको हत्या गरे। त्यस्तै बाँके जिल्लामा पनि आफ्नै छोराले विरामी निको



पार्ने निहुँमा आफ्नै आमाको हत्या गरे। यसै वर्ष दाचुला जिल्लाको खलंगा गाविस-९ का ४० वर्षीय धनादेवी महरलाई उनकै पति ४५ वर्षीय बहादुरसिंह महराले भूत धपाउने भन्दै हँसियाले घाँटी काटी हत्या गरे। क्रुरतमरूपले हत्या गरिएका घटनाहरू पनि प्रकाशमा आएका छन्। जस्तै रूपन्देही जिल्लाको बुटवल नगरपालिका-६ का २६ वर्षीय नेत्रबहादुर थापालाई १० जनाको समूहले खुकुरी, चक्कु, भाला, छड, लाठी, चिर्पट, ढुङ्गा आदि हतियारहरू प्रयोग गरी हत्या गरे। पीडितको फोक्सोभित्र दुई इञ्च रोपिएको, करङ भाँचिएको र हातखुट्टा काटिएको थियो।

४. धम्की/ज्यानमार्ने धम्की/कुटपीट

विभिन्न कारणले एकले अर्कोलाई कुटपीट गर्ने गरेको पाइयो। यो वर्ष ७१२ वटा घटनाहरूमा जम्मा १२६२ जना कुटपीटबाट पीडित भएको पाइयो। त्यस्तै ६९ वटा घटनाहरूमा ९८ जना पुरुष र ७ जना महिलालाई धम्की/ज्यान मार्ने धम्की दिने काम भएको छ। त्यसरी भएका कुटपीटका केही घटनाहरू हत्यामा समेत परिणत भएका छन् भने केही घटनाहरूमा पीडितको अंगभंग समेत भएको छ।

५. मानवअधिरकारसँग प्रत्यक्ष असम्बन्धित

५.१ आत्महत्या

यो वर्ष आत्महत्याका घटनाहरूमा निकै बढोत्तरी भएको पाइयो। सामाजिक र आर्थिक विपमता व्याप्त रहेको यो देशमा कतिपय नागरिकहरूले आर्थिक विपन्नताको चपेटामा परेर निराश भएर आत्महत्या गरेका छन् भने कतिपयले प्रेम असफल भएका कारण वा अन्तरजातीय प्रेमलाई सम्बन्धित परिवारजनले अस्वीकार गरिदिएका कारण आत्महत्या गरेका छन्। आत्महत्याका अन्य कारणहरूमा दीर्घरोगी भएकोले हीनताबोध, बलात्कृत भएपछि हुनसक्ने सामाजिक तिरस्कारको सम्भाव्यता आदि रहेको पाइएको छ। पति पत्नीबीच भएको सामान्य झगडाका कारण दुई बालबालिकासहित आमाले नदीमा हाम्फालेर आत्महत्या गरेको घटनासमेत यस वर्ष पाइएको छ। यो वर्ष जम्मा १२९४ जनाले आत्महत्या गरेको जानकारीमा आयो।

मानवअधिकार हननको प्रवृत्ति विगतदेखि वर्तमानसम्म

हत्याका घटनाहरूमा सन् १९९२ देखि १९९६ सम्म क्रमशः वृद्धि हुँदै आएको छ भने सन् १९९७ मा गत वर्षको तुलनामा केही कमी आएको छ । सन् १९९२ मा १०२ जना, १९९३ मा २४७ जना, १९९४ मा ३०६ जना, १९९५ मा ३६२ जना, १९९६ मा ३६५ जना व्यक्तिहरूको हत्या गरिएको पाइयो। यी घटनाहरू वृद्धि हुँदै जानुमा अज्ञानता, अशिक्षा, अन्धविश्वास र हरेक घटनामा हुने राजनीतिक संरक्षण नै मुख्य दोषी देखिएका छन् । तसर्थ सामाजिक हिंसा र अपराध नियन्त्रणमा राजनीतिक हस्तक्षेपको अन्त्य गरिनु अनि नै जरूरी भइसकेको छ ।

राज्य पक्षबाट हत्या गरिएकाहरूको संख्या सन् १९९२ देखि १९९७ सम्म क्रमशः १९, ४९, २६, २७ र ५१ जना रहेका छन् । सन् १९९२ देखि १९९७ सम्म क्रमशः ९, २५, ५, ७, ३१ र १८ वटा हत्याका घटनामा राज्य पक्षको संलग्नता रहेको पाइएको छ । प्रहरीको गोलीका घटनाले सन् १९९६ सबैभन्दा बढी प्रभावित भयो । त्यस्तै सोही अवधिमा राज्य पक्षबाट क्रमशः ५, १०, १, २, ६ र ७ जना नागरिकको पनि यातना वा अन्य कारणबाट हत्या भएको छ । यी तथ्यहरूले राज्य पक्षबाट हुने गैरकानूनी हत्या अर्थात् गैरकानूनी मृत्युदण्डका घटनाहरू बढ्दै गएको देखाएको छ ।

मानवअधिकारको कुरा गर्दा जुनसुकै व्यक्तिका लागि बाँच्न पाउने स्वतन्त्रतालाई समान अधिकारका रूपमा लिइन्छ। नागरिकको त्यस अधिकारलाई कानूनी राज्यको अवधारणअनुरूप कार्यान्वयन गरी पालनासमेत गराउने कामको प्रमुख दायित्व राज्यको हो। तर दुःखद् पक्ष के छ भने प्रजातन्त्र, मानवअधिकार र कानूनी राज्यको संरक्षण, प्रवर्द्धन एवं कार्यान्वयनको दायित्व बोकेको राज्य (सरकार) पक्षबाट नै विभिन्न प्रकारको मानवअधिकार उल्लंघन हुने र नागरिकको बाँच्न पाउने अधिकार नै खोसिने घटनाहरूमा समेत वृद्धि भएको छ। यही सत्यतथ्यलाई उजागर गर्दै मानवअधिकार विश्वव्यापी घोषणापत्रमा राज्यद्वारा हुने मानवअधिकार उल्लंघनलाई विशेष प्राथमिकता दिइएको पनि छ ।

राज्य पक्षबाट नै गैरकानूनी मृत्युदण्ड दिने कामको वृद्धि भएको सन्दर्भमा गोलीद्वारा घाइते र अन्य प्रकारले हुने कुटपीट र यातनाका घटनाहरू पनि प्रजातन्त्र पुनर्स्थापनापछिका दिनमा झनै वृद्धि भएको तथ्यले देखाएको छ।

कुनै पनि कारणले थुनामा कुनै पनि बन्दीको मृत्यु हुनुमा राज्य पक्ष नै जिम्मेवार मात्र नभएर दोषी पनि ठहर्छ। तसर्थ राज्यले जुनसुकै बन्दीलाई पनि हिरासतमा मृत्यु हुने अवस्था रहुन्जेल बन्दी बनाउनु मानवअधिकारको ठाडो उल्लंघनका रूपमा लिइन्छ। नेपाल राज्यपक्ष भएर प्रतिबद्धता जनाएका राष्ट्रिय अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी अवधारणामा पनि यस विषयमा राज्य पक्ष सचेत रहनुपर्ने उल्लेख छ। प्रजातन्त्र पुनर्स्थापनापछिका ७ वर्षभित्र हिरासतमा यातनाकै कारणले मृत्यु हुने र अन्य कारणले पनि हिरासतमा मृत्यु हुने घटनाहरूमा वृद्धि भएको छ। जसअनुसार सन् १९९२ देखि सन् १९९७ सम्ममा क्रमशः १, ६, १७, १४, १९ र २५ जनाको थुनामै मृत्यु भएको छ। यसबाट राज्य ती अवधारणामा गम्भीर नभएको स्पष्ट भएको देखिन्छ ।

राज्यबाट हुने मानवअधिकार हननका उल्लेखित विभिन्न हिंसा, हत्या, यातना, गैरकानूनी गिरफ्तारी, थुनामा मृत्युका अतिरिक्त अन्य विभिन्न घटनाहरूमा पनि वृद्धि हुँदै आएको तथ्यहरूले देखाएको छ। व्यक्तिगत रिसइबीका कारण हुने हत्या, कुटपीटबाहेक वृद्ध, बालबालिका, महिला आदि समाजका कमजोर वर्गमाथि पनि विभिन्न कारणले शोषण गरी उनीहरूको मानवअधिकारको हनन हुने गरेको छ।

बालबालिकाहरूलाई विभिन्न रूपमा कडाभन्दा कडा श्रममा लगाउने र श्रमको शोषण गर्ने, उनीहरूको वैयक्तिक जीवन विकासका सबै अवसरहरूमा अवरोध गर्ने, यौन दुर्व्यवहार गर्ने जस्ता घटनाहरूमा पनि वृद्धि भएको छ। यस वर्ष मात्र बालअधिकार हननका ५१ वटा घटनाहरू सार्वजनिक भएकोलाई न्यून भएको मान्न सकिँदैन। सार्वजनिक भएका बालअधिकार हननका घटनाका तुलनामा अन्य सयौं त्यस्ता घटनाहरू विभिन्न कारणले सार्वजनिक हुनै सक्तैनन्। बालबालिकाको अधिकार हननसँग सम्बन्धित अति कम घटना मात्र प्रकाशमा आउने गर्दछन् भने वृद्ध/वृद्धा सम्बन्धी घटनाहरू त भनै कममात्र सार्वजनिक हुने गरेका छन्।



सामाजिक हिंसा र मानवअधिकार उल्लंघनका अन्य घटनाहरूमा महिलामाथिका अत्याचार, दमन, शोषणका केही घटनाहरू सार्वजनिक हुन थालेका छन्। त्यसो त महिलामाथिका हिंसा र मानवअधिकार उल्लंघनका सम्पूर्ण घटनाहरू सार्वजनिक हुने गरेका नभए पनि यस वर्ष मात्र महिला किनबेचका ६६ वटा घटनामा ८८ जना महिला पीडित भएको पाइयो। त्यस्तै महिला अधिकार उल्लंघनका अन्य ७ घटनामा ८ जना महिला पीडित भएको पाइयो। महिला भएकै कारणले दिइने विभिन्न यातना र अमानवीय व्यवहारका ५३ वटा घटनामा ६० जना महिला पीडित भएकोमा त्यही घटनामध्ये एकमा राज्य पक्षसमेतको संलग्नता रहेको पनि पाइयो। बहुविवाहका कारण पनि यस वर्ष सयौं महिलाहरू पीडित भए। तर त्यस्ता १०२ वटा घटना मात्र सार्वजनिकरूपमा कारवाहीका लागि दर्ता गरिए भने अन्य घटनाहरू सार्वजनिक नै हुन सकेनन्। पारिवारिक हिंसाका अनेक रूप यस वर्ष पनि देखा परे। त्यस्ता घटनाहरूमा २३ महिला पीडित भएको पाइयो।

महिलामाथि हुने हिंसाको अर्को क्रुर रूप बलात्कार, बलात्कारपछि हत्या र बेचबिखनका घटनाहरूमा पनि यो वर्ष कमी नआएको मात्र हैन, ५ विगत वर्षका तुलनामा निकै वृद्धि भएको पाइयो। बलात्कारका घटनाहरूमा सन् १९९२ देखि १९९६ सम्म क्रमशः ६२, १४६, १११, १६३, ११७ जना महिला पीडित भएको र त्यस्ता घटनामा क्रमशः ४, ३, ३, ५ र ९ वटामा राज्य पक्ष पीडक रहेको थियो। तिनै घटनाहरूमा यस वर्ष १७९ जना महिलाहरू पीडित रहेको पाइयो। यसै वर्ष बलात्कारपछि ६ जना महिलाको हत्या भएकोमा १ हत्यामा राज्य पक्षको संलग्नता रहेको पाइयो।

बर्षेनी हजारौंकै संख्यामा नेपाली महिलाहरू भारतमा लगी बेचिने गरेको अनुमान गरिँदै आएको भएता पनि हाम्रो सामाजिक बनौटको संरचनाका कारण त्यस्ता सबै घटनाहरू सार्वजनिक हुन सक्तैनन्। यसवर्ष ८९ जना महिला त्यस घटनामा पीडित भएका छन् भने सन् १९९२ देखि १९९६ सम्ममा क्रमशः १६, ६४, ३८, ९९ र १०० जना महिला पीडित भएका थिए। यस घटनामा यो वर्ष केही कमी आएको देखिएको छ।

गर्भपतनका घटनाहरूबाट पनि निर्ममरूपमा महिलाहरू पीडित भएको तथ्यले देखाउँदै आएको छ। गर्भपतनकै कारण महिलाले ज्यान नै गुमाएका घटनाहरू दोहोरिँदै आएका छन् भने यसै वर्ष ३८ वटा गर्भपतनका घटना सार्वजनिक भएकोमा २ वटामा राज्य पक्ष पीडक रहेको पाइयो।





मानवअधिकार हननका गम्भीर घटनाहरूमा राज्य पक्षबाट हुने गोलीद्वारा, हिरासतमा यातनाले हुने हत्या र अन्य हत्याका घटनाहरू क्षेत्रगत रूपममा हेर्दा सबैभन्दा बढी पूर्वाञ्चलमा १५, मध्यमाञ्चलमा ६, पश्चिमाञ्चलमा ४, मध्यपश्चिमाञ्चलमा ९ र सुदूरपश्चिमाञ्चलमा १ रहेका छन्। तर व्यक्तिगत वा सामूहिक रूपमा हुने हत्याका घटनाहरूमा सबैभन्दा बढी मध्यमाञ्चल क्षेत्रमा १३१, पश्चिमाञ्चलमा ७१, पूर्वाञ्चलमा ७१, मध्यपश्चिमाञ्चलमा ६९ र सुदूरपश्चिमाञ्चलमा २२ रहेका छन्। माओवादी जनयुद्ध प्रभावित मध्यपश्चिमाञ्चलमा यो संख्या त्यही कारण बढेको देखिएको छ ।

महिलामाथि हुने हिंसाका घटनाहरूमा पनि क्षेत्रगत रूपमा एकरूपता देखिंदैन। हत्या, महिला किनबेच, बलात्कार, बलात्कारपछि हत्या, पारिवारिक हिंसा, बहुविवाह, महिला भएकै कारणले दिइने यातना, जारी वा अन्य पक्षपातपूर्ण व्यवहारबाट यसवर्ष सबैभन्दा बढी मध्यमाञ्चलमा २४१, पूर्वाञ्चलमा १२९, मध्यपश्चिमाञ्चलमा १०८, पश्चिमाञ्चलमा ९३ र सुदुरपश्चिमाञ्चलमा २० जना महिला पीडित भएका छन्। त्यस्तै गर्भपतनका कारण पूर्वाञ्चलमा १२, मध्यमाञ्चलमा ११, सुदुरपश्चिमाञ्चलमा ८, मध्यपश्चिमाञ्चलमा ४ र पश्चिमाञ्चलमा ३ महिला पीडित भएका छन्।

यस वर्ष भएका मानवअधिकार हननका सबै प्रकारका ४२९० वटा घटनामा ८५०३ जना व्यक्ति पीडित भएको पाइयो।

एक्काइशौं शताब्दीको प्रवेशद्वारमा उभिएको हाम्रो समाजमा दिन/प्रतिदिन हुने मानवअधिकार हननका घटनाहरूमा राज्यपक्षबाट हुने हिंसा, दमन, हत्या, पक्षपातहरू मात्र छैनन्। सदियौं पुरानो अन्धविश्वास, रूढीग्रस्त परम्परा, धामीझाँक्री, बोक्सी जस्ता पुरातन वा धार्मिक पक्ष, जातीय छुवाछूत, व्यक्तिगत रिसइवी जस्ता अनेकौं कारण रहेका छन्। अन्धविश्वासले जरो गाडेको हाम्रो समाजमा अशिक्षा, अज्ञानता, गरीबी, मानवअधिकारको पक्षमा प्रचारप्रसारको कमी, मानवअधिकार हननकर्तालाई कानूनी कारवाहीको अभाव, मानवअधिकारको पक्षमा स्पष्ट कानूनको कमी आदिले पनि यस्ता घटनामा वृद्धि भएको देखिन्छ।

मानवअधिकार सबै नागरिकको समान अधिकार हो। जुनसुकै कारणले हनन हुने मानवअधिकारको रक्षा गर्ने प्रमुख दायित्व राज्यको हो। प्रजातन्त्र र मानवअधिकारको संरक्षणमा कानूनी राज्यको पालना हुनु जरूरी छ। प्रचलित कानूनविपरीत कार्य गरी मानवअधिकार हनन गर्नेलाई राज्यले कानूनको कार्यान्वयनबाट कारवाही गर्न वा नियन्त्रण गर्न सक्छ। तर सबै शक्ति सम्पन्न राज्य नै मानवअधिकारको हनन र कानूनको उल्लंघन गर्न थाल्छ भने त्यसको पीडा राज्य र नागरिकले सहन गर्नु हुनुपर्छ वा विद्रोह गर्न। यसर्थ, राज्यले नै मानवअधिकारको उल्लंघन हुन नदिई त्यससम्बन्धी हक अधिकारको संरक्षणसमेत गर्न सचेत भएन र निरंकुश भएर यस सम्बन्धमा आँखा चिम्लिदिएमा उत्पन्न हुनसक्ने परिस्थितिलाई ध्यानमा राख्नु विशेष उल्लेख्य र अनिवार्य हुन जान्छ । यी दुवै स्थिति हुन नदिन राज्य र नागरिक दुबैको ध्यान जानु आवश्यक छ।

■

परिशिष्ट १

पूर्वाञ्चल : घटनाको प्रकार अनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा पीडित भएकाहरू			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	६८	४२	२९	७१	२	१	१	२
गोलीद्वारा हत्या	६	१२	१	१३	५	११	१	१२
यातनाले मृत्यु	१	१		१	१	१		१
बलात्कारपछि हत्या	१		१	१	१		१	१
गोली	३	५	१	६	२	४	१	५
जेल	६	६		६	६	६		६
थुनामा मृत्यु	३	२	१	३	३	२	१	३
गिरफ्तारी र यातना	४८	९७	२	१२९	४८	९७	२	१२९
कुटपीट	१८८	२४६	५१	३१५	८	१४	३	१७
धम्की	२१	३१	१	३२				
मौलिक अधिकार	६	३७		५४	४	३५		३५
अभिव्यक्ति स्वतन्त्रता	२	४		४	१	१		१
भेला र संगठित हुने अधिकार	१			३९	१			३९
निष्पक्ष चुनाव	८							
निष्पक्ष न्यायिक अधिकार	३	७	१	८	३	७	१	८
अवकाश	१	१		१				
सरूवा	२	१	१	२	२	१	१	२
पक्षपात	१	१		१				
धार्मिक स्वतन्त्रता	१			७०				
महिला किनबेच	८		८	८				
बलात्कार	५०	१	५०	५१	१		१	१
बलात्कार प्रयास	४		४	४				
महिला भएकै कारणले दिइने यातना	१०		१०	१०				
बहुविवाह	२२		२२	२२				
पारिवारिक हिंसा	५		५	५				
गर्भपतन	१२	३	९	१२	१		१	१
बालअधिकार	६	४	२	६	३	३		३
आर्थिक अधिकार	११	१०	१	२७				
जातीय छुवाछूत	५	१०	३	१३				
अमानवीय व्यवहार	४	४	१	५	१		१	१
ब्ल्याकमेल	४	४		४				
आतंक	६	३	१	२४४	१			२००
चोरी/डकैती	१३	१४	४	१८				
लाश फेला	५	५		५				
आत्महत्या	२९४	१६७	११३	३५६				
दुर्घटनाहरू/विपत्तिहरू	१०३	८८	३५	१४५				
अन्य	२		३	३				
जम्मा	९३४	८०६	३६०	१६९४	९४	१८३	१५	४६७

पूर्वाञ्चल : पीडितको प्रकार र संख्या

पीडिनको प्रकार	१५ वर्षमुनि			१५ देखि ४५ वर्ष			४५ वर्षभन्दा माथि			जम्मा		
	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
कृषिसँग सम्वन्धित	३		३	१७१	८८	२५९	५३	१९	७२	२२७	१०७	४२२
विद्यार्थी	९	१२	२१	४६	१७	६३				५५	२९	९२
शिक्षक				१२	१	१३	२		२	१४	१	१५
कर्मचारी				२१	६	२७	२	२	४	२३	८	३१
व्यापारसँग सम्वन्धित				२०	८	२८	६	१	७	२६	९	२३५
राजनीतिक कार्यकर्ता				१२८	४	१३२	१८	१	१९	१४६	५	२२०
प्रहरी				६		६				६		६
पत्रकार				४		४				४		४
मजदुर	४	१	५	४६	१४	६०	६		६	५६	१५	१०१
नावालक	२९	२६	५५							२९	२६	५५
वन्दी				१८		१८	१		१	१९		१९
नवजात शिशु	३		३							३		३
सांस्कृतिक कार्यकर्ता					१	१					१	१८
सरकारी व्यक्ति				५		५				५		५
शरणार्थी	१	२	३		१	१				१	३	४
मानवअधिकार कार्यकर्ता				१		१				१		१
डाँका				७		७				७		७
स्वास्थ्य कार्यकर्ता				१		१				१		१
कानूनसँग सम्वन्धित				३		३				३		३
विदेशी					५	५					५	५
साधारण जनता	१	३	४	१६९	१३७	३०६	१०	११	२१	१८०	१५१	४४७
जम्मा	५०	४४	९४	६५८	२८२	९४०	९८	३४	१३२	८०६	३६०	१६९४

पूर्वाञ्चल : पीडित भएकाहरुको संख्या घटनाको प्रकार र महिनामा

घटनाको प्रकार	जनवरी	फेब्रुअरी	मार्च	अप्रिल	मे	जुन	जुलाई	अगष्ट	सेप्टेम्वर	अक्टोवर	नोभेम्वर	डिसेम्वर	जम्मा
हत्या	७	६	९	८	३	५	४	९	३	८	५	४	७१
गोलीद्वारा हत्या					७	१		४	१				१३
यातनाले मृत्यु		१											१
वलात्कारपछि हत्या												१	१
गोली	१		३			२							६
जेल	३	१							२				६
थुनामा मृत्यु					१			१			१		३
गिरफ्तारी र यातना	३	३	७	६	४	६	४	६	१९	१६	१०	१५	१२९
कुटपीट	१५	२०	३१	१८	५२	३०	१३	२४	२२	३२	२५	१५	३१५
धम्की	३	१	३	५	४	१		५	३	४	३		३२
मौलिक अधिकार			२				२	११	२२				५४
अभिव्यक्ति स्वतन्त्रता		३				१							४
भेला र संगठित हुने अधिकार									३९				३९
निष्पक्ष चुनाव													
निष्पक्ष न्यायिक अधिकार					१	६			१				८
अवकाश			१										१
सरूवा									१	१			२
पक्षपात				१									१
धार्मिक स्वतन्त्रता		७०											७०
महिला किनबेच				१	२		२	१			१	१	८
वलात्कार	२	१	१०	२	४	५	६	३	३	३	७	५	५१
वलात्कार प्रयास			१		१				१		१		४
गर्भपतन		२		१				१	२	३	२	१	१२
महिला भएकै कारणले दिइने यातना			३	२	१		१		२		१		१०
वहुविवाह	२	१		१		४	६	१	२	२	१	२	२२
पारिवारिक हिंसा					१	१	१				२		५
वाल अधिकार			१	२	१	१						१	६
आर्थिक अधिकार	१६							१	६	२	२		२७
जातीय छुवाछूत				२			५			४		२	१३
अमानवीय व्यवहार			१								१	३	५
आतंक		१				४०		१		१	१		२४४
व्ल्याकमेल	१	१					१			१			४
लाश फेला								२	१	२			५
चोरी/डकैती	१	३	३				४		३	१	३		१८
आत्महत्या	७	४	७	६	९	६	१२	१५	१६	१६	१७	१४	३५६
दुर्घटनाहरू/विपत्तिहरू	२	५	१३	७	५	१३	१८	१६	७	१९	८	१०	१४५
अन्य					१		२						३
जम्मा	६३	१२३	९५	६२	९७	१२२	८१	१०१	१५६	११५	९१	७४	१६९४

पूर्वाञ्चल : पीडकअनुसार पीडित भएकाहरुको संख्या

पीडकको प्रकार	पीडितको संख्या र उमेर समूह											
	१५ वर्षमुनि			१५ देखि ४५ वर्ष			४५ वर्षभन्दा माथि			जम्मा		
	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
कृषिसँग सम्बन्धित	२	५	७	७६	३५	१११	१८	२	२०	९६	४२	२४८
विद्यार्थी		२	२	२२	१	२३	१		१	२३	३	२६
शिक्षक		१	१	८	७	१५				८	८	१६
कर्मचारी		२	२	५	५	१०	१	२	३	६	९	१५
व्यापारसँग सम्बन्धित		२	२	११	८	१९	१		१	१२	१०	२२
राजनीतिक कार्यकर्ता	२		२	७४	११	८५	६	३	९	८२	१४	१३१
प्रहरी	६		६	१२९	९	१३८	१८		१८	१५३	९	२३१
सरकार					१	१					१	१
मजदुर	१	२	३	८	७	१५	२		२	११	९	२०
अज्ञात	२	२	४	२२	७	२९	९	३	१२	३३	१२	४५
साधारण जनता	६	१२	१८	७६	६१	१३७	८	५	१३	९०	७८	१६८
मालिक		२	२	९	१	१०				९	३	२८
सैनिक				७	४	११		१	१	७	५	२१२
वन सुरक्षा गार्ड	१		१	३		३	१		१	५		५
जिल्ला प्रशासन				५	१	६				५	१	६
न्यायालय	१		१	६		६				७		७
भारतीय					१	१					१	१
शरणार्थी	१	२	३	१	१	२				२	३	५
स्वास्थ्य कार्यकर्ता					२	२					२	२
प्रजिअ				२		२				२		२
धामी झाँक्री					१	१					१	१
धार्मिक कार्यकर्ता					१	१					१	१
दुर्घटना	२०	१२	३२	५३	१५	६८	१५	८	२३	८८	३५	१४५
जम्मा	४२	४४	८६	५१७	१७९	६९६	८०	२४	१०४	६३९	२४७	१३३८

परिशिष्ट २

मध्यमाञ्चल : घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा पीडित भएकाहरू			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
हत्या	१२२	८९	४२	१३१				
गोलीद्वारा हत्या	१५	१७	१	१८	४	५	१	६
बलात्कारपछि हत्या	५		५	५				
गोली	९	२१		६३	१			
जेल	७	४		५०	७	४		५०
थुनामा मृत्यु	१२	९	३	१२	१२	९	३	१२
गिरफ्तारी/यातना	१०३	३३३	३३	८३६	१०३	३३३	३३	८३६
लाठीचार्ज	१			१२	१			१२
कुटपीट	२१३	३३२	३२	३६४	५	४	२	६
धम्की	११	१६		१६	१	१		१
मौलिक अधिकार	११	१४	१	१५	४	८		८
अभिव्यक्ति स्वतन्त्रता	६	२३		२३	१			
भेला र संगठित हुने अधिकार	६	१९	२	२१	१			
निष्पक्ष चुनाव	२०	३२	१	३३				
निष्पक्ष न्यायिक अधिकार	१	१		१	१	१		१
घट्वा	१	१		१	१	१		१
महिला अधिकार	३		३	३				
महिला किनबेच	४०		५८	५९				
बलात्कार	५२		५३	५३				
बलात्कार प्रयास	१२		१२	१२	१		१	१
वहुविवाह	३०	१	३०	३१				
पारिवारिक हिंसा	७		७	७				
महिला भएकै कारणले दिइने यातना	२६		३२	३२				
गर्भपतन	११		११	११	१		१	१
बाल अधिकार	३६	१८	१८	३६				
आर्थिक अधिकार	१४	४३	३	३४५	१	२		२
जातीय छुवाछूत	९	२३	९	३७				
अमानवीय व्यवहार	५	३	१	२९	२	२		२६
अपहरण	१	१		१				
ब्ल्याकमेल	३	२	१	३				
आतंक	६	७		७				
चोरी/डकैती	१७	२५	३	२८				
लाश फेला	९३	६	१	९३				
दुर्घटनाहरू/विपत्तिहरू	१२७	११८	३४	१६७				
आत्महत्या	५०६	१३६	१६०	५०६				
अन्य	७	४	४	८				
जम्मा	१५४८	१२९८	५६०	३०६९	१४७	३७०	४१	९६३

मध्यमाञ्चल : पीडितको प्रकार र संख्या

पीडितको प्रकार	१५ वर्षमुनि			१५ देखि ४५ वर्ष			४५ वर्षभन्दा माथि			जम्मा		
	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
कृषक	१	३	४	२३७	९७	३३४	४७	१५	६२	२८५	११५	४३६
व्यापारी	१		१	५४	१६	७०	४	१	५	५९	१७	१०८
कर्मचारी				३५	२	३७				३५	२	३७
वन्दी				८	२	१०	२	१	३	१०	३	५९
शारीरिक र मानसिक रूपले अशक्त					२	२					२	२
विदेशी							१		१	१		१
सरकारी				३		३				३		३
मानवअधिकार कार्यकर्ता				३७		३७	२	१	३	३९	१	४०
भारतीय					१	१					१	१
साधारण जनता	१	७	८	२९२	२५४	५४६	२९	२०	४९	३२२	२८१	१०५४
पत्रकार				९		९				९		९
कानूनसँग सम्बन्धित				२		२	२		२	४		४
माओवादी				५	१	६				५	१	६
स्वास्थ्य कार्यकर्ता				१	२	३				१	२	३
राजनीतिक व्यक्ति				२०१	१४	२१५	१७		१७	२१८	१४	५९२
प्रहरी				१५		१५				१५		१५
नवजात शिशु	२०	९	२९							२०	९	२९
सामाजिक कार्यकर्ता							१		१	१		३९
विद्यार्थी	२५	१७	४२	९४	१३	१०७				११९	३०	१४९
शिक्षक				१७	१	१८	२		२	१९	१	२०
नाबालक	२६	५२	७८							२६	५२	७८
मजदुर	१		१	९९	२०	११९	१	२	३	१०१	२२	३८४
जम्मा	७५	८८	१६३	११०९	४२५	१५३४	१०८	४०	१४८	१२९२	५५३	३०६९

मध्यमाञ्चल : पीडित भएकाहरुको संख्या घटनाको प्रकार र महिनामा

घटनाको प्रकार	जनवरी	फेब्रुअरी	मार्च	अप्रिल	मे	जुन	जुलाई	अगष्ट	सेप्टेम्बर	अक्टोबर	नोभेम्बर	डिसेम्बर	जम्मा
हत्या	१३	१२	१०	१०	१२	१९	९	१९	७	८	७	५	१३१
गोलीद्वारा हत्या	९	२	१	१	२			१		२			१८
बलात्कारपछि हत्या						२			१		१		५
जेल					४८		२						५०
थुनामा मृत्यु	४		१	२			१	३		१			१२
गोली	२				१४		१	४					६३
गिरफ्तारी/यातना	४४	५२	५०	६१	५५	७०	७३	७२	५९	२२	४२	३४	८३६
लाठीचार्ज													१२
कुटपीट	१८	३५	१८	२१	९०	३५	२०	२१	२८	३२	३२	१४	३६४
धम्की	२	४	१		४				५				१६
मौलिक अधिकार	२	७			२	१		३					१५
अभिव्यक्ति स्वतन्त्रता					३	४						१६	२३
भेला र संगठित हुने अधिकार					१८	३							२१
निष्पक्ष चुनाव					३१	१	१						३३
निष्पक्ष न्यायिक अधिकार				१									१
घटुवा						१							१
महिला अधिकार	१		२										३
महिला किनबेच	५	५	१४	७	४	७	५	४		२	४	२	५९
बलात्कार	४	३	३	८	२	५	४	६	३	५	५	४	५३
बलात्कार प्रयास	२		२	२		२	२	१	१				१२
बहुविवाह	३	२	३	१	१	३	४				१	२	३१
पारिवारिक हिंसा		१	२			२		१				१	७
महिला भएकै कारणले दिइने यातना	४	१	८	२	२	२	७	१	३	१		१	३२
गर्भपतन		१		१				१	१	३	२	१	११
बाल अधिकार	७	१	९	५	२	४	२	१	२	१		२	३६
आर्थिक अधिकार	२			३	६	१६३		५	१२		५		३४५
जातीय छुवाछूत			२३	२	२				२		२	१	३७
अमानवीय व्यवहार	२					१		१	१		२४		२९
अपहरण								१					१
ब्लयाकमेल	१		१						१				३
आतंक	२	१	१			१				२			७
चोरी/डकैती	७	२	३	३		२	३		४		२	२	२८
लाश फेला	४			१	१				१				९३
आत्महत्या	१४	१६	१६	१७	८	१५	१५	१४	२३	१२	१५	२८	५०६
दुर्घटनाहरू/विपत्तिहरू	९	१६	२३	८	१२	११	११	७	१३	९	१७	१६	१६७
अन्य	१	२	१			२			१	१			८
जम्मा	१६२	१६३	१९२	१५६	३१९	३५६	१६०	१६६	१६८	१०१	१५९	१२९	३०६९

मध्यमाञ्चल : पीडक अनुसार पीडित भएकाहरुको संख्या

पीडकको प्रकार	पीडितको संख्या र उमेर समूह											
	१५ वर्ष मुनि			१५ देखि ४५ वर्ष			४५ वर्ष भन्दा माथि			जम्मा		
	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
कृषक	३	४	७	४३	४२	८५	११	६	१७	५७	५२	१०९
विद्यार्थी	२	२	४	२७	२	२९	२		२	३१	४	३५
शिक्षक	१६	६	२२	२	३	५	१		१	१९	९	२८
कर्मचारी		२	२	३	३	६		१	१	३	६	९
व्यापारी	१	२	३	६	१०	१६				७	१२	१९
राजनीतिक व्यक्ति	४		४	१९६	१८	२१४	२३	२	२५	२२३	२०	३२७
प्रहरी	२		२	३४८	३७	३८५	१२	४	१६	३६२	४१	९२०
सरकार				१		१				१		१
मजदुर	१	४	५	७	३	१०				८	७	१५
अज्ञात	१९	१३	३२	४४	१४	५८	८	३	११	७१	३०	१८७
साधारण जनता	५	३७	४२	१६२	१२८	२९०	१५	६	२१	१८२	१७१	३६१
मालिक		१	१	४२	३	४५				४२	४	३४५
सैनिक				१		१				१		१
स्वास्थ्य कार्यकर्ता					२	२	१		१	१	२	३
धार्मिक व्यक्ति												५
माओवादी				२१		२१	४		४	२५		२५
कानूनसंग सम्बन्धित				१		१				१		१
डाँका				३		३				३		३
दुर्घटनावाट	१९	१५	३४	८७	१४	१०१	१३	६	१९	११९	३५	१६९
जम्मा	७२	८६	१५८	९९४	२६९	१२६३	९०	२८	११८	११५६	३९३	२५६३

परिशिष्ट ३

पश्चिमाञ्चल : घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा पीडित भएकाहरू			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरूष	महिला	जम्मा		पुरूष	महिला	जम्मा
हत्या	६९	४८	२४	७२	१	१		१
गोलीद्वारा हत्या	३	३		३	२	२		२
यातनाले मृत्यु	१	१		१	१	१		१
गोली	४	६	१	७	३	५	१	६
जेल	३	६		६	३	६		६
थुनामा मृत्यु	५	५		५	५	५		५
गिरफ्तारी र यातना	३६	१४१	१८	२२४	३६	१४१	१८	२२४
कुटपीट	१८१	३११	२८	३३९	८	१७	१	१८
धम्की	११	१८		८०				
मौलिक अधिकार	२	४		४	१	१		१
अभिव्यक्ति स्वतन्त्रता	३	५	१	६	१	१		१
निष्पक्ष चुनाव	९	४		८८				
अवकाश	१	१		१	१	१		१
सरूवा	१	१		१	१			१
पक्षपात	१			९६	१			९६
महिला अधिकार	१		१	१				
महिला किनबेच	१०		१३	१३				
बलात्कार	२८		२८	२८	१		१	१
बलात्कार प्रयास	३		४	४				
बहुविवाह	१८		१८	१८				
पारिवारिक हिंसा	५		५	५				
महिला भएकै कारणले दिइने यातना	६		६	६				
गर्भपतन	३		३	३				
बालअधिकार	६	५	१	६				
आर्थिक अधिकार	३	२		१५२				
जातीय छुवाछूत	२	१	१	२				
अमानवीय व्यवहार	४	१	३	४				
अपहरण	२	१	५	६				
ब्ल्याकमेल	२	१	१	२				
बम प्रहार	१	२		२				
लाश फेला	२	१	१	२				
आतंक	४	५		५				
चोरी/डकैती	१०	१३	६	१९				
आत्महत्या	२०७	११४	९६	२१०				
दुर्घटनाहरू/विपत्तिहरू	१२८	१३७	३७	१७४				
जम्मा	७७५	८३७	३०१	१५९५	६५	१८१	२१	३६४

पश्चिमाञ्चल : पीडितको प्रकार र संख्या

पीडितको प्रकार	१५ वर्षमुनि			१५ देखि ४५ वर्ष			४५ वर्षभन्दा माथि			जम्मा		
	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
कृषिसँग सम्बन्धित	१	२	३	१७७	६९	२४६	५३	१३	६६	२३१	८४	३१५
व्यापारसँग सम्बन्धित				३५	४	३९	५		५	४०	४	४४
कर्मचारी				२७	३	३०	३		३	३०	३	१२९
सांस्कृतिक कार्यकर्ता				१०	१०	२०				१०	१०	२०
बन्दी				१०		१०				१०		१०
विदेशी				३	१	४				३	१	४
साधारण जनता				१४६	१२१	२६७	२९	१०	३९	१७५	१३१	३६८
पत्रकार				९		९				९		९
कानूनसँग सम्बन्धित				१		१				१		१
स्वास्थ्य कार्यकर्ता					१	१					१	१
राजनीतिक कार्यकर्ता				११३		११३	६		६	११९		२६८
प्रहरी				१५		१५				१५		१५
नवजात शिशु	४	२	६							४	२	६
सामाजिक कार्यकर्ता					१	१					१	१
विद्यार्थी	१३	२२	३५	७१	१३	८४				८४	३५	११९
शिक्षक				२९	२	३१	९		९	३८	२	४०
नाबालक	२७	१८	४५		१	१				२७	१९	४६
वनसुरक्षा गार्ड				१		१				१		१
सैनिक				१		१				१		१
मजदुर	१		१	३७	८	४५	१		१	३९	८	१९७
जम्मा	४६	४४	९०	६८५	२३४	९१९	१०६	२३	१२९	८३७	३०१	१५९५

पश्चिमाञ्चल : पीडित भएकाहरुको संख्या घटनाको प्रकार र महिनामा

घटनाको प्रकार	जनवरी	फेब्रुअरी	मार्च	अप्रिल	मे	जुन	जुलाई	अगष्ट	सेप्टेम्बर	अक्टोबर	नोभेम्बर	डिसेम्बर	जम्मा
हत्या	५	२	८	७	८	५	५	८	४	७	१०	३	७२
गोलीद्वारा हत्या						१				१	१		३
यातनाले मृत्यु						१							१
गोली						१			१	५			७
जेल	२	४											६
थुनामा मृत्यु			१					१	१			१	५
गिरफ्तारी र यातना	८		१		२५	२	९	२५	६	६२	७६		२२४
कुटपीट	११	१८	२८	११	११०	१०	२३	५८	२६	२५	१४	५	३३९
धम्की				१	३	९	६३	४					८०
मौलिक अधिकार					३					१			४
अभिव्यक्ति स्वतन्त्रता					६								६
निष्पक्ष चुनाव					८८								८८
अवकाश	१												१
पक्षपात					९६								९६
सरूवा													१
महिला अधिकार											१		१
महिला किनबेच		१			२		१	७		१	१		१३
बलात्कार	२	२	४	२	३	१	४	३	२	२	२	१	२८
बलात्कार प्रयास		२	१					१					४
बहुविवाह	३		४	२	१	१	२	२	२		१		१८
पारिवारिक हिंसा	१			१	१	१					१		५
महिला भएकै कारणले दिइने यातना	१			१			१			१	१	१	६
गर्भपतन			१							१	१		३
बाल अधिकार				२	२		१		१				६
आर्थिक अधिकार				१५०					१	१			१५२
जातीय छुवाछूत				१						१			२
अमानवीय व्यवहार								१	१	१		१	४
अपहरण								२	४				६
ब्ल्याकमेल		२											२
बम प्रहार			२										२
आतंक		१	२		१			१					५
चोरी/डकैती		१		२	२		२	३		८		१	१९
लाश फेला		१	१										२
आत्महत्या	१४	९	९	८	१९	२०	१२	९	१८	२	११	५	२१०
दुर्घटनाहरू/विपत्तिहरू	१९	१४	८	१२	२८	२०	१०	१९	७	२०	५	१२	१७४
जम्मा	६७	५७	७०	२००	४०८	७२	१३३	१४४	७४	१३९	१२५	३०	१५९५

पश्चिमाञ्चल : पीडक अनुसार पीडित भएकाहरुको संख्या

पीडकको प्रकार	पीडितको संख्या र उमेर समूह											
	१५ वर्षमुनि			१५ देखि ४५ वर्ष			४५ वर्षभन्दा माथि			जम्मा		
	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
कृषिसंग सम्वन्धित	३	१२	१५	४५	२५	७०	११	५	१६	५९	४२	१०१
विद्यार्थी	२		२	१९	२	२१	२		२	२३	२	२५
शिक्षक	१	१	२	३	१	४	३		३	७	२	९
कर्मचारी	१		१	३		३	१		१	५		५
व्यापारसंग सम्वन्धित				७	६	१३	१		१	८	६	१४
राजनीतिक कार्यकर्ता				१०१	५	१०६	१३		१३	११४	५	२६५
प्रहरी				१६६	२०	१८६	१३		१३	१७९	२०	२६४
सरकार				२		२				२		९८
मजदुर	१	१	२	२	४	६				३	५	८
अज्ञात	४	८	१२	२८	३	३१	३	१	४	३५	१२	४७
साधारण जनता	७	७	१४	१०१	५४	१५५	१२	२	१४	१२०	६३	१८३
मालिक							१		१	१		१५१
सैनिक				२		२				२		२
वन सुरक्षा गार्ड		१	१								१	१
भारतीय				२		२				२		२
स्वास्थ्य कार्यकर्ता					२	२					२	२
माओवादी				१६	४	२०	१		१	१७	४	२१
डाँका	१		१	३	३	६				४	३	७
भारतीय प्रहरी				१	१	२				१	१	२
भारतीय सैनिक				४		४				४		४
दुर्घटनावाट	२३	११	३४	९७	१७	११४	१७	९	२६	१३७	३७	१६४
जम्मा	४३	४१	८४	६०२	१४७	७४९	७८	१७	९५	७२३	२०५	१३८५

परिशिष्ट ४

मध्यपश्चिमाञ्चल : घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा पीडित भएकाहरू			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
हत्या	६५	६१	८	६९				
गोलीद्वारा हत्या	११	१३	२	१५	६	७	१	८
यातनाले मृत्यु	१	१		१	१	१		१
थुनामा मृत्यु	३	३		३	३	३		३
गोली	१५	४७	१	४८	६	११	१	१२
गिरफ्तारी र यातना	८६	२९४	११	३२३	८३	·२९४	११	३२३
कुटपीट	१०६	१७०	२८	१९८	३	५		५
धम्की	२६	३४	४	३८	३	३		३
बेपत्ता पारिएको	१	१		१	१	१		१
मौलिक अधिकार	२	८		८	१	२		२
अभिव्यक्ति स्वतन्त्रता	४	६	३	९				
भेला र संगठित हुने अधिकार	७	७	१	३६८	२			३६०
निष्पक्ष चुनाव	२	९	२	११				
निष्पक्ष न्यायिक अधिकार	२	२		२	१	१		१
अवकाश	२	२		२	२	२		२
सरुवा	३	४	१	५	३	४	१	५
पक्षपात	१		२	२				
राजनीतिक स्वतन्त्रता	१	१		१				
धार्मिक स्वतन्त्रता	१	६		६				
भूमिहीन तथा सुकुम्बासी	२	६	२	८	१	१		१
महिला अधिकार	३		४	४				
महिला किनबेच	५		६	६				
बलात्कार	१७		१७	१७	२		२	२
बलात्कार प्रयास	३		३	३	१		१	१
बहुविवाह	२९		२९	२९				
पारिवारिक हिंसा	५	१	४	५				
महिला भएकै कारणले दिइने यातना	७		८	८	१		१	१
जारी	३८	३५	३९	७४				
गर्भपतन	४		४	४				
वालअधिकार	१		१	१	१		१	१
आर्थिक अधिकार	३	५		५				
जातीय छुवाछूत	१२	१०	११	२१				
अमानवीय व्यवहार	७	४	७	११				
ब्ल्याकमेल	२	६		६				
बम प्रहार	२	२		२				
आतंक	७	४	२	६				
चोरी/डकैती	१३	१७	४	२१	१	१		१
लाश फेला	१	१		१				
आत्महत्या	१२२	७९	४४	१२३				
दुर्घटनाहरू/विपत्तिहरू	१०५	१८८	२४	२१२				
अन्य	५	४	१	५	१	१		१
जम्मा	७३२	१०३१	२७३	१८८२	१२६	३३७	१९	७३४

मध्यपश्चिमाञ्चल : पीडितको प्रकार र संख्या

पीडिनको प्रकार	१५ वर्षमुनि			१५ देखि ४५ वर्ष			४५ वर्षभन्दा माथि			जम्मा		
	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
कृषिसँग सम्बन्धित	२	३	५	४१४	१७३	५८७	७०	१६	८६	४८६	१९२	६७८
व्यापारसँग सम्बन्धित				३८	८	४६	६	१	७	४४	९	५३
कर्मचारी				४८	३	५१	४		४	५२	३	५५
सांस्कृतिक कार्यकर्ता				६	२	८				६	२	८
बन्दी				१		१	१		१	२		२
शारीरिक र मानसिकरूपले अशक्त				१		१				१		१
साधारण जनता	१		१	६९	२५	९४	२		२	७२	२५	११५
पत्रकार				२		२	१		१	३		३
राजनीतिक कार्यकर्ता				१८४	३	१८७	११		११	१९५	३	५५८
प्रहरी				४		४				४		४
सामाजिक कार्यकर्ता				२		२		१	१	२	१	३
विद्यार्थी	२१	७	२८	२९	८	३७				५०	१५	६५
शिक्षक				५५	१	५६	५		५	६०	१	६१
नाबालक	११	११	२२							११	११	२२
वन सुरक्षा गार्ड				१		१				१		१
सैनिक				१		१				१		१
कमैया		१	१	८	१	९				८	२	१०
मजदुर		१	१	३१	६	३७	२	२	४	३३	९	४२
जम्मा	३५	२३	५८	८९४	२३०	११२४	१०२	२०	१२२	१०३१	२७३	१६८२

मध्यपश्चिमाञ्चल : पीडित भएकाहरुको संख्या घटनाको प्रकार र महिनामा

घटनाको प्रकार	जनवरी	फेब्रुअरी	मार्च	अप्रिल	मे	जुन	जुलाई	अगष्ट	सेप्टेम्बर	अक्टोबर	नोभेम्बर	डिसेम्बर	जम्मा
हत्या	३	९	५	४	७	९	८	३	६	६	४	५	६९
गोलीद्वारा हत्या	४	३		२	३		१			१	१		१५
यातनाले मृत्यु								१					१
थुनामा मृत्यु							१			२			३
गोली	१	१	१	२	३७			१	३	२			४८
गिरफ्तारी र यातना	१६	२२	५	१	१४	३	१४	३९	१३५	१६	३५	२३	३२३
कुटपीट	३	५	१८	४	४९	६	२४	१५	२३	१०	२०	२१	१९८
धम्की		२	१	२	८	५	१०	१		२	६	१	३८
वेपत्ता पारिएको	१												१
मौलिक अधिकार					६							२	८
अभिव्यक्ति स्वतन्त्रता					५	३						१	९
भेला र संगठित हुने अधिकार				१	२					५		३६०	३६८
निष्पक्ष चुनाव					११								११
निष्पक्ष न्यायिक अधिकार								१			१		२
अवकाश									१			१	२
सरूवा						१						४	५
पक्षपात												२	२
राजनीतिक स्वतन्त्रता		१											१
धार्मिक स्वतन्त्रता		६											६
भूमिहीन तथा सुकुम्वासी			१					७					८
महिला अधिकार			२			१						१	४
महिला किनवेच	१	१			२				१			१	६
वलात्कार	१	२	३	१	१	२	१	१	१	१	३		१७
वलात्कार प्रयास								१	२				३
वहुविवाह	२	१		३	३	४	१	१	४	५	३	२	२९
पारिवारिक हिंसा		१					१	१		१		१	५
जारी	५	४	८	४	६	६	६	२	४	६	१७	६	७४
गर्भपतन				१		२			१				४
महिला भएकै कारणले दिइने यातना	१	१				१	२			१	१	१	८
वालअधिकार			१										१
आर्थिक अधिकार			१								१	३	५
जातीय छुवाछूत		५	३				२	२		१	४	४	२१
अमानवीय व्यवहार		१					३	५			१	१	११
व्ल्याकमेल				५						१			६
वम प्रहार					१				१				२
आतंक			१		१	२		१				१	६
चोरी/डकैती	१	१	५			४	६		३	१			२१
लाश फेला							१						१
दुर्घटनाहरू/विपत्तिहरू	१४	४	१४	२५	१४	१६	२८	५८	११	१८	४	६	२१२
आत्महत्या	३	५	१४	८	६	८	१५	६	२	७	११	८	१२३
अन्य	१				१	१		१				१	५
जम्मा	५७	७५	८३	६३	१६७	७४	१२४	१४७	१९८	८६	११२	४५६	१६८२

मध्यपश्चिमाञ्चल : पीडक अनुसार पीडित भएकाहरुको संख्या

पीडकको प्रकार	पीडितको संख्या र उमेर समूह											
	१५ वर्षमुनि			१५ देखि ४५ वर्ष			४५ वर्षभन्दा माथि			जम्मा		
	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
कृषिसँग सम्बन्धित	३	४	७	१४८	१०१	२४९	११	५	१६	१६२	११०	२७२
विद्यार्थी				१२	२	१४				१२	२	१४
शिक्षक				५	८	१३				५	८	१३
कर्मचारी	१		१	१४	१०	२४	२		२	१७	१०	२७
व्यापारसँग सम्बन्धित	३		३	३२	४	३६	१		१	३६	४	४०
राजनीतिक कार्यकर्ता				६८	१२	८०	८	२	१०	७६	१४	९०
प्रहरी	५		५	२८७	१५	३०२	२६	१	२७	३१८	१६	७१२
सरकार		१	१	६	१	७				६	२	८
मजदुर		१	१	२	२	४	२	१	३	४	४	८
अज्ञात	२		२	५६	४	६०	१२	१	१३	७०	५	७५
साधारण जनता	१	३	४	२०	१७	३७	३	२	५	२४	२२	४६
सैनिक		१	१	२	१	३				२	२	४
भारतीय				१		१				१		१
स्वास्थ्य कार्यकर्ता				१	१	२				१	१	२
प्रजिअ				१		१				१		१
माओवादी				११	२	१३	३	१	४	१४	३	१७
कानूनसँग सम्बन्धित				३	२	५	१		१	४	२	६
डाँका							१		१	१		१
जिल्ला प्रशासन/वन सुरक्षा अधिकृत				८		८	३		३	११		११
पत्रकार				१		१				१		१
दुर्घटनावाट	१३	१०	२३	१५५	१२	१६७	१८	२	२०	१८६	२४	२१०
जम्मा	२८	२०	४८	८३३	१९४	१०२७	९१	१५	१०६	९५२	२२९	११५९

परिशिष्ट ५

सुदूरपश्चिमाञ्चल : घटनाको प्रकार अनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा पीडित भएकाहरू			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	२२	१२	१०	२२				
गोलीद्वारा हत्या	२	२		२	१	१		१
गोली	४	६		६	१	२		२
थुनामा मृत्यु	२	२		२	२	२		२
गिरफ्तारी र यातना	१०	१६	४	५६	१०	१६	४	५६
लाठीचार्ज	२	२	२	२५	२	२	२	२५
कुटपीट	४९	८१	१२	९३	१	१		१
धम्की	४	३	२	५				
मौलिक अधिकार	५	१२	२	१४				
भेला र संगठित हुने अधिकार	२	५		५				
पक्षपात	२	२		२				
निष्पक्ष चुनाव	३	१		१	१			
महिला किनबेच	३		३	३				
बलात्कार	८		८	८				
बहुविवाह	३		३	३				
पारिवारिक हिंसा	२		२	२				
जारी	१	१	१	२				
गर्भपतन	८	१	७	८				
महिला भएकै कारणले दिइने यातना	४		४	४				
बालअधिकार	२	३		३				
आर्थिक अधिकार	२	१		१	१	१		१
जातीय छुवाछूत	१		१	१				
अमानवीय व्यवहार	३	५		५				
ब्ल्याकमेल	३	५		५				
चोरी/डकैती	२	२		२				
लाश फेला	१	१		१				
आत्महत्या	९६	३८	६१	९९				
दुर्घटनाहरू/विपत्तिहरू	६२	५६	२७	८३				
जम्मा	३०८	२५७	१४९	४६३	१९	२५	६	८८

सुदूरपश्चिमाञ्चल : पीडितको प्रकार र संख्या

पीडितको प्रकार	१५ वर्षमुनि			१५ देखि ४५ वर्ष			४५ वर्षभन्दा माथि			जम्मा		
	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
कृषिसँग सम्वन्धित	१	१	२	१०४	८७	१९१	३०	११	४१	१३५	९९	२३४
विद्यार्थी	७	४	११	१०	४	१४	१		१	१८	८	६२
शिक्षक				१२	१	१३	१		१	१३	१	१४
कर्मचारी				२८	१	२९	१		१	२९	१	३०
व्यापारसँग सम्वन्धित				९	२	११	२		२	११	२	१३
राजनीतिक कार्यकर्ता				१९	१	२०	२		२	२१	१	२२
प्रहरी				४		४				४		४
भूमिहीन तथा सुकुम्वासी					२	२	२		२	२	२	२५
मजदुर				६	३	९	१	१	२	७	४	११
नाबालक	१०	१४	२४							१०	१४	२४
वन्दी				१		१	१		१	२		२
नवजात शिशु	१		१							१		१
सैनिक				१		१				१		१
साधारण जनता				१	१६	१७	२	१	३	३	१७	२०
जम्मा	१९	१९	३८	१९५	११७	३१२	४३	१३	५६	२५७	१४९	४६३

सुदूरपश्चिमाञ्चल : पीडित भएकाहरुको संख्या घटनाको प्रकार र महिनामा

घटनाको प्रकार	जनवरी	फेब्रुअरी	मार्च	अप्रिल	मे	जून	जुलाई	अगष्ट	सेप्टेम्वर	अक्टोबर	नोभेम्वर	डिसेम्वर	जम्मा
हत्या	२	२		१	२	३	१	५	२		२	२	२२
गोलीद्वारा हत्या					१					१			२
गोली		२			४								६
गिरफ्तारी र यातना	२			१		६		४	४२		१		५६
लाठीचार्ज	४									२१			२५
कुटपीट	३	१३	५	२	३८	९	६	५	१	२	१	८	९३
थुनामा मृत्यु								१			१		२
मौलिक अधिकार		१		११	२								१४
भेला र संगठित हुने अधिकार					५								५
निष्पक्ष चुनाव					१								१
पक्षपात				१		१							२
महिला किनवेच		१			१		१						३
वलात्कार			१		२		४		१				८
वहुविवाह		१			१					१			३
पारिवारिक हिंसा					१	१							२
जारी						२							२
गर्भपतन	१				१	१	१	२	१		१		८
धम्की			२		१	१		१					५
महिला भएकै कारणले दिइने यातना	१		१				१		१				४
वाल अधिकार		१	२										३
आर्थिक अधिकार	१												१
जातीय छुवाछूत	१												१
अमानवीय व्यवहार		१		१					३				५
व्ल्याकमेल				३						२			५
चोरी/डकैती		१								१			२
लाश फेला					१								१
दुर्घटनाहरू/विपत्तिहरू	३	१२	२	४	१८	१२	११	४	३	२	१०	२	८३
आत्महत्या	१२	९	७	९	१२	९	९	३	१३	६	८	२	९९
जम्मा	३०	४४	२०	३३	९१	४५	३४	२५	६७	३६	२४	१४	४६३

सुदूरपश्चिमाञ्चल : पीडक अनुसार पीडित भएकाहरुको संख्या

पीडकको प्रकार	पीडितको संख्या र उमेर समूह											
	१५ वर्ष मुनि			१५ देखि ४५ वर्ष			४५ वर्ष भन्दा माथि			जम्मा		
	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
कृषिसँग सम्बन्धित	२	१	३	३४	२५	५९	१२	४	१६	४८	३०	७८
विद्यार्थी	१		१	१३		१३				१४		१४
शिक्षक	१		१	७		७				८		८
कर्मचारी	२		२	६	१	७	१		१	९	१	१०
व्यापारसँग सम्बन्धित				२	२	४				२	२	४
राजनीतिक कार्यकर्ता	१		१	३१	२	३३	४		४	३६	२	३८
प्रहरी				२०	६	२६	४		४	२४	६	८७
सरकार				१		१				१		१
मजदुर					२	२					२	२
अज्ञात				१		१	१		१	२		२
साधारण जनता	१	७	८	७	१०	१७	३		३	११	१७	२८
मालिक					१	१					१	१
चोरी/डकैता				७		७				७		७
दुर्घटनाबाट	१०	१०	२०	४०	१४	५४	७	३	१०	५७	२७	८४
जम्मा	१८	१८	३६	१६९	६३	२३२	३२	७	३९	२१९	८८	३६४

परिशिष्ट ६

नेपाल : घटनाको प्रकार अनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	जम्मा				राज्यद्वारा पीडित भएकाहरू			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
गर्भपतन	३८	४	३४	३८	२		२	२
दुर्घटनाहरू/विपत्तिहरू	५२५	५८७	१५७	७८१				
गिरफ्तारी र यातना	२८१	८७७	६८	१५६८	२८१	८७७	६८	१५६८
कुटपीट	७३७	११४०	१५१	१३०९	२५	४१	६	४७
ब्ल्याकमेल	१४	१८	२	२०				
बम प्रहार	३	४		४				
बालअधिकार	५१	३०	२२	५२	४	३	१	४
आतंक	२३	१९	३	२६२	१			२००
चोरी/डकैती	५५	७१	१७	८८	१	१		१
लाश फेला	१०२	१४	२	१०२				
थुनामा मृत्यु	२५	२१	४	२५	२५	२१	४	२५
अमानवीय व्यवहार	२३	१७	१२	५४	३	२	१	२७
घट्वा	१	१		१	१	१		१
बेपत्ता पारिएको	१	१		१	१	१		१
पक्षपात	५	३	२	१०१	१			९६
आर्थिक अधिकार	२२	६१	४	५३०	२	३		३
निष्पक्ष चुनाव	४२	४६	३	१३३	१			
पारिवारिक हिंसा	२४	१	२३	२४				
अवकाश	४	४		४	३	३		३
गोली	२५	८५	३	१३०	१३	२२	३	२५
मौलिक अधिकार	२६	७५	३	९५	१०	४६		४६
जेल	१६	१६		६२	१६	१६		६२
जारी	३९	३६	४०	७६				
अपहरण	३	२	५	७				
बलात्कार पछि हत्या	६		६	६	१		१	१
गोलीद्वारा हत्या	३७	४७	४	५१	१८	२६	३	२९
यातनाले मृत्यु	३	३		३	३	३		३
हत्या	३४६	२५२	११३	३६५	३	२	१	३
भूमिहीन तथा सुकुम्वासी	२	६	२	८	१	१		१
लाठीचार्ज	३	२	२	३७	३	२	२	३७
अन्य	१४	८	८	१६	१	१		१
राजनीतिक स्वतन्त्रता	१	१		१				
बहुविवाह	१०२	१	१०२	१०३				
निष्पक्ष न्यायिक अधिकार	६	१०	१	११	५	९	१	१०
बलात्कार	१५५	१	१५६	१५७	४		४	४
बलात्कार प्रयास	२२		२३	२३	२		२	२
धार्मिक स्वतन्त्रता	२	६		७६				
भेला र संगठित हुने अधिकार	१६	३१	३	४३३	४			३९९
अभिव्यक्ति स्वतन्त्रता	१५	३८	४	४२	३	२		२
आत्महत्या	१२२५	५३४	४७४	१२९४				
धम्की	७३	१०२	७	१७१	४	४		४

घटनाको प्रकार	जम्मा				राज्यद्वारा पीडित भएकाहरू			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
महिला भएकै कारणले दिइने यातना	५३		६०	६०	१		१	१
सरुवा	६	६	२	८	६	५	२	८
जातीय छुवाछूत	२९	४४	२५	७४				
महिला अधिकार	७		८	८				
महिला किनबेच	६६		८८	८९				
जम्मा	४२९५	४२२५	१६४३	८५०३	४४९	१०९२	१०२	२६१६

नेपाल : पीडितको प्रकार र संख्या

पीडितको प्रकार	१५ वर्षमुनि			१५ देखि ४५ वर्ष			४५ वर्षभन्दा माथि			जम्मा		
	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
कृषिसँग सम्बन्धित	८	९	१७	११०३	५१४	१६१७	२५३	७४	३२७	१३६४	५९७	२०८५
व्यापारसँग सम्बन्धित	१		१	१५६	३८	१९४	२३	३	२६	१८०	४१	४५३
कर्मचारी				१५९	१५	१७४	१०	२	१२	१६९	१७	२८२
सांस्कृतिक कार्यकर्ता				१६	१३	२९				१६	१३	४६
डाँका				७		७				७		७
बन्दीहरू				३८	२	४०	५	१	६	४३	३	९२
शारीरिक र मानसिकरूपले अशक्त				१	२	३				१	२	३
विदेशी				३	६	९	१		१	४	६	१०
सरकारी व्यक्ति				८		८				८		८
मानवअधिकार कार्यकर्ता				३८		३८	२	१	३	४०	१	४१
भारतीय					१	१					१	१
साधारण जनता	३	१०	१३	६७७	५५३	१२३०	७२	४२	११४	७५२	६०५	२००४
पत्रकार				२४		२४	१		१	२५		२५
कानूनसँग सम्बन्धित				६		६	२		२	८		८
माओवादी				५	१	६				५	१	६
स्वास्थ्य कार्यकर्ता				२	३	५				२	३	५
राजनीतिक कार्यकर्ता				६४५	२२	६६७	५४	१	५५	६९९	२३	१६६०
प्रहरी				४४		४४				४४		४४
नवजात शिशु	२८	११	३९							२८	११	३९
शरणार्थी	१	२	३		१	१				१	३	४
सामाजिक कार्यकर्ता				२	१	३	१	१	२	३	२	४३
विद्यार्थी	७५	६२	१३७	२५०	५५	३०५	१		१	३२६	११७	४८७
शिक्षक				१२५	६	१३१	१९		१९	१४४	६	१५०
नावालक	१०३	१२१	२२४		१	१				१०३	१२२	२२५
वन सुरक्षा गार्ड				२		२				२		२
सैनिक				३		३				३		३
कमैया		१	१	८	१	९				८	२	१०
भूमिहीन					२	२	२		२	२	२	२५
मजदुर	६	२	८	२१९	५१	२७०	११	५	१६	२३६	५८	७३५
जम्मा	२२५	२१८	४४३	३५४१	१२८८	४८२९	४५७	१३०	५८७	४२२३	१६३६	८५०३

नेपाल : पीडित भएकाहरुको संख्या घटनाको प्रकार र महिनामा

घटनाको प्रकार	जनवरी	फेब्रुअरी	मार्च	अप्रिल	मे	जुन	जुलाई	अगष्ट	सेप्टेम्बर	अक्टोबर	नोभेम्बर	डिसेम्बर	जम्मा
गर्भपतन	१	३	१	३	१	३	१	४	५	७	६	२	३८
दुर्घटनाहरू/विपत्तिहरू	४७	५१	६०	५६	७७	७२	७८	१०४	४१	६८	४४	४६	७८१
गिरफ्तारी र यातना	७३	७७	६३	६९	१०८	८७	१००	१४६	२६१	११६	१६४	७२	१५६८
कुटपीट	५०	९१	१००	५६	३३९	९०	८६	१२३	१००	१०१	९२	६३	१३०९
ब्ल्याकमेल	२	३	१	८			१		१	४			२०
बम प्रहार			२		१				१				४
बाल अधिकार	७	२	१३	९	५	५	३	१	३	१		३	५२
आतंक	२	३	४		२	४३		३		३	१	१	२६२
चोरी/डकैती	९	८	११	५	२	६	१५	३	१०	११	५	३	८८
लाश फेला	४	१	१	१	२		१	२	२	२			१०२
थुनामा मृत्यु	४		२	२	१		२	६	१	३	२	१	२५
अमानवीय व्यवहार	२	२	१	१		१	३	७	५	१	२६	५	५४
घटुवा						१							१
बेपत्ता पारिएको	१												१
पक्षपात				२	९६	१						२	१०१
आर्थिक अधिकार	१९		१	१५३	६	१६३		६	१९	३	८	३	५३०
निष्पक्ष चुनाव					१३१	१	१						१३३
पारिवारिक हिंसा	१	२	२	१	३	५	२	२		१	३	२	२४
अवकाश	१		१						१			१	४
गोली	४	३	४	२	५५	३	१	५	४	७			१३०
मौलिक अधिकार	२	८	२	११	१३	१	२	१४	२२	१		२	९५
जेल	५	५			४८		२		२				६२
जारी	५	४	८	४	६	८	६	२	४	६	१७	६	७६
अपहरण								३	४				७
बलात्कार पछि हत्या						२			१		१	१	६
गोलीद्वारा हत्या	१३	५	१	३	१३	२	१	५	१	५	२		५१
यातनाले मृत्यु		१				१		१					३
हत्या	३०	३१	३२	३०	३२	४१	२७	४४	२२	२९	२८	१९	३६५
भूमिहीन तथा सुकुम्बासी			१					७					८
लाठीचार्ज	४									२१			३७
अन्य	२	२	१		२	३	२	१	१	१		१	१६
राजनीतिक स्वतन्त्रता		१											१
बहुविवाह	१०	५	७	७	६	१२	१३	४	८	८	६	६	१०३
निष्पक्ष न्यायिक अधिकार				१	१	६		१	१		१		११
बलात्कार	९	८	२१	१३	१२	१३	१९	१३	१०	११	१७	१०	१५७
बलात्कार प्रयास	२	२	४	२	१	२	२	३	४		१		२३
धार्मिक स्वतन्त्रता		७६											७६
भेला र संगठित हुने अधिकार				१	२५	३			३९	५		३६०	४३३
अभिव्यक्ति स्वतन्त्रता		३			१४	८						१७	४२
आत्महत्या	५०	४३	५३	४८	५४	५८	६३	४७	७२	४३	६२	५७	१२९४
धम्की	५	७	७	८	२०	१६	७३	११	८	६	९	१	१७१
महिला भएकै कारणले दिइने यातना	७	२	१२	५	३	३	१२	१	६	३	३	३	६०
सरुवा						१			१	१		४	८
जातीय छुवाछूत	१	५	२६	५	२		७	२	२	६	६	७	७४
महिला अधिकार	१		४			१					१	१	८
महिला किनबेच	६	८	१४	८	११	७	९	१२	१	३	६	४	८९
जम्मा	३७९	४६२	४६०	५१४	१०९२	६६९	५३२	५८३	६६३	४७७	५११	७०३	८५०३

नेपाल : पीडक अनुसार पीडित भएकाहरुको संख्या

पीडककको प्रकार	पीडितको संख्या र उमेर समूह											
	१५ वर्षमुनि			१५ देखि ४५ वर्ष			४५ वर्षभन्दा माथि			जम्मा		
	पुरूष	महिला	जम्मा	पुरूष	महिला	जम्मा	पुरूष	महिला	जम्मा	पुरूष	महिला	जम्मा
कृषिसंग सम्बन्धित	१३	२६	३९	३४६	२२८	५७४	६३	२२	८५	४२२	२७६	८०८
विद्यार्थी	५	४	९	९३	७	१००	५		५	१०३	११	११४
शिक्षक	१८	८	२६	२५	१९	४४	४		४	४७	२७	७४
कर्मचारी	४	४	८	३१	१९	५०	५	३	८	४०	२६	६६
व्यापारसंग सम्वन्धित	४	४	८	५८	३०	८८	३		३	६५	३४	९९
राजनीतिक कार्यकर्ता	७		७	४७०	४८	५१८	५४	७	६१	५३१	५५	८५१
प्रहरी	१३		१३	९५०	८७	१०३७	६३	५	६८	१०३६	९२	२२१४
सरकारी व्यक्ति		१	१	१०	२	१२				१०	३	१०९
मजदुर	३	८	११	१९	१८	३७	४	१	५	२६	२७	५३
अज्ञात	२७	२३	५०	१५१	२८	१७९	३३	८	४१	२११	५९	३५६
साधारण जनता	२०	६६	८६	३६६	२७०	६३६	४१	१५	५६	४२७	३५१	७८६
मालिक		३	३	५१	५	५६	१		१	५२	८	५२५
सैनिक		१	१	१२	५	१७		१	१	१२	७	२१९
वन सुरक्षा गार्ड	१	१	२	३		३	१		१	५	१	६
जिल्ला प्रशासन				५	१	६				५	१	६
न्यायालय	१		१	६		६				७		७
भारतीय				३	१	४				३	१	४
शरणार्थी	१	२	३	१	१	२				२	३	५
स्वास्थ्य कार्यकर्ता				१	७	८	१		१	२	७	९
प्रजिअ				३		३				३		३
धामी/झाँक्री					१	१					१	१
धार्मिक कार्यकर्ता					१	१					१	६
माओवादी				४८	६	५४	८	१	९	५६	७	६३
कानूनसंग सम्वन्धित				४	२	६	१		१	५	२	७
डाँका	१		१	१३	३	१६	१		१	१५	३	१८
भारतीय प्रहरी				१	१	२				१	१	२
भारतीय सैनिक				४		४				४		४
जिल्ला प्रशासन र वनसुरक्षा अधिकृत				८		८	३		३	११		११
पत्रकार				१		१				१		१
दुर्घटनाबाट	८५	५८	१४३	४३२	७२	५०४	७०	२८	९८	५८७	१५८	७८२
जम्मा	२०३	२०९	४१२	३११५	८६२	३९७७	३७१	९१	४६२	३६८९	११६२	७२०९

नोट : दिइएका सबै तालिकाहरुमा पुरुष र महिलाको संख्या जोड्दा जम्मा संख्या नमिलेको पनि हुन सक्छ । यसरी नमिल्नाको कारण महिला र पुरुष नछुट्टिएको संख्या समेत जम्मा संख्यामा जोडिएको छ ।

परिशिष्ट ७

१९९७ डिसेम्बर महिनासम्ममा जेलमा रहेका बन्दीहरुको संख्या

जिल्ला	थुनुवा	बन्दी	पुरूष	महिला	नाबालक	जम्मा
१.०१ झापा	७८	११६	१८१	१३	१	१९४
१.०२ इलाम	२८	२३	४८	३	२	५१
१.०३ पाँचथर	१७	१५	३०	२	०	३२
१.०४ ताप्लेजुङ	८	१०	१७	१	०	१८
१.०५ मोरङ	२८४	२३८	४८८	३४	०	५२२
१.०६ सुनसरी	जेल छैन					
१.०७ धनकुटा	८	२५	३३	०	०	३३
१.०८ तेह्रथुम						२४
१.०९ भोजपुर	२२	२०	३६	६	३	४२
१.१० संखुवासभा	२५	२९	४४	९	२	५४
१.११ सप्तरी	३७	४०	७०	७	०	७७
१.१२ सिराहा			९९	४	१	१०३
१.१३ उदयपुर	२७	११	३६	२	१	३८
१.१४ खोटाङ	१५	२०	३०	५	१	३५
१.१५ ओखलढुङ्गा	२०	२२	३६	६	२	४२
१.१६ सोलुखुम्बु	१६	११	१८	९	०	२७
२.०१ धनुषा	जेल छैन					
२.०२ महोत्तरी	११०	५७	१६०	७	०	१६७
२.०३ सर्लाही	५०	३२	७७	५	०	८२
२.०४ सिन्धुली			१९	२	०	२१
२.०५ रामेछाप	८	२१	२२	५	१	२९
२.०६ दोलखा	२१	२३	३९	५	४	४४
२.०७ रौतहट	३६	१७	५२	१	०	५३
२.०८ बारा	जेल छैन					
२.०९ पर्सा	१५६	२१४	३४५	२५	०	३७०
२.१० चितवन			९३	१२	२	१०५
२.११ मकवानपुर	६०	२९	८४	५	०	८९
२.१२ ललितपुर	१००	८५	१८५	०	०	१८५
२.१३ काभ्रे	६७	६				७३
२.१४ भक्तपुर	जेल छैन					
२.१५ काठमाडौं	७७९	६५७	१३२१	११५	४७	१४३६
२.१६ धादिङ	११	४	१४	१	०	१५
२.१७ सिन्धुपाल्चोक						४६
२.१८ नुवाकोट	४	१०	१२	२	०	१४
२.१९ रसुवा	२	२	२	२	०	४
३.०१ तनहुँ	१८	१३	३१	०	०	३१
३.०२ गोरखा			४८	७	०	५५
३.०३ लमजुङ	१७	८	२१	४	३	२५
३.०४ स्याङ्जा	२१	६	२७	०	०	२७

जिल्ला	थुनुवा	बन्दी	पुरुष	महिला	नाबालक	जम्मा
३.०५ कास्की	६३	३१	८४	१०	०	९४
३.०६ मनाङ	०	०	०	०	०	०
३.०७ नवलपरासी	४३	१६	५१	८	२	५९
३.०८ रूपन्देही	९६	२६	१२२	०	०	१२२
३.०९ पाल्पा	२२	१३१	१४०	१३	४	१५३
३.१० कपिलवस्तु	५२	११	६३	०	०	६३
३.११ अर्घाखाँची	जेल छैन					
३.१२ गुल्मी	१८	१८	३२	४	१	३६
३.१३ बाग्लुङ	१५	९	१९	५	०	२४
३.१४ पर्वत	५	६	११	०	०	११
३.१५ म्याग्दी	८	१६	२४	०	०	२४
३.१६ मुस्ताङ	१	३	४	०	०	४
४.०१ दाङ	७८	१०९	१७७	१०	३	१८७
४.०२ प्यूठान	१५	८	१८	५	१	२३
४.०३ रोल्पा	७४	३	७३	४	४	७७
४.०४ सल्यान	३६	९	४४	१	०	४५
४.०५ रुकुम	३७	१७	५२	२	०	५४
४.०६ बाँके	५३	९१	१३६	८	२	१४४
४.०७ बर्दिया	२२	५०	६५	७	०	७२
४.०८ सुर्खेत	७	२५	३२	०	२	३२
४.०९ जाजरकोट	१८	११	२९	०	०	२९
४.१० दैलेख			२०	२	१	२२
४.११ डोल्पा	२७	३	३०	०	०	३०
४.१२ जुम्ला			९	१	०	१०
४.१३ कालिकोट	९	८	१७	०	०	१७
४.१४ मुगु	०	०	०	०	०	०
४.१५ हुम्ला	१	१	२	०	०	२
५.०१ कैलाली	२७	८१	९९	९	२	१०८
५.०२ अछाम	६	१७	१८	५	२	२३
५.०३ डोटी	४	२६	३०	०	०	३०
५.०४ बाजुरा	५	१०	१४	१	०	१५
५.०५ बभाङ	६	६	१०	२	०	१२
५.०६ कञ्चनपुर	६२	६७	१२२	७	०	१२९
५.०७ डडेलधुरा	४	१३	१५	२	०	१७
५.०८ बैतडी	२	२५	२५	२	१	२७
५.०९ दार्चुला	३	१७	१९	१	०	२०
जम्मा	२८६४	२६२८	५३२५	४०८	९५	५८७८

द्रष्टव्य : प्राप्त नभएका जानकारीहरुको कोष्ठ खाली राखिएको छ।

अनुसूची ७

सन् १९९७ मा मानवअधिकार स्थितिबारे राजनीतिक पार्टीहरुको धारणा

७.१ नेपाल कम्युनिष्ट पार्टी (एमाले)

७.२ नेपाली कांग्रेस

७.३ राष्ट्रिय प्रजातन्त्र पार्टी

७.४ नेपाल सद्भावना पार्टी

७.५ नेपाल मजदूर किसान पार्टी

७.६ संयुक्त जनमोर्चा नेपाल

७.७ नेपाल कम्युनिष्ट पार्टी (मसाल)

७.१ नेपाल कम्युनिष्ट पार्टी (एमाले)

नेपाली जनताको निरन्तर संघर्षको परिणाम नै नेपाल अधिराज्यको संविधान २०४७ हो भन्ने तथ्य निर्विवाद छ। जनआन्दोलनको सफल परिणतिको रूपमा आएको यो संविधानले स्वभाविक रूपमा आफ्नो प्रस्तावनामा नै "प्रत्येक नेपाली नागरिकको आधारभूत मानवअधिकार सुरक्षित गर्ने" उद्घोषण गरेको छ। नर यो उद्घोषण व्यवहारमा कुन हदसम्म क्रियान्वित हुन सकिरहेको छ ? जनआन्दोलनको एउटा निर्णायक शक्ति र नेपाल अधिराज्यको संविधान २०४७ को निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउने एउटा प्रमुख पार्टीको हैसियतले नेकपा (एमाले) यो प्रश्नतर्फ सधैं जागरूक र चिन्तनशील रहिआएको छ। मानवअधिकारप्रतिको आफ्नो प्रतिबद्धताअनुरुप नै नेकपा (एमाले) ले नौ महिने सरकार संचालन गऱ्यो र विपक्षमा रहँदा आम नेपाली जनताको मानवअधिकारका लागि संघर्षरत रह्यो।

नेपाली नागरिकको आधारभूत मानवअधिकार सुरक्षित गर्न न्यूनतम पनि देहायका कार्यहरू हुनुपर्छ भन्ने नेकपा (एमाले) को सोचाई छ –

१. मानवअधिकार उल्लंघनकारी कानूनहरूलाई नयाँ संविधानअनुरूप संशोधन वा परिमार्जन वा पूर्णतः खारेज गर्ने.
२. मानवअधिकारको प्रत्याभूतिको लागि नयाँ विशेष कानूनहरुको निर्माण गर्ने.
३. मानवअधिकार सम्बद्ध नयाँ कानूनहरू व्यवहारमा आए / नआएको र कानूनको प्रयोग गर्दा मानवअधिकारको उल्लंघन भए / नभएको हेर्न निरन्तररूपमा प्रभावकारी अनुगमन तथा उपचारको व्यवस्था गर्ने।

उल्लेखित आधारहरूको परिप्रेक्ष्यमा विश्लेषण गर्दा विगतको वर्ष मानवअधिकारको क्षेत्रमा सन्तोषजनक नरहेको नेकपा (एमाले) को ठहर छ। यो निष्कर्षमा पुग्दा पार्टीले देहायको तथ्यलाई ध्यानमा राखेको छ –

१. विद्यमान कानून महिलाहरुप्रति असमान छ। अदालतको फैसला र सार्वजनिक प्रतिबद्धताको बावजुद महिलाप्रति भेदभावपूर्ण रहेको कानूनलाई परिमार्जन गरी संविधान सम्मत बनाइएको छैन र सम्पत्ति अधिकारसम्बन्धी कानूनलाई संसदमा थान्को लगाइएको छ। कानूनको निर्माण गरी नेपाली महिलाको संरक्षण वा विकासको लागि विशेष व्यवस्था गर्न सकिने संवैधानिक प्रावधान हुँदाहुँदै पनि यस क्षेत्रमा केही गरिएको छैन। वास्तवमा महिला, वृद्ध वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्तिको संरक्षण वा विकासको लागि विशेष कानूनी व्यवस्था गरी कार्यान्वयन गर्नेतर्फ गएको वर्ष कुनै प्रयास भएन। ठूलो माग र आवश्यकताको बावजुद पारिवारिक अदालतको स्थापनाको लागि आवश्यक कार्य हुन सकेको छैन।
२. उत्पीडित जाति लगायत पिछडिएका जनजाति र समुदायको उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्नुपर्ने भए पनि यस क्षेत्रमा केही भएन। सार्वजनिक प्रतिबद्धता व्यक्त भइसकेको जनजाति प्रतिष्ठानको स्थापना गर्नको लागि विधेयक प्रस्तुत गर्ने कामसम्म पनि हुन सकेन।
३. मानवअधिकार सम्बन्धी महत्वपूर्ण अन्तर्राष्ट्रिय अनुबन्ध र महासन्धिहरुलाई नेपालले अनुमोदन गरेको छ। परिणामस्वरूप यी महासन्धिहरूको व्यवस्थालाई लागू गर्ने क्रममा नेपालले नयाँ कानूनको निर्माण गर्ने, भइरहेका कानूनहरूलाई परिमार्जन गर्ने र कानूनको उचित परिपालना गर्नुपर्ने हुन्छ। यो दृष्टिकोणले विगतको वर्ष उत्साहप्रद् रहेको छैन।
४. कारागार ऐन, राज्य विरूद्धको अपराध र सजाय ऐन, प्रहरी ऐन र स्थानीय प्रशासन ऐन जस्ता कानूनहरूलाई समयानुकूल बनाउन कुनै प्रयास भएन र यसको उल्टो सार्वजनिक सुरक्षा ऐनलाई ब्युँताउँदै स्वेच्छाचारी ढङ्गले प्रयोग गरियो। सार्वजनिक अपराध र सजाय ऐनको व्यापक रूपमा दुरूपयोग गरियो। राजनीतिक विपक्षीलाई झुटो मुद्दामा फसाइयो। स्थानीय प्रशासन ऐनलाई गलत ढङ्गले प्रयोग गरियो। यतिले नपुगेर आतङ्ककारीसम्बन्धी विधेयक पेश गर्ने प्रयास भयो।
५. सूचनाको हक र गोपनीयताको हकको क्षेत्रमा उपयुक्त कानूनको निर्माण गरी जनताको अधिकारको सुरक्षा गर्नेतर्फ कुनै प्रयास भएन। देशको लागि कलङ्क बनिरहेको कमैया प्रथाको उन्मूलन गर्न कानून निर्माणको थालनीसम्म गरिएन।
६. संवैधानिक प्रतिबद्धताको बावजुद कानूनी सहायताको क्षेत्रमा उपयुक्त कानूनको निर्माण भएको थिएन। गएको वर्ष यस क्षेत्रमा नेकपा (एमाले) का सांसदले निःशुल्क कानूनी सहायता सम्बन्धी निजी विधेयक पेश गरी

कानूनको निर्माण भएको छ। तर सरकारले यसलाई व्यवहारमा कार्यान्वयन गर्न सकेको छैन। वालवालिका सम्बन्धी ऐन २०४८ ले गरेका वाल सुधार गृह, वाल कल्याण गृह र वाल अदालत जस्ता धेरै राम्रा व्यवस्थाहरू कानूनमै सीमित रहन पुगेका छन्। यातनाको क्षतिपूर्ति ऐन २०५३ व्यवहारमा प्रभावकारी हुन सकेको छैन।

७. माओवादी जनयुद्ध दबाउने नाममा गएको वर्ष राज्यको तर्फबाट धेरै निर्दोष व्यक्तिहरूको हत्या भएको छ। प्रहरी हिरासतमा यातना दिइएको र कानूनको विपरीत हिरासतमा राखिएका गुनासाहरू प्राप्त भएका छन्। प्रहरी हिरासतमा रहेकाहरूलाई कानून व्यवसायीको परामर्श लिनबाट वञ्चित गरिएको र गिरफ्तारीको कारण जानकारी नदिइएका घटनाहरू सार्वजनिक भएका छन्।

८. गएको वर्ष पनि हत्या, बलात्कार र आतंकका गतिविधिहरूमा वृद्धि भएको छ। सरकारले शान्ति सुव्यवस्था कायम गर्ने प्राथमिक जिम्मेवारीसम्म पूरा गर्न नसकेको देखिन्छ। राजनीतिमा अपराधिकरण भएको र प्रजातान्त्रिक मूल्य र मान्यतामा गम्भीर विचलन आएको देखिन्छ। संसद सक्षम र प्रभावकारी नभएको प्रष्ट देखिन्छ। देशको प्रत्येक क्षेत्र अस्तव्यस्त भएको र मूल्य मान्यतामा ह्रास आएको देखिन्छ।

९. सार्वजनिक हक र सरोकारका विषयमा सर्वोच्च अदालतले गरेका केही महत्वपूर्ण निर्णयहरूको अपवादलाई छोडेर नेपालको न्यायपालिका पनि अन्य क्षेत्रमा देखा परेको विकृति तथा विसंगतिको अपवाद बन्न सकेको छैन। छिटो, छरितो, निष्पक्ष र सर्वसुलभ न्याय व्यवहारमा प्राप्त हुन सकिरहेको छैन।

१०. मानवअधिकार सम्बन्धी मानवअधिकारवादीहरूको जनकपुर घोषणा र आयोगको अपरिहार्यता सम्बन्धी नेकपा (एमाले) द्वारा राष्ट्रिय सभामा प्रस्तुत संकल्प प्रस्तावले शुरू गरेको मानवअधिकार आयोग स्थापनाको संघर्ष मानवअधिकार आयोग सम्बन्धी विधेयक पारित भएपछि अर्को चरणमा पुगेको छ। तर कानूनको निर्माण पश्चात पनि निष्पक्ष र प्रभावकारी मानवअधिकार आयोगको स्थापना अहिलेसम्म पनि हुन नसकेबाट मानवअधिकारको व्यवहारिक प्रत्याभूतिको लागि आवश्यक एउटा अर्को महत्वपूर्ण शर्त पूरा हुन सकेको छैन।

अन्त्यमा, मानवअधिकार वर्ष पुस्तक प्रकाशनसम्बन्धी अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को कार्यले यस क्षेत्रमा महत्वपूर्ण योगदान पुग्ने प्रष्ट छ। तसर्थ इन्सेकको यस कार्यको सफलताको लागि हार्दिक शुभकामना छ।

●

७.२ नेपाली कांग्रेस

नेपाली कांग्रेस राष्ट्रियता, प्रजातन्त्र र समाजवादको उच्चतम आदर्शलाई आफ्नो सैद्धान्तिक प्रतिवद्धता अंगिकार गरेर नेपालमा तिनै मूल्य र मान्यता स्थापित गराउने लक्ष्य लिएर संगठित भएको पार्टी हो। नेपाली कांग्रेसले नेपालमा प्रजातन्त्र, मानवअधिकार र कानूनको शासनको स्थापनाका लागि विगत ५० वर्षदेखि नेपाली जनआन्दोलनको नेतृत्व गर्दै आएको छ।

प्रजातन्त्र र मानवअधिकार अविभाज्य छन्। प्रजातन्त्रमा मात्र मानवअधिकार र विधिको शासन हुन्छ। प्रजातन्त्र, मानवअधिकार र विधिको शासनको दार्शनिक एवं वैचारिक पक्षलाई आत्मसात नगरी मानवअधिकारको संरक्षण संवर्द्धन हुन सक्दैन। कुनै पनि स्वरूप र चरित्रको अधिनायकवादमा विश्वास राख्नेहरू मानवअधिकार र विधिको शासनमा विश्वास राख्दैनन्। त्यसको दार्शनिक पक्षसंग सहमत हुँदैनन्।

नेपाली कांग्रेसको प्रजातन्त्र, मानवअधिकार र विधिको शासनप्रतिको निष्ठापूर्ण प्रतिवद्धता र यसले गरेको लामो संघर्ष इतिहास खुला किताव भएको छ। इन्सेकले नेपाली कांग्रेसप्रति दुराग्रह राख्ने र कम्युनिष्ट पार्टीहरूको प्रचार सामग्री जस्तै आफ्ना प्रकाशनहरुमा वास्तविकतालाई वंग्याउने, ढाकछोप गर्ने गरेको देखियो। इन्सेकमाथि वर्तमान राजनैतिक घटनाक्रमहरूसंग प्रत्यक्षतः संलग्नता भएको पत्र-पत्रिकामा टिका टिप्पणी देखिएको छ। इन्सेकले मानवअधिकारको क्षेत्रमा निस्वार्थ काम गर्ने हो भने दलगत पूर्वाग्रहवाट माथि उठ्नै पर्दछ।

यस वर्ष मानवअधिकारलाई कुण्ठित बनाउने केही गम्भीर घटना र क्रियाकलाप भएका छन्।

यस वर्ष चन्द-एमाले सरकारले गराएको स्थानीय निर्वाचन मुलुकभर हिंसा, हत्या, अशान्ति, अव्यवस्था र आतंकको वातावरणमा भयो। चुनावका बेला प्रतिस्पर्धी राजनीतिक दलहरूले समान सुरक्षा र प्रतिस्पर्धाको अवसर पाएनन्। जनताले निर्भिक भएर निर्वाचनमा भाग लिन पाएनन्। चन्द-एमाले सरकारको सहभागी दल नेकपा (एमाले) ले स्थानीय निकायमा सत्ता कब्जा गर्ने लक्ष्य राखेर सुनियोजित र संगठितरूपमा व्यापक धाँधली गर्ने योजना बनाई प्रहरी प्रशासनमा नियुक्ति सरूवा र आतंकको वातावरण बनायो र निर्वाचन होइन, धाँधलीका सबै हतकाण्ड प्रयोग गरी स्थानीय निकाय कब्जा गऱ्यो। निर्वाचनमा भएको धाँधलीको प्रकृति र घटनाको छोटो झलक यस्तो छ।

प्रहरी प्रमुखको परिवर्तन

सरकारको ठाडो हस्तक्षेपवाट बहालवाला महानिरीक्षकको पूर्ण अवधि बाँकी छँदै अर्कोलाई सो पदमा नियुक्ति गर्दा प्रहरी संरचना र जवानहरूलाई एमालेका प्रति राजनीतिक निष्ठा नराख्ने एवं तदनुरूप व्यवहार नगर्ने प्रहरी सुरक्षित छैन भन्ने परोक्ष तर प्रभावकारी सन्देश गयो। फलतः निर्वाचनका क्रममा प्रहरीको माथिल्लो पंक्ति अघोषितरूपमा र तल्लो पंक्तिका जवानहरू मतदान केन्द्रमै मनोनयन दाखिला र मतदानदेखि मतगणना एवं परिणाम घोषणासम्मको विभिन्न चरणमा खुलेर एमालेको पक्षमा प्रस्तुत भए। एमालेका स्थानीय कार्यकर्तादेखि डराउने र उनीहरूलाई खुशी राख्नेतिर लागे। उदाहरणका लागि पाँचथरको च्याङथापु, गमेछापको झुजी, खनियापानी, पकरवास, रौतहटको रामपुरघाट, गुल्मीको वामेटक्सार, नवलपरासीको पक्लिहवा, तुलसीपुर नगरपालिकाको रक्षाचौर केन्द्र, कञ्चनपुरको वडा नं. १९, रैकवार आदि दर्जनौं मतदान केन्द्रहरूमा प्रहरीहरू आफैले मतपत्र लिई सूर्यमा छाप लगाएको तथा मतदाताहरूलाई पनि सूर्यमा छाप लगाउन दवाव दिए।

बाजुराको कुलदेवमाण्डौंमा ने. कां. समर्थकहरूको भीडमा गोली चलाउन ढिलो गरेवापत आफ्नै प्रहरी जवान (असई) माथि प्रहरी निरीक्षकले गोली हानेको घटनाले पनि चुनावका बेला प्रहरीको मानसिक अवस्था र राजनैतिक दवाबलाई प्रष्ट पार्दछ।

प्रमुख जिल्ला अधिकारीको परिवर्तन

यसैगरी चुनावको तिथि घोषणा गर्ने केही दिनअगाडि र घोषणा भैसकेपछि पनि श्री ५ को सरकारको प्रमुख जिल्ला अधिकारलगायत जिल्लाका प्रहरी प्रमुख र अधिकृतहरूको व्यापक फेरबदल गरियो। यी परिवर्तनहरू निर्वाचनलाई एमाले पक्षमा प्रभावित गर्ने गरी भएका पाइन्छन्।

प्रजिअहरूको नियुक्ति र सरूवाले चुनावमा प्रत्यक्ष प्रभाव पार्ने गर्दछ। प्रजिअलाई नै सम्वन्धित जिल्लाको निर्वाचन अधिकृत बनाइएको परिप्रेक्ष्यमा निजको भूमिका चुनावको विभिन्न चरणमा निर्णायक हुनु स्वभाविक हो। निर्वाचन अधिकृतका हैसियतले प्रजिअ स्वयंले जिल्लाभरका मतदान अधिकृत र अन्य कर्मचारीको चयन गर्ने हुँदा निजको भूमिका चुनावको निष्पक्षताका लागि सर्वाधिक हुन जान्छ। तर यस पटक कैयौं प्रजिअहरूले आफ्ना सीमा प्रष्ट रूपमा उल्लंघन

गरेका प्रशस्त उदाहरणहरू छन्। तनहुँ, स्याङ्जा, अर्घाखाँची, मोरङ, ताप्लेजुङ लगायतका कतिपय जिल्लाहरूमा प्रजिअले खुलेर एमाले पक्षमा अनियमित र धाँधलीपूर्ण काम गरेका घटनाहरू सार्वजनिकरूपमा बाहिर आएका छन्। स्वतन्त्र र निष्पक्ष भूमिकाको दायित्व निर्वाह गर्न नसकेका कारण निर्वाचन आयोगले तनहुँका प्रजिअ खडानन्द ढकाललाई निर्वाचन अधिकृतबाट मुक्त गरी विभागीय कारवाही गरेको थियो।

मतदान अधिकृतहरुको चयन

यस चुनावमा मतदान अधिकृतको नियुक्ति हुनुभन्दा पहिले विभिन्न कार्यालयबाट कर्मचारीहरूको विवरण माग्ने र पछि चुनावका लागि नाम तोकेर कर्मचारी झिकाउने गरियो। यसरी कर्मचारी झिकाउँदा एमालेप्रति निष्ठा राख्ने कर्मचारी संगठनसंग आवद्ध कर्मचारीलाई प्राथमिकता दिइयो। यसको प्रत्यक्ष असर मतदानमा पर्‍यो। कतिपय मतदान केन्द्रहरूमा अघिल्लो दिन नै मतपत्र बाँडिनु, एमालेको पक्षमा बुथ कब्जा गरिएका घटनालाई रिपोर्ट नगर्नु, ने.का. ले जित्ने सम्भावना भएका ठाउँहरूमा विभिन्न बहानामा मतदान स्थगन गर्नु आदि कुराहरूले चुनावमा कर्मचारीको चयन निष्पक्ष नभएको तथ्यलाई पुष्टि गर्दछ। ३०० भन्दा बढी मतदान अधिकृतहरूले चुनावमा निष्पक्ष भूमिका निर्वाह गर्न नसकेको तथ्य जानकारीमा आएको छ। यस सन्दर्भमा निर्वाचन आयोगले नौ जना मतदान अधिकृतलाई मात्र विभागीय कारवाही गरेको छ।

उम्मेदवारी मनोनयनमा बाधा-अवरोध

चन्द-एमाले सरकारले माओवादी आतंककारीसंग निर्वाचनमा साँठगाँठ गर्‍यो। माओवादी आतंकका कारण ५४ गाविसहरूमा नेपाली कांग्रेसलगायत् कुनै पनि पार्टी वा स्वतन्त्र व्यक्तिले उम्मेदवारी नै दिन पाएनन्। माओवादीका कारणले लगभग ३,५०० स्थान रिक्त रहे। वस्तुतः ती क्षेत्रमा एमालेले जित्न नसक्ने भएकोले निर्वाचन गराउने प्रयास भएन। यसका अतिरिक्त महाकालीदेखि मेचीसम्मका खास गरेर पहाडी जिल्लाका गाविसहरूमा नेपाली कांग्रेसका उम्मेदवारहरूलाई उम्मेवारी दिन अनेक प्रकारका अवरोधहरू खडा गरिए। संभावित उम्मेदवारको अपहरणदेखि लिएर डर, त्रास, धम्की, प्रलोभनसमेत दिइयो। ५९ जिल्लाका करीव १२०० गाविस र नगर वडाहरूमध्ये २१० भन्दा बढी ठाउँमा यस्ता प्रत्यक्ष घटनाहरू भेटिएका छन्। कतिपय गाविसहरूमा एमाले गुण्डागर्दीका अतिरिक्त मतदान अधिकृतहरू स्वयंले पनि निर्वाचन निर्देशिकाको विपरीत विभिन्न बहानामा नेकाको मनोनयनपत्र नबुझ्ने, म्याद गुजार्ने तथा रद्द गर्ने गरे। यस क्रियाकलापबाट मात्र ३,५०० भन्दा बढी पदमा नेकाले प्रत्यक्ष प्रतिस्पर्धा गर्ने अवसर पाएन र लगभग सोही अनुपातमा एमालले निर्विरोध निर्वाचित हुने अवसर पायो।

निर्वाचन आयोगले मनोनयनमा बाधा अवरोधको कारणले जम्मा २६ मतदान केन्द्रको चुनाव कार्यक्रम रद्द गरी पुनः चुनावको निर्णय गर्‍यो।

आचारसंहिताको उल्लंघन

- धनकुटा बजारमा राज्यमन्त्री रकम चेम्जोङले टेलिफोन वितरणको तोक आदेश गरी १३ लाइन टेलिफोन जडान गर्न लगाएको र चुनावपछि अरू लाइन वितरण गरिने आश्वासन दिएको।
- महोत्तरीमा उपसभामुख रामविलास यादवले महोत्तरी जिल्लाको एकद्वारमा बुथ कब्जा गरेको र निजको दयमथ नगवचम ले पिस्तोल देखाई मतपत्रको गठ्ठी नै लिएर छाप लगाएको।
- राज्यमन्त्री खोभारी रायले सर्लाहीको लक्ष्मीपुर सुखचैनमा नेपाली कांग्रेसले जितेकोमा निर्वाचन अधिकृतलाई दबाब दिएर पुनः मतदान गराएको।
- बाराको रामपुर टोकनीमा नेकाको विजय पक्का देखेर पर्यटन मन्त्री सलिममियाँ अन्सारीले भारतबाट झिकाएका गुण्डाहरू र प्रहरीसमेत प्रयोग गरी नेकाका उम्मेदवार र कार्यकर्तालाई पक्राउ गरी मतदान केन्द्र कब्जा गरेको।
- ललितपुर नगरपालिका वडा नं. ८ मा सांसद रघु पन्त र जिविस सभापति माधव पौडेलले हिंसक समूह परिचालन गरी नेका कार्यकर्तामाथि आक्रमण तथा कीर्तिनाथ महर्जनको घर तोडफोड गरेको।

प्रचार प्रसारमा अवरोध

नेपाली कांग्रेसका उम्मेद्वारहरूले शान्तिपूर्वक एवं समान वातावरणमा चुनावको प्रचार प्रसार गर्न पाएनन्। माओवादी आतंकबाट प्रभावित जिल्लाहरूमा प्रचार प्रसारको आवस्था अत्यन्तै न्यून थियो नै, अन्य जिल्लाहरूमा एमालेका आफ्नै तथा बाग्लुङ र प्यूठानमा मसालका हिंस्रक जत्थाहरूसंग मिलेर नेका उम्मेदवारको अपहरण गर्ने, उम्मेदवार तथा कार्यकर्ताहरूलाई सांघातिक आक्रमण गर्ने, उनीहरूको बाहुल्यता भएका ठाउँहरूका पस्नै नदिने, नेका पक्षका मतदातालाई दवाव दिने, घर गोठमा आगो लगाउने जस्ता आतंकित पार्ने तथा नेकाको प्रचार सभाहरु विथोल्ने जस्तै अवरोधहरूका घटना भए। खोटाङको एउटा गाउँमा यसैक्रममा बलात्कारसम्मका घटनाहरू भए। यसबाट पहाडी जिल्लाहरू खास गरेर रामेछाप, मकवानपुर, गोर्खा, बाग्लुङ, स्याङ्जा, अर्घाखाँची, गुल्मी, पर्वत आदि जिल्लाहरू अत्यधिक प्रभावित भए। यी जिल्लाका ३३ भन्दा बढी गाविसहरूमा प्रचार प्रसारका क्रममा नेकामाथि अवरोध र आक्रमण भए। यसका अतिरिक्त अन्य ठाउँहरूमा झूटा मुद्दामा फसाउने, प्रहरीले हिरासतमा राख्ने जस्ता अवरोध गरियो। सोलुखुम्वु, स्याङ्जा, रामेछाप आदि जिल्लाहरू यसबाट बढी प्रभावित भएका छन्।

मतदान केन्द्रमा अव्यवस्था

चुनावका क्रममा मतदान केन्द्रहरूमा व्यापक अव्यवस्था भयो। कतै मतपत्रमा छाप लगाउने गोप्यता रहने वातावरण नभएको, कतै मतदातालाई लाइनमा राख्ने व्यवस्था नभएको, कहीं मतपेटिकाको अभावमा दाङमा कपडाको थैली र घैंटामा समेत मतपत्र खसालियो। राति अबेरसम्म चुनाव भएका स्थानहरू प्रशस्त छन् भने भोलिपल्ट बिहानसमेत मतदान भएका उदाहरणहरू पनि पाइन्छन्। झापाको पंचगादी, नवलपरासीको कावासोती, दैलेखको कट्टी, सुर्खेतको सालकोट पलैटे, अछामको रानीवन, बझाङको दौलीचौर आदि गाविसहरूमा राति ११ बजे, १२ बजे र ३ बजेसम्म मतदान भएका थिए।

मतदानमा अशान्ति, हिंसा, आक्रमण र अवरोध

मतदानका बेला केन्द्रहरूमा अशान्ति, होहल्ला, भिडन्त, विष्फोटन हुनाले ठूलो मात्रामा मतदान कार्यमा बाधा, अवरोध उत्पन्न भई चुनाव हुन सकेन। ९०० भन्दा बढी मतदान केन्द्रहरूमा पुनः चुनाव वा मतदान भए। यस्ता अवरोधपूर्ण घटनाहरूमध्ये केही माओवादीको नाममा एमालेबाट भएका थिए भने अधिकांश अव्यवस्थित मतदान प्रक्रिया, प्रहरी तथा कर्मचारीको एकपक्षीय भूमिका एमाले समर्थक र गुण्डाहरूको प्रयोगका कारण भएका थिए।

३२ जिल्लाका १७३ मतदान केन्द्रहरूमा मतपत्र लगायत चुनावसम्बन्धी कागजातहरू लुटिएका, चोरी भएका तथा नाश बिगार भएका घटनाले पनि चुनावका बेलामा मतदान केन्द्रमा विद्यमान अशान्ति र स्थितिलाई प्रमाणित गर्दछ। तराईका मतदान केन्द्रहरू हिंसक भिडन्तबाट ज्यादा प्रभावित भए। सिराहा, सप्तरी, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा जिल्लाहरूमा जेठ १३ गते प्रायः निर्वाचन हुन नसकेको देखापर्‍यो। उक्त दिन यी जिल्लाहरूका ३०० भन्दा बढी केन्द्रहरूमा मतदान स्थगित भयो।

मृत्यु

चुनावका क्रममा मृत्यु हुनेहरूको संख्या पनि यसपटक धेरै नै पुग्यो। विभिन्न स्रोतबाट जानकारीमा आए अनुसार चुनावका क्रममा मारिनेहरूको विवरण निम्नानुसार छ :

क्र.सं.	जिल्ला	गाविस	मृतकको नाम	विवरण
१.	जाजरकोट	लह	मनबहादुर सिंह	नेका गाउँ इकाइ सदस्य, चैत महिनाको अन्तिम हप्तामा खुकुरी प्रहार गरी मारिएका।
२.	लम्जुङ	सुन्दरबजार	हिरालाल मगर	वडा सदस्य उम्मेदवार (नेका), मनोनयन पत्र दाखिला गरिसकेपछि वैशाख २७ गते मारिएको अवस्थामा फेला परेको।
३.	रोल्पा	जेलवाङ	अमिल पुन मगर	निर्विरोध निर्वाचित उपाध्यक्ष (नेका) वैशाख २८ गते माओवादीबाट मारिएका।
		मिभिङ	जितबहादुर ओली	वैशाख २९ मा माओवादीबाट मारिएको।
		जेलवाङ	किरसिंह पुन मगर	निर्विरोध निर्वाचित वडाध्यक्ष (नेका), जेठ १ गते माओवादीबाट मारिएको।
		फगामे	सलगम पुन मगर	नवनिर्वाचित गाविस अध्यक्ष (नेका)
		वाछावाङ	राजबहादुर बाठा मगर	नेका गाउँ सभापति, आषाढ १५ गते माओवादीबाट मारिएको।
		नुवागाउँ	बलजित बुढा मगर	नेका कार्यकर्ता, आषाढ २० गते माओवादीबाट मारिएको।
४.	कालिकोट	थिर्पु	गंगे रोकाया	नेका कार्यकर्ता, प्रहरीको गोलीबाट जेठ ४ गते मारिएको।
५.	बाँके	नेपालगञ्ज	फजल कवाडिया	नेपालगञ्जको दंगामा जेठ ४ गते मारिएको।
६.	कास्की	कालिका	कृष्णबहादुर भुजेल	अखिल समर्थक विद्यार्थी, जेठ ४ गते मतगणनाका बेला झडप भई २/२८ मा वीर अस्पतालमा मृत्यु।
७.	दैलेख	बाँसी	विष्णुप्रसाद जैसी	नेका कार्यकर्ता, जेठ १६ गते बिहान मारेर फालेको अवस्थामा भेटिएको।
८.	दाङ	सतरिया	शिवप्रसाद चौधरी	नेका सदस्य, जेठ ४ गते एमालेको आक्रमणबाट मारिएको।
९.	बाजुरा	कुलदेवमाण्डौ	आइते सेरला	जेठ ४ गते प्रहरीको गोलीद्वारा मारिएको।
१०.	रूकुम	पोखरा	बलबहादुर पुन	नेका उपाध्यक्ष उम्मेदवार, माओवादीबाट मारिएका। ०५४/१/२४
		मगमा	भीमराज नेपाल तिलकबहादुर पौडेल	प्रहरी नायब निरीक्षक, ०५४/२/२ प्रहरी जवान
		दुली	अम्वा सुनार	नेका कार्यकर्ता, जेठ २४ गते माओवादीबाट मारिएका।

क्र.सं.	जिल्ला	गाविस	मृतकको नाम	विवरण
११.	धनुषा	बेङ्गा शिवपुर	प्रकाश मण्डल खत्वे	जेठ १३ गतेको मतदानको बेला भिडन्त हुँदा मारिएका।
		नक्टाझिज	अर्जुन महत्तो	अध्यक्ष पदका उम्मेदवार (नेका), एमालेको आक्रमणबाट मारिएका
१२.	स्याङ्जा	रत्नपुर	मुकुन्दराज डाँटेल	जनकल्याण प्रा. वि.का प्र.अ. तथा नेपाल शिक्षक संघका सदस्य, जेठ १४ गते एमालेले बाटो ढुकी हत्या गरेको।
१३.	सर्लाही	कविलासी	दीनकर यादव रामवरण राय	जेठ १४ गते मतगणनाको क्रममा प्रहरीको गोली लागी मारिएका।
१४.	बारा	टेढाकी	गुजावन महत्तो	जेठ १३ गते मतदान केन्द्रमा कुटपीटबाट मारिएको।
		पिपपाती	रामेश्वर महत्तो	जेठ २७ गते चुनाव हारजीतको विवादमा कुटपीटबाट मारिएको।
१५.	सुनसरी	प. कुशाहा	इन्द्रदेव यादव वी. वी. यासिन	जेठ १४ गते मतगणनाको क्रममा प्रहरीको गोलीबाट मारिएका।
		,,	नाम थाहा नभएको	७ वर्षकी भारतीय वालिका प्रहरीको गोलीबाट मृत्यु।०५४/२/१४ गते
१६.	रौतहट	टङ्ग्रा	चिरञ्जीवी राम	मतदान केन्द्रमा झगडा हुँदा मारिएको।
			शम्भु सहनी (भारतीय)	राप्रपाको प्रहारबाट मारिएका।
		करूनिया	मुसाफिर कानू	पार्टीहरूका बीच झगडामा घाइते भै उपचार गराउँदा गराउँदै मृत्यु।
१७.	सिन्धुली		सीताराम थापा	नेका गाउँ सचिव, जेठ २१ गते माओवादीबाट मारिएका।
१८.	सिराहा	ख्याई गमरिया	टिराहु चौधरी गौरी साह तेली	जेठ २७ गते प्रहरीको गोलीबाट मारिएका। जेठ १३ गते
१९.	धादिङ्ग	जिउनपुर	धनवहादुर गुरूङ	असार १५ गते एमालेका गाविस अध्यक्षसमेतले कुटपीट गरी गाविस भवनमै मारिएका।

आपराधिक तथा हिंसक गुण्डाहरुको परिचालन

बाहिरबाट लगिएका पेशेवार तथा हिंस्रक गुण्डाहरूको सुनियोजित परिचालन यस निर्वाचनको विशेषता रह्यो। खासगरेर पहाडी जिल्लाहरूमा एमालेले आफ्नै भ्रातृ संस्था अनेरास्ववियूका कार्यकर्ताहरूसहित शहरी क्षेत्रबाट भाडामा उपलब्ध गुण्डाहरू परिचालन गरेका घटनाहरू प्रमुख छन् भने तराईका जिल्लाहरूमा व्यापकरूपमा भारतबाट ल्याइएका पेशेवर एवं आपराधिक गुण्डाहरूको प्रयोग भयो। यस्ता जत्थालाई एमालेका स्थानीयरुपका कार्यकर्ताले परिचालित गरेको पाइयो। अखिलका उपाध्यक्ष रूपनारायण श्रेष्ठको नेतृत्वमा एमालेको हिंसक जत्थाले दाङमा गरेका गुण्डागर्दी, स्याङ्जा र अर्घाखाँचीमा भएका हिंसात्मक काम अन्य जिल्लाहरूमा पनि भए।

यसबाहेक दोस्रो चरणमा चुनाव हुने जिल्लाहरूबाट एमालेले आफ्नो "मसल पावर" लाई पहिलो चरणका जिल्लाहरूमा र पछि त्यहाँबाट दोस्रो चरणका जिल्लाहरूमा आमरूपले परिचालन गर्‍यो। यसरी परिचालित गुण्डाहरूले रातो रिबन लगाउने गरेको भेटियो। साथै मौका पाएका ठाउँमा विकास परियोजनामा कार्यरत् कामदारहरू समेतलाई एमालेले गुण्डागर्दीमा उपयोग गर्‍यो। गुल्मी र स्याङ्जाका केही बुथहरूमा कालीगण्डकी परियोजनाका कामदारहरूलाई उपयोग गर्‍यो।

मतदान केन्द्र कब्जा

यस निर्वाचनमा मतदान केन्द्रलाई एकपक्षीयरूपमा आंशिक नियन्त्रण तथा पूर्ण कब्जा गर्ने, अर्को पक्षका मतदाता तथा प्रतिनिधिहरूलाई त्यहाँबाट लखेट्ने, घटनाहरू व्यापकरूपमा भए। विभिन्न जिल्लामा गरी २०८ मतदान केन्द्र एमालेबाट कब्जा भए। बुथ कब्जा भएका घटनाहरू प्रायस सबै जिल्लामा पाइन्छ। पहाडका रामेछाप, सिन्धुली, काभ्रेपलाञ्चोक, स्याङ्जा, अर्घाखाँची, बाग्लुङ, पर्वत, दैलेख, बाजुरा, अछाम तथा तराईका अधिकांश जिल्लाहरू यसबाट प्रभावित भए। एमालेले जित्ने गरी सदर नभएका ठाउँमा फेरि चुनाव भएको छ। यसको कारण कतिपय मतदान केन्द्रहरूमा मतदान स्थगन भए तापनि पुनः मतदानमा समेत यस्ता घटना दोहोरिए।

कर्मचारी र प्रहरीको एकपक्षीय व्यवहार

कर्मचारी र प्रहरी यस चुनावमा निष्पक्ष रहन सकेनन्। प्राप्त जानकारीअनुसार उनीहरूले विभिन्न मतदान केन्द्रहरूमा खुलेआम सत्तारूढ पार्टी एमालेको पक्ष लिए र सोअनुसार काम गरे। मनोनयनपत्र दाखिला देखि मतदान, मतगणना र परिणामको घोषणासम्मका विभिन्न चरणहरूमा कर्मचारी र प्रहरी दुवैले ३०० भन्दा बढी मतदान केन्द्रमा एमालेलाई प्रष्टरूपमा सघाएको पाइन्छ। निर्वाचनका क्रममा प्रहरी र

कर्मचारीको व्यावहारको नमूना निम्न छन्ः-

तनहुँको सातिस्वारा, कास्कीको अर्मले, दैलेखको कालभैरव, महेन्द्रनगरको वडा नं. १९, वीरगञ्जको वडा नं. २, भोजपुर आदि मतदान केन्द्रमा अशक्त मतदाताले रूखमा छाप लगाइदिन अनुरोध गर्दा केन्द्र खटिएका मतदान अधिकृत वा प्रहरीले सूर्यमा छाप लगाएका घटनाहरू।

- पाँचथरको च्याङथापुमा मतपत्र बिग्रन्छ भन्दै प्रहरी र कर्मचारी आफैंले सूर्यमा छाप हानेको।
- दैलेख, कालिकोट, अछामलगायत पश्चिमका कतिपय जिल्लाहरूमा नेका समर्थक मतदाताहरूलाई लाइनमा बसेका बेला स्वस्तिक छापको मत चिह्न हटाइदिएर मतपत्र रद्द गराए।
- खोटाङको दिक्तेल, नेर्पा, स्याङ्जाको पौवेगौडे, गुल्मीको अमरपुर, पर्वतको खुरकोट, बझाङको आलोला मटेला आदि कैयौं गाविसमा नेका मतदातालाई मतदान अधिकृतले दस्तखत नगरेको मतपत्र दिएर मत बदर गराए।
- दैलेखको नारायण नगरपालिका-४ र कालिकोटको कोटवाडमा एमाले मतदातालाई २/२ थान तथा थिर्पुमा १०/१० थान मतपत्र मतदान अधिकृत स्वयंले दिए।
- अर्घाखाँचीको चिदिकामा एमालेले मतदान अधिकृत नरहरि पोखरेललाई चुनाव सदर गर्न बाध्य गराए।

ने. कां. ले जित्ने सम्भावना भएका केन्द्रहरुमा मतदान स्थगन

ने.कां ले जित्ने संभावना भएका स्थानहरूमा एमालेद्वारा मतदान कार्यमा अवरोध खडा गर्ने र त्यसको रोकथामको कुनै प्रभावकारी उपाय नगरी मतदान स्थगित गरेर पुनः मतदानमा एमालेलाई जित्न सजिलो बनाइएका घटनाहरू पनि व्यापक छन्। नेकाले जित्ने संभावना भएका २०० भन्दा बढी केन्द्रहरूमा मतदान स्थगित गरियो। तराइका सप्तरी, महोत्तरी, सर्लाही धनुषा, बारा, पर्सा गैतहट जिल्लाहरू यसबाट अत्यधिक प्रभावित भएका छन्। अन्य जिल्लाहरूमा पनि यसको उल्लेख्य प्रभाव परेको छ। अर्घाखाँचीको बलकोटमा नेकाले निर्वाचन जितेकोमा बदर गरेको र हालसम्म निर्वाचन हुन सकेको छैन। यस्ता घटना धेरै जिल्लाहरूमा भएका छन्।

पहिल्यै मतपत्र बाँडिनु

१३ जिल्लाका २५ गाविसहरूमा मतदान अधिकृतले अघिल्लै दिन एमाले उम्मेदवारहरूलाई दस्तखतसहित मतपत्र उपलब्ध गराए, मतदानका दिन त्यसलाई खापारी पट्याएर खसालिए। यसरी बाँडिएका मतपत्रहरूको संख्या ठाउँ हेरी ५० देखि १००० सम्म रहे। कपिलवस्तुको बुड्डी गाविसमा एक जना मतदाताले मतदान गर्न लाग्दा निजले आफ्नो खल्तीबाट मतदान अधिकृतको दस्तखत एवं सूर्यमा छाप लगाइएको अर्को मतपत्र झिकी भिडाउन लाग्दा रङ्गे हात पकडिएका थिए। उनीहरूसंग सोधपुछ गर्दा सोही मतदान केन्द्रका मतदान अधिकृतले अघिल्लो दिन यस्ता १५० मतपत्र वितरण गरेको अर्धकट्टी फेला पऱ्यो। यसैगरी विराटनगर वडा नं. २१ मा एक जना उम्मेदवारको सहयोगीको झोलाबाट १००० थान मतपत्र भेटियो।

मतगणनाका क्रममा ५० भन्दा बढी केन्द्रहरूमा खसेको भन्दा बढी मतपत्रहरू भेटियो। एकभन्दा बढी मत साथै पट्याइएको अवस्थामा पाइए । एउटा मतपेटिकामा ३०० सम्म बढी मतपत्रहरू भेटिए।

मतगणनामा अनियमितता एवं एकपक्षीय घोषणा

मनोनयनपत्र दाखिला, प्रचार प्रसार र मतदानका क्रममा मात्र छेकथुन, अशान्ति र अवरोध भएका प्रशस्त घटनाहरू भए। ३७ जिल्लाका १७२ भन्दा बढी मतदान केन्द्रहरूमा नेका प्रतिनिधिहरू मतगणनाको पूरै अवधिभर उपस्थित भएनन्। यसमध्ये कतिपय केन्द्रहरूमा उनीहरूलाई लखेटेर धपाइयो, कतिमा मतगणनाका क्रममा देखिएका अनियमितताको विरोध गर्दा पनि कुनै सुनुवाई नभएकाले विरोधस्वरूप बहिष्कार गरियो र मतगणनाको प्रक्रियालाई उल्लंघन गरी एकपक्षीय परिणामको घोषणा गरियो। मतगणनाका क्रममा नेका पक्षमा परेका मतलाई बदर गर्ने, एमालेका पक्षमा परेका तर बदर मतलाई सदर गर्ने व्यवहार धेरै ठाउँमा पाइए। थोरै मतको फरकले एमाले हारेका ठाउँहरूमा पुनः दोहोऱ्याई-तेहऱ्याई मतगणना गरियो र त्यस क्रममा नेका पक्षका मतपत्रहरू लुकाउने, जबर्जस्ती बदर गर्ने जस्ता घटनाहरू भए। अछाम, बझाङ, मुगु, सल्यान, बाग्लुङ, अर्घाखाँची, स्याङ्जा, रामेछाप, खोटाङ, सोलुखुम्बु, पाँचथर आदि जिल्लाहरु यसबाट अत्यधिक प्रभावित भए। अनियमितताका केही स्वरूप निम्न छन्:

- सिन्धुपाल्चोकको जेथल गाविसमा मतगणना नै नगरी एमालेका उम्मेदवारहरूले चुनाव जितेको घोषणा गरियो। पछि निर्वाचन आयोगले यसलाई रद्द गरी पुनः चुनाव गराउँदा नेका विजयी भयो।
- झापाको वैगुनधारा, काभ्रेको रविआपी, गोर्खाको भीरकोट, हंसपुर, गोखु केन्द्रहरूमा नेकाले बढी मत ल्याए तापनि अन्य पार्टीका उम्मेदवारलाई विजयी भएको प्रमाणपत्र दिइयो।

उजुरी र विरोधको सुनवाई नहुनु

चुनावका बेला भएका अनियमितता र धाँधलीजन्य घटनाहरूको तत्काल समाधान गरी चुनावको निष्पक्षता कायम राख्न नेकाले केन्द्रीय तहदेखि मतदान केन्द्रसम्म गरेका उजुरी र विरोधको सम्बन्धित निकाय तथा कर्मचारीले खास सुनुवाई नगरेका घटनाहरू पाइन्छन्। कतिपय मतदान अधिकृतलाई यस्ता विरोध र उजुरीको उपेक्षा गर्न दवाव दिइयो भने कतिले स्वयं नै यस्तो काम गरे। फलतः नेकाले मौखिक विरोध गर्दा कुरै सुनिएन र लिखित उजुरी गर्दा लिन नमान्ने गरेका घटनाहरू पाइन्छन्। प्रत्येक घटनालाई सदरमुकाम वा निर्वाचन

आयोगलाई गुहार्नुपर्ने अवस्था आयो। निर्वाचन आयोगसम्मको पहुँच सबै परिस्थितिमा सहज र सम्भव पनि थिएन। निर्वाचन आयोगमा उजुरी दर्ता भई निर्वाचन तथा मतदान रद्द भएका ५८ केन्द्रहरूमध्ये २ वटा एमालेको र २३ वटा नेकाको उजुरीको आधारमा निर्णय भएको थियो।

संविधानको व्याख्याता र मानवअधिकारको संरक्षकका रूपमा रहेको सर्वोच्च अदालतको राय निर्णय र अनिर्णय यस वर्ष सबभन्दा बढी आलोच्य रह्यो। रामलखन महतोको प्रतिनिधिसभाको सदस्यताको अयोग्यतासम्बन्धी मुद्दा सबै प्रक्रिया पूरा भएर पनि विगत दुई वर्षदेखि पेशीमा चढाइएन। संविधानतः अयोग्य घोषित हुनुपर्ने व्यक्ति सर्वोच्च अदालतको अनिर्णयबाट प्रतिनिधिसभाको सदस्यका रूपमा सबै अधिकार प्रयोग गरिरहेछन्। महतोको प्रतिनिधिसभाको सदस्यता राजनीतिमा अपराधीकरणको एउटा नमूना बनेको छ। यसवर्ष सर्वोच्च अदालतमा संविधानको व्याख्यासम्बन्धी गम्भीर प्रश्न उठाई रिट निवेदनमा सर्वोच्च अदालतले उपेक्षा गरेको देखियो।

बाँच्न पाउने हरेक नागरिकको जन्मसिद्ध अधिकार हो। मृत्युदण्ड दिन नपाइने गरी हाम्रो देशको संविधानले प्रत्येकको बाँच्न पाउने अधिकारलाई संरक्षित गरेको छ। व्यक्तिको बाँच्न पाउने अधिकारलाई राज्यका कुनै पनि व्यक्ति, संघ संस्था वा संगठित पार्टीले अपहरित गर्न पाउँदैन। माओवादीको नाममा संगठित आतंककारी जमातले देशको विभिन्न भागमा अत्यन्तै क्रुरतापूर्वक निहत्था जनताको हत्या गरिरहेका छन्। आतंककारीहरूले हालसम्म १३० जनाको (अधिकांश प्रजातन्त्रवादी) हत्या गरिसकेका छन्। सयौंलाई निर्ममतापूर्वक अंगभंग गराएका छन्। हजारौंको धनमाल लुटेका छन्। आतंककारी प्रभावित क्षेत्रमा जनताले रातदिन आतंक र भयको स्थितिमा बाँच्नुपरेको छ।

माओवादीको नाममा गरिएको आतंककारी कार्यबाट देश र जनताको कुनै पनि अवस्थामा भलो हुन नसक्ने कुरा निर्विवाद छ। आतंककारी कार्यबाट राजनैतिक लक्ष्य हासिल हुँदैन भन्ने हाम्रो छिमेकी र अन्य कतिपय देशका घटनाले देखाइसकेका छन्। संगठित आतंकले हिंसा र प्रतिहिंसा मात्र जन्माउँछ। नेपालमा अहिले मानवअधिकारको प्रमुख समस्या नै माओवादीद्वारा सिर्जित आतंककारी समस्या हो।

●

७.३ राष्ट्रिय प्रजातन्त्र पार्टी

प्रजातन्त्रको पुनर्वहालीपश्चात पूर्व अपेक्षा गरिएजस्तो मानवअधिकारको स्थिति सन्तोषजनक भएको पाइँदैन। विश्वमा आएको प्रजातन्त्र र मानवअधिकारको लहरलाई आत्मसात गर्दै नेपालमा बहुदलीय प्रणालीको पुनर्वहाली भए पनि सर्वप्रथम २०४६ को जनआन्दोलनका बाहक शक्तिहरूले (बहुदलीय अवधारणा प्रतिकूल द्विदलीय प्रणाली कायम गर्ने प्रयास गरेका हुन्) साना पार्टी वा नवगठित पार्टीहरूलाई संगठित हुन नदिने उद्देश्यले विभिन्न पूर्वाग्रही धारणा राख्दै साना र नवगठित पार्टीहरूलाई समाप्त गर्न राज्यशक्तिको दुरुपयोग गरे। नेपालको संविधान २०४७ ले मानवअधिकारलाई अपरिवर्तनीय प्रावधान स्वीकारे पनि ठूला राजनीतिक दलहरूले जानीबुझी कुनै साना पार्टी पक्षधर संप्रभु नेपाली जनताको मताधिकार, अभिव्यक्तिको स्वतन्त्रता र संगठित हुन पाउने अधिकारलाई कुण्ठित तुल्याइयो। विशेषगरी राप्रपा समर्थक जनतलाई २०४८ को आम निर्वाचन र २०४९ को स्थानीय निर्वाचनमा विवेकले आफ्नो मताधिकारको प्रयोग गर्नबाट बञ्चित गरिएको घटना प्रजातन्त्रको विकासमा कलंकको रूपमा रहेको छ।

मानवअधिकारको लागि काम गर्ने भनिएका सरकारी र गैरसरकारी संस्थाहरूले कथित मत सर्वेक्षणको नाममा ठूला दल र शासकवर्गको दुराव ंक्षा पूर्ति गर्ने/गराउने जस्ता कार्य गरेर मानवअधिकारको नाम कुनै पार्टीको स्वार्थ रक्षा गरेका कैयौं घटनासंग राप्रपा पूर्ण चित छ र त्योवाहेक स-साना पार्टीहरूलाई विखण्डित नु :, एउटा आस्था र मान्यताका आधारमा निर्वाचित भएक। जनप्रतिनिधिहरूलाई नियोजित ढंगबाट विकृति र विसंगतिहरूको शिकार बनाई त्यस्ता पार्टी पक्षधर जनताको मनोबल गिराइदिने जस्ता मानवअधिकार विरोधी कार्यहरू ठूला दलहरूबाट भैरहेका छन्।

मानवअधिकारको परिभाषा निरपेक्ष हुनुपर्नेमा यहाँ आ-आफ्नो स्वार्थ र हितको कसीमा सापेक्षित व्याख्या गरिएको छ। जसबाट "बोल्नेको पिठो बिक्छ, नबोल्नेको चामल बिक्दैन" "जसको शक्ति उसको भक्ति" भन्ने नियत र चरित्रले मान्यता पाएको स्थिति छ।

ठूला पार्टीहरूको सत्ता स्वार्थको चक्रव्यूहमा साना पार्टी र तिनका सांसदहरूलाई माध्यम र साधन बनाएको कारण व्यवस्थापिकामा राजनीतिक अपराधिकरण, अनैतिक कारवाहीले घर बनाएको छ। गरिबीको रेखामुनिका जनताको गाँस काटेर जनप्रतिनिधिहरूका लागि सहुलियत र सुविधा प्रदान गरिनु र त्यस्ता कुरामा सबै दलबीच राष्ट्रिय सहमति कायम हुने परिपाटीले संस्थागत रूपमा मानवअधिकार हनन गर्न सघाउ पुऱ्याएको छ।

पार्टी र सत्ताका आडमा संगठित शोषण, अन्याय, अत्याचार, घुसखोरी र भ्रष्टाचारका कारण स्वतन्त्र नागरिक र सर्वसाधारण जनताको शान्तिपूर्ण जीवनयापन गर्न पाउने र योग्यताअनुसारको काम पाउने जस्ता मौलिक अधिकार छिनिएको अवस्था छ।

"माओवादी जनयुद्ध" शुरू भएपछि मानवअधिकारको स्थिति झनै दयनीय भएको अवस्था छ। सरकारले सर्वसाधारण जनतालाई शान्ति सुरक्षाको प्रत्याभूति दिन नसकेको स्थिति छ भने माओवादी कैयौं निर्दोष जनताको दिनदहाडै हत्या गरिरहेका छन्। कैयौंको अंगभंग भै काम गरी खान नसक्ने अवस्था छ, कैयौंको सम्पत्ति लुटिएको छ, आगजनी र विष्फोटनमा परी कैयौंको धनजनको क्षति भएको छ। अनाहकमा माओवादीले सयौं आमाका काख रित्याइदिएका छन्, थुप्रै महिलाको सिउँदो पुछिएको छ, अशक्त बूढाबूढीहरू सहाराहीन भएको स्थिति छ। शान्ति सुरक्षाको जिम्मा लिएका सुरक्षाकर्मीसमेत मारिएका छन् भने माओवादीको आरोपमा निर्दोष जनताको हत्या पनि त्यत्तिकै भएको छ।

सर्वसाधारण मारिने सबै नेपाली नागरिक हुन्। प्रत्येक मारिएका व्यक्तिको बाँच्न पाउने नैसर्गिक अधिकार हनन भएको छ। युद्धको घोषणा गरेर हतियार लिई उत्रिएकाहरू र शान्तिपूर्ण जीवन बाँच्न चाहनेहरूबीच मानवअधिकारको परिभाषा र कार्यान्वयन समान हुन सक्दैन। तर मानवअधिकारसंग सम्बद्ध संस्थाहरूले मार्ने पक्षको मानवअधिकारप्रति बढी चासो लिएको पाइनु निश्चय नै चिन्ताको विषय हो।

मानव तथा जनताको मताधिकारलाई राज्यसत्ताले कुण्ठित तुल्याएको पछिल्लो घटना स्थानीय निर्वाचन २०५४ को दौरानमा देखियो। स्थानीय निर्वाचन २०५४ मा सत्तापक्षबाट नाँगो धाँधली मात्र भएन, अपितु संविधानले संप्रभु स्वीकारेका लाखौं लाख नेपाली जनताले स्वेच्छा र स्वविवेकले मतदान गर्न पाउने अधिकारबाट बञ्चित हुनुपऱ्यो। बुथ कब्जा गर्ने, फर्जीमत खसाल्ने, प्रहरी प्रशासन र सत्तारूढ दल (एमाले)को संयुक्त रोहवरमा मत गन्तीमा धाँधली गर्ने, प्रतिपक्ष पार्टी समर्थक र जनता तथा कार्यकर्तालाई

अन्यायपूर्वक सार्वजनिक अपराधसम्बन्धी मुद्दा लगाउने जस्ता कार्यहरू विशेष गरी गृह प्रशासनको संरक्षणमा भएका घटनाले मानवअधिकारको स्थितिलाई अत्यन्त नाजुक र दयनीय तुल्याएको छ। यसै गरी माओवादी आतंकको कारण मध्यपश्चिमांचल र अन्य क्षेत्रका समेत केही गाविसका मतदाताले आफ्नो मताधिकारको प्रयोग आज पर्यन्त गर्न सकिरहेका छैनन्।

राष्ट्रिय प्रजातान्त्र पार्टी मानवअधिकारको कतैबाट हनन हुनुहुँदैन र मानवअधिकारको प्रयोग निर्वाधरूपमा प्रयोग गर्न प्रत्येक नागरिकले पाउनुपर्दछ भन्ने मान्यता राख्ने पार्टी हो।

७.४ नेपाल सद्भावना पार्टी

कुनै पनि मुलुकमा मानवअधिकारको उपभोगको स्थिति राज्यका विभिन्न निकाय, व्यक्ति, विभिन्न समुदाय एवं संघ संस्थाको परस्पर सम्बन्धमाथि आधारित हुन्छ र उल्लेखित विभिन्न धुरीका बीचमा सन्तुलनको स्थिति भएमा मानव जातिले अधिकतम अधिकारको उपभोग गरेको हुन्छ। यस दृष्टिकोणले विचार गर्दा वर्ष १९९७ मा मानवअधिकारको स्थितिमा विगतका वर्षहरुको तुलनामा प्रगति भएको भन्न सकिन्न। दुई शब्दमा भन्दा स्थिति ह्रासोन्मुख छ र यसका लागि निश्चितरूपले प्रथम जिम्मेवारी सत्ताको पूँजीभूत केन्द्रको रूपमा रहेको राज्यको हुन्छ।

जनआन्दोलनपश्चात् देशका प्रमुख राजनीतिक शक्तिहरुद्वारा निर्मित संविधानअनुसार राष्ट्रिय पार्टी तर तथाकथित प्रमुख राजनीतिक शक्तिहरुद्वारा बारम्बार भनिएको साम्प्रदायिक अथवा विखण्डनवादी अथवा क्षेत्रीय पार्टीको संविधान निर्माणमा कुनै भूमिका नहुनु तर जनताद्वारा स्वीकृत र सम्मानित राजनीतिक शक्ति हुनु वर्तमान राजनीतिक व्यवस्थाको विसंगतिलाई त्यसै प्रष्ट पार्छ र यस कटु यथार्थको व्याख्या र विश्लेपण धेरैका लागि सजिलो र सुपाच्य हुनु सक्दैन। तैपनि वर्तमान संविधानद्वारा रेखांकित एवं निर्धारित राज्यका विभिन्न अंगको मानवअधिकारको संरक्षण र सम्बर्द्धनमा कस्तो भूमिका रह्यो यसको विश्लेपण गर्नुपर्दा आफूले उठाइएको मुख्य राजनीतिक मुद्दाहरुको सन्दर्भमा संविधानमा भएको व्यवस्थाको अन्तर्निहित मर्ममाथि प्रकाश पार्नु सद्भावना पार्टीको प्रथम स्वाभाविक दायित्व हुनजान्छ।

जनआन्दोलनपश्चात् लोकतान्त्रिक व्यवस्था पुनर्वहाल भए पनि अधिनायकवादी पंचायती व्यवस्थाको प्रमुख त्वचनभत को रूपमा रहेको तराईदेखि काठमाडौंसम्म रहेको मधेशी समुदाय र देशभरि छरिएको जनजाति, आदिवासी जनताले न्यायको अनुभूति गर्न सकेका छैनन्। आधुनिक राज्य व्यवस्थामा मानवको अस्तित्व र अस्मिताको निर्धारण प्रक्रिया उसको नागरिक हुनु अथवा नहुनुको अवस्थाबाट नै शुरु हुन्छ। तर मुलुकका लागि २०४६ पछि नयाँ संविधान आए पनि सदियौंदेखि शोषित मधेशी समुदायको नागरिकताको सम्बन्धमा क्रुर पंचायत व्यवस्थाद्वारा आफ्नो चरमोत्कर्ष अवस्थामा बनाइएको भेदभावपूर्ण कानून नै संविधानमा यथावत् राखिएको छ। लोकतान्त्रिक नेपालका लागि योभन्दा बढी दुर्भाग्यपूर्ण कुरा के हुनसक्छ? त्यसैगरी वर्षौंदेखि शोषित जनजाति र आदिवासीहरूलाई जात र जातिको निर्धारण गर्ने नीति र दुष्प्रचारअन्तर्गत यसरी विभाजित गरिएको छ कि तिनीहरू प्रभावशालीरूपमा संगठित हुन सकिराखेका छैनन्। गहिराईले विचार गर्दा निष्कर्ष निकाल्न सकिन्छ कि राजनीतिकरूपले लोकतन्त्र बहाल भए पनि वर्तमान नेपालमा शासक वर्गको दायरा अलिकति फराकिलो मात्र भएको छ। शासन गर्ने प्रवृत्ति नीति, नियम, परम्परा र वर्गीय स्वार्थ पुरानै भएकोले बहुसंख्यक बहुभाषी, बहुसाँस्कृतिक नेपाली जनता आफ्नो जीवनमा गतिको अनुभव गर्न सकिराखेका छैनन्। समग्रमा यस्तो सामाजिक र राजनीतिक वातावरणमा सर्वसाधारण जनताले संविधानको भावनाअनुरूप मानवअधिकारको उपभोग गर्न सकिराखेका छैनन्।

हुन त कुनै पनि मुलुकमा जनताको अधिकारमाथि सबभन्दा बढी खतरा कार्यपालिकाबाट नै हुन्छ तर नेपालमा त राजनीतिक दलहरुको अदूरदर्शिता र संकीर्ण सोचाई एवं व्यवहारले गर्दा कार्यपालिकाले सामान्य जनतालाई जीउ धनको सुरक्षाको विश्वास पनि दिलाउन सकिरहेको छैन। संसदबाट मानवअधिकार आयोग गठन गर्ने विधेयक पारित भएता पनि कुनै पनि सरकारले आयोग गठन गर्न सकेको छैन। जेलहरुमा कैदीलाई अमानवीय ढंगले राखेका कुराहरू निरन्तररूपमा प्रेसमा आइराखेकै छ।

न्यायपालिका राज्यको अंग भए तापनि स्वतन्त्र निकाय हो तर त्यसको कार्यक्षमता र दक्षता समाजको संरचनाबाट प्रभावित भएको तथ्य अस्वीकार गर्न सजिलो छैन। अत्यधिक लामो समयसम्म मुद्दामामिला चल्नु यस मुलुकका गरीब असहाय जनताका लागि अन्याय नै हो न्यायालयहरुको कार्य क्षमता समयानुसार वृद्धि भएको जस्तो लाग्दैन। बदलिएको वातावरणमा कतिपय कानूनहरुको अभाव अन्यौलको वातावरण छ। व्यवस्थापिकाको संरचना र Responsiveness सित मानवअधिकारको विभिन्न आयामको बारेमा चिन्तन (conceptualization) र परिभाषा (definition) को गहिरो सम्बन्ध छ। यस परिप्रेक्ष्यमा व्यवस्थापिकाले संविधानको भावनाअनुरूप पिछडिएको जाति जनजाति एवं महिलाहरुको उत्थानका लागि कानूनी संरक्षण प्रदान गर्न सकिराखेको छैन। संसदीय मानवअधिकार समिति पनि समस्यालाई कार्पेटमुनि थन्काउने समिति मात्र भएको आभाष प्रबुद्धवर्गले गर्न थालेको छ। राजनीतिमा आपराधिक प्रवृत्ति निश्चितरूपले हावी हुँदै

गइराखेको छ। र, यसका मुख्य कारण अत्यन्त महँगो चुनाव, संकीर्ण पार्टीगत हक हितको सुरक्षाको नाममा प्रशासकीय संयन्त्रको दुरुपयोग र निर्वाचन आयोगको असक्षमता नै हो। विकासका कार्यक्रम क्रियान्वित गर्ने स्थानीय इकाईहरूको पार्टीगत आधारमा निर्वाचनले पनि गाउँ घरमा राजनीतिक हिंसालाई बढावा नै दिएको छ।

जहाँसम्म माओवादी जनयुद्धको नाममा समाजमा जारी हिंसा र मानवअधिकार हननको सम्बन्ध छ, हाम्रो दृष्टिकोणमा प्रमुख राजनीतिक दलको स्वार्थको टकराहट र सहमतिमा पुग्ने तिनीहरूको समताको अभावमा माओवादी जनयुद्धको नाममा हिंसात्मक क्रियाकलाप बढ्दै गइराखेको छ। दृढ राजनीतिक इच्छाशक्तिको कमीले गर्दा प्रशासन पनि असमर्थ हुँदै गइराखेको छ। बेरोजगारी, गरीबी र दिशाहीनताले गर्दा युवाहरू दिग्भ्रमित छन। हिंसाको माध्यमबाट आजसम्म कुनै पनि समस्याको स्थायी समाधान हुनसकेको उदाहरण छैन। संवाद र सहमति नै सभ्य मानव समाजका लागि वाञ्छित तत्व हुन्। यसको विश्वास दिग्भ्रमित युवाहरूलाई न त राजनीतिक नेतृत्वले दिलाउन सकिराखेको छ, न त प्रशासनले। र, अन्धो हिंसा जारी छ।

यसको दार्शनिक पक्ष हाम्रो दृष्टिकोणमा देश निर्माण र सभ्यताको विकासका लागि मुलुकको विभिन्न सामाजिक शक्ति (Social forces) को पहिचान र उनको यथोचित सम्मान हुनु नै हो।

लोकतान्त्रिक व्यवस्थाको कुनै विकल्प छैन। हिंसाको माध्यमबाट ल्याउन खोजेको व्यवस्थालाई हिंसाको प्रयोग नगरिकन टिकाउन पनि सकिन्न र मानव जाति हिंसा र उन्मादको अवस्थालाई लामो समयसम्म बोक्न सक्दैन। हिंसाले गर्दा कुनै पनि मानिसको असामयिक मृत्यु देश समाजका लागि अपूरणीय क्षति हो। त्यसैले लोकतान्त्रिक व्यवस्थाबाट नै समस्याको दूरगामी र न्यायोचित समाधान सम्भव छ। तर लोकतन्त्रको दर्शनअनुरूप मुलुकको बहुलता (भौगोलिक, भाषिक र साँस्कृतिक) लाई दृष्टिगत गरी राज्यसत्ताको वितरणका लागि अनुकूल संरचनाको निर्माण र इकाईहरूको गठन गरिँदैन भने अन्ततोगत्वा लोकतन्त्रले पनि जनताको आकांक्षा पूरा गर्न सक्दैन। मानवअधिकारको उपभोगको स्थितिमा गुणात्मक परिवर्तनको संभावना त्यो बेलासम्म हुदैन, जबसम्म राष्ट्रिय एकीकरण र राष्ट्रियता (एकपक्षीय) को नाममा शासक वर्गले भाषा, भेषभूषा, शिक्षा र साँस्कृतिक सर्वोच्चताको नाममा आफ्नो Hegemony कायम राख्न देखिने वा नदेखिने त, तुरून्तै बुझिने वा नबुझिने तरिका अपनाई शासन गर्ने प्रवृतिबाट मुक्त हुँदैन।

●

७.५ नेपाल मजदूर किसान पार्टी

मानवअधिकार मुलुकको अति संवेदनशील र व्यापक विषय हो। मानवअधिकारको स्थिति भनेको उत्पादनका साधनहरूको स्वामित्वसँग गाँसिएको हुन्छ। उत्पादनका साधानहरूमाथि केही व्यक्तिको मात्र स्वामित्व रहँदा बहुमत जनताहरूको मानवअधिकार हनन हुन्छ। यस अर्थमा उत्पादनका साधनहरूको सामाजिकीकरण नभएसम्म अर्थात पूँजीवादी वन्दोवस्तमा मानवअधिकारको हनन वढी हुन्छ र समग्रमा मुलुकको मानवअधिकारको स्थिति सरकार, प्रमुख प्रतिपक्ष र ठूला राजनीतिक दलको गतिविधिमाथि निर्भर रहन्छ।

१९९७ को पहिलो अढाई महिना नेपाली कांग्रेसको शेरवहादुर देउवाको नेतृत्वमा राप्रपा र नेपाल सद्भावना पार्टीसमेतको प्रतिनिधिसभाको वहुमत (८४ को विरूद्ध १०१) ले अविश्वास जनाएको सरकार रह्यो। यो अवधि सरकारको नेतृत्व गर्ने नेपाली कांग्रेसको काम सत्ता कसरी फुत्कन नदिने भन्ने विषयमा केन्द्रित रह्यो। यसै क्रममा देउवाले अनुशासन र संसदीय मर्यादालाई तोडी विदेश भाग्ने भक्तवहादुर रोकाया लगायतलाई मन्त्री वनाउने अर्को गल्ती गरे। नेपाल अधिराज्यको संविधान २०४७ को धारा ४९ (च) र प्रतिनिधिसभा नियमावली २०४८ को दफा २१६ र २१७ अनुसार पार्टीको ह्वीप उल्लंघन गरी अनुशासन तोड्ने र पार्टी र संसदीय दलवाट निष्काशित सांसद भक्तवहादुर रोकायाको संसद सदस्यता खारेज हुनुपर्ने थियो। तर सभामुख रामचन्द्र पौडेलले मार्च ७,१९९७ का दिन प्र. म. देउवाले विश्वासको मत लिंदा पार्टीको ह्वीप उल्लंघन गर्ने नेपाली कांग्रेसका चक्रवहादुर शाही र दीपकजंग शाहलाई पनि कुनै कारवाही गर्न सकेनन्। सांसदद्वय शाही र शाहकै कारण देउवा सरकार १०३ मत (प्राप्त मत १०१) प्राप्त गर्न नसकी गिरेको थियो। यसरी देउवा सरकारको यो अवधिमा कार्यपालिका र व्यवस्थापिका निष्प्रभावी भएको देखियो।

मार्चको मध्यदेखि सेप्टेम्वरसम्म राप्रपाका नेता लोकेन्द्रवहादुर चन्दको नेतृत्वमा एमाले र सद्भावना पार्टीको संयुक्त सरकार वन्यो। देश र जनताको हित भन्दा सत्ताको भागवण्डामा यो संयुक्त सरकार पनि शुरुवाटै चुर्लुम्म डुव्यो। सरकारले हप्तौंसम्म गठनको पूर्ण आकार लिन सकेन। देउवा सरकारको आकारलाई "जम्वो" मन्त्रिमण्डलको आरोप लगाउने एमाले आफ्नो संलग्नतामा तीन दर्जन सदस्यको मन्त्रिमण्डल वनाई आफै हाँसोको पात्र वन्यो।

नेमकिपाले राप्रपा नेतृत्वको एमाले सरकारलाई २२ बुँदे शर्तको आधारमा आलोचनात्मक समर्थन गरेको थियो। तर एमालेका गृहमन्त्री वामदेव गौतमले मई १७ र २६ मा स्थानीय निर्वाचन तोकी निर्वाचन आयोगमार्फत नेमकिपा लगायत कैयौं पार्टीहरुलाई दलगत निर्वाचन चिन्ह नदिने घोषणा गऱ्यो। सरकार र निर्वाचन आयोगको वहुदलीय प्रजातन्त्र विपरीत निर्दलीय चरित्रको विरोधमा एक महिनासम्म संघर्ष गर्दा पनि सरकारवाट कुनै सकारात्मक संकेत देखाएन र सत्ताको आडमा एमालेले पार्टीहरूको दलगत निर्वाचन चिन्ह पाउने संवैधानिक अधिकारलाई कुल्च्यो।

स्थानीय निर्वाचन आफ्नो पक्षमा ल्याउन एमालेले प्रहरी प्रशासन र मतदान अधिकृतहरू आफ्नो पार्टी संयन्त्रका रूपमा प्रयोग गऱ्यो। दैलेखमा नेमकिपाको लागि पर्याप्त मनोनयन पत्र र राजनीतिक दलको औपचारिक पत्र उपलब्ध नगराएको मात्र होइन, नेमकिपाको उम्मेद्वारी दाखिल गर्न जाने कार्यकर्ताहरुलाई वीच वाटोमै जवर्जस्ती रोकेर मनोनयनपत्र दाखिला गर्न नदिने र दाखिला गरेकालाई प्रहरी प्रशासनको डरत्रास देखाई मनोनयन पत्र फिर्ता लिन लगाउने जस्ता अप्रजातान्त्रिक काम गऱ्यो।

कालिकोट, जुम्ला, सुर्खेत, पर्सा, सर्लाही, काभ्रे, दैलेख, भक्तपुर, काठमाण्डौं आदि जिल्लामा एमालेको इशारामा मतदान अधिकृतहरूले नेमकिपाका उम्मेदवारहरूलाई एकै लहरमा निर्वाचन चिन्ह रोज्न दिएनन्।

कालिकोटमा तत्कालिन कानून तथा न्यायमन्त्री प्रेमवहादुर सिंहले हेलिकप्टर चढी निर्वाचन आचारसंहिता उल्लंघन गरी नेमकिपाका उम्मेदवारहरूको पार्टीगत उम्मेदवारी दर्ता नगर्ने र एकै लहरमा निर्वाचन चिन्ह रोज्न नदिने ठाडो आदेश गरे। एमालेका अध्यक्ष मनमोहन अधिकारीले पनि सरकारी साधन हेलिकप्टर प्रयोग गरी दैलेख र दुल्लुमा चुनावी सभा राखी निर्वाचन आचारसंहिता तोडे।

दैलेखको चामुण्डा गाविसमा नेमकिपाले जित्ने निश्चित देखेपछि एमालेले मत पेटिका चोर्न लगाई निर्वाचन स्थगित गरायो भने लकान्द्र गाविसमा मतदान अधिकृतसंग १५० मत मागेको नदिंदा अशान्ति मच्चाई निर्वाचन स्थगित गरायो। त्यस्तै दैलेखको रावतकोट, लालीकाडा, पादुका, बदलम्जी, कुसापानी, जुम्मुकाध, मेहलटोली, काशीकाँध, कालभैरव आदि गाविसका जनतालाई त्रसित पारी व्यापक धाँधली गऱ्यो।

त्यस्तै कालिकोटको राँचुली, थिर्पु, भर्ता, कोटवाडा, लालु

जुविथा आदि गाविसहरूमा पनि एमालेले धाँधली गऱ्यो।

भक्तपुरको नाथली गाविसमा एमालेका अर्जुन थापाको नेतृत्वमा ६०० मतपत्र लुट्ने काम भयो। यद्यपि लुटेराहरूमाथि एमालेको गृह मन्त्रालयले कुनै कारवाही गरेन।

यसरी एमालेले सरकारमा जानुभन्दा अगाडिको निष्पक्ष, स्वतन्त्र र धाँधली रहित निर्वाचन सम्पन्न गर्ने वचनको पालना नगरेको मात्र होइन, धाँधलीबारे निर्वाचन पूर्व र निर्वाचनके बेला नेमकिपाले उठाएको आवाजप्रति रत्तिभर संवेदनशील भएन।

नेमकिपालाई "तीन प्रतिशत मत नआएको" "सरकारमा नजाने पार्टी" "सानो पार्टी" भनी हेला- होचो गर्ने मात्र होइन, नेमकिपा विरुद्ध ठूला पार्टीहरूको संयुक्त पोष्टर, सभा र प्रचार कार्यक्रम समेत भयो।

निर्वाचन नतिजा प्रशारणमा सरकारी संचार माध्यमहरूले नेमकिपाका उम्मेद्वारहरूलाई "स्वतन्त्र" भनी प्रशारण गरे।

एमालेका गृहमन्त्रीले ०४६ सालको आन्दोलनबाट प्राप्त अधिकारलाई कुण्ठित पार्ने आतंककारी तथा विध्वंसात्मक अपराध नियन्त्रण तथा सजाय विधेयक ०५४ संसदबाट पारित गराउने दुःसाहस गरे। यो विधेयक फिर्ता लिनेलगायत सार्वभौमिकताको रक्षा, राजनीतिक भ्रष्टाचारको अन्त्य, मूल्यवृद्धिको नियन्त्रण आदि माग राखी शान्तिपूर्ण आन्दोलनमा उत्रेका नौ वामपन्थी पार्टीका नेता र कार्यकर्ताहरूलाई एमालेका गृहमन्त्रीको इशारामा प्रहरीद्वारा निर्मम दमन, धरपकड र थुनछेक गर्ने काम भयो। सेप्टेम्बर १५, १९९७ का दिन शान्तिपूर्ण आन्दोलनमा उत्रेका नौ वामपन्थी समूहका जनवर्गीय संगठनका महिलाहरूलाई एमालेको गृह मन्त्रालयअन्तर्गतका पुरूष प्रहरीहरूले घिसार्ने, घोक्रयाउने र दुर्व्यवहार गर्ने काम गरे। संविधान प्रदत्त शान्तिपूर्ण आन्दोलन रोक्न देशभरि हजारौं कार्यकर्ताहरूमाथि लाठी प्रहार, थुनछेक र दमन गरियो।

यसरी राप्रपा नेतृत्वको एमाले सरकारले नेमकिपाको २२ बुँदे शर्तप्रति सकारात्मक वचन दिएर पनि पालना गरेन। एमालेको सिद्धान्त र व्यवहार नेपाली काँग्रेस, राप्रपा र सद्भावनासँग कत्ति फरक देखिएन।

माओवादी जनयुद्धलाई दमनद्वारा नियन्त्रण गर्न खोज्नु मानवअधिकारको ठाडो उल्लंघन हो। यसको राजनीतिक समाधान खोज्नु आवश्यक छ।

राजनीतिक पार्टीहरूमा दलीय चरित्रहरूको अभाव र सरकारहरू पूरै देश र जनताप्रति अनुत्तरदायी देखियो। सरकारले भूमिसम्बन्धी चौथो संशोधनद्वारा भूमिमाथि मोही र जग्गा धनीको आधा आधा हक स्थापित गरेर पनि भक्तपुरमा खिम्ती जल विद्युत वितरण गृह निर्माणका लागि अधिग्रहण गरेको जग्गाको मुआब्जा वितरण गर्दा मोहीलाई आधा भाग दिएन।

अक्टोबरको पहिलो हप्तादेखि राप्रपाका अध्यक्ष सूर्यबहादुर थापाको नेतृत्वमा नेपाली कांग्रेस र सद्भावनाको सरकार बनायो। यो मन्त्रिमण्डलमा पनि देश संकटको स्थितिमा विदेश भाग्ने सांसदहरू मन्त्री बन्न सफल भए।

संसदीय अभ्यासमा नेमकिपाको भूमिका अर्थात हरेक प्रधानमन्त्रीमाथिको विश्वास र अविश्वासको मतदानको बेला नेमकिपाको भूमिकालाई लिएर कहिले एमाले र कहिले नेपाली कांग्रेसले नेमकिपामाथि "शुभ लाभ" को आधारहीन आरोप लगाउने काम गरे। नी आरोपलाई नेमकिपाले प्रमाणसहित पेश गर्न चुनौती दिंदा ठूला पार्टीहरूले साहस देखाएनन् र "शुभलाभ"को राजनीति गर्नेहरूले नेमकिपालाई आफूजस्तै देखेको प्रमाणित भयो।

यसरी १९९७ भरि सामान्य जनतामा मानवअधिकारको दृष्टिकोणले कुनै उत्साह देखिएन। महंगी आकाशियो, उपभोक्ताहरू मिसावट र काला बजारियाहरूको मारमा परे। गृहमन्त्रीहरू स्वयं अपहरणकारी र तस्करहरूको संरक्षकको रूपमा देखियो। देशमा शान्ति होइन, लूट र डकैती बढ्यो।

●

७.६ संयुक्त जनमोर्चा नेपाल

"मानवअधिकार" शब्दले सिङ्गो मानवजाति मात्रको मानवीय तथा नैसर्गिक अधिकारको वकालत गर्दछ। यसले सिङ्गो समाजलाई एउटै दृष्टिकोणले हेर्ने गर्दछ, त्यसमा मानवजाति मात्र पर्दछ। मानवजातिभित्रका चरित्र, स्वभाव र आचारणबीच देखिने अन्तरविरोध र त्योभित्रको न्यायिक पक्षलाई विश्लेषण गरेर हेर्ने गर्दैन। किनकि यो अभिव्यक्तिभित्र पूँजीवादी समाज र त्यसभित्रको स्वतन्त्रतामाथिको अहस्तक्षेपलाई वकालत गर्छ र आदर्शवादी ढंगले "विधान" "कानून"को परिपालनको माग गर्दछ। आजकै परिवेशमा शिष्ट, सौम्य, शान्त र आदर्श समाजको मंगलमय कामना गर्दछ। यसले समाजको वर्गीय रूप, त्यसभित्र देखा पर्ने वर्ग अन्तरविरोध, त्यसभित्र चल्ने वर्ग संघर्ष, त्यहाँबाट प्राप्त हुने वर्गीय मुक्ति र त्यसले कायम गर्ने वर्गीय राज्य सत्ता आदि कुनै बारे पनि अहिले प्रचलित "मानवअधिकार" को अवधारणाले खोतल्ने कुरा त परको, त्यसले सतही रूपमा पनि विश्लेषण गर्नसकेको छैनन्। यसले "जनता" र "जनताको सर्वोच्चता" लाई काट्याउन सकेको छैन। अन्याचारविरुद्धको संघर्षको अधिकार- मानवअधिकार, अल्पसंख्यक निरंकुशताविरुद्धको संघर्ष- मानवअधिकार, हिंसा वा दमन विरुद्धको आवश्यक कारबाही वा प्रतिहिंसा- मानवअधिकार, मुक्तिको लागिको लडाई- मानवअधिकार जस्ता अवधारणालाई नपक्रेर मानवमात्रको "कल्याणकारी अवधारणा" (Philanthropic concept) लाई पक्रेको छ। समाजमा विद्यमान संगति-विसंगति बारेका वेठीक अवधारणाहरूलाई गुण दोषको आधारमा अपनाइने दण्ड प्रणालीलाई समेट्न सकेन। यसले अन्याचारविरुद्धको संघर्षको सार्वभौमिकता र प्राकृतिक न्याय (sovereign struggle and natural justice) को सिद्धान्तलाई पक्रन सकेको छैन। त्यसैले मानव कल्याणकारी (human philanthropic) सोचाइबाट आएको हो।

मानवअधिकार दुई प्रकारले परिभाषित गर्ने गरिन्छ।

१. हिंसा र दमनका विरुद्ध मानवअधिकार (Human rights against violence & torture)
२. शोषणका विरुद्ध संघर्ष मानवअधिकार (Human rights to struggle against exploitation)

१. हिंसा र दमनका विरुद्ध मानवअधिकार

यस अवधारणाअन्तरगत हर कुनै हिंसा र दमनलाई अस्वीकार गरिन्छ। खास किसिमले यो अवधारणाको विकास विश्वमा सामन्तवाद पूँजीवाद र साम्राज्यवादका विरुद्धमा उठेका राज्य विप्लवहरू र त्यसबाट स्थापित हुने सत्ताहरूले श्रमिक सर्वहारा वर्गको राज्य सत्ता र समाजवाद निर्माणको दौरानमा देखा परेका पूँजीवादी साम्राज्यवादी विकृति र विध्वंसका विरुद्ध अपनाइन थालेका वर्ग संघर्षका कारण पर्न सक्ने प्रभावले पूँजीवादले आफ्नो राष्ट्रिय अन्तर्राष्ट्रिय नाता सम्बन्धको रक्षा र त्यस प्रकारको समाजवादी आर्थिक व्यवस्थाले पार्नसक्ने क्षेयको भयका कारण त्यस्ता मुलुकहरूमा मानवअधिकारको अपहरण भएको र त्यसमा पूँजीवादी स्वतन्त्रताको वकालत गर्दै मानवअधिकारको व्यानर उठाएको देखिन्छ। पूँजीवाद पनि पुराने सामन्ती तथा सैनिक निरंकुशतावादी पद्दतिबाट चल्न अडन नसक्ने भएका कारण आर्थिक साम्राज्यको आधुनिक पासो थापी "उदार प्रजातन्त्र"को राजनीतिक प्रणाली र पूँजीवादी स्वतन्त्रतासाथ नयाँ परिवेशमा आएको हो। तर मानवअधिकारको कुरा उठाउँदा प्रतिक्रियावादी तथा निरंकुश राज्य सत्ताले गर्ने जनतामाथिका शोषणमूलक अपराधलाई उजागर गर्न यस प्रकारको "मानवअधिकार" को आन्दोलनले अवश्य पनि केही टेवा पुऱ्याउँछ। पूँजीवादी प्रतिक्रियावादी राजनीतिक संरचनामा प्रतिक्रियावादी वर्गका अत्यन्तै निहित निजी स्वार्थ र संरचनागत स्वार्थका कारण नाङ्गो तरिकाले हुने हिंसात्मक दमन हत्यालाई लुकाउनै नसकिने स्थितिमा उदार मानवअधिकारवादी आन्दोलनले नैतिक दवावका निम्ति केही हदसम्म उपयोगी काम गरेको छ। त्यसै प्रकारको आन्दोलन यो मानवअधिकारको आन्दोलन हो।

२. शोषणविरुद्धको संघर्ष एक मानवअधिकार :

समाज वर्ग-वर्गमा बाँडिएको छ। राज्यसत्ता पनि वर्गीय हुन्छ। त्यस्तो राज्य सत्ताले गर्ने हरेक काम आफ्नो वर्गीय हित भन्दा अतिरिक्त कुनै काम नै गर्दैन। जे गर्दछ आफ्नो हितलाई संरक्षित गर्न नै गर्दछ। उदाहरणस्वरूप मुनाफा आर्जन गर्न तल्लीन पूँजीपतिले आफ्नो उद्योग व्यवसायमा कार्यरत मजदूरहरूको तलबको वृद्धि र बोनसको वितरण मजदूरको हित र भलाई गर्ने उद्देश्यले गर्दैन, आफ्नो उत्पादन र मुनाफालाई सुरक्षित गर्नका लागि गर्दछ। मुनाफा नहुने वा नाफा नोक्सान बराबर हुने हदसम्म पुगेमा रोजगारी प्रदान गर्नका लागि त्यो उद्योग संचालन गरिरहँदैन, त्यस्ता

व्यवसायलाई विसर्जन (liquidaties) मा लैजान्छ र घाटा व्यवसायबाट उम्कने प्रयत्न गर्छ र व्यवसाय रूपान्तरणमा लाग्दछ। त्यसै किसिमले आजको वर्गीय समाजमा राज्यसत्ताको अधिकार बहुसंख्यक उत्पादन र निर्माण कार्यमा जोडिएका मेहनतकस जनताको हातमा छैन। उसलाई उत्पादन सम्बन्धहरूले विभिन्न प्रकारले थिचिराखेको छ। उसको चेतनालाई समेत यसरी दबाएको छ कि आ-आफ्नै वर्गीय हित विरूद्धको सत्ता निर्माण र संरक्षणमा ऊ आफै सहभागी हुन विवश भैरहेको छ। यो बाध्यता एकातिर उसको चेतनाको कमीले गर्दा हो भने अर्को उसको जीवनको आर्थिक सुरक्षाका लागि पनि भएको छ। यस्तो स्थितिमा पुऱ्याउन सत्ताकै प्रमुख भूमिका रहेको हुन्छ। । सत्ता वर्गीय हुने त्यस्तो सत्तामा श्रमसंग जोडिएको जनसमुदायको अख्तियारी नहुने र समाजको प्रतिक्रियावादी शासक वर्गले सत्तासमेतको बलबाट शोषण, दमन हत्या, हिंसा लुट, अपराध, भेदभाव र प्रलोभन समेतको प्रयोग गरिरहेको हुन्छ। त्यस्तो वेला राज्य शक्ति र अपराधका विरूद्धको प्रतिरोधात्मक लडाईं हुन सक्छ। त्यो लडाईं शान्तिपूर्ण र हिंसात्मक दुवै हुनसक्छ। त्यसरी लडिने लडाईं "मानवअधिकार" कै लागि हुन्छ। त्यो लडाई एकले अर्कोलाई निषेध कै लागि हुन्छ। त्यतिवेला क्रान्ति न्याय र न्याय नै आधारभूत मानवअधिकार (Revolution is justice and Justice is fundamental human right) हुन्छ। यो अवधारणालाई पूँजीवादी उदारवादीहरूले पनि स्वीकार गर्दैनन्। त्यतिवेला प्रतिक्रियावादी वर्ग र राज्यले गर्ने हिंसा दमन युद्धको डटेर विरोध गर्ने होइन, वरू अन्तर्राष्ट्रिय गिरोह खडा गरेर कुल्चने र क्रान्ति र प्रतिहिंसाको विरोध गर्दछन् र बदनाम गर्दछन् र त्यही दमनको कब्रमाथि अर्को मानवअधिकारको झण्डा हल्लाउन थाल्दछन्। जसरी आज अमेरिकी साम्रज्यवाद खुनी, नृशंस हत्यारा र अपराधी छ, उसैले संसारभरिको "प्रजातन्त्र" र "मानवअधिकार" रक्षाको ठेकेदार बन्ने कार्य गरेको छ। यसका विरूद्ध संसारभरिका मानवअधिकारवादी उभिन सक्दैनन्। "क्यूवामा राजनीतिक स्वतन्त्रता छैन", "इराकले सम्पूर्ण जनतालाई सैनिकीकरण गरेर अपराध गरेको छ" भन्न जति सजिलो महसूस गर्छन् त्यति नै गाह्रो अमेरिकी साम्राज्यवादको विश्वव्यापी दादा गिरी र आफ्नै मुलुकभित्र काला जातिमाथि गरेको विभेदको उजागर गर्नु रहेको छ। त्यसैले मानव जाति विरूद्ध हुने निर्मम अपराधका विरूद्ध हुने क्रान्ति, अनिवार्य प्रतिहिंसा पनि मानवअधिकारकै रक्षा हो भन्ने मान्यतालाई स्थापित गराउनु पनि अनिवार्य छ।

यिनै अवधारणाभित्र हामी हाम्रो मुलुकभित्र मानवअधिकारको स्थितिलाई खोतल्न सक्छौं। हाम्रो मुलुकमा प्रतिक्रियावादी राज्य सत्ता विद्यमान छ। विद्यमान सत्ता स्वयं नै मानवअधिकारको उल्लंघनकारी संरचना हो। सरकारमा पुग्ने व्यक्ति उचाईमा खुनी अपराधी छ, यसले स्थितिलाई सामान्य हेरफेर पारे पनि सत्ताको कारणबाट हुने शोषण, दमन, कानूनी र गैरकानूनी डकैती पनि मानवअधिकार उल्लंघनका आधार हुन्। व्यक्तिसँगको सिधा-राज्य सत्ता वा व्यक्ति व्यक्ति समूहबीचका वारदात हिंसा र दमन मात्र मानवअधिकारको स्थितिको परिचय होइन।

हाम्रो मुलुकमा सत्ता प्रतिक्रियावादी छ। जनता माथिको शोषण व्यापक छ, गरिवी तीव्र भैरहेको छ। मुलुक संसारको सबैभन्दा कंगाल भइसकेको छ। अपराधी गिरोहको अत्यधिक बोलवाला छ। भ्रष्टाचार संस्कृति बनेको छ। अपराधको न्यूनीकरण होइन, अधिकीकरण हुँदै गएको छ। कानूनी राज्यको कुनै प्रयोजन छैन। ढाकछोप गर्ने खालको पूँजीवादी "मानवअधिकार" को स्थिति पनि नाङ्गो बनेको छ। नेपालमा मानवअधिकार सन् १९९६ र १९९७ बदनाम वर्षका रूपमा रहृयो भन्दा फरक नपर्ला।

नेपालको मानवअधिकारको स्थितिबारे समीक्षा गर्दा अन्तर्राष्ट्रिय स्थितिलाई पनि अलिकति नियाल्नु उपयुक्त हुन्छ। तिब्बतको मानवअधिकारको हनन भयो भन्दा, शोषण र दमनका विरूद्ध, अमेरिकी समाम्राज्यवादी हैकमका विरूद्ध मुक्तिको पुनित कार्यमा लागेका पेरूका क्रान्तिकारी नेता गोन्जालोलाई फुजिमोरीले पिञ्जरामा थुनिराखेको बारे किन चर्चा हुँदैन ? इराक र उत्तर कोरियाले हतियार निर्माण गरेको चर्चा हुँदा अमेरिकी आक्रमणको धम्की र नाकाबन्दीले त्यहाँको जनजीवनमा पर्न गएको मानवीय असरको किन चर्चा हुँदैन ? यस्ता थुप्रै कुराहरू छन्, जो मानवअधिकार आन्दोलनका नैतिक प्रश्न बनेका छन्।

मानवअधिकारलाई सरलरूपमा भन्नुपर्दा जनताको अधिकार वा सरोकारका विषयवस्तु मानवअधिकार हुन्। नेपालको मानवअधिकारको कुरा गर्दा ५ वटा कुराबारे सँगसँगै मूल्यांकन गर्नुपर्ने देखिन्छ।

१. नेपालको राष्ट्रियता
२. नेपालको आर्थिक अवस्था : प्रगति र अवनति
३. राजनीतिक स्वतन्त्रता र त्यसको प्रत्याभूति
४. सत्ता (सरकार) परिवर्तन र जनउत्तरदायित्व
५. हिंसा, आतंक कारक र प्रेरक तत्व

१) जनताको सरोकारको विषय भनेको मुलुकको सार्वभौमिकता सर्वोपरि हुनुपर्छ। गिरफ्तारी, कुटपीट, कानूनी पैरवी ठीक ढंगले भयो भएन भन्नेमात्र होइन। राज्य सत्ता वा कुनै निकायले मुलुकको सार्वभौमिकता र अविभाज्यतामा आँच पुऱ्यायो / पुऱ्याएन भन्ने सवाल पनि मानवअधिकारको विषय हो। अहिले मुलुक राष्ट्रियताको सबैभन्दा संकटपूर्ण मोडमा उभिएको छ। पराधीन दिशामा जाने वा सार्वभौम बनिरहने ? त्यसको जटिल मोडमा छ। साम्राज्यवादीहरूले अगाडि सारेको भू-मण्डलीकरण उदारीकरणले हाम्रो सबै मौलिकता गुमाउँदै छौं एकातिर भने अर्कोतिर नेपालमा भारतीय सेनाको उपस्थिति, सीमा अतिक्रमण, नदीनाला हात पार्ने दबाब र षडयन्त्र, सामरिक संवेदनशीलता माथि हस्तक्षेप , जनसंख्या र साँस्कृतिक अतिक्रमण, राजनीतिक हस्तक्षेप, सन्धि सम्झौता र संयुक्त वक्तव्यहरू र सुरक्षा छाताको प्रश्न जस्ता अति नै गम्भीर विषयले नेपाली जनताको सार्वभौमिकता

र मौलिकता नै नाश हुने स्थितितिरको तीव्रता र सत्तासम्म पुगेका पार्टीहरूमा बढ्दै गएको भारतीय करणको प्रभाववाट सिक्किम वा भूटान बन्ने खतरा भएको र यसबाट पैदा हुने विभत्स स्थितिको कसरी अनुमान गर्ने? के यी सब कुरा नेपाली जनताको मौलिक अधिकार मानवअधिकारमा पर्दैन? के यसको निम्ति राष्ट्रियताको लडाई नलड्ने? त्यसको प्रतिउत्तरमा दलाल सत्ताले गर्दै आएको र अब पनि गर्ने दमन गम्भीर चिन्ताको र सरोकारको विषय होइन?

२) ०४६ सालको जनआन्दोलन पछि आएका सरकारहरूले आफ्नो शासन अवधिमा आर्थिक विकासको जग बसेको, आर्थिक विसंगतिमा सुधार भएको, जनताको जीवनमा परिवर्तन ल्याउने आधार खडा गरेको, तत्कालिनरूपमा राहत पुगेका जस्ता तथ्याङ्कहरू हरेक सरकारले गरेका छन् र गर्दै आएका छन्। जनताको नाममा लगानीका क्षेत्रहरू तोकिएका जसको लागि आन्तरिक र वाहिरी ऋण प्रशस्तरूपमा ओइरिएको (वाह्य ऋण मात्र १६३ अरव) तर प्रतिफल ऋणात्मक भएको छ। तथ्याङ्कका भ्रमपूर्ण जालाहरू एकपछि अर्को गरी फ्याँकिएका छन्। जनतामा दरिद्रता झन्-झन् बढेको छ। लगानीको प्रतिफल मुठ्ठीभर भ्रष्टाचारीको हातमा परेको छ। जनतामा निराशा र कुण्ठाभन्दा आशालाग्दो स्थिति छैन। अहिले नेपाल संसारको सबैभन्दा गरीव राष्ट्र बनिसक्यो। नेपाली जनताको आत्मसम्मान र समृद्धि खै? यसको दायित्व कसले लिने? भ्रष्टाचारी मोलाउने जनता गरीव बन्ने। जनताको आर्थिक सुरक्षाको अधिकार खै? आर्थिक रक्षा उसको मानवअधिकार होइन? जनताका नाममा भ्रष्ट पजेरो र प्राडो संस्कृति हावी भएको छ। मुलुक र जनतालाई कंगाल बनाउने जिम्मेवार सत्तामा पुग्नेहरू नै हुन्। त्यसैले आर्थिक पक्षमा देखिएको विसंगति जनताको मानवअधिकारको हनन हो। यस स्थितिवाट पैदा हुने अन्दाज किन नगर्ने, जनता यस्तो निचोरिएको स्थितिवाट सधैं कसरी सहन गर्न सक्दछ ?

३. वहुदल आइसकेपछिको अवस्थामा जनताले वहुदलीय राजनीतिक अधिकार प्रयोग गरेवापत उसलाई न्यूनतम सन्तोष र स्वतन्त्रता तथा प्रजातन्त्रको अनुभूति हुनुपर्ने हो। त्यसको सट्टा वहुदलीय शासन प्रणालीमा जनताले आफैले मत दिएर आफैमाथि शोषण गर्ने एउटा वर्ग निर्माण गरिरहेको महसूस गर्न थालिरहेको छ। त्यो वर्गको उदय आफ्नो मिहेनतको आर्थिक उपार्जनवाट होइन, राजनीतिक वेइमानी र अनैतिकतावाट निर्माण भैरहेको छ। त्यसको अनुभूति जनताले के गर्ने? जनताको मानवअधिकार श्रम गर्न पाउनुपर्ने, जीउन पाउनुपर्ने, जस्ता अधिकार माथि वञ्चरो हानिएको छ। समाजलाई भ्रष्टीकरणको दिशामा लगिरहेको छ। यसप्रकारको भ्रष्टता र अनैतिकतामाथि कतैवाट अंकुश छैन। राजनीतिक सहुलियत प्राप्त व्यक्ति नेता र पार्टीमा स्वतन्त्रताको चरम दुरूपयोग भएको छ। यसैको संरक्षकत्वमा आर्थिक क्षेत्रमा अराजकता व्याप्त छ। अपराध विरूद्ध सचेत नागरिकमा योजनावद्ध प्रतिरोध जन्मन्छ, अर्ध सचेतमा आक्रोश जन्मन्छ र असचेतमा निराशा कुण्ठा र पलायन, यस्तो स्थिति हुनुमा जिम्मेवार को? आज एउटा पनि स्वाभिमानी व्यक्ति सन्तुष्ट छैन। स्वतन्त्रता मानवअधिकार हो तर स्वच्छन्दता र अराजकता मानवअधिकार होइन। अपराध र अराजकताले नै पैदा भएको प्रतिक्रिया (Reaction) मानवअधिकारको वहालीका लागि विद्रोह हुन जान्छ। आन्दोलनले प्राप्त गरेको राजनीतिक स्वतन्त्रता एकातिर राज्य शक्तिको चरम दुरूपयोग सम्म पुग्ने, त्यसैलाई आफ्नो स्वार्थ सिद्धिको माध्यम वनाउने, जनताको अभिमतलाई नाङ्गो शोषण गर्ने, जनतालाई विश्वासघात गर्ने दिशामा पुगेको छ भने जनताले स्वतन्त्रताको अनुभूति पंचायतभन्दा फरक आफ्नो जीवन रुपान्तरणमा महसूस गर्न पाएको छैन।

४) आज संसदीय पार्टीहरूमा सत्ता, सरकार, सुविधा हासिल गर्ने प्रतिस्पर्धावाहेक अर्को विषयवस्तु छैन। उनीहरूमध्ये कोही पनि जनताप्रतिको उत्तरदायित्वलाई वहन गर्ने पक्ष नै छैनन्। कुर्सीको खेलमा अनेकौं भित्री वाहिरी खेलहरू मात्रै अपराधजन्य ढंगले भएका छन्। निर्वाचित जनप्रतिनिधिहरू किनवेचका वस्तु वनेका छन्। तिनीहरूले कुनै छेउमा उभिएर पनि जनताको भावनाको प्रतिनिधित्व गर्न सक्दैनन्। तिनीहरूले जनताको मतको दुरूपयोग जनतामाथि विश्वासघात गरेका छन्। यति वेलाको संसद र संसदीय व्यवस्था नै चरित्रहीन, अपराधी, विश्वासघात, किनवेच सत्ता लोलुपता, भ्रष्टाचार, सुरा र सुन्दरीको सौदागर, राष्ट्रघात, जनघातको कुरूप रच्छयान वनेको छ। वहुदल आएपछि ६ पटक सरकार परिवर्तन भैसक्यो। ६ वटै सरकारले जन उत्तरदायित्व वहन गरेनन्। ६ पटक गरेर मुलुक छिया छिया हुँदै गएको छ। यस्तो अपराधजन्य पृष्ठभूमिमा कस्तो मानवअधिकारको फूल फुल्ला ?

५) मुलुकमा उठ्ने विद्रोह, आक्रोश आन्दोलन रहर होइनन्, वाध्यात्मक प्रतिक्रिया हुन्। कोही पनि मान्छे सहजै सत्ताको दमनको शिकार वन्न चाहँदैन। राष्ट्र र जनताप्रतिको उत्तरदायित्व भएको सचेत व्यक्ति मात्र राज्यका दमनका खतरालाई चुनौतीका रूपमा लिन तयार हुन्छ। त्यतिबेला न्याय पक्षमा लाग्दा सबै परिस्थितिको समाना गर्नु पर्ने हुन्छ।

मानवअधिकार हननका दुईवटा अवस्थाहरु हुन्छ :

(क) आपराधिक प्रकृति वा प्रतिद्वन्द्विताको स्थितिमा व्यक्तिले वा व्यक्ति झुण्डले व्यक्तिको अधिकारको अपहरण।

(ख) राज्यले सत्ताको आडमा नागरिकको अधिकारको अपहरण

क) समाजमा स्वस्थ वा अस्वस्थ दुवै प्रकारका प्रतिस्पर्धा हुन्छन्। कुनै पनि क्षेत्रमा आफ्नो श्रेष्ठता र वर्चस्व कायम गर्न मानिसमा भएको अवचेतन अवस्थाले एउटाले अर्काको नैसर्गिक अधिकार हनन गर्ने कुरामा सफलता प्राप्त गर्दा आफ्नो गौरव वढेको ठान्दछ। त्यस्तो स्थिति पनि विद्यमान प्रचलित कानूनको विपरीत भएमा त्यसलाई नियन्त्रण गर्न

असल नियत प्रयोग भएमा त्यस्तो अपराध वा मानवअधिकारको उल्लंघनको नियन्त्रण गर्ने दायित्व राज्यको हो। राज्यको प्रमुख काममध्ये नागरिकको सुरक्षा प्रदान गर्नु हो। त्यसैले नागरिकले कसैं वा कुनै व्यक्तिको मानवअधिकार उल्लंघन गऱ्यो भन्नु बेठीक हुन्छ। त्यसलाई रोक्ने, नियन्त्रण गर्ने वा दण्डित गर्ने काम राज्यले गर्छ। कथंकदाचित कसैको अधिकारको उल्लंघन भएको छ भन्ने भएमा त्यसबापत क्षतिपूर्ति पनि हुन्छ। त्यो नोक्सानीको सोधभर्ना गरेर वा त्यसबापत दण्ड जरिवाना बेहोरेर। यो स्वाभाविक सहज र कम नोक्सानदायी हुन जान्छ।

ख) राज्य सबै शक्तिले सम्पन्न हुन्छ। त्यो शक्ति खराब नियतले प्रयोग भयो भने नागरिकको हकमा मानवअधिकारको हनन मात्र होइन, मुलुक नै स्वाहा हुन्छ। राज्य सत्ता त वर्गीय हुन्छ। राज्य शक्ति भनेको एउटा वर्गले अर्को वर्गलाई दमन गर्न बनेको संयन्त्र हो। त्यस्तो संयन्त्रको प्रयोग गर्ने बेला सत्ता वर्गीय भए पनि संयन्त्रको प्रयोग विधि सत्तासीन व्यक्ति संस्थाका केही आचरणका मामलामा देखा पर्ने उदारता र कठोरताले मानवअधिकारको स्थितिको संरक्षण र उल्लंघनमा जडता र लचकता हुनसक्छ।

अब हाम्रो मुलुकको आजको स्थिति हेर्ने हो भने माथि उल्लेखित विविध पक्षबारे प्रकाश त पारिसकिएको छ। समग्रमा मुलुकको मानवअधिकारको संरक्षणको स्थिति ज्यादै दयनीय छ। घटनागतरूपमा भन्नुपर्दा प्रहरी प्रशासनमा प्रगतिशीलता त होइन, गतिशीलता पनि छैन र सामाजिक अपराध बढ्दो मात्रामा छन्। प्रशासन प्रहरी सबै अपराध नियन्त्रण निकाय भ्रष्ट छन्। अपराध संरक्षण कि त प्रहरी प्रशासनिक निकायबाट भएको छ कि राजनीतिक निकायबाट। अपराध अनुसन्धान विधिमा मनोवैज्ञानिकता तथा आधुनिकता छैन। यातना यथावत छ। पेशेवर अपराधीहरू प्रहरी प्रशासन र राजनीतिक संगठन आदिका आम्दानी स्रोत र सुरक्षाका कवच छन्। न्यायिक निकाय पनि भ्रष्ट भएका छन्। साँच्चिकै पीडितले संरक्षणको अनुभूति गर्न सकेका छैनन्। अपराधहरू संस्थागत बनेका छन्। राजधानी र मुख्य शहरी क्षेत्रहरू भन्दा बाहिरका जिल्लाहरूमा पुलिस प्रशासक संसदीय प्रजातान्त्रिक संस्कारसम्म छैन। कानूनी उपचार र पद्दतिका कुराहरू सबै खोक्रा साबित छन्। कानूनी राज्यको अवधारणा त लागू नै भएको छैन। कतिपय अपराधीहरू राजनीति र प्रशासनिक संयन्त्रमा अपराधिकरणका कारणले अपराधबाट सोझै मुक्त भएका छन् भने कतिपय अपराध नियन्त्रण कानूनहरू डबी साँध्ने माध्यम बनेका छन्। गिरफ्तारी र थुनछेकमा कानूनसंगत कुनै पनि प्रक्रियाहरू चालिँदैनन्। अभियुक्तउपर अनुसन्धान विधि कुटपीट मात्र छ। थुनामा कानून भन्दा बढी मात्र होइन, महिनौं दिनसम्म विनापूर्जी हिरासतमा राख्ने दुर्चलन यथावत् छ। राजनीतिक प्रतिशोध चर्को बनेको छ। निर्वाचनमा आफै मान्छे मार्ने व्यक्ति यतिबेला गृहमन्त्री छन्। लामो समयसम्म पंचायती यातना भोगेका व्यक्तिहरू सत्तामा पुगेपछि उनीहरूमा त्यही प्रवृत्ति हावी भएको छ।

यतिबेला मुलुकमा दुई प्रकारका हिंसा छन् :

नागरिकको तर्फबाट गरिएको हिंसा र राज्यले गरेको हिंसा। नागरिकले गरेको हिंसा रोक्ने कानून छ, प्रविधि छ र राज्यले गर्ने हिंसालाई रोक्ने विशेष प्रविधि र कानून छैन। भए पनि ज्यादै अर्थहीन छ। त्यसैले राज्यबाट हुने हिंसा तीव्र बनेको छ। यस अर्थमा मानवअधिकारको उल्लंघनकर्ता राज्य नै हुन्छ। यतिबेला राजसत्ता मानवअधिकार उल्लंघनमा विशेष बदनाम नै भएको छ। न्याय सम्पादनमा कानूनी मानिस र प्राकृतिक मानिस भनेर विभेद गरिएको छ। कानूनी मानिसले कानूनमा तोकिएको कुराबाहेक गरेमा दण्डनीय हुन्छ भने प्राकृतिक मानिसले कानूनमा नगर्नु भन्ने तोकिएका कुरा गरेमा दण्डको भागी हुन्छ। सरकार वा संस्था कानूनी हुन्छ। तोकेको भन्दा बढी गरेको काम गैरकानूनी हुन्छ तर यतिबेला व्यावहारमा कानूनी र गैरकानूनी सीमा नै छैन। गैरकानूनी गिरफ्तारी, झूठा मुद्दा, यातना यी सरकार र सत्ताका पर्यायवाची भएका छन्। आज मुलुकको टाउकोमा विदेशी सहाराको बोझ, भ्रष्टाचार, दमन र राष्ट्रघातको पीडा छ। जनतासंग यसको विकल्प, विद्रोह र संघर्षबाहेक केही छैन। संघर्ष भ्रष्ट सत्ताको निम्ति अपच मात्र होइन, एलर्जी नै। आलोचना विरोध सहने धैर्य नै छैन। सत्ता निरंकुश र दमनकारी छ। किनकि ऊभित्र देश भक्ति स्वाभिमान र जनउत्तरदायित्व छैन। राज्यले आफ्नो संयन्त्रलाई राष्ट्र र जनताको प्रगति र उत्थानमा लगाउने होइन, आफ्ना अपराध गल्तीको ढाकछोप र रक्षा गर्न प्रयोग गरिरहेको छ। प्रायः सधैं सत्ताबाट आफूले पाएको अधिकार दुरूपयोग हुने गरेको छ। एकातिर त कानून नै सरकारले आफ्नो अनुकूलतामा निर्माण गर्ने गर्छ। उसले त्यस प्रकारको कानूनले नागरिकलाई कहाँनिर अप्ठेरो पऱ्यो भनेर त्यो फुकाउने दिशामा जाँदैन, बरू कसरी अधिकतम कडा कानून बनाएर आफ्नो रक्षा गर्न सकिन्छ भनेर जान्छ, त्यसमा पनि प्रयोग गर्दा अख्तियार भन्दा बढी गर्नाले नागरिकको मानवअधिकार हनन भएको हुन्छ। सत्ताले त्यसरी प्रयोग गर्ने भएकोले गल्तीबापत दण्डित हुने व्यवस्था कमजोर छ। त्यसैले ज्यादती बढी हुने गर्छ। बेला बखतमा सरकारहरू फेरिंदै गए पनि चरित्रगतरूपमा एकै प्रकारका स्वभावहरू देखिएका छन्। वर्तमान संविधानले केही मानवअधिकारका कुरा प्रत्याभूत गर्ने कुरा उठाएको छ। विगतमा पंचायती निरंकुश संविधान अन्तरगत बनेका मानवअधिकार विरोधी कानून अझै विद्यमान छन्। ती कानूनहरूको खारेजी वा परिमार्जन गर्ने दिशामा कुनै पनि सरकारहरूले ध्यान दिंदैनन्। महिला अधिकारको विधेयकसमेत थन्किएको छ। बरू प्रयत्न के हुने गरेको छ भने २०४७ सालको संविधानले व्यवस्था गरेका अधिकारलाई कटौती गर्ने दिशामा कथित आतंकवाद विरोधी कालो कानून ल्याउने भरमग्दुर प्रयत्न यसै वर्ष भयो। ठूलो विरोध र बदनामीका कारण विधेयक ल्याउने प्रयत्न विफल भयो। एउटा शक्ति अझै पनि त्यसका लगि सक्रिय भएको छ।

राज्यद्वारा गैरकानूनी मृत्युदण्ड दिने अभियान तीव्र भएको छ। कुनै राजनीतिक शक्तिले राजनीतिक आन्दोलनमा उग्रवादी गल्ती गरेको छ, त्यसलाई नियन्त्रण गर्ने नाउँमा भ्कडप (भ्लअयगलतभच) को निहुँ बनाएर नृशंस हत्याहरू गरिएको छ। त्यसैलाई दमन गर्ने निहुँमा अन्य राजनीतिक शक्तिहरूसंग पनि प्रतिशोध साँध्ने, गिरफ्तारी, मुद्दा, यातना आदि व्यापक बनाइएको छ।

वर्तमान संविधानसमेतले गैरकानूनी तवरले विना अभियोग गिरफ्तारी र थुनालाई निषेध गरेको छ तर सरकारले यस वर्ष राष्ट्रियताका निम्ति उठाइएका काला कानून र जनताले भोग्नुपरेका महँगी भ्रष्टाचारविरुद्धमा उठाइएका संघर्षमा यस वर्ष करिब दशहजार भन्दा बढी मानिसलाई अवैधानिक गिरफ्तारी गरेको छ। रामेछापमा ६२ दिनसम्म विनापूर्जी गैरकानूनी थुनामा यातनाका साथ राखिएको छ। सरकार कुनै कुरामा पारदर्शी छैन।

राप्रपा, एमालेको गठबन्धन सरकारले स्थानीय निर्वाचन सम्पन्न गरायो। ५ वर्षका लागि असर पार्ने जस्तो विधेयक संसद छलेर अध्यादेशबाट जारी गरेर निर्वाचन गराइयो। त्यसमा तत्कालीन सरकारको नियत बेठीक थियो। निर्वाचनमा सत्ताको व्यापक दुरुपयोग भयो। प्रशासन, प्रहरी , पैसा र गुण्डागर्दी चारै चीज प्रयोग भयो। कतिपय ठाउँमा गैरकानूनी ढंगले मतदान गराइयो। गैरकानूनी ढंगले निर्वाचन गराउने, सत्ताको दुरुपयोग गर्ने काम विगतको नेपाली कांग्रेसको सरकारले नै थालनी गरेको थियो। त्यसलाई अझ परिमार्जित र व्यापक पार्ने काम गत स्थानीय निर्वाचनमा भएको हो। शासन व्यवस्थामा प्रतिनिधि चुन्ने संसदीय व्यवस्थामा जनताको अधिकारलाई कुठाराघात गरिनु कुनै नौलो कुरा नभए पनि यसले राजनीतिमा अपराधीकरण बढ्दै गएका कारण जनताको अधिकारलाई कुण्ठित गर्दै लगेको छ। राजनीतिमा अपराधीकरणको विकासले मानवअधिकारको स्थितिलाई अर्कोतिर चिन्तित तुल्याएको छ।

यतिबेला सर्वत्रबाट मानवअधिकारको हनन भएको भनिएको क्षेत्र नेकपा "माओवादी" ले संचालन गरेको भनिएको "जनयुद्ध" को कारण भएको छ। सरकार र कांग्रेस, एमाले, राप्रपा, सद्‌भावना र अन्य संसदीय प्रकारका पार्टीहरूले "माओवादी"ले जनअधिकार हनन गरेका, हिंसा र आतंक फैलाएका भन्ने आरोप लगाएका छन् भने माओवादीले आफूमाथि दमन भएको, जनअधिकार माथि सरकारले नृशंस दमन गरेको आरोप लगाएको छ। विभिन्न सामाजिक संगठन र मानवअधिकारवादी संस्थाहरुले सरकार र माओवादी दुवैले मानवअधिकारको उल्लंघन गरेको आरोप लगाएका छन्। सरकारले त्यस संघर्षलाई "आतंककारी" गतिविधि भनी दमन गर्ने नीति लियो। संयुक्त जनमोर्चा नेपालले त्यसको राजनीतिक विश्लेषण गरेर राजनीतिक समस्या भएको र राजनीतिक तवरले हल गरिनुपर्ने निष्कर्ष निकालेपछि "जनयुद्ध" सम्बन्धी मूल्यांकनमा दुई दृष्टिकोणहरू आतंककारी गतिविधि र राजनीतिक समस्या भन्ने भनाईहरू प्रचारित भए। संयुक्त जनमोर्चाको धारणामा वामपन्थी गल्तीबाट प्रभावित राजनीतिक आन्दोलन तर सच्याउनुपर्ने भन्ने धारणा पनि रारव्यो साथै क्रान्तिकारी भावना भएको तर वस्तुनिष्ट संघर्षभन्दा भावनामा उत्रिएर बेठीक पद्धतिहरू अंगिकार गरेकोले भनी आफ्नो असहमति पनि प्रकट गरेको थियो। शत्रु र मित्रको पहिचान गर्न नसक्नुका कारण अन्य राजनीतिक संगठन, पार्टीहरू समर्थन सहयोगबाट विमुख तथा व्यवस्था र संसदीय राजनीतिक पार्टीका फोहरी घीनलाग्दा राष्ट्रविरोधी जनविरोधी क्रियाकलाप र राष्ट्रघाती कारवाहीले निराश जनताको आक्रोसको निकास बन्न पुगेको पनि एकदमै इन्कार गर्न सकिने विषय रहेन। तर पनि ती अविकसित र पिछडिएको क्षेत्र नै त्यस प्रकारको संघर्षको आधारभूमि किन तयार भयो त भन्ने प्रश्नमा शासकहरूको व्यवहार शोषक प्रवृत्ति नै प्रमुख हो भन्न हिचकिचाउनु पर्दैन। ती क्षेत्रमा माओवादीका कारवाहीमा उग्रवादी गल्तीका कारण वर्ग संघर्षको कतिपय निसाना बेठीक भएको भित्र शक्तिमाथि प्रहार भएका छन्। तर सत्ताले भने त्यस प्रकारको संघर्षलाई दमन गर्न चरम नाङ्गो नाच नाच्यो। पचासौं निर्दोष जनतालाई हत्या गर्ने काम गऱ्यो। त्यस दौरानमा अनौपचारिक तथ्यांक अनुसार २०० भन्दा बढी मानिस मारिएका छन्। सकारको रवैया "माओवादी" भएकै कारणले मार्नु र दमन गर्नु अति दक्षिणपन्थी प्रतिक्रियावादी कारवाही हो। भ्कडपको कृत्रिम वारदात बनाएर पनि धेरैको हत्या भएको छ। अहिले पनि त्यस क्षेत्रमा एकातिर राज्य आतंक कायम भएको छ भने अर्कोतिर हतियारको भरमा "माओवादी" ले पनि आतंकित पार्ने काम गरेका छन्। तैपनि समग्रमा त्यो स्थितिको सिर्जना हुनुमा प्रतिक्रियावादी राज्यसत्ता जिम्मेवार छ। जनतामा शोषणको विरुद्धको आक्रोस हो। त्यो जुनआक्रोस हो - त्यो आक्रोस "माओवादी" ले समेटेर लगेको छ।

अब निष्कर्षमा भन्नुपर्दा नेपालमा ०४६ मा बहुदल आइसकेपछि जनताले पाएको सामान्य अधिकार भनेको पार्टी छान्ने र भोट हाल्ने अधिकारबाहेक केही उपलब्धि हासिल गरेको छैन। त्यसमा पनि अपराधीकरण बढेका कारण त्यो अधिकार पनि कुण्ठित हुँदै गएको छ। अन्य क्षेत्रमा दरिद्रता बढेको, सामाजिक असुरक्षा बढेको, संसदीय पार्टीहरू भ्रष्ट भएका, जनताको समस्या कसैले नहेरेको, मुलुकमा कंगालिकरण बढेर गएको, राष्ट्रियता संकटमा परेका कारण जनताको आक्रोस बढ्दै गएको तथा त्यसलाई कुल्चन सरकारले मानवअधिकारको मापदण्डलाई कायम नराखी दमनकारी बन्दै गएका कारण स्थिति बिग्रँदै गएको छ। यही अनुत्तरदायी राज्य प्रणाली कायम रहने हो भने मुलुकको स्थिति विद्रोहमा परिणत हुनेछ। त्यतिबेला गृहयुद्धको स्थिति पैदा हुन अवश्यंभावी छ। त्यही कमजोर परिस्थितिमा भारतीय विस्तारवादीहरूले मुलुकको सार्वभौमिकतामाथि ठाडो हस्तक्षेप गर्नेछन् र मुलुक दीर्घकालीन युद्धको स्थितिमा जाने अनिवार्य छ।

●

७.७ नेपाल कम्युनिष्ट पार्टी (मसाल)

गत साल देशमा ३ वटा सरकारहरू रहे - देउवा, चन्द र वर्तमान थापा सरकार। उक्त ३ वटैले मानवअधिकारहरूका ठूला-ठूला कुराहरु गर्ने गरेका छन्। तर व्यवहारमा उनीहरूले मानवअधिकारको विभिन्न प्रकारले हनन गर्ने गरेका छन्।

यस सन्दर्भमा सर्वप्रथम देउवा-कांग्रेस- राप्रपा गठवन्धन सरकारका समयमा प्रस्तुत महिलासम्वन्धी विधेयक उल्लेखनीय छ। त्यसमा सरकारले महिलाप्रतिका भेदभाव, असमानतामा सुधार गर्न वा सम्पत्तिसम्वन्धी प्रश्नमा छोरीलाई छोरा सरह हक प्रदान गर्ने कुराहरूको उल्लेख गरेको थियो। ती सबै आवश्यकताका तुलनामा कम मात्र थिएनन्। स्वयं श्री ५ को सरकारले अनुमोदन गरेका संयुक्त राष्ट्र संघको महिलाहरूको भेदभाव हटाउने सम्वन्धी विधेयकका तुलनामा पनि धेरै नै पछाडि थियो। तर त्यो सीमित प्रकारको महिलासम्वन्धी विधेयकको पनि प्रतिगामी शक्तिहरूद्वारा देशव्यापीरूपमा विरोध गरियो। परिणाम यो भयो कि देउवा सरकारले त्यो महिला सम्वन्धी विधेयक संसदमा प्रस्तुत नै नगरिकन तुहियो। त्यसरी सरकारले स्वयं सर्वोच्च अदालतद्वारा दिएको निर्देशनको पनि उल्लंघन गर्‍यो। त्यो सन्दर्भमा यो पनि उल्लेखनीय छ कि संसदमा राष्ट्रिय जनमोर्चाका महासचिव र सांसद का. नवराज सुवेदीले "महिलाप्रतिका सबै प्रकारका भेदभावहरू अन्त्य" सम्वन्धी एउटा गैर-सरकारी विधेयक प्रस्तावित गर्नुभएको थियो। तर देउवा सरकारले त्यो विधेयकलाई संसदमा प्रस्तुतसम्म गरेन। त्यसै गरेर देउवा सरकारले अखिल नेपाल जनजाति सम्मेलनका अध्यक्ष तथा सांसद का. परि थापाद्वारा प्रस्तावित छुवाछूतलाई अपराध घोषित गर्न तथा त्यसका लागि सजायको व्यवस्था गर्न तथा जनजातिहरूलाई स्वायत्त शासन प्रदान गर्नका लागि प्रस्तावित विधेयकहरूलाई पनि संसदमा प्रस्तुत गरेन। आज देशमा महिला, दलित तथा जनजातिहरू जसरी अत्यन्त व्यापक रूपमा आफ्ना मानवअधिकारहरूबाट वञ्चित हुनुपरेको छ। कैयौं प्रकारका भेदभाव र असमानताहरूको शिकार हुनुपरेको छ, संयुक्त राष्ट्रसंघको घोषणापत्र वा आफ्नै संविधानको सीमाभित्र पनि सरकारले सामान्य सामाजिक सुधार गर्न पनि देखाएको हिचकिचाहटले देउवा सरकारको मानवअधिकारसम्बन्धी प्रतिगामी र गैर उत्तरदायी चरित्रलाई नै बताउँछ। देउवापछि बनेका एमाले - राप्रपा वा वर्तमान कांग्रेस- राप्रपा गठवन्धन सरकारहरूले पनि महिला, दलित वा जनजातिहरूप्रतिका भेदभाव वा असमानता समाप्त गर्न कुनै उल्लेखनीय काम गरेको पाइन्न।

गत सालमा अत्यन्त गम्भीररूपमा देखापरेको राजनैतिक भ्रष्टाचार देशको एउटा राष्ट्रिय समस्या भएको छ। खास गरेर देशको व्यवस्थापिका, संसद, जसमाथि देशमा कानूनको राज तथा मानवअधिकारसमेतको रक्षाको जिम्मेवारी छ, मा देखा परेको त्यसप्रकारको राजनैनिक भ्रष्टाचारले त्यसको त्यसप्रकारको जिम्मेवारी तथा क्षमतामा अत्यन्त प्रतिकूल असर पार्दछ। सांसदको औषधी उपचारसम्बन्धी प्रश्नमा सांसदहरूले गरेको भ्रष्टाचार, त्यसै गरेर सुविधाका प्रश्नमा देखा परेको कमिशनखोरी, सत्ताको समिश्रण र त्यसमा परिवर्तन वा विश्वास तथा अविश्वासको प्रस्तावहरूका दौरानमा सांसदहरूको जुन प्रकारले किनबेच आदिले पनि नैतिक धरातलमा अत्यन्त निम्न भएको पाइन्छ। नेकपा (मसाल) समर्थित २ जना सांसदहरू बाहेक विना अपवाद सबै राजनैनिक दलका सांसदहरू एक वा अर्को प्रकारले त्यसप्रकारको भ्रष्टाचार वा किनबेचको शिकार भएका छन्। र, त्यो अवस्थामा सबै उनीहरूको त्यसप्रकारको चरित्रको सिधा र निश्चितरूपले देशको बहुसंख्यक जनताको मानवअधिकार, मौलिक अधिकार, न्याय, देश र जनताको हित वा कानूनको राजमाथि प्रतिकूल र सांघातिक असर पार्दछ र पारिरहेको छ। वास्तवमा संसदमा निर्वाचित भएपछि मात्र होइन, जित्न पनि स्वयं उनीहरूले कुनै सिद्धान्त वा राजनीति होइन, निकृष्ट प्रकारका भ्रष्ट र अवैधानिक तरिकाहरू अपनाएका हुन्छन् र संसदमा पुगेपछि पनि त्यही चरित्रलाई प्रदर्शित गर्दछन्। कार्यपालिका तथा स्वयं न्यायपालिकामाथि पनि खास अवस्थामा नियन्त्रण गर्ने जिम्मेवारी संसदको नै हुन्छ। जनताद्वारा निर्वाचित र देशका सम्पूर्ण जनताद्वारा अधिकार प्रदत्त संसदको त्यसप्रकारको पतीत चरित्रले गर्दा उनीहरू आफ्नो जिम्मेवारी पूरा गर्न कहाँसम्म सफल होलान, हुनसक्ने वा भैरहेका छन्? कसैले पनि अन्दाज गर्न सक्दछ। त्यो अवस्था देशमा मानवअधिकार वा कानूनको राज्यको स्थापनाका लागि संसद वा सांसदहरूको नैतिकता, कमसेकम मसाल समर्थित सांसदहरूले झैं उच्च सिद्धान्त, मूल्य र मान्यताहरूमाथि आधारित राजनीति गर्नुपर्ने प्रश्नले ठूलो महत्व राख्दछ। तर प्रश्न छ : के संसदीय प्रणाली वा विभिन्न राजनैतिक दलहरूका विद्यमान चरित्रका पृष्ठभूमिमा त्यसो गर्नु उनीहरूका लागि सम्भव हुनेछ ?

चन्दको नेतृत्वमा एमाले - राप्रपाको गठबन्धन सरकार बनेपछि छिट्टै नै स्थानीय चुनाव सम्पन्न भयो। त्यो चुनावमा देशव्यापीरूपमा भ्रष्टाचार, सत्ताको दुरूपयोग र धाँधली भयो, जसका लागि गृह मन्त्रालय मुख्यरूपमा जिम्मेवार थियो, जो एमालेको मातहतमा थियो। त्यो चुनावमा जिताउनका लागि सी. डी. ओ, निर्वाचन आयुक्त र प्रहरीहरूले व्यापक रूपले नाजायज तरिकाहरू त अपनाए नै, त्यसका साथै एमालेका कार्यकर्ताहरूले अत्यधिकरूपले गुण्डागर्दीको नीति अपनाए। कैयौं स्थानहरूमा, जस्तै कि अर्घाखाँचीको हंसपुरको मतदान केन्द्रमा, चारैतिर हतियार बन्द मोर्चाबन्दी गरेर एमालेका कार्यकर्ताहरूले मतदाताहरूलाई मतदान केन्द्रमा प्रवेश गर्न नै दिएनन्। हंसपुरको त्यो घटना आफ्नो प्रकारको एउटा मात्र घटना नभएर देशका विभिन्न भागमा बेग्लाबेग्लै प्रकारले त्यसप्रकारका घटनाहरू घटेका छन्। सत्ता र प्रहरीको आडमा एमालेका कार्यकर्ताहरूले देशव्यापीरूपमा त्यसप्रकारको नाङ्गो नाच नाचे र मानवअधिकार तथा कानूनको राजको खुलेआम हत्या गरे। त्यसरी उनीहरूको त्यसप्रकारको व्यवहारले जो देशव्यापीरूपमा यो सोचाईका लागि आधार तयार पार्‍यो कि शान्तिपूर्ण प्रकारले चुनावको उपयोग पनि सम्भव छैन। अर्को शब्दमा त्यो कुरालाई यसरी भन्न सकिन्छः गत स्थानीय चुनावको बेलामा एमालेले अपनाएको नीतिले हिंसात्मक तयारी वा प्रतिरोधविना चुनावको "शान्तिपूर्ण" उपयोग वा मताधिकारको शान्तिपूर्ण प्रकारले उपयोगको अवसरलाई अत्यन्त सीमित बनाइदिएको छ।

चन्द सरकार सत्तामा आएपछि त्यसले "माओवादी" समस्यालाई राजनैतिक प्रकारले समाधान गर्ने कुरामा जोड दिँदै आएको थियो। तर पछि त्यसले (सरकारले) त्यसमाथि दमन गर्ने नीति अपनायो र त्यसका लागि "आतंक" माथि दमन गर्ने नाममा आतंककारी विधेयक ल्याउने निर्णय गर्‍यो। त्यो विधेयकको तयारी पहिले देउवा सरकारको समयमा नै भएको थियो, तर जुन कुराबारे निर्णय गर्न देउवा सरकारसमेतले हिच्किचाहट देखाएको थियो। त्यसबारे चन्द सरकारले मन्त्रिमण्डलमा नै पारित गरेर त्यसप्रकारको विधेयक पारित गराउने निर्णय गर्‍यो। स्पष्ट थियो, त्यो विधेयकद्वारा सरकारले "माओवादी" समस्याका नाममा सम्पूर्ण वामपन्थी आन्दोलन, राष्ट्रियता, जनतन्त्र र जनताका प्रगतिशील तथा न्यायपूर्ण संघर्षहरूलाई दबाउन चाहन्थ्यो। तर जनताको व्यापक विरोध र जनसंघर्षका कारणले सरकारले त्यो विधेयकलाई संसदमा ल्याउनेसम्म साहस गर्न सकेन, जो जनताको महत्वपूर्ण विजय थियो।

आतंककारी विधेयकको विरोध वा राष्ट्रियता, जनताका मौलिक अधिकारको रक्षा वा जनताका विभिन्न प्रगतिशील र न्यायपूर्ण मागहरूलाई लिएर आयोजित नेपालबन्द वा अन्य विभिन्न संघर्षहरू वा तिनीहरूका समर्थनमा चल्ने आन्दोलनहरूका सिलसिलामा सरकारले बारम्बार दमनको नीति अपनायो। त्यस सिलसिलामा बन्दको आह्वान गरेर पोष्टरिङ गर्ने, टेम्पोद्वारा प्रचार गर्ने कार्यकर्ताहरूलाई पनि गिरफ्तार गरियो। चित्रबहादुर के. सी., दीनानाथ शर्मा, निर्मल लामा, लीलामणी पोखरेल घनश्याम शर्मा पौडेल आदिसहित ठूलो संख्यामा विभिन्न राजनैतिक दलहरूका नेताहरूलाई बारम्बार गिरफ्तार गरियो र थुनामा राखियो। काठमाडौंमा शान्तिपूर्ण मशाल जुलुशका बेलामा प्रहरीहरूद्वारा लाठीचार्ज गरियो, जसमा दुर्गा पौडेल, प्रेमसागर पौडेल आदिलाई पनि चोट लागेको थियो। नेपालबन्दका सिलसिलामा नेपालगंजमा के. बी. गुरूङसहित ११७ जनालाई गिरफ्तार गरिएको थियो। नेपालबन्दका सिलसिलामा देशमा हजारौं व्यक्तिहरू गिरफ्तार गरिएका थिए। आतंककारी विधेयकको विरोध आन्दोलनमा ऐक्यबद्धता प्रदर्शन गरिएको महिलाहरूको शान्तिपूर्ण जुलुशमा शारदा राना, दुर्गा पौडेल, शशी श्रेष्ठसहित ठूलो संख्यामा महिला कार्यकर्ताहरूलाई गिरफ्तार गरिएको थियो। गत वर्षमा मानवअधिकार, र मौलिक अधिकारको दमन यसरूपमा सम्म देखापर्‍यो कि सामान्यरूपमा वालपेन्टिङ्ग गर्दा गोरखामा १ दर्जन विद्यार्थीहरूलाई गिरफ्तार गरियो। वर्तमान थापा सरकार आएपछि मानवअधिकारमाथिको दमन झन् तीव्ररूपमा देखापर्न थालेको छ। वर्तमान सरकारअन्तर्गत रक्तिम सांस्कृतिक अभियानका सिलसिलामा पर्चा पोष्टरिङ्ग गर्दा वा चन्दा संकलन गर्दासम्म जस्तै कि तौलिहवामा गिरफ्तार गर्ने गरिएको छ। सिन्धुलीमा "माओवादी आतंक" का विरूद्धका कार्यक्रमका बहानामा हेलिकोप्टरद्वारा कमाण्डो फोर्स पठाएर तलासी गर्न पठाइयो र कैयौं सामान र कागजपत्र जफत गरेर पठाइयो। केही समयपहिले विद्यार्थी जागरणका सिलसिलामा पाँचथरमा अनेरास्ववियु (छैटौं) को विद्यार्थी जागरणमा कार्यरत विद्यार्थीहरूलाई गिरफ्तार गरिएको थियो। वर्तमान सरकारका मातहतमा सल्यानमा "क्रान्तिकारी" पक्षका विद्यार्थीहरूको शान्तिपूर्ण शहीद सप्ताहमा गरिएको निर्मम दमन तथा हत्याले वर्तमान सरकारले आउने दिनहरूमा मानवअधिकार, मौलिक अधिकार वा शान्तिपूर्ण आन्दोलनका विरूद्ध अपनाउने गम्भीर प्रकारको फासिष्ट र दमनकारी नीतिको संकेत दिन्छ। त्यसप्रकारको स्थिति र संभावनालाई कसरी रोक्ने ? यो प्रश्नमाथि मानवअधिकारको पक्षमा उभिने सबै शक्तिहरू अहिलेदेखि नै सावधान हुनुपर्ने आवश्यकता हुन्छ।

केही समयपहिले देशमा प्रधानमन्त्री तथा संसदको अधिकारको प्रश्नलाई लिएर तीव्र विवाद चल्यो। खास गरेर सूर्यबहादुर थापाले मध्यावधि चुनावको सिफारिश गरेपछि र मुख्यतः राजाले त्यो प्रश्नलाई सर्वोच्च अदालतले थापाको सिफारिसका विरूद्ध फैसला दिएपछि त्यो विवाद तीव्ररूपमा देखा पर्‍यो। व्यक्तिगत रूपले र स्वेच्छाचारी प्रकारले प्रधानमन्त्रीले मध्यावधि चुनावको सिफारिश गर्न तथा संसदको विघटन गर्न पाउने प्रधानमन्त्रीको कथित विशेषाधिकार वास्तवमा जनताद्वारा चुनिएका सम्पूर्ण प्रतिनिधिहरू भन्दा एउटा व्यक्ति मन्त्री विशेष वा उसको स्वेच्छाचारी अधिकारलाई माथि राख्दछ। त्यसकारण प्रधानमन्त्रीको त्यो कथित विशेषाधिकारको प्रकृति सिद्धान्ततः नै अप्रजातान्त्रिक र अधिनायकवादी प्रकारको छ। देशका बेग्ला-बेग्लै राजनैतिक

दलहरूले कुनै नीतिगत औचित्यताका आधारमा होइन, आफ्ना दलगत स्वार्थहरूका आधारमा नै त्यसको समर्थन वा विरोध गर्ने गरेका छन् र सूर्यबहादुर थापाको सिफरिशको सन्दर्भमा पनि बेग्ला-बेग्लै राजनैतिक दलहरूले त्यही प्रकारको सिद्धान्तहीन प्रवृत्तिको प्रदर्शन गरे। निश्चय नै नेकपा (मसाल) त्यो प्रवृत्तिबाट अपवाद रहने गरेको छ, जसले त्यसप्रकारको प्रत्येक अवसरमा प्रधानमन्त्रीको त्यसप्रकारको स्वेच्छाचारी अधिकारको विरोध गर्दै आएको पाइन्छ। प्रधानमन्त्री ठूलो वा संसद ठूलो? प्रधानमन्त्रीलाई त्यसप्रकारका स्वेच्छाचारी अधिकार प्राप्त हुनु प्रजातन्त्रको स्थायित्व त्यसको व्यापक हितमा छ या छैन? यसबारे व्यापक छलफल हुनुपर्ने र सही समझदारी बन्नु आवश्यक छ।

गत कालमा, मुख्यतः वर्तमान थापा सरकार आएदेखि संचारका माध्यमहरूमाथि सरकारद्वारा अधिनायकवादी प्रकारको नियन्त्रण कायम भएर गएको छ। वर्तमान सरकारले विरोधी राजनैतिक दलहरू, सरकारका विरूद्ध दृढ अडान लिने राजनैतिक दलहरुका मुख्यत: सरकार विरोधी समाचारहरूमाथि एकदम रोक लगाएको छ। त्यस सिलसिलामा वर्तमान सरकारका पक्षमा मत नदिएकाले वा त्यसका विरूद्धको अविश्वासको प्रस्तावलाई समर्थन गरेकाले तथा प्रधानमन्त्रीले स्वेच्छाचारी प्रकारले संसदको विघटन गर्न पाउने कथित विशेषाधिकारको दृढ शब्दमा विरोध गरेकाले नेकपा (मसाल) वा त्यससित सम्बन्धित मोर्चाहरूको समाचारहरूमा सरकारले लगाएको प्रतिबन्ध उल्लेखनीय छ। रक्तिम साँस्कृतिक मोर्चाको भव्य राष्ट्रिय सम्मेलन तथा अखिल नेपाल किसान संघको डेढ महिनासम्म चल्ने अखिल नेपाल किसान मार्च,२०५४ का प्रसारहरूको प्रशारणमा सरकारले लगाएको प्रतिबन्धले सरकारको त्यही प्रकारको राजनैतिक पूर्वाग्रहलाई नै बताउँछ। सरकारको त्यस प्रकारको अधिनायकवादी नीति यहाँसम्म नाङ्गो रूपमा देखा पर्‍यो कि सर्वोच्च अदालतले सरकारको मध्यावधि चुनावको विपक्षमा फैसला दिएपछि त्यो फैसलाका विरुद्ध सरकारी पक्षलाई समर्थन गर्ने वक्तव्य, अन्तरवार्ता आदिहरूलाई त व्यापकरूपले प्रसारित गरियो र त्यसबारे एकप्रकारको अभियान नै चलाइयो। तर सरकारी पक्षको विरोध तथा सर्वोच्च अदालतको समर्थनमा पठाइएका वक्तव्यहरूलाई सुनियोजित प्रकारले दबाउने नीति अपनाइयो। उदाहरणका लागि नेकपा (मसाल) बाट पठाइएको त्यस प्रकारको वक्तव्यलाई प्रसारित गरिएन। त्यसबारे रेडियो नेपाल, टी. भी. बाट रेडियो नेपालका डाइरेक्टरसम्मसित सोधपुछ गर्दा माथिको निर्देशनले गर्दा वा राससको सेन्सर नीतिका कारणले त्यो वक्तव्य (सरकारी पक्षको विरोध गर्ने वक्तव्य) प्रसारित नगरेको उनीहरूले जवाफ दिए। के सरकारको त्यो नीति स्पष्ट शब्दमा न्यायपालिकाको मानहानि थिएन ? सरकारले सर्वोच्च अदालतको फैसलाबारे अपनाएको त्यो रूपबाट सरकारले न्यायपालिकाको सम्मानको जुन कुरा गर्दछ, त्यो आफ्ना स्वार्थहरूको रक्षा हुँदासम्मका लागि मात्र नै हो भन्ने कुरामा कुनै शंका रहेन।

"माओवादी" समस्याबारे सरकारले निकै चर्चा गरेको पाइन्छ। त्यसलाई कुनै बेला राजनैतिक तरिकाबाट समाधान गर्ने तथा कुनै बेला आतंककारी विधेयक वा सशस्त्र दमनद्वारा शान्त गर्ने कुरा गरिन्छ। यहाँ सर्वप्रथम के कुरामा स्पष्ट हुनुपर्ने आवश्यकता छ भने यसप्रकारको समस्याको मूलस्रोत प्रतिक्रियावादी र जनविरोधी चरित्रमा अन्तर्निहित छ। अर्को शब्दमा "माओवादी" समस्या मूलतः एकातिर लाखौं मेहनतकश जनतामाथि हुने सामन्ती अत्याचार, सरकारी हिंसा र श्वेत आतङ्कको उपज हो। त्यसकारण त्यसका विरूद्ध लालआतङ्क वा सशस्त्र विद्रोह एउटा ऐतिहासिक, स्वभाविक र अनिवार्य आवश्यकता हो। त्यसकारण आजको समाज र सत्ताको स्वरूपमा परिवर्तन नभैकन त्यो रोकिने कुरा होइन र रोकिन्न।

आजको "माओवादी" समस्याले सामान्यरूपले त्यो ऐतिहासिक पक्षको प्रतिनिधित्व गर्दछ, तर विशिष्टरूपमा त्यसले ठोस ऐतिहासिक अवस्था वा परिस्थितिसित मेल खान्न। त्यसकारण त्यो उग्रवामपन्थी प्रकारको गतिविधि नै बढी बन्न जान्छ, जसले केही मुठ्ठीभर व्यक्तिहरूको महत्वाकांक्षा "क्यारिरिष्ट" आकांक्षा वा विरोचित त्याग वा बलिदानका भावनाहरूलाई मद्दत पुराउन सक्दछ तर प्रतिक्रियावादी समाज व्यवस्था वा सत्तामा परिवर्तनका लागि चल्ने आन्दोलनमा त्यसले सकारात्मक योगदान कम नै दिन्छ। आफ्ना अपरिपक्व र केटाकेटी प्रकारका गतिविधिद्वारा त्यसले सशस्त्र संघर्षको आधारलाई कमजोर पार्ने नै बढी काम गर्दछ। यही कारण हो कि उनीहरू प्रति-क्रान्तिकारी शक्तिहरूका लागि बढी उपयोगी बन्न जान्छन्। संसारमा सबैतिर यस्तै हुँदै आएको छ र नेपालमा पनि त्यो नियमबाट अपवाद हुन सक्दैन। अगाडि आउन थालेका खतराका विरूद्ध पनि सही समझदारी लाइन र संघर्षका प्रश्नले गम्भीर राष्ट्रिय अर्थ र महत्व राख्दछन्। त्यसरी "माओवादी" समस्या उपरी र बाह्यरूपमा जस्तो देखिन्छ, त्योभन्दा कैयौं गुणा बढी गम्भीर र जटिल छ। यो प्रश्नका सन्दर्भमा खालि सरकारका दमनकारी नीतिहरूको मात्र होइन, त्यसका विरूद्धका संभावित राजावादी, पुनरुत्थानवादी वा भारतीय विस्तावादका खतराका विरूद्ध पनि विशेष ध्यान दिनुपर्ने र आवश्यकतानुसार संघर्षमा जोड दिनुपर्ने आवश्यकता छ।

●

अनुसूची ८

सन् १९९७ मा मानवअधिकार स्थितिबारे विभिन्न क्षेत्रको धारणा

८.१ प्रतिनिधिसभा मानवअधिकार तथा परराष्ट्र समिति

८.२ गृह मन्त्रालय

८.३ परराष्ट्र मन्त्रालय

८.४ नेपाल प्रहरी

८.५ जिल्लाबाट प्राप्त विभिन्न क्षेत्रको प्रतिक्रिया

८.१ प्रतिनिधिसभा मानवअधिकार तथा परराष्ट्र समिति

नेपाल अधिराज्यको संविधान २०४७ को धारा ६४ र प्रतिनिधिसभा नियमावली २०४८ को नियम १८९ र १९० बमोजिम पराराष्ट्र तथा मानवअधिकार समितिको वार्षिक प्रतिवेदन २०५४ आज सभामा प्रस्तुत गर्न पाउँदा अत्यन्त खुशी लागेको छ।

यस वर्ष समितिले हालसम्ममा परराष्ट्र, संसदीय व्यवस्था कानून तथा न्याय मन्त्रालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महान्यायाधिवक्ताको कार्यालय, प्रत्यायोजित व्यवस्थापनका साथै खासगरी भूटानी शारणार्थी समस्या, माओवादी जनयुद्ध, मुलुकमा मानवअधिकारको अवस्थाबारे गठित विभिन्न उपसमितिहरूको प्रतिवेदनमाथि छलफल सम्पन्न गरेको व्यहोरा अनुरोध गर्न चाहन्छु। यस सन्दर्भमा देखिएका व्यहोराहरू यसप्रकार छन्-

१. आर्थिक कूटनीति संचालनमा कमजोरी:

मुलुकमा बहुदलीय व्यवस्थाको स्थापनापश्चातका प्रायसः सरकारहरूले परराष्ट्र मन्त्रालयलाई खासै महत्व दिएको छैन। राष्ट्रको हितअनुकूल आर्थिक कूटनीति संचालन गर्नुपर्ने सन्दर्भमा हामीले अत्यन्त कमजोरी प्रदर्शित गरेका छौं। मित्रराष्ट्र भारतसंगको द्विपक्षीय सम्बन्धको सन्दर्भमा यता नेपालले केही खास विषयहरूमा निर्भिकता तथा स्पष्टताका साथ आफ्नो दृष्टिकोण राख्न सक्नु सहराहनीय भए पनि जलस्रोतको उपयोगको सवाल तथा सन् ५० को शान्ति तथा मैत्री सन्धिका बारेमा अपरिहार्य राष्ट्रिय सहमति कायम गरी निर्णायक प्रयत्न थाल्नु आवश्यक भएको छ। मुलुकको व्यावहारिक राजनीतिको संचालनमा देखिएका कतिपय विकृतिहरूबाट परराष्ट्र मन्त्रालयलाई मुक्त राखेर यसको प्रभावकारिता बढाउने तर्फ संसदमा सर्वपक्षीय प्रतिबद्धताका साथ परराष्ट्र मन्त्रालयको संचालन हुनु आवश्यक छ।

२. शरणार्थी समस्या समाधानलाई प्राथमिकता दिनुपर्ने:

भूटानी शरणार्थीहरूको नेपालमा प्रारम्भिक आगमनताका यस समस्याबाट भविष्यमा पर्न सक्ने प्रतिकूल प्रभावहरूका बारेमा सम्बन्धित निकायमा देखिएको अज्ञानता तथा भावनागतरूपमा परराष्ट्र मामिलालाई संचालन गर्ने सोचका कारणबाट हामी गम्भीर संकटका अवस्थामा आइपुगेका छौं। विश्व कूटनीतिमा भर्खरै प्रवेश गरेको भूटानबाट यस समस्याको समाधानलाई विलम्ब गर्दै लाने दिशामा देखिएको कौशलताको तुलनामा हालसम्मका नेपाली प्रयासहरू असफल नै देखिन्छ। हाल मुलुकमा छिटो-छिटो हुने गरेको सरकार परिवर्तनले यस समस्याको प्राथमिकतालाई आफेलमा पार्नुका साथै समाधान तर्फनीति र सोचाईको निरन्तरता नहुनु गम्भीर कुरो भएको छ। यस समस्याको समाधानमा हुने विलम्बले लगभग समान आकृति र संस्कृतिका भूटानी शरणार्थीहरूको नेपाली बसोबासमा हुनसक्ने सामाजिकीकरणको भयावह परिणामपट्टि श्री ५ को सरकार सचेत रहँदै शरणार्थी शिविरहरूको व्यवस्थापनका लागि जिम्मेवार राष्ट्रिय/अन्तर्राष्ट्रिय संघ-संस्थाहरूलाई अनुगमन गर्नु आवश्यक छ। हालसम्म नियमितरूपको दैनिक कार्यालय संचालनमै व्यस्त रहेको हाम्रो परराष्ट्र मन्त्रालयले भूटानी शरणार्थी समस्याको समाधानका लागि उच्च प्राथमिकतापूर्ण कूटनीतिक कौशलता देखाउने चुनौतीलाई स्वीकार गर्ने अवस्था आएको छ। साथै यस समस्याको समाधानका दिशामा हालसम्म अंगिकार गरिएका नीतिहरूको पुनरावलोकन गरी सर्वदलीय सहमतिका आधारमा ठोस नीति अख्तियार गरिनुपर्दछ।

३. माओवादी जनयुद्धबाट उत्पन्न समस्या र सरकारको दृष्टिकोण

माओवादी जनयुद्धको समस्यालाई समाधान गर्न अविलम्ब राजनैतिक पहल थालिनु आवश्यक छ। मुलुकका केही जिल्लाहरूमा नेपाल अधिराज्यको संविधानसमेत कार्यान्वयन हुन नसक्ने अवस्था खडा गरेको यो समस्या मूलतः कानून र व्यवस्थाका समस्या हुन कि, जनताका सामाजिक, आर्थिक पक्षसंग गाँसिएका राजनैतिक समस्या हुन- हालसम्म सरकारी, गैरसरकारी कुनै पनि पक्षले यसबारे निष्कर्ष दिन सकेको छैन। विनाकारण माओवादी पक्षबाट तथा प्रतिकारमा प्रहरी पक्षबाट कैयौं व्यक्तिहरूको हत्या भैसकेको छ। धनमालको व्यापक क्षति हुँदैछ। राज्यबाट जनताले सुरक्षाको प्रत्याभूति पाएका छैनन् आतंकबाट मुक्तिका लागि स्थानीय क्षेत्रबाट नागरिकहरू विस्थापित हुँदैछन्। समिति समक्ष कानून व्यवस्था कार्यान्वयनका जिम्मेवार निकाय उपयुक्त कानूनको अपर्याप्ततामा आफूहरू निःसहाय भएको बताएका छन तर आधिकारिकरूपमा सरकारी प्रतिबद्धता देखिएको छैन। गर्भस्थ आतंककारी गतिविधि नियन्त्रण विधेयकको चर्चामा सरकार, राजनैतिक दलहरू स्वतन्त्र

क्षेत्रका नागरिकहरू विभाजित देखिए पनि कठोर कानूनको माध्यमबाट वा प्रचलित कानूनहरूकै सहयोग र कार्यान्वयनबाट के गरी समस्याको समाधान हुने हो– यसबारेको किंकर्तव्यविमूढता कायमै छ। यसको समाधानका लागि सबै पक्षबाट इमान्दार प्रयास हुनु जरूरी छ। जनयुद्ध कार्यक्रम अन्तरगत निर्मसतापूर्वक गरिएको हत्याकाण्डहरू तथा शान्ति सुरक्षा र प्रतिरक्षाका नाममा प्रहरी कारवाहीद्वारा भएका हत्याकाण्डहरूको चरित्र तथा प्रकृति हेर्दा दुवै पक्षबाट मानवअधिकार गम्भीररूपमा उल्लंघन भएको देखिन्छ। यसरी निर्ममतापूर्वक मारिएका लाशहरूको बेवास्ता गरेर यस समस्याको समाधानका लागि हुनुपर्ने इमानदार प्रयासको साटो यस विषयलाई राष्ट्को आन्तरिक राजनीतिको जय र पराजयका लागि प्रतिस्पर्धाको विषय बनाइनु हुन्न। समिति श्री ५ को सरकारको पहलमा अविलम्व यस समितिको वार्ताद्वारा शान्तिपूर्ण समाधान होस् भन्ने अपेक्षा राखेको छ।

यसको साथै प्रजातन्त्र प्राप्तिपछि हालसम्म पनि संवैधानिक एवं कानूनीरूपबाट कायम हुनुपर्ने समानता व्यवहारमा लागू हुन सकेको छैन। हाल देशमा मानवअधिकार उल्लंघनका घटनाहरू जस्तै, गैरकानूनी थुनछेकहरू, बन्दीको अवस्थामा दिइएको यातना, बलात्कार, बालशोषण आदि उल्लेखनीय छन्।

४. न्यायिक क्षेत्रले सर्वसाधारणको विश्वासको सुरक्षा गर्नु आवश्यक छ :

हाम्रो संसदीय अभ्यासको क्रममा मानवअधिकार आयोग विधेयक गैरसरकारी विधेयकको रूपमा पारित भएको विदितै छ। यसरी यस विधेयकमा लालमोहर लागेको यतिका दिन बितिसक्दा पनि हालसम्म आयोग गठन नहुनुले मानवअधिकारको संरक्षण, अनुगमन र मानवअधिकार हननका विरूद्ध जनताको उपचारको हकमा सरकारी प्रतिबद्धता भरोसायोग्य नरहेको पुष्टि गर्दछ।

जनताको न्यायिक अधिकारको रक्षा र संविधानसम्मत अधिकारहरूको संरक्षणको सन्दर्भमा न्यायपालिकाको अहम भूमिका रहेको कुरामा द्विमत छैन। तर मुलुकमा प्रजातन्त्र बहाल भएको यस अल्पकालमै न्यायपालिकाको अक्षुण्ण भूमिका र मर्यादामा गम्भीर प्रश्नहरू उठ्न थालेका छन्। आलोचनाबाट मुक्तिको संवैधानिक रक्षा कवचभित्र न्यायपालिकाले इमानदारिताको प्रदर्शन र भ्रष्टाचारको छाँयाबाट टाढा रहनुपर्ने जनताको अभिलाषालाई पुष्टि गर्न बाँकी नै छ। मर्यादित न्याय सम्पादनका लागि र न्यायालयलाई यस्ता आरोपहरूबाट मुक्तिका लागि राष्ट्रव्यापीरूपमा गम्भीर बहस प्रारम्भ हुनुपर्दछ। ठूला-ठूला राष्ट्रिय महत्वका र संवैधानिक प्रकृतिका मुद्दाहरूमा साख कमाएको हाम्रो न्यायपालिकाले गाउँघरमा बस्ने विपन्न र पीडित सर्वसाधारणको कसीमा न्यायिक ठहरिनुपर्ने चुनौतीलाई स्वीकार्नुपर्ने बेला आएको छ।

महिलाहरूको हक र हितसंग सम्बन्धित कतिपय विषयहरूमा आवश्यक कानूनहरूको तर्जुमा हुन ढिलो भैरहेको सन्दर्भमा हालै प्रतिनिधिसभामा श्री ५ को सरकारले महिला सरोकारको विषयमा मुलकी ऐन २०२० मा संशोधन गर्न प्रस्तुत गरेको विधेयक सकारात्मक सरकारी कदम हुन्। यो विधेयक दफावार छलफलको क्रममा परराष्ट्र तथा मानवअधिकार समितिमा रहेको र यथाशक्य छिटो सभामा प्रस्तुत हुने विश्वास लिएको छु।

५. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रभावकारिताको प्रश्न :

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले केहीअघि देखाएको विषयगत तत्परताले आयोगले भविष्यमा प्रभावशाली रूपमा कार्य गर्ने विश्वास लिइएको थियो। तर मुलुकमा यता राजनैतिक र प्रशासनिक क्षेत्रबाट दिनानुदिन भ्रष्टाचार बढ्दै गएको सन्दर्भमा एकाएक आयोग निष्क्रिय देखिनुले यस संवैधानिक निकायको भूमिका स्वयंमा अपत्यारिलो हुने संभावना छ। आयोगले परेका उजुरीहरूमध्ये केही अपवादका मुद्दाहरू सम्बन्धित अदालतमा दर्ता गर्नुबाहेक वर्षेनी प्रतिवेदन प्रस्तुतिकरणको औपचारिकता मात्र निर्वाह गर्दैछ। यसरी दर्ता भएका मुद्दाहरू पनि अदालतबाट प्रमाणित हुन नसक्नुले आयोगको कानूनी सक्षमता र अनुसन्धानको क्षमतामाथि गम्भीर प्रश्न उठ्नु अस्वाभाविक हुँदैन। आयोगले विभिन्न सिफारिसहरूका साथ लेखी पठाएका निर्देशनहरूको मन्त्रालय तथा विभागहरूबाट पूर्णतः बेवास्ता हुँदा पनि आयोगबाट सामान्य अनुगमनसमेत हुन नसक्नु दुःखद कुरा हुन्। एउटा निश्चित समयभित्र स-साना उजुरीहरू निर्क्योल हुन नसकेर २/३ वर्षसम्मको प्रतिवेदनमा निरन्तर उल्लेख भइरहनुले आयोगभित्रको प्रशासनिक ढिलासुस्तीलाई जाहेर गर्दछ। संसदमा श्री ५ को सरकारमार्फत् प्रस्तुत हुने वार्षिक प्रतिवेदनमा समितिले छलफल गर्दा श्री ५ को सरकारका साथै, गृह र स्वास्थ्य जस्ता महत्वपूर्ण मन्त्रालयहरूले आयोगको प्रतिवेदन हेर्न नपाएको भन्ने व्यहोरा दिएका उदाहरणहरू छन्। संसदीय समितिमा हुने छलफलबाट पन्छिएर भाग्ने मन्त्रालयहरूको प्रवृत्तिले अर्को समस्या खडा गरेको छ। भ्रष्टाचार रोक्नुपर्ने जस्ता संवेदनशील विषयमा अग्रसरता देखाएर स्वयं सरकारले आवश्यक कानून बनाउनुपर्नेमा आयोग स्वयंले श्री ५ समक्ष पेश गरिने वार्षिक प्रतिवेदनमा विधेयकको मस्यौदा राखी उपयुक्त कानून तर्जुमाको याचना गरेर पनि हालसम्म कानून बन्न नसक्नु आश्चर्यको विषय भएको छ। यसरी नै लामो समयसम्म आयुक्तहरूको नियमित नियुक्तिलाई रोकेर सरकारले स्वयं आयोगको निष्क्रियतालाई प्रोत्साहन दिन खोजेको अनुभव भएको छ। र, नियुक्त गरिँदा पनि संवैधानिक परिषद् जस्तो गरिमामय निकायमा दलगत अंशवण्डा नै योग्यताको आधार भएको कुरा प्रचार प्रसारमा आउनुले अयोगले निर्वाह गर्नसक्ने स्वतन्त्र भूमिकामा थप प्रश्न चिह्न खडा गरेको छ। उपरोक्त तथ्यहरूको आधारमा आयोगलाई प्रभावकारी बनाउन तर्फ खुला छलफल र ठोस

कारवाही हुनु आवश्यक रहेको विचार गर्न्न चाहन्छु।

६. कारागारको अवस्थामा शीघ्र सुधार हुनुपर्ने :

हाल नेपाल अधिराज्यभित्र रहेका कारागारहरूको अवस्था ज्यादै नाजुक रहेको छ। थुनामा रहेका व्यक्तिहरू प्रति प्रजातान्त्रिक आदर्श र स्वीकार्य मानवअधिकारको न्यूनतम पालना भएको पनि देखिँदैन। मानवअधिकारवादी संघ-संस्थाहरु तथा संसदीय समितिहरूबाट हुने जेल निरीक्षण औपचारिकतामा मात्र सीमित रहेको छ। यस्ता निरीक्षणहरूपश्चात् कुनै प्रकारको वाञ्छित सुधार भएको छैन। कारागार सुधारका लागि तत्काल श्री ५ को सरकारले "कारागार सुधार समितिको प्रतिवेदन २०[illegible]" लागू गर्नुपर्ने आवश्यक भएको राय व्यक्त गर्न चाहन्छु।

७. महान्यायाधिवक्ताको कार्यालयको प्रभावकारिता बढाइनुपर्ने :

महान्यायाधिवक्ताको कार्यालयबाट बहस पैरवी एवं प्रतिरक्षाको कार्यमा भएको असफलताको प्रतिशतलाई हेर्दा उक्त संवैधानिक निकायको काममा सन्तोष लिने ठाउँ छैन। अनुसन्धान र तहकिकात सन्तोषजनक भए/नभएको हेर्ने आधार मुद्दाको परिणाम अर्थात् कति प्रतिशत मुद्दा सफल भयो भन्ने आधार नै हुने भएकोले असफल मुद्दाहरूको संख्याले महान्यायाधिवक्ताको कार्यालयको कार्यदक्षता र प्रभावकारितालाई पुष्टि गर्न सकेको छैन। अहिले त झन कतिपय सार्वजनिक चासोका मुद्दाहरूमा स्वयं श्री ५ को सरकारले वा जिम्मेवार मन्त्रीहरूले सरकारी पक्षको प्रतिरक्षाको लागि महान्यायाधिवक्ताको कार्यालयमा भर नपरी स्वतन्त्र पेशाका कानून व्यवसायीहरूको सेवा लिने प्रचलनले पनि यस निकायको क्षमतामा प्रश्न चिह्न उत्पन्न भएको अनुरोध गर्न चाहन्छु।

जयप्रकाश गुप्ता
सभापति

(प्रतिनिधि सभा, मानवअधिकार तथा परराष्ट्र समितिको प्रतिवेदन २०५४ बाट)

८.१ गृह मन्त्रालय

१. श्री ५ को सरकार मानवअधिकारलाई संस्थागतरूपमा प्रतिष्थापित गर्दै लैजानेतर्फ अत्यन्त संवेदनशील रहिआएको छ।

२. मानवअधिकारको सुरक्षित गरी स्वतन्त्रता र समानताको आधारमा नेपाली जनताको बीच सुमधुर सम्बन्ध कायम गरी नेपालको संविधानमा अन्तर्निहित मानवअधिकार संरक्षण गर्ने कार्यमा श्री ५ को सरकार सदैव सजग र सचेत रहेको छ।

३. नेपालले मानवअधिकारको विश्वव्यापी घोषणापत्र (१९४८) लाई सम्मान गर्दै आएको छ। साथै श्री ५ को सरकारले मानवअधिकार संरक्षण सम्बन्धमा एमनेष्टी इन्टरनेशनल जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूले प्रस्तुत गरेको सुझावसमेतलाई मनन गर्ने गरिआएको छ।

४. मानवअधिकार आयोगको ऐन र यातनासम्बन्धी क्षतिपूर्ति ऐन प्रकाशमा आइसकेको छ।

५. प्रहरी हिरासतमा वा कारागारमा रहेका व्यक्तिहरूलाई यातना दिइएको छैन। कारागारमा रहेका कैदीहरू तथा बन्दीहरूको सुविधाको लागि आर्थिक स्थितिले भ्याएसम्म आवश्यक व्यवस्था गरिएको छ। बन्दीहरूको लागि औषधोपचारको व्यवस्था पनि मिलाइएको छ।

६. अनुसन्धानको सिलसिलामा कुनै पनि व्यक्तिलाई २४ घण्टाभन्दा बढी प्रहरी हिरासतमा राख्न लगाइएको छैन। अभियुक्तहरू उपर अमानवीय व्यवहार गर्न दिइएको छैन।

७. प्रहरीहरूको प्रशिक्षणमा मानवअधिकारसम्बन्धी विषयवस्तुहरू पनि राखिने गरिएको छ। स्थानीय प्रशासन र प्रहरीबाट पूर्वाग्रह राखी कारवाही गर्न दिइएको छैन। त्यस किसिमको कारवाही गरिएको फेला परेमा त्यसमा संलग्न स्थानीय प्रशासक र प्रहरीमाथि कारवाही गरिनेछ।

८. माओवादी क्रियाकलापको सिलसिलामा अहिलेसम्म १३२ व्यक्तिहरूको मृत्यु भैसकेको छ। कुटपीट, लुटपीट, हत्या, आगजनी आदि अपराधमा संलग्न व्यक्तिहरूलाई प्रचलित कानूनबमोजिम कारवाही गर्ने गरिएको छ।

८.३ परराष्ट्र मन्त्रालय

सन् १९९७ मा यस मन्त्रालयको संलग्नतामा मानवअधिकार सम्बन्धी निम्नलिखित कार्यहरू सम्पन्न भएको व्यहोरा अवगत गराउँछौं।

१. श्री ५ को सरकार तथा जेनेभास्थित मानवअधिकार केन्द्र (Centre for Human Rights) वीच प्राविधिक सहयोग सम्वन्धी एक सम्झौता भएको।

२. मिति ७ देखि १८ जुलाई १९९७ सम्म इथियोपियाको राजधानी अदिस अवावामा सम्पन्न भएको Treaty Reporting Fellowship मा यस मन्त्रालयका उपसचिव १ जना तथा महिला तथा समाज कल्याण मन्त्रालयका शाखा अधिकृत १ जना गरी जम्मा २ जना अधिकृतहरूले भाग लिनु भएको।

३. डिसेम्बर १९९७ मा गृह मन्त्रालयका सहसचिव तथा कारागार व्यवस्था विभागका महानिर्देशकले जेल व्यवस्था सम्वन्धमा २ हप्ते बेलायतको अध्ययन भ्रमण गर्नुभएको।

४. सन् १९९७ मा मानवअधिकार सम्बन्धित निम्न अनुबन्धको नेपाल पक्ष भएको :

(क) The Second Optional Protocol, to the International Covenant on Civil and Political Rights (OPT) aiming at the Abolition of the Death Penalty, 1989 (September 26, 1997, Accession)

५. मार्च १९९७ मा जेनेभामा सम्पन्न भएको मानवअधिकार आयोगको ५३ औं सेसनमा नेपाली प्रतिनिधिमण्डलले भाग लिएको।

●

८.४ नेपाल प्रहरी

लोककल्याणकारी राज्यको प्रमुख उद्देश्य प्रत्येक व्यक्तिको व्यक्तिगत स्वतन्त्रता र नैसर्गिक अधिकारको संरक्षण गर्ने र यस्ता अधिकार निर्वाधरूपमा उपभोग गर्न पाउने वातावरण तयार गर्नु रहेको हुन्छ। कानूनी राज्यको अवधारणामा आधारित शासन व्यवस्थामा यी सबै क्रियाकलाप कानूनसम्मत हिसाबले हुन नितान्त जरूरी हुन्छ। तसर्थ यसको कार्यान्वयना कानून पालना गराउने निकायको महत्वपूर्ण भूमिका रहन्छ। जुनसुकै राष्ट्मा पनि प्रहरीलाई राज्यभित्र कानून पालना गराउने जिम्मेवारी दिइने सन्दर्भमा मानवअधिकारको संरक्षणमा प्रहरी संगठनले अहं भूमिका निर्वाह गर्नुपर्ने हुन्छ। हुनत मानवअधिकार संरक्षण संवर्द्धनमा प्रहरीको मात्र भूमिका रहन्छ भन्नु त्यति उपयुक्त नहोला तापनि प्रत्यक्षतः जनतासंग सम्पर्कमा आउने निकाय भएको र कानून कार्यान्वयन गर्ने क्रममा कतिपय अवस्थामा व्यक्ति विशेषको स्वच्छन्दता उपर अंकुश लाउनु पर्ने जस्ता कारणले पनि प्रहरीको प्रसंग यसतर्फ विशेषरूपमा जोडिएको हुनुपर्दछ, यस्तो प्रहरीको अनुभूति रहेको छ। यस मान्यतामा आधारित रही मुलुकको बहुदलीय प्रजातन्त्र, संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्र एवं कानूनी राज्यको मूल अवधारणाको मर्मअनुरूप सार्वभौमसत्ता सम्पन्न नेपाली जनताका नैसर्गिक अधिकारको संरक्षण र संवर्द्धन गर्नुका साथै कानून निर्दिष्ट दायित्व निर्वाह गर्न नेपाल प्रहरी जनसेवाभिमुखी प्रभावकारी सेवा जनस्तरमा पुऱ्याउन सदैव प्रतिबद्ध रहेको छ।

खासगरी देशमा प्रजानन्त्रको पुनर्वहालीपश्चातका अवस्थादेखि हालसम्म नेपाल प्रहरीले आफ्ना विगतका परम्परागत प्रहरी मान्यता, कार्यशैली र कार्यगत धारणामा आमूल परिवर्तन ल्याएको छ भन्नुमा धृष्टता नहोला। "शासन टिकाउने संयन्त्र" तथा "दमन शक्ति" का रूपमा रहेको पुरातन चिनारीलाई फ्याँकेर प्रजातान्त्रिक संस्कारको अनुगामी आधुनिक प्रहरीका रूपमा स्थापित हुन नेपाल प्रहरीले मानवअधिकार संरक्षण र सम्वर्द्धनमा आफ्नो अवधारणा स्पष्ट पारिसकेको छ। त्यस क्रममा आफ्नो आधारभूत दायित्व निर्वाह गर्दा निष्पक्ष र कानूनसम्मत प्रहरी कारवाहीलाई कार्यगत आधार बनाएको छ। कतिपय अवस्थाहरूमा स्वच्छन्दता, विरोध वा समर्थन र राजनीतिक गतिविधिका आडमा हुने गरेका विभिन्न क्रियाकलापहरूले शान्ति सुरक्षामा प्रत्यक्षतः गम्भीर संकट पुऱ्याउने हुँदा त्यस्ता अवस्थामा समयमै नियन्त्रण पाउन प्रहरीले बल प्रयोग गर्नपर्ने वाञ्छनीय हुन्छ। तथापि त्यस्ता अवस्थामा बल प्रयोग गर्दा न्यूनतम बल प्रयोगको सिद्धान्तलाई पूर्णतया प्रतिपालना गरिनु पर्ने हुन्छ। बल प्रयोग गर्दा तत्काल विद्यमान अवस्थासंग समानुपातिक तथा न्यायोचित हुनुपर्ने कुरालाई प्रहरीले मनन् गरेको छ।

प्रहरीद्वारा मानवअधिकार उल्लंघनका आरोप आउने गरेको अर्को प्रमुख अवस्था हिरासतमा ज्यादति, दुर्व्यवहारका साथै गलत माध्यमको प्रयोगका रूपमा सुन्नमा आउने गरेकोले त्यस्तो अवस्थाको निराकरणका लागि अधिराज्यभर हिरासत व्यवस्थापन अनिवार्य लागू गरी हिरासत अधिकृतबाट थुनुवाहरूको रेखदेख, सुरक्षा र नियन्त्रण कार्य सम्पादन गरिएका छन्। यस्तै, समाजका कमजोर वर्गका रूपमा चिनिने बालबालिका तथा महिलाहरूको हकहित संरक्षण र तिनउपर परेका अन्याय र शोषणविरूद्ध उपयुक्त, कारवाही गर्नका लागि महिला सेलहरूको व्यवस्था गरिएका छन्। प्रहरीका आचरण तथा व्यवहारसमेत कतिपय अवस्थामा अधिकारको दुरूपयोगको कारण हुनसक्ने अवस्थालाई मध्यनजर राखी त्यसो हुन नदिन र त्यसो गर्नेलाई प्रचलित ऐनबमोजिम दण्डित गर्न प्रहरी अधिकार अनुगमन इकाई तथा मार्शल युनिट क्रियाशील रहेका छन्। यस व्यवस्थाबाट अपेक्षित परिणाम हासिल भएका छन्। प्रहरी प्रशिक्षणमा मानवअधिकार एक अनिवार्य विषय रहेको छ भने प्रत्येक विभागीय निर्देशनका क्रममा यस विषयलाई विशेष महत्व दिई त्यसतर्फ सबै सजग र सम्वेदनशील रहन निर्देश गरिएको छ। बेलाबेलामा प्रबुद्ध मानवअधिकारवादी व्यक्तित्वहरूसंग भेटघाट अन्तरक्रिया गरी प्रहरीका काम कारवाही कार्यशैलीबारे पृष्ठपोषण हासिल गर्ने गरिएको छ।

विभिन्न प्रयास र सतर्कताका बाबजुद प्रहरीले आफ्नो कार्यसम्पादनका क्रममा गरेका काम कारवाही विषयमा मानवअधिकार उल्लंघनका आरोप प्रत्यारोपहरू विविध माध्यमबाट सुन्न-पढ्नमा आएता पनि त्यस्ता अवस्थाको राम्ररी छानवीन गरी भए गरेको तथ्य खुलासा पार्न केन्द्रीय समाचार कक्ष तथा मिडिया सम्पर्क अधिकृतसमेतको व्यवस्था

गरिएको छ। यसबाट अवश्य पनि प्रहरीका काम कारवाही बढी पारदर्शी हुन गएको भन्न सकिने अवस्था सृजना हुन गएको छ।

अन्ततः मानवअधिकार अत्यन्त सम्वेदनशील र साझा सरोकारको विषय हो। मानवअधिकार संरक्षण र सम्वर्द्धन कार्यमा मुलुकको समग्र फौजदारी न्याय प्रणाली तथा त्यसमा संलग्न सबै पक्ष र वर्ग त्यत्तिकै जिम्मेवार छन्। कानून कार्यान्वयन गराउने पक्षका रुपमा प्रहरीको दायित्व यस विषयमा निश्चितरुपमा एकै परिधिभित्र सीमित रहेको छ। तसर्थ, यस विषयसग सम्बद्ध सबै निकायहरु एवं सर्वसाधारण जनतासमेत उत्तिकै सजग र सम्वेदनशील हुनसकेको खण्डमा मुलुकमा मानवअधिकार पूर्णतया प्रत्याभूत भएको मान्न सकिने अवस्था रहन्छ।

●

८.५ जिल्लाबाट प्राप्त विभिन्न क्षेत्रको प्रतिक्रिया

सन् १९९७ भरि यस जिल्लामा जानेर वा अनजानबश राज्य वा व्यक्तिगत रूपबाट मानवअधिकार हनन भएको घटना पाइएबाट मध्यमस्वालको स्थिति रहेको भन्न सकिन्छ।

न्यायालयबाट हुने ढिलासुस्ती तथा अन्य अस्पष्टतालाई हटाउन प्रयन्नशिल रहँदै जानु पर्दछ। तबमात्र जनताको आशाको केन्द्र न्यायालय बन्न सक्छ। अन्त्यमा मानवअधिकारमा सबै भन्दा खड्केको प्रश्न आर्थिक हो। नेपाल जस्तो तेश्रो विश्वमा गनिने देशका जनतालाई गास, बास र कपासका साथै न्यायोचित विकास निर्माण नै मानवअधिकारको मूल मुद्दा बनाएर जानु उपयुक्त हुन्छ।

जनार्दिनबहादुर खड्का
न्यायाधीश, जिल्ला अदालत, झापा

कर्तव्यसहितको अधिकार मात्र मैले बुझेको मानव अधिकार हो। मैले यहाँ त्यस्तो देखेको छैन। अधिकार खोज्नेले कर्तव्य बिर्सेका छन्। जनताको शान्ति सुरक्षामा आँच आउने काम गर्ने पक्षलाई कारवाही हुँदा मानवअधिकार हनन हुन्छ भन्नेहरू मानव अधिकारवादी कसरी हुन्छन्, मैले बुझ्न बाँकी छ। सन् १९९७ मा मानव अधिकारको स्थिति के-कस्तो रह्यो यस जिल्लामा, सबैको लेखाजोखा मैले गर्न भ्याएको छैन।

राम प्रसाद खतिवडा
प्रमुख जिल्ला अधिकारी, झापा

सन् १९९७ भरि पनि यस जिल्लामा राज्यको तर्फबाट यातनाका घटना, गोली चलाउने घटनाहरू आदि भएका छन् भने कतिपय व्यक्तिगत र सामूहिक तवरका घटनामा समेत राज्यले रोक्ने तथा सुरक्षा प्रदान गर्ने कुरामा न्यूनता देखियो। समग्रमा भन्नुपर्दा वहालसम्म पनि पंचायती कालजस्तै अनुभूति राजनीतिक क्षेत्रभन्दा वाहिर बसेका अन्य झापालीले गरेका छन्।

लक्ष्मी प्रसाद मैनाली
मासम अध्यक्ष, झापा

मानवअधिकारको कुरा गर्दा सबैलाई समान दृष्टिकोण बनाएर अगाडि बढ्ने गर्नु पर्दछ। आज पनि मानवअधिकार निश्चित पार्टीहरूको पेवा झैं बनेको छ। त्यस्तो हुनु भएन। यसवर्ष अर्थात सन् १९९७ को कुरा गर्दा झापा जिल्लाको मानव अधिकारको स्थिति मध्यम खालको रहेता पनि स्थानीय निर्वाचनताका हाम्रो कार्यकर्तालाई सत्ताधारी दलका व्यक्तिले आक्रमण गरे। हामी यसमा पीडित छौं।

दिलिप राई
अध्यक्ष, राप्रपा जिल्ला समिति, झापा

पुरूष प्रधान देश भएकोले महिलाहरू धेरै पीडित छन्। जाँड, रक्सी जस्ता गलत कुराले हुने गुण्डागर्दीका कारण झापाली महिलाहरूले अझै राम्रो सुरक्षा पाएका छैनन् पीडित छन्। यस वर्ष पनि यी समस्याले झापाली जनता मुक्त हुन सकेनन्।

शारदा सापकोटा
अनेमसंघ अध्यक्ष, झापा

स्वयं सरकारी निकायबाट भ्रष्टाचार भएको हुँदा झापालीहरू ज्यादै पीडित छन्। त्यस्तै मानवअधिकार भित्रको न्यायिक अधिकारमा पनि जनताहरू अप्रत्यक्ष पीडित छन्। सन् १९९७ भरि हाम्रो जिल्लामा सरकारी तवरबाट हुने मावअधिकार उल्लंघनका घटनाहरूमा हिरासतभित्र यातना, गैह्र कानूनी गिरफ्तारी जस्ता घटनाहरू भएको पाइएको छ। यस्ता घटनाहरू बारम्बार दोहोरिनु दुःखद कुरा हो।

लिला प्रसाद सापकोटा
अध्यक्ष,
नेपाल बार एशोसियसन तथा अभियान नेपाल, झापा

गत वर्ष चर्चामा आएकमो मेची सीमा विवादको समस्या र त्यसको यथार्थता यस वर्ष पनि जनतासमक्ष नआउनु दुःखद पक्ष हो।

यज्ञराज प्रसाई
अध्यक्ष, राष्ट्रिय सरोकार समाज, झापा

यस वर्ष यो जिल्लामा मानव अधिकार उल्लंघनका घटनाहरू भएको पाइएको छैन। आगामी दिनमा पनि मानवअधिकारको संरक्षणमा स्थानीय प्रशासन सचेत रहने कुरामा विश्वास दिलाउन चाहन्छु।

भानुभक्त पोखरेल
प्रमुख जिल्ला अधिकारी, इलाम

सन् १९९७ मा इलाम जिल्लामा मानवअधिकारको स्थिति सन्तोषजनक रहन सकेको देखिएन। संविधानन प्रदत्त अधिकारहरूको उपयोग गर्दा मुलुक र आम नागरिकहरूको हितलाई ख्याल गर्ने काम नभएको महसूस गरिएको छ। केही आपत्तिजनक कानूनहरू गएको वर्ष पनि खारेज गरिएन। विभिन्न क्षेत्रमा मानव अधिकारको उल्लंघन भएको छ।

२०५४ सालको स्थानीय निर्वाचनमा बालिग मताधिकारको आधारमा सयौं बालिगहरूको मतदाता नामावलीबाट राजनीतिक पूर्वाग्रहको कारणबाट नाम कटाएको हुनाले मतदानबाट बंचित हुनु पर्‍यो।

प्रशासनिक क्षेत्रबाट कानूनी अधिकारको दुरूपयोग गर्दै राजनीतिक आस्थाको आधारमा नागरिकहरूलाई कार्यवाही चलाउने जस्ता कार्यहरू भएको छ। जस्तै वन मुद्दा लगाई कष्टडीमा राख्ने, दुःख दिने जस्ता व्यवहारहरू भएको छ।

अगम प्रसाद वान्तवा

सचिव, नेकपा (एमाले), इलाम

यस जिल्लामा विगतका वर्षका तुलनामा मानवअधिकारको स्थितिमा सुधार भएको छ। प्रहरीको आचरणमा सुधार गर्न साप्ताहिक रूपमा प्रशिक्षण दिने काम गरिएको छ। मादकपदार्थ सेवन गरी समाजमा अशान्ति फैलाउने कुरालाई नियन्त्रण गर्न सर्वप्रथम प्रहरीबाटै कार्यवाही शुरू गरिएको र यो वर्ष दुई सयभन्दा बढी जाँड खाएर हल्ला गर्ने व्यक्तिलाई पक्राउ गरी छोडिएको छ।

विगतका वर्षहरूमा जेलमा १०० भन्दा बढी बन्दीहरू रहने गरेकोमा हाल ४९ जना मात्र हुनु, हिरासतमा १ जना पनि व्यक्ति नहुनु, समाजमा हुने आपराधिक घटनामा कमी आएको आभास हो। यस जिल्लामा मानवअधिकारको उल्लंघन राज्यपक्षबाट भन्दा व्यक्तिगत रिसइबीका कारणबाट, समाजमा व्याप्त अन्धविश्वासका कारणबाट भैरहेको पाइन्छ।

राजेन्द्र सिंह भण्डारी

प्रहरी नायव उपरिक्षक, इलाम

प्रहरीले कसैलाई कुटपीट गरेर यातना दिई सार्विनिको भरमा मात्र मुद्दा चलाएर उसलाई अपराधी ठहराउने मनसाय राखेको छैन। कुनै व्यक्तिले अपराध गर्छ भने प्रमाण जुटाएर त्यसको आधारमा प्रहरीले अदालत लिएर जान्छ। यसमा प्रहरीले यातना दिने भन्ने कुरै आउँदैन।

मदन बहादुर खड्का

प्रहरी उपरिक्षक

जिप्रका, मोरङ

श्री ५ को सरकारले मानवअधिकारको क्षेत्रमा गरेको प्रतिवद्धता नै हाम्रो प्रतिवद्धता हो। हामी त्यस अनुरूप काम गर्न तयार छौं। हाम्रो तर्फबाट जानेर मानवअधिकारको उल्लंघन भएको छैन। विगतको तुलनामा मानवअधिकारको क्षेत्रमा प्रगति भएको पाइन्छ। हामीले कानूनी कारवाही गर्दा पनि सुधारात्मक ढंगले व्यक्तिको आचरण परिवर्तन हुने तरिका अपनाइन्छ। तर मानवअधिकारवादी संस्थाले सरकारबाट मानवअधिकारको उल्लंघन हुन्छ, व्यक्तिबाट हुँदैन भन्नु दुःखद कुरा हो।

विजयराज भट्टराई

प्रमुख जिल्ला अधिकारी, मोरङ

कारागारमा मैले कैदी बन्दीहरूलाई पर्याप्त मानवअधिकार उपभोग गर्न दिएको छु। श्री ५ को सरकारले पर्याप्त सुविधा उपलब्ध नगराउनु अर्कै कुरा हो। श्री ५ को सरकारको मानवअधिकारप्रतिको प्रतिवद्धतालाई आत्मसात गर्नु मेरो कर्तव्य हो। मानवअधिकारको पक्षमा म पूर्ण रूपले सजग छु। मैले कैदी बन्दीलाई मानवीय हैसियतले पनि राम्रो गर्नुपर्छ भन्ने ठान्दछु।

चिरञ्जीवि प्रसाद अधिकारी

जेलर, कारागार शाखा, मोरङ

राजनीतिक दल, प्रहरी, प्रशासनबाट जनु किसिमको मानवअधिकारको बहालीको लागि कदम चाल्नुपर्ने हो, त्यो हुनसकेको छैन। निम्नस्तरका जनता मानवअधिकारबाट वञ्चित भएका छन्।

राजनीतिक दलको भूमिका, जनताको हितका लागि लड्न नभई केवल पार्टीको स्वार्थका खातिर मात्र लडेको पाइयो। अदालतले न्याय दिन्छ भन्ने कुरामा जनताले विश्वास गरेको पाइएन। अदालतको फैसलाप्रति जनता पूर्ण विश्वासयोग्य छैनन्, प्रमाणको आधारमा न्याय दिइन्छ भनेर।

रमेशप्रसाद अधिकारी

मासस अध्यक्ष, मोरङ

विगतभन्दा मानवअधिकारको स्थितिमा धेरै सुधार आएको छ। प्रशासनिक क्षेत्रबाट छुटफुट रूपमा मानवअधिकारको उल्लंघन भएको सुनिएतापनि यथार्थमा यस्तो नभएको पाइएको छ।

राजनीतिक दलका नेताहरूले मान वअधिकारको उपभोगका कुरा नीतिगत रूपमा गर्ने तर व्यवहारमा सकृयता देखाएको पाइएन। राजनीतिक दलले मानव अधिकारको संरक्षणका खातिर भूमिका निर्वाह नगरेको पाइयो।

चुडामणी आचार्य

फेरन अध्यक्ष, मोरङ

मोरङमा वार्षिक रूपमा मानवअधिकारको क्षेत्रमा प्रगति भएको पाइन्छ। तर प्रशासनिक ढंगबाट प्रहरीले गर्ने ज्यादति, अर्धन्यायिक निकायले गर्ने ज्यादति जस्ता कुराहरूले मानवअधिकार उल्लंघनका क्षेत्रमा कमी आएको छैन, वृद्धि भएको छ।

तुलबहादुर श्रेष्ठ

अध्यक्ष, वार एशोसियसन, मोरङ

जो गाउँमा बस्छन्, जो दुर्गम ठाउँमा बस्छन्, जो आफ्नो बोली बोल्न सक्तैनन्, तिनीहरूले अरूको भरमा बोल्नुपर्छ। उनीहरूलाई राजनीतिक दलहरूले केवल प्रयोग गर्दै आ-आफ्नो स्वार्थपूर्ति गर्ने गर्छन्। यसबाट पिछडिएका जनताहरू मानवअधिकार उपभोग गर्ने अधिकारबाट बञ्चित भएका छन्।

केदार कोइराला
अध्यक्ष, गाप्रपा मोरङ

मोरङ्गमा न्यायिक र अर्धन्यायिक निकायका सम्बन्धमा जनताले न्याय नपाएको स्थिति छ। त्यस्तै फैसला गर्न पनि ढिलासुस्ती गर्ने गरेको पाइएको छ।

न्यायपालिकाले मुद्दाको फैसला गर्दा जनतामा पूर्ण विश्वास नभएको देखिन्छ। राजनीतिक दलहरूले नै मुद्दा मामिला गर्न भन्दा आपसी समझदारीमा जाने अवस्था कायम भएको छ। जसले राजनीतिक कार्यकर्ताहरूबीच कुटपीट, झगडा कम हुने र पक्राउ पनि कम पर्ने गर्छन्। कुनै मुद्दामा प्रहरीले गैर-कानूनी रूपमा थुनामा राखेको पाइएको छ, जो बाहिर जानकारीमा समेत आएको हुँदैन।

अशोक कोइराला
सभापति, नेपाली कांग्रेस, मोरङ

प्रशासनिक क्षेत्र र न्यायिक क्षेत्रबाट मानवअधिकारको उल्लंघनका घटना भएका छन्। अदालतका फैसलाले जनता सन्तुष्ट छैनन्। प्रहरी प्रशासनबाट यातना दिने काममा अझै कमी आएका छैन। कारागारमा पनि उस्तै अवस्था छ। समग्रमा भन्नु पर्दा मोरङ्गमा मानवअधिकारको स्थिति सन्तोषजनक छैन।

नरेश पोखेल
सचिव, नेकपा (एमाले), मोरङ

मानवअधिकार हननको सवालमा यो वर्ष धनकुटाको स्थिति नराम्रो रहेको मलाई महसूस भएको छैन। जहाँसम्म न्यायालयको ढिलासूस्तीको कारण मानवअधिकार हनन् हुन्छ भन्ने कुरा छ, हामीले प्राथमिकता र प्रकृया अनुसार न्याय सम्पादन गर्ने गरेका छौं। जस अन्तर्गत बिनाकारण र बिना कारवाही लामो समयसम्म मान्छेहरू थुनामा रहेको रकर्ड धनकुटामा छैन।

लेखनाथ घिमिरे
जिल्ला न्यायाधीश, धनकुटा

समग्रमा धनकुटामा मानवअधिकारको स्थिति राम्रो रहेको छ। छिटफुट रूपमा व्यक्ति विशेषको कारण मानवअधिकार हनन तथा उल्लंघन भएको घटना बाहेक त्यस्तो नराम्रो अवस्था छैन। जहाँसम्म कसैले प्रहरी हिरासतमा यातनाको कुरा गरेका छन्, त्यो काल्पनिक आरोप हो। हामीले अहिले भरखरैदेखि कुनै अभियुक्तलाई लामो समय (२४ घण्टा भन्दा बढी) हिरासतमा राख्नुपर्ने अवस्था छ भने उसलाई मेडिकल टेस्ट गर्ने प्रकृयाको थालनी गरेका छौं।

श्रीप्रसाद प्रसाई
प्रहरी निरिक्षक (इन्स्पेक्टर),
जिप्रका, धनकुटा

संक्षिप्तमा भन्नुपर्दा धनकुटाको मानवअधिकार स्थिति त्यति चिन्ताजनक छैन। प्रशासनिक इकाईहरूलाई राजनीतिकरण गर्नाले मानवअधिकारको हनन भएको महसूस गरिएको छ।

केशव पहाडी
अध्यक्ष, हुसाडेक धनकुटा

नागरिक र राजनीतिक अधिकार नै जनताले धनकुटामा नगन्य रूपमा उपभोग गरिरहेका छन्। यहाँको प्रहरी प्रशासनले जनतालाई अनावश्यक दुःख दिने काम यो वर्षभरि नै गरिरहेको छ। प्रहरी हिरासतमा यातना दिएर कागजमा सही गर्न लगाउने जस्तो काम भएको छ। जनताले पाउनुपर्ने सुगम न्याय पाएका छैनन्।

गोपाल बहादुर भट्टराई
अध्यक्ष, मासम धनकुटा।

यस जिल्लामा नागरिकको हकहितको असुरक्षा भई खासै मानवअधिकारको उल्लंघन हालसम्म कोही कसैबाट भएको छैन तापनि अधिकांश जनता शिक्षाको अभावमा मानवअधिकार भनेको के हो? भन्ने कुराको जनचेतना नभएकोले मानवअधिकारको सम्बन्धमा जनचेतना जागृत गर्न विभिन्न संघसंस्था, सरकारी निकाय, राजनीतिक कार्यकर्ताहरूबाट पनि प्रयास गर्ने नीति ल्याउनुको अतिरिक्त मानवअधिकार सम्बन्धी प्रशिक्षणको व्यवस्था भई सर्वसाधारण जनतासम्म मानवअधिकार भन्ने कुराको ज्ञान पाएमा मात्र मानवअधिकारको पालना हुन सक्ने भएको प्रतिकृया व्यक्त गर्दछु।

रमेशकुमार पाण्डे
प्रहरी नायब उपरिक्षक, तेह्रथुम।

मानवअधिकारको समग्र स्थिति सन्तोषजनक नरहेको महसूस गर्दछु। मानवअधिकारको विषय आफैमा बृहद छ। यसले संघ-संस्था स्थापना गरेर मानवअधिकारका बारेमा केही बोल्नु वा प्रशारित गर्नुलाई मात्र समेट्दैन। यो मौलिक, नैसर्गिक र प्राकृतिक हक एवं न्यायलाई समेत समेट्नु पर्दछ। यसरी हेर्दा जिल्लामा रहेका मानवअधिकारवादी संस्थाहरूका गतिविधिहरू सन्तोषजनक नभएको यथार्थता छँदैछ। प्रहरी, प्रशासन, जेल व्यवस्थापन र बन्दीप्रतिको व्यवहार, राजनीतिक दलहरूको मानवअधिकार सम्बन्धी व्यवहार तथा समग्रमा

जनचेतनाकोस्तर आदि क्षेत्रमा मानवअधिकारको स्थिति कमजोर भएको महसुस गर्दछु

भवानी खापुङ

सचिव, नेकपा (एमाले) तेह्रथुम

यस जिल्लाका नागरिकहरू आफ्नो हक अधिकारप्रति सजग र सचेत रहने गरेको कुरा यस जिल्ला भरिबाट पर्न आएका र आउने गरेका देवानी तथा फौजदारी मुद्दाहरूको संख्याबाटै प्रष्ट हुन्छ। छिटो, छरितो र सर्वसुलभ किसिमले न्याय प्राप्त गर्ने नागरिक अधिकारलाई प्रभावकारी रुपमा प्रचलनमा ल्याउन भौगोलिक कठिनाई, कार्यविधिको जटिलता, भौतिक साधन र दक्ष जनशक्तिको अभावका बावजुद पनि प्रयास गर्ने गरिएको छ। समग्रमा भन्नुपर्दा यस जिल्लाको मानवअधिकारको स्थिति राम्रै रहेको पाइयो।

टेकराज नेपाल

जिल्ला न्यायाधीश, संखुवासभा।

नागरिकहरूमा अधिकार र कर्तव्यको बारेमा कम जानकारी र प्रयोग भएको देखिएता पनि न्याय, सुनवाईमा कमी नदेखिएको र अझ यसवर्ष स्थानीय चुनावमा कुनै अप्रिय घटना नभएबाट यहाँको मानवअधिकारको स्थिति राम्रै रहेको छ।

दुर्गाप्रसाद श्रेष्ठ

नि. जिल्ला शिक्षा अधिकारी, संखुवासभा।

यस जिल्लामा छिटफुट दुर्घटनाको रुपमा हत्या, बलात्कार जस्ता घटना हुने गरेका र मादक पदार्थ सेवन गरी हुने गरेका महिला शोषणका कारण, आर्थिक विपन्नताले हुने गरेका बालश्रम शोषणले अनि छिटफुट रुपमा देखिने बाल विवाह र अनमेल विवाहले महिला अधिकार र बालअधिकार हनन भएको देखिन्छ। प्रहरी प्रशासनमा विगतमा भन्दा केही सुधार आएको भएता पनि न्याय सम्पादनका परम्परागत शैली र मान्यताले गर्दा जनतालाई सहजढंगले न्याय निसाफ दिन कठिनाई गरेको देखिन्छ।

परशुराम मेघी गुरुङ

सचिव, नेकपा (एमाले), संखुवासभा।

जिल्ला प्रशासन, प्रहरी प्रशासनमा धेरै सुधार आएको भएना पनि मालपोतमा घुसखोरी, भ्रष्टाचार गरी जनतालाई दुःख दिने परम्परामा कुनै कमी देखिएको छैन। यहाँका राजनीतिक पार्टीहरू, सरकारी र गैह सरकारी निकायबाट मानवअधिकारको संरक्षण र सम्वर्धनको पक्षमा बोलिने गरेको तर कार्यान्वयनमा पहल भएको छैन। सबै शिक्षित र सचेत भई मानवअधिकारको उपभोग पनि नभएको र असचेतनताले हत्या, आतंक जस्ता ठूला-ठूला हननका घटना पनि नभएकाले जिल्लाको मानवअधिकारको स्थिति मध्यम खालको छ।

कृष्ण गोपाल श्रेष्ठ

राप्रपा, जिल्ला सदस्य, संखुवासभा।

विश्व मानवले भोगेका न्यूनतम गास, बास कपासको समेत उपभोग गर्न नपाएका यहाँका जनताले मानवअधिकारको उपोग गर्न र बुझ्न समेत पाएका छैनन्। बलात्कार, मादक पदार्थ सेवनबाट हत्या, कुटपीट जस्ता मानवअधिकार उल्लंघनका घटना हुने गरेका छन्। राजनीतिक नेताहरूको दवावको कारणले अपराधीहरूले सजाय नपाउने र प्रशासनले स्वतन्त्रढंगबाट काम गर्न नसकेको स्थिति छ।

शिवकुमार गौली

नेपाली कांग्रेस, जिल्ला उपसभापति, संखुवासभा।

गरिबी, पारिवारिक कलह, सामाजिक हिंसाका कारण विगतमा भन्दा बढीमात्रामा आत्महत्या हुन थालेको छ। सामाजिक सुरक्षामा जनस्तरबाट राम्रो सहयोग भएको छ तर चेतना अभिवृद्धि भने भएको छैन!

भीमबहादुर मगर

प्रहरी नायव उपरिक्षक जिप्रका, संखुवासभा।

यस जिल्लामा मूलतः बालशोषण, महिला शोषण, अशिक्षा, गरिबी, प्राकृतिक प्रकोपका पीडाले गर्दा मानवअधिकार उपभोग गर्न नपाएको र बहुविवाह तथा पारिवारिक दुर्व्यवहारले महिला अधिकार हनन हने गरेको छैन्।

तुलसीप्रसाद न्यौपाने

सभापति, जिविस संखुवासभा।

थोकसी थुनुवाहरूको फैसला उचित समयमा नभै अदालतले मानवअधिकारको नै बेवास्ता गरेको छ। जेल अस्वस्थकर छ। हिरासतमा अनावश्यक अभियोगमा अनावश्यक यातना दिने र नून पनि नराखेको खाना दिने जस्ता अत्यन्त अमानवीय व्यवहार गर्ने गरेको छ। अर्धन्यायिक निकायहरू जनतालाई सचेत पार्ने कुनै दायित्ववोधसम्म नगरी तोजोवध गर्ने रूपमा प्रस्तुत भएका छन्।

मातृका तिमिल्सिना

मासस केन्द्रीय सदस्य तथा नेपाल वुद्धिजिवी परिषद् जिल्ला सचिव, संखुवासभा

यस जिल्लामा कुनै पनि तवरबाट त्यस्ता उल्लेख्य किसिमका मानवअधिकार उल्लंघनका घटनाहरू भएको

नपाइएकोले यस जिल्लामा मानवअधिकारको स्थिति राम्रै रहेको मान्नु पर्दछ।

कालिप्रसाद पराजुली

का. मु. प्रमुख जिल्ला अधिकारी संखुवासभा।

यस जिल्लामा ग्रामीण इलाकामा मानवअधिकार उल्लंघनका घटनाहरू व्यक्तिगत तवरबाट बढी भैरहेका छन्। प्रशासनले जनतालाई सुरक्षा दिन सकिरहेको छैन। प्रहरी प्रशासनको हिरासत र बाहिरको व्यवहारमा सुधार आएको छ। यहाँका न्यायिक र अर्धन्यायिक निकायहरू राजनीतिक नेतामुखी छन्।

चेतनचन्द्र बस्नेत

अध्यक्ष, हुरेप, संखुवासभा।

यस जिल्लाका न्यायिक र अर्धन्यायिक निकायहरूले दबाव सिर्जनापछि मात्र न्याय दिने गरेका छन्। स्वतन्त्र मानिसले निष्पक्ष न्याय पाउने गरेका छैनन्। बालश्रमको अन्त्य हुन सकेको छैन। समग्रमा भन्नुपर्दा यस जिल्लाको मानवअधिकारको स्थिति बिग्रेको छैन, तर सुधार गरिनु जरूरी छ।

फणिन्द्र निरौला

अध्यक्ष, मासम, संखुवासभा।

यस अदालतमा मानवअधिकारको प्रत्यक्ष वा परोक्ष उल्लंघनको सम्बन्ध भएका मुद्दाहरूको संख्या निकै कम देखिन्छ। यस वर्ष पुससम्ममा यस अदालतमा जीउ मास्ने बेच्ने जस्तो गंभीर रूपमा मानवअधिकारको उल्लंघन हुने मुद्दा हालसम्म छैन। यस अदालतमा परेका मुद्दाका आधारमा समग्रमा भन्नुपर्दा यस जिल्लामा मानवअधिकारको उल्लंघनको समस्या जटिल देखिँदैन।

तहसिलदार

शाखा अधिकृत

सिराहा जिल्ला अदालत।

जिल्ला प्रहरी कार्यालय खोटाङ् र मातहत प्रहरी कार्यालयहरूबाट मूल्यांकन गर्दा यस जिल्लामा मानवअधिकारलाई पूर्णरूपले पालना गरिएको, सर्वसाधारण व्यक्तिहरूमा मानवअधिकारको चेतना भएको पाइयो।

महेन्द्र कुमार भट्टचन

प्रहरी नायव उपरिक्षक

जिप्रका, खोटाङ्।

मानवअधिकारको व्यापक हनन राज्य र बलिया पक्षबाट हुने हुँदा देशको समग्र मानवअधिकारको स्थिति झन् झन् गंभीर भएर गएको छ। मानवअधिकारको प्रत्याभूती दिने र मिठा मिठा कुरा गर्ने पक्ष नै मानवअधिकारको हननमा संलग्न र मूकदर्शक भएका छन्। भक्तपुरको सन्दर्भमा स्थानीय सत्ता र केन्द्रीय सरकार कब्जा गर्ने समूहहरू यसको जिम्मेवार छन्।

विष्णुप्रसाद निल्सूत

सचिव

राष्ट्रिय जनमोर्चा, भक्तपुर।

विभिन्न क्षेत्र र पक्षबाट हुने गरेको मानवअधिकार हननबाट सन् १९९७ मा काभ्रे जिल्ला अछूतो रहन सकेन। तसर्थ मानवअधिकारको बहाली हुन सकेको छैन। विभिन्न बेला बखतमा भएका घटनालाई वैज्ञानिक पद्धती अनुसार छानवीन गर्न नसक्दा मानवअधिकारको हनन भएको पाइन्छ।

भरत लामिछाने

अध्यक्ष, संयुक्त जनमोर्चा नेपाल, काभ्रे

यस वर्ष मुख्य रूपमा निर्वाचनमा स्वस्थता भएन। शिक्षकहरू विभिन्न पार्टीको झण्डा बोकेर हिंड्ने र राम्रोसँग स्कूलमा नपढाउने भएको हुँदा यहाँको शिक्षाको स्तर नराम्रोसँग बिग्रिएको छ। जाँडरक्सीका कारण पारिवारिक हिंसा बढ्को छ।

सुभद्रा विष्ट

राप्रपा जिल्ला सदस्य, नुवाकोट।

यस वर्ष स्थानीय निर्वाचनमा बढी मात्रामा मानवअधिकार उल्लंघनका घटनाहरू भए। एउटा राजनीतिक दलका व्यक्तिहरू अर्को राजनीतिक दलका व्यक्तिलाई सांघातिक आक्रमण गर्न प्रहरीको भेषमा जाने, कुटपीट गर्ने जस्ता क्रियाकलापहरू पनि भए। पीडितहरू प्रहरी प्रशासन समक्ष पीडकको कारवाहीको माग गर्न आउँदा त्यसको सुनुवाई समेत भएन। कुटपीट, गुण्डागर्दी, मादक पदार्थ सेवन गरी होहल्ला गर्ने, आगलागी गर्ने जस्ता गतिविधिहरू भए। त्यस्तै कार्यालयमा ढिलासुस्ती, काममा निष्पक्षताको अभाव, बजार मूल्यमा एकरूपताको अभाव, विद्यालयहरूमा व्यवस्थापन पक्ष कमजोर आदि कुराहरू यो जिल्लामा विद्यमान छन्। जसले गर्दा मानवअधिकारको ठूलो उल्लंघन भएको छ।

ध्रुव अधिकारी

नेका, सभापति, नुवाकोट

यस जिल्लामा यो वर्ष मानवअधिकारको स्थिति सामान्य नै रहेको पाइयो। यस जिल्लामा खासगरी मानवअधिकारको हनन राजनीतिक पार्टीका नेता, कार्यकर्ता तथा शोषकवर्गबाट भएको पाइन्छ। कतिपय घटनाका पीडकहरूलाई खुल्ला सिमानाको कारणले गिरफ्तार गर्न बाधा परेको छ।

जिल्ला प्रहरी कार्यालय

कपिलवस्तु

सन् १९९७ मा यो जिल्लाको मानवअधिकारको

स्थितिलाई समग्र रूपमा हेर्दा आशालाग्दो अवस्थामा विकसित भएको भान हुन्छ। मानवअधिकार स्थिति मानवअधिकारको उल्लंघनको सेरोफेरोमा हेर्नुपर्दछ। यस अर्थमा प्रहरी यातना, उदेगलाग्दो वारदानको सिर्जना जस्ता संवेदनशिल विषयहरुमा उल्लेख गर्नुपर्ने अवस्था विद्यमान छैन। बलात्कार, हत्या, महिला प्रताडना जस्ता घटनाहरू पनि अत्यधिक बढी मात्रामा भएको पाइएको छैन। न्याय र बेरोजगार सम्बन्धी समस्या भने केही हदसम्म माथि उठेको पाइएको छ।

जिल्लामा हुने घटनाहरूलाई मूलरूपमा हेर्दा पूर्व अवस्था जस्तै ज्यान, बलात्कार, चोरी, लागुऔषध ओसारपसार जस्ता विषयमै केन्द्रित राख्न सकिने स्थिति रह्यो। जीउ मास्ने बेच्ने जस्ता घटनाहरू छिटफुट रूपमा भए पनि जघन्य रूपमा छैनन्। वारदातपछि राजनीतिक भूमिका प्रत्यक्ष रूपमा रहने गरेको छ। यसको परिणमले वास्तविक अपराधीलाई उत्साहित बनाउने अवस्था छ।

महम्मद जुनैद आजाद
जिल्ला सरकारी वकिलको कार्यालय, कपिलवस्तु

यस वर्ष सन् १९९७ मा मानवअधिकारको स्थिति सामान्य रह्यो। यस जिल्लामा बढी राजनीतिबाट प्रेरित घटनाहरू हुने गर्दछन्। व्यक्तिगत रिसइवीबाट हत्या भएको पनि देखिएको छ। तर यस्ता घटना यदाकदा मात्र देखिएका छन्। प्रहरी प्रशासनबाट पनि ठाडो उजुरीको माध्यमबाट मानवअधिकारको हनन प्रायः भएको पाइएको छ। अपराधीहरुलाई प्रहरीले गिरफ्तार गर्छ तर राजनीतिक दबावबाट छोडिने गरिएको छ। सावित्री बयान गराउँदा प्रहरीबाट कुटपीट गरी यातना दिने गरिन्छ।

कृष्णबहादुर सिंह खड्का
अध्यक्ष, राप्रपा, कपिलवस्तु

यस वर्ष १९९७ मा यस जिल्लामा मानवअधिकारको स्थिति सामान्य रहयो। यस जिल्लामा राजनीतिक कारणबाट क्षेत्र नं. १, २, ३ र ४ मा बढी मात्रामा घटनाहरू हुने गर्दछन्।

अनिरुद्ध प्रसाद उपाध्याय
सहसचिव, नेका जिल्ला कार्य समिति
कपिलवस्तु

यस जिल्लामा सामन्ति शोषण अद्यावधि कायमै छ। जसको माध्यमबाट हलिया, गोठाला, कमैयाको रूपमा (अघोषित रूपमा भए पनि) बाँधा बस्ने प्रचलन छ। जसले गर्दा व्यक्तिको मौलिक अधिकार कुण्ठित भैरहेको छ। जमिन्दारी शोषण कायम भएबाट पनि मानवअधिकार हनन् भैरहेको छ। हरेक वर्ष अपराधिक प्रवृत्तीका घटनाहरू, हत्या, बलात्कार जस्ता घटनाहरू हुन्छन्। अपराधिक घटनाहरुलाई राजनीतिक रूपले अघि बढाउने चलन पनि छ।

लक्ष्मण पोखेल
उपसचिव, नेकपा (एमाले), कपिलवस्तु

यस जिल्लामा अंश सम्बन्धी, कुटपीट, हत्या, बलात्कारजस्ता घटनाहरू हुने गर्दछन्। सन् १९९७ मा स्थानीय चुनाव पनि भएकोले विभिन्न प्रकारका घटनाहरू भए। मतदान केन्द्रको समुचित सुरक्षा व्यवस्था नहुनु र त्रुटिपूर्ण मतदाता सूची हुनु समेतको कारणले पनि जनताको अधिकार हनन भयो। भय र आतंकको स्थिति भई धेरै नागरिकले मतदान गर्न पाएनन्।

सुधाकर पाण्डेय
अध्यक्ष, नेपाल बार एशोसियशन, कपिलवस्तु

बाग्लुङ जिल्लामा सन् १९९७ मा मानवअधिकारको स्थिति सामान्य रह्यो। न्यायालयमा राजनीतिक दवाव आउँदैन।

रमेश पोखरेल
जिल्ला न्यायाधीश, बाग्लुङ

समग्रमा १९९७ मा मानवअधिकारको स्थिति सामान्य रह्यो। स्थानीय निर्वाचनमा कतिपय ठाउँमा मनोनयन पत्रसमेत दर्ता गर्न दिइएन।

रामजीप्रसाद शर्मा
सचिव, नेकपा (एमाले), बाग्लुङ

अन्य जिल्लाको तुलनामा यस जिल्लामा मानवअधिकारको स्थिति राम्रो देखिन्छ। यस वर्ष यातनाका घटना एउटा पनि भएन। यहाँ एक किसिमले घटना हुने र अर्को किसिमले राजनीतिक रंग दिएर व्याख्या गर्ने भएकोले मुद्दाको यथार्थ स्थिति पत्ता लगाउन गाह्रो परिरहेको छ।

जिल्ला प्रशासन कार्यालय
बाग्लुङ

यस जिल्लामा सन् १९९७ मा प्रहरी प्रशासनले मानवअधिकार उल्लंघन गरेको छैन। राजनीतिक दलबाट अपराधी थुनामा आइनसक्दै "मेरो मान्छे हो, छोडिदे" जस्ता फोन नआएका पनि होइनन्।

जिल्ला प्रहरी कार्यालय
बाग्लुङ

यस वर्ष सन् १९९७ मा गुल्मी जिल्लाको मानवअधिकार स्थिति विगत वर्षहरूको तुलनामा राम्रो रह्यो। किनकी अपराधिक क्रियाकलाप तथा मानवअधिकारको उल्लंघन हुने खालका घटनाहरू नै कम भएको पाइयो।

सहायक प्रमुख जिल्ला अधिकारी
गुल्मी

यस वर्ष १९९७ मा यस जिल्लाको मानवअधिकारको स्थिति राम्रो देखियो। राजनीतिक र धार्मिक कारणले खासै रूपमा मानवअधिकारको हनन भएन। माओवादीहरूले अगुवा

कार्यक्रम लिएर यस जिल्लामा प्रवेश गरेता पनि आफ्नो अभियान सफल पार्नुपर्छ भनी शक्तिको प्रयोग गरेनन् र प्रशासनबाट पनि शक्तिको प्रयोग भएन। यसले गर्दा हाम्रो जिल्लाको वस्तुस्थिति राम्रो रह्यो, कुनै कतैबाट मानवअधिकार हनन भएन।

तेजबहादुर सिंहनाथ
प्रहरी नायव उपरिक्षक, गुल्मी

गत वर्षहरूको तुलनामा सन् १९९७ मा गुल्मी जिल्लामा मानवअधिकारको बारेमा बढी चर्चा, वादविवाद हुनुका साथै यो एउटा सामाजिक अंग बन्नुपर्ने धारणा बनिसकेको छ। अझैपनि अधिकांश जिल्लावासीहरू अशिक्षित छन्। संविधान प्रदत्त अधिकार कुन-कुन कति हदसम्म उपभोग गर्न सकिन्छ भन्ने जानकारी छैन। प्रशासनमा पंचायती संस्कार रहिरहेको हुँदा संवैधानिक हक-अधिकार उपभोग गर्न दिनेतर्फ प्रशासन त्यति सक्रिय देखिँदैन।

माधव ज्ञवाली
रेरे, गुल्मी

यस जिल्लामा संविधान प्रदत्त हकहरूको जनताले निर्धक्कसँग प्रयोग गर्न पाएका छैनन्। उत्पीडित दलित जातिहरूलाई अझै उपेक्षित दृष्टिकोणले हेरिन्छ र सार्वजनिकक ठाउँहरू, पँधेरा, कुवा, धारा र मन्दीर आदिमा जान दिईंदैन गुल्मी जिल्लाको पश्चिमी भेगमा क्षितिज परिवारले साँस्कृतिक कार्यक्रम गर्दा विनाकारण प्रहरीले कलाकारहरूलाई गिरफ्तार गऱ्यो र वाक स्वतन्त्रताको हनन गऱ्यो।

राष्ट्रिय जनमोर्चा
जिल्ला कार्यालय, गुल्मी

यस जिल्लामा मानवअधिकारको हनन कुनै क्षेत्रबाट पनि भएको छैन। सावितो वयान गराउने कार्यमा कोही कसैलाई यातना दिइएको छैन।

मनोहर प्रसाद राना
प्रहरी नायव उपरिक्षक, म्याग्दी

यस वर्ष सन् १९९७ मा यस जिल्लाको मानवअधिकार स्थिति सामान्य रह्यो। बढी जसो राजनीतिक दाउपेचको कारण घटना हुने गरेका छन भने अन्य हत्या, बलात्कार जस्ता घटना हुने गरेका छन्। राजनीतिक दलहरूबाट आफ्नो दलको अपराधीलाई कारवाही नगर्ने र अन्य दलको भए कारवाही गर्न प्रशासनिक क्षेत्रलाई दवाव पर्ने गरेको पाइएको छ।

अभिवक्ता पूर्णचन्द्र उपाध्याय
पुतलीबजार नपा-१, स्याङ्जा

सन् १९९७ मा मानवअधिकारको स्थिति सन्तोषजनक रहन सकेन। संविधानले निसृत गरेका जनताका मानवअधिकारहरूलाई सरकारद्वारा संरक्षण र सम्वर्धन गर्नुपर्ने ठोस आवश्यकतामाथि सरकारहरू सफल रहेको पाइएन, उदासिन देखियो। स्थानीय निर्वाचनका क्रममा पनि सरकारी संयन्त्रको दुरूपयोग गरी जनताको मतदान गर्न पाउने स्वतन्त्र अधिकार कुण्ठित गर्न प्रयास गरेको पाइयो। माओवादी जनयुद्धको सन्दर्भमा भएका घटनाहरूमा गंभीर छानवीनको प्रक्रिया अपनाउन नसक्दा निरिह र निर्दोष जनता दुवैपक्षबाट बढी प्रताडित भएको पाइयो। मानवअधिकार के हो र यसलाई जनसमक्ष कसरी सुसूचित गराउँदै जानुपर्छ भन्ने आफ्नो कर्तव्यबाट सरकारहरू विमुख रहेको महसूस भयो।

श्रीप्रसाद पराजुली
सचिव, राप्रपा, कास्की

१९९७ मा मानवअधिकारको स्थिति पहिलाको भन्दा सुदृढ भएको छ। प्रहरी हिरासतमा यातना दिने कार्यमा कमी आएको भएता पनि यातनाबाट सावित गराएका घटनाहरू पनि अदालतमा आएका छन्।

लेखनाथ रेग्मी
जिल्ला न्यायाधीश, नवलपरासी

सन् १९९७ मा मानवअधिकार स्थिति ठिकै देखियो। यस जिल्लामा सवारी ज्यान र आत्महत्याका घटनाहरू धेरै हुन्छन्। भारतीय सिमा नजिकमा भएका घटनाका अपराधीहरूलाई समात्न समस्या परेको छ किनकी उनीहरू घटनापछि तुरून्तै भारत पस्छन्। मानवअधिकारको उल्लंघन चक्काजाम जस्तो कार्य गरेर जनताबाट नै भएको छ।

किरण गौतम
प्रहरी उपरिक्षक, नवलपरासी

मानवअधिकार उल्लंघनका घटना विस्तारै कम भएता पनि उल्लेख्य सुधार भएको छैन। प्रजातन्त्र प्राप्ति यता थुप्रै मानवअधिकारवादी संस्था खुलेका भएता पनि ती सबै नामका निम्ति मात्रै छन्, कामका निम्ति हैन। मानवअधिकार उल्लंघन चारैतिरबाट भएको छ।

सलम तुल्ला खाँ
नेका जिल्ला सदस्य, नवलपरासी

सन् १९९७ मा यस जिल्लाको मानवअधिकार स्थिति सामान्य रहेको पाइयो। तर ०५२ सालदेखि नेकपा (माओवादी) ले संचालन गर्दै आएको तथाकथित जनयुद्धको नाममा गरिएको हिंसा र आतंकको गतिविधिले निर्दोष सर्वसाधारण जनताको मानवीअधिकारहरूमाथि अवाञ्छित रोक लगाउने प्रयास भई डर, त्रास फैलाउन खोजेको पाइन्छ। हत्या, लुट, ज्यानमार्ने उद्योग जस्ता क्रियाकलापले जनताको मानवअधिकारमा नकारात्मक असर पार्ने गरेको देखिएको छ।

जिल्ला प्रहरी कार्यालय, गोरखा

रुकुम जिल्लामा विभिन्न तवरले मानवअधिकारको उल्लंघन भएको छ। घटनाहरू प्रथमतः माओवादी समूहले र केही हदसम्म प्रहरीद्वारा भए। घटनाहरूको प्रकृति मूलतः राजनीतिक र आतंककारी छन्। प्रहरीले गिरफ्तार भएकाहरूलाई सामान्य यातना दिने गरेको छ। समग्रमा भन्नु पर्दा यस जिल्लामा मानवअधिकारको स्थिति नराम्रो छ।

यदु गौतम

उपसचिव, नेकपा (एमाले), रुकुम

हाम्रो जिल्लामा भएका मुख्य घटनाहरूमा माओवादी हिंसात्मक आन्दोलनका कारणबाट राजनीतिक कार्यकर्ता खासगरी नेपाली काँग्रेसका कार्यकर्ताहरूलाई हत्या गरिएका घटनाहरू भएका छन्। माओवादीद्वारा मानवअधिकारको हनन भैरहेको छ। व्यक्तिको बाँच्न पाउने अधिकारको हनन भएको छ। गिरफ्तार गरिएका व्यक्तिलाई प्रहरीले नराम्रो व्यवहार गरेजस्तो लाग्दैन। सकभर हत्याका घटनामा संलग्न अपराधीहरू समातिएको जस्तो लाग्दैन।

नवराज गौतम

महासमिति सदस्य, नेका, रुकुम

माओवादी र प्रहरीद्वारा जिल्लामा व्यापक मानवअधिकारको हनन भैरहेको छ। प्रहरीले अनाहकमा सर्वसाधारणलाई पक्राउ गर्ने, बिना पूर्जी खानतलासी लिने, महिनौं थुनामा राख्ने, कुटपीट गर्ने गरेको छ। धेरै हदसम्म मानवअधिकार हनन भएको छ।

खम्बु मल्ल

अध्यक्ष, राप्रपा जिल्ला कार्यसमिति, रुकुम

नेपाल शान्तिको देश हो। यस देशका सम्पूर्ण मानिसहरू आ-आफ्नो मानवअधिकारको निम्ति न्यायोचित माग गर्दै आएका छन्। यो देश संयुक्त राष्ट्र संघको घोषणापत्रमा उल्लेख भए अनुसार मानवअधिकारको हिमायती भएता पनि तमाम ठाउँमा मान्छेलाई पशु र कुकुर बनाएको यथार्थता सत्य हो।

कुलबहादुर नेपाली

सदस्य, नेपाल उत्पीडित दलित जातीय मुक्ति समाज
रुकुम

यस जिल्लामा मानवअधिकारको स्थिति नाजुक छ। माओवादीद्वारा भएका घटना बढी छन्। माओवादीहरूद्वारा दिनदहाडै, सुतिरहेको बेला, खाना खाइरहेको बेला तथा हिंडिरहेको बेलामा हत्या गरिएको छ। यसलाई राम्रो स्थिति मान्न मिल्दैन।

जिल्ला प्रशासन कार्यालय

रुकुम

परिस्थिति अनुसार हुने साधारण घटना स्वाभाविक नै हो। तर आजकल अचानक ज्यानकंश, चोरी, कुटपीट, बलात्कार र गालीगलौज जस्ता घटना हुने गरेका छन्।

पूर्णबहादुर थापा

सचिव, राप्रपा, दैलेख

दैलेख जिल्ला मानवअधिकारका दृष्टिकोणले पीछडिएको जिल्ला हो। यस जिल्लामा धेरैजसो जारी, बहुविवाह, हत्या बलात्कार जस्ता घटनाहरू हुने गरेका छन्।

टेकबहादुर थापा

सचिव, नेकपा (एमाले), दैलेख

जनचेतनाको अभावमा सामाजिक अपराधका घटनाहरू हुने गरेको भएता पनि मानवअधिकारको स्थिति सामान्य नै रहेको छ।

बालानन्द काफ्ले

प्रमुख जिल्ला अधिकारी, दैलेख

यो जिल्लामा राजनीतिक अपराध, हत्या, भ्रष्टाचार बलात्कार जस्ता घटनाहरू हुने गरेका छन्। ठूला पार्टीहरूद्वारा मानवअधिकारको सम्मान नहुने गरेको पाइन्छ। यहाँका मजदुर र किसानहरूको स्थितिमा कुनै परिवर्तन भएको पाइँदैन।

नेपाल मजदुर किसान पार्टी

जिल्ला कार्यालय, दैलेख

यस जिल्लामा जारी प्रथा सामाजिक कलंकको रूपमा देखा परेको छ। साथै अन्य अपराधिक घटनाहरू पनि प्रहरीमा आउने गरेका छन्। प्रहरीद्वारा अनुसन्धान कार्यमा वैज्ञानिक पद्धतीको अनुसरण गर्ने प्रयास गरी राखिएको, प्रतिवादीहरूलाई नकुटीकन साबिती गराउने गरिएको छ।

जिल्ला प्रहरी कार्यालय

कालिकोट

यस वर्ष स्थानीय निर्वाचनको क्रममा थिपु गाविसमा भएको राजनीतिक विवादले उग्ररूप लिएपछि सो घटनाको स्थिति साम्य पार्न प्रहरीले चलाएको गोलीले स्थानीय गंगे राकायाको मृत्यु भयो। यस बाहेक मानवअधिकारको स्थिति सन्तोषजनक छ।

यादवप्रसाद पाण्डेय

प्रमुख जिल्ला अधिकारी, कालिकोट

यस जिल्लामा मानवअधिकार उल्लंघनको घटनाहरू जानकारीमा आएनन्। तसर्थ यस वर्ष मानवअधिकारको स्थिति सामान्य रहेको छ।

उदयबहादुर सिंह

प्रमुख जिल्ला अधिकारी, मुगु

यस वर्ष यो जिल्लाको मानवअधिकार स्थितिमा केही छुटफुट घटना बाहेक ठिकै रहेको छ। प्रहरी प्रशासनबाट भन्दा सामाजिक अपराधका घटनाबाट मानव अधिकारको उल्लंघन हुने गरेको छ। यस जिल्लामा विद्यमान जारी, बहुविवाह जस्ता प्रथा हटाउनका लागि सबै संघ संस्थाहरू सक्रिय हुनु पर्दछ।

चन्द्र बहादुर शाही
सचिव
नेकपा एमाले, मुगु

जिल्लाको मानवअधिकार स्थिति सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको कार्यदक्षतामा भर पर्छ। तर यस जिल्लाका प्रजिअको काम दक्षताको अभावके कारण यहाँका जनताले शान्ति पाउन सकेका छैनन।

०५४ भाद्र १३ गते शिक्षक संघद्वारा आयोजित मौन जुलुशका सहभागी २७ जनालाई यस जिल्लाका प्रजिअ माथवर सिंह थापाको आदेशमा गिरफ्तार गरी केही दिनपछि धरौटीमा छाडिएका थियो।

यसवर्षको स्थानीय निर्वाचनको क्रममा भएका गुण्डागर्दी लगायत अनैतिक कार्यहरूको विरूद्धमा जिल्ला प्रशासनमा निवेदन दर्ता गराउँदा पनि कुनै सुनवाई भएको थिएन। जिल्लामा विद्यमान जारी प्रथामा ७०,०००।- सम्म लेनदेन हुने गरेको छ। यहाँका मानवअधिकारवादी व्यक्तिहरू विभिन्न राजनीतिक दलसंग सम्बद्ध रहेको हुँदा एउटै घटनामा अनेक धारणा आउने गरेको छ।

बखत बहादुर शाही
भू. पू. सभापति , नेपाली काँग्रेस, मुगु।

बहुदलीय व्यवस्थाको स्थापना कालदेखि नै न्यायाधीशको अभाव रहेको यसका जनताहरू यो वर्ष न्याय पाउनबाट बंचित भएनन्। सामाजिक कुरिति र धार्मिक अन्ध विश्वासबाट मानवअधिकार हनन हुने गरेको भएता पनि मूल रूपमा मानवअधिकारको स्थिति ठिकै छ।

नारायण प्रसाद श्रेष्ठ
जिल्ला न्यायाधीश, मुगु

जिल्ला प्रहरी कार्यालयमा यातना दिने कार्य प्रायजसो हटिसकेको छ। बैज्ञानिक अनुसन्धान गरेर सावित्ती प्रमाणको आधारमा कार्वाही गर्ने गरिन्छ। कुनै आकस्मिक घटना बाहेक सबै जसो घटनामा वारेण्ट पूर्जी दिएर मात्र गिरफ्तार गर्ने गरिन्छ। प्रहरीहरूलाई पनि बेला बेलामा मानव अधिकार शिक्षाको आवश्यक छ।

घनश्याम भट्ट
प्रहरी नायव उपरिक्षक,मुगु

यस जिल्लामा एक दुईवटा आवेशपूर्ण हत्या, केही फाटफुट अन्य फौजदारी अपराध बाहेक त्यस्ता सनसनीपूर्ण अपराधिक कार्य नभएको र यदाकदा बन्द, धर्ना, तालाबन्दी आदिबाट मानवअधिकारको उल्लंघन गरेका घटना बाहेक अन्य कुनै कतैबाट मानवअधिकारको उल्लंघन गरेको पाइएन।

विक्रमबहादुर चन्द्र
प्रहरी निरिक्षक, दार्चुला

अनुसूची ९

क्रिया - प्रतिक्रिया

यो मानवअधिकार वर्ष पुस्तक १९९६ को ठेलीलाई मैले ठेलीको रूपमा मात्रै लिइरहेको छैन। यसलाई मैले नेपाली जनताको दुःखको कहानी संग्रहको रूपमा लिएको छु।

मानवअधिकारको उल्लंघन धेरै ठाउँमा भएको छ। अरू देशहरूमा पनि भएको छ। हाम्रो देशमा पनि बराबर हुँदै आइरहेको छ। यो देशमा शताब्दियौंदेखि नै मानवले मानवको हैसियतमा बस्न पाएका छैनन्। थोरै व्यक्तिहरूले शोषण गरिरहेका छन्। बलियाले निर्धालाई, धनीले गरीबलाई र विद्वानले कम ज्ञान भएकालाई विभिन्न तरिकाबाट शोषण गरिरहेका छन्।

०४६ सालअघि पनि इन्सेक परिवारका सदस्यहरूले दिलोज्यानले मानवअधिकारको उल्लंघन हुन नपाओस् र हाम्रो ध्यान त्यसतर्फ जाओस्, सरकारको र प्रहरीको दमन कुन हिसाबले भइरहेको छ, त्यतातिर सरकारले नजर दौडाओस् भन्ने कोसिस नगरेका होइनन्। म आज उनीहरूलाई धन्यवाद दिन्छु। कुन शब्दले धन्यवाद दिउँ, शब्द नै पाउँदिन।

डा. डिल्लीरमण रेग्मी

वरिष्ठ राजनीतिज्ञ

मानवअधिकार वर्ष पुस्तक १९९६ को विमोचन गर्नुहुँदै
०५३ चैत्र २७ गते

मानवअधिकार यति व्यापक छ र यसका हाँगाबिगा यति फैलिएका छन् कि त्यसलाई समेटेर एउटै सूत्रमा गाँस्न अत्यन्त गाह्रो छ। यो व्यापकतालाई ध्यानमा राखेर हेर्दा कुन विन्दुबाट यसको शुरूवात गर्ने हो, मलाई थाहा छैन र कहाँबाट शुरू गर्ने हो भन्ने कुरा पनि बुझिरहेको छैन।

जहाँ मानवअधिकारको कुरा हुन्छ, त्यहाँ स्वभाविक ढंगले प्रजातन्त्रको पनि कुरा आउँछ। प्रजातन्त्र भएन भने मानवअधिकार निरर्थक हुन्छ, त्यस्तै मानवअधिकार भएन भने प्रजातन्त्र पनि निरर्थक भएर जान्छ। तसर्थ मानवअधिकार र प्रजातन्त्रलाई सँगसँगै लिएर जानुपर्दछ। अनिमात्र प्रजातन्त्र सफल र सुदृढ भएर जान्छ।

मानवअधिकारवादीहरू आफ्नो आस्था र विश्वास छोडेर अन्यत्र गए भनेमात्र यहाँ प्रजातन्त्र खतरामा पर्छ। प्रजातन्त्र र मानव अधिकारवादीहरूले आफ्नो भूमिकालाई महत्व दिएनन् भने पनि यो स्थिति आउन सक्छ।

गिरिजाप्रसाद कोइराला

सभापति, नेपाली कांग्रेस

वर्ष पुस्तक १९९६ को विमोचन समारोहलाई सम्बोधन गर्नुहुँदै
०५३ चैत्र २७ गते

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले गर्दै आएका यस्ता कुराहरू अत्यन्तै प्रशंसनीय छन्। मानव अधिकारवादी संस्थाहरूले बढी सक्रिय भएर राजनीतिक पार्टीहरूको र सरकारको ध्यानाकर्षण मात्र होइन, उनीहरूमाथि नैतिक दबाब पनि दिनुपर्छ।

मानवअधिकारको क्षेत्रमा दक्षिण एशियाकै स्थिति पनि अहिले धेरै राम्रो छैन। दक्षिण एशियाका सबै देश अहिले यही पीडाबाट ग्रस्त छन्। यो संक्रमणकालको पीडा हो भनेर सन्तोष गर्नुहुँदैन। समस्याको समाधानका निम्ति हामीहरूबाटै पहल हुनु जरूरी छ।

मनमोहन अधिकारी

अध्यक्ष, नेकपा (एमाले)

वर्ष पुस्तक १९९६ को विमोचन समारोहलाई सम्बोधन गर्नुहुँदै
०५३ चैत्र २७ गते

माओवादी जनयुद्ध, राजनीतिक अपराधीकरण, सांसदहरू र मन्त्रीहरूको बढोत्तरी, न्यायालयको काममा बढेको ढिलासुस्ती र सामाजिक भेदभावहरूका कारण सन् १९९६ भरि नेपाली जनताले निराशाजनक र अनिर्णयको परिस्थितिको सामना गर्नुपरेकोले नेपालमा मानवअधिकारको क्षेत्रमा आशालाग्दो विकास नभएको कुरा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले जनाएको छ। इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्ष पुस्तक १९९६ मा एक वर्षभरिको मानवअधिकारको समग्र स्थितिको मूल्यांकन गर्दै उक्त कुरा औल्याइएको हो।

गोरखापत्र दैनिक
०५४ वैशाख ४

गत वर्षहरू जस्तै यस वर्ष पनि अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले मानवअधिकार वर्ष पुस्तक प्रकाशित गरेको छ। नेपालको मानवअधिकार रक्षाका साथै विभिन्न क्षेत्रमा कार्यरत् यो संस्थाले मानवअधिकारको क्षेत्रमा उल्लेख्य भूमिका खेलेको छ।

छानविन साप्ताहिक
०५४ वैशाख ४

विगतको वर्ष सन् १९९६ मा नेपालमा भएका मानवअधिकार उल्लंघनका घटनाक्रमलाई मानवअधिकार वर्ष पुस्तक १९९६ मा समावेश गरिएको छ। एउटा मान्छेद्वारा अर्को मान्छेमाथि गरिएका अत्याचार, यातना, हत्या, बलात्कार, जस्ता अनैतिक एवं आपराधिक क्रियाकलापहरूको दस्तावेजको रूपमा सो वर्ष पुस्तक प्रकाशित भएको छ।

दृष्टि साप्ताहिक
०५४ वैशाख ३ गते

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले वर्षेनी मानवअधिकार वर्ष पुस्तक प्रकाशित गर्ने गरेको छ। हाले प्रकाशित वर्ष पुस्तक ९६ मा देशभरि घटेका मानवअधिकार उल्लंघनका विविध प्रकृतिका घटनाहरूको संक्षेपमा जानकारी दिइएको छ। वर्ष पुस्तक प्रकाशित गरेर इन्सेकले निकै उपयोगी काम गरेको छ। यस वर्षको वर्ष पुस्तकमा देशमा चलिरहेको जनयुद्धको विविध पक्षको वस्तुनिष्ट ढंगले विश्लेषण गरिएको कुरा प्रकाश पारिएको छ।

गतिविधि साप्ताहिक
०५४ वैशाख १ गते

सन् १९९२ देखि इन्सेकद्वारा प्रकाशित हुँदै आएको मानवअधिकारसम्बन्धी पुस्तकको यो पाँचौं श्रृंखला हो। सन् १९९० को जनआन्दोलनको मर्म त्यस आन्दोलनका अगुवा राजनीतिक पार्टीहरूले नै बिर्सन थालेको सन्दर्भमा इन्सेकको प्रयासद्वारा प्रकाशित यो दस्तावेजले ती राजनीतिक पार्टीका नेताहरूलाई खबरदारीको सन्देश दिएको छ। वर्षमा विरलै दुई छाक खान पाउने र एकसरो लुगा लगाउन पाउने निरीह

जनताका जनप्रतिनिधिहरू जसले ३०/ ३५ लाख पर्ने पजेरो गाडीहरू भन्सार छुटसहित भिकाउन पाउने सुविधा भोगिरहेका छन्, त्यस्ता जनप्रतिनिधिहरूलाई यो मानवअधिकार वर्ष पुस्तकले घोरिएर चिन्तन गर्ने मार्ग प्रशस्त गराएको छ।

प्रजातन्त्र साप्ताहिक
०५३ चैत २८ गते

नेपालमा मानवअधिकारको स्थिति निरन्तर खस्किरहेको छ। मानवअधिकारको विषयमा प्रचलित ऐन, कानून, संविधान सबै अन्तर्राष्ट्रिय घोषणापत्रले जतिसुकै व्याख्या गरे पनि अधिराज्यमा मानवअधिकार उल्लंघनका घटनाहरू निरन्तर बढिरहेको देखिन्छ।

विगत एक वर्षको मानवअधिकार स्थिति बारे इन्सेकद्वारा प्रकाशित विवरणमा कूल ३ सय ७७ जनाको हत्या भएको उल्लेख छ। हत्याबाट हताहत हुनेहरू मध्ये पुरूष २ सय ३४, महिला १ सय १८ र नाबालक २५ जना रहेका छन्।

जनमञ्च साप्ताहिक
०५३ चैत २८ गते

इन्सेकले १९९६ को मानवअधिकार वर्ष पुस्तक सार्वजनिक गरेको छ। केही ठूलै आकारको यस पुस्तकमा सन् १९९६ को अवधिभर देशमा भएका मानवअधिकार उल्लंघनका विषयहरूलाई समावेश गर्नुका अतिरिक्त बहुचर्चित महाकाली सन्धि र विगत १ वर्षको माओवादीहरूको जनयुद्धलाई प्रमुख घटनावस्तुको रूपमा स्वीकारिएको छ। वर्ष पुस्तकमा थुनामा मृत्यु भएकाहरूको संख्या १९, गोलीद्वारा हत्या गरिएकाहरूको संख्या ७९, विविध कारणबाट हत्या गरिएकाहरूको संख्या ३७७ भएको उल्लेख गरिएको छ।

यस्तो विडम्बनाले ग्रसित परिवेशमा इन्सेकद्वारा प्रस्तुत वर्ष पुस्तक घटनाको परिचय गराउन सक्षम ठहर्छ। तर मुख्य कुरा त्यो घटना परिवेश सरकारी दमन र अकर्मण्यताकै कारणबाट सिर्जना भएको हो/होइन ? यदि हो भने सरकारले त्यस्तो कार्य तत्काल बन्द गर्नुपर्दछ। मानवअधिकारको दुवाङ्ग फुक्ने सरकारले इन्सेकद्वारा प्रकाशित वर्ष पुस्तकको राम्रैसँग अध्ययन, चिन्तन-मनन गरेर आगामी दिनहरूमा मानवअधिकार उल्लंघनका क्रिया-प्रतिक्रियाहरूलाई दुरूत्साहित गर्ने नीति अवलम्बन गर्न सक्यो भने नेपाली जनताले थोरै भए पनि प्रजातान्त्रिक वातावरणमा मानवअधिकारको अर्थ जान्न सक्नेछन्।

आजको समाचारपत्र दैनिक
०५३ चैत २९ गते

नेपालको मानवअधिकारवादी आन्दोलनमा उत्कृष्टता हासिल गर्दै आएको इन्सेकले नेपालको मानवअधिकार आन्दोलनमा प्रथम पटक मानवअधिकार सम्मेलन सम्पन्न गरेर मानवअधिकारको आन्दोलनमा थप योगदान दिएको छ।

वर्ष पुस्तक समीक्षा गोष्ठी : दोलखा

मुलुकको मानवअधिकारको स्थिति, भावी कार्यदिशा र कार्य योजनासम्बन्धी महत्वपूर्ण प्रस्तावहरू पारित गरेर सम्मेलन सम्पन्न भएबाट यसले नेपालको मानवअधिकार आन्दोलनलाई थप उचाई र गति दिने कुरामा दुई मत हुन सक्दैन।

इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्ष पुस्तक १९९६ मा देशको वर्षभरिको मानवअधिकार स्थितिको समीक्षा गर्नुका साथै मानवअधिकार उल्लंघनका घटनाहरूलाई समेत सूत्रीकरण गरिएको छ। वर्ष पुस्तकमा समावेश गरिएका महिला भेदभावसम्बन्धी वर्षभरिका घटनाहरूले नेपालमा अझै महिला उत्पीडनका घटनाहरू कम भएका छैनन् भन्ने कुरालाई पुष्टि गर्दछ।

प्रतिपक्ष साप्ताहिक
०५३ चैत २९ गते

मानवअधिकार वर्ष पुस्तक १९९६ मा मध्यमाञ्चलको प्रतिवेदनअन्तर्गत पेज ३३९ को १.३ मा उल्लेखित गिरफ्तारी र यातना शीर्षकअन्तर्गत दोश्रो परिच्छेदमा उल्लेखित "एमनेष्टी इन्टरनेशनल नेपाल शाखाले निकालेको एक जुलुसबाट प्रहरीले सहभागी मानवअधिकार कार्यकर्तालाई ०५२ चैत ५ गते पक्राउ गऱ्यो। प्रहरीले जुलुसबाट स्वतन्त्र तिब्बतसँग सम्बन्धित मानिसहरू सम्मिलित भएकोमा सो गिरफ्तारी गरेको जनाएको थियो।" प्रति हाम्रो ध्यान आकृष्ट भएको छ। सो सम्बन्धमा तथ्य निम्नबमोजिम भएको व्यहोरा अवगत गराउँछु।

- जुलुसअगावै गिरफ्तार भएकोले जुलुस नै हुन नसकेको जानकारी गराउँछु।
- गिरफ्तार परेका ए.आई. सदस्यहरूमध्ये १४ जनालाई कुनै आरोप नै नलगाई तीन दिनपछि छोडियो।
- गिरफ्तार परेकामध्ये तीनजनालाई "रत्नपार्कमा हो-हल्ला गरेको" र दुईजनालाई "शान्तिनगरमा अशान्ति मच्चाएको" भनी श्री ५ को सरकारले सार्वजनिक मुद्दा चलाएको तर पाचौं दिनमा मुद्दा फिर्ता लिई विनाशर्त सबैलाई छाडिएको।
- चीन अभियान ए.आई. को विश्वव्यापी अभियान भएको र

त्यसै अभियानअन्तर्गत ए.आई. नेपालले पनि चीनमा भएको मानवअधिकार उल्लंघनबारे आमजनताको ध्यान आकृष्ट गर्दै चीन सरकारलाई मानवअधिकार उल्लंघन रोक्न नैतिक दबाब दिने उद्देश्यले उक्त कार्यक्रमको आयाजना गरिएको हो।

चरण प्रसाई
सभापति, ए.आई. नेपाल शाखा

आगामी प्रकाशनमा नेपालमा मानवअधिकारसम्बन्धी क्षेत्रमा कार्यरत् विभिन्न गैरसरकारी संघ संस्थाहरू एवं महत्वपूर्ण मानवअधिकार नेताहरूको परिचय राखे पुस्तकलाई अझ रोचक र प्रेरक बनाउन मद्दत मिल्ने थियो।

नेपाल जस्तो भौगोलिक विकटता र यातायात, संचारको पर्याप्त विकास तथा सुविधा नभएको मुलुकमा विविध कठिनाईहरूबाट विचलित नभई सूचना संकलन गरेर "मानवअधिकार वर्ष पुस्तक" प्रकाशित गर्नुले इन्सेकको मानवअधिकारप्रतिको लगाव र प्रतिबद्धतालाई उजागर गर्दछ। वास्तवमा भन्ने हो भने "मानवअधिकार वर्ष पुस्तक १९९६" नेपालको मानवअधिकार क्षेत्रमा एउटा कोशेढुंगा साबित हुनेछ भन्दा अत्युक्ति ठहरिने छैन।

दिनेशकुमार श्रेष्ठ
सचिव, नेपाल बुद्धिजीवी परिषद् मोरङ्ग
महासचिव, एलिट क्लब, विराटनगर

मानवअधिकार वर्ष पुस्तकले मानवअधिकारको हनन् सम्बन्धमा रक्षक नै भक्षक भई जनताउपर अनेक आरोप प्रत्यारोप लगाई दुःख-कष्ट दिने, जनता पनि बन्द कार्यक्रम आन्दोलनका नाममा सार्वजनिक, व्यक्तिगत सम्पत्तिहरू तोडफोड गरी प्रहरीउपर नै धावा बोल्न अघि सर्ने जस्ता कार्य, सामाजिक कुरीति, कुसंस्कार, हत्या, बलात्कार, चेलीबेटी बेचविखन, बालशोषण, बाल अधिकार हनन् जस्ता पक्षहरूलाई मात्रै मानवअधिकार उल्लंघनसम्बन्धी घटनाहरूको दायराभित्र पारेको पाइन्छ। स्वयं मानवअधिकारको रक्षक मानिने सरकारका विभिन्न न्यायिक, आर्थिक, प्रशासनिक

वर्ष पुस्तक समीक्षा गोष्ठी : गुल्मी

निकायहरूमा सर्वसाधारण नागरिकहरूलाई ठगी, धम्क्याई घुस खाने, ढिलासुस्ती जस्ता कार्यले सर्वसाधारण जनताको मानवअधिकार हनन् भयो भएन? त्यस सम्बन्धमा प्रस्तुत पुस्तक मौन छ।

रमेशकुमार श्रेष्ठ
सहायक प्राध्यापक, विराटनगर

मानवअधिकार वर्ष पुस्तक जस्तो प्रामाणिक अभिलेख नेपालको बौद्धिक जगतमा घटना सारसंग्रहको रूपमा नियमित तथा निरन्तररूपमा प्रकाशित हुनु अवश्य पनि एक ऐतिहासिक दायित्वपूर्ण कार्य हुन गएको देखिन्छ। यसको हृदयदेखि प्रशंसा तथा उच्च मूल्याङ्कन नगरिरहन सकिन्न। राजनीतिक र सामाजिकरूपले ओझेलमा परेको जिल्लामा समेत इन्सेक जस्तो मानवअधिकार संस्थाको निगरानी रहनु अवश्य पनि प्रशंसनीय कार्य हो।

उल्लेख गरिएका घटनाको आवश्यक पृष्ठभूमि र त्यसको लागि दोषी वा जिम्मेवार कारकबारे स्पष्ट संकेतसमेतको उल्लेख भएमा वर्ष पुस्तक अझै आफ्नो उद्देश्यमा सफल हुने थियो।

सोमबहादुर बोगटी
उप प्राध्यापक तथा अध्यक्ष मासम, म्याग्दी

पुस्तकभित्र समावेश सामाग्री, पुस्तकको आकार, कागजको गुणस्तर र स्तरयुक्त लेखनले मूल्य रू. १५०/- समसामयिक भए पनि सर्वसुलभ नभएको हुँदा सर्वसाधारणलाई किनेर पढ्न निकै गाह्रो भएको प्रतीत हुन्छ।

राजनीतिक, सामाजिक प्रशासनिक तथा व्यक्तिगत सबै स्तरबाट मानवअधिकार उल्लंघनका घटनाहरू दर्ज गरी मानवअधिकारको चेतना प्राप्त गर्न सक्ने तवरले सूचनाहरूको संकलन तथा विश्लेषण भएको अत्यन्त रोचक, ज्ञानवर्धक, सूचनामूलक दस्तावेजको रूपमा वर्ष पुस्तकलाई पाएको छु।

बाबुराम ढकाल
शिक्षक, गोरखा

मानवअधिकार वर्ष पुस्तकले मानवअधिकारको लागि खेलेको भूमिका अति स्वागतयोग्य छ। साथै देशमा भए/गरेका घटनाहरूको बारेमा सर्वसाधारण जनमानसमा पुऱ्याउने जमर्को गरेको छ।

मानवअधिकार वर्ष पुस्तक १९९६ सर्सर्ती अध्ययन गरें। त्यसमा प्रयोग गरिएका विविध सामग्रीहरू अति उत्तम छन्। तर त्यसमा प्रयोग गरिएको भाषा केही अस्पष्टरूपमा पाइयो। वर्ष पुस्तकमा गुल्मी जिल्लाको १.१ शीर्षकअन्तर्गत राजकुमार चौधरीको हत्याकाण्डको सिलसिलामा पत्रिकाहरूलाई छोडियो भनेर लेखिएको छ। तर मुख्य अभियुक्त पोसबहादुर हालसम्म पनि थुनामा रहेका छन्। साथै त्यस हत्याकाण्डका अर्का दुई जना अभियुक्तहरू मानबहादुर र कलप्रसाद भण्डारीको नाम नै उल्लेख गरिएको छैन।

अहिले ती अभियुक्तहरू मध्ये मानबहादुर थुनामै रहेका छन् भने कलप्रसाद भण्डारीको थुनामै मृत्यु भयो।

भविष्यमा यस पुस्तकले तथ्यहरू प्रस्तुत गर्दा स्पष्ट र पूर्ण गर्ने गरोस् साथै निष्पक्ष र निर्भिक भई यथार्थ जानकारी गराओस्। यही मेरो शुभ कामना।

ध्रुवकुमार पौडेल
रूरू गाविस-४, पो.अ. रिडी, गुल्मी

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित मानवअधिकार वर्ष पुस्तक १९९६ लाई सर्सर्ती हेर्दा धेरै नै मेहनत लगाएर देशका ७५ वटै जिल्लाहरूमा भएका घटनाहरूको विवरण, देशका विभिन्न मानवअधिकारसँग सम्बन्धित निकायहरूको मानवअधिकार आन्दोलनमा भएका योगदानहरू र देशकै बहुचर्चित महाकाली सन्धि, मानवअधिकार आन्दोलनका उपलब्धि र सरकार तथा न्यायपालिकाको भूमिका विषयमा प्रष्ट्याउन र मानवअधिकार उल्लंघनकर्ता, सरकार र व्यक्तिहरूलाई समेत उचित सल्लाह र सुझाव प्रदान गरेको हुँदा संविधान र कानूनले प्रत्याभूत गरेको मानवअधिकारको संरक्षण र व्यावहारिक प्रयोगमा यस पुस्तकले अभिभावक र सिंगो समाजमा प्रमुख सचेतकको भूमिका निर्वाह गरेको छ।

अधिवक्ता लैनबहादुर थापा
फिदिम-१, पाँचथर

मानवअधिकार वर्ष पुस्तक १९९६ ले जुन निष्पक्षता र स्वतन्त्र भएर निर्भिकताका साथ आफ्नो अभियान संचालन गरेको छ, यसलाई मानवअधिकारसम्बन्धी सूचना प्रवाह गर्ने, चेतना जागृत पार्ने भरपर्दो माध्यमको रूपमा स्थापित गर्न आफ्ना नेटवर्कहरूलाई अझ प्रभावकारी बनाउन आवश्यक देखिन्छ। जसले गर्दा मानवअधिकार उल्लंघनका सम्पूर्ण घटना (समस्या) हरू र समाधानका उपाय पनि पत्ता लगाउन अझ सजिलो पर्नेछ।

शान्तिमान कार्की
सिन्धुली

मानवअधिकार वर्ष पुस्तक १९९६ नेपालीले नेपाली जनताको लागि नेपालमा नै सिर्जना गरेको आधारभूत रचना हो भन्ने कुरामा दुई मत छैन।

वर्ष पुस्तकमा जिल्ला प्रतिनिधिहरू रहेको उल्लेख गरिएको छ तर कतिपय घटनाका सम्बन्धमा जानकारीमा नआएको भनी, समाचार सम्प्रेषण नभएको देखिएको हुँदा जिल्ला प्रतिनिधिलाई अझ सशक्त पारिनुपर्ने देखिन्छ।

पुस्करराज प्रसाई
कानून व्यवसायी तथा मासम संयोजक
रामेछाप

मानवअधिकारको क्षेत्रमा मानवअधिकार वर्ष पुस्तक १९९६ ले गहन र प्रभावकारी भूमिका निर्वाह गरेको छ।



वर्ष पुस्तक समीक्षा गोष्ठी : म्याग्दी

राज्यका जिम्मेवार निकायहरूलाई समेत यो पुस्तकले आगामी दिनहरूको निम्ति सचेत र गम्भीर ढंगले काम गर्न सन्देश पनि दिएको छ। मानवअधिकारको लागि गैरसरकारी तथा अन्य सम्बन्धित क्षेत्रहरूबाट गरिएका कामहरूको बारेमा समीक्षात्मक सामग्रीलाई समेत समावेश गरिएको भए वर्ष पुस्तक अझ रोचक र महत्वपूर्ण ठहर्ने थियो।

निर्मलकुमार कार्की
अधिवक्ता तथा प्राध्यापक, पोखरा

इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्ष पुस्तक उपलब्धिमूलक र संग्रहणीय छ। वर्ष पुस्तकले ऐतिहासिक दस्तावेज वा अभिलेखको काम गरेको छ। यसलाई अझ तथ्यमूलक र बढी प्रभावकारी बनाउनेतर्फ ध्यान जानु पनि अपरिहार्य छ।

प्रेमप्रसाद सिलवाल
जिल्ला न्यायाधीश, कास्की

मानवअधिकार वर्ष पुस्तकले हाम्रो वर्तमान सामाजिक संरचना कतातर्फ उन्मुख छ भनी देखाएको छ। मानवअधिकारको संरक्षणमा यस्ता प्रयासहरू हुनु आवश्यक छ तर निष्पक्ष र स्वतन्त्र हुन नसक्नुको कारण समय-समयमा केही कमी-कमजोरी पनि देखिएका छन्। इन्सेकले त्यसतर्फ ध्यान दिनु आवश्यक छ।

भूपनिधि पन्त, कास्की

मानवअधिकार वर्ष पुस्तक सिंगो मानवअधिकार आन्दोलनको एउटा सहयोगी हो। यसमा समावेश गरिने तथ्य तथ्याङ्कहरूमा अलि स्पष्टता हुनु जरुरी छ। त्यसो भएमा यसको महत्व र प्रभाव अझ बढ्ने थियो।

रामप्रसाद घिमिरे
अधिवक्ता, पर्वत

त्यस संस्थाबाट वर्षेनी प्रकाशन भई जनसमक्ष

आइरहेको "मानवअधिकार वर्ष पुस्तक" ले मानव कल्याणका लागि चाहिने मानवअधिकारको वास्तविकता प्रष्ट्याउन ठूलो सघाउ पुगेको र मानवअधिकार हनन हुन नदिन ठोस विकल्प पहिल्याउनसमेत सहायक सिद्ध हुने पायौं। पुस्तकको उत्तरोत्तर प्रगतिको कामना।

वेनुप्रसाद ढकाल
राप्रपा, मोरङ

मानवअधिकार उल्लंघनका घटनाहरूलाई मानवअधिकार वर्ष पुस्तक १९९६ मा समग्ररूपमा श्रृंखलाबद्ध गरी मूर्तरूप दिन नसकेता पनि यसलाई असफलता भन्न मिल्दैन। असफलता नै सफलताको प्रतीक हो। यस पुस्तकले जनसमक्ष पाएको आकर्षण र मानवअधिकार संरक्षणको क्षेत्रमा देखाएको प्रभावकारितालाई कम उपलब्धिमूलक मान्न सकिँदैन।

वर्तमान अवस्थामा सरकारवादी मुद्दाहरूको अनुसन्धान, तहकिकात गर्ने अधिकारीले निष्पक्षता कायम गर्न नसकेको र दलबदल जस्ता ऐन, कानूनको पालना सरकार तथा राजनीतिक दलहरूले नगरी बहुदलीय व्यवस्थालाई विकृतिवादको संघारमा पुर्‍याउनुका साथै महिला र बालबालिकामाथि भेदभाव राख्ने कानूनी प्रावधानको समयसापेक्ष संशोधन खारेज नभई बहाल रहनुका साथै कारागारमा रहेका थुनुवा कैदीहरूले निर्वाचनमा मतदान गर्न नपाउनु र कारागारमा थुनुवा कैदीका लागि शिक्षा, स्वास्थ्य, गाँसबासको उचित प्रबन्ध हुन नसक्नु मानवअधिकार उल्लंघनका प्रत्यक्ष घटनाक्रम हुन्।

बाबुराम भट्टराई
सचिव,
जिल्ला अदालत बार एकाइ, सुनसरी

वर्ष पुस्तक १९९६ ले देशभरमा भएका महत्वपूर्ण घटनाहरूको बारेमा विस्तृतरूपमा उल्लेख गरी साह्रै सराहनीय कार्य गरेको छ। यस क्रममा केन्द्रका कार्यहरू जारी रहने र अझ परिस्कृत हुने अपेक्षा राखिएको छ। हाम्रो दृष्टिमा सुनसरीमा हाल मानवअधिकारको स्थिति सुदृढरूपमा रहेको पाइन्छ।

जिल्ला अदालत
सुनसरी

वर्ष पुस्तक समीक्षा गोष्ठी : पोखरा

मानवअधिकार वर्ष पुस्तकले जनचेतनामा निकै अभिवृद्धि गरेको छ। वर्ष पुस्तक १९९६ को "सुगम र निष्पक्ष न्यायिक अधिकार" शीर्षकको पासाङ ल्हामू शेर्पेनीलाई पुनरावेदन अदालतले अन्याय गरेको भन्ने कुरा सूचना प्रेषणमा रहेकोमा उक्त कुरा सत्य होइन।

केदारनाथ प्याकुरेल
जिल्ला न्यायाधीश, ओखलढुङ्गा

मानवअधिकार वर्ष पुस्तकले मानवअधिकार आन्दोलनको क्षेत्रमा निकै प्रगति गरेको छ र उत्साहप्रद पनि छ।

माधवराज जोशी
प्रहरी नायव उपरीक्षक, ओखलढुङ्गा

मानवअधिकार जस्तो संवेदनशील र व्यापक विषयबारे भएका घटना र ती घटनासँग सम्बन्धित मानवअधिकार हनन र यातना जस्ता विषयलाई समेटी मानवअधिकार वर्ष पुस्तक प्रकाशन गर्दै आउनुभएकोमा सोको निरन्तर सफलता र अझ बढी सक्षमताको लागि शुभेच्छा व्यक्त गर्दछु।

विष्णुप्रसाद निल्सुत
राष्ट्रिय जनमोर्चा, भक्तपुर

मानवअधिकार वर्ष पुस्तकको निरन्तर प्रकाशनले देशको मानवअधिकारको स्थिति छर्लङ्ग्याउन धेरै मद्दत पुगेको छ। पुस्तकमा समावेश गरिने खोजपूर्ण र अनुसन्धानमूलक सामग्री निश्चितरूपमा उपयोगी छन्। यो प्रयास निरन्तर जारी रहोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु।

श्रीप्रसाद पराजुली
सचिव, राप्रपा जिल्ला कार्य समिति, कास्की

समग्रमा भन्नुपर्दा देशमा मानवअधिकारको स्थिति चिन्ताजनकरूपमा रहेको छ र सोको समाधानका लागि सरकार, जनता र विभिन्न मानवअधिकार संघ-संस्थाहरूको समान उत्तरदायित्व हुनुपर्छ भन्ने कुरामा राप्रपा जाजरकोट विश्वास गर्दछ। नेपालका विभिन्न मानवअधिकार संघ-संस्थाहरूले पनि विना कुनै पूर्वाग्रह सही तरिकाबाट नेपालमा सरकार तथा जनताद्वारा भएका मानवअधिकार उल्लंघनका कुराहरू आफ्ना विभिन्न प्रकाशनमार्फत् जनता एवं सरकारसामु पुर्‍याउनुपर्ने खाँचो महसुस गर्नुपर्छ भन्दै हालसम्म

इन्सेकले जे/जस्तो अवस्थामा भए पनि सोसम्बन्धी जानकारी प्रकाशन गरेकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं।

कृष्णविक्रम शाह
जिल्ला सदस्य एवं कार्यालय सचिव
राप्रपा, जाजरकोट

इन्सेकद्वारा हालसम्म संचालित मानवअधिकार कार्यक्रमहरू ज्यादै राम्रा र प्रभावकारी छन्। यसले संचालन गरेका विभिन्न कार्यक्रमहरूले मानवअधिकार संरक्षणको क्षेत्रमा महत्त्वपूर्ण योगदान गरेको छ। अझै प्रभावकारी कदम चाल्नसक्ने कुराको अपेक्षा गरिएको छ। कतिपय कार्यक्रमहरू औपचारिकता पूरा गर्ने जस्तामात्र देखिएका छन, यसमा ध्यान जाओस्, यही सुझाव राखेको छु।

देवेन्द्र दाहाल
सचिव, नेकपा (एमाले), झापा

इन्सेकद्वारा प्रत्येक वर्ष तयार गरिने मानवअधिकार वर्ष पुस्तकले नेपालको प्रत्येक वर्षको मानवअधिकारको अवस्थालाई चित्रण गर्दछ। जसद्वारा प्रत्येक सामाजिक कार्यकर्ता तथा सरकारलाई विगत वर्षको पुनरावलोकन गर्न मद्दत मिल्छ। विगत वर्षहरूको जस्तै निष्पक्ष र स्वतन्त्र अध्ययनद्वारा तयार गरिएको सन् १९९७ को वर्ष पुस्तक आउने छ भन्ने आशा गर्दछु। इन्सेकको यो प्रशंसनीय कार्यको सफलताको हार्दिक कामना गर्दछु।

कृष्णप्रसाद सिटौला
सभापति, नेपाली कांग्रेस झापा

एकाध मानवअधिकारवादी संस्थाहरू वाहेक अन्य सबै संस्थाहरूले आफूलाई झिना-मसिना कुराहरूमै सीमित राखेको पाइन्छ। व्यापक जनसमुदायको बीचमा मानवअधिकारको चेतना प्रवाह गर्न सकिएको छैन। फलतः हरेक सामाजिक अपराधलाई मानवअधिकारको विषयवस्तु बनाएर मानवअधिकारको मूल मर्ममा सचेत/अचेत हिसाबले प्रहार गरी भ्रम सृजना गर्ने काम भैरहेका छन्।

सहदेवजंग शाह
अध्यक्ष, जिल्ला वार एकाई
जाजरकोट

इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्ष पुस्तकलाई राजनीतिक चार्ज लगाइएता पनि वर्ष पुस्तकमा प्रकाशित घटनाहरू तथ्यपरक भएको पुष्टि भएको छ।

रमेश पोखरेल
जिल्ला न्यायाधीश, वाग्लुङ्ग

मानवअधिकार वर्ष पुस्तकका जिल्ला प्रतिनिधिहरूले गाउँ/गाउँ गई जनतालाई मानवअधिकारबारे परिचय, प्रशिक्षण र विविध घटनाहरूको स्थलगत अनुगमन, अनुसन्धान गर्ने

वर्ष पुस्तक समीक्षा गोष्ठी : रामेछाप

काममा लाग्नुपर्ने देखिन्छ। मानवअधिकारसम्बन्धी शिक्षाको व्यापक प्रचार-प्रसार गरिनु पनि अत्यन्त आवश्यक छ।

रत्नप्रसाद शर्मा
सचिव, नेकपा (एमाले), जाजरकोट

मानवअधिकार वर्ष पुस्तकमा छापिने घटनाहरू प्रतिशोधरहित र सत्यतामा आधारित हुनुपर्छ। यसले मानवअधिकारको संरक्षण गर्न, आपराधिक क्रियाकलाप रोक्न र अपराधको अनुसन्धान तथा छानविन गर्न आवश्यक हुने खालका लेख/रचनाहरू पनि वर्ष पुस्तकमा समावेश हुँदै जाउन्।

सहायक प्रजिअ, गुल्मी

वर्ष पुस्तकमा निश्पक्ष र सही सूचना प्रकाशन गर्नेतर्फ अझ विशेष ध्यान दिनुपर्ने र बालक, असहाय एवं घटनाबाट पीडितहरूका सम्बन्धमा समेत वर्ष पुस्तकमा समग्रमा समेटिनुपर्ने जरूरी देखेको छु।

प्रेमराज ढकाल
जिल्ला न्यायाधीश, गुल्मी

प्रहरी संगठनको काम कर्तव्यप्रति ध्यान दिंदा मानवअधिकार संस्थाहरूले वास्तविकता बुझी वर्तमानलाई मात्र नहेरी मानवअधिकार हनन भए/नभएको भन्ने बुझी आवाज उठाएमा सुनमा सुगन्ध हुने थियो। प्रहरीलाई पनि अनुसन्धान प्रक्रियामा मद्दत पुग्ने कुरामा दुई मत नहोला।

तेजबहादुरसिंह नाथ
प्रहरी नायव उपरीक्षक, गुल्मी

संविधानद्वारा प्रदत्त हकहरूको जनताले निर्धक्कसँग प्रयोग गर्न पाएका छैनन्। एकातर्फ उत्पीडित दलित जातिहरूलाई अझै उपेक्षित दृष्टिकोणले हेरिन्छ र सार्वजनिक ठाउँहरू पँधेरा, कुवा, धारा र मन्दिर आदिमा जान दिइँदैन।

वर्ष पुस्तक समीक्षा गोष्ठी : सिन्धुली

मानवअधिकार वर्ष पुस्तक त राम्रो छ। तर यसमा काम गर्ने व्यक्तिहरू विदेशी पैसाको लोभले गर्दा कतै "डलर साम्राज्य" भित्र भुल्छन कि भन्ने डर छ, त्यो नहोस्।

एक कार्यकर्ता

राष्ट्रिय जनमोर्चा, गुल्मी

मानवअधिकार वर्ष पुस्तक प्रकाशन गर्दा सर्वसाधारण जनतालाई बोध गराई त्यसबाट लाभान्वित गराउने क्रममा क्रियाशील रहन यसमा कार्यरत् सबै मानवअधिकारकर्मीहरूलाई अनुरोध गर्दै शुभकामना व्यक्त गर्दछु।

बखतबहादुर शाही

नेपाली कांग्रेस, मुगु

मानवअधिकार वर्ष पुस्तक प्रकाशन शुरू भएदेखि यता प्रशासनिक क्षेत्रमा भएका काम कारवाहीहरूउपर प्रायःजसो तथ्य जानकारी र आँकडाको कुनै प्राथमिकता नदिई एकोहोरो किसिमले मात्र प्रकाशन गरेको देखिन आउँदा यस विषयमा मानवअधिकार वर्ष पुस्तकको समीक्षा गोष्ठीहरूमा पनि कुराहरू राख्दै आइएको छ। तथापि प्रशासनिक क्षेत्रबाट कतिपय काम कारवाहीहरू सम्पादन गर्दा मानवअधिकारको सकारात्मक पक्षलाई नै हित हुनेगरी कार्य प्रक्रिया अपनाइएकोमा सोतर्फ तथ्य जानकारी लिई तदनुरूप आगामी वर्षमा प्रकाशित हुने पुस्तकमा त्यस्ता विषयहरू समावेश गर्नुपर्ने भए कार्यालयको धारणा रहेको बेहोरा जानकारीका लागि अनुरोध गरिन्छ।

जिल्ला प्रशासन कार्यालय

दार्चुला

मानवअधिकार वर्ष पुस्तक १९९६ को अध्ययन गर्दा व्यक्तिले व्यक्तिको सामान्यरूपको मानवअधिकार उल्लंघन गरेका घटनाहरू पनि उल्लेख भएको देखिन्छ। वास्तवमा राज्यद्वारा हुने मानवअधिकार उल्लंघनका घटनाहरूलाई विशेषरूपमा महत्वका साथ स्थान दिनु आवश्यक छ। व्यक्तिले व्यक्तिको मानवअधिकारको उल्लंघन गरेका घटना उल्लेख गर्दा अपराधको सूचीकरण जस्तोमात्र देखिन्छ।

गीताप्रसाद तिम्सिना

कामु जिल्ला सरकारी अधिवक्ता, प्युठान

आजको सन्दर्भ र परिप्रेक्ष्यमा यस वर्ष पुस्तकले आफ्नै किसिमको महत्वपूर्ण भूमिका खेल्दै आएको छ। यसलाई अझै व्यापक, चुस्त र पूर्ण बनाउनका लागि सूचना र खोजमा तीव्रता ल्याउनुपर्ने देखिन्छ। जे होस् आफ्नो कठिन परिस्थितिका बाबजुद पनि मानवअधिकार वर्ष पुस्तक प्रकाशन गर्ने इन्सेकको सत् प्रयासलाई प्रशंसा नगरिरहन सकिन्न।

गंगालाल बिष्ट

राप्रपा, प्युठान

मानवअधिकार वर्ष पुस्तक १९९६ ले समग्र राष्ट्रमा भएका मानवअधिकार उल्लंघनको बारेमा कुनै पार्टी र पक्षका कुराहरू नछुटाई आफ्नो बुताले भ्याएसम्मका रिपोर्ट दिँदै जनचेतना बढाइ मानवअधिकारको बारेमा दिएको रिपोर्ट सराहनीय नै मान्नुपर्दछ।

चोपलाल आचार्य

नेकपा (एमाले), प्युठान

मानवअधिकार वर्ष पुस्तक १९९६ प्रकाशन भएकोमा ज्यादै खुशी लागेको छ। इन्सेक अभियानअन्तर्गत विभिन्न जिल्लाहरूमा विविध कार्यक्रमहरूको आयोजना भएको बुझिन्छ। यस जिल्लामा पनि त्यस्ता कार्यक्रमहरू भएमा यस जिल्लाका अशिक्षित जनता लाभान्वित हुने थिए।

पशुपति श्रेष्ठ

कालिका युवा क्लब, बिजुवार बजार, प्युठान

मानवको अधिकार के हो ? यहाँ मानवअधिकारमाथि कोबाट हस्तक्षेप भएको छ ? र, हुनुपर्ने के थियो ? भन्नेबारेमा इन्सेकको मानवअधिकार वर्ष पुस्तक १९९६ मौन रहेको छ। समय हेरेरमात्र मानवअधिकारको बारेमा इन्सेकको कार्यक्रम प्रस्तुत हुनुमा इन्सेकप्रति नै प्रश्न चिह्न खडा भएको छ। अतः उक्त प्रश्न चिह्नलाई मेटाउने काम इन्सेकबाट हुनेछ भन्ने आशा राख्दछु।

शालिग्राम पण्डित

सभापति, नेपाली कांग्रेस प्युठान

इन्सेकले विगत ५ वर्षदेखि मानवअधिकार वर्ष पुस्तक प्रकाशन गरेर मानवअधिकारको संरक्षण, सम्वर्द्धन र प्रचार गर्ने कार्य गर्दै आएको छ। मानवअधिकारको हननसम्बन्धी घटनाहरू प्रकाशन गरेर मानवअधिकार उल्लंघन गर्ने प्रहरी प्रशासन, दल वा व्यक्तिलाई एकखाले दबाव दिने काम हुनु सराहनीय कार्य हो।

वीरबहादुर सिंह

सचिव, नेकपा (एमाले), प्युठान

मानवअधिकारको संरक्षण र सम्बर्द्धनको निम्ति जातीय विभेद र साम्प्रदायिक विभेद उन्मूलन हुनुपर्दछ।

सत्यनारायणप्रसाद तत्मा

नेपाल सद्भावना पार्टी, बारा

इन्सेकले मानवअधिकारको रक्षा र संवर्द्धनको लागि विगत १० वर्षदेखि काम गर्ने क्रममा प्रकाशित गरेका विभिन्न प्रकाशनहरू निकै महत्वपूर्ण साबित भएका छन्। सूचनामूलक र समयसापेक्ष एवं यथार्थताको पहिचान नै यसका प्रकाशनको ठूलो विशेषता ठानेको छु।

विशेषतः १९९६ को मानवअधिकार वर्ष पुस्तक अंग्रेजी र नेपाली दुवै पढ्ने मौका पाएँ। अत्यन्तै फाइदाजनक पाएँ, त्यसमा उल्लेख गरिएका घटनाहरू बढी मात्रामा सूचनामूलक छन्। सूचनाहरूलाई आधिकारिक बनाउन सकियो भनेमात्र त्यसको महत्व बढ्छ। १९९६ को वर्ष पुस्तकमा मरेका मानिसको नाम, ठेगानासहित त्यसको कारण पनि छ तर त्यतिले मात्रै यसलाई आधिकारिक मान्न सकिँदैन। यसका लागि सम्बन्धित गाविस वा त्यसको क्षेत्र वा जिल्ला प्रशासन कार्यालय वा गृह मन्त्रालय जस्ता कार्यालयहरूबाट प्रमाणित गराउन सकियो भने यसमा समावेश गरिएका सूचनाहरूलाई जुनसुकै ठाउँमा पनि प्रमाणको रूपमा पेश गर्न कुनै समस्या पर्ने थिएन। यसबाट वर्ष पुस्तकको महत्व अझ बढ्ने निश्चित छ। यसका साथै लेखहरूमा अन्य पुस्तकबाट लिइएका कुराहरूलाई फुटनोटमा उल्लेख नगर्नाले पनि केही प्रश्नहरू उठ्ने गरेका छन्। यी कुराहरूमा ध्यान दिन सकियो भने वर्ष पुस्तकको आधिकारिकतामाथि कसैले प्रश्न उठाउन सक्ने थिएन।

कपिल ज्ञवाली

अधिवक्ता, काठमाडौं-१४, कलंकी

हाम्रो देशको राजनीतिक, सामाजिक तथा आर्थिक क्षेत्रमा भैरहेको अपराधीकरण र मानवअधिकार हनन् सम्बन्धी घटनाहरूको विरूद्धमा तथा मानवअधिकारको संरक्षण, स्थापना र विकासमा इन्सेकको भूमिका अग्रणी छ। मानवअधिकार वर्ष पुस्तकलाई मैले त्यसैको प्रतिकको रूपमा लिएको छु। मानवअधिकारको बहाली गराउन र सबै क्षेत्रहरूमा देखिएका मानवअधिकार उल्लंघन र अपराधीकरणको अन्त्य गर्न आगामी दिनहरूमा इन्सेकको सशक्त भूमिका हुनुपर्छ, त्यसैको अपेक्षा गरेको छु।

वर्ष पुस्तक १९९६ मा राज्ययन्त्रद्वारा भएका मानवअधिकार हननका घटनाहरूलाई अन्य घटनाहरूको तुलनामा बढी जोड दिइएको पाइयो। यसका साथै अन्य कुनै पनि शक्ति तथा क्षेत्रबाट भएका ज्यादतिलाई समेत स्पष्टरूपमा उल्लेख गर्नु पनि मानवअधिकार आन्दोलनको विशुद्ध कर्तव्य हो। तथापि विगतमा भएका हत्या तथा वारदातका घटनाहरूलाई कुनै राजनीतिक शक्तिले स्पष्ट जिम्मेवारी लिँदालिँदै पनि उपर्युक्त राजनीतिक शक्तिको तर्फबाट भएको मानवअधिकार हनन र ज्यादति देख्न नसक्नु कुनै पनि मानवअधिकार संस्थाको कमजोरी ठहर्छ। त्यस्तो कमजोरी इन्सेकबाट आगामी दिनहरूमा पक्कै हुने छैन, यही मेरो शुभेच्छा।

खेममान खड्का

नेकपा (एमाले), रूकुम

विगत १९९२ देखि इन्सेकले मानवअधिकार वर्ष पुस्तकको प्रकाशन गरी वर्षभरिमा देशमा के/कस्ता मानवअधिकार उल्लंघनका घटनाहरू भए भन्ने सम्बन्धमा जानकारी दिँदै आएको छ। यो आफैमा एक राम्रो कदम हो। वर्ष पुस्तक १९९६ मा विगतको परम्परालाई कायम राख्दै न्यायपालिका र मानवअधिकार, श्री ५ को सरकार र मानवअधिकार, संसद र मानवअधिकार, मानवअधिकार स्थितिको समग्र मूल्यांकन र सुझाव, मानवअधिकार उल्लंघन तथ्यांक जस्ता कुराहरू समावेश गरिएको छ भने माओवादी जनयुद्ध र मानवअधिकार तथा नेपाल भारतबीच सम्पन्न महाकाली सन्धिको समेत विश्लेषणात्मक सामग्री जनसमक्ष ल्याइ निकै सराहनीय कार्य गरेको छ।

यसका साथै वर्ष पुस्तकले आफ्नै समीक्षा गर्ने परिपाटीलाई शुरूदेखि नै कायम गर्दै आएको छ। त्यसैगरी विभिन्न अनुसूचीहरूमा देखाइएका १९९२ देखि १९९६ सम्मको समीक्षात्मक कुराहरूले मानवअधिकारसम्बन्धी जानकारी राख्न चाहने सबैलाई निकै उपयोगी सिद्ध भएको छ। यो पुस्तक संग्रहणीय र अध्ययनयोग्य दस्तावेजको रूपमा मैले पाएको छु। आफ्नो स्तरलाई बढाउँदै आगामी दिनहरूमा अझ व्यापकरूपमा सबैको मन जित्न सकोस् भन्ने कामना समेत गर्दछु।

रत्न शर्मा

वीरेन्द्रनगर-१, सुर्खेत

हाल- काठमाडौं

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले मानवअधिकारसंग सम्बन्धित यावत् विषयवस्तुलाई समेटेर नागरिकको कल्याण गर्न र आदर्श समाजको स्थापना गर्न जुन प्रयास गरेको छ त्यो सबैको सामु अत्यन्त मर्मयोग्य छ। यसै सन्दर्भमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), बाट प्रकाशित "मानवअधिकार वर्ष पुस्तक १९९२, १९९३, १९९४, १९९५ र १९९६" गरी ५ वटा वर्ष पुस्तक र विभिन्न समयमा प्रकाशित भएका पत्र-पत्रिका र पुस्तकहरूको अध्ययन गर्दा जबसम्म हाम्रो सामाजिक बनोट र हाम्रो चेतनाको विकास हुँदैन, राजनीतिक दलहरूको अहंकारी संकीर्णता र सत्तालोलुपता जस्ता विनाशकारी सोच यथावत् रहन्छ, तबसम्म मानवअधिकारको संरक्षण, सम्बर्द्धन र विकास हुन नसक्ने भनी स्पष्ट गर्नुका साथै मानवअधिकारको सम्मानलाई आफ्नो जीवनशैलीका रूपमा अँगिकार गरेको पाइएको छ। विडम्बना हाम्रो मुलुकमा निरंकुश पंचायती शासन व्यवस्थाको अन्त्य र

बहुदलीय प्रजातान्त्रिक शासन पद्धतिको पुनर्वहाली भए पनि मानवअधिकारको नाम क्रमशः बदनाम हुँदै गएको छ। विभिन्न षडयन्त्र, राजनीतिक फाइदाका लागि चलेका नाङ्गा आतंक यथावत् नै छन्।

मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ लाई मार्गदर्शक मानी अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पनि निरन्तर संघर्षरत छ। मुलुकमा जहाँ-जहाँ मानवअधिकारको हनन हुन्छ, त्यहाँ-त्यहाँ इन्सेकको दृष्टि पुगेको देखिएको छ। विडम्बना, जे/जस्ता आवाजहरू इन्सेकले उठाउँछ, सरकार मौन रहन्छ। फलतः जनताले मानवअधिकारको प्रत्याभूति पाउन सकिरहेका छैनन्। राजनीतिक प्रतिशोध, कूटनीतिक चालबाजी, जातीय भेदभाव, लैङ्गिक विभेद, गरीब, धनीबीचको असमान व्यवहार, मानवअधिकार विपरीतका कार्य नै वर्तमान समयमा विद्यमान मानवअधिकार उल्लंघनका प्रमाण हुन्।

अवैधरूपमा थुनामा राख्नु, कानूनी अनियमितता र भेदभावपूर्ण व्यवहार, राजनीतिक आस्थाका कारण राजनीतिक विचारको हत्या, पाशविक यातना जस्ता अमानवीय व्यवहारलाई समाप्त पार्नु मानवअधिकार आन्दोलनको उद्देश्य हो। तर सरकारद्वारा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) लाई राजनीतिक पूर्वाग्रह राखी यसले तयार गरी पेश गरेका सम्पूर्ण कार्यक्रमलाई उपेक्षा गरिएकोले यसले उद्देश्यमूलक लक्ष्य हासिल गर्न सकेको छैन।

आगामी दिनमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले विभिन्न गैर कानूनी चपेटामा परेका आमजनताको मुक्तिका लागि सशक्तरूपमा कदम चाल्नेछ, यही सदिच्छाका साथ इन्सेकको उत्तरोत्तर प्रगति र उन्नतिको कामना गर्दछु।

झकबहादुर जि.सी

भद्रबन्दी गृह (जेल), काठमाडौं

मानवअधिकार वर्ष पुस्तकले नेपाल अधिराज्यमा रहेका कारागारहरूको र त्यसमा रहेका बन्दीहरूको बारेमा वास्तविक स्थितिलाई जनसमक्ष ल्याउने काम गर्दै आएको छ। मानवअधिकारको क्षेत्रमा यो एक ठूलो उपलब्धि हो। यसका साथै हामी जस्ता राजनीतिक पूर्वाग्रहका कारण झुठा मुद्दामा फसाइएका बन्दीहरूको सम्बन्धमा समेत आवश्यक जानकारीहरू संकलन गरी हाम्रो विवरणहरू सरकार र जनतासमक्ष पुर्‍याउँदै आएको छ। तर सरकारमा पुगेका राजनीतिक दलहरूले आफ्ना नेताका नातेदार र शुभलाभका भरमा केही व्यक्तिहरूको मात्र मुद्दा फिर्ता या माफी मिनाहा गरेको तीतो सत्य हाम्रो सामु छ।

नेपालका राजनीतिक दलहरूले मानवअधिकारको धेरै उल्लंघन गरेका घटनाहरू त मानवअधिकार वर्ष पुस्तकबाट नै प्रष्ट हुन्छ तर तिनै राजनीतिक पार्टीहरू सरकारमा पुगेपछि मानवअधिकार उल्लंघन गर्ने व्यक्तिहरूलाई आवश्यक कारवाही गर्नेतर्फ काम गरेका छैनन्। बरु त्यस्ता व्यक्तिहरू पुरस्कृत भएका घटना हाम्रो देशमा पाइन्छन्।

मानवअधिकारको उल्लंघन गर्ने पक्षलाई जनताबीच प्रष्ट चिनाउन र कारवाही गर्न जनमत सिर्जना गर्नु आजको आवश्यक विषय हो र यसतर्फ इन्सेकले पहल गर्ने नै छ भन्ने आशा लिएको छु।

प्रकाश घिमिरे

इलाम, हाल- केन्द्रीय कारागार, काठमाडौं

अनौपचारिक क्षेत्र सेवा केन्द (इन्सेक) ले मानवअधिकारको संरक्षण, सम्वर्द्धन, सचेतना र प्रत्याभुतिको लागि खेलेको भूमिका उल्लेखनीय छ भने अधिराज्यव्यापीरूपमा मानवअधिकारको स्थितिलाई लिपिबद्ध गरी प्रत्येक वर्ष प्रकाशित गर्नु प्रशंसनीय कार्य हो। जसको लागि इन्सेक धन्यवादको पात्र छ।

इन्सेकबाट प्रकाशित मानवअधिकार वर्ष पुस्तकहरूमा उल्लेखित घटनाहरूमा वाम पार्टीहरुसंग सम्वन्धित घटनाहरू बढी हुने र अन्य पार्टीसंग सम्बन्धित घटनाहरू कम हुने कुरा समग्रमा देखिन्छ। वर्ष पुस्तक १९९६ को संसद र मानवअधिकार शीर्षकमा संसदमा उठाइएका मानवअधिकार सम्बन्धी कुराहरूलाई दैनिकीको रूपमा मात्र राखिएको छ।

यसरी इन्सेकले आफ्नो अथक प्रयास एवं अविरल मेहनतका साथ प्रकाशित गर्ने पुस्तकलाई एकपक्षीय भयो भनी कसैले औंला ठड्याउने स्थिति नआओस्, लेखको रूपमा आएका विषयहरू विवरणात्मकभन्दा विवेचनात्मकरूपमा आओस् र भविष्यमा अझ परिस्कृतरूपमा पुस्तक प्रकाशित हुन सकोस् भन्ने शुभकामना।

संजीव गौतम

उप-सचिव

हवाई विभाग

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) वाट प्रकाशित मानवअधिकार वर्ष पुस्तक १९९६ पुस्तकमा डोल्पा जिल्लामा मानवअधिकार उल्लंघन भएका घटनाहरू प्रस्तुत गरिएकोमा अबका दिनमा मानवअधिकारको उपभोगका लागि गाउँघरसम्म पुगी घटनाको तथ्य जानकारी लिने तथा जनचेतना जगाउन समेत उपयोगी हुने गरी जनप्रतिनिधि, सर्वसाधारण र कार्यालयसमेतलाई समावेश गराई अन्तरक्रिया गराउँदा बढी प्रभावकारी हुने आशा गरेको छु।

मनचन्द्र धराला

जिल्ला प्रशासन कार्यालय, डोल्पा

इन्सेकको क्रियाकलापले केही हदसम्म मानवअधिकारसम्बन्धी चेतना र जागरण ल्याउन उल्लेखनीय भूमिका खेलिरहेको छ। मानवअधिकारका अन्य विविध क्षेत्रमा ठोसरूपले प्रभावकारी कार्यक्रम लागू गर्न पहल गर्नु अहम् आवश्यक देखिन्छ।

प्रत्येक जनताले राज्यमा हुने विकासको प्रतिफल प्राप्त

गर्ने नैसर्गिक अधिकार हुन्छ र हुनुपर्छ। साथसाथै प्रत्येक नागरिकले विकास कार्यमा आफ्नो सीप, योग्यता र क्षमताअनुसार संलग्न हुनु उसको परम कर्तव्य हो र सोहीबमोजिम भूमिका सबैबाट निर्वाह हुनुपर्छ।

मानवअधिकार वर्ष पुस्तकले जनतालाई धेरै सूचनाहरू प्रदान गर्दै आएको छ अब पनि सो भूमिका निर्वाह गर्न सफल हुँदै जाने कुराको लागि हार्दिक शुभकामना।

जिल्ला विकास समिति
भद्रपुर, झापा

मानवअधिकार वर्ष पुस्तक १९९६ ले नेपाल अधिराज्यको संविधान २०४७ द्वारा प्रत्याभूत जनताको सुसूचित हुने अधिकारलाई प्रदान गरेर आफ्नो दायित्व निर्वाह गरेको छ। सरकारको तर्फबाट र गैरसरकारी तर्फबाट हुने गरेका मानवअधिकार उल्लंघनसम्बन्धी घटनाहरूलाई यस पुस्तकले छर्लङ्ग्याइदिएको छ।

मानवअधिकारसंग सम्बन्धित निकायहरूको परिचयात्मक प्रस्तुति, घटनाहरूको पृष्ठभूमि, राजनीतिक पार्टीहरूको धारणा साथै यस वर्षको मुख्य घटना माओवादी जनयुद्धबारे प्रस्तुत सामग्रीहरूबाट पाठकहरूले धेरै कुरा जान्ने मौका पाएका छन्। यस वर्ष पुस्तकमा क्षेत्रपिच्छे, अंचलपिच्छे र जिल्लापिच्छे हरेक घटनाहरूको वर्गीकृत सूचीकरण गरी सत्य तथ्यांकहरू प्रकाशित गरिएकोले आफ्ना जिल्लामा भएका घटनाहरूको सही मूल्यांकन सम्बन्धित जिल्लावासीहरूले गर्नेछन्। यसरी वर्षैपिच्छे यो मानवअधिकार वर्ष पुस्तक प्रकाशन गर्ने कार्यका लागि हार्दिक धन्यवाद।

कौशल थापा
प्युठान, मरणठाना, राप्ती

वर्ष पुस्तकले कुन घटना कहाँ र कुन स्रोतबाट लिएको हो, त्यो कुरा खोलेको भए अझ राम्रो हुने थियो। यो पुस्तक पूर्वाग्रही छ भन्ने महसुस नहोस् भन्नेतर्फ पनि अझै विचार पुऱ्याउनु आवश्यक छ।

विनोदराज शर्मा
जिल्ला न्यायाधीश, रामेछाप

बेंनडीमा आयोजित वर्ष पुस्तक समीक्षा गोष्ठीमा बोल्दै प्रहरी नायव उपरीक्षक होमबहादुर थापा

राष्ट्रको समग्र स्थितिको चित्रण मानवअधिकार वर्ष पुस्तक १९९६ ले गरेको छ। वर्ष पुस्तकको प्रयास सराहनीय छ।

मोहनसिंह खत्री
प्रमुख जिल्ला अधिकारी,
रामेछाप

वर्ष पुस्तकमा दोलखा जिल्लामा भएका घटनाहरू जस्ताको तस्तै प्रकाशित गरिएको छ। यो पुस्तकले हाम्रो मुलुकमा भएका घटनाहरू र विश्वकै कुरा समेटेको छ, त्यसैले यो सूचनामूलक र संग्रहणीय छ। वर्ष पुस्तकलाई पैसा उठाउनेभन्दा सूचना प्रवाहको माध्यमको रूपमा अगाडि बढाउनुपर्ने देखिन्छ।

कुमार पोखेल
जिल्ला न्यायाधीश, दोलखा

(क्रिया/प्रतिक्रिया अनुसूचीमा हामीले वर्ष पुस्तक १९९६ को विमोचन समारोहदेखि यता वर्ष पुस्तकका बारेमा विभिन्न पत्रपत्रिकामा प्रकाशित सम्पादकीय तथा समाचार सामग्री, वर्ष पुस्तक मूल्यांकन गोष्ठीमा समावेश कार्यपत्रका मूलभूत अंश र वर्ष पुस्तक पढिसकेपछि पाठकहरूले लेख्नुभएका पत्रहरूबाट प्राप्त अभिव्यक्तिहरूलाई उद्धृत गरेका छौं। त्यस्तै कतिपय क्षेत्रबाट सन् १९९७ मा सम्बन्धित जिल्लामा मानवअधिकारको स्थिति के कस्तो रह्यो भन्ने सम्बन्धमा प्राप्त प्रतिक्रियाहरूलाई पनि समावेश गरेका छौं। प्रतिक्रियाको रूपमा प्राप्त सबै सामग्रीको सबै अंश प्रस्तुत गर्न स्थानाभावले सम्भव छैन। निश्चित अंश वा अनुच्छेदलाई हामीले जस्ताको तस्तै प्रस्तुत गरेका छौं। यस किसिमका सुझाव टिप्पणी प्रतिक्रिया तथा आलोचनाको हामी पुनः पुनः अपेक्षा गर्दछौं- सम्पादक।)

अनुसूची १०

चिठीपत्र

टे. फो. नं. (२-२८१८७
४-२८७६६
२-२८६११
फ्याक्स नं. ००९७७-१-२४०१८७

श्री ५ महाराजाधिराजका प्रमुख निजी सचिवालय

पत्र संख्या:- प्रनिस ८१०/०५४

राजदरबार,
काठमाडौं, नेपाल ।

दिनाङ्क:- २०५४।८।२४

विषय:-

महाशय,

श्री ५ महाराजाधिराज सरकारका हजुरमा तपाईंले पठाउनु भएको "मानव अधिकार वर्ष - १९९६" नामक पुस्तकको निमित्त मौसुफबाट धन्यवाद बक्सेकोले यो पत्र लेखेको छु ।

भवदीय,

(डा. चेतबहादुर कुँवर)
श्री ५ महाराजाधिराजका प्रमुख निजी सचिव

डा. राजेश गौतम
अनौपचारिक क्षेत्र सेवा केन्द्र
कलंकी, स्युचाटार
पो.ब.नं. २७२६
काठमाण्डौ ।

नेपाल कम्युनिष्ट पार्टी

(एकीकृत मार्क्सवादी–लेनिनवादी)

केन्द्रीय कार्यालय

मदननगर, बल्खु, काठमाडौं

पत्र संख्या.................   मिति :.................

२०५४/१२/६

श्री अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
काठमाडौं ।

विषय : धारणा उपलब्ध गराइएको ।

त्यस संस्थाबाट प्रकाशित हुँदै आएको मानव अधिकार वर्ष पुस्तकको लागि सन् १९९७ मा देशको मानव अधिकार स्थिति के कस्तो रह्यो भन्ने सम्बन्धमा नेकपा (एमाले) को धारणा त्यस संस्थाबाट माग भई आएकोले यस पार्टीको धारणा यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । प्रेषित धारणालाई प्रकाशित गरी यस पार्टीको धारणा सार्वजनिक गरिदिनु हुनेछ ।

धन्यवाद !

प्रदिप नेपाल
केन्द्रीय सचिवालय

नेपाली कांग्रेस

केन्द्रीय कार्यालय
काठमाडौं, नेपाल

पत्र सङ्ख्या १२८३/०५४/०५५

२०५४ फाल्गुण २६

श्रीमान् अध्यक्षज्यू,
इन्सेक, कलंकी ।

विषय :- **मानव अधिकारको स्थिति बारे ।**

त्यस संस्थाद्वारा सन् १९९७ को 'मानव अधिकार वर्ष पुस्तक' प्रकाशनका लागि हाम्रो पार्टीको धारणा माग्नु भएकोमा धन्यवाद ।

सो पुस्तकमा प्रकाशनका लागि हाम्रो पार्टीको धारणा यसै पत्रसाथ संलग्न गरी पठाएको छु । प्रकाशित गरी सहयोग गरिदिनु हुनेछ भन्ने विश्वास लिएको छु ।

जय नेपाल !

(वसन्त कुमार गौतम)
मुख्य सचिव

पो.ब.नं.: ८२६९, टेलिफोन : २२७७४८/२२६७६१, फ्याक्स : २२७७४७

राष्ट्रिय प्रजातन्त्र पार्टी

केन्द्रिय कार्यालय: काठमाडौं, नेपाल

ठेगाना: रा.प्र.पा. केन्द्रीय कार्यालय • पो.ब.नं. १२९८१ • फ्याक्स: ४१७३४१ • टे.नं. ४२३७२२, ४२३७२४

मिति: २०५४।१२।६

श्री अनौपचारिक सेवा केन्द्र;
इन्सेक केन्द्रीय कार्यालय,काठमाडौं ।

विषय:- मानव अधिकार सम्बन्धी १९९७ को धारणा बारे ।

महाशय,

उपरोक्त सम्बन्धमा त्यस सेवा केन्द्रबाट मानव अधिकार १९९७ सम्बन्धी राष्ट्रिय प्रजातन्त्र पार्टीको अवधारणा यसै साथ संलग्न गरी पठाएको बेहोरा अनुरोध गर्दछु ।

धन्यवाद

(भोजराज घिमिरे)
केन्द्रीय सदस्य
केन्द्रीय सचिवालय

दूरभाष : २२७४११

नेपाल सद्भावना पार्टी

केन्द्रीय कार्यालय

त्रिपुरेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या:- १०८/०५४/०५५

दिनांक २०५४/१२/८

इनसेक

विषय :- मानव अधिकार स्थिति बारे पार्टीको
<u>आधिकारिक धारणा बारे ।</u>

महोदय,

उपरोक्त विषयमा मिति २०५४।७।२१को पत्र प्राप्त भई व्यहोरा अवगत भयो । तत सम्बन्धमा पार्टी आफ्नो आधिकारिक धारणा यसै साथ संलग्न गरी शुभकामना सहित प्रेषित गरिएको छ ।

सरिता गिरी
(सरिता गिरी)
संयुक्त महामन्त्री

Phone : 610974
610026
Fax: 977-1-613207

नेपाल मजदुर-किसान पार्टी

केन्द्रीय समिति

NEPAL WORKERS & PEASANTS' PARTY

CENTRAL COMMITTEE
NEPAL

Ref. No.

Date२०५४।११।२५ ... .

श्री अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
स्युचाटार, कलंकी
काठमाण्डौ।
फोन : २७००७०, २७८७७०
फ्याक्स : २७०५५१

विषय : सन् १९९७ मा मुलुकको मानव अधिकारको स्थितिबारे नेमकिपाको धारणा।

त्यस इन्सेकद्वारा प्रकाशित हुने मानव अधिकार वर्ष पुस्तक १९९७ को लागि प्रकाशनार्थ नेपाल मजदुर-किसान पार्टीको धारणा उपलब्ध गराएको व्यहोरा अनुरोध गर्दछु।

चैत्यराज शाक्य
कार्यालय सचिव

संयुक्त जनमोर्चा, नेपाल

UNITED PEOPLES' FRONT, NEPAL

Central Committee

प. सं.
च. नं.

केन्द्रीय कार्यालय, [illegible]
काठमाडौं, फोन: [illegible]

मिति २०५५।१२।३

विषय: मानव अधिकार वर्ष १९९८ को वर्ष पुस्तक प्रकाशनका लागि संगठनको धारणा पठाइएको।

श्री अध्यक्ष ज्यू
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सन् १९९८ को मानव अधिकारको स्थिति को वर्ष पुस्तक प्रकाशनका लागि संगठनको धारणा माग गर्नु [illegible] संगठनको धारणा [illegible] [illegible] गरिदिनु हुन [illegible] अनुरोध गर्दछौं।

लीलामणि पोखरेल
महा-सचिव

नेपाल कम्युनिस्ट पार्टी (मसाल)

केन्द्रीय कार्यालय

पत्र संख्या.

च.नं.

मिति .०५.४.१९९२.....

विषय– रिपोर्ट पठाएको।

श्री मानव अधिकार,
इन्सेक

महोदय,

उपरोक्त सम्बन्धमा मानव अधिकार वर्ष पुस्तक १९९७ का लागि हाम्रो पार्टीको तर्फबाट का. महामन्त्रीको आधिकारिक रिपोर्ट यसैसाथ (संलग्न गरि पठाएको छ) शामेल गरिदिनु हुन अनुरोध गर्दछु।

(दीनानाथ शर्मा)
केन्द्रीय प्रतिनिधि
ने.क.पा.(मसाल)

प्रतिनिधि सभा

परराष्ट्र तथा मानव अधिकार समिति

(कानून, न्याय प्रशासन, संसदीय व्यवस्था, प्रत्यायोजित व्यवस्थापन, मानव अधिकार, विदेशी राष्ट्र र संघ संस्थासंग सम्बन्धित, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन)

पत्र संख्या:- ०५४/५५
च.नं.- ३११

फोन २२०८९६
फ्याक्स: २२२९२३
संसदभवन, सिंहदरबार
काठमाण्डौ ।

मिति २०५४।११।१४

श्री अध्यक्ष
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलंकी, काठमाडौं ।

विषय:- सन् १९९७ को मानव अधिकार स्थिति बारे ।

उपरोक्त सम्बन्धमा त्यहाँको मिति २०५४।११।१२ को पत्र सधन्यवाद प्राप्त भयो त्यस संस्थाले सन् १९९७ मा मुलुकको मानव अधिकार स्थितिबारे पुस्तक प्रकाशन गर्न लागेको कुरोको जानकारी हुँदा अत्यन्त खुशी लागेको छ। पुस्तक प्रकाशनको सन्दर्भमा समितिको आधिकारिक धारणा माग गर्नु भएकोमा समितिको मानव अधिकारका विविध पक्षमा आधिकारिक धारणाहरू उल्लेखित भएको समितिको वार्षिक प्रतिवेदन २०५४ एक प्रति यसै साथ संलग्न गरेको छु । उक्त प्रतिवेदनबाट स्रोत किटान गरी आवश्यक तथ्यहरू प्रकाशन गर्नु हुन निर्देशानुसार अनुरोध गरेको छु ।

२०५४।११।१४

([illegible] घिमिरे)
सचिव
परराष्ट्र तथा मानव अधिकार समिति

श्री ५ को सरकार

गृह मन्त्रालय

(सूचना समन्वय शाखा)

सिंहदरबार,
काठमाडौं, नेपाल।

पत्र संख्या:- शा.सु.स.र. ०५४।५५। च.नं. [illegible]

प्राप्त पत्र संख्या र मिति:-

मिति:- २०५४।१२।१३

विषय:-

श्री अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
काठमाडौं।

तपाईको मिति २०५४।११।२८ को [illegible] उल्लेख भए अनुसारको विवरण यसैसाथ संलग्न राखी निर्देशानुसार अनुरोध गरिन्छ।

श्री ५ को सरकार

परराष्ट्र मन्त्रालय

काठमाडौं

(स. रा. स. तथा [illegible] महाशाखा)

यु.एन।०५४।६६।४१७८ :०५४।११।२१०

श्री ५ को सरकार
परराष्ट्र मन्त्रालय

श्री अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
फ्याक्स नं. २७०५५१
काठमाडौं ।

त्यस कार्यालयको च.नं. १५५।०५४।०५५ मिति २०५४।११।५ को पत्रको सिलसिलामा लेखिदैछ ।

सन् १९९७ मा यस मन्त्रालयको संलग्नतामा मानव अधिकार सम्बन्धी भए/गरिएका क्रियाकलापहरू सम्बन्धित जानकारीहरू यसैसाथ पठाइएको व्यहोरा अवगत गराइन्छ ।

बाँकी अन्य कुराहरूका सन्दर्भमा श्री गृह मन्त्रालय, श्री कानून तथा न्याय मन्त्रालय, श्री शिक्षा मन्त्रालय तथा अन्य सम्बन्धित सरकारी निकायहरू संग परामर्श गर्न समेत निर्देशानुसार अनुरोध छ ।

(दुर्गा प्रसाद भण्डारी)
शाखा अधिकृत

सर्वोच्च अदालत

([illegible] शाखा)

रामशाहपथ, काठमाडौं

फोन नं. [illegible]

पत्र संख्या:- ०५४।५५ च.नं. ६०६४

प्राप्त पत्र संख्या र मिति:-

मिति:-

विषय:-

श्री अनौपचारिक सेवा केन्द्र,

(इन्सेक)

कलंकी, पो.ब.नं. २७२६ ।

उपर्युक्त सम्बन्धमा त्यस सेवा केन्द्रको मिति २०५५।३।१२ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो । सन् १९९७ को मानव अधिकार वर्ष पुस्तक प्रकाशनका कार्यको सिलसिलामा अदालत हरु संग सम्बन्धित सामग्री एवं सूचनाहरुको लागि सम्बन्धित धार ईकाइ मार्फत जिल्ला अदालत समक्ष सम्पर्क राख्नु हुन आदेशानुसार अनुरोध गरिन्छ ।

२०५५।३।२०

(आनिन्द्र राज काफ्ले)

शाखा अधिकृत,

शाखा अधिकृत

श्री ५ को सरकार

गृह मन्त्रालय

(... जिल्ला पुलिस ... शाखा)

सिंहदरबार
काठमाडौं, नेपाल ।

पत्र संख्या:– प.सं. ५ (परि. ५) ०५४।५५ च.नं.:– ३१५०.

चलानी पत्र संख्या र मिति:–

मिति २०५४।३।१२

विषय:–

श्री कारागार व्यवस्थापन विभाग,
त्रिपुरेश्वर ।
श्री प्रहरी प्रधान कार्यालय, नक्साल ।
श्री जिल्ला प्रशासन कार्यालय, सबै ।

यस संस्थाद्वारा विगत ५ वर्ष (१९९२,१९९३, १९९४,१९९५ र १९९६) देखि निरन्तर प्रकाशित हुदै आएको मानव अधिकार वर्ष पुस्तकको प्रकाशनका क्रममा त्यस निकायबाट प्राप्त भएको सहयोगका निमित्त सर्वप्रथम कृतज्ञता ज्ञापन गर्दछौं ।

यस वर्ष अर्थात् १९९७ को मानव अधिकार वर्ष पुस्तक प्रकाशनका कार्यको लागि [illegible] [illegible] मानव अधिकार वर्ष पुस्तकका जिल्ला प्रतिनिधिलाई सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, प्रहरी प्रधान कार्यालय, कारागार विभागलाई आवश्यक सूचना उपलब्ध गराउन र कारागार अवलोकन समेत गर्ने गरी गत वर्ष झैं यस वर्ष पनि सहयोग प्रदान गर्न सम्बन्धित सबै निकायहरुलाई परिपत्र जारी गरि दिन हुन अनुरोध गर्दछु । विगत वर्षहरुमा त्यस निकायबाट जारी गरिएको परिपत्रहरुको १।१ प्रति प्रतिलिपी यसै साथ संलग्नछ । भनी अनौपचारीक क्षेत्र सेवा केन्द्र (इन्सेक) को मिति २०५४।३।१२ को पत्र द्वारा अनुरोध भै आए अनुरुप उक्त सेवा केन्द्रलाई (शा.सु. मा असर नपर्ने गरी)आवश्यक सहयोग गरी दिनु हुन आदेशानुसार अनुरोध गर्दछु ।

बोधार्थ :–
श्री अनौपचारीक क्षेत्र सेवा केन्द्र,
(इन्सेक) कलंकी, काठमाण्डौं ।

श्री ५ को सरकार
गृह मन्त्रालय
कारागार व्यवस्थापन विभाग
(... शाखा)

पत्र संख्या –

चलानी नं.– २९२९

फोन नं.: ५–२३१६६, ५–२४२७०

फ्याक्स: ५–२२१७६

जोरपुरखोल, ललितपुर ।

मिति .. २०५४।३।१३..

विषयः– सहयोग गरि दिने ।

श्री प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय – सबै ।
(सुनसरी, धनुषा, भक्तपुर र बारा बाहेक)

मानव अधिकार वर्ष पुस्तक १९९७ प्रकाशित गर्ने क्रममा "मानव अधिकार वर्ष पुस्तक" का जिल्लास्थित प्रतिनिधिलाई सम्बन्धित कारागारको अवलोकन समेत गर्न सहयोग गरि दिनु भनी इन्सेकबाट अनुरोध भई आए अनुसार शा.सु.मा. असर नपर्ने गरी आवश्यक सहयोग गरि दिनु हुन भनी गृ.मं. जिल्ला प्रशासन शाखाको च.नं. २१५० मिति २०५४।३।१२ को पत्र प्राप्त भएकोले सो अनुसार सहयोग हुन आदेशानुसार अनुरोध छ ।

(हस्ताक्षर) २०५४।३।१२
शाखा अधिकृत

बोधार्थः–

श्री अनौपचारिक क्षेत्र सेवा केन्द्र,
(इन्सेक) कलंकी, काठमाडौं ।

श्री कारागार शाखा, सबै ।

श्री ५ को सरकार

गृह मन्त्रालय

प्रहरी प्रधान कार्यालय

(प्रहरी महानिरीक्षकको सचिवालय .... उप-शाखा)

फोन नं. { ४-११७०५, ४-१००८८, ४-११६२१, ४-१११२०

पो.ब.नं. ४०७

नक्साल,

काठमाडौं, नेपाल ।

टेलिग्राम "नेप्पोल"

पत्र संख्या प्र/१/ (२०५४/०५५)   च.नं.   मिति:२०५४/१२/५

प्रा.प.सं.:-

विषय:- <u>मानव अधिकारको बारेमा धारणा पठाईएको सम्बन्धमा ।</u>

<u>अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)</u>

महोदय,

त्यहाँबाट माग भए बमोजिमको मानव अधिकार सम्बन्धमा मेरा धारणाहरु यसै पत्र साथ संलग्न राखी पठाएको छु । मानव अधिकार जस्तो गहन र संवेदनशील विषयमा विचारहरु माग गर्नु भएकोमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

शुभेच्छुक

प्रहरी महानिरीक्षक

(अच्युत कृष्ण खरेल)

अनुसूची ११

वर्ष पुस्तक १९९७ तयारीका क्रममा संलग्न व्यक्तिहरु

परिच्छेद तथा अनुसूची लेखन

१. गोपाल गुरागाईं
२. गोपाल शिवाकोटी
३. नरनाथ लुइँटेल
४. कुन्दन अर्याल
५. काशिराज दाहाल
६. रमेश वडाल
७. माधव पन्थी
८. किरण माली

जिल्ला प्रतिवेदन सम्पादन सहयोगी

१. युवराज काफ्ले
२. गणेश भण्डारी

जिल्ला प्रतिनिधिहरू

१. पूर्वाञ्चल

१.१ झापा - कमल मिश्र
१.२ इलाम - शोभा पराजुली
१.३ पाँचथर - कृष्ण ओझा
१.४ ताप्लेजुङ - चन्द्रप्रकाश भट्टराई/ धनेन्द्र मादेन
१.५ मोरङ - दिपेन न्यौपाने
१.६ सुनसरी - सृजना ढकाल/इन्दु गौतम
१.७ धनकुटा - जेवी राई
१.८ तेह्रथुम - ललित श्रेष्ठ
१.९ भोजपुर - चित्राङ्गत चौलागाईं
१.१० संखुवासभा - चेवन अधिकारी/नेत्र गौतम
१.११ सप्तरी - प्रकाश खतिवडा
१.१२ सिरहा - मोहन मानन्धर/प्रमोद कुमार गुप्ता
१.१३ उदयपुर - लिलाप्रसाद निरौला
१.१४ खोटाङ - कुमार तिवारी
१.१५ ओखलढुंगा - शेखर भट्टराई/नेत्रप्रसाद भट्टराई
१.१६ सोलुखुम्बु - डाकबहादुर नेपाली

२. मध्यामाञ्चल

२.१ धनुषा - रोशनदीप ढकाल/रमेशरंजन झा
२.२ महोत्तरी - राजेन्द्रप्रसाद कोइराला/कुर्महरी सुवेदी
२.३ सर्लाही - नारायणी ढुंगाना
२.४ सिन्धुली - आनन्दप्रसाद दाहाल
२.५ रामेछाप - नवराज पथिक
२.६ दोलखा - बालकृष्ण शर्मा
२.७ रौतहट - लक्ष्मणप्रसाद रेग्मी/विवेक वाइवा
२.८ बारा - कृष्ण लामा
२.९ पर्सा - प्रेम कार्की
२.१० चितवन - मुकुन्द दाहाल
२.११ मकवानपुर - प्रताप विष्ट
२.१२ ललितपुर - युवराज काफ्ले
२.१३ काभ्रेपलान्चोक - भोजराज तिमिल्सिना
२.१४ भक्तपुर - अकुर न्यौपाने
२.१५ काठमाडौं - गणेश भण्डारी
२.१६ धादिङ - पुष्प रुपाखेती
२.१७ सिन्धुपाल्चोक - कञ्चन प्रियदर्शी
२.१८ नुवाकोट - नारायणराज के.सी.
२.१९ रसुवा - विनोद लामिछाने

३. पश्चिमाञ्चल

३.१ तनहुँ - प्रेमप्रसाद पौडेल
३.२ गोरखा - गोमा शर्मा कट्टेल
३.३ लमजुङ - युवराज अधिकारी
३.४ स्याङ्जा - महेश पुरी
३.५ कास्की - लक्ष्मीराज पौडेल
३.६ मनाङ - ध्रुवराज पंगेनी
३.७ नवलपरासी - माधव अधिकारी
३.८ रुपन्देही - भीष्मराज पन्थी
३.९ पाल्पा - कर्णबहादुर बानियाँ
३.१० कपिलवस्तु - नारायणप्रसाद पौडेल
३.११ अर्घाखाँची - झुपलाल खनाल/बोमबहादुर वि.क.
३.१२ गुल्मी - दिलशोभा पुन
३.१३ बाग्लुङ - गोविन्द गौतम
३.१४ पर्वत - शालिकराम पराजुली/भक्तबहादुर कुवँर
३.१५ म्याग्दी - डम्बरबहादुर बुर्जा/भूपेन्द्र थापा
३.१६ मुस्ताङ - चुडामणि शर्मा

४. मध्यपश्चिमाञ्चल

४.१ दाङ - भरतमणि ढकाल
४.२ प्युठान - करुणा श्रेष्ठ
४.३ रोल्पा - घनश्याम आचार्य
४.४ सल्यान - प्रतापकुमार गौतम
४.५ रूकुम - दामोदर गौतम
४.६ बाँके - मोति भूसाल
४.७ बर्दिया - डिल्लीराम अधिकारी
४.८ सुर्खेत - राजेन्द्र भारती
४.९ जाजरकोट - राजकुमार शाक्य
४.१० दैलेख - बालकृष्ण के.सी.
४.११ डोल्पा - भोला महत
४.१२ जुम्ला - विष्णुबहादुर महत
४.१३ कालिकोट - जजराज शाही
४.१४ मुगु - गोपालबहादुर बम
४.१५ हुम्ला - देवीशरण फडेरा

५. सुदूर पश्चिमाञ्चल

५.१ कैलाली - जनक भण्डारी
५.२ अछाम - भरतसिंह रावल
५.३ डोटी - माधव ओझा
५.४ बाजुरा - दानबहादुर खाती/लालबहादुर थापा
५.५ बझाङ - मोहनराज जोशी
५.६ कंचनपुर - गुणाकर भूसाल
५.७ डडेलधुरा - गणेशबहादुर कठायत
५.८ बैतडी - राजबहादुर विष्ट
५.९ दार्चुला - गंगादत्त जोशी

क्षेत्रीय कार्यालयमा संलग्न

पूर्वाञ्चल

१. दशरथ बुढाथोकी
२. गोपाल घिमिरे
३. शकुन्तला बराल
४. राजेन्द्र दाहाल
५. सोम थापा

मध्यमाञ्चल

१. इन्दीरा फुयाँल
२. रमेश अधिकारी
३. प्रवल शर्मा

पश्चिमाञ्चल

१. देवी बास्कोटा
२. जंगबहादुर नेपाली
३. रमेशराज पौड्याल
४. शवनम शर्मा
५. जनकराज कडेल

मध्यपश्चिमाञ्चल

१. सूर्यप्रकाश भट्टराई
२. भोला महत
३. विक्रम चौधरी
४. भजन चौधरी
५. कृष्ण लुइँटेल
६. श्रुती रेग्मी
७. शैलेश शर्मा
८. भिमबहादुर थापा

रेखा चित्र

१. जीवन राजोपाध्याय
२. महेन्द्र श्रेष्ठ, आइडियल डिजाइनर्स

फोटो स्रोत

१. वर्ष पुस्तकको आफ्नै संकलन
२. कान्तिपुर दैनिक
३. हिमालय टाइम्स दैनिक
४. आजको समाचारपत्र दैनिक
५. जनादेश साप्ताहिक
६. प्रहरी प्रधान कार्यालय
७. बुधवार साप्ताहिक
८. जनआस्था साप्ताहिक
९. अ.ने.रा.स्व.वि.यु. (क्रान्तिकारी)
१०. मूल्यांकन मासिक
११. महानगर दैनिक
१२. जनसत्ता साप्ताहिक
१३. विकाश रौनियार
१४. लेखनाथ भण्डारी

इन्सेक केन्द्रमा संलग्न

कृष्ण उपाध्याय	अनिल मिश्र	प्रतिक ढकाल	नारायण दाहाल
देविकानन्द तिमिल्सिना	शिसम मिश्र	दीप सिलवाल	विमल चन्द्र शर्मा
नरनाथ लुइँटेल	मुकुन्द कट्टेल	कृष्ण सुवेदी	श्याम महर्जन
प्रेम पराजुली	समीर नेपाल	विजय पाण्डे	सिताराम लम्साल
उपेन्द्र पौडेल	राजनारायण नेपाली	युवराज भूर्तेल	सरस्वती नेपाली
भोजराज भूसाल	कमला पराजुली	लेखनाथ भण्डारी	कृष्ण गौतम
कविता अर्याल	प्रेक्षा ओझा	प्रकाश ज्ञवाली	किरण माली
रमेशकुमार पौडेल	जगदीश दाहाल	गोविन्द त्रिपाठी	गीता माली

उत्कृष्ट जिल्ला प्रतिनिधिहरु

गत वर्ष झैं यस वर्ष पनि अधिराज्यका सबै विकास क्षेत्रका जिल्ला प्रतिनिधि मध्येबाट एक जनालाई राष्ट्रिय स्तरको "सर्वोत्कृष्ट सूचना प्रेषक" पुरस्कारले, अन्य चार जनालाई "उत्कृष्ट सूचना प्रेषक" पुरस्कारले र एकजनालाई "सान्त्वना" पुरस्कारले पुरस्कृत गर्ने निर्णय भए अनुरूप निम्नानुसारका जिल्ला प्रतिनिधि छानिनु भएको छ। "सर्वोत्कृष्ट सूचना प्रेषक" पुरस्कार प्रशंसा पत्र सहित रू. ५०००।-, "उत्कृष्ट सूचना प्रेषक" र "सान्त्वना" पुरस्कार प्रशंसा प्रत्र सहित रू. ३०००।- को रहेको छ। पुरस्कृत प्रतिनिधिहरूलाई वर्ष पुस्तक समितिको हार्दिक बधाई।

सर्वोत्कृष्ट - नवराज पथिक - कार्यक्षेत्र : रामेछाप जिल्ला

उत्कृष्ट - कृष्ण लामा - कार्यक्षेत्र : बारा जिल्ला

उत्कृष्ट - प्रेमप्रसाद पौडेल - कार्यक्षेत्र : तनहुँ जिल्ला



उत्कृष्ट - बालकृष्ण के.सी. - कार्यक्षेत्र : दैलेख जिल्ला

उत्कृष्ट - राजुकुमार शाक्य - कार्यक्षेत्र : जाजरकोट जिल्ला

सान्त्वना - आनन्दप्रसाद दाहाल - कार्यक्षेत्र : सिन्धुली जिल्ला

अनुसूची १२

मानवअधिकार उल्लंघन पात्रो १९९७



यो संकेत भित्रको अंकले मानवअधिकार उल्लंघनका प्रमुख घटना संख्या जनाउँछ, पीडितको संख्या जनाउँदैन।

घटना संख्या महिनामा



	कूल दिन	उल्लंघन दिन	उल्लंघन संख्या
१९९२	३६६	२०९	३६३
१९९३	३६५	३१७	१०३३
१९९४	३६५	३४७	१३९१
१९९५	३६५	३५५	१४५७
१९९६	३६६	३४०	२१४६
१९९७	३६५	३६०	२५४०

गते नछुट्टिएको ११

यो वर्षभरीको कूल घटना संख्या २५४०

हालसम्म प्रकाशित मानवअधिकार वर्ष पुस्तकहरू



इन्सेक पुस्तक नं. ५७

मानवअधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलंकी, स्युचाटार
पत्र मञ्जुषा : २७२६, काठमाडौं
फोन : २७०७७०, २७८७७०
फ्याक्स : २७०५५१